## बैठक संख्या-१
## (वि.सं. २०७९ साल जेठ १० गते मंगलबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली सभाको दशौं अधिवेशनको पहिलो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, सर्वप्रथम लोकतन्त्र, संघीयता र गणतन्त्र प्राप्तिका लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न एक मिनेट उठेर मौन धारण गरौं ।

सुरू...।

धन्यवाद !

माननीय सदस्यहरू, प्रदेश प्रमुखको कार्यालयबाट प्रदेश सभाको दशौं अधिवेशन प्रारम्भको पत्र प्राप्त हुन आएको छ ।सो पत्रको व्यहोरा वाचन गरेर सुनाउँछु ।

विषयः <u>प्रदेश सभाको दशौं अधिवेशन आह्वान सम्बन्धमा ।</u>

श्री प्रदेश सभा सचिवालय,
कर्णाली प्रदेश, सुर्खेत ।

कर्णाली प्रदेश सभाका माननीय मुख्यमन्त्री जीवनबहादुर शाहीज्यूको सचिवालयको च.नं १०८ मिति २०७९/०२/०४ को पत्र र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेतको च.नं १६५६, मिति २०७८/०२/०४ को पत्रानुसार प्रदेश मन्त्रीपरिषद्को मिति २०७९/०२/०४ को बैठको निर्णयअनुसार कर्णाली प्रदेश सभाको दशौं अधिवेशन आह्वान गर्न कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूमा सिफारिस भइ आएकाले नेपालको संविधानको धारा १८३ को उपधारा १ बमोजिम मिति २०७९ जेठ १० गते मंगलवार दिनको २ बजे प्रदेशसभा भवन वीरेन्द्रनगर, सुर्खेतमा बस्ने गरी कर्णाली प्रदेश सभाको दशौं अधिवेशन आह्वान गर्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

भिमराज थानी
निमित्त सचिव
मिति २०७९/०२/०४

माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको दशौं अधिवेशन शुभारम्भको पहिलो बैठकमा दलकोतर्फबाट धारणा राख्नका लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री यामलाल कँडेल ।

**माननीय श्री यामलाल कंडेलः** माननीय सभामुख महोदय, आज हामी कर्णाली प्रदेश सभाको दशौं अधिवेशनको शुभारम्भको दिनमा उपस्थित छौं ।स्थगित भएको नवौं अधिवेशन सूचनाबाटै समापन भएको हुनुपर्छ जस्तो लाग्छ । किनकि आज दशौं

अधिवेशनमा म उपस्थित छु । सायद रित पुऱ्याउन त्यहीँ गरिएको हुनुपर्ने होला । गर्ने गरिआएकै चलनले निरन्तरता पाएको छ ।त्यसमा मेरो भन्नु केही छैन । तर पनि आज हामी संविधानले व्यवस्था गरेअनुसार दशौँ अधिवेशन, चलनचल्तीको भाषामा यो वर्षको बजेट अधिवेशनको प्रारम्भमा छौँ । भर्खर मात्रै स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । कतिपय ठाउँमा परिणाम आउन बाँकी छ ।प्रक्रियामै छ तर यो अधिवेशनमा सहभागी भइरहँदा जति नतिजा प्रकाशित भएको छ, जनताको मतका आधारबाट अर्को पाँच वर्षका निम्ति जननिर्वाचित प्रतिनिधिको रूपमा विजय हुनुहुने कर्णाली प्रदेशका उनासीका साथसाथै देशैभरिका निर्वाचित जनप्रतिनिधिलाई म पार्टीकोतर्फबाट, दलकोतर्फबाट वा नेकपा एमालेकोतर्फबाट हार्दिक-हार्दिक बधाई भन्न चाहन्छु । यो निर्वाचन सम्पन्न गर्नका निम्ति अहोरात्र खट्नुहुने सम्वद्ध सबै पक्षलाई धन्यवाद पनि दिन चाहन्छु।परिणाम आफ्नो ठाउँमा छ । तर लोकतन्त्रको सुदृढीकरण गर्नका निम्ति संवैधानिक व्यवस्थाअनुसारको आवधिक निर्वाचन गर्नु संविधानको मूल मर्म नै हो । अब आज त सबैले आफू-आफूले निर्वाचन गरेको कुरा त भन्ने नै होलान् जस्तो लाग्छ । नेपाली राजनीतिमा भन्नका लागि केही कुराले छेक्दैन । तर यो निर्वाचन जसले गराउनु पर्थ्यो, जसले वातावरण सिर्जना गर्नुपर्थ्यो । जसले त्यो जिम्मेवारी पाएको छ, तिनको अलग अलग पार्टीको नाम भन्नु पनि जरुरी छैन । गठवन्धन नाम गरेका पार्टीले के गरे, सबैका अगाडि सबैलाई छर्लङ्ग छ । सकेको भए, ठाउँ पाएको भए, यो चुनाव त्यो मितिमा हुँदैनथ्यो । ठाउँ पाएनन्, सक्ने अबस्था रहेन, जनताका अगाडि भन्ने अबस्था रहेन । जसले अरूलाई समेत विश्वास लिएर निर्वाचन गराउनुपर्ने थियो, ऊ लतारिएर निर्वाचनमा सामेल भएको दृष्टान्त हाम्रा अगाडि छँदै छ । दलीय व्यवस्था हो । हामीले व्यवस्था गरेअनुसार स्थानीय तहमा पनि दलगत मान्यताको आधारमा निर्वाचन गर्ने चलन व्यवस्था पनि छँदै छ । निर्वाचनपछि परिआएको परिणामले सञ्चालन गर्न असजिलो हुँदा तालमेल गर्ने, सल्लाह गर्ने चलन त चलिआएकै थियो। त्यसलाई हामीले स्वाभाविक ठानेकै थियौँ । तर विपरीत दिशामा रहेका राजनीतिक पार्टीहरू एक ठाउँमा उभिएर प्रतिपक्षहरू सडकमा रहेकाहरू सर्वेसर्वा गर्ने तरिका त छँदै थियो । तर सत्ता मै रहेकाहरू प्रतिपक्ष वा सडकमा रहेका पार्टीसँग मुकाविला गर्न सल्लाह गरेर आउने नयाँ दृष्टान्तको यो निर्वाचन भयो । यो कति दिन चल्दै जान्छ । फेरि निर्वाचन आयोगले सूचना टासेछ, दल दर्ता गर्ने समय दिएछ भने यिनले आफ्ना पूराना नाम मेटेर गठवन्धन नाम गरेको नयाँ निर्माण नहोला भन्न पनि सकिन्न । यसैको बिचमा यो निर्वाचन सम्पन्न भएको छ । यले लोकतन्त्रलाई सुदृढ गरेको एउटा अबस्था छ । हामीले प्राप्त गरेको संविधानको कार्यान्वयनको एक खुड्किलो अगाडि बढेको अबस्था छ । सरकारको जिम्मा हो त्यसको वातावरण निर्माण गर्ने तर सत्तामा संलग्न रहेकाहरू एकले होइन मिलेर चुनावी सभामा कसले कहाँ के भने यहाँ मैले दोहोऱ्याइरहनै पर्दैन । खवरदार, यो नगरे, त्यो नगरे, यो भए, त्यो भए के हुन्छसम्मका वाणी त आए आए । हाम्रै कर्णाली

प्रदेशमा पनि नाम छ गठवन्धन, चुनाव छ सँगसँगै । तर एकले अर्काको ज्यान पनि तल माथि हुने गरी घटनाहरू घटेको प्रदेश हो कर्णाली प्रदेश । चाहे त्यो पश्चिम रुकुमका घटनालाई हेरौं । गठवन्धन माथि छँदै छ, तल टाउको फोडाफोड छँदै छ । त्यो कसका निम्ति गठवन्धन हो । कसका निम्ति टाउको फोडाफोड हो । कसका निम्ति रगत बगाएको हो । त्यो त्यसैले पनि छलफल गर्ने कुरो हो । तर घटेको घटना भा हुनाले मैले यहाँ चर्चा चलाउनु मैले सान्दर्भिक र उपयुक्त ठान्दछु । चाहे त्यो हुम्ला होस्, चाहे हुम्ला होस्, चाहे त्यो मुगु होस् । निर्वाचन सकिसकेपछि ठूलै हुँ भन्ने मान्छे, जिम्मेवारीमा रहेका मान्छेको निर्देशनमा सोरु भन्ने गाउँपालिकामा एघारभन्दा बढी मान्छेहरूको घरबार तोडफोड र उजाड गराउने परिस्थिति निर्माण भयो । तर पनि नेकपा एमाले विचलित भएन नै । हुने कुरा नै छैन । किनकि त्यो क्षणिक कुरा थियो । त्यस कारणले त्यसका बाबजुत पनि स्थानीय तह निर्वाचित हुने कुरा, नयाँ जनप्रतिनिधिहरू आउने कुरा लोकतन्त्रका निम्ति, हामीले प्राप्त गरेको संविधानलाई सुदृढ र कार्यान्वयन गराउनको निम्ति महत्त्वपूर्ण कुरा हो नै भन्ने मेरो विचार छ । वा हामीले यसरी लिइरहेका छौं । यस अर्थमा अहिले परिणाम पनि आफैंमा महत्त्वपूर्ण हो । स्वभावैले परिणामको बारेमा विश्लेषण आउला, टिप्पणी आउला त्यो आफ्नो ठाउँमा छ । तर जनताको मतका आधारबाट हेर्ने हो भने भोलि के हुन्छ सबै परिणाम आउँदा प्रतिनिधिको हिसाबले तलबितल भए पनि, तल बितल हुनु स्वाभाविक छ । स्वाभाविक थियो नै । किनकि केही नमिल्नेहरू मिल्नु एकछिनका निम्ति अस्वाभाविक भएर परिणामलाई तलवितल प्रभावित पार्छन् भन्ने नै थियो । तर जनताको टोटल मत वा जम्मा मतका आधारबाट मुलुकको सबैभन्दा ठूलो पाटी एमाले पाटी नै पुष्टि भएको छ आजका मितिसम्म । सबै मिलेर सखाप पार्ने उद्घोषका साथ भइ रहेको एउटा स्थितिका वावजुत पनि जनता विचल्लित नभैकन, जनता प्रभावित नभैकन यो निर्वाचनमा जनप्रतिनिधिका हिसाबले, हो हामीले चौरत्तरबाट प्राप्त गरेका जनप्रतिनिधिको संख्या तलवितल भए पनि जम्मा जनताका मतका आधारबाट हेर्ने हो भने अहिले पनि नेकपा एमाले सबैभन्दा ठूलो दलकै रूपमा वा पार्टीकै रूपमा रहिआएको एउटा अबस्था छ । त्यसै म तपाईँहरूको बीचमा फेरि पनि ती जननिर्वाचित साथीहरूलाई बधाई भन्न चाहन्छु । यो कठिन कार्य सरकारमै रहेका राजनीतिक जिम्मेवारहरूले निर्वाचन आयोगले बनाएका नियम र कानून, आचारसंहिता विरुद्ध खुलेआम बर्खिलाप गर्दागर्दै पनि निर्वाचन जुन किसिमको सम्पन्न भएको छ, यो निर्वाचन कार्यमा संलग्न हुनेलाई म धन्यवाद दिन चाहन्छु ।

हो हामी नियमित काममा फर्किएका छौं । दशौं अधिवेशन प्रारम्भ भएको छ । जसलाई बजेट अधिवेशन पनि भनिन्छ । हाम्रो त दायित्व र कर्तव्य हो, सम्बन्धित निकायलाई महसुस गराउने, अनुभूति गराउने, अधिकतम रूपले सुधार गर्नका निम्ति प्रयत्न गर्ने । तर हाम्रो प्रयत्नले त्यो नतिजा निकाल्ने कुरा हुँदैन । हुँदैन पनि । तर हुँदैन भन्ने

कुरा थाहा हुँदा हुँदै पनि नथाकीकन म जो जिम्मेवारीमा हुनुहुन्छ जसले सरकार चलाइरहनु भएको छ उहाँहरूले पढ्नु त भा होला । रित पुऱ्याउनै भए पनि पढ्नु त भा होला एकचोटि महालेखापरीक्षकको प्रतिवेदन, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रतिवेदन । पढ्न म अनुरोध गर्न चाहन्छु । त्यो प्रतिवेदनले के एमाले, के माओवादी, के कांग्रेस, के सत्ता पक्ष, के प्रतिपक्ष छुट्याउँदै त्यसले कर्णाली प्रदेश छुट्याउँछ । कर्णाली प्रदेश देखाउँछ । त्यो प्रदेश, त्यो प्रतिवेदन हाम्रा निम्ति पढ्नेका लागि सोचनीय विषयका रूपमा रहेको छ । हाम्रो ध्यान आकर्षण भएर के हुन्छ र? जो जिम्मेवारीमा हुनुहुन्छ, प्रदेश सरकारको जिम्मेवारीमा हुनुहुन्छ, उहाँहरू त्यो प्रतिवेदन पढ्ने र प्रतिवेदनमा उल्लेख भएका कुराहरू घटाउने कुरातिर होइन उहाँहरू त्यो प्रतिवेदनमा भएका कुराहरू थप्नका निम्ति तल्लीन रहिरहेपछि हाम्रो के लाग्छ ? तर पनि हामी हाम्रो कर्तव्य हो । हाम्रो दायित्व हो । एउटा जनप्रतिनिधिको नाताले, जिम्मेवारीमा भएको नाताले कर्णालीको योभन्दा बढी हरिबिजोग बनाउने काममा नलाग्नुस् है साथी हो । आज संसद् चल्या हुनाले तपाईंहरूलाई भन्ने हो । जनताको बीचमा जाने बेला आएको बेलामा यो भनियो । फेरि आएछ भने त्यो भन्ने कुरा हो । तर यी दुई ओटै प्रतिवेदनले हाम्रो कर्णाली प्रदेशको हरिविजोगको अबस्था चित्रित गरेको दुईटा प्रतिवेदन छ । त्यलाई आधार बनाएर हामीले छलफल चलाउनुपर्ने हो । कुराकानी गर्नुपर्ने कुरा हो । त्यसमा लेखिएका कुरामा स्वयम् दायित्व र जिम्मेवारी कहीँ छलफल चलाइरहनु पर्दैन । कहीँ निर्णय गरिरहनु पर्दैन । कोही कसैले भनिरहन पर्दैन । त्यसमा उल्लेख भएका कुराहरू कार्यान्वयन गर्ने, जवाफदेही र जिम्मेवारी सरकारमा रहेकै साथीहरूको हो, पक्षको हो, निकायको हो । तर प्रतिवेदनका आधारबाट निक्यौंल गर्दा, त्यो बाटोमा अग्रसर भएकोदेखिएको अबस्था छैन । त्यस्तो अबस्थामा फेरि हामी यो दशौं अधिवेशनमा उपस्थित छौं । अधिवेशनले अरू महत्त्वपूर्ण कामहरू पनि गर्नुपर्ने नै छ । नियमित कामहरू पनि गर्नुपर्ने नै छ । समितिमा रहेका विधेयकहरूको अन्तिम रूप दिनुपर्ने दायित्व र कर्तव्य छँदै छ । सरकारले आवश्यकताअनुसार अर्को नयाँ विधेयक ल्याएछ । त्यसमा छलफल चलाउनुपर्ने अबस्था त छँदै छ । तर सबै ध्यान यो अधिवेशनमा कस्तो बजेट बन्छ । सबैको ध्यान अगाडि बढेजस्तै सभाको ध्यान पनि त्यतातिर ध्यान केन्द्रित हुन्छ नै । आजसम्मका विगतका बजेट अधिवेशनहरूको अनुभव सुखद छैन । म तपाईंहरूलाई सुझाव दिन चाहन्छु । मेरोतर्फबाट, दलकोतर्फबाट सहयोग हुन्छ नै । सुखद हुने वातावरण निर्माण गर्नुहोस् । सुखद हुने वातावारण निर्माण गर्नुहोस् भन्नुको मतलब मोलतोल गर्ने, मोलाहिजा गर्ने, लेनदेन गर्ने, सौदाबाजी गर्ने भन्ने अर्थमा मैले भनिराको होइन । प्रतिवेदनले उल्लेख गरेका कुराहरूलाई सुधार गर्नको निम्ति, घटाउनको निम्ति हामीले त्यो गर्नुपर्ने हो । बडो तामझामका साथ योभन्दा अघिल्लो सरकारले मुगुको रारामा त्यतिबेलाको सम्माननीय प्रधानमन्त्रीको साथ बैठक गरेको थियो। हामी सबै त्यसमा सामेल भएका थियौं । बडो तामझाम थियो । कुनै

सरकार नभएर एउटा उपभोक्ता समितिका समिति बनाए जस्तो । मन्त्रीहरू नै खाद्यान्न समितिका संयोजक, यातायात समितिका संयोजक, आवास समितिका संयोजक । कुनै मन्त्री होइनन्। भएर गरिएको त्यो रारा भन्ने ठाउँमा त ध्यान गएकै होला प्रदेशको भनेर गएको । म स्थानीय तहको निर्वाचनपछि अस्ति रारा के पुगेको थिएँ, रारा जस्तो थियो, रारा त्यसै रहेछ । हामीले पहिलै अधिवेशनबाट भनेका थियौं । त्यसका वरिपरि एउटा साइकल लेन बनाउने बजेट पनि छुट्याइयो । त्यसपछि पनि छुट्याइयो होला थाहा छैन । तर त्यो रारा जस्ताको तस्तै रहेछ । जब देशको सम्माननीय प्रधानमन्त्रीलाई सामेल गरेर गरिएको कार्यक्रम र देशमै एउटा कर्णाली प्रदेशकोतर्फबाट परिचय चिनाउने हाम्रो गौरवको ठाउँको हालत त त्यस्तो छ । अरू बाँकीको हालत के होला ? नदेखेको कुरा त भन्न भएन । अब राम्रै होला वहा वर्षैपिच्छे करोडौं रकम हालेको, म त पुग्या छैन त्यो जिल्ला । डोल्पाको टापु भन्ने छ अरे । त्यो हेर्न लायकै होला कि के छ ? कति पर्यटक बढे ? पैसाको अभिलेख हेर्‍यो भने बढ्याबढ्यै छ । मैले खालि सिम्बोलिक रूपमा तपाईंहरूलाई यो कुरा बताइरहेको हो कि-के भयो त ? के गरियो त ? केवल यो सभा र यो मञ्च भन्नका निम्ति प्रयोग गर्ने हो भने यसले अन्ततोगत्वा जनतामा निराशा फैलाउने सक्ने स्थिति रहन्छ । गएको बेला अध्यादेशबाट बजेट ल्याउनु भयो । पार्टी निर्माणमा राज्यको वा प्रदेशको स्रोत प्रयोग गर्नका निम्ति दुई लाख, तीन लाख, चार लाख, पाँच लाखको बजेटको एउटा चार हजारभन्दा बढीको सूची तय भयो । त्यले लाजमर्दो भयो भन्य हिसाबले त्यलाई सच्याउने सहमति भयो । कति सचियो कति सचिएन । हामीले विश्वास गर्‍यौं सच्याउने भनेपछि त सच्याएकै होला । अहिले बजेट बन्दै छ । झण्डा हल्लाउने साथीले फेरि स्थानीय तहको निर्वाचनमा करोडौंका योजनाको बोल-कबोल गरेर यो सभामा फर्किरहनु भाछ । करोडौंको बोल-कबोल गरेर । मैले यहाँ नाम लिन चाहन्नँ। भन्न चाहन्नँ । करोडौंको बोल-कबोल गरेर कति भोज दिए, कति प्रभावित पारे, कति जना तलवितल भो यो म जान्न चाहन्नँ । म मन्त्री छु । बजेट आउँदै छ । लाख होइन, करोडको व्यवस्था गर्छु भनेर सोही मन्त्री साथीहरू यो अधिवेशनमा आइरहनु भाछ। उहाँहरू बजेट बनाौंदै हुनुहुन्छ । हामी पनि छलफलमा भाग लिनुपर्ने परिस्थिति छ । अहिले नै टिप्पणी त नगरौं । कसरी प्रस्तुत हुनुहुन्छ ? कसरी प्रस्तुत हुनुहुन्छ, त्यमा भर पर्छ । हो उन्नाइस बीस होला । अबसर पाउनु भाछ । राम्रो काम गर्नु भयो भने आफ्नो निर्वाचन क्षेत्रमा मतदाता बढाउने प्रयत्न जो कोहीले पनि गर्छ नेपाली राजनीतिमा। तर मतदाता बढाउने नाममा सरकार र प्रदेश र संरचनाप्रति नै प्रश्न उठाउने गरी काम गर्ने कुरा कति तपाईंहरूलाई सहज लागिराछ त्यो तपाईंहरूको कुरा हो । फेरि पनि म निर्वाचनको तातोपिरो कुरालाई सम्झिएर मैले विचार बनाउने पक्षमा छैन । त्यहाँ घटेका घटनाहरूलाई त्यहाँकै स्थानीय प्रशासनले त्यहाँकै राजनीतिक पार्टीहरूले के गर्छन्, त्यो उनीहरूको कुरा हो । त्यसमा कहींकतैबाट दखलअन्दाजी भयो। प्रभाव पार्न खोजियो । हस्तक्षेप गर्न खोजियो भने स्वाभाविक रूपले

हाम्रो पनि चासो जान्छ नै । जान्छ नै । तर आज यो बजेट बनाऔँदा त्यो कुराको कति हेक्का राख्नुहुन्छ । अब आजसम्मका बजेटमा हामी जो कोही भए पनि हामीले गरेका कागजले हामीलाई नै पछ्याइराछ । नाग्मदेखि राराको बाटो हाम्रा निम्ति त्यहाँको भए पनि महत्त्वपूर्ण बाटो हो । अझै त्यो बाह्रै महिना हुने अबस्थामा रहिन रहेछ कच्ची भए पनि । अझै बाह्र महिने नहुने कच्ची सडक अझै नहुने अबस्था रहेछ । पानी पऱ्यो भने जहाँ छ, त्यहीं बस्नुपर्ने गरी ध्यान दिनुपर्ने रहेछ यात्रीहरूले । कोले होला ध्यान दिने ? कोले होला त्यहाँ हेक्का राखे ? कोले होला त्यहाँ ध्यान आकर्षण गर्ने ? तर ती के भए तभन्दा हाम्रो देशमा कोही कसैले आजसम्म सरकारी तहबाट केबुलकार बनाएको अबस्था छैन । हाम्रो त्यो बनाउनुपर्ने हो त्यो औकात, त्यो क्षमताको वृद्धि भाछैन, भयो भने हुन्छ नै । गर्नुपर्ने हुन्छ । जति छ, निजी क्षेत्रले गरिरहेको छ । तर त्यो सडकको त्यो हाल छ । तर त्यहीं ठाउँमा केबुलकारका निम्ति सुन्यो भने अरूले पनि आश्चर्य मान्ने गरी बजेट छुट्याएकोदेखिन्छ । त्यस कारणले हामीसँग थोरै छ । तर हामीसँग जति छ त्यो थोरै छ । तर जति क्षमता छ त्यो धेरै छ । त्यो ल्याकतै राखेनौं । त्यो क्षमता नै राखेनौं । तर त्यो पनि पूँजी निर्माणका निम्ति होइन, दानदातव्य दिने गरी जुन बजेट बनाउने कुरा छ, हुन त यो सकिने बेलाको सरकार हो, संसद् हो । हुने बेला त ध्यान दिइएन । अब सकिने बेला फेरि जनताका बीचमा जाने कुरा गर्दा व्यक्ति व्यक्तिलाई छुने कुरा नै ल्याउने कुरा होला । त्यस कारणले त्यो कुरा थाहा हुँदाहुँदै पनि मेरो जिम्मेवारी र कर्तव्य हो कि जति समय बाँकी छ, सकारात्मक प्रभाव पार्ने गरी त्यसलाई आफ्नो प्रतिष्ठाको विषय नबनाउने गरी सरकार अगाडि बढ्छ, हाम्रो सहयोग हुन्छ । तर सरकारले प्रतिष्ठाको विषय बनाउने, सरकारले इगोको विषय बनाउने, अनि मन्त्री साथीभाइहरूले दान दातव्यअनुसार योजना ल्याउने कुरा रहेछ भने रोक्न त सकिन्न तर करेक्सन गर्नका निम्ति हाम्रो अधिकतम प्रयत्न हुनेछ । अधिकतम प्रयत्न हुनेछ । संजोगले यसचोटिको विकट भनिएका दुईवटा जिल्लाकै साथीहरू मुख्यमन्त्री बन्ने अबस्था बन्यो, त्यो राम्रो कुरा हो । कर्णालीका दस ओटा जिल्लामध्ये विकासको इन्डिकेटरबाट पछाडि परेको । तर के भयो त परिवर्तन । आफ्नो ठाउँको भएपछि केही हुन्छ । आफ्नै ठाउँको मान्छे भएपछि केही गर्छ भन्ने आम मतदातामा राहत दिने काम भयो कि भएन त्यो सम्बन्धितले सोच्ने कुरा हो । हाम्रोतर्फबाट डाहा गर्ने कुरा छैन । रिस गर्ने कुरा छैन । तर भयो के त ? म तपाईंहरूलाई भन्न चाहन्छु । हाम्रो कर्णालीको मानसिकता बदलौं, पहिला विकास गर्ने होइन विकास खाने मानसिकता । बदल्ने कुरा नै पहिलो कुरा चुनौतीको रूपमा देख्छु म । विकास गर्ने होइन विकास खाने कुरा कर्णालीका निम्ति पहिलो चुनौतीको रूपमा छ । त्यसको अगुवाइ कसले गर्ने ? अगुवाइ गर्ने पाउनु भएको छ । केही समय, केही वर्ष कालिकोटको माननीय मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले, अहिले हुम्लाको माननीय सदस्य जीवनबहादुर शाही । कुनै प्रमाण खोज्नु पर्दैन ठाउँमा गयो भने । म दुःखका साथ भन्न चाहन्छु, त्यो भन्न नपर्ने हो ।

भन्नुपर्ने परिस्थिति नआउनुपर्ने हो । कुनै प्रमाण खोजिरहन पर्दैन । ती-ती जिल्लामा जानुभयो भने प्रमाण आफैं बोलिरहेको छ । तर यहाँ हामीले प्रमाण पाइरहेका छैनौं । के गर्ने होला ? यस्तो अबस्थामा तपाईं गठबन्धन नामको पार्टीबाट चलिरहेको सरकारका साथीहरूलाई फेरि पनि भन्न चाहन्छु सकारात्मक दिशामा जानुभयो भने हाम्रो सहयोग हुन्छ । तर सुन्दै गर्ने दिन बित्दै गर्ने आफ्नो कदम छोड्दै नछोड्ने परिस्थिति हुँदा कानूनले सजाय नदिए पनि कालान्तरमा जनताले सजाय दिँदारहेछन् भन्ने कुरा यसै चोटिको निर्वाचनले पनि दिइसकेको छ । भलै यसै चोटिको निर्वाचनमा सबैले सजाय पाएनन् । अझै केही बचे, केही बचाइयो । जनताले चिन्न पाएनन् । आगामी निर्वाचनमा बाँकीले पनि सजाय पाउँछन् नै । सजाय पाउँदा हामीले पनि पाउनुपर्ने भएछ भने त्यसलाई सहज र सामान्य रूपमा लिनुपर्ने हुन्छ, किनकि हामी आवधिक निर्वाचनमा विश्वास गर्छौं । त्यसकारणले मैले अस्ति पनि भनेको थिएँ । आज पनि फेरि दोहोऱ्याउन चाहन्छु । अहिलेको यो जमघट । यलाई म जमघटभन्दा पनि केही बिग्रिँदैन । यो जमघट कर्णाली बनाउनका लागि होइन । यो जमघट आफू बन्नका लागि हो ।बन्ने कुरा सुनिश्चित हुँदा समर्थन, बन्ने कुरामा तलबितल भयो भने फड्को मार्ने संस्कृतिबाट जमघट भएकाहरूले राम्रो काम गर्ने कुराको विश्वास नभए पनि नथाकीकन फेरि भन्नुपर्ने हुन्छ । तपाईंहरूबाटै यो काम त गर्नुस्, न यो जनताको निम्ति छ । हो त्यहाँभित्र राम्रो काम गर्नेहरूले के अनुभूति गर्नुभाछ ? के सहयोग पाउनु भाछ ? यो मलाई थाहा छैन। को राम्रो काम गर्नु हुने हो, को नराम्रो काम गर्नुहुने हो, अब छुट्याउन पनि गाह्रो-गाह्रो पर्ने स्थिति छ। त्यसकारणले आजको शुभारम्भको दिनमा तपाईंहरू कोही सशंकित नहुनु भए हुन्छ । तपाईंहरू जसरी प्रस्तुत हुनुहुन्छ, त्यसरी हाम्रो भूमिका रहन्छ । हाम्रो अनुरोध हो, इगो प्रतिष्ठाको विषय नबनाइकन जति समय छ, जति हाम्रो साधन र स्रोत छ, त्यसलाई आम जनताको विश्वास जित्ने गरी बजेट ल्याउने कुरामा तपाईंहरू अगाडि बढ्नुस् । प्रतिपक्ष दल नेकपा (एमाले)कोतर्फबाट सहयोग हुन्छ । सुधार प्रयत्न गर्दागर्दै विगतको जस्तै बाटो हिँड्नुभयो भने पनि हिँड्न पाउनु हुन्छ। रोक्न सकिन्न । किनभने त्यो तपाईंहरूलाई हिँडी आएकै बाटो हो । यो आधारबाट अगाडि बढ्दा । फेरि पनि म अनुरोध गर्न चाहन्छु । मूल कुरा विश्वासको कुरा हो। बैठक एउटा गर्ने निर्णय एउटा गर्ने बाटो छापामार युद्ध चलाएजस्तो अर्को बाटो हिँड्ने हो भने संसद् जति प्रभावकारी हुने हो त्यस्तो बन्न सक्दैन। समितिहरू जति प्रभावकारी हुने हो त्यो हुन सक्दैन । बनाउन सकिँदैन । त्यसकारणले मेरो अनुरोध आग्रह छ कि- यथार्थ रिपोर्ट बजेट बन्नुभन्दा अगाडि सरकारैसँग कति योजना छन् ? कति शीर्षक छन् ? थाहा नपाउने अबस्थाबाट सरकार चलिरहेकै छ । विगतका कमीकमजोरीका आधारबाट हामीले औंला ठड्याउनु नपर्ने, सुझावै दिनुनपर्ने गरी तपाईंहरू अगाडि बढ्ने कुरा गर्नुभयो भने हाम्रोतर्फबाट सहयोग समर्थन हुन सक्छ । तर धरातल र हाम्रो धरातललाई अध्ययन गर्ने प्रतिवेदनहरू, चाहे त्यो महालेखापरीक्षकको प्रतिवेदन होस्, चाहे अख्तियार

दुरूपयोगको प्रतिवेदन होस् । तिनीहरू कर्णाली प्रदेशका निम्ति, सबै कर्णालीवासीहरूले एकचोटि गम्भीरतापूर्वक सोच्नुपर्ने अबस्था छ। तर कर्णालीवासीले सोचेर के गर्ने ? कर्णालीवासीका नाममा झण्डा हल्लाउँदै हिंड्नेहरूले सोच्नुको सट्टा बढाउँदै हिँडेपछि त्यो प्रतिवेदनमा अङ्क थपिनुबाहेक अरू विकल्प रहँदैन। त्यले सुशासन हुँदैन । त्यसले सुव्यवस्था हुँदैन। त्यले थितिको विकास गर्दैन। त्येले थितिको कुरालाई प्रष्ट्याँई गर्दैनभन्दा हामी सबैले त्यलाई भन्छौं तर हाम्रा इन्डिकेटरहरू, हाम्रा काम कारवाहीका परीक्षण गर्ने जे प्रतिवेदनहरू छन्, त्यसलाई राज्यका सबै निकायले मान्नुपर्ने हुन्छ। कार्यान्वयन गर्नुपर्ने हुन्छ। तिनले त्यस्तो लेखेको एउटा अबस्था छ। यिनै कुराको ध्यान आकर्षण गर्दै, सरकार बजेट निर्माणमा के गरिराछ थाहा छैन अहिलेसम्म ? थाहा पाउनुपर्ने कुनै जरुरी छैन । तर संसद्मा आइसकेपछि सरकार जसरी प्रस्तुत हुन्छ । हामी सकारात्मक ढङ्गले प्रस्तुत हुन्छौं । र फेरि पनि दोहोऱ्याएर भन्न चाहन्छु- बजेट निर्माणको विगतको श्रृङ्खला तोड्ने गरी आउनुस् कर्णालीका निम्ति राम्रो हुन्छ । तोड्ने गरी आउनुस् । विनियोजनको प्राथमिकता तोड्ने गरी आउनुस् । त्यले कर्णांलीको सार्थकता हुन्छ । तपाईंले पनि केही गरेको अबस्थादेखिन्छ । तोड्दा तपाईंको अबस्था के हुन्छ । त्यो फेरि प्रमुख कुरा हुन्छ राजनीतिमा । गर्नुपर्ने यो भन्ने थाहा छ । गर्नुपर्ने त्यो हुंदा आफैं बसेको कुरा के हो थाहा नहुने भएपछि मान्छे लरबराउँछ । नबोकेकालाई पनि बोक्नुपर्ने रहेछ । नहिँड्नुपर्ने सँग पनि हिँड्नुपर्ने रहेछ । म अहिले राष्ट्रिय राजनीतिको धेरै यहाँ चर्चा गर्न चाहन्नँ । त्यसकारणले तपाईंहरूले कुन बाटो रोज्ने त्यो तपाईंहरूको कुरा हो । तर आजसम्मको जे-अबस्था छ, त्यो निराशाजनक छ। त्योसँग राखेर जनताबाट अनुमोदित हुन सक्ने अबस्था छैन । एक्लै आफ्ना मान्छे राखेर ताली पिटाउन त सकिन्छ । तर सबैका अगाडि सबै मान्छे उपस्थित भएर बहस चलाउने हो भने सरकारले गरेका कामको समर्थन गर्न सकिने अबस्था प्रतिपक्ष भएको दलको नेताका हिसाबले होइन, जनस्तरमा पनि पाउन गाह्रो छ । यद्यपि म रहेको निर्वाचनका जनताको कुरा नै मैले बढी सुन्ने हो। तपाईंहरू भएको निर्वाचन क्षेत्रका जनता एकदम हर्ष उल्लास छन्, खुसीमय छन्। जयजयकार गरिराछन् भने त्यो ठाउँमा बुझ्न जानुपर्ला । तर म त्यस्तो अबस्था देख्दिनँ । यो कुरालाई तपाईंहरूले हेक्का राख्नुहोस् । निर्वाचनका क्रममा चाहे त्यो मुगु होस्, चाहे त्यो हुम्ला होस् । चाहे त्यो रुकुम होस् । चाहे अरू जिल्लामा पनि घटेका छिटफुट घटनाहरू हुन् । त्यलाई जे हो त्योअनुसार बुझ्ने बुझाउने कुरा गरिएन भने त्यस्तै कुराले प्रश्रय पायो भने लोकतन्त्र अभिमतको शासन होइन कि त्यो बाहुबलको शासनमा परिणत हुने परिस्थिति निर्माण हुन्छ। त्यतिबेला हामी सत्तरी वर्ष लाएर ल्याएको गणतन्त्र त्यसका निम्ति सयौं होइन, हजारौंले गरेको सहादतप्रति प्रश्न उठाउनेहरूको संख्या बढिरहन्छ । अहिलेकै निर्वाचनका कतिपय धेरै बोल्न चाहन्नँ परिणाम र परिस्थिति हेर्दा सोचेभन्दा पृथक रिजल्ट त आइ त राहछ त। के यो यत्तिकै हो भनेर बसियो भने त्यो संख्या त्यो प्रवृति अन्ततः नबढ्ला

भन्न सकिन्छ र ? त्यसको जिम्मेवारी र दायित्व कसको हो तभन्दा हामी सबैको हो। हामी सबै मध्ये तपाईंहरूको बढी हो। यसकारणले कि तपाईंहरू सरकार चलाइरहनु भएकै छ। त्यसकारणले आज हामीले प्राप्त गरेको लोकतन्त्रप्रति प्रश्न उठिरहेको छ । प्रश्नमात्र होइन, प्रश्न उठाएर कतिपय ठाउँका मान्छेले जनअनुमोदित गरेर निर्वाचित भएको एउटा अबस्था छ। यही संख्या बढ्दै जाँदा वल्लो घरको नरे पल्लो घरमा सरे जस्तै परिस्थिति बदलिएजस्तै विचार बदल्नेहरूका निम्ति त केही छैन। परिस्थिति बदलिएअनुसार विचार बदल्ने, ठाउँ बदल्ने, अबसर बदल्नेहरूका निम्ति त केही छैन। तर लोकतन्त्रका निम्ति आजीवन निःस्वार्थ हिँडिरहेका निम्ति त्यो दुःखद् कुरा हुनेछ। राजनीतिमा अनुकूलता जहाँ मिल्यो त्यहाँ जानेहरूका निम्ति त केही छैन। तर एउटा निष्ठाका निम्ति एउटा समर्पणका निम्ति अगाडि बढ्ने कुराका निम्ति त्यो दुःखद् कुरा हुनेछ । त्यसकारणले सबैलाई यो सोचका आधारबाट अगाडि विचार, दृष्टिकोण बनाएर अगाडि बढौं यही शुभेच्छा शुभकामनासहित हाम्रोतर्फबाट मूलतः बजेट अधिवेशन आजसम्मका बजेट अधिवेशन दुःखद् छन् । हाम्रोतर्फबाट सुखद बनाउने प्रयत्न विगतमा पनि भएको हो, विकल्प दिइएको हो, समाधान दिइएको हो। तर सरकार आफूखुसी हिँड्यो र सर्वनायक भयो। त्यस्तै यो सरकार यो अधिवेशनमा कसरी विषयवस्तु प्रस्तुत हुन्छ ? बजेट कसरी लिएर आउँछ ? त्यसअनुसार हाम्रोतर्फबाट सकारात्मक भूमिका रहने कुरा सभामुखमार्फत् सबै सम्बद्धमा नेकपा (एमाले)को धारण राख्दै विदा हुन चाहन्छु। धन्यवाद।

**माननीय सभामुखः** माननीय श्री कृष्णा शाह आचार्य ।

**माननीय श्री कृष्णा शाह (आचार्य):** सभामुख महोदय, आज हामी नवौं अधिवेशनपछि दशौं अधिवेशनको प्रारम्भिक बैठकमा छौं । यतिबेला हामी नयाँ परिवेशका साथ यो गरिमामय हलमा उपस्थित भएका छौं । मुलुकमा स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ। स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिहरूले आफ्नो कार्यभार समालिरहनु भएकोछ । कार्यपालिका धमाधम निर्माण भइरहेका छन् । र यो घडीमा हाम्रो नेकपा माओवादी केन्द्र र संसदीय दलकोतर्फबाट स्थानीय तहका सम्पूर्ण नवनिर्वाचित जनप्रतिनिधिज्यूहरूलाई हार्दिक बधाई तथा कार्य सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । साथै स्थानीय चुनावलाई सफलताको विन्दुमा पुऱ्याउनको लागि अहोरात्र खटिने सुरक्षा क्षेत्रका सुरक्षाकर्मी र राष्ट्रसेवक कर्मचारीज्यूहरू, पत्रकार, आमसहभागी जनसमुदायहरूमा मैले यो रोष्टमबाट धन्यवाद दिन चाहन्छु ।

सभामुख महोदय, म स्थानीय चुनावबारे दलकोतर्फबाट योभन्दा धेरै विषय म अहिले यहाँ राख्न चाहन्नँ । किनकि हामी आगामी दिनहरूमा चुनाव के भयो ? कस्तो भयो ? र यले कति सकारात्मक र नकारात्मक असर पाऱ्यो ? अर्थात् हामीले कसरी सम्पन्न गऱ्यौं ? भन्ने कुरा हामी छलफल गर्दै जानेछौं । र आज हामी यो बैठकमा उपस्थित भैरहँदाखेरि हाम्रो कार्यकालको अन्ततिर आइपुगेका छौं ।हामीले साढे चार

वर्षको जुन अबधि गुजारिसकेका छौं । हामीले यतिबेला दशौं अधिवेशन भन्दै गर्दा हाम्रो कार्यकालको अन्तिम बजेट अधिवेशन पनि हो जसको सुरूवाती चरणमा छौं । यो निकै महत्त्वपूर्ण पनि छ । सभामुख महोदय, यो बजेट अधिवेधनलाई हामीले निकै प्रभावकारी कर्णाली प्रदेशको समृद्धि र विकासमा केन्द्रित गर्नुपर्नेछ । र विगत साढे चार वर्ष पहिले हामीले कर्णालीको विकासका लागि जे सङ्कल्प गरेका थियौं । जे प्रतिबद्धता हामीले व्यक्त गरेका थियौं । ती केही पूरा भएका छन् र बाँकी पूरा गर्ने सवालमा यो अधिवेशनलाई हामी सबैले सफल पार्नुपर्ने छ । विगत हाम्रो कार्यकालमा गम्भीर चुनौती पनि रहे । ती चुनौतीहरू हाम्रा संघीय संरचना सञ्चालनमादेखिएका अनुभवका कमी, दक्ष जनशक्तिको अभाव, संघीय सरकारले प्रदेश सरकारलाई हेर्ने दृष्टिकोणका समस्याहरू र त्यति समस्या हुँदाहुँदै अझ हाम्रा आन्तरिक समस्याहरू निर्णायक चुनौतीका रूपमा रहे र जसले गर्दाखेरि हामीले जति काम गर्नुपर्ने थियो, जति सफलता हासिल गर्नुपर्ने थियो हामीले गर्न सकेनौं । तर पनि फेरि फर्केर हेर्दाखेरि हामीले हाम्रो कार्यकालभरी केही गर्न सकेनौं त ? हामीले जनतालाई अहिले हामीले यो ठाउँबाट यो रोष्टमबाट केही गर्न सकेनौं भनेर निरास पार्ने कुरा र हामी आफैं निरास हुने कुरा, हामीले गरेका सफलतालाई नजरअन्दाज गर्ने कुरामा म जान चाहन्नँ । र हामीले पूरा गर्नुपर्ने कामहरू धेरै छन् । त्यसका लागि विगतका केही अधिवेशनमादेखिएका समस्याहरू दोहोरिन नदिऔं । त्यसका लागि के सत्ता पक्ष के प्रतिपक्ष, हामी सबैले सकारात्मक भूमिका खेल्नुपर्ने छ । हाम्रा दलीय, व्यक्तिगत, दलीय र व्यक्तिगत अपोजिसनहरू हुन्छन् नै । तर पनि समग्र कर्णालीवासीको विकासको तीव्र आकांक्षालाई जोड दिएर साझा धारणाका साथ साझा सोचका साथ अगाडि बढौं । यो अधिवेशनलाई सत्तापक्ष, प्रतिपक्ष र आम कर्णालीवासीको अपनत्व हुने गरी सफल पारौं र सम्पन्न गरौं, सफल पारौं, सुखद बनाऔं, परिणाममुखी बनाऔं । र त्यो सँगसँगै हामीले नियमितरूपमा गर्नुपर्ने कामहरू छन्, त्यसका लागि छलफल संवाद बढाऔं । सहकार्य र समन्वयलाई घनीभूत पारौं । हाम्रै कार्यकालमा निर्माण गर्नुपर्ने निकै महत्त्वका कयौं ऐनहरू समितिमा थन्किएका छन् । ती ऐनहरूलाई, ती विधेयकहरूलाई ऐनको रूपमा हामीले पूर्णता दिनको लागि यो अधिवेशनमा हामी सबैले महत्त्वपूर्ण भूमिका खेल्नुपर्नेछ । र अन्तमा मैले के भन्न चाहन्छु भने- यो अधिवेशनलाई एउटा निर्वाचन क्षेत्र, जिल्ला केन्द्रित र सुकिलामुकिला केन्द्रित नबनाएर हाम्रो कर्णाली प्रदेश सरकारले सबै कर्णालीवासीहरूको अपनत्व हुने गरी, सत्तापक्ष, प्रतिपक्ष सबैको अपनत्व हुने गरी यो बजेट अधिवेशनलाई अगाडि बढाउनेछ । सफल पार्ने कुरामा सरकार निकै जिम्मेवार हुनुपर्नेछ, त्यतिकै प्रतिपक्ष पनि हुनुपर्ने छ र हामी सबै जनप्रतिनिधि पनि त्यसमा प्रभावकारी ढङ्गले लाग्नुपर्ने छ, भन्ने कुरा राख्दै हाम्रो नेकपा माओवादी केन्द्र संसदीय दलकोतर्फबाट यो बजेट अधिवेशनलाई सफल पार्नको लागि के-कस्तो भूमिका निर्वाह गर्नुपर्छ ? के सहयोग गर्नुपर्छ ? हामी सदा तत्पर रहने प्रतिबद्धता सभामुखमार्फत् जाहेर गर्दै मैले आफ्नो दलकोतर्फबाट यो बजेट अधिवेशनको

पूर्ण सफलताको शुभकामना व्यक्त गर्दै आफ्नो धारणा मैले दलकोतर्फबाट यहीं अन्त्य गर्न चाहन्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री दीनबन्धु श्रेष्ठ ।

**माननीय श्री दीनबन्धु श्रेष्ठः** माननीय सभामुख महोदय, आज हामी कर्णाली प्रदेशको दशौं अधिवेशनको सुरूवातमा छौं । मलाई लाग्दछ यो दशौं अधिवेशन बजेट अधिवेशन पनि हो । यो अधिवेशनको सफलताको लागि नेपाली कांग्रेस संसदीय दलकोतर्फबाट पूर्ण सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । र मलाई जहाँसम्म लाग्छ, यो बजेट अधिवेशन कर्णाली प्रदेश सभाको करिब-करिब अन्तिम अधिवेशन पनि हो जस्तो मलाई लाग्दछ । अब पाँच-सात महिनापछि नयाँ निर्वाचित सदस्यहरू र सरकार बन्ला । यसको साथसाथै म यो देशभरिमा अहिले स्थानीय निकायको निर्वाचन सम्पन्न भयो । त्यसमा निर्वाचित हुनुभएका प्रतिनिधिज्यूलाई मेरो दलकोतर्फबाट उहाँहरूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु । हामी अहिले स्थानीय निर्वाचन भर्खरै सम्पन्न गरेर आएका छौं । प्रत्येक स्थानीय निकायमा नयाँ निर्वाचित प्रतिनिधिहरू आउनुभएको छ । र एउटा हामीले एउटा नयाँ सुरूवात योभन्दा पाँच वर्ष पहिला कर्णाली प्रदेशमा हामीले स्थानीय निकाय र प्रदेश सभामा कसरी अगाडि बढेका थियौं । करिब-करिब हाम्रो कार्यकालको हामी अन्तमा आएका छौं । त्यो पनि एउटा समीक्षाको विषय हुन्छ । विगतमा हामीले के-कति कामहरू जनभावनाअनुसार हामीले काम गऱ्यौं र एउटा त्यसले पार्ने कर्णाली प्रदेशका जनतालाई कति प्रभाव पाऱ्यो । र हामीले गर्न खोज्दा-खोज्दै कति कुराहरू हुन सकेनन् । यो पनि समीक्षा हुनलाई जरुरी छ । कहीं हाम्रा कमी कमजोरी भएको भए पनि सुधारेर अगाडि बढ्नुपर्छ जस्तो मलाई लाग्छ । हामीले कर्णाली प्रदेशमा सुरूमा सरकार बन्दा नेपाली कांग्रेस प्रतिपक्षमा थियो। तर पनि कर्णाली प्रदेशमा हामी एउटा सहमतिको आधारमा अन्य प्रदेशलाई पनि एउटा नमुना हुने किसिमले प्रदेश राजधानीको नामाकरण हामीले सहमतिको आधारमा सम्पन्न गऱ्यौं । त्यो एउटा महत्त्वपूर्ण निर्णय थियो । कतिपय प्रदेशले अन्तिमसम्म आएर पनि गर्न सक्नु भएन । र प्रतिपक्ष र सत्ता पक्षले जहिले पनि हामीले प्रतिपक्ष भनेको गरिबी, बेरोजगारी, अशिक्षा र हाम्रो समस्याहरू हुन् भन्यौं र असहमतिको बीचमा पनि हामी सहमति खोज्दै हामी अगाडि बढ्यौं । त्यतिखेर नेपाली कांग्रेस प्रतिपक्षमा थियो । र कर्णाली प्रदेशको समृद्धि र विकासको लागि हामीले पक्ष पक्ष र प्रतिपक्ष सत्ता पक्ष र प्रतिपक्षको इगो नराखेर कर्णाली प्रदेशका जनताको हितमा, कर्णाली प्रदेशको विकासको हितमा हामी एक भएर गएको तपाईं हामीलाई विदितै छ । र कर्णाली प्रदेशलाई अन्य अरूले हेर्दा पनि नमुनाको रूपमा कर्णाली प्रदेश असहमतिको बिचमा पनि सहमति खोज्दै अगाडि बढेको उदाहरणहरू छन् । तर अहिले करिब-करिब हामीसँग छ महिना चानचुन यो प्रदेश सभाको समय छ । अब अर्को निर्वाचन होला । तर अहिले नेपाली कांग्रेसको नेतृत्वमा तीन दलीय सरकार बनेको छ । हामीले धेरै अपेक्षा गर्ने ठाउँ छैन, तर पनि

विगतमा विकास निर्माण, यो बजेट अधिवेशन पनि भएको हुनाले म अलिकति यहाँ प्रवेश गर्न चाहन्छु । विगतमा हामीले बजेट निर्माण गर्दा हामी कहाँ-कहाँ सफल भयौं ? या हामीले चाहेको कहाँ-कहाँ कार्यान्वयन भयो ? या कहाँ-काहाँ भएन हामीले चाहँदा पनि। त्यलाई पनि हामीले समीक्षाको रूपमा लिएर अब के-के सुधार गर्नुपर्ने हो ? छोटो समयमा यो अहिलेको गठबन्धन सरकार नेपाली कांग्रेसको नेतृत्वमा सरकार छ । मलाई लाग्छ सरकार गम्भीर हुनुपर्छ यो विषयमा । र यो बजेटमा कमै समय भए पनि केही सुधार गरेर र विगतमा हामीले बजेट ल्यायौं कार्यान्वयन पक्ष होस, पूँजीगत खर्चका कुराहरू छन् । प्रभावकारी ढङ्गले कतिपय ठाउँमा भयो । हुँदै नभएको होइन, भयो । तर पनि सबै अपेक्षाअनुसार हुन सक्दैन तर त्यहाँसम्म पुग्नलाई पनि प्रतिपक्ष र सत्तापक्षको एउटा छलफल, सहकार्य, समन्वयकै अगाडि बढेर यो स्थिति आएको हो । त्यसैले अब पनि बजेट निर्माण गर्दा मलाई लाग्छ विगतका बजेटमा हामीलाई कार्यान्वयन गर्न कहाँ कहाँ असहज भयो ? र कता-कता हामीले त्यो विनियोजन गर्दा हामीले राम्रो गऱ्यौं कि ? या नराम्रो गऱ्यौं ? त्यो जनपक्षीय भयो कि भएन ? त्यले पार्ने प्रभाव के भयो? यलाई पनि हामीले मध्यनजरमा राखेर अब आउने बजेटमा माननीय सभामुखमार्फत् सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । प्रतिपक्षको आदरणीय नेताले त अहिले बोलिसक्नु भएको छ । प्रमुख प्रतिपक्ष दलको नेताले हामी सहकार्य, सहमति, सरसल्लाहबाट अगाडि बढ्न तयार छौं र हिँजाको दिनमा पनि भूमिका त्यो थियो । मलाई जहाँसम्म लाग्छ, सरकार यसमा गम्भीर छ । सरकारले पनि प्रमुख प्रतिपक्षलगायत प्रतिपक्ष दललाई विश्वाशमा लिएर अब आउने बजेट छलफलका आधारमा हामीसँग समय छ महिना छ । यसको कार्यकाल अझ छ-सात महिना छ । सरकार बनेको सात-आठ महिना पनि भएको छैन । सरकारलाई एउटा चुनौती छ आफ्नो ठाउँमा । तर पनि हामीले अझ पनि बसेर सरसल्लाहको आधारमा अब आउने बजेट प्रभावकारी, जनमुखी र कार्यान्यिनमुखी कसरी हुन सक्छ ? या त हामीले यो प्रदेश योजना आयोग बन्यो । विज्ञ टोलीहरू गठन गरेर हुन्छ की ? या सबै दलहरू बसेर छलफल गरेर हामीले भोलि आउने सरकार र भोलि आउने प्रदेश सभाका सदस्यज्यूहरूलाई एउटा मार्गनिर्देशन हुने किसिमले सरकार जाँदै गर्दा महत्त्वपूर्ण योजनाहरूलाई एउटा फोकस गरेर यसलाई टेकेर जानुपर्छ । ताकि भोलि यो कार्यान्वयन हुँदा प्रभावकारी हुन्छ । र कर्णालीको समृद्धि र विकासमा यो एउटा ठूलो टेवा बन्छ भन्ने किसिमले हामीले त्यो अब आउने बजेट निर्माण गर्नुपर्छ जस्तो लाग्छ । मैले सुरूमा पनि भनें यसमा सरकार पक्कै पनि गम्भीर छ । सरकारले धेरै विगतमा हामी कहाँ-कहाँ चुक्यौं ? त्यो सरकारले अध्ययन र अनुसन्धान पनि भएको होला । कतिपय योजनाहरू हाम्रा क्रमागतको नाउँमा अधुरा छन् । वर्षौं वर्ष पनि ती योजनाहरू एउटा टुंगोमा पुग्दैनन् । त्यसको पनि समीक्षा गर्न जरुरी छ । त्यसलाई हामीले कसरी एउटा निचोडमा पुऱ्याउन सक्छौं ? बहुवर्षीय योजनाहरू छन् । कर्णाली प्रदेशको एउटा चाहिँ

गौरवका योजनाहरू पनि छन्, यिनी कुराहरूमा पनि अब आउने बजेटमा म धेरै भन्न चाहँदैन । अब आउने बजेटमा पुनः पनि सरकार यसमा गम्भीर छ र यसलाई समेटेर यो बजेट यो प्रदेश सभाको अन्तिम-अन्तिम कार्यकालमा आउँदा अलि यो नमुनाको रूपमा प्रत्यक्ष प्रभाव पर्ने र कार्यान्वयन हुन किसिमले त्यो आउँछ भन्ने विश्वास राख्दै अन्तमा म यो पहिलो दिनको दशौं अधिवेशन कर्णाली प्रदेशको बजेट अधिवेशन अन्तिम अधिवेशन हाम्रो कार्यकालको अन्तिम अधिवेशन भएको कारणले पनि हामीहरू एक-आपसमा हिजोका केही हामीबाट कमीकमजोरी भएको खण्डमा पनि सुधारेर अगाडि बढ्न आवश्यक पनि छ । त्यो नै कर्णाली प्रदेशका जनताहरूको हितमा पक्कै हुन्छ । यसमा हामी सबै गम्भीर पनि छौं । त्यसैले म नेपाली कांग्रेसको संसदीय दलकोतर्फबाट यो बजेट अधिवेशनको पूर्ण सफलताको कामना गर्दै विदा हुन्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री सोशिला शाही ।

**माननीय श्री सोशिला शाहीः** सभामुख महोदय, आज हामी कर्णाली प्रदेश सभाको दशौं अधिवेशनमा सहभागी भएका छौं । यो अधिवेशन कर्णाली सभाको अन्तिम अधिवेशन पनि हो । विगत चार वर्षमा हामीले जे जस्तो सफल र सुखद जस्तो काम गरे पनि अब अन्तिममा राम्रो काम गरेर यो कार्यकाललाई सफल र सुखद बनाउनु पर्दछ । यो अधिवेशन शुभारम्भ हुँदा देशमा स्थानीय तहको दोस्रो निर्वाचन पनि सम्पन्न भएको छ । देशभरबाट निर्वाचित हुने सम्पूर्ण जनप्रतिनिधिहरूलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । साथै उहाँहरू सबैको कार्यकाल स्थानीय तहमा सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु । विगतमा व्यापक भ्रष्टाचार मौलाएको कुराहरू बाहिरिएर आएका थिए । ताकि धेरैजसो पूराना जनप्रतिनिधिहरू यसपाली दोहोरिएनन् । तसर्थ नयाँ निर्वाचित हुने जनप्रतिनिधिहरूले यसबाट पाठ सिकेर आगामी कार्याकाल राम्रो काम गरेर इमान्दारितापूर्वक देश र जनताको सेवामा समर्पित हुनेछन् भन्ने मैले विश्वास लिएकी छु । सरकार संसद्प्रति जवाफदेही हुनुपर्दछ । सरकार मनपरी तरिकाले चल्नु हुँदैन । सांसदहरूको कुरालाई सुनुवाइ हुनुपर्दछ । बजेट विनियोजन गर्दा सांसदहरूको राय सल्लाह र सुझाव  अनिवार्य लिनुपर्दछ । केही सांसदहरूलाई जानकारी नै नदिई योजना छनोट गरियो भने यसमा हाम्रो गम्भीर आपत्ति हुनेछ । सांसदलाई माइनस गरेर गरिने काममा हाम्रो समर्थन रहने छैन । हामी सरकारलाई गुण र दोषको आधारमा समर्थन र विरोध गर्नेछौं ।

सभामुख महोदय, फेरि पनि हाम्रो त्यहीं नीति रहने छ । तसर्थ सरकारले गर्ने राम्रा कामको हामी फेरि पनि समर्थन गर्ने छौं भने गलत कामको विरोध गर्ने छौं । कर्णाली राजमार्गको अबस्था अहिले पनि जीर्ण नै छ । तसर्थ कर्णाली राजमार्गलाई दुई लेनको फराकिलो पक्की सडक बनाउने काममा सरकारले पहिलो प्राथमिकता यसमा सरकारको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु । साथै ठूलो संख्यामा युवाहरूलाई रोजगारी दिन कालिकोट जिल्लामा एउटा उद्योगको स्थापना गरियोस् भन्ने कुरामा माग गर्दछु ।

कर्णालीमा प्रदेशकै गरिमामय आयोजनाका रूपमा परिचालित फुकोट कर्णाली जलविद्युत आयोजनालाई विदेशी सहयोग डोनर एजेन्सी जुटाउन प्रदेश सरकारले पनि पहल गरोस् र शिक्षामा सुधार ल्याउन नयाँ कार्यक्रमहरू ल्याइयोस् ।समग्रमा कर्णालीका जनताको अनुहारमा खुसी ल्याउने, हाँसोको फोहोरा फुटाउने, जनताको जीवनस्तरमा परिवर्तन गर्ने योजना र कार्यक्रम कर्णाली प्रदेश सभाले ल्याउन सके मात्र हामी साँच्चिकै जनताप्रति उत्तरदायित्व रहनेछौं भन्नेदेखिन्छ । कनिका छरे जसरी बजेट छर्ने र कार्यकर्तालाई मोटाउन दिने योजनाबाट कर्णालीको विकास सम्भव छैन । यो त बालुवामा पानी हाले जस्तै हो । अन्तिममा यो अधिवेशन सफल अधिवेशनका रूपमा कायम रहोस् यही हाम्रो शुभकामना छ । धन्यवाद ! जय राष्ट्रवाद !

**माननीय सभामुख:** माननीय सदस्यहरू, आजको बैठकमा दलकोतर्फबाट धारणा राख्ने क्रम समाप्त भएको छ ।

माननीय सदस्यहरू अब यो बैठक २०७९ साल जेठ ११ गते बुधबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

## बैठक संख्या-२
## (वि.सं. २०७९ साल जेठ ११ गते बुधबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको दोस्रो बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभासमक्ष टेबुल गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीः** मानननीय सभामुखज्यू, नेपालको संविधानको धारा २८५ को उपधारा ३ मा प्रदेश मन्त्रीपरिषद्ले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकताअनुसार कानूनबमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्ने व्यवस्था रहेबमोजिम प्रदेशको निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक भएकोले कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम १०५ बमोजिम सभासमक्ष टेबुल गर्दछु । धन्यवाद !

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ माथि संशोधन प्रस्ताव परी अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भए पश्चात्का निर्णय र प्रतिवेदन कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ११८ मा भएको व्यवस्थाअनुसार सभासमक्ष पेस गर्न समितिका सदस्य माननीय श्री अमृता शाहीलाई समय दिन्छु ।

**माननीय श्री अमृता शाहीः** माननीय सभामुख महोदय, "कर्णाली प्रदेश आर्थिक कार्यविधि विधेयक (दोस्रो संशोधन), २०७८ प्रदेश सभा सचिवालयमा मिति २०७८ फागुन २६ गते दर्ता भइ मिति २०७८ चैत ७ गते सभामा छलफलको लागि टेबुल भएको थियो । मिति २०७८ चैत २१ गते प्रदेशसभामा भएको सैद्धान्तिक छलफपश्चात मिति २०७८ चैत २१ मा संशोधन परी थप छलफलको लागि नवौं अधिवेशनको उन्नाइसौं बैठकको निर्णयबाट सो विधेयक अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउने निर्णय भएपश्चात् उक्त विधेयक यस समितिमा प्राप्त भएको थियो ।

विधेयकमाथि दफावार छलफल गर्नको लागि मिति २०७९ जेठ १० गते समितिको बैठक बसेको थियो । यसै बैठकमा संशोधन प्रस्तावमाथि व्यापक छलफल गरिएको थियो ।

कर्णाली प्रदेश आर्थिक कार्यविधि विधेयक (दोस्रो संशोधन), २०७८ माथि यस समितिमा भएको दफावार छलफलमा समितिका माननीय सदस्यज्यूहरूले दिनुभएको सुझावपश्चात् यो विधेयक टेबुल गर्नुभएका माननीयमन्त्रीज्यू, माननीय सदस्यज्यूहरू, संशोधनको सूचना दर्ता गराउनु भएका माननीय सदस्यज्यूहरूलगायतका विज्ञहरूसँग छलफल गरिएको थियो ।

यस विधेयकलाई परिष्कृत रूपमा सभासमक्ष पेस गर्न समितिमा विभिन्न मितिमा भएका छलफलको क्रममा सक्रियरूपमा सहभागी हुनुभएका माननीय मन्त्रीज्यू, संशोधनकर्ता माननीय सदस्यज्यूहरू, लगायत अन्य सहभागीहरूले सक्रिय भूमिका निर्वाह गरी सल्लाह सुझाव प्रदान गर्नुभएकोमा उहाँहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

साथै विधेयकउपरको प्रतिवेदन तयार गरी महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने समिति सचिवालयका कर्मचारीहरू तथा सम्बन्धित मन्त्रालयका कर्मचारीहरू र प्रदेशसभा सचिवप्रति धन्यवाद दिन्छु । यसै गरी समितिको काम कारवाहीको सन्दर्भमा मार्ग दर्शन, समन्वय, आवश्यक निर्देशन, समन्वय र सद्भाव प्रकट गर्नुहुने माननीय सभामुखज्यू र उपसभामुखज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

माननीय सभामुख महोदय ,

समितिको बैठकले प्रस्तावित संशोधन तथा अन्य सम्बद्ध विषयवस्तुसहित विधेयकको आवश्यकता, महत्त्व र औचित्यको आधारमा देहायबमोजिमको क्रमसंख्या १ देखि २सम्म संशोधन प्रस्तावसहितको प्रतिवेदन सम्मानित सभासमक्ष पेस गर्ने समितिको सर्वसम्मत निर्णय भएबमोजिम संशोधन प्रस्तावसहितको प्रतिवेदन सम्मानित सभासमक्ष पेस गर्दछु। धन्यवाद !

**माननीय सभामुख** : माननीय सदस्यहरू अब यो बैठक आजै तीन बजेसम्मका लागि स्थगित हुन्छ ।

## बैठक संख्या-३

## (वि.सं. २०७९ साल जेठ ११ गते बुधबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको तेस्रो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ लाई कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड (क) बमोजिम प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टः** माननीय सभामुखज्यू, सम्मानित प्रदेशसभामा प्रदेश सरकारकोतर्फबाट पेस भएको कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ प्रदेश सभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भइ सभामा प्राप्त भएकोले कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड (क) बमोजिम प्रतिवेदनसहित विधेयकमाथि सभामा छलफल गरियोस् भनी प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टले सभामा पेस गर्नुभएको कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ माथि प्रतिवेदनसहित विधेयकमाथिको छलफलका लागि समय निर्धारण गरेको छु । छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोस्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनुहोला । सर्वप्रथम माननीय श्री रातो कामी । समयः ७ मिनेट ।

**माननीय श्री रातो कामी :** माननीय सभामुख महोदय, कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधनउपर हामी हिजोमात्रै छलफल गरेर यसलाई आवश्यकताअनुसार यसको संशोधन प्रक्रिया विषयगत आर्थिक अर्थ प्राकृतिक समितिमा भएको छ । निश्चितरूपमा कानूनहरू आवश्यकताका आधारमा यसको छलफल संशोधन हुने भएकोले यो छलफल पनि भएको छ र मूलभूतरूपमा आर्थिक कार्यविधिका केही मूलभूत विषयहरू यहाँ संशोधन भएका छन् र यस विषयमा छलफलको क्रममा हामीले भाग लियर यलाई चाहिँ पूर्णता दिने कार्यमा हामीले हाम्रो समितिमा छलफल गरेका छौं ।यो सँगसँगै आर्थिक कार्यविधि दोस्रो संशोधन पछि हामीलाई एउटा आर्थिक कार्यविधिअन्तरगत रहेका बुँदाहरूले निश्चितरूपमा हामीलाई सहयोग पुऱ्याउने छन् । र यो आर्थिक कार्यविधि

संशोधन विधेयकको गर्नुपर्ने केही प्रावधानहरू हाम्रा योभन्दा अगाडिको कार्यविधिमा कतिपय बुँदाहरू हाम्रो चाहिँ अब अहिलेको आवश्यकताका आधारमा परिवर्तन गर्नुपर्ने स्थितिदेखिएकोले यलाई अगाडि बढाइएको छ र यसमा अझै पनि हामीले यो कार्यविधिलाई थप मजबुत बनाउनका लागि यसलाई सरल र एउटा चाहिँ उपयोगी बनाउनका लागि हामीले हाम्रो समितिमा व्यापक छलफल गरेका छौं। र यो सँगसँगै हामीले हाम्रा नियम, कानूनहरूको सन्दर्भमा हामीले जे-जति कानूनहरू, जे-जति नियमहरू हामीले आफ्नो चाहिँ विषयगत समितिहरूमा छलफल भएका छन् । कर्णाली प्रदेश सभालाई अथवा कर्णाली प्रदेश सरकारलाई आवश्यक पर्ने कानूनहरू, नियमहरू जुन-जुन रूपमा हामी छलफल गरिरहेका छौं, यसको समग्रतामा सकारात्मक अगाडि बढिरहेका छन् । यस सम्बन्धमा मैले यति मात्रै चाहिँ टिप्पणी अथवा चाहिँ यो छलफलमा यतिमात्रै कुरा गर्दै म विदा हुन्छु । धन्यवाद !

**माननीय सभामुख** : माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टलाई कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ माथि समितिको प्रतिवेदनमाथिको छलफलको क्रममा माननीय सदस्यले उठाउनु भएका प्रश्न एवं जिज्ञासामा जवाफ दिन समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टः** माननीय सभामुख महोदय, आर्थिक कार्यविधि ऐन संशोधन गर्न दोस्रो संशोधन गर्न बनेको विधेयक हाउसमा टेबुल भएर समितिमा गएर छलफल भैसकेपछि समितिमा गएर विधेयकमाथिको छलफलमा माननीय सदस्यहरूले केही धारणा राख्नुभएको छ, उहाँलाई म धन्यवाद दिन चाहन्छु । खासगरी यो हामीले यो चालु आर्थिक वर्षमा चालु आर्थिक वर्षको बजेट ल्याउने सन्दर्भमा त्यतिबेलाको समय परिवेशका कारणले गर्दाखेरि अध्यादेशमार्फत् यसलाई अलिकति समय छोटयाउनु पर्ने थियो र त्यहीअनुसार यो प्रस्तुत भएको थियो । र त्यो अध्यादेशलाई प्रतिस्थापन गर्नुपर्ने स्थितिमा त्योअनुसार नहुन सक्दाखेरि त्योअनुसार भ्याकुमको अबस्था सिर्जना भयो र त्यलाई फुलफिल गर्नका लागि हामीले यो संशोधन विधेयक हाउसमा ल्याएका थियौं । त्योअनुसार अहिले हामीले हाम्रो विनियोजन विधेयकलाई पेस गर्दाखेरि त्यसको छलफल सहजतापूर्वक छलफल गर्न पर्याप्त मात्रामा छलफल गरेर हाम्रो आर्थिक कार्यविधि ऐन र त्यो त्यसपछि गएर केरे प्रि-बजेट छलफल १५ दिन अगाडि प्रि-बजेट छलफल गर्नुपर्ने र केही समय त्यसमा छलफल गरिसकेपछि अर्थ तथा प्राकृतिक स्रोत समितिले प्रतिवेदन तयार गरेर सरकारलाई बजेट निर्माणका सन्दर्भमा सुझाव प्रस्तुत गर्नुपर्ने यो समय अलिकति मिलाउनुपर्ने, निर्धारण गर्नुपर्ने अबस्थामा जे संशोधन माननीय सदस्यज्यूहरूले प्रस्तुत गर्नु भएको थियो, त्यो संशोधनलाई त्यसको अभिन्न अङ्ग हुने गरी विधेयकको अभिन्न अङ्ग हुने गरी यसलाई यो प्रतिवेदनमा पनि प्रस्तुत भएको छ । योलाई हामी अब यो विधेयकको अभिन्न अङ्ग हुने गरी यलाई अंगीकार गरेर यो विधेयकलाई हामीले अगाडि बढाउनुपर्ने छ । यो अघि संशोधनसहितको विधेयकको प्रतिवेदन जो अर्थ

तथा प्राकृतिक स्रोत समितिबाट प्रस्तुत भयो, त्यसमा माननीय सदस्यले केही सुझावहरू पनि प्रस्तुत गर्नुभएको छ । यो विधेयक पास भैसकेपछि ऐनको रूपमा हामीलाई बजेट निर्माण गर्नका लागि बजेटका सन्दर्भमा प्रि-बजेट छलफल र यसलाई सदनले बजेट निर्माण गर्नुभन्दा अगाडि नै सरकारलाई सुझावहरू दिएर बजेट निर्माणको प्रक्रियालाई अझै प्रष्टित गर्नको निमित्त यसले महत्त्वपूर्ण योगदान गर्नेछ भन्ने कुराप्रति विश्वास व्यक्त गर्दछु । र आफ्ना भनाइ अन्त्य गर्दछु । धन्वाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टले सभामा पेस गर्नुभएको कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ माथि समितिको प्रतिवेदनसहित विधेयक माथिको छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टलाई कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ समितिको संशोधन प्रतिवेदनसहित कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ बमोजिम पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टः** माननीय सभामुखज्यू, कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ माथि प्रदेश सभामा छलफल भैसकेकोले अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अभिन्न अंग हुने गरी समग्र विधेयक कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ बमोजिम यो सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टले सभासमक्ष प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ लाई समितिको संशोधन प्रतिवेदनसहित समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस् । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् । "हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधनको प्रस्ताव विधेयकको अभिन्न अङ्ग हुने गरी समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७९ साल जेठ १३ गते शुक्रबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

## बैठक संख्या-४
## (२०७९ साल जेठ १३ गते शुक्रबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको चौंथो बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेशसभा नियमावली २०७४, को परिच्छेद-१७, विनियोजन तथा अर्थ विधेयकसम्बन्धी कार्यविधि बमोजिम विनियोजन विधेयक, २०७९ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू सभासमक्ष प्रस्तुत गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः-** माननीय सभामुख महोदय,

१. नेपाली जनताले विभिन्न कालखण्डमा गरेको गौरवमय बलिदान, त्याग र सङ्घर्षबाट प्राप्त उपलब्धिहरूको संस्थागत गर्ने जिम्मेवारी रहेको सङ्घीय शासन प्रणालीको मर्म र भावनाबमोजिम गठित यस सम्मानित सभामा कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले आर्थिक वर्ष २०७९/०८० को विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू (कर प्रस्तावबाहेक) प्रस्तुत गर्न अनुमति चाहन्छु ।

२. यस अबसरमा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशीता, सामाजिक न्यायको लागि भएका जनआन्दोलन, जनयुद्ध र प्रदेश स्थापनाको लागि भएका आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान् सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यस क्रममा घाइते, बेपत्ता तथा अपाङ्गता भएका व्यक्ति र आन्दोलनमा सहभागी भइ योगदान गर्नु हुने सम्पूर्ण योद्धाहरूको स्मरण गर्दै सबैमा उच्च सम्मान व्यक्त गर्दछु ।

३. विश्वभर फैलिएको कोभिड-१९ सामान्य हुँदै गएको छ। विश्वका अधिकांश देशहरूले अन्तर्राष्ट्रिय आवागमनलाई खुला गरिसकेका छन्। अर्थतन्त्र चलायमान हुनुको साथै आपूर्ति श्रृङ्खला क्रमशः सहज हुँदै गएको छ। केही समयसम्म प्रभावित भएको हाम्रो समृद्धि, विकास र सुशासनलाई पुनः नयाँ स्वरूपमा अगाडि बढाउने अबसर प्राप्त भएको छ। सम्पूर्ण कर्णालीवासी दिदीबहिनी दाजुभाइलाई गुणस्तरीय र पहुँचयोग्य सेवा सुविधा तथा विकासका अबसरहरूको सुनिश्चितताका लागि जनस्वास्थ्यका सबै प्रकारका मापदण्डलाई पूर्णरूपमा पालना गर्दै समग्र प्रदेशको समृद्धि, विकास र सुशासनको यात्रालाई

गतिशील बनाऔंदै जाने अबसरको पूर्ण रूपमा उपयोग गर्ने कार्यमा सबैको सहभागिता, सहयोग, समन्वय र सहकार्यको लागि अपिल गर्दछु ।

४. कर्णालीवासीको मूल समस्या र चुनौतीको रूपमा रहेको भोक, रोग, अशिक्षा र कमजोर शासकीय प्रबन्धलाई प्रभावकारी नीतिगत व्यवस्था, दिगो स्रोत व्यवस्थापन, नागरिकको शासकीय प्रणालीमा सार्थक सहभागिता र मौजुदा प्राकृतिक स्रोत साधनको महत्तम उपयोग गरी स्थायीरूपमा निराकरण गर्नुपर्ने जिम्मेवारीबोध भएको छ ।

५. आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित समाजवाद उन्मुख आर्थिक संरचनामार्फत् समुन्नत, समतामूलक, समृद्ध र सुखारी कर्णालीवासीको लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तको आधारमा विकासको दीर्घकालीन उपलब्धि हासिल गर्ने दिशामा विनियोजन विधेयक, २०७९ का सिद्धान्त र प्राथमिकता केन्द्रित गरेको छु ।

**माननीय सभामुख महोदय,**

६. समृद्ध नेपाल, सुखी नेपाली'' को राष्ट्रिय आकाङ्क्षा र कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले अङ्गिकार गरेको —समृद्ध कर्णाली, सुखारी कर्णालीवासी'' को दीर्घकालीन सोच अनुरूप समावेशी, दिगो र उच्च आर्थिक वृद्धिको लागि सामाजिक न्यायसहितको दिगो, फराकिलो र तीव्र विकास गर्न —समृद्ध कर्णालीको आधारः- कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र भौतिक पूर्वाधार' भन्ने मूल मर्ममा केन्द्रित भइ म यस सम्मानित प्रदेशसभासमक्ष आर्थिक वर्ष २०७९/०८० को कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९ मा समावेश हुने बजेट तथा कार्यक्रम तर्जुमाका आधार र सिद्धान्तहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७. नेपालको संविधानबमोजिम लोककल्याणकारी राज्यको अबधारणा, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरू, समाजवादउन्मुख अर्थतन्त्र एवम् सङ्घीयताको मर्म अनुरूप सङ्घ, प्रदेश र स्थानीय तह बीचको सहअस्तित्व, सहकारिता र समन्वयमार्फत् सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा सामाजिक न्यायसहितको आर्थिक विकास र समृद्धिलाई आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रमुख सिद्धान्तको रूपमा लिइनेछ ।

८. कर्णालीवासीको समृद्धिको तीव्र आकाङ्क्षा, पन्ध्रौं पञ्चवर्षीय योजना, दिगो विकासका लक्ष्य, नेपाललाई विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य, कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना, कर्णाली प्रदेशको दीर्घकालीन सोच सन् २१०० र राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाअनुसारको जनसङ्ख्याको क्षेत्रगत स्वरूपलाई प्रमुख आधारको रूपमा लिइएको छ।

९. नेपालको संविधानबमोजिमका सङ्घ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको सूची, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घ, प्रदेश, र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, मौलिक हक कार्यान्वयनका लागि बनेका कानूनहरू, नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन, प्रदेश सरकारको (कार्यविभाजन) नियमावली, २०७४ बमोजिमको कार्य जिम्मेवारी र प्राथमिकता, कर्णाली प्रदेशको विशिष्ट भौगोलिक अबस्था, संस्थागत क्षमता, सन्तुलित विकास र साधन स्रोतको उपलब्धतासमेतका आधारमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ।

१०. बजेट प्रणालीमा विनियोजन कुशलता, मागमा आधारित उत्पादन, रोजगारी र आयआर्जन तथा सुशासन, आर्थिक, सामाजिक र भौतिक पूर्वाधार सञ्जालीकरणलाई प्राथमिकता दिई आम नागरिकलाई अनुभूतियोग्य, दिगो र प्रतिफलयुक्त कार्यक्रमहरूलाई दिगो विकासका लक्ष्य प्राप्तिसँग आवद्ध गरिनेछ ।

११. सरकारी खर्चलाई प्रतिफलमुखी बनाउन वित्तीय साधनको न्यायोचित र कुशलतापूर्वक बाँडफाँड गरिनेछ। विकास आयोजनाहरूको प्रतिफल र प्रभावकारिताको आधारमा पर्याप्त रकम व्यवस्था गरिनेछ। वित्तीय अनुशासन कायम गरी सरकारी खर्चको गुणस्तर र नतिजाप्रति सम्बन्धित निकाय र पदाधिकारीहरू पूर्णरूपमा जिम्मेवार र जवाफदेही हुने प्रणालीको विकास गरिनेछ ।

१२. प्रदेशको आन्तरिक राजस्व परिचालनलाई भरपर्दो र अनुमानयोग्य बनाउन विस्तृत अध्ययन र अनुसन्धान गरिनेछ। विद्युतीय माध्यमको प्रयोग गरी कर सङ्कलन कार्यलाई सरलीकरण गरिनेछ ।

१३. निजी क्षेत्रलाई आर्थिक वृद्धिको संवाहकको रूपमा सहभागी गराउँदै सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँग सहकार्य र साझेदारी गरी उच्च बचत परिचालन, पुँजी निर्माण र उत्पादन शक्तिको विकासमा जोड दिइनेछ ।

१४. कर्णाली प्रदेशमा उपलब्ध प्राकृतिक, भौतिक र मानवीय स्रोत र साधनको महत्तम उपयोग गरिनेछ। विकास र वातावरणबीच सन्तुलन कायम गर्दै जलवायु परिवर्तन अनुकूलनमैत्री पूर्वाधार विकासमा जोड दिइनेछ ।

१५. सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्य, समन्वय र सहलगानीबाट उपलब्ध स्रोत र साधनको परिचालन गरिनेछ। प्रदेशभित्रका स्थानीय तहको समन्यायिक विकास हुने गरी स्रोत र साधनको बाँडफाँड गरिनेछ ।

१६. नागरिकलाई सुशासनको प्रत्याभूति हुने गरी संस्थागत संयन्त्रहरूको व्यवस्था र उपलब्ध जनशक्तिको क्षमता विकास गर्दै सेवा प्रवाह तथा कार्य सम्पादनलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाइनेछ ।

**माननीय सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रमका उद्देश्यहरू प्रस्तुत गर्दछु ।

(क) कोभिड-१९लगायतका सम्भावित स्वास्थ्य चुनौतीलाई सामना गर्न सक्ने सबल, सक्षम र प्रभावकारी स्वास्थ्य प्रणालीको स्थापना र सुदृढीकरण गरी गुणस्तरीय र विश्वसनीय स्वास्थ्य सेवाको प्रत्याभूतिसहित आम नागरिकको जीवन रक्षा र अर्थतन्त्रको पुनरूत्थान गर्ने,

(ख) सडकलगायतका भौतिक पूर्वाधारको सन्तुलित विकास र विस्तार तथा प्राकृतिक विपद् र जलवायु परिवर्तनका सम्भाव्य असर न्यूनीकरण गर्ने,

(ग) कृषि, उद्योग, खानी, वनपैदावारलगायत प्राकृतिक स्रोत र सम्पदाको महत्तम उपयोगमार्फत् उत्पादन र उत्पादकत्व बढाइ आम नागरिकको आयआर्जन बढाउने,

(घ) कर्णाली प्रदेशको आर्थिक वृद्धि र समृद्धिको सम्भावनाको आधारको रूपमा रहेको पर्यटन क्षेत्रको विकासका लागि सार्वजनिक निजी साझेदारीमा आधारित मौलिक पर्यटन पूर्वाधार निर्माण तथा प्रवर्द्धन गर्नुको साथै प्रदेशभित्र रहेका थप पर्यटकीय स्थल पहिचान, विकास र विस्तार गरी आर्थिक गतिविधि बढाइ क्षेत्रगत अन्तरसम्बन्ध विकास गर्ने,

(ङ) जीवनोपयोगी सीपयुक्त शिक्षा, युवा वर्गको चौतर्फी विकास लक्षित कार्यक्रम, उद्यमशीलता र खेलकूद प्रवर्द्धनबाट स्वस्थ, सभ्य, उत्पादनशील र अनुशासित युवा जनशक्ति विकास गर्ने,

(च) सबै निकायहरूको साङ्गठनिक संरचनालाई चुस्त र छरितो बनाई जनशक्ति विकास र व्यवस्थापन गरी सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, पहुँचयोग्य, भरपर्दो, गुणस्तरीय र अनुमानयोग्य बनाउने,

(ज) सुशासन र शान्ति सुरक्षाको भरपर्दो व्यवस्थाका लागि सूचना प्रणालीको विकास र सुदृढीकरण गर्ने ।

**माननीय सभामुख महोदय,**

अब म विनियोजन विधेयक, २०७९ मा समावेश हुने बजेट तथा कार्यक्रमका प्राथमिकता र प्रमुख नीतिहरू प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१७. नागरिकका मौलिक हक र अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न खाद्य सुरक्षा, रोजगारी, आधारभूत शिक्षा, स्वास्थ्य, आवास तथा सामाजिक सुरक्षाको लागि कानूनहरूको प्रभावकारी रूपमा कार्यान्वयन गरी सुरक्षित, सम्मानजनक र गुणस्तरीय जीवनयापनको अबसर सुनिश्चित गर्दै लगिनेछ ।

१८. कृषिलाई परम्परागत प्रणालीबाट आधुनिक, व्यावसायिक तथा प्रतिस्पर्धात्मक बनाई मूल्यवान् कृषि उपज उत्पादन गर्न आवश्यक प्रविधि, साधन स्रोत र प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

१९. प्रदेशको सन्तुलित विकासको लागि आगामी आर्थिक वर्षलाई अधुरा आयोजना सम्पन्न गर्ने वर्षको रूपमा लिइने छ। सडक, पुल, सिँचाइ, खानेपानी, स्वास्थ्य र शिक्षालगायतका आयोजनाहरू सम्पन्न गर्न पर्याप्त रकम विनियोजन गरिनेछ। आयोजना बैङ्क स्थापना गरी सोही बैङ्कमा रहेका आयोजनामध्येबाट प्राथमिकताका आधारमा नयाँ आयोजना छनोट गरी स्रोत विनियोजन गरिनेछ ।

२०. नयाँ र दीर्घकालीन महत्त्वका आयोजना प्रस्ताव गर्दा सोको विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय अध्ययनको आधारमा बहुवर्षीय आयोजनाको रूपमा स्वीकृत गरी कार्यान्वयन गरिनेछ। सङ्घ, प्रदेश र स्थानीयस्तरका आयोजनामा दोहोरोपना नहुने गरी कार्यक्रम छनोट गरिनेछ ।

२१. उच्च र दिगो आर्थिक वृद्धिदर हासिल गर्न सहयोग पुऱ्याउने आर्थिक तथा व्यापारिक केन्द्र जोड्ने सडक निर्माणमा जोड दिइनेछ। सङ्घीय सरकारसँग सहलगानीमा समेत राष्ट्रिय र प्रादेशिक महत्त्वका आयोजनाहरूमा बजेट व्यवस्था गरी कार्यान्वयन प्रक्रिया अघि बढाइनेछ ।

२२. पर्यटन पूर्वाधारको विकास गरी आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गरिनेछ। प्रदेशभित्रका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन, जीर्णोद्धार र पुनर्निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ। कर्णाली र भेरी नदीमा साहसिक जल पर्यटन सञ्चालन गर्न सार्वजनिक तथा निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ ।

२३. कोभिड-१९ को सङ्क्रमण रोकथाम, नियन्त्रण र प्रतिकार्यमा गरिएका असल अभ्यासहरूको अनुसरण गर्दै आधारभूत र आकस्मिक स्वास्थ्य सेवाहरूमा सबै नागरिकको सहज पहुँच स्थापित गर्न स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार र जनशक्ति विकासमा जोड दिई गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ। स्वास्थ्य उपकरण र पर्याप्त औषधिको व्यवस्था गरी स्वास्थ्य प्रणालीको सबलीकरण गरिनेछ ।

२४. विद्यालय शिक्षामा समतामूलक पहुँचसहित गुणस्तरीय र जीवनोपयोगी शिक्षाको अबसर सुनिश्चित गरी उत्पादक नागरिक तयार गरिनेछ। सबै प्रकारका शैक्षिक पूर्वाधारमा जोड दिई दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गरिनेछ ।

२५. मौलिक हकको रूपमा रहेको स्वास्थ्य अधिकार र खाद्य सम्प्रभुतालाई सुनिश्चित गर्न, कृषि उत्पादनमा बढोत्तरी गर्न, पशुपन्छी पालनबाट मासुजन्य र दुग्ध पदार्थको उत्पादन र बजारीकरण गर्न कृषि पूर्वाधार, बजार सूचना प्रणाली,

उद्यमशीलता विकास र जलवायु अनुकूलन कृषि प्रविधिको विकास र विस्तार गरिनेछ ।

२६. विपद् जोखिमका दृष्टिले संवेदनशील क्षेत्र पहिचान गरी सो को न्यूनीकरण तथा रोकथामका रणनीति तयार गरिनेछ। कर्णाली प्रदेशका सबै जिल्लाको विपद् जोखिम नक्साङ्कन गरिनेछ। विपद् व्यवस्थापनको पूर्वतयारी, प्रतिकार्य, राहत र पुनर्स्थापनाका कार्यलाई प्रभावकारी बनाउन सङ्घ, प्रदेश र स्थानीय तहसँगको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. प्रदेशका विभिन्न स्थानका जोखिमयुक्त बस्तीको व्यवस्थापन गरी नदी किनार, भीरपाखा र खेतीयोग्य ठाउँमा हुने अव्यवस्थित बस्ती विकासको कार्यलाई निरुत्साहित गरिनेछ। छरिएर तथा जोखिमयुक्त स्थानमा रहेका बस्तीलाई व्यवस्थित गर्न एकीकृत बस्ती विकास, जनता आवास र विपन्नको घर कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

२८. लामो समयको अन्तरालमा प्राप्त भएको जनसाङ्ख्यिक लाभको बहुआयामिक उपयोग गरिनेछ। प्रदेशभित्रै रोजगारीका अबसरहरू सिर्जना गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारको सहभागितामा दक्ष जनशक्ति उत्पादन तथा सीपमूलक तालिम प्रदान गर्न विषयगत शैक्षिक संस्थाको स्थापना र सञ्चालन गरिनेछ ।

२९. स्थानीय तहदेखि नै युवा लक्षित रोजगार कार्यक्रम सञ्चालन तथा विस्तार गरी न्यूनतम रोजगारीको अबसर प्रत्याभूति गरिनेछ। स्वरोजगार प्रवर्द्धनका लागि साना उद्योग, जडीबुटी सङ्कलन, प्रशोधन र परम्परागत ज्ञान सीपलाई नवीनतम प्रविधि र उद्योग व्यवसायसँग आवद्ध गरी युवा रोजगारी तथा उद्यमशीलतालाई प्रोत्साहन गरिनेछ ।

३०. कर्णाली प्रदेशलाई कृषि तथा पशुपन्छीजन्य खाद्यवस्तुमा आत्मनिर्भर बनाउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशमा उपलब्ध हुने खाद्यवस्तुको उचित प्रयोग, रैथाने बाली र पशुपन्छीको संरक्षण, प्रवर्द्धन, कृषि तथा गैरकृषिमार्फत् आयआर्जन क्षमता बढाउने तथा खाद्यान्नको सहज आपूर्ति र भण्डारणको व्यवस्था मिलाइनेछ ।

३१. कर्णाली प्रदेशको पहिचानको रूपमा रहेको अपार जलस्रोतको उपयोग गर्न निजी क्षेत्रसँग साझेदारी गरिनेछ। राष्ट्रिय प्रसारण प्रणालीको पहुँच नभएका क्षेत्रमा वातावरणमैत्री सर्वसुलभ र गुणस्तरीय वैकल्पिक ऊर्जाको व्यवस्था गरिनेछ ।

३२. वन क्षेत्रको दिगो संरक्षण र सम्वर्द्धन गरी आर्थिक उपयोग गरिनेछ। वातावरण तथा जैविक संरक्षण र जलवायु परिवर्तन अनुकूलनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। आर्थिक वर्ष २०७९/०८० लाई वृक्षारोपण वर्षको रूपमा कार्यान्वयन गरिनेछ ।

३३. मुख्यमन्त्री रोजगार कार्यक्रमलाई थप नतिजामुखी र प्रभावकारी बनाई आयआर्जन र रोजगारी सिर्जना गर्न विषयगत मन्त्रालय र स्थानीय तहमार्फत् कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ। मुख्यमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिता अध्ययन गरिनेछ ।

३४. कर्णाली प्रदेशमा सूचना प्रविधिको पहुँच सुनिश्चित गरिनेछ। प्रेस स्वतन्त्रता तथा सूचनामा आम नागरिकको पहुँच विस्तार गर्न सूचना प्रविधि पूर्वाधार निर्माण कार्यलाई तीब्रता दिइनेछ ।

३५. कर्णाली प्रदेशभित्रको यातायात सेवालाई सर्वसुलभ, भरपर्दो, सुरक्षित, अनुशासित र प्रतिस्पर्धी बनाई आवागमन तथा ढुवानी व्यवस्थालाई सहज बनाइनेछ ।

३६. नेपाली भाषाको उद्गमस्थल समेत रहेको कर्णाली प्रदेशका स्थानीय भाषा, संस्कृति, साहित्य, कला र ज्ञानको संरक्षण र सम्वर्द्धनको लागि क्रियाशील सङ्घ, संस्था तथा स्थानीय तहसँग सहकार्य गरिनेछ ।

३७. वित्त व्यवस्थापन प्रणालीमा सुधार गर्दै सङ्घ, प्रदेश र स्थानीय तहको खर्चको परिमाण, गुणस्तर र उपलब्धि सुनिश्चित हुने गरी खर्च प्रणालीको विकास गरिनेछ। सङ्घ सरकारको सहयोगमा विद्युतीय प्रणालीबाट खर्च र राजस्व भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ ।

३८. निरपेक्ष गरिबीमा रहेका वर्ग र समुदायको सशक्तीकरण र समानुपातिक विकासमा जोड दिइनेछ ।

३९. समाजमा विद्यमान सबै प्रकारका विभेद, विकृति र विसङ्गति अन्त्य गर्ने नीति लिइनेछ। सबै वर्ग, क्षेत्रको उत्थान र विकास केन्द्रित कार्यक्रमसहित समावेशी बजेट तर्जुमा गरिनेछ। महिला, दलित, आदिवासी, जनजाति, मुस्लिम र पिछडिएको वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, लोपोन्मुख, राउटे, जेष्ठ नागरिक, बालबालिका, एकल महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, असक्त वा असहाय र अपाङ्गता भएका व्यक्तिको हकहीत संरक्षणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

४०. कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना कार्यान्वयनको तीन वर्ष पूरा भएको छ। आगामी दुई वर्षभित्र योजनाको प्राथमिकता तथा परिमाणात्मक लक्ष्यहरू हासिल गर्न आवश्यक स्रोत व्यवस्थापनसहित अनुगमन र मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाइनेछ ।

४१. दिगो विकास लक्ष्यको स्थानीयकरण, सेन्डाई कार्यढाँचा, जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता तथा बहुक्षेत्रीय पोषणलगायतका कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गरिनेछ ।

४२. सन् २०२६सम्म नेपाललाई विकासशील मुलुकको रूपमा स्तरोन्नति गर्ने कार्यमा कर्णाली प्रदेशको योगदानलाई नतिजामुखी बनाउने गरी स्रोत व्यवस्थापन गरिनेछ ।

४३. नागरिक अधिकार प्राप्तिको लागि विभिन्न समयमा भएका जनआन्दोलन, जनयुद्ध, प्रदेश प्राप्तिको आन्दोलनका क्रममा सहिद तथा बेपत्ता पारिएका योद्धाका परिवारजन, घाइते र अपाङ्गहरूको जीवनयापनका लागि सञ्चालन गरिएका कार्यक्रमहरूलाई थप प्रभावकारी बनाइनेछ ।

४४. बाल अधिकार सुनिश्चिततासहितको बालमैत्री समाजको विकास, बालमैत्री पूर्वाधार निर्माण तथा शारीरिक, मानसिकलगायत सबै प्रकारका हिंसा, भेदभाव र शोषणको अन्त्य गरिनेछ। अभिभावकविहीन र सडक बालबालिकाको पालन पोषण, अटिजमलगायतका फरक क्षमता भएका बालबालिकाको शिक्षा, स्वास्थ्यको सुनिश्चितता तथा सामाजिक संरक्षणमा जोड दिइनेछ ।

४५. प्रदेश गौरवको आयोजनाको रूपमा रहेको प्रदेश रङ्गशालाको निर्माण तथा अन्य खेल पूर्वाधारहरूको विकास र स्तरोन्नतिमा जोड दिइनेछ। अल्ट्रा म्याराथुनलगायत साहसिक पर्यटकीय खेलमा युवा जनशक्तिलाई आकर्षण गरिनेछ। प्रतिभावान् खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने नीति लिइनेछ ।

४६. कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउन प्रदेशमा उपलब्ध प्राकृतिक स्रोत साधन र सम्पदाको वातावरणमैत्री तरिकाले उपयोग, विकास र विस्तार गर्न प्रदेश सरकार, निजी र सहकारी क्षेत्रको लगानीको लागि प्रोत्साहन गरिनेछ। प्रदेशमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योग स्थापनाको लागि आवश्यक नीतिगत र कानूनी संरचना तयार गरिनेछ ।

४७. प्रदेशको आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन सङ्घ सरकारमार्फत् मौजुदा कानूनी समस्या समाधानको लागि पहल गरिनेछ। प्रदेश र स्थानीय तहको राजस्व बाँडफाँडलाई पारदर्शी र वास्तविक समयमा प्रतिवेदन गर्न सक्ने प्रणाली विकासको लागि समन्वय र सहकार्य गरिनेछ। सबै विषयगत मन्त्रालय र सरोकारवालाहरूको सार्थक प्रतिनिधित्व हुने गरी राजस्व परामर्श समितिको कानूनी संरचना बनाइनेछ ।

४८. प्रदेश निजामती सेवा ऐन तर्जुमा गरी निजामती सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, प्रविधिमैत्री, उत्प्रेरित र जनउत्तरदायी बनाउन पर्याप्त, दक्ष र क्षमतावान् जनशक्तिको व्यवस्थापन गरिनेछ। कर्मचारीहरूको वृत्ति विकास, सेवा सुविधा र प्रोत्साहन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

४९. सङ्घीयताको सबलीकरण र सफल कार्यान्वयनको लागि नेपालको संविधानले प्रत्याभूत गरेका अधिकारहरू सरल र प्रभावकारी ढङ्गले प्रयोग गर्न प्रदेशको एकल अधिकार कार्यान्वयनका लागि आवश्यक कानून तर्जुमा गरिनेछ ।

५०. वित्तीय क्षेत्रको पहुँच र विस्तारमा जोड दिइनेछ। बैकिङ्ग, बीमा र पुँजीबजार सम्बन्धी साक्षरता कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइने छ ।

५१. सङ्घ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्धलाई सबल र परिणाममुखी बनाई विकास र सुशासनमा जोड दिन अन्तरप्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद्, विषयगत समिति, प्रदेश समन्वय परिषद्, कर्णाली प्रदेश विकास परिषद्लगायतका संयन्त्रहरूमार्फत् तहगत सम्बन्ध अभिवृद्धि गरी विकास निर्माण, सेवा प्रवाहका साथै प्रदेश नीति तर्जुमा, कानून कार्यान्वयन र दीर्घकालीन लक्ष्य तथा उद्देश्यहरू प्राप्तिको लागि पहल गरिनेछ ।

५२. कर्णाली प्रदेशसभाका माननीय सदस्यहरूको पाँच बर्से कार्यकालको यो अन्तिम वर्ष हो । भोक, रोग, गरिबी तथा पछौटेपन बाहेक हाम्रो प्रतिपक्ष अरू कोही छैन भन्ने हाम्रो साझा धारणा रहेको छ । समृद्ध कर्णाली र सुखारी कर्णालीवासीको दीर्घकालीन सोच, विकास र समृद्धिको लागि नीति र कार्यक्रम तर्जुमाको यो अबसरलाई उपयोग गर्न माननीय सदस्यहरूबाट खुला, पारदर्शी, रचनात्मक र परिणामुखी छलफलसहित व्यावहारिक सुझाव प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

**माननीय सभामुख महोदय,**

५३. अन्तमा, मैले यस सम्मानित सभामा पेस गरेको आर्थिक वर्ष २०७९/०८० को बजेटको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूको सम्बन्धमा सम्मानित सभामा छलफलबाट प्राप्त हुने रचनात्मक सुझाव र सल्लाहलाई मार्गदर्शनको रूपमा लिई आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई विनियेजन विधेयक २०७९ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू सभा सम्क्षे छलफल गरियोस् भनी प्रस्ताप पेस गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः-** माननीय सभामुखज्यू कर्णाली प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद- १७ विनियोजन तथा अर्थ विधेयक सम्वन्धी कार्यविधि बमोजिम पूर्व बजेट छलफल परियोजनका लागि विनियोजन विधेयक २०७९ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूका सम्बन्धमा सभामा छलफल गरी आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तयार गर्नका लागि माननीय सदस्यहरूको सुझाव मार्गनिदेर्शन सभामार्फत प्राप्त हुने विश्वासका साथ विनियोजन विधेयक २०७९ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू छलफलका लागी सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू विनियोजन विधेयक २०७९ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू सभासमक्ष छलफल गरियोस् भनी आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले पेस गर्नु भएको प्रस्तावमाथि आगामी जेठ

१६ र १७ गते को बैठकमा छलफल हुने र छलफल समाप्त हुने र सोहि दिन सम्बन्धित मन्त्रीले छलफलमा उठेका विषयहरूमा जवाफहरू दिनुहुने व्यहोरा सभा लाई जानकारी गराउँदछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले उक्त दिनको बैठक बस्नु अगावै आफ्नो नाम सचिवालयमा टिपाउन होला ।

माननीय सदस्यहरू, अब यो बैठक २०७९ साल जेठ १६ गते सोमबार दिनको ३ बजेसम्मका लागि स्थगित हुन्छ।

## बैठक संख्या-५

## (२०७९ साल जेठ १६ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको पाँचौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले सभासमक्ष छलफलका लागि प्रस्ताव गर्नु भएको विनियोजन विधेयक २०७९ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा समावेश भएका विषयहरूमा केन्द्रित रही छलफल गर्नका लागि समय निधार्ण गरेको छु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनुहोला । सर्वप्रथम माननीय श्री यामलाल कंडेल ।

**माननीय श्री यामलाल कंडेलः-** माननीय सभामुख महोदय, हामी आर्थिक वर्ष २०७९/०८० मा प्रस्तुत हुने वार्षिक बजेटको पूर्व सन्ध्यामा त्यो बजेटले अबलम्बन गर्ने सिद्धान्त, उद्देश्य, प्राथमिकता सम्बन्धमा छलफल गर्न उपस्थित भएका छौं र त्यसै सम्बन्धमा म आफ्ना केही धारणा राख्न चाहन्छु । प्रस्तुत दस्तावेज हेर्दा बोल्नलाई वा सुझाव दिनलाई वा धारणा राख्नका लागि त्यति उत्साहित बनाइराछैन । यो प्रदेशसभामा यो पाँचौं दस्तावेज हो । सायत यो कार्यकालको यो सम्बन्धमा अन्तिम दस्तावेज पनि होला जस्तो लाग्छ । यसमा छलफलमा गरिरहँदा हिजो मात्रै संघीय संसद्मा बजेट प्रस्तुत भएको छ । जसका बारेमा आफ्ना-आफ्ना ठाउँबाट आफ्ना-आफ्ना तरिकाले चर्चा भैराखेको स्थिति छैन । शब्दका हिसाबले धेरै ठाउँमा हाम्रो प्रदेशको सम्झना गरेको हुँदा धन्यवाद दिनैपर्ने हुन्छ । विगतको बजेट वक्तव्यभन्दा तुलनात्मक रूपले कर्णाली प्रदेशको शब्दहरू नामहरू धेरै परेका छन् । विस्तृत रूपले हेर्न र अध्ययन गर्न त बाँकी छ तर उल्लेख गरिएका सबै कुरा उही पूरानै जे निरन्तर रूपले समावेश हुँदै आएका थिए विगतकालदेखि तिनै योजनाहरूको नाम एक पटक होइन पटक-पटक उल्लेख गरिएको अबस्था छ । आशा गरौं बजेट यस्तो चिज हो केही अङ्कमा आउँछ, केही अक्षरमा आउँछ । वक्तव्य सार्वजनिक गर्दा अक्षरमा आएकाहरू पछि परिपत्र प्राप्त हुँदा अङ्कमा आयो भने त्यलाई धन्यवाद दिनैपर्छ होला । ट्रमासेन्टर होस कि मेडिकल सेन्टर होस् कि कर्णाली करिडोर होस् कि भेरी करिडोर होस् । हाम्रो विगतदेखि हामीले प्राथमिकताका साथ उठाउँदै आएका योजनाहरूनै हुन् । यो पृष्ठभूमिमा हामी यो छलफल चलाइरहेका छौं । कोभिडको सामान्यीकरण भैइरहेको छ अर्थ व्यवस्था दिनचर्या सामान्यमा गैइरहेको अबस्था छ तर हाम्रो अर्थ व्यवस्था पदमा बस्नेहरूले त त्यस्तो भन्दैनन् भनिरा छैनन् पदमा बसेका बाहेक अरू जोसुकैले होस् हाम्रो देशको अर्थतन्त्र असामन्य गतिबाट अगाडि बढिरहेको छ । संकटका कतिपय सूचकहरू प्रकट भइरहेको

एउटा अबस्था छ त्यसले हामीलाई प्रभाव पार्ने कुरा निसन्धय नै हुन्छ जस्तो लाग्छ । पदमा जो हुनुहुन्छ जिम्मेवारीमा जो हुनुहुन्छ वा उहाँहरूले त्यस्तो भन्ने कुरा गर्दा तल-वितल भैहाल्छ कि भन्ने बुझाइ, मान्यता देख्छु हाम्रो मुलुकमा तर परिस्थिति प्रतिकूल बन्दैगएको जो कोहीले भनीरहेको एउटा अबस्था छ । औपचारीक फोरममा आ-आफ्ना मान्यताहरू राखिरहेको भए पनि अनौपचारिक फोरममा सबैको सर्वसम्मत धारणाका आधारबाट हामी सबै आ-आफ्ना ठाउँमा हामी गम्भीरतार्पूवक अगाडि बढ्नुपर्ने एउटा अबस्था रहेको छ । हाम्रा कारणले कतिपय हाम्रा कारणले परिस्थिति जटिल बनिरहेको छ । कतिपय हाम्रा काबुभन्दा बाहिरका कारणले पनि परिस्थिति बदलीएको होला । त्यसलाई बेलैमा समाल्न सकिएन भने कहिलेकाहीँ जनतालाई जे राहत दिने हो अनुभूति गरेका छौं त्योबाट हामी धेरै टाढा पुग्न सकिने एउटा अबस्था रहन्छ । त्यस मध्ये कर्णाली प्रदेश आफ्नो आम्दानीको थोरै हिस्सा वा नगन्ने हिस्सा जसका बारेमा यो दस्तावेजले न विगतमा प्राथमिकता पायो न अहिले पाइराछ ।

हामी संघीय सरकारले दिएको अनुदानबाट प्रदेश तहको संरचना र सरकार चलाउने तहका मान्छे छौं । आफ्नो आन्तरिक आम्दानी एउटा मन्त्रालय चलाउने त परैजाओस् एउटा सामान्य कार्यालय वा एउटा व्यक्तिको खर्चको निम्ति पनि नपुग्ने आय आर्जन गर्ने ठाउँको प्रदेशको ठाउँमा यो चलाइराखेका छौं । त्यसकारणले त्यसवारेमा न विगतमा न आजमा हामीले प्राथमिकताका साथ छलफल चलाइराखेका छैनौं । जबसम्म त्यो परिस्थिति निर्माण हुँदैन तबसम्म हामी परमुखी बन्नु पर्ने अर्काको कृपाको आधारबाट अगाडि बढ्नु पर्ने तर ठुला कुरा गर्नुपर्ने फेरि यो परिस्थिति र यो अबस्था हामीले बदल्न सक्दैनौं जस्तो लाग्छ । त्यसकारणले पनि म के अनुरोध र आग्रह गर्न चाहन्छु तभन्दा कि अर्थतन्त्रमा आएको जे प्रतिकूल प्रभावहरू छन् त्यसले हाम्रो प्रदेशमा प्रभाव पार्ने कुरामा हेक्का राख्न सकिएन भने हामी त यसै त सामान्य अबस्थामा त कतिपय जिल्लाहरूमा खाद्यान्न ढुवानी गरेर जीविकोपार्जनलाई निश्चित गर्ने प्रदेशका बासिन्दा हौं भने मलाई लाग्छ प्रतिकूल परिस्थितिका बिचमा अगाडि बढ्न पर्ने एउटा अबस्था रहन्छ । मैले अगि पनि भने दस्तावेज हेर्दा त्यति उत्साहित भएर यलाई यति राम्रो बनाऔं भन्ने तहमा त म अहिले उपस्थित छैन तर आफ्नोतर्फबाट दलकोतर्फबाट बचेको समयमा आफ्नोतर्फबाट रचनात्मक सुझाव दिने उद्देश्यका साथ म यो छलफलमा भाग लिईरहेको छु । विगतको सँग तुलना गर्ने कुरा यसो गरौं भनेर पनि हेरियो योसहित पाँचवटा पुस्तिकाहरू हामी मानिनय सदस्यहरूका बिचमा जो कोही माननीय सदस्यहरूबाहेक अरू अध्ययनको सिलसिलाका निम्ति प्राप्त गर्ने दस्तावेज हाम्रा बिचमा उल्लेख छ । शब्दका बारे धेरै विमत्ति गर्न पर्ने म देख्दिनँ कोही संविधानको कपीपेस्ट छन । जो हामीले सर्वस्विकार्य कुराका दस्तावेजका कपिपेस्ट छन् तेलाई मैले विरोध गर्नपर्ने तेलाई असहमती जाहेर गर्नुपर्ने एउटा अबस्था छैन तर त्यहाँ लेखिएका कुराका आधारबाट विगत फर्कने हो भने यहाँ लेखिएका कुरा केबल लेख्नका निम्ति लेखिएको

अर्थमा बुझिन्छ त्यसले प्रस्तोतालाई न गन्तव्यमा पुर्‍याउँछ न सेवाग्राहिलाई सेवा उपलब्ध गराउन सक्छौं । त्यसकारले संविधानमा जे व्यवस्था लेखिएको छ तेही व्यवस्थाका आधारबाट सिद्धान्तमा जे कुरा उल्लेख छ त्यसको बारेमा विमति त जनाउन सक्दिनँ तर लेखिएअनुसारको गोरेटो छ कि छैन तभन्दा छैन । लेखिएअनुसारको त्यो बाटो अनुसरण गरिरहेको छ कि छैन तभन्दा त्यसतो पाउन सकिँदैन त्यस कारणले पनि केहो तभन्दा त्यले अन्तगोत्व कार्यकाल त पूरा हुन्छ होला, दिनचर्या त पूरा हुन्छ होला अन्ततोगोत्व तेलेसमाजमा हाम्रो प्रदेशमा तेलेउत्साह होइन निराशा जनक स्थिति निर्माण गर्न सक्छ । त्यसकारणले समाजवादउन्मुख अर्थ व्यवस्था निर्माण गर्ने कुरा त हामीले प्राप्त गरेको संविधानमै उल्लेख गरेको कुरा हो तर हामीसँग जे साधन र स्रोत छ त्यसको वितरण त्यस अनुकूल गर्छौं वा प्रतिकुल गर्छौं त्यसमा भरपर्ने कुरा हो । आफूसँग भएको साधन र स्रोतको वितरण गर्दा आफूले अबलम्बन गरेका सिद्धान्तहरूलाई एकातिर पन्छाएर एकातिर राखेर अगाडि बढ्ने कुरा गर्दा हाम्रो समाज बदलिँदैन हाम्रो कार्यकाल सकिन सक्छ । कार्यकाल सकिन सक्छ तर हामीले प्रतिनिधित्व गरेको समाजको अबस्था बदलिने कुरामा समस्या उत्पन्न हुन्छ । त्यसकारले पनि म अनुरोध र आग्रह गर्न चाहन्छु आज पनि म अनुरोध र आग्रहको तहमा नै छु । कि तपाईंले हामीले जे सिद्धान्तलाई यहा छलफलमा अगाडि बढाइरहेका छौ त्यो सिद्धान्त अनुकूल हाम्रा योजनाहरूको पहिचान स्रोत को विनियोजन छ कि छैन तभन्दा यो रोष्ट्रमबाट मैलेभन्दा छैन भन्ने संम्धित सरोकारवाला वा प्रस्तावकले छ भन्ने स्थिति भए पनि बाहिर गएर छलफल गर्‍यो भने हामी एउटै ठाउँमा पुग्छौं कि छैन । त्यसकारण दस्तावेजले जे सिद्धान्त अबलम्बन गरेको छ त्यसप्रति त मेरो विमति छैन तर त्यो सिद्धान्त अनुकूल बजेट आउन बाँकी छ तर विगत फर्किदा विगतमा पनि पेस गरेका सिद्धान्तलाई यले कपीपेस्टभन्दा अन्यथा हुन्छ कपीपेस्टभन्दा अन्यथा हुन्छ त्यले निरन्तरता नै दिएको छ त्यसकारले म के अनुरोध र आग्रह गर्न चाहन्छु तभन्दा के हामी आज पाचँ वर्ष वितेर अन्तिम समयसम्म छलफल गरिरहँदा पनि त्यो सिद्धान्त अनुकूलको व्यवहार जाने कुरामा ध्यान दिने मात्रै होइन गम्भीर भड्काउने देख्छु म चाहिँ त्यतापट्टि अहिलेको सरकार अहिले केही दिनपछि प्रस्तुत हुने बजेट नीति तथा कार्यक्रम आउन सकोस सुभेच्चछा शुभकामना व्यक्त गर्न चाहन्छु । नआँउदै विगतकै आधारबाट लखकाट्ने कुरा अलि हतारो हुन्छ । कति टिक्न सक्ने कति अगाडि बढ्न सक्नुहुन्छ त्यसमा भर पर्ने कुरा हो भने कुरा म तपाईंहरूको बिचमा राख्न चाहन्छु ।

उद्देश्यमा पनि धेरै टिप्पणी नगरिहालौ महान छन् उद्देश्यहरू चाहे त्यो गरिबीको रेखामुनि रहेका जनतालाई सम्झेर लेखिएको उद्देश्यहरू हुन चाहे खान नपाइरहेका भोकमरी परेका जनतालाई सम्झेर लेखिएका उद्देश्यहरू हुन चाहे आधारभूत यातायातको पूर्वाधारको विकास नपाएर दुःख परिरहेका जनतालाई सम्झेर लेखिएका उद्देश्यहरू हुन् चाहे स्वास्थ्य सेवालाई सम्झेर लेखिएका उद्देश्यहरू हुन् चाहे पर्यटन सबै कुरालाई हेर्दा

धेरै टिप्पणी गरिरहनु पर्ने अबस्था देख्दिनँ त्यो पनि निरन्तरता छ कपिपेस्ट भन्न चाहन्नँ । रहयो विगतकोभन्दा प्राथमिकताकरण गर्ने कुरामा विगतकोभन्दा अलि भिन्नता आज यो कागजमा पाउन सकिन्छ । उद्देश्य र सिद्धान्तमा निरन्तरता भए पनि प्राथमिकताकरण भने विगतकोभन्दा आज हामी यस्तो ठाउँमा पुगेछौँ यही दस्तावेजले भन्छ अब हामी नयाँ कुरा गर्ने होइन नयाँ चिज गर्न सक्ने औकात र क्षमतामा छैनौं । अब यो वर्ष नै अधुरा योजना सम्पन गर्ने वर्षका रूपमा मनाइने छ भनेर लेखिएको प्राथमिकताभित्र हामी पुगेछौं । वर्षका हिसावले हामी पाचँ वर्षमा प्राथमिकताका हिसावले मलाई यलाई कुनै विषयसँग अहिले जोड्न चाहन्नँ । अहिले मैले तेलाई केही कुरा भन्न चाहन्नँ । अब यो माननीय सदस्यहरूलाई वा यो सभामा ध्यान डाईवड गर्नका निम्ति लेखिएको कुरा होइन होला नै । माननीय सदस्यहरूलाई अधुरा कुराको पूरा गर्ने कुराका वर्षका रूपमा मान्ने । पहिलो चोटि माननीयहरू मन्त्रीज्यूहरू मन्त्री हुनु भएको कोही अल्लि समय रहने कोही अल्लि समय छोड्ने अबस्था हुँदा आफ्नो पहुरख देखाउने त बाटै भएन भन्ने अर्थबाट ओझेल पार्न खोजिएको हो भने मेरो भन्न केही छैन । यथार्थलाई स्वीकार गरेर लेर आउनु भएको हो भने हामीले विगतमा पनि भनेका थियौं । यथार्थलाई स्वीकार गरेर तीतो सत्यलाई बोक्ने आँट गर्नु भएको हो भने त्यो बजेट आइसकेपछि थप टिप्पणी गरौंला । अहिलेको कार्यकाल मात्र होइन चुनावपछि आउने कार्यकाललाई समेत प्रभाव हुने गरी बहादुरीका साथ गएको सरकार अगाडि बढेको बढैछ । बहादुरीका साथ यो कार्यकालको सरकारलाई मात्र होइन संसद्लाई मात्र होइन निर्वाचनपछि आउने समेत संसद् र सरकारलाई प्रभाव पार्ने गरी भारी बोकाउने गरी गएको सरकार र गएका बजेट प्रस्तुताहरू बहादुरीका साथ अगाडि बढ्को अबस्थादेखिन्छ तर उहाँहरूको बहादुरीले केही हुँदो रहेनछ । अहिले तेती नाराहरू छैनन् यसको मतलब नारा हुनुहुन भन्ने छैन मेरा विचारमा हुनुपर्छ नै तर विगतका हेर्ने हो भने मन्त्रालयपिच्छेका मन्त्रालयका पनि विभागै पिच्छेका सोलोगन र नाराका आधारबाट उदघोष गरेको एउटा अबस्था थियो नै । त्यसकारण म यो सुन्दा प्रदेशभित्र सदनभित्र यथार्थको चित्रण गर्ने कोसिस गरिरहेको भए पनि बाहिरका जनताले सुन्दा यो निराशाजनक दस्तावेज हो ।

अझै यथार्थ आउन सकिरा छैन यसलाई बजेट ल्याउदासम्म कसरी अगाडि बढ्नु हुन्छ त्यो थाहा छैन हामीले हाम्रोतर्फबाट सही दिशा अगाडि बढउनका निम्ति कोसिस गर्ने कुरा गरेर अगाडि बढ्ने क्रममा सदनभित्र रहेका राजनीतिक पाटीहरू वा दलहरूका बिचमा सहमत छलफल चलाउदा सरकारसमेत सहमत भएर अगाडि बढ्ने प्रत्यन पनि हामीले थियौं । अब यो अधुरा योजना नै कुन हुन् भन्ने कुरा छुटयाउन बडो कठिन छ । मैले गएकै सभामा हामीले एउटा पन्ध्र लाखभन्दा तलका योजनाहरू कार्यान्वयन नगर्ने कुरा गरेका थियौं त्यसबाट सञ्चित रकम अहिलेसम्म काम गरेकाहरूको भुक्तानीका निम्ति प्रयोग गर्ने कुरा गरिएको छ यति भुक्तानी दिएको कुरासमेत सुन्नमा आएको थियो तर बुझ्दै जाँदा त्यो भुक्तानी नभएको अबस्था रहेछ ।

म झुटो पनि हुन सक्छु तर मैले बुझ्दै जाँदा उदाहरणका निम्ति यस्तो हालत र अबस्थामा रहेछौं सुर्खेत जिल्लाकै भौतिक पूर्वाधारको सिलिङ्ग सत्तरी छ उसले तिर्नु पर्ने रकम नै एक सय चार करोड रहेछ । कति साँचो हो कति झुटो हो नया सिलिङ्ग छ सत्तरी करोड तिर्न नै बाँकी दायित्व सिर्जना भएको रकम एक सय चार करोड भएको अबस्था रहेछ त्यस्तै अरू जिल्लाको हालत तेही त होला त । त्यसमध्ये साठी पैसठ्ठी करोड विगतमा काम गरेका निर्माण व्यावसायीहरूले बिल पेस गरेको आजका मितिसम्म पनि भुक्तानी नभएको अबस्था रहेछ । काम सकिसकेपछि भुक्तानी नहुनुको पछाडि के हो ? काम नगरेर हो भने त ठिकै हो होइन पैसा छैन भन्ने नाममा समय बितायर आर्कै उद्देश्य पूरा गर्ने हो भने त्यतापट्टि हामी सबै गम्भिर हुन जरुरी छ जस्तो लाग्छ । त्यसकारणले फेरि पनि क्रमागत योजना वा अधुरा योजना कसलाई मान्य कहाँ मान्य भन्ने कुरा अभिलेख हेर्दा सजिलै छुटाउन नसकिने अबस्था रहेछ त्यसकारणले सभामुख महोदय म अनुरोध र आग्रह गर्न चाहन्छु ।

नीति सिद्धान्त र उद्देश्य हुँदा हुँदै पनि हामीले छनोट गर्ने परियोजना र योजनाको छनोट कसरी गर्छौं त्यसमा सिद्धान्त जोडिएको छ कि छैन उद्देश्यअनुसार जोडिएको छ कि छैन प्राथमिकताअनुसार जोडिएको छ कि छैन त्यसमा भर पर्ने कुरा हो जस्तो लाग्छ । अहिले पनि योजनाको संख्या विशाल छ । जहाँ साधन स्रोत कम छ जहा जनसक्ति थोरै छ त्यहाँ योजनाको संख्या विशाल हुनुको मतलब जले कार्यान्वयन गर्ने हो उस्ले रेखदेख र जाँच पड्ताल गर्ने कुरा कम्मजोर हुँदा हाम्रो जस्तो समाजमा सही काम गर्न सकिंदैन नतिजा निकाल्ने कुरामा हामी पछाडि पर्छौं जस्तो मलाई लाग्छ । अहिले पनि योजना छनोट मैले एउटा कार्यालयको अहिले त बजेट पछि आउँदा छलफल गरौंला एउटा कार्यालयको एउटा जिल्लाको अधुरा योजनाको लिस्ट माग्दा त्यो चित्रण हेर्दा कुनै सन्तुलित छैन । धेरै पटक मुख्यमन्त्री ज्यूले भन्नु भयो मैले भन्या थिन आज भन्न चाहन्छु । गएको सरकारले पनि अहिलेको सरकारभन्दा गएकै सरकारले एउटा नीति प्रतिपादित गरेका थियौं । चौबिस ओटा सांसदको निर्वाचन क्षेत्रमा एउटा एउटा बहुबर्षीय योजना छनोट गर्ने गरिएको थियो यो मलाई विगतमा पनि थाहा थियो नीति बनाएपछि साथीहरूले गनुहुन्छ होला भन्ने थियो अरू माननीय सदस्यहरू के छ थाहा छैन मैले प्रतिनिधित्व गर्ने निर्वाचन क्षेत्रमा त्यो योजना छैन । खालि मैले उदाहरणका निम्ति विकास मेरा निम्ति चाहिँ हुनु पर्छ भनेर त्यति म मान्यता राख्दैन विकास जहाँ भए पनि राम्रो भए पुग्छ सुर्खेतमा भए पनि ठिक छ कर्णालीको अर्को जिल्लामा भए पनि ठिक छ तर राम्रो हुन पर्‍यो यद्यपि जनप्रतिनिधिहरूले आफ्नो कार्यकालमा केही न केही राम्रो काम गरेर देखाउन सकेको भए अर्कोचोटि आफैं उठे पनि आफैं नउठे पनि मत धेरै आउन सक्छ र प्रयत्न गर्ने कुरा रहन्छ नै त्योसम्म तरिकालाई म अन्यथा मान्दिनँ तर म फेरि पनि अनुरोध गर्न चाहन्छु हामी नेतृत्व तहमा रहेका चाहे निर्वाचित हुँदा जुन क्षेत्रबाट निर्वाचित हुँ तर हामीले नीति बनाउँदा दिष्टिकोण बनाउँदा हामीले संस्थाले ओगट्ने

क्षेत्रलाई आफ्नो क्षेत्र मानेर अगाडि बढ्न सक्दा हेलो होचो नहुने एउटा परिस्थिति निर्माण हुन्छ ।

हो हामी धेरै संघसँग जिम्मेवार हुने अबस्था रहन्छ नै हाम्रो आफ्नो प्रदेशको योजनाले राय सल्लाहलिने सभा सम्मेलन गर्ने गोष्ठी गर्ने दुई चारवटा सर्वक्षेण गर्ने डि.पि.आर. बनाउने कुराको बजेट होला तर अधिकाशं योजनाहरू हामी संघमा नै केन्द्रित हुनुपर्ने एउटा परिस्थिति छ नै तर त्यलाई हामीले अगाडि बढाउने कुरामा चाहिँ ध्यान दिन जरुरी म चाहिँ त्यस्तो देख्छु त्यसकारणले माननीय सभामुखज्यू,मार्फत अनुरोध र आग्रह गर्न चाहन्छु । हिजोको भारी त आजकाले बोक्नै पर्ने हुन्छ अविछिन्न उत्तरअधिकारी प्रतिनिधि साथिहरू नै यहाँ हुनुहुन्छ । अरूले सन्देश नदिए पनि तपाईंहरूले सन्देश दिने कुरामा चुक्नुभयो भने त्यसको सजाय तपाईंहरूले मात्र पाउनुहुन्छ भन्ने होइन राजनीतिप्रति वितृष्णा हुँदा त्यो सजाय राजनीतिमा सामेल भएका सबै राजनीतिक पार्टीहरूले पाउछन् । त्यसकारले म एउटा नीतिभित्र तपाईंहरूले लेख्न आट गर्नुहुन्छकि गर्नु हुन्न् मैले अस्ति पनि भनेको थिएँ आज पनि भन्न चाहन्छु हामीले चेतनामा बदल्न जरुरी छ । विकास गर्ने होइन विकास खाने भन्ने मानसिकता छ । त्यो बदल्नु नै विकासमा फट्को मार्ने कुरा हो ।

हिजोको कतिपय व्यवहार मनसाय उद्देश्यहरू त्यस्तो नहुँदा नहुदै पनि खाने कुरालाई प्रश्रय दिने गरी प्रोत्साहन दिने गरी हामीले बजेट विनियोजन गर्‍यौं योजनाहरू छनोट गर्यौं त्यस्तो परिस्थिति हो नै । आज हाम्रो योजना आयोग कति सक्रिय छ हिजो कति सक्रिय थियो त्यो त आफ्नो ठाउँमा छ तर हामी कार्यकालको अन्तिम ठाउँमा उपस्थित भएको एउटा अबस्था छ । संस्थागत विकासको समस्या देख्छु अहिले पनि योजना कहाँबाट प्रदेश हुने हो कहाँ कसरी छनोट हुने हो त्यो गर्नेलाई मात्र थाहा छ । म आज मात्रै जब यो विषयमा बोल्न पर्ने भएपछि एउटा, दुईवटा कार्यालयमा सम्पर्कमात्रै गर्न गएको योजना समावेश गर्न गएको होइन भने तपाईंले वर्षका निम्ति नयाँ योजना के के प्रस्तुत गर्नु भयो भनेर सोध्दा उहाहरूले लाचारीका साथ भनुहुन्छ हामीले भएगरेको विवरण दियौं नयाँ योजना पेस गर्ने त हामीलाई आदेसै छैन । पेस गर्ने भए माथि मन्त्रालयबाटै होला परिस्थिति यस्तो छ विकाससँग सम्बन्धित बिचो त एउटा अबस्था थियो हामीले कार्यालय थिएन । आज दशै जिल्लामा प्रायःजसो विकास सँग सम्बन्धित मन्त्रालयका जिल्ला तहका कार्यालयहरू रहिरहेको एउटा अबस्था छ ।

हो, हामी जनताको प्रतिनिधि हौं हामी विकासका संवाद हुँ तर विकासको हकदार जनता पनि प्रत्यक्ष रूपले हुन सक्ने व्यवस्था गर्दा नै लोकतन्त्र सुदृढ हुन सक्छ तर म त्यस्तो देखिराछैन । गएको बजेटमा पनि छलफलमा पनि उठया थियो कसरी गर्न सक्नु हुन्छ कि योजना छनोट र योजना को प्रवेश सामन्य अबस्थाबाट भइरहेको छैन विगतको यो सभामा पनि उठेको थियो योजना छनोट र प्रवेशमा बिचौलियाहरूको प्रवाहलाई न्यूनीकरण गर्ने तपाईंसँग के नीति छ ? बिचौलियहरूको प्रभावलाई न्यूनीकरण गरेर

जनताको इच्छा र चाहनाअनुसारका योजनाहरू छनोट गर्ने कुरामा तपाईं वा सरकारले के नीति अबलम्वन गरिराछ ? यो त दस्तावेजमा मैलेदेखिरा छैन । हिजो हाम्रो चेतनाको मानसिकता भाहुनाले योजना छनोट गर्नुभन्दा अगाडि सिंहदरबार जाने कुरा थियो अहिले बजारमा घुम्न गयो भने कर्णाली प्रदेशका कतिपय जिल्लाका जनताहरू बाक्लो उपस्थिति मैले बजारमादेखिरहेको छु । अहिले भन्नु अलि सोभनिय हुदैन तर म त्यसमा म स्वयम जिम्मेवारहरूनै अग्रिम सर-सल्हामा सामेल हुनुहुन्छ भन्ने अबस्था दुखदायी अबस्था हो । अहिलेनै त्योभन्दा अगाडि बढेर भन्नु अन्यथा हुन्छ । तर फेरि पनि म भन्न चाहन्छु कि हाम्रो योजना तर्जुमा र योजना निर्माण छनोटिमा बिचौलियाहरूको प्रभावलाई न्यूनीकरण गर्ने निरुसाहित गर्ने नीति के हो बनाउन जरुरी छ । बोल्न जरुरी छ ध्यानदिन जरुरी छ । अन्यथा योजना छनोट हुने बजेट आउने कसैको निम्ति असुलउपरको साधन बन्ने गरि योजना छनोट हुने कुरामा रोक्न जरुरी छ रोकेर अगाडि बढ्नपर्ने जरुरी र आवश्यकता म त्यस्तो देख्छु । हो हामीले योजनाको छनोट हिजो विगतमा गर्न सकेनौं, सकेनौ नै अब यो बजेट ल्याए पछि हामीले नै फुलफेजको कार्यान्वयन गर्ने कुरा होइन नै ल्याउनेलाई रोक्न त सकिन्न हिजो मात्रै संघीय बजेट आएको सिको गरेर पनि आउन सक्नुहोला गर्न नपर्ने भन्दिनँ गर्न पर्ने गरी पनि आउन सक्नु होला त्यो के गर्नु हुन्छ त्यो आएपछि थाहा हुने कुरा हो ।बरु त्यस्तै भएपछि चेलाले अनुसरण त्यस्तै हुन्छ होला जस्तो लाग्छ तर मलाई लाग्छ त्यतीले एक छिन त सजिलो हुन्छ अन्ततोगत्वा त्यले आफैंलाई बोझिलो बनाउने एउटा परिस्थिति निर्माण हुन्छ ।

त्यसकारले म फेरि पनि अनुरोध र आग्रह गर्न चाहन्छु कि सिद्धान्त यो उद्देश्य प्राथमिकता त अब मैले भन्न चाहन्नँ नयाँको त यहाँ कुरै छैन अब नयाँ ल्याउनु भएछ भने त छलफल गरौंला प्राथमिकता वर्ष नै अधुरो योजना सम्पन गर्ने वर्षका रूपमा भैसकेपछि नयाँ योजना ल्याउने कुरा त रहेन रहेछ भन्ने बुझ्छु । त्यस्तै हालत अबस्थामा त नपुगेको हुनु पर्ने हो तर पुर्याको रहेछन् भने पनि स्वीकार गरेर अगाडि बढ्नु बाहेक विकल्प रहेको एउटा अबस्था छैन । र अन्तमा एउटा कुरामा ध्यानआकर्षण गराउन चाहन्छु प्रदेश तहको सेवा सुविधा दिनका निम्ति प्रदेश तहमा संघले होस् वा प्रदेशले संरचना निर्माण गर्ने कुरा भैआएकै छ भोलिका दिनहरूमा पनि हुन्छन तर फेरि प्रदेश तहका सुविधा दिनका निम्ति खोलिएका संस्थाहरू फेरि दूरदराजमा रहेर खोल्ने तरिकाबाट बच्दा राम्रो होला कि एक त दूरदराजका जनता जिल्लाका जनता सदरमुकाममा आउने सदरमुकामबाट पनि दूरदराजमा जानुपर्ने परिस्थितिका आधारबाट संस्था खोल्ने कुरा राम्रो हुँदैन कि उदाहरणका निम्ति भन्नैपर्‍यो सरुवा रोग अस्पताल गएकै सरकारले स्थापना गर्नेगरी बजेट आएकै थियो तर आज त्यो सदरमुकामभन्दा अलि टाडा कुनै व्यक्ति विशेषले स्थापना गरेको भन्ने तरिकाबाट गर्ने तरिका कुनै नेताका निम्ति त राम्रो भयो होला आज्ञाकारी त भइयोहोला तर जनताको सुविधाका निम्ति त्यो अलि हेक्का राख्नुपर्छ कि त्यो संस्थाबाहेक अरू संस्थाको बारेमा पनि अनुरोध र आग्रह गर्न चाहन्छु । हामीले

प्रदेश तहको ढाँचा बनायौं सदरमुकाम राजधानी हामीले तोक्यौं त्यसअनसार प्रदेश तहको सेवा सुविधा उपलब्ध बनाउनका निम्ति संघ सरकारले पनि प्रदेश सरकारले पनि संस्थाहरू निर्माण गर्दा फेरि जनताहरू दूरदराजमा जानु पर्ने परिस्थिति गर्नेगरी ती संरचनाहरू निर्माण गर्ने कुरामा हेक्का राख्न जरुरी छ भन्ने करा राख्न चाहन्छु । आगामी दिनमा बजेट नल्याउदै धेरै भन्न सकिँदैन सबै अनुभवी साथीहरू हुनुहुन्छ ।

हाम्रोतर्फबाट आफ्नो सुझावहरू राखेर अगाडि बढ्ने कुरामा मलाई लाग्छ हामी अगाडि बढ्छौं नै तर व्यावहारिक ढङ्गले हिजो हामीले प्राप्त गरेका खासगरी योजना छनोटमा गोलमोटल होइन पारदर्शी ढङ्गले थाहा पाउने गरी सकिन्छ भने आजसम्मका योजना ल्याउने कुरा गर्नु भयो भने मलाई लाग्छ हामी ल्याएका दस्तावेजका आधारबाट धारणा बनाउनेछौं । अर्को एउटा नयाँ अभ्यास गर्ने हो कि सक्नुहुन्छ कि सक्नुहुन्न यो पनि स्थानीय प्रदेश तहको सरकार हो । बजेट आउनुभन्दा अगाडि जसरी माथि आर्थिक सर्वेक्षेण पुस्तिका वा अबस्था सदनमा पेस गर्ने चलन छ आर्थिक सर्वेक्षण त्यस्तै हामीमा पनि हाम्रो प्रदेश अबस्थाको आर्थिक अबस्थालाई प्रक्षेपण गर्ने त्यो तत्थ तथ्याङ्क प्रस्तुत गर्ने परिपार्टी किन नबसाल्ने किन त्यो बाटोमा हामी नजाने हिजो के थियो आज के छ भोलि हामी के गर्छौं भन्ने कुराको बजेट प्रस्तुत गर्नुभन्दा अगाडि नै आर्थिक सर्वेक्षेण माथि त पुस्तिका नै ल्याउने कुरा गर्दछ त्यलाई अर्थमन्त्रीले टेबुल गर्नुहुन्छ हामीले यहाँ के सक्छौ ? यो हाम्रो कार्यकालको अन्तिम समय भा हुनाले त्यो बाटोबाट पनि त्यो परिपाटीबाट पनि यो बजेटलाई छलफल गर्ने कुरामा चाहिँ परिष्कृत गर्ने कुराको म सुझाव राख्न चाहन्छु ।

सम्भव छ भने त्यो बाटोबाट हामी अगाडि हिँड्ने कुरा गरौं फेरि पनि अनुरोध गर्न चाहन्छु । सिद्धान्त नीतिमा त्यती विवाद गर्नु पर्ने ठाउँ छैन् । सिद्धान्त र नीतिअनुसार फेरि पनि योजना अङ्क नै सरोकारको विषय हो । तेलाई तपाईंहरूले सिद्धान्त र उद्देश्यमा लेखिए मुताबिक ल्याउने कुरा गर्नु भयो भने हाम्रो तर्फबाट सहयोग सर्मथन नहुने कुरै छैन । फेरि पनि दोहोरायर भन्न चाहन्छु लेखिएको सिद्धान्त र उद्देश्यमुताबिक बजेट ल्याउने कुरा गर्नु भयो भने हाम्रोतर्फबाट सहयोग सर्मथन नहुने कुरै छैन । तर विगत त्यस्तो छैन् । गतिविधि आजका मितिसम्म त्यस्तो छैन मात्रामा फरक होला त्यसकारले यो आधारबाट अगाडि बढ्ने कुरा गरौं यो मन्त्रालय आर्थिक सुशासनको मेरुदण्ड नै हो त्यसमा आड गरेर आउने गर्नुहोस भन्ने मेरो सुभेक्षा हो शुभकामना हो अरू मन्त्रालय पनि उत्तिकै महत्त्वपूर्ण हुन पाए हुन्थियो भनेर बाढ्ने कुरा रहन सक्छ तर मुलुकको आर्थिक वा प्रदेशको आर्थिक शुसान कायम गर्नृका निम्ति हिजोका समिक्षा गर्दा हिजोका प्रस्तोताहरू दान दत्वयमा रमाउनु भयो हिजोकाहरू दान दात्वमै रमाउनु भयो दान दातब्य गर्ने अबस्थाको प्रदेश होइन यो यो पुँजी निर्माण गर्ने विकास निर्माण गर्ने पुँजी अभिवृद्धि गर्ने अबस्थाको प्रदेश हो । आफ्नो आम्दानी बढाउन सकियो भने आफ्ना प्रदेशका जनतालाई समाजिक सेवादेखि लिएर अरू थुप्रै राहतका कार्यक्रममा सामेल हुन सकिने

अबस्था रहन्छ तर त्यसका नाममा सधैंभरि मगन्ते र भिखारी प्रदेशका रूपमा रइरहेने कुरा हामी सबैका लागि स्विकार्य हुँदैन राम्रो हुँदैन त्यो दिशाबाट बजेट ल्याउने कुरामा खास गरी अर्थमन्त्रीज्यू र त्यसको नेतृत्व गर्ने सरकार आउने छ भन्ने सुभेच्छा शुभकामनासहित आफ्ना भनाइ यहीँ अन्त गर्छु धन्यवाद !

**माननीय सभामुखः-** अब माननीय श्री देवी ओली, यसपछि माननीय श्री दल रावल तयारी अबस्थामा रहनुहोला समय सात मिनेट

**माननीय श्री देवी ओलीः-** माननीय सभामुख महोदय, सभामुखमार्फत आज दशौं अधिवेशनको पाँचौं बैठकमा अत्यन्तै दुःखपूर्ण समाचार हामीकहाँ छ हिजो हराइ रहेको तारा एयको आज दुर्घटना अबस्थामा फेला परेको छ उक्त दुर्घटनामा पर्नुहुने सम्पुर्ण चालक दल यात्रुहरूप्रति सभामुखज्यू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । शोकाकुल परिवारजन प्रति गहिरो समवेदना व्यक्तगर्न चाहन्छु र भरखरै संम्पुर्ण संम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित हुनु हुने संम्पुण जनप्रतिनिधिहरू लाई सभामुखज्यूमार्फत सफल कार्यकालको शुभकामना हार्दिक बधाई भन्न चाहन्छु र सरकारले पेस गरेको विनियोजन विधेयक २०७९ मा तय भएका सिद्धान्त उद्देश्य र प्राथमिकतामाथि आफ्ना केही धारणहरू राख्न अनुमति चाहन्छु ।

अब यो सरकारको बजेका सन्दर्भले अन्तिम हाम्रो संसद्को पनि कार्यकालको अन्तिम विनियोजन बिधेक अथवा विनियोजन विधेयकका सिद्धान्त प्राथमिकता नीतिहरूमा छलफल गर्न पाउँदा आफूलाई एउटा आफ्नो कार्यकालको पूरै समय भाग लिएर जनताका आवाजहरूलाई यहाँ बुलन्द गर्न पाउने अबसरको रूपमा एउटा खुसी र गर्व महसुस गरिरहेको छु किन भने प्रदेश तहका प्रदेश व्यवस्थापिकाहरूमा जतीबेला संघीय व्यवस्थापिका विघटन भएको बेला मसिनो मसिनो हावा प्रदेशहरूमा चलेको थियो कहींले काही हामीलाई त्यले खिन्नता पनि पैदा गर्दथ्यो तर परिस्थितिले आज हामीलाई अन्तिम कार्यकालसम्म जनताका आवाजहरू कर्णालीवासीका समस्याहरूलाई उजागर गर्ने अबसर मिलेको छ सभामुख महोदय, अ सरकारले धेरै मेहनतका साथ र आफू जिम्मेवार भएको हैसिएतबाट २०७९ को विनियोजन विधेयकमा सिद्धान्त उद्देश्य र प्राप्राथमिकताहरू नीतिहरू तय गरेर ल्याएको छ त्यसको लागि म धन्यवाद दिन चाहन्छु । अधुरा योजना पूरा गर्नु भनेको सरकार जनता प्रति उतर दायित्व भएको मैले बुझेको छु र नयाँ योजनाहरू कसरी लिइन्छ भन्ने कुरा हामीले हेर्न बाँकि नै छ । जसरी आज यो सरकारले आफ्नो कार्यकालको अन्तिम बजेटमा केही सिद्धान्तहरू तय गरेको छ उद्देश्यहरू लिएको छ । यो उद्देश्यमाथि मैले भन्न चाहन्छु हामीले कर्णालीवासीका समस्याहरू सरकारको स्रोतमार्फत सम्बोधन गर्ने प्रयत्न प्रदेश व्यवस्थापिका संसदबाट गरि रहँदाखेरि यहाँ सरकारबाट परिचालित हुने सबै कार्यक्रमहरू सफल पार्नका निम्ति पहिलो कुरा हामी सबै कर्णालीवासी नागरिकहरूको सोच र चिन्तनमा परिवर्तन आउनुपर्छ

भन्ने निरन्तर हामी छलफलमा छौं । र आज त्यो सबैले स्विकारेको अबस्था पनि छ । त्यसकारण यो उद्देश्यमा सात ओटा उद्देश्य यहाँ निधारित गरिएको छ ।

म सरकारलाई सुझाव दिन चाहन्छु भौतिक पूर्वाधारदेखि लिएर जनशक्ति निधार्रणका कुरा लिएर सबै कुराहरू यहाँ आएको छ । यसमा उद्देश्यमै हामी अल्मलियौं भने कार्यक्रममा बजेटमा अङ्कमा आउन सक्दैन भन्ने मेरो ठम्वाइ छ । त्यसकारण संविधानको मर्म र भावना संघीयताको महत्त्वलाई बुझेर यो उद्देश्य लिएको छ भने हामीले आफ्नो प्रदेशलाई सभ्य र समतामुलक समाज बनाउने छौं भन्ने उद्देश्य राखैपर्छ । हाम्रो प्रदेशमा केही संस्कृतीहरू छन् केही संस्कारहरू छन जो आज कुसंस्कारको रूपमा हामी आफैंलाई त्यले कता कता हिनताबोध बनाई रहेको छ । त्यसकारण उद्देश्यमा एउटा थपेर सम्य सुसंस्कृत समाजको निर्माणको उद्देश्य लिनुपर्छ त्यसकारण त्यसमा आधारित कार्यक्रमहरू आउँन सक्छन भन्ने मलाई लाग्छ त्यसको सँगसगै सरकारले शिक्षाको क्षेत्रमा अहिलेसम्म आउँदा खेरि आफूले संविधानको अधिकार सुचिमा रहेको अधिकारलाई प्रयोग गर्न किन हिच्चकिचाइ रहेको छ भन्ने कुरा म राख्न चाहन्छु किन भने किनभने यहाँ उल्लेख त छ तर प्रदेश सरकारले गर्नुपर्ने प्रदेश विश्व विद्यालयलाई नै हो यसमा किन आँट गरेर जान सकेको छैन । हामीले जाँदा जाँदै एउटा यो आँट गरेको खण्डमा अर्को कार्यकालका सरकारलाई सभालाई धेरै सजिलो हुन्छ सहज हुन्छ शिक्षाको कुरा गर्दा खेरि आधारभूत शिक्षाको क्षेत्रमा बालमैत्री देखी गुणस्तरीय शिक्षा बनाउने त उद्देश्य लिएको छ तर त्यले हाम्रो अधिकारलाई सही ढङ्गले सदुपयोग गर्न सकिँदैन त्यसकारण शिक्षा चाहिँ हामीले उच्च शिक्षा या त हामीले आफ्नो विश्व विद्यालय स्थापना गर्ने हो यात भैरहेकै विश्व विधालयहरूलाई हामीले साझेदारीमा गएर यो प्रदेशको सामाजिक रूपान्तरणको निम्ति सामाजिक परिक्षणदेखि लिएर अनुसन्धान गरेर हामीले सभ्य समाज निर्माण गर्ने कदम चाल्नै पर्छ ।

सभामुख महोदय, त्यसकारण शिक्षाको कुरा पनि यो थप्न मैले अनुरोध गर्न चाहन्छु । स्वास्थ्यको कुरा आज विशेष गरेर कोभिडबाट थिलो-थिलो पारेको समाज अथवा अहिले सहज भए तापनि त्यसका असरहरू हामीसँग छ हाम्रो समाजमा छ हाम्रो मानसिकतामा छ त्यसकारण आज स्वास्थ्य भन्नेवित्तिकै हामीले ठुला भौतिक पूर्वाधार डक्टर र औषधी मात्रै हेरेका छौं त्यसकारण आज मानसिक स्वास्थ्य सेवा मानसिक स्वास्थ्य उपचार अत्यन्तै गारो भएर आएको छ । आज विधालयहरूमा मानसिक अस्वस्थता कुन वेलाबाट भयो जुन बेला उ विधालयमा जाने वच्चा हुन्छ त्यहादेखि सुरूवात भएर हामीले जब युवा अबस्थमा भएपछि त्यो बढी भएर देखा पर्दा मात्रै हामीले थाहा पाउने गरेका छौं र आज दुर्व्यसनी लागुऔषध जस्ता कुराहरू धेरै युवापङ्ती डिप्रशनमा गएको अबस्था स्थिति छ ।

त्यसकारण आज नागरिकहरूले औल्याइरहेका छन् कि स्वास्थ्य भन्ने वितीकै आज प्रत्येक हाम्रा कर्णालीका सबै समुदायहरूमा विधालयहरूमा निजी विद्यालयहरूमा पनि

मानसिक स्वास्थ्यको विषयहरूमा पढाइ हुनेदेखि लिएर हस्पिटलमा उपचार गराउन सक्ने त्यस्तो जन शक्ति पनि उपादन सरकारले गर्नुपर्छ स्वास्थ्यको क्षेत्रमा यो कुरालाई **(माननीय सभामुखः-सकौं सकौं माननीय सदस्य)** हामीले भौतिक पूर्वाधार जनशक्ति र औषधिमाभन्दा पनि स्वास्थ्यको कुरालाई सम्वेदनशील ढङ्गले सरकारले यो नीति अथवा उद्देश्यमा राख्न सकोस् र मानव समसाधन विकास कुरालाई पनि आफ्नो प्राथमिकतामा राखेर लिनुपर्छ अन्यथा हामीले यहा कर्णाली प्रदेशको सामाजिक कुरीतीलाई अन्तय गर्न सक्दैनौं र मैले फेरि पनि भन्न चाहन्छु सभामुख महोदय, एक मिनेट समय मिच्न चाहें **(माननीय सभामुखः-सकौं सकौं माननीय सदस्य)** यसमा सामाजिक रुपानत्रणका लागि सामाजिक रूपान्तरण सामाजिक अध्ययन र अनुशन्धानको विषयलाई आफ्नो एउटा गौरवको योजना प्राथमिकतामा राखेर ल्याओस भन्ने अनुरोध र स्भेच्छासहित यो नीति सिद्धान्त र प्राथमिकताहरूमा आफ्नो सुझावका मन्तव्यहरू यही राख्न चाहन्छु धन्यवाद।

**माननीय सभामुखः-** माननीय श्री दल रावल यस पछी माननीय श्री मीना सिंह रखाल तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री दल रावलः-** माननीय सभामुख महोदय, हाम्रो प्रदेश सरकारले का आर्थिक मामिला मन्त्रीज्यूले १३ गते चाहिँ हाम्रो सदनमा आगामी वर्षको नीति कार्यक्रम, बजेटको सिद्धान्त उद्देश्य र प्राथमिकताको विषयहरू प्रस्तुत गर्नु भएको छ । एउटा प्रक्रिया पनि हो र यसमा मौलिकताको अलिकति आवश्यकता पनि हुन्छ मलाई लाग्थ्यो तर पुरानै हाम्रो दलको नेताले भनि पनि सक्नु भाको छ राख्नु पनि भाको छ । करिब करिब अब कपी पेस्ट नभनौं अलि अलि टेक्निकल भाषा होला तर तेती फरक तेती मौलिक तेती आज हाम्रो आज हाम्रो प्रदेशसभाको अन्तिम कार्यकालको यो नीति कार्यक्रम र बजेटको मौलिकता बोले जस्तो मलाई लागेन किन भने अलिकति अपेक्षा गरेकै आर्थिक मामिला मन्त्रीज्यू हुनुहुन्छ । अलि मौलिक ढङ्गको ऐतिहासिक अन्तिम हामीले छाडिजाने बजेट नीति कार्यक्रम चाहिँ पछिल्ला आउनेलाई पनि चाहिँ सिकाई हुने टायपको हुन्छ कि भन्ने मलाई आशा थियो पनि छ पनि अझै पनि त्यो अन्तिम भाको चाहिँ छैन् । अब विषयहरू धेरै समेट्नु भएको छ यो बुँदा नं. ५ मा समाजवाद उन्मुख आर्थिक संरचना बनाउने र समुन्नत समाजको विकास गर्ने भन्नुभा छ । अहिले भएका संरचना सच्चिकै समाजवाद उन्मुख छैन् कि ? अब हामी कस्ता खालका सर्मचना समाजवादका लागि बनाउछौं यो कुरा नीति कार्यक्रममा आउँछ होला अलिकति अस्पस्ट भएको नाताले माननीय मन्त्रीज्यूलाई चाहिँ प्रस्टताको लागि राखे त्यसपछि गजब राम्रा-राम्रा ओडहरू राख्नु भा छ । बजेटको कुशलतापूर्वक बाँडफाँड गर्छौ भनु भाछ।

एक र बजेटको आर्किटेक्चर कस्तो बनाउनु हुन्छ हेर्दै जाउँला आशा छ साँच्चिको कर्णालीको समृद्धिसँग जोडिएको बजेट आउँछ नीति कार्यक्रम आउँछ भन्ने नै हाम्रो आशा र अपेक्षा स्वाभाविक ढङ्गले हुने नै भयो तर कस्तो खालको कुशलता अपनाउनु हुन्छ यहा भाषामा त अत्यन्त राम्रो कुशलतापूर्वक बाँडफाँड गरिने छ ।

सरकारी बजेटलाई भन्नुभा छ र आज हामी चाहिँ पाच वर्ष अगाडि शुरु गर्दाखेरि हाम्रो अर्थतन्त्रको सानो एउटा आकार नेश्नल जि.डि.पि. को ४/५ मात्र कन्टिवियूसन गर्छौं भन्थियौं । आज पाँचौ वर्षमा टेक्दा हामी कति प्रतिशत वृद्धि गऱ्यौं वा घट्यौं हाम्रो कन्ट्रिव्यूसनको प्रतिशत कति बढ्यो वा घटेको छ त्यसको एनालाइशिस कसरी गर्ने हो आर्थिक वृद्धिदर विगतको दुई वर्षको कोभिडले लियो हामी चाहिँ सबै त्यसमा साचि नै छौं हामी सबैले भोगेकै हो । अब अहिले यो वर्ष चाहिँ नियमित रूपमा आर्थिक एक्टिभिटिहरू अगाढि बढिसके पछि हाम्रो अब अहिले चाहिँ कति हुन्छ आर्थिक वृद्धिदर कति हुन्छ कति बनाउछौं कति हुन्छ यस्ता कुरा पनि एनालाइशिस हुन जरुरी छ भन्ने लाग्छ । यो आउँछ नै होला र अर्को पटक-पटक दोहोरिएको शब्द चाहिँ मैले यहाँ चाहिँ धेरै चोटि पढे तीन चार ओटा शब्द चाहिँ अत्यन्त दोहरिएको छ।

एउटा सामाजिक न्यायसहितको दुर्त आर्थिकविकास भन्नुभाछ माननीय मन्त्रीज्यूले अब अत्यन्त राम्रो शब्द हो सोसियल जष्टिज आर्थिकवृद्धिदर यसैमा टेकेर गर्छौं त्यहीं हो समाजवाद वास्तवमा र आर्थिक वृद्धिदर हासिल गर्ने शिलसिलामा समाजिक न्यायसहितको बजेट कसरी आउँछ र नीति र कार्यक्रमले कसरी सम्वोदन गर्छ यसमा पनि हेर्न जरुरी छ र कसरी ल्याउनु हुन्छ र अर्को बुँदा नं ४१ मा दिगो विकास लक्ष्यको स्थानीयकरण एस.डि.जि को यो लोकलाइजेसनका कुरा हामी सातौं वर्षमा छौं ।सन् २०१५ मा आएको हो, एस.डि.जि हो सातौं वर्षसम्म लोकलाइजेसन गरेनौं हामीले अब यसको स्थानीयकरण गरेर अगाडि बढाउँन पर्ने ३० सम्ममा हामीले एस.डि.जि का गोलहरू एचिब गर्नुपर्ने छ । यसका के हो ? अनि सेन्डाई, क्यारिडाच र जलवायु परिवर्तनसँग पेरिस पिरिन्सिपलका कुरा गर्नु भएकोछ सम्झौताको कुरा गर्नु भा छ यति मात्र होइन।

नेपाल पक्ष राष्ट्र भएर इन्टरनेशनल टि.टि.ए. कन्भेनशनहरूमा थुप्रैमा चाहिँ तपाईंको हामीले सहमति जनाको छ नेपाल पक्ष राष्ट्र भएर थुप्रै विकासका मोडलहरू छन्। तपाईंको पेरिस प्रिन्सिपलले के भन्छ भने जुन यो ओ.डि.सि.हरू छन् बाइसवटा राष्ट्रहरू अहिले भन्छौं जो विकाशिलराष्ट्र विकसित देशहरू छन् यिनीहरूले के कमीट्मेन्ट गर्‍याछन् भने हामी जस्तो अविकशित राष्ट्रहरू एल.डि.सि. भन्छौं जो लिस्ट डेप्लोमेन्ट कन्टेन हुन यिनीहरूलाई आफ्नो जि.डि.पि.को ०.७ प्रतिशत लगानी गर्छौं यिनले भन्याछन् तर कुनै पनि देशले जापान बाहेक एसेप्ट जापान अलिकति नेपालमा विकास सायता दिनेहरूमा उसले वचन गरेअनुसार छ तर अन्य देशहरूले गर्‍याछैन् भनेपछि यिनीहरूका चाहिँ हामीले गरेको अन्तराष्ट्रिय मान्यता अन्तराष्ट्रिय कमीटमेन्ट मान्नुपर्छ त्यसमा नमानुपर्छ भन्ने होइन र अर्को एउटा के दोहराउनुभा छ जहिले यो क्लाइमेट चेन्जको इस्यूचाहिँ पटक-पटक सात-आठ चोटि दोहरिया छ । वनमन्त्रालयको यहाँ अलि कन्सन होला स्वाभाविक ढङ्गले क्लाइमेन्ट चेन्ज चाहिँ हाम्रो इन्भारोमेन्ट इसु हो । संसारकै इसु हो तर क्लाइमेट जस्टिजको कुरा उठायौं हामीले मलाई लाग्छ क्लाइमेट चेन्ज मात्र होइन कलाइमेट जस्टिजको कुरा उठाँउ दुनियामा आणविक भट्टिहरू ठूलठूला

तपाईँको औधोगिक क्षेत्रहरूको विकास गरेर क्लाइमेट विगार्ने देशहरू एकातर्फ छन् अनि गरिब देशलाई चाहिँ क्लाइमेट चेन्जको नाममा चाहिँ विकास प्रक्रियालाई अगाडि बढ्न नदिने अर्को खालको प्रक्रिया पनि छ।

यसमा पनि ध्यानदिएर क्लाइमेट जस्टिजको कुरा उठाउँ हामीले । हाम्रो जस्तो देशका सरकारहरूले हाम्रा सरकारहरूले क्लाइमेट जस्टिजलाई विषैश ध्यान दिनुपर्छ क्लाइमेट चेन्ज स्वाभाविक ढङ्गले एउटा बणिङस्यु हो तर क्लाइमेट जस्टिजको कुरा उठाएर हामी अगाडि बढ्न पर्छ भन्ने मलाई लाग्छ हाम्रो प्रदेश सरकारले पनि यसरी नै अगाडि बढावस भन्ने मलाई लाग्छ । त्यसो भने त वातावरणको सबभन्दा क्युट पोटकल हो नि खै त क्युट पोटकल अब सबै खालका पोटकल हाल्यो भने त हाम्रो होइन यो चाहिँ युयानको बजेट युयानको चाटर जस्तो बन्न जाला । त्यो भाको नाताले हामीले हाम्रो देशले नेपालले अन्तराष्ट्रिय टि.टि. कन्भेसनमा जुन पक्ष राष्ट्र भएर सही गरेका छौं त्यसको अनिहरूले पनि कर्यान्वयन गरौन हामीले कार्यान्वयन गरौं भन्ने ढङ्गले प्रस्तुत हुन पर्छ भन्ने मलाई लाग्छ । त्यस पछि एउटा राम्रो कुरा प्रदेश सरकारले स्थानीयको राजस्व बाँडफाँडको पारदर्शीता वास्तविकता यो ल्याएको छ यो उल्लेख गरेको छ यो मैले पहिला सरकारमा हुँदा पनि एकदम फिल गरेको के हो भने हाम्रो अनुसूचिअनुसार हामीले चाहिँ राजस्व बाँडफाँडका प्रक्रियाहरू हामीले राजस्व सङ्कलनका प्रक्रियाहरू विशेष त स्थानीय तहले उठाउने हो तर पारदर्शी ढंङ्गले प्रदेश सरकारलाई आएको छैन् । त्यो भएको नाताले एउटा चाहिँ मलाई लाग्छ सफ्टवेयर विकास गरेर उहाँहरूले चाहिँ त्यो राजस्व उठाउने वितीकै हामीलाई जम्मा हुने प्रदेश सरकारलाई जम्मा हुने प्रदेश सरकारले पनि तल दिनु पर्ने माथि दिनुपर्ने राजस्वलाई चाहिँ कसरी व्यवस्थित गर्नसकिन्छ।

आन्तरिक आयलाई विकास नगरेर हामी चाहिँ अगाडि बढ्न सक्दैनौ भन्ने कुराको चाहिँ म चाहिँ आग्रहगर्न चाहन्छु । त्यसपछि हजुरको मौलिकहकको कार्यान्वयन गर्छौं भनेर पटक-पटक उल्लेख गरिएको छ । संविधानले मौलिकहक भनेर चाहिँ बिशेष गरेर अत्यन्त नेपालको संविधान त्यहीं भएर प्रोग्रेसिव छ छन चाहिँ प्रोग्रेसिव छ । मौलिक अधिकारका रूपमा चाहिँ मेरो विचारमा संसारकै संविधान हेर्ने हो भने नेपालकै एउटा संविधान होला जस्ले मौलिक अधिकार विषेश गरी व्यवस्थापन गर्‍याछ । तर मौलिक अधिकारको कार्यान्वयन एउटा मात्र उदाहरण दिन चाहन्छु । माध्यामिक शिक्षा चाहिँ निशुल्क गर्छौं भन्या छ ।

अब माध्यामिक शिक्षा चाहिँ स्थानीय तहको उसमा छ कार्यक्षेत्रमा छ हाम्रो उच्च शिक्षा र प्रदेश विश्व बिधयालय भन्ने छ तर पनि हाम्रो प्रदेशभित्र सार्बजानिक शिक्षालाई निशुल्क गर्न सक्छौं त हामी ? सक्छौं कि सक्दैनौ ? यसको मेकानिजम के हो ? एउटा मात्र भन्न खोजेको हो मौलिक अधिकार अरू बाच्न पाउने अधिकार अरू थुप्पै अधिकार त छँदै छनभने यस्ता अधिकारको पनि हामी कसरी प्रयोग गर्न सक्छौ हाम्रो कार्यक्षेत्र कहाँ पर्छ हामीचाँही स्थानीय तहसँग कसरी सम्मन्वय गरेर जान सक्छौ संघीय

सरकारसँग कसरी सम्मन्वय गरेर जानसक्छौं यो कुरालाई पनि ध्यानदिन कम्तिमा सरकारलाई चाहिँ अनुरोध गर्न चाहन्छु । त्यसै गरी तीनतहका सरकारबीचको सम्मन्वय सहकार्य सह-अस्तित्वोको कुरा विषेश गरी उठाइएको छ ।

सात चोटि उठाको छ । मलाई लाग्छ स्वाभाविकढंङ्गले उठाउनु पर्ने छ र उठाउनु मात्र होइन कार्यान्वयनमा लैजानु पर्नेछ । प्रदेश सरकार केही होइन भनेर स्थानीयले ठान्ने अनि यो बिचको सरकार आयो भनेर संघीय सरकारले ठान्ने होइन यो कस्तो न कस्तो अफ्ठेरो अबस्थामा छ जसले गर्दा विकास प्रक्रियाहरू अबरोध छन् । हामीले तीनै तहका सरकार बिचको असल समन्वय र सहकार्य विना यो देश र राष्ट्रको संमृद्धि सम्भव छैन यस अर्थ स्थानीय सरकारलाई पनि हाम्रो आफ्नो नर्म्स भ्यालुलाई पहिचान गर्न जरुरी छ ।

संघीय सरकारसँग पनि जवावदेहिता ढङ्गले आफ्नो स्रोतलाई बढी परिचालन गर्न जरुरी छ र विषय अर्को एउटा चाहिँ विषय छुटया कस्तो छ भने (**माननीय सभामुखः-सकौं सकौं माननीय सदस्य सकौं**) एक मिनेट मात्र सभामुखज्यू, थोरै अन्तराष्ट्रिय विकास साहयता परिचालनको कुरा र साझेदारीका कुरा मलाई के लाग्छ भने हाम्रो जस्तो प्रदेश हुन त मलाई त्यो पनि थाहा छ भने संघीय सरकारको अनुमति विना डाइरेक्ट इटर्नेशनल फन्ट लिन सक्दैनौं । तर पनि सहकार्यमा संघीय सरकारको अनुमतिमा सहकार्यमा विकास साझेदारी अन्तराष्ट्रिय दातृ निकायहरूसँग संसंस्थाहरू सँग गर्छौं । भनेर अगाडि बढ्छौं भनेर भन्न पर्ने हुन्छ प्रदेश सरकारले यो कुरा पनि छुटेको ल्याप्स भएको जस्तो मलाई लाग्यो ग्याप भए जस्तो लाग्यो र विषेश गरी आन्तरिक आयलाई चाहिँ परिचालन गर्ने मोडालिटिमा आवोस् हामी चाहिँ हाम्रो आन्तरिक आयमा नबढाइकन माथिबाट आएको अनुदान चार प्रकारको अनुदानले मात्र प्रदेश अगाडि बढ्नेवाला छैन । त्यो भएको नाताले आन्तरिक आयलाई कसरी वृद्धि गर्न सक्छौं । यो खालको मेकानिज्मको विकास कसरी गर्न सक्छौं भन्ने कुरालाई ध्यान दिदै म चाहिँ आन्तरिक हाम्रो चाहिँ आर्थिक मामिला मन्त्री ज्युलाई भन्न चाहन्छु यो अन्तिम कार्यकालको बजेट नीति र कार्यक्रम सरकारलाई म चाहिँ ध्यान आकर्षण गराउन चाहन्छु। अहिलेको अत्यन्त राम्ररी बिट मार्ने । (**माननीय सभामुखः-सकौं सकौं माननीय सदस्य सकौं**) जनतालाई भविष्यको अलिकति इम्प्रेसन दिने गरी यो बजेट नीति कार्यक्रम आवोस धन्यवाद !

**माननीय सभामुखः-** अब माननीय श्री मिनासिंह रखाल ।

**माननीय श्री मिनासिंह रखालः-** सभामुख महोदय, आज हामी आर्थिक मामिला तथा योजना मन्त्री बिन्दमान विष्टबाट प्रस्तुत भएको विनियोजन विधेयक २०७९ का सिद्धान्त उद्देश्य प्राथमिकता र प्रमुख नीतिहरूको बारेमा छलफ गरी रहदा मलाई एउटा अलि भिन्न प्रसङ्ग वस एउटा कुरा के भन्न मन लागिराछ भने लोकतान्त्रिक गणतन्त्र स्थापना भै सकेपछि हाम्रो तीन तहको सरकार छ तीन तहको सरकार मध्य हामी प्रदेश सरकारको मत्तहमा हामी एउटा प्रतिपक्ष दल भएर अहिले हामी बसिरहेको अबस्थामा हामीले प्रत्येक वर्ष जेठ

१५ गते गणतन्त्र दिवस मनाइरहेको अबस्थापनि भैराखेको छ अस्ति भखर मात्र पनि हामीले हिजो मात्र हामीले एउटा गणतन्त्र दिवसहरू मनायौं र त्यो गणतन्त्र दिवस मनाउदा खेरि मलाई के फिल लाग्यो भने हामीले यो प्रदेश स्थापना गर्दाखेरिको योग्दानहरू र धेरै शहिदहरू तीन चार जना शहिद हुनु भएको छ र यो प्रदेशमा धेरै योग्दान दिनेहरू विज्ञ समुह छ अनि विज्ञहरू हुन्छ । नागरिक समाजहरू हुनुहुन्छ र धेरै मान्छेहरूको योग्दान चाहिँ यो प्रदेशमा भएको र ती विज्ञ समुहरूलाई पनि यो सरकारले त्यो अबसरमा चाहिँ संम्मान गर्नुपर्थि भन्ने मलाई लागेको हुनाले यो चाहिँ प्रत्येक वर्ष हाम्रो गणतन्त्र दिवस मनाई रहेका हुन्छौ तर हामीले हाम्रा प्रदेशका विज्ञहरू योगदानिहरूलाई नागरिक समाजहरलाई बिर्सिरहेको मैले महसुस गरिरहेको छु र उद्देश्य समाजवाद उन्मुख आर्थिक सर्मचना भनेर हामीले जुन उद्देश्यमा हामीले लेखेका छौ र यो समाजवाद उन्मुख हुनका लागि पहिला त हामी शिक्षा, स्वास्थ्य, रोजगारी निरोगी धेरै कुराहरूमा ध्यान दिनुपर्ने पनि हाम्रा ती उद्देश्यहरू रहेका छन् । र संवृद्धि कर्णाली सुखारी कर्णालीवासी भनेर जो हामीले यसलाई सिद्धान्त राखेका छौं ।

त्यो सिद्धान्तअनुसार हामीले प्रत्येक वर्ष प्रत्येक वर्ष नीति तथा कार्यक्रम आउदा खेरि संवृद्धि कर्णाली सुखारी कर्णालीवासी भनेर हामीले सधै हामीले गरिरहेका छौं पढिरहेका छौ सुनिरहेका छौं तर पनि हामीले ती सुखारी कर्णालीवासीको नेतृत्व अथवा उनिहरूलाई महसुस हुने जस्ता कार्यक्रम हामीले गर्न सकेका छैनौं ता पनि अहिले चाहिँ यो बाउन्न बुँदामा जुन चाहिँ सिद्धान्तहरू प्राथमिकताहरू यहाँ उल्लेख भएका छन् ती उल्लेखहरूमा अगिनै अगाडिका वक्ताहरू माननीयज्यूहरूले भनेता पनि मेरो अलिकति भिन्ता के छ भनेपछि हामीले गर्छौं कुरा एउटा गर्छौं काम अर्को गर्छौं र हामीले यो पाँच वर्ष हुदैरहेको अबस्थामा हामीले महसुस गरेका कुरा छौं र मन्त्रालयले दिएका जतीपनि योजनाहरू छन जती पनि छलफलमा लेराइएका हुन्छन ती चाहिँ कुनै पनि कार्यान्वयन नभएको अबस्थामा आज फेरि हामी तिनै कार्यान्वयन हुदैन कि त्यसलाई सम्वोधन गरिदैन कि भन्ने विषयमा हामी यहाँ अलिकति शंका लाग्ने र अविश्वास पैदा भएको अबस्थामा म एउटा दुई ओटा सुझाव म के दिन चाहन्छु भने हामीले के भनेका छौं भने युवा रोजगार स्वरोजगारको स्थानीय तह बाटै युवाको स्वरोजगारको व्यवस्था गर्ने छौं भनेर यहाँ जुन लेखिएको छ त्यसमा चाहिँ हामीले युवा स्वरोजगार भनेर लेखेर मात्र हुदैन युवा स्वरोजगार अथवा वैदेशिक रोजगारमा जानको लागि पनि त्यस्ता युवाहरूलाई हामीहरूले पहिले नै सिपको आवश्यकता हुन्छ तालिमको आवश्यकता हुन्छ त्यस्ता युवाहरूलाई सिप र तालिमको व्यवस्था गरेर वैदेशिक रोजगारमा जाँदा खेरि पनि यो प्रदेश सरकारले तालिमको व्यवस्था गरेर पठाउनु पर्दछ र यो चाहिँ नीति तथा कार्यक्रममा आउनुपर्छ भन्ने कुरा म यहाँहरूलाई सुझावको रूपमा दिन चाहन्छु त्यस्तै अर्को यहाँ लेखिएको छ ।

समाजमा विद्यमान सबै प्रकारका विभेद विकृती र विसङ्गतीको अन्त्य गर्नको लागी अब केन्द्रिकृत कार्यक्रमसहित समावेसी सहीत बजेट तर्जमा हुने छ भनेको छ त्यसमा

महिला दलित आदिवासी जनजाती मुस्लिम पिछडिएका वर्ग भनेर लेखिएको छ । तपाईंहरू एउटा मात्रै काम यो सरकारले के गरोस् भने हामी कर्णाली प्रदेशमा अझै पनि दलित मुक्तिबाट हामी चाहिँ मुक्तिबाट हुन सकेका छैनौं । अझै हामीमा त्यस्ता किसिमका महिला माथि गरिने विभेद छ दलित माथि गरिने विभेद छ । अझै पनि छुवाछुतको अन्त्य भइरहेको अबस्था छैन एउटा मात्रै रुकुमबाट दलितको छुवाछुत मुक्त जिल्ला भनेर घोषणा गर्नु भयो एउटै मात्रै यसमा नीति तथा कार्यक्रममा ल्याउन परेको प्रत्येक पालिका स्तरमा छुवाछुत मुक्त घोषणा गर्नुपर्ने व्यवस्थापनि गरियोस् त्यो चाहिँ कार्यान्वयन गरेर हेर्नुपर्छ हैनभने हामीले चाहिँ दलित छुवाछुत मुक्त भनेको छौ तर हाम्रो आनि बानि व्यवहार पनि मुक्त हुन सकेको छैन त्यसतै लैङ्गिक अल्पसंख्यक, अशक्त, अपाङ्गताहरूको लागि हामीले यसमा लेख्छौं कहींले पनि ती अपाङ्गहरूको व्यवस्था सकेका छैनौं ।

यौनिकहरूको व्यवस्था गर्न सकेका छैनौं लैङ्गिकहरूको व्यवस्था गर्न सकेका छैनौं हरेक वर्ष कार्यक्रमहरूमा सहभागी हुनुहुन्छ तर उहाँहरूको लागि प्रदेशले छुट्याइएको कार्यक्रम के तभन्दा खेरि हामीले त्यसको जवाफ दिन सकेका छैनौं । त्यसता यौनिक र लैङ्गिकहरूको लागि पनी बजेटको व्यवस्था गरिनु पर्छ । दिगो विकास लक्ष्य र स्थानीयको ढाँचा र जलवायु परिवर्तन भनेर भनिएको छ । जलवायुको परिवर्तनको असर चाहिँ हामीलाई प्रत्येक वर्ष समयअनुसार परिस्थितिअनुसार परिरहेका छन् र प्रदेशमा पनि त्यस्तो संघमा पनि त्यस्तो स्थानीय बिचमा पनि त्यस्तै हो तर हामीले त्यो जलवायु परिवर्तनको लागि हामीले आफ्ना ठाउँहरूमा कस्तो किसिमको चेतनामुलक कार्यक्रम गऱ्यौं त हामीले स्थानीय तहबाट कस्ता कस्ता चेतनाका कार्यक्रम गऱ्यौं त्यसमा पनि चेतनाको आवश्यकता परेको हुनाले त्यो कार्यक्रममा पनि लेराउन पनि मैले आवश्यकता मैले देखेको छु । त्यस्तै हामीले विगतका कुराहरू विगतका योजनाका कुरा गर्ने अधुरा योजनाहरूलाई सम्पन्न गर्नुपर्ने छ भनेर यो सरकारले चाहिँ भनिरहेको अबस्थामा अगि नै कुरा त आहिसकेको छ कस्ता कस्ता अधुरा योजना हुन र त्यलाई संम्पन्न गर्न काहा काहा बाकि रहेका छन् । त्यो कुरा चाहिँ उल्लिखित हुनुपर्छ जस्तै दैलेखकै कुरा गर्ने हो भने त्यहाँ चाहिँ सिँचाइका कुराहरू अझै पनि अधुरा छन् खानेपानी अझै पनी अधुरा छन् अनि ती भौतिक पूर्वाधारका भवनहरू अझै पनि अधुरा छन् । ती अधुरा योजनाहरूलाई समेट्ने कि नसमेट्ने र ती अधुरा योजना चाहिँ योजनाहरू उल्लिखित हुने कि न हुने हामीलाई ती योजनाहरूले अझै पनि पीडा दिइरहेको छ । यो सरकारले त्यतातिर पनि ध्यान दिनुपर्ने छ । र अर्को कुरा के छ भने पछि हामीले माछा मार्ने माछा मारेर खुवाउनुभन्दा पनि माछा मार्ने जाल बनाएर दिनसक्नु भयो भने हामीले हाम्रा उद्देश्यहरू पूरा गर्नेछौं र उद्देश्य प्राप्त पनि हुने छ । प्राथमिकतामा हामीले त्यस्ता कामहरू गर्नु पऱ्यो जनताले प्रत्येक्ष लाभ पाउन् ।

आज हाम्रो यो कर्णाली प्रदेशको सरकारले जतिपनि राम्रो काम गऱ्यो भने तापनि त्यसलाई व्यवहारमा उतार्न नसकेको अबस्था छ । आम जनता कर्णालीवासीहरूले महसुस गरेका छन् । र हामी पनि यो सरकारसँग यो अन्तिम यहा के भनेको छ अब पाँच वर्ष पुग्न लाग्यो । **(माननीय सभामुखः- सकौं सकौं माननीय सदस्य)** रोग र गरिबी तथा पछौटेपनबाट हाम्रो प्रतिपक्ष हुने छ अरू हुने छैन भन्ने कुराले हामी पनि यहाँ सरकारलाई सहयोग गर्न तयार छौं तर हाम्रा ती योजनाहरू ती कामहरूलाई पनि सम्वोधन गरेर छलफल गरेर ल्याउनु भयो भने हाम्रो पनि सहयोग गर्ने छौं भन्दै म आफ्ना दुई ओटा कुरा यही राख्छु हवस्त धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू विनियोजन विधेयक २०७९ का सिद्धान्त उद्देश्य प्राथमिकता र प्रमुख नीतिहरूमा समावेश भएका विषयहरूमा सुझाव दिने क्रम भोलि पनि जारी रहने व्यहोरा जानकारी गाराउँछु । बोल्न बाँकी माननीय सदस्यहरूलाई भोलिको बैठकमा समय उपलब्ध गराउँने छु र छलफलको क्रममा माननीय सदस्यहरूले राख्नु भएका जिज्ञासा एवम् सुझावहरूमा भोलिको बैठकमा सम्बन्धित मन्त्रीले जवाफ दिनुहुने व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७९ साल जेठ १७ गते मंगलवार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

## बैठक संख्या-६
## (२०७९ साल जेठ १७ गते मंगलबार)

---

**राष्ट्रिय धुन,**

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको छैटौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले सभासमक्ष छलफलको लागि प्रस्ताव गर्नु भएको विनियोजन विधेयक २०७९ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा केन्द्रित रहि आफ्नो घारणा राख्नेक्रम आज नै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यज्यूहरूले सभामुखको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई आफ्नो नाम टिपाउनुहोला । आफ्नो धारणा राख्न बाँकी रहेका माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँदछु। सर्वप्रथम माननीय श्री दीनबन्धु श्रेष्ठ । समय ७ मिनेट ।

**माननीय श्री दीनबन्धु श्रेष्ठः-** माननीय सभामुख महोदय, माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले प्रदेशसभामा प्रस्तुत गर्नु भएको विनियोजन विधेयक २०७९ का सिद्धान्त उद्देश्य र प्राथमिकता र प्रमुख नीतिहरू सरकारकातर्फबाट पेस गर्नु भएको छ । त्यसमा हामी छलफलमा छौं मलाई लाग्छ यो विधेयक २०७९ को सिद्धान्त उद्देश्य र प्राथमिकता र प्रमुख नीतिहरू सबै कुराहरू यसमा समेटिएको छ । कर्णाली प्रदेशलाई समृद्धि र विकास कसरी गर्न सकिन्छ भन्ने कुराहरूको एउटा आधारशिला जस्तो आएको छ र यो सरकारले जुन ल्याएको छ । यो स्वागतयोग्य हो । यसमा अब कार्यान्वयन पक्षमा निर्भर हुन्छ होला भन्ने मलाई लाग्छ । सभामुख महोदय, म विशेष गरेर यो किताबमा उल्लेख भएका कुराहरूमा म गहिरिएर जान चाहदैन किनभने धेरै कुराहरू समेटिएका छन् राम्रा छन् आवश्यकताअनुसारको युवा अनुभवले पनि धेरै कुराहरू यहाँ समेटिएको छ । त्यसैले मैले केही कुराहरू राख्न चाहन्छु अब यसमा समृद्ध कर्णालीको आधार भन्नाले विशेष गरेर हामीले पर्यटन, स्वास्थ्य, शिक्षा, भौतिक पूर्वाधार विकास नै हो जस्तो लाग्छ । यसैमा टेकेर हामीले कार्यक्रमहरू अघि बढाउनुपर्छ । र कर्णाली प्रदेशमा उपलब्ध प्राकृतिक, भौतिक, मानवीय स्रोत र साधानको महत्त्व उपयोग गरिने छ भनेर भनिएको छ । पक्कै पनि शब्दमा हामीले जे जे कुराहरूलाई समेटेका छौं । सरकारले यी कुराहरूलाई गम्भीर भएर लाग्ने छ भन्ने मैले विश्वास लिएको छु । संघ, प्रदेश र स्थानीय तहको समन्वय, सहकार्य र सहलगानीबाट उपलब्ध स्रोत साधनको परिचालन हुने स्थानीय तहको समन्वयिक विकास हुने गरी स्रोत र साधनको बाँडफाँडगर्ने काम वैज्ञानिक र न्यायोचित हिसाबले गरिनुपर्छ भन्ने लाग्छ यसमा पनि सरकारले अलिकति ध्यानदिन जरुरी छ यसमा सरकारले ध्यान दिन्छ भन्ने विश्वास छ ।

सभामुख महोदय, कर्णाली प्रदेशले आम नागरिकले शासनको प्रत्याभूतिको महसुस हुने वातावरण बनाउनु सरकारको पहिलो दायित्व हो । यसमा ध्यान दिन जरुरी छ । र यसमा पनि हामी विश्वास गरौं सरकार यसमा गम्भीर पक्कै पनि हुनेछ । यो आवमा हामीले हेर्यौं, की पूरानै योजनाहरूलाई सम्पन्न गर्ने, नयाँ योजनाहरूलाई विशेष गरी महत्त्व नदिने भन्ने छ । पक्कै पनि यो राम्रा कुराहरू हुन् तर यहाँ निर एउटा कुरा के उठ्छ भने यहाँनेरी क्रमागत योजनाहरू विगत लामो समयबाट हामीले अब ५/६ महिना पछि यो सदनको सरकारको कार्यकाल सकिन्छ तर अहिलेसम्म आउँदा पनि क्रमागतको नाममा प्रशस्त बजेटहरू गइरहेको छ । गएको बजेट ती योजनामा सदुपयोग हुन्छ की हुँदैन्, त्यो आवश्यक हो की होइन्, त्यो बजेट त्यहाँ विनियोजन गर्न कति आवश्यक छ, यदि त्यसो होइन् भने ती योजनाहरूको एक पटक फेरि समीक्षा गरेर, आवश्यक त्यसले तत्काल आउटपुट दिने केही योजना छ भने केही बजेट थपेर सम्पन्न गरौं हैन प्रत्येक वर्ष योजना थपिरहने र त्यसले आउटपुट नदिने योजनाहरूलाई कोलोज गर्नुपर्छ भन्ने मलाई लाग्दछ । यसमा माननीय सभामुखज्यूमार्फत म प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।

यस्तै आ.व. २०७९/०८० को नीति तथा कार्यक्रममा समेट्नुपर्ने विगतमा पनि धेरै राम्रा कुराहरू समेट्यौं आयो बजेट पनि आयो अहिले पनि बिचको यो अनुभवका कारणले अहिले के-के कहाँ चुक्यौं अब यो छोटो अबधि ५/ ६ महिनाको बिचमा पनि सरकारले अलिकत प्रभावकारी ढङ्गले जुन समय छ त्यसलाई सदुपयोग गरेर प्राथमिकता र आवश्यकताको आधारमा नीति तथा कार्यक्रम र बजेटको आधारमा समावेश गर्नुपर्छ भन्ने मलाई लाग्दछ । अहिले हामीले कर्णालीको समृद्धि र आर्थिक विकास भन्यौं यसको हामीले साना साना योजनामा केन्द्रित हुनुभन्दा पनि बहुबर्षीय योजनालाई विशेष गरी हामीले ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ । बहुबर्षीय योजनालाई पनि वैज्ञानिक तबरले आम जनताको आवश्यकताको आधारमा न्यायोचित तरिकाले योजना छनोट र प्रदेशका गौरवका योजनाहरू कतिपय छनोट भएका छन् कार्यान्वयन पक्षमा छ तर त्यसको कार्यान्वयन पक्ष पनि अलिकत प्रभावकारी तरिकाले अगाडि बढाउनको लागि सरकारको ध्यान जावस् भन्ने म आग्रह गर्न चाहन्छु ।

अब विशेष गरेर कर्णाली प्रदेशको हामीले भन्यौं यहाँको समृद्धि र विकासको लागि हामी संग प्राकृतिक स्रोत साधनहरू प्रशस्त छ । यसलाई कसरी छिटोभन्दा छिटो कार्यान्वयन गर्नुपर्छ भन्ने हो ।आज हामी साढे चार बर्ष कार्याकाल पुग्दा हामीले काम त गरौं अगाडि बढ्यौं केही पनि भएन भन्ने होइन् अल्मलिएको हामीले महसुस गरेका छौं । पर्यटन क्षेत्रको विकासको लागि नीति क्षेत्रलाई लगानी गर्न आक्रर्षण गर्ने प्याकेजहरू, बाहिरबाट आउँदा सबै मानिसहरू कर्णालीमा लगानी गर्न डराउँछन् सबै दृष्टिकोणले भौगोलिक दृष्टिकोणता छ तर यसलाई पनि आक्रर्षण गर्ने खालको प्याकेज केही नीति तथा कार्यक्रममा आउनुपर्छ भन्ने मलाई लाग्दछ । बढीभन्दा बढी कर्णाली प्रदेशमा नीति

क्षेत्रका लगानीकर्ताहरूलाई आकर्षण गर्ने सरकारले ल्यावस् भन्ने मेरो आग्रह हो । त्यस्तै कृषि क्षेत्रमा उत्पादन बढाउनको लागि आधुनिक, व्यावसायिक बनाउन आवश्यक पर्छ यसमा पनि सरकारले विशेष गरेर ध्यान देवस् फलफुल, पशुपालन, स्याउ खेती, ओखर, रैथानेबाली, माछा खेती, गाईपालन, मौरी पालन, उत्पादन मुलक कृषकलाई पनि प्रोत्साहन गर्न बढीभन्दा बढी लगानी गरेर यसमा आकर्षण गर्नको लागि, रोजगारीका समस्याहरू न्यूनिकरण गर्नको लागि, आकर्षण हुने किसिमले सरकारले केही प्याकेजहरू नीति तथा कार्यक्रममा आवस् भन्ने मेरो आग्रह हो ।माननीय सभामुख महोदय, शिक्षा प्रणालीमा पनि अलिकति सुधार गर्नुपर्छ भन्ने मलाई लाग्दछ।

हामीले विगतमा बेला मौकामा छलफलमा ल्याएका पनि छौं बजेट पनि सुधार नआएको होइन् तर पनि अझ मलाई के लाग्छ भने शिक्षामा प्राविधिक र सिप मुलक गुणस्तरीय शिक्षा नीतिमा सरकारको गहिरिएर ध्यान होस् आउने नीति तथा कार्यक्रम र बजेटमा पनि यसलाई सम्वोधन होस् भन्ने मलाई लाग्छ । स्वास्थ्य क्षेत्रको पनि सर्वसाधारण नागरिकको पहुँच सुलव तरिकाले त्यहाँ पहुँच होस् भन्ने मलाई त्यहाँ लाग्छ । नागरिकको स्वास्थ्य स्थिति र सेवा उपलब्धतालाई हेरेर सर्वसुलव र गुणस्तरीय सेवा उपलब्ध गराउनको लागि सरकारले के नीति बनाउनुपर्ने हो सरकारले त्यसमा पनि सरकारको ध्यान जावस् भन्ने म सरकारलाई आग्रह गर्न चाहन्छु । कर्णाली प्रदेशमा हामी जलस्रोतको धनी भन्दछौं। तर पनि हामी त्यतातिर अलिकत गम्भीर भएर लागेकोदेखिएको छैन् । चार/साढे चार बर्षको बिचमा हामीले ल्यायौं कतिपय १५बाट २० मेघावटको हाईडोपावरको लागि अध्ययन अनुसन्धान गर्ने भनेर हामीले विगतमा पनि केही १/२ करोड बिनियोजन गरेका थियौं त्यो अगाडि बढ्न सकेन त्यसले गर्दा बाहिर आन्तरिक लगानी कर्तालाई पनि आकर्षण गरेर एउटा हाइडोपावरमा पनि केही अध्ययन अनुसन्धान गरेर अगाडि बढ्दा उचित होला भनेर यसलाई पनि सम्वोधन होस् भनेर म आग्रह गर्दछु । र वितरण मुखी बजेटले हामीलाई काहीं पनि पुर्याउँदैन त्यो बजेट खालि बजेटको लागि बजेट हो उत्पादन मुखी बजेटतर्फ हामीले अलिकत आत्मनिर्भर हुने उत्पादन मुखी बजेटमा सरकार केन्द्रित होस् नीति तथा कार्यक्रम पनि त्यसमै केन्द्रित भएर आवस् भन्ने म चाहन्छु । र अन्तमा पूँजिगत खर्च बढाउन सरकार कसरी केन्द्रित हुने विगतमा पनि भन्यौं विगत पनि हामी पुँजीगत खर्चमा हामी धेरै पछाडि छौं र चालु खर्च हाम्रो म्याक्सिमम अगाडि बढेकोदेखिन्छ । चालु खर्चलाई कमभन्दा कम कसरी गर्ने आवश्यक नभइ नहुँने त खर्च हुनुपर्‍यो तर पुँजीगत खर्चमा हामीले कसरी बढीभन्दा बढी खर्च गरेर विकास निर्माणका कामहरूलाई अगाडि बढाउने तिर पनि ध्यान जावस् अब आउने बजेटमा पनि सरकार गम्भीर हुनुपर्छ भन्ने लाग्छ । योजनाहरूमा हामीले प्रभावकारी ढङ्गले अनुगमन गरेका छैनौं । यसको एउटा संयन्त्र नै बनाएर यसको योजना गुणस्तरीय, आर्थिक पारदर्शी के छ त्यो अनुगमन गर्न जरुरी छ त्यो सरकारको ध्यान जावस् भन्छु ।

अन्तमा जे जस्ता राम्रो, लोकप्रिय हाम्रा कार्यक्रम ल्याए पनि अन्तमा हामीले हेर्ने के हो भने कार्यान्वयन पक्ष परिणाम मुखी छ की छैन भन्ने नै हेर्ने हो त्यसले नै हामीलाई एउटा रिजल्ट दिने हो सरकार सरकारको प्रफमेन्स पनि देखाउने त्यसैले नै हो त्यसैले माननीय सभामुखज्यूमार्फत म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । यो सिद्धान्त, उद्देश्य, प्राथमिकताका कुराहरू सबै राम्रा छन् यसको स्वागत गर्दै अहिलेको नीति तथा कार्यक्रम बजेटको अझ गम्भीर भएर छोटो समयमा छ महिनामा पनि सरकारले विगतका हाम्रा कमीकमजोरी के छन् काँ चुक्यौं अब के गर्दा भोलिका दिनहरूमा त्यसले राम्रो म्यासेज जान्छ भन्ने ध्यान राखेर आवस भन्दै बिदा हुन्छु । धन्यवाद !

**माननयी सभामुखः-** माननीय श्री नरेश भण्डारी त्यसपछि दानसिंह परिवार तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुख महोदय, यो पहिलो एतिहासिक कर्णाली प्रदेश सरकारको पाँच बर्षीय कार्यकालको यो अन्तिम बजेट अधिवेशन अर्थात पाँच बर्षीय आवधिक परिक्षाको अन्तिम पेपरको परिक्षामा हामी सहभागी हुँदैछौं । इतिहासको यो विशिष्ट घडीमा आफूलाई निर्मम परिक्षामा होमिएका छौं हामीले जाँचकी इतिहासका निर्माता सार्वभम कर्णालीका जनता हुन् । उत्तिर्ण हुने वा अनउत्तिर्ण हुने फैसला कर्णालीवासीले गर्नेछन् । यो कटुसत्यको कसीमा प्रि-बजेटउपर सल्लाह सुझाव, टिप्पणी, धारणा र दृष्ठिकोणहरू हामीले हिजोबाट प्रस्तुत गरिरहेका छौं । प्रथमतह सरकारकातर्फबाट कर्णाली समृद्धिको आकांक्षाका साथ आर्थिक मामिला तथा योजना मन्त्री माननीय बिन्दमान विष्ट ज्यूबाट प्रस्तुत विनियोजन विधेयक २०७९ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीतिहरूको मूल उद्देश्य प्रति एक्यबद्धता जायर गर्न चाहन्छु । यद्धपि यो प्रस्तुत विनियोजन विधेयक २०७९ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा मुतृता र प्रस्टताको आवश्यकतादेखिन्छ । संघीयता न टाउकोको रोगको नाईटोको उपचार हो । न त सबैको रोगको एउटै उपचार हो । संघीयता विशिष्ट समस्याको विशिष्ट समाधान हो ।

अर्थात रोगअनुसारको उपचार हो । कर्णाली प्रदेशका विशिष्ट समस्याहरूको सम्वोधन, विस्तृत योजना कार्यक्रम र बजेटले गर्नेछ । तसर्थ यस प्रि-बजेटमा कर्णाली प्रदेशलाई विशेष प्रदेशको रूपमा घोषणा गर्न पहल गर्ने कार्यलाई प्रमुख नीतिका रूपमा उल्लेख गरिनुपर्दछ । विशेषतह विशेष बजेट र कार्यक्रमको स्वाभाविक हकदार विशेष प्रदेश हुन्छ नै । संघीय सरकारले पहुँच र जनसंख्यालाई आधार मानेर गर्ने गरेको बजेट विनियोजन र निर्धारण गर्ने गरेको नीति नै कर्णाली समृद्धिको वाधक बनेको तथ्यलाई हृर्दिङ्गम गर्न विलब्ब गर्नु हुँदैन् । कर्णाली प्रदेशभित्र पनि सामाजिक र भौगोलिक विकासको असमान अबस्थालाई यस प्रि बजेटले हृर्दाङ्गम गर्न सक्नुपर्दछ । यसले आत्मसाथ गर्नुपर्दछ । इजरायलमा लगानीकर्तालाई उत्प्रेरित गर्न ४० प्रतिशत श्रम साझेदारी गर्ने नीति लिइएको छ । दुई बर्षसम्म श्रमिकको ज्याला इजरायल सरकारले

उपलब्ध गराउँछ । प्रदेश सरकारले पनि उद्योगधन्दा कलकारखाना स्थापना गर्न लगानीमैत्री वातावरण सिर्जना गर्न श्रम साँझेदारीको नीति लिनुपर्दछ । यसबाट रोजगारी प्रवर्धन हुनुका साथै प्रदेशको समृद्धिका उल्लेखनीय योगदान हुने विश्वास गर्न सकिन्छ । आम्दानीका स्रोतहरूको पहिचान, र परिचालनको स्पष्ट नीति योजना र कार्यक्रम आवश्यकदेखिन्छ । यो प्रस्तुत प्रि-बजेटमा यी विषयहरू त सम्बोधित भएका छन् तर विशिष्ट खालका केही कार्यक्रमहरू नीतिहरू त्यो खालको योजना र रणनीति जरुरी देखेको छु मैले ।

माननीय सभामुख महोदय, समस्याहरूको पहाड तेर्साईदिने र समस्याहरूको समाधान नसुल्झिाईदिने वा गम्भीर नबन्ने प्रवृतिबाट हामी मुक्त हुनै प्रर्दछ ।

हामीले धारे हात लगाएर वा जुम्लेहात लगाएर गरिबीको दुस्चक्रमा फसिरहेको हाम्रो प्रदेशको उन्मिुक्ति हामीले सम्भव तुल्याउन सक्दैनौं । तसर्थ कर्णाली समृद्धिको बाधक बन्दै आइरहेको यो प्रवृतिलाई परास्त नगरी समृद्ध कर्णाली र सुखारी कर्णालीवासीको संङ्कल्प सार्थक तुल्याउन निकै कठिनदेखिन्छ । यस प्रि-बजेटको बुँदा नम्बर २४ मा आधारभूत शिक्षमा जोड दिएको छ तर प्रवतिय विश्वविद्यालयको विषयमा प्रि बजेट बेलकुलै मौनदेखिन्छ । सरकारले परिभाषित शैक्षिक दायित्व भूलेको भान हुन्छ । संवैधानिक शैक्षिक दायित्व एकातिर र बजेट विनियोजन अर्कैतिर अर्थात विद्यालय शिक्षामा बजेट विनियोजन गर्ने अभ्यासले सरकारले हालसम्म पनि उच्च शिक्षाको गोरेटो नै कोर्न नसकेको प्रस्टदेखिन्छ । किनकि हालसम्म पनि कर्णाली प्रदेश सरकार मातहत एउटा पनि संवैधानिक दायित्वले निर्देशित गरेको क्याम्पस पनि छैन ।

हाम्रो एउटा विश्वविद्यालयको विधेयक अहिले समितिमा छ । समितिको पाँचौं बैठक आज हामीले सम्पादन गरौं । पाँचौ बैठकमा पनि कोरम पुग्न नसकेर आज बैठक पुन स्थगित भएको छ । त्यसो हुँदा खेरि हामीले हाम्रो संवैधानिक उच्च शिक्षाको दायित्व सम्पादन गर्ने एतिहासिक अविभारा छ, प्रदेश सरकारको काँधमा त्यो अविभारालाई हामीले नजर अन्दाज गरिरहेका छौं । यो कुरालाई प्रि बजेटले पनि बोल्नुपर्दथ्यो उच्च महत्त्वका साथ यसलाई प्रायरोटी प्रदान गर्नुपर्ने थियो तर त्यो आइरहेको छैन र हामी केवल विद्यालयका भवनहरू निर्माण गर्ने, आधारभूत शिक्षामा मात्रै आफूलाई कन्सन्टेट गरेको अनुभूति हुन्छ । उद्देश्य खासगरी बुँदा नम्बर ३६ मा स्थानीय कला, संस्कृतिको संरक्षण सम्ब्रद्धनको लागि स्थानीय क्रियाशील संघ संस्था संग समन्वय गरिने छ भनिएको छ।

तर यसलाई सफिसियल प्रस्तुतीका रूपमा मैले लिएको छु । यो सतही ढङ्गले आएको छ । कर्णाली प्रदेशको हाम्रो इस्टेन्थ खासगरी त्यो सुविधा अरू प्रदेशलाई छैन त्यो स्टेन्थ अरू प्रदेशलाई छैन । कि खस भाषाको नेपाली भाषाको उद्गगम स्थल हाम्रो प्रदेशको कुनै एउटा भूगोल हो । त्यस कारणले हाम्रो आफ्नै मौलिक पहिचान छ । हाम्रा ऐतिहाँशिक स्टेन्थहरू छन् त्यसो भएको हुनाले हाम्रो स्टेन्थलाई हामीले बुझिरहेका

छैनौं । यदि हामीले हाम्रो भाषा कला संस्कृति हाम्रो गौरव गाथा प्रवर्धन गर्ने विशेष नीति र संरचनाको विकास गर्न सक्यौं भने हामीले हाम्रो प्रदेशको समृद्धिको एउटा मजबुद आधार यसलाई बनाउन सकिन्छ त्यसतर्फ प्रि बजेट प्रर्याप्त ध्यानाकर्षण गर्न र नयाँ नीति तथा कार्यक्रम र बजेटमा यसलाई विशेष महत्त्वका साथ उल्लेख गर्नको लागि म सरकारलाई विशेष अनुरोध गर्न चाहन्छु । त्यसैगरी उद्देश्यहरूको क मा अर्थतन्त्रको पुर्नउत्थान गर्ने भनिएको छ । यसको पुर्नउत्थानभन्दा पनि स्वाधीन र आत्मनिर्भर अर्थतन्त्रको निर्माणका लागि हाम्रो नयाँ अर्थ नीति र अर्थ संरचनाको विकास गर्न जरुरी छ । पुर्नउत्थानको अर्थ त्यति यहाँ नेरी हाम्रो सन्दर्थमा जस्टिफाई हुँदैन जस्तो लाग्छ मलाई त्यसो हुँदा खेरि हामीले पुर्नउत्थान भन्ने शब्दलाई पुर्नबिचार गर्न जरुरी छ । संसोधन गर्न जरुरी छ ।

जसरी सिंगो विश्व आर्थिक महामन्दिमा परीरहँदा रुसले न्यू ईकोनमि पोलिसीअन्तर्गत यसलाई कार्यान्वयन गरेर आफ्नो अर्थतन्त्रलाई मजबुद पारेर थियो । त्यस कारणले हामीले फरक ढङ्गले हाम्रो ईकोनमि पोलिसी स्टक्चर र सिस्टम विकास गर्न जरुरी छ । धन्यवाद !

**माननीय सभामुखः-** माननीय दानसिंह परियार। समय ७ मिनेट । त्यसपछि गोपाल शर्मा तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री दानसिंह परियारः** माननीय सभामुख महोदय, विनियोजन विधेयक २०७९ का सिद्धान्त, प्राथमिकता र प्रमुख नीतिहरूको सन्दर्भमा मैले आफ्नो धारणा राख्नको निमित्त यहाँ उपस्थित छु । विशेष त अहिले कर्णाली प्रदेशको सरकारकोतर्फबाट प्रस्तुत सिद्धान्त, उद्देश्य र प्रमुख नीतिहरूको बारेमा छलफल गरिरहँदा कर्णालीका आम जनताले नजिकबाट हेरीराखेका छन् । प्रदेश सरकारले कस्तो खालको नीति, सिद्धान्तलाई अख्तियार गरीराखेको छ भन्ने आम कर्णालीका जनताले नजिकबाट हेरिरहेका छन् । हामी कहींले करिब-करिब अन्तिम बर्षमा छौं । बारम्बार हामीले हाम कर्णालीवासीका कुराहरू यो संसद्मा राख्दै आयौं । तर मलाई लाग्छ यो दस्तावेज पनि मैले हेरे । अध्ययन गरे केही विश्लेषण गरे मैले, तर जति कर्णालीवासीमा उत्साह हुनुपर्ने हो । जुन अपेक्षा हुनुपर्ने हो त्योदेखिदैन्, कर्णालीको भोक, अशिक्षा र गरिबी हाम्रो प्रमुख दुस्बन हो भनेर हामीले संसद्मा बारम्बार कुरा राख्दै आयौं । तर हाम्रो कार्यकाल अन्तिम स्टेजमा छ अब हाम्रो कार्यकाल ६ महिना मात्र बाँकी छ ता की पूराना कैयौं योजनाहरू पनि हामीले सम्पन्न गर्न सकेका छैनौं । भने नयाँ योजनाको बारेमा हामीले सोच्न सक्ने परिस्थिति देख्दैन मैले म भन्छु धेरै बस्तीहरूमा हामी गयौं, हामीले ५२ प्रतिशत कर्णालीको बहुआयामिक गरिबी भन्यौं आजसम्म एक प्रतिशत पनि गरिबी घटेको भनेर सरकारले संसद्मा रिर्पोट देखाउन सकिराखेको छैन ।

कि हाम्रो पाँच बर्षे कार्यकालमा कर्णालीको एक प्रतिशत गरिबी पनि हामीले घटाउन सकेनौं । त्यो किन भयो ? किनकि हामीले लगानी कस्तो क्षेत्रमा गर्‍यौं अथवा

योजना हामीले कसरी वितरण गरौं । बास्तममा योजना पाउनुपर्ने बर्ग समूदायका मानिसहरूले त्यो प्राप्त गरे की गरेनन् । अथवा बजेट ठूला कहाँ खर्च गऱ्यौं भन्ने यो ठूलो प्रश्न चिन्ह हो । त्यस कारणले हामीले एक प्रतिशत पनि गरिबी घटाउन सकेनौं पहिलो कुरा, दोस्रो कुरा हामीले रोजगारीका कुराहरू गऱ्यौं । अहिले पनि कालापहाडमा ५ हजार १० हजारको लागि कर्णालीका युवाहरू काम गरिरहेका छन् । गिट्टी ढुङ्गा फोडिराखेका छन् । ता की हामीले कर्णालीका कुनै पनि युवालाई रोजगारी सिर्जना गर्ने वातावरण बनाएनौं हामीले । किन हामीले रोजगारी सिर्जना गर्न सकेनौं यहाँ त ठूलो सम्भावना थियो । पर्यटन, कृषिको सम्भावना, हाईड्रोको सम्भावनालगायतका अध्य धेरै सम्भावना हुँदा पनि हामीले किन रोजगारी सिर्जना गर्न सकेनौं भने रोजगार मुलक क्षेत्रमा राज्यको लगानी गर्न सकेनौं । यो पनि कर्णालीका आम जनताले प्रश्न गरीराखेको विषय बस्तु हो। अहिले कर्णालीमा जति पनि युवाहरू बेरोजगार छन् तिनीहरूले हामीलाई प्रश्न गरीराखेका छन् की संसद्बाट जनताको कानून बनाउने थलोबाट जनताले सजिलै रोजगारी पाउने भए की भएनन् भनेर यो प्रश्न छ आज हामी यसमा अनउत्तरित छौं । यसको बारेमा सरकारले के सोचिराखेको छ म भन्न चाहन्छु । अर्को कुरा राष्ट्रिय अर्थतन्त्रमा कर्णालीले ४ प्रतिशत मात्रै कन्टिव्यूट गर्छ तर हाम्रो कार्यकाल पाँचौं बर्ष हामी अन्तिम बर्षमा छौं तर एक प्रतिशत पनि थप कन्टिव्यूट गर्ने हामीले आधार बनाएनौं । किनभने हामीले प्रदेश गौरवका आयोजनाहरू तय गर्न सकेनौं हामीले कम्सेकम हामी फर्कींदा पाँच बर्षको कार्याकालमा हामी संग ८/८ ओटा मन्त्रालय छन् एउटा मन्त्रालयको एउटा काम पनि जनतामा भन्ने हामीले देखेका छैनौं ।

कृषिमा हामीले नयाँ के गऱ्यौं, जनतालाई के उत्तर दिने कर्णालीका सामाजिक विकास शिक्षा, स्वास्थ्यमा हामीले नयाँ के गऱ्यौं एउटा पनि छैन हामी संग उत्तर, पूर्वाधारमा हामीले के गऱ्यौं, हामी संग उत्तर छैन । ८/८ ओटा मन्त्रालय छ तिनले आफ्नो कार्यकालमा एउटा काम गरेको भए पनि कम्सेकम हामीले जनतामा जाँदा ८ ओटा काम यो यो गऱ्यो भन्ने हुन्थ्यो त्यो पनिदेखिराखेको स्थिति छैन । जति पनि हामीले उत्पादन संग युवालाई जोड्ने अथवा श्रम संग जनतालाई जोड्ने, अथवा आत्मनिर्भर किसिमको अर्थतन्त्र निर्माण गर्ने कुनै ठोष पलान भएन् । यो त पाँच बर्षको कार्यकाल केदेखिन्छ भने न हामीले कर्णालीमा शुसासनको सिस्टम डेभ्लब गर्न सक्यौं, न कुनै नयाँ कार्यक्रम तय गर्न सक्यौं । यसले गर्दा केदेखिन्छ भने हेर्दा खेरि केही भए जस्तो देखिन्छ तर बास्तममा कर्णालीका जनताले प्राप्त गर्ने कुरा प्राप्त गरीराखेका छैनन् । त्यसैले यसले के प्रश्न गरीरहेको छ भने हामीले गत बर्षको हेर्यौं । जता मन्त्रीछन् उतै बजेट, त्यसभित्र पनि आफ्नो निर्वाचन क्षेत्र मात्रै बजेट, बजेट पनि वितरणमुखी बजेट, यसो कहाँ आफ्नो अनुकूल हुन्छ त्यहाँ बजेट विनियोजन गर्ने, बजेट विनियोजनको पनि कुनै सूचक छैन, इन्डिकेटर छैन । हामीले पलान पनि बनाउन सक्दैनौं । के लाई

आधार मानेर कर्णालीको बजेट नीति तथा कार्यक्रम ल्याउने भनेर मैले हरेक नीति तथा कार्यक्रममा संसद्मा बोलिरहेको छु त्यो कुनै पनि छैन ।

त्यसो भएकाले मैले भन्छु कर्णालीका आम जनताले एक पटक प्रश्न गरीराखेका छन् की तिमिहरू संसद्मा छौं । दैनिक प्रश्न गरीराखेका छन् संसद्मा के बोलीराखेका छौं । जनताको आवाज त्यहाँ पुगीराखेको छ की छैन । गरिब, दलित, पछाडि पारिएका बर्ग, बेरोजगारहरूको आवाजलाई संसद्मा राखीरहेका छौं की छैनौं भन्ने संसद्मा म यो संसद्बाटै भन्छु हामीले बारम्बार संसद्बाट कुराहरू राखेका छौं । तर बजेट बन्दा गत बर्षको बजेट हामीले हेर्यौं, संसद्लाई छलेर अध्यादेशमार्फत बजेट ल्याइयो । यो बर्षको बजेटमा प्रदेश गौरवका योजना बाहेक अन्य बजेट सबै जिल्ला र निर्वाचत क्षेत्रमा न्यायचित ढङ्गले वितरण भएन भने यसले ठूलो प्रश्न चिन्ह खडा गर्नेवाला छ । हैन भने हामीलेदेखिराखेका छौं अहिले जिल्लामा १०/५ लाखका योजनाहरू गइराखेका छन् । आफ्नो अनुकूलका कार्यविधि बनाइएको छ र त्यसको त्यसको कार्यान्वयन गर्ने सन्दर्भमा फेरि जनस्तरमा भ्रम सिर्जन गर्ने काम गरिदै छ ।

मेरो अन्तिम आग्रह के छ भने नेतृत्व गर्ने ठाउँमा जति पनि सरकारका प्रतिनिधि हुनुहन्छ एक पटक कर्णालीका जनतामा जतिको निराशा पैदा भइराखेको छ । कर्णालीका परिवर्चत चाहाने मान्छेले जुन अपेक्षा थियो त्यो प्राप्त गरीराखेका छैन्न् भने एक पटक हामीले फेरि गम्भीर भएर सोच्नुपर्न समय आएको छ । त्यो सोचनौं भने गम्भीर भएर विश्लेषण गरेन भने जनताले पुनः प्रश्न उठाउने वाला छन् । त्यस कारणले जसरी हामी बजेट नीति तथा कार्यक्रमको बारेमा छलफल गर्दैछौं । अथवा जनताको जनप्रतिनिधिका थलोमा हामी कुरा गर्दैछौं । तर त्यो किसिमको वितरणमुखि बजेट अथवा न्यायचित बजेट, जनताको जनभावनालाई सम्मान गर्ने, उत्पादन, रोजगारीलाई विशेष फोकस गर्ने अथवा गौरवका आयोजनालाई विशेष फोकस गर्ने काम गर्न सकेनौं भने फेरि कर्णालीमा निरासा पैदा हुने अबस्था छ ।

यो अबको सरकारले आगामी आउने बजेटमा हामीले नजिकबाट हेर्छौं र यो बजेट बास्तममा न्यायोचित र अर्थपूर्ण भएन् भने फेरि कर्णालीका जनताले एटक पटक प्रश्न गर्ने छन् भन्ने भनाइ राख्दै मेरो भनाइ यही टुङ्ग्याउँछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री गोपाल शर्मा समय सात मिनेट त्यसपछि श्री पद्मा खड्का तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री गोपाल शर्माः** माननीय सभामुख महोदय, प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रीले प्रस्तुत आगामी बजेट खासगरी विनियोजन विधेयक २०७९ को सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू यहाँ प्रस्तुत भएको छ । यस सन्दर्भमा सामान्यतया हामी संसदिय पक्रिया र प्रचलनमा बजेटमा ब्यापक छलफल चलाए पनि बजेटको एउटा परम्परा र पक्रिया संसदिय पक्रिया त्यसमा सामान्य सुधार समेत गर्न नपाईने अबस्था हुन्छ । यद्यपि प्रतिपक्षले त्यसमा विभिन्न असफल बनाउने पर्यास गरेपनि सत्ता पक्षको

आफ्नै खालको नैतिक एउटा पक्रिया छ । तर त्यो पक्रियालाई यो ढङ्गले संसद्लाई फेरि सहभागी गराउने एउटा महत्त्वपूर्ण पक्रिया हो यो प्रि बजेट पक्रिया ।

सांसदको पनि सहभागितालाई सुनिश्चित गरिएको र प्रदेश सरकारले के गर्दैछ, कस्तो खालको बजेट ल्याउँदैछ, आफ्नो तयारी कसरी प्रस्तुत गरेको छ भन्ने सन्दर्भमा सदनले जानकारी लिने एउटा महत्त्वपूर्ण माध्याम हो । यो प्रस्तावको लागि म माननीय आर्थिक मामिला तथा योजना मन्त्रीलाई धन्यवाद दिन चाहन्छु र प्रस्तावले धेरै विषयहरू समेटेको छ । यो नीतिगत कुरा मात्रै हो, शैद्धान्तिक कुरा हो, नीतिगत कुरा हो र यसमा मुर्त विषयहरू जोडिदैन् त्यो सदनलाई सामान्यतया जानकारी नै छ । सामान्यतया सिद्धान्तका विषयहरू सैद्धान्तिक रूपले संविधान ऐन, कार्य संग खासगरी हाम्रा स्रोत साधन संग जोडिने त्यसलाई अनुमान गरेर, त्यसलाई आधार बनाएर हाम्रा संरचनाहरूलाई आधार बनाएर व्याख्या गरीएको हुन्छ । यसमा हामीले टिप्पणी धेरै आवश्यक पनि छैन । र यसलाई आर्थिक मामिला तथा योजना मन्त्री ज्यूले केही आधारहरू यहाँ प्रस्तुत गरीराख्नु भएको छ । आगामी बजेटका उद्देश्यहरू के छन् भन्ने सन्दर्भमा खासगरी यहाँ सात ओटा विषयहरू उल्लिखित छन् ।

नागरिकको जिवन रक्षा र समृद्धि, भौतिक पूर्वाधारको सन्तुलित विकास, पर्यटन प्रवर्धन, सक्षम जनशक्तिको विकास, सार्वजनिक सेवा प्रवाहको सुदृढिकरण, नागरिकको आय आर्जनमा वृद्धि, सूचना प्रणालीको विकास र सुदृढिकरणका सात ओटा यस्ता विषयहरूलाई उद्देश्यमा आधारित बनाइएको छ र यी उद्देश्य संग जोडेर ३४ ओटा यस्ता प्राथमिकताहरू तय गरीएका छन् । त्यस मध्ये पहिलो प्राथमिकता भौतिक पूर्वाधारमै अहिले पनि प्राथमिकतामा राखिएको छ । कर्णाली जस्तो क्षेत्रमा भौतिक पूर्वाधारलाई प्राथमिकतामा राख्नु हाम्रो लागि बाध्यता र आश्यकता दुवै छ । तर यस पटक प्रतिबद्धता नयाँ र मौलिक आएको छ यद्धपि यसलाई केही माननीयज्यूले फरक ढङ्गले टिप्पणी गर्नुभयो र अधुरा आयोजना सम्पन्न गर्ने स्पिडमा यो बर्ष आधुरा आयोजना पूरा गर्ने स्पिडमा पेस गर्नु भएको छ । यो जरुरी थियो र आश्यक ठानिएको छ । किनकि हामी संग यस्ता धेरै आयोजनाहरू छन् जसलाई हाम्रो बजेटले अहिले पनि हिजो नै बोल्नेमाननीयले टिप्पणी गर्दै भन्नुभयो की अहिले हामी संग बजेट जे छ आकार जे छ अङ्क जे छ त्यो अनुमानित अङ्क हेर्ने हो भने हाम्रा आयोजनालाई धान्न सक्ने स्थिति छैन् ।

त्यस कारणले हामीले योजनाहरूलाई जति सक्यो कार्यान्वयन गरेर नयाँमा जाने स्थिति बनाउनुपर्छ । नयाँ आयोजना छनोट गर्ने पक्रियालाई प्रतिस्पर्धा गर्नुभन्दा पूराना आयोजनाहरू सम्पन्न गर्ने र नयाँ आयोजनालाई व्यवस्थित रूपमा फेरि नयाँ ढङ्गले छनोट गर्ने तिर जानु आवश्यक छ । त्यसो गर्दा प्रदेश सरकारले गरेका कामको परिणाम पनिदेखिन्छ, भने अर्को तिर नयाँ योजना छनोट गर्दा खेरि पनि हामीलाई सजिलो पुग्छ । सवल र सक्षम नागरिक तयार गर्ने प्राथमिकतालाई यहाँ माननीय मन्त्री ज्यूले पेस गर्नु भएको छ, यसो गर्दा खेरि कृर्षिलाई प्राथमिकता दिने हाम्रा प्राकृतिक स्रोतलाई

बहुआयामिक ढङ्गले उपयोग गर्ने र परिचालन गर्ने सन्दर्भहरू यहाँ छन् । खासगरी गरीब विभेद्मा परेका नागरिक संग सम्बन्धीत कार्यक्रमहरू, युवा लक्षित कार्यक्रमहरू, सहिद परिवार, बेपत्ता र घाइते संग सम्बन्धीत कार्यक्रमहरू, कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्ने सन्दर्भमा आवश्यक व्यवस्थापनका कामहरू यहाँ जोडिएका छन् त्यस्तै व्यवस्थापकिय सुधारका कार्यक्रमहरू यहाँ जोडिएका छन् । प्राथमिकताहरू यसमा राखिएको छ । वातावरणको संरक्षण प्रकोप नियन्त्रण र त्यसमा राहत पुर्नस्थापनाका कार्यक्रमहरू पनि जोडिएर बजेटका प्राथमिकताहरू तोकिने कुरा यहाँ उल्लेख छ । म यहाँ केही सुझावहरू राख्न चाहन्छु । यो समग्रमा आर्थिक मामिला तथा योजना मन्त्रीले जुन प्रस्ताव पेस गर्नु भएको छ । समग्रमा यसले बजेटलाई ढिक ढङ्गले सम्वोधन गर्ने सङ्केत यसमा मैले देखेको छु । केही सुझावहू छन् आर्थिक मामिला तथा योजना मन्त्रीले पेस गर्नु भएको प्रि बजेटमा पनि फेरि पनि प्रतिबद्धताका रूपमा आएका छन् । हाम्रो समस्या के छ भने प्रतिबद्धता गर्ने तर कार्यान्वयनमा व्यक्त गर्न नसक्ने समस्या हाम्रो छ । जस्तै मैले अहिले पनि यहाँ भन्न सक्छु परियोजना बैंक स्थापना गर्ने र प्रगामिकताको आधारमा योजना छनोट गर्ने भनेर हामीले सुरूदेखि भन्दै आएका छौं । सुरूको बजेटदेखि अहिलेसम्म हामीले यो भनिराखेका छौं न परियोजना बैंक स्थापना गर्न सकेका छौं न प्राथमिकताको आधारमा योजना छनोट गर्न सकेका छौं । यो समस्याको समाधान माननीय मन्त्री ज्यूले यो प्रतिबद्धता गरेअनुसार गर्न सक्नुहुनेछ भन्ने म सुबेक्षा राख्न चाहन्छु दोस्रो कुरा डिपिआर गरेका योजनालाई मात्रै समावेश गर्ने भनेर भनिन्छ न हाम्रा डिपिआर व्यवस्थित र व्यावहारिक बनेका छन् उपयुक्त डिपिआर छन् न डिपिआर बनेकालाई समावेश गर्ने अबस्था छन् ।

अर्को आयोजनालाई दोहोरोपन बनाउन हुन्न भन्ने प्रतिबद्धता हुन्छ तर कहिलेकाहीं संघ, स्थानीय र हाम्रो पनि दोहोरीएको अबस्थाहरू त्यहाँ छन् त्यसलाई पनि हामीले सुधार गर्न जरुरी छ । अर्को कुरा प्रादेशिक र राष्ट्रिय महत्त्वका केही अबस्थाहरूलाई बनाउनुपर्छ बजेट व्यवस्थापन गर्न जोड दिनुपर्छ भन्ने छ तर छरिएका आयोजनाहरू हाम्रो ध्यान जान्छ यसलाई पनि हामीले सुधार गर्न जरुरी छ । प्रदेशको यातायात सेवालाई भरपर्दो बनाउने सहज बनाउने सबल बनाउने, भन्ने कुराहरू अहिले पनि आएको छ यो कुरा हामीले हात हाल्नसम्म सकेका छैनौं प्रदेश यातायातको सेवामा हाम्रो सहज व्यवस्थापनको पाटो छैन । अर्को कुरा हामीले अबण्डा बजेट जहिले पनि अबण्डा बजेटले सरकार र सदनलाई अन्तरविरोधी बनाइरहेको छ । यो अभण्डा बजेटको प्रक्रिया प्रचलन यो वर्षबाट हट्छ भन्ने मलाई विश्वास छ । अर्को कुरा यसमा माननीय अर्थ मन्त्रीज्यूका पनि धेरै सिमा छन् उहाँले मात्रै चाहेर मात्रै कतिपय कुराहरू नहुन पनि सक्छन त्यो बाध्यता हुन्छन् । अर्को कुरा व्यक्तिगत र खुद्रा आयोजनामा हाम्रो ध्यान छन सदनमा उभिएर मैले ध्यानाकर्षण गर्ने हैसियत त राख्छु तर मैले आफैंले प्रस्ताब पेस गर्दा खेरि खुद्रा आयोजनाहरू माग गरीराखेको हुन्छु यो अन्तरविरोध छ ।

यो अन्तरविरोधको हलगरेर उपयुक्त योजनाहरू समाधान गर्न तिर लाग्यौं । खास गरी सामाजिक सुरक्षासंग जोडिएको विषयमा अलिकति सुधारको परेत्न हामीले गरौं। जस्तो मैले भन्न चाहन्छु की छोरीको खाताको सन्दर्भमा यो अहिले बैंकलाई पोस्ने काम मात्रै भएको छ यसलाई लगानीमा केन्द्रित गरिदिऔं । निकाली दिऔं २० बर्षमा अहिले पनि मलाई लाग्छ २० करोड त्यहाँ केन्द्रित हुन्छ । २० बर्षमा कति करोड हुन्छ हिसाब गरौं त्यो बैंकमा मात्रै हुने हो बैंकलाई पाल्नुभन्दा बाहिर निकालेर छोरीहरूकै लागि खातामा वृद्धि हुने खालको वातावरण बनाईदिऔं । त्यसो भएका कारण सरकारलाई सहज हुन सक्छ । मैले बजेट कार्यान्वयनको स्वचालित पक्रिया अहिले मलाई के लागेको छ भने प्रदेश सरकारलाई बजेट कार्यान्वयनको चुनौती छ । बजेट कार्यान्वयनको सुरूदेखि नै स्वचालित पक्रियामा लैजाऔं साउनदेखि मन्त्रीले पनि फेरि समय लिनु नपर्ने, सचिवले पनि समय लिनुनपर्ने अबस्था बनाऔं । र कुनै सेवाग्राहि धाउनुनपर्ने अबस्था बनाऔं । एउटा स्वचालित पक्रियामा बजेटको कार्यान्वयन गर्ने पक्रिया अघि बढाऔं । धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री पद्यमा खड्का, समय सात मिनेट त्यस पछि माननीय श्री सीताकुमारी नेपाली तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री पद्मा खड्काः** माननीय सभामुखज्यू, माननीय आर्थिक मामिला तथा योजना मन्त्री विन्दमान विष्टले प्रदेशसभामा प्रस्तुत गर्नु भएको विनियोजन विधेयक २०७९ सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमाथिको छलफलमा हामी भाग लिइरहेका छौं । सर्व प्रथम कर्णाली प्रदेश सरकार सदन जुन हामी हाम्रो कार्याकालको अन्तिम बजेटको उद्देश्य, सिद्धान्त र प्रमुख नीतिमा छलफल गरिरहँदा यो चार बर्षको कार्याकालमा हामीले गरेका बजेटलाई यसो नियालेर हेर्दा कार्यान्वयनको अबस्था काँ पुर्याएका छौं भनेर समीक्षा गर्दा निराशा जनक देख्छौं । कर्णालीमा बजेट बनाउनुभन्दा पहिले बजेटका सिद्धान्त प्राथमिकता र प्रमुख नीतिहरूको बारेमा हामीले छलफल गरिरहँदा प्रि बजेटमा छलफल गरिरहँदा एकातिर बजेटका नीति, एकातिर बजेट र एकातिर कार्यान्वयनको अबस्था हामीले भोग्दै आएको र देख्दै आएको जुन अबस्था छ ।

त्यो अबस्थालाई पक्कै पनि अहिलेको प्रमुख नीति र सिद्धान्तले समेटेर लग्छ की लग्दैन् हेर्न बाँकी नै छ । र मलाई लाग्छ जस्तै हामी कर्णाली प्रदेशमा प्रदेशको योजना आयोग छ योजना आयोगले पञ्चबर्षीय योजना पनि हामीले सार्वजनिक गरेका छौं । कर्णाली प्रदेश सरकारलाई पनि त्यो थाहा भएकै कुरा छ, एकातिर हामीले प्रदेशका महत्त्वपूर्ण पञ्चबर्षीय योजनाहरू बनाइरहेका छौं, प्रदेश गौरवका आयोजनाहरू भनेर बनाइरहेका छौं तर प्रदेश सरकारको बजेटको सुरूवाती चरणमा आउँदा कर्णाली प्रदेशको पञ्चबर्षीय एकातिर, योजना एकातिर र अर्को कुरा हामी सिद्धान्त र नीतिहरू प्रमुख नीतिहरू बनाइरहँदा फेरि हामी अर्को तिर अगाडि बढिरहेकोदेखिन्छ र यो देख्दा खेरि अहिले पनि हामीले थुप्र कामहरू, थुप्रै योजनाहरूलाई समेट्नुपर्ने र गर्नुपर्ने जुन अबस्था छ

त्यो अबस्था हेर्दा फेरि पनि हामीले आ.व २०७६/०७७/०७८ मा गरेका कामहरूलाई फर्काएर हेर्दा फेरि पनि सरासर हामी त्यहीँ पुगेकोदेखिन्छ ।

सभामुख महोदय, मलाई लाग्छ कर्णाली यस्तो प्रदेश हो जहाँ हामीले आर्थिक उत्पादनलाई हामीले अहिलेसम्म पनि अगाडि बढाउन नसकेको अबस्था छ । र आर्थिक राजस्वको हिसाबले हेर्दा कर्णाली यो देशको सबैभन्दा पछाडि परेको प्रदेशको रूपमा पनि हामीले चित्रण गर्न सक्छौं । र त्यो हेरीरहँदा हाम्रो प्रदेशले विभिन्न संरचनाहरू थाम्न सक्ने अबस्था छ की छैन । मैले यो बजेटको सिद्धान्त, उद्देश्य र प्रमुख नीतिहरूमा हेरीरहँदा हामी अन्तमा हामीले हेर्दा फेरि हामीले अन्तरप्रदेश परिषद्हरु, फेरि समन्वय परिषद्, विषयगत समिति, प्रदेश समन्वय परिषद्, कर्णाली प्रदेश विकास परिषद् यस्तै खालको संयन्त्रहरू बनाउने जुन खालको प्रमुख नीतिमा हामीले समेटेर ल्याएका छौं। कर्णाली आर्थिक हिसाबमा आफैंमा सानो प्रदेश त्यसमा पनि हामीले संघीय सरकारको आयस्रोतबाट भर पर्ने र चलाउनुपर्ने प्रदेश हामी फेरि थुप्रै संरचना संयन्त्रहरूको परिकल्पना किन गर्छौं हामी यसलाई हामीले परिकल्पना सँगै कार्यान्वयन गर्न सक्ने हाम्रो मेकानिजम के हो भन्ने कुरालाई हामीले ख्याल नगरीकन हामीले फेरि एकदमै मिठो शब्दमा मिठो भाषामा र देखाउँदा खेरि हेर्दा खेरि ल्याएकै हो कर्णाली प्रदेश सरकारले भन्ने खालको एउटा खालको वातावरण सिर्जना गर्ने खालका यस्ता संरचनाहरू, संयन्त्रहरू हामीले हरेक पटकको कार्यक्रममा पनि देखेका छौं र कार्यान्वयनको अबस्था एउटा पनिदेखिदैन र फेरि पनि यो बजेटको पूर्व सन्ध्यामा ल्याइएको जुन एउटा कार्यक्रममा छ, त्यसपनि पनि त्यति राम्रो सन्देश दिने उपलब्धी देखिने मलाई लाग्दैन् ।

प्रदेशको फेरि पनि योजनाहरू हामीले अहिले प्रमुख प्राथमिकतामा अधुरा योजनाहरू भनिरहेका छौं र कस्तालाई अधुरा आयोजनाहरू भन्ने हो त काँ छन् ती अधुरा आयोजनाहरू, त्यसको के हो सर्वेक्षण गर्नुपर्ने कुराहरू र फेरि पनि अधुरा आयोजनाका नामबाट फेरि टुक्रेबजेटहरू छुट्टीने फेरि पनि योभित्र बजेट आउँछ की भन्ने चिन्ता कता कता एउटा खालको निराशादेखिन्छ । र यसैगरी सम्भावित अधुरा आयोजना सँगै फेरि योजना बैंक तयार गर्ने भनिएको छ यहाँ फेरि योजना बैंक तयार गर्दा गर्दै हाम्रो कार्याकाल सकिने हो की बजेटमा यो नीति तथा कार्यक्रममा बोलिएका प्रमुख नीतिहरूमा फेरि पनि बजेट कार्यान्वयनमा जाने हैन की भन्ने कुरा यसले देखाइरहेको छ । यसैगरी प्रमुख नीतिहरू र उद्देश्यहरू माथि हेरीरहँदा सरसरी हेर्दा देख्दा खेरि एकदमै राम्रो एकदमै मिठासपूर्ण भाषामा हामीले लेखिरहेका छौं । लेख्दै गर्दा एउटा सरकारले ल्याएको डकुमेन्ट, सरकारले ल्याएको एउटा किताब तर हामीले शुद्धासिुद्धि लेख्ने कुरामा पनि क्रमबद्ध मिलाउँदा खेरि धेरै त्रुटीहरू पनि हामीलेदेखिरहेका छौं । त्यस्ता कुरामा पनि ध्यान दिन, यो एउटा डकुमेन्ट एउटा सरकारी डकुमेन्ट भोरी हामीले मात्र होइन् कर्णालीका सबै जनताले हेर्ने डकुमेन्टलाई अझ राम्रो बनाउन पनि मैले सुझाव दिन चाहन्छु । र यसैगरी सुर्खेतकै हुनुहुन्छ अर्थमन्त्री व्हाँसंग जलवायु परिवर्तनको विषयमा

धेरै ज्ञान पनि छ धेरै विषयहरू उहाँले उठान पनि गर्नु भएको छ तर पटक पटक यो विषय यहाँ राखिएको छ तर हामीले हाम्रो प्रदेशले यो क्षेत्रलाई कुन आधारमा प्राथमिकतामा राख्यौं भने पक्कै पनि हाम्रो प्रदेशलाई हामीले राजस्वमा वृद्धि गर्न सक्छौँ भन्ने कुरा अझ ठोष रूपमा आइदिएको भए राम्रो हुन्थ्यो अझ यसलाई समृद्ध बन्ने थियो भन्ने कुरा म सुझाव राख्न चाहन्छु । अन्तमा बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता जसरी यहाँ आएका छन् ती सिद्धान्त, उद्देश्य प्राथमिकताले बजेट छोवस् । र त्यो नीति कार्यक्रम आवस् त्यसले बजेट छोवस् र बजेटमा सन्तुलित वितरण भन्नु भएको छ लेखिएको कुरालाई कार्यान्वयन गर्ने कुरामा पक्कै पनि लाग्नु हुनेछ सरकारले त्यसमा ध्यान दिनेछ भन्ने कुरा राख्दै मेरो भनाइ यही राख्दछु धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री सिता कुमारी नेपाली, समय सात मिनेट त्यसपछि माननीय श्री राजु नेपाली तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री सिताकुमारी नेपालीः-** माननीय सभामुख महोदय, दशौं अधिवेशनको छटौं बैठकमा कर्णाली प्रदेश सरकारको विनियोजन विधेयक २०७९ का सिद्धान्त, उद्देश्य, प्रथाकिता र प्रमुख नीतिहरूका विषयमा छलफल गरीराखेका छौं । समयमै सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू यो प्रि-बजेट छलफलमा ल्याएकोमा कर्णाली प्रदेश सरकारलाई माननीय सभामुख महोदय,मार्फत धन्यवाद दिन चाहन्छु । समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा, समृद्ध कर्णाली सुखारी कर्णालीवासीको दिर्घकालिन सोचसहित समृद्धि कर्णालीको आधार कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र भौतिक पूर्वाधारको मूल मर्ममा आधारित भएर यो सिद्धान्त आएको छ । प्रि बजेट छलफलमा ५३ बुँदामा जुन कुराहरू उठाइएको छ, सात ओटा उद्देश्यहरू राखिएको छ प्राथमिकता र प्रमुख नीतिहरू ३६ ओटा बुँदामा राखिएको छ । विशेष गरी प्रमुख नीतिमा तिन वटै तहको सह अस्थित्व, समन्वय र सहकार्यमार्फत सार्वजनिक निजी र साँझेदारी क्षेत्रको सहभागितामा समाजिक न्यायसहितको आर्थिक विकाससहितको समृद्धि बजेट तथा कार्यक्रमको रूपमा लिएको पाइयो । यो अनुरूप बजेट आवस् भनेर सुवेक्षा व्यक्त गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, उद्देश्यहरू जो राखिएको छ । तिनले धेरै कुराहरू समेटेको पनि छ । र विगतमा कोभिड १९ को कारणले गर्दा खेरि २/२ बर्षको बजेट कोभिड केन्द्रित बजेटको रूपमा आयो । कोभिडको चुनौती संग सँगै हामी संग अबसर पनि थियो र त्यो अबसरलाई प्रयोग गर्ने सन्दर्भमा हामीले जसरी स्वास्थ्य क्षेत्रमा लगानी केन्द्रित गरौं त्यो लगानी अनुरूप स्वास्थ्य क्षेत्रको दक्ष जनशक्ति उत्पादन गर्ने कुरामा कमी भएको अनुभूति हामीले गरेका छौं । हामीले पहिले नै भन्दै आएको संघीयतामा गइसकेपछि संघको बजेटमा मात्रै अघि बढ्नेभन्दा पनि हामीले आन्तरिक स्रोतहरू जुटाउने तिर हामी त्यति धेरै केन्द्रित हुन सकेनौं । त्यसले गर्दा खेरि हाम्रो यो कार्यकालको अन्तिम बर्ष पनि हो, यो अन्तिम बर्षमा भए पनि यो प्रदेशको आन्तरिक आम्दानी जुटाउने तिर ध्यान केन्द्रित गरौं भन्ने मेरो सुझाव छ । र हामीले धेरै पटक

भनेका छौं, गरीमामय सदनमा बोलेका छौं, कर्णालीको प्रतिपक्ष भनेर रोग, भोक र गरिबी भनेर हामीले भन्यौं बेरोजगारी र अशिक्षा हो भनेर हामीले भन्यौं, बजेटहरू त्यतातिर केन्द्रित पनि गऱ्यौं, तर बजेट कार्यान्वयन गर्न सकेनौं जसका कारण कर्णालीको प्रतिपक्ष जो हो त्यो अझै पनि यथावत नै छ । हामीले पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै गर्दा हामीले मानव विकासलाई पनि प्राथमिकतामा राख्नुपर्छ भन्ने कुरा बारम्बार भन्यौं ।मानव विकासको सन्दर्भमा स्वरोजगार बनाउने कुराहरूमा कम्तीमा प्याकेजमा कार्यक्रमहरू ल्याउनुपर्छ र प्याकेजमा कार्यक्रम ल्याउँदै गर्दा क्षमता अभिवृद्धि संग सँगै स्रोत साधन पनि दिने कुरा र आन्मनिर्भर बनाउने जुन विषय हो त्यतातिर हाम्रो त्यति धेरै ध्यान केन्द्रित हुन नसक्दा खेरि जनताले परिवर्तनको प्रत्याभूति गर्ने गरी अनुभूति गर्ने गरी हाम्रा, सिद्धान्त, उद्देश्य र प्राथमिकता हुँदा हुँदै पनि बजेट र कार्यक्रमहरू नआउँदा र आएका बजेट र कार्यक्रमहरू पनि सही ढङ्गबाट कार्यान्वयन नहुँदा खेरि समस्याहरू पैदा भएको मैले महसुस गरेको छु । जसरी प्राथमिकता र प्रमुख नीतिहरू आएको छ । र यी प्राथमिकता र प्रमुख नीतिअन्तर्गत रहेर अब आउने बजेट र कार्यक्रम केन्द्रित हुनेछ भन्ने कुराको विश्वास पनि व्यक्त गर्न चाहन्छु ।

माननीय सभामुखज्यू म केही शुझावहरू यहाँ राख्न चाहन्छु । संघीयतालाई कार्यान्वयन गर्दै गर्दाको अनुभव हेर्दा खेरि यो संघीयता कार्यान्वयनको पाँचौं बर्ष तिर हामी अगाडि बढेका छौं । र यो पाँचौं बर्षमा आइपुग्दा पनि हामीले हाम्रो प्रदेशलाई आत्मनिर्भर बनाउने तिर जान सकेनौं । हामीले हाम्रो स्रोत साधनको प्रयोग गरेर बजेटलाई वृद्धि गर्ने कुरामा हामी चुक्यौं । हामी संघको भरमा फेरि पनि बजेटहरू बनाइरहेका छौं । अर्को तिर हामीले कर्णालीको आवश्यकता लाई पूर्ती गर्दा खेरि ऐन कानून निर्माण गर्दा यहाँका आवश्यक कानूनहरू पनि निर्माण गर्न सकेनौं । सांगठनीक संरचनाहरू अहिले पनि हामीले पूर्ण गर्न सकेका छैनौं । हामीले थुप्रै विधेयकहरू यो संसद्मा आएको छ । कतिपय आउनै पर्ने विधेयकहरू आएकै छैन् । ती आएका विधेयकहरूलाई अगाडि बढाउने कुरा हामीले निर्माण गरेको कानूनलाई सही ढङ्गले कार्यान्वयन गर्ने कुरामा कतै न कतै हामी पछि परेका छौं जसले गर्दा जनताले परिवर्तनको अनुभूति गर्न सकिरहेको छैन । हाम्रो प्रदेश विगतमा खाइकर उठाउने प्रदेश हो तर आज आयत धेरै हुन्छ निर्यात कम हुने स्थिति छ ।

अन्तमा आत्मनिर्भर प्रदेश बनाउन सकिने अबसरहरू धेरै छन् । सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिअनुसार कार्यक्रमहरू आवस् नीतिअनुसार बजेट आवस् र कार्यक्रमहरू आउन् त्यो आएको बजेटलाई सही ढङ्गबाट कार्यान्वयन होस् भन्ने सुझाव म राख्न चाहन्छु । विगत सरकारले ल्याएका थुप्रै राम्रा कामहरू छन् जनमुखि कार्यक्रमहरू छन् त्यसको निरन्तरता होस् जस्तो छोरी खाताको कुरा पिंजी स्टक भएको छ त्यो परिचालन गर्ने गरी नयाँ कार्यक्रम बनाएर त्यसलाई निरन्तरतामा लगियोस् । छोरीबुहारी छात्रवृत्तिको कुरा छ त्यसलाई कम्तीमा छोरी बुहारीहरूलाई छात्रवृत्ति दिने होइन दिने

दिन त तर छात्रवृत्ति दिएर मात्रै हामीले हाम्रो जनशक्ति उत्पादन गर्न सक्दैनौं । जनशक्ति उत्पादन गर्नका निम्ति स्वास्थ्य क्षेत्रको कम्तीमा शिक्षालाई स्थापना गरौं र छात्रवृत्ति मात्रै दिने होइन् की कर्णाली प्रदेशमा थुप्रै छोरी बुहारीहरू स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने गरी अब आउने बजेट र कार्यक्रममा आवस् भन्ने शुभकामना व्यक्त गर्दै मेरा भनाइ यही अन्त्य गर्छु हवस् धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री राजु नेपाली, समय सात मिनेट त्यसपछि माननीय श्री रातो कामी तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री राजु नेपालीः-** माननीय सभामुख महोदय, विनियोजन विधेयक २०७९ को सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा आफ्ना धारणा राख्न गइरहेको छु । हामी अन्तिम बर्षको प्रि-बजेट माथि छलफल गरिरहेका छौं । धेरै माननीयज्यूले आफ्नो धारणा राख्नु भएको छ । मलाई लागेको छ तिन, चार बर्ष अब यो पाँचै बर्षमा जान्छ होला त्यहाँ कार्यक्रम बनाऔंदा लेख्दा एउटै व्यक्तिले लेख्नुहुन्छ की त्यहाँ कर्मचारीहरू फेरीने नयाँ आउने हुन्छ होला नयाँ आउने जाने भएको भए त अलिकत केही परिवर्तन त आउनुपथ्र्यो होला । तर उस्तै उस्तै भएर आउँछन् । उक्तै उक्त यो फोटोकपी त नभनौं तर उस्तै उस्तै भएर आउँछ । कर्णालीमा साँच्चै भन्नुपर्दा बेरोजगारकै समस्या छ त्यसै कारणले गर्दा मुख्यमन्त्री स्वरोजगार कार्यक्रम राखेका थियौं त्यो लागु पनि गरेको थियो अहिले ती कतिसय कति स्वरोजगार भए छन् त्यो लेखेको भए किताबमा आएको भए पनि हुन्थ्यो होला । त्यो कार्यक्रमलाई भनिरहँदा मलाई एउटा स्मरण भयो कोभिडको भयभह भएको बेला हामीले सदन चलाइरहेको बेला बोलिरहँदा त्यो भारतबाट आउने ती गरिब, निमुखा आउँदा बाटोमा पानी नपाएर तड्पिदा बाटो बाटोमा नै लगेर सरकारले पानी खुवाउने, भात खुवाउने उनीहरूलाई आफ्नो नेपाल प्रवेश गराउनेसम्मका कार्यक्रम गर्दै जाँदा अब मलाई के थियो की ढुक्क अब यो समस्या आउँदैन होला् ती जनताले अब यो पिंडा भोग्नुपर्दैन होला भन्ने लागेको थियो तर आउनुभयो २/३ लाख कति भारतमा गएका मानिसहरूलाई भित्रायौं ।

तर आइसकेपछि फेरि एक, दुई महिना बसेर हामी भयौं बेघरबार भन्ने जस्तै हामी फेरि भयौं बेरोजगार भनेर फेरि त्यहीं मुलुक तिर जाने लर्को पनि देखीराख्यौं। त्यो लर्को थुप्रैदेखियो तर मन छुँदा छुँदै पनि गर्न त केही सकिएन् तर त्यस्ता कार्यक्रमहरू ल्याउनुपथ्र्यो । थुप्रै छन् भनेका छौं त हामीले जडीबुटी, नदिनाला पर्याप्त भएको ठाउँ हो भनेका छौं हामीले भूगोलले मात्रै हामीलाई अप्ठ्यारो परेको हो अरू कुरा त हामी सम्पन्न छौं भन्थ्यौं । तर पाँच पाँच बर्ष बित्दा अन्तिम बजेटसम्म आइपुग्दा पनि कुनै एउटा हामीले कल कारखाना कुनै उद्योग धन्दा यहाँ केही पनि गर्न सकेनौं । केही नभए पनि १ हजार १५ जना जना भारतबाट फर्केकाहरूलाई यहाँ रोजगार पाउनुभयो हेर्नुहोस् भनेर चल्न भएको भए जनताले देख्ने पनि थिए होलान् एउटा सुरूवात त हुन्थ्यो नी ।

यहाँ लक्षित वर्ग, महिला दलित सबै ल्याउनु भएको छ आएको छैन भन्न सकिन्न आएको छ आउनु ठूलो कुरा होइन् होला । कार्यान्वयन गर्ने कुरा ठूलो होला । कार्यान्वयन गर्ने तिर हामीले कत्तिको ध्यान नियौं त सकस कार्यक्रम दिएर मात्र हुँदो रहेन छ कार्यक्रम दिँदा पनि यो कार्यविधिहरूले गर्दा फेरि पनि जनताले दुखः पाउने भए । त्यो सजिलै त्यो समुदायमा जाने भएन् कार्यक्रम त्यस्तो खालको कार्यविधि आउन थाल्यो । अनि कसरी हामीले उहाँहरूको जनजिवनलाई फेर्न सक्छौं । कसरी कर्णालीवासीको मुहार फेर्न सकिन्छ । अधुरा आयोजना पूरा गर्ने भनिएको छ तर ती अधुरा आयोजना काँ काँ छन्, कुन अधुरा हुन कुन पूरा छन् कसरी हुन्छ अलिकत छुवाईदिएको भए पनि हुन्थ्यो होला नी । जनता सडककार्यक्रमलाई अधुरा भन्ने की तिनलाई छोडेर अर्कैलाई अधुरो भनेर प्राथमिकता दिने की यसलाई पनि सरकारले बजेट ल्याउनु कुरा अलिकती ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ । यति भन्दै मेरो भनाइ यही राखे धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री रातो कामी, समय सात मिनेट त्यस पछि माननीय श्री शोसिला शाही तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री रातो कामीः-** माननीय सभामुखज्यू , माननीय आर्थिक मामिला तथा योजना मन्त्री विन्दमान विष्टले कर्णाली प्रदेशसभा प्रस्तुत गर्नु भएको विनियोजन विधेयक २०७९ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूउपर छलफलको क्रममा उपस्थित छु । लाग्छ हाम्रो कर्णाली प्रदेश सरकारले ल्याएको विनियोजन विधेयक मूलभूत रूपले एकदमै राम्रा छन् । यसमा कतिपय विषयहरूमा नीति तथा कार्यक्रम राम्रो हुँदा हुँदै पनि हाम्रो कार्यान्वयनको पक्षमा हामीले काम गर्ने शैली र ढाँचा प्रक्रियाले कयौं समयमा अर्जनहरू देखाइरहेको हुन्छ । यसले गर्दा मुख्यकुरा कर्णाली प्रदेशको सन्दर्भमा हामीले सधैंभरी हामी एकै स्वरमा सबैको मर्मस्पष्ट तरिकाले र हामीले एउटा स्वरमा बोलीरहेका छौं की कर्णाली प्रदेशमा आजका मितिदेखि हामीले अलि देखिने गरीकन काम हुन नसकेको हो कीदेखिन तरिकाले केही गर्न चाँहाँदा चाहदै पनि हुन नसकेको हो की हाम्रो वरपर केही त्यस्ता बारबन्देजहरू छन् वा हामी गर्न नसकेका खास कारणहरू के छ भन्ने विषयमा बेलामौका पनि हामीले लागिरहेको छ । फेरि पनि कर्णाली प्रदेश सरकारले जसरी यो आज हामीले आवधिक निर्वाचनका हिसाबले पाँच बर्ष पूरा गर्ने सन्दर्भ संग जोडिएर हामीले यो अन्तिम बजेटमा अथवा अन्तिम सरकारका नीति तथा कार्यक्रममा भाग लिइरहेका छौं ।

अब हामी कसरी अघि बढ्ने अथवा कर्णाली प्रदेश कसरी अगाडि बढ्ला, यो नीति तथा कार्यक्रमले कत्तिको सार्थकता प्राप्त गर्ला भन्ने विषय पनि एउटा जिज्ञासाको विषय त भन्ने नै भयो । फरी पनि सरकारले तथा माननीय आर्थिक तथा योजना मन्त्री ज्यूले प्रस्तुत गर्नु भएको यो दस्तावेजको मूल स्पिड ठिकै छ यसलाई कार्यान्वयनको विषयमा हामीले जोड दिनुपर्छ यसलाई अगाडि बढाउने सन्दर्भमा नीति प्राथमिकता र

सिद्धान्तहरूलाई अगाडि बढाउने सन्दर्भमा बजेट कार्यान्वयनको सन्दर्भमा बढीभन्दा बढी जोड दिनुपर्छ भन्ने मलाई लाग्दछ । कर्णाली प्रदेशको स्थापना सँगै हामीले के कति कामहरूको सुरूवात गरौं र कस्तो ढङ्गले हामी अगाडि बढिरहेका छौं । भन्ने समाजको जिज्ञासा त छ नै । र यसलाई हामीले पूर्णता दिने सन्दर्भमा हामीले दुनियाँलाई बुझ्ने कुरा मात्रै ठूलो होइन् बुझियसकेपछि बदल्ने कुरा प्रमुख हो । बजेट र नीति कार्यक्रम भनेको भौतिक विकास मात्रै विकास हो भन्ने जो हाम्रो परेको छ । यसले मात्रै हामीलाई सही ठाउँमा पुर्याउँदैन मलाई लाग्दछ । समाजको सामाजिक संरचना, विकास र सामाजमा अगाडि बढिरहेको सामाजिक चेतना र सामाजिक प्रभाव के छ त हामी कस्तो मुलुकमा छौं कस्तो किसिमको सन्दर्भ छ हाम्रो अगाडि, मानिसहरू एउटा समाजमा कस्तो ढङ्गले बाँचीरहेका छन् ।

मानव भइसकेपछि आजको जस्तो यो विकसित दुनियाँमा पनि मान्छेले आफूलाई फरक प्रकारको दर्जाको पनको, फरक प्रकारको सम्प्रदायको बुझ्नुपर्ने र सरकार त्यसका बारेमा स्टिकली लाग्न नसक्नु अथवा सरकारका नीति तथा कार्यक्रम त्यो ढङ्गले अगाडि बढ्न नसक्नु पनि यी समस्या हुन् की भौतिक विकास मात्रै विकास हो । यो सामाजिक रूपमा देखा परेका विसंगति विकृतिहरू कसले हल गर्ने हो सरकारको दायित्वभित्र पर्छ कि पर्दैन् । यसलाई प्राथमिकताका आधारमा लिने की नलिने यसलाई प्रमुख प्राथमिकता बनाएर यसलाई हल गर्नुपर्छ की प्रर्दैन् । एउटा पूरातनबादी विचार चिन्तन र एउटा प्रवृतिले ग्रस्त प्रदेश छ यसका बारेमा बहुआयामिक विभेद्हरु छन् एउटै प्रकारको विभेद् छैन् । यो बहुआयामिक विभेद्हरु रहेको कर्णाली प्रदेशलाई सरकारको नीति कार्यक्रम र प्राथमिकतामा यसले झल्काउनुपर्छ र त्यसपछि लाग्नुपर्छ । तब मात्र नयाँ पिँडी, नयाँ संङ्कल्प अथवा नयाँ ढङ्गको स्पिड पैदा हुन्छ । हामी जे गरिरहेका छौं त्यो पेरीफेरीबाट गरिरहेका छौं । जे गरिरहेका छौं त्यो पूरातन सोच चिन्तनबाट गरिरहेका छौं । विकास हामीले पहिलेकै ढाँचामा विनियोजन भइरहेको छ । हाम्रो काम गर्ने तरिका पहिलेकै काम गर्ने तरिकाबाट अगाडि बढिरहेको छ । हामीले समृद्ध कर्णाली सुखारी कर्णालीवासी भनेर पनि राखेका छौं सुखारी तब मात्र हुन्छ कर्णाली प्रदेशमा रहेका विविध प्रकारका सम्पदाहरू, जल, जमिनको सही ढङ्गले हामीले आफैंले उपभोक गरेर, अथवा हामीले त्यसबाट आर्जेर स्वाधीन अथवा स्वाभिमान आफ्नो आर्जेको चिज आफैंले ग्रहण गर्ने ठाउँमा पुग्यौं भने हुन्छ ।

हामी सबै कुरामा परनिर्भर छौं, अब अरू कुरा त हामीले ल्याउँला चामल बेसाउने कुरा होला् हरू चिजहरू हामीले मंगाउने ठाउँ त होला । तर कर्णालीले एउटा ब्राण्ड दिएर पानी मात्र बेच्यो भने पनि बोतलिङ गरेर कति फाइदा हुन्थ्यो मानसरोबरदेखि लगेर हाम्रा स्वच्छ हिमालदेखि लगेर झर्ने झरनाको पानी अथवा केही नाम दिएर मात्रै हामीले बजारीकरण गर्न सक्यौं भने पनि त्यो हुन्थ्यो । मैले योभन्दा अगाडि सुरूमै यहाँ भनेको थिए सामान्यतया हाम्रो प्रदेश पशुपालनको क्षेत्र हो । तिनको साना साना छाला, हड्डी,

खुरको पनि प्रयोग गर्न सकिन्छ । सरकारलाई मैले त्यो सुझाव दिएको थिए त्यसको बारेमा कोही पनि जाँदैन् । कोही गर्नै चाँहादैनन् गर्ने मान्छेलाई पनि त्यो केही छैन् । जबसम्म हामीले आफ्नो सम्पत्तिको रक्षा र विकास गर्न सकेनौं भने त्यो विकास कुन ठाउँको कस्तो ठाउँको विकास गर्न खोजिएको हो । यस्ता नीति तथा कार्यक्रम प्राथमिकताउपर छलफल लिँदा मसिना र मुख्य ढङ्गले छलफल अगाडि बढ्न जरुरी छ र यो नीति तथा कार्यक्रमले विभिन्न क्षेत्रमा झल्काएता पनि यसले त्यतातिर वरिन्टेड हुनको लागि सरकारले थप अघि बढ्न बाटो प्रशस्त गर्नुपर्छ भन्ने मलाई लाग्दछ । त्यो संग सँगै कर्णालीमा श्रम शक्तिको उपयोग नहुँदा अथवा श्रम र रोजगारीको कुरा प्रमुख हो । आज हाम्रा कर्णालीवासी सबै अन्य क्षेत्रमा गएर काम गर्ने अनि हामी विकासको नाममा विविध प्रकारका मेसिनबाट हामी पहाड भत्काइरहेका छौं । (**माननीयज्यू:- समाय सकियो**) त्यसलाई काम गर्ने जनशक्तिको व्यवस्थापन र तिनलाई श्रम रोजगारी संग जोडेर अगाडि बढाउने प्रकारको चाही यो नीति तथा कार्यक्रमले त्यतातिर पकडोस भन्ने कुराको सुभेक्षासहित म आफ्नो भनाइ यही अन्तेय गर्दछु धन्यवाद नमस्कार ।

**माननीय सभामुखः** माननीय श्री सोशीला शाही, समय सात मिनेट त्यसपछि माननीय श्री खड्कबहादुर खत्री तयारी अबस्थमा रहनुहोला ।

**माननीय श्री सोशीला शाहीः-** माननीय सभामुख महोदय, निकै दुखत खबर छ, पोखराबाट जोमसोमको लागि उडेको तारा एयरको जहाजमा चाल दलका ३ सदस्यसहित अन्य १९ जना गरी २२ जना सवार जहाज लेते माथिको पहाडमा दुर्घटना ग्रस्त हुँदा मुत्यु भएका सबै प्रति हाद्रिधक श्रद्धान्जली अर्पण गर्दछु । परिवार जन प्रति गहिरो समवेदना प्रकट गर्दछु ।

सभामुख महोदय, दशौं अधिवेशनको छैटौं बैठकमा सहभागी भएका छौं । विनियोजन विधेयक २०७९ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू माथि छलफल गरिरहेका छौं । यसको अध्ययन गर्दा अत्यन्तै सुन्दर यसमा सबै कुराहरू समेटिएको छ । यसमा धेरै टिकाटिप्पणी गरीराख्नुपर्ने आवश्यकता मैले गरीराखेको छैन । मुख्य कुरा यसको कार्यान्वयन कति हुन्छ कति हुँदैन त्यो महत्त्वपूर्ण कुरा हो । यो एकैपटक सबै क्षेत्रलाई समेटेर ल्याएको भए अझै राम्रो हुन्थ्यो । सग्रममा हाम्रो साथ रहेको छ यस समृद्ध कर्णाली सुखारी कर्णालीको सपना साँच्चिकै अर्थमा पूरा होस् केवल कागजी दस्तावेज मात्रै बन्नुहुदैन हुँदैन् । जनतालाई, आसा भरोषा र विश्वास दिलाउनुपर्छ भन्ने हाम्रो धारणा रहेको छ । भन्दै आफ्ना भनाइ यही अन्त्य गर्दछु धन्यवाद ! जय राष्ट्रबाद ।

**माननीय सभामुखः-** माननीय श्री खड्कबहादुर खत्री, समय सात मिनेट ।

**माननीय श्री खड्कबहादुर खत्रीः-** माननीय सभामुख महोदय, २०७९ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूको बारेमा छलफलमा भाग लिन म उपस्थित छु । विशेष यो हामीले साढे चार बर्ष हामीले चलायौं ।अब पाँच विकास क्षेत्रको एउटा भौतिक

संरचना बनेको ठाउँ संगठन संरचना बनाऔँदा त्यसैतिर हाम्रो ध्यान दुई बर्ष त्यतै लाग्यो भवन बनाउने, टेन्टिङ, पेन्टिङ बनाउने, बाल बनाउने त्यतै तिर लाग्यौं । विशेष गरी हाम्रो उद्देश्य यो कर्णाली प्रदेशबाट आम्दानी कति हुन्छ त्यसको स्रोत के हो भन्नेभन्दा पनि संघीय सरकारले अनुदान दिने र हाम्रो भूभाग हाम्रो भूगोल हाम्रो क्षेत्र अप्ठ्यारो छ उत्पादन हुने क्षेत्र कम छ । जहाँ उत्पादन हुने क्षेत्र छ त्यो क्षेत्रमा हामी बस्ति विकास सहरी करण गरिरहेका छौं । चाहे जुम्लाको कुरा होस्, चाहे चौरजहारीको कुराहोस् चाहे वीरेन्द्रनगरको कुरा होस् अनि हामी फेरि बेरोजगारको कुरा गर्छौं । त्यसैले नीति एकातिर बिधि एकातिर हामी लेख्दा हिजोको इतिहास परापुर्वकालदेखि वेद व्यासहरू पढ्ने गरीन्छ त्यो राम्रै हुन्छ रमाईलै हुन्छ त्यसैले यसमा टिप्पणी गर्नुभन्दा पनि हामी खास गहिराईमा छैनौं । अझ पनि देखावटी छ, हामीले सङ्घर्ष गऱ्यौं, धेरै बलिदानी गऱ्यौं धेरै रगत बग्यो हाम्रो सङ्घर्ष यत्तिकालागि मात्रै थिएन होला जस्तो लाग्छ ।

मलाई लाग्छ हामी जो जिम्मेवार मान्छे छौं माननीय छौं, जनप्रतिनिधिहरू हामी नै समस्यामा छौं जस्तो लाग्छ । हामी गर्ने एउटा भन्ने एउटा व्यवहार एउटा देखावटी एउटादेखिसिखी बढी यस्तो छ त्यसैले अहिले जनताको बिचमा गयो त्यसैले अहिले फेसबुकबाट धारणा बनाउने अर्काले बनाएको कुरा सम्बन्धित निकायमा नजाने, कर्मचारी र जनप्रतिनिधि बिचको तालमेल पटकै छैन् कानून संसोधन भएका छैनन् कानूनहरू बनेका छैनन् हाम्रो चाहाना एउटा छ कामको स्पिड गर्ने कोही मन्त्री छ अथवा सचिव छ भने तलकोले सहयोग गर्दैन् । संगठन संरचना एकातिर छ त्यसको जस, अपजस नेताहरूले लिन्छन् तर नेताहरूले लिनु स्वाभाविकै छ । मलाई लाग्छ यो मुलुकमा ब्यूरोक्राट अथवा भ्रष्टाचार अथवा नीति विधि यो कर्णालीमा एउटा भएको थियो सहकारीको १० करोडको कुरा आएको थियो आज फेल भयो त्यसैले कानून एकातिर छ काम एकातिर छ बजेट वितरण एउटा छ । जन चाहाना एउटा हुन्छ हाम्रो कानून एउटा हुन्छ त्यसैले मलाई लाग्छ यो बहुबर्षीय, कर्मागत योजनाको एउटा नीतिगत संघीय प्रणालीको नक्कली ढाँचा हो यो ।

हामीले त्यहीँलाई नक्कल गर्न खोजेर फेल खाएका छौं । मलाई लाग्छ सुर्खेत जुम्लाको बाटो जुन अबस्थामा छ, एउटा मृत्यु मार्गको चार मिटरभन्दा बढी बढेको छैन त्यो जस्ताको त्यस्तै छ । त्यहीं बाटो एक अर्ब हालेको भए मलाई लाग्छ त्यो काम एक बर्ष हुन्छ फेरि अर्को आर्थिक बर्षमा हुन्छ त्यस्तै कुनै एउटा हाईड्रो हामीले सुरूवात गरेको भए ठूलठूला योजना एउटा बहुबर्षीय योजना प्रति हाम्रो ध्यान पुगेर र अर्कोकुरा डिपिचार मए, डिपिआर कस्तोलाई गर्ने, पाँच लाख पैसा राख्ने डिपिआर गर्ने चार डिपिआरमा जान्छ एक लाखको योजना हुँदैन अनि पाँच बर्षमा त्यो योजना जस्ताको त्यस्तै छ । डिपिआरका पनि मापदण्ड छन् त्यसका पनि सूचक छन् कस्तालाई डिपिआर गर्नुपर्छ र अर्को अन्तर मन्त्रालय जुन हामीलेदेखिसिखी गरिरहेका छौं । नीति सिद्धान्त यहीभित्र पर्छ भन्ने मलाई लाग्छ ।

हाम्रा विधि पक्रिया हामीले काम गर्ने कार्यशैली, कार्यान्वयनका कुराहरू, नीति बनाउने विधि बनाउने, योजना लिने रकमान्तर गर्ने, अन्तरमन्त्रालय सम्बन्धका कुरा एउटा सडक बनाउने कुरा हुन्छ एउटा भवन बनाउने कुरा हुन्छ । वातावरणीय प्रभावले वन मन्त्रालय रोकेको हुन्छ । मलाई एउटा अनुभूति हुन्छ हामीले बजेट पनि छुट्यौं कृषि मन्त्रालयबाट बजेट छुट्टीयो सित भण्डारको लागि पाँच पटक त मुख्यमन्त्री कार्यालयबाट फाईल हरायो । पछि भेट्टीएर केन्द्रमा जाँदा त्यहीँबाट पनि त्यो भएन् त्यो भएका कारण के हो तभन्दा यो हिजोकै पञ्चायती शैलिको राणा सासन त हामीलाई थाहा भएन तर पञ्चायती शैलिको हजुर हजुर कर्मचारी अफिस बस्दा पनि सोझै ढाड तेर्साएर जाने अनि त्यहाँ छुट्टै लाभ हुन्छ । त्यसैले मलाई के लाग्छ भने भ्रष्टाचार भ्रष्टाचार भन्छौं हामी त्यो ठाउँ गर्ने एउटा मूल पानी ट्याङ्की जस्तै गेड बनाउने ठाउँ जस्तै मुख्यमन्त्री हुनुहुन्छ प्रधानमन्त्री हुनुहुन्छ उहाँ मात्रै सबै होइन् उहाँका अंगहरू मन्त्री हुन्छ त्यसपछि हामी सांसदहरू छौं, सचिव हामी जिम्मेवार छैनौं । हाम्रो १ सय जनामा एक जना मान्छे सप्रे पुग्छ अथवा १० जनाले नाच्ने गाउँने नयाँ कपडा लगाउने त्यसप्रति जनताको श्रदा गरीदिए पनि उही हिजोको त्यस्तो किसिमको जो काम गर्छ श्रद्धा छैन म यहाँ यो मञ्चबाट धेरै श्रहाना त गर्दैन् मुख्यमन्त्री प्रत्येक मिटिङ्मा हुनुहुन्छ प्रत्येक सहभागी हुनुहुन्छ मलाई आशा छ ।

यस पालीको बजेटमा आर्थिक मामिला मन्त्री पनि विवेकशिल हुनुहुन्छ । त्यसलाई हामीले व्यक्तिगत कनिका छरेजस्तो गरेर माग्नुभन्दा पनि जुन आवश्यकिय बजेट छन् जुन गर्नैपर्ने योजनाहरू छन् हिजो बहुबर्षीय योजना छन् एक प्रदेशबाट अर्को प्रदेशमा जोड्ने योजना छन् । जनता सडक छन् कृर्षिमा लगायका योजनाहरू छन् । उद्योगका कुराहरू छन् र काहीँ ठूलो ढुङ्गो देख्ने बित्तिकै पर्यटन क्षेत्र नतोकियोस् काहीँ दाडे मस्टो, दुधे मस्टो, आवश्यक नभएको ठाउँमा योजना नजाउन् के आग्रह हो तभन्दा यसलाई मजाकको रूपमाभन्दा पनि ३३ अर्ब माथिबाट आउँछ जनताबाट पसिना बगेको त्यो दुरूपयोग नहोस् । त्यसलाई सदुपयोग गरीयास् म के आग्रह गर्न चाहन्छुभन्दा अन्तिम अबस्था हाम्रो होइन् । यो सुरूवात छ हामीले धेरै कुरा थालनी गरेका छौं । धेरै राम्रा कुराहरू पनि सुरूवात छ । कति हाम्रा विकृति विसंगति भएका कुराहरूलाई पछिका सन्तती पछि आउने सांसदहरूले पछि आउने प्रतिनिधिहरूले त्यसलाई हामीले गरेका उदाहरण अहिलेका यो छ महिनाको बजेटले वितरण सन्तुलन बजेट, आवश्यकता पहिचान गर्ने, आवश्यकता काँ हो त्यो ठाउँमा बजेट ठिक ठाउँमा गयो भने मलाई जनताले पनि सम्झिने छन् ।

त्यसैले यो कर्णाली प्रदेशको अबस्था वेरोजगार युवाहरू भारत तिर जान्छ एक दुई प्रतिशत मात्रै खाडी मुलुक तिर जान्छन् । सबै गरिब छन् फुलि गुलापी राखेर मान्छेहरू घरमा धरौटी राखेर जान्छन् फेरि ६ महिना बसेर आउँछन् अबस्था एकदमै दयनिय छ । विभेद् छ दलित बस्ती धेरै छ गरिब धेरै छन् खानाका कुरा आए सबै

हामी जम्मै नोट र भोटमा फसेकाछौँ । मलाई लाग्छ यो भन्न नहुने हो यो विधिभित्र अब एमाले धेरै बनायो भने काँग्रेस तिर भोट जाने भयो काँग्रेस धेरै बनायो भने एमाले तिर भोट आउने भयो माओवादी धेरै भयो भने अर्को तिर भोट जाने भयो तपाईँहरू इतिहास देख्नु भएको छ । मलाई लाग्छ हामी सबै १८ घण्टा डिउटी दिने मुख्यमन्त्री लगायत मन्त्री प्रदेश सांसदहरू सबै कर्मचारी हामी सबैले डिउटी पूरा गर्‍यौं भने मलाई लाग्छ हामी गरिब हुने छैनौं हामी काम नगर्दा पनि हामी मन्त्री हुँदा होस् वा सचिव हुँदा हामी सबै आ आफ्नो डिउटी प्रति उत्तरदायी भयौं भने पूर्ण रूपले सफल हुन सक्छौं । बजेटमा कर्णालीवासीको खास चाहाना के छ तभन्दा यसैप्रति बजेट कसरी आउँछ त बजेट हिजो लागेका ठाउँमा ठिक ढङ्गले बाटो काहीं अधुरो छ । काहीं पहिरो गएको छ कुनै काहीं अधुरो छ कुनै भवन शिक्षा अधुरो छ कुनै त्यस्तो छ भने त्यस्तो प्रति बजेट जानुपर्छ जुन सुकै जिल्लाको कुरा होस् म के आग्रह गर्न चाहन्छु भने नीति एउटा बिग्रियो ।

प्रदेशसभाबाट निर्वाचन क्षेत्र स्तरीय एउटा बहुबर्षीय योजना बनाउने भनियो अहिलेसम्म चार ओटा ठाउँमा टेण्डर भएको छैन । अख्तियारी दिएको आर्थिक मामिला तथा योजना मन्त्रालयबाट तिन महिना भइसक्यो त्यसैले ती आफ्ना धारिला हतियार पनि अलि धारिला बनाउन पर्‍यो त्यसैले नीति प्रवाह पर्ने हामीले बनाएको नीति हामीले गरेको योजना छनोट हामीले लगाएको योजना तल कार्यान्वयन गर्ने कर्मचारीबाट भएका कारणले व्यूरोक्राट अनुशासित ढङ्गले चलाउन सकियो भने तिनलाई चलायमान बनाउन सकियो भने हाम्रो विकास हुन सक्छ त्यसैले के आग्रह गर्न चाहन्छु तभन्दा भएका योजना अधुरा योजनालाई पूरा गर्नका निम्ति जुन आएको छ त्यो सही ढङ्गले सदुपयोग होस् सही ढङ्गले जावस् र योजना पहिलो ढङ्गले छुट्याएका योजनाहरू मलाई जहाँसम्म लाग्छ १० प्रतिशत पनि काम भएको छैन् । उल्टै काम गर्ने मान्छेलाई नै प्रभावित पार्ने गरेको मैले आफ्नो ठाउँबाट महसुस गरेको छु । (**माननीय सभामुखः- समय सकिएको छ माननीयज्यू**) ।

अर्को १० ओटा जिल्लामा जुन १० ओटा संगठन थिए कर्णाली प्रदेशमा एउटा निर्देशनालय राखिएको छ यसलाई पनि जिल्लालाई एउटा सुरूवात गरियो भने एउटा संगठन संस्थालाई आग्रह गर्दै नीतिले सबैलाई छोवस् सन्तुलन बजेट आवस् भन्दै मेरा भनाइ यत्ति नै राख्दछु धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू विनियोजन विधेयक २०७९ का सिद्धान्त, उद्देश्य र प्राथमिकता र प्रमुख नीतिहरूमा समावेश भएका विषयबस्तुहरूमा माननीय सदस्यहरूले छलफलको क्रममा राख्नु भएका जिज्ञासा तथा सुझावहरूलाई आगामी बजेट तथा कार्यक्रममा समावेश गर्ने सम्बन्धमा प्रदेश सरकारको धारणा राख्न कर्णाली प्रदेश

सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टलाई समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारकोतर्फबाट आर्थिक मामिला तथा योजना मन्त्रालयले विनियोजन विधेयक, २०७९ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू यहाँ प्रस्तुत गरीसकेपछि हिजो र आज दुई दिन यो सम्मानित सदनमा माननीय सदस्यहरूले प्रदेश सरकारले र हाम्रो मन्त्रालयले अपेक्षा गरे अनुरूपनै आफ्ना धारणाहरू प्रस्तुत गर्नु भएको छ । हामीले अपेक्षा गरेका थियौं यो दस्तावेजमाथि खुल्ला रूपमा छलफल होस् रचनात्मक र परिणामखुी सुझावहरू प्राप्त हुन् जसको कारणले गर्दा खेरि आगामी आर्थिक बर्षको बजेट निर्माण गर्ने सन्दर्भमा हामीलाई महत्त्वपूर्ण मार्ग दर्शन प्राप्त होस् भन्ने अपेक्षा हामीले गरेका थियौं । सोहि अनुरूप माननीय सदस्यहरूले यो सम्मानित सदनमा महत्त्वपुर्ण सुझावहरू आफ्ना धारणाहरू भनाइहरू आफ्ना प्रतिक्रियाहरू र आफ्ना खासगरी भनाइहरूमार्फत प्रदेश सरकार र हाम्रो मन्त्रालयको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउनु भएको छ र हामीलाई त्यतातिर मार्ग दर्शन गर्नुभएको छ ।

यसप्रति सबैभन्दा पहिला म सम्पूर्ण माननीय सदस्यहरू प्रति माननीय सभामुखज्यूमार्फत हार्द्रिधक आभारत व्यक्त गर्न चाहन्छु धन्यवाद दिन चाहन्छु । यी महत्त्वपूर्ण धारणाहरू हाम्रो आगामी आर्थिक बर्षको बजेट निर्माण गर्दा खेरि महत्त्वपूर्ण मार्गनिर्देशन हुनेछन् । यो मार्ग दर्शनलाई लिएर हामी आगामी बर्षको बजेट निर्माण पक्रियामा अघि बढ्ने छौं यो विश्वास व्यक्त गर्न चाहन्छु ।अब धेरै लामो विषय त मेरो छैन सभामुख महोदय,म संक्षिपमा माननीयज्यूले यहाँ उठाउनु खोजेको विषयहरूको सन्दर्भमा हामीले हाम्रो मन्त्रालयका धारणाहरू प्रदेश मन्त्रायलका धारणहरू म संक्षेपमा म संक्षेपमा राख्न चाहन्छु । बजेट निर्माणमा दुईतिन ओटा विषय हुन जस्तो लाग्छ मलाई हाम्रो आन्तरिक राजस्व परिचालनको सन्दर्भमा सबै माननीयज्यूले गम्भीर रूपमा कुरा उठाउनु भएको छ यसलाई मैले सकारात्मक रूपमा लिँदै हो हामी आत्मनिर्भर बन्नको लागि हाम्रो आन्तरिक स्रोतको व्यवस्थित परिचालन गर्न जरुरी छ ।

विगतका बर्षहरूमा पनि यो सम्मानि सदनमा धेरै पटक हामीले छलफल र बहस गरेको विषय हो । यसलाई थप व्यवस्थित गरेर जाने विषयमा हाम्रा परेन्नहरू पहलहरू पुगेका छैनन् भने हामीले यही डकुमेन्टमा पनि आन्तरिक राजस्व परिचालनका सन्दर्भमा सिद्धान्तमा पनि हामीले राखेका छौं । राजस्व परिचालन भरपर्दा र अनुमान योग्य बनाउन विस्तृत रूपमा यसको अध्ययन गरिने छ भनेर भनेका छौं । विघुतिय माध्यामको प्रयोग गरी कर सङ्कलनका कुराहरू गरेका छौं सार्वजनिक नीति सहकारी र सामुदायिक क्षेत्र संगको सहकार्यमा साँझेदारीमा पुँजी निर्माण गर्ने, उच्च बचत परिचालन गर्ने, जनशक्तिको विकास गर्ने लगायत योमार्फत हामीले प्रदेशको पुँजी निर्माण गर्ने आन्तरिक राजस्व परिचालन गर्ने भन्ने कुरालाई हामीले सिद्धान्तमा व्यक्त गरेका छौं । प्रमुख नीति

र प्राथमिकतामा पनि हामीले के भन्यौं तभन्दा खेरि हाम्रा केही कानूनी समस्याहरू छन् ती कानूनी सस्याहरूको हल गर्नका लागि संघीय सरकार संग पहल गर्ने अगाडि बढाउने भन्ने कुरा गरेका छौं । प्रदेश र स्थानीय तहको राजस्व बाँडफाँड पारदर्शी बनाउनको लागि वित्त अगाडि बढ्ने भन्ने कुरा गरेका छौं ।

कर्णालीमै भएका कच्चा पदार्थहरू उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरू स्थापना गर्ने त्यो पनि नीति सार्वजनिक साँझेदारीमा ती उद्योगहरू सञ्चालन गरेर हाम्रो आय स्तरलाई सरकारको पनि यहाँका जनताको पनि वृद्धि गर्ने पुंजी परिचालन गर्ने र त्यहाँबाट आत्मनिर्भरताका आधारहरूलाई तय गरेर अगाडि बढ्ने कुरालाई पनि हामीले यसमा समेटेका छौं । यधपी अझै माननीय सदस्यहरूले राखेको सुझावलाई थप समेटेर अझ बजेटसम्म गईपुग्दा खेरि हामीले यसलाई समृद्ध गरेर लैजाने विश्वास दिलाउन चाहन्छु । हाम्रो मन्त्रालयबाट आन्तरिक राजस्वलाई व्यवस्थित, परिचालन गर्नको लागि राजस्व परामर्श समितिलाई तदर्श समिति गठन गरेर हाम्रो राजस्वका क्षेत्रहरू के हुन् यसलाई कसरी व्यवस्थित गर्न सकिन्छ तदर्श समिति बनाएर कामलाई अगाडि बढाएका छौं । यो डकुमेन्टलाई थाई डकुमेन्टको रूपमा निर्माण गरेर राजस्व परिचालनलाई व्यवस्थित गरेर जाने भन्ने कुरा हामीले यो डकुमेन्टमा पनि राखेका छौं र हाम्रो अभ्यासको हिसाबले हेर्दा खेरि तदर्श राजस्व परामर्श समितिको तदर्श समिति बनाएर यो बजेट निर्माणका सन्दर्भमा कामहरू थालनी गरेर अगाडि बढाएको कुरा माननीय सभामुखमार्फत यो सम्मानित सदनमा जानकारी गराउन चाहन्छु ।

राजस्व बाँडफाँडमा स्वचालित पक्रिया अपनाउनु पर्छ भनेर माननीयज्यूहरूको सुझाव पनि आएको थियो त्यसलाई स्वचालित पक्रिया स्थापना गर्ने, सूचना मैत्री बनाउने यसमा पनि अगाडि बढाइराखेको कुरा म यहाँ अबगत गराउन चाहन्छु । त्यसपछि आन्तरिक राजस्व परिचालन सम्बन्धी हामीले अध्ययन गरेर एउटा प्रारम्भिक रिर्पोट तयार गरेका छौं । कर्णाली प्रदेशको आन्तरिक राजस्वका क्षेत्रहरू के हुन् विज्ञहरूसहितको अध्ययन गरेर एउटा प्रारम्भि रिर्पोट हामीले तयार गरेका छौं । ती रिर्पोटमा टेकेर अब आउने आर्थिक बर्षको बजेटमा यसका दायराहरू के हुन सक्छन् भन्ने कुराको पहिचान गरेर हामी त्यो ल्याउने नै छौं । त्यो प्रारम्भिक रिर्पोट तयार गरेका छौं । यसको विस्तृत अध्ययन गरेर व्यवस्थित गर्ने कुरामा मन्त्रालय क्रियाशील रहेको कुरा माननीय समाखुममार्फत म यो सम्मानि सदनमा जानकारी गराउन चाहन्छु । राजस्व परिचालन हाम्रो कमजोर पाट पनि हो हामीले विगतमा जे अभ्यास गरीराखेका छौं त्यो बाटो हेर्दा खेरि हामीले धेरै यसलाई व्यवस्थित गर्न नसकिरहेको अबस्था जो छ यसमा हामी परेन्नशिल छौं । दोस्रो कुरा हामी विनियोजन कसरी गर्छौं भन्ने कुरा अर्को पाट हो जस्तो लाग्छ मलाई यस सम्बन्धी थुप्रै माननीय सदस्यहरूका महत्त्वपूर्ण सुझावहरू आएका छन्।

हामीले विनियोजनका सिद्धान्तहरू सन्तुलित विकासको अबधारणा त्यसपछि सामाजिक न्यायसहितका विकासका कुरालगायतका थुप्रै विषयहरू यहाँ माननीय सदस्यज्यूहरूले जो व्यक्त गर्नु भएको छ सबै सुझावलाई मन्त्रालय मनन गर्न चाहान्छ र आगामी बजेट निर्माणका सन्दर्भमा यसलाई महत्त्वपूर्ण मार्गदर्शको रूपमा लिन चाहान्छ लिने कुराको अबगत गराउन चाहन्छु । हामीले यो बर्ष अधुरा आयोजनाहरू सम्पन्न गर्ने बर्षको रूपमा बजेटलाई त्यतातिर केन्द्रित गर्ने भन्ने भनेर त्यतातिर हामीले अहिलेको यो दस्तावेजमा व्यक्त गरेका छौं । माननीय सदस्यहरूबाट केही चासो पनि आएको छ यो जरुरी छ भन्ने कुरा पनि आएको छ । अधुरा आयोजनाहरू के हो भनेर प्रश्न पनि गर्नु भएको छ । म के आग्रह गर्न चाहन्छु तभन्दा खेरि अधुरा आयोजना भनेको प्रदेश सरकारले सुरू गरेका र सम्पन्न नभएका आयोजना नै अधुरा आयोजना हुन् त्यो कँदिखिन्छभन्दा हाम्रो रेकर्डमा ती सबै छन् । आगामी आर्थिक बर्षको बजेटको ठूलो भोलुम हामी अधुरा आयोजना पूरा गर्नेतर्फ केन्द्रित हुन्छौं । नयाँ आयोजना हुँदै हुँदैनन् भन्ने पनि होइन् नयाँ पनि हुन्छन् तर नयाँ आयोजना छनोट गर्ने सन्दर्भमा अर्थ मन्त्रालयले बजेट निर्माणका सन्दर्भमा सबै मन्त्रालयमा मार्गदर्शन पठाएको छ त्योअनुसार नीतिमा हाम्रो सिद्धान्त प्राथमिकता, उद्देश्य र प्रमुख नीतिहरूमा प्रस्तुत गर्ने सन्दर्भमा नयाँ आयोजना छनोट गर्ने सन्दर्भमा यो नीति बनाइने छ भनेर हामीले उल्लेख गरेका छौं । त्यो आधारमा केही नयाँ आयोजना पनि छनोट गरेर अगाडि बढ्नुपर्ने आवश्यकताको आधारमा छनोट हुनुपर्छ भन्ने कुरामा पनि माननीय सदस्यहरूले यहाँ व्यक्त गर्नु भएको छ । त्यो कुरा प्रति पनि मन्त्रालय गम्भीर भएको र त्यो अहिलेको आवश्यकताहरूलाई सम्वोधन गर्ने गरी अघि बढ्नेपनि म यहाँ अनुरोध गर्न चाहन्छु । यो संग सम्बन्धीत थुप्रै कुराहरू माननीय सदस्यहरूले उठाउनु भएको छ ती सबै कुराहरू प्रति म सम्मान व्यक्त गर्दै बहुबर्षीय आयोजना निर्माण गरेर अघि बढ्यौं भन्नु भएको छ यसमा हामीले हाम्रो धारणा पहिले नै प्रस्तुत गरीसकेका छौं । अबण्डा बजेट नराखौं भन्नु भएको छ पक्कै पनि माननीय सदस्यहरूले जे जे कुरा यहाँ राख्नु भएको छ यो धारणा प्रति म उच्च सम्मान व्यक्त गर्न चाहन्छु त्यतिअनुसार अघि बढ्ने कुराको म प्रतिवक्तमा व्यक्त गर्न चाहन्छु । छोरी खाताको पुँजी स्टक भयो यसलाई परिचालन गर्ने गरी अघि बढौं भन्ने धारणा यहाँ राख्नु भएको छ विगतको तिन बर्ष चार बर्षको हामीले जे अभ्यास गर्दै आएका छौं त्यसको समीक्षा गर्दै अब यो स्टक राख्ने होइन् की परिचालन गर्ने गरी के गर्न सकिन्छ हामी त्यतातिर छलफल केन्द्रित गरीराखेका छौं ।

यो सझाव पनि एकदमै मनन योग्य सुझाव छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । त्यसपछि कर्णाली प्रदेश विशेष प्रदेश हो यसलाई संघीय सरकारले यसका समस्याहरूलाई विशेष ढङ्गले हल गर्नुपर्छ, विशेष तरिकाले सम्वोधन गर्नुपर्छ भन्ने कुरालाई प्रमुख नीतिको रुप्मा बनाउनुपर्छ भन्ने कुरा पनि माननीयज्यूले यहाँ व्यक्त गर्नु भएको छ हामीले विगतदेखि नै यो कुरामा छलफल गर्दै आइराखेका छौं । यो पाँच बर्ष बिन्नथाल्यो हाम्रो

प्रगति के भन्ने कुरा गम्भीरतापूर्वक उठेको छ । हो हाम्रो समीक्षा गर्नुपर्ने कुराहरू थुप्रै छन् हामी समीक्षा गरौंला । बहुआयामिक गरिबी ५२ प्रतिशत थियो हामीले एक प्रतिशत पनि घटाउन सकेनौं भन्ने विषयपनि यो सम्मानित सदनमा उठेको छ । भर्खरै राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको बहुआयामिक गरिबी सम्बन्धी प्रतिवेदनमा उल्लेख के छ भने कर्णालीको अहिलेको बहुआयामिक गरिब भनेको ३९.५ प्रतिशत हो । ५२ प्रतिशतबाट घटेको छ । यो कसरी भयो सबै हामीले गर्‍यौं भन्ने कुरा होइन् तर तथ्याङ्कले हामीलाई त्यो बोल्छ हामी केही न केही अघि बढेका छौं भन्नेतर्फमा अलिकत ध्यान केन्द्रित गरौं भन्ने कुरा म यहाँ राख्न चाहन्छु । र त्यसपछि जलवायु परिवर्तन सम्बन्धी पनि अरू देशहरूले धेरै विकास गरे भन्ने कुरा आएको छ यसलाई म माननीय सभामुखज्यूमार्फत सदनलाई के अनुरोध गर्न चाहन्छु भने यसलाई विकासलाई अबरोध गर्ने गरि फोकस गरेको होइन् ।

हाम्रो विकासमा जलवायु परिवर्तनका कुराहरू जे छन् त्यो समस्याहरू एड गर्ने वातावरणमैत्री विकासलाई अगाडि बढाएर लैजाने न की यो विकासको अबरोधको रूपमा विकासलाई रोक्ने रूपमा होइन् की वातावरण मैत्री कसरी बनाउने त्यतातिर पनि ध्यान केन्द्रित गर्नको लागि हामीले यो कुरा गम्भीरतापूर्वक उठाएका हौं । एक जना माननीयज्यूले भन्नु भयो यी विभिन्न परिषद् संरचनाहरू निर्माण गरेर फेरि प्रदेश सरकारले के गर्न खोज्यो भनेर भन्नु भयो जस्तो ५१ मा राखिएको छ । राष्ट्रिय समन्वय परिषद्, अन्तरप्रदेश परिषद् यो हामीले नयाँ निर्माण गर्ने संरचना होइनन् म यो सदनमा अनुरोध गर्न चाहन्छु हामीले यो निर्माण गर्ने संरचना होइन् यो कानूनले गरेर निर्माण भइसकेका संरचना जसमा हामी सहभागी भएर त्यसको भूमिकालाई प्रभावकारी बनाऔंदा खेरि हाम्रो संविधानले परिकल्पना गरेर हाम्रो शासन प्रणालीमा हाम्रो सहभागिता स्थानीय तह, हाम्रो र त्यसपछि संघको समन्वय, साँझेदारीमा कामहरूलाई प्रभावकारी बनाएर समन्वय गर्नको लागि सहकारिता गर्नको लागि बनाइएका विभिन्न संरचनाहरू हुन् यो हामीले नयाँ संरचना बनाउन खोजिएको होइन् । नयाँ संरचना निर्माण नगर्ने कुराप्रति हामी एकदमै प्रतिवद्र्ध छौं । हाम्रो जे स्रोत छ त्यो स्रोतबाट हामीले धेरै नयाँ संरचना निर्माण गरेर अगाडि बढ्न सक्ने अबस्था छैन त्यस कारणले त्यो नगर्ने प्रति हामी सचेत छौं ।

कार्यान्वयनको समीक्षाको सन्दर्भमा हामीले केही समीक्षा गर्नुपर्ने छ । हामी पाँच बर्षको पनि समीक्षा गर्न चाहन्छौं। आगामी बजेटमै हामी पाँच बर्षको कार्यान्वयनको समीक्षा पनि हामी गरौंला । माननीय सदस्यहरूले भने जस्तै हाम्रो यो कार्यकालको अन्तिम बजेट पनि हो त्यस कारणले गर्दा खेरि त्यो पनि समीक्षा गरौंला तर हामीले अलिकति यो बिचमा हामीले के परेन्न गरेका छौं तभन्दा खेरि कार्यान्वयनको समीक्षा गर्दा खेरि बजेट कार्यान्वयन हुन सकेन त्यसका विविध अरू कारणहरू छन् त्यसको विनियोजनमा हाम्रा केही प्रश्नहरू छन् । आयोजना छनोटमा हाम्रा केही प्रश्नहरू छन् । हाम्रो जनशक्तिमा केही समस्याहरू छन् जनशक्तिको तदारुक्तामा केही समस्याहरू छन् ।

यो तमाम समस्याहरूको कारणले गर्दा खेरि सोचेअनुसार बजेट कार्यान्वयनमा सोचेअनुसार हामीले प्रतिफल पाउन सकेका छैनौं । तै पनि यो बिचमा हामीले के परेत्न गरेका छौं तभन्दा अर्थवार्षिक मुल्याङ्कन प्रतिवेदन हामीले यो पटक सार्वजनिक गरेका छौं । कार्यान्वयनमा रहेका समस्याहरूलाई अर्थवार्षिकमा समीक्षा गर्दै त्यसपछि वार्षिकरूपमा कसरी कार्यान्वयनलाई प्रभावकारी बनाएर लैजान सकिन्छ भन्ने कुरा ऐनले व्यवस्था गरेको छ यो बर्षदेखि त्यो कार्यान्वयनको बाटोमा अगाडि लिएका छौं ।

अर्को हामीले वित्तिय जोखिम कार्यविधि निर्माण गरेर हाम्रा कार्यान्वयनका समस्याहरू त्यसमा कार्यालय, मन्त्रालयलाई मन्त्रालयअन्तर्गतका विभिन्न संरचनालाई जिम्मेवार बनाउने र कार्यान्वयनको पक्रियालाई प्रभावकारी बनाउनको निमित्त हामीले यी विषयहरूलाई पनि सम्वोधन गर्नको निमित्त यी कुराहरूलाई राखेर अब एउटा बाटोमा अगाडि बढेको कुरा सम्मानित सदनमा म माननीय सभामुखज्यूमार्फत अनुरोध गर्न चाहन्छु, जानकारी गराउन चाहन्छु हामीले यी कामहरूलाई कार्यान्वयनको पक्रियामा पनि मूल्याङ्कन गर्ने, कार्यान्वयनमा रहेका सीमाहरूलाई समीक्षा गर्ने र त्यसलाई सुधार गरेर अगाडि बढ्नको निमित्त यसले मार्गदर्शन गर्ने छ भन्ने कुराको विश्वास म यहाँ व्यक्त गर्न चाहन्छु । हाम्रो अर्को पाठ भनेको कार्यान्वयन पछि बेरुजुको छ यो सम्मानित सदनमा गम्भीरतापूर्वक विषय पनि उठेको छ । हामीले कर्णाली प्रदेश बेरुजु व्यवस्थापन सूचना प्रणाली लागु गरेका छौं । विभिन्न कार्यालयको बेरुजुलाई सूचना प्रणालीमा इन्ट्रि गरेर बेरुजु फछ्यौंटको प्रक्रियालाई गम्भीरतापूर्वक अघि बढाउन फछ्यौंट हुन सकेन भने सम्बन्धित कार्यालयको लेखा अधिकृत, प्रशासकिय अधिकृत सम्बन्धित सरोकारवाला व्यक्तिको रेकर्डमा देखिने यो सूचना प्रणालीको विकास गरेर त्यो प्रक्रियामा अगाडि हामी बढेका छौं । यसले बेरुजु शून्यमा झार्ने कुरामा यसले काम गर्नेछ ।

यी सबै कुराहरू माननीय सदस्यज्यूले महत्त्वपूर्ण सुझावहरू दिनु भएको छ यसले आगामी आर्थिक बर्षको बजेट निर्माण गर्ने कुरामा महत्त्वपूर्ण मार्ग निर्देशन हुनेछ भन्ने कुरा यहाँ फेरि पनि अनुरोध गर्दै आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू विनियोजन विधेयक २०७९ का सिद्धान्त, उद्देश्य र प्राथमिकता र प्रमुख नीतिहरूमा समावेश भएका विषयवस्तु माथिको छलफल समाप्त भएको जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७९ साल जेठ १८ गते बुधबार दिउसो ३ बजेसम्मको लागि स्थागित हुन्छ ।

# बैठक संख्या-७
## (२०७९ साल जेठ १८ गते बुधबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको सातौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशको सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानूनमन्त्री माननीय श्री हिमबहादुर शाहीलाई कर्णाली प्रदेश निजामती सेवाको गठन सञ्चालन सेवाका शर्त सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सामान्य छलफलका लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानूनमन्त्री माननीय श्री हिमबहादुर शाहीः-** माननीय सभामुख महोदय, नेपालको संविधानको धारा २८५ को उपधारा ३ मा प्रदेश मन्त्रीपरिषद्ले आफ्नो प्रशासन संञ्चालन गर्न आवश्यकताअनुसार कानून बमोजिम विभिन्न सरकारी सेवाहरूको गठन संञ्चालन गर्न सक्ने व्यवस्था रहेवमोजिम प्रदेशको निजामती सेवालाई सक्षम, सुदृढ सेवा मुलक उत्तरदायी बनाउन कर्णाली प्रदेश निजामती सेवाको गठन संञ्चालन र सेवाका शर्त सम्वन्धमा कानुनी व्यवस्था गर्न आवश्यक भएकोले सभामा टेबुल भैसकेको कर्णाली प्रदेश निजामती सेवाको गठन संञ्चालन र सेवाका शर्त सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि कर्णाली प्रदेशसभा नियावली २०७४ को नियम १०६ बमोजिम सामान्य छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश निजामती सेवाको गठन संञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेक माथिको सामान्य छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूका लागि समय निर्धारण गरेको छु । छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले सभामुखको ड्यासको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला । सर्वप्रथम माननीय श्री सीताकुमारी नेपाली । यसपछि दल रावल तयारी अबस्थामा रहनुहोला, समय सात मिनेट ।

**माननीय श्री सीताकुमारी नेपालीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश निजामती सेवा गठन संञ्चालन र सेवाका शर्त सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलमा हामीले भाग लिरहेका छौं । सर्वप्रथम कर्णाली प्रदेशको सांङ्गठनिक संरचनालाई पूर्ण गर्नका निम्ति यो विधेयक आएको छ भन्ने मेरो विश्वास हो । माननीय सभामुखज्यूमार्फत कर्णाली प्रदेश सरकारलाई म धन्यवाद व्यक्त गर्न पनि चाहन्छु । कानून निर्माणको प्रक्रियामा हामी छौं र कानून निर्माण गर्दै गर्दा हामीले संविधान संघीय कानूनको मर्म र भावना विपरीत प्रदेशका कानूनहरू बन्ने कुरा हुदैन र यो कानून निर्माण गर्दै गर्दा पनि विधेयक जसरी आएको छ र यो विधेयक पनि संविधान र संघीय कानूनको मर्म र भावना विपरीत नहोस भन्ने कुरा म राख्न चाहन्छु । र कर्णालीको

आवश्यकताअनुसार यहाँको अबस्थाअनुसार पनि हामीले यो विधेयकलाई प्रभावकारी र कार्यान्वयन योग्य बनाउनुपर्ने मैले देखेको छु । र हामीले कानून निर्माण गर्ने प्रक्रियामा विशेष गरेर कर्मचारी निजामती सेवाको गठन संञ्चालन संग संम्वन्धित यो कानून भएको हुँदा कर्मचारी समायोजन ऐनले गरेको व्यवस्था आनुसार पनि कर्मचारीहरूको भर्ना नियुक्ति सरुवा बढुवा आचरण बिभागिय सजायका विषयमा पनि संघीय कानून जो छ त्यो संघीय कानूनको आधारभुत एउटा सिद्धान्त र मान्यतालाई आधारको रूपमा लिनुपर्ने हुन्छ । त्यो अनुरूप नै यो आएको होला भन्ने मैले सोचिराखेको छु । र हामीले कानून निर्माण गर्दै गर्दा खेरि विषेश गरेर हामीले कर्णाली प्रदेशमा निजामती कर्मचारीको भर्ना प्रक्रियालाई चाहिँ अगाडि बढाउनका निम्ति यले बाटो खोल्ने नै छ ।

त्यो हुँदाहुँदै पनि संघीय संरचनामा देश अगाडि बढिसके पछि प्रदेशका कानूनहरूको निर्माण नभैसकेको अबस्थामा र प्रदेशमा पनि समायोजनमा कर्मचारीहरू पनि आएको अबस्था एकातर्फ छ भने अर्कोतिर संघीय कर्मचारीहरूले पनि प्रदेश सरकारमा सेवा गरिरहेको अबस्था छ यो अबस्थामा कम्तीमा समायोजन भएर आएका कर्मचारीहरूको मनोबललाई चाहिँ नघट्ने गरी हामीले चाहिँ यो कानूनलाई अगाढि बढाउनु पर्छ होला जस्तो मलाई लाग्छ । र मैले यो किताब सबै पढि सक्ने अबस्था भएन धेरै हेरेको छैन् मोटामोटी मात्रै मैले हेर्दै गर्दा खेरि जस्तो सचिव स्थरसम्म पुग्दा खेरि अन्य प्रदेश को अभ्यासभन्दा यहा फरक ढङ्गबाट ल्याएको जस्तो मैले अनुभूति गरेको छु । जस्तो जुन तह र पदको कुरा गर्दा खेरि एघारौं तहसम्म मात्रै यहाँ समावेश गरीएको छ, सचिव स्तरसम्म पुग्दा खेरि एघारौं नभएर बाह्रौं तहसम्मकोलाई चहि सचिव स्तरमा ल्याउँदा खेरि राम्रो हुन्छ भन्ने लागेको छ मलाई र कर्मचारीहरूको मुल्याङ्कन गर्दै गर्दा खेरि खुल्ला हैन एउटा प्रतिशपर्धाबाट ल्याउने कुरा सोभाविक हिसाबले ठिकै हुन्छ । र खुल्ला प्रतिशपर्धाबाटमात्रै आउने निजामती कर्मचारीको एउटा आन्तरिक हिसाबले पनि जुन कार्यक्षेमता र कार्यसम्पादन जो हुन्छ त्यो कार्यसम्पादन र कार्यक्षेमतालाई पनि आधार मानेर अलिकति त्यसलाई पनि प्राथमिक्तामा राख्दा खेरि राम्रै हुन्छ छ जस्तो मलाई लागेको छ । र सँगसँगै मैले एउटा विषय मैले उठाउनैपर्छ जस्तो लाग्छ ।

हामीले संविधानको मर्म र भावना अनुरूप अगाडि बढदै गर्दा खेरि समावेशीताको सिद्धान्तलाई आत्मसाथ गर्दै गर्दा प्रदेशस्तरमा बन्ने कानूनहरू निर्माण गर्देगर्दा समावेशीको कुरा गर्दा खेरि यहा अलि फरक ढङ्गबाट आएको मैले अनुभुति मैले गरेको छु र यसमा चाहिँ विषेश जुन व्यबस्था छ समावेशीताको त्यो विशेष व्यवस्थामा चाहिँ कर्णालीको जनसङ्ख्यालाई आधार मान्ने हो भने खस आर्य त्यसपछि दलित त्यसपछि जनजाति आदिवासी जनजाती त्यसपछि अन्य जातीहरूको प्रतिशतको कुरा गर्दाखेरि योअनुसार यहाँ मिलेको छैन । यो संघको कानूनको कपी पेष्ट हो कि के हो ? म प्रश्न पनी गर्न चाहन्छु जस्तो महिलाहरूको विषेश एउटा व्यवस्था संविधानले गरेको छ ३३ प्रतिशतको कुरा

त्यो सही छ ३३ प्रतिशत महिलाहरूको छ र कर्णालीमा एक तिहाई जनसङ्ख्या दतिको छ तर यहाँ राख्दै गर्दा खेरि ९ प्रतिशत मात्रै राखिएको छ । आदिवासी जनजातिको जनसङ्ख्या कम छ १२/१३ प्रतिशत मात्रै हो तर यहाँ २७ प्रतिशत राखिएको छ । र हाम्रो प्रदेशमा मधेसी कोटा छुट्याउन पर्छ कि पर्दैनभन्दा खेरि हैन त्यो मधेसीको कोटा यहाँ २२ प्रतिशत राखिएको छ । र अपाङ्गता भएका व्यक्तिहरूको सवालमा र पिछडिएको क्षेत्रको सवालमा ५ र ४ प्रतिशत भनेर जो राखिएको छ यो चाहिँ सही छ तर जुन एउटा जनजाति र दलितहरूको प्रतिशत छुटाईदै गर्दा खेरि कम्तीमा कर्णाली जुन अबस्थिति छ जनसङ्ख्याको अबस्था हो त्यो अबस्थाअनुसार दलितहरू हैन समावेशी कोटामा चाहिँ दलितहरूको प्रतिशत चाहिँ यो बढाउन पर्ने यो प्रिन्ट मिस्टेक हो वा कपि पेष्ट हो हैन ।

यो विषय चाहिँ मलै लागेको कुरा मैले यहाँ राखेको छु । र मैले धेरै विषयहरू राख्नेभन्दा पनि हामी यो कानून निर्माणको गर्ने प्रक्रियामा छौं । आज हामी सैद्धान्तिक छलफल गरिरहेका छौं र यो सैद्धान्तिक छलफल पस्च्यात हामीले यो विधेयकलाई चाहिँ परिमार्जन गर्नका निम्ति वा यो विधेयक मा संसोधन गर्नका निम्ति हामीलाई समय पनि हुन्छ र त्यो समयमा यो विधेयकभित्रका केही कमी कम्जोरीहरू लाई पनि हामीले अध्ययन गर्ने छौं । र त्यो अध्ययनअनुसार हैन संसोधन प्रक्रियामा पनि हामी लाग्नेनै छौं । र मलाई के विश्वास छ भने कर्णाली प्रदेशको एउटा जुन हामीले निजामती कर्मचारीहरूको जुन एउटा खालको शुरुको हैन एउटा अबस्थामा चाहिँ हामीले जुन खालको स्थिति भोग्यौं हामीले हाम्रो प्रदेशको कर्मचारी नहुँदा हैन हामीले जुन प्रकारको एउटा समस्या हामीले भोग्नु पर्ने स्थिति भयो समायोजनकै प्रक्रिया पनि एकदमै कम कर्मचारीले यो कर्णाली प्रदेश छानेको अबस्था जो थियो त्यो अबस्थाको बिचवाट कतिपय समायोजनमा पनि आउनु भयो र अहिले हामी नया ढङ्गवाट कर्णाली प्रदेशले आफ्नो निजामती कर्मचारीहरू छनोट गर्दै छ । यो प्रक्रियामा चाहिँ यो कानूनलाई चाहिँ प्रभावकारी पनि बनाउनेछौं र संसगै कार्यान्वयन योग्य कानून बनाउने कुरामा चाहिँ सरकारले पनि त्यातिकै चासो दिन जरुरी छ । हामीले विगतमा बनाएका कानूनहरू हतारमा हामीले कानून बनाउदै गार्दा खेरि कानून त बनाई सक्यौ तर कार्यान्वयन गर्ने क्रममा त्याहाँ समस्याहरू पैदा भैरहेका छन् । फेरि पुन हैन संसोधन गर्ने पक्रियामा ल्याउनु पर्ने अबस्था जो सिर्जना भएको छ त्यो स्थिति सिर्जना नहोस र अहिले हैन संसोधनको प्रक्रियावाट कतिपय संसोधन पर्ने विषयहरू जो छन् त्यसलाई चाहिँ एक दम मसिनो तरिकाले एलाई चाहिँ अध्ययन गरेर हौन यसलाई चाहिँ कार्यान्वयन योग्य बनाउनका निम्ति मैले माननीयज्यूहरूलाई पनि यो प्रक्रियामा अगाडि हैन सहयोग गर्नु हुनेछ माननीयज्यूहरूले पनि नयाँ यसलाई अध्ययन गरेर संसोधनको प्रक्रिया पनि तपाईंहरूले सहयोग गर्नु हुनेछ भन्ने कुराहरू राख्दै आफ्नो भनाइ यही अन्ते गर्दछु धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री दल रावल यसपछि माननीय श्री देवी ओली तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री दल रावलः-** माननीय सभामुख महोदय, प्रदेश सरकारले प्रस्तुत गरेको यो निजामती सेवा ऐन विधेयक माथि चाहिँ प्रदेशसभामा चाहिँ सैद्धान्तिक विषयमा छलफल गर्दै छौं । हुन त संवैधानिक व्यवस्था कानुनी व्यवस्थाअनुसार संघीय निजामती ऐन आहिसकेपछि प्रदेशले ल्याउनुपर्ने थियो तर तिन करिब करिब चार वर्ष बित्दासम्म संघको सरकारले निजामती सेवा ऐन ल्याउन नसकेपछि प्रदेशका थुप्रै बाधा अबरोधलाई फुकाउदै अगाडि बढ्नको निम्ति पनि प्रदेश सरकारले यो चाहिँ दस्तावेज यो विधेयक सदनमा ल्याको छ र यसको अनिवार्यता छ । सकेसम्म संघीय निजामती ऐन संग नवाजने गरी सेवा समुहहरू नजुज्ने गरी र चाहिँ अझै पनि यसलाई पछि पनि हामीले फुकाउन सक्ने व्यवस्थासहित हामीले अगाडि बढाउ । र त्यो आवश्यक छ र बढुवा रोकिएका छन् । कर्मचारीहरूको वृद्धि विकासका कामहरू रोकिएका छन् । यसअर्थ पनि एलाई अगाडि बढाउन जरुरी थियो र यस माथि हामी छलफल गर्दैछौं ।

अब दुनियामा कर्मचारीहरूको मोडल बिभिन्न रहेछ । काहि हायर एण्ड फाएरको पनि छ काहि रुकुयरमेन्ट सिस्टम चाहिँ एकदम प्रोग्रेसिप गर्ने कनेक्टिभ गर्ने त्यसपछि प्रमोशन सिस्टम चाहिँ यो व्याज प्रमोसन सिस्टमलाई चाहिँ अगाडि बढाउने रहेछ । विषेश गरी इंडियामा इंडियाको व्युरोक्रेशी किन स्टङ छभन्दा खेरि मैले अलिकति यसो हेर्दा खेरि त्याहाँ कस्तो रहेछ भने रिर्कुमेन्ट सिस्टम चाहिँ नियुक्ति गर्ने प्रति अत्यन्त कनेक्टिभ रहेछ तर पछि पर्ममोसन सिस्टम व्याज प्रमोसन सिस्टम रैछ । त्यो भएर कर्मचारीहरू स्वायत्त छन् त्याहाँको कर्मचारी अलिकति व्युरोक्रेसिहरू अल्लि बलिया छन । अब चिनमा त हायर एण्ड फायरको पनि छ जोले राम्रो काम गर्छ रिवाड पाउछ ननिय पनिस्मेन्ट पाउछ भन्ने नि छ । अर्को चाहिँ जापानको सिस्टम राम्रो रैछ । जापानमा कस्तो रछ भने जुन विषय विशेषयोग्तासहित हामीले कर्मचारी उनिहरूले नियुक्ति गर्छन् । उनको रिटार्यमेन्टसम्म पनि त्यहीं उसमा काम गर्छन् ती विषयमा काम गर्छन हाम्रो चाहिँ जस्तै इजिनियर पछि सचिव बनाई दिन्छौं अथवा डक्टरलाई अर्को के बनाई दिन्छौं त्यस्तो होइन त्याहाँ चाहिँ जुन विशेषयोग्तामा नियुक्ति गरेको हुन्छ जसको क्वालिफिकेशन जेहो भनेर नियुक्ति गरिन्छ त्यसैमा चाहिँ कन्टिनुयु त्यो आफ्नो रिटायर मेन्टसम्म काम गर्दा रहेछन् । त्यले गर्दापनि जापानको चाहिँ प्रशासन मतलब यो कर्मचारीतन्त्र बलियो भको रैछ ।

यस्तो सिस्टम हामीले पनि कर्णालीमा कर्मचारी लिदाखेरीको जुन डिसिपिलिन हामी लिन्छौं त्यसैलाईनै कन्टिनियुटि गरेर प्रमोसनमी हुन्छ उले पाउने सुविधा पाउछँ त्यो अर्को कुरा हो । तर त्यसमै काम लगाउने गरेर त्यो चाहिँ स्पेश राखौं । मेरो विचारमा त्यो पनि एउटा राम्रो मोडल रहछ भन्ने मलाई लाग्यो । त्यसपछि यो सेवा क्षेत्र जुन छ यसलाई विष्टिकृत गरौं अलि स्पिस्टलाईज गारौं हैन किन भने मनपरी सिस्टम मान्छेले

आस्ट पढेको छ मान्छे चाहिँ कर्मस पढेको छ उ चाहिँ अर्को प्रशासन सेक्टरमा आउने मान्छे इन्जेनेरिङ पढेया छ प्रशासनमा जाने यस्तोभन्दा पनि स्पिस्टलाइस्ट सेक्टरहरू सेवा क्षेत्रहरू छन् त्यसैमा काम गर्ने कन्टिनियु गरेर उले आफ्नो दक्षेता प्रर्दशन गर्न पाउने व्यवस्था चाहिँ हामी हाम्रो निजामती सेवा ऐनमा व्यावस्था गरौं । त्यले गर्दा राम्रै हुन्छ । अर्को चाहिँ यो त्यसैमा प्रमोशन सिस्टमलाई होरिजेन्टल भटिकल दुवै दुईवटै खुल्ला राख्दियौं एउटै मात्रै होइन कि दुईवटै ठाउँमा चाहिँ खुल्ला राखौं भने कर्मचारीको वृद्धि विकास हुने र उहाँहरूको अलिकति चाहिँ राम्रो फिलिङस हुने सरकारप्रति उत्तरदायित्व बढ्ने हुँदो रहेछ । त्यलाई पनि अलिकति हामी खुल्ला राखौं भन्ने मलाई लाग्छ । अनि विशेष गरेर कर्मचारी सरुवा बढुवा माननीयको भाई भतिजा भएको नाताले चाहिँ राम्रो ठाउँमा पाउने अर्को कोही पनि राम्रो कर्मचारी छ तर उसको चाहिँ पोलटिकल यक्सिस छैन भने उले चाहिँ दुर्गमको दुर्गममै बस्नुपर्ने यो कुरा हटाउ । यसमा के गरौं सफ्टवयर मैलेपनि पहिला सरकारमा हुँदा  सोचिया थियो त्यतिखेर सम्भ भएन म चाहिँ माननीय मुख्य मन्त्री ज्यू सरकारका मन्त्रीज्यूहरू यहाँ हुन्छ सकभर सकिन्छ भने सफ्टवेयर प्राणाली लागु गरौं । किन भने दुई वर्षमा हुम्ला बसेको मान्छे सुर्खेत आउँनको निम्ति दुई वर्ष बित्नुभन्दा तिन महिना अगाडि उसको नाम चाहिँ किलिक किलिक रातो वत्ति बलेर फलानो ठाउँ तिमि सरुवा हुदैछौं भन्ने देखायौ भने उसले आफ्नो फेमलीको प्रलान पनि गर्छ ।

म अब सुर्खेतमा बसुवास गर्नुपर्ने भन्ने हुन्छ अथवा सुर्खेत बसेको मान्छे जाजरकोट जान पर्‍योभने पन्ध्र महिना सुर्खेत बसेपनि जाजरकोट बसेपनि सरुवा हुने व्यवस्था गर्न सक्यौं भने सफ्टवयरबाट कुनै पोल्टिकल इन्टरफिरबाट नपाउने कसैको पनि पक्षपाति हिसाबले होइन त्यो कर्मचारीको वृद्धि विकासका लागी त्यो कर्मचारीको स्वयम मोटिभेसनका लागी पनि सफ्टवयर प्रणाली लागु गरम त्यो चाहिँ ऐनमा व्यवस्था गरौं कर्मचारी सरुवाको यस्तो सफ्टवयरको व्यवस्था हुन्छ जसले कोही पनि कर्मचारी अन्यमा पर्दैन् र न्यायको फिलिङस राज्य प्रतिको उत्तरदायित्व वहनगरेर चाहिँ कर्मचारी सरुवा हुन्छ भन्ने व्यवस्था सफ्टवयर गर्न सकिन्छ यो दुनियामा प्राक्टिस रहेछ । हामी सम्भव छ सक्छौं यतातिर पनि सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । र यो चाहिँ ऐन मात्रै नभएर कर्णालीको मानव स्रोतको अत्यन्त राम्रो दसतावेजको रूपमा विकास गरौं बरु छलफल गरौं ।

बरु चाहिँ यस्पोटहरूको को छन कर्मचारी तन्त्रका लामा लामा अनुभव भएका साथीहरूलाई पनि राखौं । अन्तराष्ट्यि अनुभव लिउ । हामी हतार नगरौं तर पनि यलाई चाहिँ राम्रो मानव स्रोतको विकासको दस्तावेजको रूपमा चाहिँ यलाई विकास गरेर अगाडि बढाऔं भन्ने म चाहिँ आग्रह गर्न चाहन्छु । त्यासपछि यो कर्मचारी क्षेमताको विकासमा पनि अलि हामीले ध्यान दिनपर्ने हुन्छ कर्मचारी न्युक्ति गर्छौं नियुक्ति गरिसकेपछि छोडुवा जे गरर भनेर हुदैन कर्मचारीलाई आफ्नो डिसपिलिनमा आफ्नो

टियुआरमा रहेर कसरी काम गर्ने नेपालका शासन प्रशासन ऐन कानूनमा कसरी रहेर काम गर्ने खरिद ऐनका व्यवस्थाहरू र कसरी अबयर गराउने यी सवै सिस्टमा सिकाएर अगाडि बढ्न सक्यौं भने कर्मचारी तन्त्र अझ राम्रो हुन्छ जस्तो लाग्छ । त्यसै गरी यो हामी एघारौं तहसम्म चाहिँ बढुवा गर्न सक्छौं । एघारौं तहको १० प्रतिशत खुल्ला लिन सक्छौं भन्ने व्यवस्था गरी सकेपछि मैले आफूलाई अनुभव गरेर अहिलेका मन्त्री ज्यूहरूले पनि अनुभव गर्नुभाहोला माननीयज्यूलाई त्यो अनुभव छ । मुख्य सचिव चाहिँ हुन त माथि पनि त्यहीं बिभाद भएर चाहिँ निजामती ऐन रोकिएकै हो हामीले थाहापाएकै छौं तर हामी एउटा व्यवस्था के गरौं भने एघारौं तहको प्रदेशकै मान्छेलाई चाहिँ मन्त्रालयको सचिव बनाउ यही प्रदेशभित्रको एघारौं तहको कर्मचारी प्रदेशको सचिव बनाऔं र बाह्रौं तह अथवा सचिव विशिष्ट श्रेणीको सचिव चाहिँ संघीय सरकारले पठावस। जो प्रमुख सचिव चाहिँ माथिबाट आवयोस तर सचिव हामीले आफैं गरौं किन भने सचिव ज्यूहरूको कस्तोदेखिन्छ भने उता नियुक्ति उतैबाट भएको छ भोलि जान पर्ने उतै छ सरुवा उसैले गर्छ बडुवा उसैले गर्छ भने प्रदेश सरकार प्रदेशका मन्त्रीहरूभन्दा बढी जवाफ देही चाहिँ संघीय सरकार संग हुने त्यो प्रति अकाउन्टेवल बढी चाही हाम्रा सचिव ज्यूहरू माथि हुने हुनाले तलको काम प्रभावित हुन्छ त्यो भो को नाताले सचिव चाहिँ हामीले आफ्ना प्रदेश वाट नियुक्ति गर्ने व्यवस्था राखौं एघरौं तहको हुन त संघीय निजामती ऐन आएर खारेज गर्न सक्छ तर त्योभन्दा पुर्वको व्यवस्था यो चाहिँ असल हुन्छ ।

माथि पनि धेरै माननीयहरू कन्मेन्स हुन्छ यसमा र मुख्य सचिव चाहिँ माथि वाट संघीय प्रतिनिधि पनि हुन्छ त्यो सोभाभिकनै छ । यो पठाउनको लागी व्यवस्था गरौं अनि अन्त्त प्रदेश कर्मचारी तन्त्र जस्तै प्रदेश र प्रदेशभित्रका स्थानीय तह विचको अन्तर उ गरौं व्यवस्थापन गरौं । स्थानीय तहको साथीहरू पनि प्रदेशमा आएर काम गर्न सक्कोस प्रदेशका साथि पनि स्थानीय तहमा जान सक्कोस त्यो खालको व्यवस्था अन्त्त प्रदेश के भन्ने त्यलाई अन्तर तह व्यवस्थापन गरौं किन भने उहाँहरू जहिले पनि त्यो जाजरकोटमा काम गरेको मान्छे हुम्ला जान पावोस हम्लामा काम गरेको रुकुम जान पावोस रुकुममा काम गरेको प्रदेश मन्त्रालयमा आउन पावोस उहालाई खुल्ला चाहिँ खुल्ला आउने जाने खुल्ला बडुवाको व्यवस्था र खुल्ला नियुक्तिको व्यवस्था पनि गर्दयौं त्यो गर्‍यौं भन प्रदेशमा कर्मचारीहरू आउने स्थानीय तहमा पनि जाने अझ बढी उहाहरूको अलि कति बढीनै होला भन्ने लाग्छ । अनि जस्तै एघारौं तह हामीले नियुक्ति गर्छौं बाह्रौं तह देखी कहाँ जाने त्यो कर्मचारी यहाँ हुदैन त्यसको ठाउँ भने संघीय सरकार संगको कानून संग पनि समन्वय गरेर बाह्रो तहबाट प्रमोसन भएर त्यो कर्मचारी संघीय सरकारमा पनि जान पाउने व्यवस्था पनि राखौं नत्र भने त बाह्रौ तहमा रिटायर भहिहाल्ने भन्ने त अबस्था त हुदैन होला एघारौं तहमा नियुक्ति हुन्छ सुरूमै खुल्ला कमपिटियुसन वाट आउँछ बाह्रौ तहमा काहाँ जाने भन्ने कुरा पनि होला त्यसमा पनि गरौं र अर्को यो निजामती ऐन पढ्दा खेरि मैले चाहिँ प्रदेशसभा र प्रदेशको कानून सेवा चाहिँ छुट्या रहेछ यो दुईवाटा थपौं

किन प्रदेशसभा पनि अत्यन्त महत्त्वपुण क्षेत्र हो यलाई पनि थपौं प्रदेशसभाको सेवा क्षेत्र पनि थपौं र अर्को कानून संघीय सरकारबाट आएका साथीहरू त हुन्छ तर हाम्रो प्रदेश बाटै नियुत्तिपनि भोलि कानून पनि का मान्छेहरू गर्छौं होला कानून सेवा पनि थपौं हामी यसरी पनि व्यवस्था गरौं भन्न म चाहन्छु त्यसै गरी स्वास्थ्य सेवा माननीय सभामुखज्यू म एकै मिनेट थप लिए स्वास्थ्य सेवाको मापदण्ड एकातिर छ नियुक्ति अकरी गर्छौं ।

नियुक्ति भन्नाले मेनपावर कम पठाउछौं । जसरी स्वास्थ्य सेवाको अन्तराष्टिय मान्यता र राष्टिय मावदण्डहरू छन यसलाई पुग्ने गरीकन हामी मेनपावरको व्यवस्था गरौं चिकित्सक स्वास्थ्य कर्मीहरूको व्यवस्था गरौं जस्ले गर्दा हामी स्वास्थ्य सेवा चाहिँ हामीले उचित ढङ्गले लिन सकौं । अनि सरकाररी चिकित्सकहरूको हामीले इन्सेटिभ सुरू गऱ्यौं मलाई अनुभव छ हामी सरकारमा हुँदा  चार जना त विषेज्ञ डक्टर हुनुहुन्थो हामीले छोड्दा ५४ जना विषेज्ञ भएर छड्यो हामीलेभन्दा खेरि भयो भने इन्सेटिभ बढयौं हामीले हैन डक्टरहरूलाई चाहिँ अलिकति मोटिभेट हुने व्यवस्था हामीले गऱ्यौं र बढे अब त्यो भो को नाताले कमसेकम अफिसिएल टायममा प्रभेट प्रक्टिस गर्न नपाउने व्यवस्था राखौं कानूनमा अब डक्टर गएर छिटो छिटो सरकारी अपस्तालमा जाने र दुई घण्टा काम गर्ने र चार घण्टा आफ्नो काम गर्ने त्यस्तो हुदैन बरु इन्सेटिभ थपौं **(माननीय सभामुखः- सकौं सकौं माननीय सदस्य)** हामीले दिएको इन्सेटिभ चाहिँ संस्थागत गरौं तर डक्टरहरू चाहिँ टेन टु फाइभ हस्पिटलमा बसेर जनताको सेवा गर्ने व्यवस्था चाहिँ गरौं यो गरौं त्यसपछि **(माननीय सभामुखः-सकौं सकौं माननीय सदस्य)** अनि मलाई एउटा के लाग्छ भने हुन त कार्यपालीका, न्यायपलिका, व्यपस्थापिकाको आफ्नो सिद्धान्त छ गोलोबल प्रिन्सिपल छ यो माननीयले अर्कै बोल्यो नठान्नुहोला अझ डक्टरलाई राख्नको निम्ति अर्को व्यवस्थापनि गरौं भन्छु म वास्तवमा कर्णाली व्यवस्था नयाँ सरुवात गयोभन्दा के बिग्रिन्छ न्याय दिने मान्छेलाई माननीय भन्छौं अनरेवल भन्छौं भने हामी माननीय जनताबाट आका पाचँ वर्षे हामीलाई अनरेवल भन्छौं भने एघारौं तह माथिका चिकित्सक (माइक अफ)..................।

**माननीय सभामुखः-** माननीय श्री देवी ओली । यसपछि माननीय श्री राजु नेपाली तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री देवी ओलीः-** माननीय सभामुख महोदय, कणाली प्रदेश निजामती सेवाको गठन संञ्चालन सेवा का सर्त संम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथीको छलफलमा सामान्य आफ्नो धारणा राख्न चाहन्छु । सर्वप्रथम यो विधेयकको नाममा अरू सवै विधेयकहरूमा मिति राखिएको हुनथियो यसमा मिति राखिएको रहिन्छ २०७८ हो कि २०७९ भन्ने कन्फियूजन बाहिरदेखिन्छ । यसको संगसगै उद्देश्य र आर्थिक टिपणी चाहिँ ठिकै छ र उद्देश्यहरू ठिकै छ आर्थिक टिपणीमा अल्लिकति दुविदा जस्तो देखिन्छ यसको एकातिर यो ऐन बनाउँदाखेरी प्रदेश सरकारलाई कुनै आर्थिक व्यवाभार व्ययोर्न पर्ने छैन भनिएको छ भने सविक सरकारले संञ्चालन गरिरहेकै कर्मचारीहरू वाट पनि

केही व्यवार सरकारले व्ययोरी रहेको कारणले अलिकती व्यवार हुन सक्छ भन्नेपनि छ यो दुविदा जस्तो मैले वुझेको छु र अर्को यो हेर्दाखेरि अब ५७ पेज १३० दफामा छ यो मोटोनै छ तर पनि धेरै व्यवस्थाहरू ऐनमै गर्‍यो भने राम्रो हुन्छ ।

मैले यसो हेर्दाखेरि बढीभन्दा बढी अलिकति प्रत्यासित व्यवस्थाहरूको अपेक्षा गरीएको हो कि ? यो विधेयकले जसले गर्दा अलिकति कानुनी रूपमा स्वक्षचारीता बढ्छकी भन्ने आसाङका यहाँदेखिन्छ । प्रत्याजित व्यवस्थाहरूनै बढी गर्ने र नियावलीबाट सवै कुराहरू गर्ने जस्तो आभास याहाँदेखिन्छ । त्यसको संगसगै यो दफा ४ मा जो सेवा समुहहरू राखिएको छ त्यसमा विषेश गरेर यो प्रदेशमा समायोजन भएर आएका हिजो महिला बालबालिका कार्यालयमा कार्यरत सेवा समुह जो प्रशाशन तिर जो अथवा उहाँको वृद्धि विकास कुरा छ त्यसलाई कताकता बन्देज लाउन खोजिएको हो कि विभेद भयोकी भन्नेदेखिन्छ उहाँहरूलाई सेवामा विभिद सेवामा राख्न खोज्दाखेरी त्यसलाई अलिकति उहाँहरूको वृद्धि विकासलाई नरोकिने बाधा पर्ने भावनामा चोट नपर्ने गरी यो कानूनले व्यवस्था गर्नुपर्छ भन्ने मलाई लागीरहेको छ । त्यसको संगसगै यो दफा ४ मा अर्को थप के छ भने हामीले सरकाले निरन्तर रूपमा संघ प्रति उत्वदायी कर्मचारीहरू संग काम गरीरहदाखेरीका अफ्ठेराहरू महसुस गरिरहेको परिपक्क्षेमा प्रदेश व्यवस्थापिका तिर पनि प्रदेशसभा सेवा समुह आवश्यक हुन्छ होला यो थपनुपर्छ जस्तो लाग्छ ।

सभामुख महोदय, त्यसैगरी यो दफा ९ को उपदफा ५ मा आपाङ्गता भएका व्यक्तिहरूको त्याहा सभागिता हुने व्यवस्थामा क,ख,ग वर्गका अपाङ्गता भएका व्यक्तिहरू भनेर राखिएको छ र उहाँहरूले अहिलेसम्म अपाङ्गता व्यक्तिहरूको अधिकार सम्वन्धी ऐन २०७४ ले घसम्मकालेनै सेवा त्यो सुविधा पाहिराख्नु अबस्थामा यो छुटेको जस्तो देखिन्छ यलाई सम्मेटनुपर्छ जस्तो लाग्छ । त्यसो संगसगै अब दफा ९ को स्पस्टिकरणमा मलाई लागेको कुरा स्पस्टिकरण राखेर त्याहा के भनिएको छ भने महिला, आदिवासी, जनजाति, मधेशी र दलित भन्नाले आर्थिक र सामाजिक रूपमा पछाडि पारिएका व्यक्तिहरूलाई वुझ्नु पर्छ भन्ने छ । एउटा मेरो पहिलो यहाँ मेरो अलिकति फरक बिचार के छ भने पछाडि पारिएका भन्नेनै हाम्रो बुझाइ हो । राज्यले सेवा सुविधा र लैगिङ्गकरूपमा,जातियरूपमा अहिलेसम्म त्यो अबसर नदिएको कारणले पछाडि परिएका हुन त्यसकारण आफैं स्वतह परेका होइन भन्ने कुरा छ र यो स्पस्टिकरणले के गर्छ भने अब सामाजिक र आर्थिक रूपले पछाडि पारीएकामात्रै यो सेवा समुहमा सहभागिता हुन पाउने हो त महिलाको सेवा सुविधाको हिसाबले अथवा दलित,जनजाति भन्ने कुरापनि अलिकति अस्पस्ट जस्तो देखिन्छ ।

अर्को दफा ११२ मा निजामती कर्मचारीहरूले पाउने विदा सुविधाको कुरा मैले यहाँ राख्न चाहन्छु विदा सुविधाको कुरा त्याहाँ के व्यवस्था छ भने राम्रो पक्ष प्रसुति विदा छ । प्रसुति स्याहार विदा पनि छ यो राम्रो पक्षे हो । त्यसको संगसगै हामीले क्रिया विदाको कुरामा हामीले त्यती अहिलेको समय प्रविवेश र एउटा न्याचित कानूनले सवैलाई

न्याय गर्छ भन्ने मान्यताका आधारमा क्रिया बिदा पाउदा खेरि महिला कर्मचारीहरूले सासु ससुरा बित्दा खेरि चाहिँ बिदा पाउने हाम्नो वुवा आमा बित्दा खेरि बिदा नपाउने जो व्यवस्था छ त्यालाई हामीले बरु दिन कति राख्ने बरु छलफल गरेर यलाई यहाँ सम्मेटन पर्छ जस्तो लाग्छ यो न्यायचित हुन्छ कानूनले विभेद गरिनु हुदैन भन्ने कुरा मैले यहाँ राखे अर्को यो पिछडिएको क्षेत्र भनेर हुन त अब अरू प्रदेशका उमेदवारहरूले पनि भागलिन पाउने भएर पनि होला यहाँ हाम्रो प्रदेशको कानून भएको कारणले गर्दा खेरीमा आफूलाई लागेको कुरा अछाम,बझाङ,बाजुरा भनेर पनि राखिएको छ यात अरू प्रदेशका उमेदवारहरूले पनि भाग लिन पाउने भएको कारणले हो कि ? के हो यो विषयलाई मैले बुझेको चाहिँ हाम्रो कणालीको पिछडिएको क्षेत्रमा मात्रै राख्दा हुने हो भन्ने मेरो बुझाइ हो।

यति भन्दै यो विधेयकले कुनै पनि सेवा समुह र त्यस्ता लक्षित समुदायहरूलाई विभेद भएको महसुस नहुने गरी कानुनी व्यवस्था गर्नुपर्छ र कानून बनाउँदाखेरी हामीले बढीभन्दा बढी ध्यान दिनुपर्ने हुन्छ भने हाम्रो अभ्यासमा अहिले बनेका कानूनहरू कार्यान्वयनमा जाँदाखेरि संशोधन गनुपर्ने र संशोधनमा धेरै कुराहरू आशङकामा आएर त्यो कार्यान्वयन जानुभन्दा त्यावटा जो हामीले गतिरोध भएर बसेको अनुभव गरेका छौं त्यसकारणले गर्दाखेरि यो कानूनले त्यस्तो कुनै पनि समुदायलाई नागरिकलाई विभेद नहुने खालको कानूनको नजरमा जुन सवै समान हुन्छ भन्ने नागरिक भन्ने छ त्यालाई पालना गर्ने गरी यो विधेयक छलफलमा अगाडि बढ्न सकोस भन्ने कुरा राख्न चाहन्छु धन्यवाद।

**माननीय सभामुखः-** माननीय श्री राजु नेपाली, यसपछि खडकबहादुर खत्री तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री राजु नेपालीः-** सभामुख महोदय, कर्णाली प्रदेश निजामती सेवा गठन सञ्चालन सेवाका सर्त सम्वन्ध व्यवस्था गर्न बनेको विधेयक माथि मैलै आफ्ना केही धारणा राख्न गहिरहेको छु । परिच्छेद-३ को बुँदा नं ११ मा लेखिएको छ । यो ऐन प्रारम्भ भएपछि सहायक कम्प्पुटर र कम्प्पुटर अप्परेटर, सवारी चालक, इलेक्टोनिकसेन, प्रल्मवर, कार्यालय सहयोगी, माली, सरसफाइ गर्न कर्मचारी र यस्तै काम गर्ने गर्न तोकिएका बोमजिमका पद स्थाई गरिने छैन र त्यस पदबाट सम्वाधन गरिने कार्य न्युनतम पारिश्रमिक तोकि संस्था वा व्यक्तिसँग करार गरिने सेवा करारबाट सम्पादन गराउनु पर्ने छ भनेर लेखिएको छ ।

सभामुख महोदय, यस्ता कर्मचारी कुनै धनि कुनै हुँदा  खादाका हुने खानेका छोराछोरीले गरेका छैन् सभामुख महोदय, यी काम गर्नेहरू दुखी गरिव निमुखाका छोराछोरीहरूले गरिराखेका छन त्यस्ता त्यस्तो काम गर्ने व्यक्तिहरूलाई अहिले असाध्यै ढुक्ढुकि छ मनमा डर छ त्रास छ काम धेरै तिनैले गरेका छन तर काम गरिरदा पनि उनलाई मनमा डर त्रास छ । काम धेरै गर्ने नगरेर कुनै दिन कोही बिरामी परियो भने घर बसियो भने अथवा केही भयो भने आफ्ना रोजिरोटि खोसिन्छनकी बालबच्चा भोका

रहन्छन कि भन्ने त्यो डर त्रास ठुलो दखिन्छ र यसलाई कतिपए त्यस्ता करारमा रहेर पनि उमेर ढल्किसक्यो उमेर गहिसक्यो तर कतिपयका वर्ष औं बिते होलान तर यसको पनि एउटा कुनै नीति बनाएर यस्तालाई पनि स्थाई गराउने वातावरण गराईनुपर्छ भन्ने कुरा राख्न चाहन्छु । सभामुख महोदय, परिच्छेद-३ को बुँदा नं ११ मा यस दफामा अत्यन्तै जुनसुकै कुरा लेखिएका भएता पनि तह विन वन रक्ष्येक पद खारेज हुने छैन् र त्यस्तो पदमा यस ऐन बमोजिम पद पुर्ति गरिने छ भनिएको छ । हालसम्म पद पुर्ति नभैकन पदमा हालसम्म दरवनदी खालि छन् त्यहा काम भैरहेको छ । सामाजिक परिचालकवाट,कार्यालय सहयोगि वाट र त्यस्तै त्यस्तै कामहरू अगाडि बढिरहेका छन् । त्यसलाई पनि जन शक्तिको अभाव छ यो जन शक्ति पनि कानून बनाई छिटोभन्दा छिटो सरकारले यसलाई अगाडि बढाउनु पर्छ र हामीले सोचेको जस्तो प्रदेशमा जनशक्ति भयो भने काम गर्न सकिन्छ र निमुखा सवै जना कर्णाली वासिले सहजै आफूलाई काममा हरेक कुरामा छिटो छरितो भएको महसुस गर्ने छन भन्ने कुरा राख्दै आफ्ना भनाइ यही अन्ते गरैं धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री खड्कबहादर खत्री, यस पछि माननीय श्री मिनासिंह रखाल तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री खड्कबहादर खत्रीः-** सभामुख महोदय, कर्णाली प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवा शर्तका सम्विन्धित अहिले कर्णाली प्रदेशवाट सुरूवात भाछ एलाई हामीले सुरूको संगठन संघीय प्रणालीमा तिनवाटा संगठन सरकारमा रहने एउटा अबसर मिल्यो त्यो अबसरमा संघीय प्रणाली वाट यो निजामती संगठनको संर्चनाको माथिवाटै समस्यादेखियो त्यले गर्दा अहिलेसम्म मलाई लाग्छ समस्या भैरहेको छ । यो सवै मेरुडण्डको रूपमा कर्मचारी संगठन छ संञ्चालन गर्ने पनि उहाँहरूलाई अधिकार छ हामीले नियम कानून बनाउँदा कानून नियम एकातिर बनाउछौं कार्यान्वयन हुँदा एकातिर हुन्छ । हामीले कुनै दलमा राजनीतिमा सहभागी नहुने दानदत्यव नलिने कहीं चन्दा नदिने हामी लेख्छौ तर त्यो जनतावाट अहिले जनताका प्रतिनिधिमुलकका संस्थाका चाहे जो सुकै दलका हुन जो सुकै व्यवस्थाका हुन जनप्रतिनिधि उहाँहरूले यलाई व्यख्या गरे आफ्ना ढङ्गले व्यख्या गरेर आफ्नो अनुकूल जनतालाई सेवा गराही साधारण मान्छेहरूलाई हामी माननीय जत्तिको मन्त्रीहरू प्रधानमन्त्रीसम्मलाई पनि अबव्यख्यागर्ने त्यो कुनै सवै कर्मचारी होइन त्यसमा जिम्मेवर व्यतिmहरू यसमा १० प्रतिशत ५ प्रतिशतले गर्दा एउटा कर्मचारी प्रति वितिष्णा, नेता प्रति वितिष्णा, मन्त्री प्रति वितिस्णा, विधायिका प्रति वितिस्णा पैदा गर्ने अबसर मिलेको छ यलाई इमानदारीका साथ पालना गर्ने नियम कानून बनाई सकेपछि त्यलाई कार्यान्वयन गर्ने तहमा हामी नेत्विदायीमा बस्ने मन्त्री हुँ वा जिम्मेवार व्यक्ति हुँ त्यलाई कार्यान्वयन गर्ने जुन तहमा बस्नुहुन्छ कर्मचारी यो संगठनमा वहाँहरूलाई अन्याय छ । कति कुराहरू प्रतिशप्रदामा हुँदा नेताहरूले फोन गरेको भरमा

कति कुरा लोकसेवामा बसेका प्रश्न प्रत्रहरू लिक गरेर त्यस्ता गर्ने कुराहरूनै कति ठाउँ भए त्यसैकारणले लोकसेवा गठन भयो ।

लोकसेवा गठन हुँदा क्षेमता आज समावेशीका कारणबाट मैले अन्यथा नसोचौं हामी अब सबै प्रदेशका कर्मचारी कर्णाली प्रदेशका विषेश गरी रोज्ने अबसर दियो मान्छेले घरपाहि रोज्यो आज कर्णाली प्रदेशदेखिएकै छ गाउँको स्थानीय तहले स्थानीय तहमा रोज्यो प्रदेशकोले प्रदेशमा रोजिराछ । हामी यो क्षेत्रका विकसित छैनौं, शिषित छैनौं हामी दुई पैसा हुने मान्छे छैनौं हाम्रो कर्मचारी तन्त्र पनि त्याहाँ हावी छैन नेतृत्वदायी पनि त्यो ठाउँमा छैन त्यले गर्दा हामी धेरै पछि छौं त्यो पछि हुँदा खेरि पनि आज हामी हिजोकै संरचना संघीय संरचना ढाचा बनाएको छ त्यो ढाचा त्यहीं ढाचामा हामी जान खोजिराछम तर हाम्रो जुन वृद्धि विकास कर्मचारीको सो चिन्तन हाम्रो कर्णाली प्रदेशको यो अबस्थामा छ । त्यसैले म के आग्रह गर्न चाहन्छुभन्दा जुन चेतना भएको जुन चलाख जुन हिजो बुझेका जुन उनका छोराछोरी बिदेश छन धेरै चाहिँ बाहिर अन्तराष्ट्रिय बुझेका मान्छेहरू सोच केन्द्रतिर छ हामी कर्णाली प्रदेशका त्यहीं हिजोको प्रार्णालीबाट जाने कानून माथिको गर्दा दुईवटा प्रणालीमा विभाजन गऱ्यो प्रदेशको स्थानीय तहको प्रदेशमा आउन नसक्ने त्यो माथिवाटै बनायो केन्द्रको संघीय उसको चाहिँ प्रदेशको माथि जान नसक्ने एलाई मलाई लाग्छ एलाई सकेसम्म मुख्य मन्त्री परिषदको प्रधानमन्त्री तहमा हुन्छ मलाई लाग्छ यो कर्मचारी जो सुकै क्षेमता भएको मान्छे जाहाँ सुकै जान पाउनुपर्छ र काम गर्न पाउनु पर्छ ।

त्यस बाहेक यो संघीय प्रणालीमा नबाझिने गरी प्रदेशमा रहेको गुणस्तरको हिसावले क्षेमताको हिसावले यो क्षेमताको हिसावले काम गर्न सक्थे भने एउटा डक्टर घटनै घटेको छ ४१ प्रतिशत ल्याएको डक्टर हुन्छ ९० प्रतिशत ल्याएको डक्टर हुदैन ४१ प्रतिशत ल्याएको इन्जिनियर हुन्छ ९० प्रतिशत ल्याएको इन्जिनियर हुदैन कुनै प्रशासक राम्रो किसिमको क्षेमता भएको हुन सक्दैन त्यले गर्दा यो भोलि त्यले गर्दा यो धेरै तल चाहिँ क्षेमता भाको मान्छे पछि पर्ने र हामी समावेशी भाग भण्डाको हिसावले गर्दा खेरि भोलि चाही यो क्षेत्र भनौं निजामती क्षेत्रमा पनि समावेशी चुनावि क्षेत्रमा पनि त्यस्त किसिमले गर्दा एले भोलि विहान भागभण्डाको हिसाव जाने वर्ग छुटिने त्यले फेरि लडाई हुन सक्छ । ठिक छ त्यो दलित छ महिला छन अपाङ्ग छन ती मान्छेले अबसर पाउन पर्छ अबसर पाउदा खेरीपनि त्यहीभित्रको लडाईवाट पनि क्षेमता भएको मान्छे जानु पर्छ र यसमा नेतृत्वले वा भनौं हामी जनप्रतिनिधिहरूले त्यसमा हस्तक्षेव गर्न हुदैन त्यसमा मान्छे अहिलेसम्म कहाँ आयो पहिला लोकसेवामा हातले लेख्ने पर्ने भयो मौखिक निक्लियो भने भनौला सवै नेताहरूलाई यो अबस्था सिर्जना हुन्छ र कर्मचारीले पनि एउटा म के आग्रह गर्न चाहन्छु भने निजामती ऐनको जुन ९० दिने उहाँहरूले कानूनमै त्यस्तो चाहिँ प्राप्त गर्नु भाको छ यो निजामती ऐनको संघीय संरचना संघले बनाएको छ । त्यो पनि परिवर्तन गर्न जरुरी छ मेरो आग्रह छ । ठिक छ उहाँहरूलाई हक अधिकारको

कुरा प्रोत्साहन भत्ता उहाँहरूले लाउन पर्ने सुविधा अरू सुविधा लिन पऱ्योएकै दिन देशका कर्मचारीहरूले ९० दिनको गरेर कानुनी हिशाबले एकै दिन उत्तिनु भयो हडत्तालमा उत्तिनु भयो भने देश ठप्प हुने अबस्था छ । मलाई लाग्छ त्यसमा हामी नेतृत्व विधान बनाउँदा कानून बनाउँदा विधेयकमा छलफल गरेर ल्याउन सकिएन भने गाह्रो हुन्छ त्यसैले कर्मचारीलाई पनि समस्या छ जस्तै का.स. को कुरा छ ।

कार्यसम्पादन कामका आधारले होइन या आफ्नो नजिकमा उसको चाकरीको हिशाब या दुईचार पैशा लोभको हिशाबले का.स. को कार्यसंम्पादन जुन प्रतिबेन वा कार्यसंम्पादनको जुन अन्तिममा लिने गरिन्छ कार्यालयको प्रमुखहरूले त्यो किसिमको समस्या छ जो काम गर्ने मान्छे हुन्छ त्यसको का.स को नंम्वर चाहिँ आउदैन जो नजिकमा रहेको हुन्छ त्यसको आउने हुन्छ त्यसैले यो एउटा हामी लेख्दा देख्दा कानूनमा राम्रा कुरा छन् व्यवहारमा फरक छन् त्यसैले त्यो प्रतिवत्ता जुन कशम खुवाउछम हामी प्रतिज्ञा गर्छौं अब ती कुरालाई कार्यान्वयन गर्नका लागी हामीले जुन विधेयकमा ल्याउछौं जुन विधेयक बनाउछौं त्यलाई इमादारीका साथ नेतृत्व दिनेले दि सकेपछि लिने मान्छेहरूले लिनुपर्छ यो कर्मचारी प्रतिको यो आक्रोस पनि होइन धेरै कर्मचारीहरू रातदिन लाग्ने खट्ने छन् त्यसैले त १०-५ को कुरा छ त्योभन्दा अगाडि दुई घण्टा गर्छ भने उसको सिस्टमाको विकास हामीले गरौं त्यलाई चाहिँ सेवा सुविधा दिने व.डिको व्यवस्था अत्तिरिक्त काम गरेको सुविधा चाहिँ दिने र त्यलाई पनि कस्तो भो भने यो दिने हामी छैनौ लुकाएर कुनै टि.ए.डिए. को नाममा अर्को दिनको एउटा भत्ताका नाममा गराएर काम गर्नु भाछ । भनेर नक्कली काम गर्न पर्ने अबस्था छ कानूनमा बस्ने कानूनमा भनौ विधायका बस्ने हामी कर्मचारी त्यहाको प्रमुखलाई पनि काम गरेको देखेको हुन्छ सचिवले त्यो तलको काम गर्ने मान्छेलाई काहा वाट दिऔं भन्ने अबस्था सिर्जना हुन्छ त्यसैले यस्ता कुरा जे देख्छौं जे लेख्छौं त्यो भोकने गरी गर्न सकियो भने सजिलो हुन्छ त्यसैले कर्मचारीको प्रति एउटा यहाँ जस्तै सघिय कानूनको समस्या छ भर्खर तालिम प्राप्त भएको हुन्न अनुभवि मान्छेहरू चाहिँ जम्मै कर्णाली प्रदेशमा वितृष्णा भएर कर्मचारी नआएको अबस्था हो मैले एउटा मन्त्रीहुने अबसर पाथिए तेतिवेला २० जना मान्छेहरू मुख्य मन्त्रीले चाहिँ ल्याउने भनौ पहल गर्‍यौं सबै लाग्यौं मन्त्रीलाई माथि भनियो २० जना कर्मचारी ९० दिनसम्म पनि आउनुभएन क्षमता भएको मान्छे आउदैन त्यले गर्दा हाम्रा बाटा घाटा राम्रा बन्दैन अस्पतालमा बस्ने डाक्टर भनौं जुन सेवा गराहि छ त्यो राम्रो संग संच्चो हुदैन जुन प्रशासन जुन सुविधा पाउछ माल कार्यालयमा बस्ने समयमा छिटोछरितो हुदैन यसैले गर्दा क्षमता भएका मान्छे र क्षमता भएको र एविलिटिलाई र सार्मथलाई अलिकति हामी गुणस्तरलाई प्राथमिक्ता दिन सकेनौं भने भोलि भागभण्डा मात्रै गरियो भने गारो हुन्छ ।

भाग भण्डा गर्दा पनि दलित त्यसपछि उपछित्त वर्गका अपाङ्गहरू त्यस्ताहरू अबसर त्यहीभित्रबाट पनि सक्क्षेम एउटा कोटा राखेर राहत कोटा राख्ने कि त्यस्तो

किसिमले गर्ने हो भने ठिकै हुन्छ । यसमा एउटा यही किसिमले गरियो हो भने भोलि सबै संगठन,संर्चनाहरू हाम्रा काम गर्ने सैलिहरू प्रसाशन चाहे भनौ प्रवाधिक कुरा हुन चाहे बाटाघाटा हुन चाहे हाईडे को कुरा हुन चाहे स्वास्थ्यका कुरा हुन चाहे कृषि क्षेत्रका तिनि चाहिँ भग्नाभषेश सृर्जना हुन्छ त्यसैले अर्को कुरा के हो तभन्दा कर्मचारीले पनि विषेश गरी कामका आधारमा मलाई लाग्छ परिणाम कति आउँछ त्यलाई एउटा जिम्मा जस्तै दिएर एउटा कुनै बाटोको काम छ कुनै दिनको आउने कुर्ने पर्ने होला जनतालाई सेवा दिन सिफारिस दिने एउटा कुरा हुन्छ भने अरू परिणाम आउने मुखीको एउटा भनौ जिम्मै दिएर जस्तै (**माननीय सभामुखः- माननसकौं माननीय सदस्यज्यू**) त्यस्तै काम गर्नलाई म आग्रह गर्न चाहन्छु त्यसैले विधेयकमा दफा वर छलफलमा धेरै सुधार गर्नु पर्ने छ त्यलाई छलफल चलाउनु छ कर्मचारीलाई मितवेही र उत्तरदाहि जुन किसिमले विधेयकमा राम्रा कुरा लेख्यिा छ व्यावहारमा लागु हुने खालको कुरा गर्न सकियो भने हामी फलदायी हुन्छौ यसमा दफावार छलफलमा यसमा छलफलमा धेरै घनिघुत छलफल गराएर देशलाई मेरु डण्ड चलाउन एउटा विधेयक भाहुनाले यलाई सवैले छलफल चालाए त्यलाई अगाडि बढाउ फेरि त्यसको भाग लिने छलफल गर्ने वाचा राख्दै तपाईंहरूबाट बिदा हुन्छु हवस्त धन्यावद ।

**माननीय सभामुखः**- माननीय श्री मीनासिंह रखाल ।

**माननीय श्री मीनासिंह रखालः**- माननीय सभामुख महोदय, दशौं अधिवेशनको सातौ बैठकमा म आफ्नो धारणा राख्ने अनुमति चाहन्छु । सभामुख महोदय,कर्णाली प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवाका सर्थ सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमा छलफलमा सहभागीभै केही बुदाहरूमा मात्र म छलफलमा भाग लिन चाहन्छु सभामुख महोदय, हामीले कर्णाली प्रदेशमा धेरै कुराको अनुभवहरू सियर गरिसकेका छौं। सुरूमा हामीले कणाली प्रदेशमा कर्मचारीनै नपाएको अबस्था थियो,सचिव नभएको अबस्था थियो,जिल्लामा कार्यालय भए पनि कर्मचारी नहुने प्रदेशमा पनि सचिव नहुने कर्मचारी नहुने त्यस्ता अबस्थाबाट हामीले भोगिरहेको बेलामा आज ढिलै भए पनि अन्तिम अबस्था भए पनि कर्णाली प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवाको सर्त सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक हाम्रो हातमा आइसको छ र यसलाई हामीले छलफलमा संशोधन त हामी हाल्ने नै छौं किन भने यो सवै कुरामा पुर्ण मैले देखेको छैन मैले सवै पढेको छु र अलिकत आफूले लागेको कुरा म के गर्न चाहन्छु भने के हि कुरा त आइ पनि सकेका छन् र यो चाहिँ विधेयकमा चाहिँ सरुवा बढुवा पद उन्ती करार सेवा फाजिल परिक्षण काल भन्ने जस्ता सवै कुराहरू आका छन् त्यसमा केही त्रुटिहरू होलान अथवा के हि होला हामीले संशोधन गर्ने छौ पकै पनि संशोधन हाल्ने छौं ।

नेपालको संविधानको धारा २२५ को उपधारामा प्रदेश मन्त्री परिषदले आफ्नो प्रसाशन सञ्चालन गर्न निजामती सेवालाई सक्षेम सुद्धिढ सेवा मुलक आवश्यकता भएकोले निजामती सेवा गठन सञ्चालन गर्न बनेको विधेयकमा मैले १ देखि १३०

बुधालाई जानकारी राख्न चाहन्छु र त्यसमा केही अपुग कुराहरू म यहाँ भन्न चाहन्छु । परिषेद २ अ ४ प्रदेश निजामती सेवाको गठन कबाट लिएर जसम्म विभिन्न सेवा भनिएको छ तर त्याहाँ चाहिँ प्रदेशसभा सेवाको कुरा आको छैन । प्रदेश आर्थिक योजना तथा तथ्याङ्क सेवा भनिएको छ प्रदेश इन्जेनेरीङ्ग सेवा भनिएको छ प्रदेश कृषि सेवा भनिएको छ प्रदेश प्रसाशन सेवा भनिएको छ प्रदेश वन सेवा भनिएको छ प्रदेश शिक्षा सेवा भनिएको छ प्रदेश स्वास्थ्य सेवा भनिएको छ र प्रदेश विभिद सेवा पनि भनिएको छ तर यहाँ यसै राज्यमा भएको जो मुख्य अङ्ग प्रदेशसभा सेवा चाहिँ छुटेको हुनाले यो प्रदेशसभाको यम कानून सोयम प्रदेशसभालाई यसमा उल्लिखित हुन पर्छ भन्ने चाहिँ म मान्यता राख्दछु ।

त्यस्तै ११ नंम्वरको बुँदा यो ऐन मलाई पनि अगिनै एक जना हाम्रो माननीयज्यूले भनी सक्नु भा छ मैले पनि यसमा के महसुस गरे भनेपछि ११ नंम्वर वुदाको यो ऐनमा परिच्छेद- ३ मा के भन्या छ भने पछि सहायक कम्प्यूटर अप्रेटर र सवारी चालक इलेक्टिसेन पलम्वर कार्यालय सहयोगी माली र सरसफाइ गर्ने कर्मचारी भनेर भनिएको छ तिनिहरूको कुनै पनि व्यवस्था छैन र तिनिहरूलाई चाहिँ स्थाई गर्न नमिल्ने त्यस्तो किसिमको उल्लेख गरेको छ म के भन्न चाहन्छु भने जस्ले उ चाहिँ रात दिन एउटा अङ्ग बनेर सरसफाइबाट लिएर कम्प्यूटरसम्म काम गरिरहन्छ र उसले सधै भरि ढुकचुक भएर को आउदा खेरि को बाहिरिन पर्ने हो को आउदा सम्मानित हुन पर्ने हो भनेर ढुकचुकि भएर बस्ने यले देखाउछ त्यसकारणले म के भन्न चाहन्छु भने यस्तालाई पनि कुनै योग्यता र क्षेमताका आधारमा चाहिँ स्थाईको व्यवस्था गर्नु पर्छ भन्ने मलाई लागेको छ त्यस्तै गरी यहाँ के भन्या छ भने परिच्छेद- ३१३ मा ज्यालादारी करारमा नियुक्ति गर्न नपाईने भन्या छ फेरि अनि उता तिर तल १३ मा चाहिँ ज्यालादारी र कारमा नियुक्ति गर्न नपाईने भन्या छ फेरि माथि अप्परेटर,सवारी चालक,कार्यालय सहयोगीहरूलाई राख्ने र थाई नगर्ने भन्या छ यसले विभेददेखिन्छ उता नपाईने भनिसके पछि ती माथिका ती अङ्गमा काम गर्ने ती पनि निजामती कर्मचारी सरह हुन्छ तिनलाई कुन आधारमा चाहिँ त्याहा राखिन्छ त त्यसैले यहाँ अलि कति विभेद मैले देखेको छु ।

त्यस्तैगरी अर्को के छ भने परिच्छेद-१२० मा १२ मा अपाङ्गता भएको कर्मचारीलागी विशेष व्यवस्था भनेको छ म यसलाई के जोड दिन चाहन्छु भने ती अपाङ्गता भएका कर्मचारीहरूलाई विषेश व्यवस्थामा मात्र होइन कि उनीहरूलाई घरपाहिको व्यवस्था गर्नुपर्छ किन भने उनीहरूको आफू कर्मचारी भएता पनि उनिहरूको विभिन्न अङ्गहरू गुमेको कारणले अपाङ्गता भएका हुन्छन उहाँहरूलाई पनि सेवाचारीको आवश्यकता भएको कारणले त्यस्ता कर्मचारी त्यस्ता अपाङ्गता भएका कर्मचारीहरूलाई पनि घरपाहीको व्यवस्था भनेर ऐन मा आवस भनेर भन्न म चाहन्छु र अर्को कुरा के छ भने पछि हामीले समान्ताका कुराहरू गरी राखेका छौं तर परिक्षणकालमाभन्दा खेरि पुरुष कर्मचारी भए एक वर्ष र महिला कर्मचारी भए ६ महिना भनेर भनेको छ पुरुष र महिला

एउटै होला योग्यता क्षेमता एउटै होला अलिकती शारिक्ताको कारणले विभित कारणले महिलाहरू कहींले काहि दुखी हुन्छन् ता पनि पुरुषलाई पनि ६ महिना राखेर त्यसको परिक्षेणकाल गर्दा के फरक पर्छ त्यसमा हामीले पुरुष भन्ने वितिकै एक वर्ष कटाउनु पर्छ र महिला भन्ने वितिकै ६ महिना कटाउनु पर्छ भन्ने कुरामा नराखेर समान्ताको रूपमा चाहिँ ६ महिना राख्दा पनि हुन्छ भन्ने म चाहिँ भन्न चाहन्छु र अर्को कुरा अब यहाँ चाहिँ धेरै कुराहरू आउन बाकिनै छन् अलिकति संशोधनका कुराहरू पनि यहाँ राख्न चाहन्छु ।

क्रम संख्या १ र ४/१ मा मुलिकि ऐनको दफा ४ को उपदफामा खण्ड ख थप गरी देहाय बमोजिम राख्ने न्याय सेवा राख्नु पर्छ भन्ने कुरा भयो त्यस्तै २ मा ८ अङ्क ख मुलुकी ऐनको दफा ८ को उपदफा १ खण्ड क को तलिममा बडुवा द्रारा हुने पदपुक्ति आन्तरिक प्रतियोगिताद्वारा हुने कोलम पछाडि अन्तर तह प्रतियोगिता भन्ने को कोलम थप गर्नुपर्ने भनेर मैले यहाँ भन्न चाहन्छु । त्यस्तै अर्को ३ क्रम संख्या ३ र ८,क ,उ मूल ऐनको दफाको ८ को उफा दफा १ को खण्ड ख उपखण्ड उ मा खुल्ला प्रतियोगिता द्रारा हुने बडुवा मा ६० प्रतिशतको सट्टा ५० प्रतिशत हुनु पर्ने अन्रतकाल प्रतियोगिताको कोलममा १० को व्यवस्था राख्नुपर्ने भनेर भन्न चाहन्छु । त्यस्तै गरी क्रम संख्या ४, ८ मा मुलुकि ऐनको दफा ८ को उफ दफा १ को खण्ड क को ए मा खुल्ला प्रतियोगिता द्रारा हुने पद पुर्ति र आन्तरिक प्रतियोगिता द्रारा हुने पद पुर्ति हटाउन सोहि उपखण्ड को जेष्ठता र कार्य सम्पादन द्रारा हुने पद पुर्ति ३५ प्रतिशतको सट्टा ६० प्रतिशत राख्ने कार्य क्षेमताको आधारमा मुलिकि ऐन द्रारा हुने पद पुर्ति ३५ प्रतिशतको सट्टा ४० प्रतिशत राख्ने म चाहिँ यो संशोधनको विषय हुने छ म यो कुराहरू राख्दै मेरा आफ्ना दुई शब्द यी राख्द छु हवस्त धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारकातर्फ वाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादर शाहीलाई कर्णाली प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवाका सत्र सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सामान्य छलफल क्रममा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम जिज्ञासाका संम्वन्धमा जवाफ दिन समय दिन्छु

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीः-** माननीय सभामुख महोदय, कणाली प्रदेश सरकारकोतर्फ वाट कर्णाली प्रदेश निजामती सेवाको गठन,सञ्चालन र सेवाका शर्त सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकउपर गरिमाय यस प्रदेशसभाका माननीयज्यूहरूले व्यापरक रूपमा उठाइएका छलफल र सैद्धान्तिक कुराहरूमा कर्णाली प्रदेश सरकारको गम्भीर ध्यान आकर्षण भएको छ । माननीय सभामुख महोदय, जहाँसम्म सकेसम्म संघीय कानून सँग नबाजिने गरी निजामती कर्णाली प्रदेश निजामती सेवा गठन,सञ्चालन र सेवाका शर्तहरू आउनु पर्छ भन्ने जुन माननीयज्यूहरूले उठाएको प्रश्न छ म प्रदेशसभालाई विश्वास दिन चाहन्छु कर्णाली प्रदेश

सरकारले कुनै पनि संघीय कानून सँग बाझिने गरेर कर्णाली प्रदेशसभा बन्ने कानून अथवा नियम अगाडि आउन सक्दैन र संघीय कानून संग नबाझिने गरी कानूनहरू आउने कुरामा दुईमत छैन । यस्तै कता कता कानून विभेदकारी छकि भन्ने प्रश्न उठेको थियो कानून विभेदकारी हुन सक्दैन ।

कानून सिद्धान्तअनुसार नेपालको संविधान २०७२अनुसार कानून सर्वमान्य हो। सबैको मौलिक हक अधिकारको समान मर्यादा राख्दै कानून सवैको लागी समान हुन्छ भन्ने कुरा विश्वास दिन चाहन्छु । यहाँ प्रदेशसभा सचिवालय सम्वन्धी यस कानूनभित्र पनि आउनुपर्छ भन्ने जुन माननीयज्यूहरूबाट आएका जिज्ञासा आएको थियो प्रदेशसभा सञ्चालन प्रदेशसभा सचिवालय सञ्चालन ऐन २०७५, २०७८, ११,११ मा हामीले यसैमा टेबुल गरेर दर्ता भैसकेको छ जसमा प्रदेशसभा सचिवालयका सबै सेवा सुविधाको संम्वन्धमा प्रयाप्त मात्रामा यहाँ छलफल भएर अहिले समितिमा रहेको छ र त्यो यो संग लैजान आवश्यक ठानिएको छैन । अर्को यो आदिवासी जनजाति, खस आर्य, दलित, पिछडा अथवा थारु भन्ने कुरा आएको थियो माननीयज्यूहरूले उठाएको कुराहरूमा गर्भिर ध्यान आकर्षण भएको छ ।

यस विधेयकमा यस कानूनमा कर्णाली प्रदेशको आदिवासी,जनजाति,खस आर्य,दलित,पिछडा वर्ग र महिला भन्न खोजिएको होइन ,हो कर्णाली प्रदेशमा १३.६३ प्रतिशत आदिवासी जनजाति छन ३३.२ प्रतिशत खस आर्य छन २३.२५ प्रतिशत दलित छन । १२.७८ प्रतिशत पिछडा वर्ग छन तर निजामती सेवामा प्रवेश गर्दा केवल कर्णाली प्रदेशको मात्रै आफ्नो सीमारेखा हुन सक्दैन यसैले हाम्रो कर्णाली प्रदेशको निजामती सेवामा प्रवेश गर्दा समावेसीको आधारमा यही दृष्टिकोणबाट सहवागी हुन सक्कोस भनेर कणाली प्रदेशले आफ्नो दाहित्त्व र जिम्मेवारी सम्झेर यसमा उल्लेख गरिएको हो । मसम्मपुर्ण माननीय सदस्यहरूले उठाएको कुरालाई कर्णाली प्रदेश सरकार अब्बेस्य पनि गम्भीर भएको छ यसलाई सकेसम्म निजामती कर्मचारी सेवालाई निजामती कर्मचारी सेवा भन्नाले कुनै पनि राज्यको निजामती सेवा अभिन्न अङ्ग हो भन्ने कुरामा कुनै संका छैन । कुनै पनि निजामती कुनै पनि राज्यको निजामती सेवा अभिन्न अङ्ग हो त्यसैले कर्णाली प्रदेश सरकार पनि कर्णाली प्रदेशको निजामती सेवालाई शोस्त, सक्षम, पारदर्शी र जिम्मेवारी आफू कर्तब्य बोध हुने गरेर यो विधेयक पारित होस भन्ने दृष्टिकोण राख्दै यहाँ प्रस्तुत गरिएको छ । यहाँहरूले उठाउनु भएका प्रश्नहरू माथि केही यहाँहरूले उठाएका जिज्ञासामाथि कर्णाली प्रदेशको गम्भीर ध्यानाकर्षण भएको छ । म अहिले यति मात्रै यहाँहरूको अगाडि राखि बिदा हुन्छु धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीले सभासमक्ष प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन, सेवाका सर्तहरू सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सामान्य छलफल समाप्त भएको जानकारी गाराउँछु ।

माननीय सदस्यहरू कर्णाली प्रदेश सेवा नियमावली २०७४ को नियम १०९ को उपनियम १अनुसार कर्णाली प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवाका शर्त सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमा संशोधनको सूचना पेस गर्न चाहनुहुने माननीय सदस्यहरू लाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७९ साल जेठ २२ गते आइतबार दिनको ३ बजेसम्मका लागि स्थगित हुन्छ ।

## बैठक संख्या-८
## (२०७९ साल जेठ २४ गते मंगलबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको दशौं अधिवेशनको आठौं बैठको कारवाही प्रराम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशका प्रदेश प्रमुख माननीय श्री तिलक परिवारज्यू प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरी सभालाई सम्वोधन गर्ने गरिएको आमन्त्रणलाई स्वीकार गरि उपस्थित हुनुभएकोमा प्रदेश सभाकोतर्फबाट उहाँलाई हार्दिक स्वागत गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रमको मूल प्रति प्रदेश प्रमुख माननीय श्री तिलक परिवारज्यूलाई उपलब्ध गराउन अनुमति दिन्छु । माननीय सदस्यहरू, अब म नेपालको संविधानको धारा १८४ एवम् कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम ३५ बमोजिम कर्णाली प्रदेशका प्रदेश प्रमुख माननीय श्री तिलक परिवारज्यूलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत गर्न अनुरोध गर्दछु ।

**माननीय प्रदेश प्रमुखः** प्रदेश सभाका माननीय सभामुख,

**प्रदेश सभाका माननीय सदस्यहरू,**

१. कर्णाली प्रदेशका नागरिकको प्रतिनिधिमूलक यस गरिमामय प्रदेश सभामा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को मार्गदर्शनको रूपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ ।

२. आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत भइरहेको यस अबसरमा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, सामाजिक न्याय र कर्णाली प्रदेश प्राप्तिका लागि भएको आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यस क्रममा घाइते तथा अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य लाभको कामनासहित आन्दोलनमा सहभागी हुनु भएका सबैको योगदानलाई स्मरण गर्दै उच्च सम्मान व्यक्त गर्दछु ।

३. आवधिक निर्वाचन लोकत्रान्त्रिक शासन व्यवस्थाको मेरूदण्ड हो । संवत् २०७९ साल वैशाख ३० गते शुक्रबारका दिन सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । नवनिर्वाचित जनप्रतिनिधिहरूबाट

जनअपेक्षा अनुरूपको शासन, पूर्वाधार विकास तथा प्रभावकारी सेवा प्रवाह गर्दै सङ्घीयता कार्यान्वयनमा महत्त्वपूर्ण योगदान रहने विश्वास लिएको छु ।

४. कोभिड-१९ संङ्क्रामक रोगको असर र प्रभाव पछिल्लो समयमा केही न्यूनदेखिएको छ । कोरोना सङ्क्रमणको अबस्थाअनुसार प्रदेशभित्र नमुना परीक्षण, उपचार, अक्सिजन आपूर्ति, स्वास्थ्य उपकरण, जनशक्ति र औषधिको आवश्यक व्यवस्थासहित कोभिड-१९ संङ्क्रामक रोगको न्यूनीकरण तथा प्रतिकार्यका लागि प्रदेश सरकार तयारी अबस्थामा रहेको छ ।

५. कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले अङ्गीकार गरेको "समृद्ध कर्णाली सुखारी कर्णालीवासी" को दीर्घकालीन सोच अनुरूप समावेशी आर्थिक-सामाजिक रूपान्तरण एवम् गरिबी निवारणतर्फ प्रस्तुत नीति तथा कार्यक्रम परिलक्षित रहेको छ ।

६. कर्णाली विकासको प्रमुख आधार "६ ब" अर्थात "बाटो, बिजुली, बजार, वन, व्यवस्थापन र विचारः यसमा हामी सबैको सहकार्य र सरोकार" को मूल उद्देश्य लिई विगत वर्षका सफल नीति तथा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**माननीय सदस्यहरू,**

७. स्वास्थ्य क्षेत्रको प्रणालीगत सुधारलाई निरन्तरता दिँदै स्वास्थ्य सेवालाई सर्वसुलभ, सहज, पहुँचयोग्य, गुणस्तरीय र भरपर्दो बनाइनेछ ।

७.१. प्रदेश अस्पताललाई विशिष्टिकृत रेफरल अस्पतालको रूपमा विकास गरिनेछ । जिल्ला अस्पतालको भौतिक पूर्वाधारको सुधार, विशेषज्ञ जनशक्तिको व्यवस्था र सूचना प्रविधिको प्रयोगमार्फत स्वास्थ्य उपचारका लागि प्रदेश बाहिर जानुपर्ने बाध्यतालाई क्रमशः न्यूनीकरण गर्दै प्रदेशमा स्वास्थ्य सेवालाई गुणस्तरीय, भरपर्दो र प्रभावकारी बनाइनेछ ।

७.२. कोभिड-१९लगायतका महामारी रोग रोकथाम, नियन्त्रण, प्रतिकार्य तथा आकस्मिक स्वास्थ्य सेवाको सुदृढीकरण गर्न स्थानीय तहसँगको सहकार्यमा आवश्यक जनशक्ति, औषधी, उपकरण तथा प्रयोगशालाको व्यवस्था लगायत विद्यमान संरचनालाई सुदृढीकरण गरी अस्पतालको क्षमता विकास र स्तरोन्नति गरिनेछ ।

७.३. स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्न स्थानीय तह समेतको समन्वय र सहकार्यमा सामुदायिक स्वास्थ्य तथा स्क्रिनिङ्ग शिविर एवम् टेलिमेडिसिन सेवा सञ्चालन गरिनेछ।

७.४. स्थानीय स्तरमा कार्यरत स्वास्थ्य स्वयंसेविकाको उच्च मनोवल कायम गर्न तालिम तथा प्रोत्साहनलाई निरन्तरता दिइनेछ ।

७.५.	मातृ-शिशु स्वास्थ्य सुधारका लागि किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा बहुक्षेत्रीय पोषण सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७.६.	बर्थिङ्ग सेन्टरको सेवा प्रवाहलाई व्यवस्थित गर्न स्थानीय तहसँग समन्वय तथा सहकार्य गरिनेछ । जोखिममा परेका गर्भवती तथा सुत्केरीको जीवन रक्षाका लागि गर्दै आएको हवाई उद्धार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७.७.	स्वास्थ्य सेवालाई विविधीकरण गर्न आयुर्वेद, प्राकृतिक तथा होमियोपेथी र वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार गरिनेछ । प्रदेश आयुर्वेद औषधालयलाई प्रादेशिक आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको रूपमा स्तरोन्नति गरिनेछ ।

७.८.	प्रदेश अस्पताललाई मानित विश्वविद्यालयको अबधारणाअनुसार स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा विकास गरी प्रदेश भित्रै स्वास्थ्य क्षेत्रको दक्ष जनशक्ति उत्पादन गरिनेछ ।

७.९.	विपन्न नागरिकको स्वास्थ्य उपचार र प्रेषणमा सहयोग तथा स्वास्थ्य बीमा कार्यक्रमलाई थप विस्तार गरिनेछ ।

७.१०.	औषधी तथा स्वास्थ्य उपकरणलगायतका सामाग्रीको खरिद, भण्डारण र वितरणलाई व्यवस्थित गर्न प्रदेश आपूर्ति केन्द्र सञ्चालनमा ल्याइनेछ ।

७.११.	सुर्खेत जिल्लाको पश्चिम क्षेत्रमा उपचारात्मक स्वास्थ्य सेवालाई सहज, पहुँचयोग्य र गुणस्तरीय बनाउन सालकोट प्राथमिक स्वास्थ्य केन्द्रलाई पचास शैयाको अस्पतालको रूपमा स्तरोन्नति गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ ।

७.१२.	क्यान्सर, मुटु, मिर्गौला, अल्जाइमर, पार्किन्सन, सिकलसेल एनिमिया, रिकेट्स, स्पाइनल इन्जुरी र अटिजम जस्ता असाध्य तथा दीर्घरोगी बिरामीको उपचारमा सहयोग गरिनेछ ।

**माननीय सदस्यहरू,**

८.	सार्वजनिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।

८.१.	विद्यालय शिक्षादेखि उच्च शिक्षा तहसम्म प्रदान गरिँदै आएका छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८.२.	कर्णाली सार्वजनिक शिक्षा सबलीकरण कार्यक्रमअन्तर्गत सूचना प्रविधि प्रयोगशाला समेतको स्थापना गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिमा टेवा पुर्‍याइनेछ ।

८.३.	विद्यालयको शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्न स्टिम (साइन्स, टेक्नोलोजी, इन्जिनियरिङ्ग, आर्टस एण्ड म्याथमेटिक्स) अबधारणालाई परीक्षणको रूपमा कार्यान्वयन गरिनेछ ।

८.४. सामुदायिक विद्यालयको शैक्षिक अबस्थामा थप सुधार गर्न स्थानीय तहसँग समन्वय र सहकार्य गरी विद्यार्थीको सिकाई उपलब्धीको आधारमा विषयगत शिक्षकलाई प्रोत्साहन गरिनेछ ।

८.५. प्रदेशभित्रका उत्कृष्ट विद्यालयमा सार्वजनिक निजी साझेदारीको माध्यमबाट गरिब तथा जेहेन्दार विद्यार्थीलाई आवासीय सुविधासहितको गुणस्तरीय शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

७.६. अपाङ्गता भएका ब्यक्तिको सहज पहुँचका लागि अपाङ्गमैत्री पूर्वाधार निर्माण तथा सुधार गरी अपाङ्गमैत्री शिक्षण सिकाई प्रविधिको प्रयोग गर्न विशेष शिक्षा सञ्चालन गरेका विद्यालयलाई सहयोग गरिनेछ ।

८.७. विद्यालयका बालबालिकाको स्वास्थ्य, पोषण र हेरचाहका लागि विद्यालय स्वास्थ्यकर्मी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८.८. स्वदेशी तथा विदेशी प्रतिष्ठित विश्वविद्यालयसँग समन्वय, सहकार्य र समझदारी गरी उच्च शिक्षामा पर्वतीय शिक्षालगायतका उपयुक्त शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**माननीय सदस्यहरू,**

९. ज्येष्ठ नागरिक, एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, परिवारबाट विस्थापित व्यक्ति, असहाय र सामाजिक वञ्चितीकरणमा परेका वर्ग र समुदायको संरक्षण र पुनर्स्थापना गरिनेछ ।

९.१. ज्येष्ठ नागरिक, दलित, वादी, विपन्न, राउटे, राजी, माझी, मुक्त हलिया, एकल महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, द्वन्द्व प्रभावित, विस्थापित व्यक्ति, अशक्त, घाइते तथा सहिद परिवार, एच.आइ.भी. सङ्क्रमित व्यक्तिलगायतका वर्गको संरक्षण, आयवृद्धि र सहज जीवनयापनको व्यवस्थाका लागि मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९.२. छोरीको सशक्तिकरण तथा लैङ्गिक समानताका लागि बैंक खाता छोरीको, सुरक्षा जीवनभरीको कार्यक्रमलाई अभिलेखको समुचित व्यवस्थापन गरी प्रतिफलमुखी क्षेत्रमा लगानी गर्ने व्यवस्था गर्दै निरन्तरता दिइनेछ ।

९.३. आर्थिक तथा सामाजिक रूपमा पछि परेका दलित समुदायको आर्थिक-सामाजिक विकास र सशक्तिकरण गर्न मुख्यमन्त्री दलित आयआर्जन प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९.४. बालविवाह, बहुविवाह, जातीय छुवाछुत तथा भेदभाव, मानव बेचबिखन तथा ओसारपसार, अन्धविश्वास र छाउपडी जस्ता सामाजिक कुरीति एवम् कुप्रथा अन्त्य गर्न स्थानीय तह, गैरसरकारी संघ संस्था र समुदायमा आधारित संस्थासँग सहकार्य गरिनेछ ।

**माननीय सदस्यहरू,**

१०. कर्णालीको विकास र समृद्धिका लागि युवा तथा खेलकुद क्षेत्रको विकास गरिनेछ ।

१०.१. कर्णाली प्रदेशको विकास र समृद्धिमा युवाको रचनात्मक भूमिकालाई प्रवर्द्धन गर्न प्रदेश युवा विकास तथा परिचालन नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१०.२. बेरोजगार युवालाई स्वःआर्जनमा लगाउन उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.३. कर्णाली प्रदेशमा राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता समेत सञ्चालन गर्न सक्ने आवश्यक खेलकुद पूर्वाधारको विकास गरिनेछ । प्रदेश रङ्गशाला निर्माणको कार्यलाई तिव्रता दिइनेछ ।

१०.४. खेलकुद, योग, व्यायाम र ध्यानलाई समुदाय तथा विद्यालय तहसम्म अभियानका रूपमा सञ्चालन गर्न स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ ।

**माननीय सदस्यहरू,**

११. कर्णाली प्रदेशको परम्परागत कृषि प्रणालीलाई परिवर्तन गरी आधुनिक, व्यावसायिक, प्रतिस्पर्धात्मक, उच्च मूल्ययुक्त र जलवायुमैत्री बनाई प्राङ्गारिक प्रदेशको रूपमा विकास गर्न आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गरिनेछ ।

११.१. सबै किसान तथा व्यवसायी लाभान्वित हुने र उत्पादन लागत घटाउने गरी कर्णाली कृषि क्षेत्र सहयोग प्रणाली कार्यान्वयन गरिनेछ ।

११.२. उच्च मूल्ययुक्त कृषि उत्पादन र बजारीकरणलाई सडक कोरिडोर केन्द्रित गरी व्यावसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।

११.३. कृषि प्राविधिकलाई कृषि व्यवसायमा आकर्षित गर्न र कृषकको घरदैलोमा प्राविधिक सेवा पुर्‍याउन कृषि प्राविधिक स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११.४. प्राङ्गारिक मल तथा जैविक विषादीमा कृषकको पँहुच अभिवृद्धि गर्न मल तथा जैविक विषादी उत्पादन, प्रशोधन र ढुवानीमा अनुदान दिइनेछ ।

११.५. स्थानीय तहहरूलाई प्राङ्गारिक स्थानीय तहको रूपमा विकास र घोषणा गर्न प्राङ्गारिक कृषि सम्बन्धी अध्ययन, अनुसन्धान र विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरी प्रोत्साहित गरिनेछ।

११.६. भू-उपयोग नीति तर्जुमा गरी भूमिको चक्लाबन्दी गर्ने कार्यलाई प्रोत्साहन गर्दै करार, सहकारी र सामूहिक खेती तथा बाँझो जमिनमा खेती गर्न उत्प्रेरित गरिनेछ ।

११.७. स्थानीय स्तरमा कृषि तथा पशुजन्य उत्पादन, सङ्कलन, प्रशोधन, भण्डारण र बजारीकरणका लागि आवश्यक सिँचाइ, कृषि पूर्वाधार तथा उपकरणको व्यवस्था गर्न सहकारी, निजी क्षेत्र र कृषकलाई प्रोत्साहित गरिनेछ ।

११.८. स्थानीय तहसँगको समन्वय र सहकार्यमा आधारभूत कृषि प्रयोगशाला स्थापना गरिनेछ ।

११.९. स्याउ तथा ओखरको प्रवर्द्धन तथा विकासको लागि 'बगैंचा एक स्वामित्व अनेक' भन्ने मूल नाराका साथ सम्पूर्ण कृषकलाई कलष्टरमा एकीकृत गरी स्याउ तथा ओखर विकास परियोजना कार्यान्वयनमा ल्याइनेछ ।

११.१०. कृषि क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यावसायिक कृषकलाई 'मुख्यमन्त्री कृषक सम्मान कार्यक्रमबाट सम्मान गरिनेछ ।

११.११. व्यावसायिक कृषकलाई बैंक तथा सहकारीमार्फत दीइदै आएको कर्जामा सहुलियतपूर्ण ब्याज अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११.१२. कर्णाली प्रदेशमा प्रचुर सम्भावना रहेको ऊन तथा कपास उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. पशुपालन व्यवसायबाट स्थानीय स्वरोजगारमा वृद्धि गर्दै पशुपन्छीजन्य उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाई निर्यात प्रवर्द्धन गरिनेछ ।

१२.१. व्यावसायिक पशुपन्छी, माछापालन र मौरीपालनका लागि प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२.२. पशुपन्छीको स्वास्थ्य उपचार सेवाका लागि पशुपन्छी विकास निर्देशनालय अन्तरगतको प्रयोगशालालाई प्रदेश स्तरको रिफरल पशु अस्पतालको रूपमा स्तरोन्नति गरिनेछ ।

१२.३. दुधको प्रशोधन र बजारीकरणका लागि निजी तथा सहकारी क्षेत्रसँगको साझेदारीमा पाउडर दुध उत्पादन उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

१३. समाजवाद उन्मुख अर्थतन्त्रको विकासमा टेवा पुर्‍याउन सुशासनयुक्त सहकारी क्षेत्रको विकास गरिनेछ ।

१३.१. सहकारी क्षेत्रको संरचनागत सुधार, प्रशिक्षण, प्रवर्द्धन र नियमनका कार्यक्रम सञ्चालन गरिनेछ ।

१३.२. उत्पादन, उपभोक, श्रम तथा सीपमा आधारित स्वरोजगारमूलक एवम् विशिष्ट सहकारी प्रणाली स्थापित गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३.३. कर्णाली प्रदेशका निर्यातयोग्य रैथाने तथा प्राङ्गारिक उच्च मूल्ययुक्त वस्तुको कर्णाली पहिचान झल्किने 'मुल्यवान लोगो प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिई बजारीकरणका लागि उत्पत्तिको प्रमाणपत्र, ब्राण्डिङ्ग, लेबलिङ्ग तथा गुणस्तर लोगो प्राप्तिमा सहयोग गरिनेछ ।

**माननीय सदस्यहरू,**

१४. कर्णाली प्रदेशको भाषा, कला, साहित्य र संस्कृतिको समुचित रूपमा सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ ।

१४.१. भाषा, कला, साहित्य र संस्कृतिको प्रवर्द्धनका लागि आवश्यक संस्थागत व्यवस्था गरिनेछ ।

१४.२. जुम्लाको सिँजा, दैलेखको दुल्लूलगायतका स्थानमा रहेका मूर्ति, कलाकृति, प्रस्तर, सामरिक वस्तु, तथ्य, प्रमाण, भाषा र लिपी सम्बन्धी दस्तावेजको अध्ययन र अनुसन्धान गरिनेछ ।

१४.३. विभिन्न जातजाति र समुदायको भाषा, संस्कृति र कला झल्कने सांस्कृतिक संग्रहालय स्थापना गर्न सहयोग गरिनेछ ।

**माननीय सदस्यहरू,**

१५. "दिगो वन व्यवस्थापनः स्वच्छ र समृद्ध जीवनयापन भन्ने सोचको कार्यान्वयन गर्न वन पैदावारको सहज र सरल आपूर्ति, वन क्षेत्रबाट हुने राजस्व सङ्कलनमा अभिवृद्धि र वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन पद्धति अबलम्बन गरिनेछ ।

१६. बहुउपयोगी र मूल्यवान प्रजातिका बिरुवा उत्पादन, वितरण तथा वृक्षारोपण कार्यलाई अभियानको रूपमा अगाडि बढाउन आर्थिक वर्ष २०७९/८० लाई "कर्णाली वृक्षारोपण वर्ष घोषणा गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१७. महिला कृषकको अतिरिक्त आय-आर्जन प्रवर्द्धन गर्न कृषि वन कार्यक्रमलाई थप व्यवस्थित र विस्तार गरी "महिला कृषि वन कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. वनक्षेत्रबाट प्राप्त हुने राजस्वको हिस्सा वृद्धि गर्न "जडीबुटी विकास कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

१९. जडीबुटीजन्य वस्तुको उत्पादनमा आन्तरिक तथा बाह्य क्षेत्रको पूँजी र प्रविधि भित्र्याउँदै "मेक इन कर्णाली कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ ।

२०. प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई निरुत्साहित तथा नियन्त्रण गर्दै वैकल्पिक सामाग्रीको प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । वनक्षेत्रको फोहोरलाई व्यवस्थित गर्दै फोहोरलाई स्रोत मै वर्गीकरण गर्ने र डम्पिङ्ग साइटको व्यवस्थापनलगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. चुरेलगायतका अन्य संवेदनशील क्षेत्रमा बायोइन्जिनियरिङ्ग प्रविधिद्वारा भूसंरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ । जलाधार क्षेत्रको दिगो विकासका लागि एकीकृत जलाधर व्यवस्थापन योजना कार्यान्वयन गरिनेछ ।

२२. कर्णाली प्रदेशको काष्ठ, गैर-काष्ठ वन पैदावार, जडीबुटी जस्ता स्थानीय कच्चा पदार्थको विकास तथा प्रवर्द्धनका लागि उद्यमीलाई उत्प्रेरित एवम् क्षमतावान बनाउन पूर्वाधार तथा सीप विकास एवम् जनशक्ति व्यवस्थापन गर्न "सीपसँग सहयोग कार्यक्रम" सञ्चालन गरिनेछ ।

२३. विदेशबाट फर्केका तथा स्वदेशभित्र रोजगारीका अबसरबाट वञ्चित युवालाई सीप, स्रोत र साधन उपलब्ध गराई सिर्जनशिल उद्यममार्फत स्वरोजगार बनाउन गरी खाने कार्यक्रम अभियानको रूपमा सञ्चालन गरिनेछ ।

२४. प्रदेशमा लघु, घरेलु तथा साना उद्योगको विकास तथा प्रवर्द्धनका लागि एक जिल्ला एक औद्योगिक ग्राम स्थापना कार्यक्रमलाई सङ्घीय सरकारसँगको समन्वय र सहकार्यमा निरन्तरता दिइनेछ ।

२५. स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई प्रवर्द्धन गर्न सहुलियतपूर्ण ऋण तथा उत्पादनमा आधारित अनुदान उपलब्ध गराइनेछ ।

२६. प्रदेशभित्र उत्पादित वस्तु र सेवाको बजारीकरण, निर्यात र सार्वजनिक क्षेत्रमा प्रयोग गर्न प्रोत्साहित गरिनेछ।

२७. प्रदेशमा निर्माण गरिने सरकारी तथा सार्वजनिक पूर्वाधार निर्माणमा स्लेट ढुङ्गाको प्रयोगलाई प्राथमिकता दिइनेछ । स्लेट तथा ढुङ्गा कटिङ्ग उद्योग स्थापना गर्न र त्यस्ता उद्योगको उत्पादनलाई निजी संरचना निर्माणमा प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।

माननीय सदस्यहरू,

२८. प्रदेशभित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक एवम् पर्यटकीय सम्भाव्य स्थलको संरक्षण र संवर्द्धन गर्न कर्णाली प्रदेश पर्यटन गुरुयोजना कार्यान्वयन गरिनेछ ।

२८.१. कर्णाली पर्यटकीय परिपथअनुसार आवश्यक पूर्वाधार निर्माण तथा विकास गरिनेछ ।

२८.२. स्थानीय तहसँगको समन्वय र सहकार्यमा रक क्लाइम्बिङ्ग, प्याराग्लाइडिङ्ग, बन्जी जम्प, र्याफ्टिङ्गलगायतका साहसिक पर्यटनका लागि सम्भाव्यता अध्ययन गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२८.३. कर्णाली प्रदेशका महत्त्वपूर्ण पर्यटकीय स्थलको बारेमा जानकारीमूलक सूचनाको प्रवाह र प्रचार प्रसार गरिनेछ ।

२९. प्रदेशभित्रको हवाई सेवालाई भरपर्दो, सुलभ र सहज बनाउन सुर्खेत विमानस्थलबाट प्रदेशभित्रका विमानस्थलमा हुने हवाई उडान संख्याका आधारमा मापदण्ड बनाई हवाई सेवा प्रदायकलाई सहुलियत प्रदान गरिनेछ । सुर्खेत विमानस्थलको सेवा सुविधालाई गुणस्तरीय बनाइनेछ ।

३०. सुर्खेत स्थित भेरीगङ्गा नगरपालिकाको रामघाटमा निर्माण गरिने प्रादेशिक विमानस्थलको निर्माणमा संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

माननीय सदस्यहरू,

३१. कर्णाली प्रदेशको जलस्रोत गुरुयोजना बनाई सिँचाइ, खानेपानी, जलाशय र जलविद्युतको एकीकृत विकास तथा बहुउद्देश्यीय उपयोगका लागि सार्वजनिक

निजी साझेदारी गरिनेछ । राष्ट्रिय विद्युत् सञ्जाल नपुगेका कर्णाली प्रदेशका बस्तीमा विद्युत् पहुँच पुर्‍याउन कर्णाली उज्यालो कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३१.१. कर्णाली प्रदेशमा निर्माण हुने जगदुल्ला जलविद्युत आयोजनालगायतका ठूला जलविद्युत आयोजनामा प्रदेश सरकारकोतर्फबाट शेयर लगानी गरिनेछ ।

३१.२. राष्ट्रिय विद्युत् प्रसारण सञ्जाल नपुगेका कर्णाली प्रदेशका दुर्गम तथा भौगोलिक रूपमा कठिन स्थानमा लघु जलविद्युत, सौर्य ऊर्जा, बायोग्याँस र वायुऊर्जा जस्ता वैकल्पिक ऊर्जा प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३१.३. जाजरकोटको ताक्सुगाड लगायत प्रदेशभित्रका बीस मेगावाटसम्मका जलविद्युत आयोजनाको सम्भाव्यता र आवश्यकताको विश्लेषणका आधारमा निर्माण गर्न संघीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

३२. खानेपानीको पहुँच नपुगेका बस्तीमा आधारभूत खानेपानी सुविधा पुर्‍याइनेछ । सार्वजनिक शौचालय, ढल तथा फोहोरमैला व्यवस्थापन र सरसफाइ सम्बन्धी कार्यक्रम सरकारी तथा गैरसरकारी संघ संस्थाको साझेदारीमा सञ्चालन र व्यवस्थापन गरिनेछ ।

३२.१. कर्णाली तथा भेरी बेसीन र शारदालगायतका नदी किनाराका बस्ती र खेतीयोग्य जमिनलाई लक्षित गरी नविन प्रविधिको माध्यमबाट स्वच्छ खानेपानी तथा सिँचाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३२.२. प्रदेश राजधानी वीरेन्द्रनगरमा खानेपानीको समस्या समाधान गर्न भेरी लिफ्ट खानेपानी आयोजना सञ्चालन गर्न समन्वय र सहजीकरण गरिनेछ ।

३२.३. भूमिगत जलस्तर घट्न नदिन डिप बोरिङ्ग सम्बन्धी मापदण्ड बनाइ लागू गर्न स्थानीय तहलाई आवश्यक सहजीकरण गरिनेछ।

३२.४. खानेपानीको गुणस्तर मापन तथा उपयुक्त प्रशोधन विधि अबलम्बन गरी शुद्ध र सुरक्षित पिउने पानीको सुनिश्चितताका लागि खानेपानी प्रणाली सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

३२.५. प्रदेश सरकारको लगानीमा बन्ने सरकारी तथा सामुदायिक भवनमा बर्सातको पानी सङ्कलन प्रणालीको प्रयोग गरिनेछ । स्थानीय तहसँगको सहकार्यमा निजी भवन निर्माण गर्दा बर्सातको पानी सङ्कलन तथा पुनरभरण प्रणाली लागू गर्न प्रोत्साहन गरिनेछ ।

३३. कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुर्‍याउन भूखण्ड अनुकूलित सिँचाइ प्रणाली निर्माण गरी सिँचित क्षेत्र विस्तार गर्न कर्णाली जनता सिँचाइ कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. स्थानीय तहसँगको समन्वय र साझेदारीमा बर्सात, मूल र खोलाको पानी सङ्कलन गरी पुनरभरण गर्ने चेक ड्याम निर्माण तथा ताल तलैया, पोखरी र जलाशयको विकास गरिनेछ ।

३५. जोखिमयुक्त बस्ती तथा अन्य संरचना संरक्षणको लागि एकीकृत रूपमा जलउत्पन्न प्रकोप व्यवस्थापन गर्न 'कर्णाली जनता तटबन्धन कार्यक्रम कार्यान्वयन गरिनेछ ।

माननीय सदस्यहरू,

३६. कर्णाली प्रदेश सडक गुरुयोजना निर्माण गरी प्राथमिकताका आधारमा सडक तथा पुल आयोजना कार्यान्वयन गरिनेछ । वडा केन्द्रदेखि स्थानीय तहको केन्द्रसम्म र स्थानीय तहको केन्द्रदेखि नजिकको राजमार्ग तथा मूल सडक करिडोरसम्म जोड्ने सडक बाह्रै महिना सञ्चालन हुने गरी वातावरणमैत्री सडक निर्माण र स्तरोन्नति गरिनेछ ।

३६.१. राष्ट्रिय गौरव र कर्णाली प्रदेशको रणनीतिक महत्त्वको रूपमा रहेका कर्णाली र भेरी करिडोर सडक आयोजनालाई तदारुकताका साथ निर्माण गर्न सङ्घीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

३६.२. सबै जिल्ला सदरमुकामदेखि नजिकको राजमार्ग वा करिडोरसम्म जोड्ने कम्तीमा एउटा सडकलाई प्रदेश गौरवको सडक आयोजनाको रूपमा कार्यान्वयन गरिनेछ ।

३६.३. कर्णाली प्रदेशको विशिष्ट भूबनोटलाई मध्येनजर गर्दै जथाभाबी सडक निर्माण गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय अध्ययन प्रतिवेदन समेतका आधारमा सडक निर्माण गरिनेछ ।

३६.४. कर्णाली प्रदेश सडक ऐन तर्जुमा गरिनेछ । सडक निर्माण गुणस्तर, सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापन र सडक दुर्घटना न्यूनीकरणका लागि मादपण्ड तर्जुमा गरी लागू गरिनेछ ।

३६.५. संघीय सरकारबाट हस्तान्तरण भइ आएका र प्रदेश सरकारबाट सञ्चालन भएका क्रमागत, अधुरा तथा रुग्ण आयोजना समयमै सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

३६.६. नागरिकले सार्वजनिक सेवा प्राप्त गर्न एक घण्टाभन्दा बढी पैदल हिड्नु नपर्ने गरी झोलुङ्गे पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३६.७. कर्णाली प्रदेशमा सार्वजनिक यातायातलाई सर्वसुलभ र सहज बनाउन सार्वजनिक-सहकारी साझेदारीमा यातायात सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

३६.८. सडक सुरक्षाको लागि सुर्खेत जिल्लाको उपयुक्त स्थान पहिचान गरी भेइकल फिट्नेस केन्द्रको स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

३६.९. सडक निर्माणमा नागरिकको बढ्दो मागलाई सम्वोधन गर्न सहरी क्षेत्रका सडक पूर्वाधार विकास तथा विस्तारको लागि लाभग्राहीको सहलगानीमा सडक निर्माण कार्यको शुरुवात गरिनेछ ।

३६.१०. प्रदेशभित्रका शहरी तथा ग्रामीण बस्तीमा यातायातको पँहुच अभिवृद्धि गर्न संघीय सरकार एवम् दातृ निकायसँगको समन्वय र सहकार्यमा सडक सञ्जाल सुधार तथा विस्तार आयोजना सञ्चालन गरिनेछ ।

३६.११. प्रकोप प्रतिरोधी, सुरक्षित, व्यवस्थित र वातावरणमैत्री भवन निर्माणमा जोड दिइनेछ । दलित, राउटे, विपन्न, घरविहीन, सीमान्तकृत नागरिक तथा जोखिमयुक्त र छरिएका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न स्थानीय तहसँगको समन्वय र साझेदारीमा एकीकृत बस्ती विकास, जनता आवास र विपन्नको घर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३६.१२. प्रदेश सरकारबाट प्रवाह गरिने सार्वजनिक सेवा एउटै स्थलबाट प्रदान गर्न मन्त्रालयहरूको एकीकृत प्रशासनिक भवन परिसर निर्माण गरिनेछ ।

**माननीय सदस्यहरू,**

३७. प्रदेश र स्थानीय तहका लागि आवश्यक कानून निर्माण गरिनेछ । कर्णाली प्रदेश र स्थानीय तहका कानूनको एकीकृत विद्युतीय पोर्टलमार्फत अभिलेखीकरण तथा व्यवस्थापन गरिनेछ । प्रदेश कानूनको कार्यान्वयन प्रभावकारिता अध्ययन गरी समायानुकूल सुधार गरिनेछ ।

३८. समाजमा विद्यमान रहेका कुरिती, कुसंस्कार, कुप्रथा र सबै प्रकारका विभेद तथा हिंसाजन्य कार्य हटाउन स्थानीय तह र सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा कानूनी सहायता तथा साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

३९. नागरिकको जीउधन र स्वतन्त्रताको संरक्षण, संविधान प्रदत्त मौलिक हकको प्रत्याभूति र शान्ति सुरक्षा तथा अमनचयन कायम गर्न कानूनी, संस्थागत र भौतिक पूर्वाधारको विकास गरिनेछ ।

३९.१. प्रदेश प्रहरी सम्बन्धी आवश्यक कानून बनाइनेछ । प्रदेश प्रहरी तालिम केन्द्रलगायतका संरचनागत तथा संस्थागत व्यवस्था गरी प्रहरी संगठनलाई सुदृढ र व्यावसायिक बनाइनेछ ।

३९.२. शान्ति सुरक्षाको व्यवस्थालाई सुदृढ बनाउन मानव बेचविखन, घरेलु हिंसा, लागू औषध दुर्व्यसनी जस्ता अपराधको मूलकारण पहिचान र निदानका लागि अध्ययन, अनुसन्धान गरिनेछ ।

३९.३. कर्णाली प्रदेशको अन्तरदेशीय सीमा जोडिएको क्षेत्रमा नेपाल सरकारसँग समन्वय गरी सीमा सुरक्षालाई थप प्रभावकारी बनाउने व्यवस्था मिलाइनेछ ।

३९.४. मानव अधिकारका सर्वमान्य सिद्धान्त र मूल्य मान्यतालाई आत्मसात गर्दै मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न स्थानीय तह, गैरसरकारी तथा समुदायमा आधारित संस्थाको समन्वय र सहकार्यमा मानव अधिकार तथा कानूनी सचेतना सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३९.५. जनआन्दोलन, जनयुद्ध एवम् गणतन्त्र तथा कर्णाली प्रदेश प्राप्तिको आन्दोलनको क्रममा जीवन उत्सर्ग गर्ने सहिद तथा बेपत्ता भएका व्यक्तिको परिवार, घाइते र अपाङ्गता भएका व्यक्तिको निःशुल्क स्वास्थ्य उपचार, सीप विकास, संरक्षण तथा पूनर्स्थापना गर्ने र सहिद स्मृति भत्ता उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४०. कर्णाली प्रदेशको भौगोलिक विशिष्टतालाई मध्यनजर गर्दै विपद् व्यवस्थापनका लागि स्थानीय तह, सुरक्षा निकाय र सम्वद्ध संघ संस्थासँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउन नीतिगत र संस्थागत सबलीकरण गरिनेछ ।

४०.१. वडा तहसम्मको विपद् जोखिम नक्शाङ्कन तथा प्रतिकार्य योजना तयार गरिनेछ ।

४०.२. स्थानीय तह, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था र निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गरिनेछ ।

४०.३. प्रदेश र स्थानीय तहमा रहने विपद् व्यवस्थापन कोषलाई योगदानमा आधारित, आत्मनिर्भर र दिगो बनाउन सिर्जनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

४०.४. सम्पूर्ण कर्णालीवासी, राष्ट्रसेवक र गैरसरकारी संघ संस्थामा कार्यरत कर्मचारीलाई गरिँदै आएको सामूहिक विपद् जोखिम दूर्घटना बीमालाई निरन्तरता दिइनेछ ।

४०.५. विपद् सम्बन्धी सचेतनामूलक सामाग्री पत्रपत्रिका, एफ.एम. रेडियो र टेलिभिजनबाट प्रचार प्रसार तथा प्रकाशन गरी जनचेतना अभिवृद्धि गरिनेछ ।

४०.६. प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई जिल्ला तथा स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रसँग सञ्जालिकृत गरिनेछ ।

४०.७. विपद् सम्वेदनशील क्षेत्रमा विपद् सूचना प्रणाली जडान गरी निगरानी केन्द्र समेत स्थापना गरिनेछ । विपद् व्यवस्थापनको क्षेत्रमा साहसिक तथा उदाहरणीय कार्य गर्ने व्यक्तिलाई पुरस्कृत गरिनेछ ।

४१. सञ्चार माध्यमको संस्थागत क्षमता विकास तथा सञ्चारकर्मीको पेशागत क्षमता अभिवृद्धिका क्रियाकलापमार्फत आम सञ्चार माध्यमलाई स्वच्छ, मर्यादित र व्यावसायिक बनाइनेछ ।

४१.१. सञ्चार माध्यमको दर्ता, इजाजत, नवीकरण, नियमन र अभिलेखीकरण कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

४१.२. प्रदेशभित्रका वर्गीकृत सञ्चार माध्यमलाई प्रदेश लोक कल्याणकारी विज्ञापन समानुपातिक रूपमा वितरण गरिनेछ ।

४१.३. श्रमजिवी पत्रकारको स्वास्थ्य सुरक्षा, उत्प्रेरणा र व्यावसायिक दक्षता विकास गर्न पत्रकार कल्याणकोष र स्नातकोत्तर छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४१.४. बढ्दो साईवर अपराधका घटनालाई मध्यनजर गर्दै साईवर अपराध नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४१.५. चलचित्र छायाँकनको लागि छनोट भएको दैलेख र कालिकोट जिल्लाको संगमस्थल महाबु क्षेत्रमा आवश्यक पूर्वाधार विकास गर्न नेपाल चलचित्र विकास बोर्ड र निजी क्षेत्रसँग समन्वय गरिनेछ ।

४२. समृद्ध कर्णालीको आधार, सूचना तथा सञ्चार प्रविधिको विस्तार भन्ने मान्यता आत्मसात गर्दै विद्युतीय शासन गुरूयोजनाको कार्यान्वयन गरिनेछ ।

४२.१. सार्वजनिक सेवालाई प्रभावकारी बनाउन, विद्युतीय तथ्याङ्कको भण्डारण र सुरक्षण गर्न तथा अन्य व्यवस्थापकीय कार्यमा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिई विद्युतीय शासनको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।

४२.२. योजना प्रणालीलाई तथ्यमा आधारित र नतिजामूलक बनाउन सूचना प्रविधिको प्रयोग गरिनेछ ।

**माननीय सदस्यहरू,**

४३. प्रदेश सरकारबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाइनेछ ।

४३.१. राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च बनाई निजामती सेवालाई प्रभावकारी बनाउन प्रदेश निजामती सेवा ऐन तर्जुमा गरी कार्यान्वयन गरिनेछ । कर्णाली प्रदेश सरकारको मानव संशाधन योजना र तालिम नीति बनाई लागू गरिनेछ ।

४३.२. सेवा प्रवाह र विकास निर्माण सम्बन्धमा जनताको जिज्ञासा, गुनासो र सुझाव प्रत्यक्ष रूपमा सम्वोधन गर्न हेलो मुख्यमन्त्री कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

४३.३. प्रदेशको नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन गर्न अनुगमन तथा मूल्याङ्कनलाई सरल, सहज र प्रभावकारी बनाउन कर्णाली बजेट अनुगमन प्रणालीको स्तरोन्नति गरिनेछ ।

४३.४. स्थानीय तहको सुशासन तथा सक्षमता मूल्याङ्कनको आधारमा सुशासन प्रवर्द्धन गर्न नवप्रवर्तन साझेदारी कोष कार्यक्रम कार्यान्वयन गरिनेछ ।

४३.५. प्रदेश निजामती सेवालाई व्यावसायिक, गुणस्तरीय, नागरिक केन्द्रित, परिणाममुखी र समसामयिक बनाउन क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

४३.६. प्रदेश तथा स्थानीय तहमा रिक्त रहेका पदमा प्रदेश लोकसेवा आयोगमार्फत पदपूर्ति गरिनेछ ।

४३.७. कर्णाली प्रदेशका शिक्षित युवालाई सरकारी सेवामा आकर्षित गर्न लोकसेवा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

४३.८. प्रदेश सरकार मातहत निकायको आन्तरिक नियन्त्रण प्रणाली तथा सेवा प्रवाहको मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

४३.९. कर्णाली प्रदेश सरकार र मातहत निकायमा रही उल्लेखनीय र अनुकरणीय कार्य गर्ने राष्ट्रसेवक कर्मचारीलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा कर्णाली सेवा पुरस्कारबाट पुरस्कृत गरिनेछ ।

४३.१०. सरकारी कार्यालयको न्यूनतम मापदण्ड तोकी अनुकरणीय कार्य गर्ने कार्यालयलाई नमुना कार्यालयको रूपमा छनोट गरी पुरस्कृत गरिनेछ ।

४३.११. राष्ट्रसेवक कर्मचारीलाई कार्यमा प्रोत्साहन गर्न दिवा शिशु स्याहार केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।

४३.१२. प्रदेश र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, सार्वजनिक वित्त तथा योजना व्यवस्थापन लगायतको क्षेत्रमा क्षमता विकासका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न प्रदेश सुशासन केन्द्रको प्रशिक्षणमैत्री भवन निर्माणको कार्य अघि बढाइनेछ ।

४४. अनुसन्धान र विकास (रिसर्च एण्ड डेभलपमेण्ट) को अबधारणालाई आत्मसात गर्दै शासकीय प्रबन्ध तथा विकासका नविन सोच, नीति एवम् अबधारणाका सम्बन्धमा विभिन्न विश्वविद्यालयलगायतका निकाय एवम् अनुसन्धानकर्तासँगको समन्वय र सहकार्यमा अध्ययन, अनुसन्धानको कार्य गरी प्राप्त सुझाव तथा सिफारिसको कार्यान्वयन गर्ने नीति लिइनेछ ।

४५. मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा उच्चस्तरीय अनुगमन संयन्त्र गठन गरी प्रदेश विशेष, गौरव एवम् रूपान्तरणकारी आयोजनाको नियमित अनुगमन तथा सुपरीवेक्षणमार्फत प्रभावकारी कार्यान्वयन र व्यवस्थापन सुनिश्चित गरिनेछ ।

**माननीय सदस्यहरू,**

४६. कोभिड-१९ सङ्क्रामक रोगको कारणले प्रदेशको आर्थिक, उत्पादन, वितरण तथा श्रमको क्षेत्रमा परेको प्रभावलाई सामान्यीकरण गर्दै आन्तरिक तथा बाह्य लगानी बढाइ प्रदेशको अर्थतन्त्र सवल र सुदृढ बनाइनेछ ।

४६.१. उच्च प्रतिफल दिने आयोजनामा सार्वजनिक र निजी लगानी आकर्षित गर्न लगानी सम्मेलन आयोजना गरिनेछ ।

४६.२. नवप्रवर्तनलाई प्राथमिकता दिई नयाँ प्रविधि र सोचलाइ जनस्तरसम्म स्थापित गराई यसबाट आय आर्जन र रोजगारीका अबसर सिर्जना गर्न श्रृजनशील स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

४६.३. प्रदेशमा वित्तीय साक्षरता, बैंकिङ्ग प्रणालीमा पहुँच र वित्तीय समावेशीकरण अभिवृद्धि गरिनेछ । नागरिकको बचत वृद्धि गरी स्वरोजगारका अबसर सिर्जना गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४६.४. कर्णाली प्रदेशको पूर्वाधारलगायतका प्राथमिकता प्राप्त क्षेत्रमा विकास साझेदारलाई परिचालन र प्रत्यक्ष वैदेशिक लगानी आकर्षण गर्न लगानी सुरक्षा र लगानीमैत्री वातावरणको सुनिश्चितता गरिनेछ ।

४६.५. प्रदेश सरकारबाट हुने शेयर लगानी, फिर्ता, लाभांश प्राप्ति एवम् प्रदेशको सार्वजनिक ऋणको एकीकृत अभिलेख तथा प्रदेशबाट लगानी भएका क्षेत्रको नियमन एवम् विश्लेषण गर्न संरचनागत व्यवस्था गरिनेछ ।

४७. एक मन्त्रालय एक प्रदेश विशेष कार्यक्रम घोषणा गरी प्रदेश गौरव एवम् रणनीतिक महत्त्वको रूपान्तरणकारी आयोजनाको रूपमा कार्यान्वयन गरिनेछ ।

४८. विनियोजन तथा कार्यान्वयन कुशलता बढाइ उच्चतम प्रतिफल प्राप्तिका लागि परियोजना बैंक तथा क्रियाकलापगत बजेट प्रणाली अबलम्बन गर्दै दातृ संस्था तथा निकायको सहयोगलाई सरकारी कोष तथा बजेट प्रणालीमा समेटने नीति लिइनेछ ।

४८.१. स्रोतको सङ्कुचन र यसबाट पर्ने वित्तीय भार समेतलाई मध्येनजर गरी चालु तथा प्रशासनिक खर्चलाई निश्चित सीमामा राखिनेछ । दीर्घकालीन दायित्व न्यूनीकरण गर्ने र गैर बजेटरी खर्चलाई निरुत्साहित गर्दै वित्तीय उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४८.२. प्राथमिकता प्राप्त तथा प्रदेश गौरवका आयोजनाका लागि आवश्यक रकम विनियोजन गर्ने नीति लिइनेछ ।

४८.३. आयोजना बैंकमा प्रविष्ट भएका आयोजनहरूमध्ये वस्तुनिष्ठ मापदण्डका आधारमा आयोजना तथा कार्यक्रम छनोट गरी कार्यान्वयन गरिनेछ ।

४८.४. आयोजना बैंकमा प्रविष्ट भएका सालबसाली वा बहुवर्षीय आयोजनाको कार्यान्वयन वस्तुगत सूचक र लाभ-लागत विश्लेषणका आधारमा प्राथमिकताक्रमअनुसार गरिनेछ ।

४९. कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले परिलक्षित गरेका कार्यक्रममा निजी क्षेत्रलाई आकर्षित गर्ने, संघीय सरकारको लगानी बढाउने र प्रदेश सरकारको

लगानी प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्ने रणनीति अख्तियार गरी आर्थिक गतिविधि बढाइ राजस्वको दायरा विस्तार गर्ने नीति लिइनेछ ।

५०. कार्य सम्पादनमा कानूनको पालना, विनियोजन दक्षता, कार्यान्वयन कुशलता, प्रभावकारिता र जवाफदेहिता अभिवृद्धिका साथै स्रोत साधनको कुशल परिचालन एवम् सुरक्षाका लागि प्रणालीगत सुधार तथा क्षमता विकास गरिनेछ ।

५०.१. स्रोत साधनको कुशल परिचालन एवम् सुरक्षा गर्न वित्तीय जोखिम मूल्याङ्कन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई कार्यान्वयन गरिनेछ ।

५०.२. प्रदेश मन्त्रालयको वित्तीय जोखिम मूल्याङ्कन गरी वित्तीय सुशासन कायम गर्न सबै मन्त्रालय र निकायको क्षमता विकास र मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाइनेछ ।

५०.३. विशेष, समपूरक र सशर्त अनुदान रकम पूर्ण र प्रतिफलमुखी रूपमा खर्च गर्न प्राविधिक तथा प्रशासनिक क्षमता सुदृढीकरण गरिनेछ ।

५०.४. संघबाट प्रदेश तथा स्थानीय तह र प्रदेशबाट स्थानीय तहमा समन्यायिक रूपमा वित्तीय हस्तान्तरण हुने व्यवस्थाका लागि संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

अन्तमा,

५१. कोभिड-१९ सङ्क्रामक रोगको प्रभाव र असरका कारण सुस्त एवम् सुधारोन्मुख अबस्थामा रहेको आर्थिक क्षेत्रको तिब्र र दिगो विकासका साथै समृद्ध कर्णाली सुखारी कर्णालीवासीको दीर्घकालीन सोच प्राप्तिमा प्रस्तुत नीति तथा कार्यक्रमले महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास लिएको छु ।

५२. यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि तीनै तहका सरकार, निजी, सहकारी, विकास साझेदारलगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँगको समन्वय, सहकार्य र साझेदारी अत्यावश्यक रहने हुँदा सम्बद्ध सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

५३. प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट कर्णालीवासीको समृद्धि, गरिबी निवारण, मानव विकास, पूर्वाधार विकास, प्रभावकारी सार्वजनिक सेवा प्रवाह, सुशासन र उत्पादनमूलक रोजगारीलगायतका आकांक्षा पूरा गर्न सम्बद्ध सबै पक्षको सहयोग र सहकार्य हुनेछ भन्ने विश्वास लिएको छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, यो बैठकको कारवाही यही समाप्त हुन्छ । सभाको अर्को बैठक आधा घण्टा पछि बस्ने व्यहोरा जानकारी गराउँछु ।

## बैठक संख्या-९
## (२०७९ साल जेठ २४ गते मंगलबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको दशौं अधिवेशनको नवौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशका प्रदेश प्रमुखज्यूबाट प्रदेश सभाको दशौं अधिवेशनको आठौं बैठकमा सम्वोधन भएको नीति तथा कार्यक्रमको प्रति कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम १ बमोजिम यस सभासमक्ष टेबुल गर्न कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री जीवनबहादुर शाहीलाई अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री जीवनबहादुर शाहीः** माननीय सभामुखज्यू कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सभाको दशौं अधिवेशनको आठौं बैठकमा प्रस्तुत गरिएको प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमको प्रति कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम ३६ को उपनियम १ बमोजिम सभासमक्ष टेबुल गर्दछु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूले प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएकोमा उहाँप्रति कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम ३६ को उपनियम २ बमोजिम धन्यवाद ज्ञापनको प्रस्ताव राख्न माननीय श्री कृष्णा शाहलाई अनुमति दिन्छु ।

**माननीय श्री कृष्णा शाहः** माननीय सभामुखज्यू कर्णाली प्रदेशका माननीय प्रदेशज्यूद्वारा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम सभामा प्रस्तुत भएकोमा कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम ३६ को उपनियम २ बमोजिम माननीय प्रदेश प्रमुखज्यूलाई सभाकोतर्फबाट धन्यवाद ज्ञापनको प्रस्ताव पारित गरियोस् भनी प्रस्ताव गर्दछु ,धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू अब म माननीय श्री अमृता शाहीलाई कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम ३६ को उपनियम २ बमोजिम माननीय कृष्णा शाहले पेस गर्नु भएको धन्यवाद ज्ञापनको प्रस्तावलाई सर्मथन गर्न अनुमति दिन्छु ।

**माननीय श्री अमृता शाहीः** माननीय सभामुखज्यू कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत भएकोमा माननीय प्रदेश प्रमुखज्यूलाई सभामा सभाकोतर्फबाट धन्यवाद ज्ञापन गरियोस् भनी माननीय श्री कृष्णा शाह आर्चायले राख्नु भएको प्रस्तावलाई कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम ३६ को उपनियम २ बमोजिम सर्मथन गर्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम कर्णाली प्रदेशको माननीय प्रदेश प्रमुखज्यूद्वारा प्रस्तुत भएकोमा उहाँलाई सभाकोतर्फबाट धन्यवाद प्रस्ताव परित गरियोस् भनी माननीय कृष्णा शाह पेस गर्नु भएको तथा माननीय अमृता शाहीले समर्थन गर्नु भएको प्रस्ताव निर्णायार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस (हुन्छ) यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्। "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सरकारको अर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत भएकोमा उहाँ समक्ष यस सभाद्वारा धन्यवाद ज्ञापन गरियोस् भन्ने प्रस्ताव कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम ३६ को उपनियम ३ बमोजिम सभाबाट सर्वसहमतिले परित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूले सभासमक्ष प्रस्तुत गर्नुभएको प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रममाथि छलफल गर्नको लागि प्रदेश सभा नियमावली २०७४ को नियम ३७ को उपनियम १अनुसार यही जेठ २६ र २७ गतेका दिनहरू तोकेको छु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले उक्त दिनको बैठक बस्ने समय अगावै आफ्नो नाम सचिवालयमा टिपाउनुहोला ।

माननीय सदस्यहरू, अब यो बैठक २०७९ साल जेठ २६ गते बिहीवार दिनको ३ बजेसम्मका लागि स्थगित हुन्छ ।

## बैठक संख्या-१०
## (वि.सं. २०७९ साल जेठ २६ गते बिहीबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको दशौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री जीवनबहादुर शाहीले सभासमक्ष टेबुल गर्नु भएको प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रममा समावेश भएका विषयहरूमा केन्द्रित रही आफ्नो धारणा राख्नको लागि समय निर्धारण गरेको छु । छलफलमा भाग लिन चाहने माननीय सदस्यहरूले सभामुखको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला । आफ्नो धारणा राख्न बाँकी रहेका माननीयहरूलाई क्रमश समय उपलब्ध गराउने छु। सर्वप्रथम माननीय श्री यामलाल कंडेल।

**माननीय श्री यामलाल कंडेलः-** माननीय सभामुख महोदय, प्रदेश प्रमुखमार्फत कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम सार्वजनिक भइसकेको छ । प्रस्तुत नीति तथा कार्यक्रममा दलकोतर्फबाट आफ्नो धारणा राख्न उपस्थित छु । यो प्रदेशसभाभित्र आफूलाई तीन वर्षसम्म प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गरेको दलको नेता अहिले सरकारको नेतृत्वमा हुनुहुन्छ । उहाँले नेतृत्व गरेको सरकारले तय गरेको कार्यक्रम प्रदेश प्रमुखमार्फत कर्णाली प्रदेशका जनताका बिचमा हामीले यहाँ छलफल गरिरहेका छौं । हाम्रो छलफलका आधारबाट बाहिर रहनुहुनेहरूले पनि छलफलमा भाग लिइरहनुभएको होला भन्ने मलाई लाग्छ । मलाई विश्वास थियो उहाँले तीन वर्षसम्म त्यति बेलाको सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम बारेमा बोलकेका कुराका आधारबाट आफ्नो कार्यकालमा कर्णाली प्रदेशको समृद्धि र उन्नतिका निम्ति आफूले तीन वर्षको कार्यकालमा बोलेअनुसारकै नीति तथा कार्यक्रममा कहीं कतै प्रकट होला कि भन्ने अपेक्षा पनि थियो हामी सत्ता पक्षमा रहँदा रहँदै पनि कतिपय कुरा पोजिसन फरक भए पनि कतिपय कुरा मिलिरहेका थिए तर आज जे कार्यक्रम प्रस्तुत भएको छ । त्यो कार्यक्रमका आधारबाट अब केही हुन्छ भन्ने सन्देश दिने दाहित्त्व र जिम्मेवारी ठाउँ सरकार नै हो । सरकारका आफ्ना सीमाहरू छन् आफ्ना दायराहरू छन् । त्यो धेरै नबुझे पनि न्यूनतम रूपमा हामी सबैले बुझ्छौं । त्यसका बाबजुत कर्णालीमा केही हुन्छ केही गर्छ केही गर्न सकिन्छ भन्ने भावना यही नीति तथा कार्यक्रमबाट व्यक्त हुनुपर्ने हो । हुन त ल्याउनेहरू त उत्साहित नै हुनुहुन्छ होला सुन्न बाँकी छ । बुझ्न बाँकी छ तर यो किताब तुलनात्मक रूपले अध्ययन गर्‍यो भने केही पाउन सकिँदैन । संसद्मा तीन वर्षसम्म बोलेका रेकर्डहरू सुरक्षित छन् । त्यो भन्नका निम्ति थियो कि सुधार गर्नका निम्ति थियो । त्यो सम्बन्धितले जान्ने कुरा हो तर मैले बुझेको कुरा के थियो भने त्यो सुधार

गर्नकै निम्ति थियो भन्ने बुझेको थिए । त्यस कारणले हामी सत्ता पक्षमा हुँदा हुँदै पनि कतिपय कुरा त्यति खेर हामीले समर्थन गरेका थियौं । हाम्रो पोजिसन साझा कुरा होइन अबस्था साझा कुरा हो भन्ने थियो तर त्यसलाई बदल्ने कुरा, त्यसलाई समाधान गर्ने कुरा यो नीति तथा कार्यक्रम कति सार्थक छ । त्यो समयक्रममा हामी सबैले व्यहोर्दै जानुपर्ने एउटा अबस्था हो । नेतृत्व परिवर्तन हुँदा त्यसले केही नयाँ सन्देश नयाँ परिवर्तन ल्याउँछ भन्ने उद्देश्यका साथ हामीले गएका सदनहरूमा हामीले आफ्नो पोजिसनलाई पनि बिर्सिएर केही रचनात्मक कामकारवाहीहरू अगाडि बढाएका थियौं । सरसल्लाह पनि भएको थियो सहमति पनि भएको थियो त्यसले व्यक्ति रिसाउन सक्छ रिसाए होला तर त्यसले सुशासनलाई सहयोग पुऱ्याएको थियो त्यसले योजनालाई कार्यान्वयन गर्नका लागि सहज पुऱ्याएको थियो तर संसद्भित्र सभामुखको अध्यक्षतामा बसेको सर्वदलीय बैठकमा हामी स्वयम् उपस्थितिले दस्तखत गरेको कागज पनि आज बेवारिसे अबस्थामा पुगेछ । हामीले कुनै नयाँ कुरा उठाएका थिएनौं । हामीले त्यो उठाउनुपर्ने कुरा पनि थिएन तर एउटा कर्णालीको सुशासनका निम्ति, व्यवस्थाका निम्ति सीमित स्रोत र साधनको प्रभावकारी प्रयोगका निम्ति हामीले केही साना मसिना योजनाका कुरा गरेका थियौं । केही समयसम्म यो सम्मानित हलमा समेत सरकारकातर्फबाट प्रतिबद्धता व्यक्त गरीरहेको हुँदा हुँदै पनि पछिल्लो समयमा ती सबै बाटाहरू खोलिए छन् त्यसले कर्णालीको विकासको प्रगतिको दर के रहयो केही दिनपछि आउने बजेटले अङ्कित गर्ला तथ्याङ्कहरू त्यहाँ आउलान् । अहिले नै म भन्न चाहन्नँ त्यसै मुताविक हिजो तीन वर्षसम्म जे भनिरहेको भए पनि आज दिन बिताउने त हो झण्डा हल्लाउने त हो भन्ने कुरा नै प्रमुख ठानेर त्यसको निरन्तरता स्वरूप अहिलेको नीति तथा कार्यक्रम आइरहेको छ । गर्ने, गराउने कुरा होइन यो सुशासनको कुरा होइन यो यो दिन बिताउने कुरा हो झण्डा हल्लाउने कुरा हो त्यसैको निरन्तरताको दस्तावेज हामीले यहाँ प्राप्त गरेका छौं । तरिका बदलिएको छ भाषाशैली बदलिएको छ तर कोही कसैलाई उत्साहजनक परिस्थिति निर्माण गर्ने कुरा व्यावहारिकतालाई प्रधानता दिने नाममा निराशा छाउने वा निराशाको सन्देश दिने यो दस्तावेज हो हुन त दिनगन्ती सुरू सबैको भइरहेको छ । हामीले छलफल चलाउँदा चलाउँदै हाम्रा दिन सकिँदै छन् । त्यस्तो नीति तथा कार्यक्रममा हामीले छलफल चलाइरहेका छौं । यो ल्याउनेलाई पनि राम्रोसँग थाहा छ हामी छलफल गर्नेहरूलाई पनि राम्रोसँग थाहा छ । छलफल गर्दागर्दै दिनगन्ती सामाजिक सञ्जालमा हेर्ने हो भने अब राजधानी त भएकाहरूको होइन उम्मेदवारहरूको सूचीको सार्वजनिक समाचार बन्ने समाचारहरू प्रकाशित भइसकेका छन् । नयाँ बन्नेहरूको प्रमुखता पाइरहेको बेला अब पूरानाको कसले चर्चा गर्छ त्यस्तो अबस्थामा साथीहरूले वा सरकारले यो नीति तथा कार्यक्रम ल्याइरहेको छ । हाम्रो तपाईंहरूबाट कुनै ठूलो अपेक्षा थिएन त्यो पैसा घटाएर प्रमुख प्रतिपक्ष दलका सांसद अथवा एमालेका सांसदहरू भएको ठाउँमा त्यो

विकास जान्छ भनेर हामीले त्यो प्रश्न उठाएका होइनौं । कर्णालीका जनताको नाममा आएको सीमित धनराशी विकासका नाममा कोही कसैले बह्मलुट नगरोस् त्यसले समाजमा नकारात्मक सन्देश नदियोस् भन्ने उद्देश्यका साथ हामीले सदासयन्तापूर्वक यो कुरा उठाएका थियौं। त्यसको सकारात्मक सन्देश नै सबैतिरबाट आइरहेको थियो तर टिक्न सक्नु भएन कारण आफ्ना होलान् त्यस्तो अबस्थामा के कुरा बोल्ने होला भन्ने मलाई लागिरहेको छ। व्यवहार हेर्ने हो भने अरू थप केही सुझाव दिइरहनुपर्ला जस्तो छैन । तर पनि संसद् चलिरहेको छ संसद्मा हामी भाग लिइरहेका छौं अझै थाक्नु हुँदैन अझै विश्राम लिनु हुँदैन अझै आफ्नोतर्फबाट रचनात्मक सल्लाह र सुझाव र विषयहरू राख्ने कुरा आफूले आफ्नो कर्तव्य ठान्नुपर्छ भन्ने हामीले सोचिरहेका छौं । व्यवहार हेर्‍यो भने ढङ्ग हेर्‍यो भने अनुहार हेर्‍यो भने गति हेर्‍यो भने केही होला जस्तो त छैन नै तर पनि संसद्को बैठकमा भाग लिइरहेका छौं आफ्नोतर्फबाट हामीले आफ्नो कर्तव्य पूरा गर्नुपर्छ भन्ने मलाई लाग्छ । हुन त अहिले गठबन्धनको सरकार छ । गठबन्धन पनि ठाउँ ठाउँका गठबन्धनबाट नेपाली राजनीति चलिरहेको छ । त्यसबाट हामी पनि कतिपय ठाउँमा टाढा छौं चै मलाई पनि लागिरहेको छैन फेरि म अरूलाई मात्रै भन्न चाहन्नँ यसको नयाँ सिद्धान्त बनेछ नयाँ लेखिएको छ चलाखीपूर्ण शब्द चयन गरिएको छ अब केही चाहिँदैन यो सरकारलाई ६ ओटा ब सम्झिए कर्णाली प्रदेश स्वर्गलोप हुने सिद्धान्त यहाँ आएको छ । अब यो गठबन्धनकै सिद्धान्त होला भनेर भनौं, मुख्यमन्त्री माननीय जीवनबहादुर शाही प्रमुख प्रतिपक्ष हुँदा खेरि नै भनिरहेकै थियो अब त्यो गठबन्धनकै सिद्धान्त भनौं किन कि उहाँ त्यसको नेता हुनुहुन्छ । हिजो त्यो माननीय जीवनबहादुर शाहीको थियो आज यो गठबन्धन सरकारको सिद्धान्त र मान्यता होला जस्तो लाग्यो । बाटा त बनेकै छन् माटो त खोस्रिएकै छौं गन्तव्यमा त पुगिएकै छैन त यी तपसिलका कुरा हुन् तर म राख्न चाहन्छु तलकोतर्फबाट र आफ्नोतर्फबाट पनि सबैभन्दा पहिला हामी जो कर्णालीमा छौं कर्णालीको जुन सामाजिक बनोट छ त्यसको छाप कर्णालीमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक पार्टीहरूमा परिरहेकै छ । सरकारमा मात्रै परेको छ म भन्दैन कर्णालीभित्र रहेका नाम विभिन्न राखिरहेका पार्टीहरूमा यसको प्रभाव परीरहेकै छ । सबैभन्दा पहिला विकासको बाधक प्रगतिको बाधक हाम्रो सोचको जुन तरिका छ त्यो नै प्रमुख कुरा हो यदि कुनै व्यक्तिमा पहिला सोच छैन भने तपसिलका कुरा हुन् यी तलका कुरा सोचअनुसारको कर्णालीलाई कहाँ पुर्‍याउने एक वर्षभित्र कर्णालीलाई पाँच वर्षभित्र कहाँ पुर्‍याउने हाम्रो कुनै गन्तव्यको कुनै टुङ्गो छैन वा हामीसँग योजना छैन जब तपाईंसँग सोच छैन योजना छैन तपाईंले उल्लेख गर्नु भएका ६ ब तपसिलका कुरा हुन् आफ्नो ठाउँमा महत्त्वपूर्ण छ तर योजनाविनाको बाटो योजना विनाको वन योजना विनाको बिजुली योजना विनाको वातावरण अरू के के छन् सबै हेर्न भ्याएको छैन योजना विना बाटो खनिएकै छ त प्रगति हुनैपर्ने हो । योजना विनै जेठका महिना पनि वृक्षारोपण, अन्त होइन हाम्रो

प्रदेशसभाको परिसरभित्र भइरहेको छ त वातावरण दिवसका नाममा अर्को कुनै दिवसका नाममा भइ त रहेको छ त त्यस कारण यिनी पछौटे समाजमा हुर्किएका व्यक्तिगत रूपमा आफूलाई जति सुकै सक्षम ठानौं हामीले प्रतिनिधित्व गर्ने सामाजिक बनावट र अबस्थाका छाप आउने भएका हुनाले हामीकहाँ मिलेर गर्ने कुरा छैन सँगै छलफल गर्ने कुरा छैन । एक्ला एक्लै हिँड्ने कुरा जुन छ यसलाई नबदल्दासम्म हामीले हाम्रो कर्णालीको अबस्था र स्थितिलाई बदल्ने कुरा गरिएला तर समयको गतिअनुसार बदल्ने कुरामा समस्या हुन्छ कि यतातिर सोचौं । यतातिर छलफल गरौं किन कि हामी सङ्घीय संरचनामा गएका छौं हामी सबै मिलेर कर्णाली प्रदेशलाई बाग्मती प्रदेशसरह नेपालका अरू प्रदेशसरह बनाउने कुरा दायित्व र जिम्मेवारी कर्णाली प्रदेशमा रहेका हामी सबैको साझा दायित्व र कर्तव्य हो तर जसले नेतृत्व गर्नुभएको छ उहाँको प्रमुख जिम्मेवारीको कुरा हो । के त्यस्तो भयो के त्यस्तो भयौं, के त्यस्तो गऱ्यौं के त्यस्तो गर्न सक्यौं तभन्दा मलाई लाग्छ दाबी त होला तर कमी रह्यो । हो यो सरकारको अविच्छिन्न उत्तराधिकारी भएको हुनाले हिजोको बिरासत यसले बोक्नै पर्छ । बोक्दै गर्दा पहिला पहिला झण्डा हल्लाउनेले मनलाग्दी योजना थप्नुभयो होला अब जति पछाडि झण्डा हल्लाउने ठाउँमा पुग्नुहुन्छ चाहेर पनि योजना थप्न नसक्ने अबस्था बनेको होला त्यो आफ्नो ठाउँमा छ । यो नीति तथा कार्यक्रमले हिजो हामी सबैले उठाइरहेको यो हाउसभित्रको सर्वसम्मत विचार हो । सर्वसम्मत धारणा हो । कि बजेट नीति तथा कार्यक्रम असन्तुलित भयो, हिजो भाषामा असन्तुलित थियो, आज तथ्याङ्कमा असन्तुलित छ । किनकि आज हामीले आफ्नो कार्यकालको अन्तिम समय बिताइरहेका छौं । मेहेनत गरेरै भए पछि धेरै ढिलो समय पछि २ वर्ष अगाडि होला हामीले समितिबाट माग्दा खेरि समेत त्यो प्राप्त गर्न सकेका थिएनौं, ढिलै भए पनि एउटा अर्धवार्षिक समीक्षाको रिर्पोट पाउँदा १३२ योजना बहुवर्षीय योजनामा सूचीकृत भएको यहाँ मैले देखे । समितिले समेत माग्दा नपाउने अबस्था व्यहोर्दै आएको समितिको सदस्य म तपाईंहरूको बिचमा विगतमा पनि राखेको थिएँ १३२ त बहुवर्षीय योजनाको सूचीकृत भएको छ । यसले खाडल देखाउँछ । यसले विभेद देखाउँछ, यसले विषयगत विभेद देखाउँछ, यसले क्षेत्रगत विभेद देखाउँछ, यसले भूगोलको विभेद देखाउँछ । जुन सदनको आजभन्दा अगाडि छलफल चलेका नीति तथा कार्यक्रमको प्रस्तोता एकातिर झण्डा हल्लाउनेहरू एकातिर बाँकी यो दल ऊ दल नभनीकन हाउसमा रहेका माननीय सदस्यहरू एकातिर भएको दृष्टान्त हामी सबै देख्दै र भोग्दै आएका माननीय सदस्यहरू उपस्थित छौं । यसलाई न्यूनीकरण गर्नेबाटो यसले अबलम्बन गरेन। ६ महिनाको विषयमा टुक्रे योजनाको नाममा एउटा पालिकामा करोड गएको छ, त्यस कारणले यो नीति तथा कार्यक्रमले त्यो विभेदको खाडल घटाउने कुरा गऱ्यो कि बढाउने कुरा गऱ्यो, त्यो असार १ गतेको दस्तावेज हेरौंला तर भाषागत रूपले जे सम्वोधन गर्नुपर्ने थियो त्यसले खाडल घटाउने कुरा केही गरेको छैन । म यसमा सबैको ध्यान

आकर्षित गराउन चाहन्छु । आज हामी संविधान कार्यान्वयनको वा यो कार्यकालको अन्तिम समयमा छौं । हामीले बनाएको संविधानमा मौलिक कुराहरूमा ग्यारेन्टी गरिएका कुराहरू छन् अब मौलिक अधिकार सुनिश्चित नहुँदा व्यक्ति र संस्थाहरू क्रमशः अदालत जाने परिस्थिति बन्दै छ । यो कार्यक्रममार्फत स्थानीय र संघ सरकारको समेत ध्यानाकर्षण गर्दै संविधानमा रहेका मौलिक अधिकारको प्रत्याभूति गर्ने कुरा नहुना साथ जनता अदालत जाने परिस्थिति निर्माण हुँदा अदालतले सिधा सिधा आदेश दिने परिस्थिति निर्माण भइसकेको छ । उदाहरणका लागि माध्यमिक शिक्षा निशुल्क भन्ने संविधानमा छ, त्यसलाई आधार बनाएर वीरेन्द्रनगर स्थित जति पनि उच्च माध्यमिक विद्यालय छन् तीनले लिएको शुल्कलाई आधार बनाएर उच्च अदालतमा रिट निवेदन पऱ्यो उच्च अदालतले सरकारलाई होइन, सम्बन्धित विद्यालयलाई स्टे अडर अन्तरिम आदेश जारी गरेको अबस्था छ । अदालतले पनि सरकारप्रति लक्षित हुनुपर्थ्यो, सरकारलाई भन्नुपर्थ्यो स्थानीय सरकार हो कि प्रदेश हो कि सङ्घीय सरकार हो संविधानमा यस्तो व्यवस्था गरिएको छ, त्योअनुसारको बजेट विनियोजनाका निम्ति गम्भीरतापूर्वक ध्यानाकर्षण गर्छु वा आदेश दिन्छु सम्बन्धित सरकारलाई भन्नुको सट्टा सम्बन्धित विद्यालयलाई आदेश दिँदा, आज त्यहाँको पठन पाठन प्रभावित हुने स्थिति बनेको छ । यसै आधारबाट खान पाउने अधिकारका लागि सम्बन्धित व्यक्ति वा सरकारवालाहरू अदालत जाने परिस्थिति निर्माण हुँदा, सम्बन्धित संस्थाहरूले सेवा दिनेमा समस्या उत्पन्न हुने परिस्थिति क्रमशः पर्दै छ त्यसअनुसार सरकारले आफ्नो प्राथमिकता दलहरूले आफ्नो नीति नबदल्ले कुरा भयो भने यसै त सामुदायिक स्कुल चल्न सकेका त थिएनन् संविधानलाई देखाउँदै अदालतले फैसला गर्ने भयो भने भइरहेका सामुदायिक विद्यालयहरू अझ छत विक्षत निर्माण हुने दृश्य अन्त देखा नपरेपछि सुर्खेतको वीरेन्द्रनगरमा देखापरिसकेको अबस्था छ । यो क्रमशः सबै ठाउँमा जाने कुरा हो, त्यस कारणले यतापट्टि यो परिस्थितिअनुसार अघि बढ्ने कुरामा ध्यान दिन म जरुरी र आवश्यक ठान्दछु । यदि हामीले बेलैमा त्यो कुरा पूरा गर्न सकिएन भने हामीले हाम्रो जिम्मेवारी पूरा गर्न सकिने कुरामा असजिलो अप्ठ्यारो हुन सक्ने अबस्था रहन सक्छ । धेरै विषय यसले ओगटेको छ म सबै विषयमा अहिले जान चाहन्नँ । तर केही केही सरकारको ध्यानाकर्षण गराउनै पर्ने कुरा का बारेमा म छलफल गर्न चाहन्छु । हो हामी हाम्रो आन्तरिक आम्दानी थोरै छ, सङ्घीय अनुदानमा शत प्रतिशत भने पनि हुन्छ यद्यपि हाम्रो पनि सानो हिस्सा छ, भर पर्नुपर्ने प्रदेश हो । यसो हो भने सरकारले लिने, नीति, योजनाको छनोट, प्रतिस्पर्धी हैन कि सहयोगीका रूपमा प्रस्तुत हुन जरुरी छ । तर यो नीति तथा कार्यक्रम हेर्दा सहयोगिका रूपमा होइन समन्वयकारीका रूपमा होइन, प्रतिष्पर्धीको रूपमा उत्रिएको देख्छु है । हैन हामी प्रतिष्पर्धा गर्न तयार छौं सक्षम छौं भने मेरो भन्नु केही छैन राम्रो हुनु भनेको त राम्रो कुरा हो त ।

विगत पाँच वर्षदेखि सङ्घीय सरकारले प्रत्येक प्रदेशमा एउटा, एउटा कलेज चलाउने नीतिअनुसार हाम्रो प्रदेशमा पनि विगत ती वर्षदेखि कार्यालय खोलेर त्यसको काम अगाडि बढिरहेकै छ । गएको दुई वर्ष अगाडि होला जस्तो लाग्छ सामाजिक विकास मन्त्रालयको प्रस्तावबाट त्यति बेलाको प्रदेश सरकारको निर्णयका आधारबाट प्रदेश अस्पताललाई मेडिकल कलेजका रूपमा अगाडि बढाउने अध्ययन अध्यापनका निम्ति मेडिकल कलेज कलेजका निम्ति आएको बजेटका आधारबाट भवन बनाएर अगाडि बढाउने प्रस्ताव सङ्घीय सरकारमा प्रस्तुत गरिएको थियो । के कारणले हो त्यो प्रस्ताव केही अलमलमा पर्‍यो, अहिले पनि बजेट प्रस्तुत गर्दा सङ्घीय सरकारको कार्यक्रम र नीतिअनुसार प्रदेश अस्पताललाई शिक्षण अस्पतालको रूपमा विकास गरेर अगाडि बढ्ने कुरा भनेको मैले सुनिरहेको छु, तर एक स्टेप अगाडि बढेर हाम्रो प्रदेश सरकार प्रदेश अस्पताललाई विश्वविद्यालय, एउटा प्रतिष्ठानका रूपमा अगाडि बढाउने नीति अविलम्ब गरेकोदेखिन्छ । अध्ययन अध्यापन सुरू गर्नका निम्ति त्यतिसम्म मात्र सम्भव हुन्छ आजसम्मका नीतिका आधारबाट ३ सय बेडको अनुमति पाएको अस्पतालले ३ वर्ष चलाइसकेको अबस्थामा मात्रै मेडिकल शिक्षा अगाडि बढाउन सक्ने वैधानिक व्यवस्था छ । अरू प्रदेशकोभन्दा प्रदेश अस्पताललाई शिक्षण अस्पतालको रूपमा विकास गरेर अध्ययन अध्यापनका निम्ति कतिपय ती रहेका भवनहरू र कतिपय भवन बनाएर अगाडि बढ्दा सातओटा प्रदेशभन्दा अगाडि नै हामीले एमबिबिएस कक्षा सञ्चालन गर्न सकिने प्रदेशका रूपमा पूर्वाधार हुँदा हुँदै पनि यो नीति सोच्नुपर्छ कि भन्ने लाग्छ । अहिले नै किन ल्याउनु भएको होला भन्ने कुरा अनुमानका आधारबाट नभनौं भन्ने मात्र हो । किन आयो यो मानिक विश्वविद्यालयको शीर्षक व्यक्तिगत भेट भयो भने म भनौंला अहिले यो मञ्च प्रयोग गरेर फलानोको उद्देश्य पूरा गर्नका निम्ति तपाईंले यो कार्यक्रम ल्याउनु भएको भन्ने नभनौं कि भन्ने मात्र हो है । कसैको निवर्तमान भइसकेको जिन्दगीलाई अनुकूल बनाउने गरी संस्था खोल्नेबाट टाढा रहौं है, यति चाहिँ भन्नै पर्छ जस्तो लाग्छ । त्यस्तै शिक्षामा पनि अनुसन्धान गर्नुस् अहिले सामाजिक विकास मन्त्री यतै हुनुहुन्छ, हाम्रो परम्परागत बजेटको प्राथमिकता छ, अहिले पनि चाहे अमरज्योतिमा जानुस् ५ हजारभन्दा बढी विद्यार्थी छन्, त्यहाँ १५ सयभन्दा सबै माथिका विद्यार्थी पूर्व कर्णालीका पाँच ओटा अञ्चलका विद्यार्थी पढ्छन् यो ६ नम्बरमा रहेको डाँडा स्कुल भनेर चिनिन्छ त्यहाँ जानु भयो भने सबै पूर्व कर्णाली अञ्चलका, विद्यार्थीहरू भर्ना हुने स्थिति छ । विद्यार्थी जति यहाँ पैसा जति माथि, माथि नपठाउने भनेको होइन मैले यो अबस्थालाई बदल्ने तरिका के होला विद्यार्थी पनि त्यहीँ जाने पैसा पनि त्यहीँ जाने के गर्दा व्यवस्था होला, होइन पैसा माथि जाने, विद्यार्थी तल जाने अबस्था रह्यो भने कहिलेकाहीं के हुन सक्छ तभन्दा हामी विद्यार्थी भर्ना लिन नसक्ने स्थितिमा यहाँका विद्यालय रहन सक्ने एउटा अबस्था मैले देख्छु । त्यस कारणले मेरो अनुरोध के छ भने हुन त शिक्षामा नै आउँछ, पहिला पनि राखेको हो,

संविधानले अधिकार दिएको छ । औकात नपुग्दासम्म सबै अधिकार प्रयोग गर्नतर्फ नलागौं भन्ने नै छ भन्ने मेरो विचार त, हामी पनि बहकियौं बहकियौं नै भन्छु म, सङ्घीय सरकारको हाम्रो कर्णाली प्रदेशमा कुनै इन्सिच्यूसन छैन स्वास्थ्यसम्बन्धी हामीले प्रदेश अस्पताल लेखिदियौं साइनबोर्ड, अब हटाउन सकिँदैन माथि अधिकार बुझाउन सकिँदैन भन्ने बहस चल्छ । अस्ति यहाँ छलफलमा पनि चलिरहेको छ । हाम्रो क्षेत्र काँ हो त्यसअनुसार बाटोमा हिँड्ने प्रयास गरेको भए त यो कुरा उठाउन नै पर्ने एउटा अवस्था रहँदैनथ्यो त्यस कारणले म फेरि पनि अनुरोध गर्न चाहन्छु, शैक्षिक संस्थाहरूको बारेमा पनि भोलि खोल्ने नै हो खोलौंला, तर आज भार बढ्ने गरी अगाडि नबढौं है भन्ने छ । बैठकमा त कुरा मिलेको थियो, त्यो भनेको मैले भनेको जस्तै कुरा आएको थियो तर नीति तथा कार्यक्रम आउँदा अर्कै आएछ । यस कारणले कि त्यहाँभित्र पनि केही समस्या भएर नै होला त्यो कुरा पनि यहाँ ल्याइदिएको छु भनेर देखाउनको लागि गरिएको होला जस्तो लाग्छ । म फेरि पनि आग्रह गर्न चाहन्छु, कुनै पनि संस्था सहज बन्ने गरी आफ्नो क्षमता वृद्धि गर्ने गरी अगाडि बढ्नु राम्रो हुन्छ त्यो आधारबाट जान राम्रो म त्यो देख्छु । त्यो आधारबाट सोच्नु जरुरी हुन्छ भन्ने मलाई लाग्छ । अर्को पर्यटनको अलिअलि चर्चा भएको छ विगतकोभन्दा त थोरै छ, तर एउटा लाइनले के भन्छ तभन्दा हिजोका तीन ओटा चाहियो भने हिजोका तीनै ओटा सबै नीति तथा कार्यक्रमलाई त्यहीं लाइन देखाएर हेर्न पनि पाइने व्यवस्था यो किताबमा लेखेकै छ । यो हाम्रो मुख्यमन्त्रीले लेखेको लाइन मात्रै यहाँ पढेर सुनाउन चाहन्छु । किन लेख्नु भएको होला भन्ने कुरा नभन्नु नै राम्रो हुन्छ कर्णाली विकासको प्रमुख आधार ६ ब अर्थात बाटो, बिजुली, बजार, वन, व्यवस्थापन र विचार यसमा हामी सबैको सहकार्य र सरोकार यो मूल उद्देश्य लिई विगत वर्षका सफल नीति तथा कार्यक्रमलाई निरन्तरता दिइने छ । के रहेछन् त विगतका तल त कहीं पनि छैनन्न । विगत भनेपछि त खोज्नको लागि विगतका नीति तथा कार्यक्रम पल्टाउनै पऱ्यो पल्टाउँदा जे जेभन्दा सल्लाह मिल्छ त्यहीं त्यहीं  सबै राम्रा हुने भए मलाई राम्रोसँग थाहा छ । राम्रोसँग हेक्का छ, गएको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा सायद उहाँ प्रमुख प्रतिपक्ष दलकै नेता हुनुहुन्थ्यो । मैले यस कारणले यो कुरा उठाइरहेको छु कि हामी छलफल चलाऔं, छलफल चलाऔं भन्नेमा छु म हो, असहाय, कमजोरहरूलाई आर्थिकबाट विपन्नहरूलाई सरकारले सम्झनै पर्ने हुन्छ, तर सामाजिक सुरक्षाका नाममा एउटै व्यक्तिले कति तहको यसमा विषय प्रवेश गऱ्यो होला छलफल चलाऔं भन्ने मात्रै हो है । एउटै पार्टीमा सत्ताको साझेदार हुँदा त नदिऔंभन्दा भन्दै त दिने व्यवस्थाबाट अगाडि बढ्ने कर्णाली प्रदेश सरकार अहिले त नेकपा एमाले प्रमुख प्रतिपक्ष दलमै छ । तर एउटै शीर्षकमा एउटै व्यक्तिलाई सामाजिक सेवा र सुविधाका नाममा कतिवटा सरकार सामेल हुने कुरा हो यो चाहिँ हामीले छलफल गर्न जरुरी देख्छु किन कि हाम्रो अवस्था कमजोर छ । सिद्धान्त, नीति र निष्ठा प्रमुख बनेन सत्ता, सङ्घर्षमा म सबैलाई भन्न चाहन्छु सत्ता

सङ्घर्ष प्रमुख भएकै कारणले गर्दा आज मिल्नेहरू पनि नमिल्नेहरू पनि जनताले मन पराउन वा नपराउन एउटै ठाउँमा गाँठो पर्ने एउटा परिस्थिति निर्माण भएको छ । यसले हामीले प्राप्त गरेको लोकतन्त्र, गणतन्त्रमाथि प्रश्न उठाउनेहरूको संख्या बढिरहेकै छ । यस कारणले कि सिद्धान्त प्रमुख होइन निष्ठा प्रमुख होइन समर्पण र त्याग प्रमुख होइन सत्ता सङ्घर्ष नै प्रमुख हुने गरी हामी सबै यसमा सामेल हुने खेलाडीका रूपमा पात्रका रूपमा नेपाली राजनीतिका बिचमा परिचित छौं । यसलाई पुनर्विचार गरौं, छलफल गरौं, कर्णाली प्रदेश बनाउने हामीले नै हो यहाँ रहेका राजनीतिक पार्टीहरूले नै हो भने त्यो आधारबाट हामीले आफ्नो विचार र दृष्टिकोण बनाउनुपर्ने जरुरी र आवश्यकता म त्यस्तो देख्छु । यसै सन्दर्भमा यहाँ दुई लाइन लेख्नु भएको छ फेरि पनि भन्न चाहन्छु प्रदेश, जिल्ला भरि महत्त्व राख्ने मठ मन्दिर वा धार्मिक स्थलहरू ओझेल परे । आ-आफ्ना कुलका मठमन्दिरले प्राथमिकता पाउने परिस्थिति निर्माण भयो । हाम्रो ठाउँमा धार्मिक, पर्यटकीय स्थलहरू छन् । तिनिहरू ओझेल परे, आ-आफ्ना कुल देवताहरू हुन त हामीले यस्ता मान्छे बनाऔं । बजेट आवश्यकताका आधारबाट होइन कुल देवताले जे भन्यो त्योअनुसार रकम कबुल गरेर आउने झण्डावालहरू नै हाम्रै सदस्य साथीहरू भएको चेतना भएका अबस्थाका मान्छे नै नेता छौं अबस्था के होला सजिलै अनुमान गर्न सकिन्छ । तर म फेरि पनि भन्न चाहन्छु उहाँले बढो जोड दिएर भन्नुहुन्थ्यो जो अहिले सरकारको नेतृत्वमा हुनुहुन्छ अझ जोड दिएको कुराको शीर्षक त एकछिन पछि भनौंला । हाम्रो बाटो खन्न बढो कठिन छ । हाम्रो हवाई सेवामा यातायात नै आवत जावतको प्रमुख साधन बनिरहेको छ । गएको सरकारले भाडामा पैसा दिने कुरा गऱ्यो अहिलेको नीति तथा कार्यक्रममा कोसलाई दिन खोजेको हो त्यो त प्रस्ट छैन अहिले पनि दिने कुरा गरिएको छ तर म अनुरोध गर्न चाहन्छु हामी सबैको पर्ने र साझा विषय बनाऔं । ठूलो जहाज नअटे पनि टुइनेटर जहाज सजिलैसँग अबतरण हुन सक्ने विमानस्थल सुर्खेतमा छ । कर्णाली प्रदेशका ४ ओटा हिमाली जिल्लाहरूमा एयरपोर्ट छन् । १२ महिना नै चल्छन् । कमसेकम दैनिक सुर्खेतबाट ती जिल्लामा चाहे सरकारी होस् वा प्राइवेट होस् एउटा टुइनेटर जहाजको सेवा नियमित गराउन सकियो भने त्यसको प्रत्यक्ष अनुभूति आर्थिक क्रियाकलापदेखि सबैमा अनुभूति दिलाउन सक्ने गरी एउटा परिस्थिति निर्माण गर्न सकिन्छ । किन सकिँदैन ? यहाँबाट सेवा लिने हामीले पनि त्यो बैठक गर्न सक्छौं बैठक नाम, रित पुऱ्याउनका निम्ति होइन  हामीले त्यसलाई व्यवहारमा पुऱ्याउनका निम्ति प्रदेश सरकार, मुख्यमन्त्रीको अगुवाइमा निजी क्षेत्रमा यहाँका प्रतिनिधि होइन सञ्चालक, वायु सेवा निगमको प्रमुख मानिसलाई सुर्खेतमै बैठक बोलाएर कम्तीमा कर्णाली प्रदेशको आकाश प्रयोग गर्ने हो भने न्यूनतम रूपमा यो सेवा उपलब्ध गराउने कुरा किन नगराउने, यो सेवा किन नदिने भन्ने गर्नुभयो भने मलाई लाग्छ होला नहोला, हामीले प्रयत्न गरेको सार्थक प्रयत्न गरेको आधारबाट हामी अगाडि बढ्न जरुरी छ ।

दोस्रो कुरा भेरीगङ्गाको मदानेमा आज लेखिएको रोतो किताब खोज्यो भने आज पनि पाइन्छ अर्थ मन्त्रालयमा विगतमा पनि म फेरि पनि भन्न चाहन्छु भइरहेको एयरपोर्ट विस्तारको योजनाबाट प्रदेश सरकार पछाडि भाग्न पाइँदैन । बजारमा एउटा भनिन्छ म त्यतातिर जान चाहन्नँ यो फलानाको कारणले हुन नसकेको हो यो दुई तहका सरकारबीच एमओयू भएर हिस्सेदारी भएर अगाडि बढेको योजना हो तर आज नीति तथा कार्यक्रम यसबाट टाढा रहेको छ । बनाऔंला हामी मदानेचौरमा सम्भव भयो भने एयरपोर्ट । भावीपुस्ताका लागि काम लाग्ला तर यत्तिको पुस्ताका लागि त बनाऔँदा बनाऔँदै यो पुस्ता बित्छ । त्यसो हो भने हामीले अहिले रहिरहेको एयरपोर्ट सुविधा सम्पन्न होइन कि विस्तार गर्ने कुराबाट प्रदेश सरकार हट्नु हुँदैन । मैले यो स्थानीय तहका जनप्रतिनिधिहरूसहितको बैठकमा पनि माननीय मुख्यमन्त्रीको अगाडि पनि यही शब्द प्रयोग गरेको हुँ । अस्ति हाउसमा राखिसकेपछि माननीय मुख्यमन्त्रीज्यूले त बोल्नुभयो तर नीति तथा कार्यक्रममा त्यो विषयदेखिएन। अर्थ त लगाउन सकिन्छ त्यो समृद्ध गराउने भनेको सुविधा सम्पन्न भनेको विस्तार पनि भन्न खोजेको हो भन्नु होला सायद । तर म भन्न चाहन्छु । बनाऔँदा बरु तपाईंकै हुम्लामा भोट बढ्ला, मेरै घट्ला म सुर्खेतकै जनप्रतिनिधि हुँ, तर यो यसरी पछाडि हट्नु हुँदैन । हिजो हतार गरेर एमओयू गरियो, गरी त सकियो त्यति बेलाको हिम्मतवाला सरकार थियो । पैसा होस् वा नहोस् गर्छु म हेप्ने मलाई भन्दै हुनुहुन्थ्यो । आज आफ्नै योजनाले आफैंलाई हेपेर थचक्क बसाल्ने परिस्थिति निर्माण भएको छ । कहाँ गए ती हाईटेक, कहाँ गए ती अर्गानिक वाला, ती कहाँ गए के के के के कहाँ गए ? खोज्दा भेटिंदैनन् । छ महिना पछि उ त्यहाँ चौरमा जानुभयो भने जहाँ सुकेकोमा जानुहोस् त्यहाँ राम्रो चिज बनेछ भन्ने स्थिति उ त्यो चौरमा देखाउँछ रङ्गशालाले । त्यहीँ कुरा पहिलो वर्ष गरेको भए त्यति बेलाकै माननीय मुख्यमन्त्रीले उद्घाटन गरी सक्ने परिस्थिति निर्माण हुन्थ्यो, भनिएकै हो । यो प्रदेश सरकार हो यो प्रदेश तहको संरचना बनाउने प्रमुख दायित्व हो यसको तर हामी गाउँघर वडा बनाउने कुरामा प्रमुख लाग्यौं कि हाम्रो चेतना त्यहीँ छ । भइयो प्रदेशको माननीय, भइयो प्रदेशको सरकार चलाउने ठाउँमा तर हाम्रो मानसिकता वडा तहको छ पैसा जति त्यहाँ गयो खोज्दा त्यहाँ पनि भेटिंदैन यो आधारबाट कसरी विकास हुन्छ । पर्यटनको सन्दर्भमा पहिलो बैठक रारामा गरियो । पहिलो वर्षदेखि ३ करोड छुट्याइयो पैसा मात्रै छुट्याएर हुँदोरहेछ स्वीकृत गराएर मात्रै हुँदोरहेनछ तर अस्ति म पुगे त्यहाँ पहिलो बैठकमा जाँदा जस्तो थियो रारा त्यस्तै छ त यहाँ बिलमा के छ थाहा छैन, रिर्पोटमा के छ थाहा छैन तर अबस्था जस्ताको त्यस्तै छ त अनि हुन्छ कसरी पर्यटनको विकास हुन्छ ? कसरी कर्णालीको समृद्धि ? यतातिर खालि मैले केही दृष्टान्तहरू तपाईंहरूको बिचमा पेस गर्न खोजेको हुँ । सबैले चर्चा र धन्यवाद पाएको कुरा हामीले नामाकरण गर्‍यौं, हामीले राजधानी राख्यौं, हामी सबै धन्यवादका पात्र भइयो क्या गर्‍यो कर्णालीले । बाटो त

कर्णालीले नै देखाउने हो कि क्या हो । कर्णालीले देखाएको बाटो के रहेछ भनेर देखाउन आउने हो भने आज हरिबिजोग छ। त्यति बेलाको हाम्रो प्रमुख प्रतिपक्ष दलको नेताले भन्नुहुन्थ्यो म हुम्लाको भएर के भयो त पहिला त विकास राजधानीमा हुनु पर्‍यो । मभन्दा पनि यहाँको प्रतिनिधि उहाँ नै हो जस्तो गर्दा मैले पनि समर्थन गर्थे तर आज यो नीति तथा कार्यक्रम आइपुग्दा केहीदेखिँदैन् । पूर्वाधार विकासका केही काम भइरहेका छन् म भन्न चाहन्छु पहिलो वर्षको हाम्रो पूर्व मन्त्री खडग खत्रीले निकाल्नु भएको टेण्डरबाहेक त्यसपछि हुने कोही कसैले केही गरेका छैनन् । आज यहाँ बनिरहेका तीन वर्षभन्दा पहिलाकामा काम चलिरहेको छ अहिले हामीलाई नयाँ योजना नै चाहिँदो रहेनछ । पूर्वाधारको यो हालत छ, खानेपानीको यो गर्ने कुरा लेख्नु भएको छैन समन्वय गर्ने लेख्नु भएको छ सुर्खेत उपत्यका खानेपानी झुप्राबाट लिफ्टिङ गर्ने कुरामा समन्वय गरिने छ भन्ने छ । त्यसो हो भने जहाँ जहाँ मन्त्रीहरू बस्नुहुन्छ । त्यहाँका धारा पहिल्यै काट्न सुर्खेत उपत्यका खानेपानीलाई भन्नुपर्ला जस्तो छ । तर त्यो बाटो सिकाउँदैन र म भन्दैन पनि अनुभूति गराउन भन्न चाहन्छु हाहाकार छ । सबै हामी माननीय सदस्यहरूले भोगिरहेका छौं, धेरै पैसा चाँहिदो रहेनछ, डेढ करोडमा यो हाईवेदेखि तल्तिर १ करोडमा १ लाख लिटरवाला चाहिँ माथि ट्याङ्की बन्दो रहेछ १५, २० लाख रुपैयाँ खर्च गर्‍यो भने बोरिङ हुँदो रहेछ तपाईंले १० ओटा हाइवेदेखि तल्तिर सार्वजनिक जग्गामा ट्याङ्की बनाउनु भयो भने खानेपानीको समस्या समाधान गर्न सजिलै सकिन्छ । तर कुरा त राम्रो हो तर यो वीरेन्द्रनगर पर्‍यो मेरोमा त सुख्खा पर्छ भन्नु भयो भने बजेट त आउन्न त अब गर्ने के हो । यस्तै ट्राफिकको हेर्नुहोस् प्रदेश राजधानी हो । कसले सरोकार लिने हो भोलि कसले छलफल गर्ने यहाँ त्यस्तै सामाजिक सञ्जालमा बिजुलीको कुरा आउने जाने झल्याकझुलुक सबैले लेखि राख्नु भएको छ हामीले भोगिरहेका छौं यो प्रदेश राजधानी हो । हामीले नामाकरण गरेको हो । २ घण्टा पानी पर्ने हो भने हामी डुबानमा पर्छौं। मैले यस कारणले यो कुरा उठाएको हो कि यो प्रदेश सरकार हो । प्रदेश राजधानीअनुसारको अनुभूति गर्ने गरी न यो नीतिमा छ न त यो कार्यक्रममा छ । के गर्ने होला आकल झुक्कल यसो हेर्दा विगतमा पनि थियो अहिले पनि यहाँ पढ्दा माननीय मन्त्रीज्यूहरूको झल्को आउने गरी नीति मै आएको छ । यो विगत कै निरन्तरता हो जो जो माननीय मन्त्री हुनुहुन्छ मैले अहिले ठाउँ भन्नै परेन उहाँहरूको झ-झल्को आउने गरी यहाँ सम्वोधन भएको छ नाम कसैको भन्नै परेन नीति नै झल्को आउने भए पनि त्यो त परिहाल्यो त कसरी होला । यी विषय त मेरो सुझाव स्वरूप छन् ।

र अन्तमा म गर्नु भयो भने कर्णालीमा सकारात्मक सन्देश जान्छ । बजेटको सिद्धान्त, कार्यक्रम र प्राथमिकतामा अलि उल्लेख थियो यसमा अलि यो धर्मराएर आएको अबस्था छ म अनुरोध गर्न चाहन्छु नयाँ योजना भए बनाउनु होस् तर आजसम्म काम गरेकाहरूको पैसा भुक्तानी गर्ने गरी बजेट बनाउने कुरामा हेक्का राख्नुस् । ती वर्षदेखि

काम गरेका व्यक्तिहरूले अन्ततः म जान्दैन सुर्खेतमै निर्माण व्यवसायीहरूले पैसा नपाएको अबस्था छ । म दश वटै जिल्लाको यो बजेट ल्याइरहँदा हामीले काम गऱ्यौं पैसा भुक्तानी पाइएन भन्ने कुरा आवाज नउठ्ने गरी अगाडि बढ्ने कुरा गर्न जरुरी छ। मैले यो बिचमा किन काम भएन भनेको तीन तरिकाले काम भएको रहेनछ । एउटा ठूला ठूला सम्झौता भएका छन् उनीहरूले मोबिलाइजेसन् पैसा लगेका छन् तर सात आठ महिना हुँदा काम नगरेका केही प्रोजेक्टहरू छन् । किन भयो होला त कसको दायित्व होला कसको जिम्मेवारी होला एउटा यस्तो तरिका छ दोस्रो तरिका दुई वर्ष, ती वर्ष अगाडि काम गरेका छन् आजसम्म पैसा पाइराखेका छैनन् । काम गर्ने हो पैसा पाउने कुनै ठेगान छैन । त्यस कारणले पनि काम भइराखेको अबस्था छैन कुन कार्यालयमा कति ठाउँमा अन्तमा जान्दैन सुर्खेतमै कति योजना छन् कति ठाउँमा काम गरिरहेको छ स्वयम् त्यो कार्यालयको कार्यालय प्रमुखलाई नथाहापाउने गरी काम भइरहेको छ । ए हो र हजुर त्यहाँ पनि काम भइरहेको छ भन्ने अबस्थाबाट हाम्रो अभिलेखको प्रणाली त्यस्तो रहेछ । तर हाम्रो अबस्था मंसिरमा चुनिएर नयाँ आउनेहरूको पनि हालत आउँदासम्म उत्साहित अभिलेख हेऱ्यो र खातापाता हेऱ्यो भने निराश हुने गरी विगतकाबहादुर सरकारले काम गरेको अबस्था छ । कति बजेटको मेरो सीमा हो कति ऋमागत योजनामा छुटयाउनुपर्ने हो ? कति भुक्तानी दिनुपर्ने हो ? कति बहुवर्षीय दिनुपर्ने हो ? कुनै हेक्का नराखीकन धन्न १ नम्बर प्रदेशलाई जितेन छ एक नम्बर प्रदेशका त चेक नै नचल्ने अबस्थाको सरकारमा पुगेको छ । यो तहबाट जाँदा आज योजना बनाउने कुरा नयाँ साथीहरूलाई बढो गाह्रो भएको होला जस्तो लाग्छ । तर म फेरि पनि भन्न चाहन्छु विगत कै निरन्तरता गरेर नयाँ योजनामा प्रवेश गर्ने कुरालाई प्रमुखता ठान्नु भयो भने तपाईंलाई त सजिलो होला । त्यसले प्रदेशको आर्थिक व्यवस्थालाई थप धराशायी गर्ने कुरा भएको हुनाले राम्रो गर्ने तिर लाग्नुस् । कमसेकम आफ्नो गाउँमा योजना नदिए पनि विगतकाले सुधारेको आर्थिक असन्तुलनको अबस्था थियो, दायित्वको बोझ थियो त्यसलाई सन्तुलित हुने सरकारका रूपमा आफूलाई अगाडि बढाउनु भयो भने पनि तुलनात्मक रूपमा एउटा पक्षका आधारबाट मूल्याङ्कन गर्नु हुन्छ भने त्यो सफल कुरा हो । त्यो त असार एक गते हेर्न बाँकी नै छ । मैले अस्ति पनि भनेको थिए म आज पनि दोहोऱ्याउन चाहन्छु तपाईंहरूले नयाँ योजनालाई प्राथमिकता नदिने ऋमागत योजनालाई प्राथमिकता दिने हो भने ऋमागत योजनाको परिभाषा के हो तपाईंहरूले जे मस्यौदा गराउँदै हुनुहुन्छ जे अगाडि बढाइ राख्नु भएको छ मन्त्रालयबाट यसो हेर्दा न्यायोचित छैन । पुष्टि गर्न लायक दस्तावेज छैनन् है । को लाई ऋमागत भन्नुहुन्छ तपाईंहरूले जे बढाइराख्नु भएको छ । मस्यौंदामै छ त्यो पुष्टि गर्न लायक छैनन् । म अहिले यो वा त्यो भन्न चाहन्नँ तर विगतमा पनि उठाउँदै आएको आज पनि उठाउँदै त्यो केही अन्याय हुँदैन । धेरै सडकहरू होलान् तर मूलपानी रानीघाट भुरीगाउँ बाटो यो हरेक छलफल चल्दा

सर्वसम्मतको एउटा बाटो हो तर त्यसलाई विकृत गर्दा खेरि दुई प्रदेश जोड्ने धेरै नामका सडकहरूको सूची यहाँ मैलेदेखिरहेको छु आजका मितिसम्म त्यो मूलपानी रानीघाटवाला बाटो तपाईँको क्रमागत बाटोमा छैन । अब भन्नुस् के गर्ने होला, खुबै चल्यो छलफल यहाँ त्यो जायज पनि थियो २४ वटाभित्र एक एक बहुवर्षीय राख्ने यो किताब हेर्दा यो ती वर्ष अगाडिको कुरा हो, बहुवर्षीय सूचीको हेर्दा त्यो भेट्न सकिँदैन त्यस कारणले अझै मेहेनत गर्नुस् समय बाँकी छ ल्याएको दस्तावेज पुष्टि गर्न सक्ने गरी समर्थन गर्न सक्ने गरी ल्याउनु हुनेछ भन्ने अपेक्षा र विश्वासका साथ निराशा बाँड्ने नीति तथा कार्यक्रम त ल्याउनु भयो नै भयो यथार्थमा आधारित उत्साह पूर्वक बजेट ल्याउने कुरामा अग्रिम शुभकामना दिएर तपाईँहरूको माझबाट बिदा हुन चाहन्छु, धन्यवाद ! नमस्कार !

**सभामुखः** माननीय श्री विमला केसी, समय सात मिनेट, त्यसपछि माननीय नरेश भण्डारी तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री विमला केसीः** माननीय सभामुख महोदय, हामी यति बेला कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रममाथि छलफल गर्न यो गरिमामय सदनमा उपस्थित भइरहेका छौँ । यो हाम्रो कार्यकालको अन्तिम नीति तथा कार्यक्रम पनि हो । त्यसैले होला यो नीति तथा कार्यक्रमलाई अलि महत्त्वका साथ हेरिएको छ । यो नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा खेरि दुई ओटा अनुमान प्रश्न वा जिज्ञासाहरू म देख्दछु । पहिलो सरकारको यो अन्तिम कार्यकाल हो र चुनावी वर्ष पनि हो त्यस कारण सरकारमा सङ्लग्न दलहरूको पक्षमा हितमा र चुनावलाई प्रभाव पार्ने गरी यो नीति तथा कार्यक्रम आउने छ भन्ने अनुमान गरिएको थियो । सरकार पूरानै सरकारको निरन्तरता भए पनि नेतृत्व परिवर्तन भएको छ त्यसअनुसार पक्कै पनि कार्यक्रममा केही झल्कोहरू देखिने छ । यी दुईवटै कुराको जवाफ वा जिज्ञासा वा प्रश्नको अनुमानलाई असफल गराउन सरकार सफल भएको छ । यसको नकारात्मक अनुमानलाई गलत सावित गर्दै सरकारले जिम्मेवारपूर्वक नीति तथा कार्यक्रम ल्याएको छ र सरकारले यो सकारात्मक जवाफको रूपमा दिएको प्रश्नको उत्तर नै प्रस्तुत ५३ बुँदे नीति तथा कार्यक्रम हो । त्यस कारण सरकारलाई नीति कार्यक्रमको लागि यो व्यावहारिक वस्तुवादी र उत्तरदायित्ववाला नीति कार्यक्रम ल्याएकोमा म सरकार र मुख्यमन्त्री प्रति हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्न चाहन्छु । मुलत यो सरकारले यो अन्तिम वर्षलाई अधुरा आयोजना कार्यान्वयन गर्ने लिई आफ्नो प्रदेशको जनताप्रतिको जिम्मेवारी पना गहिरो गरी प्रस्तुत गरेको छ । यो सरकार पूरानै सरकारको निरन्तरता हो भन्ने कुराको पुष्टि फेरि पनि यो नीति तथा कार्यक्रमले गरेको छ । सरकार अविच्छिन्न उत्तराधिकारि वाला संस्था हो भन्ने कुराको साबिक अस्ति भर्खरै प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को विनियोजन विधेयकको उद्देश्य, सिद्धान्त र

प्रमुख नीतिहरूले पनि गरेको छ । र यो नीति तथा कार्यक्रमले अझ बढी उचाइँमा पुऱ्याएको छ ।

सभामुख महोदय, सरकार महत्त्वाकांक्षी भएर लोकप्रिय नारा ल्याउने बित्तिकै कार्यक्रम राम्रो देखि नै, नीति राम्रो देखिने र उत्साह हुने होइन सरकार व्यावहारिक भएर जाने कुराले नै जनताका आवश्यकता सम्वोधन गर्ने कुरा हो । कुनै पनि सरकारलाई यो इच्छा हुँदैन कि समय व्यतीत गर्ने, समय बिताउने वा झण्डा हल्लाउने, मलाई त्यस्तो लाग्दैन हामी सबै जो पनि आफ्नो जिम्मेवारी पूरा गर्ने कुरामा गम्भीरतापूर्वक लाग्ने नै गर्छौं । सक्दासम्म नसक्दा अर्कै कुरा हो त्यो सबैले चाहेर हुँदैन नचाहेर हुने कुराहरू सीमाका कारणले हुने कुराहरू त्यस कारण सरकारले अहिले केही नयाँ नै केही ल्याएन भन्ने पनि होइन एउटा जुन धारणा ल्याएको छ । ६ ब भनेर जुन खालको धारणा ल्याउन खोजेको छ । बिजुली, बजार, वन, व्यवस्थापन र विचार यसमा हामी सबैको सहकार्य र सरोकारको उद्देश्य लिएर जुन ढङ्गले पूराना र राम्रा कार्यहरूलाई निरन्तरता दिने उद्देश्य राखेको छ यो राम्रो कुरा हो । महिला कृषि वन कार्यक्रम युवालाई स्वरोजगारका लागि गरिखाने कार्यक्रम, कर्णाली जनता सिँचाइ कार्यक्रम, कर्णाली जनता तट्बन्धन कार्यक्रम समृद्ध कर्णालीको आधार सूचना तथा सञ्चार प्रविधिको विस्तार, अनुसन्धान र विकासको अबधारणा आधा आधा सरकारका केही नयाँ कार्यक्रमहरूका रूपमा प्रस्तुत भएका छन् । मूलभूत रूपमा म फेरि पनि प्रशंसा गर्न चाहन्छु सरकारको यसले विगतका दायित्ववाला कामहरूलाई पूरा गर्ने वर्षको रूपमा लिएका छ यो नै सबैभन्दा जिम्मेवारपूर्वक पेस भएको छ सरकार त्यस कारण मुख्यमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रम, बैङ्क खाता छोरीको सुरक्षा जीवनभरीको मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम, कृषि प्राविधिक स्वरोजगार कार्यक्रम, अर्गानिक कार्यक्रम पनि निरन्तरतामै छ । कर्णाली प्रदेशको उद्देश्य पूरा भएको छ भन्ने जस्तो मलाई लाग्दैन अहिले पनि त्यो अगाडि बढेको छ । व्याज अनुदान ठूला किसानका लागि बैङ्कमार्फत र साना किसानका लागि सहकारीमार्फत व्याज अनुदानको कार्यक्रम, मुख्यमन्त्री कृषि सम्मान कार्यक्रम, एक जिल्ला एक औद्योगिक ग्राम स्थापना कार्यक्रम, जनयुद्ध जनआन्दोलनलगायतका आन्दोलनमा सहादत परिवार, घाइते परिवार, बेपत्ता परिवार, घाइत, अपाङ्ग भएका व्यक्तिको निशुल्क उपचार, सिप विकास संरक्षण तथा पुन स्थापना गर्ने सहिद स्मृति भत्ता उपलब्ध गराउने, निर्वाचन पूर्वाधारलगायतका कार्यक्रम पूरानै कार्यक्रमको रूपमा निरन्तरता यसले अगाडि बढाएको छ । क्यान्सर, मुटु, मृगौला, स्पाइनल इन्जुरी, अटिजम जस्ता असाध्य तथा दीर्गरोग रोग बिरामीका लागि उपचारमा सहयोग गरिने छ भनेर यसरी आएको छ । मलाई विश्वास छ यो तुरुन्तै कार्यविधि बनाएर पास हुने बित्तिकै अर्को वर्षमा यसले तुरुन्तै लागु गर्ने छ । हामीले सुरूदेखि पहिलो सरकारले गर्न खोजेको तर गर्न नसकेको एउटा कार्यक्रमको रूपमा अहिले यो सरकारले पूर्णता दिएको छ त्यस कारण

यसम म खुसी व्यक्त गर्छु र केही भए पनि राहत हामीले दिनुपर्छ यसमा ठूलो अपेक्षा र जनचाहना यसमा छ भन्ने मलाई लाग्दछ । पास हुने बित्तिकै यसले अर्को वर्षमा तुरुन्तै लागु गर्नेछ । हामीले सुरूदेखि नै पहिलो सरकारले गर्न खोजेको तर गर्न नसकेको एउटा कार्यक्रमको रूपमा अहिले यो सरकारले पूर्णता दिएको छ यस कारण यसमा म खुसी व्यक्त गर्छु केही भए पनि राहत हामीले दिनुपर्छ । यसमा ठूलो अपेक्षा र ठूलो जनचाहना यसमा छ भन्ने मलाई लाग्दछ ।

सभामुख महोदय, मैले केही सुझाव दिन चाहन्छु, छुटेको कुराहरू सम्वोधन गर्न नीति तथा कार्यक्रममा त गाह्रो नै होला बजेटले सम्वोधन गर्ने छ भन्ने मलाई विश्वास छ । महिला माथि हुने हिंसाका कारण भनेको सम्पत्ति हो पहिलाको नीति तथा कार्यक्रममा आएको थियो अहिले छुट्न गएछ, त्यसो हुँदा केही गर्न नपर्ने बजेट खर्च गर्न नपर्ने चेतना मात्रै दिने र प्रोत्साहन गरे मात्रै हुन्छ सरकारले त्यसो हुँदै पैतृक सम्पत्तिमा समान अधिकार महिलाहरूलाई दिने सवालमा त्यस्ता आमाबुवालाई प्रोत्साहन गर्ने सम्मान गर्ने अभिनन्दन गर्ने कार्यक्रम यो वर्ष पनि छ सामाजिक विकास मन्त्रालय लागु गरोस् म यो सन्दर्भमा कुरा गर्न चाहन्छु । यो वर्ष पनि यो कार्यक्रम ल्याउनु पर्छ । यो हिंसा नै सम्पत्तिसँग जोडिएको छ त्यस कारणले हामीले कानूनतह भएका कुराहरूलाई लागु गर्ने कुरामा पनि सरकारले प्रोत्साहन गर्नुपर्छ यो छुटेको छ सरकारले घोषणा गरिसकेको कार्यक्रम सहयोगापेक्षी सडक मानवमुक्त कर्णाली प्रदेश भनेर जसरी हामीले हाम्रो पालामा घोषणा गऱ्यौं तर कहीँ पनि व्यवस्था नहुने नीति तथा कार्यक्रममा पनि नआउने कुराले ठूलो समस्या ल्याउँछ यसलाई अलि गम्भीरतापूर्वक सरकारले लिओस् भन्ने म चाहन्छु । महिला आय आर्जन कार्यक्रम गत वर्ष थियो अहिले छुट्न गएको छ यसलाई निरन्तरता दिनुपर्छ भन्ने मलाई लाग्छ । असाय बालबालिकाहरू, अनाथ बालबालिकाहरू, बादीका बच्चाहरू सुर्खेतमा धेरै छन् टाढा नजाऔं प्रदेशभरिका जम्मा आएका छन् तिनको लागि सरकारले अभिभावकत्तो गर्नुपर्ने कि नपर्ने यी धेरै सवाल छन् ती सवालहरूलाई सम्वोधन यसपालिको बजेटले गर्नुपर्छ भन्ने मलाई लाग्दछ । पूराना कार्यक्रमको निरन्तरतामा जाँदै रोजगार र उत्पादनलाई बढी केन्द्रित गरेर जानुपर्छ सङ्घीय सरकारको प्राथमिकता त्यो छ र हामीले पनि यसलाई बढी प्राथमिकता बजेटमादेखिनु पर्छ । उत्पादन भन्ने, रोजगार भन्ने बजेटमा पूर्वाधारमा हामी बढी केन्द्रित भएका हुन्छौं त्यसले गर्दा उत्पादन र रोजगारीलाई बढी प्राथमिकता हुने बजेट आउने छ भन्ने मलाई विश्वास छ । स्थानीय सरकारसँगको सहयोगमा किसानले उत्पादन गरेको वस्तुलाई बजारीकरणको ग्यारण्टी गर्ने एउटा नीति ल्यायौं र कार्यक्रम ल्यायौं र त्यसलाई प्रोत्साहन गरौं सभामुख महोदय, कृषिबाट सञ्चालित लक्षित वर्ष विशेष कार्यक्रम प्रभावकारी ढङ्गले अगाडि बढाउनुपर्दछ । राज्यबाट सम्वोधन नभएको द्वन्द्वका क्रममा यौन हिंसामा परेका महिलाहरूको लागि विशेष संरक्षणको कार्यक्रम ल्याउन जरुरी छ । र अन्तमा भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचन २०७९बाट निर्वाचित

सम्पूर्ण जनप्रतिनिधिहरूलाई हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, सङ्घीय सरकारले ल्याएको जनपक्षीय नीति तथा कार्यक्रम र बजेटप्रति हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दछु खास गरी कृषि क्षेत्रमा जुन रूपान्तरणकारी बजेट आएको छ त्यो निकै एतिहासिक विषय हो यसले आत्मनिर्भर पूँजी निर्माणको पक्षमा महत्त्वपूर्ण भूमिका खेल्ने छ भन्ने विश्वास लिएका छौं । धन्यवाद !

माननीय सभामुखः माननीय श्री नरेश भण्डारी, यसपछि माननीय श्री गोपाल शर्मा तयारी अबस्थामा रहनुहोला समय सात मिनेट ।

**माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमउपर राय, सल्लाह, सुझाव, टिप्पणी धारणा र दृष्टिकोणहरू प्रस्तुत गर्ने यस एतिहासिक घडीमा ती महामानवहरूलाई सम्झन चाहन्छु जसको रगतले युगान्तकारी परिवर्तनको दस्तावेज अर्थात संविधानका हरफहरू लेखिएका छन् । व्यवस्था परिवर्तन भएर प्रदेशको सीमाङ्कन र नामाङ्कन भएको छ । ती घाइते योद्धाहरूलाई सम्मान गर्न चाहन्छु जो अहिले पनि बैसाखीको सहारामा जीवनको सर्वाधिक कठिन घडी अर्थात मृत्युसँग जुधिरहेका छन् । ती गरिबीको पहाडले च्यापिएका दाजुभाइ तथा दिदीबहिनीहरूलाई म नमन गर्न चाहन्छु जसले सिंह दरबार केन्द्रित शासन व्यवस्थालाई जनताको दैलोमा पुर्‍याउन तष्टस्थ रूपमा सङ्घर्षसँग जुधे मात्र जुधेनन् दारा नङ्ग्रा झिकिदिए । उल्लेखनीय सङ्घर्षको प्रतिफल स्वरूप हामीले आफैंले सम्मानित सदनको आफ्नो समृद्धिको नीति तथा कार्यक्रम पेस गर्न योग्य भएका छौं । बजेट विनियोजनको तयारी गरिरहेका छौं । कहीँ कसलाई यो भ्रम नहोस् कि यो व्यवस्था र उपलब्धिहरू कसैको हुकुम प्रमाङ्गी र अनुकम्पाबाट किमार्थ प्राप्त भएका होइन । यही बुझाइको मार्ग दर्शनमा कर्णाली समृद्धिको सङ्कल्प अगाडि बढ्नु पर्दछ । प्रस्तुत नीति तथा कार्यक्रमलाई समर्थन गर्नु मेरो दायित्व ठानेको छु । कर्णाली समृद्धिको सङ्कल्पका साथ आएको यस नीति तथा कार्यक्रमको स्पिडप्रति सहमति जाहेर गर्दछु । हलो जोत्दा जोत्दै हातका रेखाहरू मेटिएका किसानहरू उपचारको अभावमा अल्पायुमा मृत्यु कुरेर बसेका बिरामीहरू, निर्धनताका कारण शिक्षाको ढोका बन्द भएका विद्यार्थीहरू बेरोजगारीको कोर्राले छटपटाईरहेका प्रतिभाका खानी युवाहरूलाई लक्षित गरेर यो नीति तथा कार्यक्रम ड्राफ्ट गरिनुपर्दछ । यस नीति तथा कार्यक्रमले ती युवाहरूलाई नै लक्षित गरेको छ भन्ने अपेक्षा गरेको छु । वार्षिक नीति तथा कार्यक्रम सरकाको दृष्टिकोणसँग सम्बन्धित हुन्छ । प्रदेशको आर्थिक सुरक्षा, प्रशासनिक, शैक्षिक, स्वास्थ्य, सामाजिक, सांस्कृतिक, पर्यटन र औद्यागिक जीवन कस्तो हुने त्यसका लागि कस्तो नीति तथा कार्यक्रम अबलम्बन गर्ने, कस्ता आयोजनाहरूलाई निरन्तरता दिने, कस्ता नयाँ आयोजनाहरू समावेश गर्ने, वार्षिक नीति र कार्यक्रममा यी समग्र पक्षहरू प्रतिविम्बित हुनुपर्दछ । जुन प्रतिविम्ब मूलभूत रूपमा कस्तो नीति तथा

कार्यक्रममा देख्न सकिन्छ । नीति तथा कार्यक्रमले मूल मर्म व्यवस्थालाई सुदृढ गर्ने र नागरिकका सपनाहरूलाई न्याय गर्नेमा लक्षित हुनुपर्दछ । निसन्देह, सुझाव, सल्लाह, राय, धारणा र दृष्टिकोणहरू प्रस्तुतिको मकसद पनि यही हो । ६ ब को नवीन नीतिगत उदाहरणलाई अबतरण गर्ने मूर्त कार्यक्रम आवश्यक देखिन्छ । यो नीति तथा कार्यक्रमको मूल आत्मा हो । एक मन्त्रालय एक विशेष कार्यक्रम, मेकिङ कर्णाली, स्वरोजगार मुलक गरिखाने कार्यक्रम, प्रदेश अस्पतालाई विशिस्टीकृत अस्पतालको रूपमा विकास गरिने, स्याउ तथा ओखर विकास परियोजनालगायतका केही नवीन कार्यक्रमहरू कार्यान्वयनको प्रतिबद्धता नीति तथा कार्यक्रमले गरेको छ । जुन स्वागतयोग्य छ । नीति तथा कार्यक्रमले अधुरा आयोजना सम्पन्न गर्ने वर्षको रूपमा यस वर्षलाई अङ्गिकार गरेको छ । जो सर्वाधिक महत्त्वपूर्ण यो नीति तथा कार्यक्रमको पक्ष हो । सामूहिक विपद् जोखिम दुर्घटना बिमा कार्यक्रम, सहिद स्मृति भत्ता, उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम, मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रम, छोरीको बचत खाता कार्यक्रम, मुख्यमन्त्री दलित आय आर्जन जस्ता कार्यक्रमले निरन्तरता पाएका छन् यो नीति तथा कार्यक्रमको सकारात्मक पक्ष हो । नीति तथा कार्यक्रमले प्रदेश अस्पताललाई विश्वविद्यालयको अबधारणा अनुरूप स्वास्थ्य विज्ञान प्रतिष्ठान गरिने नयाँ अठोट गरेको छ तर आफैंले सदनमा विधेयक पेस गरी सकेको पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयबारे बेलकुल मौनदेखिन्छ । यो आफैंमा परस्पर विरोध नीति हो । कर्णालीको प्रचुर जलसम्पदाको प्रचुर उपयोग गर्ने, तथा माथिल्लो कर्णाली, बेतन कर्णाली, नलसिंहगाढ, फुकोट कर्णाली, जगदुल्ला जस्ता कर्णालीका मेघा जलविद्युत आयोजनालाई शीघ्र सम्पन्न गर्न सङ्घीय सरकारलगायत सम्बद्ध निकायसँग समन्वय गर्ने विषय नीति तथा कार्यक्रमको महत्त्वपूर्ण हिस्सा बनाइनुपर्दछ । हाम्रा प्रदेशका खेलाडीहरूले अन्तराष्ट्रिय, राष्ट्रिय खेलकूद प्रतियोगितामा जित हासिल गरेको देश र कर्णालीको शिरउचो बनाएको आवासीय प्रवन्धसहित नियमित तालिम लिइरहेको कल्पना गरी यस नीित तथा कार्यक्रमका हरपहरू सुनें, पढें तर त्यो देखिन। कर्णालीमा बुढानीलकण्ठहरू, सिद्धार्थ वनस्पथलीहरू किन जन्मिदैनन् । हार्वोड र अक्सफोडहरू किन जन्मिरहेका छैनन् । भन्ने प्रश्नको जवाफ खोजे नीति तथा कार्यक्रममा त्यो भेटिएन् । बुढानीलकण्ठबाट उच्च शिक्षा हासिल गर्नु भएको माननीय मुख्यमन्त्रीज्यूले नेतृत्व गरेको सरकारबाट शैक्षिक क्षेत्रको उन्नयनमा नवीन प्रतिबद्धताको अपेक्षा थियो त्यो अपेक्षा नीति तथा कार्यक्रममा प्रकट नहुँदा मन कुँडियो नकुँडियोस् पनि कसरी ? इटलीले सन् १०८८ मा विश्वको पहिलो विश्वविद्यालय बलोनिया विश्वविद्यालय स्थापना गरेको ८७१ वर्ष पश्चात सन् १९५९ मा नेपालले त्रिभुवन विश्वविद्यालयको स्थापना गर्‍यो । सन् १९१८ मा नेपालको पहिलो कलेज त्रिचन्द्र कलेज स्थापना गर्दा चन्द्र शमशेर रहेका थिए । शिक्षालय स्थापना गर्दा रुने शासकले नेतृत्व गरेको देशको शैक्षिक अबस्था कस्तो होला सहजै अनुमान गर्न सकिन्छ । त्यस्तो देशको एउटा प्रदेश जहाँको एउटा

जिल्ला सदरमुकामलाई हालसम्म पनि राष्ट्रिय सडक सञ्जालमा आवद्ध गर्न सकिएको छैन । दुई जिल्ला बाहेक अन्य जिल्लामा एउटा पनि प्राविधिक कलेजहरू छैनन् । सरकारी सेवामा न्यून प्रतिनिधित्व छ । नेपालमा विश्वविद्यालयको संख्या बढी भयो भन्ने हो भने भारतमा १०४३, चीनमा १२७० विश्वविद्यालयहरू छन् । अमेरिकामा मात्रै ५३ विश्वविद्यालय र कलेजहरू छन्। केवल सात लाख ८० हजार जनसंख्या भएको भुटानमा ९ ओटा विश्वविद्यालय छन् २ करोड १४ लाख जनसंख्या भएको श्रीलंकामा १७ ओटा विश्वविद्यालय र २ करोड ९१ लाख ९२ हजार ४ सय ८० जनसंख्या भएको नेपालमा १४ ओटा मात्रै विश्वविद्यालयहरू छन् । त्यो देशको एउटा प्रदेश जहाँ साक्षर र न्यून साक्षर, कम उच्च शिक्षित जनशक्ति छन् त्यहीं प्रदेश विश्वविद्यालय स्थापना गर्न किन डराउँछ । सङ्घीय सरकारलाई धारे हात लगाउने हाम्रा हातहरू किन आफ्नै विश्वविद्यालय स्थापनाका लागि हस्ताक्षेर गर्न काँपिरहेका छन् । हाम्रो सरकारले आफैं जन्माउन खोजेको भ्रुण सन्तान अर्थात पर्वतीय विश्वविद्यालय, विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्याहार गर्न किन उदासीन छ यसको नाममा एक शब्द पनि किन खर्चन मान्दैन । अझै नीति तथा कार्यक्रममा स्वदेश तथा विदेशी प्रतिष्ठित विश्वविद्यालयसँग समन्वय गर्ने र पर्वतीय शिक्षाको व्यवस्था गर्ने भनिएको छ यो कारणहरूको खोजी इतिहासले गर्छ नै।

सभामुख महोदय, संयुक्त राष्टसंघले विश्व पर्यटन संघकाअनुसार २०१६ मा विश्वभरमा १ अर्ब २३ करोड ५० लाख मानिसहरूले घुमफिर गरेका छन् । पर्यटन उद्योगले विश्वअर्थतन्त्रको १० प्रतिशत हिस्सा ओगट्दछ । अल ट्रेड एण्ड टुरिजम काउन्सिलको तथ्याङ्कअनुसार २०१६ मा पर्यटन उद्योगले ४ लाख ३७ हजार प्रत्यक्ष रोजगारी सिर्जना गरेको छ यो नेपालको कुल २.९ प्रतिशत हो । सन् २०१६ मा ७ लाख ५३ हजार २ जना पर्यटन नेपालमा आएका थिए, सन् २०२५ मा २५ लाख २२ हजार पर्यटक नेपाल आउने प्रक्षेपण गरिएको छ । यसले कम लगानीमा बढी आम्दानी गर्न सक्ने उद्योग पर्यटन उद्योग हो । यही वास्तविकतामा आधारित भएर पर्यटन विकासको ठोस स्पस्ट नीति तथा कार्यक्रम ल्याइनुपर्दछ । १ अर्ब ४५ करोड जनसंख्या भएको चीन र १ अर्ब ४० करोड जनसंख्या भएको भारतको बिचमा रहेको नेपालको पर्यटन उद्योग सञ्चालन गरेर अर्थतन्त्रलाई मजबुत बनाउन सकिने अबसरबाट कर्णाली भरपुर लाभान्वित हुनुपर्दछ । रारा, फोक्सुण्डो, कुपिण्ड जस्ता तालहरू काँक्रिविहार, पातारासी जस्ता भर्जिन पर्यटकीय स्थलयुक्त एवम् नेपाली भाषा सभ्यता र संस्कृतिको कर्णाली भएको वास्तविकतालाई हृदयङगम नगरी कर्णालीको व्यक्तिगत अबस्थालाई सुधार गर्न सकिँदैन । शिक्षा, सभ्यता संरक्षण तथा विकास विधेयक पारित हुन नसक्नुले लाखौं पर्यटकको बाटो छेकेको अनुभूति भएको छ । यसलाई पारित गरेर यस नीति तथा कार्यक्रममा समावेश गरेर कर्णाली समृद्धिलाई टेवा पुऱ्याऔं । कर्णाली विशेष प्रदेश बनाउने र संकुचित वित्तीय स्रोतको दायरालाई

फराकिलो बनाउने प्रतिबद्धता यस नीति तथा कार्यक्रममा उल्लेख गरिनुपर्दछ । विश्वास गरौं माननीय मुख्यमन्त्रीज्यूले प्रस्तुत सरोकारको सम्वोधन नीति तथा कार्यक्रममा गर्नुहुनेछ माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले प्रस्तुत गर्ने आ.व. २०७९/०८० को बजेटले नीति तथा कार्यक्रमलाई थप स्पष्ट, समृद्ध बनाउने छ । धन्यवाद !

**सभामुखः-** माननीय श्री गोपाल शर्मा, समय सात मिनेट, यस पछि माननीय श्री रातो कामी तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री गोपाल शर्माः-** माननीय सभामुख महोदय, नीति तथा कार्यक्रमको अधिकांश भाग विगतको नीति तथा कार्यक्रमलाई निरन्तरता दिएको अर्थमा मैले बुझेको छु र केही अर्थमा यो भाव झल्किएको छ । यस अर्थमा खास गरी सरकारले अभिच्छिन्न उत्तराधिकारीको भूमिका र जिम्मेवारी पूरा गरेकोमा सरकार र विशेष गरी माननीय मुख्यमन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । कर्णाली प्रदेशको विकासको मुख्य त ६ ओटा ब मा कर्णाली विकासको आधारलाई केन्द्रित गर्न खोजिएको छ । ६ ओटा ब आफैं व्यक्त भइसकेको हुनाले यसको बारेमा थप भन्न चाहन्नँ । बरु मैले थप दुई ओटा ब थप्न चाहन्छु यसमा विचार भनिएको छ भने विचारअनुसारको व्यवहार पनि गर्न जरुरी छ र अर्को शैक्षिक रूपले हामीले विद्यालयको कुरा छुटाउनु हुँदैन र हाम्रो अधिकांश विकासको आधार विद्यालय नै हो त्यस कारणले ८ ब जरुरी छ कि भन्ने लाग्छ । यसको अधिकांश भाग सकारात्मक छ भनेर म फेरि पनि भन्न चाहन्छु यसको व्याख्या नगरेर यसलाई पूर्ण समर्थन गर्न चाहन्छु । सभामुख महोदय, यो अलिकति केही विरोधाभास पनिदेखिन्छ । सङ्घीय सरकार र प्रदेश सरकारको सङ्घीय सरकारले ल्याएको बजेट र प्रदेशको नीति तथा कार्यक्रममा केही कुराहरू भिन्नताहरू वा विरोधाभास जस्तो देखिन खोजेको हो कि भन्ने मलाई पनि अनुभूति भएको छ। त्यस सन्दर्भमा खास गरी प्रदेश सरकारले प्रदेश अस्पताललाई मेडिकल कलेजको रूपमाभन्दा पनि प्रतिष्ठानको रूपमा यसलाई लैजाने भनेर व्याख्या गरेको छ जो कि १७० नम्बर बुँदामा सङ्घीय सरकारको १७० नम्बर बुँदा र हाम्रो यो नीतिमा कहीँ न कहीँ तालमेल नमिलेको जस्तो अनुभूति हुन्छ यसलाई मिलाउन जरुरी छ । सङ्घीय सरकारले यदि मेडिकल कलेजको रूपमा विकास गर्ने हो भने हामीले त्यसलाई नै सहयोग गरेर अगाडि बढ्न जरुरी छ । प्रदेशका उत्कृष्ट विद्यालयका जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ती भनिएको छ तर ती उत्कृष्ट विद्यालय भनेका के हुन् सार्वजनिक हुन् वा निजी यस सन्दर्भमा हेर्दा खास गरी हामीले दिने सुविधा सार्वजनिक विद्यालय जहाँ एकदमै नमुना योग्य कामहरू गरी राखेका छन् त्योसँग जोडेर गर्ने हो भने त्यसका पूर्वाधारसँग जोडेर सहयोग गर्न जरुरी छ ।

पर्यटनको क्षेत्रमा सामान्य काम नगर्दा खेरि ठूला कामहरू सोच्ने तर सामान्य कामको व्यवस्थापन हुन नसक्दा खेरि कर्णालीको पर्यटन क्षेत्रको विकास हुन सकेको

छैन । रारामा हामीले साइकल लेन त बनाइराखेका छौं तर सामान्य होमस्टेको काम सम्पन्न नगर्दा एक पटक गएको पर्यटन फेरि फर्केर जान नसक्ने अबस्था सिर्जना भइरहेको छ । सामान्य हावाई यातायात वा सडक यातायातलाई व्यवस्थापन गर्न नसक्दा त्यसका चुनौतीहरू हामीले झेलिराखेका छौं यस्ता कुराहरूलाई पनि हामीले जोड गरेर ध्यान दिनुपर्छ जस्तो लाग्छ । नीति क्षेत्रसँग जोडेर यातायात व्यवस्थापन गर्ने कुरा छ म अलि जोडका साथ के भन्न चाहन्छु भने पर्यटकीय पूर्वाधारमा सरकारले नै विशेष सहुलियतका यातायात बरु यहाँबाट रारासम्म व्यवस्थापन गर्ने गरी सोचौं अथवा त्यस्ता केही गन्तव्यहरूमा हामीले सरकारले नै सहुलियतका केही गाडीहरू सञ्चालन गरेर जान सकिने अबस्था बन्यो भने पर्यटकीय पूर्वाधारमा हामीले केही कामहरू गर्न सक्छौं । जलविद्युतमा लगानी गर्ने प्रत्येक वर्ष हाम्रो नीति तथा कार्यक्रममा झल्के कै हुन्छ तर यसमा हामीले ठोस पाइला चाल्न सकिरहेका छैनौं न हाम्रा आफ्नै विद्युत् गृह निर्माण गर्न सकेका छौं वा शेयर लगानीमा हाम्रो कार्यक्रमलाई व्यक्त गर्न सकेका छौं । यो वर्ष मैले शुभेच्छा राख्न चाहन्छु यो वर्ष मूर्त रूपले यसमा जोड दिन सकौंला । अर्को संयोग भन्नु पऱ्यो हामीले पाएको मुख्यमन्त्री र सङ्घीय सरकारको प्रधानमन्त्री गठबन्धनकै एउटै दलको हुनुहुन्छ र अहिले पनि हामीले प्रदेशमा मन्त्रालयको एकीकृत प्रशासकीय भवन बनाउने भनेर अहिले पनि नीति तथा कार्यक्रममा ल्याएका छौं गत वर्ष पनि हामीले ल्याएकै थियौं, अघिल्लोमा पनि ल्याएका छौं तर जग्गा समेत प्राप्त गर्न नसक्दा खेरि हामीले प्रशासकीय भवनको कल्पना गरी राखेका छौं । त्यस कारणले मलाई लाग्छ अहिलेसम्म जग्गा प्राप्त गर्न सकेका छैनौं। फेरि पनि यो नीति तथा कार्यक्रममा ल्याएका छौं बेलैमा जग्गा प्राप्त गरेर यो प्रशासकीय भवन हाम्रो आफ्नै भवन सरकार जहाँबाट चल्छ त्यो बनाउनतिर लाग्नेछ भन्ने मैले शुभेच्छा राख्न चाहन्छु । अर्को पटक-पटक हामीले प्रहरी सँगठन र संरचनाका कुरा पनि गरी राखेका छौं, त्यसकोसँगठनलाई व्यवस्थित गर्ने, संरचना बनाउने भनेर घोषणा गरी राख्छौं तर न प्रहरी हाम्रो मातहतमा आइपुगेको न त्यसका संरचना बनाउन हामी उद्धत छौं । त्यस कारण पहिलो कुरा प्रहरी सँगठनलाई हाम्रो मातहतमा ल्याउन सङ्घीय सरकारलाई के दवाव प्रदेश सरकारले दिनुपर्छ त्यतापट्टि हामी लागौं । प्रदेश हाम्रो मातहतमा आएको छैन हामीले व्यवस्थित गर्ने, भन्नेतिर हाम्रा बुँदाहरू अलिकत अमुर्त हुन सक्छन् । अनुगमन र मूल्याङ्कनको परिपाटी अहिले पनि औपचारिकतामा सीमित छ । जिल्ला समन्वय समितिहरू औपचारिक जिम्मेवारीमा सीमित छन् । त्यसलाई हामीले प्रयोग र परिचालन गर्न सकिरहेका छैनौं । त्यसलाई सदुपयोग गर्न सकिरहेको छैनौं । कम्तिमा तिनलाई हाम्रा कार्यक्रमहरूको जीवन रिर्पोट ल्याउने ठाउँमा हामीले परिचालन गर्न सक्यौं भने त्यसले प्रदेश सरकारलाई फाइदा गर्न सक्छ । अर्को कुरा उच्च स्तरीय संयन्त्र यो संयन्त्र औपचारिक रूपले वास्तवमै कसरी परिचालन भइराखेको छ भने कुरा अहिलेसम्म हामीले अनुभूति गर्न सकिराखेका छैनौं।

उच्च स्तरीय संयन्त्रलाई पनि जीवन्त रूपले यसलाई क्रियाशील बनाउने स्थिति आगामी दिनमा बनोस् भन्ने चाहन्छु । कतिपय कुराहरू विगतका निरन्तरता दिएका नीति तथा कार्यक्रमका आफ्नै भाव भाषाहरू स्वाभाविकै हुन्छन् तर अधिकांश भाव विगतकै कार्यक्रमलाई निरन्तरता दिने केही नयाँ भावमा पनि भाषा केही व्यक्त भएको छ । मैले खासगरी जडीबुटी उद्योगका सन्दर्भहरूमा पनि हामीले ध्यान दिन जरुरी छ । जडीबुटी उद्योगलाई गत वर्ष नै अलि बढी नै जोड गर्न खोजिएको थियो यदि वनलाई प्रमुख आधारको रूपमा लिएको हो भने जडीबुटी उद्योगको कुरा हामीले प्राथमिकतामा लिन जरुरी छ । अन्य कुराहरू नयाँ ढङ्गबाट अघि बढ्ने प्रतिबद्धता पनि यसमा झल्किएको छ । मैले सार तह यो नीति तथा कार्यक्रमको भावमा बजेट अझ उत्कृष्ट रूपमा आउने छ भन्ने शुभेच्छा राख्छु । धन्यवाद !

**सभामुखः-** माननीय श्री रातो कामी, समय सात मिनेट

**माननीय श्री रातो कामीः-** माननीय सभामुखज्यू प्रदेश सरकारले ल्याएको २०७९/०८० को नीति तथा कार्यक्रममाथिको छलफलमा म उपस्थित छु । यो कार्यक्रम समग्रमा सकारात्मक छ, यसले अघिल्लो सरकारले वा हामीले पाँच वर्ष अगाडिदेखि नै जे कुरालाई सङ्केत गरेका थियौं । जे कुरातिर ध्यान दिनुपर्ने, जोड दिनुपर्ने विषय औंल्याइरहेका थियौं त्यसलाई टेवा पुग्ने गरी यो नीति तथा कार्यक्रम आएको छ । यसको लागि प्रदेश सरकार तथा मुख्यमन्त्रीज्यूलाई आभारसहित धन्यवाद दिन चाहन्छु। हामीले ल्याएका नीति तथा कार्यक्रमहरू हाम्रो कार्यकालमा सम्पन्न गर्ने कुरा त हामीलेदेखिरहेका छैनौं तर पनि यसलाई एक पछि अर्को जोडेर लैजान र यसलाई एकपछि अर्को कम्पिलिट गरेर जाने सन्दर्भमा नीति तथा कार्यक्रमले वस्तुवादी तरिकाले यो आइपुगेको छ । यसमा जहाँसम्म कर्णाली प्रदेश सरकारले विगतमा पनि थुप्रै हाम्रा विषयहरू हामीले औंल्यायौं । ती विषयहरू आज पनि कैयौं क्रमागत रूपमा अगाडि बढिरहेका छन् । कैयौं अझै थप दुई चार वर्ष अथवा पाँच दश वर्ष पनि लाग्ने हाम्रा कार्यक्रमहरू छन् । त्यसमा सरकारले जसरी अगाडि बढ्न खोजेको छ । यो विषय सकारात्मकदेखिन्छ । कर्णालीमा स्वास्थ्य क्षेत्रमा कैयौं समस्याहरू छन्, त्यसलाई नीति तथा कार्यक्रमले स्वास्थ्य क्षेत्रमा रहेका जटिलताहरूलाई कैयौं गरिबी, आर्थिक अभावका कारण उपचार गर्ने सन्दर्भमा कैयौं कठिनाइहरू छन् । ती समुदायहरूको सम्वोधन गर्ने गरी नीति तथा कार्यक्रम बोलेको छ । हामीसँग कैयौं बेराजगारीका समस्याहरू छन् त्यसको सन्दर्भमा ६ ब को नीति अगाडि बढाइएको छ । यसमा रहेका ब हरू हेर्दा यसमा अरू ब हरू पनि आवश्यक छन् । जसले गर्दा ती ब हरूमा बेरोजगारीलाई के गर्ने हो । अहिले ठूलो समस्या भनेको बेरोजगारीको हो के । हामीले खास गरी काम गर्ने जनशक्तिलाई बाहिर राखेर हामीले छलफल गरिराखेका छौं हामीले मात्रै कर्णालीलाई उँभो लगाउने सोचिराखेका छौं यो विषय ठीक होइन श्रम र रोजगार आजको मुख्य कुरा हो, आज श्रम र रोजगारको बारेमा श्रमको सम्मान गर्ने,

श्रमबाट उत्पादिन वस्तुलाई बजारीकरण गर्ने होला । श्रम गर्ने त्यो रोजगारीको कुरा हो । श्रम र रोजगारको बारेमा अलि बढीभन्दा बढी ध्यान दिने हो कि भन्ने लाग्छ आजको आवश्यकता पनि यो हो । अरू आवश्यकता शिक्षा, स्वास्थ्यको कुरा होला, बाटोलगायतका कुरा त छ दै छ यसमा श्रम र रोजगारलाई कसरी अगाडि बढाउने भन्ने कुरा टड्कारो आवश्यकता छ । तीन ओटै तहका सरकारले यसमा थोरै थोरै ध्यान दिएको अबस्थामा पनि समस्या हल हुँदै जान्छ जस्तो लाग्छ ।

सभामुख महोयद, यहाँचाहिँ जेष्ठ नागरिक, दलित, बादी, विपन्न, राउटे, राजी, माझी, हलिया, महिला, अपाङ्ग, एकल महिलालगायतका यौनिक, अल्पसंख्यकलगायतका तमाम जो समस्यामा रहेका अथवा उनीहरू एउटा दुविधामा छन् तिनको लागि सरकारले मुख्यमन्त्री कार्यक्रमलाई निरन्तरता दिने भनेर ल्याएको छ यो कार्यक्रम एकदमै ठिक छ । तर यसको कार्यशैलीलाई निरन्तरता होइन यो काम गर्ने ढाँचालाई क्रमभङ्ग गर्नुपर्छ भन्छु म । काम गर्ने ढाँचालाई क्रमभङ्ग गरौं, कार्यक्रमको निरन्तरता दिऔं । दलितको नाममा कर्णालीमा एउटा राउटे, राजी, अल्पसंख्यक मात्रै राखेर हुँदैन कतिपय संरक्षित क्षेत्रका हुन् यिनी अल्पसंख्यक लोपोन्मुखलाई संरक्षणतिर जानुपर्दछ कर्णाली प्रदेशमा  दलित समुदाय भनेको संरक्षण गर्ने चिज होइन यो । यसलाई उत्पादन वा श्रममा विभिन्न ठूला ठूला उद्योग धन्दा कलकारखानामा जोडेर यसलाई उत्पादनको औजार, साधनको रूपमा लानुपर्दछ । यो त हिजोको कर्णाली आत्मनिर्भरता यस्तै यस्तै मानिसले आफ्ना बल बाहुले पखेटाको बल वा आत्मगत अबस्था खुलेर लागेका थिए र त त्यो थियो त आज ती सबै कारणले सङ्कोचित हुने वा आ-आफ्नो पेशा व्यवसायबाट लोप भए, श्रमबाट बाहिरिए तब यो समस्या आइपुगेको छ । अरू तमाम सरकारले ल्याएका नीति कार्यक्रमहरू सही छन् सही ढङ्गले छलफल गरौं बहस गरौं कर्णाली समृद्ध गर्नको लागि हामी सबै क्षेत्रका मानिसहरू अथवा कसरी जोड्ने यो सबैभन्दा के हो भने हाम्रो कर्णाली प्रदेशको सत्र लाख बराबरको नागरिक छ यसमा बढीभन्दा बढी बेरोजगारी छन् यसको कलेक्सन गर्ने र रोजगारी सिर्जना गर्ने र श्रम र रोजगारतिर अलि बढीभन्दा बढी ध्यान दिनुपर्दछ । विविध समस्याबाट ग्रसित हाम्रा नागरिकहरू छन् जसले गर्दा बाढी पहिरो जस्ता समस्यामा परेका छन् तिनको बारेमा पटक पटक कुरा आउँछ । सरकारले यस्ता कुराहरूलाई समयमा नै ध्यान दिएर हल गरको खण्डमा कर्णाली प्रदेशलाई अगाडि बढ्ने कुरामा ठूलो किसिमका राहत प्राप्त हुन्छ भन्ने कुरा राख्दछु । धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री सोशीला शाही

**माननीय श्री सोशीला शाहीः-** सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम ५३ बुँदामा  छलफल गरिरहेका छौं । यसको लागि प्रदेश प्रमुख तिलक परियारलाई धन्यवाद व्यक्त गर्न चाहन्छु । यसको अध्ययन गर्दा यसमा गर्नुपर्ने बाँकी कामहरू केही पनि छैनन् जस्तो लाग्छ ।

कर्णालीका सम्पूर्ण कुराहरू समेटिएर आएको छ तर मुख्य कुरा यसको कार्यान्वयन कसरी हुन्छ यो महत्त्वपूर्ण कुरा हो । बुँदा नम्बर ६ मा रहेको ६ ब को अबधारणामा सबैको सहकार्य र समन्वयको विषयमा हाम्रो ध्यान केन्द्रित भएको छ । सर्वप्रथम बाटोको विषयमा कर्णाली राजमार्गको अबस्था कस्तो छ, यसलाई कसरी लिएका छौं अहिले पनि वर्षायाममा राजमार्गमा आवत जावतमा समस्या छ । दुई लेनको फराकिलो सडक सुर्खेतदेखि हिल्सासम्म निर्माण गर्ने कुरा प्रदेश सरकारको पहिलो प्राथमिकतामा परोस् । यसमा सरकारको ध्यान जावस् । यति बेला मुख्यमन्त्री जीवनबहादुर शाहीले कर्णालीमा छाप छोड्ने गरेर नवीन काम गरेर देखाउनुपर्छ विगतमा जस्तै कनिका झरेको जस्तो गरेर बजेट बाँड्ने प्रवृतिको अन्त्य गरिनुपर्छ । यसबाट कर्णालीको मुहार बदल्न सकिँदैन । यस्तो परम्परा रहिरहेको अबस्थामा बजेट केवल कार्यकर्ताको व्यवस्थापनको लागि ल्याइएको हुन्छ ।

सभामुख महोदय, उपभोक्ता समितिको नाममा गरिने विकासको मोडल पनि बदल्नुपर्छ । यसमा सुरूमा नै कामदारको खाता खोलेर सिधै व्यक्तिले पैसा पाउने व्यवस्था गर्नुपर्छ । सरकारले चालु आर्थिक वर्षमा यी १० ओटा काम गर्छु भनेर भन्न सक्नुपर्दछ । धेरै सबै काम गर्छु भन्नुको मतलब उही पूरानै मोडेलमा जाने कुरा हो, कार्यकर्ता मोटाउने बजेटको अन्त्य गरिनुपर्छ । यसमा हाम्रो गम्भीर आपत्ति छ । जनमुखी प्रत्येक्ष जनताको सहभागिता मूलक बजेट ल्याउनुपर्छ । यसमा हामी जोड दिन चाहन्छौं । जय राष्ट्रवाद, जय जनता ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रममा समावेश भएका विषयहरूको छलफल भोलि पनि जारी रहने छ । बोल्न बाँकी रहेका माननीयहरूलाई भोलिको बैठकमा समय उपलब्ध गराउने छु। भोलिको बैठकमा मुख्यमन्त्रीज्यूले समेत जवाफ दिने व्यहोरा जानकारी गराउँदछु। माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १४९ को उपनियम (१) मा भएको व्यवस्थाअनुसार सभाअन्तर्गत रहेका विषयगत समितिहरूमा समितिका अध्यक्षहरूबाहेक देहायबमोजिमका समितिमा देहायबमोजिमका सदस्यहरू रहेको व्यहोरा जानकारी गराउँदछु ।

**अर्थ तथा प्राकृतिक स्रोत समिति**

माननीय अमृता शाही

माननीय खड्गबहादुर खत्री

माननीय दल रावल

माननीय यामलाल कंडेल

माननीय रातो कामी

माननीय सीता कुमारी नेपाली

माननीय सोशीला शाही

**विधायन तथा प्रदेश मामिला समिति**

माननीय गोपाल शर्मा

माननीय दिनबन्धु क्षेष्ठ

माननीय महेन्द्रबहादुर शाही

माननीय मिनासिंह रखाल

माननीय राजु नेपाली

**सामाजिक विकास समिति**

माननीय कृष्णा शाह

माननीय कौशिलावति खत्री

माननीय नरेश भण्डारी

माननीय पद्मा खड्का

माननीय शुसिल कुमार थापा

**सार्वजनिक लेखा समिति**

माननीय गुलावजंग शाह

माननीय झोवा विक

माननीय बदमी क्वारी बोहोरा

माननीय विमला केशी

माननीय विरबहादुर शाही

माननीय सदस्यहरू अब म विषयगत समितिमा रहनुहुने सदस्यहरूको नामावली हेरफेर सम्बन्धी प्रस्तावलाई सभाद्वारा अनुमोदनका लागि पेस गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीयले 'हुन्छ' भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीयले 'हुन्न' भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीयले 'हुन्छ' भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुने माननीयले 'हुन्न' भन्नुहोस्,

हुन्न भन्ने आवाज सुनिएन तसर्थ सदस्यहरूको समिति हेरफेरसम्बन्धी प्रस्ताव सभाबाट सर्वसम्मतिले अनुमोदन भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब यो बैठक २०७९ साल जेठ २७ गते शुक्रवार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

## बैठक संख्या-११
## (२०७९ साल जेठ २७ गते शुक्रवार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको एघारौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री जीवनबहादुर शाहीले सभासमक्ष टेबुल गर्नु भएको प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रममा समावेश भएका विषयहरू माथिको छलफल आजै समाप्त हुने भएकाले बोल्न चाहने माननीय सदस्यहरूले सभामुखको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीलाई आफ्नो नाम टिपाउनुहोला । बोल्न चाहनु हुने माननीय सदस्यज्यूहरूलाई क्रमशः समय उपलब्ध गराउँछु । सर्वप्रथम माननीय श्री महेन्द्रबहादुर शाही ।

**माननीय श्री महेन्द्रबहादुर शाहीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको २०७९/०८० को नीति तथा कार्यक्रम सदनमा पेस भएको छ र यस नीति तथा कार्यक्रममा आ-आफ्ना विचारहरू प्रस्तुत गर्ने काम चलिरहेको छ । यसै सन्दर्भमा मैले पनि केही आफ्ना विचारहरू सभासमक्ष पेस गर्न म गइराखेको छु । २०७९/०८० को नीति तथा कार्यक्रमका बारेमा हामीले छलफल गर्दै जाँदा यसको पृष्ठभूमिका बारेमा पनि केही चर्चा हुन जरुरी छ । र यहाँ कर्णाली प्रदेशसभाको गठन त्यस पछि कर्णाली प्रदेश सरकारको गठनपछि भएका समग्र कामका बारेमा प्रदेशसभाले गरेका कामका बारेमा पनि समीक्षा हुन जरुरी छ । सभाले आफ्नो भूमिका निर्वाह चाहिँ कसरी गरेर गयो र हामीले अहिलेको आवश्यकतालाई परिपूर्ति गर्न सभाकोतर्फबाट कति सक्यौं र कति सकेनौं र सभामा सामेल हामी सबै माननीय सांसदहरूको संसद्मा भूमिका चाहिँ के रह्यो, सक्रिय भूमिका के रहयो र सभाले के रिजल्ट के निकाल्यो कर्णाली प्रदेशसभाको सन्दर्भमा भन्ने कुराको बारेमा पनि यहाँ चर्चा हुन जरुरी चाहिँ छ सदनभित्र पनि चर्चा भइराखेको छ सदन बाहिर पनि सडकमा पनि प्रदेशसभाले खेलेका भूमिकाका बारेमा सकारात्मक र नकारात्मक टीकाटिप्पणीहरू भइराखेका छन् । र हामीले आफैंले के गरौं भन्ने कुराका बारेमा पनि यसको चर्चा चाहिँ आवश्यक छ । र प्रदेशसभाले कर्णाली प्रदेश सरकार गठन गऱ्यो गठन गर्दा खेरिको स्थिति के थियो र हामी कर्णालीको अबस्थाका बारेमा हामी जानकार नै छौं । कर्णालीका समस्याहरू के हुन भन्ने कुरा पनि थाहा छ। कर्णालीको सरकार बनिसकेपछि ती आवश्यकताहरू कति परिपूर्ति गर्न सक्यो र कति सकेन भन्ने कुराका बारेमा यसको चर्चा परिचर्चा गर्न जरुरी छ । हामी कुन अबस्थामा थियौं कस्तो अबस्थाबाट हामी अगाडि बढेका थियौं यो हामी सबैलाई थाहा छ जस्तै हामी सुरूमै हामीले प्रदेशसभामा हामी निर्वाचित भएर आइसकेपछि माननीय सांसद हामी सबै थियौं जिल्ला समन्वयको एउटा हलमा हामीले शपथ ग्रहण गरेका थियौं र

त्यसपछि पहिलो सभा हामीले खानेपानीको एउटा अफिसको हलमा चलाएका थियौं । र त्यसपछि अब अहिले हामीले यो हलमा हामी आएका छौं, र अहिले हल सभा जस्तो भएको छ माननीय सांसद जस्तो हामी भएर बसेका छौं भोलि पनि यसो हेर्दा खेरि बस्नेमात्र हैन टोपी, चस्मा राख्न सक्ने एउटा चियरको व्यवस्था गर्न सकेका छौं । र यो कसरी भयो, के गरी भयो कति दुख गर्नुपऱ्यो कसरी खट्नु पऱ्यो, सायद मैले आफूले यहाँ ढुङ्गा बोकेको छु यो हलभित्र आफैं राती बत्ती बालेर काम गरेको छु । तर यो कसैले पनि भन्दैन सायद यो कुर्सी हल्लिन थाल्यो भने भन्छ होला अलि अलि नट होलिए भनेपछि अनि आलोचना हुन थाल्छ होला । यो स्वाभाविक यो जिम्मेवार पदमा भइसकेपछि अपेक्षा धेरै हुन्छ आलोचना हुन्छ ती आलोचनालाई पोजेटिभ रूपमा ग्रहण गर्नुपर्छ नेतृत्वले, हामीले पोजेटिभ रूपमा ग्रहण गर्दै जति समय मैले आफ्नो कार्यकालचाहिँ सरकारमा मैले बिताए त्यसलाई मैले पोजेटिभ रूपमा सुझावको रूपमा मैले ग्रहण गरें । हो, थाहा छ आवश्यकताहरू धेरै छन् असीमित आवश्यकताहरू छन् आम नागरिकका जनताका विकासको हिसाबले पछि परेको कर्णाली प्रदेश हो । अहिले पनि धेरै ठाउँका जनताहरू माथि पहाडी, हिमाली जिल्ला अझै तलका जिल्लाका पनि सबै जिल्लाका वडामा सबै पालिकाहरूमा सडक पुग्न सकेको छैन अहिले पनि भारी बोकी राखेका छन् भारी बोकिराखेका जनताले आलोचना गर्दा यसलाई स्वाभाविक रूपमा लिन सकिन्छ । र अहिले पनि जनतालाई स्वच्छ खानेपानीको व्यवस्था गर्न सकिएको छैन, खानेपानी चाहियो भनेर जनताले माग राख्नु र खानेपानीका धाराहरू हामीले उपलब्ध गराउन नसक्दा, हाम्रो आलोचना गर्नुलाई पनि हामीले स्वाभाविक रूपमा हामीले ग्रहण गर्नुपर्दछ । त्यस्तै धेरै जमिन भएर पनि हामीले सिँचाइ पुऱ्याउन सकेका छैनौं, स्वास्थ्यको समस्या छ, शिक्षाको समस्या छन् गरिबीको समस्या छ यी सबै समस्याहरू जनताले द्रुत गतिमा जति सक्यो चाँडो यी समस्याहरूको सम्वोधन होस् भन्ने जनताको चाहना स्वाभाविक रूपमा हुन्छ । जनताले त्यो चाहना राख्छ ती चाहनालाई हामीले स्वाभाविक रूपमा हामीले ग्रहण गर्नुपर्ने हुन्छ । तर आवश्यकता एउटा छ हाम्रो आत्मगत क्षमता के छ अहिलेको आवश्यकता शत प्रतिशत जनताले चाहेकै आवश्यकता परिपूर्ति गर्न सक्ने हाम्रो आत्मगत क्षमता के छ हामीसँग ऐन कानूनको व्यवस्था के छन् हामीसँग बजेटको सीमा के छ र हामीसँग काम गर्ने जनशक्तिको अबस्था के छ भन्ने कुराले आवश्यता परिपूर्ति गर्ने कुरा निर्धारण गर्ने कुरा हो । र हामी नितान्त कठिन अबस्थाबाट अगाडि बढ्यौं हामी सबैलाई थाहा छ मन्त्रालयका कार्यालयहरू पनि थिएनन्, काम गर्नको लागि आवश्यक ऐनको आवश्यकता हामीलाई पर्थ्यो, हामीसँग एउटा पनि कानून थिएन एउटा मस्यौंदा ड्राफ्ट पनि हामीसँग थिएन। हामीले आवश्यक ऐन कानून बनाउनको लागि ड्राफ्ट निर्माण गर्न सक्ने दक्ष जनशक्ति हामीसँग थिएन धेरै दुःख गर्नुपऱ्यो। ऐन निर्माण गर्नको लागि मस्यौंदा तयार पार्नको लागि धेरै दुख गर्नुपऱ्यो र हामीले सायद धेरै कम सुतियो होला म त सरकारबाट राजीनामा दिएको दिन मात्रै ९ घण्टा सुतेछु यति आनान्दले सुतेछु। मेरो कार्यकालका

दिनहरूलाई हिसाब गर्ने हो भने ५ घण्टाभन्दा बढी नसुतेका धेरै रातहरू छन् र त्यसरी रात दिन लागेर विभिन्न क्षेत्रबाट विज्ञहरू बोलाएर हामी आफैं लागेर प्रस्तावना आफैं टाइप गरेर कानूनका लागि यता फेरि सदन चल्नुपर्ने हुन्थ्यो । सदनलाई विजनेसको आवश्यकता पर्थ्यो र हामीले सदनलाई बिजनेस दिनका लागि पनि हामीले धेरै हम्मेहम्मे थियो विकास निर्माणका कामहरू जनताका दैनिक आवश्यकताहरू परिपूर्ति गर्ने कुरा एकातिर थियो भने अर्को तिर हामीलाई आवश्यक ऐन कानून निर्माणको लागि त्यतिखेरको मन्त्रीमण्डल सबै सक्षम अनुभवी मन्त्रीहरू भएकै कारणले सबै आफैंले कम्प्यूटर चलाउन सक्ने आफैं टाईप गर्न सक्ने त्यति खेरको क्याविनेट भएका कारणले हामीले सामान्य क्याविनेटका प्रस्तावहरू तयार पार्नको लागि पनि आफैंले प्रस्ताव तयार पारेर क्याविनेटमा लिनुपर्ने । त्यतिखेरको वस्तुगत अबस्था थियो र त्यसपछि पनि सदनलाई हामीले बिजनेस नदिएर बन्द हुने अबस्था सिर्जना हुन नदिएको अबस्था थियो । र त्यसपछि हामीलाई चाहिने आवश्यक कानूनहरू सरकारका दैनिक काम कारवाही अगाडि बढाउनको लागि चाहिने आवश्यक कानूनहरू, ऐनहरू, कार्यविधिहरू, नियमावलीहरू हामीले निर्माण गर्न सक्यौं र त्यसपछि अनि कामको कुरा भयो र कामका बारेमा हामीले कर्णाली प्रदेश सरकारका प्राथमिकताका क्षेत्रहरू निर्धारण के के गरेर जाने भन्ने कुराका बारेमा हामीले व्यापक छलफल सबै सदनमा माननीय सांसदनले बोलेका व्यक्त विचारहरू र त्यसपछि जीवन व्यवहारमा भोगेका दैनिकीहरू र जनताका आवश्यक सुझाव सल्लाहरू प्रत्येक जिल्ला-जिल्लामा गएर प्रत्येक पालिकाका जनप्रतिनिधिहरूमार्फत् त्यहाँका समस्याहरू केन्द्रित गरेर र हामीले अब कर्णाली प्रदेशलाई समृद्ध विकास र समृद्धि असल सुशासन कायम गर्नको लागि कस्तो प्रकारको कार्यक्रम बनाएर जाने योजना कस्तो बनाएर जाने भन्ने कुराका बारेमा हामीले व्यापक छलफल र बहससहित एउटा साझा निष्कर्षमा हामी पुग्यौं र त्यो भनेको पहिलो प्राथमिकता भनेको पुर्वाधार विकास नै हो त्यसमा पनि एक नम्बरमा सडक नै हो भने सडकलाई पहिलो प्राथमिकतामा राखियो र आजको दिनमा कर्णाली प्रदेश सरकारले गरेका सडकमा गरेका कामलाई मात्रै हामीले प्रत्येक पालिकाको केन्द्रसम्म अहिले केही पालिकाहरू र हुम्लाका केही पालिकाहरू बाहेक मुगुका केही पालिकाहरू बाहेक, मुगुको एउटा पालिकाबाहेक अन्य सबै पालिकाहरूको केन्द्रमा अहिले सरर हिन्ने चिल्लो सडक बनाउन नसके पनि ट्र्याक्टर मात्रै भए पनि र बलेरो जीपहरू मात्रै भए पनि हामीले पालिका केन्द्रहरूमा गाडी पुग्ने सुरू भएको थियो । हामी प्रदेश सरकार नबन्नुभन्दा पहिला सडक कति किलोमिटर थियो बनाइएको थियो र त्यसपछि अहिलेको बिचको पिरिएडमा कति किलोमिटर सडकहरू बने भन्ने कुराबाट अहिले प्रत्येक सरकार सफल वा असफल संसद्ले भनेर हुँदैन कि जनताले भन्छन् । त्यसो हुँदा हामीले सडकलाई पहिलो प्राथमिकता दियौं र धेरै ठाउँमा सडकहरू बने र त्योसँगसँगै हामीले सडकोभित्र राखेर मुख्य राजधानी सुर्खेतभित्र पनि अझै सरकारी कार्यालयहरू भएका प्लानिङ क्षेत्रभित्रको सडकलाई पनि उच्च प्राथमिकतामा राख्नुपर्छ

भनेर यसलाई हामीले अघि बढायौं र यो पनि माननीय सांसदज्यूले व्यापक रूपमा संसद्मा बोलिएको कुरा थियो । यसलाई पनि सँगसँगै प्राथमिकतामा राखिनुपर्छ यसलाई पनि सुधार गर्नुपर्छ किनकि यहाँ पनि फेरि हाम्रो प्रदेशका मात्रै होइन बाहिरका नागरिकहरू बाहिरका मानिसहरू पनि आएर हिँड्ने शहर भएको हुँदा शहरलाई पनि प्राथमिकता दिनुपर्छ भन्ने हिसाबले यहाँका सडकलाई पनि हामीले पहिलो प्राथमिकतामा राख्यौं । समग्र एकीकृत वीरेन्द्रनगर विकासको मोडलसहित हामीले सुर्खेत वीरेन्द्रनगरलाई पनि राखौं । र यहाँ पनि अघि बढ्यो । र त्यसपछि हामीले भन्यौं, अर्को अहिलेको आवश्यकता भनेको खानेपानीको कुरा सडक पछिको पहिलो प्राथमिकता खानेपानी अहिले पनि खानेपनि धेरै टाढाबाट खानेपानी ल्याउनुपर्छ कुवामा घण्टौं समयसम्म लाइन लागेर पानी भर्नुपर्ने अबस्थाचाहिँ जनताको थियो । अहिले एक घर एक खानेपानीको धारा यही चाहिँ गाउँपालिकाहरूमा सम्पन्न भएको छ । केही गाउँपालिकाहरूमा काम क्रमागत आयोजनाका रूपमा अगाडि बढेका छन् र त्यसपछि कृषि उत्पादनमा विशेष जोड दिनका लागि सिँचाइ मुख्य हो भनेर सिँचाइमा गरिएको लगानी त्यसपछि पूर्वाधारको क्षेत्रमा हामीले भवनमा गरेको लगानी विद्यालय भवनमा हामीले लगानी गऱ्यौं, धेरै विद्यालय भवनहरू पक्की बनाएर जाने भनेर धेरै पालिकाहरूमा पक्की भवनहरू निर्माण भएका छन् त्यसपछि हामीले शिक्षा क्षेत्रमा गरिएका कामहरूका बारेमा पनि हामीले के भन्यौंभन्दा खेरि एउटा विश्वविद्यालय छ, पर्वतीय विश्वविद्यालय आवश्यक छ एउटा बनाउनुपर्छ भन्ने नीति हामीले लियौं । यो किन आवश्यक छभन्दा खेरि अहिलेको मुख्य समस्या भनेकै क्लाईमेटको कुरा हो जलवायु परिवर्तनले पारेको यसको असर छ, र यसको सम्बन्ध पर्वतसँग जोडिएको छ यसको सम्बन्ध हिमालसँग छ पर्वतसँग छ, अहिले हामीले पर्वतीय मुख्य वातावरणसम्बन्धी हामीले पढाउने विश्वविद्यालय बनायौं भने त्यो एउटा आर्थिक इनकमको स्रोत पनि बन्न सक्छ । नेपालका मात्रै होइन बाहिरबाट विदेशी विद्यार्थीहरू पनि कर्णालीमा ल्याएर पढाउन सक्यौं भने एउटा आर्थिक स्रोत वृद्धि गर्न सकिन्छ यसका लागि पनि हामीले सोच्नुपर्छ चलाउन सक्नुपर्छ, अहिले धेरै देशहरूमा नेपालीहरू गएर लगानी गरेर राम्रा शिक्षा क्षेत्रमा लगानी गरेर उनीहरूको इनकम स्रोत पनि वृद्धि भएको छ । अस्ट्रेलिया नेपालका विद्यार्थीहरू जान्छन् धेरै अस्ट्रेलियामा शिक्षामा लगानी क्षेत्रमा नेपालीहरूको पूँजी लगानी भएको छ। अस्ट्रेलिया जाने विद्यार्थीलाई कर्णालीमा ल्याउन सकिन्छ । यसलाई हामीले साझेदारी मोडेलमा जान सक्यौं भने एउटा नमुना बनाउन सकिन्छ कि भनेर त्यसलाई पनि एउटा प्राथमिकतामा प्रदेश सरकारले राख्यो । त्यसपछि हामीले भन्यौं अब शिक्षा क्षेत्रमा एउटा पालिकामा ७९ ओटा पालिकामा ७९ ओटा विद्यालय छनोट गर्ने, र त्यहाँ हामीले नमुना बिद्यालय बनाउने र त्यहाँ पूर्वाधारको हिसाबले पनि नमुना पूर्वाधार बनाउनु पऱ्यो र त्यसपछि पठन पाठनको हिसाबले पाठ्यक्रमको हिसाबले पनि अलिकति मोडल अहिलेको समय सान्दर्भिक शिक्षा को पाठ्यक्रमसहित हामीले पठन पाठन सुरू गऱ्यौं भने यसमा सिधै लगानी प्रदेश

सरकारले गर्ने, र अहिलेको संविधानमा भएको व्यवस्था अनुरूप लागु गर्ने । र अहिलेको संविधानमा भएको व्यवस्था अनुरूप उच्च शिक्षाभन्दा तल पढाई गर्ने स्थानीय तहलाई जिम्मेवारी दिएको भए पनि प्रदेश सरकारको लगानीमा एउटा पालिकामा एउटा नमुना स्कुलको रूपमा हामीले विकास गर्न सक्यौं भने शिक्षा क्षेत्रमा केही सुधार ल्याउन सकिन्छ । भन्ने कुरा राखिएको थियो र त्यसपछि हामीले स्वास्थ्य क्षेत्रमा गरिएको कामहरू छन् हामीले दुई वर्ष काम गर्न नपाउँदै दुई वर्षको समय अबधि भनेको व्यवस्थापनकै पाटोमा बित्यो हामीले आवश्यक ऐन कानून बनाउने कुरामा दक्ष जनशक्तिको व्यवस्थापनमै त्यसपछि हाम्रा काम गर्ने सरकारका संरचनाका बारेमा हाम्रा आफ्नै संरचना नहुँदा पनि कामहरू अगाडि बढाउन सकेनौं तर कर्णाली प्रदेश सरकारले कुनै पनि प्रदेशमा आफ्ना प्रदेश सरकारका संरचनाहरू छैनन् सङ्घीय सरकारले हस्तान्तरण गरेका संरचना मात्रै छन् ती संरचनाहरूबाट काम गर्न निकै गाह्रो छ र कर्णाली प्रदेश सरकारले आफ्नै संरचना बनाएर किन कि यहाँको भौगोलिक विकटता छ सङ्घीय सरकारले हस्तान्तरण गरेका दुई वटै डिभिजन कार्यालयले १० ओटा जिल्लाको काम भ्याउन सक्दैन त्यसो त जनतालाई अहिले धेरै समस्या आयो पहिला हामीलाई हुम्लाका मानिसहरू खानेपानीको सम्झौता जुम्ला पुग्नुपर्ने भयो हुम्लाका मानिसहरू जहाजमा नेपालगञ्ज त्यहाँबाट फेरि जुम्ला गएर खानेपानीको सम्झौता गर्नुपर्ने सिँचाइका सम्झौता गर्नुपर्ने, कृषिका सम्झौताहरू गर्नुपर्ने, सडकको सम्झौता गर्नुपर्ने समस्याहरू आयो दैलेखको मानिस सम्झौता गर्न चौरहजारी जानुपर्ने भयो, डोल्पाको मान्छे सम्झौता गर्न चौरजहारी पुग्नुपर्ने भयो यो जनतालाई झन् दुख दिने काम भयो सङ्घीय व्यवस्थालाई जनतलाई सेवा सुविधा नजिकबाट दिनेभन्दा पनि झनै टाढा दिने काम दुख भयो भनेर हामीले हाम्रा आफ्नै संरचना चाहिन्छन् भनेर १० वटै जिल्लामा हाम्रा आफ्नै काम गर्ने संरचनाहरू खडा गर्‍यौं । त्यसपछि हामीलाई काम गर्न सहज भयो जनतालाई नजिकबाट सेवा दिन हामीले सक्यौं यी कामहरू हामीले गर्नुपर्ने अबस्था थियो त्यसपछि दुई वर्ष पछि अर्को माहामारी फैलियो कोभिड फैलियो कोभिडले दुई वर्ष हामीलाई काम गर्न दिएन त्यसपछिको हाम्रो चुनौती भनेको कोभिड १९ भयो त्यसको रोकथाम यसको नियन्त्रण र यसको व्यवस्थापन गर्ने कुराहरूमा हाम्रा लागि धेरै ठूलो चुनौती थियो त्यति खेर प्रदेश सरकारले कस्तो कदम चाल्यो प्रदेश सरकारले खेलेको भूमिका के हो यसले कर्णाली प्रदेशमा हुने मानविय क्षतिलाई कति रोक्यो भन्ने कुराका बारेमा पनि यहाँ चर्चा चल्दैन । त्यतिखेर गरिएका हाम्रा प्रयासहरू, हाम्रा कामहरू भारतमा रहेका नागरिकलाई हामीले स्वदेशमा फिर्ता ल्याउने कुराहरू, बाटोमा अलपत्र रहेका कर्णाली प्रदेशका जनताहरूलाई आफ्नो सुरक्षित तबरले घरमा पुर्‍याउने कामहरू क्वारेन्टिनमा राखेर क्वारेन्टिनको व्यवस्थापन त्यसपछि संक्रमित भइसकेपछि उपचारको कुरा पनि सामान्य कुरा थिएन । धेरै ठूलो चुनौतीको बिचबाट हामीले त्यो काम हामीले पूरा गर्‍यौं । हामीसँग अक्सिजन थिएन, अक्सिजनका सिलिण्डरहरू हामीसँग थिएनन्, धेरै कम थिए । ठूला अस्पतालहरूमा

मात्रै सिलिण्डरहरू थिए । सिलिण्डरको व्यवस्था गर्ने कुराहरू, अक्सिजन भर्नको लागि आफ्नै अक्सिजन प्लान्टहरू थिएन । एउटा मात्रै थियो मध्यपश्चिमाञ्चलमा त्यति खेरको नेपालगञ्जमा त्यहीँ पनि सुदुरपश्चिम, मध्यपश्चिम बुटवलदेखि लगेर सबै ठाउँको एउटै ठाउँमा त्यसलाई भर्ने व्यवस्था थियो । निकै गाह्रो भयो, लाइनमा बस्नुपर्ने भयो, धेरै ठाउँबाट अक्सिनजका मागहरू आए रातभरि सुत्न नपाउने स्थिति सरकारलाई भयो सरकार आफैं कुद्नुपर्ने स्थिति भयो । त्यसपछि रातारात काम गरेर कर्णाली प्रदेशमा अब चाहिने प्रयाप्त अक्सिजन उत्पादन हुने स्थिति भयो । धेरै ठाउँमा अहिले अक्सिजन प्लान्टहरू जडान गरिएका छन् । धेरै जसो जिल्ला अस्पतालहरूमा अहिले अक्सिजन प्लान्ट जडान गरिएका छन् सुर्खेतमा ठूला अक्सिजन प्लान्टहरू जडान गरिएका छन् । अहिले अब हामीलाई विगतको स्थिति दोहोरियो भने अक्सिजनको अभाव सिर्जना हुने अवस्था छैन । त्यो हाम्रो भयो त्यसपछि हिजो कर्णाली प्रदेशमा आइसियु बेडहरू कति थिए सुर्खेत वीरेन्द्रनगरको कालागाउँमा भएको अस्पतालमा कतिवटा बेडहरू हामीले आँखाले देखेका छौं । सबै मानिसहरू प्रस्ट नै हुनुहुन्छ के थियो हाम्रो हालत कुन ठाउँमा हामी थियौं, आज काँ छौं हामी अहिले जिल्ला अस्पताल हेर्नुभयो भने सात ओटा वेड त तपाईंको आइसियु बेडहरू नै छन्, एउटा जिल्लामा सात ओटा आइसियु बेडहरू छन् । प्रदेश अस्पतालमा त तपाईंको चाहिने कर्णाली प्रदेशमा अहिले आवश्यक पर्ने आइसियू बेड नपाएर कर्णालीका ती सिकिस्त बिरामीहरू बाहिर रिफर गर्नुपर्ने स्थिति सिर्जना हुन दिइएको छैन त्यो अवस्थामा हामी छौं । र अहिले कर्णाली प्रदेश अस्पताल कालागाउँको स्थिति के छ, काँ पुग्यो अहिलेको अवस्था कसरी पुग्यो, के भएर पुग्यो, सङ्घीय सरकारले बिल्डिङ हस्तान्तरण गरेको थियो त्यहीँ पनि झ्याल ढोका नमिलाईएका खालि एउटा बिल्डिङ मात्रै हस्तान्तरण गरिएको थियो विल्डिङले उपचार गर्न सक्दैनथ्यो विल्डिङभन्दा बढी लगानी, बढी पैसाको आवश्यकता त त्यहाँ चाहिने आवश्यक इकुमेन्टको लागि चाहिन्थ्यो, बिल्डिङभन्दा महँगो इक्युपमेन्ट चाहिन्थ्यो भने करिब करिब २ अर्बको हाराहारीमा अहिले प्रदेश अस्पतालमा लगानी गरिएको छ । आजका दिनसम्मको लगानी । त्यसपछि भएको प्रदेश अस्पतालको सुधार जिल्ला अस्पतालको हालत के थियो कस्तो अवस्थामा थिए, जिल्ला अस्पतालहरू आज तपाईंहरू गएर जिल्ला अस्पतालहरू गएर हेर्नुभयो भने फरक छ । त्यसो हुँदा पनि हामीले गर्व गर्ने कुरा छ । धेरै निराश हुनुपर्ने, शिर नै निउराएर हिँड्नुपर्ने कुनै आवश्यकता म देख्दैन त्यहाँ चाहिँ काम भएका छन् । त्यसपछि हामीले भन्यौं अव्यवस्थित बसोबास छ यसलाई व्यवस्थित बसोबासका लागि हामीले केही नमुना गाउँहरू बनाउने, घरहरू बनाउने, छरिएर रहेका उच्च जोखिममा रहेका यसका लागि भनेर हामीले केही जिल्लाहरूमा अध्ययन भइराखेको छ र केही जिल्लाहरूमा निर्माण कार्य सम्पन्न भएर अहिले जनतालाई घर हस्तान्तरण गरेर जनता घरमा बसिराखेका छन् । हामीले त्योचाहिँ काम गर्‍यौं । र त्यसपछि हामीले अर्को कुरा भन्यौं जनताको गरिबी मुख्य हो कर्णाली प्रदेशको अहिले जस्तै छ

अनुभूति छैन अलिकति केही आर्थिक हिसाबले माथि उठेका जिल्लाहरूका सांसदहरू यहाँ हुनुहुन्छ अनुभूति चाहिँ छैन । जहाँ आर्थिक हिसाबले विपन्न छन् जिल्लाहरू त्यो जिल्लाको माननीय सांसदज्यूहरूले अनुभूति गरेका कुराहरू छन् । हिजो जनताले घरमा एउटा सलाई किन्न सक्ने पुँजी चाहिँ थिएन अर्काको घरबाट आगो लिएर आउने कसको घरमा आगो धुवायो डाडु लिएर गएर आगो लिएर आएर घरमा आगो बाल्ने त्यहाँका नागरिक, जनताहरू थिए । एक रुपैयाँका दुई ओटा सलाई पाइन्थ्यो त्यतिखेर त्यहीँ एक रुपैयाँ नपाएर सलाई किन्न नसकेर अर्को घरबाट आगो ल्याउँथे त्यसपछि आफ्नो गाउँमा, आफ्नो ठाउँमा काम गर्न नपाएर काम खोजेर इन्डिया जान्थे । इन्डिया पनि त्यहाँ सात आठ दिनसम्म त काम खोज्नै लाग्थ्यो, त्यसपछि बल्ल बल्ल काम पाए इमान्दार रूपमा काम गरे, इमान्दार ठेकेदार भेटियो पैसा दिन्थ्यो एकसरो लुगा किनेर आउँथ्ये घरमा भेटिने त्यस्तै बेइमान ठेकेदार भेटियो भने भाग्यो ठेकेदार भने फेरि भाडा अर्कोसँग मागेर रुँदै रुँदै घरमा आएका हाम्रा जनताका कथा व्यथा सुनेका छौँ उसको पीडा देखेका छौँ। त्यस्तो स्थिति थियो हिजो आज पत्यार नलाग्न सक्छ त्यो पनि स्वाभाविक हो आज तपाईंहरू गाउँमा जानु भयो, हेर्नु भयो भने अर्काको घरमा गएर आगो ल्याइएको देखिँदैन। अहिले घरमा आगो बाल्न अर्काको घरमा आगो लिन गएकोदेखिदैन अहिले अहिले घरमै सलाई किनेर आगो बाल्न सक्ने, लाइटर किनेर आगो बाल्न सक्ने जनताको त्यो क्षमताको विकास भएको छ हिजो च्यात्तिएका लुगाहरू लगाउथ्ये जनताहरू, आज अलिकति नयाँ ढाका टोपी लगाउन सक्ने, अलिअलि हिजोकोभन्दा नयाँ लुगा लगाउन सक्ने, हिजो बिहान र बेलुका भात खान निकै गाह्रो हुन्थ्यो तर आज बिहान र बेलुका भात खानको लागि अलिकति केही सहज आजको दिनमा भएको छ । त्यहीँ भएर यहाँ धेरै कुरा पनि उठ्यो बजेट पनि गाउँ केन्द्रित भयो, अहिले पनि खोइ प्रदेश सरकारका संरचनाहरू, बिल्डिङहरू सुर्खेतमा किने बनेनन्, भवनहरू किन भएन सकिन्थ्यो भवन बनाउन बनाउने भनेको पनि हो हामीले डिपिआर पनि तयार पार्यौं सुरूपनि गर्ने भनियो, तर केही हाम्रा अप्ठ्याराहरू, जटिलताहरू सिर्जना भए प्रदेश सरकारको आफ्नै जमिन नहुँदा, सङ्घीय सरकारले जमिन उपलब्ध नगराउँदा, पटक पटक हामीले निर्णय लेखेर हामीले पठायौं उपलब्ध गराउन नसक्दा हामीले भवनहरू बनाउन सकेनौं आफ्ना भवनहरू बनाउन सकेनौं तर पुँजी गाउँमा गयो, ठुलो पैसा गाउँमा गयो, प्रत्येक गाउँ, गाउँमा प्रदेश वडा वडामा मुख्यमन्त्री रोजगारको नामबाट प्रत्येक गाउँ गाउँमा हामीले पैसा पठायौं । त्यो पैसा अलिकति बाठोटाठो मान्छेको पकेटमा अलिकति बढी पैसा गयो होला तर सबैले तपाईंहरूले अहिले हेर्नु भयो भने अहिले पनि हामीसँग भिडियो रेकर्ड छ, स्टिल फोटोहरू खिचिएका छन् । अहिले गाउँमा महिलाले गाउँमै काम गर्न पाएका छन्, पुरुष हिजो काम खोजेर इन्डिया जानुपर्थ्यो, महिलाले जानुपर्थ्यो तर अहिले महिलाले आफ्नै ठाउँमा कति छुट्याएको छ प्रदेश सरकारले त्यो त बजेटमा छलफल गरौंला तर जनतालाई रोजगारी दिने कुराहरू इन्डिया काम गर्न जान नदिनको लागि बजेट केन्द्रित

हुनै पर्छ । प्रत्येक वडा वडामा समानुपातिक हिसाबले बजेट जानै पर्छ । हामीले समाजवाद भनेर भन्छौं त्यो सबैको स्तर उन्नति एउटा ढङ्गबाट गर्न सकिएन भने गाह्रो हुन्छ अहिले तपाईं जानुभयो भने आफ्नै ठाउँमा आफ्नै घरमा आफैं आफ्नो गाउँको मुख्य समस्या के छ योजनाको आफैंले योजना छनोट गरेर त्यसपछि काम गर्ने अहिले घरमै बसेर काम गरेका छन् अहिले महिलाहरू दिनको पाँच सयको दरले पाउँछन ज्याला । एक दिनमा पाँच सय रुपैयाँ यस्तो ठाउँमा कमाएपछि त्यसले खानाका लागि प्रयाप्त पुग्छ। बरु पैसा कम भयो त्यो बढाउनुपर्छ, अझै हामीले रोजगारीका दिनहरू हामीले बढाउनुपर्छ, घटाउने हैन जनतालाई रोजगार सिर्जना गर्ने, अनि मात्रै आर्थिक उत्पादनको क्षेत्रमा वृद्धि आउने हो यतापट्टी लगानी गर्ने कुराहरू त्यसपछि हामीले भन्यौं कृषि क्षेत्रलाई कसरी हामीले कलिकति सुधार गर्न सक्छौं । त्यसपछि वातावरणसम्बन्धी यो त अहिलेको विकासले गर्दाखेरि धेरै बिग्रिएको छ यसलाई कसरी सुधार गर्न सकिन्छ ठाउँ ठाउँमा डोजर मात्रै प्रयोग भइरहेका छन् भू-क्षय भइराखेको छ । अब यसलाई पनि ध्यान दिनुपर्छ भनेर हामीले यहाँ धेरै चर्चा आयो, धेरै उडाउने काम पनि भयो हाईटेक नर्सरी, त्यो मन्त्रीज्यूले आफैं गएर काम गर्ने भनेर कोही रेष्टुरेन्ट जस्तो त बनाइएको हैन सरकारको कुरा हो सरकारले गराउने कुरा हो काँ छन्, कता छन्, कस्तो अबस्थामा छ, सदुपयोग भयो, भएन या दुरूपयोग भइराखेको छ अनियमितता भइराखेको छ यो पाटो हेर्ने काम भनेको सरकारको पाटो हो । सरकारले हेर्ने हो, तर हाम्रो उद्देश्य के थियो, गलत थियो वा सही थियो, भन्दाखेरि सही थियो, अहिले पनि हामीले बिरुवा ल्याउनका लागि केही फलफूलका बिरुवा ल्याउनका लागि बाहिर यूरोपबाट ल्याउनुपर्थ्यो, अष्टेलियाबाट ल्याउनुपर्छ, इन्डियाबाट ल्याउनुपर्छ, भने हामीले हाम्रै कर्णाली प्रदेशमा हामीले फलफूलका बिरुवा उत्पादन गर्न सक्यौं भने र अनि हामीले जमिन हरियाली बनाउनका लागि त्यहाँ जान सक्यौं भने राम्रो हुन्छ । भन्ने हिसाबले हामीले गर्न खोजिएको कुरा थियो तर यसलाई प्रयोगमा ल्याउनुपर्छ । यसले हाम्रो वातावरणमा पनि यसले हामीलाई धेरै ठूलो फाइदा पुऱ्याउँछ । र यसले हाम्रो अर्थतन्त्रलाई पनि फाइदा पुऱ्याउँछ त्यसकारणले हामीले पूरानै तरिकाबाट नर्सरी पूरानै डाँडामा राखेको जस्तो नर्सरी राख्यौं भने लगानी नेपाल सरकारको कयौं लगानी भयो तर विरुवा उत्पादन भएन भन्ने हिसाबले हामीले त्यहाँ राख्यौं । यो हामीले लगानीको लागि थियो यी कामहरू चाहिँ भए र त्यसपछि हामीले लक्षित मानिसहरू भन्यौं पछाडि परेको समुदायलाई कसरी अगाडि उठाउन सकिन्छ लैङ्गिक हिसाबले महिलाहरू पछाडि छन् । महिलामाथि हुने हिंसा मध्ये एउटा कारण भनेको पुँजी पनि हो, आर्थिक पनि हो । फेरि महिलाहरू इमान्दार पनि छन् महिलाहरूमा लगानी गऱ्यो भने उत्पादन वृद्धि गर्न सकिन्छ भन्ने हिसाबले महिला लक्षित कार्यक्रम, दलित लक्षित कार्यक्रम, पनि हामीले केन्द्रित गऱ्यौं । र यसको रिजल्ट सही निकाल्ने कुराहरूमा सरकार लाग्नुपर्छ हामी सबै जनप्रतिनिधिहरू लाग्नुपर्छ सबै दलहरू लाग्नुपर्छ अनि मात्रै त्यसले परिवर्तन ल्याउने कुरा हो । यी हाम्रा समस्याहरू थिए

त्यसपछि हामीले यही सामाजिक सुरक्षाका कुराहरू छोरीको कुरादेखि लगेर धेरै कामहरू हामीले गऱ्यौं सहिद परिवारको उच्च सम्मानका लागि गरिने व्यवस्थाहरू हुने घाइते, अपाङ्गहरूको समन्वय गर्ने व्यवस्थाहरू हुन् यी व्यवस्थाहरू हामीले गऱ्यौं । त्यसो हुँदा अहिले अब हामीले गरिएका राम्रा कामहरू सबै मेरा बिगारिएका सबै कामहरू अर्काका यो एउटा हामीसँग स्थापित एउटा संस्कार छ । यो संस्कारको हामीले अन्त्य गर्न जरुरी छ । राम्रो गरेको कामलाई राम्रो गरेको हो भन्न सक्ने आँटचाहिँ हामीले गर्न सक्नुपर्दछ । त्यो भन्दैमा आफू डोमिनेट भइदैन आफू सानो भइदैन आफू कमजोर भइदैन भन्न सक्ने आँट गर्न सक्नुपर्दछ । जानेर पुगेर नपुगेको कुरालाई यो कुरा पुऱ्याउन सकिएन, सम्भव चाहिँ थियो तर सकेन भन्ने सक्ने कुराको आँट गर्न सक्नुपर्छ । तर यहाँ केही पनि गरेन, केही पनि भएन सबै खत्तम भए एक जना माननीय सांसदले भन्नुभयो सुर्खेतभित्रका सडकहरू हाम्रो पहिलो भौतिक पूर्वाधार बाहेक केही पनि काम भएन भन्ने कुरा भन्ने भएको छ । हेर्नुहोला तपाईं गएर कयौं सिग्नेचर गरेका फाइलहरू, मेरो हस्ताक्षर भएका फाइलहरू छन् त्यहाँ मैले आफैं भौतिक पूर्वाधार विकास मन्त्रालयका जिम्मा लिइसकेपछि उहाँले गरेका कति हुन् त्यो पनि भन्नुस् राम्रो काम गर्नु भएको, क्षमता भएको अनुभव भएका मान्छे हो सायद उहाँ जस्तो अनुभव भएको व्यक्ति भौतिक पूर्वाधार विकास मन्त्री अरू भएको भए सायद अझै धेरै कामहरू राम्रो हुन्थ्यो त्या मलाई थाहा छ । तर सबै काम उहाँले गरेका मात्रै हुन् त्यसपछि विल्कुल एकै पनि भएन भन्नु त्यो फेरि अलि बढी हुन्छ । त्यो कुरालाई पनि हामीले भन्न सक्नुपर्छ राख्न सक्नुपर्छ हामी सबैले गरेका कामहरूका बारेमा राम्रा कामहरूका बारेमा हामीले प्रशंसा गर्दा केही बिग्रिदैन । नपुगेको कामहरू पुग्न सकेन पुगाइएन सम्भव थियो अलिकति गति पुगेन गतिशील भएन भन्ने कुराहरूको बारेमा रचनात्मक सुझाव दिने कुरा नै सही कुरा हो साँचो कुरा हो त्यसो भएका कारण यसैको पृष्ठभूमिमा रहेर अहिलेको वर्तमान सरकारले सरकार भनेको पहिलेकै सरकारको निरन्तरता हो त्यहीं भएर नीति तथा कार्यक्रम अहिलेकै सरकारले पेस गरेका नीति तथा कार्यक्रमलाई निरन्तरता दिएको छ। र अहिले हाम्रो यो अन्तिम समय पनि हो, यो सभाको, यो सरकारको अन्तिम बजेट हो, अन्तिम नीति तथा कार्यक्रम हामी नयाँ धेरै महत्त्वाकांक्षी हामीले नीति तथा कार्यक्रम ल्याएर हामी आफैंले कार्यान्वयन गराउन सक्दैनथ्यौं र हामीले धेरै राम्रो महत्त्वाकांक्षी नीति तथा कार्यक्रम ल्याएर भोलि नयाँ आउने निर्वाचित प्रदेशभाले, सरकारले त्यो कामलाई निरन्तरता दिन्छ भन्ने कुराको पनि हामीले विश्वास गर्न सकिंदैनथ्यो त्यो भएर अहिले हामीले गरेका कामहरूलाई निरन्तरता दिने र हाम्रै कार्यकालमा हामीले सम्पन्न गर्ने उद्देश्यका साथ अहिलेको नीति तथा कार्यक्रम आएको छ । यसलाई राम्रो छ, यसका लागि हाम्रो दलकोतर्फबाट पूर्ण समर्थन गर्दै मेरो भनाइ अन्त्य गर्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री गुलावजंग शाह, समय सात मिनेट

**माननीय श्री गुलावजंग शाहः-** माननीय सभामुखज्यू, सरकारले ल्याएको २०७९/०८० को नीति तथा कार्यक्रममा टिप्पणी राख्न म यहाँ उपस्थित भएको छु । सरकारले यो करिब करिब अन्तिम नीति तथा कार्यक्रम होला, यसमा चाहिँ ५३ बुँदामा आफ्नो कार्यक्रम पेस गरेको छ, सरसरती यसलाई हेर्दा अब टिप्पणी सकारात्मक रूपमा गरौँ भन्ने मनसायका साथ आएको हो, तर हेर्दा सकारात्मक ढङ्गले टिप्पणी गरिहाल्नुपर्ने अहिलेसम्म सरकारले गरेका कामहरूको कन्टिन्यूटी हेर्दै गर्दा अहिलेसम्म अत्यन्तै राम्रो गर्‍यो भनी हाल्नु पर्ने सैद्धान्तिक कुरा मैले केही देख्दैन तर पनि सरकारले मेहेनत के मा गरेको छभन्दा हुन त वास्तवमा गफ चाहिँ गरेको छ । सरकारले ६ ओटा बबाट सुरूवात गरेछ, अहिलेसम्म सरकारले ६ ओटा बबाट सुरूवात गर्‍यो मभन्दा पूर्ववक्ता माननीयज्यूले दुई ओटा ब थप्नुभयो, त्यसपछिका माननीयले अर्को ब थप्नुपर्छ भन्नुभयो, थप्दै जाँदा ८, १० ओटा ब बनाएर कतै बबाल खालको बजेट आउँछ कि जस्तो अनुभूति भइराखेको छ । तर पनि सभामुख महोदय, हामीलाई थाहा छ यो कर्णाली प्रदेश गठन हुँदा अभावले गठन भएको थियो होला, अभाव, समस्याहरू थिए होला, यहाँसम्म आइपुग्दा जति गर्न पर्थ्यो हो वास्तवमा संघीय संरचना नयाँ संरचना हो, तर नयाँ संरचना भए पनि हामी इमान्दार ढङ्गले कति प्रस्तुत भयौँ सरकारमा बस्ने माननीय सदस्यज्यूहरूलाई, सरकारमा बस्ने माननीयज्यूहरूलाई, सरकारका मन्त्रीहरूलाई त्यो अनुभूति भयो होला, यहाँ सरकार र प्रतिपक्ष भन्ने पनि छ तर सरकारले विकास गर्दै गर्दा समानुपातिक न्याय सिद्धान्तको आधारमा अहिलेसम्मका बजेटहरू ल्यायोकी ल्याएन सरकारले आफैं म म गर्न सक्छ । हामीले प्रत्येक्ष देखिने गरी अनुभूति गरेका छौं यसको लागि एउटै कुरा काफी छ पहिलो, दोस्रो वर्षमा सरकारले सैद्धान्तिक रूपमा वास्तवमा कर्णाली प्रदेशको राजधानी सुर्खेतमा जोड्ने बहुवर्षीय बाटाहरू न्यूनतम रूपमा २४ ओटा बाटाहरू बनाइने छन् भनेर सैद्धान्तिक रूपमा सुरूवात गर्‍यो सरकारले जवाफ दिनुपर्नेछ अहिले पछिल्लो लास्ट आवरमा आएर सल्यानको निर्वाचन क्षेत्रमा बल्ल बहुवर्षीय बाटो स्वीकृति भएर टेण्डर आह्वान भएको छ । यसरी सरकारले विकास गरेको छ भने पछि यसमा सरकार सबैलाई समेट्ने गरी नीति तथा कार्यक्रममा सम्वोधन गरेको छ भन्ने कुरा त यसैले पुष्टि गरेको छ नि । मलाई त्यस्तो लाग्दैन सरकार समानुपातिक प्राकृतिक न्याय सिद्दान्तको आधारमा बजेटहरू ल्याएको थियो यसले पनि ल्याउँछ भन्ने अनुभूति मलाई छैन । सभामुख महोदय, यसमा एउटा सुझाव राख्न चाहन्छु । हामीलाई थाहा छ २०७२ को संविधानले उच्च तहको शिक्षाको नीति प्रदेश सरकारको काममा छ । यो प्रदेश तहभित्र सामुदायिक क्याम्पसहरू मलाई लाग्छ ३२ ओटा क्याम्पसहरू छन् । विगतमा सरकारले भौतिक संरचना निर्माण गर्ने सवालमा केही राहत त गरेको होला, अब आउने बजेटले ती ३२ ओटा क्याम्पसमा भौतिक संरचना तयार गर्दै गर्दा आर्थिक रूपबाट पनि हामीले तोकेर सुखारी कर्णाली, समृद्ध कर्णालीको नारा दिने सरकारले सम्वोधन गर्दा के फरक पर्छ । हामीले भनेका छौं यहाँ कर्णालीमा ओखरको विकास गर्ने, स्याउको विकास

गर्ने, मैलेदेखिरहेको छु यो कर्णाली प्रदेश ३ जिल्ला, ३ अञ्चलबाट बनेको संरचना हो । यहाँ साबिक कर्णाली पनि छ, साबिक भेरी पनि छ, साबिक राप्ती पनि छ भन्ने बुझौं न । कर्णालीमा स्याउ हुन्छ, साबिक कर्णालीमा हामी सबैलाई थाहा छ । तपाईंहरूलाई थाहा छ सल्यानमा सुठो साबिक कर्णालीका स्याउहरू त मुस्ताङमा पनि धेरै हुन्छन् भारतको सिम्लामा पनि राम्रा राम्रा हुन्छन् तर सल्यानमा सुठो नेपालकै सबैभन्दा राम्रो अदुवा प्रशोधन केन्द्र हो, किन नबनाउने ? किन लेख्नु भएन ? किन पूर्वाग्रही काम गर्नुभयो, तपाईंहरू साबिक कर्णालीको मुख्यमन्त्री, साबिक कर्णालीको कृषि मन्त्री, अनि राप्तीको बारेमा सोच्नुपर्दैन । भेरीको बारेमा सोच्नुपर्दैन । तपाईंहरूले लेबलिङ गर्ने कुरा गर्नुभएको छ । मेकिङ कर्णाली गर्ने कुरा लेख्नु भएको छ । कर्णालीमा हुने जडीबुटीको बारेमा कुरा गर्ने, अनि तपाईंको हाम्रो सल्यानमा हुने अदुवाको बारेमा नलेख्ने, त्यसैले पूर्वाग्रही ढङ्गले, एक पक्षीय ढङ्गले बजेट ल्याउने गरी नीति तथा कार्यक्रम तलाईहरूले पेस गर्दै हुनुहुन्छ तपाईंहरूले लेख्न सक्नुपर्थ्यो सल्यान वास्तवमा हेर्नुभयो भने ३ अञ्चललाई हेर्ने हो भने साबिक कर्णाली, साबिक भेरी र साबिक राप्तीमा सल्यानमा सबैभन्दा राम्रो खेतीयोग्य जमिन छ । सबैभन्दा धेरै उत्पादन हुने जिल्ला सल्यान हो । धान, गहुँ, मकै, कोदोमा, धानमा सबैभन्दा आत्मनिर्भर जिल्ला सल्यान हो खै धानको बारेमा तपाईंहरूले बोलेको खै त उत्पादन क्षेत्रमा ध्यान दिएको यस्तो ढङ्गले बजेट ल्याउन सकिन्छ कस्तो बजेट ल्याउँदै हुनुहुन्छ तपाईंहरूले, कस्तो नीति तथा कार्यक्रम पेस गर्दै हुनुहुन्छ तपाईंहरूले त्यसैले मलाई लाग्दैन तपाईंहरूले पनि असार १ गते ल्याउने बजेटमा त्यो खालको सम्बोधन गर्नु होला मलाई लाग्दैन । अर्को कुरा कर्णालीमा भेडा, बाख्रा हुन्छन् हामीलाई थाहा छ । सल्यान जिल्लाको दक्षिणी भेगमा कालिमाटीमा कृषि मन्त्री जानु भएको छ कि छैन मलाई थाहा छैन बाख्रा उत्पादन अत्यन्तै उर्वर भूमि हो सल्यान । तपाईंहरूलाई थाहा छ काठमाडौंमा एक दिनमा खपत हुने मासु भारतको दिल्लीमा एक महिनामा खपत हुन्छ रे तर आज सबै बाख्राहरू सबै खसीहरू इन्डियाबाट ल्याइन्छ नेपालमै उत्पादन गर्ने काम किन गर्नुहुन्न । अनि नारा तपाईंहरूको "सुखारी कर्णालीवासी, समृद्ध कर्णाली" नारा मात्रै भयो नि गफ मात्रै भयो नि विगत सरकारले ल्याएको कुरा के होभन्दा खेरि "सुखारी कर्णालीवासी, समृद्ध कर्णाली" त्यो नारा ठिक छ समर्थन छ धन्यवाद छ तर त्योअनुसार तपाईंहरूको व्यवहार भएको छ कि छैन मलाई लाग्छ त्यो व्यवहारमा भएको छैन । सुधार गर्नुस् अनि ब मात्रै थपेर बबाल खालको बजेट ल्याउने कुरा मलाई लाग्छ यो औचित्यहीन पुष्टिहीन कुरा समर्थन गर्न सकिँदैन । माननीय सभामुखज्यू मैले अब सके शिक्षाको क्षेत्रमा मैले कुरा राखिसके भन्नेपर्ने छ फेरि निवर्तमान कृषि मन्त्री अर्गानिक प्रदेश बनाउनुहुन्थ्यो अहिले खै ओरिजिनल कर्णाली विगतमा भन्नु हुन्थ्यो डिजिटल प्रदेश खै त अहिले डिजिटल प्रदेश विगतमा वन मन्त्री भन्नु हुन्थ्यो हाईटेक नर्सरी कुरा ठूल्ठुला थिए तर खै त कन्टीफेस यो सरकारको, खै निरन्तरता किन बेला बेलामा बदल्नुहुन्छ अहिले ल्याउँदै हुनुहुन्छ जनता सिँचाइ, जनता

तट्बन्धन नाम त बदल्नु भएको छ राम्रो कुरा छ तर निरन्तरता भनेपछि राम्रो कामको सुरूवात हामी पनि समर्थन गर्छौं । तर नाम मात्रै बदलेर केही पनि हुनेवाला छैन । ५३ पृष्ठको लामो लेखेर केही हुनेवाला छैन तर यसलाई सुधार गरेर बजेट आवस् शुभकामना दिन चाहन्छु । हवस् धन्यवाद ! नमस्कार ।

**माननीय सभामुखः-** माननीय श्री दीनबन्धु श्रेष्ठ, यसपछि माननीय श्री देवी वली तयारी अबस्था रहनुहोला,

**माननीय श्री दीनबन्धु श्रेष्ठः-** माननीय सभामुख महोदय, हामी कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिइरहेका छौं । करिब करिब अब यो प्रदेशसभा र सरकारको नीति तथा कार्यक्रम सायद यो अन्तिम नै होला हाम्रो कार्यकालको र यो नीति तथा कार्यक्रममा केही पूराना कार्यक्रमहरूलाई निरन्तरता दिइएको छ कार्यक्रम कर्णाली प्रदेशको आर्थिक विकास र समृद्धिलाई आधार मानी ल्याइएको छ । राम्रो छ जनमुखी छ यसका लागि म नीति तथा कार्यक्रमको स्वागत गर्दछु । साथै माननीय मुख्यमन्त्रीज्यूलगायत मन्त्रीज्यूहरूलाई पनि मेरो दल र मेरोतर्फबाट म धन्यवाद दिन चाहन्छु । माननीय समामुख महोदय, आ.व २०७९ र ०८० को बजेट मा सरकारले अब आउने सरकारलाई मार्ग दर्शन हुनेगरी आवश्यकताका आधारमा बजेट ल्याउन सुझाव दिन चाहन्छु । म विश्वस्त छु सरकारले टुक्रे बजेट र डल्लो बजेट ल्याउने छैन, उत्पादनमुखी र आत्मनिर्भरमुखी बजेट आउने छ । सभामुख महोदय, बजेट लोकप्रियभन्दा पनि यथार्तमा आधारित बजेट आउनेमा विश्वस्त छु । अब आउने बजेट प्रभावकारी कार्यान्वियन परिणाममुखी र आम नागरिकहरूलाई आभास हुने गरी पारदर्शी बजेट हुनेछ भन्ने विश्वास लिएको छु । कर्णाली उज्यालो कार्यक्रमलाई अझ प्रभावकारी बनाउन जरुरी मैले सम्झेको छु । सभामुख महोदय, बाँझो जग्गाहरूलाई हामीले सिँचाइ गर्ने कृषियोग्य बढीभन्दा पनि बढी उत्पादन गर्ने कर्णाली प्रदेश सरकारको जुन नीति थियो त्यसको लागि मैले यो नीति तथा कार्यक्रममा टार सिँचाइ उल्लेख भएको देखिनँ । त्यसलाई निरन्तरता दिनुपर्छ भन्ने म आग्रह गर्न चाहन्छु । त्यस्तै तिलागुफा नदीबाट विद्युत् उत्पादन गर्न सम्भाव्यता अध्ययन र अनुसन्धानको लागि बजेट विनियोजन गरोस भन्न म चाहन्छु । योजनाहरूलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि प्रभावकारी कार्यविधि बनाउन पनि जरुरी छ । त्यस्तै योजनाहरूको अनुगमन गर्नलाई विशेष ध्यान दिने नीति पनि ल्याउन जरुरी छ । नीति तथा कार्यक्रममा आएका केही कार्यक्रमहरूलाई विशेष जोड दिन चाहन्छु । जस्तैः सभामुख महोदय, कर्णाली प्रदेश विकासको मुख्य आधार ६ ब अर्थात बाटो, बिजुली, बजार, वन, व्यवस्थापन, विचार यसमा हामी सबैको सहकार्य र सरकारको मूल उद्देश्यलाई विगतका वर्षका सफल नीति तथा कार्यक्रमलाई निरन्तरता दिएको छ भनिएको छ । त्यस्तै स्वास्थ्य क्षेत्रको प्रणालीगत सुधारलाई निरन्तरता दिँदै स्वास्थ्य सेवालाई सर्वसुलभ सहज पहुँच योग्य, गुणस्तरीय र भरपर्दो बनाइने छ । सार्वजनिक शिक्षामा सबैको पहुँच

सुनिश्चित गरी शैक्षिक गुणस्तर अभिवृद्धि गरिने छ । यस्तै विद्यालय शिक्षादेखि उच्च शिक्षा तहसम्म प्रदान गर्दै आएका छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइने छ । सभामुख महोदय, कर्णाली प्रदेशको परम्परागत कृषि प्रणालीलाई परिवर्तन गरी आधुनिक, व्यावसायिक प्रतिस्पर्धात्मक उच्च मुल्ययुक्त र जलवायुमैत्री बनाई प्राङ्गारिक प्रदेशको रूपमा विकास गर्न आवश्यक नीति तथा संस्थागत व्यवस्था गरिने छ । कृषि प्राविधिकलाई कृषि व्यवसायमा आकर्षित गर्न र कृषकको घर दैलोमा प्राविधि सेवा पु-याउन कृषि प्राविधिक स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिइने छ । सरकारले भनेको छ ।

त्यस्तै अर्को प्राङ्गारिक मल तथा जैविक विषादीमा कृषक पहुँच अभिवृद्धि गर्न मल तथा जैविक विषादी उत्पादन, प्रशोधन ढुवानीमा अनुदान दिइने छ भनेको छ । स्थानीय स्तरमा कृषि जन्य उत्पादन तथा पशुजन्त वस्तु उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणका लागि आवश्यक सिँचाइ कृषि पूर्वाधार तथा उपकरणको व्यवस्था गर्न सहकारी नीति क्षेत्र र कृषकलाई प्रोत्साहन गरिने छ भनेको छ । स्याउ तथा ओखरको प्रवर्धन तथा विकासको लागि बगैंचामा एक स्वामित्व भन्ने मूल नाराका साथ सम्पूर्ण कृषकलाई कलस्टरमा एकीकृत गरी स्याउ तथा ओखर विकास परियोजना कार्यान्वयन गर्न ल्याइने भनेको छ । त्यस्तै कृषि क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यावसायिक कृषकहरूलाई मुख्यमन्त्री कृषक सम्मान कार्यक्रमबाट सम्मानित गर्ने भनेको छ । अर्को छ व्यावसायिक कृषकलाई बैङ्क तथा सहकारीमार्फत दिइँदै आएको कर्जामा सहुलियत पूर्ण व्याज अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ । दुखको प्रशोधन तथा बजारीकरणको लागि निजी तथा सहकारी क्षेत्रसँगको साँझेदारीमा पाउडर दुध उत्पादन उद्योग स्थापना गर्न प्रोत्साहन गरिने छ । कर्णाली प्रदेशको भाषा, कला साहित्यको समोचित रूपमा सम्वर्धन र प्रवर्धन गरिने छ । जुम्लाको सिँजा, दैलेखको दुल्लुलगायतका स्थानमा रहेका मूर्ति कला कृति प्रशस्त सामरिक बस्तु तथ्य, प्रमाण भाषा र लिपिसम्बन्धी दस्तावेजको अध्ययन र अनुसन्धान गरिने छ भनेको छ । प्रदेशमा लघु घरेलु तथा साना उद्योगको विकास तथा प्रवर्धनका लागि एक जिल्लामा एक औद्योगिक ग्राम स्थापना कार्यक्रमलाई सङ्घीय सरकारसँगको समन्वय र सहकार्यको निरन्तरता दिइने छ । कृषि योग्य जमिनमा १२ रै महिना सिँचाइ सुविधा पु-याउन भू-खण्ड अनुकूलित सिँचाइ प्रणाली निर्माण गरी सिञ्चित क्षेत्र विस्तार गर्न कर्णाली जनता सिँचाइ कार्यक्रमलाई सञ्चालन गरिने छ । राष्ट्रिय गौरव र कर्णाली प्रदेशको रणनीतिक महत्त्वको रूपमा रहेका कर्णाली र भेरी करिडोर सडक आयोजनालाई तदारुकताका साथ निर्माण गर्न सङ्घीय सरकारसँगको आवश्यक समन्वयमा गरिने छ । सबै जिल्ला सदरमुकामदेखि नजिकको राजमार्ग वा करिडोरसम्म जोड्ने कम्तीमा एउटा सडकलाई प्रदेश गौरवको सडक आयोजनाको रूपमा कार्यान्वयन गरिने छ । यी सबै स्वागतयोग्य छन् । त्यस्तै कर्णाली प्रदेशको विशिष्ट भू-बनोटलाई मध्यनजर गर्दै जथाभावी सडक निर्माण गर्ने, प्रवृत्तिलाई निरूउत्साहित गर्न

विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा समेत सडक निर्माण गरिने छ । कर्णाली प्रदेशको भौगोलिक विशेषतालाई मध्यनजर गर्दै विपद् व्यवस्थापनका लागि स्थानीय तह सुरक्षा निकाय र संघ संस्थासँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउन नीति र संस्थागत सवलीकरण गरिने छ । प्रदेशभित्रका वर्गीकृत सञ्चार माध्यमलाई प्रदेश लोककल्याणकारी समानुपातिक रूपमा वितरण गरिने छ । श्रमजीवि पत्रकारको स्वास्थ्य सुरक्षा र उत्प्रेरणा र व्यावसायिक दक्षता विकास गर्न पत्रकार कल्याणकोष र स्नातकोत्तर छात्रवृत्ती कार्यक्रमलाई निरन्तरता दिइने छ । प्रदेश निजामती सेवालाई व्यावसायिक गुणस्तरीय र नागरिक केन्द्रित परिणामुखी र समसामयिक बनाउन क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ । अन्तमा प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट कर्णालीवासीको समृद्धि गरिबी निवारण मानव विकास र पूर्वाधार विकास प्रभावकारी सार्वजनिक सेवा प्रवाह सुशासन र उत्पादनमूलक रोजगारीलगायतका आकांक्षा पूरा गर्न सकोस् भन्ने शुभकामना दिन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्य श्री देवी ओली, समय सात मिनेट त्यसपछि माननीय श्री मिनासिंह रखाल तयारी अबस्थामा रहनु होला ।

**माननीय श्री देवी ओलीः-** माननीय सभामुखज्यू कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम साढे १८ पेज ५३ बुँदामा विगत सरकारको दायित्वबोध गर्दै जनताप्रति उत्तरदायी भएर हाम्रो प्रदेशको रोगभोक र अशिक्षालाई प्रमुख अनि साझा चुनौतीको रूपमा चित्रण गर्दै अगाडि बढ्ने प्रयास गरेकोदेखिन्छ । आर्थिक वर्ष २०७५/०७६देखि आर्थिक वर्ष २०७८/०७९सम्म पूरा हुन नसकेका अधुरा योजनाहरू पूरा गर्ने नीति लिनु आफैंमा सकारात्मक पक्ष हो । समाज विकास र रूपान्तरण निश्चित समय अबधिभित्र पूरा गरी सक्नुपर्ने विषय होइनन् यी प्रक्रियाहरू निरन्तर चलिरहने पक्रिया हुन् । माननीय सभामुखज्यू, यो वर्षको नीति तथा कार्यक्रमले सरकार कुनै विचार र भूगोलको हो कि भन्ने विचारबाट एक कदम अगाडि बढेको छ । जनताप्रति उत्तरदायी भएको छ । सरकारको यस प्रकारको प्रयासको लागि म हार्दिक धन्यवाद दिन चाहन्छु । कर्णाली प्रदेशमा रहेका मुक्त हलिया, मुक्त कमैया, राउटे, बादी, माझी, गायन, हरेवा, चरेवा, महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरू यौनिक अल्पसंख्यक एकल महिला, बालविवाह, बहुविवाह, छाउपडी, छुवाछुत सामाजिक अन्धविश्वास जस्ता विषयहरूलाई सम्वोधन गर्ने नीति लिनु सबै प्रकारका भेदभाव अन्त्य गर्न स्थानीय तह, गैरसरकारी संघ, संस्था र स्थानीय समुदायसँग सहकार्य गरी अगाडि बढ्ने नीति लिनु बिहानीले उज्यालोको सङ्केत गर्छ भने जस्तै हो ।

माननीय सभामुखज्यू नेपालको राज्य पुनसंर्चनापछि सङ्घीय प्रणालीको अभ्यासमा प्रदेश सरकार पहिलो हो संस्थापक संरचनाको संस्थागत नेतृत्वको कारणले गर्दा पहिलो प्रभाव नै अन्तिम प्रभाव हुन्छ भन्ने पक्षलाई सरकारले भुल्नु हुँदैन । आज शान्ति सम्झौता भएको करिव १५ वर्ष विति सक्दा पनि द्वन्द्वका घाउहरू पुरिएका छैनन् ।

राज्य व्यवस्था सङ्घीयतामा भए पनि सोच चिन्तन र व्यवहारहरू एकात्मक जस्तैदेखिन्छन् । नेपालको संविधानको धारा १८ ले समानताको हकको व्यवस्था गरे पनि शक्ति, स्रोत र सम्पत्तिमा असमानता यथावत् रहेको छ । यस प्रकृतिको उदाहरण हामीले प्रत्येक आर्थिक वर्षको नीति तथा कार्यक्रमका शब्दहरूमा उल्लेख हुने तर बजेटमा छलफल गर्दा स्थानीय स्वायत्त शासन ऐन, २०७५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ ले अघिकार गरेको सकारात्मक व्यवस्थालाई पछ्याउँदै महिला, दलित, जनजाति, जेष्ठ नागरिक अपाङ्गगता भएका व्यक्तिहरू, बालबालिकाहरूका लागि कानूनी रूपमा निश्चित प्रतिशतको बजेटको व्यवस्था गर्नुपर्छ भन्ने हाम्रो आवाजलाई सुनुवाइ नगर्नु लैङ्गिक उत्तरदायी बजेटको निर्माण नहुनु र निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमका नाममा समानुपातिक प्रदेशसभाका सदस्यहरू माथिको आर्थिक विभेद स्रोत परिचालनमा भिन्नता कायम रहेको छ ।

माननीय सभामुख महोदय, ठूला ठूला हाईड्रोपावर, ठूला ठूला सडक निर्माण गर्नु हामी सबैको लागि आवश्यकताको विषय हो । तर सँगसँगै मानव संशाधनको विकासलाई पनि प्रदेश गौरवको आयोजनाको रूपमा सामाजिक अध्ययन अनुसन्धान गरी सामाजिक रूपमा वञ्चितीकरण परेका समुदायलाई प्राथमिकतामा राखेर जानुपर्ने आजको आवश्यकता हो । हामीसँग यो आवश्यकतालाई सरकारले बोध नगर्ने हो भने हामीसँग गरिबी, बेरोजगारी, दुर्व्यसनी बढ्ने छ । राज्यप्रति नागरिकहरूको वितृस्णा बढ्दै जाने छ । १७ लाख कर्णालीवासी जनताहरूले जुन काम गर्न सक्ने नागरिकको रूपमा रहेका नागरिकहरूलाई अध्ययन गरेर ती नागरिकहरूलाई काम गरी खानसक्ने अबसरको सिर्जना सरकारले गर्नुपर्दछ । आज हाम्रा जनताहरूको बुझाइमा संसद् र सरकार एउटै संस्था हो भन्ने बुझाइ छ संसद् र सरकारको क्षेत्राधिकार फरक छ भन्ने कुराको विस्तृतीकरण बुझाउन र प्रस्ट्याउनका लागि पनि संस्थागत जिम्मेवारी र प्रणालीगत सुधारसहित कार्यान्वयनमा अगाडि जान सरकार सक्नुपर्दछ त्यो हिम्मत गर्न सक्नुपर्दछ । प्रस्तुत भएको नीति तथा कार्यक्रममा छुटेका विषयहरूलाई समेटेर बजेटले सम्वोधन गरी ल्याउन सकोस् । १७ लाख कर्णालीवासी जनतामध्ये काम गर्न सक्ने योग्य नागरिकको पहिचान गरी उत्पादन क्षेत्रमा जोडिने अबसरको सिर्जना गर्न सकोस्, समृद्ध कर्णाली सुखारी कर्णालीवासी भन्ने प्रदेशको महत्त्वाकांक्षी नारालाई पूरा गर्न सकोस । यसलाई सफल पार्नको लागि पनि यो कार्यक्रमले सबै विषयहरूलाई बजेटमा सम्वोधन गरेर ल्याउन सकोस भन्ने शुभकामनासहित आफ्ना भनाइ अन्त्य गर्छु धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री मिनासिंह रखाल, समय सात मिनेट त्यसपछि माननीय श्री कृष्णा शाहा तयारी अबस्थामा रहनुहोला

**माननीय श्री मिनासिंह रखालः-** माननीय सभामुख महोदय, दशौं अधिवेशनको एघारौं बैठकमा आर्थिक वर्ष २०७९/०८० नीति तथा कार्यक्रममाथि छलफलमा भाग लिईरहँदा म केही टिप्पणी र सुझाव दिन चाहन्छु । र यो नीति तथा कार्यक्रम कस्तो छ भने केही

छुटेर केही जुटेर आएको छ । जुटेर ६ ब आएको छ भने हरेक गत वर्ष अथाव हामीले आब २०७६/०७७ र २०७८/०७९ मा गरेका केही कार्यक्रमहरू छुटेर आएका छन् । र म यो नीति तथा कार्यक्रमलाई पूर्ण रूपमा असफल त भन्न सक्दैन तर यो विभेदकारी छ भन्न चाहन्छु । किनकि सबै लिङ्ग, वर्ग, जाति समेटेकोदेखिदैन । नेपालको संविधान २०७२ को भाग तीनमा उल्लेख मौलिक हक र कर्तव्य १८ मा लेखिएको छ समान हक सबै नागरिकलाई कानूनको दृष्टिमा समान हुनेछ भनेको छ । तर यो नीति तथा कार्यक्रममा आदिवासी जनजाति, मदेशी, थारु, मुस्लिमलाई छोएको छैन । उहाँहरूको धर्म संस्कृतिलाई छोएको छैन, उहाँहरूको सिपलाई छोएको छैन, उहाँहरूको संस्कारलाई यहाँ कहीं पनि छोएको देख्दिैन त्यसैले म यो नीति तथा कार्यक्रमलाई विभेदकारी भन्न चाहन्छु । त्यस्तै कुरा हामीले २०७६/०७७, २०७८/०७९ मा ती आएका कार्यक्रमहरूलाई सफल त भएनन् तर नीतिले छोएको थियो तर अहिले पनि नीतिले छोएका कार्यक्रमहरू आफ्नो टिप्पणीमा राख्न चाहन्छु । सुरूमा त कृषिको कुरा गर्नुपर्दा अर्गानिक प्रदेश भनेर जहाँ हामीले घोषणा गऱ्यौं । र मलाई लाग्थ्यो यो नीतिमा अगाडि अर्गानिक प्रदेशमा कुनै पनि नमुना पालिका वा नमुना जिल्ला भनेर आउँछ कि भनेकोमा यहाँ अर्गानिकको नाम नै छैन, हाईटेक नर्सरीको नाम नै छैन र यसलाई छुटाइएको छ । महिला सशक्तीकरण वा आय आर्जनको कुनै पनि कार्यक्रम छैनन् । जहाँ आज आकाश ढाकेका महिलाहरूलाई सीपको आवश्यकता छ । चेतनाको आवश्यकता छ, महिला सशक्तीकरण र आयआर्जनको आवश्यकता छ त्यसमा पनि कुनै ठोस नीतिमादेखिदैन त्यस्तै गरेर हाम्रै दैलेख जिल्लाका कुरा गर्ने हो भने पहिला २०७५/०७६ को नीतिमा पनि ल्याइएको र बजेटमा पनि ल्याइएको दैलेखको पञ्चकोशी ताल र त्यसलाई सुरूमा ५० हजारबाट छुट्याइएको थियो र बर्षै पिच्छे त्यो पञ्चकोशीताललाई ३५ लाख, २० लाख छुट्याउँदै गएर ३ करोड पनि छुट्याइएको तर त्यहाँ डिपिआर तथा ईआईए नगरेको कारणले सुरूवात भएको तर काम हुन सकेको थिएन अहिले डिपिआर ईआइए भइसकेको छ तर यो पञ्चकोशी ताललाई यहाँ छोइएको छैन । अहिलेको नीति आउँदै गर्दा यो कुरा छुटाइएको छ । त्यस्तै गरेर कृषिको कुरा गरिरहँदा कृषिमा अहिले जुन कार्यक्रम नयाँ आएको छ । स्वामित्व बगैंचा एक स्वमित्व अनेक यसमा पनि मैले विभेद देखेको छु । यसमा कसरी विभेददेखियो भने यहाँ हिमाली क्षेत्रमा हुने ओखर र स्याउको कुरा गरिएको छ तर हामी तीन तहमा बस्छौं पहाड र भित्री मधेशमा बस्छौं तीन ओटा अञ्चलबाट बनेको यो प्रदेशमा मध्य भागमा बस्दै गर्दा हामीसँग सुन्तला हुन्छ, कागती हुन्छ, भोकटे हुन्छ, अमिलो हुन्छ र यो सुर्खेतको तराईतिर हेर्दा लिच्ची र यसलाई पनि समेट्ने गरेर विभेद नगरेर यी सबै कुराहरूको लागि पनि बजेटमा आउनुपर्छ यसलाई हिमाली क्षेत्र भनेर मात्रै छुट्याइनु हुँदैन भनेर भन्ने मेरो सुझाव हो । र त्यस्तै गरी हामीले विगतमा २०७६/०७७ मा मलाई अझै पनि याद छ सुरूङमार्गहरू बनाउने र त्यसको डिपिआर हुनेछ र सङ्घीय सरकारलाई अनुरोध गरिने छ भनेर

सुरूङमार्गको कुरा आउँदाखेरि सुर्खेत कपासेदेखि लगेर दैलेख डुङ्गेश्वरको सुरूङमार्ग भनेर भनियो र अहिले संघले पनि त्यसलाई सम्वोधन नगरेको र प्रदेशले त नाम उच्चारण गर्नै बिर्सिजाने त्यस्तो किसिमको यो सुरूङ मार्गको कुनै पनि केहीदेखिदैन यसको डिपिआर मात्रै भइदिएको भए संघले सम्वोधन गर्ने, आउने सरकारले पनि त्यसलाई सम्वोधन गर्ने थियो होला । तर सुरूङ मार्गको नाम लिने काम नहुने त्यसले गर्दाखेरि पनि अहिलेको यो बजेटले नछोएको अथवा विभेद गरेको अथवा छुटाउन गएको म भन्न चाहन्छु । अर्को कुरा हामीले बालविवाहका कुराहरू यहाँ ल्याएर आइराखेका छौं । नाम मात्र आउने हो कि काम पनि हुने हो त्यो त बजेटले पनि देखाउँछ । अहिले अधिकांश कर्णाली प्रदेशमा सबै प्रदेशभन्दा कर्णाली प्रदेश दोस्रो छ बालविवाहमा भन्ने कुराहरू आइरहेको छ । र त्यस्तै गरी रुकुममा ७१ प्रतिशत, दैलेखमा ७० प्रतिशत बालविवाह हुने गरिरहेको छ । यो बालविवाहलाई कसरी न्यूनीकरण गर्न सकिन्छ, जति पनि बालविवाह भएका छन् उजुरीहरू हेरेका छौं प्रशासनमा गएर हामीले आफैंले मिलाएर ल्याएको अबस्था पनि छ तर यो बालविवाहलाई निरुत्साहित होइन न्यूनीकरण गर्नको लागि यसमा खास बजेट आउनुपर्छ भन्ने म राख्न चाहन्छु । र हामीले गरेका क्रियाकलापहरू गरिरहँदा हरेक आवाजहरू उठाइरहँदाखेरि आवाज उठाउने तर कार्यान्वयन गर्न नसक्ने, त्यस्ता कार्यान्वयन गर्न नसक्नेलाई हामीले लेख्दा पनि नलेखौं र हामीले त्यसलाई सम्वोधन पनि नगरौं । जसलाई हामीले कार्यान्वयन गर्न सक्छौं त्यसलाई मात्रै सम्वोधन गरौं भनेर म भन्न चाहन्छु । जस्तै ६ ब थपेर जो ल्याएर आउनु भएको छ । हरेकले टिप्पणी त गरी राख्नु भएको छ । टिप्पणीको नाममा मैले पनि टिप्पणी गर्नुपर्छ भन्ने त होइन ६ ब थपेर पछि विश्वास नै नहुने पो हुन्छ कि भन्ने मलाई लाग्छ । हवस् धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री कृष्णा शाह, आचार्य, समय सात मिनेट, त्यसपछि माननीय श्री दानसिंह परियार तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री कृष्णा शाह (आचार्य):** सभामुख महोदय, नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिनुभन्दा पहिले जाजरकोटमा एउटा दुखद घटना घटेको छ । जुनेचाँदे गाउँपालिकामा जीप दुर्घटना भएको छ । त्यो दुर्घटनामा मृत्यु हुनेप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु।

सभामुख महोदय, कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७९/०८० को ५३ बुँदे नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ यो नीति तथा कार्यक्रम हामीलाई थाहा छ हाम्रो कार्यकालको अन्तिम दस्तावेज पनि हो । जसको आज दोस्रो दिनको छलफलमा हामी छौं हामीले यो गरिमामय हलमा छलफल गरिरहँदा आम कर्णालीवासीहरूले उच्च चासोका साथ हेरिराख्नु भएको छ नीति तथा कार्यक्रममा दुई ओटा कार्यक्रमले पत्रपत्रिकादेखि आम जनसमुदायमा चर्चा कमाएको छ मेकिङ कर्णाली र ६ ब ।

सभामुख महोदय, नीति तथा कार्यक्रम हेर्दा धेरैजसो भाग पूरानै नीति तथा कार्यक्रमको भागलाई निरन्तरता दिएकोदेखिन्छ । केही नयाँ पनि आएका छन् भने केही छुट्न पनि पुगेका छन् । जसमा मुख्यमन्त्री जीविकोपार्जन, मुख्यमन्त्री दलित आयआर्जन, छोरी खाता,लगायतका धेरै कार्यक्रमले निरन्तरता पाएका छन् र त्यसैगरी मेकिङ कर्णाली गरिखाने कार्यक्रम, महिला कृषि वन कार्यक्रम नयाँ ढङ्गले समेटिएका छन् र त्यसैगरी छुट्नै नहुने विगतको नीति तथा कार्यक्रममा प्राथमिकताको विषय बनेका कालिकोटको केवलकार आयोजना, पर्वतीय विश्वविद्यालय, पर्यटन क्षेत्रको प्रवर्धन रारा पर्यटनलगायतका केही महत्त्वपूर्ण विषयहरू छुटेका छन् । समाभुख महोदय, समग्रमा नीति तथा कार्यक्रम सरकारले २०७९ को प्रि बजेटमा टेकेर ल्याएको छ र सरकारले आफ्नो दायित्व पूरा गर्ने हिसाबले, जनताको उत्तरदायित्व पूरा गर्ने हिसाबले नीति तथा कार्यक्रम ल्याएको छ र जिम्मेवार भएर प्रस्तुत भएको छ यो सकारात्मक पक्ष हो । नीति तथा कार्यक्रममा मलाई लागेका जिज्ञासा र सुझावहरू म केही राख्न चाहन्छु । सभामुख महोदय, के कर्णाली सधै सङ्घीय सरकारको अनुदानमा बाँच्न सक्छ, चल्न सक्छ यो हाम्रो चुनौतीको विषय बनेको छ । आजसम्मका हाम्रा नीति तथा कार्यक्रममा कर्णाली प्रदेशको आफ्नै स्रोत के हुन सक्छ त्यो स्रोत सिर्जना गर्ने आधारहरू के हुन भन्ने विषयमा आजसम्मका नीति तथा कार्यक्रमहरूले बोल्न सकेनन् । त्यो विषयमा सरकारले आफ्ना नीति तथा कार्यक्रम बनाउनु पर्थ्यो । अर्को कुरा सिङ्गो मुलुकदेखि कर्णाली प्रदेशको जर्जर समस्या मुख्य चुनौतीको विषय बनेको उत्पादन र रोजगारी सिर्जना गर्ने विषय हो, जुन अहिले उत्पादनको क्षेत्रलाई हेर्दाखेरि कृषिप्रधान देश भने पनि पूरै आयातमुखी भएर बाँच्नुपर्ने स्थिति छ भने अर्को तर हामीले रोजगारी सिर्जना गर्न नसक्दा खेरि हाम्रा युवा शक्तिहरू, हाम्रो श्रम शक्ति बाहिरिएको छ त्यसलाई हामीले कसरी हल गर्ने त्यो समस्या कसरी हल गर्ने भन्ने विषयमा नीति तथा कार्यक्रममा स्पष्ट आएको छैन । उत्पादनको क्षेत्रमा हामी पूरै आयातलाई रोक्न नसकौंला तर कम गर्ने, आत्मनिर्भर हुने विषयमा हामीले ठोस नीति कार्यक्रम बनाउनुपर्थ्यो त्यो आएको मैले देख्दैन । र त्यसैगरी कर्णालीमा संख्याको हिसाबले धेरै जनसंख्या ओगटेको महिला जो सबैभन्दा गरिब समुदायभित्र पर्छ त्यो आज यो नीति तथा कार्यक्रममा समेटिन सकेको छैन । दलित आय आर्जन कार्यक्रमले निरन्तरता पाउनु आफैंमा स्वागतयोग्य निर्णय छ तर महिला समुदाय यो समाजको आधा हिस्सा छुटेको छ । जबसम्म कर्णालीमा हामीले दलित र महिलाहरूलाई धनी बनाऔंदैनौं उनीहरूको जीवनमा परिवर्तन ल्याउँदैनौं उनीहरूको जीवन बदल्न सक्दैनौं तबसम्म कर्णाली समृद्ध जतिसुकै नारा लगाए पनि हुन सक्दैन । यसमा सरकारको म ध्यानाकर्षण गराउन चाहन्छु । प्रदेशमा बहुवर्षीय आयोजनाहरू बने ती रोड सडकका मात्रै बने हामीले चिल्ला सडक बनाउने दर्जनौं योजनाहरू बनायौं त्यो स्वागतयोग्य कुरा हो । कर्णालीको भूर् बहुवर्षीय आयोजनाहरू के हामीले निर्माण गर्न सक्दैनथ्यौं, सुरूवात गर्न सक्दैनथ्यौं हामी गर्न सक्थ्यौं यसैसँग जोडेर हामीले पर्वतीय विश्वविद्यालयलाई हामीले

अगाडि बढाउन सक्छौं त्यसैगरी हामीले केवलकार आयोजनालाई अगाडि बढाउन सक्छौं त्यसैगरी हामीले रारा पर्यटनलगायतका पर्यटकीय क्षेत्रहरूमा हामीले त्यस्त बहुवर्षीय आयोजनाहरू हामी अगाडि बढाउन सक्थ्यौं तर त्यो नीति तथा कार्यक्रममा ठोस रूपमा आएन् र आउनुपर्छ भन्ने मेरो मान्यता हो । शिक्षामा हामीले अहिले पञ्चायत कालीन शिक्षामा यथावत छौं, पञ्चायतकालीन शिक्षा प्रणालीबाट हामी अगाडि बढिरहेका छौं जसले गर्दा आज हाम्रा युवा भाइबहिनीहरू बेरोजगार बनिराख्नु भएको छ र हामीले रोजगारी सिर्जना गर्नका लागि रोजगार मुलक शिक्षा कसरी बनाउने, हामीले अहिले सङ्घीय प्रणालीअनुसारको शिक्षा कसरी दिने त्यो नीति के हो भन्ने हाम्रो नीति तथा कार्यक्रममा स्पष्ट रूपमा आएको छैन । यो कुरामा पनि म सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु । त्यसैगरी हाम्रो पर्वतीय विश्वविद्यालय किन छुट्यो किन यो आवश्यक थिएन ? थिएन भने किन विधेयक बनाइयो सरकारले किन विधेयक बनाएर अगाडि बढायो । अहिले समितिमा थन्किराखेको छ । हामी त्यो विधेयकमाथि छलफल गर्न पनि किन संङ्कीर्ण बनिराखेका छौं यो प्रश्न पनि म यहाँ गर्न चाहन्छु । हामी एकदमै साँघुरो घेराबाट एकदमै संङ्कीर्ण बनिराखेका छौं हाम्रा आयस्रोतका आयोजनाहरू के हुन ती आयोजनाहरू हामीले सिर्जना गर्न सकेनौं भने बाह्य र आन्तरिक पुँजी कसरी भित्राउन सक्छौं । हामीले आँट गरौं यो युग भनेको राइट दाजुभाइको युग होइन जहाँ कि नयाँ काम गर्दा खेरि हामी डराउनुपर्ने स्थिति हामी भाग्नुपर्ने स्थिति होइन । हामी साहस गरौं कर्णालीमा पनि महामानव रहेछन् भन्ने कुरा कर्णालीबाट देखाऔं र नमुना काम गरेर देखाऔं र त्यो कुरामा मैले मुख्यमन्त्रीज्यूलाई ध्यानाकर्षण गराउन चाहन्छु । त्यसैले हामीले पर्यटन क्षेत्रमा जोड दिऔं, हामीले हाम्रो आयस्रोतलाई अगाडि बढाऔं र अन्तमा मैले के भन्न चाहन्छु भने नीति तथा कार्यक्रममा नसमेटिएका विषयहरू बजेटमा समेटिने छन् बजेटमा आउने छन् आशा गरौं निश्चय पनि हामीले आशा गरेजस्तै विश्वास गरे जस्तै बजेट आउने छ । भन्दै शुभकामना व्यक्त गर्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री दानसिंह परियार, समय सात मिनेट त्यसपछि माननीय श्री राजु नेपाली तयारी अबस्थामा रहनुहोला

**माननीय श्री दानसिंह परियारः-** सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रममा आफ्नो धारणा राख्नको लागि म उपस्थित छु। वार्षिक कार्यक्रममाथि छलफल गरिरहँदा कर्णालीका १७ लाख जनताले नजिकबाट हेरिरहेका छन् । आज कर्णाली प्रदेश सरकारले कस्तो किसिमको नीति तथा कार्यक्रम तय गरीराखेको छ । हेरिराखेका छन् नजिकबाट बुझ्न खोजिरहेका छन् । त्यसो भएकाले यहाँ मैले भन्छु मैले हेरे यो नीति तथा कार्यक्रम यसलाई विश्लेषण गरें र मैले यसमा के देखे भने पूरानै एउटा सत्ताको निरन्तरता अथवा पूरानै जुन सत्ताको दुरूपयोगको दस्तावेज जस्तो लाग्यो । मेले हेरे सुरूदेखि अन्तिमसम्म यसमा आशाभन्दा पनि निराशा धेरै छ । जतिको अपेक्षा थियो त्यो यहाँ छैन किनभने हामी यहाँ अन्तिम

चरणमा छौं । संसद्को अन्तिम चरणमा छौं । कर्णालीवासीलाई एक किसिमको नयाँ आशा जगाउनुपर्नेमा अन्तिम अन्तिम चरणमा जाँदा जसरी हिजो सत्ता र शक्तिको दुरूपयोग भएको थियो त्यहीं बाटोबाट सरकार बाहिर जान नसक्ने त्यस्तो अबस्थाबाट हिँडिराखेको छ । मैले हेरक वर्षको नीति तथा कार्यक्रममा मैले पाँच ओटा कुरा भनेको थिएँ । सभामुख महोदय, त्यो पाँच ओटा कुरा म फेरि एक पटक सम्झिन चाहन्छु । साँच्चि नै कर्णालीको समृद्धि र परिवर्तन गर्ने हो भने यो पाँट ओटा कुरालाई सरकारको नीति तथा कार्यक्रममा सम्वोधन गर्नुपर्छ भनेको थिए मैले । पहिलो कुरा साँच्चिकै कर्णाली समृद्धि बनाउने हो भने साँच्चिकै कर्णालीका प्रत्येक घरलाई आत्मनिर्भर बनाउने हो भने कर्णालीको पहिलो सम्भावना विद्युत् छ । त्यसमा ५० प्रतिशत जनताको लगानी र ५० प्रतिशत जनताको लगानी यति त्योबाट पनि भएन भने दाता सम्मेलन आयोजना गरेर पनि किन नहोस् कर्णालीका हरेक घरलाई आत्मनिर्भर हाइड्रोबाट गर्न सकिन्छ पहिलो कुरा मैले त्यो भनेको थिएँ । दोस्रो कुरा मैले भनेको थिएँ यदि हामीले साँच्चिकै कर्णालीका युवाहरूलाई रोजगारी दिने हो र यहाँको उत्पादनलाई विशेष महत्त्व दिने हो भने एक गाउँपालिका एक उद्योग हामीले स्थापना गरौं त्यसमा ५० प्रतिशत जनताको सेयर र ५० प्रतिशत राज्यको सेयरबाट एक गाउँपालिका एक उद्योग खोलौं हजारौं कर्णालीवासीलाई उत्पादनसँग जोड्न सकिन्छ दोस्रो कुरा त्यो भनेको थिएँ मैले । तेस्रो कुरा मैले भनेको थिएँ साँच्चिकै कर्णालीमा एउटा शैक्षिक जनशक्ति निर्माण गर्ने हो भने कर्णालीको लागि आवश्यक जनशक्ति निर्माण गर्ने हो कर्णालीलाई चाहिने डाक्टर, पाइलट, जडीबुटी विज्ञहरू, पर्यटन विज्ञहरू, हाईड्रोविज्ञहरू कर्णाली प्रदेश सरकारकोतर्फबाट प्राविधिक शिक्षामा विशेष अनुदान गरौं र त्यसमा कर्णालीका युवाहरूलाई विशेष शिक्षाको व्यवस्था गरौं मैले तेस्रो कुरा त्यो भनेको थिएँ मैले । चौंथो कुरा मैले के भनेको थिएँ भने साँच्चिकै कर्णालीमा कृषिक्रान्ति गर्ने हो भने अथवा कर्णालीका आम मानिसहरूलाई आत्मनिर्भर बनाउने हो भने साँच्चिकै काम गरिखाने कृषकहरूलाई उत्पादन र ढुवानीमा अनुदान दिऔं र त्यसको विशेष प्याकेज तयार गरौं र तब मात्रै कर्णाली आत्मनिर्भर हुन्छ मैले त्यो भनेको थिएँ । पाँचौं कुरा मैले के भनेको थिएँ भने यदि साँच्चिकै कर्णालीमा पर्यटनको पूर्वाधार विकास गर्ने हो भने विश्वको गन्तव्य कर्णाली कर्णालीको गन्तव्य रारा बनाऔं र विश्वका मानिसहरूलाई कर्णालीबाट हुँदै रारामा लिऔं र नेपालको अर्थतन्त्र मात्रै हैन समग्र कर्णालीका आम जनताको अर्थतन्त्र माथि ल्याउनको निमित्त यसले विशेष ध्यान दिनेछ भनेर मैले भनेको थिएँ यो पाँच कुरा त सम्वोधन भएन भएन यसले कुनै औचित्य प्राप्ति त गरेर गरेन मलाई लाग्छ हिजो यहाँ के अभ्यास गरिएको थियो । जनतासडक कार्यक्रम त्यो अहिले काँ छ, डिजिटल प्रदेशको कुरा गरिएको थियो त्यो अहिले काँ छ, हाईटेकका केही नाटकीय अभिव्यक्तिहरू थिए त्यो अहिले काँ छ, हाम्मा कुडा हाम्म मुख्यमन्त्री थिए ती कहाँ छन् अहिले, हामीले केबलकारको परिकल्पना गरेका थियौं त्यो काँ छ अहिले ? हामीले सुरूङमार्ग भनेका थियौं साँच्चिकै त्यो हामीले गर्न

सक्छौं कि सक्दैनौं, यो आम रूपमा प्रश्न उठीराखेको छ तपाईंहरूलाई किनकि हामीले पाँच वर्षको कार्यकालमा प्रदेश सरकारकोतर्फबाट पाँच ओटा मात्रै आत्म गौरव गर्ने किसिमका काम गर्न सकेका छैनौं र हामी भोलि जनताकहाँ फर्केर जाँदा म सांसद हुँदा मेरो कार्यकालमा यो काम भने भनेर जनतालाई उत्तर दिने हामीसँग कुनै उत्तर छैन । अहिले पनि कुरा उठ्यो कालापहाडमा युवाहरू पसिनासँग रगत साटिराखेका छन् अहिले पनि १० हजार १५ हजारको निमित्त खाडीमा कर्णालीका हजारौं युवाहरू काम गरिराखेका छन् । हामीसँग एक जना मानिसलाई रोजगारी दिने योजना थिएन हामीसँग त्यो कुनै प्लान भएन अहिले पनि कर्णालीका हजारौं मानिसहरू भूमिहीन छन् तीनलाई भूमि दिनुपर्छ भनेर हामीसँग कुनै पलान बनेन, अहिले पनि बाढी पीडितहरू कयौं पालमुनि छन् तिनीहरूलाई पुनस्थापित गर्नुपर्छ भनेर काहीं पनि विपद् व्यवस्थापन भएन र मलाई लाग्छ आज हाम्रो जुन अपेक्षा थियो, हामी हिजो सत्तामा पनि थियौं, हामी नेकपामा पनि थियौं, जनताको अपेक्षा थियो कर्णालीमा केही हुन्छ नयाँ व्यवस्थामा जाँदा आम निमुखा, आम गरिबले राज्यसत्ताबाट अब केही प्राप्ति गर्छन भन्ने थियो त्यो आशा पछिल्लो समय निराशामा परिणत भइराखेको छ । अहिले मैले देखें हरेक मन्त्रालयमा बिचौलिया छन्, हरेक मन्त्रालयमा दलालहरू योजना टिपाइराखेका छन् हामीले बजेट बनाऔंदा नीति बनाऔंदा कार्यक्रम बनाऔंदा कुन कुरालाई सूचक बनाएर कर्णालीको परिवर्तन हुन्छ ठोस कार्यक्रम तय गर्ने हामीसँग कुनै पलान छैन । राज्यको बजेट कुन क्षेत्रमा लगानी गर्ने, कुन क्षेत्रमा साँच्चिकै बजेट लगानी गर्दा कर्णालीको समृद्धिको गन्तव्य काँ हो भन्ने हामीसँग कुनै प्लान छैन हामीले अलिअलि कृषि गरे जस्तो, अलिअलि पर्यटन गर्न खोजे जस्तो, अलिअलि हाइड्रो गर्न खोजे जस्तो अलिअलि केही पूर्वाधारका काम गर्न खोजे जस्तो साँच्चिकै कर्णालीको परिवर्तन कहाँबाट सम्भव हुन्छ भन्ने हामीसँग ठोस रणनीति भएन त्यसले गर्दा हाम्रो लगानीको प्रतिफल देखिएन । हामीले सोचेको हामीले परिकल्पना गरेको अथवा हामीले खोजेको समृद्धि र परिवर्तनको एजेण्डा हामीले संस्थागत गर्न सकेनौं त्यसो भएको कारणले सभामुख महोदय, म अन्तिममा भन्न चाहन्छु सरकारको नीति तथा कार्यक्रममा मात्रै यो कुरा छुँदै छ तर बजेट बन्दैछ मैले सुरूबाट उठाउँदै आएको थिए कि प्रदेश गौरवका आयोजनाबाहेक अन्य बजेटमा हिजोदेखि असन्तुलन भएका कारणले गर्दा अहिले पनि जिल्लामा धेरै बहुवर्षीय आयोजनाहरू छन् हुनुपर्छ कुनै जिल्लामा एउटा पनि बहुवर्षीय योजना छैन । मेरो आफ्नै निर्वाचन क्षेत्रमा बहुवर्षीय सडक छैन । रारामा गत वर्ष केही बजेट छुटयाइएको थियो यो वर्ष केही बजेट पनि छैन केही क्रमागत हुने कुरा पनि सुनेको छु कति मन्त्रालयमा म आफैं पनि गएँ तर जति अपेक्षा थियो त्यो भइराखेको छैन । त्यसो भएकाले अन्तिममा म के भन्छु भने जसरी हामी नीति तथा कार्यक्रम तय गरेका छौं साँच्चिकै कर्णालीको गरिबी अन्त्य गर्ने हो भने साँच्चिकै बेरोजगारी अन्त्य गर्ने हो भने अथवा उत्पादन क्षेत्रमा आम जनतालाई जोड्ने हो भने असार १ गते आउने बजेट न्यायचित होस् सबै जिल्ला सबै निर्वाचन क्षेत्रमा सही ढङ्गले

बजेट पुगोस् आगामी दिनमा कर्णालीमा एउटा सरकार छ है भन्ने कर्णालीका जनताले आभास गरुन् त्यो बजेटले निर्देश गर्ने छ भन्ने राख्दै मेरो भनाइ अन्त्य गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री राजु नेपाली, समय सात मिनेट, त्यसपछि माननीय श्री सुशील कुमार थापा तयारी अवस्थामा रहनुहोला

**माननीय श्री राजु नेपालीः-** सभामुख महोदय, २०७९/०८० को नीति तथा कार्यक्रममाथिको छलफलमा आफ्ना केही कुरा राख्न गइरहेको छु । यहाँ थुप्रै माननीयज्यूहरूले कुरा उठाइराख्नु भएको छ । यो फोटोकपी नै आएको छ । गर्छु भन्दै खुट्टा कमाउँदै गरेको जस्तो पनिदेखिन्छ, काम गर्न आएको हो समृद्ध कर्णाली बनाउँछु, सुखारी कर्णालीवासी बनाउछु भन्ने तर खुट्टा भने कमाउने यो तरिकाले यहाँका कर्णालीवासीले के आशा र अपेक्षा गर्ने अन्तिम बजेट आउने क्रममा हामी छलफल गरिरहेका छौं । यहाँको बजेट ल्याइरहँदा सुरूदेखि उठाइहेको कुरा बजेट छुट्याउँदा सानातिना झिना मसिना कुरामा अल्झिएर कुनै ठूलो ठूलो योजनाहरू सुरूमै देखिने योजनाहरू उद्योग जहाँ जे को सम्भावना छ उद्योगहरू, कारखानाहरू यस्ता सुरूदेखि नै हामीले गर्दै आएको भए अब हामी फर्किने बेलामा फलानो ठाउँमा कपडा उद्योग छ, फलानो ठाउँमा एउटा कारखाना छ, फलनो कर्णालीका जडीबुटीको उद्योग छ भन्ने जस्ता कुराहरू हामीले देखाउन जनतालाई पाउने थियौं होला तर त्यो यहाँ कहीं पनि देखिएन् । कर्णालीभरिकै एउटा ब्रान्ड बनाउछौं भनेर हामीले केही छाला सावरको उद्योग गरौं की कर्णालीमा नयाँ पनि हुन्छ यहाँ प्रशस्त मात्रामा हुन्छ पूरानोदेखि कहलिएको ठाउँ हो यो साबर जुत्ता हुने भन्ने कुरा हामीले पटक पटक उठाएका थियौं कर्णाली प्रदेशभरकै त हुन सकेन त्यो जिल्लालाई पनि सायद छोएन अब जहाँ सम्भावना छ जे को सम्भावना छ त्यसका लागि हामीले जिल्ला स्तरीय भए पनि साना भए पनि उद्योगहरू खोल्नुपर्छ केही नभए पनि हाम्रो २ सय ढाई सय जनाले रोजीरोटी गर्नुपर्छ त्यतातिर हाम्रो ध्यान जानुपर्छ अब प्रदेशभरको सपना देख्न छोडिहालौं अन्तिममा छौं । जिल्ला स्तरीय संरचना बनाईदियौं भने भोलिका पिढीले त्यो लागु गर्ने छन् यहाँ सम्भावना जे छ भनिराखेको छु मैले वनतिर जाँदा यो वनहरूमा कतिपय ठाउँमा वन जंगल पर्याप्त मात्रामा छन् ठूला ठूला रुखहरू छन् यता तराईतिर कतिपय यस्ता ठूला ठूला चौरहरू खालि छन् खालि छन् त्यो खालिमा हामीले एउटा केरा ल्याउनुपर्ने भारतबाट ल्याएर खानुपर्ने । कतै बाहिरैबाट ल्याएको केरा भित्रिएको छ कर्णालीमा तर त्यो खालि जग्गामा एउटा केरा मात्रै लगाउने ठाउँ केरालाई त जमिनै चाँहिदैन त वनमा भएपछि फल्छ त्यस्ता खालि वनहरूमा त्यहाँ समितिहरू छन् । त्यो समितिहरूमार्फत पनि लगानी लगाएर प्रशस्त मात्रामा केरा उत्पादन गरेको भए त्यो योजना आएको भए अहिले प्रदेशभर त्यो केरा पुऱ्याउन सक्ने थियौं । तर त्यो हुन सकेन् । सायद त्यसमा त्यति लगानी लाग्दैन होला आ-आफ्ना सामुदायिक वन छन् तपाईंहरूको वनमा केरा लगाउनुस् त्यस्तो खालको चेतनामूलक सन्देशहरू हामीले उहाँहरूलाई दियौं भने उहाँहरूको चेतना आयो भने त्यो

काम पनि बन्छ त्यतातिर पनि ध्यान दिन जरुरी छ । यहाँ लेख्नै छुटेको रहेछ सबै लेखिएको छ पूर्ववक्ता माननीयज्यूले पनि कुरा उठाइसक्नु भएको छ जनजाति मुस्लिम ती जाति हामीकहाँ पनि थुप्रै छन् उनीहरूलाई पनि लेखिनुपर्छ यो नीतिमा उनीहरूले पनि हाम्रा किताबहरू कहीँ कतै हेरे भने मुस्लिम नै ठूलो समुदाय छुटेको रहेछ भन्ने पनि हुन सक्छ त्यतातिर पनि ध्यान जान जरुरी छ । हामी एक पटक ल्याएको कार्यक्रम अर्को पटक त्यस्ता देखिने खालका फेरि ल्याउन नसकिने फेरि बोल्न पनि नसकिने, हामीले कर्णालीलाई सुरूदेखि नै कर्णाली प्रदेश अस्पताललाई मेडिकल कलेज बनाएर चलाउनुपर्छ भनेर हामीले राखेका होइनौं र यो कहाँबाट तोडमोड भएर एकातिर मोडिन्छ यस्ता कुरामा हेक्का राख्नुपर्ने हुन्छ सभामुख महोदय, मलाई आज एउटा सम्झना आयो भने म यहाँ राख्न चाहन्छु ।

धेरै जना गोठालाहरू जाँदा रहेछन् गाई, भैंसी, बाख्रा चराउन एउटा असाध्यै छट्टु रहेछ त्यो छट्टु गोठालोले के गर्दो रहेछ भने जम्मै गोठालाहरू जम्मा गर्ने गाईगोरु खर्कतिर चर्न लगाइदिने उसले गफ लगाएर ती सबै गोठालाहरूलाई भुल्याउने, उनीहरू पनि बोल्ने, हाँस्ने त्यहीँ रमाउने रहेछन् अनि साँझ हुँदो रहेछ अलिअलि इमानदारचाहिँ आफ्ना गाईगोरु खोज्न जाँदा रहेछन् गाईगोरु खोजेर ल्याएर आउने रहेछन् छट्टु चाहिँ तिनका आए हाम्रा पनि आइगए भनेर फर्केर हिँड्ने रहेछसँगसँगै तर जाँदै गर्दा गोठमा जाँदा त सबै आ-आफ्नो गोठमा जाँदा उसका त केही पनि छैनन् त भने पछि यस्ता कुराहरूलाई पनि ध्यान दिनुपर्ने छ । र यहाँ ६ ब को कुरा आएको छ सबैले थपिरहँदा मलाई पनि एउटा थप्नै मन लाग्यो किनभने यो एउटै मात्र हैन होला सबैको लागि होला एउटा गीत छ कलाकारले भनेको "बदनाम भए म तिम्रै कारणले यो एउटा बदनाम हुने कुरा त्यो ब पनि त्यसमा थपिँदा राम्रै हुन्छ तर त्यस्ता काममा हामी जानि जानी कहीँकतै जनताको नजरमा कसैको नजरमा बदनाम नभएर राम्रो तरिकाले सहज तरिकाले जाने वातावरण बनाओस् भन्ने कुरा राख्दै मैले आफ्ना कुरा यही राख्दछु हवस् धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री सुशील कुमार थापा, समय सात मिनेट, त्यसपछि माननीय श्री झोवा वि.क तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री सुशील कुमार थापाः-** सम्माननीय सभामुख महोदय, आज सम्भवत हामी हाम्रो कार्यकालको अन्तिम नीति तथा कार्यक्रममा उपस्थित भइरहेका छौं । २०७९/०८०को यो नीति तथा कार्यक्रममा छलफलको लागि म छलफलमा सहभागी भइरहेको छु । सम्माननीय सभामुख महोदय, हामीले विगत धेरै पटक नीति तथा कार्यक्रममा हामी छलफलमा सहभागी भयौं यति बेला पनि हामी यो कार्यक्रममा सहभागी भइरहेका छौं । मलाई लाग्छ यो नीति तथा कार्यक्रम यसो हेर्दा सरर पढें मैले म सानो बच्चा हुँदा सुत्दा खेरि मेरो बाजेले कथा सुनाउनु हुन्थ्यो गाउँखाने कथा सुन्दा खेरि बडो रमाइलो लाग्ने डर लाग्ने खुसी पनि लाग्ने तर बिहान उठ्दा परिणाम ननिस्कने त्यो गाउँखाने कथाको कुनै अर्थ हुँदैन त्यस्तै यो नीति तथा कार्यक्रम पनि हेर्दा यो अन्तिम वर्ष, चुनावी वर्ष

यसको अत्यन्तै महत्त्वपूर्ण नीति तथा कार्यक्रम हुनुपथ्र्यो तर हेर्दा यो मेरो बाजेले गाउँखाने कथा भने जस्तै यो नीति कार्यक्रम त्यहीँ ढङ्गले आय जस्तो मलाई लाग्छ । त्यस कारणले म एउटा के खुसी थिए भने सरकारमा नेतृत्व गर्ने व्यक्ति सबैभन्दा पहिला प्रतिपक्षको भूमिका निर्वाह गरेर सरकारको नेतृत्व गर्‍यो भने त्यो नेतृत्व बढो म्याचुएड हुन्छ त्यसले जनमुखी कामहरू अगाडि बढाऔंछ र त्यो सरकार जनताप्रति उत्तरदायी हुन्छ भन्ने मैले महसुस गरेको थिए हाम्रो कर्णाली प्रदेश सरकारको नेतृत्व झण्डै तीन वर्ष बढी प्रतिपक्षको भूमिका निभाएर यहाँ आउनु भएको छ हामीले थुप्रै आशा भरोसा गरेका थियौं किनकि उहाँ प्रतिपक्ष हुँदा कर्णालीका सोह्र लाख जनतालाई साक्षी राखेर यो सम्मानित सदनबाट थुप्रै कुराहरू राख्नु भएको थियो आज यो नीति तथा कार्यक्रम उहाँकै हातबाट लेखिएर यो सदनमा आउँदा गाउँखान कथाभन्दा भिन्न नभएपछि अब सोह्र लाख जनताले कसरी विश्वास गर्ने, त्यस कारण म सभामुखमार्फत यो सम्मानित सदन र सरकारलाई कुनै प्रलोभनमा हैन यो वा त्यो ढङ्गले होइन हुन त यो सरकार कसरी बनेको छ । सबैलाई छलेङ्गै छ यसका आफ्नै समस्या बाध्यताहरू पनि छन्, विभिन्न दिग्गजबाट विभिन्न आश्वासन र अब बजारका हल्लाबारे यो सदनमा नभनी हालौं यस्ता थुप्रै समस्याबाट बनेको सरकारबाट जनमुखी नीति तथा कार्यक्रम आउँछ भनेर हामीले अपेक्षा गर्ने त मिल्दैन त्यति अपेक्षा गर्नु पनि हामीले स्वभनिय हुँदैन होला किनकि त्यहाँ लुछाचुँडी होला मैले यस कारण यो सरकार बनाइदिएको हुँ मैले यस्तो ढङ्गले गरिदिएको हुँ भन्ने त थुप्रै खालका बिचार समूहहरू त्यस्ता व्यक्तित्वहरूबाट बनेको सरकारबाट हामीले धेरै अपेक्षा गर्नु त गलत हुन्छ होला तैपनि बढो परिपक्क नेतृत्वबाट यो नीति तथा कार्यक्रम आउँदा थुप्रै कुराहरू साँच्चै जनमुखी विचार सिद्धान्तहरू कामहरू हुन्छन् भन्ने विश्वास गरेको थिए त्यो हुन सकेनन् । खैर यसमा अध्ययन गर्दा थुप्रै विभेदै विभेदको खाडल पनि छ थुप्रै तर पनि मैले यो नीति तथा कार्यक्रम पछि बजेट ल्याउँदा सरकारले अहिलेको सरकार प्रमुख त साबिकको कर्णाली प्रदेशको पनि अत्यन्तै दुर्गम ठाउँ अहिले पनि सडक नपुगेको जिल्लाको हुनुहुन्छ । म उहाँलाई आग्रह गर्न चाहन्छु हामीले नीति कार्यक्रम त ल्यायौं अझै यसलाई सच्याऔं, हामीले नीति कार्यक्रम र बजेट ल्याउँदा यहाँ हाम्रो दूरदराजमा रहेका हाम्रा त्यहाँ हाम्रा चेलीहरू हाम्रा भाइहरू, हाम्रा दाजुभाइहरू हाम्रा दिदीबहिनीहरू जो हुनुहुन्छ ती सबैभन्दा दूरदराजमा रहेका दाजुभाइ दिदी बहिनीको फोटो राखेर सम्मानित सभा र सरकारको कार्यकक्ष हेरेर होइन अहिले सरकारलाई भेट्न आउने ती बिचौलिया यहाँहरूलाई होइन अहिले यो वा त्यो ढङ्गले सरकार बनाइदियौं हामीले भनेर थाम्न आउनेहरूलाई होइन ती जो भोट हाल्न जाँदै गर्दा स्टेचरमा बसेर भोट हाल्न जाँदै थिए, बैसाखी टेकेर भोट हाल्न जाँदै थिए, अर्काको साथ लिएर भोट हाल्न जाँदै थिए ती दाजुभाइ दिदीबहिनीहरू जो आफूले भोट हाल्न जाँदैनथे अरूलाई भोट हाल्न लगाउँथे जसले सटका पाँच ओटा टाँक मध्ये तीन ओटा टाँक नभएका कपडा लगाएर भोट हाल्न आएका थिए, जसका खुट्टा फाटेर चप्पल लगाउन

नमिल्ने थिए तिनका फोटा राखेर सरकारले नीति तथा कार्यक्रम ल्याउन जरुरी छ । तिनको फोटो राखेर बजेट निर्माण गर्नुस् । समानुपातिक ढङ्गले बजेट निर्माण गर्नुस् किनकि हामी प्रतिपक्ष दलको हैसियतले तपाईंहरूलाई सुझाव दिन चाहन्छौं र सरकारलाई रचनात्मक सहयोग गर्न चाहन्छौं । यद्यपि तपाईंहरू हामीले भनेझै कर्णाली प्रदेशको साझा दुस्मनी भनेको गरिबी हो यसलाई अन्त्य गर्नको लागि त्यो ढङ्गले अघि बढ्न चाहनुहुन्छ भने त्यसमा हाम्रो साथ र सहयोग रहन्छ । हामी त्यसलाई साथ दिन तयार छौं । त्यसका लागि गरिबी निवारण उन्मुलन गर्नका लागि के के गर्नुपर्छ यी कामहरूलाई प्राथमिकताका साथ अगाडि बढाउनुस् अहिले हामीले सुन्यौं सुर्खेतका होटलहरूमा कोठा पाइदैन बिचौलियाहरूले अहिले कब्जा गरी सके ती कोठाहरू जबसम्म रातो बुक यहाँ आउँदैन र ती मानिसका योजनाहरू समावेश हुँदैनन् तबसम्म होटलहरू खालि हुने अबस्था छैन । यो बजार हल्ला व्यापक रूपमा छ साँचो अर्थमा पनि अहिले हेर्ने हो भने अहिले त्यो अबस्था देखिएको छ । यसबाट सरकार बच्न सकेन भने हामी त केवल खबरदारी मात्र गरिदिने हो, हामीले सचेत मात्र गराइदिने हो । यसको विवेक पु¥याउने सरकारले हो त्यस कारण म आग्रह गर्न चाहन्छु यो सम्मानित सदनमा माननीय सभामुखमार्फत म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । यी कुराहरूलाई सरकारले ख्याल गरेर नीति तथा कार्यक्रमलाई पास गर्ने र बजेट त्यो ढङ्गले ल्याउने छ भन्ने मैले विश्वास लिएको छु। माननीय सभामुख महोदय, दैलेखमा एलपी ग्यास र पेट्रोलियम पदार्थको अन्वेषण कार्य रोकिएको छ त्योसँग अपर कर्णाली ९ सय मेघावाटको अपरकर्णाली हाइड्रोपावर अलपत्र अबस्थामा छ कम्तीमा पनि सङ्घीय सरकारसँग समन्वय गरेर यो योजनालाई अगाडि बढाउन नीति तथा कार्यक्रममा समन्वय गरेर अगाडि बढाउने त्यो यसमा समावेश गराइए अत्यन्तै महत्त्वपूर्ण हुनेछ कर्णालीको मात्रै होइन समग्र देशको गौरवको आयोजना हो यसलाई कम्तीमा पनि समावेश गरेको भए यसले सिंगो कर्णाली परिवर्तका लागि एउटा आयाम थप्थ्यो । अर्को सिंगो कर्णालीका केही जिल्लाबाहेक थुप्रै जिल्लालाई यस अघिका नीति तथा कार्यक्रममा आएकै थियो सुरूङ मार्ग हामीले यो सुर्खेतको सिद्धपाइलाको तल मुनिदेखि हामीले दैलेखको डुङ्गेश्वर नजिकै सुरूङमार्ग खोल्ने हो भने साबिक कर्णालीका लगभग पाँच वटै जिल्ला दैलेखलगायतका थुप्रै जिल्लालाई एकदमै छोटो बाटो हामी निर्माण गर्न सक्थ्यौं । एकदमै सस्तो लागत अनुमानितमा दुई, चार किलोमिटरको रूपमा हामी त्यसलाई निर्माण गर्न सक्थ्यौं यति त्यो निर्माण गर्ने हो भने धेरै कुरालाई सिङ्गो कर्णाली प्रदेशको विकासका रूपमा अगाडि बढाउन सकिन्छ त्यसो गर्ने हो भने मेरो निर्वाचन क्षेत्रको ८० प्रतिशत बजेट हामी त्यो क्षेत्रमा हाल्न सक्छौं । यस्तै गरी दैलेखका चार वटै निर्वाचन क्षेत्र साबिक कर्णालीका केही निर्वाचन क्षेत्रको केही प्रतिशत बजेट यसमा हालेर सङ्घीय सरकारसँग समपूरक बजेट अर्थात साझेदारीमा हामीले यो काम गर्न सक्ने थियौं एउटा महत्त्वपूर्ण काम हुन्छ यसलाई अझै पनि अगाडि बढाऔं भन्ने मलाई लाग्छ । त्यस्तै योभन्दा अगाडि थुप्रै

महत्त्वपूर्ण योजनाहरू थिए ती आज अलपत्र अबस्थामा छन् जनता सडक, पूर्वाधार विशेष कार्यक्रमलगायतका थुप्रै कार्यक्रम आज ती अलपत्र छन् अरू थप के के आएका छन् तर यी हिजो जनतासँग प्रत्यक्ष टच भएका योजनाहरू आज त्यहीँ जनता सडकका नाममा जनताले प्रदेशले केही विकास गऱ्यो है भन्ने नाममा देखिने हो भने त्यहीँ जनतासडकमार्फत गरेर योजनाहरूदेखिएका छन् । त्यहीँ पूर्वाधार विशेष कार्यक्रमअन्तर्गत गरेका कामहरूदेखिएका छन् तर आज ती कार्यक्रमहरूलाई पनि समावेश गरियोस् यति कुराहरू राख्न चाहन्छु हवस् धन्यवाद नमस्ते ।

**माननीय सभामुखः-** माननीय श्री झोवा वि.क., समय सात मिनेट, त्यसपछि माननीय श्री खड्कबहादुर खत्री तयारी अबस्थामा रहनुहोला

**माननीय श्री झोवा विकः-** सभामुख महोदय, यो २०७९/०८० को नीति तथा कार्यक्रममाथिको छलफलमा म यहाँ भाग लिइराखेको छु । नीति तथा कार्यक्रम सबै समान छ। एकदमै राम्रो छ सबै राम्रो कुराहरू आएको छ । शिक्षा, स्वास्थ्य र रोजगार यो दलित, राई, माझी सबैलाई समेटेर यो नीति तथा कार्यक्रम आएको छ । राम्रो नीति तथा कार्यक्रम ल्याएकोमा सरकारलाई धन्यवाद ! समय थोरै छ ६ महिना पनि कति कति छ । यसमा थुप्रै यो बाँकी छ उ छ भनेर के गर्ने पहिलाकोभन्दा घटेर बजेट आएको छ । जिम्मा ठूलो गरेर के हुने हो पनि होइन बजेटले देखाउने कुरा हो । यस अघि बजेट बढाएको बेला त्यति खेर गर्न सकेन अब बजेट घटाएर मन्त्रीहरूलाई किन दुख दिने हो आफूहरू पनि चिन्ता नै होला यो मा चाहिँ हामी भन्नु पनि छैन के गरौं त आफूहरू सबैलाई चिन्ता नै छ । सबै बहुवर्षीयले दिने हो भन्छन्, अब हामीसँग नयाँ कार्यक्रम ल्यायो भन्छन् अब त्यहीँ नयाँलाई दिने कि पूरानो बहुवर्षीयलाई दिने अब यो मुन्त्रीहरू चिन्दा सरकार चिन्दै छ अब के गर्ने, अब सबैको चिन्ता त्यो मन्त्रीको मात्र होइन, हामी माननीयहरूको पनि चिन्ता हो । प्रतिपक्ष, सत्ता पक्ष भनीकन सबै ठाउँमा सल्लाह गरेर योलाई चाहिँ राम्रो काम गर्नुहोला यसलाई दुख नमानीकन प्रतिपक्षले विरोध गर्नु खबरदारी हो । पहिला हामी पनि प्रतिपक्षमा बसेर विरोध गरेकै हो अब त्यसलाई तपाईंहरू विरोध गऱ्यो भनेर हामी दुख लगाउने पनि छैन सत्तामा जो बसेपछि उही नै भन्नुको कर्तव्य नै हो । अब हामी त झन् के भनौं अब माननीय भएर के गर्ने के गर्न सकेका छौं र हामीले के दिन सक्यौं र उही १५ पनि दिंदैनन् १० दिन्छन् १० त हामीलाई हिजो दुई माननीय बीच एउटा कार्यक्रममा ठासठुस्स पनि पऱ्यो अब बाटोको कुरा गरेर हुने वाला के छ मैले पूर्वाधार हामीले पाउँदैन त्यहीँ नाक्चेनाङ्लाको कुरा गरेकै छौं । योभन्दा पहिला दुई तिहाईको प्रधानमन्त्री केपी ओली रारा आउँदा उद्घाटन गर्दै भनेको हुन् नाक्चेनाङ्लाको बाटो यो वर्ष हामी यो वर्ष सक्छौं भनेको हो भनेको कुरा कहाँ हुने जसो छ पाँच वर्ष गयो अझ पनि भएन के गरौं त अब यो सरकारले नाक्चेनाङ्लाको बाटो बनायो भने समय पनि छैन भन्न त म यहाँ रोस्टमबाट भनौंला भनेर मात्रै के हुनेवाला छ पर बजेट कुम आयो बहुवर्षीयमा हाल्ने कि नयाँलाई हाल्ने

नाक्चेनाङ्ला सित्तीमित्ती हुनेवाला पनि छैन त्यहीँ पनि मुन्त्रीलाई भन्ने कुरा मैले भनिहाल्यो यो सरकारले नीति ल्याइसक्यो पछि बोल्नुभन्दा काम गरेपछि मात्रै राम्रो हो अब यो बनाऔँला उ बनाऔँला कोहिले भने त हामी सुरूङमार्ग क्या क्या ल्याउने भन्या ल्याउनु केही पनि नल्याए पछि अहिले हामी आफैं लाजले मर्नु जनताको अगाडि मुख देखाउन पनि छैन कहाँ भोट माग्न गए पनि सडक ल्याएछौं, सुरूङमार्ग ल्याएछौं भनेर हामीकन कति गर्छन त्यहींकन कुरा गर्नुभन्दा ज्यासुकै यहाँ किताबमा आएछ यसलाई चाहिँ मुन्त्रीज्यूहरू, सरकारको ध्यान जावस् हवस् धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री खडकबहादुर खत्री, समय सात मिनेट, त्यसपछि माननीय श्री करवीर शाही तयारी अबस्थामा रहनुहोला

**माननीय श्री खडकबहादुर खत्रीः-** सभामुख महोदय, २०७९/०८०को नीति तथा कार्यक्रममा सहभागी हुँदा पाँच वर्षको अन्तिम चरणमा छौं अब साढे चार वर्षको अन्तरालमा विभिन्न नीति कार्यक्रमहरू पटक पटक रङ्ग बदलेर किताब पटक पटक आउँदै गर्दा धेरैलाई निरन्तरता दिँदै अहिले किताब त एउटै आयो तर सबै वर्ग, रंगहरू उही आएकोदेखिन्छ यसो विरोध गरेको जस्तो देखिन्छ व्यवहार एउटा छ लेखाई एउटा छ यसो हेर्दा विद्युत् वर्ग, विज्ञहरू अलि पढेलेखेका मान्छेहरूलाई यो किताबले पूरै कर्णाली केही बाँकी छैन कि भन्ने जस्तो देखिन्छ विशेष हामी यो क्षेत्र एक त सङ्घीय सरकारले दिएको वरदान अथवा हामीले आफूले सुरूवातदेखि आउँदै गर्दा अरूले दिएको बजेट यो वितरणमुखी अथवा दान दातव्य दिने र जनताका मन जित्ने र भोट बोटल्ने वा आफ्नो व्यक्तिगत जीवन बिताउने जस्तो देखिन्छ । त्यसैले यो नीति जुन आउनुपर्ने थियो ठोस रूपमा हामीले यो क्षेत्रको कर्णालीमा पानी, वन यहाँको जडीबुटी, शिक्षा, सामाजिक क्षेत्रमा त्यस्ता क्षेत्रलाई एउटा सुरूदेखि हामीले जुन सुरूवात गरौं अर्गानिक प्रदेश भनौं, विभिन्न क्षेत्रले सोच्यौं तर अर्गानिक भन्यौं, गरौं एउटा लेख्यौं एउटा त्यो व्यवहार निरन्तरता रह्यो। अहिले ६ ब को एउटा चर्चा चलेको छ यो विश्वसनीय योग्य छैन व्यवहारमा यो प्रस्ट हुने छैन त्यसैले यो विश्वास लाग्दो छैन त्यसैले के हो तभन्दा यो हामीले कसैलाई कटाक्ष गर्नुभन्दा पनि हामी यो यहाँको संरचना यहाँको मन्त्रीमण्डल यहाँको सरकार, सरकारको कारखाना, अर्कै ढङ्गले निर्माण भएको छ हिजो जनताबाट एक ठाउँबाट अनुमोदित भएर एउटा मान्छेबाट जनताको मत लिएर आज अर्कै ठाउँमा गाँसिएको र त्यसका विभिन्न आश्वासन तीनका सम्झौता कार्यान्वयन गर्नका लागि नीतिगत रूपमा यसो सबै हेर्दा विरोध गर्न नपर्ने खालका व्यवहारमा एउटा पनि कार्यान्वयन नहुने खालकादेखिदैन । त्यसैले म के आग्रह गर्न चाहन्छु भने हामी नीति त बनाऔंछौं कार्यान्वयन गर्ने तहको कर्मचारीसँग संरचना र जनप्रतिनिधि मुलक संस्था सरकार क्रम हाम्रो मेल छ कि छैन हामी त्यो नीति ल्याउँदा तल कर्मचारीलाई काम गर्न सजिलो हुन्छ वा हुँदैन हामीले तय गर्ने विधि वडातहमा जान्छ वा जाँदैन लेख्न त लेखिएको छ वडा तहमा सबै गरिने छ समन्वय गरिने छ सबै अरू तिर पन्छाइएको छ । हामीसँग कति

बजेट छ त्यसलाई कता तिर लगाउने र ठोस नीतिलाई विश्वासयोग्य लगाउँदा हुन्छ । जस्तै ओखर र स्याउको कुरा आएको छ त्यहाँ सित भण्डार भनाऔं जस्तै तल्लो बेल्ड तिर जुन ठाउँमा जे पाउँछ त्यो भेगका ठाउँका क्षेत्रकाभन्दा पनि आवश्यकता कहाँ छ जे चिज जहाँ पाइन्छ जस्तै जडीबुटी डोल्पा, ओखर र स्याउको जुम्लाको कुरा यस्तै आँप लिच्ची र केराको भण्डारण सुर्खेत, अथवा दैलेख सुन्तलाको सल्यानमा सुठो सुन्तलाको जाजरकोटमा टिमुरको त्यस्ता त्यस्तो क्षेत्रतिर हामीले फोकस गरेको भए धेरै सजिलो हुन्थ्यो । यी ठोस योजना जान सकेको छैन र वितरणमुखी छ र धेरै माननीयज्यूहरूले भनिसक्नु भएको छ । अहिले जनप्रतिनिधि मुलक माननीयहरू समितिका सभापतिहरूभित्र छिर्ने अबस्था छैन । पूरा ढोकादेखि गेटसम्म चाहिँ घुँईचो लागेको अबस्था छ योभन्दा विरोध गरे जस्तो हुन्छ अब यो कस्तो देखियो तभन्दा एक दुई जना मन्त्री अथवा सभासद र कोही कर्मचारीको घर बन्ने बाहेक अरू केही पनिदेखिदैन यो पाँच वर्षको दौडाहनमा हामीले खास ठोस काम हामीले नीति त ल्यायौं । हामीले सदरमुकाम जोड्न, राजधानी जोड्ने सडकका कुरा ल्यायौं, जनता सडकका कुरा ल्यायौं एउटा अभियानको रूपमा थियो ती योजनाको काम त जिल्लामा सकिएको छैन नी जस्तै निर्वाचन क्षेत्र पूर्वाधार विकास क्षेत्र स्तरको प्रतिनिधि मुलक माननीय को नेतृत्वमा बाटाको सुरूवात गऱ्यो त्यो बाटो जुन सुकै ठाउँमा पनि हुन्छ त्यो जरुरी छ त्यो गराउन पर्छ त्यसैले यस्ता तिर जान आवश्यक छ । त्यसैले मैले के आग्रह गर्न चाहाँन्छु भने यहाँ बुलबुले ताल छ, काँक्रिविहार छ, त्यसपछि रारा, कुपिण्डे दह छ त्यस्ता त्यस्ता पर्यटकीय क्षेत्र तिर जाने १२ भाइ मस्टा, त्यसपछि यही टापु देख्यो त्यहीँ पैसा हालिदिने, कहीँ ढुङ्गोदेखियो त्यहीँ पैसा हाल्ने, कहीँ सानो झरनादेखियो त्यहीँ पैसा हाल्ने त्यो अब नआओस् । जे भए भए अबदेखि त्यस्तो स्थिति नहोस् अर्को म के आग्रह गर्न चाहन्छु तभन्दा हामीले यहाँ राजधानी यसलाई नामाकरण गरौं सर्वसम्मतिबाट भयो खानेपानीको योजनामा पहिलो वर्ष एक अर्ब बजेट छुट्याउने कुरा भयो पछिल्लो वर्ष ५० करोड बजेट हामीले छुट्यौं र अहिले त्यसमा छोएको छैन । मात्रै समन्वय गर्ने भनेको छ यो सरकारले समन्वय गर्ने कुरा जस्तै भेरी करिडोरको टेण्डर भइसकेको छ, जस्तै कर्णालीको टेण्डर हुँदैन योसँग के समन्वय गर्ने हाम्रो समन्वय के हुन्छ र हामीले गऱ्यौं भनेर जोड्ने मात्रै कुरा हो कि के हो जस्तै यो खेलकूदको कुरा आएको छ खेलकूद विकासको टेण्डर हुँदा बदमासी त्यहीँ नै छ जहाँ हाम्रो स्रोत जान्छ उपभोक्ता समिति होस् वा चाहे बिचौलिया पनको पैसाको लागि आएको छ यो टेण्डर गर्ने को हुनु हुन्छ अथवा त्यसको नेतृत्व गर्ने यो टेण्डर अर्को मान्छेले त्यो मापदण्ड बाहेक अर्कले हाल्न नसक्ने मापदण्ड बनाइएको छ । त्यस्तै अहिले भेरी करिडोरको त्यो सर्टिफिकेट नभएको तीन जना बाहेक अरू छैन त्यसैले उनसंग मिलेमतो गरेर कमीसनका भरमा नेतृत्व मन्त्री होस् वा मुख्यमन्त्री होस् चाहे प्रधानमन्त्री होस् त्यस्तो किसिमको सुरूवात भएको छ जहाँ भ्रष्ट्राचारका अङ्गहरू छन्, जहाँ गाँठाहरू छन् जहाँ जोडिएका इन्जिन छन्, त्यहीँ नै हामीले नीतिबाट सुधार गर्न सकियो

भने सक्छ हाम्रा नीति एकातिर काम एकातिर कुरा एकातिर काम एकातिर कुरा एकातिर मिलाउने कागज मिलाउने, र रकम सिध्याउने मात्रै काम भएको छ ठीक छ साना तिना कुरामा हामीले एउटा सम्झौता गरौँ पालना भएन नीतिको कुराको के विश्वास गर्ने हामीले सदनबाट सुरूवात गरौँ सम्झौता भयो तिनी आज माननीयलाई थाहा छैन त्यो योजना आज कहाँ छ भनेर माननीय गयो भने थाहा पाउँदैन त्यहाँ कर्मचारी प्रति सबै उत्तरदायी भएर आएको छ मान्छे अहिले काम धकाधक सुरू भएको छ कहीँ २ लाख, कहीँ ३ लाखका कुराहरू भएका छन् त्यसैले जुन हामीले यहाँ बाढीपीडित भए सुर्खेतमा कर्णाली प्रदेशको उत्तर क्षेत्रलाई संरक्षण गर्न कुरा गऱ्यौं अहिले यो कृषि ठाउँबाट वा अन्य ठाउँबाट गरि खाने विभिन्न एजेण्डा जनता सडक भन्ने आएको छ मलाई लाग्छ यो क्षेत्रलाई हिजो बाढी पीडित भएको भूक्षय भएको ठाउँलाई पर्याप्त रूपमा बजेट छुट्याउन म आग्रह गर्न चाहन्छु र उपत्यकाभित्रको राजधानी हो यो क्षेत्रमा बजेट छुट्याउनुपर्छ ६ अर्ब रुपैयाँको पैसा नगरपालिका र उपभोक्ता समितिले सम्झौता गरिसकेको छ त्यसलाई हामीले पर्याप्त बजेट छुट्याएर १०, २० प्रतिशत बजेट हामीले छुट्यौं भने ८० प्रतिशत पैसा विश्व बैङ्कले लागु गर्दैछ । त्यसले गऱ्यो भने यो ६ अर्बको अस्ति सम्झौता भइसकेको छ यसलाई कार्यान्वयनतर्फ जावस् जस्तै भेरी करिडोर विभिन्न क्षेत्रका सडक, त्यसलाई निरन्तरता दिनका लागि बहुवर्षीयका नाममा शब्द मात्रै पढ्ने कन्ठ गर्नुभन्दा यसलाई निरन्तरता आवश्यक भएको ठाउँमा गर्ने नभएको ठाउँमा टेण्डर भएका ठाउँमा भोलि बिहान सरकारलाई उजुरी लाग्छ भए गरेर काम गर्नुपर्छ र जुन पूर्वाधार विकास कार्यक्रम छ। यसलाई निरन्तरता दिने र बहुवर्षीय योजना क्रमागत योजना सडक मात्रैभन्दा पनि सडकका कुरा त्यसपछि गएर अरू भवनका कुरालाई गर्नुपर्छ अर्को म के आग्रह गर्न चाहन्छु भने अर्को जताततै कुरा उठ्यो मुख्यमन्त्रीले कुरा उठाउनु भएको छ पूर्वाधारको ६ वटै मन्त्रालय एक ठाउँमा बनाएर डिपिआर भएको छ डिपिआर पनि ९ लाखमा भएको छ त्यो डिपिआरलाई मुख्यमन्त्रीज्यूलाई हेर्न आग्रह गर्न चाहन्छु । त्यसलाई छलफल चलाएर पटक पटक भइसकेको अबस्था छ र त्यो जग्गाको हामीसँग हस्तान्तरण नभएको कारणले समस्या भएको हो त्यसलाई फेरि अस्ति मन्त्रीज्यूसँग छलफल गर्दा हामी फेरि डिपिआर गर्ने भनेर कुरा भएको छ माटो परिक्षण भएको छ ६ ठाउँमा त्यसैले त्यसलाई त्यो डिपिआर हेरेर सुधार गर्नुपर्ने एउटा होला र त्यसमा भइसकेको कुरा फेरि नदोहोऱ्याउन म आग्रह गर्न चाहन्छु । र विशेष गरेर यो नीतिले जनतालाई छुने, जनतालाई गर्ने, समानन्तर हिसाबले बजेट आवश्यकताका हिसाबले जुन ठाउँमा जे आवश्यक छ त्यहीँ किसिमले गर्ने अग्रह गर्दै बिदा हुन्छु धन्यवाद !

**माननय सभामुखः-** माननीय श्री करवीर शाही, समय सात मिनेट, त्यसपछि माननीय श्री दल रावल तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री करवीर शाहीः-** माननीय सभामुख महोदय, सर्वप्रथम जाजरकोट जिल्ला जुनीचाँदे गाउँपालिका वडा नम्बर ५ मा आज करिव ८ बजे तिर गाडी दुर्घटना भएको

छ। उक्त दुर्घटनामा ज्यान गुमाउने प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु र घाइतेको सिर्घ स्वास्थ्य लापको कामना गर्दछु । घाइतेहरू प्रदेश अस्पताल सुर्खेतमा हुनुहुन्छ जस्तो लाग्छ र प्रदेश सरकारलाई उपचारमा दतारुक्त देखाउनको लागि ध्यानाकर्षण गराउन चाहन्छु ।

सभामुख महोदय आज हामी हाम्रो कार्यकालको अन्तिम, अन्तिम चरणमा सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा सहभागी छौं । यो नीति तथा कार्यक्रम यस्तो अबस्थामा यो हाम्रो अन्तिम कार्यकाल समीक्षाको कार्यकाल पाँच वर्षका अनुभवहरूलाई सेयरिङ गर्ने, जस्तो कार्यकाल पनि हो तर यो नीति तथा कार्यक्रमको ६ नम्बर बुँदामा सुरूदेखि नै यसले अलि अलि जालझेल अलिअलि कपट छल गर्दै, गर्दै अगाडि बढ्दै गएको मैले यो आभाष पाएको छु । मैले यो सब किन भनिरहेको छुभन्दा खेरि विगतका सफल कुराहरूलाई पनि यसले म बोक्छु अगाडि बढाऔँछु भनेको छ सफल कुन हुन लेखिएका भरि सफल हुन् भने अरू अरू असफलका बारेमा पनि कुनै बुँदामा लेखेर यी यी कारणले असफल भए भन्ने कारणले लेख्न पाए भने हामी आभारी हुने थियौं होइन यो मस्यौंदा दस्तावेजको रूपमा अगाडि बढेको हो र गठबन्धन दलभित्र अझै पनि केही लेनदेन छलफल र केही आफ्नो पक्षमा पार्नको लागि छलफल चलिरहेको अबस्था हो भने गठबन्धन दलभित्र छलफल गर्ने विषय हो र यसलाई संसद्मा मस्यौंदाका रूपमा होइन यसलाई त आज नै पारित गर्ने अबस्था हुन्छ यो मस्यौंदा होइन यो पारित गर्ने दस्तावेजका रूपमा कम्पिलिट दस्तावेजमा रूपमा ल्याउनुपथ्र्यो यो मैले अहिले यसो हेर्दा खेरि गठबन्धन दलभित्र मस्यौंदा छलफल लेनदेन छलफल भएको जस्तो पनिदेखिन्छ। यसले केही चिजलाई उजागर गरेको छ र केहीलाई फेरि बोक्छौं पनि भनेको छ अपनत्व लिन्छौं पनि भनिएको छ । तर हिँड्दै जाँदा खेरि केही लेखिएको छ केही अलिखित कुराहरू छन् र केही शब्दजालहरू भनेको स्वर्णहलोको ठाउँमा मुख्यमन्त्री कृषक सम्मान कार्यक्रम, कर्णालीको पानी जनताको लगानीमा कर्णाली तटबन्धन यस्ता यस्ता विषयहरूलाई अलिकति छलछाल जालझेल केही समय नपुगेको हो कि के भएर आएको हो मैले देख्छु । हामीले विगत वर्षदेखि पनि हामीले भन्दै आयौं सत्तामा हुँदै गर्दा वा नहुँदा अहिले हामी प्रतिपक्षको भूमिकामा छौं हामीले कर्णालीको पहिचान गर्नका लागि कम्तीमा तीन ओटा तीन तहका आयोजनाहरूको पहिचान गरौं विगतदेखि नै भन्दै आएको विषय हो । त्यो भनेको कर्णाली समृद्धिको योजना एउटा ढङ्गबाट अगाडि बढाऔं एउटा होला दुईवटा होला, पाँच ओटा होला, दशवटा होला अनि हामीले परम्परागत रूपमा गर्दै आएका क्रियाकलापहरू पनि गर्नै पर्ने हुन्छ तिनलाई निरन्तरता दिनको लागि मसिना आयोजनाहरूको पनि हामीले काम गर्नैपर्ने हुन्छ । दिनमा हाम्रो बजेटको सुनिश्चितता अथवा बजेटको भोलुम कस्तो दिने र मझौला खालका खास गरी कन हाम्रो संरचनागत हिसाबले हामीलाई संविधानले दिएको व्यवस्थापनि के हो भने हामी बिच्चमा छौं बिचको सरकार हो । यद्पी यो सङ्घीयताको मुटु हो तर हामीलाई अहिले दिएको अथुरिटीका

हिसाबले हेर्ने हो भने हामी बिचमा छौं बिचमा भएको हुनाले हामीले गर्ने मध्यम खालका आयोजनाहरू, अथवा मध्यम योजना परियोजनाहरू हामीले पहिचान गर्नुपर्छ । विगतमा हामीले कहींल्यै सुरूङ युद्धको कुरा पनि गरौं, विगतमा हामीले केवलकारका कुरा पनि उठायौं, यही मञ्चबाट उठायौं, हामीले यो गर्न सक्दैनौं यो अरू सरकार सङ्घीय वा अन्य सरकारसँग समन्वय गर्न पर्छ भनेरभन्दा खेरि हामीले सक्छौं किन नसक्ने भन्ने पनि कुरा गर्‍यौं आज तिनै कुरा बिर्सियौं, छोड्यौं त्यो एउटा अनुभूति हो जस्तो पनि लाग्छ सरकारले त्यसलाई अनुभूतिका हिसाबले यी विषय त उठाएको छैन तर बोक्छौं भने पछि यी पनिभित्रभित्र फेरि कतैबाट झुण्डिएर दाँयाबायाँ भएर आउने पो हुन् कि भन्ने पनि लागिरहेको छ। हामीले कर्णालीको आजको आवश्यकता बाटो भन्यौं बाटो भनिरहँदा खेरि यो नीति तथा कार्यक्रममा सङ्घीय सरकारले ल्याएको बजेटमा, बजेट तथा कार्यक्रममा नीति तथा कार्यक्रम तथा बजेटमा पनि बोलिएको विषयलाई कर्णाली करिडोर र भेरी करिडोरका विषयलाई फेरि पनि हामीले के समन्वय गर्छौं यो राख्नु को साटो एउटा हिलसाइड एरियाको मागि लेकैलेक हिल एरियाबाट जाने बाटोको पहिचानका लागि कुनै प्रस्ताव गरेको भए सुर्खेतदेखि रातिमत्ता, बजाली, कालिकोटको केही भूभाग यो, कुशेको भूभाग भएर हामीले कान्जिरोहा हाम्रै प्रदेशभित्र पर्ने हिमाल यो त्यो हिमालसम्म जानको लागि मलाई लाग्छ कहीं पनि हिमालको एरिया छुटेको छैन त्यो जोडिएको हिमालको एरिया छ त्यसलाई प्रस्तावको रूपमा गर्न पाएको भए हामीले नयाँ केही गरौं भन्नुहुन्थ्यो त्यस कारणले हामीले समीक्षात्मक हिसाबले पनि के भन्नुपर्छ भने यो पूरानोको निरन्तरता वा क्रमभंगताका हिसाबले पनि बुझ्नुपर्ने हुन्छ योसँगसँगै अगाडि जोडिएर गएकोदेखिन्छ अब हामीले विगतमै भन्यौं बहुवर्षीय सडकहरूका कारणले विकासमा असन्तुलन भयो १० ओटा जिल्लाका कामहरूमा बजेट असन्तुलन भयो बारम्बार भन्दै आयौं फेरि पनि हामीले यसपाली बजेटको अबस्था कस्तो हो हाम्रो आफ्नो आम्दानी कति छ आफ्नो आम्दानीले धान्ने कति हो । यस पालि फेरि पनि हामीले नयाँ योजनामा पनि प्रस्ताव गरेकै छौं बजारमा बक्रेल्ति अघि केही माननीयज्यूले भने जस्तै सेलमा भए जस्तो मैले मानिराखेको छु । यति ल्याउ बजेट लैजाउ तर मैले यसको लिमिट अबस्था हेर्ने हो भने मन्त्रीहरूको अनुहार हेर्ने हो भने देख्दिनँ तर यस्तो अबस्था पनिदेखिन्छ । यसबाट सरकार बचोस म यो भन्न चाहन्छु । अब यो बगैंचाको कुरा पनि पूर्ववक्ता माननीयज्यूले भनिसक्नु भएको छ । इको जोनको हिसाबले हामीले हाम्रो भू– वनोटका हिसाबले हामीले हाम्रो परियोजना भनेर एउटा शब्द घुसाएका छौं परियोजना भने थप संस्थाहरू थप्नुपर्ने हुन्छ यसले त्यो बताउँछ त्यतातिर हैन सरकारले चलाइरहेका सङ्घीय सरकारले चलाइरहेका जोनहरू छन् सुन्तला जोन, कागती जोन, अदुवा जोन छ हामीले जोनका हिसाबले त्यसलाई जोनको रूपमा बर्गिकरण गरेको भए सजिलो बाटो हुन्थ्यो अहिले परियोजना बनाएर नयाँ संस्था खोल्ने जस्तो बाटो अगाडि बढाइरहेका छौं अर्को भन्नैपर्ने हुन्छ । बारम्बार यो अर्गानिकको कुरा बारम्बार भनिरहँदा खेरि मैले यसको विरोध गरेको होइन मात्रै हामीले

यसको अबस्था बुझ्न खोजेको हो । अर्गानिक प्रदेश घोषणा गरेपछि आजका मितिसम्म हामीले आयातलाई कतिप्रतिस्थापन गर्न सक्यौं त निर्यात बढाएर कति स्वआर्जन गर्न सक्यो त यो प्रदेशले यो कुराको हिसाब किताब चाहिन्छ कि चाहिदैन् यो हिसाब किताब नहुँदा खेरि बारम्बार भनिराख्नुपर्ने विषय भएको हो । आयातलाई प्रतिस्थापन जस्तो हाईटेक नर्सरीको कुरा गर्दैछौं भनेपछि फेरीपनि हामीले यहाँ वृक्षारोपण गर्नुपर्दा सबै जिल्लाहरूमा यसो हेर्दा खेरि विगत वर्षहरूमा पनि देखे, अघिल्लो वर्ष पनि कर्णालीका सबै जिल्लाहरूले फेरीपनि सामान्य जातका विरुवाहरू पनि हाम्रो प्रदेशभन्दा बाहिरबाटै आयत गरेकोदेखिन्छ, ल्याएकोदेखिन्छ त्यस कारणले हामी कहाँ आत्मनिर्भर भयौं यति खोल्न खोजेको हो । अब मेरो किसान मेरो अन्नदाता फेरि पनि यो किन भन्ने यसो बजार कहिलेकाहीं काँदेखिन्छभन्दा बजारमा टिसर्टहरूमा कसैले लगाएको यसो बजारमा हिँड्यो भने बिहान मर्निङवाकमा यसोदेखिन्छ । त्यो मर्निङवाक मात्रै प्रदर्शन गर्ने चिज हो कि वा यसलाई हामीले व्यवहारमा लागु गरेर हाम्रा चाहिने उन्नति प्रगतिका लागि विकासको आधार पूर्वाधार बनाउने कुरा हो । त्यो ख्याल गरौं र यसैगरी हामीले संघ सरकारले एउटा मेडिकल कलेज बनाउने निर्णय गरेकै छ दुई वर्षदेखि त्यो आयोजना लागु भएकै छ अगाडि बढेकै छ हामी फेरि के भन्न थाल्यौं भने उसले भनेको ठाउँमा हामी फेरि अर्को प्रतिष्ठान बनाउने भनेर त्यहाँ फेरि हामीले खोची थापिदिए पछि दुईटै काम नहुनेबाटो तिर हामी अगाडि बढ्यौं, अघिल्लो पल्टपनि हामीले भन्यौं संघ सरकारले सुर्खेतका एयरपोट विस्तार गर्ने ठाउँ खोज्नेभन्दा खेरि हामीले सुर्खेतको एयरपोट हामीले नै विस्तार गर्छौं भनेर त्यसलाई रोक्यौं र अहिलेसम्म त्यसको प्रगति हुन सकेन् । प्रगतिका बाधक हामी योजना लेखेर अगाडि बढ्ने बाटोमा छौं । अर्को कर्णालीको पानी जनताको लगानीमा यो तासुगाडको कुरा आएको छ यो तासुगाडी हामीले लेखि राख्नै पर्दैन मलाई लाग्छ हामीले यो लेख्नका लागि मात्रै लेखेको हौं जस्तो लाग्छ । यो नलगाड जलविद्युत आयोजनाको पावर कन्ट्रक्सनका रूपमा तीन ओटा नदिहरूलाई सरकारले पूर्व सम्भाव्यता अध्ययन गरेको छ र थियो त्यसमा अधेरी खोला, रुकुमको जलिघाट, जाजरकोटको अर्को तासुगाड, तासुगाड स्वीकृत भएर यो अगाडि बढेको छ फेरि हामीले यसमा फेरि हामीले लगानी गर्छौं हाम्रो यसमा प्रमुख हुन्छ, कर्णालीको हाम्रो मुख्य योजना हो भन्न थाल्यौं भने त्यो पनि ब्रके हुने बाटो तिर जान्छौं त्यस कारणले हामीले अलि बिचार गरौं, व्यवहारमा हामीले जे गर्न सक्ने हो त्यो कुरा मात्र ल्याऔं । वास्तवमा यो नीति तथा कार्यक्रम भनेको आफैंमा पूरानोको निरन्तरता वा पूरानोलाई गुन व्याज तिर्न ल्याएको जस्तो देखिन्छ यो बाटोबाट होइन नयाँ कुरा थप्नका लागि एक गते आउने कम्तीमा जे जालझेल गरिएको छ जालझेललाई एक रूपता गर्नका लागि बजेट वास्तवमा यथार्त हुनुपर्ने कति हो बनाउनुपर्ने कति हो १ गते बजेटबाट केही लाभदायीक कुरा र कर्णालीका मानिसलाई अलि सुखद सुन्नलाई सजिलो हुने बुझ्नलाई सजिलो हुने गरेर बजेट यति भनेर म बिदा हुन्छु, धन्यवाद !

**माननय सभामुखः-** माननीय श्री दल रावल, समय सात मिनेट त्यसपछि माननीय श्री अमृता शाही तयारी अबस्थामा रहनुहोला

**माननीय श्री दल रावलः-** माननीय सभामुख महोदय, सरकारले आर्थिक वर्ष २०७९/०८० का लागि प्रदेशसभामा आफ्नो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । यसमाथिको छलफलमा भाग लिनको लागि समय उपलब्ध गराउनुभयो यसका लागि माननीय सभामुख महोदयलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यो नीति तथा कार्यक्रम माननीय प्रमुख प्रमुख ज्यूले पढिसकेपछि सुन्दै पनि हामीलाई अलि बढी निन्द्रा लाग्यो । यो धेरै माननीय सदस्यज्यूले यो अन्तिम हो अन्तिम हो भन्नुहुन्छ यो अन्तिम पनि हो सुरूवात पनि हो । यो यात्रा पनि हो यो गन्तव्य पनि हो । किनभने हामी यो पहिलो कार्यकालका माननीयका लागि यो अन्तिम होला तर सरकार अभिच्छिन्न उत्तराधिकारी हुन्छ, पछि पनि सरकार जन्मिन्छ यो प्रदेशसभाले पछि जन्माउँछ नयाँ प्रदेशसभा आउँछ भने उनका लागि यात्रा हो यो त्यो भएको नाताले यात्रा गर्ने मान्छेका लागि अलिकति इनर्जी दिने खालको, दृष्टी दिने खालको हामी बिदा हुनेका लागि पनि अलिकति अत्यन्त सहभागिता मुलक अत्यन्त समावेशी ढङ्गको हुने खालको उर्जा दिने खालको भएको भए राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ किनभने यो प्रदेशको जीवनमा समृद्धिको क्षितिज खोल्ने एउटा डकुमेन्ट हो यो तर मलाई लाग्छ यो यसले निराशा प्रकट गऱ्यो नभन्नु होला स्वयम् आाफै नीति तथा कार्यक्रमले कार्यक्रम पनि निराशा प्रकट गर्ने खालको छ र यसले छितिज खोल्ने होइन छितिज बन्द गर्ने प्रक्रियामा यो नीति तथा कार्यक्रम अगाडि बढेको मैले पाए प्रदेशको आर्थिक स्वास्थ्य प्रदेशको आर्थिक जीवनमा यसले बहुआयामिक महत्त्व राख्छ यो नीति कार्यक्रम हामीले पढ्दा भोलिको बजेट कस्तो आउँछ भन्ने झ-झल्को भोलिको बजेट कस्तो बन्दैछ भन्ने कुरा अलिकति आउने गर्छ त्यो भएको नाताले यसले निकै महत्त्व राख्ने गर्छ तर यो निरपेक्ष डकुमेन्ट हैन सापेक्ष डकुमेन्ट हुँदा हुँदै पनि यसको आर्थिक जीवनमा प्रदेश सरकारको कस्तो महत्त्व राख्छ प्रदेशको आर्थिक जीवनमा कत्तिको प्रभावकारी हुन्छ यसको कार्यान्वयन प्रक्रिया कसरी हुन्छ कसरी जान्छ र यसको दृष्टिकोण प्रदेश सरकारको सिंगे दृष्टिकोण बोकेको डकुमेन्ट हुनाले मलाई त बढ्दै जाँदा कस्तो लाग्यो भने दृष्टिचाहिँ त्यति भेटिन कोषण मात्र भेटियो त्यो भएको नाताले यो दृष्टिकोण भएको डकुमेन्टमा कोण मात्र भएको डकुमेन्टको रूपमा मैले बुझे मैले त्यो भन्न बाध्य भए र मैले राखे । अनि अर्को किताब पढ्दै जाँदा खेरि माननीय मन्त्रीज्यूहरू माननीय, माननीय मुख्यमन्त्रीज्यू कस्तो कस्तो भेटियो भने अब यो प्रदेश देखिने हुनुपर्थ्यो कर्णाली प्रदेशको अनुहार देखिने हुनुपर्थ्यो नीति तथा कार्यक्रम तर कर्णाली प्रदेशका माननीय मन्त्रीज्यूहरू देखिने, मन्त्रीज्यूहरूका भूगोल देखिने खालको खालको मैले अनुभूति गरे । जुन मन्त्रालय जुन मन्त्रीज्यूले सम्हाल्नु भएको छ त्यहीं भूगोललाई परिलक्षित गरेर आफ्नो विभागीय कामलाई अलिकति त्यहाँ राख्नुभएको जस्तो जस्तो यस्तो पनिदेखिन्छ । किनभने यो प्रदेशको जीवनमा प्रभाव पार्ने डकुमेन्ट र

आर्थिक वर्ष भएको नाताले पनि त्यस्तो नीति तथा कार्यक्रम भएको नाताले पनि यतातिर जानका निम्ति पनि म आग्रह गर्न चाहन्छु । र अर्को आर्थिक मामिला मन्त्रीज्यू पनि आइपुग्नु भयो उहाँले यो १३ गते प्रदेशसभामा आउँदो विनियोजन विधेयकको सिद्धान्त, उद्देश्य र प्राथमिकता प्रस्तुत गर्नुभयो । त्यसमा उहाँले के भन्नु भएको थियो भने तिव्र विकासका निमित्त समृद्धका आधार कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र भौतिक पूर्वाधार भन्ने मूल मर्ममा केन्द्रित रही बजेट तर्जुमाका आधार सिद्धान्तहरू तय गरिने छन् भन्नु भएको थियो । एउटा स्लोगन ल्याउनु भएको थियो । फेरि एउटा १०, ११ दिन पछि प्रदेश सरकारले माननीय मुख्यमन्त्रीज्यूले यहाँ प्रस्तुत गर्नु भएको नीति कार्यक्रममा ६ ब भन्ने एउटा सिद्धान्त आयो फेरि दुई ओटा अलग पार्टीको गठबन्धनबाट भएका आर्थिक मामिला मन्त्रीज्यू र माननीय मुख्यमन्त्रीज्यू भएको हुनाले झगडा सुरू भएको हो कि जस्तो लाग्यो मलाई यो चाहिँ फरक फरक गरी ल्याउनु भयो भने गठबन्धन टुट्ला फेरि । यो आधा आधा घण्टामा जाने सुर्खेतको बत्ती फेरि १५ मिनेटमा जाने होला । लोकसेवाको जाँच दिन हवाई टिकट नपाएका बिरामी, हुम्लाका ती प्यासेन्चरहरूले फेरि एक वर्ष पछि मात्रै टिकट पाउने होलान् महंगीको चपेटामा परेका जनताहरू झन् बढी महंगीमा पर्लान त्यो भएको नाताले गठबन्धन नटुटाउनुस् मलाई त्यो चिन्तै लाग्यो त्यो भएको नाताले दुईटै माननीय मुख्यमन्त्रीज्यू र मन्त्रीज्यूलाई म सुझाव दिन चाहन्छु । ६ ब होइन ६ स गरौं, तपाईंहरूको झगडा पनि मिल्ला गठबन्धन पनि जोगिएला मैले सुझाव मात्रै दिन चाहेको। सुशासन यो दस्तावेजले सुशासनलाई क्रस कटिङको रूपमा मात्र राखेको छ एउटा सिंगो राम्रो एउटा सिद्धान्तको रूपमा सुशासनलाई बोकेको छैन । सुशासनलाई बोकौं, सभ्यता सभ्यताले हाम्रो कृषि प्रणाली कस्तो थियो, हाम्रो शिक्षा प्रणाली कस्तो थियो, हाम्रो विकास पद्धति कस्तो थियो, भन्ने कुरा जनाउँछ । स्वास्थ्य प्रणाली कस्तो थियो भन्ने जनाउँछ त्यो भएको नाताले सभ्यता, त्यसपछि संरचना इन्फाइस्टक्चर भौतिक संरचनाका कुराहरू गरेका छौं, संरचनाका कुरा गरौं, त्यसपछि साँझेदारीका कुरा गरौं हामी बिचको साँझेदारी, स्थानीय, प्रदेश र संघ बिचको साँझेदारी र राष्ट्रिय र अन्तराष्ट्रि दाताहरू बिचको साँझेदारीका कुराहरू उठाऔं हामी, त्यसपछि सन्तुलीत र समावेशी विकास ६ स दुईटै मुख्यमन्त्री मन्त्रीज्यूहरूको झगडा पनि नपर्ने गठबन्धन पछि बच्ने भएको नाताले यो ६ स तिर लागौं यतातिर लागौं भने म विपक्षी दलको एउटा सांसदले सुझाव दिए गठबन्धन टिकोस किनभने अघि भेनेका कामहरू होला् भनेर मैले तपाईंहरूलाई सुझाव दिन चाहन्छु। त्यसपछि माननीयज्यूले अघि उठाइ त सक्नु भयो सात नीतिको सात दशमलव आठ मा प्रदेश अस्पताललाई यो मानित विश्वविद्यालयको अबधारणाअनुसार स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउने भनिएको छ म पहिला यो मन्त्रालयको विभागीय मन्त्री हुँदा खेरि दुई वर्ष अगाडिसम्म यो फागुन, चैत तिरको क्याविनेटमा होला । माथि केन्द्रको नीति कार्यक्रम आउनुभन्दा अगाडि हामीले सुझाव दियौं क्याविनेटले पास गरेर एउटा सुझाव दिएको छ दुई वर्ष अगाडि प्रोजेक्ट अफिस

खोल्यो मेडिकल कलेजको लागि सात प्रदेशमा मेडिकल कलेज हुन्छन् भन्नेअन्तर्गत सुर्खेतमा पनि मेडिकल कलेज हुन्छ भनेर सरकारले नीति ल्यायो । हामीले के भन्यौं भने मेडिकल कलेजको एकेडेमिक ब्लक बनाऔँदा ढिला हुन्छ भने टिचिङ हस्पिटल राम्रो बनाएका छौं प्रदेश अस्पताल टिचिङ अस्पतालको रूपमा प्रयोग गर त्यो हामी दिन्छौं भनेर हाम्रो प्रदेश सरकारले निर्णय गरेर औपचारिक रूपमा नेपाल सरकारलाई हामीले चिठी दिएका छौं । सम्वभत त्यसैमा टेकेर होला अहिले चाहिँ यो सरकारले के नीति ल्यायोभन्दा बजेटको १ सय ७० नम्बरमा के ल्याएको छ भने गुणस्तरीय स्वास्थ्य शिक्षा प्रादेशिक सन्तुलनका लागि प्रदेश सरकारअन्तर्गतका अस्पतालहरूलाई मेडिकल कलेजको रूपमा सञ्चालन गर्ने सुर्खेत मेडिकल कलेज र प्रदेश अस्पतालको समन्वय गरेर मेडिकल कलेज सञ्चालन गर्छु भनेको छ । भनेपछि ठिकै गऱ्यो हाम्रो प्रदेशको मागलाई सङ्घीय सरकारले बजेटसहित सम्वोधन गरीसकेपछि फेरि हामी नजानेबाटो तिर नजाऔं किनभने यो वार्षिक ५०, ६० करोड रुपैयाँ त बोक्नुपर्ने हुन्छ भोलि प्रदेशले ८, १० अर्ब रुपैयाँको संरचना मेडिकल कलेज बनाउनलाई लाग्छ भने तेत्रो हामीसँग क्षमता छैन किनभने सङ्घीय सरकारले गरिदिने भएको कार्यक्रमलाई हामी डुब्लीकसेन नगरौं म यो प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु । संस्थान चाहिन्छन् चाँहिदैन भनेको होइन तर जुन सङ्घीय सरकारले गर्न खोजेको संरचना छ त्यसलाई बरु छिटो गर्नका निम्ति समन्वय गरौं मेडिकल कलेज बनाऔं म यो आग्रह गर्न चाहन्छु । त्यसपछि यो शिक्षामा यो प्राविधिक शिक्षालाई त्यति जोडि दिएको मैले पाएन् उच्च शिक्षा त बोल्दै बोलेन प्रदेश सरकारले उच्च शिक्षालाई कसरी अगाडि बढाउन सक्छौं प्रदेशको उच्च शिक्षालाई कसरी व्यवस्थित गर्न सक्छौं गरिखाने बनाउन सक्छौं यतातिर पनि हाम्रो सरकार बोलेको मैलेदेखिन् । अनि सामाजिक सुरक्षा पनि जीवनचक्र लाईफ साइकलअनुसार सामाजिक सुरक्षालाई व्यवस्थित गरौं यो छरिएको सामाजिक सुरक्षाले काम लाग्दैन् त्यतातिर प्रदेश सरकारको ध्यान जावस् भन्ने चाहन्छु खेलमा पनि हाई अल्टिच्युट रङ्गशालाहरू जुम्ला र हुम्लामा बन्दैछन् यहाँहरूलाई थाहा छ फेसवुकमा दिन दिनै फुटबल हुम्लाको २९ सय ४६ मिटरमा बच्चाबच्चीले खलिरहेका छन् त्यो हाईअल्टिचिउट हो त्यो जुम्लाको पातारासीमा त्यस्तै छ । यतातिर पनि सरकार बोलेको मैले पाँएन् यसलाई पनि निरन्तरता गर्न म आग्रह गर्न चाहन्छु । कृषि क्षेत्रलाई व्यावसायिक बनाउन आधुनिकीकरण नगरीकन हामी अगाडि बढ्न सक्दैनौं । र एउटा राम्रो स्लोगन सरकारले बगौंचा एक स्वामित्व अनेक त भनेको छ तर अलि हिमाली क्षेत्रका मन्त्रीज्यू तराई क्षेत्र औल्याल भन्छौं हामी तल अलिकति अन्याय भए जस्तो हामीलाई फिलिङ भने किनभने यहाँ सुन्तला खेती राम्रो हुन्छ, कागति त्यतिकै राम्रो हुन्छ, आँप त्यतिकै राम्रो हुन्छ त्यो भएको नाताले त्यता पनि व्यवस्थित गर्ने गरी स्याउ र ओखर मात्रै हैन यी सबैको व्यवस्थापन हुनेगरी बजेट ल्याउनुहोला म आग्रह गर्न चाहन्छु। त्यसैगरी ग्रिन इकोनमीलाई प्रवर्धन गर्ने गरी यो कृषि वन कार्यक्रम अगाडि लैजाऔं त्यता लिर लाग्ने हो भने हाम्रो कृषि वन चाहिँ अगाडि

बढ्छ भन्ने मलाई लाग्छ अनि पूर्वाधारमा विशेष पूर्वाधार मात्र बायोइन्जिनियरिङको कुरा गरेर जाऔँ जसले इन्भारोमेन्ट प्रोटेक्सनको काम गर्छ । त्यतातिर पनि म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । अर्को गरी बुँदा नम्बर २९ मा चाहिँ यो सुर्खेत र सुर्खेतबाट मात्रै उड्ने पेलेनलाई मात्र भनिएको छ त्यो होइन माननीय मुख्यमन्त्रीज्यू सुर्खेत र नेपालगञ्ज जो दुर्गम ठाउँबाट उड्छ जो जो जनता उड्छन् फेरि कारगोलाई हामीले दिने होइन विदेशी उड्दा खेरि पनि हामीले दिने होइन नेपालगञ्ज हाम्रो प्रदेश पर्दैन भनेर होला तर यात्रु चाहिँ यो कर्णालीकै हुन्छन् त्यो भएको नाताले कर्णालीका यात्रु चढ्ने कुनै पनि पेलेनमा चाहिँ यात्रु चढ्ने कारगोलाई होइन यात्रु चढ्ने पेलेनलाई फ्यूलमा शब्सिटि दिऔँ त्यतिमै मान्छेलाई बुझाउने, संस्थालाई बुझाउनेभन्दा पनि फ्यूलमा शब्सिटि दिने व्यवस्था गरौँ भन्नेचाहिँ म आग्रह गर्न चाहन्छु । त्यसैगरी सरकार आपूर्ती व्यवस्थाको बारेमा बोलेको छैन, आपूर्ती व्यवस्थालाई कसरी सुलव बनाउने, कसरी राम्रो बनाउने भन्ने कुरामा पनि सरकार अलिकति बोलोस् भन्ने म आग्रह गर्न चाहन्छु । त्यसैगरी प्रदेश राजधानीसँग जोडिनेदेखि लगेर हिल्साको फास्ट ट्रायकको कुरा उठाएका थियौँ, त्यो र दैलेखको जुन गौरवको योजना हो दैलेखको पेट्रोलियम पदार्थ उत्खनन्को निम्ति पनि हाम्रो नीतिले बोलोस् किनभने हामीले सङ्घीय सरकारसँग समन्वय गरौँ कमसेकम प्रदेशको प्राथमिकता परेछ भन्ने अन्तराष्ट्रिय दाताले पनि अन्तराष्ट्रि लगानी कर्ताले पनि सङ्घीय सरकारले पनि बुझ्छ त्यो भएको नाताले नीतिमा यस्ता कुराहरू राख्नको लागि पनि म आग्रह गर्न चाहन्छु । त्यसैगरी अर्को को हाम्रो आन्तरिक मामिला मन्त्रीज्यूले उमेरले पाकै भए पनि चलचित्र बनाउने, फिलिम सुटिङ गर्ने राम्रा संरचना बनाउछु भन्नु भएको रहेछ अब यो यहाँ त चलचित्र बनाउनलाई सबै क्षेत्र छन् एउटै महाबु होइन रारामा, शे– फोक्सुण्डोमा, लिमीमा कति सुटिङ गर्ने स्थलहरू छन् छन् तर त्यसको पूर्वाधार हामी बनाएर सम्भव हुँदैनन् यतातिर बजेट हाल्ने नीति साँझेदारी गर्ने भ्रम हुन यस्ता कुराहरू नल्याऔँ, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री अमृता शाही, समय सात मिनेट,

**माननीय श्री अमृता शाहीः-** माननीय सभामुख महोदय, आज कर्णाली प्रदेश सरकारको २०७९/०८० को नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिँदैछु । सभामुख महोदयको आशाले सम्मानित सदनमा नीति तथा कार्यक्रममा भाग लिँदै गर्दा मैले यो साढे १८ पाना ५३ बुँदाको नीति तथा कार्यक्रमको पुस्तक हेर्दै गर्दा यसमा सम्पूर्ण कर्णालीवासीका सुखी कर्णालीवासी सुखारी कर्णालीवासीका सम्पूर्ण भोक, रोग, गरिबी, अशिक्षा, जति छ यसैमा सबै यसम सिमेटिएर आएको छ । यो नीति तथा कार्यक्रममा भनिएको छ । कृषि सबैभन्दा सबैभन्दा बढी कार्यक्रम आउन जरुरी छ, किनकि कृषकलाई मल औजार पनि छ र आएको छ कृषकहरूलाई विदेश गएर आएकोलाई पनि कृषिमा लगाएर अनुदान दिने कुरा छ, विद्यालयमा छात्रवृत्तीको कुरा पनि छ सुत्केरी कर्णालीमा पहिला पनि थियो पहिलाको कुरा नदोहोऱ्याउने हो भने सुत्केरी प्लेनबाट सुर्खेत

अस्पतालमा ल्याइन्थ्यो त्यो पनि छ, बर्थिङ सेन्टरको कुरा पनि आएको छ । ओखर, स्याउको कुरा पनि आएको छ । म के भन्न चाहन्छु भने सभामुख महोदय, जति छ यो यसलाई हामीले सबै मिलेर एकदमै जनतासामु पुऱ्याएर कर्णालीको रोग, भोकबाट ग्रसित जनताको जीवन स्तरलाई समृद्ध कर्णाली सुखारी कर्णाली प्रदेश बन्ने छ । सुर्खेतको भेरीगङ्गामा बिमानस्थल बन्ने कुरा आएको छ सङ्घीय सरकार र प्रदेश सरकारको प्राथमिकतामा परेको छ त्यो एकदमै राम्रो हो । कर्णालीको मूल द्धावर मा यो राम्रो हुनेछ । द्वन्द्व पीडित जस्तै महिला एकल महिला, राजी, दलित यो कार्यक्रम आएको छ यो यसलाई बजेटमा छुट्टा छुट्टै आउने छ । कृषकहरू जति पनि उत्पादन हुन्छ त्यसमा विचौलीका कारण कारण किसान मारमा छन् । यसको लागि १० जिल्लामा स्थानीय तहमा कृषि हाट बजार राख्नुपर्छ त्यसमा कृषकले ल्याएको तरकारी फलफुल, अन्न सिधै उपभोक्ता सामु ल्याउने व्यवस्था गर्नुपर्छ । मैले यो कुरा राखे । यो पुस्तिका हेर्दा गर्दा एकदमै राम्रो छ ठूला ठूला सपना देखाएर मात्रै के गर्ने कुना एक छाक नपाएर तड्पीरहेको अबस्थामा बजेटको बारेमा यस्ता कुराहरू आएका छन् । कार्यक्रमहरू लागु गर्नको लागि सम्पूर्ण प्रतिपक्ष दल सबैले समर्थन गरेर यो बजेट जनतासामु पुऱ्याउनुपर्छ भन्ने लाग्छ मलाई । यति कुरा राख्दै आफ्नो दुई कुरा यही राखे धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब म कर्णाली प्रदेशका मुख्यमन्त्री श्री जीवनबहादुर शाहीलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रममाथि छलफल हुँदा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाहरूको सम्बन्धमा कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम ३७ को उपनियम (२) बमोजिम सरकारकोतर्फबाट जवाफ दिन समय दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री जीवनबहादुर शाहीः-** माननीय सभामुख महोदय, सर्वप्रथम यो जुनेचाँदेमा बिहान दुर्घटना भएको छ त्यहाँ तिन जनाले ज्यान गुमाउनु भएको छ । उहाँहरू प्रति हार्दिक श्रद्धाञ्जिली व्यक्त गर्दै उहाँहरूको परिवार प्रति समवेदना प्रकट गर्न चाहन्छु । घाइतेहरूको शीघ्र स्वास्थ्य लापको भगवानसँग कामना गर्दछु । हस्पतालमा भएका बिरामीहरूको यथाशीघ्र उपचार राम्रो ढङ्गले गर्नका लागि सरकारले निर्देशन दिइसकेको छ । यति कुरा राख्दै नीति तथा कार्यक्रममाथि छलफलको विषयमा जसरी यो सदनमा माननीय सांसदज्यूहरूले अत्यन्तै महत्त्वपूर्ण सुझावहरू तर्कहरू सचेत हुने बाटाहरू कमीकमजोरीहरू औंल्याउनु भएको छ त्यसको लागि त्यसको लागि म सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यो बेला मात्र शान्ति मिल्छ त्यो बेला मात्र निन्दा लाग्छ । जुनबेला मनको शान्ति हुन्छ अनि मात्र निन्द्रा लाग्छ जब मनको शान्ति हुँदैन राती एक बजे पनि मान्छे छट्पटाउँछ । सायद हाम्रो नीति तथा कार्यक्रमले त्यो बाटो तिर पनि लगेको हो कि भन्ने पनि मलाई लागेको छ र मैले धन्यवाद दिनै पर्छ किनकि हामी सबैले भन्ने गरेका छौं हामीहरू जो अहिले यो सदनमा हामी ४० जना छौं २०७४ को चुनावमा हामी निर्वाचित भएर आएकाहरूको यो अन्तिम नीति तथा कार्यक्रम हो । र

हामीले बनाउने बजेट, बजेटमा ती सुझाव राख्ने कुराहरू पनि अन्तिम नै हो । तर मैले यो हो भनेर मात्रै सम्झिनु हुँदैन । हिजो साढे तीन वर्षसम्म दुई तिहाईको सरकारको नेतृत्व गर्ने, त्यसमा रहनु भएका मन्त्रीज्यूहरूलाई पनि मैले हार्दिक धन्यवाद दिनै पर्छ । साढे तीन वर्षको नीति तथा कार्यक्रम आएको हो । उहाँहरू धेरै दुख कष्ट गर्नु भएको सुरूवात गर्नु भएको सुरूवातीका दिनहरू तर संयोग गरेछ त्यो बेलामा मुख्यमन्त्री, मन्त्रीज्यू सबै ल्यापटप चलाउन सक्ने, अबस्थाको हुनु भएकाले यति चाँडोपनि राम्रो पनि भएको होला । यसमा पनि म धन्यवाद दिन चाहन्छु । त्यसपछि फेरि साढे ६ महिनाको फेरि सरकार बन्यो नेतृत्व त पूरानै हो त्यो कोही तीन वर्षसम्म प्रतिपक्ष भएर बसेका, बिरोध गरेका, ती पनि हाम फालेका सबैले फ्रोलोर नै क्रस गरेर आएकाहरूको सरकार पनि बन्यो यहाँहरूको भाषामा सभामुख महोदय, सभामुख महोदय,मार्फत मैले माननीयज्यूलाई भन्न चाहिँ किनकि त्यो अघि त्यसमा पनि कुराहरू आएका छन् । त्यसमा पनि केही राम्रा प्रयासहरू भएका छन् र त्यो काम मेहेनतलाई पनि ती मन्त्रीज्यूहरूलाई पनि म हार्दिक धन्यवाद दिन चाहन्छु । अब अहिले आइसकेपछि यो ६ महिना अघि माननीयज्यूले आशंका गर्नुभयो कतै गठबन्धन नै टुट्न लागेको होकी चिन्ता नगर्नु होला टुटे पनि खुसी हुनुहोला् यता टुटे के होला त उतै त होला त्यसमा केही राख्नुपर्दैन् नमान्नको लागि म आग्रह गर्न चाहन्छु । र मलाई वास्तवमा भन्ने हो भने असाध्यै खुसी लागेको छ मान्छेलाई लाग्ला कतिले हामीले आत्मसम्मानका लागि बोल्छौँै होला कतिले हामीले भएका कुरा बोल्छौं होला तर म एउटा कुराचाहिँ भन्न चाहन्छु केही माननीयज्यूहरू या त्यो २०७४ मा होस् वा आज आएर २०७८ मा होस् वा त्यो सत्ता पक्षमा होस् वा प्रतिपक्षमा होस् उहाँहरूले दिएका सुझाव निरन्तर अंग्रेजिमा कन्सिडेन्सी भन्दो रहेछ निरन्तर त्यहीं नै कुरा हो । नत्र हामी नेपालीहरू यस्तो जात पनि हो तुरुन्तै रंग फेरि फेरी हाल्ने सत्तामा हुँदा दुनियाँ नदेख्ने सत्तामा नहुँदा मुन्टो निउराउने हामी नेपालीहरूको जे जस्तै भए पनि हाम्रो त्यस्तो छ । त्यस कारणले मलाई कहीँले कहीँले लाग्छ गाउँतिर भन्थ्ये कागलाई जिस्काउँछ काग बाठो किन, केक किन छान्छ काग किन बाठो भन्छ अब यहाँ हामीले वस्तवममा भन्ने हो भने सभामुख महोदय, कागले कोईलीलाई गिज्याउनुपनि छैन कोईलीले कागलाई गिज्याउनुपनि छैन । त्यो कुरामा हामीले सम्झिनु पर्छ भन्ने जस्तो लाग्छ, र मलाई लाग्थ्यो सरकारले गर्ने कुराहरूमा कस्तो ल्याउँछ त धेरैको कल्पाना पनि थियो आयो पार्टी विशेषमा भन्ने हो भने एउटा खालको पार्टीको हिजो बसेको, चुनावी कार्यक्रम पो ल्याउँछ कि अथवा पहिलाकोलाई वाईगट नै गर्छ कि अथवा आफू प्रतिपक्ष हुँदा खेरि बोलेका शब्दहरूलाई भुक्लुक्कै भुल्छ कि भन्ने कुरो पनि नआएको होइन अब ६ ब तीन वर्षसम्म रटेकै शब्द त हुन् नी अब ब जोड्दै जाने हो भने त जे पनि भन्न सकिन्छ नी तर मलाई के लाग्छ भने एउटा उसमा यी भएका कुराहरूलाई ज का कुराहरू, ७ ज का कुराहरू गर्ने प्रचलन छन् । यो ब भनेको आज मात्र होइन बिसौं वर्ष अगाडि कर्णालीको विकासको लागि यो हो

। यहीभित्र नै रहेर अगाडिको सरकारले काम शब्दको प्रयोग भएन होला् र यो उद्देश्य जुन भनिएको छ । बाटो, बिजुली, बजार, व्यवस्थापन के बाटोको लागि इन्फास्टक्चरको लागि हामीले नगरेको हो त सबैले गऱ्यौं त्यहीं नै हो बाटो नबनिकन बिजुली आउन सक्दैन भन्ने कुरा गरेकै हो । त्यसपछि मार्केट यी सबै कुराहरू यसभित्र नै छ जस्तै भन्छन् नी बिचार भनेको ठाउँभित्र यस्तो रे बिचार भनेको ठाउँभित्र के कुरा हुन्छ त्यसलाई के भन्छन् थर्ड भन्छन् थर्ड भनेपछि हरेक कुराहरू त्यसभित्र अटेको हुन्छ । त्यसैले यसलाई पोलिसि भन्ने कुरा गरिन्छ । पलिसि भन्ने कुरा के हो भने सबै कुरा यसमा आउनुपर्छ भन्ने कुरा होइन मैले भने तर कुनै नयाँ स्वार्थ मेरो कुनै नयाँ चाहाना छैन किनकि मैले अहिले जति कुराहरू राखेको छु यो दुई तिहाई सरकारको बेला भएका योजनाहरूलाई नै त्यो नीतिलाई नै अधिकांश निरन्तरता दिएकै हो । सरकार त्यसको अभिच्छिन्न अङ्ग हो कुनै सरकारले बिद्रोह गरेर त्यो सरकारलाई ढालेर अर्को कुरा आएको होइन त्यस कारणले या त तपाईंहरूले ७५ भन्नुहोला् म त भन्छु ९० प्रतिशत ती नै कुराहरू हुन् र अहिले धेरै माननीयज्यूले पनि भन्नुभयो ल्याउने भनेको छ जस्तै हामीले हटायौं सुरूको नीतिमा के आएको थियो त एकदमै यहाँ पनि सुरूङ मार्ग खोप्ने, उता पनि सुरूङमार्ग खोप्ने, यता पनि खोप्ने अनि त्यहाँबाट रेल पनि ल्याइहाल्ने, केवलकारपनि ल्याइहाल्ने भन्ने कुराहरू धेरै थिए त्यसमा अहिले हामीले गर्न सक्ने के रहेछ एउटा पनि डिपिआर भएन एउटा पनि डिपिआर नभएपछि अहिले आएर यो डिपिआर गर्न सक्ने अबस्थामा रहन्छौं रहदैनौं हाम्रो संयन्त्र पनि यस्तै छ । साउन १ गतेबाट बजेट अगाडि जानुपर्ने होला तर पनि त्यो अगाडि बढ्दैन् नबढ्ने भइसकेपछि ढिकै छ अब ती आउनेको लागि हामी जिम्मेवारी दिएर गयौं भने राम्रो होला आउनेहरूले सुरूवात, तर अहिले यो सरकारले के सोच्यो भने हामीले कमसेकम पनि बदनामि त भएर नजाऔं यो नसोचौं माननीय सभामुख महोदय, तैले मात्र यो गरेको होस् हामीले हैनौं भन्ने कोही छैन जुठा छौं भने हामी यो हलभित्र भएका सबै जुठा छौं चोखा छौं भने हामी सबै चोखा छौं । गरेका हौं भने हामी सबैले गरेका छौं गरेका छैनौं भने हामी कसैले पनि गरेका छैनौं । यो कुरालाई हामीले भुल्नु हुँदैन । मैले एक जना माननीयज्यूले बारम्बार यहाँ उठाउनुभएको कुरालाई म त्यो आत्मसाथ गर्न चाहन्छु । सधैं भन्ने गर्नु हुन्छ हाम्रो चरित्र हाम्रो प्रवृति, हाम्रो सोच, हाम्रो चिन्तन जति पढेलेखेका हामी भए पनि हाम्रो चिन्तन त्यहीं नै छ । होला यहाँ आएर माननीयज्यूहरूले एकदमै राम्रो छ ओहो भने त भगवानलाई त राम्रो भन्दैन् भने म बिचरा बबुरोलाई त तर नियती के हो भन्ने कुरा हो अहिले धेरै माननीयज्यूहरूले भन्नु भयो पहिला योजनाहरूमा विभेद भएका थिए। योजनाहरू समानान्तर ढङ्गले गएका थिएनन् समानुपातिक ढङ्गले गएका थिएनन्, भन्ने कुरा हामी सबैले बुझ्नुपर्छ हो अहिले पनि समानुपाति हुँदैन म तपाईंहरूलाई प्रस्ट रूपले भन्न चाहन्छु किन हुँदैन भने नयाँ राखेका छैनन् पूराना तिनै हुन् पूराना हिजो माननीयज्यूले बोल्दा खेरि भन्नुभयो एक सय ३२ ओटा त बहुवर्षीय आयोजना छन् । करडौंको त्यो

लगानी भइसकेको छ तिनलाई मिलाउने हो भने एक सय ३२ ओटा बहुवर्षीय आयोजना रहन सक्दैनन् फाल्नुपर्ने हुन्छ । यो फालेको भए सायद फेरि भनाइ आउँथ्यो कि यत्रो राज्यको पैसा खर्च भइसकेपछि आज यो किन फालियो भनेर भन्ने कुरा आउँथ्यो होला सभामुख महोदय, त्यस कारणले अहिले नै हामीले के भन्यौं भने अधुरा योजनालाई पूरा गर्ने, अन्तिम वर्षको रूपमा हामीले गरौं हो म मुख्यमन्त्री छु । हुम्ला जिल्ला यहाँहरू सबैले देख्नु भएको छ सडक नपुगेको गाउँमा नपुगेको कहीं पुगेको छैन । भोलि बजेट आएपछि हेर्नुहोला मेरो भागमा पनि एउटा २४ ओटा क्षेत्रमा एउटा बहुवर्षीय आयोजना परेको छ । त्यो पनि अस्ती भर्खरै तपाईंहरू दुईचार जनाको पर्मीसनमा, क्रमागत योजनाहरू यति धेरै छन् सुनियो पनि मन्त्रीज्यूहरूकाले भन्नुभयो अलि राम्रा कुरा आयो भने त्यो त हाम्रै पालामा बनाइसकेको थियो यो कुरा किन ल्यायौं भन्ने छन् भएन भने किन ल्यायौं भन्ने कुरा छ हो त्यसैले तपाईंहरूकै पालामा बनेको दुईतिहाईको सरकारको बेलामा भएको कुरालाई मैले हटाउन चाहेन । किन चाहेन भने भोलिको पिँडीले हामीलाई सराप्ने छ । कर्णालीका नेताहरू कस्ता रहेछन् यत्रो पैसा खर्च गरेर सारा भंग गरे भनेर म आफू मैन बत्तिको दियोमा जलेर पनि तपाईंहरूले गरेका कामहरूलाई उज्यालो दिन खोजिरहेको छु । सभामुख महोदय, म बोल्ने माननीयज्यूहरूलाई त्यो भन्न चाहन्छु, कुनचाहिँ योजना काटियो, कुन चाहिँ योजना भएन, केही कुराहरूलाई हामीले जस्तै शब्दमा पहिला पनि भन्ने गरिएको थियो । के भनिएको छ त बैङ्क खाता छोरीको सुरक्षा जीवन भरीको सभामुख महोदय, म भन्न चाहन्छु । प्रत्येक वर्ष झण्डै झण्डै १२, १३ करोड रुपैयाँ गइरहेको छ अब अर्को वर्षबाट अर्बको रूपमा पैसा हाल्नुपर्ने हुन्छ । पैसा के गरेका छौं व्यक्तिको खातामा हाल्यौं त्यो व्यक्तिको खातामा गएको पैसालाई हामीले झिक्न मिल्दैन सभामुख महोदय, व्यक्तिको खातामा हाल्ने, त्यो झिक्न मिल्दैन् त्यो कुनै ठाउँमा लगानी गर्न मिल्दैन् त्यो लेखेर के दिएका छौं भने २० वर्षभन्दा अगाडि त्यो पैसा झिक्न मिल्दैन् बैङ्किङ नीतिले सरकारले पैसा देउभन्दा आउँदैन त्यसलाई अलि राम्रो गर्नुपर्ने हो । नर्मली २० वर्षसम्म किन राख्यौं परिकल्पना गर्ने हो भने १४देखि २० वर्षका केटीहरू २० वर्षको उमेर नपुग्दै विवाह नगरुन, ड्रप रेड नआवस्, स्कुल ड्रप रेड नहोस् भन्ने कुराले हो नी त त्यो भएको भए यसलाई १४देखि २०सम्मका जुन बेला बालविवाह हुने उमेर १४देखि २० वर्ष त्यसलाई राखेर गरिएको हो । अथवा यो कार्यक्रमलाई हामीले के भन्यौं भने अब अलिकति लगानी हुने किसिमले हेरौं, हिजो साढे ३ वर्षसम्म मन्त्री रहनु भएका माननीयज्यूहरूलाई म आग्रह गर्न चाहन्छु । आजको कार्यक्रम सुन्ने निन्द्रा लाग्ने भए पनि तपाईंहरूकै कार्यक्रम हुन् उर्जा आउने भए पनि तपाईंहरूकै कार्यक्रम हुन् ती कम्पिलिट भएका थिए । त्यस कारणले पर्सीको बजेटमा देखाइहाल्छ नी यो झुटो बोल्नुपर्ने कुरा छैन, शब्द जाल गर्नुपर्ने कुरा छैन, सत्य र झुटो के हो भने पर्सीदेखिन्छ । त्यस कारणले मैले त सोचेको थिए म अरू यो मानेमा होइन हो मानेमा धन्यवादको पात्र हुन्छु हाम्रा कार्यक्रमहरू कुनै पनि कटाएन् सायद हुन्थ्यो

होला पास, हुँदैनथ्यो होला अर्को हुन्थ्यो होला । एउटा छुट्टै कमजोर दलको नेता म मुख्यमन्त्री थिए, चुनाव आइरहेको थियो, चुनावी बजेट पनि ल्याउन सकिन्थ्यो होला सभामुख महोदय, हिजो भएको पनि हो, हिजो पूर्व मुख्यमन्त्रीले केही मन्त्रीज्यूहरूलाई बहुवर्षीय आयोजनाहरूलाई दायित्वको पैसा मात्र छुट्याएर मात्र नयाँ बनाउ भनेर तिन चोटि, चार चोटिभन्दा हुन्छ हुन्छ भन्दै नबनेको हो नी त आज के छ हालत यी कुराहरूलाई हामीले सम्झिनुपर्छ भन्ने लाग्छ मलाई । आज ती २०७६/०७७देखिका पैसा त्यो भुक्तानी हिजोको हो र आजको हो र आज झण्डै एक अर्ब ३० करोड रुपैयाँ पूराना पैसालाई भुक्तानी दिएको छ । यो यही सदनमा उठेको थियो झण्डै झण्डै ४०, ५० करोड रुपैयाँ गइसकेको छ अरू प्रोसेसमा छ । हामीले तिर्नुपर्ने १ अर्ब ३० करोड रुपैयाँ छ । ६० करोड र शसर्तको अस्ती नै हामीले दिइसकेका छौं । २४ करोड पहिला नै मुख्यमन्त्री रोजगार कार्यक्रमको गएको छ । यो पूरानो भुक्तानी दिएका छौं । यो त अहिल्यै भएको हैन, तीन वर्ष अगाडि त्यो हेर्नुस् सधैं त्यो भएकोमा अहिले हामीले राम्रो गरौं भन्ने हिसाबले हामी गयौं सभामुख महोदय, अब मैले धेरै ब को हिसाबमा भन्न चाहेन यो सबै बुझ्ने हो भावना लिने हो भने यी सबै कुराहरू त्यहीँ छन् उद्योग धन्दाका कुरा, सडकका कुरा, बिजुलीका कुरा हरेक कुराहरू छन् । तर केही जेन्यून कुराहरू जस्तै केही माननीयज्यूले न्यून कुरा के गर्नु भएको छ भने अब हुने कुरामा चनाखो हुनुस् है मेरो पनि कानमा आइरहेको छ तर अघि एक जना माननीयले भन्नु भयो वास्तवमा भन्ने हो भने तपाईं मन्त्रीको अनुहार हेर्न सक्नुहुन्छ, कुनै पनि मन्त्रालयमा बजेट छैन, भौतिक मन्त्रालयमा सभामुख महोदय, अब नयाँ बाँड्ने हो भने २० करोडभन्दा बढी बजेट छैन, त्यो सबै के मा छ त बहुवर्षीय, क्रमागत मैले आज दुखःका साथ भन्नुपर्छ यस्तो प्रचलन ल्याइयो यी डिपिआरको नाममा तथानाम भएको छ डिपिआर, डिपिआर तर ती डिपिआर सार्वज्निक लेखाले पनि खोज्यो कसैले पनि हामीले पनि केही भनेनौं । आज ती कसको पालामा भएका हुन् त, यी योजनाहरू कहाँ कहाँका हुन् त एकता तिर किन गरिस् भने जस्तो पनि अर्को तिर हुबहु त्यहीँ त्यहीँ ल्याइस् त, हुबहु त्यहीँ ल्यायो भने त धन्यवाद पाउनुपर्‍यो । फोटोकपी गरेर ल्याएको हो भने त धन्यवाद पाउनुपर्‍यो होइन खतम बनाइस् यो भने पछि गालि पाउनुपर्‍यो । यो त नर्सिङ अबतार जस्तो भयो सभामुख महोदय, न आकाश धर्ती, न बाहिर नभित्र यो के हो भने एउटा बौद्धिक सर्कल हो बोल्नुहोस्, यो गलत गरिस् गलत हो, हैन यो यो ठिक हो भने ठिक हो । त्यस कारणले अनेक खालका हामीले गर्छौं ठिक हो । अब प्रतिपक्ष भएपछि गर्नुपर्छ हामीले पनि हाम्रो एक जना माननीयज्यूले सोझो भाषामा बोल्नुहुन्छ त्यहीँ त होला भन्नेहो त्यो हुनुपर्छ । तर छ नी त्यसमा पनि सकारात्मक रूपले गर्ने कुराहरूमा हामी लाग्नुपनी पर्ने हुन्छ, गर्नुपनी पर्ने हुन्छ । हैन हामी यहाँ सिरिप मन्त्री भएकाहरू झण्डा हल्लाउनलाई मात्र होइन केही गरौं भन्ने सबैको मनभावना छ । तर यो चिन्ता फेरि पनि म दोहोर्‍याएर भन्न चाहन्छु । चिन्ता के हो भने २०७४ मा निर्वाचित भएर आएका कर्णाली प्रदेशका

माननीयहरूको हविगत के रैछ । आज मलाई लाग्छ सभामुख महोदय, कहीँले कहीँले आफ्नै छातीमाथि भक्कानिएर आउँछ क्षेत्र विकास कोष नगरको होइन सभामुख महोदय, कुनै कुरा नीतिमै आउनुपर्छ भन्ने होइन । तर आज त्यसैका नाममा ५० लाख बाबुका नाममा दिने ५० लाख छोरीका नाममा दिने योजना पनि भएकै छन् त अब मैले त्यो खोजी गर्दै जाने हो भने मैले कसलाई कता कता राख्नुपर्ने हो । विभेदका नाममा भन्ने हो भने हामी निर्वाचित भएकाले आफूलाई धेरै ठूला सम्झियौं आफ्नै क्षेत्रमा रहेका समानुपातिकलाई पैसा हालेनौं सभामुख महोदय, हाम्रो त छ त विधि मान्नुहुने सांसदहरूले भन्नुपर्ने कुरा के थियो भने विधि के छ भने त्यो हालेको पैसा समानुपातिक छैन के गर्ने नभए पनि यो जिल्लाभरीमै छ भने अनुगमन गर्ने हो । तर जुन ठाउँमा निर्वाचित हुनुहुन्छ त्यो ठाउँमा समानुपातिक पनि सदस्य छन् उहाँहरूलाई पनि केही न केही गर्ने हेर्रे भन्ने त छ त तर आफ्नो हातमा परेपछि त कसैले छोडेन् तर सरकार प्रमुखको हैसियतले मबाट त्यस्तो हुन सक्दैन माननीय माननीय नै हुन् एउटाको जिम्मेवारी अलि बढी छ प्रत्यक्ष जनताबाट निर्वाचित भएर आएको छ । एउटा पार्टीको मतबाट आएको छ । उहाँहरूको पनि मर्यादा त्यहीं नै छ तर काम गर्ने कुरामा कम्तीमा पनि त्यो छुट्याइनु हुन्न भन्ने मेरो धाराणा अहिले पनि छ सभामुख महोदय, यी कुराहरूबाट अगाडि बढ्नुपर्छ भन्ने मैले यी कुराहरू मैले सोचिरहेको छु ।

अब हाम्रो समाज हामी कसरी हुर्कीयौं अघि नै मैले भने अब आज पनि भन्छु फरीपनि दोहोर्‍याएर भन्न चाँहि बजेट सन्तुलित हुँदैन किने हुदैन् नयाँ भएको छ नयाँ राख्यो भने तलाईले हेर्नुस् त्यो सन्तुलित हुनेछ तर असन्तुलित भएको बजेटलाई कि मैले ती कार्यक्रम छोड्नुपर्‍यो कि त्यहीं राख्ने हो भने त्यो सन्तुलित हुँदैन किनकि यो सन्तुलित गरिएको छैन । त्यो एउटा हिजो सरकार प्रमुखलाई मात्रै नभनम मन्त्रीज्यूहरूले पनि म म भनेर छातीमा हात राख्नुहोला् मैले कुन ठाउँमा कति राखे र कुन ठाउँमा कति राखिन् भनेर छातीमा हात राख्नुहोला भन्ने म त्यो भन्न चाहन्छु । र यो हो यो मैले स्वीकार गर्नुपर्छ यो हिजोकै बिरासतको कन्टिव्यूसन् हो । त्यस कारणले त गठबन्धन भयो गठ छोडेपनि बन्धन भछोड्नु भन्छन् नी प्रतिभाबन्धन भने जस्तै गठ छुट्न सक्छन् बन्धन छुट्दैनन् त्यसमा त्यहींअनुसारले, त्यहीं छलफलले त्यहींअनुसार अगाडि जान्छ । अब यो विविध खाडललाई कसरी घटाउने भन्ने कुरा पनि आएका छन् यो जाजय कुरा हो अब यो खाडल घटाउने भने उपाए भनेको अहिले नयाँ हुने बजेटमा मैले मन्त्रीज्यूहरूलाई सोधनसक्नुहुन्छ मैले कुनै दबाब दिएको छैन बजेट सन्तुलित भएन भने त्यो बजेट पास हुन सक्दैन त्यस कारणले दुई चोटि, तीन चोटि हेरेर नै बजेट सन्तुलित गर्नुहोस् होला ४०, ५० लाख रुपैयाँ फरक होलान ती सानासानामा तर यो त यहाँ सबै खतम गरेछ यहाँ भएनछ भनेर त्यो चाहिँ गर्नुहुन्न भन्ने कुरामा हामी लागेकै छौं । र अहिले धेरै कठिन कुराहरू आइरहेका छन् हामीले यस्तो संविधान बनायौं हामी उत्साहित भयौं यस्तो संविधान बनायौं कि मौलिक हक त कति छन् कति मौलिक हकको

लागि मुद्दा दायर गर्ने हो भने अब एउटा मुद्दा गइसक्यो अब सबै मुद्दा जानेन भने तपाईंहामी जो जनप्रतिनिधि भए पनि केही गरौंला जस्तो मलाई लाग्दैन् । अस्ति त शिक्षाको मा गयो अब स्वास्थ्यकोमा जाला, आभासकोमा जाला, वातावरणकोमा जाला तपाईंहामी संङलग्न दलका नेताहरू र तपाईंहामी केही मान्छेले नै त्यसमा दस्तखत गरेका हौं । र आज हाम्रो त्यो सम्भावना छ कि छैन भन्ने कुरालाई हामीले सोच्नैपर्ने हुन्छ अर्को कुरा यो आन्तरिक आम्दानीको कुरा जस्तै वितरणमुखी भयो भन्ने कुरा आइरहेको छ । यसमा पनि म सभामुखम महोदय, पूर्व मन्त्रीज्यूहरूलाई आग्रह गर्न चाहन्छु त्यो वितरणमुखी आजबाट सुरू भए कि २०७५बाट सुरू भयो । काट्न सकिएन् अहिले आएर तपाईंहरूले सोच्नु भएको होला, यी सबै कुरा किन अहिलेको नीति तथा कार्यक्रम अस्ति प्रदेश प्रमुखले भन्दै हुनुहुन्थ्यो जम्मा एक घण्टाको मात्रै रैछ । पढ्न पनि सजिलो भयो दुई नम्बरमा हुँदा त पानी पिउँदै पढ्दै गर्दा ढाई घण्टासम्म मलाई गाह्रो भयो ती भनेका कुराहरू यहाँहरूलाई नै थाहा छ । नीतिमा भएका कुरा कार्यक्रममा आउनै पर्छ, बजेटमा आउनै पर्छ तर नीतिमा नभएका कुराहरू पनि बजेटमा आउँछन् । सबै कुराहरू अघि यहाँहरूले भनेजस्तै गर्ने हो भने त यो ५२ पुष्ट हैन १५२ ले पनि भ्याउँदैन त्यो सबै कुराहरू, सुठो राख्नै पऱ्यो रुठो राख्नै पऱ्यो, सुन्तला राख्नै पऱ्यो, सुन्ताला राखे आँप किन नराख्ने, आँप राखे अम्बा किन नराख्ने, अम्बा राखे केरा किन नराख्ने अब केरा राखेपछि डेरा पनि राख्नै पऱ्यो त्यस्तो त्यो खालको चाहिँ हुदैन भन्ने जस्तै अहिले एउटा धेरै माननीयज्यूहरूले भन्नुभयो कर्णाली भनेको साबिकको पाँच मात्रै हो त होइन जरुर होइन त्यो साबिकको हो यो कर्णाली हो ।

मेकिङ कर्णाली भने पछि त रासी पनि पऱ्यो भेरी पनि पऱ्यो स्याउ र ओखर जोनको कुरा गरे अरू जोनहरू नहुँदै पहिला सुन्तला जोन अरू जोन भएको र भोलि कार्यक्रममा आएपछिदेखिहाल्नुपर्छ । यी त सबै कुरा लेख्ने कुरा होइन फलफुल अहिले त अलिकति हाईहिमालयन भ्यालु भएको भन्ने कुराले मात्रै हो अब अलिकति उक्च हिमालमा हुने कुराको अलि भ्यालु हाई हुन्छ भन्ने हिसाबले मात्रै हो त्यो स्याउ र ओखरलाई भएको मुख्यमन्त्रीहरू त्यतैका हुने भेरीका अहिलेसम्म नहुने, रासीका पनि नहुने त्यस कारणले सुन्तला पनि नहुने होइन भन्ने लाग्छ सभामुख महोदय, सुन्तला पनि हुन्छ, आँप पनि हुन्छ त्यस कारणले हामीले अहिले भनेका छौं यो वर्षलाई वृक्षरोपण को वर्ष हुनेछ । अघि एक जना माननीयज्यूले भने जस्तै सही कुरा हो अब जंगल जंगलमा कुरा पनि रोपौं आँप पनि रोपौं सुन्तला पनि रोपौं किनकि सोयल माटोलाई जोगाउने भनेको तै वृक्षरोपणले हो । कार्यक्रम छन् कृषिका पनि पाँच लाख कति हुँदा रहेछन् अब यो वर्ष भनेर लगिसकेपछि अब हामीले डबलमा लानुपऱ्यो । बाख्रा पालनको पनि कुरा छ, बाख्रा पालन हुनेभयो अहिले मैले हेर्दा खेरि सभामुखम महोदय, बाख्रा पालनको लागि योभन्दा अगाडि सरकारले सल्यानमै फोकस गरेको छ र सल्यानमा गएको पैसाले बाख्राको उन्नति पनि भएको छ । अब भेडा हुने ठाउँमा भेडा पालन भनेको छ । बाख्रा हुने ठाउँमा बाख्रा

पालन भनेको छ । भैसी पालन हुने ठाउँमा भैसी पालन भनेकै छन् भलै कति भैसी नभए पनि गोठ त छँदै छ । दुख बनाउन नसके पनि हामीले डेरी त झुण्डाएकै छौं त्यसको दोषी को त तपाईंहामी सबै हामी जान्छौं टकटक गयो । आफू नजिकको भए पछि चुपलाग मोरा धेरै बाहिर हाल्ला गर्नाले बिगारीहालीस् भन्छन् अर्काको भएपछि त्यसको टुपी उडाउने कि धोती उडाउने भन्नेमा लाग्छौं हामी अब अर्गानिकको कुरा भयो हो आज मैले सुन्दै थिए कपुरकोटका प्रमुख र उपप्रमुखले के भन्नुभयो भने कर्णाली प्रदेशले अर्गानिक भनेर गर्नुभयो हामीलाई बर्बाद गर्नुभयो बेमौसमी तरकारी धेरै हुन्थ्यो ३९ करोडको बेमौसमी तरकारी हामीले बिक्री गर्थ्यौं जुनबेला त्यसको बेमौसमी तरकारीको लागि अहिलेको त्यो युरिया मलहरू के भन्छ जो होस् त्यो समथिङ यीनिहरू चाहिन्छ तर कर्णालीले त्यो रोकिदियो् कपुरकोटको ३९ करोडबाट त्यो आम्दानी घटेर १९ करोडमा आयो । त्यस कारणले सभामुख महोदय, अहिले मैले राखेको छु आएनडि (रिसर्च एण्ड डिभालमेन्ट) अब कुनै पनि कुरा घोषणा गर्नुभन्दा पहिले रिसर्च गर्नुपर्ने हुन्छ । यी त सङ्घीय सरकारबाट पनि हामीले पाठ सिक्नपर्‍यो नी मैले यहाँ सचिव ज्यूलाई भनेर युनिभर्सिटीलाई भनेर दुई दिन बिदा दिँदा उपयुक्त हुन्छ हुदैन् यसले कति फाइदा गर्छ कति घाटा गर्छ एमयूका विज्ञहरूले हामीले रिसर्च गर्न पठाउँदा पठाउँदै प्रा.डा. नन्दबहादुर सिंहलाईभन्दा भन्दै माथि दुई दिनको बिदा दिइ हाल्यो फेरि अस्ति सुन्छु त क्याविनेटले फेरि एकदिन फिर्ता लियो । हाम्रो कुराहरूमा त्यसमा हामी पनि के कम थियौं त एक जना माननीयज्यूले सधै भन्ने गर्नु भएको कुरा केँन्द्र सरकारले दुई लाख दिने अनुदान हामी उसैले दिएको पैसामा चार लाख दिने हामी त हो नी अघि यहाँ हेलिकप्टरका कुराहरू पनि आए, हे हेलिकप्टरका कुराहरू पनि आए त्यो आज पनि यहाँका अध्यक्ष उपाध्यक्षहरूले पनि कुरा निकाल्नुभयो राम्रो कार्यक्रमा जाऔं । प्रदेशले पनि गरेको छ हेलिकप्टरका संघले पनि गरेको छ ।

अब के हाम्रो माननीयज्यूलाई हेलिकप्टर नै नीति तथा कार्यक्रममा आएन अब काँ हरायो भन्ने क्रममा त आउला त । राम्रो हो तर दुरूपयोग भइरहेको छ । अस्ति मैलेआफैंले दैलेखको यही मर्न लाग्यो खत्तम भयो भने पछि होला त भन्ने कुरा गरियो पहिला अलिकति नीति कडा नै थियो भर्खर भर्खर निर्वाचित भएका १८ वर्षको केटी मर्न लाग्यो भन्दिए अब भनौं भने त अघि यहाँहरूले भने जस्तै बालविवाहको कुरा छ त्यो १८ वर्षकोले किन विवाह गर्‍यो भन्ने कुरा आउला तर बच्चा त बोकी त हाल्यो त जन्माउने त भइसक्यो मर्न दिनु हुन्न भन्ने किसिमले ल्यायौं तर अब १८ वर्षको भन्नाले बच्चा पाउँदैन कि भने यहाँ आएर हस्पिटलको ढोकामा पुग्दै बच्चा जन्मियो अब यो यूज भयो कि मिसयूज भयो हेलिकप्टर त हेलिकप्टर नै पठाएको हो त्यस कारणले पनि अब हामीले के गर्नुपर्ने भयो भने सबै हामीले केही हस्पिटलको राम्रोसँग रिफरल रिकोमेन्डेसन गर्नु अलिकति गाह्रो कुरा पनि हो भन्ने मलाई लाग्छ । अब अर्को कुरा यहाँ एकदमै राम्रो आएको छ । भारपर्ने गरेर नयाँ संस्थाहरू नखोलौं त्यो सही कुरा हो अहिले नै

हामीले बिचार गरेनौं भने भार पर्ने गरी नयाँ संस्था खोल्दा हाम्रो हुने के हो हुन त सभामुखम महोदय, यहाँ आयो काँ हरायो पर्वतीय विश्वविद्यालय भन्ने कुराहरू पनि आए काहीं हराएको छैन त्यो समिति मै हराएको छ, त्यो समितिभित्र नै छ र पोहोरसाल एक करोड रुपैयाँ सरकारले पर्वतीय विश्वविद्यालयको लागि छुट्याएको हो । विधेयक पास हुँदैन त्यो करोडले हुने के थियो अहिले पनि त्यो विधेयक आएर त्यहीं बसिरहेको छ निश्किदैन त्यो विधेयक, हात्ति १२ महिनामा व्याउँथ्यो, मान्छे ९ महिनामा होला यो त व्याउँदै व्याउदैन त यो निश्किसकेपछि बल्ल त्यसको लागि बजेट व्यवस्थापन हुने कुरा त होला नी तर पनि फेरि हामीले भनेका छौं धेरैले भनेका छौं नयाँ संस्थालाई बिचार गरौं हस्पिटल त लगौं राम्रो भयो तर आज गाउँ गाउँका अध्यक्ष, उपाध्यक्ष भन्न थालेका छन् संघले हेर्दासम्म जिल्ला जिल्लाका हस्पिटलहरू ठिक थिए प्रदेशमा गईसकेपछि म्यानपावर छैन । आज यहाँको पनि अरबौं रुपैयाँ अहिले पनि अरबौंभन्दा बढी त्यहीं हस्पिटलको लागि छुट्याउनुपर्ने भएको छ । माथिल्लो तला हाल्नै पऱ्यो, गरीसकेको कामलाई पूरा गर्नै पऱ्यो, एमआरआइ ल्याउनैपऱ्यो, कास्टिलेक्टिन ल्यावटरी खोल्नै पऱ्यो अस्तिको आइसर्जनको कुरा राखेर अहिले हामी सैभाग्यशाली छौं यहाँ सुर्खेतकै हुनुहुँदो रहेछ ११ औं तहको एकदमै नाम निकालेको मान्छेलाई हामीले भनेर उहाँलाई यही ल्याएका छौं आपूर्तीको लागि त्यो खोलकै छ । यी चलाउनको लागि गाह्रो छैन अब अर्को चलाउनको लागि के हो एकातिर कुरा सामुदायिक इस्कुलको जिम्मेवारी उच्च शिक्षा भनेको प्रदेश सरकारको हो त्यसका लागि पैसा छुट्याएको खै भन्छौं । यो सादय बाहिरको मान्छेलेभन्दा ठिक होला । तर माननीयज्यूहरू आफैं त्यत्रो सत्तामा बसिसकेपछि त्यसको रिसोर्स कहाँबाट आउँछ त । भन्ने कुरा हामीले सोच्नुपर्ने कुरा होला त्यस कारणले समय आउला मैले अहिले अमेरिकाको, बेलायतको, भारतको हामीले उदाहरण दिएर नेपालमा नेपालमा पनि कर्णालीमा हामी त्यो गर्न सक्छौं कि सक्दैनौं स्कुल त हामीले बनाएकै हो । नाम चाँहि दिएकै हो हामीले नमुना स्कुलहरू भनेर भन्यौं ती पनि हुन सके कि सकेनन् । स्कुल त बनेका छन् आज पनि कैयौं स्कुलहरूको मागहरू चाहिँ आइरहेका छन् । त्यस्तै हामीले माथि पैसा पनि पठाएको हो सरकारले गाउँ गाउँमा पैसा पठाएको हो सुन्नमा के आउँछ, गाउँ गाउँमा पैसा पठायाँे स्कुलको बिल्डिङ बनायौं विद्यार्थी तल झर्ने स्कुल मात्रै त्यहा रहने यहाँ के भन्छन् भने अहिले पनि कहाँबाट आयो हुम्लाबाट, काँबाट आयो डोल्पाबाट सरकारी स्कुलमा भनेपछि हामीले त्यहाँ गरेका क्वालिटिका एजुकेसन भए कि भएनन् यसलाई पनि त हामी सबैले सोच्नुपर्ने होला भन्ने मलाई लाग्छ सभामुख महोदय, नयाँ संस्था खोल्ने कुरामा त्यहीं हो यसलाई रिसर्च गरेर गरौं यसले कति हुन्छ त्यस कारणले अहिले हामीले पर्वतीय विश्वविद्यालय हराएको छैन नीतिमा आएकै छ । पर्वतीय विश्वविद्यालयलगायतका बाहिरका विश्वविद्यालयहरूले पनि यदि कोही आएर हाम्रोमा लगानी गर्न चाहान्छन् भने हामीले आफ्नो पहिचार किन भने पिपिपि मोडलको लागि हामी सबै प्रवदक हौं त सरकारले मात्र

गर्न सक्दैन पिपिपि मोडलमा जानुपर्छ बाहिरका कलेज (युनिभरसिटि) आएर यहाँ चाहिँ उनीहरूको शाखा खोल्न चाहान्छन् भने हामीले के गरौं त भने कति प्रतिशत हामीलाई छात्रवृत्ती दिने हो हामीले अर्को व्यवस्था गरिदिन्छु भनेर हामीले भन्न पर्‍यो नी यहाँ त हामी के भयौं भने युनिभरसिटि हामी खोल्छौं, हस्पिटल हामी नै खोल्छौं, प्रतिष्ठान हामी नै खोल्छौं । खोल्छौं त खोल्ने त भयौं त तर कार्यान्वयन हुन्छ कि हुँदैन त्यो कुरामा हामी सबैले सोच्नुपर्छ भन्ने कुरा, अनि अर्को कुरा एउटा भएको छ हो यसलाई यो जुन कुरा आयो विपन्नका नाममा संघबाट पनि आउँछ, प्रदेशबाट पनि आउँछ अनि पालिकाबाट पनि जान्छ, वडाबाट पनि जान्छ त्यसका लागि धेरै राम्रो सुझावहरू आएको छ । त्यसलाई हामीले कसरी अगाडि बढ्ने त्यसको लागि पनि सोचौं, एक डोर गर्ने कुराहरूमा हामी जान थाल्यौं भने त्यो राम्रो नै होला भन्न मलाई लाग्छ । सभामुख महोदय, यो एयरपोर्टको विषयमा पनि कुरा निश्किएको छ । जस्तै रामघाटको एयरपोटको लागि त्यो बनाउन सकेको खण्डमा भविष्यमा त्यसको पनि भविष्य होला तर हामी पछि बन्ने हो कहींले बन्ने हो नेपालको परिवेशलाई हेर्ने हो भने सभामुख महोदय, ५० वर्ष पनि लाग्न सक्छ, पाँच वर्ष पनि मेरै जिल्लाको बाटो जस्तै हो भने त्यो २०६५/०६६बाट आगामी आर्थिक वर्षमा हुम्लाको सदरमुकाम सिमकोटमा बाटो पुर्याइने छ । भन्दै भन्दै गर्दा आज २०७९/०८० भइसक्यो २०७९/०८० मा पनि त्यहीँ नै भनिएको छ । र २०८१/०८२ मा पनि त्यहीँ हुने सम्भावना छ । किनभने १२ किलोमिटर चट्टान छ । यस्तो चट्टान छ कि आर्मीलाई काम गर्न पनि थौथौ छ । त्यहाँको अबस्थाले गर्दा पैसा चाहिन्छ अर्ब छुट्याउँछन् २० करोड त्यस्तै त्यो एयरपोर्ट नहोला भन्न सकिन्न तर भविष्यको लागि हुने हो भने अब यो बजारीकरण भइसक्यो ।

अहिलेको हाम्रो एयरपोर्ट पनि डरलाग्दो अबस्थामा गइसक्यो र त्यो सञ्चालनभन्दा अगाडि जनताले दुख पाउनु हन्ने त्यसको लागि त्यसलाई व्यवस्थित गर्ने कुरा हाम्रो प्रदेश सरकारले पैसा छुट्टायो पैसा एमओयू भयो । पहिलाको पैसाले पनि काम गरेन पोहोरसालको पैसा छुट्याउन सकिएन् माथिपनि पैसा केही पनि राखेनछन् त्यो एमओयूमा सही मात्रै गरे अहिले आइसकेपछि त्यो जाने कुरामा जाँदैगर्छ । यसलाई अलिकति व्यवस्थित गरौं व्यवस्थितको अर्थ हुनत हिजो माननीयज्यूले भन्नुभयो व्यवस्थित भनेको बिस्तारै त भन्लान भन्नुहुन्थ्यो अब ६ ब मा त कति ब जोडिने भो त्यो विस्तारितै त हो नी व्यवस्थित विस्तार एउटै एउटै हो । व्यवस्थित भनेको नै त्यसलाई गर्ने हामीले एउटा कुराचाहिँ सरकारले अहिले गरेको हो यो सम्मानित संसद्भित्र मैले झुटो बोल्न चाँहान्छ त्यहाँ चाहिँ हामीले के भएको हो भने त्यहाँका जनताले अब आउ आवश्यकता हो खन्न दिन्छौं नभन्दासम्म सरकारले पुलिस लगाएर डन्ठा लगाएर सरकार आउँदैन यहाँका हामी सबै लागेर खुसीले राजीले हो भने जहिले पनि सरकार चाहिँ यो कामलाई अगाडि बढाउन तयार छ । र अर्को कुरा असाध्यै राम्रो कुरा आएको छ । ल ठिक छ मानिलिउ यो त्यति विस्तार भएन एटिएस ४२ ल्याण्ड गरीरहेको छ । तर यसलाई

हामीले हब बनाउन पर्‍यो कमसेकम अहिले माथिका जिल्लामा पेलेन चल्ने भनेको चार ओटा जिल्ला हुन् डोल्पा, हुम्ला, मुगु र जुम्ला अब सायद यो वर्षको अन्तिम तिर टेस्ट ल्याण्डिङ भयो भने कालिकोटमा पनि चल्ला अब करिब करिब ब्याक टक हुँदैछ र बाजुराको पनि सुदुरपश्चिम परेपनि हामीबाट चाहिँ अलिकति सस्तो हुनसक्छ भन्ने कुरा हो। यो कुरामा यहाँहरूको सुझावलाई मैले आत्मसाथ गरेको छु । हामीले कम्तीमा पनि प्रत्येक दिन एउटा जहाज भयो हप्तामा तिन पटक हुन्छ, दुई चोटि हुन्छ एउटा जहाजले ती जिल्लाहरूमा फलाईट गरिदियो भने अहिले सेवा प्रदायक कम्पनीहरू तिन ओटा छन् र सरकारी एयरलाईन्स चारवटा छ । चारवटा एयरलाईन्स त्यसरी राख्ने हो भने प्रत्येक दिन दुईतिन ओटा जहाज यहाँ हुन्छन् र ती जहाजहरू यहीबाट जान्छन् कुरो के हुँदो रहेछ भने म जुम्ला गएको बेला माननीय मुख्यमन्त्रीज्यू तपाईं आफ्नो राजधानीमा जहाजमा उडेर नआएर नेपालगञ्जबाट उडेर आउने भन्ने जनताको बहिस त्यो छ । एउटा मुख्यमन्त्री, मन्त्री आफ्नो राजधानीबाट उड्न सक्दैन तिमि के ठूला कुरा गर्छौ । लुम्बिनीबाट आउने भने भलै म यहीबाट उडेको थिए त्यस कारणले अहिले के भनिएको हो भने त्यहीं नै हो सरचार्ज जुन छ फिउल पहिला हामीले गर्‍यौं सरकारले राम्रो नीति ल्याएको हो । त्यहाँका हुम्लाका, मुगुका र डोल्पाकालाई प्रतिव्यक्ति कति दिने भने त्यो सफल हुन सक्छ । त्यो नभएको हुनाले अहिले हामीले के भन्यौं सेवा प्रदायकहरूलाई दिने त्यसमा हामी सबैबसेर छलफल गरौंला । फिउलसर्चचार्जमा हामीले पैसाचाहिँ सब्सिटी एउटा फलाईट गरे बापत यो जिल्लामा यति घटायौं भने त्यो कम हुने लोपले ती पेलेनहरू यहाँ आउँछन् । त्यो आएपछि हाम्रो त कम्तीमा पनि अहिले त जनताले कति पैसा पाए त्यो घट्छ घट्ने बित्तिकै त्यो किसिमले त्यसले रेट पनि घटाउँछ । र सबै मान्छेहरू यहाँबाट मेरो एउटा कुरा के छ भने यहाँबाट उड्नेहरूलाई हाम्रै प्रदेशमा जानेलाई अब यो को बुढो, को गरिब, को धनी भनेर खोज्नुभन्दा पनि यी जाने मान्छेहरू हाम्रै मान्छेहरू हुन्, नेपाली हुन् भन्ने सम्झिनुपर्छ कि अथवा केले जाने हो यदि हामीले यो सब्सिटी रेट फ्युल सबचार्ज नेपालगञ्जका लागि पनि दिने हो भने सुर्खेतबाट फ्लाइट हुँदैन। त्यो कम भएका कारणले यहाँबाट हुने कुरा त्यो हो त्यसका लागि हामी सबै लागौं भन्न म चाहन्छु र एउटा शब्द नै सापटी लिएर भन्ने हो भने यो एरपोर्टलाई विस्तार गर्नको लागि सरकार भागेको छैन सरकार जहिले पनि तमतयार छ । जुन दिन यहाँका जनता तयार हुन्छन् सरकार त्यो अघि बढाउनको लागि त्यो एकदमै ठिक छ भन्ने मलाई लाग्छ अब जस्तै हाईटेक, अर्गानिक कता गए, कहाँ पुगे हाईटेक भए कि हाईटेकिङ भए कि भन्ने पनि कुराहरू आएकै छन्।

सभामुख महोदय, त्यो बेला म प्रमुख प्रतिपक्षी दलको नेता थिए मैले पनि त्यति बेला बोलेको हो । त्यो बेलाको उर्जावान मन्त्रीलाई धेरै कुराहरूको चाहाँना थियो तर मैले आजकाल के अनुभव गर्छु भने त्यो बेला सरकार नयाँ नयाँ भयो त्यो मन्त्रीमण्डलमा मेरो विचारमा पूर्व मन्त्री भइसक्नु भएको मुख्यमन्त्री मात्रै हुनुहुन्थ्यो। केही

माननीयज्यूहरू सांसद हुनु भएको थियो तर मन्त्री भएका अरू सबैले नयाँ नै हो भन्ने मलाई लाग्छ मलाई त्यति मलाई त्यो थाहा भएन अनि त्यो बेला विशेषज्ञ त कति आउँछन् आउँछन् एउटाले आउँछ एउटा दिमाग भुट्छ अर्कोले आउँछ अर्को दिमाग भुट्छ । हाईटेक भएपछि यस्तो हुन्छभन्दा खेरि त्यो बेलाको मन्त्रीज्यूलाई याद होला कृषि मन्त्रालयमा हाईटेकको अर्थ के हो नामै मात्र आज म फेरि दोहोऱ्याएर भन्न चाहन्छु यो रोष्टमबाट नामै राखेर हुने भए मेरो नाम वाराक ओवामा राख्थे भनेर ती दिनमा मैले बोलेको थिए । वाराक ओवामा अमेरिकाको राष्ट्रपति संसारका पावरफुल म पनि कालो कालो नै छु नाम राखेर हुँदैन ख्याल गरौं तर त्यो फेल भयो उद्देश्य राम्रो थियो रिसर्च भएन वनका हाईटेक आज मेरो जिल्लाका केटाहरू त अख्तियार धाईरहेका छन् । पैसाचाहिँ अर्कोले लगिदियो त्यो प्रलाद भन्ने मान्छे वनबाट आज गएर अहिले अख्तियारमा चिठी पुगिसकेछ खाई न पाई छालाको टोपी लाई भन्ने नेपाली उखान जस्तै भएको छ । कृषिका पनि सफल हुन सकेनन् हामीले सिम्पल खालका गर्नुपर्थ्यो ।

त्यसैले अहिले के कुरा भयो भने हामीले त्यसलाई अब फेरि गर्ने हो भने हाईटेक फेरि गर्ने हो भने अब अध्ययन गरेर गरौं हाईटेकको मोडेलमा जाने हो ग्रीनहाउस कन्सेप्ट त चाहिदै रहेछ । अहिले अपर कर्णालीमा जहाँ जहाँ ग्रिन हाउस हुम्लामा माघ, फागुन, चैत्र तिर हरियो साग सब्जी पाउँदैन थियो आजकाल यहाँबाट तलतिर आउँछ। त्यो के को कारणले हो ग्रीन हाउसका कारणले हो त्यो ग्रीनहाउसलाई राम्रो अब हाईटेक भन्ने बित्तिकै एकदमै मोडन टेक्नोलोजीमा जान्छ आफैं माथि ढोकाहरू खुल्ने, आफैं त्यसले पानी छर्ने, आफैं त्यसलाई कति अक्सिजन चाहिन्छ त्यसले फालेको कावनडाईअक्साईट कसरी फाल्ने त्यस्तो गर्नुपर्नेमा हामीले हाईटेक लगायौं एउटा आएर त्यसले बुद्धि भुटिदिन्छ यसरी भुट्छन् त्यो भएको हुनाले अहिले हामीले त्यस कारणले नै हाईटेक राखेनौं । तर ग्रिनहाउसहरू छन् । ग्रिनहाउसहरू हुन्छन् त्यसलाई अलिकति इम्प्रभाइज गरेर अगाडि जानुपर्ने गरीकन हामीले जाने भन्ने कुरा छँदै छ र राजधानीको कुरा छ राजधानी बनाउने भन्थिस् त राजधानीको अनुभूति हुनेगरीकन के काम भयो भन्ने पनि कुराहरू आए। सभामुख महोदय, त्यसबेला यो वा त्यो ढुगले त्यो बेलाका सरकारका मन्त्रीहरूले त्यो बेला सरकारका मुख्यमन्त्रीहरूले पैसा नराखेको त होइन नी तर कार्यान्वयन भएन सायद त्यो बेलाका मन्त्रीज्यू पनि अहिले यहाँ सुन्दै हुनुहुन्छ । अलिकति मान्छेको स्वभाग रैछ आफू जुन ठाउँमा भयो मैले अलि गर्नुपर्छ भन्ने स्वभाव त हामी सबैको छ । अहिले अरूलाई जे दोष लगाए पनि तर त्यो तीन वर्षसम्म कामहरू अगाडि बढ्न सकेनन् तर त्यति त भन्दिनुनी जनतालाई आज ती पार्टीका राजनीति गर्ने मान्छे भए पनि पार्टीका क्याडर भए पनि पार्टी छोडे छोड काम गरेन भने कामवाही गर्छु भनेर ६, ७ महिनामा यी ब्लाक टप त भएकै हुन् त आज मैले धेरै मान्छे गुमाएको छु। त्यति भनिसकेपछि सभामुख महोदय, पूर्व मन्त्रीहरूले राम्रोसँग बुझ्नुहुन्छ सबैभन्दा ठूलो ठेक्का, सबैभन्दा ठेक्का लिएको आजसम्म कसैले भनेन तैले यसो भन्ने एउटा पिपलको रुख

काट्न नदिएर २ वर्षसम्म बाटो उ भएको थिएन त्यसैले हामी लगोका छौं । अहिले आएर यो राजधानी सबैको हो मलाई पूर्व मुख्यमन्त्रीको कुनै उ गर्नु छैन त्यस्तै अरू मन्त्रीहरूको मैले अरू एकदम हौसला बढाउने जहिले पनि भनाइ छ । त्यो एउटा पुल साँघुरो पुलबाट मोटरसाइकलबाट मान्छे गयो त्यो पुल अहिले बनाउने भनेर राखेकै छौं । ऐरीचोकबाट तल जाने पुल खतम छ त्यसलाई अहिले राखेकै छ । त्यसपछि यो एयरपोर्टबाट जाने पुलको हालत हेर्नुहोस् त्यो अहिले राखेकै छ । त्यसपछि यो खजुरा भनौं कि देउतीबज्यै जाने त्यहाँ टेका टेकाएर राखेको छ । पुललाई टेका टेकाएर राखेको छ । गाडी यता छोड्नुपर्छ यो भनेको प्रदेश राजधानी राम्रो भयो भने कर्णाली राम्रो हो भन्ने बनाउनलाई हो । केन्द्रको राजधानी राम्रो भयो भने नेपाल राम्रो हो भन्ने बुझिन्छ । त्यसमा हामी लाख्छौं नलाग्ने कुरा होइन र अघि मैले भन्नै पर्छ बहुवर्षीय आयोजनामा सभामुख महोदय, मुगुको माननीयज्यूले भन्नु भयो मेरोमा परेन । म मुख्यमन्त्री भइसकेपछि मैले यति फोन गर्न लगाए बहुवर्षीय योजनाको फाईल त जिल्लैबाट उठ्नुपर्छ । आज कसैका धेरै होलान् कसैका थोरै होलान् तर एउटा पनि नभएको म पूर्व भौतिक मन्त्रीलाई साक्षी राखेर भन्न चाहन्छु। सभामुख महोदय, सल्यानका माननीयको अहिले संसद्मा हुनुहन्न गुराँस तिर कता तिर घर हो कि क्या हो । उहाँ माननीयज्यूको खोजी खोजी फाईल कुनै पनि हालतमा यो हुनुहन्न भन्ने त हो । त्यसैले हामीले कसैको मेरो हेर्नु भयो भने मेरोपनि मेरो पनि एउटै छ । त्यहीं बेला सँगै भएको त्यस कारण त्यो कसैलाई विभेद गर्ने कुराहरू छैन अब माग्दा माग्दै नआएपछि म गरौं के । तर यहाँ हाम्रो सुर्खेतका माननीयज्यूले पनि मेरोमा बहुवर्षीय भएका कुन हुन् मलाई थाहा छैन भन्नु भएको छ हेर्दादिखिन्छन् मैले भनेका हुन कि होइनन् के हुन् बहुबर्षी चाहिँ छन् । अब क्रमागत पनि हुने नै भए अब यहाँको बाटो घाटो बनाउनु पनि हामी सबैका दायित्व हो त यही बसीरहेका छौं भोलि कति जना माननीयज्यू फर्केर यहि आउने होलान् कति जना मान्छे घर बस्ने हौला हामी । कति जना मान्छे माथि जाने होलान् तर हिजोको मूल्याङ्कन त हुन्छ नी । त्यो गर्नै पर्छ अघि पनि यहाँ कुरा आयो भएका कुराहरूलाई हामी नेपालीहरूको धन्यवाद भन्ने प्रचलन छैन तर यो संस्कारलाई कसरी बदल्ने होला भन्ने कुरा हो । र अर्को धेरै माननीयज्यूहरूबाट सम्झौता गर्ने, ती सम्झौताको कार्यान्वयन नहुने भन्ने कुरा पनि आयो तपाईंहरूले भनेका कुरा स्वाभाविक होला बुझ्नुस्।

सभामुख महोदय, म माननीयज्यूहरूलाई, संसद्लाई भन्न चाहन्छु जुन हामीले त्यो निर्णय गरेका थियौं त्यसमा अधिकांश पैसाहरू फिर्ता आएकै कारणले आज पूरानो भुक्तानी पनि दिनलाई हामी सफल भएका छौं र केही कुरा मैले त्यति बेला यो सदनमा पनि भनेको थिए १५ लाखभन्दा तलका छन् तर त्यो दायित्व नहुने त्यसैले कम्पिलिट हुने कुराहरू त्यो भयो भने कत्तिले त सम्झौता पनि गरी रहेका रहेछन्। त्यस्तो भयो भने मैले यो रोष्टमबाट पनि यो सम्मानित सदनलाई त्यति खेर मैले निवेदन गरेको थिए । र

त्यो बेला फकाईएका पैसाबाट आज कुनै पनि नयाँ दायित्व चाहिँ छैन ती योजना क्रमागतमा छैनन् तर ५, ६ लाखमा एउटा चौर हुँदो रहेछ ७ लाखमा बन्ने अब पैसा ८ लाख थियो यो सिधिन्छ भनेपछि दायित्व नपर्ने गरी गर भनेकै हौं त्यति बेला मैले यी कुराहरू यहाँ पनि भनेकै हौं जस्तो लाग्छ सभामुख महोदय, अब हामीले गर्ने राजधानीलाई अनुभूति हुनेगरी नै काम गर्नेछौं र यहाँ अघि पनि माननीयज्यूहरूको कुरा आइरहेको छ। त्यो हाम्रो भेरी लिफ्टिङको कुरा त्यसमा म आफूपनि साक्षी छु । मैले आफैंले दस्तखत नगरेता पनि प्रदेश सरकार पनि साक्षी छ प्रदेश सरकारले पनि पैसा राख्छ वल्ड बैङ्कका मान्छेहरूको कुरा हुँदा खेरि तपाईंहरूले देख्नको लागि वनरसिपको लागि भए पनि यति उति हामी पैसा भन्दैनौं त्यसको एमओयू हाम्रो उर्जा मन्त्रालयको रोहोवरमा सायद उहाँरुले पनि साइन गर्नु भएको होला र यहाँको उपभोक्ता बसेर गरेको छ त्यसमा प्रदेश सरकारले पनि पैसा छुट्याउँछ छुट्याएको छ । पैसाको खोजीमा जान्छौं र अहिले त्यो इन्टेकसम्म जानको लागि हिजो मात्रै मलाई खानेपानी विभागबाट कुरा आइरहेको थियो दुई किलोमिटर बाटो छ त्यो बाटो प्रदेश सरकारले बनाइ दिनुपर्छ भन्ने आएको छ । म आफैंले के भनेको छु भने यो भेरी लिप्टङ्कको कुरा धेरै कहानी भयो सही गरेको पनि धेरै भइसक्यो तपाईंहरू आउनुस् छिटो आउनुहोस् बाटो हामी बनाउछौं । भनेको छौं किनकि आज पानीको भोक तपाईं हामी त केही किन्न र खान सक्ने क्षमताका छौं र खाएका पनि हौंला । अब मैले त तपाईंहरूलाई नढाँटेरभन्दा खेरि डेरामा बस्दा बिहान बिहानै कराउथ्ये म, ए पानी लेउन पानि छैन भनेर घरभेटीलाई भन्थिए अहिले मुख्यमन्त्रीको सुविधा त्यहीँ रहेछ पानी सिद्धिएको थाहा पाउँदैन तर ट्याङ्कर आइरहेको थाहा पाइरहेको हुन्छु । तर गाग्री बोटेको हिंडीरहेका ती कुरामा एउटा त माननीय विशेष गरेर सुर्खेतका माननीयज्यूलाई आग्रह के गर्न चाहन्छु भने ती डिप बोरिङले चाहिँ सुर्खेत सिध्याउछ है। भयानक खालका अस्ति पनि ५०, ६० ओटा डिप बोरिङको लागि भनेर सिफारिस भएका छन् । अब यहाँ रिचार्ज नै नभए पनि डिप बोरिङ गरेर मे गर्ने हो । त्यस कारणले यसले पनि अध्ययन गरौं हिजो यहाँको मेयर, उपमेयर साबले के भन्नु भयो भने ७५ प्रतिशत पानी खेर गएको छ ।

पाइपहरू फुटेर अर्को पुटेर भन्दाखेरि यो सरकारले मन्त्रीज्यूहरू यतै हुनुहुन्छ । सुनि राख्नु भएको छ यति तिनीहरूलाई मर्मत गरेर चाहिँ त्यो आउने कुरा त आउने गर्छ ७५ प्रतिशत त्यस्तो भएको चुहावट भएको छ भने ५० प्रतिशत हामीले गरौं भने ५० प्रतिशत पानी आउला त्यसपछि अब यो सडकभन्दा तलतिरको कुरा हो यहाँ हेरेर अध्ययन गरेर यहाँकासँग गरेर त्यो पानीलाई डिप बोरिङ एउटाले गरेर त्यसबाट ओभर ट्याङ्क बनाएर दिने किनभने पानी किनभने सबैभन्दा पहिला अक्सिजन चाहिने भयो अक्सिजन पछि पानी चाहिने भयो । ती एकदुईवटा हेर्ने कुरासम्म गरौं पहिला सरकारले गरेकै छ त डिप बोरिङ गर्‍यो पानी नै नआउने भइसके यो पोखरा जस्तो तल झर्ला, प्वाल नपर्ला भन्न सकिंदैन। सभामुख महोदय, र अर्को एउटा कुरा यहाँ भनिएको छ ।

पूराना नीतिलाई निरन्तरता दिइने छ । दिएकै छ र अघि माननीयज्यूहरूले शङ्का पनि गर्नुभयो पूरानालाई दिने भने पछि त सबैमा दिने रहेछ कि क्या हो, त्यो त अब भनियो त राम्रालाई पूराना दिइने छ भने के हो भने छोरी बुहारीका राम्रा भए निरन्तर भए, छात्रवृत्ती भयो निरन्तर भयो, बहुवर्षीय भयो निरन्तर नै भयो अब सुरूङ निरन्तर भएन अघि भन्नुभयो अब हामी टेक्नेसिनय त कोही पनि छैनौं टेक्निकल प्रर्सनहरू त कोही पनि छैनौं फलानो सस्तोमा बन्छ भन्ने होइन त्यसको लागि अब आउनेमा हामीले के गरेका छौं भने अब चाहिँ डिपिआरको लागि पैसा छुट्याइएको छ । डिपिआरमा पैसा छुट्याएर माननीयज्यूहरूसँग बसेर अथवा म नभए पनि सरकार बसेर एउटा दुई ओटा ट्रायलको रूपमा हामी लगौं कुनचाहिँ हो सबैभन्दा योभन्दा अगाडि सरकारले नगरेको होइन सारा भने अब हाम्रो प्रचलन के भयो भने एउटा भुरीगाउँको हो कि कता को हो हामीले सुरूङ खोप्ने भन्दाखेरि भुरीगाउँबाट सुर्खेत तल पनि गइगो त्यहाँबाट कपासे पनि गइगो मेरो हुम्लाको मारघोर पनि गइगो, अर्कोबाट अर्को जाँदा जाँदा सय गए हुँदा खेरि जिरो भयो । १ अगाडिको हटाइयो । अब अहिले के गरौं भने कुन कुन चाहिँ हो त वास्तवमा अब यो भन्ने हो भने यो कपासे भन्छ कि सिद्ध गुफा भन्छ थाहा छैन यहाँ यहाँबाट गर्ने हो भने दैलेखलाई मात्र छोटो भएन साबिकको कर्णालीको दुरी घट्यो त प्रयास गऱ्यो सरकारले कर्णाली करिडोरको कुराहरूमा किन कर्णाली करिडोर राखौं प्रधानमन्त्री द्रुत मार्ग ठोक्यौं । द्रुत मार्ग त द्रुत मार्ग यति छिटो माथि कैलासमा पुग्यो कि कैलासै नचल्ने भयो द्रुत मार्ग, त्यस कारणले अघि एउटा कुरो आएको छ । यो केन्द्रीय सरकारले के भनेर त्यो गरेको हो भने हामीले समन्वय गर्ने छौं भन्ने कुरामा अहिले हामीले लेखेको लेख्यौं गरेका छौं । यो दुई ओटा करिडोरलाई राम्रो नबनाएर अहिले भेरी करिडोर त राम्रै छ । माननीयज्यूहरू त्यो टेण्डर भइरहेको छ । त्यहाँ काम भइरहेको छ । तर कर्णालीको बिझोक छ । म अलिकति हुम्लाको भएको हुनाले यो बाटो अलि धेरै नहिड्ने त्यति टाढा छ प्लेनमै जानुपर्ने भएकाले हो । आजका दिनमा पनि पूर्व मुख्यमन्त्रीलाई चाहिँ गाली गरेको गरेई किनकि पहिलो नाका त कालिकोट नै पऱ्यो । भिर पनि त्यहीँ धेरै छ । वल्लो भिर पनि त्यहीँ छ पल्लो खोला पनि त्यहीँ छ भनेर गाली गरेको गरै गरियो । त्यस कारणले हामीले के भनौं भने प्रदेशको पनि अब जिम्मेवारी हो है । यसमा अहिल्यै नभनौं अब सरकारले नै चिनियाँ कम्पनी त चिनियाँ कम्पनी नै त्यसको एक्ज्याक्ट मैले उ गरे यूआइडी भन्ने अथवा के भन्ने कम्पनीलाई अहिले पहिलो चोटि सरकारले त्यसलाई जिम्मा लगाउने ब्लाक टक गर्ने र एक्टेन्सन गर्ने भनिरहेको त्यस कारणले त्यसको लागि कोडिनेसन गर्नुपर्ने दायित्व चाहिँ हाम्रो हो । अब हिजो त्यो भेरीको भनेको समन्वय गर्नै मात्रैभन्दा खेरि के हो भने हामी धेरै पैसा राख्न नसक्ने भएकाले पैसा राख्ने यहाँका बाधा अड्चन सानो बाटो बनाउने, त्यसको लागि यो भूमिका समन्वय नै हो है भन्न खोजिएको हो त्यसमा केही छैन भन्न खोजेको चाहिँ होइन । अब पूरानालाई निरन्तरता दिने भने राम्रा कामहरूलाई सबै निरन्तरता दिएकै छौं ।

हिजो मात्रै हाम्रा पोहोरसालको खानेपानीको विशेष गरेर झण्डै एक हजार बढिचाहिँ खानेपानीका योजनाहरू रहेछन् । आवश्यकता होला तर त्यो रकम हेर्दा खेरि ती सय वर्षमा पनि नसिद्धिने भएको हुनाले विभागीय मन्त्रीलाई भनेर घटाएर ७५५ मा आएका छन् तर अब हाम्रा नयाँ पनि फेरि बनेछन् । नयाँ बनेपछि अब यो हुदैन अब यिनलाई कम्पिलिट गर्नुपर्छ र अहिले हामीले के गरेका छौं भने सरकारले प्रत्येक जिल्लालाई यो आउने वर्षमा अनिवार्य रूपमा ३० प्रतिशत सिद्धाउनु पर्ने त्यसलाई सिद्धिने बजेट कति हो। त्यो सिद्धिन बजेट राख्ने त्यसपछि चाहिँ अर्को वर्ष सिद्धाउने गरीकन राख्नुपर्ने भयो । अब हामीले एउटा कमजोरी गरौं । त्यो हामी सबैले गरेको हो बहुवर्षीय आयोजना भन्दै पाँच वर्ष होइन १० वर्षसम्म त्यो कहीँल्यै नसिद्धिने आयोजनाहरू पनि छन् । वास्तवमा ५ वर्षको टममा हामीले ३ वर्षकोभन्दा बढी गर्नु हुन्न थ्यो भन्ने लाग्छ । र अहिले आएर हामीले ३ वर्षका लागि प्रयास गर्नुपर्छ भन्ने मै गइरहेका छौं तर त्यो स्वाभाविक पनि हो । गरिबी थियो कमजोरी थियो । अर्को थियो अब हुटहुटी त हुन्छ ती तर अब अहिले हामीले सबै के बुझ्यौं भने हुटहुटीले मात्र हुदैन रहेछ । नियमलाई हेर्नु पर्‍यो कानूनलाई हेर्नु पर्‍यो । अहिले धेरै जस्तो बाटो हेर्ने हो भने हामीले जवरजस्ती मात्र बनाएका छौं । सब ईआइए कुनै छैनन्, आइए कुनै छैनन् । आज यो रिङरोड किन रोकियो त रिङरोडमा पनि त सरकारले गरेकै हो । सदनले गरेकै हो । अब यो हेर्नुहोस् भुरिगाउँको बाटो भएङ्कर प्रयास गरेको हो । सरकारले त्यो गरकै हो ती बाटोहरूमा अहिले आएर बजेट छ, एउटा बाटोको समस्या अर्को पुलको समस्या पुलको समस्या के रहेछ भने त्यो ठेकेदारले चाहिँ ठाउँ परिवर्तन गरिदियो भन्दो रहेछ सरकारले मानिरहेको छैन । अब अलिकति यो ठेक्कापट्टा लाईफमा नगरेको हुनाले त्यो कस्तो हुन्छ इमान कसरी गर्छन बेमान कसरी गर्छन भन्ने अलिकति त्यसमा ज्ञान छैन किनभने यो कसलाई हाल्दा खेरि पर्ने कसरलाई हाल्दा खेरि नपर्ने भन्ने थाहा छैन । गरेको भए अब यसपछि केही काम नपाए पछि ठेक्का पट्टा गर्ने त होलानी नेपालीहरूको कुरो त त्यहीं हो नी काहीं काहीं काम नपाए पनि हामी राजनीतिमा आउने राजनीतिमा आएपछि केही नगर्ने । यो सबैभन्दा छोटो बर्दिया जोड्ने बाटो यो छ त्यसको लागि चाहिँ सरकारले पहिला पनि गरेको हो यसलाई निरन्तरता छ यो अगाडि बढ्छ । अब यसका कामहरू पूरा गर्नुपर्ने छ ।

इस्पाइनल इन्जुरीको पहिला हामीले राखेकै हो पहिला हामीले राख्दा खेरि सरकारले हामीले के गरेछौं भने त्यसको लागि कोष बनाइने छ भनेर राखेछौं अब त्यो कोष बनाउने कुरामा कोष कहाँबाट आउँछ । भनेर हामीले कार्यविधि बनाउन नसकि नसकि सबै गयो । धेरै मान्छेहरूको समस्या पर्‍यो यहाँ आए र अहिले हामीले के भनेका छौं भने सहयोग गर्नेछ भनेर हामीले सुरूवात गरौं भनेर पैसा छुट्याएका छौं । र त्यो संघ सरकारभन्दा बढी जाने होइन यी रोगलाई संघ सरकारले कति दिन्छ यदि संघ सरकारले एक लाख रुपैयाँ दिन्छ भने हामी ५० हजार दियौं । किनकि हाम्रो आन्तरिक

आम्दानी त छैन । त्यहीँ आएको पैसालाई बाँड्ने हो । तर प्रदेशको नागरिकलाई राहत होस् भन्ने कुरा हो । यो अटिजमका कुराहरू भए अरू अरूका कुरा त्यसलाई हामीले निरन्तर सहयोग गरिरहेका छौं सरकारले गरी रहेको छ त्यो पैसाको मात्रामा कमी र धेरै होला तर यस्ता कुरालाई हामीले अगाडि बढाउनुपर्छ भन्ने कुरामा गएका छौं । धेरै महिला माननीयबाट धेरै कुरा आएको छ पैत्तिक सम्पतीमा समान अधिकार भन्ने कुरा आएको छ । अब हामीले नीति तथा कार्यक्रममा लेख्ने कुरा त होला तर त्यो समान अधिकार दिन सक्ने प्रदेश सरकारको हैसियत हो कि होइन तर यी कुराहरूको लागि प्रदेश सरकारले यो सदनले माथिचाहिँ कुरा गर्नुपर्छ । हामी लाग्नुपर्छ जुन ठाउँबाट बन्छ । अहिल आय आर्जन यो नीतिमा नभए पनि पूरानो कार्यक्रम भएकाले कार्यक्रममा आइनै हाल्छ । असाय बालबालिकाको लागि प्रदेश सरकारले सहयोग गरीरहेकै छ । यौन हिंसामा परेका महिलालाई कार्यक्रम अब योभन्दा अगाडि त्यस्तो खालको उ थिएन अहिले पहिलो चोटि काठमायौंमा यौन हिंसामा परेका भनेर आयो । त्यो बेला राज्य पक्षले मात्र गरेका थिए भनेर आउँदा खेरि अहिले चाहिँ मावबादी पक्षले पनि गरेको हो। भनेर हाम्रा नेताहरूको अगाडि नै उहाँहरूले भन्नुभयो । हाम्रो प्रधानमन्त्री त घ्वा घ्वा रुनुभयो, हाम्रो अध्यक्ष प्रचण्ड पनि एकदमै भावुक हुनुभयो, माओवादीमा पनि यस्तो भएछ र यो हुने कुरा हो र भन्ने कुरा भयो यो भर्खर आएको हुनला यहाँ पनि ती संख्याहरू आउला त्यसलाई हामीले कसरी सहयोग गर्न सक्छौं भन्ने कुरा हामी लाग्छौं नै । अब यो हरेक कुराको भन्ने छ नी मुर्तरूप भनेको कस्तो हो । जस्तै म फेरि आए पछि निकै नै खुसी छु, ६ ब ले मार्केट पाएकोमा बाटो बनाउने भनेपछि त सडकै त होला नी अर्को स्वर्ग जानेबाटो त कहाँ खोज्ने होर । यहीबाटोहरूलाई स्वर्ग जाने जसरी अब स्वर्ग भनेको कस्तो हो फेरि हामी माथि मात्रै गए थाहा होला । स्वर्ग भन्ने नै सफा, सुघर, चिटिक्क परेको म प्रत्येक दिन यस्ता बनाएका रोडहरूलाई बिचमा मार्किङ त गरिदिम । टु लेन बनाइदिउ यसलाई धेरै यहाँ दुर्घटना हुने कारण के रहेछ भने मार्किङ छैन ड्याङ कि ड्याङ ठोक्किने, अब यो कुनै कुराहरूलाई लुकाएर राखेर चोराएर गरेका छैनौं खेलकूदको कुराहरूमा गर्ने हो भने खेलकूदलाई केही गरेको छैन भन्ने होइन । सरकारले हिजै मभन्दा अगाडिको सरकारले नै सुरू गऱ्यो म दैनिक दिनमा त्यहाँ गइरहेको छु । हाम्रो योभन्दा अगाडिको संयुक्त सरकारले राम्रै काम भइरहेको छ सायद अब हिजो आज हेर्दा खेरि त्यो चैर त एकदमै हरियाली उसमा गइसकेको छ । प्रदेश उसमा गइरहेको छ, अनि मेडल लिएर आउनेहरूलाई पुरस्कार दिने भनेकै छ, खेलकूदको लागि, हाई अल्टिच्युटको लागि बिचमा के के भए म सबै जान्दिन त्यो पैसाहरू कसरी गए त्यो पैसाको सदुपयोग भयो भएन थाहा छैन । अब मेरै ठाउँको हेर्ने हो भने त्यो हाई अल्टिच्युट खेल मैदान बनाएका हुन् कि त्यो गोठ हो । त्यसमा ठूलो हिजो प्रचण्ड प्रधानमन्त्री हुँदा खेरि सुरूमा मैले प्रयास गरे त्यो पैसाको लागि पछि उहाँ प्रधानमन्त्री भएर हुम्ला जानु भएको बेला यस्तोभन्दा खेरि त्यो पैसा हाल्नुभयो । त्यसपछि प्रदेश

सरकारले हाल्यो । त्यहाँबाट बनिरहेको छ तर काम गतिलो भएको छैन। उपभोक्ता यहीबाट बनेर गए, ठेक्का यहीबाट बनेर गए जसले गर्दा खेरि त्यो राम्रा काम हुन सकेन पोहोर साल अब अहिले चाहिँ जुम्लाको तल उसमा राखेकै छ अनि जुम्लामा एउटा कुरा केन्द्रले बनाउने अर्को हाईअल्टिचिउटलाई प्रदेश सरकारले काट्यो भनेर भनियो । छम चौरको प्रदेश सरकारले काटेको छैन । त्यसलाई निरन्तरता दिनेमा पैसा कम गइरहेको छ । तर गइरहको छ अब कन्द्रको कुरा गरेकालाई यहाँ गऱ्यो भनेर भन्न पनि आएका छन् अब त्यो कति कुराहरू नबुझेको पनि होला र अधुरा योजना पूरा गर्ने कुरा आयो । शैक्षिक गुणस्तर भनेका छन् जस्तै यहाँ कुरो आएको थियो जिल्लाहरूका कठिन जिल्लाका विद्यार्थीहरूलाई आवसको लागि छात्रावासको व्यवस्था गर्ने भनेको के हो भने राम्रा सार्वजनिक विद्यालय माथि हो । बोडिङलाईदिने भएको भए त किन भन्नु पऱ्यो त काठमाडौं पठाउनुपर्ला नी यहाँका बोडिङहरूलाई किनै छ र । यहाँका सार्वजनिक विद्यालयहरू राम्रो विद्यालयहरूमा माथिका आए भने त्यसले राम्रो उच्च शिक्षा प्राप्त गरेकास् भन्ने, उद्देश्यले त्यो कुरा गरेको हो । अब प्रविधिक शिक्षालयको कुरा थियो अब अहिले ल मैले सोचेको थिए । प्राविधिक शिक्षामा पनि अब आइटिको खोज्नुपर्छ । जमाना आइटिको आयो । इन्फरमेसन टेक्नोलोजी आइसिटीको कुराहरू छन् यो गर्नुपर्ने हो तर अहिलेको बजेटले न भ्याउने भयो फेरि नाम मात्रै राख्यो नहुने भन्ने मात्रै सक्दैन होला भनेर हो । र एउटा सबैभन्दा पूरानो इतिहास बोकेको जुम्लाको घुगत्तिको प्राविधिक विद्यालय त्यो विद्यालयलाई हामीले जगर्ना गर्नुपर्छ र सरकारले पैसा छुट्याउनुपर्छ भनेर हामीले छानाहरू गइसकेका थिए, ३६, हो कि ३२ सालदेखि हो त्यसले धेरै उत्पादन गऱ्यो आज त्यसको हालत विजोक छ त्यसलाई हामीले जोगाउनुपर्छ भन्ने कुरामा हामी लागेका छौं । हामीले हाम्रो स्रोत साधन आत्मनिर्भर कसरी हुने हामी सबैले गरिरहेका छौं पर्यटनमा पैसा सबैमा गरेका छन् । पर्यटनबाट गएका पैसाले हामीले चाहिँ राजस्व लिने कुरा के गरौं, कृषिको राजस्व हामीले उठाउन सक्दैनौं, बालुवा गिट्टीको कुरा गर्नु हुन्छ भने मैले सुनेको यहाँ मैले आज माननीय सदस्यज्यूलाई भन्नै पर्छ । यो घाट गन्ती भन्ने हुँदो रहेछ हामीले ठेक्का लगाउँछौं । ठेक्का लगाउँदा खेरि के भएछ ठेक्का लगाएको ७, ८ करोड कति मा हो त्यहाँ गएर रिर्पोट घाटगन्ती गर्दा खेरि ७२ करोड भयो । अब त्यस्तो हो भने त स्थानीय तहले घाटगन्ती गरेर लाउने हो भने स्थानीय तहलाई पनि राजस्व आउने भयो, हामीलाई पनि आउने भयो । त्यसको छानविन समिति नै बन्यो अब तर कता हरायो अब हामीले त्यो इमानदारीता हामी सबैले गर्नुपर्छ भन्ने मलाई लाग्छ । अब यो माननीयज्यूले भनेको ब का कुरा फेरि आउँछन् ८ ब गन्ने विश्वास गर्ने, अविश्वास गर्ने, विद्यालय थप्ने, व्यवहार थप्ने, तर त्यो बिचार भन्ने शब्दभित्र हेर्नुभयो भने त्यहाँभित्र केही पनि के के पर्छ त्यो त्यहाँ परेकै हुन्छ । जीवन भन्ने बित्तिकै त्यसको आँखा कस्तो छ नाक डेडो छ कान बाङ्गो छ भन्ने हुँदैन । जीवन भनेपछि त्यो जीवनको आँखा, नाक, कान आए जस्तै यी शब्दहरू त्यहाँ हुन्छन् । तपाईंहरूले दिएको

सुझावका लागि म धन्यवाद दिन चाहन्छु । यो अहिले धेरै मेडिकल कलेजको कुराहरू आएको छ यसको अघि नै एकजना बोल्ने माननीयज्यू, पूर्व मन्त्रीज्यू पनि हुनुहुन्छ उहाँले भनेको यो नयाँ ल्याउने नयाँ कलेज बनाउने कुरा होइन त्यसैलाई डिम भनेर भन्दो रहेछ । त्यहीँ बाहिरबाट आएर बिच हस्पिटलको उसमा चाहिँ त्यहीँ पढाउने अर्को इन्फाइस्टक्चर नबनाउने भन्ने कुरा हो । यो यसमा चाहिँ बाधा पार्ने अर्को गर्ने भन्ने कुरा चाहिँ यसमा छैन अब उत्कृष्ट विद्यालय भनेको के हो भन्ने कुरामा सबैभन्दा राम्रो पढाई हुने पहिला एसएलसी भन्थ्यो अहिले एसईईमा राम्रो प्रतिशत ल्याउने, र त्यहाँबाट पढेर गएका विद्यार्थीहरू चाहिँ अहिलेको मोडन शिक्षाअनुसार घुलमिल गर्ने त्यो भएका विद्यालयलाई हामीले उत्कृष्ट भनिएको हो । अनि अब सोच्ने ठूलो सामान्य पनि नगर्ने भन्ने कुरा छ । अब सोच्नु त धेरै ठूलो नसोचे पनि सोच्नै पर्‍यो सोचेअनुसारको काम हुनुपर्छ भन्ने हामी सबै लाग्नुपर्छ र यातायात प्राइभेट क्षेत्रसँग गर्ने भन्ने कुराहरूमा हामीले गरेका छौँ । पहिला ट्रायलको रूपमा यो सुर्खेतमा नै सहकारीमार्फत हुन्छ वा कोसँग हुन्छ हामी पाटनरसिपमा त्यो चलाउने भनेर पहिला एक ठाउँमा गरौं त्यसपछि त्यो सफल भयो भने अरू ठाउँमा गर्ने भन्ने कुरा सरकार लागेको छ । र जलविद्युतको कुराहरूमा प्रत्येक हाम्रो वर्षमा गर्ने भनेको छ तर यो वर्ष चाहिँ सरकार साक्षीकै गर्ने भएको छ । जलदुल्लाको लागि पठाउनुपर्ने ११ करोड रुपैयाँ छुट्याएको छ । र यहाँ दैलेखमा एउटा रुग्ण आयोजना रहेछ रारा भन्ने २.१५ मेघावाटको खपत भयो भनेर आएछ त्यो धेरै पहिलादेखि प्रयास भएको रहेछ । र अहिले हामीले के भनेका छौं भने त्यसमा पनि हाम्रो सेयर हो । यसको सर्त के छ भने धेरै रुग्ण भइसकेकाले नबन्न सक्छ त्यस कारणले यो बत्ती बनेर नेश्नल ग्रिनमा जोडिसकेपछि प्रदेश सरकारले ५ करोड रुपैयाँ सेयरमा हाल्छ भनेका छौं । सायद अहिले मैले बुझ्दै छु अहिले एकदम तदारुक्ताका साथ काम भइरहेको छ । प्रदेश सरकारले त्यो एउटा आश्वासन दिएको छ त्यसमा हामी चाहिँ लागेका छौं । अनि यो एकीकृत प्रशासकीय भवनको कुराहरू छ जग्गा प्राप्ती भएका कारण नबनेको भन्ने कुराहरू अहिले हामीले सरकारले धेरै प्रयास गरीरहेको छ र यसको डिपिआर के हो भने हामीले ८ ओटा मन्त्रालय बनाउने भनेर भनेछौं तर मुख्यमन्त्री कार्यालयमा तीन ओटा सचिव रहने भएकाले त्यसको लागि छुट्टै डिपिआर बनाउनुपर्ने र अहिलेको डिपिआरलाई अपग्रेट गर्नुपर्ने किनभने हामीले डिपिआर धेरै अगाडि बनायौं ।

अब अहिलेको कस्ट कति पर्छ भनेर भनेका छौं र जग्गा प्राप्तीको लागि एउटा आश्वासन के पाएका छौं भने यहाँबाट नगरपालिकाले चिठी पठाइसकेको छ । त्यो गएको चिठीले माथि सहरी विकास मन्त्रालयलाई चाहिँ हामी अगाडि काम गर्न दिन्छौं त्यो चाहिँ ल्याउनुस् डिपिआर भनेर भन्नु भएको छ । त्यसलाई हामी त्यसरी नै अगाडि बढ्छौं । अनि प्रहरीसँगठन हाम्रो मातहतमा ल्याउने भन्ने जुन कुरा छ । एक जना पहिला मन्त्रीज्यूले भन्नु हुन्थ्यो सेना विनाको सेनापति अब यो चाहिँ धेरै वर्षसम्म

सेनाविनाको सेनापति होला जस्तो लाग्छ । किनभने संघको सरकारले त्यति छिटै प्रहरी छोड्ला जस्तो मलाई लागेन । यसो माथि कुरा बुझ्दा खेरि प्रदेश प्रदेशमा सबै प्रहरी पठाइदिने हो भने त अनि माथिको गृह मन्त्री के हेरेर बस्ने भन्ने खालको मर्म भावना त्यो भोलि लड्ने र भोलि म यही गृह मन्त्री हुन्छु भन्नेहरूको त्यो छ त्यस कारणले तपाईँहरूले याद गर्नु भएको होला । यो नगरपालिकाहरूलाई सबैलाई प्रहरी भर्ना गर्न दिइसक्यो तर हाम्रो यहामा हाम्रो पनि कमजोरी छ । विधेयकहरू अझै पनि समिति मै छन् । र मैले यो बिचमा यो भन्नै पर्छ जहाँ पनि के हुन्छ भने सरकारले विजनेस नदिएर सदन नचलेको रेकर्ड थाहा छ । विधेयक धेरै भएर पनि सदन नचलेको हाम्रो यो पनि पहिलै रेकर्ड हो । सात ओटा विधेयक त विधायन समितिमा छन् । जुन बेला हामी थियौं विधायनमा विधेयक नै आएनन् । अहिले मुख्यमन्त्री भैए थियो र विधेयक नै बढ्दैन आज मैले भन्नै पर्छ दुनियाँले सुनेपनि केही भएन लोकसेवाको रिजल्ट भइसक्यो यो आउँदैन भोलि कसैले केही गरिदियो भने के हुने के हुने भन्ने कुराहरू चाहिँ छन् । म के आग्रह गर्न चाहन्छु भने यदि ती काम नलाग्ने हुन अहिले चित्त बुझ्दैन यसले अहिले बिगारी हाल्दैन भन्ने छन् भन सट आउट गरौं, छलफल गरौं सट आउट गरौं तर आवश्यक विधेयकहरू निजामती कर्मचारी ऐन, लोकसेवाका, कृषिका यस्ता यस्ता विधेयकहरू त्यसलाई त अगाडि बढाउनै पर्ने होला । वन भनेकै जडीबुटीमा आउँछ त्यसैले त अर्को ब वनभित्र वन विज्ञानमा धेरै काम गरेका धेरै तेल पेलेका माननीय सदस्य पनि हुनुहुन्छ। सभामुख महोदय, वनबाट के के निस्किन्छ भन्ने हो भने त्यस कारणले उद्योग धन्दा भनेको नै त्यो हो । यी कुराबाट आउँछन् भन्ने नै हो त्यसमा नगर्ने भन्ने सरकारको छँदै छैन र एकदमै यहाँ आएको छ । यो श्रम र रोजगारलाई ध्यान दिनुपर्छ भन्ने पनि आएको छ । हामीले उद्योग धन्दा भनेपछि रोजगारी वृद्धि हुन्छ भन्ने नै कुराहरू हो । र कैयौं उद्योगहरू बनाउने कुरामा एक गाउँ एउटा उद्ययन भन्ने पनि गरौं त्यो नारामा छ सिमितै छ कार्यक्रम भएकै छ । एक जिल्ला एक उद्यान भनेका कुरामा पनि अहिले बजेट फ्रिज भएर आएको छ । ती कामहरू पनि नभएका छन् सभामुख महोदय, अनि अब यो दलित समुदायको लागि भनेर महिला पुरुष हामीले गरेकै छौं अस्ती एउटा कहीँले के हुँदो रहेछ भने भोलि यहाँहरू पनि सरकारमा जानुहोला। सरकारमा गएका सरकारी कार्यक्रमलाई नै संसदीय उसमा ढाल्न खोज्यो भने त्यसले काम नगर्दा रहेछ । त्यसले गर्दा पनि केही कठिन कुराहरू भएका हुन् । र यो चाहिँ एकदमै कार्यान्वयन गर्नेमा जानुपर्छ भन्ने छ वास्तवमा यो राजमार्गको कुरा पनि माननीयज्यूले उठाउनु भएको छ । यी राजमार्गहरू राम्रोसँग अगाडि जानुपर्छ भन्ने कुरा छँदै छन् त्यसरी नै माननीयज्यूले टिप्पणी गर्न केहीपनि छैनभन्दा पनि सबैभन्दा बढी टिप्पणी आएकै त छन् । त्यो सकारात्मक छ त्यसले उर्जा दिने सरकारले सहिबाटो तिर हिँड्ने त्यो गराउने नै हो । सरकार इमान्दार ढङ्गले अगाडि बढेको छ र इमान्दार ढङ्गले अगाडि बढ्छ पनि अब यो उच्च शिक्षाको अघि पनि मैलेभनिसके क्याम्पसहरूको बारेमा

अब मेकिङ कर्णाली भनेको नयाँ होइन पूरानै हो । सायद माननीयज्यूहरूले बिर्सिनु भयो होला पहिला पनि यो आएकै थियो । त्यसको हामीले गर्न सकेका छैनौं । डिजिटल प्रदेशको कुरा पनि हामीले गऱ्यौं अब अहिले डिजिटल कर्णालीको लागि राम्रो खालको एउटा सिस्टममा जान लागिरहेका छौं । यहाँ टावरहरू राम्रोसँग नबन्दासम्म अहिले चुनावताका तपाईं हामी सबैले अनुभव गरकै कुरा हुन् । गाउँमा टावरहरू चलेनन् टावरहरू नभइकन डिजिटाईजको कुरा राम्रो गर्न सकिँदैन रहेछ । यसमा जानुपर्छ सुरूवात गरौं सोच ल्यायौं त्यो सरकारले ल्याएको सोचलाइ हामीले अगाडि बढाउँदै जाने हो । यो अहिलेको मोडन युगमा डिजिटल प्रदेश एकदमै अगाडि बढ्छ नै यो हलो मुख्यमन्त्री कार्यक्रम सुचारु छ मान्छेहरू चलिरहेकै छन् खबरहरू आइरहेकै छन् । सिँचाइहरू जनता सिँचाइ, जनता सडक ती सबै छन् र मैले आज एउटा स्मरण गर्न चाँहि सभामुख महोदय, जनता सडक आठ-आठ करोडको गर्ने भनेर उति बेलाको सरकारले गऱ्यो तर त्यो जनता सडकलाई ता मात्र गर्ने माननीय सदस्यज्यूहरू नै हुनुहुन्छ । आठ करोडको एउटा जनता दिएर त्यसलाई निरन्तर कम्पिलेट गर्ने कुरामा आठ करोडको एउटामा ती ओटा चार ओटा बनाइयो यो कुरा सभामुख महोदय मैल भन्ने पर्छ त्यसले गर्दा आँखिर देखिने त केही रहेनछ कहीँ कतै बने होलान् नत्र त्यो त्यसरी धर्मराएको हो ।

एउटा माननीयज्यूबाट कुरा आएको छ शान्ति सम्झौता भएको यत्रो वर्ष भयो त्यो कार्यान्वयन राम्रोसँग हुन सकेको छैन भन्ने कुरा वास्तवमा प्रदेश सरकारले पनि संघ सरकारसँग झक्झक्याउनुपर्छ यो धेरै पछि गयो भने धेरै अप्ठ्यारो पार्ने अबस्थाहरू छन् र यो जनतालाई दिने लैंगिक उत्तरदायित्वको कुराहरू आइरहेको छ । वास्तवमा जेन्डर इक्वालीटि हो भने सरकारले महिला पुरुषलाई छुट्याउने गरेको जस्तो मलाई लाग्दैन । आदाबासी जनजाती मदेशी, मुस्लिमहरूको यहाँ नीति तथा कार्यक्रममा छुटेको रहेछ भन्ने कुरा आएको छ यी कुराहरू बारम्बार नीतिमा पनि आएको र अहिले अलिकति राउटे, माझी, गन्दर्भ कुरो आएकाले त्यो राख्यौं त्यो कार्यक्रममा आउँछ त्यसमा छुट्दैन र अहिले केबुलकारको कुरा छुटेको छ, पर्वतीय विश्वविद्यालय छुटेको छ, रारा पर्यटन काँ गयो भन्ने कुरा छ रारा पर्यटन एकछिन अख्तियारमा पुग्यो त्यसपछि यता चिठी आएको छ अब यसको आर्थिक तथा प्राविधिक मूल्याङ्कन हुँदैछ । बजेट छुट्याएको छ ७ करोड छ त्यसको बहुवर्षीय आयोजनामा ४६ करोड छ । सायद यो कार्यक्रम अख्तियारले अगाडि बढाउनु भनिसकेपछि केही दिनमा नै यो अगाडि बढ्छ होला । केबुलकार जो हाम्रो सपनाको केबुलकार पनि थियो त्यो सरकारले अगाडि बढाएको हो र अहिले केबुलकारलाई भनेर हामीले केही डिजाईन गर्ने भन्ने छ तर त्यो भएको पैसा हामीले खर्च गर्न सकेनौं डिपिआर बनाएको जुन मान्छे थियो त्यो मान्छेलाई बारम्बार तिमी यहाँ आइदेउ गरभन्दा मैले बनाएको छु भन्ने आउने डिपिआर नपठाउने त्यस्तो गऱ्यो र अहिले प्रदेश सरकारले त्यसको मोडालिटि के हो भन्नेमा अगाडि नबढेको हुनाले त्यस कारणले

सोचेर गर्नुपर्ने कुराहरू हुन् भन्ने जस्तो लाग्छ । पर्वतीय विश्वविद्यालयको कुरा छुटेकै छैन पर्वतीयसँग छँदै छ यसलाई कसरी माउन्टेनस बनाउने तर विश्वविद्यालय गर्दा खेरि फेरि बसौं छलफल गरौं, एमयुमै पनि पर्वतको बारेमा पढाउन त नसकिने भन्ने होइन नी पढाउन त हामीले यहाँ पनि सक्छौं तर त्यो बनाऔंदा काँ जाने कसरी गर्ने त्यसको लागत कति लाग्छ त्यसको इस्टाविलिस्ट गर्न कसरी लाग्छ नत्र पर्वतीय विश्वविद्यालय पनि हाईटेक जस्तो नहोस् भन्नको लागि यसलाई राम्रोसँग छलफल गरेर अगाडि बढ्ने कुरा छँदै छ । र माननीयज्यूहरूले भन्नु भएको छ । सङ्घीय अनुदानबाट मात्र बाँच्ने हो बाँच्ने पटक्कै होइन हामीले आफ्नो उत्पादनलाई वृद्धि गर्नुपर्छ र अगाडि बढाउनुपर्ने छ भन्ने कुरा हो । अहिले हाम्रो यहाँ कानुनो, चिनो मैले आज बिहान मात्रै रेडियोबाट सुन्दै थिए डोल्पाको फापर अमेरिका गइरहेको छ । ती क्विन्टल फपर गयो अब माग भइरहेको छ । चिनो चामलको माग भइरहेको छ, कागुनो चामलको माग भइरहेको छ। रैथाने बाली हामीले अगाडि पुऱ्याउन सकिरहेका छौं । त्यसलाई पनि यो गर्ने हो । अब हाम्रो स्रोत जुटाउनको लागि नै यही विद्युत, पर्यटन, यिनीहरू नै हुन् पर्यटकीय स्थलहरू कसरी बनाउने, रारामा कसरी आकर्षित गराउने, रारा राम्रो छ भनेर मात्र होइन हाम्रो त्यो बाटो राम्रो नहुँदासम्म बस्ने ठाउँहरू राम्रो नहुँदासम्म त्यहाँ बस्ने ठाउँमा पनि एकै दिनमा हजारौं रुपैयाँ ठगिदिएर बाहिर फेरि नआउनेसम्मको हाम्रो त्यो बिकास हुन सक्दैन । कोदो, फापर, चिनो जो अहिले विदेशले पनि माग गऱ्यो त्यो फलाउन तिर हामी सबै लाग्नुपर्छ भन्ने मलाई लाग्छ । महिलाका संख्या दलित महिलाका कार्यक्रम, बहुवर्षीय आयोजना बने तर अरू क्षेत्रमा बनेन् भन्ने कुरा छ किन तर मैले अनुभव गरेको कुरा वुद्धि बिचार भनेको सडक कनेक्टिभिटिबाट जाँदो रहेछ भन्ने लाग्छ । साबिक कर्णालीका ५ वटै जिल्लामा भोकमरी खान पाएनौं भनेर न्यूज आउथ्यो दैलेखमा पनि खान पुग्दैन थ्यो, सुर्खेतमा पनि खान पुग्दैनथ्यो, जाजरकोटमा पनि खान पुग्दैनथ्यो जहाँ खान पुग्दैनथ्यो त्यहाँ फुड फर वर्क गएको हो नी । १० जिल्ला मध्य खान पुग्ने भनेको सल्यान नै हो, रुकुम पश्चिम पनि हो भन्छन् सिंगै हुँदा के थियो थाहा भएन । त्यस कारणले भनेको अर्गानिकको कुरा सुरूवात हामीले खान पुग्ने ठाउँबाट सुरूवात गर्नुपऱ्यो । खान नपुग्ने ठाउँमा हामीले गर्दा खेरि खानै पुग्दैन् अर्गानिक, हाईभ्यालु भनेर त हुँदैन त्यसको कुरालाई पनि हामीले छलफल गरौं र कसलाई नमुनाको रूपमा लाने किनभने अर्गानिकको लागि सटिफाईट नभएर अर्गानिक भनेर हुँदैन । हामीले के सोच्दा रहेछौं भने यहाँ चाहिँ युरिया मल हालेन भने त्यो अर्गानिक भयो त्यस्तो हुँदैन । युरिया मलभन्दा दाना खान्छन् नी गाईबस्तुले अहिले तलको उ मिसाएको दाना खाएको त्यस्तो गोबर हाल्यो भने पनि त्यो अर्गानिक हुँदैन । अर्गानिकको परिभाषा धेरै छन् । यहाँको सुठो जर्मनीमा गएको छ तर रिटर्न भएर आएको छ । त्यो चाहिँ अर्गानिक भएर सटिफाईट भएको छैन ।

अब हामी पञ्चायतकालीन शिक्षाबाट कसरी अगाडि बढ्ने भन्ने कुरा छ । त्यो बेलाका राजा शिक्षा पनि लिनै पऱ्यो । हामीले कहींले कहींलेभन्दा भन्दा शब्दहरू

परिवर्तन गर्दा गर्दा केही राम्रा भएका कुराहरूलाई राख्न पर्छ जस्तो लाग्छ मलाई चाहिँ त्यो बेलाको पञ्चायतकालीन ५ विकास क्षेत्र नराम्रो रैछ भन्ने लाग्दैन आजकाल । हिमाल, पहाड, तराई जोडिएको आज हामी खुट्टा काट्टीएका छौं भोलि यस्तै निउ खोज्दै गए भने लुम्बिनीले के भन्ने हो मेरो प्रदेश आउँदै हुनुहुन्छ भन्छन् केही राम्रा कुरा सिकौं र अहिलेको मोडर्न एजुकेसनअनुसार हामी अगाडि बढ्नुपर्छ कर्णालीलाई अगाडि लगाउनुपर्छ । आज घर घरमा शिक्षा राख्ने अबस्था छैन जानौं भने इन्टरनेटबाट पनि पढ्न सक्ने कुराहरू हुन्छ । यो कुराहरूलाई हामीले अगाडि ध्यान दिएर जानुपर्छ । र अगाडि माननीयज्यूले दिएका कुराहरलाई पनि हामीले आत्मसाथ गर्ने छौं । यो बजेट हिजो २०७५देखिको निरन्तर हो फेरि पनि भने त्यो बेला यो एकदम राम्रो थियो भन्ने माननीयज्यूहरूको सपोर्टको लागि आएको बजेट हो म भन्न चाहन्छु । बाढी पीडित र भूमिहीनको व्यवस्था भएन भन्ने कुरा छ । बाढी पीडितलाई प्रदेश सरकारले पहिले नै पैसा दिइसकेको थियो र तालिम केन्द्रमा रहेका बाढी पीडितहरू आफ्नो क्षेत्रमा गइसकेका छन् । र यतातिर पैसा बुझेका छन् तर हडपेर बसेका छन् । आज बाढी पीडितको दुख हेर्ने हो कि सरकारले दिएको पैसा लिएर जग्गा हडपेर बसेकालाई अब हटाउन तिर लाग्ने हो यति चाहिँ बिचार गर्नुपर्‍यो ।

अब यो सावरको उद्योगको कुराहरू पहिला सरकारले गरेकै हो त्यो योजना पनि परेकै हो तर त्यो मोडालिटी के भएछभन्दा त्यो खोल्नको लागि सहकारीबाट जाने भएकाले सहकारीले पनि यति पैसा हाल्नुपर्छ भनेपछि त्यो कार्यक्रम सञ्चालन नभएको भन्ने छ । नीति तथा कार्यक्रम देखेको सपना जस्तो छ भन्ने कुरा पनि आएको छ । र क्षेत्र विकास कोषको पैसा त आएन् त क्षेत्र विकासको बजेट आउँदा त केही काम भएकै छ । सपनादेखिन्छ सपना पछि विपना हुन्छ त्यो अगाडि बढ्छ नै । अब धेरै अपेक्षा गर्न सकिन्न त्यो स्वाभाविक कुरा हो । अब बजेटको बेलामा कर्णाली प्रदेशमा मात्र मान्छे आए भन्ने होइन मान्छे त आउने बित्तिकै बिचौलिया हुन भन्ने कुरा पनि भएन काठमाडौंको बजेट पनि त्यसरी नै लागेका छन् । गाउँपालिकाका बजेट पनि त्यसरी नै लाएका छन् । तर त्यो बिचौलियाको बाटो प्रभावित होला है बदनाम होला है भनेर सुझाव दिनुभएको छ त्यसका लागि धन्यवाद छ । र सरकारका मन्त्रीहरू त्यसमा एकदमै सचेत हुनुहुन्छ । त्यो त पर्सी नैदेखिहाल्नु हुन्छ नी आउने बजेटमै । अब हुँदा हुँदा गाउँपालिकाले के भन्न थाले भने अध्यक्षले सिफारिस गरेको हुन्छ र उपाध्यक्षले गरेको चाहिन्छ त्यो भन्ने खालको कुराहरू छन् अब त्यो त आफ्नो आफ्नो ठाउँमा होलान् ती कुरालाई हामीले अलिकति सोचेर जानुपर्‍यो भन्ने मलाई लाग्छ । एलपी ग्यासका कुरा छन्, अपर कर्णालीका कुरा छन् त्यो कुरामा सरकार जहिले पनि लागिरहेको छ । घुमिरहेको छ बंगलादेशसँगको सम्झौतामा सरकार लागिरहेको छ । नीतिमा आए समन्वय गर्ने, नीतिमा नआए समन्वय नगर्ने भन्ने होइन । यसमा हामी लाग्नुपर्छ चाइनिजहरू आउँदै छन् भन्ने कुरा पनि छ । वितरणमुखी बजेट थियो भनेर

पूर्व मन्त्रीज्यूले भन्नु भएको छ । त्यो थियो नै त्यो तपाईंहरूले नै गरेको भन्ने म सम्झाउन चाहन्छु । शिक्षा, स्वास्थ्य र वातावरणलाई जगेर्ना गर्नु हामी सबैको कर्तव्य हो अनि जनताबाट अनुमोदित भएका कार्यक्रमहरू गर्नुपनि हामी सबैको कर्तव्य हो । निरन्तरता वा क्रम भंग भन्ने कुरामा के हो भने भएका राम्रा कामहरू र धेरै पैसा खर्च भइरहेकाहरूलाई हामी निरन्तरता नै दिन्छौं । हाईटेक जस्तो कुराहरूमा जुनमा हामी सफल हुन सकेनौं त्यो चाहिँ भंग भएर गएको छ । अर्गानिक घोषणा भए पनि यो प्रदेशबाट कति कुरा अर्गानिक गयो त भन्ने कुरामा हामीसँग डेटा छैन मैले त्यो अर्गानिक कति भएछ भनेर पत्ता लगाउन लागेको थिए तर हाम्रो लोकल प्रोडक्ट गयो भन्ने छ लोकल प्रोडक्ट रैथाले बालीलाई अर्गानिक भनेर भनिदैन् । र कहींले कहींले भन्छन् नी मेरो किसान मेरो अन्नदाता किसानहरूलाई उत्साहित बनाउन सकिन्छ कि भन्ने उद्देश्यले हो हलो बोकेकाले पनि टिसर्ट लगाएका होलान् केही मर्निङ वाक गर्नेले पनि लगाएकै होलान् । तासुघाट कुन लेख्नु पर्दैन भन्ने कुरा पर्दैनथ्यो भन्ने कुरा आयो यो तासुघाट लेख्नुको कुरा के हो भने त्यहाँ झण्डै झण्डै ९ मेघावट विद्युत् आउने रहेछ । माथि संघको मन्त्रीले के भन्नु भयो भने अब अहिले यहाँहरूले आत्मनिर्भर हुने कुरा कसरी गर्ने टेक्निकल कुराहरू हामी गरिदिन्छौं सबै तपाईंहरूले पैसा राख्नुस् जति सक्नुहुन्छ त्यति प्रतिशतमा सेयर दिनुहोस् भनेको हुनाले हामीले आफूले बनाऔंला भनेको फेरि अप्ठ्यारो छ धेरै सजिलो कुरा छैन । त्यस कारणले हामीले तासुघाट राखेर हामीले कति राख्न सक्छौं राखौं । भेरी बबई डाइभर्सन उसमा पनि सरकारको अहिले सकारात्मक कुरा आएको छ । ४२ मेघावटमा तपाईंहरूले कति राख्न सक्नुहुन्छ जस्तो जगदुल्लामा हामीलाई के भने ५ प्रतिशतभन्दा बढी राख्न पाउँदैनौं भन्ने कुरा हामी राख्ने थिएनौं होला । हामी राख्ने थिएनौं होला तर पनि सरकारलाई त्यो कम्पनी मोडलमा त्यो अलि भएन भनेको त्यहीं पनि हामीले ३२ करोड राख्नुपर्ने छ । त्यो पनि हाम्रो आर्थिक आम्दानीका कुराहरू हुन् । एकजना माननीयज्यूले भन्नु भएको छ पूरानालाई ऋिण तिर्नलाई आएको सरकार भन्नु भएको छ एकदमै सही कुरा हो । अब तपाईंहरूले गरेका कार्यक्रमहरू सबै अधुरै छन् त्यसको ऋिण तिर्न त उही जुनिमा कसको ऋिण खाएको छु भन्ने जस्तो त भयो त्यो क्रमागत योजनामा हाल्नुपर्‍यो सबै माननीयज्यूको सबैको एउटा एउटा परेकै होला । त्यहीं ऋिण तिर्नलाई हो त्यसको लागि मैले एकदमै मेरा मनका कुरा भनिदिनु भएकोमा धन्यावद दिन चाहन्छु । गन्तव्य जरुर छ भोलि आउनेलाई सही बाटोमा हिडाइदिउ भन्ने हो । हिजो गरेका कुराहरू अर्कालाई भोरी बोकाएर जानु हुँदैन बाजेले ऋिण खाने नातीलाई बोकाउनु हुँदैन त्यस कारणले यो कार्यक्रमलाई हामीले यही गराउनुपर्छ पछि आउने ऋिणबाट मक्नहुन भन्ने कुरामा जानुपर्छ हैन प्रदेशको जीवन त्यसरी दिनुपर्छ त्यो जीवन त्यो क्षितिज उज्यालो भएको निलो टल्किनेदेखिन्न भन्ने किसिमको किसिमले आएको हो भन्ने मलाई लाग्छ । र भोलिको आउने बजेटले पनि देखाउला दृष्टी छ दृष्टीबिहिन सरकार होइन । राम्रो दृष्टि राखेर आएको हो भन्ने म भन्न

चाहन्छु । हिजोका मान्छेले गरेको कामको जिम्मेवारी लिने यो सरकारलाई दृष्टिबिहिन हो वा दृष्टिकोष युक्त सरकार हो भन्ने कुरामा हामीले बुझ्नुपर्छ भन्ने मलाई लागेको छ । कर्णालीको मुहार देखिने कुरा हो त्यो कर्णालीको मुहार देखिने कुरामा कुन कुन मन्त्रीज्यूले आफ्नो वडा गाउँ देखाउने गर्नुभयो त्यो चाहिँ भोलि नगर्नु हामीले गल्ती गरौँ भनेर भन्दिनु भन्नको लागि पनि म अनुरोध गर्न चाहन्छु । शिक्षा, स्वास्थ्यको कुरा छन् र अर्को कुरा आउँछ सुशासन, सभ्यता, संरचना, सन्तुलित, समझदारी, समावेशी यो सबै कहाँ पर्छ त बिचारभित्र पर्छ ।

बिचारभित्र नै यी सबै कुरा आउने हुन् । अब यस्ता शब्द राख्दै जाने हो भने त अरू अरू पनि राख्न सकिएला उडाउन त सबैलाई सकिन्छ होला, ती काममा हामी सबै लाग्नुपर्छ । हस्पिटलको कुरामा कलेजको कुरामा पूर्व मन्त्रीज्यूले आफूले बुझेर गर्नु भयो त्यसका लागि म धन्यवाद दिन चाहन्छु । प्राविधिक शिक्षाको बारेमा नीतिमा बोलेको छैन पहिलाको नीतिमा बोलीसकेकाले कार्यक्रममा आउने कुराहरू हुन् । ग्रिन इकोनमिको लागि हामी सबै लाग्नुपर्छ, त्यसमा एक जना व्यक्ति लागेर हुँदैन । हामी सबै लाग्यौं भने राम्रो हुन्छ र बायो इन्जिनियरिङको कुरामा त्यसमा मात्र होइन अहिलको भिजिटेसन गर्ने कुराहरूमा विभिन्न ठाउँमा बायो इनिजनियरिङको ठाउँमा जानुपर्छ । त्यसको लागि म धन्यवाद दिन चाहन्छु । एयरप्लनको कुरामा नेपालगञ्जबाट पनि दिनुपर्छ भन्ने कुरा आएको छ त्यसको लागि मैले अघि नै निवेदन गरी सकेको छु । यति कुराहरू राख्दै मैले जहाँसम्म लाग्छ सम्पूर्ण माननीयज्यूहरूले राख्नु भएको जिज्ञसालाई केही हदसम्म भए पनि मैले आफूले बुझेसम्म जानेसम्म देखेसम्म भनेजस्तो लाग्छ । र तपाईंहरूका यी सही सल्लाह सुझावलाई अगाडि सार्दै यो नीति र कार्यक्रम आत्मले यसो हेर्दा खेरि माननीयज्यूले बोलेको गालि गरेरभन्दा पनि हृदयमा कुरो त राम्रो हो तर राम्रो त कसरी भन्नु भएको जस्तो लाग्यो त्यो मानेमा पनि म धन्यवाद दिन चाहन्छु । हामी सबै मिलेर जाऔं, सुझाव पाउँ सल्लाह पाउँ यो कुरामा अब अहिलेको आउने बजेटमा के भन्न चाहन्छु भने अघि एक जना माननीयज्यूले भन्नु भएको छ । अबको बजेट डल्लो बजेट नरहोस् मुख्यमन्त्री कार्यालयमा कुनै डल्लो बजेट रहने छैन । अबको कार्यक्रम आउँदा खेरि १५ लाखभन्दा तलको कार्यक्रम आउने छैन । अहिले त्योभन्दा माथि नै भनेर मैले भन्न सक्ने अबस्था छैन । अर्को कुरा प्रत्येक वडामा मुख्यमन्त्री रोजगार कार्यक्रम साउन १ गतेदेखि नै आउने छ । उर्जा कार्यक्रमहरू सम्बन्धीत मन्त्रालयमा जानेछ । मलाई लाग्छ सरकारको एउटा ठूलो उपलब्धी र सुशासनको कुरामा गर्ने हो भने यसलाई नै भन्छ सुशासन डल्लो राख्ने अन्तिममा फुटाउने, मुख्यमन्त्री कार्यालयमा मात्रै नभएर सबै कार्यालयमा भए त्यो कुरालाई हामी सबैले नबिर्सीयों । यति गर्दै अबको बजेट जानेछ र त्यसमा पनि यहाँहरूको सल्लाह, सुझावले यझै यसलाई समृद्ध कसरी बनाउन सकिन्छ राम्रो कसरी बनाउन सकिन्छ तपाईंहरूको सर सल्लाह सुझावको लागि मलाई प्रेरणा मिलेको छ सरकारलाई प्रेरणा मिलेको छ अब पक्कै पनि भोलिका दिनमा यो

अन्तिम अन्तिम पिरेड भए पनि पछि आउनेको लागि एउटा सही बाटो देखाएर जानेछौं भन्ने कुरा राख्दै सबैका भनाइ प्रति सबैको भनाइ एड्रेस गर्नु पर्ने भएको केही धेरै समय लागेको छ । यसमा पक्कै पनि सभामुख महोदय, सम्बन्धीत संसद्का माननीयज्यूहरू निदाउनु भएन होला मन्त्रीहरू निदाए पनि यति कुरा राख्दै धन्यवाद दिँदै जान्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रममाथिको छलफल समाप्त भएको जानकारी गराउँद छु । माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री जीवनबहादुर शाहीलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री जीवनबहादुर शाहीः-** माननीय सभामुखज्यू कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम ३७ को उपनियम ३ बमोजिम पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव पेस गर्दछु ।

माननीय सभामुखः- माननीय सदस्यहरू यस सभामा प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमलाई पारित गरियोस् भन्ने माननीय मुख्यमन्त्री श्री जीवनबहादुर शाहीले राखेको प्रस्ताव कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम ३७ को उपनियम ३ बमोजिम म निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला,
यो प्रस्तावको विपक्षमा हुने माननीयले हुन्न भन्नुहोला,
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्,
यो प्रस्तावको विपक्षमा हुने माननीयले हुन्न भन्नुहोस्,

हुन्न भन्ने आवाजभन्दा हुन्छ भन्ने आवाज प्रदेशसभामा उपस्थित सदस्य संख्याको बहुमत भएकाले प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम पारित गरियोस् भन्ने माननीय मुख्यमन्त्रीज्यूले राखेको प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशसभा नियमावली, २०७४ लाई दोस्रो संशोधन गर्न गठित समितिको प्रतिवेदन पेस गर्न समितिका अध्यक्ष माननीय श्री दीनबन्धु क्षेष्ठलाई समय दिन्छु ।

**माननीय श्री दिनबन्धु श्रेष्ठः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम २१९ काअनुसार कर्णाली प्रदेशसभा नियमावली, २०७४ लाई दोस्रो संशोधन गर्न गठित समितिले नियमावलीको विविध विषयमा छलफल गरी निश्कर्षमा पुगि २०७९ साल जेठ ११ गतेको बैठकको नियमावलीलाई अन्तिम रूप दिने निर्णय गऱ्यो । माननीय सभामुख महोदय, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को समय अनुकूल

संशोधन र परिमार्जन गर्न आवश्यकदेखिएको र उक्त नियमावलीको नियम २१९ को उपनियम २ बमोजिम मिति २०७८ माघ २३ गते बसेको कार्य व्यवस्था परामर्श समितिको बैठकमा माननीय सभामुखज्यू सो बारे अबगत गराइएकोमा माननीय गुलावजंग शाहले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम २१९ को उपनियम ३ बमोजिम उक्त नियमावलीको दोस्रो संशोधनको लागि म सहिद देहाय बमोजिमको माननीय सदस्यहरू रहने बमोजिम गठित समिति गठन गर्न सभासमक्ष प्रस्ताव गर्नु भएको थियो र मलाई जेष्ठ सदस्यको नाताले समितिको अध्यक्षको भूमिका निर्वाह गर्न सर्वसम्मत निर्णय भएकोमा समितिका माननीय सदस्यहरू प्रति आभार प्रकट गर्न चाहन्छु । समितिमा हुने माननीय सदस्यहरूको नाम यस प्रकार रहको छ ।

माननीय श्री करवीर शाही, ठम्मर विष्ट, दिनबन्धु क्षेष्ठ, मिनासिंह रखाल, देवी ओली कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको छैटौं बैठकबाट मिति २०७८ माघ २४ गते शनिवार बसेको सभाको नियमावलीको दोस्रो संशोधन समितिमा रहने प्रस्तावित माननीय सदस्यहरूको नामावली अनुमोदन गरेको छ । सभामुख महोदय, समिति गठन भए पस्सातापा नियमावलीमा रहेका व्यवस्थाहरूमा संशोधन प्रस्तावको लागि सम्पूर्ण माननीय सदस्यहरू सुसुचित गरिएको थियो । प्राप्त भएका संशोधनका सूचनाहरू र विद्यमान नियमावलीमा भएका कमी कमजोरी हटाउन व्यापक रूपमा नियमावलीलाई सुझाव तथा परिमार्जन गर्न विभिन्न समितिमा अनौपचारिक र औपचारिक छलफल भएको व्यहोरा अनुरोध गर्दछु । माननीय ठम्मरबहादुर विष्टले कर्णाली प्रदेशसभाको सदस्य पदबाट राजीनामा गर्नु भएकाले समितिमा उहाँको रिक्त स्थानमा दलीय प्रतिनिधित्व हुनेगरी सम्बन्धीत दलका सदस्यहरूलाई समितिको बैठक आमन्त्रण गरी छलफलमा सहभागी गराइएको थियो प्रस्तावित सत्र पानाको प्रतिवेदन अझै सबै माननीय सदस्यज्यूहरूलाई आजै उपलब्ध हुनेगरी पिजन हलमा राख्ने व्यवस्था मिलाएको छु । माननीय सभामुख महोदय, अन्तमा समितिमा रहि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने समितिका माननीय सदस्यहरू, प्रदेशसभा सचिवलगायत सचिवालय परिवारलाई धन्यवाद दिन चाहन्छु । यसैगरी समितिको काम उचित सल्लाह, मार्ग निर्देशनका लागि माननीय सभामुखज्यू र उपसभामुखज्यू प्रति हार्दिक आभार प्रटक गर्दै यो प्रतिवेदन सभासमक्ष पेस गर्दछु । धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब यो बैठक २०७९ साल जेठ २८ गते दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

## बैठक संख्या-१२
## (२०७९ साल जेठ २८ गते शनिबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको दशौं अधिवेशनको बाह्रौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टलाई आर्थिक सर्वेक्षण २०७८/०७९ सभासमक्ष पेस गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको सम्रग स्थितिको तथ्याङ्कसहितको आर्थिक सर्वेक्षण यस गरिमामय सभामा पहिलो पटक पेस गरिएको छ । यसमा उल्लेख गरिका महत्त्वपुर्ण तथ्याङ्कहरू संक्षिप्तमा प्रस्तुत गर्दछु । आर्थिक मामिला तथा योजना मन्त्रालयको सीमित स्रोत साधन समय र मौजुदा शक्तिबाट छोटो समयमा उलब्ध तथ्याङ्गको आधारमा यो विरण तयार गरिएको व्यवहरा समान्ति सभासमक्ष अनुरोध गर्दछु । आर्थिक वर्ष २०७८/०७९ मा राष्ट्रिय कुल ग्राहस्तमा उत्पादनको वृद्धिदर उपभोक्ता मुल्यमा ५.८४ प्रतिशत रहने अनुमान छ । आधारभूत मुल्यमा आर्थिक वृद्धिदर ५.९४ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्षको आर्थिक वृद्धिदर उपभोक्ताको मुल्यमा ४.२५ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७८/०७९ मा कुल ग्राहस्त उत्पादन उपभोक्ताको मुल्यमा रु अठचालिस खरबएकाउन्न अरब त्रिसठ्ठी करोड हुने अनुमान भएको छ । गत आर्थिक वर्ष राष्ट्रिय कुल ग्राहस्त उत्पादन रु बयालिस खरब सत्तहतर अरब तिस करोड रहेको थियो । चालु आर्थिक वर्षमा कर्णाली प्रदेशको आर्थिक वृद्धिदर ५.४७ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्ष यसको वृद्धिदर ४.३४ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७८/०७९ मा कर्णाली प्रदेशको कुल ग्राहस्त उत्पादन उपभोक्ताको मुल्यमा रु एक खरब सन्तान्वे अरब उन्नानसौं करोड रहने अनुमान छ । गत आर्थिक वर्ष कुल ग्राहस्त उत्पादन रु एक खरब पचहत्तर अरब पच्पन्न करोड रहेको थियो । आर्थिक वर्ष २०७५/०७६ मा कुल ग्राहस्त उत्पादनमा कर्णाली प्रदेशको अंश ३.९४ प्रतिशत रहेको थियो भने चालु आर्थिक वर्षमा यो अंश बढेर ४.०८ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०७८/०७९ मा कर्णाली प्रदेशको कृषि क्षेत्रको वृद्धिदर ३.२२ प्रतिशत र गएर कृषि क्षेत्रको वृद्धिदर ६.५० प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्षको वृद्धिदर ३.४४ प्रतिशत र ४.१६ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७८/०७९ मा कर्णाली प्रदेशको कुल ग्राहस्त उत्पादनमा कृषि उधोग र सेवा क्षेत्रको योग्दान क्रमश ३१.५ प्रतिशत, ११.१ प्रतिशत र ५७.४ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७८/०७९ मा नेपालको प्रति व्यक्ति आय प्रति व्यक्ति कुल ग्राहस्त कुल राष्ट्रिय उत्पादन एक हजार तिन सय एकासि अमेरिकी डलर रहने अनुमान छ भने । कर्णाली प्रदेशको प्रति व्यक्ति आय प्रति

व्यक्ति कुल ग्राहस्त उत्पादन नौं सयर चौसट्ठी अमेरिकी डलर रहने अनुमान छ । वहु आयामिक गरिबी दर राष्ट्रिय औशतमा १७.४० प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको बहु आयमिकदर ३९.५ छ । आर्थिक वर्ष २०७८/०७९ चैतसम्म कर्णाली प्रदेश सरकारको खर्च गत वर्षको सोहि अबधीको तुलनामा ३०.६८ प्रतिशतले वृद्धि भै रु आठ अरब चार करोड एघार लाख रहेको छ । चालु आर्थिक वर्षको चैतसम्म चालु र पुजिगत खर्च क्रमश रु चार अरव एक करोड पचास लाख र चार अरव दुई करोड एकसठ्ठी लाख रहेको छ । आर्थिक वर्ष २०७७/०७८ मा सङ्घीय सरकारबाट समानिकरण ससत सम पुरक र विशेष गरी चौध अरव चौसठी करोड चौध लाख तिरासी हजार अनुदान प्राप्त भै रु बाह्र अरब पन्चान्वे करोड बहत्तर लाख नव्वे हजार खर्च भएको छ । आर्थिक वर्ष २०७६/०७७ मा आन्त्रिक राजश्जतर्फ रु तेइस करोड चावालिस लाख चौहत्तर हजार प्राप्त भएको थियो भने । आर्थिक वर्ष २०७७/०७८ मा रु त्रिसठ्ठी करोड चौरानब्बे लाख बयानब्बे हजार प्राप्त भएको छ । चालु आर्थिक वर्षको चैतसम्म रु चौवालिस करोड त्रिचालिस लाख बयासी हजार राजस्व प्राप्त भएको छ । जुन राजस्व लक्ष्यको ७४.१ प्रतिशत हो। २०७८ फागुनसम्म कर्णाली प्रदेशमा वाणिज्य बैङ्कको संख्या १९७ विकास बैङ्कको संख्या २१ वित्त कम्पनी ३ तथा लगु वित्तको संख्या २३० गरी कुल ४५१ बैङ्क तथा वित्तीय संस्थाका शाखा पुगेका छन् । गत आर्थिक बैङ्क तथा वित्तीय संस्थाका कुल शाखा ४१२ रहेको थियो । २०७८ फागुनसम्म कर्णाली प्रदेशमा जीवन र निर्जीवन बिमकको शाखा संख्या १९१ रहेको छ । जस मध्य जीवन विमकको संख्या शाखा संख्या १४५ र निर्जीवन विमकको शाखा संख्या ४६ रहेको छ । आर्थिक वर्ष २०७८/२०७९ मा देशभर धानवलीको उत्पादन एकाउन्न लाख तिस हजार छ सय मेट्रिकटन रहने अनुमान छ भने, कर्णाली प्रदेशमा धानवालीको उत्पादन एक लाख पच्चिस हजार एक सय सतासि मेट्रिकटन रहने अनुमान छ । संक्षिप्तमा यति म राख्दै यो आर्थिक सर्वेक्षण २०७८/२०७९ यहाँ प्रस्तुत गर्दछु धन्यवाद

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको नियमावली २०७४ लाई दास्रो सन्सोधन गर्न गठित समितिका अध्यक्ष माननीय श्री दीनबन्धु श्रेष्ठलाई समितिको प्रतिवेदन माथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**माननीय श्री दीनबन्धु श्रेष्ठः-** माननीय सभामुखज्यू, कर्णाली प्रदेशसभा नियमावली प्रभावकारी ढङ्गले परिमार्जन गर्न व्यापक अध्ययन गरी तयार गरिएको कर्णाली प्रदेश सभा नियमावली २०७४ लाई दोस्रो संशोधन गर्न गठित समितिको प्रतिवेदन माथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव प्रस्तुत गर्द छु, धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली २०७४ लाई दास्रो संशोधन गर्न गठित समितिका अध्यक्ष माननीय श्री दीनबन्धु श्रेष्ठले सभामा पेस गर्नु भएको प्रतिवेदन माथीको छलफलका लागि समय निर्धण गरेको छु छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिने लिन चाहनु हुने माननीय सदस्यहरूले रोस्टमको

बायातर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला सर्वप्रथम माननीय श्री दल रावल समय सात मिनेट

**माननीय श्री दल रावलः-** सभामुख महोदय, समयको लागी धन्यवाद छ । अब यो हाम्रो नियमवाली बनेको चार वर्ष पछि हामीले केही आजको दिनमा संशोधनका आवश्यता ठानेर प्रदेश सभाका केही माननीय सदस्यज्यूहरूको समितिले अतेन्त मेहनतका साथ प्रदेश सभा सचिवालयले एक दमै सहयोग गरेरै होला राम्रो संशोधनको डकुमेन्ट ल्याको मैले पाए यसका लागि समितिका माननीय सदस्यज्यूहरू र सचिवालयका सचिव लगाएतका अन्य साथीहरूलाई पनि धन्यवाद दिन चाहन्छु । वास्तवमा त्यास्तो ठुलो डास्टिक चेन्ज त छैन तर पनि अहिले आवश्यता फिल भएअनुसार आएको मैले पाए । अब अध्यक्षको सट्टा सभापतिको व्यवस्था गरियारैछ । हामीले तेतिखेर ड्राफ्ट कमीटिको सदस्य म पनि भएको नाताले अलि जेर्नल फ्रेन्लीचाहिँ शब्द राखौं अब चियर प्रर्शन प्रेप्शिडेन्टको सट्टा चियर प्रर्शन गरौं सभापति भन्ने अल्लि फुर्युडल पहिलेको सभापति सभापति भने अलि हाई साउण्डिङ्ग हुने अध्यक्षभन्दा पनि हुन्छ भन्ने ढङ्गवाट त्यसरी गरौं भन्ने थियो तर पनि आजको आवश्यकता सभापति भन्नै ठिक हुन्छ । छ ओटा प्रदेशले पनि सभापतिको व्यावस्था गरेको रहेछ । संघीय संसद्मा पनि सभापति कै व्यवस्था हुनाले सबैसँग मिल्नेगरी सभापतिको व्यवस्था गरिएको रैछ त्यो पनि ठिक छ । त्यसपछि यो नियम १४५ अहिले को ५४ भनौं यसको क्रम संख्या १ मा यो प्रदेश मामिला विधायन तथा प्रदेश मामिला समिति भन्ने जुन व्यवस्था गऱ्या छ त्यसमा कि त त्यो विधायन विधेयकको कामहरू चाहि त्यो समितिले गर्नुपर्ने अहिले सबै समितिले गरिसकेपछि लजिक पनि कस्तो रैछ भने माथि पनि हेर्दापनि माथि अहिले माथिल्लो सभा राष्ट्रिय सभामा चाहिँ विधायन समितिले काम गर्दोरैछ प्रतिनिधि सभामा हिजो संविधान सभा पछिको प्रतिनिधि सभामा सबै समितिले पनि विधेयकको कामहरू गरेको हुन पनि सबै विधायकहरू चाहिँ भाग लिने हुँदा खेरि सीमित आठ, दश जनालाईभन्दा पनि सबैको पार्टीसिपेन्ट इन्भलमेन्ट भयो भने राम्रो हुनाले पनि त्यो गरिया होला । हामीले पनि चाहिँ विधायन समिति मात्र नभएर अरू चारै समितिलाई आफ्नो विषयगत विधेयकहरूको छलफल गर्ने प्रायाक्टिस हुनाले त्यो नै ठिक हुन्छ । भन्ने लागेर नै प्रदेश मामिला समिति मात्रै कायम गर्ने अब यो विधायन समिति विधायन भन्ने शब्द चाहिँ झिक्ने भन्ने कुरा भारैछ त्यो पनि ठिकै छ । त्यसपछि एउटा यो सविकको १५३ हालको १६४ नियममा एक जना सदस्यलाई जस्तै सात जना हुनुपर्नेमा एक जना सदस्यको अपुक भएर भर्चुवल मिटिङ चाहि रोकियो भने त्यो नगरम अहिलेको सिस्टम चाहि अहिलेको टेक्नोलोजिलाई पनि प्रयोग गयो भने भर्चुवल एक जना सदस्य चाहिँ भर्चुवली मिटिङमा भागलिन पाउने व्यवस्था चाहिँ गऱ्या छ यो वेवारीकै जस्तो लाग्छ किन भने कोरनाका दुई,ती वर्ष हामीले भर्चुवल मिटिङलाई लिगल मान्यौं लेजिटिमेट गऱ्यौं भने पछि एक जना सदस्य पनि टाढा टाढा होला हुम्ला होला कोही रुकुम होला कोही कता होला त्यहाँबाट पनि डिजिटल प्रयोग गरेर आफ्नो चाहिँ भर्चुवल

भाग लिने व्यवस्था चाहिँ अहिले व्यवहारिकै जस्तो लाग्छ तर नियम ४ को उपनियम ३ मा सभामुखको आदेशले भन्ने शब्द जुन छ । हाम्रो गरीमामय प्रदेश सभाको एउटा प्रमुखका नाताले पनि सभामुखज्यूकै आफ्नै गरिमा छ तर पनि समितिको पनि आफ्नै स्वायत्तता छ त्यो भोको नाताले सभामुखको आदेश भन्ने शब्द झिकेर समितिको स्वायत्ततालाई पनि ख्याल गर्दै त्यो शब्द त्याहाँ झिक्न आवश्यकतादेखिन्छ । त्यो झिक्नको निम्ति पनि म सभापतिज्यूलाई यो समितिको सभापतिलाई आग्रह गर्न चाहन्छु र त्यसपछि एकमा फेरि गणपूरक सम्बन्धी नियम लागु नहुने भन्या छ दास्रो वैठक पनि गणपूरक संख्या पुगेन तेस्रो बैठक अर्को बैठक पनि नपुगिसकेपछि भर्चुवल पनि भयो त्यसपछि पनि भएन भने ठिकै छ बैठक त सञ्चालन गर्नु पऱ्यो तर माथिको नियमावली पनि हेर्यौं यो संघीय नियमावलीमा पनि के रैछ भने एक चौथायी सदस्य भए पछि हुने व्यवस्था गऱ्या रैछ किन भने गणपूरक संख्या नभए पनि हुनेभन्दा खेरि सभापति एक्लैले पनि गर्न सक्ने अबस्था हुन्छ । त्यो नगरौं अरू एकजना दुई जना सदस्य भए पनि बैठक सञ्चालन गर्दा व्यावहारिकता पनि हुन्छ बैठक पनी अबरुद हुदैन र अलि पार्टीसिपेटरी हुन्छ भन्ने ढङ्गले हामीले के व्यवस्था गर्न खोज्याछौं भने एक चौथायी सदस्य उपस्थित भयो भने बैठक सञ्चालन हुने कुरा राखौं । त्याहा चाहिँ गणपूरक संख्या नमानिने भन्या छ त्यलाई हटाएर यो कुरा राखौं भन्ने चाहिँ हामीले करिब करिब छलफल पनि गऱ्यौं त्यो भो को नाताले यस्तो खालको व्यवस्था भयो भने हाम्रो नियमावली सुनमा सुघन्ध जस्तो अत्येन्त राम्रो कम्पिलिट अत्यन्त प्रोडक्टिभ साचैको समय सान्दर्भिक हुन्छ भन्ने हामीलाई लाग्छ । यो हाम्रा सुझावहरू चाहिँ हाम्रो यो समितिका सभापतिले चाहिँ साच्चै मनन गरेर आफ्नो जवाफमा समेट्नु हुन्छ भन्ने आशाका साथ बिदा हुन्छु, धन्यवाद

**माननीय सभामुखः-** माननीय श्री देवी ओली

**माननीय श्री देवी ओलीः-** माननीय सभामुख महोदय, प्रदेशसभा सञ्चालन नियमावली दोस्रो संशोधनको समितिको म आफू सदस्य रहेको कारणले पनि धेरै कुराहरू हामीले समिति भित्रै सहमति कायम गरेर यहाँ ल्याएका छौं र एउटा कुरा यो अध्यक्ष भन्ने कि सभापति भन्ने समितिको प्रमुखलाई भन्ने विषयमा जतिवेला हामीले सुरू नियमावली बनाउँदा खेरीको छलफलमा भागलिदा खेरि धेरै माननीय सदस्यहरूले सभापतिको ठाउँमा अध्यक्ष राख्दाखेरी अलि त्यो साझा जस्तो एउटा मात्रै लिङ्गलाई सभापति भन्दाखेरि कस्तो बुझिन्छ भनेपछि सभामुख महोदय, म एउटा प्रतिनिधि कस्तो नागरिकहरूको प्रतिनिधि हौं भने आफ्नो श्रीमानलाई पति, पति र पत्नी भन्ने र पति भनेपछि पुरुष मात्रै हो । श्रीमानलाई एउटा देउता सरी पुजा गर्नुपर्छ भन्ने मानसिकता र श्रीमानको नाम पनि उचारण गर्न नसक्ने हाम्रा आमा दिदिहरूको प्रतिनिधि हौं म । हाम्रा आमा दिदीबहिनीहरूले आफ्नो श्रीमानको नाम कसैले सोध्यो भने नामभन्दा पाप लाग्छ भनेर आफ्नो क्रमबाट हसिया झिकेर हसियाको बिड देखाउने मेरा श्रीमानको नाम यही हो भन्ने चेतना स्तरका प्रतिनिधि

भएका कारणले त्यो अर्थ हेर्दा एउटै होला खोज्दै जाँदाखेरि एउटै छ सभापति भने पनि अध्यक्ष भने पनि तर सभाको पति चाहिँ पुरुष मात्रै हुन्छ भन्ने बुझाइ हाम्रो आमा र दिदिहरूले गरिरहनु भाछ त्यो चेतनाबाट माथि नउठदासम्म हामीले साझा शब्दहरू प्रयोग गरौ भन्ने मनसायबाट हो र लामो समयसम्म म यो नियमावली संशोधन समितिको सदस्य भएर बसे लगतार म यो मत जाहेर छ र अहिले पनि अब यो पाँच वर्षको कार्यकालभन्दा पछाडि कर्णालीका महिलाहरूलाई साक्षर बनाउ, सचेत बनाउ सामाजिक रूपान्त्रणका क्षेत्रमा अलि लगानी गरौं हामी भनी रहेका छौं तर त्यो आशा लाग्दो र हामीले विश्वाश गर्ने खालको सचेतना त्यो खालको नेत्तित्वको विकास गरि नसकेका कारणले गर्दा खेरि यो अध्यक्ष भन्ने शब्द चाहिँ साझा बुझाइ हाम्रा आमा दिदीबहिनीहरूलाई हुन्छ भनेर मैले यो मत राखेको हो र मेरो मत अहिले पनि कायमै छ। सभामुखज्यू, यो भन्न चाहे मैले अर्को कुरा समितिभित्र संघीय प्रतिनिधि सभाको नियमावलीमा पनि व्यवस्था छ रैछ हामीले हेर्दै गर्दा खेरि यो गणपूरक संख्याको विषयमा समितिहरूमा कहीँले काही अब विधेयकहरू अहिलेको परिस्थितिमा समितिले विधेयकहरू अगाडि बढाएन भन्ने जो कुरा छ हामीलाई यो व्यवस्था नभएका कारणले अलिकति हामीले समितिहरूलाई अगाडि बढाउन नसकेको यथार्थ हामीसँग छ र अहिले यो एक चौथायी भन्ने अथवा हामीले यो व्यवस्था गरेका छौं यहाँ प्रस्तावमा यसले सहज बनाउन सक्छ । र यो गणपूरक संख्याको विषयको कुरा गर्दा खेरि यो प्रिन्ट मिस्टेक हुन सक्छ अथवा सभामुखको आदेशले भन्ने कुरा चाहिँ व्यापकै छलफल भाको हो यलाई नराख्ने नै भन्ने भा हो यो कतै अब हेर्दै जाँदाखेरि कसरी आयो भन्ने कुरा मैले अलिकति यो पनि थपदिय मेरो मूल विषय चाहिँ अहिले अब हाम्रो कर्णालीको परिपेक्षमा र यो चेतना स्तर अहिले अर्थपुण नेत्रित्वको विकास भैन सकेको लैगिक असमानाहरूको पनि धेरै भनी रहेको परिपेक्षमा मैले सभापतिभन्दा अध्यक्षनै ठिक हुन्छ भन्ने मैले आफ्नो मतलाई कयममै राखेको जानकारी गराउन चाहन्छु र आफ्नो भनाइ अन्ते गर्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सभा नियमावली, २०७४ लाई दोस्रो संशोधन गर्न गठित समितिका अध्यक्ष माननीय श्री दीनबन्धु श्रेष्ठलाई समितिको प्रतिवेदन माथिको छलफल क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम जिज्ञासामा जवाफ दिन समय दिन्छु ।

**माननीय श्री दीनबन्धु श्रेष्ठः-** माननीय सभामुख महोदय, आज हामी कर्णाली प्रदेश सभा नियमावली २०७४ को दोस्रो संशोधनको २०७९ को प्रतिवेदन माथि छलफल गरिरहेका छौं । यो छलफलमा यस सम्मानित सदनमा माननीय सदस्यज्यूहरूले जुन सुझाव राय आफ्नो प्रकट गर्नु भयो पक्कै पनि महत्त्वपूर्ण र स्वागतयोग्य छ । मलाई लाग्छ यो कर्णाली प्रदेश नियावालीमा महत्त्वपुर्ण छ । यले कर्णाली प्रदेश सभालाई समितिलाई र अन्य निकायलाई कसरी चुस्तदुरुस्त र प्रभावकारी कसरी बनाउने हो । भोलिका दिनमा हरकार्यमा चाहिँ हामीले आफ्नो लक्ष्यअनुसार अगाडि पुग्नलाई हामीले प्रदेश सभा प्रदेशका

विषयगत समितिहरूलाई कसरी हामीले अझ प्रभावकारी बनाउन सक्छौं भन्ने उद्देश्यलेनै हामीले २०७४ को कर्णाली प्रदेश नियमावली संघको नियमावली मै टेकेर नै हामीले निर्माण गर्‍यौं व्यापक छलफल गर्‍यौं । यो तीन, चार वर्षको विचको हाम्रो यो संसद्मा हामीले यो नियमावलीकै माध्यमवाट कामहरू अगाडि बढायौं प्रदेश सभाको र कतिपय कुरामा हामीलाई खट्केका कुरा अझ प्रभावकारी गर्न सकिन्छ कि भन्ने हाम्रो सोच थियो त्यसैका आधारमा यो दास्रो संशोधनको प्रतिवेदन आएको छ । विशेष गरेर माननीय सभामुख महोदय, हामीले समितिमा पटक-पटक व्यापक छलफल गरी कर्णाली प्रदेश नियमावली, २०७४ को प्रयोगमा आएका अनुभवका आधारमा नेपालको संविधानको धारा १९४ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेशसभाले आफ्नो कार्य सञ्चालनका लागी समितिहरू गठन सभा र समितिहरूको बैठकमा शुव्यवस्था कायम राख्न सभा र समितिको काम कार्यवाहीको कार्यविधि र अन्य आवश्यक विषयलाई नियमित र व्यवस्थित गर्न यो नियमावलीको भुमिका महत्त्वपुर्ण हुने मैले विश्वास लिएको छु।

सभामुख महोदय, हामीले यस प्रतिवेदनमा संशोधनकर्ता गर्दा काम कर्तव्य र अधिकारमा व्यापक रूपमा उल्लेख गरिएको संघीय संसद्को प्रचलनलाई आत्मसाथ गरेका छौं । अब म यसमा धेरै लामो समय लिन चाहदैन । अहिले याहाँ आफ्नो सुझाव राख्ने माननीयज्यूहरूको केही सुझाव छ म त्यसको विषयमा राख्न चाहन्छु । माननीय दल रावलले राख्नु भएको छ । सभापति अध्यक्षका बिचमा हामीले अहिलेसम्म संशोधन गरी ल्याएको यो अहिलेको प्रतिवेदनमा संशोधन हामीले यो प्रदेश समितिहरूमा हामी विगतवाट पनि हामीले अध्यक्ष त राखिम तर अध्यक्ष र सभापतिका बिचमा हामी बिचमा छलफल भएकै हो अध्यक्ष राख्ने कि सभापति राख्ने २०७४ को यो प्रदेशसभा नियमावलीमा पनि तर हामीले एउटा सहमतिवाट अध्यक्ष राख्ने सहमति राख्ने सहमति गर्‍यौं र अहिले आएर बिचमा हाम्रो कार्यन्वयन पक्षमा या अन्य प्रदेशहरू र संघको एउटा प्रयाक्टिसको आधार पनि सबैले हामीले महसुस गर्‍यौं यलाई हामीले प्रदेशको समितिहरूको अध्यक्षको सट्टा सभापति बनाईएको हो । यस प्रतिवेदनमा संघका सबै प्रदेशहरू बिचमा एकरूपता आवस् भन्ने हाम्रो उद्देश्य हो र म यो यहाँहरूलाई जानकारी गर्न चाहन्छु अर्को विधायन तथा प्रदेश मामिला समिति थियो हामीहरूको तर विधायन तथा प्रदेश मामिला समितिको अर्थ जस्तै संघमा यो राष्ट्रिय सभामा छ जस्तो लाग्छ । विधायन तथा प्रदेश मामिला भन्या विधायनहरू सबै ती समितिले हेर्ने भन्ने उद्देश्यले यो समिति गठन गरियो सुरूमा हामीले तर अहिले विषयगत समितिहरूले सार्वजाननि लेखा समिति बाहेक अन्य समितिहरूले हामीले विधायन सम्बन्धी पनि हामीले काम गरिरहेका छौं । त्यो प्रत्येक सम्बन्धित समितिहरूमा विधायनहरू गरिहेको हुनाले विधयानहरूलाई हामीले झिकियौं या त सबै समितिहरूलाई विधायन तथा भनेर समिति अर्थ समिति, समाजिक समिति जोड्न पर्‍यो हैन भने हामीले संघको र अन्य प्रदेशको पनि प्रचलनलाई हेरेर व्यावहारीक हिसाबले पनि हामीले विधायनलाई पनि निकालेर पदेश मामिला समिति

कायम गऱ्यौं तर त्यसमा पनि प्रदेश मामिला समितिमा पनि हामीले यो उल्लेख कै छ मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रेदेश लोकशेवा आयोग मुख्य न्याधिवक्ताको कार्यालय, शान्ति प्रक्रिया र सरकारका काम काजको अनुगमन गर्ने भन्या छ । यो प्रदेश मामिलाभित्र पर्छ र यसले पनि यसभित्रका विधेयकहरू कानूनहरू यसले हर्ने भएकोले सबै समितिलाई दिएको हुनाले एलाई हटायर हामीले अहिले प्रदेश मामिला राखेको जानकारी गराउन चाहन्छु । अर्को माननीयज्यूहरूको दुईवटै माननीयज्यूहरूले राख्नुभाछ माननीय देवी वलि राख्नु करिब करिब उहाँहरूले राख्नु भएको जिज्ञासा मिल्दाजुल्दा छन् । गणपूरक नपुगेमा भन्ने कुरा आयो सभामुखको आदेश भन्ने कुराहरू आयो म यसमा प्रस्ट पार्न चाहन्छु सभामुख महोदय, संमानित सदनमा म के प्रस्ट पार्न चाहन्छु भने समितिको बैठकको गणपूरक संख्या सम्बन्धमा संघीय संसद् प्रतिनिधि सभा नियमावलीमा भएको व्यवस्था समितिको बैठकमा गणपूरक संख्या नपुगि लगतार दुई पटक बैठक स्थगित भएमा तेस्रो पटक कम्तीमा एक चौथायी सदस्य उपस्थित भएमा बैठक बस्न सक्ने सोको जानकारी सभापतिले सभामुखलाई जानकारी गराउने भन्ने छ तर हाम्रो पनि छलफलमा हाम्रो समितिको संशोधनमा भएको व्यवस्था समितिको गणपूरक संख्या नपुगि लगतार दुई पटक बैठक स्थगित गर्न परेमा सो उपरान्त गणपूरक सम्बन्धी नियम लागु हुने छैन भन्ने आसय रहेको र सभामुखको आदेशले भन्ने शब्दहरू नराख्ने सहमति भएको प्रतिवेदनमा प्रविधिक त्रुटिवस सो कायम रहेकोले समितिमा सहमति भएका विषयमा आनुसङ्गिक सुधार गरी सच्याउने व्योहोरा यस सम्मानित सदनमा अनुरोध गर्न चाहन्छु । अब मलाई लाग्छ विशेष गरेर अगि एउटा पनि उठ्यो भर्चुवल मिटिङ समितिका मिटिङहरूमा यस्तै अब गणपूरक पुगेन संख्या पुगेन भने एक जनासम्मलाई हामीले भर्चुवलबाट पनि कतै त्यसवाट समितिको बैठकमा सहभागी गराउने त्यसको एउटा रेकड राखेर पछि मान्यता दिने भन्ने पनि छ । अरू माननीयज्यूहरूको विशेष गरेर सभापतिकै कुरा आयो र माननीय सदस्यले समितिमा पनि हुनुहुन्छ । माननीय सदस्य देवि ओलि अघि पनि राख्नु भयो यो अलिकति व्याख्या पनि गर्नु भयो प्रदेश सभा प्रति गठित विषयगत समितिको अध्यक्षको सट्टा सभापति बनाइएको भन्ने मैले यहाँहरूको माझ राखे मैले संघ र प्रदेश सभाहरूको बिचमा एकरूपता ल्याउन नै हो यो बिचमा पनि हामीले एलाई प्रयोग ल्यादाखेरी यताकता हामीले पनि असहज महसुस गरेको पनि छ तर माननीय सदस्य देवी ओलिज्यूले पनि समितिको अध्यक्ष र सभापतिको सम्बन्धमा समितिका सदस्य माननीय देवी ओलिले सभापतिको प्रस्ताव असहमति राख्नु भएकै थियो उहाँ राइटसको कुरा हो तापनि बहुमतले सभापति हामीले निर्णय गऱ्यौं । त्यसैले माननीय सभामुख महोदय, यहाँ माननीयज्यूहरूको जिज्ञासा यसैमा केन्द्रित लाग्यो सभापति गणपूरक र यो भर्चुवलको कुरा र अर्को विधायन समितिकोमा किन हटाईयो प्रदेश मामिला भन्ने भो मैले केही प्रस्ट गरे जस्तो लाग्छ । र जाहाँ मलाई लाग्छ अहिले पनि यो हामीले यो दास्रो संशोधनमा पनि

हामीले केही महत्त्वपूर्ण कुराहरू हिजोका प्रयोगका हिसाबले हामीलाई खट्किएको अझ प्रभावित गर्ने मैले अगि पनि भने हामीले यता ल्याका छौं र अहिले माननीयज्यूहरूको यो सबै यसमा समावेश हुन्छ भन्ने म विश्वास दिलाउदै सभामुख महोदय, माननीय दल रावलज्यूले सभामुखको आदेशले भन्ने शब्दहरू झिक्ने र तेस्रो पटक एक चौथायी सदस्य भन्ने शब्द थप गरियोस् भन्ने सुझावलाई स्वीकार गरेको छु । स्वीकार गरिएका शब्द संशोधनमा समावेश गर्ने अन्य समाधन यथावत अन्य प्रवधान यथावत रहने व्यहोरा सभालाई पनि जानकारी गराउन चाहन्छु । अन्तमा यस सभामा आज कर्णाली प्रदेशसभा नियमावली, २०७४ को दोस्रो संशोधनको अहिले हामीले यहाँ भर्खरै संशोधन गरेर हामीले यो संशोधन २०७९ को प्रतिवेदन माथि छलफल गर्‍यौं र मलाई लाग्छ यो आजको संशोधनको प्रतिवेदन २०७४ कोले अब भोलि आउने करिब करिब हाम्रो कार्यकाल पाँच छ महिना मात्र वाकि छ यो प्रदेशसभाको र यसको कार्यन्वयन गर्नलाई भोलि आउने प्रदेश सभाले माननीय सभामुख महोदय, मलाई पक्कै पनि विश्वास छ कर्णाली प्रदेशसभा नियमावली दोस्रो संशोधन २०७९ अब आउने प्रदेश सभाको लागी मर्गदर्शन हुनेछ भन्ने विश्वास राख्दछु धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा नियमावली, २०७४ लाई दोस्रो संशोधन गर्न गठित समितिको प्रतिवेदन माथिको छलफल समाप्त भएको जानकारी गराउछु । माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली, २०७४ लाई दोस्रो संशोधन गर्न गठित समितिका अध्यक्ष माननीय श्री दीनबन्धु श्रेष्ठलाई समितिको प्रतिवेदन कर्णाली प्रदेशसभा नियमावली २०७४, को नियम १२१ बमोजिम पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव पेस गर्न समय दिन्छु ।

**माननीय श्री दीनबन्धु श्रेष्ठः-** माननीय सभामुखज्यू, कर्णाली प्रदेशसभा नियमावली, २०७४ लाई दोस्रो संशोधन गर्न गठित समितिको प्रतिवेदन माथि माननीयज्यूहरूले दिनु भएको सुझाव समेत नियमावलीको अङ्ग हुने गरी कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२१ बमोजिम यस सभाबाट पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभानियमावली, २०७४ लाई दोस्रो संशोधन गर्न गठित समितिका अध्यक्ष माननीय श्री दीनबन्धु श्रेष्ठले सभासमक्ष प्रस्तुत गर्नु भएको समितिको प्रतिवेदन माननीयज्यूहरूको सुझाव समेत नियमावलीको अङ्ग हुनेगरी पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला,

यो प्रस्तावको विपक्षेमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले हुन् भनुहोस्,

हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेशसभा नियमावली, २०७४ लाई दोस्रो संशोधन गर्न गठित समितिको प्रतिवेदन माननीयज्यूहरूको सुझाव समेत नियमावलीको अङ्ग हुनेगरी पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७९ साल असार १ गते बुधवार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

## बैठक संख्या-१३
## (वि.सं. २०७९ साल असार १ गते बुधबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको दशौं अधिवेशनको तेह्रौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, नेपालको संविधानको धारा भाग १६ प्रदेश आर्थिक कार्य प्रणालीको धारा २०७ र कर्णाली प्रदेश सभा नियमावली २०७४ को परिचछेद १६ नियम १२८ बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को राजस्व र व्ययको वार्षिक अनुमान बजेट प्रस्तुत गर्न आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टलाई अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टः** माननीय सभामुख महोदय,

१. कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजनामन्त्रीको हैसियतले कर्णाली प्रदेशका नागरिकको प्रतिनिधिमूलक गरिमामय प्रदेश सभाको यस बैठकमा आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस अबसरमा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशीता, सामाजिक न्यायका लागि भएका जनआन्दोलन, जनयुद्ध र प्रदेश स्थापनाको लागि भएका आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान् सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यस क्रममा घाइते तथा अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य लाभको कामनासहित आन्दोलनमा सहभागी भइ योगदान गर्नु हुने सम्पूर्ण योद्धाहरूको स्मरण गर्दै सबैमा उच्च सम्मान व्यक्त गर्दछु।

३. मुलुक सङ्घीय संरचनामा गए पश्चात् संवत् २०७९ साल वैशाख ३० गते स्थानीय तहको दोस्रो कार्यकालका लागि निर्वाचन सम्पन्न भएको छ । स्थानीय तहका नवनिर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना दिन चाहन्छु । यस निर्वाचनलाई स्वच्छ, निष्पक्ष र स्वतन्त्र रूपमा सम्पन्न गर्न योगदान गर्नु हुने आम नागरिक, राजनीतिक दल, निर्वाचन आयोग, सुरक्षा निकाय र राष्ट्रसेवक लगायत सबैलाई धन्यवाद दिन चाहन्छु ।

४. कोभिड-१९ को विश्वव्यापी महामारीबाट सम्पूर्ण मानव जाति नै मानवीय र आर्थिक रूपमा सङ्कटग्रस्त बनेको यस परिवेशमा मानव विकास सूचकाङ्क,

भौतिक पूर्वाधार, आर्थिक गतिविधि, रोजगारी, अबसर, पहुँच र स्रोतबाट पछि परेको कर्णाली प्रदेशमा यसको प्रभाव केही समयसम्म रहने अनुमान गरेको छु ।

५. प्रदेशको कठिन भूगोल, पूर्वाधार विकासको धीमा गति, सीमित स्रोत, प्राकृतिक स्रोतको न्यून उपयोग, न्यून आन्तरिक राजस्व परिचालन तथा दक्ष प्राविधिक जनशक्तिको अभावमा उपलब्ध स्रोतको प्रभावकारी उपयोग हुन सकेको छैन । सीमित स्रोत साधनको महत्तम उपयोग गरी कर्णाली प्रदेशको बहुआयामिक गरिबी, बेरोजगारी, भोकमरी र विपन्नतालगायतका मूलभूत समस्याहरूको सार्थक समाधान गर्ने दिशामा बजेट केन्द्रित गरेको छु ।

६. विकास प्रक्रियालाई परिणाममुखी बनाउन सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य र सहभागितामा दोहोरोपना नहुने गरी विकास आयोजनाहरूको छनोट र कार्यान्वयन गरिनेछ । न्यून स्रोत विनियोजनको कारण लामो समयदेखि सम्पन्न हुन नसकेका र बहुवर्षीय आयोजनाहरूको लागि पर्याप्त रकम विनियोजन गरी पूर्वाधार विकासको गतिलाई तीव्रता दिइनेछ ।

७. सङ्घीयताको सफल कार्यान्वयन, सुशासन, विकास, गरिबी निवारण, समावेशीता र सामाजिक न्याय तथा समाजवाद उन्मुख आर्थिक-सामाजिक संरचनाको विकास गर्दै उत्पादन र आपूर्तिमा जोड दिई आर्थिक वृद्धि हासिल गर्ने दिशामा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम लक्षित गरिएको छ ।

८. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले “समृद्ध नेपाल, सुखी नेपाली” को राष्ट्रिय आकाङ्क्षा र कर्णाली प्रदेश सरकारको “समृद्ध कर्णाली : सुखारी कर्णालीवासी” को दीर्घकालीन सोच, नेपालको संविधान, पन्ध्रौं पञ्चवर्षीय योजना, कार्य विस्तृतीकरण प्रतिवेदन, दिगो विकास लक्ष्य, कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना, यस सम्मानित सभाले पारित गरेको प्रदेश सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको दीर्घकालीन सोच-२१००, विनियोजन विधेयक, २०७९ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा माननीय सदस्यहरूबाट प्राप्त महत्त्वपूर्ण सुझाव, मार्गदर्शन र कर्णाली प्रदेशको विशिष्ट अबस्था समेतलाई प्रमुख आधार बनाएको छु । स्थानीय तह, आम नागरिक, राजनीतिक दल, विज्ञहरू, नागरिक समाज, निजी क्षेत्र लगायत सरोकारवालाहरूबाट प्राप्त सुझावलाई समेत आधार लिएको छु ।

**माननीय सभामुख महोदय,**

कर्णाली प्रदेशको आर्थिक स्थिति, विवरण र तथ्याङ्क समावेश गरिएको आर्थिक सर्वेक्षण २०७८सार्वजनिक भइसकेको छ ०७९/ । अब म प्रदेशको विद्यमान अबस्थाको सङ्क्षिप्त जानकारी प्रस्तुत गर्दछु ।

९. यस प्रदेशको क्षेत्रफल नेपालको कूल भूभागको २१ प्रतिशत रहेको छ । नेपालको राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक नतिजाअनुसार यस प्रदेशको

जनसङ्ख्या १६ लाख ९४ हजार ८ सय ८९ अर्थात् कूल जनसङ्ख्याको ५.८१ प्रतिशत र जनसङ्ख्या वृद्धिदर ०.७३ प्रतिशत रहेको छ ।

१०. केन्द्रीय तथ्याङ्क विभागले हालै सार्वजनिक गरेको प्रक्षेपणअनुसार नेपालको चालु आर्थिक वर्षमा आर्थिक वृद्धि दर ५.८४ प्रतिशत र कर्णाली प्रदेशको आर्थिक वृद्धिदर ५.४७ प्रतिशत हुने अनुमान रहेको छ ।

११. मानव विकास प्रतिवेदन, २०२०अनुसार सामाजिक, आर्थिक सूचकाङ्कमा कर्णाली प्रदेशको अबस्था कमजोरदेखिन्छ । नेपालको मानव विकास सूचकाङ्क ०.६०२ रहेकोमा कर्णाली प्रदेशको ०.५३८ रहेको छ । नेपालको कुल राष्ट्रिय प्रतिव्यक्ति आय १३८१ अमेरिकी डलर र कर्णाली प्रदेशको ९६४ अमेरिकी डलर रहेको छ । नेपालको गरिबी १८.६ प्रतिशत र बहुआयामिक गरिबी १७.४ प्रतिशत छ । कर्णाली प्रदेशको गरिबी २८.९ प्रतिशत र बहुआयामिक गरिबी ३९.५ प्रतिशत रहेको छ । राष्ट्रिय औषत आयु ७० वर्ष र कर्णालीवासीको औषत आयु ६७ वर्ष रहेको छ । राष्ट्रिय साक्षरता ८५ प्रतिशत र कर्णाली प्रदेशको साक्षरता ६२.७७ प्रतिशत रहेको छ ।

**माननीय सभामुख महोदय,**

अब म गत आर्थिक वर्षका केही तथ्याङ्कसहित चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको समीक्षा पेस गर्ने अनुमति चाहन्छु ।

१२. कर्णाली प्रदेशको विगत चार वर्षको कुल बजेट ९८ अर्ब ६१ करोड ६६ लाख ३५ हजार प्रस्तुत भएको थियो । बजेटको संरचना हेर्दा चालुतर्फ ३३.६८ प्रतिशत र पुँजीगततर्फ ६६.३२ प्रतिशत विनियोजन भइ सो विनियोजनको चालुतर्फ ६१.८३ प्रतिशत र पुँजीगततर्फ ४३.४३ प्रतिशत खर्च भएको छ । आर्थिक वर्ष २०७८/०७९ को जेठ मसान्तसम्मको खर्च चालुतर्फ ३८.९२ प्रतिशत र पुँजीगततर्फ २५.०४ प्रतिशत खर्च भइ समग्रमा ३०.२० प्रतिशत खर्च भएको छ ।

१३. प्रदेशको विगत चार आर्थिक वर्षको आन्तरिक राजस्व सङ्कलन १ अर्ब ३४ करोड ४३ लाख भएको छ । आर्थिक वर्ष २०७८/०७९ मा प्रदेशको आन्तरिक राजस्व सङ्कलन जेठ मसान्तसम्म रु. ५२ करोड ४३ लाख अर्थात् लक्ष्यको तुलनामा ८७.३८ प्रतिशत रहेको छ ।

१४. चालु आर्थिक वर्षको बजेटको तुलनामा विनियोजनको ७७.०३ प्रतिशत अर्थात रु २८ अर्ब १५ करोड ४६ लाख ३५ हजार खर्च हुने अनुमान छ ।

१५. विगत तीन वर्षको अबधिमा सङ्घीय सरकारबाट सशर्त, समपूरक र विशेष अनुदानमा कुल १७ अर्ब ३ करोड ६१ लाख ८ हजार प्राप्त भएकोमा सम्बन्धित आर्थिक वर्षभित्र खर्च हुन नसकी ५ अर्ब ९८ करोड ७५ लाख १७ हजार सङ्घीय सञ्चित कोषमा फिर्ता भएको छ ।

१६. कर्णाली प्रदेशका स्थानीय तहमा चालु आर्थिक वर्षमा ३ अर्ब ८२ करोड २९ लाख ४१ हजार वित्तीय हस्तान्तरण गरिएको छ ।

१७. कर्णाली प्रदेशका लक्षित समुहका करिव ७५ प्रतिशत व्यक्तिहरूलाई कोभिड-१९ विरुद्धको खोप लगाइएको छ । चालु आर्थिक वर्षमा कोभिड-१९ सङ्क्रमण, रोकथाम र नियन्त्रण कार्यमा कोभिड-१९ व्यवस्थापन कोषबाट रु. १४ करोड २८ लाख ५३ हजार खर्च भएको छ ।

१८. कर्णाली प्रदेश विपद् व्यवस्थापन कोषबाट विपद् व्यवस्थापन सम्बन्धी कार्यहरूमा रु.५ करोड ७३ लाख ५१ हजार खर्च भएको छ ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७९को बजेटका उद्देश्य तथा प्राथमिकता ०८०/ प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरू निम्नानुसार प्रस्तुत गरेको छु ।

(क) कर्णाली प्रदेशको विशिष्ट भौगोलिक र सामाजिक अबस्थालाई दृष्टिगत गरी सडक पूर्वाधार, खानेपानी, सिंचाइ, स्वास्थ्य, शिक्षालगायतका क्षेत्रको सन्तुलित र तीव्र आर्थिक विकास गर्ने,

(ख) कृषि, पर्यटन, उद्योग, वन तथा वातावरण क्षेत्रका कार्यक्रममार्फत् उत्पादनशील रोजगारी सिर्जना, जीवनस्तरमा सुधार, बहुआयामिक गरिबी न्यूनीकरण गर्ने,

(ग) सार्वजनिक, निजी र सहकारी क्षेत्रसँग उपलब्ध स्रोत साधनको उत्पादनशील क्षेत्रमा परिचालन गर्न लगानीमैत्री वातावरण सिर्जना गरी कर्णाली प्रदेशलाई आकर्षक लगानी प्रदेशको रूपमा विकास गर्ने,

(घ) समाजमा विद्यमान सबै प्रकारका विभेदको अन्त्य गर्न विभिन्न वर्ग, क्षेत्र, लिङ्ग, जात जाति तथा समुदायको सार्थक पहुँच र प्रतिनिधित्व सुनिश्चित गरी सामाजिक न्यायसहितको समृद्धि हासिल गर्ने,

(ङ) सार्वजनिक सेवा प्रवाहको गुणस्तर, शान्ति सुरक्षाको सवलीकरण र भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने,

(च) बजेटको प्रभावकारी कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय तह, निजी क्षेत्र र अन्य सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्ने ।

आगामी आर्थिक वर्ष २०७९/८० को बजेटका प्राथमिकताहरू निम्नानुसार प्रस्तुत गरेको छु ।

(क) शीघ्र प्रतिफल प्राप्त हुने र आगामी आर्थिक वर्षभित्र सम्पन्न हुने अधुरा आयोजना कार्यान्वयनका साथै सडक, खानेपानी, सिंचाइ, ऊर्जालगायतका भौतिक पूर्वाधार निर्माणमा तीव्रता,

(ख) सबल र दक्ष जनशक्ति, आधुनिक स्वास्थ्य पूर्वाधार र उपकरणको व्यवस्था गरी स्वास्थ्य प्रणालीको सुदृढीकरण र पहुँच विस्तार,

(ग) स्वावलम्बी, सीपयुक्त एवम् उद्यमशील जनशक्ति विकास गर्न प्राविधिक सीपसहितको गुणस्तरीय शिक्षाका लागि शैक्षिक पूर्वाधार, दक्ष एवम् उत्प्रेरित शैक्षिक जनशक्ति तथा आधुनिक पाठ्यसामग्रीको व्यवस्था,

(घ) भौगोलिक तथा मौसमी अनुकूलता अनुरूपको कृषि बालीको विस्तार गरी रैथाने र विशिष्टीकृत कृषि उत्पादन वृद्धिमार्फत् व्यापार घाटा न्यूनीकरणमा योगदान,

(ङ) कर्णाली प्रदेशमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगको विकास र प्रवर्द्धन गरी तुलनात्मक लाभका वस्तु उत्पादन तथा रोजगारी प्रवर्द्धन,

(च) प्राकृतिक विविधता र साँस्कृतिक सबलताको उच्चतम् उपयोग गरी पर्यटन प्रवर्द्धन गर्न पर्यटकीय पूर्वाधारमा लगानी अभिवृद्धि,

(छ) सङ्घ, प्रदेश, स्थानीय तह, निजी तथा सहकारी क्षेत्रबीच समन्वय र सहकार्य,

(ज) उत्तरदायी शासकीय प्रबन्ध, शान्ति सुरक्षाको प्रत्याभूति, भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन र गुणस्तरीय तथा पहुँचयोग्य सार्वजनिक सेवा प्रवाह ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७९/०८० को बजेटका कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सडक पूर्वाधार र यातायात व्यवस्थापन**

१९. आगामी आर्थिक वर्षभित्र कर्णाली प्रदेश सडक गुरुयोजना निर्माण गरिनेछ । गुरुयोजनाका प्राथमिकताका आधारमा सडक तथा पुल आयोजना कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

२०. प्रादेशिक सडक ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ । सडक निर्माण गर्दा गुणस्तर, सडक सुरक्षा र दुर्घटना न्यूनीकरणका लागि मादपण्ड तयार गरी लागू गरिने छ ।

२१. कर्णाली प्रदेशको विकासको संवाहकका रूपमा रहेको भेरी करिडोर र कर्णाली करिडोर निर्माण र स्तरोन्नतिका लागि सङ्घीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ । प्रदेशका सबै जिल्लामा कम्तीमा एउटा सडक आयोजनालाई प्रदेश महत्त्वको आयोजनाका रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

२२. प्रकोप प्रतिरोधी, सुरक्षित, व्यवस्थित, वातावरणमैत्री र अपाङ्गमैत्री भवन निर्माणमा जोड दिइनेछ । यस कार्यका लागि भवनसँग सम्बन्धित कानून तथा भवन संहिता निर्माण गरी कार्यान्वयमा ल्याइने छ ।

२३. सङ्घीय सरकारबाट हस्तान्तरण भइआएका तथा प्रदेश सरकारको लगानीमा निर्माण कार्य सुरू भएका तर कार्यसम्पन्न हुन बाँकी रहेका क्रमागत, अधुरा तथा

रुग्ण आयोजनाहरू सम्पन्न गर्ने कार्यलाई विशेष प्राथमिकता दिई रकम विनियोजन गरेको छु ।

२४. पर्यटकीय सडकको रूपमा रहेका जुम्ला एयरपोर्ट-उर्थुखालि-न्याउरीघाट-बुलबुले र कालिकोट लालु-लैफु-कोटवाडा-रुप्सा हुँदै सुदूरपश्चिम प्रदेशको रामारोशन जोड्ने सडक निर्माण गर्न रु. २४ करोड विनियोजन गरेको छु ।

२५. जिल्ला सदरमुकाम जोड्ने सडकका रूपमा रहेका चिसापानी-राडी-नदुवा-मुसिकोट सडक, कालिमाटी-रामपुर-रामबजार-लुहाम-सल्यान खलङ्गा जोड्ने सडक, सर्केगाड-मारघोर-खार्पुनाथ-सिमकोट सडक, हुम्ला कर्णाली र मुगु कर्णाली नदी दोमुखबाट गमगढी नाक्चेलाग्ना सडक निर्माणको लागि रु. १ अर्ब १० करोड विनियोजन गरेको छु ।

२६. अन्तर प्रदेश सडकका रूपमा रहेको घाटगाउँ-साल्म-कोरालाबास-कुल्लीमोरा सडक आयोजना निर्माण गर्न रु. ४५ करोड विनियोजन गरेको छु ।

२७. व्यापारिक केन्द्र जोड्ने सडकको रूपमा रहेको सल्यान जिल्लाको थारमारे-बडागाउँ चौरजहारी सडक निर्माण गर्न रु. २८ करोड विनियोजन गरेको छु ।

२८. स्थानीय सडक स्तरोन्नतिअन्तर्गत दैलेख सदरमुकामदेखि नौमुले गाउँपालिका हुँदै जुनी जोड्ने सडक, माथिल्लो डुङ्गेश्वर दुल्लु बेउली सडक र हुड्के-व्यूरेनी-माझघाट-चेपाङ्ग-जामु सडक निर्माणको लागि रु. ३१ करोड विनियोजन गरेको छु ।

२९. बहुवर्षीय ठेक्का स्वीकृत भइ निर्माणाधीन अबस्थामा रहेका सडक तथा पुल निर्माण कार्यलाई तीव्रता दिइनेछ । यसका लागि रु. १ अर्ब ९४ करोड विनियोजन गरेको छु ।

३०. प्रदेश राजधानी वीरेन्द्रनगर प्लानिङ्ग क्षेत्र सहरी सडक निर्माणलाई तिव्रता दिन रु. ६ करोड विनियोजन गरेको छु ।

३१. स्थानीय तहको साझेदारीमा सबै वडा केन्द्रदेखि स्थानीय तहको केन्द्रसम्म र स्थानीय तहको केन्द्रदेखि नजिकका राजमार्ग तथा सडक करिडोरसम्म जोड्ने बाह्रै महिना सञ्चालन हुने सडक निर्माणको लागि रकम विनियोजन गरेको छु ।

३२. आम कर्णालीवासीले सार्वजनिक सेवा लिनका लागि नदी वा खोला वारपार गर्न नसकेका कारणले एक घण्टाभन्दा बढी फेरो लगाउनु नपर्ने गरी खोलानालाहरूमा नेपाल सरकार तथा स्थानीय तहसँगको सहकार्यमा झोलुङ्गे पुल निर्माण गर्न रु. २० करोड ३१ लाख विनियोजन गरेको छु ।

३३. सडक तथा अन्य पूर्वाधार निर्माणमा नागरिकको बढ्दो मागलाई सम्वोधन गर्न सहरी क्षेत्रका पूर्वाधार विकास तथा विस्तारको लागि लाभग्राहीको सहलगानीमा सडक निर्माण गर्न प्रोत्साहन गरिनेछ । यसका लागि रु. ३ करोड विनियोजन गरेको छु ।

३४. दातृ निकायको सहलगानीमा ग्रामीण क्षेत्रमा यातायात सुविधा उपलब्ध गराउन ग्रामीण सडक सञ्जाल सुधार आयोजनाको सुरूवात गरिनेछ । यसअन्तर्गत मोर्क-चङ्खिला-बडावन-सानाखोला सडक जाजरकोट, दशरथपुर-डाँडागाउँ-जितेजुवा-ढाडखेत-मटेला-धरमपोखरा सडक सुर्खेत, चौरजहारी-निर्जी-खोलागाउँ-चौफा-बैरागीठाँटी-मुसीकोट सल्ले सडक निर्माण कार्य प्रारम्भ गरिनेछ ।

३५. दैलेख जिल्लाको पञ्चकोशी क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धन गर्न साडुँको जिरो प्वाइन्टदेखि कोटिला हुँदै श्रीस्थान, नाभिस्थानबाट रावतकोटको जाहरमाडीसम्मको सडक स्तरोन्नति गर्न रु. २ करोड विनियोजन गरेको छु ।

३६. निर्माण सम्पन्न भएका सडक, सडक पुल तथा झोलुङ्गे पुल, सार्वजनिक भवनलगायतका पूर्वाधारहरूको नियमित तथा आकस्मिक मर्मत सम्भार गर्न रु. १४ करोड ५० लाख व्यवस्था गरेको छु ।

३७. विगत आर्थिक वर्षहरूदेखि सञ्चालनमा रहेको पूर्वाधार विशेष कार्यक्रमलाई निरन्तरता दिएको छु । यसका लागि रु. १ अर्ब १२ करोड विनियोजन गरेको छु ।

३८. प्रदेश सरकारका मन्त्रालयहरूबाट प्रदान गरिने सेवा एउटै स्थानबाट उपलब्ध गराउन मन्त्रालयहरूको एकीकृत भवन निर्माण कार्यको प्रारम्भ गरिनेछ । प्रदेशमा रहेका सबै सरकारी संरचनाहरूलाई संरक्षण गर्न सुरक्षा पर्खाल निर्माण गरिनेछ । प्रदेशमा आयोजना हुने सार्वजनिक सभा समारोह व्यवस्थित गर्न वीरेन्द्रनगरमा रहेको खुला मञ्चमा संरचना निर्माण गरिनेछ । यसका लागि रु. १५ करोड विनियोजन गरेको छु ।

३९. कर्णाली प्रदेशभित्रका विपन्न, बादी, गाइने, राउटे, बोटे, राजी, दलित, मुसलमान तथा लोपोन्मुख र अति सीमान्तीकृत जाति वा समुदाय एवम् विपन्न वर्ग तथा जोखिमयुक्त र छरिएका बस्तीलाई सुरक्षित स्थानमा आवासको व्यवस्था गर्न स्थानीय तहसँगको समन्वय र साझेदारीमा एकीकृत बस्ती विकास, जनता आवास र विपन्नको घर कार्यक्रमको लागि रू. ४८ करोड ९५ लाख विनियोजन गरेको छु ।

४०. प्रदेश राजधानी वीरेन्द्रनगरमा सङ्घीय सरकार, नगर विकास कोष र प्रदेश सरकारको लगानीमा कर्णाली बसपार्क निर्माण गरिनेछ । सार्वजनिक यातायातलाई सुलभ र सहज बनाइनेछ । सुर्खेत जिल्लामा सवारी चालक अनुमति पत्र प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न ट्रायल सेन्टर स्थापना गरी सञ्चालनमा ल्याइनेछ । यातायात सुरक्षा व्यवस्था भरपर्दो बनाउन सुर्खेतमा भेहिकल फिट्नेस सेन्टर स्थापना गर्न सम्भाव्यता अध्ययन गरी निर्माण कार्य प्रारम्भ गर्ने व्यवस्था मिलाएको छु । आगामी आर्थिक वर्ष रुकुम जिल्लाको चौरजहारीस्थित यातायात सेवा कार्यालयबाट सेवा प्रारम्भ गरिनेछ ।

४१. भौतिक पूर्वाधार तथा सहरी विकासका लागि रु १० अर्ब ९२ करोड विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाइ**

४२. सबै स्थानीय तहको खानेपानी तथा सरसफाइ योजना तयार गर्न स्थानीय तह र विकास साझेदारहरूबीच समन्वय र सहकार्य गरिनेछ । खानेपानीको गुणस्तर सुधार गरी स्वच्छ खानेपानी उपलब्ध गराउने प्रयोजनको लागि वीरेन्द्रनगरमा खानेपानी परीक्षण केन्द्र सञ्चालन तथा सुर्खेतको लिस्से खानेपानी आयोजना र सल्यानको सल्लीबजार लिफ्ट खानेपानी आयोजनामा खानेपानी गुणस्तर कार्यक्रम सञ्चालन गरिनेछ ।

४३. प्रदेश सरकारको लगानीमा बन्ने नयाँ सरकारी र सामुदायिक भवनहरूमा वर्षातको पानी सङ्कलन गरी प्रयोग गर्ने व्यवस्था मिलाइनेछ । स्थानीय तहसँगको सहकार्यमा निजी भवन निर्माण गर्दा वर्षातको पानी सङ्कलन तथा पुनर्भरण प्रणाली लागू गरिनेछ ।

४४. सबै नागरिकको आधारभूत खानेपानी सेवामा पहुँच सुनिश्चित गरी गुणस्तरीय खानेपानी उपलब्ध गराउन निर्माणाधीन क्रमागत आयोजनाहरूलाई उच्च प्राथमिकता दिई सम्पन्न गरिनेछ । नेपाल सरकार र स्थानीय तहसँगको साझेदारीमा वीरेन्द्रनगर सुर्खेतको वृहत खानेपानी आयोजना सञ्चालन गरिनेछ । यसका लागि रु. ५ करोड विनियोजन गरेको छु ।

४५. शारदा बृहत खानेपानी आयोजना, छाप्रे एकीकृत खानेपानी आयोजना, पलाँता लिफ्ट खानेपानी आयोजना र रास्कोट खानेपानी आयोजना कार्यान्वयन गर्न रु. १७ करोड ७० लाख विनियोजन गरेको छु । सङ्घीय सरकारको सशर्त अनुदान स्रोतबाट सञ्चालित खानेपानी आयोजनाहरू यसै वर्ष सम्पन्न गर्न समन्वय गरिनेछ । यसका लागि रु. ४६ करोड ९७ लाख छुट्याएको छु ।

४६. खानेपानीको सुविधा उपलब्ध नभएका स्थानीय समुदाय र सार्वजनिक विद्यालयहरू पहिचान गरी स्वच्छ खानेपानी सुविधा पुर्‍याउन रकम विनियोजन गरेको छु ।

४७. प्रदेशभित्र रहेका साना शहर तथा आर्थिक केन्द्रहरूमा सुरक्षित तथा स्वच्छ खानेपानी उपलब्ध गराउन खानेपानी प्रणालीको सुदृढीकरण तथा स्तरोन्नतिको कार्यक्रम अगाडि बढाइनेछ । सङ्घ र स्थानीय तहसँगको सहकार्यमा **एक घर, एक धारा** अभियान सञ्चालनको लागि रकम विनियोजन गरेको छु ।

४८. प्रदेशभित्रका नागरिकलाई आधारभूत स्वच्छ खानेपानी सेवामा सहज पहुँच सुनिश्चित गर्न लामो समयदेखि सञ्चालनमा रहेका तर विपद्‌लगायतका कारण अवरुद्ध भएका खानेपानी आयोजनाहरूको मर्मत सम्भार गरी नियमित सञ्चालन गर्ने, निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न गर्ने र खानेपानी आपूर्तिको

पहुँचभन्दा बाहिरका बस्तीहरूमा सम्भाव्यता अध्ययन गरी प्राथमिकताको आधारमा क्रमशः आयोजना कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

**सिंचाइ तथा नदी नियन्त्रण**

४९. प्रदेशभित्रका कृषियोग्य जमिनमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराई कृषि क्षेत्रको उत्पादकत्व बढाइनेछ । हाल सञ्चालनमा रहेका सिंचाइ आयोजनाहरूको नियमित मर्मत सम्भार तथा साना, मझौला तथा ठूला सिंचाइ आयोजना पहिचान र कार्यान्वयनलाई निरन्तरता दिएको छु । मझौला सिंचाइ आयोजना सञ्चालन गर्न रु. ३८ करोड ४ लाख विनियोजन गरेको छु ।

५०. कर्णाली जनता सिंचाइ कार्यक्रमलाई निरन्तरता दिएको छु । यस कार्यको लागि रु. ८ करोड विनियोजन गरेको छु ।

५१. **कर्णाली प्रदेशका टार, अन्नको भण्डार** हुने गरी कर्णाली, भेरी बेसीन र शारदालगायतका विभिन्न नदी किनारमा रहेका टारहरूमा सिंचाई सुविधा विस्तार गर्न टार सिंचाई आयोजना सञ्चालन कार्यलाई निरन्तरता दिएको छु । टार सिंचाई आयोजनाहरू कार्यान्वयन गर्न रु. ३ करोड ३८ लाख विनियोजन गरेको छु ।

५२. शारदा नदी नियन्त्रण कार्यक्रम तथा कर्णाली जनता तटबन्ध कार्यक्रमलाई निरन्तरता दिएको छु । यसको लागि रु. १३ करोड विनियोजन गरेको छु ।

५३. बाढी तथा पहिरोबाट जोखिमयुक्त बस्तीहरू पहिचान गरी संरक्षण गर्न जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम सञ्चालन गर्न रु. ३२ करोड ६४ लाख विनियोजन गरेको छु ।

**ऊर्जा विकास तथा प्रवर्द्धन**

५४. कर्णाली प्रदेशको जलस्रोत गुरुयोजना तयार गरी सिंचाइ, खानेपानी, जलाशय र जलविद्युतको एकीकृत विकास तथा बहुउद्देश्यीय उपयोगका लागि सार्वजनिक, निजी, साझेदारीलाई प्रोत्साहन गरिनेछ ।

५५. सङ्घीय सरकारको समन्वय र सहकार्यमा ताक्सुगाडलगायतका जलविद्युत आयोजनाहरूको सम्भाव्यता र आवश्यकताको विश्लेषण गरिनेछ । कर्णाली प्रदेशमा जलविद्युतको उत्पादन कार्यलाई प्रभावकारी बनाउन विद्युत् विकास सम्बन्धी संस्थागत संरचना स्थापना गर्ने व्यवस्था मिलाएको छु ।

५६. नेपाल सरकारसँगको सहकार्यमा जनताको जलविद्युत कार्यक्रमअन्तर्गत निर्माण हुने जगदुल्ला अर्धजलाशययुक्त जलविद्युत आयोजनामा प्रदेश सरकारकोतर्फबाट शेयर लगानी गर्ने व्यवस्था मिलाएको छु ।

५७. सम्पूर्ण कर्णालीवासीलाई उज्यालो प्रदान गर्न विद्युत् सेवा नपुगेका स्थानहरूमा ग्रामीण विद्युतीकरणलाई प्राथमिकता दिई रकम विनियोजन गरेको छु ।

५८. राष्ट्रिय विद्युत् प्रसारण सञ्जाल नपुगेका प्रदेशका दुर्गम तथा भौगोलिक रूपमा विकट स्थानमा लघु जलविद्युत, सौर्य ऊर्जा, बायोग्याँस र वायुऊर्जालगायतका वैकल्पिक ऊर्जा प्रवर्द्धन तथा मर्मत सम्भार कार्यलाई प्रोत्साहन गर्न कर्णाली उज्यालो कार्यक्रमका लागि रु. १० करोड विनियोजन गरेको छु ।

५९. खानेपानी तथा सरसफाइ, सिंचाइ, नदी नियन्त्रण र ऊर्जा विकास सम्बन्धी कार्यक्रमको लागि रु. ३ अर्ब ७९ करोड विनियोजन गरेको छु ।

स्वास्थ्य सेवा र स्वास्थ्य पूर्वाधार

६०. कर्णाली प्रदेशका सम्पूर्ण नागरिकलाई कोभिड-१९ विरूद्धको खोप लगाउने व्यवस्था गरिनेछ । कोभिड-१९लगायतका महामारीबाट बच्ने उपाय र स्वास्थ्य सुरक्षाका मापदण्डहरूको पालना गर्न जनचेतनामूलक कार्यक्रम अभियानको रूपमा सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

६१. आधारभूत स्वास्थ्य उपचार सुविधामा सबैको पहुँच तथा बिरामीको उपचार खर्चमा सहुलियत दिन स्थानीय तहको समन्वयमा विपन्न तथा लक्षित समुदायका जनताका लागि स्वास्थ्य बीमा कार्यक्रमलाई थप बिस्तार गरिनेछ । उपचार खर्च धान्न नसक्ने बिरामीलाई प्रेषणमा सहुलियतको समेत व्यवस्था गरेको छु ।

६२. दृष्टिविहीन लगायत विभिन्न कारणले शारीरिक अपाङ्गता भएका व्यक्तिहरूले शारीरिक टेवाको लागि दैनिक जीवनयापनको क्रममा प्रयोग गर्ने सहायता सामग्रीहरूको उत्पादन र मर्मतको लागि उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

६३. प्रदेशका सबै जिल्लामा नियमित रूपमा गुणस्तरीय स्वास्थ्य सामग्री, औषधि र उपकरणको आपूर्ति व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको स्थापना र सञ्चालन गरिनेछ । निःशुल्क र अत्यावश्यक औषधिको सहज उपलब्ध हुने व्यवस्था मिलाएको छु ।

६४. कर्णाली राजमार्गमा हुने सडक दुर्घटना र अन्य घटनामा परी घाइते हुने व्यक्तिहरूको तत्काल उपचार गर्ने व्यवस्थाको लागि सङ्घीय सरकारको समन्वयमा दैलेख जिल्लाको राकम कर्णालीमा ट्रमा सेन्टर स्थापना गर्ने व्यवस्था मिलाइनेछ ।

६५. स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदनलाई व्यवस्थित, तथ्यपरक र समयबद्ध गर्न विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रतिवेदन प्रणालीको सुदृढीकरण गरिनेछ ।

६६. कोभिड-१९ को सङ्क्रमण रोकथाम, नियन्त्रण र उपचारमा प्रदेशका विभिन्न तहमा रहेका चिकित्सक र स्वास्थ्यकर्मीहरूको योगदान प्रशंसनीय रहेको छ । आगामी दिनमा भरपर्दो र पहुँचयोग्य उपचार सुविधा र स्वास्थ्य सुरक्षाका मापदण्डहरूको प्रभावकारी रूपमा पालना गरी मानव जीवन रक्षा गर्ने कार्यलाई थप प्रभावकारी बनाउन भौतिक संरचनाहरूको स्तरोन्नति, दक्ष जनशक्ति व्यवस्थापन र दिगोपनाको सुनिश्चित गर्ने व्यवस्था मिलाएको छु ।

६७. आधारभूत स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न बाल स्वास्थ्य कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम, सर्ने तथा नसर्ने रोग नियन्त्रण, बहुक्षेत्रीय पोषण कार्यक्रम, सामुदायिक स्वास्थ्य इकाई, बर्थिङ्ग सेन्टर, आधारभूत अस्पताल सहयोग कार्यक्रम, क्षयरोगमुक्त पालिका अभियान, औलो निवारण, कुष्ठरोग निवारणलगायतका कार्यक्रम सञ्चालनको लागि रकम विनियोजन गरेको छु ।

६८. प्रदेश अस्पताल सुर्खेतलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा विकास गरिनेछ । अस्पतालमा विशेषज्ञ चिकित्सकको व्यवस्था, भौतिक संरचना विस्तार, आधुनिक र प्रविधिमैत्री चिकित्सा उपकरणसहितको विशेषज्ञ चिकित्सकीय स्वास्थ्य सेवा उपलब्ध गराउन ५०० शैयाको बनाउने व्यवस्था मिलाएको छु । यसका लागि बनाउन रु.५२ करोड ४५ लाख विनियोजन गरेको छु ।

६९. सुर्खेत जिल्लाको पश्चिमी भेगमा स्वास्थ्य सेवालाई भरपर्दो, सर्वसुलभ र पहुँचयोग्य बनाउन सालकोट प्राथमिक स्वास्थ्य केन्द्रलाई सम्बन्धित स्थानीय तहसँगको साझेदारीमा पचास शैयाको अस्पतालको रूपमा स्तरोन्नतिका लागि सम्भाव्यता अध्ययन गरी भौतिक संरचना निर्माण गर्न रकम विनियोजन गरेको छु । कालिकोट जिल्लाको रास्कोट नगरपालिकामा अस्पताल निर्माणको लागि रकम विनियोजन गरेको छु ।

७०. दुर्गम हिमाली र पहाडी जिल्लाका नागरिकको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न कालिकोट, डोल्पा, मुगु र हुम्लामा पचास शैया तथा सल्यान, रुकुम पश्चिम, जाजरकोट र दैलेखमा एक सय शैयाको जिल्ला अस्पताल सञ्चालनको लागि आवश्यक पूर्वाधार, स्वास्थ्य उपकरण, एम्बुलेन्स र शववाहन तथा जनशक्ति व्यवस्थापन गर्न रु. ५३ करोड विनियोजन गरेको छु ।

७१. सङ्घीय सरकारसमेतको लगानीमा सुर्खेत जिल्लाको छिन्चुमा प्रदेशस्तरीय सरुवा रोग अस्पताल स्थापना गरिनेछ । स्वास्थ्य सेवालाई विविधीकरण गर्न प्राकृतिक, आयुर्वेद, होमियोपेथी एवम् अन्य वैज्ञानिक उपचार पद्धतिको विकास गरिनेछ । प्रदेश आयुर्वेद औषधालयलाई प्रादेशिक आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको रूपमा स्तरोन्नति गर्ने व्यवस्था मिलाएको छु । कर्णालीमा उपलब्ध जडीबुटीहरूको प्रयोग गरी आयुर्वेद औषधिको उत्पादनको सुरूवात गर्न रकम विनियोजन गरेको छु ।

७२. प्रदेशका सबै जिल्ला अस्पताललाई विशेषज्ञ सेवा प्रवाह गर्ने अस्पतालको रूपमा विकास गरिने छ । प्रदेश जनस्वास्थ्य प्रयोगशाला र जिल्ला अस्पतालमा रहेका प्रयोगशालामा जनशक्ति व्यवस्थापन, भौतिक पूर्वाधार र स्वास्थ्य उपकरण खरिदको लागि रकम विनियोजन गरेको छु ।

७३. स्वास्थ्य सेवा सहज बनाउन दुर्गम जिल्लामा घुम्ती स्वास्थ्य तथा प्रयोगशाला शिविरमार्फत् स्वास्थ्य सेवा उपलब्ध गराइने छ । स्थानीय तहको समन्वय र

सहकार्यमा सामुदायिक स्वास्थ्य, स्क्रिनिङ्ग शिविर एवम् टेलिमेडिसिन सेवामार्फत् स्वास्थ्य परीक्षण तथा परामर्श सेवा प्रदान गर्ने व्यवस्था मिलाएको छु । कर्णाली प्रदेशमा टेलिमेडिसिन, ई-हेल्थ कार्यक्रम विस्तार तथा सुदृढीकरणका लागि रु. ७ करोड विनियोजन गरेको छु ।

७४. अल्जाइमर, क्यान्सर, पार्किन्सन, सिकलसेल एनेमिया, हेमोफेलिया, थालासेमिया, मुटु, मृगौला, मस्तिष्कमा चोट, मस्तिष्कघात, स्पाइनल इन्ज्युरी रोगबाट पीडित बिरामीको उपचारमा सहयोग गर्न रकम विनियोजन गरेको छु ।

७५. कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण उपहार कार्यक्रम, महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रम एवम् सामुदायिक स्वास्थ्य इकाई सञ्चालन कार्यक्रमलाई निरन्तरता दिएको छु । दुर्गम स्थानबाट जटिल प्रसूति अबस्था एवम् आपतकालीन अबस्थाका बिरामीहरूलाई तत्काल उपचारको लागि हवाई उद्धार गर्न रकम विनियोजन गरेको छु ।

**शिक्षा जनशक्ति विकास तथा शैक्षिक पूर्वाधार**

७६. प्रदेशको लागि गुणस्तरीय शैक्षिक जनशक्ति उत्पादनमा सहयोग पुऱ्याउन भौगोलिक सन्तुलन कायम हुने गरी हाल सञ्चालनमा रहेका उच्च माध्यमिक विद्यालयहरूमा विज्ञान सङ्काय सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

७७. कर्णाली प्रदेशमा पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना तथा सञ्चालनको लागि कानून तर्जुमा गरिनेछ ।

७८. कर्णाली प्रदेशमा हेल्थ असिस्टेन्ट, स्टाफ नर्स, फार्मेसी, ल्याव लगायतको प्राविधिक जनशक्ति उत्पादनका लागि आगामी आर्थिक वर्षदेखि पठनपाठन सुरू गरिनेछ । जनशक्ति उत्पादनको लागि पठनपाठन सुरूवात लगायत व्यवस्थापकीय कार्य प्रदेश अस्पतालबाट गर्ने व्यवस्था मिलाइनेछ ।

७९. कर्णाली प्रदेशमा उच्च शिक्षालाई थप गुणस्तरीय बनाउन सङ्घ, प्रदेश र स्थानीय तहसँग सहकार्य, समन्वय र सहजीकरण गर्न रकम विनियोजन गरेको छु ।

८०. सामुदायिक एवम् प्राविधिक विद्यालयहरूको पूर्वाधार विकास, विपद्मा क्षति भएका विद्यालयहरूको मर्मत सम्भार, शैक्षिक जनशक्तिको क्षमता विकास र कर्णाली सार्वजनिक शिक्षा सुधार अभियानअन्तर्गत शैक्षिक सुधार कार्यक्रमको लागि रकम विनियोजन गरेको छु ।

८१. प्रदेशभित्र दक्ष र प्राविधिक जनशक्ति उत्पादन गर्न तथा सबैलाई शिक्षाको अबसर दिलाउन प्राविधिक छोरी बुहारी छात्रवृत्ति, दलित, अपाङ्ग, सहिद सन्तति छात्रवृत्ति र एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रमलाई निरन्तरता दिएको छु।

८२. कर्णाली प्रदेशलाई पूर्ण साक्षर प्रदेशको रूपमा घोषणा गर्न सङ्घ र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ । स्थानीय तहको सहकार्यमा एक स्थानीय

तह एक सामुदायिक विद्यालय पूर्वाधार विकास कार्यक्रम सञ्चालनका लागि रु. ३३ करोड ६० लाख विनियोजन गरेको छु ।

८३. कर्णाली प्रदेशका सबै जिल्लाका माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूलाई वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन गर्न सूचना प्रविधि ल्याबको स्थापना गर्ने व्यवस्था मिलाएको छु ।

८४. अटिज्मलगायतका अपाङ्गता भएका व्यक्तिहरूको गुणस्तरीय शिक्षामा सहज पहुँचको सुनिश्चितता एवम् अपाङ्गमैत्री शिक्षण सिकाइ प्रविधिमा सुधार गर्न विशेष शिक्षा सञ्चालन गरेका विद्यालयहरूको लागि रकम विनियोजन गरेको छु।

८५. कर्णाली विकास सेवा स्वयंसेवक कार्यक्रममार्फत् स्वयंसेवक परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

८६. नवसिर्जनशील, वैज्ञानिक, व्यावसायिक र मानव मूल्यमा आधारित शिक्षाका लागि समयानुकूल पाठ्यक्रम परिमार्जन गर्न सङ्घीय सरकार र स्थानीय तहसँग समन्वय गरिनेछ । प्रदेशको स्थानीय विशिष्टता र उद्यमशीलता सम्बन्धी विषयलाई स्थानीय पाठ्यक्रममा समावेश गर्ने व्यवस्था मिलाइनेछ ।

८७. कर्णाली प्रदेशको भाषा, कला, साहित्य, संस्कृति र पूरातात्त्विक वस्तुहरूको संरक्षण एवम् प्रवर्द्धन गरिनेछ । प्रदेश सङ्ग्रहालयको स्तरोन्नति गरी अभिलेखालयको रूपमा विकास गरिनेछ ।

८८. प्रदेशको ऐतिहासिक सम्पत्तिका रूपमा रहेका जुम्लाको सिंजा, दैलेखको दुल्लुलगायतका स्थानमा रहेका मूर्ति, कलाकृति, प्रस्तर, सामरिक वस्तु, तथ्य, प्रमाण, भाषा र लिपी सम्बन्धी दस्तावेजहरूको अध्ययन र अनुसन्धान गर्ने व्यवस्था मिलाएको छु ।

८९. श्रम तथा रोजगार सचेतना तथा प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ। बाल श्रमिक निषेध प्रदेश निर्माणका लागि अभियानमूलक सचेतना कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

९०. वैदेशिक रोजगारबाट फर्केका तथा स्वदेशभित्र रोजगारीका अबसरबाट वञ्चित युवाहरूको सीप, प्रविधि र जाँगरलाई सिर्जनशील उद्यममार्फत स्वरोजगार बनाउने कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छु । कर्णाली प्रदेशको व्यावसायिक सीप नक्साङ्कन र सीप विकास सम्बन्धी क्षमता विकास गर्न रु. ३ करोड विनियोजन गरेको छु ।

९१. प्रदेशभित्रका शैक्षिक संस्थाको सूचना प्रणाली व्यवस्थापन अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिएको छु ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

९२. कर्णाली प्रदेशका सार्वजनिक संरचनाहरू अपाङ्गमैत्री र लैङ्गिकमैत्री बनाइनेछ । प्रदेशका सबै निकायहरूमा स्तनपान कक्षको व्यवस्था गरिनेछ । विभिन्न

मन्त्रालय र कार्यालयहरूको सघन अबस्थिति भएको स्थानमा सबै कर्मचारीहरूलाई पायक पर्ने गरी शिशु स्याहार केन्द्रको स्थापना गर्ने व्यवस्था मिलाएको छु ।

९३. महिला, आदिवासी, आदिवासी जनजाति, सीमान्तीकृत वर्ग, लोपोन्मुख, मुस्लिम, दलित, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा हरेक दृष्टिले वञ्चितीकरणमा परेका नागरिकका लागि स्रोत, साधन र अबसरमा समानता कायम गर्ने लक्षित वर्ग विशेष कार्यक्रम सञ्चालनको लागि रकम विनियोजन गरेको छु ।

९४. महिला अधिकार, महिला स्वास्थ्य, सुरक्षित महिनावारी, सुरक्षित मातृत्व सम्बन्धी कार्यक्रम र ज्येष्ठ नागरिक, बेसहारा, सडक मानवहरूको संरक्षण, आश्रय, व्यवस्थापन, शिक्षा, स्वास्थ्य उपचार तथा पुनर्स्थापनाको कार्यक्रमलाई निरन्तरता दिएको छु ।

९५. सामाजिक तथा सांस्कृतिक कुरीति, धार्मिक अन्धविश्वास, जातीय विभेद, लैङ्गिक भेदभाव विरुद्ध शून्य सहनशीलताको नीति अबलम्बन गरिनेछ । लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई स्थानीय तहसम्म संस्थागत गर्दै लगिने छ । बालविवाह, बहुविवाह, महिला हिंसा, छुवाछुत तथा भेदभाव, छाउपडी, बोक्सी प्रथालगायतका सामाजिक कुरीति तथा कुप्रथा अन्त्य गर्न स्थानीय तह, गैरसरकारी संस्था र समुदायमा आधारित संस्थासँग सहकार्य गरी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

९६. महिला तथा बालबालिकाको संविधान प्रदत्त अधिकार सुनिश्चित गरी हिंसापीडित महिलाहरूको उद्धार, पुनर्स्थापना र संरक्षणका लागि **सुरक्षित गृह** कार्यक्रम सञ्चालन गरिनेछ । असहाय तथा एकल महिलाहरूलाई उमेरअनुसार शिक्षा र सीपमूलक तालिम दिई स्वरोजगार हुने व्यवस्था मिलाएको छु ।

९७. ज्येष्ठ नागरिकको ज्ञान, सीप, अनुभव आदानप्रदान गरी दिनचर्या सहज र रूचिकर बनाउन स्थानीय तहसँगको सहकार्यमा दिवा वृद्ध बिसौनी केन्द्रको स्थापना गर्ने व्यवस्था मिलाएको छु । ज्येष्ठ नागरिकप्रति हुने हिंसा तथा दुर्व्यवहारको अन्त्य गरी उनीहरूको अधिकार संरक्षण गर्न, जोखिममा रहेका ज्येष्ठ नागरिकलाई संरक्षण, उपचार र मनोपरामर्श सेवा सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिएको छु।

९८. छोरीको सशक्तीकरण तथा लैङ्गिक समानता प्रवर्द्धन गर्ने उद्देश्यले कार्यान्वयनमा ल्याइएको **बैङ्क खाता छोरीको, सुरक्षा जीवन भरिको** कार्यक्रमलाई थप प्रभावकारी र प्रतिफलमुखी बनाउने गरी निरन्तरता दिएको छु ।

९९. समाजमा रहेका विभिन्न वर्ग र क्षेत्रका अल्पसङ्ख्यक, सीमान्तकृत र पछाडि पारिएका वर्ग र समुदायको संरक्षण, आय वृद्धि र सहज जीवनयापनको लागि

मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रम तथा आर्थिक, सामाजिक रूपमा पछाडि पारिएका दलित समुदायको विकास र सशक्तीकरणको लागि मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रमलाई निरन्तरता दिएको छु ।

**युवा तथा खेलकुद**

१००. विकास र समृद्धिमा युवाको रचनात्मक भूमिकालाई प्रवर्द्धन गर्न स्वस्थ र सिर्जनशील जीवनयापनका लागि खेलकुद, योग, व्यायाम, ध्यानलगायतका कार्यक्रमलाई समुदाय र विद्यालय तहसम्म विस्तार गर्ने व्यवस्था मिलाएको छु ।

१०१. प्रदेश गौरवको आयोजनाको रूपमा निर्माणाधीन प्रदेश रङ्गशालामा दशौं राष्ट्रिय खेलकुद आयोजना गर्न निर्माण कार्यलाई तीव्रता दिन रु. ६० करोड विनियोजन गरेको छु । चौरजहारी क्रिकेट रङ्गशाला, चिसापानी रङ्गशाला, वी.पी. स्मृति रङ्गशाला, चन्दननाथ रङ्गशालालगायतका रङ्गशाला र खेल मैदान निर्माणको लागि रकम विनियोजन गरेको छु ।

१०२. युवाहरूलाई खेल गतिविधिमा आकर्षित गरी अनुशासित, राष्ट्र र राष्ट्रियताप्रतिको भावनालाई थप उचाइमा पु¥याउन हरेक खेल गतिविधिमा प्रदेशको सार्थक सहभागिता सुनिश्चित गर्ने व्यवस्था मिलाएको छु ।

१०३. युवा प्रतिभा पहिचान, युवा उद्यमशीलता तथा स्वरोजगार, युवा खेलाडी प्रोत्साहन कार्यक्रम सञ्चालनको लागि रकम विनियोजन गरेको छु । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल प्रदेशका खेलाडीलाई प्रोत्साहन गर्न खेलकुद प्रतिभा पुरस्कार कोष स्थापना गर्ने व्यवस्था मिलाएको छु ।

१०४. शिक्षा, स्वास्थ्य, खेलकुद, श्रम तथा रोजगार, कला, भाषा, साहित्य, संस्कृति, सामाजिक समावेशीकरण र लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी कार्यक्रमका लागि रु. ५ अर्ब ८९ करोड विनियोजन गरेको छु ।

**कृषि क्षेत्रको विकास र भूमि व्यवस्थापन तथा सहकारी**

१०५. भूमिको उचित उपयोगका लागि कर्णाली प्रदेश भू-उपयोग ऐन तर्जुमा गरिनेछ । जोखिम संवेदनशील भू-उपयोग गुरूयोजना तयार गरी भूमिको चक्लाबन्दीलाई प्रोत्साहन गरिनेछ । प्रदेशको कृषि प्रणालीलाई आधुनिक, व्यावसायिक, प्रतिस्पर्धात्मक, उच्च मूल्यवान र प्राङ्गारिक प्रदेशको रूपमा विकास गर्ने व्यवस्था मिलाएको छु ।

१०६. तुलनात्मक लाभका कृषि उपज तथा नगदे बाली सघन रूपमा उत्पादन हुने पकेट क्षेत्र वर्गीकरण गरी त्यस्ता क्षेत्रमा उत्पादन हुने कृषि उपजलाई सुरक्षित रूपमा भण्डारण गर्न सार्वजनिक र निजी साझेदारी मोडेलमा उच्च प्रविधियुक्त शीत भण्डार तथा प्रशोधन उद्योग स्थापना तथा सञ्चालन गरिनेछ ।

१०७. कर्णाली प्रदेशको कृषि क्षेत्रको विकासका लागि सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरूलाई दिगो एवम् जलवायुमैत्री बनाउन प्राङ्गारिक कृषि तथा जलवायु अनुकूलन प्रविधिको विकास र विस्तार गरिनेछ ।

१०८. कृषि उत्पादन वृद्धि गर्न गुणस्तरीय बीऊ बिजन, बिरुवा उत्पादन गर्ने सरकारी निकाय एवम् निजी क्षेत्रका स्रोत केन्द्रहरूलाई प्रोत्साहन गरिनेछ ।

१०९. बाँझो छोडिएको खेतीयोग्य जमिनलाई उपयोग गरी खेती गर्न इच्छुक व्यक्ति तथा संस्थाले जग्गा भाडामा लिँदा प्रदेश सरकारबाट दिइने अनुदानलाई निरन्तरता दिएको छु । भूमिहीन तथा इच्छुक किसानलाई व्यावसायिक करार खेती, सहकारी खेती र सामूहिक खेतीको लागि प्रोत्साहन गर्न रकम विनियोजन गरेको छु ।

११०. **कर्णाली कृषि क्षेत्र सहयोग प्रणाली**मार्फत् सबै किसान तथा व्यवसायी लाभान्वित हुने गरी उत्पादन लागत घटाउन आर्थिक तथा प्राविधिक मापदण्ड कार्यान्वयनमा ल्याइ लक्षित क्षेत्रमा एकीकृत कृषि विकासका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

१११. कृषि क्षेत्रलाई परम्परागत प्रणालीबाट व्यावसायिक तथा प्रतिस्पर्धात्मक मूल्यवान् कृषि उपज उत्पादन प्रणालीमा रूपान्तरण गर्न तुलनात्मक लाभ भएका बाली, फलफूल, तरकारी, मसला खेती र पशुपालन प्रवर्द्धनलाई विशेष प्राथमिकता दिई रकम विनियोजन गरेको छु ।

११२. गरिब तथा निर्वाहमुखी कृषकको जीवनस्तरमा सुधार ल्याउन **गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम**मार्फत् आयआर्जनमुखी कार्यक्रमहरूलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न रु ८ करोड ४० लाख विनियोजन गरेको छु ।

११३. ग्रामीण क्षेत्रमा उपलब्ध स्थानीय कच्चा पदार्थको प्रयोग गरी उच्च मूल्यका कृषि उपज उत्पादन र बजारीकरण गर्न रोड कोरिडोर केन्द्रित व्यावसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालन गर्न रकम विनियोजन गरेको छु ।

११४. कृषि प्राविधिकहरूलाई व्यावसायिक कृषिमा आकर्षित गर्न तथा कृषकको खेतबारीमा प्राविधिक सेवा पुऱ्याउन कृषि प्राविधिक स्वरोजगार प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिएको छु । यस कार्यक्रममार्फत प्रदेशभरका थप २०० जना कृषि प्राविधिकलाई स्वरोजगार बनाउन रकम विनियोजन गरेको छु ।

११५. आधुनिक कृषि कार्यमा प्रयोग हुने यन्त्र, उपकरणसँग सम्बन्धित उद्योग (एसेम्बलिङ्ग समेत) खोली यन्त्र, उपकरण उत्पादन गरेमा उत्पादित परिमाणका आधारमा अनुदान दिने व्यवस्था मिलाएको छु ।

११६. कृषिको व्यावसायीकरणको लागि ठूला व्यावसायिक कृषकलाई बैङ्कमार्फत्, मध्यम स्तरका कृषकलाई प्रदेशस्तरका सहकारीमार्फत् तथा साना व्यवसाय

उन्मुख कृषकको लागि स्थानीय स्तरका सहकारीमार्फत् लिएको ऋणको ब्याजमा सहुलियतपूर्ण अनुदानको लागि रु. ११ करोड ८९ लाख विनियोजन गरेको छु ।

११७. सुख्खा, सिंचाइ सुविधा नपुगेका तथा खेतीयोग्य बाँझो जमिनमा सिंचाइ सुविधा विस्तार गर्न साना सिंचाइ कार्यक्रमअन्तर्गत लिफ्ट तथा बोरिङ्ग सिंचाइ र अन्य क्षेत्रमा वर्षातको पानी तथा हिउँ सङ्कलन पोखरी निर्माण लगायत अधुरा तथा नयाँ सिंचाइ कार्यक्रमका लागि रू. ५३ करोड ९२ लाख विनियोजन गरेको छु।

११८. स्थानीय तहसँगको सहकार्यमा आधारभूत कृषि प्रयोगशाला स्थापना गरी एक स्थानीय तह एक कृषि बाली तथा पशुपन्छीजन्य वस्तु उत्पादन पकेट कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

११९. **कृषि उत्पादन वृद्धिका लागि गुणस्तरीय बीऊ** भन्ने नाराकासाथ कर्णाली प्रदेश बीऊ क्षेत्र सहयोग कार्यक्रममार्फत बीऊ उत्पादनमा संलग्न कृषकहरूलाई स्रोत बीऊमा ७५ प्रतिशत अनुदान, बीऊ उत्पादनमा आधारित प्रोत्साहन अनुदान, बीऊ भण्डारण सामग्री तथा उपकरण खरिदमा अनुदान दिइनेछ । कर्णाली प्रदेशमा उत्पादित सबै प्रकारका बीऊ बिजनको प्रयोगलाई प्रोत्साहन गर्न प्रदेशभित्र खपत हुने बीऊ बिजन प्रदेश सरकारले खरिद गर्ने व्यवस्था मिलाएको छु ।

१२०. कृषि तथा पशुपन्छीजन्य स्रोतहरूको स्रोत वासलात तयार गरी उन्नत बीऊ बिजन, माछाका भूरा, मौरी, नश्ल तथा गुणस्तरीय बिरुवाहरूको आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित गरिनेछ । कृषि तथा पशुपन्छीजन्य स्रोत केन्द्रको सुदृढीकरण कार्यक्रमलाई निरन्तरता दिएको छु ।

१२१. प्रदेशको पहिचान एवम् निर्यातयोग्य बालीहरू स्याउ तथा ओखरको प्रवर्द्धन तथा विकासको लागि स्याउ तथा ओखर विकास परियोजनामार्फत् हुम्ला, डोल्पा, मुगु, जुम्ला र कालिकोट जिल्लामा स्याउ तथा ओखर र सुर्खेत, दैलेख, सल्यान, रुकुम पश्चिम र जाजरकोट जिल्लामा ओखर र सुन्तला जातका फलफूल उत्पादन गर्न किसानलाई प्रोत्साहन गरिने छ । ऊन तथा कपास उत्पादन, प्रशोधन र बजारीकरणका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

१२२. **कृषि उत्पादन वृद्धिका लागि कृषि पूर्वाधार** भन्ने नाराकासाथ कृषि क्षेत्रमा सहकारी र निजी क्षेत्रको लगानी आकर्षित गर्दै सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीमा बीऊ प्रशोधन केन्द्र, सङ्कलन केन्द्र, हाटबजार, सेलार स्टोर, रस्टिक स्टोर, कोल्ड च्याम्बर, कृषिजन्य उद्योग लगायत कृषि पूर्वाधार र बजारीकरण गर्न रु. ७ करोड २८ लाख विनियोजन गरेको छु ।

१२३. कृषि क्षेत्रको उत्पादन लागत न्यूनीकरण तथा कृषिको यान्त्रिकीकरणमार्फत् आधुनिकीकरण तथा व्यावसायीकरण गर्न खनजोत, सिंचाइ, बाली उत्पादन तथा

उत्पादन पश्चात प्रशोधन कार्यमा प्रयोग हुने कृषि औजार, यन्त्र तथा उपकरणहरूमा ५० प्रतिशत अनुदानको व्यवस्था मिलाएको छु ।

१२४. गाई भैंसी पालन गर्ने किसानलाई प्रोत्साहन दिई दुग्ध उत्पादन वृद्धि गर्न औपचारिक क्षेत्रमा दूध विक्री गरेमा डोल्पा, मुगु, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका कृषकलाई प्रति लिटर रू. १० र रूकुम-पश्चिम, सल्यान, जाजरकोट, दैलेख, सुर्खेत जिल्लाका कृषकलाई प्रति लिटर रू. ५ अनुदान दिने व्यवस्था मिलाएको छु ।

१२५. प्राङ्गारिक कृषि सम्बन्धी अध्ययन, अनुसन्धान र विकास गर्न स्थानीय तहसँगको सहकार्यमा प्राङ्गारिक उत्पादनमुखी मिसन कार्यक्रममार्फत ७९ वटै स्थानीय तहमा कृषि तथा पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु ।

१२६. पशु आहारा विकास, चिलिङ्ग सेन्टर स्थापना, दुग्ध पशुको नश्ल सुधार, डेरी प्रविधि प्रवर्द्धनलगायतका कार्यक्रममार्फत दुग्ध व्यवसाय प्रवर्द्धन गरिनेछ । दुग्धजन्य पदार्थको प्रशोधन तथा बजारीकरणका लागि निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यमा पाउडर दूध उत्पादन उद्योग स्थापनाको लागि रकम विनियोजन गरेको छु ।

१२७. जिल्लास्थित पशु अस्पताल तथा पशु सेवा कार्यालयबाट उपचार सम्भव नभएका पशुपन्छीको रोग निदान र उपचार गर्न पशुपन्छी विकास निर्देशनालयअन्तर्गतको प्रयोगशालालाई रिफरल पशु अस्पतालको रूपमा स्तरोन्नति गर्ने व्यवस्था मिलाएको छु ।

१२८. प्रदेशस्तरमा प्राङ्गारिक कृषिको अध्ययन, अनुसन्धान तथा विकास गर्न कृषि अनुसन्धान निर्देशनालय दशरथपुरको परिसरमा प्राङ्गारिक कृषि अनुसन्धान तथा विकास केन्द्रको स्थापनाको लागि रू. ४ करोड विनियोजन गरेको छु ।

१२९. कर्णाली प्रदेशमा प्राङ्गारिक कृषि प्रवर्द्धनको लागि प्राङ्गारिक प्रमाणीकरण, जैविक विविधता संरक्षण, प्राङ्गारिक तथा रैथाने बालीको लेबलिङ्ग र प्याकेजिङ्गमा सहयोग, प्राङ्गारिक मल ढुवानीमा अनुदान, जैविक विषादीको मूल्यमा अनुदानलगायतका कार्यक्रमलाई अघि बढाइने छ । सहकारी तथा निजी क्षेत्रको सहकार्यमा जैविक विषादी, जैविक मल, प्राङ्गारिक मल उत्पादन तथा प्रशोधन उद्योग स्थापना गर्ने व्यवस्था मिलाएको छु ।

१३०. बाली तथा पशुपन्छी उत्पादनको क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने व्यावसायिक कृषकको हौसला बढाउन र कृषि पेशालाई मर्यादित र सम्मानित पेशाको रूपमा प्रोत्साहन गर्न **मुख्यमन्त्री कृषक सम्मान** कार्यक्रममार्फत प्रदेशभरमा उत्कृष्ट १४३ जना कृषकलाई पुरष्कृत गर्न रकम विनियोजन गरेको छु ।

१३१. प्राकृतिक प्रकोप तथा विभिन्न रोग किराबाट बालीनाली तथा पशुपन्छीमा हुने क्षतिलाई परिपूरण गर्न कृषि तथा पशुपन्छी बीमा गराउँदा बीमा प्रिमियमको १० प्रतिशत प्रदेश सरकारबाट अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

१३२. रैथाने प्रजातिका कृषि उत्पादनहरू सिमी, कागुनो, चिनो, मार्सी धान, मकै, गहुँ, जौ तथा फापर उत्पादन गरी कर्णाली ब्राण्डको रूपमा बजारीकरण गर्न प्रोत्साहन गरिनेछ । कर्णाली प्रदेशमा हुने खाद्यान्न अभाव कम गरी खाद्यान्नमा आत्मनिर्भर हुन सिंचाइ सुविधा उपलब्ध भएका जमीनमा चैते धान खेती गर्ने किसानलाई मल र बीऊमा शत प्रतिशत अनुदान दिने व्यवस्था मिलाएको छु ।

१३३. कर्णाली प्रदेशलाई माछा, मासु, दूध, अण्डामा आत्मनिर्भर बनाउन किसानलाई पशुपालन कार्यमा प्रोत्साहन गरिनेछ । जुम्ला, मुगु, हुम्ला, डोल्पा जिल्लामा सामूहिक भेडा, च्याङ्ग्रापालन, बाख्रापालन तथा अन्य जिल्लामा गाई, भैंसी, बाख्रा, हाँस, कुखुरा, कालिज, मौरी र माछापालन गर्ने किसानलाई प्रोत्साहन गरिनेछ ।

१३४. खाद्य अधिकार, खाद्य सुरक्षा, खाद्य सम्प्रभुता र पोषण सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिएको छु ।

१३५. जाजरकोट जिल्लालाई मौरीपालनको हब बनाइनेछ । मह उत्पादन, प्रशोधन र ब्राण्डिङ गरी निर्यात गर्न प्रोत्साहन गरिने छ ।

१३६. कर्णाली प्रदेशका निर्यातयोग्य रैथाने र प्राङ्गारिक उच्च मूल्ययुक्त वस्तुको कर्णाली पहिचान झल्किने **मूल्यवान्** नामको लोगो प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिई बजारीकरणका लागि उत्पत्ति प्रमाणपत्र, ब्राण्डिङ्ग, लेबलिङ्ग तथा गुणस्तर लोगो प्राप्तिका लागि आवश्यक कानूनी व्यवस्था मिलाइनेछ ।

१३७. कृषि मिटर प्राप्त नगरेका व्यावसायिक खेती गर्ने कृषक र माछापालक कृषकहरूलाई विद्युत् प्रयोग गरी सिंचाइ गर्दा लाग्ने विद्युत् महसुलमा ५० प्रतिशत अनुदान दिने व्यवस्था मिलाएको छु ।

१३८. पाँच रोपनीभन्दा बढी जग्गामा तरकारी खेती, १००भन्दा बढी फलफूलका विरुवा लगाएका व्यवसायी कृषकलाई पोखरी तथा पाइप सिंचाइका लागि अनुदान दिन रकम विनियोजन गरेको छु ।

१३९. कर्णाली प्रदेशमा सञ्चालनमा रहेका सहकारी संस्थाहरूको नियमन कार्यलाई प्रभावकारी बनाइनेछ । सहकारीको संस्थागत क्षमता विकास र सुदृढीकरणका लागि प्रशिक्षण र अनुगमनमार्फत उत्पादन, उपभोक, श्रम तथा सीपमा आधारित स्वरोजगारमूलक एवम् विशिष्ट सहकारी प्रणाली स्थापना गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

१४०. भूमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रमको लागि रु. २ अर्ब ३८ करोड विनियोजन गरेको छु ।

**उद्योग प्रवर्द्धन**

१४१. कर्णाली प्रदेशमा ठूला उद्योगमा लगानी आकर्षित गर्न उद्योग स्थापना स्थलसम्म पहुँच मार्ग र अन्य पूर्वाधार निर्माणको लागि सङ्घ, प्रदेश, स्थानीय तह र निजी क्षेत्रसँग समन्वय, सहकार्य र सहजीकरण गरिनेछ ।

१४२. कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउन सरकारी र निजी क्षेत्रको साझेदारीमा जडीबुटी लगायत वनमा आधारित उद्योग, अल्लो प्रशोधन उद्योग, नेपाली कागज उद्योग, ढुङ्गा काट्ने उद्योग स्थापना र सञ्चालन गरिनेछ । स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई प्रवर्द्धन गर्न सहुलियतपूर्ण ऋण तथा उत्पादनमा आधारित अनुदान दिने व्यवस्था मिलाएको छु । प्रदेशमा निर्माण गरिने सरकारी, सार्वजनिक र निजी संरचना निर्माणमा स्लेट तथा ढुङ्गाको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१४३. बजारमा गुणस्तरीय वस्तु तथा सेवाको बिक्री वितरण गर्ने कार्यको व्यवस्थापन तथा नियमन गरी उपभोक्ताको हित संरक्षण गर्न उद्योग तथा उपभोक्ता हित संरक्षणसँग सम्बन्धित निकायहरूको क्षमता विकास र स्रोत साधन सम्पन्न बनाइने छ ।

१४४. प्रदेशमा लघु, घरेलु र साना उद्योगको विकास र प्रवर्द्धन गरी उत्पादनमूलक उद्योगहरूको स्थापना र रोजगारी सिर्जना गर्न **एक जिल्ला एक उद्योग प्रवर्द्धन कार्यक्रम**लाई निरन्तरता दिएको छु । सङ्घीय सरकारसँगको समन्वय र सहकार्यमा प्रदेशमा लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनका लागि **एक स्थानीय तह एक औद्योगिक ग्राम** स्थापना गर्ने व्यवस्था मिलाएको छु ।

१४५. **सीपसँग सहयोग कार्यक्रम**मार्फत् उद्यमशीलता विकास, सीप विकास तालिम र रोजगारमूलक तालिम सञ्चालन गरी उद्यमीहरूलाई उत्प्रेरित एवम् क्षमतावान् बनाइनेछ । यस कार्यक्रमबाट लाभान्वित उद्यमीहरूलाई प्रविधि हस्तान्तरणमा सहयोग उपलब्ध गराइनेछ ।

१४६. वैदेशिक रोजगारबाट फर्केका तथा स्वदेशभित्र रोजगारीका अबसरबाट बञ्चित युवाहरूको सीप, प्रविधि र जाँगरलाई सिर्जनशील उद्यममार्फत् स्वरोजगार बनाउन **गरी खाने** कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छु ।

१४७. प्रदेशभित्रका उत्पादित वस्तु र सेवाको बजारीकरण र प्रयोगलाई प्राथमिकता दिई प्रदेश सरकार तथा प्रदेशका निकायबाट प्रदान गरिने उपहार तथा कोसेली र सरकारी कार्यालयमा प्रयोग हुने सामग्री खरिद गर्दा प्रदेशको उत्पादनलाई प्राथमिकता दिने व्यवस्था मिलाएको छु । स्थानीय उत्पादनको आन्तरिक खपत वृद्धि गर्न निजी क्षेत्रको सहकार्यमा सौगात गृह सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

१४८. प्रदेश सरकारको स्वामित्वमा रहेको **लघु औद्योगिक ग्राम** निजी क्षेत्रको समन्वय र सहकार्यमा सञ्चालनमा ल्याइ सबै प्रकारका लघु तथा घरेलु सामग्रीहरू एकै स्थानमा उत्पादन गर्ने व्यवस्था मिलाएको छु ।

१४९. जडीबुटी विशेष क्षेत्र पहिचान गरी उद्योग स्थापना र प्रवर्द्धन गरिनेछ । जडीबुटीजन्य वस्तुको उत्पादन र बजारीकरणको लागि आन्तरिक र बाह्य क्षेत्रको पुँजी र प्रविधि भित्र्याउन **मेक इन कर्णाली** कार्यक्रम सञ्चालन गरिनेछ।

१५०. दैलेख जिल्लामा पेट्रोलियम पदार्थको उत्खनन् र अन्वेषणको कार्यलाई तीव्रता दिन सङ्घीय सरकारसँग समन्वय गरिनेछ ।

**पर्यटन प्रवर्द्धन तथा विकास**

१५१. सुर्खेत जिल्लाको रामघाट क्षेत्रमा प्रादेशिक विमानस्थल निर्माणको लागि सङ्घीय सरकारसँग समन्वय गरिनेछ । सङ्घीय सरकारसँगको समन्वय र सहकार्यमा सुर्खेत विमानस्थलको सेवा सुविधालाई गुणस्तरीय बनाउन पहल गरिनेछ ।

१५२. कर्णाली प्रदेशका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक एवम् पर्यटकीय स्थलको संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले तयार गरिएको पर्यटन गुरुयोजना कार्यान्वयन गरी पर्यटकीय पूर्वाधारको प्रवर्द्धन र विकास गरिनेछ । स्थानीय तह र निजी क्षेत्रको समन्वय र सहकार्यमा रक क्लाइम्बिङ्ग, अल्ट्रा म्याराथुन, प्याराग्लाइडिङ, भेरी र कर्णाली नदीमा र्‍याफ्टिङ्गलगायतका अन्य साहसिक पर्यटनका लागि स्वदेशी तथा विदेशी पर्यटकहरूलाई आकर्षित गर्न प्रचार प्रसारलगायतका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

१५३. कर्णाली प्रदेशलाई आकर्षक पर्यटन गन्तव्यस्थलको रूपमा विकास गर्न हुम्ला जिल्लाको लिमी उपत्यकामा रहेका जाङ्घ, हल्जी र तिल गाउँहरूलाई समेटी लिमी उपत्यका सङ्ग्रहालयको रूपमा विकास गरिनेछ । बर्दियाको ठाकुरद्वाराबाट सुर्खेतको तेलपानी रानीघाट हुँदै दैलेखको पञ्चकोशीसम्म पर्यटकीय सर्किटको रूपमा विकास गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ ।

१५४. कर्णाली प्रदेशमा हवाई सेवालाई भरपर्दो, सुलभ र सहज बनाउन सुर्खेत विमानस्थलबाट प्रदेशभित्रका विमानस्थलमा हुने यात्रु हवाई उडान सङ्ख्याका आधारमा हवाई सेवा प्रदायकलाई सहुलियत प्रदान गर्न रकम विनियोजन गरेको छु ।

१५५. ऐतिहासिक, धार्मिक, साँस्कृतिक महत्त्वका पर्यटकीय स्थलको पहिचान, संरक्षण तथा पुनर्निर्माण गरिनेछ । जनयुद्धकालीन ऐतिहासिक युद्धस्थल कालिकोटको पिली, रुकुमको खारा र जाजरकोटको जुनीमा युद्ध सङ्ग्रहालय निर्माण गरी पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि रकम विनियोजन गरेको छु ।

१५६. कर्णाली प्रदेशका प्रमुख पर्यटकीय गन्तव्य रारा तथा से-फोक्सुण्डो ताल, बुलबुले ताल, कुभिण्डे ताल, स्यार्पु दह, सिंजा तथा लिमी उपत्यका, कुशे पाटन, पचाल

झरना, पञ्चकोशी, काँक्रिविहार, मान्म कोटवाडा केवलकार निर्माणलगायतका पर्यटकीय क्षेत्रको पूर्वाधार विकास कार्यक्रमलाई प्राथमिकता दिएको छु । गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा आउने पर्यटकलाई काँक्रिविहारको भ्रमणसँग आवद्ध गरिनेछ । रारा पर्यटकीय पूर्वाधार निर्माणको लागि रु. १४ करोड विनियोजन गरेको छु ।

**वन व्यवस्थापन तथा वातावरण संरक्षण**

१५७. **दिगो वन व्यवस्थापन : स्वच्छ र समृद्ध जीवनयापन** भन्ने सोचको कार्यान्वयन गर्न वन पैदावारको सहज र सरल आपूर्ति तथा राजस्व सङ्कलनमा अभिवृद्धि गर्न दिगो वन विकास र वन व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।

१५८. जलवायु परिवर्तनका नकारात्मक प्रभावहरूको न्यूनीकरण गर्न हिमाली क्षेत्रमा वन, बुट्यान र बाली संरक्षणको विशेष कार्यक्रम सञ्चालन गरी अनुकूलनका उपायहरू अबलम्बन गरिनेछ । जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१५९. फलफूल तथा बहुउपयोगी र मूल्यवान् प्रजातिका बिरुवा उत्पादन, वितरण तथा वृक्षारोपण कार्यलाई अभियानको रूपमा सञ्चालन गर्न आर्थिक वर्ष २०७९/०८० लाई **कर्णाली वृक्षारोपण वर्ष**को रूपमा मनाइनेछ । यस अभियानका लागि कर्णाली प्रदेशमा रहेका नर्सरीबाट उपलब्ध हुने बिरुवा रोपण गरिनेछ । वृक्षारोपण वर्ष मनाउन १५ लाख बिरुवा रोपण गर्ने व्यवस्था मिलाएको छु ।

१६०. वन बाहिरको वन व्यवस्थापन, महिला कृषि वन कार्यक्रम, जडीबुटी विकास कार्यक्रममार्फत् औषधीय तथा व्यावसायिक महत्त्वका वनस्पतिको उत्पादन, सङ्कलन, भण्डारण, प्रशोधन तथा बजारीकरणबाट हरित रोजगारी र महिला कृषकहरूको आयआर्जन अभिवृद्धि गरिनेछ ।

१६१. चुरे तथा संवेदनशील क्षेत्रमा रहेका खोला र खहरेहरूमा बायोइन्जिनियरिङ्ग प्रविधिद्वारा पानी पोखरीको निर्माण, जलाधार संरक्षण, भु-क्षय नियन्त्रण र पहिरो नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछ । जलाधार तथा सिमसार क्षेत्रको दिगो विकासका लागि **एकीकृत जलाधार व्यवस्थापन योजना** कार्यान्वयन गर्न रु. २७ करोड ७२ लाख विनियोजन गरेको छु ।

१६२. सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई निरुत्साहित तथा नियन्त्रण गरिनेछ । प्लाष्टिकजन्य वस्तुको विकल्पमा प्रयोग हुने सामग्रीको उत्पादन र प्रवर्द्धनलाई प्रोत्साहन गरिनेछ । पर्यटकीय गतिविधिबाट वनक्षेत्रमा हुने फोहोरलाई स्रोतमा नै वर्गीकरण र व्यवस्थापन

गरिनेछ । स्थानीय तहसँगको सहकार्यमा अस्पतालबाट उत्सर्जन हुने फोहोरलाई वैज्ञानिक र सुरक्षित तरिकाले व्यवस्थापन गरिनेछ ।

१६३. उद्योग, पर्यटन, वन तथा वातावरणतर्फ रु. २ अर्ब १३ करोड विनियोजन गरेको छु ।

**मानव अधिकार र कानून**

१६४. प्रदेश सभाका माननीय सदस्यहरूका लागि कानून तर्जुमा, गैरसरकारी विधेयक तयारी तथा नेतृत्व विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न रकम विनियोजन गरेको छु ।

१६५. कर्णाली प्रदेश र स्थानीय तहबाट तर्जुमा भइ कार्यान्वयनमा रहेका कानूनहरूलाई एकीकृत विद्युतीय पोर्टलमा अभिलेखीकरण गरी प्रभावकारिता अध्ययन गर्ने व्यवस्था मिलाएको छु ।

१६६. मानव अधिकारको सर्वमान्य सिद्धान्त र मूल्य मान्यतालाई आत्मसात् गर्दै मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न सङ्घ, प्रदेश र स्थानीय तह, गैरसरकारी संस्था र विकास साझेदारको समन्वय र सहकार्यमा मानव अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

१६७. समाजमा विद्यमान कुरीति, कुसंस्कार, कुप्रथा र सबै प्रकारका विभेद तथा हिंसाजन्य गतिविधि न्यूनीकरण गर्न स्थानीय तह र सरोकारवाला निकायको समन्वय र सहकार्यमा कानुनी साक्षरता कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

१६८. प्रदेश प्रहरी संगठनलाई दक्ष, जनउत्तरदायी र व्यावसायिक बनाउन प्रदेश प्रहरी तालिम केन्द्रलगायतका संरचनागत व्यवस्था गरिनेछ ।

१६९. घरेलु हिंसा, मानव बेचबिखन, लागुऔषध, मदिरा एवम् सुर्तीजन्य पदार्थको दुर्व्यसनी जस्ता समाजमा रहेका विसङ्गति र सबै प्रकारका विभेदको अन्त्य गर्न समुदायसँग साझेदारीमा आवश्यक निगरानी तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । कारागारमा रहेका बन्दीहरूलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

१७०. जनआन्दोलन, जनयुद्ध र प्रदेश स्थापनाको लागि भएका आन्दोलनका सहिद तथा बेपत्ता परिवार, घाइते, अपाङ्ग भएका व्यक्तिहरूलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था तथा आन्दोलनको क्रममा घाइते, अपाङ्ग भएका व्यक्तिहरूलाई जीवन निर्वाह भत्ता र न्यूनतम जीविकोपार्जन एवम् सम्मानका लागि सहिदका आमा बुवाको पहिलो हकाधिकार हुने गरी परिवारलाई सहिद स्मृति भत्ता उपलब्ध गराउन रु. १० करोड ५ लाख विनियोजन गरेको छु ।

१७१. स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न रकम विनियोजन गरेको छु ।

विपद् व्यवस्थापन

१७२. विपद् सम्बन्धी सचेतनामूलक सामग्री उत्पादन, आम सञ्चारका माध्यमबाट प्रकाशन, प्रचार प्रसार सम्बन्धी कार्यक्रम सञ्चालन तथा विपद् संवेदनशील क्षेत्रमा विपद् सूचना प्रणाली जडान गरी निगरानी केन्द्र स्थापना गर्ने व्यवस्था मिलाएको छ । विपद् व्यवस्थापनको क्षेत्रमा साहसिक र उदाहरणीय कार्य गर्ने व्यक्तिलाई पुरस्कृत गर्न रकम विनियोजन गरेको छ । वडा तहसम्मको विपद् जोखिम नक्साङ्कन तथा प्रतिकार्य योजना तयार गर्न रकम विनियोजन गरेको छ ।

१७३. कर्णाली प्रदेशका आम नागरिक, राष्ट्रसेवक र विभिन्न सङ्घ संस्थामा कार्यरत कर्मचारीको विपद् जोखिम विरुद्ध सामूहिक दुर्घटना बीमा गर्न रु. १ करोड ७५ लाख विनियोजन गरेको छ ।

१७४. सङ्घ, प्रदेश र स्थानीय तह, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था र निजी क्षेत्रसँगको सहकार्यमा सञ्चालन गरिने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ । विपद् व्यवस्थापन सम्बन्धी राहत, उद्धारका कार्यक्रम गर्न रकम विनियोजन गरेको छ ।

१७५. विपद् सम्बन्धी सचेतनामूलक सामग्री पत्रपत्रिका, एफएम रेडियो र टेलिभिजनबाट प्रचार, प्रसार र प्रकाशनद्वारा विपद् पूर्व सूचना प्रणालीलाई व्यवस्थित गरिनेछ । विकास साझेदारसँगको समन्वय र सहकार्यमा विपद् सम्बन्धी जानकारीमूलक सन्देश डिजिटल बोर्डमार्फत् सम्प्रेषण गर्ने प्रबन्ध मिलाएको छ ।

सूचना तथा सञ्चार प्रविधि

१७६. **समृद्ध कर्णालीको आधार : सूचना तथा सञ्चार प्रविधिको विस्तार** अभियानअन्तर्गत विद्युतीय शासन गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ । साईवर अपराधलगायतका कानुनी व्यवस्थाका सम्बन्धमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । सूचना प्रविधि सम्बन्धमा शिक्षण संस्थाका शिक्षक र विद्यार्थीसँग अन्तर्क्रिया र क्षमता विकास तालिमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छ ।

१७७. सञ्चार माध्यमको संस्थागत क्षमता विकास तथा सञ्चारकर्मीको पेशागत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ । पत्रकार कल्याण कोषमा योगदान, श्रमजीवी पत्रकारको सुरक्षा, स्वास्थ्य, उत्प्रेरणा, व्यावसायिक दक्षता विकास र पत्रकारिता तथा आम सञ्चार विषयमा स्नातकोत्तर छात्रवृत्ति कार्यक्रम निरन्तरताका लागि रकम विनियोजन गरेको छ ।

१७८. सञ्चार माध्यमको दर्ता, इजाजत, नवीकरण र नियमन तथा अभिलेखीकरण कार्य विद्युतीय माध्यमबाट गरिनेछ । आमसञ्चार माध्यमलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश सभामा पेस भएको सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान विधेयक आगामी आर्थिक वर्षभित्र कार्यान्वयनमा ल्याउन पहल गरिनेछ ।

१७९. कर्णाली प्रदेश सरकारका गतिविधि, सार्वजनिक सेवा प्रवाह लगायत सबै प्रकारका सूचनाहरू आम नागरिकमा वर्गीकृत सञ्चार माध्यमबाट एकद्वार प्रणालीमार्फत् सम्प्रेषण गर्न लोककल्याणकारी विज्ञापन समानुपातिक रूपमा वितरण गर्ने व्यवस्था मिलाएको छ ।

**सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाह**

१८०. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति लिई शासकीय स्वच्छता कायम गरिनेछ । सार्वजनिक सेवा प्रवाहलाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाइनेछ।

१८१. प्रदेश निजामती सेवा सम्बन्धी कानून तर्जुमा गरी प्रदेश निजामती सेवालाई अनुमानयोग्य, पारदर्शी र विश्वसनीय बनाइनेछ । प्रदेश सरकारको संगठन संरचना वस्तुगत, व्यावहारिक र सेवा प्रवाहमैत्री बनाइनेछ । प्रदेश सरकारका कर्मचारीहरूको व्यक्तिगत सूचना प्रणाली विकास गरी अभिलेख अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ ।

१८२. प्रदेश लोकसेवा आयोगबाट प्रदेश र स्थानीय तहका रिक्त दरबन्दीमा भर्ना र छनोटको कार्य प्रारम्भ भएको छ । आयोगको साख र मूल्य मान्यता अनुरूप प्रभावकारी रूपमा कार्य सम्पादन गर्न आवश्यक पर्ने भवनलगायतका भौतिक संरचना एवम् स्रोत साधन व्यवस्थापनको कार्यलाई उच्च प्राथमिकतामा राखेको छ । प्रदेश लोकसेवा आयोगबाट सिफारिस भइ नयाँ नियुक्त हुने कर्मचारीहरूलाई सेवा प्रवेश तालिम दिने व्यवस्था मिलाएको छ ।

१८३. प्रदेश सरकारको कार्यसम्पादन प्रणालीलाई नतिजामुखी बनाउन मुख्यमन्त्री र मन्त्री, मन्त्री र सचिव, सचिव र कार्यालय प्रमुख एवम् महाशाखा प्रमुखबीच सूचकमा आधारित कार्यसम्पादन सम्झौता गरी सो को प्रगतिको आधारमा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

१८४. कर्णाली प्रदेशलाई कार्यथलो बनाई प्रदेशको सेवामा उत्कृष्ट कार्यसम्पादन गर्ने राष्ट्र सेवक कर्मचारीको मनोबल उच्च राख्न **कर्णाली सेवा पुरस्कार** प्रदान गर्ने व्यवस्था मिलाएको छ । कर्णाली प्रदेशमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूलाई प्रदान गर्दै आएको कर्णाली प्रोत्साहन भत्तालाई निरन्तरता दिएको छ । कर्णाली प्रदेशका विभिन्न निकायका स्वीकृत रिक्त दरबन्दीमा सेवा करारमा रहेका कर्मचारीलाई कर्णाली प्रोत्साहन भत्ता उपलब्ध गराउने व्यवस्था मिलाएको छ ।

१८५. स्थानीय तहको सेवा प्रवाह र विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गर्न प्रदेश सुशासन केन्द्रमा प्रशिक्षणमैत्री भवन निर्माणको लागि रकम विनियोजन गरेको छ।

१८६. अनुसन्धान र विकासको अवधारणा अनुरूप शासकीय प्रबन्ध र विकासका नवीन सोच, नीति एवम् अवधारणाका सम्बन्धमा विभिन्न विश्वविद्यालयलगायतका

निकाय एवम् अनुसन्धानकर्तासँगको समन्वय र सहकार्यमा अध्ययन, अनुसन्धान र विकास गर्ने व्यवस्था मिलाएको छु ।

१८७. कर्णाली प्रदेशमा नागरिक लगानी कोष र बिमा समितिको शाखा कार्यालय स्थापनाको लागि समन्वय गरिनेछ ।

**अन्तर सरकारी वित्त हस्तान्तरण**

१८८. आन्तरिक स्रोतको साँघुरो दायरा र सङ्घबाट प्राप्त हुने स्रोतमा अपेक्षाकृत बढोत्तरी भएको छैन । समपूरक र विशेष अनुदानमा सञ्चालन हुने आयोजना सबै स्थानीय तहबाट प्रस्ताव हुन नसकेको अबस्थामा समेत सङ्घीयताको मर्म अनुरूप स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणमा वृद्धि गरेको छु ।

१८९. स्थानीय तहसँगको समन्वयमा प्रदेश सरकारद्वारा छनोट गरिएका र स्थानीय तहबाट कार्यान्वयन भइरहेका सशर्त अनुदानमा सञ्चालित अधुरा आयोजनाहरू सम्पन्न गर्ने व्यवस्था मिलाएको छु ।

१९०. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा आर्थिक वर्ष २०७९/०८० को लागि स्थानीय तहलाई वित्तीय समानीकरण अनुदानमा रु. ८० करोड वित्तीय हस्तान्तरण गरिनेछ । तोकिएको मापदण्डको आधारमा आयोगबाट निर्धारित सूत्रअनुसार राजस्व बाँडफाँड गरी स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

१९१. प्रदेश सरकारले सञ्चालनमा ल्याएको समपूरक तथा विशेष अनुदान सम्बन्धी विद्युतीय सूचना प्रणालीमार्फत् विस्तृत परियोजना प्रतिवेदन तयार भइ कार्यान्वयनमा लैजानको लागि तयारी अबस्थामा रहेका प्राथमिकताको आधारमा स्थानीय तहबाट प्रस्तावित आयोजनामा समपूरक अनुदानतर्फ रु ५१ करोड २० लाख र विशेष अनुदानतर्फ रु. ३० करोड ५० लाख वित्तीय हस्तान्तरण हुने व्यवस्था मिलाएको छु ।

१९२. प्रदेश सरकार र स्थानीय तहको प्राथमिकतामा रहेका, न्यून लागतका प्रतिफलयुक्त कार्यक्रम तथा आयोजना र मुख्यमन्त्री रोजगार कार्यक्रमअन्तर्गतका आयोजना स्थानीय तहबाट कार्यान्वयन गर्न सशर्त अनुदानतर्फ रु. २ अर्ब ३९ करोड स्थानीय तहमा वित्तीय हस्तान्तरण हुने व्यवस्था मिलाएको छु ।

१९३. मुख्यमन्त्री रोजगार कार्यक्रमअन्तर्गतको आयआर्जन कार्यक्रमको हालसम्मको उपलब्धिको प्रभावकारिता अध्ययन गरिनेछ । अध्ययन प्रतिवेदनको आधारमा थप प्रभावकारी रूपमा सञ्चालनको विधि अबलम्बन गरिनेछ ।

१९४. आर्थिक वर्ष २०७९/०८० मा स्थानीय तहमा रु. ४ अर्ब १ करोड रकम वित्तीय हस्तान्तरण गरिनेछ । यसबाट प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गर्ने अभ्यास र संस्कृतिको विकास हुने विश्वास लिएको छु ।

**पुंजीगत खर्चको प्रभावकारिता अभिवृद्धि र अनुगमन मूल्याङ्कन**

१९५. कर्णाली प्रदेश योजना आयोगबाट परामर्शदाताको सहयोगमा प्रदेशको दीर्घकालीन सोच-२१०० र प्रथम पञ्चवर्षीय योजनाको समीक्षा गर्ने व्यवस्था मिलाएको छ।

१९६. आवधिक योजना र वार्षिक योजनाबीचको तादात्म्यता मिलाउन मध्यमकालीन खर्च संरचनाका आधारमा उपलब्ध स्रोतको अधिकतम उपयोग हुने गरी आयोजना बैङ्कमा प्रविष्टि गर्ने र उक्त आयोजनालाई वस्तुगत सूचक र लाभ लागत विश्लेषणका आधारमा कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छ ।

१९७. प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने अनुदान सम्बन्धी कार्यविधिलाई आयोजनाको प्रकृति, निर्माण सामग्रीको लागत, भौगोलिक विकटता जस्ता विषयका आधारमा थप व्यावहारिक र व्यवस्थित गर्न आवश्यक नीतिगत व्यवस्था मिलाइनेछ ।

१९८. प्रदेश सरकारबाट सञ्चालन हुने आयोजनामा जनप्रतिनिधि, निजका परिवार, निर्माण व्यवसायी र राष्ट्रसेवक कर्मचारी उपभोक्ता समितिमा बस्न नपाउने व्यवस्था मिलाएको छ ।

१९९. प्रदेशभित्र कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनाको प्रभावकारी अनुगमन र मूल्याङ्कन गर्न मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा रहेको अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ । मुख्यमन्त्रीको अध्यक्षतामा रहेको अधिकार सम्पन्न अनुगमन संयन्त्र, हेलो मुख्यमन्त्री कार्यक्रम, प्रदेश सभा सदस्यको नेतृत्वमा रहने योजना अनुगमन समिति, प्रदेशस्तरीय विकास समस्या समाधान समिति, मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिलगायतका अनुगमन संयन्त्रलाई थप क्रियाशील बनाइनेछ । आयोजनाको प्रकृति र आकारअनुसार लाभग्राही र तेस्रो पक्षबाट अनुगमन मूल्याङ्कन गरी पृष्ठपोषण लिने व्यवस्था मिलाएको छ ।

२००. जिल्ला समन्वय समितिलाई प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने आयोजनाहरूको कार्य सम्पादनको नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाएको छ ।

**विकास सहायता र लगानी परिचालन**

२०१. प्रदेशको स्रोतबाट सम्पन्न हुन नसक्ने, ठूलो लगानी आवश्यक पर्ने आयोजनाको लागि आन्तरिक तथा बाह्य लगानीकर्तासँग छलफल तथा परामर्श गर्ने उद्देश्यले निजी क्षेत्रको समन्वय र सहकार्यमा **कर्णाली लगानी सम्मेलन** आयोजना गरिनेछ।

२०२. सङ्घ सरकारको स्वीकृतिमा प्रदेश सरकारको आवश्यकता र प्राथमिकताको आधारमा विकास सहायता परिचालन गरिनेछ ।

**वित्तीय अनुशासन तथा बजेट कार्यान्वयन**

२०३. सार्वजनिक वित्त व्यवस्थापन प्रणालीलाई पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन, समष्टिगत आर्थिक स्थायित्व कायम गर्न र प्रदेश तथा स्थानीय तहको सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन र व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तर्जुमा गरिनेछ ।

२०४. बजेट तर्जुमा तथा खर्च प्रणालीलाई नतिजामुखी बनाउन आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, बजेट तर्जुमा दिग्दर्शन र कार्य सञ्चालन निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२०५. लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार र जवाफदेही बनाइ आर्थिक अनुशासन कायम गर्न विज्ञ सेवा लिई प्रदेश सरकारका निकायहरूको बेरुजुको अभिलेख अद्यावधिक तथा तोकिएको लक्ष्य बमोजिम सम्परीक्षण गर्ने व्यवस्था मिलाएको छु । यसका लागि प्रदेश बेरुजु व्यवस्थापन सूचना प्रणालीलाई पूर्ण रूपमा सञ्चालनमा ल्याइनेछ ।

२०६. सार्वजनिक खर्चलाई मितव्ययी र गुणस्तरीय बनाई बजेट तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिकालाई समसामयिक बनाइनेछ ।

२०७. आगामी आर्थिक वर्षमा अत्यावश्यक बाहेक थप आर्थिक दायित्व सिर्जना हुने गरी नयाँ संरचनाहरू स्थापना गरिने छैन । स्रोतको सङ्कुचनलाई मध्यनजर गरी कार्य सञ्चालनतर्फका शिरोभार खर्चमा उल्लेखनीय रूपमा कटौती गरेको छु । क्रियाकलापमा आधारित बजेट प्रणाली अबलम्बन गरी गैर बजेटरी खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।

२०८. बजेट विनियोजन, खर्च र प्रतिवेदन, अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई प्रभावकारी बनाउन वित्तीय जोखिम मूल्याङ्कन गर्ने व्यवस्था मिलाएको छु ।

२०९. बजेटलाई नतिजामा आधारित बनाउन कार्यान्वयनको भौतिक र वित्तीय कार्यसम्पादनका आधारमा निकासा दिने व्यवस्था मिलाएको छु ।

**माननीय सभामुख महोदय,**

अब म माथि प्रस्तुत क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

२१०. आगामी आर्थिक वर्षमा प्रस्ताव गरिएका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रु. ३२ अर्ब ६१ करोड ६१ लाख ६३ हजार विनियोजन गरेको छु । कुल विनियोजनमध्ये प्रदेशले खर्च गर्ने चालुतर्फ रु. ९ अर्ब १६ करोड ९९ लाख १० हजार अर्थात् २८.११ प्रतिशत, पुँजीगततर्फ रु. १९ अर्ब ४३ करोड ५ लाख २४ हजार अर्थात् ५९.५८ प्रतिशत र स्थानीय तहमा वित्तीय

हस्तान्तरणतर्फ रु. ४ अर्ब १ करोड ५७ लाख २९ हजार अर्थात् १२.३१ प्रतिशत विनियोजन गरेको छु ।

२११. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु. ७१ करोड २९ लाख ७४ हजार, चालु आर्थिक वर्षको खर्च नभइ बचत हुने अनुमानित रकम रु. ४ अर्ब ५५ करोड ४५ लाख ८५ हजार, सङ्घीय सरकारबाट राजस्व बाँडफाँड वापत प्राप्त हुने रकम रु. ९ अर्ब २ करोड २० लाख र वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुन आएको रु. १० अर्ब ७२ करोड ६४ लाख र सशर्त अनुदानबाट रु. ५ अर्ब ६९ करोड ६७ लाख परिचालन गरिनेछ । सङ्घीय सरकारबाट प्राप्त हुने समपूरक अनुदानतर्फ रु. १ अर्ब २१ करोड ५० लाख र विशेष अनुदानतर्फ रु. ६६ करोड ८० लाख परिचालन गरिनेछ । सङ्घीय सरकारबाट सशर्त अनुदानमा प्राप्त हुने वैदेशिक सहायता बाहेक अन्य वैदेशिक सहायताबाट सञ्चालित हुने कार्यक्रम कार्यान्वयनका लागि रु. २ करोड ५ लाख ४ हजार स्रोत परिचालन हुनेछ ।

२१२. आर्थिक वर्ष २०७७/०७८ को यथार्थ खर्च, आर्थिक वर्ष २०७८/०७९ को संशोधित अनुमान र आर्थिक वर्ष २०७९/०८० को अनुमानित आय व्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु । सोको विस्तृत विवरण छुट्टै प्रस्तुत गरेको छु । विषयगत मन्त्रालयहरूको चालु आर्थिक वर्षको प्रगति विवरण समेत आजै प्रस्तुत गरेको छु ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७९/०८० को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

२१३. प्रदेशको आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी बनाउन सङ्घीय तथा स्थानीय तहसँग समन्वय गरी नयाँ कानून तर्जुमा तथा मौजुदा कानूनमा सुधार गरिनेछ । करको दायरा विस्तार गरिनेछ । कर प्रणालीलाई सरलीकृत र सूचना प्रविधिमैत्री बनाइनेछ ।

२१४. आधुनिक कर प्रणालीको विकास गरी करदातामैत्री कर प्रशासनमार्फत् राजस्व सङ्कलन कार्यलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षको राजस्व नीति तथा कार्यक्रमको उद्देश्यहरू देहायअनुसार प्रस्तुत गरेको छुः-

(क) प्रदेशको अधिकार क्षेत्रका करयोग्य आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याइ कराधार फराकिलो बनाउने ।

(ख) कर प्रणालीलाई सरल र प्रविधिमैत्री बनाई स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने ।

(ग) करको संरचना र करका दरमा समयसापेक्ष सुधार गरी कर प्रणालीलाई प्रगतिशील र समन्यायिक बनाउने ।

(घ) करप्रशासनको संरचनागत र संस्थागत क्षमता विकास गरी कर छली तथा चुहावट नियन्त्रण गर्ने ।

(ङ) कर तथा गैरकर राजस्वको क्षेत्र विस्तार एवम् करका दरलाई समायोजन गरी राजस्व सङ्कलन वृद्धि गर्ने ।

(च) प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त हुने रोयल्टीको हिस्सा अभिवृद्धिको लागि पहल गर्ने ।

(छ) कर प्रशासनलाई चुस्त, छरितो र लागतप्रभावी बनाई प्रदेशको आफ्नै संरचना स्थापना नभएसम्म सङ्घीय सरकार तथा स्थानीय तहका संरचनामार्फत् समन्वयात्मक रूपले राजस्व असुली गर्ने तथा स्थानीय तहबाट बाँडफाँड भइ आउने राजस्वको नियमित अनुगमन गर्ने ।

(ज) प्रदेश सरकार तथा स्थानीय तहबीच हुने राजस्व बाँडफाँडलाई सरल, पारदर्शी र स्वचालित बनाउन स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा आवद्धताका लागि सङ्घीय सरकारसँग समन्वय गर्ने ।

(झ) प्रदेश सरकारसमेतको लगानीमा स्थानीय तहमा निर्माण भएका पर्यटकीय संरचनाबाट सङ्कलन हुने शुल्कको निश्चित प्रतिशत रकम प्रदेश सरकारलाई प्राप्त हुने व्यवस्था गर्ने ।

(ञ) कर्णाली प्रदेशमा स्रोतको सम्भावना, प्रदेशको राजस्व अधिकार र मुलुकको अर्थतन्त्रमा यस प्रदेशबाट पुग्न सक्ने योगदानको सम्बन्धमा विस्तृत अध्ययन अनुसन्धान गर्ने ।

(ट) प्रदेशको अधिकार क्षेत्रभित्र रही राजस्व परिचालन सम्बन्धी सुझाव दिने उद्देश्यले एक स्थायी प्रकृतिको राजस्व परामर्श समिति गठन गर्ने ।

(ठ) आर्थिक वर्ष २०७९/०८० मा यस प्रदेशमा लगाइने कर तथा शुल्कहरूको विवरण आर्थिक विधेयकमा उल्लेख गरेको छु ।

**राजस्व छुट तथा सहुलियत**

२१५. दुई वा दुईभन्दा बढी पक्षले आपसी सहमतिमा कृषि प्रयोजनका लागि जग्गाको चक्लाबन्दी गर्न हक हस्तान्तरण गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु ।

२१६. प्रदेशभित्र सुर्ती र मदिराजन्य बाहेकका उत्पादनमूलक उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क शत प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु ।

२१७. प्रदेशभित्र स्थायी ठेगाना भएका नागरिकको स्वामित्वमा रहेको अन्य प्रदेशमा दर्ता भएका सवारी साधन प्रदेशभित्र सरुवा दर्ता गर्दा त्यस्तो सरुवा दर्ता शुल्क पचास प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु ।

**माननीय सभामुख महोदय,**

२१८. आगामी आर्थिक वर्षमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान बढ्ने, पुँजीगत खर्च अभिवृद्धि हुने, पूर्वाधार निर्माणको कार्यले गति लिने तथा कोभिड-१९ महामारीको असर कम हुँदै जाँदा समग्र आर्थिक गतिविधिहरू बढोत्तरी भइ ७.५ प्रतिशत आर्थिक वृद्धि हासिल हुने अपेक्षा गरेको छु ।

२१९. मैले प्रस्तुत गरेको यस बजेटको कार्यान्वयनबाट नेपाली जनताका संविधान प्रदत्त मौलिक हक र अधिकारको सुनिश्चित हुँदै जाने, आधारभूत पूर्वाधार निर्माण हुने, बहुआयामिक गरिबीमा कमी आउने, खर्च प्रणालीमा सुधार भइ वित्तीय अनुशासन कायम हुने, कर्णाली प्रदेशको आर्थिक, सामाजिक, मानवीय लगायत समग्र विकास र सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता एवम् गुणस्तर अभिवृद्धि हुने, आम नागरिकले आर्थिक तथा सामाजिक क्षेत्रमा सकारात्मक परिवर्तनको अनुभूति हुने विश्वास लिएको छु ।

**माननीय सभामुख महोदय,**

२२०. यो बजेट तर्जुमाको लागि मार्गदर्शन गर्नुहुने माननीय कर्णाली प्रदेशका प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, प्रदेश सभाका माननीय सभामुख, माननीय उपसभामुख प्रति हार्दिक सम्मान र आभार व्यक्त गर्दछु ।

२२१. बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा व्यापक छलफल गरी महत्त्वपूर्ण सुझाव प्रदान गर्नुहुने प्रमुख प्रतिपक्ष दलका नेता, प्रदेश सभाका माननीय सदस्यहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

२२२. यस बजेट तर्जुमाका क्रममा महत्त्वपूर्ण सल्लाह सुझाव दिनु हुने प्रदेशका पूर्व आर्थिक मामिला तथा योजना मन्त्रीहरू, राजनीतिक दलका नेताहरू, प्रदेश सभाका समितिहरू, कर्णाली प्रदेश योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालयका पूर्व सचिवहरू, स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक, निजी क्षेत्र, उद्योगी, व्यवसायी, सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार, सञ्चार जगत् लगायत सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

२२३. बजेट तर्जुमाका क्रममा सबै महानुभावहरूबाट प्राप्त सहयोग बजेट कार्यान्वयनमा समेत रहने विश्वास लिएको छु ।

**धन्यवाद !**

**माननीय सभामुख** : माननीय सदस्यहरू, यो बैठकको कार्यवाही यहीँ समाप्त हुन्छ । अब सभाको अर्को बैठक १५ मिनेटपछि सुरू हुने ब्यहोरा जानकारी गराउँछु ।

## बैठक संख्या-१४
## (वि.सं. २०७९ साल असार १ गते बुधबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको दशौं अधिवेशनको चौधौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट), कर्णाली प्रदेश आर्थिक विधेयक, २०७९ र कर्णाली प्रदेश विनियोजन विधेयक २०७९ एक/एक प्रति सभासमक्ष टेबुल गर्न आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टलाई अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टः** माननीय सभामुखज्यू, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट), कर्णाली प्रदेश आर्थिक विधेयक २०७९ र कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९ को एक/एक प्रति सभासमक्ष टेबुल गर्दछु धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१६ नियम १२९ को उपनियम (१) बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट)माथिको सामान्य छलफलका लागि यही असार ९ र १० गतेका दिनहरू तोकेको छु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले उक्त दिनको बैठक बस्ने समय अगावै आफ्नो नाम सचिवालयमा टिपाउनुहोला ।

माननीय सदस्यहरू, यस प्रदेश सभाका सदस्य माननीय नरेश भण्डारीलाई कार्य व्यवस्था परामर्श समितिको सदस्यमा समावेश गरिएको व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७९ साल असार ९ गते बिहीबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

## बैठक संख्या-१५
## (वि.सं. २०७९ साल असार ९ गते बिहीबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश सभाको दशौं अधिवेशनको पन्ध्रौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट)माथि सामान्य छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२९ को उपनियम (३) बमोजिम वक्तव्यसहित सभासमक्ष प्रस्ताव पेस गर्न कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टलाई अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टः** माननीय सभामुखज्यू, कर्णाली प्रदेश सभाको दशौं अधिवेशनको तेह्रौं बैठकमा प्रस्तुत भइ चौधौं बैठकमा सभासमक्ष टेबुल भएको कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को राजस्व र व्ययको वार्षिक अनुमान बजेट माथि छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२९ को उपनियम (३) बमोजिम सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टले छलफलको लागि प्रस्ताव गर्नुभएको कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को राजस्व र व्ययको वार्षिक अनुमान बजेटमाथिको छलफलका लागि समय निर्धारण गरेको छु । छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले रोष्ट्रमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूकोमा नाम टिपाउनुहोला । सर्वप्रथम माननीय श्री यामलाल कंडेल ।

**माननीय श्री यामलाल कंडेलः** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेश सभासमक्ष प्रस्तुत गरेको आर्थिक वर्ष २०७९/०८० को राजस्व एवं व्यय सम्बन्धी यी प्रस्तावहरू प्रस्तुत गरेको छ यसमा म आफ्ना विचारहरू राख्न उपस्थित छु। सामान्यतया त्यस्तो नगर्नुपर्ने हो तर त्यो विषयमा प्रस्तुत गर्नुभन्दा अगाडि एउटा विषयमा म सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । छलफललाई सहज प्रक्रिया होस् भनेर नै त्यो विशेष समयसमेत यसमा प्रयोग गर्ने गरी एउटा विषय मैले प्रवेश गराउन खोजेको हो ।

कृषि क्षेत्रको विकास र समृद्धिको निम्ति त्यो सँग सम्बन्धित व्यवसायीहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । हाम्रो कर्णाली प्रदेशमा के अबस्था रहेछ भने त्यो कृषिसँग सम्बन्धित औजारहरू, औषधीहरू, कीटनाशक औषधीहरू बेच्ने जुन पसलहरू छन् इजाजत प्राप्त गरेका व्यक्ति अहिलेसम्म जम्मा ५ जना छन् कर्णाली प्रदेशबाट । औषधी व्यवस्था विभागमा दर्ता भएका तर इजाजत नपाएको संख्या गएको वर्ष २१ जना मात्रै थिए ।

गएको २ वर्षदेखि ती व्यवसाय गरिरहेकाहरू कानूनसंगत ढङ्गले गरुन् भन्ने हिसावले मलाई लाग्छ विगत २ वर्षदेखि यहाँको कृषि मन्त्रालय समेतको सहभागिताबाट उपयुक्त तालिमको व्यवस्था गर्ने पहलकदमी गरिएको अबस्था थियो । यस मुताविक यो चाहिँ सरकारकै दायित्व थियो, कर्तव्य थियो । तर, तालिम दिन चाहदो रैनरहेछ । गैर कानुनी पसल चलिरहेका छन्, व्यवसाय चलाइरहेका छन् तर, त्यसलाई कानूनसम्मत गराउने परिस्थिति रैनरहेछ । उहाँहरूको पनि संस्था रहेछ पेशागत हकहीतका निम्ति उहाँहरूसँग विगत २ वर्ष अगाडिदेखि छलफल चलाउँदा प्रदेश सरकारको सहमति त्यतिवेला हाम्रो प्रदेश सरकारको कृषि मन्त्री केसीजी हुनुहुन्थ्यो । उहाँसहितको निर्णयबाट संघीय सरकारसमेतको सहमतिका आधारबाट एउटा तालिमको व्यवस्था हुने निर्णय भयो सभामुख महोदय । तर, दुःखका साथ भन्नुपर्ने हुन्छ र म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु यद्यपि मैले विहान त्यो थाहा पाएपछि हाम्रो प्रदेश सरकारको सम्बन्धित मन्त्री कृषि मन्त्रीज्यूलाई मैले मेरोतर्फबाट ध्यानाकर्षण गराएँ । हिजो त्यसको तालिम प्रारम्भ भयो सभामुख महोदय । औषधी विभागमा दर्ता भएका २५ जनाभन्दा बढीले त्यहाँ तालिम लिने व्यवस्था रहेछ । तर, औषधी विभागमा दर्ता भएका जम्मा ४ जना त्यो तालिममा भाग लिने स्थिति रह्यो । बाँकी अरू मान्छेहरूलाई नै योग्य बनाउने गरी तालिमको व्यवस्था गरिएको छ । तालिम हिजोदेखि सुरू भाछ । म सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु त्यो धेरै लामो प्रयत्नपछि तालिम सुरूवात भाछ तालिम पनि सुरूवात होस् तर, जो चाहिँ इजाजत प्राप्तवालाहरू छन्, औषधी विभागमा व्यवस्था गरिएका ती मान्छेहरूले तालिम गर्न नपाउने ? मैले सुनेअनुसार कति साँचो कति झुटो हो थाहा छैन यहाँ तालिम केन्द्र छ पशु निर्देशनालयको उहाँहरूका निकट व्यक्तिहरू त्यो तालिमका पात्र बनिरहेका छन् ।

एउटा दुःखदायी घटना सुनाउन चाहन्छु, उहाँ योग्यता पनि पुगेको हो, छिञ्चु भेरीगङ्गाको छिञ्चुमा उहाँले पसलको व्यवसाय गर्नुहुन्छ । औषधी विभागमा दर्ता भएको छ । गएको कोरोनाको महामारीमा उहाँको श्रीमान्को मृत्यु भएछ । उहाँको श्रीमती जो हुनुहुन्छ उहाँलाई समेत तालिममा राख्ने कुराको प्रयत्न गर्ने कुरा गर्दागर्दै पनि तालिममा सहभागी हुनुहुन्न । त्यसकारणले म विनम्रतापूर्वक म के अनुरोध गर्न चाहन्छु त भन्दाखेरि हिजो त्यो प्रारम्भ भाछ तालिम सुरूवात गरौं तर, जो त्यो पेशामा संलग्न छन् औषधी व्यवस्था विभागमा दर्ता भएका छन् , त्यसको संख्या ठूलो छैन सभामुख महोदय जम्मा २१ जना थियो गएको साल । अहिले त त्यो बढेर त्यो ३० नाघेको छैन अरे । यसरी हाम्रो सरकारी संयन्त्रमा रहेका साथीभाइहरूले कार्यक्रम ल्याउने कार्यक्रम कार्यान्वयन गर्दा आफ्नो अनुकूलको पात्र छान्ने जुन तरिका प्रकट भयो त्यो दुःखदायी अबस्था हो । त्यतापट्टि म यस कारणले कि त्यो चाहिँ ध्यानाकर्षण गराउँदा सरकारलाई पनि समयमा पहलकदमी गर्न सजिलो होस् भन्ने हिसावले म एउटा विषयमा छलफलमा भाग लिने कुरा जान्दाजान्दै पनि मैले यो विषय सरकारलाई गम्भीरतापूर्वक ध्यानाकर्षण

गरेर म नियमित आजको कामकारवाहीको जुन विषय छ, म त्यतातिर आफ्ना विषयहरू राख्न चाहन्छु ।

सभामुख महोदय, मैले अस्ति पनि भनेको थिएँ नथाकीकन नथाकीकन आफ्नो तर्फबाट सुझाव, पहलकदमी लिने कुरा गर्नुपर्ने हुन्छ । हामीले सुन्यौं नीति तथा कार्यक्रममा भाग लियौं । जवाफ पनि सुनियो । म अहिले जवाफ सुनिसकेपछि त्यो जवाफमा संलग्न रहेका विषय र पात्रसँग म प्रतिप्रश्न गर्न म चाहन्नँ । प्रतिप्रश्न गर्न म चाहन्नँ । तर, यो बजेटको पुस्तिका अस्ति सार्वजनिक भैसकेपछि र हिजो मैले प्राप्त गरेको मन्त्रालयगत विनियोजनको शीर्षक हेर्दा विकास कति हुन्छ थाहा भएन तर, किताब हेर्दा, किताबको मोटोपन हेर्दा, तौल हेर्दा कर्णालीमा केही हुन्छ जस्तो देखिन्छ । त्यसका बारेमा समयक्रममा हामी छलफल गरौंला । किताब उस्तैले पायो भने सहयोगी चाहिने तहको किताब हामीले प्राप्त गऱ्याछौं । किताब त मोटाएकै छ, किताब त ठूलै छ, समृद्धि त किताब हेर्‍यो भने चाहिँ अरू प्रदेशलाई सजिलै जित्छ जस्तो छ । तर,भित्र हेर्दा के छ ? धेरै हेर्न बाँकी छ ।

फेरि आज पनि नीतिमा स्वयं माननीय मुख्यमन्त्रीले यही रोष्ट्रमबाट भनेका कुराको समेत त्यहाँ सम्वोधन पाउन गाह्रो छ । हामीले संसद् चलाउँदा बजेटसँग सम्बन्धित औपचारिक अनौपचारिक सर-सल्लाह गरेका छौं, छलफल गरेका छौं । ती छलफल र कतिपय हामीले निर्णय गरेका छौं । त्यसलाई पनि आत्मसाथ गरेको मैलेदेखिराछैन । यद्यपि हाम्रो यस्तो परिवेश छ, आज हामीले त्यसलाई पनि सम्झिनु पर्ने हो जे– जे कारणले भए पनि आज हाम्रो देशको पेट्रोलियम पदार्थको मुल्य वृद्धि का कारणले गर्दा सबैको जीवन कष्टकर बन्दै गैराछ । सबैको । त्यसमध्ये पनि हामी पूर्वाधार क्षेत्रको विकास नभएका दूरदराजमा बसिरहेका कर्णालीवासी जनताको जीवन कस्तो होला ? सहजै अनुमान गर्न सकिन्छ । बजेटमाथि यहाँ पनि छलफल चलिराछ । संघीय संसद्मा पनि छलफल चलिराछ । संघीय संसद्मा के छलफल चलिराछ के गरिरहनुभाछ, केही गरि नै हाल्नुहुन्छ कि भनेर भन्न त सक्दिन म । तर, अनुमान लगाउन म सक्छु । अनुमान लगाउन म सक्छु । कि हाम्रो देशको आर्थिक अबस्था हिजोकोभन्दा आज कति कतिपय पक्षमा परिस्थितिले, कतिपय पक्षमा अयोग्यताका कारणले रसातल बन्दै गइरहेको छ । संसद्मा भन्नुको अर्थ विषय राख्नुको अर्थ केही महत्त्व रहन्छ भनेर नै विषय राखिन्छ माननीय सभामुख महोदय । तर, समयक्रममा म हेर्दैछु हाम्रो मात्रै प्रदेशमा होइन सबै प्रदेश र संघीय संसद्भित्रको पनि छलफललाई हेर्ने हो भने विषयको कोही अर्थ छैन । भन्ने भन्दै गर्छन् आफ्नो बाटो गर्दै जाने हो भन्ने तरिकाको बाटो अबलम्बन गरिरहेको अबस्था छ । आफ्नो बाटो अगाडि बढ्दै जाँदा देशको आर्थिक अबस्था सबल र सुदृढ हुने कुरा भए त केही थिएन देशको आर्थिक अबस्था हिजोभन्दा आज रसातल बन्ने कमजोर बन्ने, जनताका जीवनहरू कष्टकर बन्ने कुनै पनि बेला जनताले धादिङमा ल्याउँदै

गरेका मलखाद बोकेका सवारी साधन आफैंले कब्जा गरेर लिनुपर्ने दृष्टान्त छिटफुट रूपले घटना घटिरहेका छन् ।

बजेट ल्याउने कुरा आफैंमा एउटा संवेदनशील विषय हो । यद्यपि संघीय संसद्को बजेट ल्याउँदा, बजेट तय गर्दा जिम्मेवारभन्दा गैरजिम्मेवारहरू हावी भएको मुद्दा राष्ट्रिय मुद्दा बनिरहेको छ । आज कतिपयले त्यसलाई मुद्दा बनाएर सडकमा निस्कने परिस्थिति निर्माण भएको छ । भलै त्यो बाटो त यहाँका जिम्मेवार साथीहरूले पछ्याउनुहुने छैन नै । तरपनि, यो दस्तावेज हेर्दा हिजो साथीहरूले चाहेको बजेटको नीति, सिद्धान्त र प्राथमिकतामा जे सरकारका तर्फबाट बोल्ने कुरा बोलियो नीति तथा कार्यक्रमपछि संसद्मा छलफल भएर सरकार प्रमुखका हैसियतले मुख्यमन्त्रीले जे बोल्नु भयो स्वयं दुईटा प्रस्तोताले यो सदनसमक्ष भनेका कुरालाई समेत यो बजेटले आत्मसाथ गर्न सकेको अबस्था छैन । प्रतिपक्षको त कुरा परको कुरा हो । परको कुरा हो । मैले त त्यतिवेला पनि भनेको र निरन्तर भन्दै आएको कुरा हो केही सुधारात्मक कुरा गर्न कोसिस गरेको भए पनि एउटा सुधारात्मक गर्न कोसिस गरेको भए पनि आर्कोतिर फेरि खाल्डो पार्ने बाटोबाट नै सरकार हिँडिरहेको छ । विगतको खाल्डो पुर्छु भनेर भन्यो । मैले इमान्दारीपूर्वक भनें त्यो राम्रो कुरा हो । राम्रो कुरा हो । तर, अन्तिममा नयाँ मन्त्रीले आफ्नो पुरुषार्थ देखाउनुपर्ने बाध्यताका कारणले होला खाल्डो त फेरि गहिरिएर नै आयो ।

वर्ष नै घोषणा गरियो अधुरा योजनाहरू, क्रमागत योजनाहरूलाई पूरा गर्ने वर्ष नै घोषणा गरियो । सबै योजना त हेर्न बाँकी छ । सम्बन्धित मन्त्रीहरू जो हुनुहुन्थ्यो उहाँका नजरमा र उहाँका योजना सबै क्रमागत र अधुरा भए । बाँकीका कुरा कहाँ गए खोज्नपर्ने अबस्था छ । सम्पन्न भए कि यो १०/१५ दिनमा थाहा छैन । सम्पन्न भएको भए राम्रो पनि कुरा भयो । तर, म भन्न चाहन्छु अनुरोध गर्न चाहन्छु मैले त्यतिवेला पनि भन्याथैं अधुरा योजना क्रमागत योजना भनेर तपाईं कसलाई भन्दै हुनुहुन्छ ? कसलाई अगाडि बढाउँदै हुनुहुन्छ ? त्यो चाहिँ प्रस्ट हुनुभएन भने तपाईंहरूले ल्याएको बजेट जे तपाईंहरूले भनिरहनु भएको छ त्या आधारबाट अगाडि बढ्न सक्ने अबस्था रहँदैन भन्ने आज होइन सुझाव स्वरूप त्यति वेला पनि भनिएको अबस्था थियो । त्यसकारणले यो बजेट पढ्दैखेरि अब पढ्नेलाई कति सहज लाग्यो ? कसरी सजिलै पढ्न सक्नु भएको हो ? थाहा छैन तर, सुन्नेलाई हेर्दा असमानता र विवेकका खाडलहरू खोज्नै नपर्ने गरी खोज्नै नपर्ने गरी त्यहाँ उल्लेख गर्नुभाछ । तपाईंको वक्तव्यको २५ नम्वर बुँदामा लेखिएका सडकभन्दा महत्त्वपूर्ण सडकहरू कर्णालीमा अरू पनि छन् जस्तो लाग्छ। ती कहाँ गए थाहा छैन । सरकारलाई २५ नम्वरमा लेखिएका सडक मात्रै सम्झना भएछ । अर्काको अनुसरणका निम्ति बजेट खोज्दै गर्ने ? ती सडकका निम्ति सडकको व्यवस्था घोषणा नै गरेर जाने तरिका जुन अबलम्बन गर्नुभयो एकछिन त कसैले राम्रो भन्ला तर जिम्मेवारीका हिसाबले कर्णाली प्रदेश सरकारले सिंगो कर्णाली प्रदेशको भावनाका

आधारबाट, आवश्यकता आधारबाट प्रतिनिधित्व गऱ्यो कि गरेन भन्ने भन्नुभन्दा अनुकूलताका आधारबाट चाहे आफ्नो प्रदेश सरकारको स्रोतको परिचालनको सवाल होस्, चाहे प्रदेश सरकारमार्फत् संघीय सरकारद्वारा आउने परियोजनाहरूको छनोटको कुरा गर्ने हो भने सबै असन्तुलित नै छ ।

त्यसकारणले म किन यो भनिराछु तभन्दा हाम्रो तर्फबाट अधिकतम प्रयत्न गर्ने कुरा हो, कोसिस गर्ने कुरा हो, तर पदचाप त छोडेको छैन । नीति तथा कार्यक्रममा विचार व्यक्त गर्ने क्रममा निवर्तमान मुख्यमन्त्रीका पनि धेरै कुरा मैले पनि सुनें मैले सुनेअनुसार तपाईंहरूले पनि सुन्नुभयो होला । म त्यतातिर धेरै जान चाहन्नँ । त्यसपछि सरकारको अहिलेको जिम्मेवारीमा रहेको मुख्यमन्त्रीले सवाल जवाफ गर्दा पनि भनेको कुरा हामी सबैले सुनिरहेकै छौं । तर, यस्तो प्रदेश हो यो कर्णाली प्रदेश हो प्रारम्भमा काम गर्न त संस्था प्रारम्भ गर्दा केही असजिलो हुन्छ तर यो ७ ओटा प्रदेशमध्ये सबैभन्दा सुविधाजनक ठाउँमा रहेको प्रदेश हो यो । ७ ओटा प्रदेशमध्ये सुविधाजनक हिजैका विकास र पूर्वाधारका कारणले गर्दा सहज ढङ्गले अगाडि बढेको कुरा हो । तर, त्यसलाई सही ढङ्गले व्यवस्थापन गर्न नसक्दा आफ्नो योग्यता र क्षमताप्रतिभन्दा पनि परिस्थितिलाई देखाएर अगाडि बढ्ने जुन तरिका छ त्यसले हाम्रो ठाउँको विकास निर्माणलाई हामीले अगाडि बढाउन सकिने एउटा अबस्था रहँदैन ।

त्यसकारणले माननीय सभामुख महोदय, म अनुरोध गर्न चाहन्छु कमसेकम यद्यपि हामीले त ल्याउन खोजेका थियौं २ लाख, ३ लाख, ४ लाखका योजना सदनमा रोकिदियो एमालेले भनेर दुई/चार भोट थप्नु नै भयो होला ? त्यसमा कुनै प्रवाह छैन मलाई र एमाले पार्टीलाई । फेरि पनि म भन्न चाहन्छु हाम्रो देश साझा सहमति गरेर जे सभामुखको अध्यक्षतामा हामीले जे निर्णय गरेका छौं, त्यस मुताविकको मन्त्रालयको बजेट विनियोजनको छलफलमा प्रकट हुने गरी आउनुभयो भने हाम्रो सहयोग हुनेछ । यदि त्यसमा आफूखुसी हिंड्ने कुरा राख्नुभयो भने फेरि पनि हामीले हाम्रो कर्णाली प्रदेशको हामीले अनुदान स्वरूप प्राप्त गरेको जुन रकम छ, त्यसलाई दामासाहीले बाँड्ने विगतको चलनलाई नै निरन्तरता दिएर अगाडि बढ्ने कुरा भयो भने हामीले आफ्नो ठाउँबाट खवरदारी गर्ने कुरा रहन्छ नै है । त्यसमा हामी सबैको सहमति थियो । स्वयं मुख्यमन्त्रीले जवाफ दिंदा भन्नुभएकै छ क्याटोगरिकल्ली । किताब त मैले लगेको छु हेर्न बाँकी छ । मुख्यमन्त्रीले त्यति भनिसकेपछि तलवितल भाको होला जस्तो त लाग्दैन। कथंकदाचित तलवितल भएर आएको रहेछ भने छलफल हुनुभन्दा अगाडि नै सरकारले आफ्नो ठाउँबाट सोच्दा राम्रो हुनेछ । राम्रो हुनेछ ।

नम्बर २. पूर्वाधार विकास कार्यक्रम नाम पूर्वाधार राखेको भए पनि यो संसद्मा रहेका माननीय सदस्यहरूको संख्यामा आधारित भएर त्यो रकम तोकिएको हो कि ? जस्तो लाग्छ । कति हो ? कतिलाई कति हो ? थाहा छैन तर त्यस्तो हो कि ? जस्तो लाग्छ । त्यो विषयमा हामीले विगतमा पनि गम्भीरतापूर्वक कुरा उठायौं, सहमति पनि

भयौं तर आजको सरकार यस्तो छ सरकार प्रमुखले गर्न चाहे पनि वा अर्काले गर्न चाहे पनि एउटा मान्छे यताउति लाग्यो भने आफू वसिरहेकै कुर्चि तलमाथि पर्ने अबस्थाका कारणले संसद्मा, दलमा, सर्वदलीयमा जे जे निर्णय गरिरहेको भए पनि हिँड्ने जुन परिपाटी छ दिन त बढ्लान्, बढ्छन् नै, बढिरहेकै छन् नै तर छलफल चलाउने कुरा कति सहज हुन्छ कति असहज हुन्छ ध्यान दिऊँ है । हो गठवन्धनको सरकार छ यो अहिले भलिभाँती एमाले पार्टी जान्दछ । न देखिने गरी कहाँ सल्लाह गर्नुभो ? गर्नुहुन्छ ? खोज्ने कुरा छैन। तर देखिने गरी अनाधिकृत ढङ्गले बजेट चलाउने र योजना छनोट गर्ने कुरा यसकारणले मान्न सकिन्न कि त्यो शोभनिय हुँदैन । शोभनिय हुँदैन । म फेरि पनि अनुरोध गर्न चाहन्छु अहिले हामी २४ ओटा निर्वाचन क्षेत्रमध्ये संसद्को अभिलेखमा केही रिक्त स्थानदेखिन्छ । बजेटले सबैलाई माननीय मानेको जस्तोदेखियो । वितरण गर्दा विगतको वितरण गर्दा माननीय हुँदाहुँदै पनि त्यो समितिको एउटा सदस्य हुँदाहुँदै पनि अनाधिकृत मान्छेले त्यो बजेटको वितरण गरेको दृष्टान्त हाम्रो अगाडि छँदै छ । फेरि यो बजेट हामी समेतले पास गर्दा, हामी समेतले छलफल गर्दा त्यसलाई कसरी उपयुक्त मान्न सकिन्छ ? यसका वारेमा अहिले म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

तेस्रो कुरा, हामीले नै त्यो ७ बुंदे सहमतिअन्तर्गत मुख्यमन्त्री रोजगार कार्यक्रमका बारेमा कार्यविधिका बारेमा एउटा सहमति र लिखत गरेका थियौं । तर, त्यो कार्यविधि क्रियाशील नहुँदै, हुन नपाउँदै, नगराउँदै योजना छनोट भैसकेको भन्ने सुन्दैछु । अहिलेको मुख्यमन्त्री कस्तो हो हामी सबैले जान्दछौं म धेरै चर्चा गर्न चाहन्नँ । उहाँले के भन्नुहुन्छ, के भन्दै आउनुभाछ । यो बजेट प्रस्तुतिमा कसरी प्रस्तुत हुनुहुन्छ ? त्यो कुरा नआउँदै पूर्व अनुमान गरेर भनिहाल्ने कुरा फेरि हतारो हुन्छ । तर, विगतकोभन्दा भन्न मलाई कुनै अप्ठ्यारो छैन तुलनात्मक रूपले भनेको कुरालाई कार्यान्वयन गर्नका निम्ति प्रयत्न गरिरहेको कुरा चाहिँ भन्न सकिन्छ । उहाँले नै भन्नुभयो गठबन्धनका सत्ताधारी माननीय सदस्यहरूले प्रफुल्लका साथ नीति तथा कार्यक्रममा आफ्ना विचार व्यक्त गर्नुभयो । माननीय मुख्यमन्त्रीले जवाफ दिनुभयो । खाडल हिजै परेको थियो । समानता गर्ने कुरा हुँदाहुँदै पनि विगतको खाडलको कारणले गर्दा यसचोटि आउने फेरि पनि बजेट समानतामूलक हुँदैन, केही विभेददेखिन्छ । त्यो मेरो कारणले होइन यो विगतको कारणले हो त्यसमा केही सत्यता पनि छ । केही सत्यता छ । अहिले पनि म तपाईंहरूलाई अनुरोध गर्न चाहन्छु म बजेट त हेरिराछैन काम अड्कली-अड्कली गर्ने गरी बजेट विनियोजन गरिएको छ । एउटा निर्माण व्यवसायले फुलफेजमा चाँडै काम गर्न सक्ने कुरा हुँदाहुँदै पनि काम नगर्ने गरी काउन्सिलिङ गरिएको छ । तपाईंहरू संलग्न नहुनुभाहोला । तर त्यस विषयमा कर्मचारी साथीहरूले भन्नुहुन्छ काम गर्न उ तयार छ काम गराउन सकिन्छ तर, बेलैमा भुक्तानी दिन नसकिने भा हुनाले उनीहरूलाई काम गराउन नसकिने एउटा अबस्था छ यसकारणले कि योजना धेरै छन् पैसा थोरै छ। ठोकुवा नै गरेर त नभनौं भोलि काम गरेको भुक्तानी त परै जाओस् अहिले पनि यो

बजेटमा आजसम्म काम गरेको पैसा तिर्ने पैसा नभएको बजेट हो जस्तो लाग्दै छ है मलाई । आजसम्म काम गरेको पैसा भोलिको कुरा त परै छोडिदिनुस् ।

त्यसकारणले तपाईंहरूले नीति तथा कार्यक्रममा सिद्धान्त र यो बजेटका सिद्धान्त, प्राथमिकता र उद्देश्य मुताविकको यो कुरा रहिराछ । मैले नै भनेको हो त्यो म भन्न असजिलो मान्दिन त्यसैलाई आधार बनाएर मुख्यमन्त्री ज्यूले एउटा विचार राख्नुभएको थियो । मैले नै भन्या हो । म त्यो बहस छलफल गर्न तयार छु । हाम्रा संवैधानिक अधिकारहरू धेरै हुँदाहुँदै पनि संवैधानिक अधिकारहरू धेरै हुँदाहुँदै पनि हामीले गर्नुपर्ने क्षेत्रहरू धेरै हुँदाहुँदै पनि हाम्रो आफ्नो आन्तरिक आम्दानी र हामीले प्राप्त गर्ने संघीय अनुदानका हिसावले हामीले ठुला संरचनाहरू धान्न सकिँदैन है हेक्का राखौं भन्ने कुरा राख्दा त्यसमा मलाई लाग्छ उहाँहरूको पनि सहमतिसहित प्रस्तुत हुनुभाथ्यो । तर, यो बजेट हेर्दा एउटा ठूलै संरचनाको यद्यपि म मलाई के लागिराछ यत्तिमै लेख्दाखेरी त त्यो संस्था सञ्चालित भैहाल्छ थाहा छैन । त्यो हुँदैन । तर पनि उहाँ किन होला ? लेख्न पछि पर्नु भएन । मलाई लागेको कारण अहिले नै यो सम्मानित सभासमक्ष नभनिहालौं । तर, म त्यो विषय उठाउन चाहन्छु ।

संघीय सरकारले सुर्खेतमा मेडिकल कलेज खोल्ने, संघीय सरकारले प्रदेश अस्पताललाई शिक्षण अस्पतालको रूपमा विकास गर्ने कुरा उसले नभन्दै यही प्रदेश सरकार संलग्न भएर संघीय सरकारसँग प्रस्ताव राख्ने कुराको जानकारी हुँदाहुँदै फेरि भन्दै हुनुहुन्छ प्रदेश अस्पताललाई प्रतिष्ठानमा परिणत गरेर मेडिकल शिक्षा अगाडि बढाउने कुरा । हुनत हाम्रो अर्को संस्था पनि छलफल हुँदैछ । विश्वविद्यालय त्यसले पनि अलिअलि बजार चर्चा पाएकै छ । म त्यतातिर धेरै प्रवेश गर्न चाहन्नँ । तर, म विनम्रतापूर्वक अनुरोध र आग्रह गर्न चाहन्छु कि त्यो संस्था संघीय सरकार योजना कार्यान्वयनको चरणमा छ । त्यो संस्था कार्यान्वयन गर्ने अलग संस्थाहरू खोलिएको अबस्था छ । यस्तो अबस्थामा विश्वविद्यालयभन्दा बढी खर्च लाग्ने गरी लाग्छ नै त्यो संस्था त्यो बनाईयो भने लाग्छ नै । साधारण शिक्षाभन्दा मेडिकल शिक्षा इष्टिचेशन परिणत गर्दा त्यसको पनि भिसी हुन्छ, त्यसको पनि रजिष्ट्रार हुन्छ, त्यसका पनि पदाधिकारीहरू हुन्छन्, त्यो बाटो किन अगाडि बढेको होला ? जनताले सरोकार राखिरहेको, प्रदेश र संघ सरकारले एमओयु गरेको विमानस्थल यो बजेटबाट ओमिड भयो अहिले ।

भन्नुभयो जनता चाहन्छन् भने गर्न तयार छौं । अनुरोध पत्र आउनु पर्‍यो जस्तो जवाफ दिएर सरकार अगाडि बढिरहेको एउटा अबस्था छ । भुई सरकारको तहमा रहेको त्यो एमओयू भंग भएको हो ? त्यो सम्झौता रद्द भएको हो ? कि त्यसलाई बोकिराछ ? बजेटले बोकेको जस्तो तदेखिएन । उच्चारणसम्म लिएको अबस्था छैन । तर, कर्णालीको मेडिकल शिक्षालाई प्रभावित गर्ने गरी फेरि प्रतिष्ठानका नामबाट जे आइराछ, यहाँको पूर्वाधार विकास गर्नेमा मेरो पनि आपत्ति छैन । भवनहरू निर्माण गर्न

३ सयबाट ५ सय गरौं ५१ करोड होइन १ अरब छुट्याउँ त्यसमा आपत्तिको विषय होइन त्यो गर्नुपर्ने कुरा हो । तर, त्यसलाई प्रतिष्ठानमा बदल्ने कुरा म माननीय सभामुख महोदयमार्फत् भन्न चाहन्छु यो छलफल तपाईंहरूका लागि नयाँ नयाँ होला आजभन्दा ५ वर्ष ७ वर्ष अगाडि हामीले त्यहीँ प्रदेश अस्पताल नहुँदै सुर्खेतस्थित सबै राजनीतिक पार्टीहरूका बीचमा छलफल चलाएर अगाडि बढाएर बन्द गरेको विषय हो । सरकारमा हुनुहुन्छ, निर्णय गर्न तपाईंहरूले सक्नुहुन्छ, पाउनुहुन्छ तर त्यसलाई जस्टिफाई गर्ने कुरा गर्नुभएन भने कहीँलेकाहीँ त्यसलाई नै विरोधको विषय बनाउनुपर्ने परिस्थिति निर्माण नगर्नुस् । म विनम्रतापूर्वक अनुरोध र आग्रह गर्न चाहन्छु । त्यो लेख्दा कतैबाट तपाईंहरूले धन्यवाद पाउनु नै भैसके होला । त्यत्तिका लागि मात्रै लेख्नु भाको हो भने मेरो कुनै आपत्ति छैन । यहाँ लेख्दैमा त्यो संस्था संस्थाका रूपमा रुपान्तरित हुँदैन त्यसका लागि पनि एउटा लामो बाटो गुज्रिएर जानुपर्ने हुन्छ । तर, किन हात हाल्नुभयो? किन यो सोच ल्याउनु भयो ? र अर्को मेडिकल शिक्षालाई निस्तेज गर्ने तरिका त होइन यो अब ? म गम्भीरतापूर्वक कुरा राख्न चाहन्छु ।

जहाँसम्म अब यसलाई आन्तरिक आम्दानी बढाउने कुरा त हामीले प्रमुख एजेण्डा बनाउनु पर्थ्यो, छलफलको विषय बनाउनुपर्थ्यो । यो सरकारकै रुचिको विषय छैन । त्यसमा धेरै बोल्नुपर्ने के कारण भो र ? सरकारलाई रूचि खर्च गर्नेमै छ बाँड्नेमै छ । आम्दानी बढाउनेमा रूचि छैन । तर, हामी सबैको ध्यान हाम्रो प्रदेशको आम्दानी बढाउने कुरामा राजस्व वृद्धि गर्ने कुरामै ध्यान केन्द्रित गर्नुपर्ने हो । ठूलो किताब भा हुनाले कति योजना छन् हिजो खोज्नै गाह्रो थियो होला जस्तो लाग्छ । अब कमसेकम जाँगर लगाउने हो भने पढ्ने ठाउँ त पाइयो । त्यसका निम्ति चाहिँ धन्यवाद दिन चाहन्छु । एउटा पुस्तिकाको आकारमा योजनाहरू त समेटिएका छन् तर त्योभन्दा अगाडि लाखका त के बहुवर्षिय पनि पत्ता लगाउन बडो गाह्रो थियो । जिल्ला हेर्ने हो भने र अनगिन्ती हेर्ने हो भने त अब हिजोदेखि आजसम्म मन्त्री भएका साथीहरूकै बाहुल्यता रहेको बजेट हो त्यो । हिजोदेखि आजसम्म बाहुल्यता हो । छोड्न भएन सरकार भएपछि । अविच्छिन्न उत्तराधिकारी भएपछि योजनाको पनि उत्तराधिकारी हुनैपर्‍यो । तिनको नाम लेख्नै पर्‍यो । नयाँ नाम लेखौं बजेट छैन । त्यसकारणले म अनुरोध र आग्रह गर्न चाहन्छु यो कुरामा सोचौं । ठुला छलफल गर्न हामी तयार छौं, सहयोग गर्न तयार छौं।

तर, हामी हिँड्ने बाटो यही हो नि, त्यो त अल्मल्याउनका लागि लेखिएको सम्झौता हो हामी त ७ लाख, १० लाख, ३ लाख, ५ लाखका योजना पनि बाँड्न बाँड्नै पर्ने भयो भन्नुभयो भने भोट घटे घट्ला यो संसद्भित्र एमाले पार्टीले भन्छ भन्नुपर्ने हुन्छ त्यो बाटो गलत बाटो हो । भोट घटे घट्ला । त्यो गलत बाटो हो । हामी कर्णालीमा फेरि पनि दोहोर्‍याउने चाहन्छु किनभने बजेटसँग सम्बन्धित छ विकास गर्ने होइन विकास त खाने मानसिकताबाट हामी मुक्त हुन सकेका छैनौं । यो पार्टी त्यो पार्टी म भन्दिन । प्रवृत्ति हो । त्यो प्रवृत्तिले सबै पार्टीलाई छोएको छ । जबसम्म त्यो कुरालाई बदल्न सकिँदैन

हामीले पनि छलफल गऱ्यौं माननीय सदस्यहरूका बीचमा । माननीय सदस्यहरूका कतिपय कुराहरू स्वयं उहाँहरूले पनि छलफलका क्रममा भन्नुहुन्छ । स्वयं उहाँहरूले भनेको एउटा कुरा साङ्केतिक रूपमा भन्न चाहन्छु तपाईँ माननीयलाई बेकार भनिएछ योजना पर्दै परेन, बरु २ लाख तिरेको ठाउँको योजना आइ त सक्यो भन्ने अवस्था छ । आफ्ना जनप्रतिनिधिलाईभन्दा योजना न आउने ? २ लाख भुक्तानी गर्नासाथ त्यो कति लाखको योजना हो म अहिले भन्न चाहन्नँ त्यो योजना पर्ने परिस्थितिबाट यसचोटि पनि मुक्त हुन सकिएन । यसचोटि पनि ।

योजना गर्ने हो भने योजना हाम्रो कर्णाली प्रदेशमा व्यवसाय हुने भयो, योजना हाम्रो धन्दा हुने भयो । जब योजनालाई धन्दा र व्यवसायमा बुझ्ने मानसिकता र त्यहीअनुसार चल्ने भएपछि हामीले हाम्रो कर्णाली प्रदेशको अवस्था कसरी परिवर्तन गर्ने कुरा हो ? परिवर्तन गर्ने कुरा त हामी सबैले गरिरहेका छौं । सबैको जिम्मेवारी हुँदाहुँदै पनि अधिकार प्राप्त साथीभाइहरूले त्यो बाटो हिँड्दिनुभयो भने त्यो सजिलो हुन्थ्यो । सजिलो हुन्थ्यो । तर साथीहरूलाई नै बाँड्ने प्रतिस्पर्धामा हुनुहुन्छ तपाईंहरू । बाँड्ने प्रतिस्पर्धामा हुनुहुन्छ । कर्णाली प्रदेशका २४ ओटा निर्वाचन क्षेत्रमध्ये ४ ओटा निर्वाचन क्षेत्र भएका दुईटा जिल्ला छन् । मैले भनिरहन पर्दैन त्यो सुर्खेत र दैलेख नै हो । अरू दुईटा ठाउँ । सबै ठाउँको विकास गर्नुपर्ने हुन्छ । के त्योअनुसारको बजेटको अङ्क छ त ? छैन । अहिले असारको अन्तिममा विकासको गति सक्रिय छ अहिले पनि यसो म वीरेन्द्रनगरतिर हेऱ्यो भने विकास भएको भयै छ, हाम्रै संसद् परिसरमा हेऱ्यो भने पनि विकासको गतिले एकदम फड्को मारिराछ । फागुन चैतसम्म पैसै नहुने, पैसै नपाउने असार लाग्यो कि, जेठ लाग्यो कि जताततै पैसा देखिने विकासको मोडेललाई कसरी बदल्न सक्ने होला ? कसरी छलफल गर्ने होला ? त्यो आफ्नो ठाउँमा छ ।

माननीय सभामुख महोदय, खालि दृष्टान्त मैले तपाईंलाई बताउन चाहन्छु म दुई दिन अगाडि एकदिन अगाडि पहिला त्यो वन तथा पर्यटन मन्त्रालयले नै लगानी के गरेर त्यो पदमार्ग सुरू गरिएको थियो । त्यति बेलाको मुख्यमन्त्री जानुभो, त्यतिवेलाको मुख्यमन्त्री पनि यहीँ हुनुहुन्छ । बजेटको कुनै अभाव नहुने गरी उहाँका भाषण त छँदै थिए । गएको वर्ष बजेट बन्देज गरियो । यसचोटि पूर्वाधार विकास कार्यक्रमबाट ७० लाख हेरेको थिएँ मैले । प्राविधिकसहित जाँदा मैले प्राविधिकलाई सोधेको थिएँ तपाईं यहाँ कति पटक आउनु भयोभन्दा म आज पहिलो पटक आउँदैछु भन्नु भो । अरू माननीय सदस्यले कति छान्नुभो थाहा छैन मैले पूर्वाधारको जम्मा ६ ओटा योजना छानें । अरूको संख्या २९/३०/३५ कति छ अरे । उसलाई अर्कै पैसा चाहिँदैन । त्यहीँ कन्टेल्जेन्सीको पैसा प्राविधिक सहायकको पैसा मैले कुनै व्यक्तिलाई सिफारिस गरेको छैन । त्यस्तो ठाउँमा त पहिलोचोटि प्राविधिक जाने अवस्था छ भने अन्तको हालत अबस्था के होला ? अनि विकासको अवस्था के होला ? भुक्तानीको अवस्था के होला ? बिल भर्पाईको अबस्था के होला ? सोझै अनुमान गर्न सकिन्छ । म सुन्दै छु कतिपय

दूरदराजका हामीमध्येकै कतिपय साथीभाइहरूले त्यो ४ करोडको पैसा आफ्ना निकटका आय व्यवस्थाका निम्ति आय व्यवस्थाका निम्ति प्रयोग गरेको दृष्टान्त अभिलेखबाट देख्न पाइन्छ । ४ करोड आफ्ना निकटका आय व्यवस्थाका निम्ति बजेट छनोट र व्यवस्था गरेको व्यवस्थादेखि म यहाँ यो वा त्यो भन्न चाहन्नँ । मैले यसकारणले भनिराछु कि कमसेकम प्रतिपक्षले भन्दाखेरि चाहिँ सत्तापक्षका साथीभाइहरू जोसिएर तिमीहरूले पनि गऱ्याछौ त भनेर भन्ने ठाउँमा पुग्नुहोला त्यसो गर्दा कहीँ न कहीँबाट सुधारको थालनी होला भनेर मैले यो कुरा भनिरहेको हुँ । कहीँ न कहीँबाट थालनी सुरूवात गर्नु पऱ्यो नि त । मैले दृष्टान्त दिएँ म सुविधा सम्पन्न निर्वाचन क्षेत्रको एउटा जनप्रतिनिधि जो प्रतिनिधि राजधानीको छ । त्यहाँ त एउटा प्राविधिक पहिलो चोटि गयो अन्तको हालत के होला ? मैले उहाँलाई सोधेँ के गर्नुहुन्छ त ?भन्दा के गर्ने माननीय सदस्यज्यू सुर्खेतका हामी सबै पूर्वाधारको जिम्मा मलाई छ । माननीयज्यूको त ६ ओटा छ अरूको त २९ छ २५ छ कहाँ कहाँ जानु ? कहाँ कहाँबाट बिल उठाउनु ? उहाँको आफ्नो समस्या आफ्नो ठाउँमा छ ।

त्यसकारणले माननीय सभामुख महोदय, अबस्था यस्तो छ, गति यस्तो छ, मति यस्तो छ । तर पनि आफ्ना तर्फबाट हामीले प्राप्त गरेको रकमको सही सदुपयोगका निम्ति आफ्नो तर्फबाट खवरदारी गर्ने दायित्व र कर्तव्य मात्रै होइन सकेसम्म राम्रो बनाऔँ भन्ने कुरा नै हो । त्यसकारणले म फेरि पनि त्यो किताब बाँड्दा बाँड्दै पनि किताब त बाँडि सक्नुभाछ । बाँड्दा-बाँड्दै पनि म सरकारलाई फेरि पनि भन्न चाहन्छु आफैं तपाईंहरू एकचोटि समीक्षा गर्नुस् । समीक्षा गर्नुस् । समीक्षा गर्नुपर्ने तहको किताब तपाईंहरूले प्रकाशित गर्नुभाछ । गर्नुस् । हाम्रो सहयोग हुन्छ । तर, होइन जस्ताको तस्तै यही हो हाम्रो कुरा भन्नुभयो भने त्यसपछि के हुन्छ ? त्यसपछि के गर्नुपर्छ ? त्यसपछि हामीले सम्मानित सभामार्फत् कर्णालीवासी जनतालाई आफ्नो कुरा राख्नुपर्ने हुन्छ। किताब निस्किसक्यो हिजोसम्म पनि योजना माग्दै हुनुहुन्छ । मागेमुताबिकका योजना कति आए अरू माननीय सदस्यहरूको के छ थाहा छैन मैले माननीय सदस्यहरूलाई भन्याथैं जाने छलफल गर्ने योजना सामेल गर्ने नै थियो हाम्रो । तर, त्यो बाटोदेखिएन त ।

त्यसकारणले म अन्तिममा सभामुखको अध्यक्षतामा बसेको सर्वदलीय बैठकको निर्णयको जे स्प्रिट हो, जे हाम्रो सहमति हो त्यसअनुसारको बजेट ल्याउने कुरा, कार्यक्रम छनोट गर्ने कुरा गर्दा योजना कहाँ पर्ला ? के होला ? त्यो तपसिलको विषय हो । हाम्रो सहयोग समर्थन हुन्छ । र यही त हो नि अब ६ महिनापछिको यहाँ बस्दा-बस्दै पनि अब सबैका दिमागमा क्रमशः अहिलेको पदभन्दा अब आउने चुनावी झझल्को आइराछ। आउनु स्वाभाविक छ । त्यसलाई परिलक्षित गरेर, त्यसमा लेखेर, त्यसअनुसारको वितरण गरेर, त्यसअनुसारको मत आउँदो रहेनरैछ भन्ने कुरा त भर्खरै सम्पन्न भएको स्थानीय तहको निर्वाचनले हामी सबैलाई शिक्षा-दिक्षा दिएकै हुनुपर्छ जस्तो लाग्छ । मलाई

विश्वास थियो नीति तथा कार्यक्रम ल्याउँदासम्म साथीहरू वा सरकार त्यो बाटोबाट हिँड्दैन होला जस्तो लागेको थियो । तर, त्यो किताब पढिसकेपछि साथीहरू त्यो बाटोमा लम्कने कोसिस गर्दै हुनुहुन्छ त्यसलाई तपाईँहरूले पुनःविचार गर्नुस् । त्यो आधारबाट छलफल गर्नुभयो भने हाम्रा तर्फबाट सहयोग हुन्छ ।

अन्यथा यही विभेदको खाडल रहेको र थप खाडल बनाउने गरी ल्याएको बजेटलाई राम्रो बजेट भनेर भन्न मलाई मात्र होइन सबैलाई गाह्रो छ तर सत्तामा रहने साथीभाइहरू हिजोको बजेट छलफलमा जस्तो खुला दिलले, प्रफुल्ल मनले अब यहाँ आएर बोल्नुहुन्छ जस्तो लाग्दैन । किनकि त्यो गर्नासाथ त्यो बाँधिएको धागो कुनै पनि टुट्न सक्छ । बरु आफू सक्कियोस्, जे सुकै होस् धागो न टुटाउँ भन्ने कसरत माथिदेखि तलसम्म भै रहेका हुनाले त्यसको प्रभाव यहाँपनि पर्छ नै । अहिले राष्ट्रिय राजनीतिमा माथि संघीय संसद् र सरकारको जे वितण्डता सार्वजनिक रूपले प्रकट भइराछ त्यसले आम जनतामा सकारात्मक सन्देश दिएको छ जस्तो त मलाई लाग्दैन । त्यसकारणले म तपाईँहरूलाई अनुरोध र आग्रह गर्न चाहन्छु कि यो बजेट नीति कार्यक्रम ल्याउँदासम्म केही गर्छ कि ? केही बाटो करेक्सन गर्छ कि ? भन्ने लागेको थियो । त्यसमध्ये पनि अझ निवर्तमान मुख्यमन्त्रीले बोलिसकेपछि वर्तमान मुख्यमन्त्रीले बोलेका कुराका आधारबाट त केही हुन्छ कि जस्तो पनि लागेको थियो । तर, यो किताब हेरेपछि थपिएका नयाँ योजना हेर्दाखेरि सबै माननीय सदस्यहरूलाई ढाँटे जस्तै लाग्यो । भन्नुभो यही रोष्ट्रमबाट नयाँ योजना केही छैनन् है सबै पूरानालाई तिरन तारन गर्नै ठिक्क हुनेभो नपुग्ने भो भनेर यता संसद् र माननीय सदस्यलाई ढोका बन्द गर्ने आर्कोतिर अहिले सम्मानित माननीय मन्त्री ज्यूहरूले अर्काको आधारबाट गर्नुभो त म भन्दिन । पूराना पाका साथीहरू नै हुनुहुन्छ तर त्यो किताबले पूराना पाका साथीहरूले प्रदेशभरि सम्झिएर सदनमा बोलेको कुरालाई आधार बनाएर बजेट ल्याएको अनुभूति दिने पुस्तिका प्राप्त गर्न सकिएन । यस आधारबाट यिनी कुराहरूलाई मलाई लाग्छ आगामी दिनमा हामी छलफल गरौं । खर्च गर्ने कुरा त छँदै छ खर्च गरौं । तर, आयस्रोत बढाउने कुरा के हो ? के योजना र प्रोजेक्ट होलान् ? यसलाई हामी सबैले एउटा महत्त्वको विषय बनाएर छलफल गर्नुपर्ने कुरा पनि उत्तिकै ढङ्गले अगाडि बढाउन पर्ने जरुरी र आवश्यकता म चाहिँ त्यस्तो देख्छु ।

यिनै कुरा राखेर फेरि पनि म भोलि नियमित कार्यक्रमअन्तर्गत सैद्धान्तिक छलफल सकिन्छ । मन्त्रालयगत छलफल हुनुभन्दा अगाडि सैद्धान्तिक रूपले उठाइएका विषयहरूमा साझा धारणा बनाउने कोसिस गर्ने कुरा सरकारले आवश्यकता ठान्दछ भने हामी तयार छौं । हामी त्यो सुधारको बाटोमा सहयोग गर्न तयार छौं । होइन अब एक जना माननीय मन्त्रीज्यूले भैसक्नुभएको माननीय सदस्यले यहाँ भन्नु भाथ्यो के छलफल गराउनुहुन्छ यो त रित पुर्‍याउने कुरा हो जे ल्यायो त्यो पास भैहाल्छ नभए आफ्नो बाटो छँदै छ । सायद उहाँले हिँडेकै बाटोको अनुभव सुनाउनु भयो होला मलाई लाग्छ ।

मलाई त्यो विश्वास लाग्दैन हामी संसद्मा जनताको प्रतिनिधि भएको कारणले यसलाई सुधार गर्ने विगतमा हामीले विनियोजन विधेयकसमेत बदलेको, परिवर्तन गरेको अबस्थाको सदन हो यो । अब आजको सरकार सुधारको बाटोमा हिंड्न कत्तिको तयार छ ? त्यो आधारबाट छलफल अगाडि बढाउनु पर्ने एउटा परिस्थिति रहन्छ । तर, म प्रमुख प्रतिपक्ष दलको तर्फबाट अनुरोध गर्न चाहन्छु जे दृष्टिकोण, जे सोच, जे निर्णय, जे सहमति, जे सल्लाह भएका थिए त्यसअनुसार हिंड्ने कुरामा सरकार न लरबराओस् । त्यो सरकारका लागि वा प्रतिपक्षका लागि होइन त्यसो गर्दा कर्णालीको समुन्नत र विकासका निम्ति हामीले एउटा आधार स्थिति आधार तयार गर्नका निम्ति महत्त्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने उद्देश्यका साथ मैले यी विचार तपाईंहरूका बीचमा राखेको कुरा पुनः फेरि सबैमा स्मरण गराउँदै विदा हुन चाहन्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री सुशीलकुमार थापा । त्यसपछि माननीय श्री नरेश भण्डारी तयारी अबस्थामा रहनुहोला । समय : ७ मिनेट ।

**माननीय श्री सुशीलकुमार थापा :** माननीय सभामुख महोदय, २०७९/०८० को बजेट वक्तव्यमाथि सैद्धान्तिक छलफलमा म आज सहभागी भैरहेको छु । सम्भवतः हामी हाम्रो कार्यकालको यो कार्यकालको अन्तिम बजेट वक्तव्यमा चाहिँ उपस्थित भैरहेका छौं । हामीले योभन्दा अगाडिका पनि थुप्रै बजेट वक्तव्यमा पनि थुप्रै छलफलहरू गऱ्यौं । र यसपटक पनि पुनः हामी सहभागी भैरहेका छौं ।

यद्यपि नीति कार्यक्रम र यो बजेट वक्तव्य दुईटै हेर्दा हामीले जुन ढङ्गले नीति कार्यक्रममा जुन अपेक्षाका साथ हाम्रा विचारहरू र जुन सुझावहरू यो सम्मानित संसद्मार्फत् हामीले दिएका थियौं त्योअनुसार बजेट वक्तव्य आउँछ र सम्बन्धित विभागीय मन्त्रालयबाट बजेट त्यसैअनुसार आउँछ भन्ने हामीले अपेक्षा गरेका थियौं । तर, पुनः फेरि यो बजेट वितरणमुखी र उही टुक्रे योजना समेटिएर आएको छ । अझ त हामी प्रतिपक्षको हैसियतले हामीले संसद्मा बजेट सानाभन्दा साना अत्यन्तै वितरणमुखी टुक्रे योजनाहरू भए भनेर हामीले संसद्मा हाम्रो आवाजहरू उठाइसकेपछि सरकारलाई बाध्य बनाएर १५ लाखभन्दा मुनिका योजनाहरू ल्याउन नपाउने प्रावधान ल्याउँदा ल्याउँदै पनि त्यो समावेश ७ बुंदे सहमति भएर न ल्याउने सहमति हुँदाहुँदै पनि अहिले पनि बजेट हेर्दा त्यस्तो आएको देखिन्छ । यसैकारणले होला ७ सयभन्दा बढी पेजमा रेडबुक आएको अबस्था छ । त्यसकारणले म माननीय सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु कि हामी धेरैभन्दा धेरै योजनाहरू ल्याउनेभन्दा पनि समृद्ध कर्णाली सुखारी कर्णालीवासीको सपनालाई कसरी साकार पार्न सकिन्छ त्यतातिर सरकारको ध्यानकर्षण हुन्छ भन्ने हामीले आशा गऱ्या थियौं । तर, यो बजेट हेर्दा त्यस्तो चाहिँ देखिदैन ।

सभामुख महोदय, कर्णाली बन्न नसक्नुमा मैले अरूको दोषभन्दा पनि कर्णालीकै नेताहरूको दोष धेरै छ जस्तो लाग्छ । किन हामी कर्णालीकै नेताहरूको कारणले कर्णाली बन्न सक्याछैन । हाम्रै भिजनका कारणले, हाम्रै दृष्टिकोणका कारणले, हामीले

ल्याउने नीति कार्यक्रम र हामीले ल्याउने बजेट वक्तव्यका जुन कारणले हामीले जस्तो खालको ल्याएर चाहिँ त्यहीँ कारणले गर्दा आज कर्णाली बन्न सकिरहेको छैन । आज नेपाल सरकारको अर्थ मन्त्रालय जस्तो पदमा आसीन अर्थमन्त्री कर्णाली प्रदेशकै हुनुहुन्छ। सरकारको नेतृत्व गरिरहेको पार्टी नेपाली कांग्रेस हो दोस्रो पदमा बस्ने पार्टीको उपसभापति यही प्रदेशको हुनुहुन्छ । कर्णाली प्रदेश हामीले सञ्चालन गरिराछौं, बालुवाटार हामीले नै सञ्चालन गरिराछौं । तर कर्णाली हिजोभन्दा आज झन् खस्कदो अबस्थामा छ। बेरोजगारीको चाङ त्यहीँ ढङ्गले अगाडि बढिराछ । कर्णाली छोडेर बाहिर जानेहरूको संख्या झन् दिनानुदिन बढिरहेको छ । खाडी मुलुकहरूमा जाने जनसंख्या अहिले पनि हेर्ने हो भने सबैभन्दा बढी कर्णालीबाट बढी भइराछन् । यो कसका कारणले हो तभन्दा संघीय सरकार अर्थात हिजोको अन्य ठाउँका मान्छेहरू सरकारमा भएका कारणले कर्णाली बनेन भन्ने होइन । होइन रहेछ । यो कसका कारणले बनेको रहेनछ भने हामी कर्णालीका नेताहरूको राम्रो दृष्टिकोण नभएका कारणले रहेछ । हेर्यौंहामीले । प्रतिपक्ष हुँदापनि हेर्यौंअहिले सत्तापक्ष हुँदापनि हेर्‍याछौं । हिजो सत्तापक्षमा रहेर आज प्रतिपक्षमा हुँदाको रचनात्मक भूमिका खेलेको संघीय सरकारमा पनि हेर्यौं। तर, यस्तो अबस्था देख्दा कसका कारणले कर्णाली बनेन त भन्दाखेरि हाम्रो सही सोच नभएका कारणले रहेछ ।

नेकपा एमालेको नेतृत्वमा हेर्नुहुन्छ भने अहिलेसम्म संघीय सरकारदेखि प्रदेशसम्म न संघीय सरकारमा त्यस्तो नेतृत्व गर्ने त्यो ठाउँसम्म नेतृत्व गर्ने अबस्था भयो न प्रदेशमा सरकारको नेतृत्व गरेर जाने चाहिँ अबस्था छ । भएन । त्यसकारणले समृद्ध कर्णाली र सुखारी कर्णालीवासी बनाउनका लागि संघीय सरकार र प्रदेश सरकारमा नेकपा एमालेको नेतृत्वको सरकारको आवश्यकता रहेछ । त्यसले नै नीति कार्यक्रम र बजेट ल्यायो भने मात्रै समृद्ध कर्णाली सुखारी कर्णालीवासी बन्छ भन्ने चाहिँ यो नीति कार्यक्रम यो बजेटबाट चाहिँ देखिएको छ ।

त्यसकारणले माननीय सभामुख महोदय, म यो संसद्मार्फत् सिंगो १ लाख कर्णालीवासी आमाबुवा दाजुभाइ तथा दिदीबहिनीहरूलाई यही सन्देश म यहाँहरूलाई दिन चाहन्छु । किनकि बहुमत भएर पनि एमालेको नेतृत्वमा सरकार नवन्दा कर्णालीले आज यस्तो खालको दुर्दशा देख्नु परेको छ । यहीँ सरकारको प्रमुख मुख्यमन्त्रीले नयाँ योजना कुनै पनि समावेश हुँदैनन् सबै पूराना योजनालाई समावेश गर्नुपर्‍यो भन्नुभयो किनकि त्यो नगरेको भोलिपल्ट मेरो कुर्ची नै चट हुने अबस्था छ । यस्तो अबस्थाबाट अगाडि बढ्ने अब । त्यसकारणले ती समावेश नगरेसम्म सरकारै रहने अबस्था छैन जस्ता खालका कुराहरू आइरहेका छन् । तर, अहिले हेर्दा त टुक्रे योजनाहरू सबै खालका योजनाहरू आइराछन् । त्यसकारण मैले त के सोचिराथें भने समृद्ध कर्णाली प्रदेश बनाउनका लागि यो सरकारले हामी यी यी कामहरू गर्छौं । जस्तो ६ ब भन्ने थियो कम्तीमा पनि ५ ओटा ६ ओटा ब जो भन्याथ्यो जो आइराथ्यो त्योअनुसार कम्तीमा पनि २४ ओटा

निर्वाचन क्षेत्रमा एउटा निर्वाचन क्षेत्रमा ५ किलोमिट पिच यो बजेटमा गर्नेगरी आउँछ भन्ने मैले सोच्याथिएँ । ५ किलोमिटर एउटा निर्वाचन क्षेत्रमा । आउँछ कम्तीमा पनि एउटा निर्वाचन क्षेत्रमा सुविधा सम्पन्न प्रारम्भिक बाल शिक्षा आधारभूत प्रारम्भिक बाल शिक्षा भएको आधारभूत शिक्षा कम्तीमा पनि एउटा निर्वाचन क्षेत्रमा १० ओटा बन्छ । माध्यामिक शिक्षा कम्तीमा पनि एउटा निर्वाचन क्षेत्रमा १० ओटा बन्छन् । हामी त्यो खालको शिक्षा बनाउन सक्छौं भनेर आउँछ होला भन्ने लागेको थियो । कम्तीमा पनि ७९ ओटा स्थानीय तहमा हामी स्वास्थ्य क्षेत्रको यति डाक्टरसहितको सुविधा सम्पन्न हस्पिटल बनाऔंछौं, अब यो प्रदेश अस्पताल, अब जिल्लाका अस्पतालहरू सँगसँगै हामी यो खालको सुविधा सम्पन्न यी क्षेत्रहरूमा बजेट व्यवस्थापन गर्छौं भन्ने आउँछ होला जस्तो लागेको थियो ।

थुप्रै पर्यटकीय क्षेत्रहरू जहाँ निर्माण गरिनेछ जसका कारणले यति पर्यटकहरू आउने छन् र यति कर्णाली प्रदेशका हाम्रा दाजुभाइ दिदीबहिनीहरूले रोजगारी पाउनेछन् भन्ने तथ्यसहित यो बजेट निर्माण हुन्छ होला बजेट आउँछ होला भन्ने हामीले सोचेका थियौं । तर, त्यसो हुन सकेन । र हामी यो बजेटमार्फत् एक वर्षमा कर्णालीका यति गरिबीहरूलाई गरिबीबाट मूक्त गरेर गर्नेछौं गरिबीबाट मुक्त गर्नेछौं । यति अशिक्षितलाई शिक्षित बनाउने छौं, यति बेरोजगारीहरूलाई रोजगारी दिनेछौं हामीले यति उद्योग कल कारखानाहरू खोल्नेछौं जस्ता किटान गरेर यो बजेट आउँछ होला भन्ने थियो । तर, बजेट पुस्तिका हेर्दा अघि हाम्रो दलको नेताले भने जस्तै पुस्तिका हेर्दा एउटा सहयोगी लिएर किताब बोकाएरसँगै हिंड्न पर्ने जस्तो तर खोलेरभित्र हेर्दा त्यस्तोदेखिन्न । म त्यसकारणले माननीय सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु बजेट समावेशी र समानुपातिक ढङ्गले निर्वाचन क्षेत्रलाई केन्द्रित गरेर बजेट ल्याइयोस् । किनकि सबै क्षेत्रका जनताबाट निर्वाचित भएको यो भएका सांसदहरू यो संसद् सबै क्षेत्रका जनताले भोट हालेर निर्वाचित गरिएको हो । जहाँ मन्त्रीदेखि मन्त्री, पूर्व मन्त्रीदेखि अहिलेका मन्त्रीसम्मको क्षेत्रका जनताले मात्रै भोट हालेको अन्यत्र क्षेत्रका जनताले भोट नहालेको अबस्था होइन । त्यसकारणले सबै क्षेत्रलाई समान ढङ्गले हेर्ने गरी बजेटलाई अगाडि बढाइयोस् भन्न चाहन्छु । हस् धन्यवाद ! अभिवादन !

**माननीय सभामुखः** माननीय श्री नरेश भण्डारी । समयः ७ मिनेट ।

**माननीय श्री नरेश भण्डारीः** माननीय सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्री माननीय विन्दमान विष्टज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०७९/०८० को राजस्व र व्ययको वार्षिक अनुमान बजेटको मूल स्प्रिटप्रति समर्थन व्यक्त गर्दछु ।

फेरिकिनले भनेका रैछन् "गरिब त्यो होइन जो सँग पैसा छैन र त्यो गरिव हो जो सँग सपना छैन ।" निसन्देहः हामी सपना नभएर गरिब भएका हौं । संसारका विपन्न मुलुकहरू सपना भएर सम्पन्न भएका हुन् । तसर्थः कर्णाली समृद्धिको सपना हामीले देख्नु पर्दछ । कर्णालीवासीका सपना, आकांक्षा, चाहना, अपेक्षा र सरकारको सुझ एवं सङ्कल्पको

प्रतिविम्व मानिने यस महत्त्वपूर्ण दस्तावेजउपर धारणा प्रस्तुत गरिरहँदा मन कहीँले लक्जम्बर्ग पुग्यो कहीँले चीन त कहीँले भारत । मनले भारतको गोहा, गुजरात, सिक्किम हुँदै विहार पनि उडान भयो । आइएनअनुसार सन् २०२१ म विश्वकै ज्यादा १ लाख २६ हजार ५ सय ६९ प्रतिव्यक्ति आयस्रोत भएको विश्वकै धनी, चोरी नहुने थ्री स्टार होटल स्तरका २ ओटा मात्र जेल भएको पर्यटकीय देश लक्जम्बर्ग जस्तो कर्णाली प्रदेश बनाउने रहर पलाउनै पर्दछ । सबैभन्दा ज्यादा प्रतिव्यक्ति आम्दानी भएको भारतको गोहा, गुजरात र सिक्किमको समुन्नतिले रोमाञ्चित बनाऔंछ ।

मित्रराष्ट्र भारतको सबैभन्दा गरिब प्रदेश विहारले च्वास्स घोच्छ । मानौं सुइरोले मुटुमै घोचिरहेछ । मेरै कर्णालीको विगतले पनि मन अमिल्याउँछ । लाग्छ, लक्जम्बर्ग, चीन जस्ता आश्चर्यजनक आर्थिक वृद्धि हासिल गर्ने देश नेपाल र गोहा, गुजरात, सिक्किम जस्तो समृद्ध कर्णाली बनाउन पाए हुन्थ्यो । मुटुमा चिसो पस्छ । नेपाल श्रीलंका बन्ने त होइन ? कर्णाली विहार बन्ने त होइन ? विहारको अध्ययन गरेँ । १९५०/५१ मा विहारको प्रतिव्यक्ति आय रु. २०४ हुँदा भारतको रु. २६५ रैछ । २०१८/१९ मा भारतको प्रतिव्यक्ति आय रु. १ लाख २६ हजार ४ सय ६ पुग्यो विहार भने रु. ४३ हजार ८ सय २२ मा खुम्चियो । विहार तन्नम बन्नुका कारण केलाउँछु । मेरो प्रदेशको भविश्यमा घोत्लिन्छु, सोचमग्न हुन्छु । विहार बन्नबाट जोगाएर सिक्किम र गोहा कसरी बन्ने ? बजेटका पाना पल्टाउँछु , हरफ नियाल्छु, शब्दमा नजर दौडाउँछु, बजेटका अङ्कमा अडिन्छु, प्रदेशको अबस्था विश्लेषण गर्छु भारतमा पहिलो प्रतिव्यक्ति आय भएको प्रदेशको गोहा र तेस्रो प्रदेश सिक्किमले उत्प्रेरित गर्छ । प्रस्तुत बजेटले हामीलाई विहारपथमा हिँड्न प्रेरित गर्छ वा गोहापथमा वा सिक्किमपथमा ? लक्जम्बर्ग वा श्रीलंका ? प्रश्न तीर बनेर घोचे झैं लाग्छ । चीनियाँ आर्थिकपथको तगारा के के हुन् ? सोचमग्न हुन्छु । भुटानले पनि जिस्काए झैं लाग्छ । बजेट राजनीति, राजनीतिक संस्कार र प्रवृत्ति कता जाँदै छ ? विश्लेषण गर्न मन लाग्छ । बजेटमा पुँजीगत खर्चको सीमा बढाएर ५९.५८ प्रतिशत पुर्‍याउनुलाई सकारात्मक ठानेको छु । ७.५ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने अपेक्षाले आशा जगाएको छ । राजस्व सङ्कलन र खर्च सकारात्मक छ ।

विगतको तुलनामा समग्र सूचक र अर्थतन्त्रका सूचकहरूमा सुधारदेखिएको छ । केही रणनीतिक सडकमा विनियोजित बजेट सहिद तथा बेपत्ता परिवार र घाइते अपाङ्गता भएका व्यक्तिको निशुल्क उपचार सहिद स्मृति तथा जीवन निर्वाह भत्ता र कर्णाली सेवा पुरस्कार सकारात्मक छ । स्वास्थ्य क्षेत्रमा प्रदेश सरकारले गरेको प्रगति उल्लेखनीय छ । विपन्न र जोखिममा परेका नागरिक प्रति सरकारले देखाएको जिम्मेवारीबोध सहाहनीय छ । कर्णाली लगानी सम्मेलनले लगानी प्रवर्धन गर्न सघाउँदछ । विद्युत् पहुँचबाट वञ्चित ४३.८७ प्रतिशत कर्णालीका नागरिकलाई लक्षित गरी ल्याइएको कर्णाली उज्यालो कार्यक्रम, वीरेन्द्रनगर सुर्खेतको बृहत खानेपानी आयोजना, एकीकृत बस्ती विकास, जनता आवास र विपन्नहरूको घर निर्माणका लागि विनियोजित रकम अप्रयाप्त छ । जीर्ण हुँदै

गइरहेको कर्णाली लोकमार्गको विषयमा बजेट उदासीन देखिन्छ । स्याउ तथा विकास परियोजना कता हरायो ? जुम्लामा प्रदेश सरकारबाट निर्माणाधीन हाई अल्टिच्युट ट्रेनिङ सेन्टर किन तुहियो ? किन एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापना गर्ने कार्यक्रममा बजेट विनियोजन गरिएन ?

माननीय सभामुख महोदय, विश्व बैंकको प्रतिवेदनअनुसार चीनले १९८१ देखि २०१२ सम्म देशको करिव ८५ करोड नागरिकलाई गरिबीबाट माथि उठायो । १९८१ म ८८.०३ प्रतिशत रहेको गरिबीलाई २०१८ मा १.०७ प्रतिशतमा झार्‍यो । १९७८ मा १५५ डलर मात्र भएको प्रतिव्यक्ति आय २०२० मा १० हजार ४ सय ३४ डलर पुग्यो । कर्णालीको ३९.०५ प्रतिशत बहुआयामिक गरिबीलाईं शुन्यमा झार्न आर्थिक योजना चाहिएको छ । एकातिर विश्व मानचित्रमा १ लाख २६ हजार ५ सय ६९ डलर प्रतिव्यक्ति आय भएको लक्जम्बर्ग चरम सम्पन्नता भोगिरहेको छ । अर्कोतिर प्रतिव्यक्ति आय १३ सय ८१ डलर अनुमान गरिएको नेपाल तथा ९ सय ६४ डलर अनुमान गरिएको कर्णाली चरम विपन्नतामा बाँचिरहेको छ । माननीय आर्थिक मामिला मन्त्री ज्यूलाई भन्न चाहन्छु कर्णालीलाई गरिबीको दुष्चक्रबाट उन्मुक्त गर्न समृद्ध र स्वाधीन अर्थनीति तथा अर्थव्यवस्था निर्माणका लागि युद्धस्थलमा होमिनुको विकल्प छैन। चीनले उत्पादन वृद्धि गर्न सांघाईलाई इकोनमी तथा शेयरको सिटी वेईजिङ तथा सेन्याङ सिटीलाई इलेक्ट्रिकल मेनिफेक्चरिङ हव, जेयान्जिङ सिटीलाई अटोमोलाईल तथा एरो स्पेशल इन्डष्ट्री हव, गोन्जवा सिटीलाई विभिन्न उत्पादनको हव बनाईयो । विश्वको ७० प्रतिशत मोवाईल, ६० प्रतिशत सिमेण्ट, ५० प्रतिशत स्टिल, ५० प्रतिशत स्याउ चीन एक्लैले उत्पादन गर्छ । चीनले हासिल गरेको तिव्र आर्थिक वृद्धि र अबलम्बन गरेको अर्थनीति हाम्रा लागि सन्दर्भ सामग्रीहरू बन्न सक्नु पर्दछ । कर्णालीको विभिन्न जिल्लामा जिल्लाका सम्भावनालाई पकड्न पर्यटकीय, आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक र स्वास्थ्य राजधानी घोषणा गरी आर्थिक क्रान्तिमा होमिनुको विकल्प देखिदैंन ।

माननीय सभामुख महोदय, सरकारलाई सुझाउन चाहन्छु । कर्णाली एयरलाईन्स सञ्चालन गरौं, त्यसका लागि सरकारले बजेटको निश्चित हिस्सा विनियोजन गरोस् । केही रकम शेयरका रूपमा नागरिक र उद्योगी व्यवसायीबाट सङ्कलन हुनेछ । उद्योगी व्यवसायी तथा नागरिकलाई सेवा र नाफा दुईटै प्राप्त हुने विश्वास दिलाउँदछु । गर्वका साथ आफ्नो एयरलाइन्स्मा प्रदेश राजधानीबाट संघीय राजधानी र जिल्लासम्म पुग्न सकियोस् । टिकटका लागि अनुनय विनय गर्नु नपरोस् । विपन्ना नागरिकको जिउ धनको रक्षा गर्न सकियोस् । हिजोमात्र हिजो माग गर्ने यी हात आज दिने भूमिकामा छन्। सरकार आफ्ना नागरिक टुलुटुलु लुटिएको दृश्य टुलुटुलु कति अझै हेर्ने ? हामीलाई प्रकृतिले कर्णाली, भेरी र रासीहरू दिएको छ । एकातिर हामीलाई गरिबीले लखेटिरहेको छ अर्कोतिर सम्पन्नता नदीमा विलीन भैरहेको छ । विदेशी माटोमा सुन फलाउन तम्सिएका युवा विश्वसनीय लगानी कुरेर बसिरहेका उद्योगी, व्यवसायी तथा

कर्णालीवासीलाई कर्णाली मेगा जलविद्युत आयोजनामा लगानीकर्ता बनाऔं । नगद हुनेसँग नगद शेयर लिऔं । नगद नहुनेसँग श्रम लिऔं । पैसा त्यहीं फल्छ । समृद्ध कर्णालीका लागि सार्वजनिक निजी साझेदारीमा उद्योगधन्दा कलकारखाना स्थापनाको विश्वसनीय वातावरण सिर्जना गरौं । विधेयकलाई सरकार र सम्मानित सदनले स्वामित्व लिई सकेपश्चात कर्णालीले आफ्नै विश्वविद्यालय सञ्चालन गरेको विश्वविद्यालयमा विश्वस्तरिय उत्कृष्ट जनशक्ति उत्पादन भैरहेको व्यवस्थापनमा अन्तराष्ट्रियस्तरको टिम खटिएको रसिद र झण्डाको आधारमा होइन सक्षमताको आधारमा पदाधिकारी तथा प्राध्यापकहरूको नियूक्ति प्रणाली स्थापित भएको र संसार भरीका विद्यार्थीको रोजाइमा परेको कल्पना गर्न थालिसकेका थियौं । हाम्रो सपनाको विश्वविद्यालय जन्मदै गर्दा परिमार्जन गर्ने भन्दै माननीय सामाजिक विकास मन्त्री ज्यूले पर्वतीय विश्वविद्यालय विधेयक फिर्ता लिन समितिमा गरेको प्रस्तावले आशंका उब्जाइरहेको छ । विश्वविद्यालयलाई हत्या गर्न खोजिएको हो भन्ने विश्वविद्यालयको अकाल मृत्यु अबोध बालक झैं टुलुटुलु हेर्न किमार्थ सकिँदैन ।

माननीय सभामुख महोदय, (**माननीय सभामुखः** सकौं माननीय सदस्य) ५० पेज र २ सय २३ बुँदामा व्यक्त बजेट वक्तव्यमा डोल्पा न सुनियो न तदेखियो । जाजरकोट नेपथ्यमा सुनियो । मुगु, जुम्ला र दैलेख कमै मात्र उच्चारित भए । केही जिल्ला पटक–पटक दोहोरिए । तसर्थः बजेटको न्यायोचित र सन्तुलित वितरणमा सरकारसँग प्रश्न गर्ने ठाउँ भेटिन्छ । अभावका कथाहरू सुनाउने, विपन्नताको पर्याय बन्ने, कम आयु र कम प्रतिव्यक्ति आयको समाचार बन्ने कर्णाली होइन । सम्पन्नता सिकाउने, सुःख र खुसीको सन्देश फैलाउने तथा सवभन्दा ज्यादा प्रतिव्यक्ति आयको गर्विलो कर्णाली निर्माण गरौं ।

माननीय सभामुख महोदय, समयले त्यहीं आव्हान् गरिरहेछ । अन्यथा ......(माइक काटिएको)

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२९ को उपनियम १ बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को राजस्व र व्ययको वार्षिक अनुमान बजेट माथिको छलफल भोलि असार १० गते पनि जारी रहनेछ ।

माननीय सदस्यहरू, अब यो बैठक २०७९ साल असार १० गते शुक्रवार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

## बैठक संख्या-१६

## (वि.सं. २०७९ साल असार १० गते शुक्रबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको १६औं बैठकको कार्यबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टले सामान्य छलफलका लागि सभासमक्ष प्रस्ताव गर्नुभएको कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को राजस्व र व्ययको वार्षिक अनुमान बजेटमाथिको छलफल आज पनि जारी रहन्छ। छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले रोस्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूकोमा नाम टिपाउनुहोला सर्वप्रथम माननीय श्री गुलाबजंग शाह त्यसपछि माननीय श्री रातो कामी तयारी अबस्थामा रहनुहोला समय सात मिनेट।

**माननीय श्री गुलाबजंग शाहः-** माननीय सभामुखज्यू, ०७९/८० को बजेटमाथि टिप्पणी सुझाव गर्न उपस्थित भएको छु। माननीय सभामुखज्यू, सरकारले ल्याएको यो बजेट सर्वप्रथम त एउटा कोलम पढेर म सुनाउन चाहन्छु। कर्णाली प्रदेशको विगत ४ वर्षको कुल बजेट ९८ अर्ब ६१ करोड ६६ लाख ३५ हजार प्रस्तुत भएको थियो। थप यसमा यो बजेट अहिले आएको छ। यो बजेट हामीले विगत ४ ओटा बजेट ल्याउँदै गर्दा यो बजेटमा के सन्तुलित भूगोलजन्य स्थानविशेष न्यायोचित ढङ्गले बजेट ल्याइएको छ? म मन्त्रीहरूले गर्दा सुझाव राख्न चाहन्छु। यो बजेट सन्तुलित पनि छैन, भूगोल स्थित पनि छैन समायोचित पनि छैन, व्यावहारिक पनि छैन, त्यसैले यो बजेटमाथि टिप्पणी गर्नु त एउटा औपचारिक कुरा हो, टिप्पणी गर्न चाहन्छु। दोस्रो कुरा माननीय सभामुखज्यू, अहिले कर्णाली प्रदेशमा संसदीय संसद्मा हामी २४ जना सांसद भूगोलबाट निर्वाचित सांसदहरू छौं, यो बजेट ल्याउँदै गर्दा पेस गर्दैगर्दा यो श्रावणदेखि कार्यान्वयन हुने हो कि या निकट भविष्यमा आइरहेको निर्वाचनपछि कार्यान्वयन हुने हो प्रश्न गर्न चाहन्छु। मैले बुझेको अहिलेसम्मनको उपस्थित २४ निर्वाचित सांसद नभएर अहिले हामी १८ मात्रै छौं। तर सरकारले सम्वोधन गर्न खोजेको छ, २४ निर्वाचित सांसदहरू म प्रश्न गर्न चाहन्छुः के अहिले कर्णाली प्रदेशमा २४ जना सांसद भूगोलबाट निर्वाचित हुनुहुन्छ या हुनुहुन्न? यसको जवाफ चाहिन्छ। सभामुख महोदय, हामीले कि पछि हुने निर्वाचनपछि कार्यान्वयनमा लैजाने ढङ्गले बजेट ल्याइएको हो यो प्रश्न गर्न चाहन्छु। म यसको जवाफ संसद्मा चाहिन्छ सभामुख महोदय। दोस्रो कुरा यो बजेट चाहिँ असन्तुलित छ, अव्यावहारिक छ, फेरि दोहोर्‍याएर तेहेर्‍याएर भन्न चाहन्छु। तेस्रो कुरा सभामुख महोदय, हामीलाई थाहा छ, जानकारी छ, विगतको संसद्मा टुक्रा योजनाहरू नल्याउने सहमति भएको थियो। नेकपा एमालेका संसदीय दलका नेता माननीय यामलाल कँडेलले बारम्बार विगतमा त्यो कुरा उठाउनु भको थियो र संसद्मा माननीय सभामुखज्यूको अध्यक्षतामा

सहमति पनि भाको थियो तर अहिले हामीले किताब हेर्दै गर्दा ४ लाख, ५ लाख, ७ लाख किन योजना ल्याइयो? विगतमा हामीले त्यो कुरालाई नदोहोरियोस् भनेर जोडदार ढङ्गले संसद्मा कुरा उठाउँदै गर्दा आउने यो अहिलेको बजेटमा के यो चुनावी प्रचार स्वरूप गर्न थाल्नुभको हो? हामी भन्न चाहन्छौं तपाईंहरूलाई म सभामुखमार्फत भन्न चाहन्छु, सरकारका मन्त्रीज्यूहरूलाई वास्तवमा यो बजेट ल्याउँदै गर्दा हामीले भोलि दफावार छलफल भोलि गरौंला तर टुक्रा योजना १५ लाखभन्दा तलका योजना नल्याउने भन्ने विगतको कुरालाई त्यसबेला तत्कालीन सरकारका मुख्यमन्त्रीले पनि भन्नुभएको थियो यो निरन्तरता आगामी दिनमा पनि हुनेछ तर अहिले किन कार्यान्वयन भएन? किन कार्यान्वयन भएन? दफावार छलफल गरौंला तर मलाई के लाग्छभन्दा हात्ती हिँड्दै गर्छ, आफ्नो चाल आफैं बढाउदै गर्छ, यस्तो तालले यो कर्णाली प्रदेशको समग्र विकास गर्ने सोच यहाँहरूको छ। मलाई लाग्दैन, त्यसैले विगतको कुरालाई हामीले समीक्षा यो बजेट अहिलेको बजेट ल्याउँदै गर्दा अब कल्पना गर्नुस्, समीक्षा गर्नुस्, समीक्षा गरौं, के साँच्चै हामीले कति काम गरिम्? यो बजेट मैले बढेको बजेटको शीर्षक पढ्दै गर्दा कर्णालीमा के काम गरियो त? आत्मसमीक्षा गरौं न, वस्तुगत समीक्षा गरौं न, वास्तवमा हामीले त्यो बजेट केन्द्रीय सरकारले दिएको अनुदान हामीले खर्च गर्दैगर्दा कति त्यसको सदुपयोग भो? त्यसको कति उपयोग भो? कर्णालीका जनताले १७ लाख जनताले कति राहत पाए, अब समीक्षा गर्नुपर्छ कि पर्दैन? यो समीक्षाको बजेट पनि हो। यो पाटो पनि हो हामीले विगतको कुरालाई समीक्षा गर्नुपर्दैन। सरकार तदेखिहाल्यो नि, हिजो कुनै बेला अर्कै अर्थ मन्त्री हुनुहुन्थ्यो, आज अर्कै अर्थ मन्त्री हनुहुन्छ, भोलि अर्कै कोही हुनुहोला तर सरकारले बजेट ल्याउने त एउटा परम्परागत कुरो पनि हो। तर समीक्षात्मक ढङ्गले सरकारले यो कुरा गर्नुपर्छ कि पर्दैन होला? त्यस्तो कुरो सभामुख महोदय, यो वास्तवमा संघीय सरकारको अनुदानमा वितरणमुखी यो बजेट पनि हो। संघीय सरकारले व्यवस्थापन गरेर हामीले बजेट विनियोजन गरेका छौं। किन विरोधाभास ढङ्गले बजेटमा कुरा लेखिन्छ? संघीय सरकारले एउटा काम गर्ने भनेर एउटा विषयवस्तु अगाडि बढाइसकेपछि फेरि संघीय सरकारभन्दा पनि एक कदम माथि उठेर, एक कदम अगाडि गएर हामीले यो बजेट पेस गर्नुको औचित्य अर्थ के हो? संघीय सरकार। एउटा उदाहरणको लागि सल्यानको वनगाड कुपिण्डे नगरपालिका वार्ड नम्बर ७ सल्लीबजारमा लिप्ट खानेपानी भनिया'छ। त्यो २०७२ सालमा केपि ओली प्रधानमन्त्री भइसकेपछि विनियोजित भएको रकम हो र? क्रमागत ढङ्गले त्यसको सुधार हुँदै छ, फेरि यहाँहरूले बीचमा छुटै कुरा कसरी त्यो पैसा खर्च गर्नुहुन्छ? उदाहरणको लागि अर्को दोस्रो उदाहरण कर्णाली प्रदेशको यो प्रदेश अस्पताल संघीय सरकारले यसको छुट्टै ढङ्गले यसको मेडिकल कलेज बनाउने ढङ्गले विकास गरिसकेपछि फेरि यसको संरचनागत ढङ्गले बदल्ने गरीकन तपाईंहरूले बजेट ल्याउनुको बहादुरी मैले बुझ्न सक्या छैन। त्यसैले यी विरोधाभास बजेट पुनः तपाईंहरूले किन प्रस्तुत गर्नुभो को यो असन्तुलित भको अब

व्यावहारिक भको हो। जनताका पक्षमा नभको त्यसैले मलाई के लाग्छ सभामुख महोदयभन्दा यो एउटा बजेट ल्याउनको लागि ल्याइएको बजेट तपाईंहरूले देखाउनको लागि ल्याइएको बजेट तर तपाईंहरूका मनमा मस्तिष्कमा जनताका पक्षमा काम गर्नुपर्छ भन्ने कुरा छैन तर एउटा मन्त्री हुनुभको नाताले आफूले केही काम गरें भनेर देखाउने ढङ्गले यो बजेट ल्याइएको हो भन्न चाहन्छु। फेरि पनि दोहोऱ्याएर इस्टेटतिर भन्न चाहन्छु कि विगतको बजेट कुल ९८ अर्ब ६१ करोड ६६ लाख वितरण हुँदै गर्दा थप हुने बजेट कति काम भो त्यसबाट कति कम्फोटेबल काम भो त्यसबाट कर्णालीका जनता कति लाभान्वित भए? कति उद्योगहरू खोले? कति कलकारखाना खोले? कति जनताले राहत पाउने गरी काम भए? यो कुरा समीक्षा गरेर वास्तवमा जनताका बीचमा लान जरुरी छ। हामीले हुन सक्छ, हामीले मनमनमा लागेको होला हामीले वास्तवमा कहीं जनताका पक्षमा काम गरेनौं कि, जनताका हितमा काम गरनौं कि भन्ने लाग्न सक्छ तर महसुस हुने गरी तपाईंहरूले बुझ्ने गरी यो बजेट ल्याइदिएको भए, हामीले पनि यसमा सकारात्मक ढङ्गले टिप्पणी सुझाव गर्ने नै थियौं । जहाँसम्मन दफावार छलफल, हामी जाउला नै मुख्यमन्त्री रोजगार कार्यक्रम वास्तवमा भन्ने हो भने त्यसको एउटा कार्यविधि सरकारले पास गरेकै होला। त्यो मुख्यमन्त्री रोजगार कार्यक्रममा २४ ओटा निर्वाचन क्षेत्रका सांसदहरूले वास्तवमा संयोजत्वमा योजना सिफारिस हुने अर्थात करिडोर छ प्रकृया छ। वडाबाट पालिकामा आउने पालिकाबाट तपाईंको चाहिँ सांसदको संयोजत्वमा तपाईंहरूकहाँ पठाउने तर मैले देख्दै छु मैले किताब प्राप्त गरिसकें टिप्पणी त पछि गरौंला नै अहिले पनि तपाईंहरूले सप्पै योजना बाँडिसक्नु भो । अनि तपाईंहरूले राखेको कार्यविधिको अर्थ के हुन्छ ? तपाईंहरूले आफैंले कानून बनाउने, क्याबिनेटले आफैंले तपाईंको त्यसको भत्काउने कुरा गर्नु भो भने अनि तपाईंले थितिको शासन गर्दै हुनुहुन्छ कि वेथितिको शासन गर्दै हुनुहुन्छ। त्यसैले सभामुख महोदय, भन्न चाहन्छु यो बजेटमाथि उभिएर टिप्पणी गर्ने पनि बेकार जस्तो लाग्न थाल्यो जति पटक सुझाव दिए पनि जुन-जुन विषयवस्तुमा सुझाव दिए पनि तपाईंहरू सच्चिने छाटकाँट म देख्दिनँ । अहिले पनि तपाईंहरूले विनियोजित गर्न खोजेको सांसद विकास क्षेत्रका अधिकार पूर्वाधार विकास कार्यक्रम २४ हो कि १८ हो या पछि आउने निर्वाचितले कार्यान्वयन गर्ने हो कि अहिले हो, त्यसको जवाफ चाहिन्छ सभामुख महोदय होस् भन्दै धन्यवाद दिन चाहन्छु।

**माननीय सभामुखः–** माननीय श्री रातो कामी, माननीय श्री रातो कामी, माननीय श्री रातो कामी । उहाँ उपस्थित हुनुहुन्न । माननीय श्री मिनासिंह रखाल त्यसपछि माननीय श्री राजु नेपाली तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री मिनासिंह रखालः–** सभामुख महोदय आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्यमा भाग लिंदै गर्दा र यसमा केही बुँदामा सहमति र केही बुँदामा असहमति पनि मैले जाहेर गर्दछु। सभामुख महोदय ४ वर्ष नाघिसक्यो अब ५ वर्ष लाग्दै छ। यो रोस्टमबाट हामीले हाम्रा कुराहरू, हाम्रा मागहरू, राखिरहेको अबस्था छ। र विडम्बना म

के भन्न चाहन्छु भने काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ हामी यहाँ रोस्टमबाट आफ्ना मागहरू राखिरहन्छौं तर सरकारले त्यसको कुनै पनि सुनुवाइ गरेको जस्तो मलाई लाग्दैन। ४ वर्षसम्म मैले एउटा माग मात्रै राखिराख्याछु। सानातिना कुला, पँधेरा, तटबन्धन, वनजङ्गल भन्ने कुराहरू आउँछन् जान्छन् परेका पनि होलान् तर मैले एउटै मात्र माग राखेको छु। र प्रि-बजेट आउँदाखेरि पनि यहाँ चाहिँ छोइएन भनेर मैले त्यो माग छोएको छु त्यस्तै नीति तथा कार्यक्रम आउँदा पनि यहाँ चाहिँ सम्वोधन भएन भनेर भनेको छु। र अहिले पनि यो वक्तव्यमा आउँछ कि भनेर मैले ठूलो आशा गरेको थिएँ तर मलाई के लाग्छ भने हुन त म दैलेख जिल्लाको प्रतिनिधित्व गरिराखेको छु। दैलेख जिल्ला सभामुख पाएको जिल्ला हो। दैलेख जिल्ला मन्त्री पाएको जिल्ला हो। दैलेख जिल्ला फ्लोरक्रस गरेर मन्त्री भएको जिल्ला हो। मैले गौरव गर्नुपर्छ यहाँ चाहिँ कुनै पनि योजना परेनन्, कुनै पनि विकास भएन भन्न म सक्दिन हरेक ठाउँमा हरेक योजना परेकै छन्। तर ४ वर्ष लागेर अहिले ५ वर्षसम्म जो मन्त्रालयले सम्वोधन गरिरहेको योजना हो, त्यो चाहिँ मैले व्यक्तव्यमा देख्न पाएको छैन र त्यसैले म के भन्न चाहन्छु भने कि त महिला भएकै कारणले हाम्रा कुरा नसुनिएको हो त? कि त हामी जनजातिको छोरी भएकै, बुहारी भएकै कारणले त्यो कुरा नसुनिएको हो त ? के त म नेकपा एमालेको एउटा सदस्य, प्रतिपक्ष दलको एउटा सदस्य भएको कारणले मेरा कुरा नसुनिएका हुन त? मलाई असाध्यै आक्रोश पनि आइरहेको छ र यो अन्तिममा मैले भन्नुपर्ने भएकै कारणले पनि मैले यो कुरा राखेको छु। त्यो कुरा के हो भने पछि यहाँचाहिँ एउटा बुँदा पढ्छु मैले, १५२ मा कर्णाली प्रदेशमा ऐतिहासिक, धार्मिक, सास्कृतिक, प्राकृतिक एवम् पर्यटकीय स्थलको संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले तयार गरिएको पर्यटन गुरुयोजना कार्यान्वयन गरी पर्यटकीय पूर्वाधारको प्रवर्द्धन र विकास गरिनेछ। पूर्वाधारको विकास गरिनेछ भनेको छ र मैले सुरूबाटै ०७४/७५बाट पनि माग पनि गरेको थिएँ। दैलेख जिल्लाको नारायण नगरपालिका र दुल्लु नगरपालिकाको बीचमा बग्ने त्यो कोटिला नदी जसलाई हामीले पञ्चकोशी ताल भनेका थियौं त्यो यस्तो ताल हो धार्मिक स्थलले धार्मिक परम्पराले पनि त्यो पञ्चकोशी घुम्न गएका मान्छे जब श्रीस्थान पुग्छन्, नाभिस्थान पुग्छन्, पादुका पुग्छन्, धुलेश्वर पुग्छन् र अन्तिममा कोटिलामा आएर आफ्नो सबै मागहरू राखेर एउटा तीर्थस्थल पनि हो, त्यो ठाउँमा त्यसैले त्यहाँको दुल्लु नगरपालिका र दैलेख नगरपालिकाले चाहिँ यलाई पञ्कोशी ताल बनाउन पर्छ भनेर भनिरहेको र इआइए, आइए पनि गरेको अबस्थामा मैले नीति तथा कार्यक्रममा पनि भनेकै थिएँ र अहिले सम्वोधन पनि नभएको देख्दा सुन्दा अनि मलाई लाग्छ के म दैलेखको एउटा समानुपातिकको माननीय अथवा महिला अथवा जनजाति अथवा मेरै क्षेत्रमा पनि परेको भएर त्यो योजना नपरेको हो त यदि हो भने होइन भने किन र कसरी सकिन्छ भने अझ पनि अनुरोध गर्छु मैले किनभने यो हाम्रो लास्ट अथवा हामी ५ वर्ष पूरा गर्दै छौं त्योलाई वृहत योजना हो, त्यो चाहिँ सप्पैले आशा गरेको योजना हो र त्यो एउटा पर्यटकीय क्षेत्र

पनि हो, त्यसलाई सम्वोधन गर्नको लागि अझैं पनि मैले सरकारलाई अनुरोध गर्दै छु। अर्को कुरा हामीले यो नीति तथा यो बजेट वक्तव्य दिदैं राख्दा पनि हामीले ०७८/७९ मा पनि एउटा के भनेका छौं भनेपछि अ हामीले घर कार्यक्रम अथवा अ दुःखी गरिब अथवा निमुखा दलित अनि सीमान्तकृतहरूलाई आवास र एकीकृत बस्ती व्यवस्था गर्नेछौं भनेर निरन्तरता दिने भनेर ०७८/७९ मा भन्यौं भने अहिले बजेटै छुटाइएको छ। र मैले के देख्छु भने मैले एउटा कुरा भन्नै चाहन्छु। सभामुख महोदय, अलिकित समय बढी भएछ भने पनि म माफी चाहन्छु। मैले भन्नु पर्छ किनभने मलाई लाग्छ यो बजेट वक्तव्यमा मेरो अन्तिम पनि हो, त्यसैले म के भन्न चाहन्छु भने हामीले जनता आवासको कार्यक्रम भनेका छौं, एकीकृत बस्ती विकास भनेका छौं त्यसमा दलित भनेका छौं, बादी, गाईने, राउटे आदि जातिहरूलाई पनि बसोबासको लागि व्यवस्था गर्ने भनेका छौं। र दैलेखको ठाँटिकाँधमा २ वर्ष भो त्यहाँका बाढीपहिरोले ती घरविहीन भएका त्यहाँका जनता र ती ठाँटिकाँधका जनता २ वर्ष भइसक्यो र तिनीहरूले जनता आवासको कार्यक्रम पाउन सके? न प्रदेशले कुनै सम्वोधन गरे, मात्रै एउटा संस्थाले २५ हजार दिएको थियो रे । अहिले पनि ती दुःखी जनताहरू रोडमा बास भएका छन्। कति बच्चाबच्ची लगेर इण्डियातिर गइसके। त्यस्तै अर्को दैलेख साबिकको दुल्लु नगरपालिका पहिलाको अनि अ दुल्लु गाविस जसलाई हामी द्वन्द्वबाट पनि त्यहाँ के चिन्छन् भने २०६३ सालमा जब त्यहाँ चाहिँ राजु बज्राचार्यको मृत्यु भयो माओवादी भनेर सेनाले मारियो। मारिसकेपछि तीन दिनसम्म त्यो लास चाहिँ त्यहीं बाहिर रहिराख्यो र पछि तीन दिनको दिन चाहिँ माओवादी समूहबाट यो हाम्रो मान्छे भनेर झण्डा ओडाउन जाँदाखेरि त्यहाँका जनताले प्रतिकार गरे। यहाँचाहिँ तीन दिनसम्म यो लास चाहिँ रहिरख्यो अहिले आएर झण्डा ओडाउन पाइन्न भनेर त्यो दैलेखको दुल्लुबाट माओवादी प्रतिकारमा उठेको एउटा ठाउँ पनि हो। र त्यहाँ कहींले कस्तो छ भने ४५ घरधुरी आफ्नो हातमा लालपूर्जा छ जग्गा उनीहरूसँग छैन। त्यो जग्गाचाहिँ आर्मीले चाहिँ हस्तान्तरण गरेर आर्मी क्याम्प भएर बसेको छ र ती जनताहरू आज लालपूर्जा हातमा समातेर बसेका छन् त्यति खेरको अबस्थामा दुल्लुमा जब पूर्णबहादुर खड्का गृहमन्त्री हुनुहुन्थ्यो। त्यहाँ गएर उहाँले ३ करोडको कार्यक्रम ३ करोडको कार्यक्रम हालेर अनि त्यो जनताको जग्गाको आर्मी क्याम्प राखेर आज ती जनताहरू ४५ घरधुरी छन् २५ घरधुरी चाहिँ दलित छन् अरू बाँकी गैरदलित छन्, तिनीहरू हातमा लालपूर्जा मात्रै समातेका छन्, बाँकी तिनीहरूले केही गर्न पाएका छन् उनीहरू भोकानाङ्गा तिर्खा रहेका छन्। त्यसरी दैलेख जिल्लाको अबस्थामा भन्ने हो भने अहिले चाहिँ साना टुक्रा योजना दिएर काहींको सानो बाटो बनाएर काहींकतै धारापँधेरा बनाएर अनि यो चाहिँ चुनावी बजेट वितरण गरेर फल्नेवाला केही छैन । त्यसैले म के भन्छु भने यदि यो सरकारले राम्रो काम गरेर गयो है भन्नु पार्ने हो भने एउटा जिल्लामा एउटा नमुना उद्योग हुनुपर्‍यो, एउटा जिल्लामा एउटा कृषि पनि हुनुपर्‍यो, एउटा जिल्लामा एउटा सम्प्रदायलाई प्रभावित पार्ने, कुनै

व्यवसायी गर्ने कार्यक्रमहरू हुनुपऱ्यो । आज यो दश ओटा जिल्लामा कुनै त्यस्ता कार्यक्रम छैनन् आफ्ना कार्यकर्ताहरू भरणपोषण गर्नको लागि १५ लाख, १० लाख, २० लाखका (माननीय सभामुख छोटो बनाउनुस् माननीय सदस्य समय सकिएको छ) योजना दिएर जुन चाहिँ कार्यकर्ता प्रभावित पार्ने योजनाहरू आएका छन्, यसको लागि मैले यो पालिकाको बजेट पनि जनताको लागि फलदायी हैन र यो उपयुक्त हैन, भन्दै म आफ्ना दुईटा कुरा राखेर बिदा हुन्छु हवस् त धन्यवाद।

**माननीय सभामुखः–** माननीय श्री राजु नेपाली समय सात मिनेट त्यसपछि माननीय श्री करवीर शाही तयारी अबस्थामा रहनुहोला।

**माननीय श्री राजु नेपालीः–** सभामुख महोदय ०७९/८० को बजेट वक्तव्यमा आफ्ना केही भनाइहरू राख्न जाँदै छु। भनिन्छ हात्तीका २ प्रकारका दाराहरू हुन्छन्- एउटा देखाउने दारा हुन्छ, एउटा चाहिँ लुकाउने हुन्छ। यो त्यस्तै देखाउने दारा हो जस्तो मलाई यो बजेट वक्तव्य पुस्तिका हेर्दा ४ वर्ष बित्दै जाँदा केही परिवर्तन आउँछ कि सरकारबाट भनेर हामीले नियालेर हेऱ्यौं। हाम्रा कर्णालीवासी जनताले नियालेर हेरिरहेका थिए। हाम्रा हेर्दा हेर्दै आँखा रसाए, हाम्रा आँखा पोले, फेरि पनि मलमपट्टी आँखामा मलम हाल्ने खालको पुस्तिका योदेखिएन। हामी भन्ने गर्छौं एउटा काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर किन होला यस्तो ४ वर्ष हुँदा पनि त्यस्तै तरिकाले त्यस्तै रसारले हिंड्ने हो त सरकार सायद अब आउने मन्त्रालयको किताबमा यहाँहरूले अझै बढी कर्णालीवासी जनतालाई हेर्नु होला आफूलाई होइन । मन्त्रीज्यूहरूले आफूलाई हेर्ने होइन, कर्णालीवासीलाई हेर्नु होला। त्यसरी आफ्नो पुस्तिकाहरू यो सदनमा आउने छन् भन्ने कुरो मैले भन्न चाहे हामी यो पूर्वाधार सडक पूर्वाधार तथा यातायात भन्नेमा म गएको छु। बुँदा रहेको छ सप्पै गरेर २३ ओटा, २३ ओटा बुँदामा, ८ ओटा बुँदामा रकम उल्लेख भएको छ। र अरू बुँदामा त्यहाँ रकम देखिदैन, बचेको यसमादेखिएन पछि कहाँबाट आउने होला? त्यो रकम फेरि यहाँ नदेखिएको यसलाई पनि देखिने गरी थोरैतिनै भए पनि जतिसुकै जे भए पनि देखिनुपर्थ्यो होला। त्योदेखिएन धेरै जति यहाँ चाहिँ त्यस्तै बुदाहरू छन्। त्यस्तै खानेपानी तथा सरसफाइतिर पनि गएँ म सबै गरेर ७ ओटा बुँदा छ, ४ ओटा बुँदामा रकम उल्लिखित छ। ७ मा ३ ओटा बुँदामा फेरि रकम उल्लिखित छैन, यहाँ यो कताबाट आउने होला ? पछि सरकारले हुन त हामीले नबुझेको पनि हुन सक्छ सरकारले बुझाउने नै छ। तर कार्यक्रमहरूमा चाहिँ विनियोजन गरिएको छ। विनियोजन गरिएको छ भन्ने छ। र स्वास्थ्य सेवा पूर्वाधार भन्ने छ। यसमा १६ ओटा बुँदा छ, १६ ओटा बुँदामा, ९ ओटा बुँदामा, रकम उल्लिखित छ अरू बाँकीमा चाहिँदेखिएन यो किन होला रकम उल्लिखित नभएको धेरै ठाउँमा रकम उल्लिखित नभएको देख्दा मलाई पनि उदेग लागेर आयो, म पनि आफैंमा सोचिरहेको छु। हामीले रकम हाल्न छुटाएको हो कि पछि कतैबाट डल्लो भएर कहींकतैबाट आएर त्यहीं पछि फुटालेर कहींकहीं हाल्ने हो कि कहींकहीं त्यस्तै गरेर आफ्नो कार्यकता

भरणपोषण गर्ने अब चुनाव पनि आइसकेको छ। त्यतातिर पनि हो कि जस्तो पनि लाग्छ। शिक्षा जनशक्ति विकास तथा शैक्षिक पूर्वाधार भन्ने छ। यसमा पनि १६ ओटा बुँदा छन्, १६ ओटा बुँदामा १४ बुँदामा रकम उल्लिखित छ २ ओटा बुँदा केका लागि रह्यो यो पनि मैले जान्न चाहें। उद्योग तथा प्रवर्द्धन उद्योगतिर गएँ म, बुँदा १० ओटा छ रकम उल्लिखित कतै पनि छैन अनि यो प्रति पनि मैले जान्न चाहे रकम नभएकै उल्लेख नभएको पनि यहाँ लेख्न मिल्ने रहेछ कि त्यहीं भएर पनि होला सायद यहाँ लेखिएको छ। अब पर्यटन प्रवर्द्धन तथा विकास भन्ने छ ६ ओटा बुँदा छ यहाँ पनि रकम उल्लेख कतै छैन । किताबहरू हेर्दा अब यहाँ यस्तै तरिकाले थुप्रै कुराहरू लेखिएका छन्। यो टोटलमा आएकै छ आउन त पछि त्यहीं बजेटबाट बाँडिने नै होला, तिनी बाँडिने हो कि जस्तो पनि मलाई लाग्यो मुख्यमन्त्री आय-आर्जन अथवा स्वरोजगार कार्यक्रममा अहिलेसम्म ४ वर्ष भयो अब सायद ५/६ महिना पनि छैन सकिन्छ। धेरै जति वर्षभित्र अहिलेसम्म हाम्रा गरिब निमुखा ती जनता, ती कर्णालीवासीहरूले कतिले निरन्तरता पाएर कहाँसम्म पुगे तिनका प्रगति के-के भए त्यो सुन्न पनि हामी आतुर छौं। र पटक-पटक उठाउँदै आएका छौं यसमा के स्वार्थ छ सरकारको । मेडिकल कलेज भनेर सायद एक खालको होमवर्क गरेर पनि संघ गइसकेको छ। त्यलाई नै निरन्तरता दिएर नै मेडिकल कलेज नै राख्न छोडेर यो किन मोडिएको होला व्यक्तिका स्वार्थका लागि अथवा केका लागि यसरी मोडियो यो यलाई पनि मध्यनजर दिन पर्ने जस्तो लाग्छ। मैले अब जनआन्दोलन जनयुद्व र यो थुप्रैको समटिएको छ । विभिन्न खालको विभिन्न समयमा भएका आन्दोलनहरू होलान्, घाइते अपाङ्ग अनि त्यस्तै अब धेरै जति अपाङ्ग होलान्, के होलान्, यसको ठ्याक्कै मलाई भन्नै मन लाग्यो कि अहिलेसम्म भत्ताको पनि कुरो छ । यहाँ अहिलेसम्म कहींकतैबाट केही नपाएको हो कि यदि कहींबाट पाएर पनि खाइपिई आएको हो कि यदि दिने कोले हो त? संघले वा प्रदेशले वा स्थानीय तहले कले हो त? यसको पनि एउटा ठ्याक्कै बुझिने गरी झानिने गरी र निर्धारण गर्ने कसले हो त? यसको व्यवस्थापन गर्ने यो सबै ठाउँबाट हो भने सबै ठाउँ भनेर आउनु पऱ्यो हैन भने एकै ठाउँबाट होला नि । राज्यको सुबिधाहरू लिने त एक ठाउँ मात्रै होला नि मैले यति कुरा राख्दै आफ्ना भनाइहरू यही अन्त्य गरैं, हवस् त धन्यवाद।

**माननीय सभामुखः–** माननीय श्री करवीर शाही समय ७ मिनेट त्यसपछि माननीय श्री पदमा खड्का तयारी अबस्थामा रहनुहोला।

**माननीय श्री करवीर शाहीः–** माननीय सभामुख महोदय आज हामी हाम्रो कार्यकालको कर्णाली प्रदेशसभाको र हाम्रो कार्यकालको अन्तिम दशौं अधिवेशनको एउटा महत्त्वपूर्ण घडीमा उपस्थित छौ। यो घडीमा उपस्थित हुने सन्दर्भमा मलाई सम्झना छ, आजभन्दा करिब साढे ४ वर्षअघि यही मञ्चबाट हामीले जनताका धेरै सपनाहरू आकांक्षाहरू परिपूर्तिका लागि हामी प्रतिवद्ध छौं। त्यो गर्नका लागि नै हामीले कर्णाली प्रदेश यो प्रदेश बनाएका हौं। संघीयताको मोडेलमा जानका लागि हाम्रा यी प्रतिबद्धता थिए।

त्यसकारणले पनि हामी अब हामी द्रुत विकासको गतिमा जान सक्ने बाटाहरू यी हुन् भनेर प्रतिबद्धता राखेका थियौं। ती प्रतिबद्धताहरू यसो सम्झेरे चौंथो वर्षको आज अन्तिममा आइपुग्दा प्रतिबद्धताहरू प्रतिबद्धताका रूपमा थाँती रहेको अनुभूति छ। त्यसका ठाउँमा हामीले फरक खालको संस्कृति हामीले अभ्यास गर्दै छौं। त्यो फरक खालको संस्कृति भनेको हामीले कर्णाली रोग, भोक, अशिक्षा, गरिबी बहुआयामिक गरिबीको प्रतिशतका हिसाबले पनि हामी उच्च दरमा छौं। त्यहीं ठाउँमा हामीले एउटा नयाँ राजनीतिक संस्कार हामीले निर्माण गऱ्यौं। त्यो राजनीतिक संस्कार भनेको जहाँ भोक, अशिक्षा, गरिबी छँदै थियो, राजनीतिमा पनि हामीले त्यो कुसंस्कारलाई हामीले स्थापित गऱ्यौं र हामीले फ्लोर क्रसको संस्कृति हामीले निर्माण गऱ्यौं। मैले चार वर्षमा हामीले गरेका क्रियाकलापहरूले के बताउँछ भन्दाखेरि हामीले यो प्रदेश निर्माण गर्दा गरिएका प्रतिबद्धताभन्दा हामी कता गयौं, कता हरायौं, के गर्दै छौं र हामीले हाम्रा प्रतिबद्धताहरू सरकारले गरेका प्रतिबद्धताहरू के थिए। एकचोटि सरकारले पुनः समीक्षा जस्तो ४ वर्षको बजेटको समरी जसरी आको छ, त्यसैगरी हामीले गरेका कामको समरी पनि सरकारलाई प्रस्तुत गर्नका लागि मैले अनुरोध गर्न चाहन्छु। हामीले प्रदेश निर्माण गर्दाखेरि निश्चित भूगोल जनसङ्ख्यालाई आधार बनाएर यो प्रदेश निर्माण भयो प्रदेशमा संघीय निर्वाचन क्षेत्र १२ ओटा भए त्यसको डबल हुने हिसाबले हामीले २४ ओटा निर्वाचन क्षेत्र भए मैले यहाँ यो निर्वाचन क्षेत्रको कुरा किन र भूगोलको कुरा किन गरिरहेको छु भन्दाखेरि हामीले यो बजेटको एउटा शीर्षकमा पूर्वाधार विशेष कार्यक्रम भनेर ल्याइएको छ त्यसको अङ्क राखिएको छ। त्यो अङ्कमा वास्तवमा यो संकटकाल लागु हुने जस्तो गरेर कानूनमा त्यस्तो कुरा लेख्ने लेख्न उपयुक्त मैले किनदेखिन भन्दाखेरि हामी हामीले यो बनाऔंदाखेरि बजेट ल्याउँदाखेरि भइरहेको सङ्ख्या पछि बजेट ल्याइसकेपछि घटदा गर्नुपर्ने व्यवस्थालाई हामीले पूर्व गऱ्यौं, अनुमान गऱ्यौं, हामीले वास्तवमा यो बेला सङ्ख्या २४ थियो केही कारणले यो बजेट पास भइसकेपछि सङ्ख्या घट्दाखेरि त्यहाँ गर्नुपर्ने कार्यविधिमा रहेको व्यवस्थालाई नै पहिलै पूर्व हामीले लागु गऱ्यौं, यसअनुसार गरेका छौं। त्यसकारणले यो चीज वास्तवमा नयाँ आउनेका लागि कात्तिक मंसिरपछि हुने चुनावपछि गरिने कुरा हो या साउनपछि लागु गर्ने कुरा हो, यसको निक्यौंल गरिनु पर्छ। वास्तवमा, यो वास्तवमा कुनै अमूख मान्छेले अमूख पाटीका मान्छेले बाँड्ने कुरा वास्तवमा आर्थिक मामिला मन्त्री मेरो सन्निकट अगाडि हुनुहुन्छ। त्यो वित्तीय अनुशासनलाई कति कायम गरेको, राखेको, राख्न खोजेकोदेखिन्छ। त्यो सूचकाङ्कले बताउला वास्तवमा यो वित्तीय अनुशासनको एउटा धज्जी उडाउने, एउटा यो चाहिने के भन्छ बुँदा यहाँ छ। त्यसकारणले मन्त्रीज्यूले यसमा आफूलाई आफूले जवाफ दिंदाखेरि प्रस्टाउनु होला। उहाँलाई प्रस्टाउनको लागि अनुरोध गर्न चाहन्छु। सडक आयोजनाहरू, सडक आयोजनाहरू त्यो जिल्ला सदरमुकाम जोड्ने हुन् वा पर्यटकीय सर्किट हुन् वा व्यापारिक जोड्ने सडकहरू हुन्, ती सबै सडकहरूको

गठबन्धनको गन्ध-गन्ध आउने टाइपका जिल्लाहरू जोडिएर सबै सडकहरूलाई एक ठाउँमा राखेर त्यो व्यवस्था गरिएको छ। तीनटा शीर्षकमा छ यसमा चार ओटा शीर्षक छन्। एउटा सदरमुकाम जोड्ने, अर्को छ जिल्ला सदरमुकाम जोड्ने व्यापारिक केन्द्र जोड्ने र पर्यटकीय सर्किट जोड्ने तीनटैमा सबै गठबन्धनका सांसदहरू वा मन्त्रीहरू जोडिने मन्त्रीहरूको अनुहार झल्कने मन्त्रीका आसेपासेहरूको अनुहार झल्कने गरी ती सडकहरूको नामाङ्कन र पैसा राखिएको छ। बाँकी ठाउँहरूलाई हिजो एउटा सत्ता पक्षको सांसदले भन्नु भो केही जिल्लाहरू नेपथ्यमादेखिए, केही जिल्ला नेपथ्यमा पनि नदेखिएका जिल्लाहरू छन्। त्यसकारणले त्यसकारणले यो बजेटमा वास्तवमा हामी अन्तिम पटक आइपुग्दा र यहाँ उभिएर ४ ओटा वर्ष साढे ४ ओटा वर्षसम्म हामीले भनिरहेका चिजलाई कहींकतै पनि सरकारले लागु गर्ने गराउनेतर्फ उन्मुख भएको गरेको पाइएन। यसमा धेरै ओटा विषय छन्, मैले ४/५ ओटा विषयलाई मात्रै इङ्गित गरेको छु। जस्तो जनताको तटबन्धन र जनता सिँचाइ भनेर त्यहाँ इङ्गित गरिएको छ, अलि ठुलै अक्षरमा लेखिएको छ। त्यसको अगाडिपट्टि याद होला जनता तटबन्धनको अगाडि पट्टि शारदा नगर नदी नियन्त्रण कार्यक्रम र जनता तटबन्धन कार्यक्रम भनेर पैसा राखिएको छ। शारदा नगर नदि नियन्त्रण १ भाग र कर्णालीभरिको जनता तटबन्धनको कार्यक्रम १ भाग कुनै विषयलाई स्पेजेलाई गर्दाखेरि त्यलाई देखाउँदाखेरि त त्यसको भार धेरै हुन्छ कि शारदा नदीको आधा भार ५० अङ्क र अरू कर्णालीभरिका नै जिल्लाको चाहिने भार बराबर हुन्छ। यो हिसाबले त्यहाँ कार्यक्रमहरू चाहिँ सेटिङ्ग गरिएका छन्। अब जनता सिँचाइ जनता सिँचाइको हिसाब हेर्दा पनि नाममादेखिन्छ, पैंसामा जम्मा ३ करोड छुट्टिएकोदेखिन्छ भनेपछि त यसलाई गर्ने खोजिएको के हो भन्दाखेरि आफ्ना कार्यकर्ताहरूलाई आफूलाई अनुकूल हुने ठाउँमा के गर्न सकिन्छ? के भरणपोषण गर्दा राम्रो हुन्छ? त्यतातर्फ उन्मुख भएकोदेखिन्छ। मुख्यमन्त्री रोजगारको कुरा मुख्यमन्त्री रोजगार कुरा हामीले पटक-पटक विगतदेखि नै उठाउँदै आएको विषय हो। यो परिणाममुखी कार्यक्रम छैन, अहिले मुख्यमन्त्री हुनुहुन्छ त्यो बेला विपक्ष दलको नेता हुनुहुन्थ्यो, उहाँले पटक-पटक मञ्चमा मलाई लाग्छ ४ ओटा वर्ष साढे ३ ओटा वर्षमा मञ्चमा उभिएर त्यसको एकदम धज्जी उडाकै अबस्था थियो। आज त्यहीँ चिजलाई मुख्यमन्त्रीज्यूले फेरि पनि सर्वदलीय संयन्त्रमा सभामुखज्यूको अध्यक्षमा भएको सर्वदलीय संयन्त्रमा गरेको प्रतिबद्धतालाई भुलेर फेरि किताब निकाल्नुभको छ, प्रस्तुत गर्नु भको छ, त्यहाँ भनिएको छ। त्यहाँ लेखिएको छ बुँदा मैले बोल्नु पनि भो टेबुल थुरेरै भन्नु भाको छ, त्यहाँ चाहिँ कार्यविधिमा जे व्यवस्था थियो, त्यो व्यवस्थालाई पुनर्जीवित गरेको छु। कार्यविधिमा भएको व्यवस्थालाई निलम्बन गरिएको पनि छैन, संशोधन पनि गरिएको छैन, हटाइएको पनि छैन तर कार्यक्रम आइ त सक्यो लेखी त सकियो, त्यसकारण हामीले गर्ने प्रतिवद्वता मात्र रहेछ । लेख्ने कुरा, गर्ने कुरा भिन्नै रहेछ । वास्तवमा हामीले सत्तामा हुँदा र बाहिर हुँदा गर्ने क्रियाकलापहरू भिन्नभिन्नै हुँदा रैछन्। त्यसकारण यो बोल्ने कुरा

मात्र रहेछ भन्ने कुरादेखिन्छ। त्यसकारणले मुख्यमन्त्री रोजगार पूर्वाधार विशेष कार्यक्रमलगायतका विषयमा सरकारको वास्तवमा, यो सन्दर्भमा सरकारको स्पष्टीकरण हाम्रो पाटीकोतर्फबाट प्रतिपक्ष दलकोतर्फबाट हामीले स्पष्टीकरण लिन चाहन्छौँ। खोज्न चाहन्छौँ। योदेखिएको विषयलाई हामीले जस्ताको तस्तै बजेटलाई हामीले लेखिएका विषयलाई हामीले समर्थन गर्ने अबस्था छैन, त्यसकारणले हामीले यो सन्दर्भमा सरकारको ध्यानाकर्षण गर्न चाहन्छौँ। त्यसैगरी यो एकीकृत बस्ती पनि लेखिएको छ, यो एकीकृत बस्ती विकास कार्यक्रम भनेको अलि अनौठो छ। यो कुनै दल विशेषको एउटा दललाई मात्र आजसम्म सम्बोधन गरेको कार्यक्रम हो। मैले मेरो जिल्लामा भन्दाखेरि मेरै क्षेत्रमा सञ्चालित छ। तर म अनमोहन छु, सुन्छु कार्यक्रम सञ्चालन भाछ रे, चल्छ रे, पैसा पनि लिन्छन् गरे, छलफल त्यहाँ बन्छन् गरे, कार्यविधि १६औँ पटकसम्म परिवर्तन भो रे, घर एकीकृत बस्ती भन्नाले यति ओटा घर भएको बस्तीलाई मान्ने छ भनेर कार्यविधि बनाको, तल नोटमा गएर माथि जुनसुकै कुरा लेखिएको भए पनि एउटा घरलाई पनि एकीकृत बस्तीका रूपमा समेटन सकिनेछ भन्ने अन्तिममा त्यो लाजमर्दो कुरा लेखेर । त्यो पनि मलाई लाग्छ मेरै निर्वाचन क्षेत्रमा हो । पहिले आफूले आफ्नो अनुकूल कुनै डिजाइन हैन, त्यहीँको कच्ची ढुङ्गामाटोले बनाएको घरलाई फोटो खिचेर देखाएर भुक्तानी लिएको मैले पाइरहेको छु। त्यसकारणले यस्ता विषयहरू भनेका यी अमूख पाटीका अमूख नेताहरूलाई फाइदा हुने, फाइदा पुऱ्याउनका लागि, चुनावमा जानका लागि, ल्याइएका शीर्षकहरू सम्बन्धित छन् । त्यसकारणले यी शीर्षकहरू मा पुनर्विचार गर्दै कार्यविधिलाई सुधार गर्दै र हामीले सोधेका, हामीले खोजेका विषयहरूको जवाफ नआइकन यो बजेटलाई समर्थन गर्न नसकिने कुरा नसकिने कुरा यहाँहरूका बीचमा राख्दै म बिदा हुन्छु धन्यवाद।

**माननीय सभामुखः–** माननीय श्री पदमा खड्का समय ७ मिनेट त्यसपछि माननीय श्री दानसिंह परियार तयारी अबस्थामा रहनु होला।

**माननीय श्री पद्मा खड्काः–** सभामुख महोदय, कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट प्रदेशसभामा आर्थिक मामिला तथा योजना मन्त्रीले संवैधानिक व्यवस्थाअनुसार असार १ गते ३२ अर्ब ६१ करोड बराबरको बजेट प्रस्तुत गर्नुभको छ। गणतन्त्रलाई संस्थागत गर्ने आधार स्तम्भको रूपमा स्थापना भएको प्रदेश, प्रदेश सरकारले प्रदेशसभामामार्फत जनताको जीवन स्तर सुधारोन्मुख हुने गरी ल्याउनु पर्ने बजेट अभ्यासमा रहेको यो प्रदेश अभ्यासमा रहेको यो व्यवस्थालाई गिज्याउने खालकोदेखिन्छ। परिणामः त प्रदेशका यिनै विगतदेखि वर्तमानको नीति कार्यक्रम बजेटले संघीयता असफल हुने हो कि भन्नेतिर आम नागरिकको चिन्ता र चासो दिन प्रतिदिन बढेकोदेखिन्छ।

सभामुख महोदय, अहिलेसम्मको बजेट हेर्दा कुनै पनि योजनाले जनप्रतिनिधि नचिन्ने तथा जनप्रतिनिधि र भूगोललाई योजनाले नचिन्ने अबस्था विद्यमान यो बजेटले कायम

गरेकोदेखिन्छ। कर्णालीवासीको जीवन स्तर सुधार गर्नेभन्दा पनि यो बजेटले बरु कर्णाली प्रदेश सरकारका क्याविनेटका मन्त्रीहरू र अन्य सरकारी अधिकारीसहित उनीहरूकै नातावाद कृपावाद चक्रव्यूहमा चुर्लुम्म डुबेको जस्तो यो बजेटलेदेखिन्छ। प्रतिपक्ष दल नेकपा एमाले यस्ता वेथितिको चर्को आवाज उठाउँदै विभिन्न समयमा दवावपछि प्रदेशका योजनाहरू १५ लाखभन्दा तल खर्च गर्ने र योजना नबनाउने गरी विभिन्न बैठक, छलफल, सर्वदलीय बैठकमार्फत यी योजनाहरूलाई कार्यान्वयन गराउने गरी सहमति भएको अबस्थामा फेरि पनि टुक्रे-योजनाहरूलाई खर्च गर्न आदेश दिने दोहोरो चरित्र देखाउने यो सरकार बजेटको चरम दुरूपयोग रोकिएको अबस्था देखिँदैन।

सभामुख महोदय, प्रदेशको राजधानी वीरेन्द्रनगरमा कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सहरी पूर्वाधार भनेर ६ करोड विनियोजन गरेकोदेखिन्छ। यस्तैगरी कर्णाली प्रदेशको राजधानी, जहाँ दशै जिल्लाका सबै एउटा बसाइँसराइको क्रमले पनि हरेक हिसाबले पनि यहाँ दिनप्रतिदिन जनसङ्ख्याको स्तर धेरै बढिरहेको अबस्था छ खानेपानीको ठूलो समस्या छ। तर यसमा ५ करोड रकम छुट्टाइएको छ। मैले यहाँ यो शीर्षक किन राखेकोभन्दा तुलना गर्दा कहीँकतै यो विभेद झल्किएको कुरा हामी यो बजेटमा देख्न सकिन्छ। आर्थिक मामिला तथा योजना मन्त्री सुर्खेतकै हुनुहुन्छ गौरवको कुरा हो, हामी उहाँलाई धेरै एउटा सुर्खेतको पनि अर्थमन्त्री पाएको र सुर्खेतलेभन्दा पनि कर्णालीले केही आशा बोकेको छ भन्ने जुन सपना हामीलेदेखिरहेका थियौं तर कर्णाली प्रदेशको राजधानीको सुर्खेत बङ्गीचौरबाट पश्चिम बाबियाचौरसम्मको अबस्था हेर्दा अब वर्षा याममा गाडी नचलेर सयै प्यासेन्जरहरू जनताले गाडीलाई धकल्नु पर्ने जुन बाटोमा आज बजेटदेखिदैन। मदन भण्डारी राजमार्गको नाममा कहिँलेसम्म त्यहाँका जनताले दुःख पाउने हुन् र त्यो बजेट मैले यहाँ शीर्षकमा भन्न चाहन्छु। सालम कोरलाबास ४५ करोड, चेपाङ्ग जामुने सडक ३१ करोड, यो पैसा त्यहीं बाबियाचौरसम्मन सडक स्तरोन्नति कालोपत्रेका लागि राखेको भए आज हाई अर्थमन्त्री सुर्खेतले साँच्चिकै अर्थमन्त्री पायो भनेर त्यहाँका जनताले भन्ने थिए होला मैले यो कुरा राख्न चाहन्छु। यसैगरी शारदा नदी हामीले पनि देखेका छौं कर्णाली प्रदेशको राजधानीसँगै नजिकै जोडिएको जिल्ला पनि हो सुर्खेतसँग जोडिएको जिल्ला पनि हो, जहाँ शारदा नदी र तिला नदीलाई हामीले तुलना गर्न सक्छौं। जो नदीले कहीँ कटान गरेको छैन, हामीले प्रत्क्षयदेखिरहेका छौं। आज शारदा नदीका नाममा तटबन्धन, आज फेरि सबै योजनालाई जोडेर शारदा जोड्ने सल्यान, फेरि पलाँता जोड्ने कालिकोट, फेरि रास्कोट बृहत खानेपानी, फेरि विभिन्न शीर्षकहरू गरेर त्यहाँ धेरै थुप्रै रकम १७ करोड ७० लाख छुट्टाएर, फेरि कहीँकतै नाम जोडेपछि जिल्ला जोडेपछि हाम्रा गठबन्धनका शीर्ष नेताहरूले फेरि बाँडिचुँडी खाने यो रकम हालिएको त हैन? यसो हेर्दा बजेट हेर्दाखेरि यस्तोदेखिन्छ।

सभामुख महोदय, यसैगरी हामीले प्रत्येक वर्ष कालिकोटको केबुल कार भनेर बजेटमा हामीले देख्ने गरेका छौं। त्यहाँको फेजिटेभिल अध्ययन गर्दा त्यहाँ सम्भावना छैन भन्ने

कुरा पनि हामीले सुनिरहेका छौं तर प्रत्येक वर्ष त्यहाँ एउटा रकम देखाइन्छ, फेरि रकमान्तर गरेर त्यहीँ कालिकोटमा फेरि आफ्ना कार्यकर्ता भरणपोषण गर्न यो बजेट छुट्टाएको हो। यो कुनै कार्यान्वयन हुनका लागि छुट्टाएको बजेट होइन, सभामुख महोदय। यसैगरी जनता आवाज भन्ने शीर्षक हरेक वर्ष हरेक बजेटमा आएको छ। कति ओटा जनता आवाजका घर बनाउनु भो सरकारले यसको जवाफ दिनुपर्छ, प्रतिपक्षलाई अहिलेसम्मन कति जिल्लामा कति ओटा जनता आवास घर भए? किन प्रत्येक वर्ष कार्यक्रममा फेरि बजेट आउने? फेरि रकमान्तरका नाममा असारका महिना फेरि खर्च देखाउने? यो प्रवृत्ति कहीँलेसम्म रहन्छ? सरकारको यो कुरा म यहाँ राख्न चाहन्छु। यसैगरी विपन्नको घर निर्माण भनेर पनि फेरि ४८ करोड रूपैया यहीसँग जोडिएको छ। यो कदापि पनि कार्यान्वयन गर्ने बजेट होइन, यो देखाउने एकातिर र कार्यान्वयन गर्दाखेरि अर्का शीर्षकमा फेरि पनि रकमान्तर गर्ने प्रवृत्ति कर्णालीमा यथावत् नै भको यो बजेटले झल्काउँछ। देखाउने हात्तीको मुखमा जिरा मात्र हो भन्ने मलाई लाग्छ यो देखाउने बजेट यसैगरी कर्णाली उज्यालो कार्यक्रमका नाममा वर्षेनी बजेट छुटेको छ। सायद मुख्यमन्त्रीको कार्यालयका अगाडिपट्टि हामीले धेरै बिजुलीका पोलहरू देखेका छौं। यही वीरेन्द्रनगर म आफू वीरेन्द्रनगर नगरबासी भएको नाताले मात्र उठाएको कुरा होइन, वीरेन्द्रनगरका कुनै वडामा अहिले पनि बिजुलीका पोलहरू ढलिरहेका छन्। त्यहाँ चाहिँ जनताले आज पोल पाइरहेका छैनन्। त्यो उज्यालो कार्यक्रम कहाँसम्मनका लागि हो यही सुर्खेतको पश्चिम हेर्नु आजसम्मन बत्ती छैन, यो उज्यालो कार्यक्रम कहीँलेसम्मन देखाउने कार्यक्रम हो? कार्यान्वयन नगर्ने कार्यक्रम किन राखिरहेको छ? सरकारलाई मलै प्रश्न गर्न चाहन्छु। यसैगरी एउटा विभेदको पराकाष्ठा एउटा विभेदको पराकाष्ठा बजेटमा झल्किन्छ । दशरथपुर डाँडागाउँ जितेगडा त्यसैगरी ढाडखेत मटेला धरमपोखरा सडक यति धेरै नाम जोडेर यो सडक यसमा बजेट छैन जहाँ यसले विभेद छर्लङ्ग देखाएको छ। हेर्न सकिन्छ शीर्षकले देखाउँछ यो विभेद छ कि छैन भन्ने कुरा यसैगरी प्रत्येक वर्ष बजेटमा कर्णाली प्रदेश सरकारले गुरुयोजना बनाऔँदै छ । कस्तो गुरु योजना बनायो कर्णाली प्रदेश सरकारले? योजना आयोग कता निदाइरहेको छ? खै गुरुयोजनाअनुसारको बजेट? अगाडि बढेको खै? कार्यान्वयनमा गएको प्रत्येक वर्ष गुरुयोजनाले त्यो कुनलाई दिनु भो? कोले डिपिआर गऱ्यो? को डिपिआर गर्ने कम्पनी मोटाइरहेको छ? त्यसको पनि यथार्थ विवरण चाहिन्छ, सरकारले दिनुपर्छ भन्ने कुरो म यहाँ राख्न चाहन्छु। यसैगरी बजेट खर्च गर्ने प्रवृत्ति जेठसम्म ३० प्रसेन्ट बजेट खर्च हुन्छ भने असारमा ७० प्रसेन्ट गर्ने जुन प्रवृत्ति छ यथावत् विद्यमान बजेटले फेरि पनि आउने वर्षामा कायम गरेकोदेखिन्छ ।

सभामुख महोदय, यसैगरी मैले मुख्यमन्त्री रोजगार कार्यक्रममा ३ आर्थिक वर्षमा मुख्यमन्त्री रोजगार कार्यक्रमका कार्यक्रम हेरिरहँदा अहिले पनि त्यो कार्यक्रमका हामीले सिलिङ्गहरू हेरिरहँदा ५ अरबभन्दा बढी खर्च भएको अनुमान गरिन्छ। तर आज कति

जना कर्णालीका युवाहरूले रोजगारी पाए भन्ने र देख्ने गरी रेकर्ड राख्ने गरी कर्णाली प्रदेश सरकारसँग हिसाब छ कि छैन? अब प्रतिपक्ष दल नेकपा एमालेले त्यसको हिसाब खोज्छ। कर्णाली प्रदेश सरकारले दिनुपर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु। र यसैगरी प्रत्येक वर्ष छुट्टाइने निर्वाचन पूर्वाधार विकास कार्यक्रम २४ ओटा निर्वाचन क्षेत्र आज २४ ओटा सांसद यो कर्णाली प्रदेशमा छन् कि छैनन् त्यो कुरा यो कर्णाली प्रदेश सरकारले ध्यान जान जरुरी छ कि छैन त्यो सँगसँगै समानुपातिक सांसदलाई १ करोड त्यहींभित्र राखेर हामीले त अहिले अन्तिम कार्यकालमा चेलिबेटीहरूलाई हामीले बजेट छुट्टाएका छम् भनेर यहाँ कुनै गुनजस लाउने पर्ने केही अबस्था छैन र ६ महिनामा केही कायापलट हुनेवाला पनि छैन। यो बाँड्ने बजेट वितरणमुखी बजेटले केही हुनेवाला छैन भन्ने कुरा म यहाँ राख्न चाहन्छु र सभामुख महोदय मैले संघीय सरकारले पनि मेडिकल कलेजको विषयमा संघीय सरकारको बजेट वक्तव्यमा पनि आइसकेको विषय त्यसको चरणबद्ध प्रकृया अगाडि बढेको विषयमा फेरि स्वास्थ्य प्रतिष्ठानका नाममा कसैको जागिर अबधि सकिदै छ। उसलाई फेरि भीसी बनाउने नाममा फेरि कुलपति बनाउने नाममा यो स्वास्थ्य प्रतिष्ठान भनेर यहाँ घुसाइएको छ यो बजेटले भोलि कार्यान्वयन गर्ने कुरामा समस्या आउँछ कि आउँदैन म प्रश्न गर्न चाहन्छु। यसैगरी कृषिको कुरा गर्न चाहन्छु म कृषिका धेरै रमाइला धेरै आकर्षक नाराहरू बजाइए, घन्काइए आज तिनी नाराहरू कार्यान्वयन छ कि छैनन् किसानले वर्षा लाग्यो आज मल पाएका छैनन्, किसानले आज बिउ पाएका छैनन्, यो बजेटले मल र बिउमा कहाँनिर बोलेको छ? आज किसानका हकमा काहाँनिर बोलेको छ? आज ५ वर्षमा कति उत्पादन भए? कति कृषिबाट कतिले रोजगारी पाए भन्ने कुरा यो सरकारले कर्णाली प्रदेशको सभामार्फत कर्णाली प्रदेशका जनप्रतिनिधि कर्णालीका नागरिकलाई दिनुपर्छ भन्ने कुरा राख्दै अन्त्यमा यो अन्तिम वर्ष कार्यकालको बजेट पक्कै पनि यो एउटा बजेट देखाउने र नजिकै आएको चुनावमुखी बजेट भएको प्रस्ट रूपमा देख्न सकिन्छ भन्दै मेरा भनाइ यही अन्त्य गर्छु धन्यवाद।

**माननीय सभामुखः–** माननीय श्री दान सिं परियार । समय ७ मिनेट । यसपछि माननीय श्री वीरबहादुर शाही तयारी अबस्थामा रहनु होला।

**माननीय श्री दान सिं परियारः–** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०७९/८० को वार्षिक बजेटमाथि आफ्नो धारणा राख्नको निमित्त म आज उपस्थित भएको छु। र पहिलो कुरा त सरकारको वार्षिक बजेटमाथि छलफल गरिरहँदा कर्णालीका चाहिँ आमजनताहरूले नजिकबाट हेरिराख्याछन्। के आज कर्णाली प्रदेश सरकारले कस्तो किसिमको चाहिँ वार्षिक बजेट तय गरिराख्याछ भन्ने कुरा चाहिँ एकदमै नजिकबाट चाहिँ निरीक्षण गरिराख्याछ। मैले सर्वप्रथम भन्छु हरेक वर्षको नीति कार्यक्रममा मैले आफ्नो धारणा चाहिँ राख्दै आएको छु र यो वर्ष चाहिँ नीति कार्यक्रम हाम्रो कार्यकालको चाहिँ अन्तिम नीति कार्यक्रम हो। त्यसो भकोले कर्णालीको चाहिँ संसद्मा प्रतिनिधित्व गर्ने सांसदहरूले चाहिँ कर्णालीका जनताको पक्षमा चाहिँ के-के

आवाज राखिरहेछन् त साँच्चिकै जनताको चाहिँ एजेण्डाहरू चाहिँ संसद्मा खुल्लै राख्याछन् कि छैनन् अथवा जनताको जनभावनाचाहिँ संसद्मा चाहिँ सम्वोधन हुने किसिमको अभिव्यक्तिहरू चाहिँ तपाईँको दिन सक्याछन् कि छैनन् अथवा चाहिँ कर्णालीको समृद्धि र परिवर्तनको चाहिँ भिजन एउटा, एजेण्डा चाहिँ कर्णालीका सांसदमा छ कि छैन भन्ने कुराको उत्तर दिनुपर्ने समय आको छ। मैले हेरे मैले यो-यो नीति कार्यक्रम म अस्ति धारणा राखिकेपछि बजेटमा मैले केही कुराहरू हेरेँ मैले र पहिलो कुरा त मैले भन्छु, म यो बजेट वास्तवमा हिजकै सत्ता र शक्तिको चाहिँ दुरूपयोगको एउटा दस्तावेजको रूपमा मैले बुझे जसरी हिजोको सत्ताको दुरूपयोग गरिदै आएको थियो जुन बेला नेकपामा पनि थियौं जुन बेला हामी सत्ताधारी सांसद पनि थियौं सुरूदेखि हामी चाहिँ कर्णालीको समृद्धि र परिवर्तनको एजेण्डा संसमा उठाएका थियौं। कर्णालीका बेरोजगारका मुद्दा कर्णालीको गरिबीको मुद्दा, कर्णालीको स्वास्थ्यको मुद्दा, कर्णालीको कृषिको मुद्दा, कर्णालीका चाहिँ उत्पीडितका मुद्दा, कर्णालीका आम बेरोजगारका मुद्दाहरू चाहिँ हामीले संसद्मा चाहिँ सशक्त रूपमा उठाउँदै आएका थियौं। तर मलाई लाग्छ यो दस्तावेजले त्यहीँ पुरानै सत्ता र शक्तिको चाहिँ दुरूपयोगको दस्तावेजका रूपमा चाहिँ यो आइराख्याछ। यहाँ धेरै माननीयज्यूहरूले कुरा उठाउनु भो मैले प्रथम हरेक वर्ष चाहिँ नीति कार्यक्रममा भनेको थिएँ पहिलो कुरा हामी बजेट कसरी बनाउँछौं। बजेट बनाउने सूचक के हो? के कुरालाई आधार मानेर हामी बजेट बनाउछौं? त्यसको हामीसँग पूरै सूचक इन्डिकेटर छैन जब हामी चाहिँ योजना बनाउँदा, कार्यक्रम बनाउँदा, नीति बनाउँदा अथवा चाहिँ समृद्धिको खाका तयार गर्दा हामीसँग कुनै सूचकबिनाको चाहिँ सरकारले प्लान बनाऔंछ भने त्यो त गन्तव्यबिनाको एउटा यात्री जस्तो देखिन्छ अथवा लक्ष्यविहीन एउटा यात्री जस्तो हामीले ५ वर्ष हामी संसद्मा हुँदा र हामीले जनतामा फेरि फर्केर जाँदा हामीले ५ वर्षभित्र यो-यो काम गऱ्यौं, शिक्षामा हामीले यो नयाँ काम गऱ्यौं भनेर जनतालाई उत्तर दिने हामीसँग उत्तर छैन। स्वास्थ्यमा हामीले नयाँ गऱ्यौं, हामीसँग त्यो उत्तर छैन। कृषिमा हामीले यो गऱ्यौं, त्यसको हामीसँग उत्तर छैन। त्यो भकोले यहाँ धेरै कुराहरू आए पूराना बहुवर्षीय योजनाको कुरा आए अब सरकारले त्यसको उत्तर दिनुपर्छ कि कुन-कुन जिल्लामा के-के बहुवर्षीय योजनाहरू छन् र केका कारणले गर्दा चाहिँ बहुवर्षीय योजनामा फेरि पैसा हाल्नु पऱ्यो अथवा केका कारणले गर्दा त्यसलाई निरन्तरता दिनु पऱ्यो र कुन-कुन छुटयो यसको उत्तर चाहिँ हामीलाई दिनुपर्छ। अर्को कुरा छ, हामीले ५ वर्षको कार्यकालमा गत वर्षसम्म त हामीले ३ किलोमिटर बाटो खनेका थियौं हामीले बाटो सडक अब हाम्रो कार्यकाल सकिन लाग्यो कति किलोमिटर थप्यौं यो कर्णालीका जनतालाई यसको उत्तर दिनुपऱ्यो। हामीले रोजगारीका कुरा गऱ्यौं, अहिले पनि १० हजारको निमित्त, १५ हजारको निमित्त कालापहाड चाहिँ तपाईँको कर्णालीका युवाहरू चाहिँ पसिना बगाइराख्याछन्, गिट्टी कुटिरहेका छन्, अर्काको घरमा चाहिँ लेबर काम गरिराख्याछन्, ती बेरोजगारहरूलाई चाहिँ उत्पादनसँग जोड्ने रोजगारीमा

जोड्ने अथवा चाहिँ आत्मनिर्भतामा जोड्ने हामीले कस्तो रोजगार प्लान बनाइम् हामीले त्यसको उत्तर चाहिँ कर्णालीका आम जनतालाई दिनुपर्छ। यहाँ मैले देखें हामीले ५ वर्षको कार्यकालमा लगानी गर्न खोजेको क्षेत्र के हो? अथवा कुन क्षेत्रबाट चाहिँ कर्णालीको समृद्धि हामीले खोजेका हौं। राज्यको लगानी कुन ठाउँमा गर्नुपर्ने थियो र कहाँ गरियो र जहाँ-जहाँ लगानी गरिएको क्षेत्र छ त्यो लगानी गरिएको क्षेत्रमा चाहिँ प्रतिफल कति प्राप्त गऱ्यौं? हामीले त्यसको उत्तर अब कर्णालीका आम जनतालाई दिनुपर्छ। मैले बारम्बार भनिराख्या थिएँ कि सरकारको बाहिर हेर्दा रूप नैदेखिन्न अनि जसको रूप नैदेखिन्न भने त्यसबाट चाहिँ सार्क अपेक्षा गर्नु फेरि कर्णालीका फेरि परिवर्तन चाहाने कर्णालीको चाहिँ समृद्धि चाहाने कर्णालीको विकास चाहाने अथवा चाहिँ कर्णाली चाहिँ आत्मनिर्भर बनाउनु पर्छ र कर्णाली आफैंमा एउटा स्वायत्त चाहिँ प्रदेशको रूपमा चाहिँ स्थापना गर्नुपर्छ र कर्णालीका आम मान्छेलाई तपाईंको चाहिँ उत्पादन श्रम र रोजगारीमा जोडेर आत्मनिर्भर एउटा अर्थतन्त्रको चाहिँ निर्माण गर्नुपर्छ भन्ने जति पनि कर्णालीको वौदिक जनमत छ। अर्को कुरा मैले बारम्बार भनी राख्याथैं कर्णालीको प्रमुख पर्यटकीय सडक अथवा चाहिँ एउटा गन्तव्य सडकचाहिँ डङ्गमणि नाक्चे सडक हुन सक्छ। यो उत्तरका नाकामा सबैभन्दा चाहिँ नजिकको सडक हो, यसको निमित्त बजेट विनियोजन गर्न केही क्षेत्र चाहिँ केही खण्ड चाहिँ प्रदेश सरकारकोबाट गऱ्यौं भन्याथैं मैले र त्यसको कुनै पनि सुनुवाइ भएन त्यसपछि मैले अर्को कुरा गरिराख्याथैं छायाँनाथको बारेमा विश्वको जति सबै धार्मिक पर्यटनसँग सम्बन्धित व्यक्तिहरूलाई छायाँनाथमा जाने किसिमको आचार निर्माण गरौं भन्याथिएँ यो कुनै पनि कुरा सुनाई भएन। त्यसो भकोले सभामुख महोदय मैले बारम्बार संसद्मा कुरा राखिराख्याछु हामी सत्ता पक्ष या प्रतिपक्ष हुँदा या जनताको आवाज चाहिँ संसद्मा राख्दा हामीले जति पनि हामीले यो अपेक्षा थियो। जति पनि चाहिँ परिवर्तन समृद्धिको जुन अपेक्षा थियो यो ५ वर्षको कार्यकालमा कुनै त्यसको चाहिँ सम्भावनादेखिएन केही गर्न खोजेको जस्तो केही अभ्यास गर्ने देखिए तापनि वास्तवमा कर्णालीका चाहिँ बेरोजगारहरू गरिबहरू विपन्नहरू अबसरविहीनहरू त्यसले चाहिँ राज्यबाट कुनै कुरा प्राप्ति नभएको स्थितिदेखियो त्यसो भकोले अन्तिममा भन्न चाहन्छु कि यो दस्तावेज वास्तवमा हिजोको चाहिँ सत्ता र शक्तिको चाहिँ दुरूपयोगको दस्तावेज हो। यो दस्तावेज चाहिँ कर्णालीको समृद्धि र परिवर्तनको एजेण्डा कुनै चाहिँ एउटा निकास दिन सक्ने कुनै पनि समृद्धिको परिवर्तनको एजेण्डा नेतृत्व गर्न नसक्ने भको कारणले गर्दा यो वार्षिक बजेटमा चाहिँ मेरो व्यक्तिगततर्फबाट चाहिँ यो बजेटमा चाहिँ समर्थन नरहने कुरा व्यक्त गर्दै मेरो भनाइ यही टुङ्ग्याउँछु धन्यवाद।

**माननीय सभामुखः–** माननीय श्री वीरबहादुर शाही । समय ७ मिनेट । त्यसपछि माननीय श्री दल रावल तयारी अबस्थामा रहनु होला।

**माननीय श्री वीरबहादुर शाहीः–** सम्मानीय सभामुख महोदय आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्यमा आज सहभागी भइरहेको छु। र मलाई लाग्छ यो हाम्रो कार्यकालको

अन्तिम बजेटमाथि आज छलफल गर्दै छौं। यसैअन्तर्गत यो नीति तथा कार्यक्रममा जो आएको थियो, क्रमागत र बहुवर्षीय योजनाहरूलाई प्राथमिकता दिने हो त्यो क्रमागत र वहुवर्षीय योजनाहरू अलपत्र पर्छन् र त्यलाई प्राथमिकता दिनुपर्छ भन्ने हाम्रो सुझाव थियो। मैले मेरो जिल्लामा हेर्दा सभामुख महोदय बहुवर्षीय क्रमागतका मध्यबल पुल धनिया पुल काटिएको छन्। र जब कि भन्ने गरिएको थियो हिजो माननीयहरूको सिफारिसमा मात्र छिराइने छन् त्योभन्दा बाहिरबाट आउने छैनन् भन्ने कुरा पनि यही संसद्बाट पनि बोलिएको थियो। आज हेर्दै गर्दा मेरो जिल्लाको हकलाई भौतिक पूर्वाधार र सडकमा एउटै बाटोमा ३ ओटा योजना गएको छ। नाम एउटै छ, रोड एउटै हो, त्यो कसरी गयो? त्यो कमीसनबिना त्यो गइन होला। अनि एउटा भौतिक पूर्वाधार विकासले सडक निर्माण गर्ने हो तर जङ्गलमा जाने शिकारीबाट खन्ने होइन यहाँ शिकारीबाट हालिएको छ।

सभामुख महोदय, यता खानेपानीमा हेर्दा मैले एउटै गाउँमा एउटै वडा एउटै गाउँमा ८ ओटा सिँचाइ गएको छ। तपाईंको कृषि र जलस्रोत मन्त्रालयबाट ८ ओटा सिँचाइ गन्नु होला, हिसाब गर्नु होला, म अङ्कमा भन्दिन भोलि त्यसको किताबको बारेमा मन्त्रालयको वाजमा भनेहुम्ला मैले ८ ओटा एउटा वडामा एउटा गाउँमा यो कुन तरिकाले गएको छ। भन्ने गरिन्थ्यो हिजो क्रमागत योजनाहरू पाठ्यक्रमा लिनुपर्ने छ। डोल्पा जिल्लाको भौतिक पूर्वाधारको ३० करोडको बजेट सिलिङ्ग थियो, अहिले त्यहीं सिलिङ्ग घटाइएको छ कि डोल्पा जिल्ला चाहिँ भूगोलले ठग्यो त ठग्यो त्यो जिल्लालाई अझैं पनि यो कर्णाली प्रदेश सरकारले बजेट पनि ठग्ने हो त। डोल्पा जिल्ला कर्णाली प्रदेश सरकार यो कर्णाली प्रदेशका अन्याय भो त मैले यो भन्न चाहन्छु कि डोल्पा जिल्लालाई यो कर्णाली प्रदेशबाट अलग गरिदिनु पऱ्यो। तपाईंको बजेटका सिलिङ्ग हेर्नुस् योजना हेर्नुस् ४ वर्षको अन्तराल तपाईंको जोड्नुस् तपाईंको गाउँपालिकाको बराबरको बजेट गएको छैन। सभामुख महोदय भन्ने गरिएको छ यहाँ बाहिरबाट गठबन्धनको सरकार म पनि एउटा गठबन्धनको सरकारको जनप्रतिनिधि हुँ तर मेरो सिफारिसबाट किन योजना परेको छैन। तपाईंको पर्यटन मन्त्रालय हेर्नुस् ५ वर्षको मेरो चाहिँ निर्वाचन क्षेत्र मेरा ४ ओटा ३ ओटा गाउँपालिका छन् एउटा नगरपालिका छ। सम्पूर्ण माननीय सदस्यज्यूहरूले हेरिदिनु होला। ४ वर्षको योजना जोड्नु होला कति बजेट गएको छ। भोलि जब किताबमा भन्ने गर्छु मैले त्यतिखेर थाहा होला कति ओटा योजना बाहिरबाट आएका छन् भन्ने गरेको त्यो क्रमागत र तपाईंका बहुवर्षीय योजना कहीँ पनि छुट्टाइने छैनन् नयाँ योजना तपाईंले कुनै पनि सिफारिस नदिनुस् भन्ने जब नीति तथा कार्यक्रममा बोलेको थियो त्यहीं आधारले हामीले बजेट हामीले निर्माण त्यो हामीले धेरै योजना दिएका थिए नै २/४ ओटा योजना त्यहीं योजना पनि परेको छैन। तर मैले योजना माग्न खोजेको पनि हैन सभामुख महोदय तर बिचौलियाबाट कसरी आएका हुन् ती योजनाहरू हिजो चाहिने हिजो ०७६/०७७ सालबाट चाहिँ हुम्ला डोल्पामा चौंरी फर्मको तपाईंको किताबमा आएको थियो कहानी

पनि भएको थियो। आज ती नीति कार्यक्रम आछ कि छैन बजेटमा आको छ कि छैन डोल्पा जिल्लामा ३ ओटा चौंरी फर्म छन् भाभुल्ले चौंरी फर्म प्रदेश सरकार स्थानीय सरकार र स्थानीय तह गरेर अहिले त्यहाँ ४४० चौंरी छन्। त्यो व्यवस्था भो कि भएन कर्णाली प्रदेशमा जुम्लामा भेरी फलाम छ। डोल्पामा चौंरी फर्म छ २०३५ सालमा सुरू भएको २०४८ साल जब कृषि मन्त्री रामचन्द्र पौडेल हुनुहुन्थ्यो उहाँले त्यलाई कोलास्ट बनाउनु भो त्यसपछि प्रदेश सरकार जब हामी सुरू भइसके पछि सुरूवात त्यहीँबाट सुरू भो र हामीले १ करोड विनियोजन भएको थियो र ०७६/०७७ मा १ करोडको चाहिँ घेराबार भो ०७८/०७९ को बजेटमा भैतिक पूर्वाधार संरचना सुरू भो अहिले बजेट परि भाको छ। अहिले आफ्नै ध्यानाकर्षण गर्न चाहन्छु। अर्को त्रिपूराकोट नगरपालिका वडा नम्बर ११ मा तपाईंको ०७६/०७७ को बजेटमा १ करोड गयो त्यसपछि फर्म सुरू भएको छ। अहिले किताब पनि आछैन बजेट पनि आको छैन। पर्यटन हेर्ने हो भने डोल्पा जिल्लामा चाहिँ मठमन्दिर छैन होला तपाईं कर्णाली प्रदेशभरिकै से-फोक्सुण्डो गाउँपालिका से-गुम्बा ऐतिहासिक गुम्बा हो। जो १२ वर्ष १ पटक मेला लाग्छ राष्ट्रिय अन्तर्राष्ट्रिय मान्छे लाखौ मान्छे जम्मा हुन्छन् त्यहाँ हुन त अहिले हाम्रो लामा जातिको मन्त्री हनुहुन्छ, कति रकम विनियोजन गर्नु भो त्यो हेर्न बाँकी नै होला। थुप्रै तालतलाउ छन् डोल्पा जिल्लामा त्यसको नामाकरण कुनै पनि आको छैन। जडीबुटी हेर्ने हो भने सबैभन्दा बहुमूल्य जडीबुटी यार्सागुम्बा पाउने डोल्पामा होला मैले बारम्बार भनिराखेको छु। कमसेकम एउटा डाँडामा भए तापनि हामीले त्यसको संरक्षण गरौं । उत्पादन सुरू कर्णालीबाट बजेट धेरै पनि चाहिँदैन त्यसको कार्यान्वयन गर्नुपर्छ भन्ने मैले बारम्बार भनिरहेको छु। त्यसको व्यवस्था भयो कि भएन डोल्पा जिल्लामा चौंरीको चिज उद्योग से फोक्सुण्डो गाउँपालिका भियिरमा छ। अन्तर्राष्ट्रिय लगानी छ त्यहाँ त्यो लगानी अहिले सिधै श्रीलङ्कामा जान्छ विदेशमा जान्छ। त्यो कर्णाली प्रदेश सरकारले हेऱ्यो कि हेरेन। अर्को तिजु उद्योग जगदुल्ला गाउँपालिका वडा नम्बर ४ मा चाहिँ गत साल ९० लाख विनियोजन भएको छ। त्यहाँ अहिले पनि विनियोजन भयो कि भएन हामीले लगाएको खानेपानी टोल बन्धन सानासाना चाहिँ एउटा जहाँ पैसा आउँछ त्यहीँ त्यहीँ दगुड्ने त्यहीँ त्यहीँ चाहिँ अगाडि बढ्ने भन्ने कुराहरू यो त पूरा चाहिँ के मलाई लाग्छ भनेपछि जोले चाहिँ अधिकार पायो, उसैले चाहिँ लिने हिजो भन्ने गरिएको थियो। यहीभित्र ४० जनाभित्र माननीय हुनुहुन्छ ४० जना भित्रै मन्त्री हुनुहुन्छ हिजो उहाँले भनौं बिचौलियाबाट योजना आयो आज खै त कहाँबाट आयो योजना? यो त्यो भको कारणले मेरो जिल्लाको हकले एउटा चाहिँ भूगोलले ठगेको जिल्ला एउटा राजनीतिक हिसाबले पछि परेको जिल्ला एउटा विकासको हिसाबले बुझिएको पनि हो। त्यहीं संसद्मा आज म बोल्दै छु रोस्टमबाट आज अप्पर डोल्पाका तिर ३/४ ओटा गाउँपालिका गत साल चाहिँ गरेर खाद्य व्यवस्था गर्ने चामल ढुवानी भएको थियो। आज चाहिँ छार्कताङ्ग डोल्पु बुद्र र से-फुक्सुण्डो गाउँपालिका जनताहरूले चाहिँ गरेर ढुवानी चामल खाद्यान्न नपाएर चाहिँ

भोकमरी भको छ। यो कणाली प्रदेश सरकारले हेर्ने कि नहेर्ने हामी जब जनप्रतिनिधि भइसके भूगोलको आधारले चाहिँ विकास निर्माण गर्ने कि नगर्ने अहिले बजेट हेर्दा मैले, आज मैले धेरै लगभग भो सबभन्दा चाहिँ बढी नबोल्ने मै हुँला ६ महिना जति भो रोस्टममा खडा नभएको। अहिले बजेट हेर्दा तपाईंहरूले हेर्नुहोस् किताबमा १० जिल्लाको हिसाब निकाल्नुहोस् र मेरो जिल्लाको मैले दिएको तपाईंको निवेदन हेनुहोस् सिफारिस हेर्नुहोस् कति ओटा योजना पार्दिनु भो? भन्दै मेरो भनाइ यही अन्त्य गर्छु धन्यवाद।

**माननीय सभामुखः–** माननीय श्री दल रावल समय ७ मिनेट त्यसपछि माननीय श्री रातो कामी तयारी अबस्थामा रहनुहोला।

**माननीय श्री दल रावलः–** माननीय सभामुख महोदय, यो हामी कर्णाली प्रदेश सरकारद्वारा प्रस्तुत आर्थिक वर्ष ०७९/०८० को राजस्व र व्ययको वार्षिक अनुमान बजेटमाथि छलफलमा छौं। यो समयका लागि माननीय सभामुखज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। र म सरकारलाई हुन त हाम्रो दलको नेता र हाम्रा माननीयज्यूले पनि थुप्रै स्मरण गराइसक्नु भो तर म फेरि पनि स्मरण गराउन चाहन्छु किनभने हामीले गरेको सहमति सार्वभौम संसद्मा गरेको र सरकारका प्रमुख माननीय मुख्यमन्त्रीज्यूले आफैं पनि त्यो कुरालाई वाचन गर्नु भको हो। संसद्मा यो पारलेमेन्ट सिस्टमलाई हेर्ने दुईटा दृष्टिकोण छन्। दुईटा स्कुल अफ फन्ट छन्। संसारमै त्यसको प्राक्टिस नेपालमै पनि छ। नेपालमा पनि हामी संसद्वादी संसद्लाई स्वीकार्ने संसद्लाई आत्मसम्मान गर्ने एक खालका मान्छेहरू छौं एकखालको फिलसफी छ। र अर्को हैन संसद्लाई फरक ढङ्गले पनि फिलसफी छ। र संसद्लाई नै जीवन पद्वति मानेको संसद्को त्यो खालको स्कुल अफथड बोकेको सरकार प्रमुख र सरकारले ल्याएको बजेट सम्भवत आफूले संसद्मा सार्वभौम संसद्मा बोलेका कुराहरू गरेका सहमतिलाई अक्षर कार्यान्वयन गर्नु पर्थ्यो, गऱ्यो वा गरेन सरकार आफैं जानोस् र २०७८ माघ १८ गते अफ समय पनि लेख्यारछ बिहान ११:३० बजे माननीय सभामुखज्यूको अध्यक्षतामा बसेको बैठकले गरेका निर्णयहरू भनेर ७ ओटा नम्बर ७ ओटा बुँदामा चाहिँ लेखिएको रैछ। त्यसमध्ये बुँदा नम्बर १ मा टुक्के योजना भन्ने रहेछ। त्यसमा ३ ओटा कुरा प्वाइन्ट गरेछ सभामुख महोदय, जनताको नकारात्मक प्रभाव ठोस उपलब्धि नहुने कार्यान्वयनमा कठिनाइ हुने हुनाले यो वर्ष त हामी रोक्यौं रोक्यौं आउँदा वर्षका योजना तर्जुमा गर्दाखेरि र बजेट विनियोजन गर्दाखेरिमा पनि यही मापदण्ड प्रयोग गर्छौं भनी लेखियाछ एक दुईमा मुख्यमन्त्री रोजगारका सवालमा भनियाछ मलाई अस्ति-अस्ति अलि शंका त लाग्याथ्यो किनभने सरकारको नीति र कार्यक्रममा यति ठूलो कार्यक्रम बोलिएको थिएन स्केप थियो। सरकारको बजेटमा पनि यो कुरा स्केप थियो। यो काहीँ न काहीँ षड्यन्त्रको गन्ध अलि-अलि लाग्या पनि थियो। मैले संसदीय दलमा शेयर पनि गऱ्याथैं हुन पनि नभन्दै त्यो बुँदा नम्बर २ मा विगतको कार्यविधिमा रहेका स्थानीय तहको भूमिका र प्रदेशसभाको सदस्यहरूको भूमिका यथावत् कायम गरी कार्यविधि सुधार गर्ने भन्ने केरे

माघमा चाहिँ माघको १८ गते चाहिँ यो सम्झौता भएको रैछ। माघ, फागुन, चैत, वैशाख, जेठ, असार यति महिनासम्म सरकारले कार्यविधि परिवर्तन गर्न सकेन त्यो आफैं सरकार फर्केर हेरोस् र यो ल्याइएको बजेट कसरी सम्वोधन गर्छ सरकारले त्यो आफैं व्यवस्थापन गरोस् मैले त्यो बिहान मुख्यमन्त्री तथा मन्त्री परिषद् कार्यालयको वइबसाइड हेरे त्यो कार्यविधि ७८ मा ल्याएको कार्यविधिमाभन्दा नयाँ कार्यविधि ल्याएको छैन। सरकारले एउटा कार्यान्वयन केरे भन्याछ वचन गऱ्याछ सम्झौता गऱ्याछ तर कार्यविधि पूरानै छ। त्यसपछि ४ नम्बरमा पूर्वाधार विशेष कार्यक्रम त्यतिखेर चाहिँ ५ ओटा प्रत्यक्ष माननीयज्यूहरूको खालि भाथ्यो अहिले ६ ओटा भो त्यो रिक्त भएका स्थानहरूमा पनि अहिले बजेट आको छ त्यतिखेर के भन्यारछ भने प्रतिपक्ष दलको सहमति र सल्लाहमा त्यो बजेट कार्यान्वयन गर्ने भन्या रहेछ। त्यो जिल्लाका माननीयज्यूहरूलाई सोध्या त्यो छैन। अब कसरी जान्छ। यो पनि चाहिँ प्रश्न वाचक चिन्ह छ। त्यस पछि ५औं नम्बरमा अधुरा योजना सम्पन्न गर्ने भन्या रैछ स्वयम् हाम्रा जिल्लामा अधुरा अत्यन्तै महत्त्वपूर्ण अधुरा योजना छन् २४सै निर्वाचन क्षेत्रमा अधुरा योजनाको चाङ्गै छ। अब त्यो कसरी सम्वोधन भको छ यो सरकारले आफैं जानोस् म यति मात्र भन्न चाहन्छु र यसलाई स्नोट बनाउन चाहन्छु। त्यसपछि म कृषि मन्त्रीज्यूको एउटा हामी संसदीय दलमा हुँदाखेरि पनि एउटा देउडा भन्नुहुन्थ्यो अनि कृषि त्यतिखेर चाहिँ सांसदको नाताले सरकारमा प्रतिउत्तर केरे सरकारलाई चाहिँ प्रश्न गर्दाखेरि पनि उहाँ भन्नुहुन्थ्यो। मलाई कस्तो याद आयो म अलि देउडा त त्यति जान्देन तैपनि पाप धरममा तेरै पेट पेल बुहारी बिटो मज्जाले यसै भन्नुहुन्थ्यो। पाप धरम त्यरै पेट पेल बुहारी बिटो भन्नुहुन्थ्यो। त्यसमा व्यख्या गर्नु भको मैले सुनिन त्यो भन्याको के कतिपय देउडा पनि नबुझ्नु होला भनेको के भने पाप र धर्म तेरा मनमा ले बिटो पेल्ने भनेको घाँस काटिसकेपछि अब माथि पहाडतिर एकदम भिरालो जमिन हुन्छ। भिरालो ठाउँमा घाँस काटिसकेपछि पुला बानेर भारी बोक्दाखेरि उठ्न गाह्रो ठूला ठूला भारी बोक्ने उठ्दाखेरि गाह्रो हुँदा अर्को साथीले बिटो उठाइ दिनुपर्ने पछाडिबाट धकलेर उठाइ दिनुपर्ने अनि यदि पापी साथी भयो भने बिटै उठाउनै नआएर धकलेरै खन्जमन्ज उठाइदिएपछि त सक्कियो त्यहीँ भएर पाप धर्म तेरो पेट भन्नु भाहोला उहाँले अब स्वयम् सरकारमा हुनुहुन्छ। अब सरकारको पाप धर्म तेरा पेट पेल बुहारी बिटो कतिपय त दिनु भाछ किताब हेर्न पाछैन किताब २ किलोको रहेछ। मैले बिहान वेट गरें उही मेसिन वेट गर्दाखेरि ठ्याक्कै हिजोको सरपल्स गरेको किताबसहित २ किलो ठ्याक्कै रहेछ हेर्नुहोला माननीय मन्त्रीज्यू पनि माननीयज्यूहरू पनि वेट गर्नुहोला २ किलो छ। यो २ किलोको किताब फुकाउन सकिया छैन। यो २ किलोको समृद्धि २ किलोको अब बजेटको व्यवस्थापन कस्तो छ भोलि शनिबार छ। बिदा छ हेरौंला त्यो हेर्न पाछैन नहेरीकन त्यसमा अब्जेक्शन गर्न पनि छैन, विषयगत मन्त्रालय छलफल पनि होला त्यसमा कुरा राखौंला। त्यसपछि ०७९/०८० बजेट माथि बोल्दाखेरि अस्ति पढेलेखेकै हाम्रो आर्थिक मामिला मन्त्रीज्यू फटाफट पढ्नु हुन्छ भन्ने

मलाई लाग्याथ्यो पढ्न पनि फटाफट पढ्नु भो बीचमा एक दुई ठाउँ अल्झिनु भो अलि लर्बराउनु भो किनभने उहाँलाई बाध्यता वश ल्याइएका २/४ ओटा ५/७ ओटा कार्यक्रम थियो कि जस्तो लाग्यो। मन नपरी नपरी पढ्न थाल्नु भो लर्बराउनु भो। मलाई अचम्म नै लागि राथ्यो त्यो अब भोलि आर्थिक मामिला मन्त्रीज्यूले प्रश्न-एनसर दिँदाखेरि भन्नु नै होला। त्यसपछि ठूला पूर्वाधार केही चाहिँ हाम्रो प्रदेश रूपान्तरणका कार्यक्रम हामीले सुरू गऱ्याछौं। अहिले सौभाग्यवश कर्णालीकै मुख्यमन्त्री केरे माथि मन्त्री हुनुहुनथ्यो संघीय सरकारको अर्थमन्त्री हुनुहुन्थ्यो अब चाहिँ मुख्यमन्त्रीकै अलिकति वयबलेन्थ हुने प्रधानमन्त्री हुनुहुन्थ्यो। यी योजनाहरू विशेष अनुदान र समपूरक अनुदानको माध्यमबाट हामीले माथिबाट ल्याउन सकेको भए राम्रो हुन्थ्यो। जस्तै हामीले प्रदेश रङ्गशाला सुरू गऱ्यौं त्यसमा मलाई लाग्छ अहिले हेर्ने न पाछैन ६०/७० करोड रूपैयाँ चाहिँ यो वर्षको ल्याबलिटि दायित्व होला। त्यहीं पैसा संघीय सरकारबाट ल्याउन पाको भए त्यो पैसा आज प्रदेशको विकासमा लगानी गर्न सक्थ्यो। उदाहरण मात्रै दिन सक्या यस्ता २/३ ओटा अर्का मेजर प्रोजेक्ट नेशनल गर्भरमेन्टको बजेट ल्याउन पाको भए त्यो राम्रो हुन्थ्यो सरकार काहाँनिर चुक्यो यो सरकारका मान्छेले जानोस्। त्यसपछि विनियोजन विधेयकका प्राथमिकता उद्देश्य पर्दाखेरि माननीय आर्थिक मामिला मन्त्री त्यसपछि सरकारको नीति कार्यक्रम पर्दाखेरि थुप्रै खालका चाहिँ मिठा-मिठा नाराहरू आका थिए स्लोगनहरू थिए। एउटा त्योमध्ये मलाई मनै पऱ्या मनै परेको चाहिँ कृषिको बगैंचा एक स्वामित्व भन्ने थियो त्यो अहिले बजेटमा हराएछ सब्बै नारा जति त्यो प्राथमिकतामा नीति कार्यक्रम बजेटका प्राथमिकतामा आएकोमा माननीय अर्थमन्त्रीज्यूको पनि त्यो स्लोगन पनि केरे हराएछ कृषि मन्त्रीज्यूको बगैंचा एक स्वामित्व अनेक पनि हराएछ मुख्यमन्त्रीज्यूका ६-ब पनि हराएछ। त्यसको त तपाईंको क्रमागत त्यसको सिरियल त मिलेर आउनु पर्थ्यो होला। हामी कहाँ टेकेर बजेट बनाउँदै छु केलाई प्राथमिकता दिदै छौं अनि नीति कार्यक्रमको कस्तो रहन्छ सरकारको त्यसपछि त्यलाई कार्यान्वयन गर्ने बजेट कस्तो हुन्छ भन्ने खालको हुनुपर्थ्यो होला तर एउटा डकोमेन्ट आयो अर्को डकोमेन्टले मिसप्लेस गऱ्यो। केरे मलाई त्यो उ गर्दियो, अर्को डकोमेन्टमा त्यलाई चाहिँ हटाई दियो टोटल्ली चाहिँ बजेटमा यी कुराहरू सबै इङ्गनोर भएर आयो सरकारको इफिसिएन्सी त्यहींनिर पनिदेखिन्छ। त्यसपछि प्रतिपक्षमा हुँदा माननीय मुख्यमन्त्रीज्यू र सत्ता पक्षमै हुँदा पनि सत्ता पक्षका त्यतिखेरका माननीयज्यू अहिले मन्त्रीज्यूहरू पनि हुनुहुन्छ। तपाईंहरूले ३ वर्ष अगाडिका टेप मलाई यो संसद्को गरिमामय संसद्को रेकर्ड पल्टाएर हेर्नु होला। कति संसदीय भाषा कति संसदीय मर्यादामा रहेर तपाईंहरू बोल्नु हुन्थ्यो त्यतिखेरको सरकार र मन्त्रीहरूलाई र आज तपाईंले कस्तो गरी बजेट ल्याउनु भको छ अब अरू सांसदहरू कसरी बोल्ने अब हुन त गठबन्धनको अलिकति केही उ छ कि कोड अफ कन्डक्ट छ कि जस्तो लाग्यो माननीयज्यूहरू बोल्नु भएन। सत्ता पक्षका माननीयज्यूहरू मैले बोल्दासम्म २ जनाले

बोल्नु भाछ दुबैको असन्तुष्टि देखें। हुन त अब त्यहींभित्र पनि त्यस्तो रहेछ भन्ने त लाग्यो तर पनि अलिकति बोल्ने ठाउँ राख्ने गरीकन बजेट आको भए त्यो ठिकै हुन्थ्यो। हुन त २ किलोको किताब पढ्याछैन आएको पनि हुन सक्छ मे बी आइ याम रंग तर पनि त्यो हेरौंला। हेरेर त्यसपछि प्रतिक्रिया दिउला त्यसपछि हिजो सत्ता पक्षका एक जना माननीयज्यूले बोल्दै घुमाउरो पाराले अब सत्ता पक्षको मान्छे सपना नै नबोकेको बजेट सरकार भन्न त मिलेन होला । हामी सपना नभएर ड्रिम नभएर चाहिँ हामी गरिब भो भन्नु भो उहाँले चाहिँ भन्न खोजेको यस्तो सरकार यो बजेटसँग सपना छैन भन्न खोज्नु भकै हो। यदि म बोल्या भए त्यहीँ भन्थे वा सत्ता पक्ष हुनुभएकाले उहाँले घुमाएर अलि डिप्लोम्याटिक भाषा चाहिँ प्रयोग गर्नु भो उहाँले मलाई त त्यति मात्र लाग्दैन कि यो बजेटमा न ड्रिम छ, न डिजाएन छ, न डेलिभरीको चाहिँ स्टाचिटमेकानिजम छ। त्यो भको नाताले माननीय सभामुख महोदय यो बजेट मैले एउटै शब्दमा भन्न चाहन्छु डोरी चुडिएको चङ्गा हो, धन्यवाद।

**माननीय सभामुखः–** माननीय श्री गोपाल शर्मा ।

**माननीय श्री गोपाल शर्माः–** माननीय सभामुख महोदय हामी बजेटमाथि खास गरी ०७९/०८० को बजेटमाथि छलफल गरिराखेका छौं र यो बजेट यहाँ अगाडि माननीयज्यूहरूले भन्नु भो कतिपय सन्दर्भमा गठबन्धन व्यक्त हुने सन्दर्भ पनि आइपुगेको छ यद्यपि यो गठबन्धन सरकार हो। गठबन्धन सरकारकोतर्फबाट समग्रमा बजेट अ सन्तोषजनक छ। र म यलाई यसको मूल स्प्रिडलाई समर्थन गर्न चाहन्छु। हामीले कुनै बेला यस्तो भोगिराथ्यौं सभामुख महोदय, जुन बेला एउटै दल थियो, एउटै दलको सरकार थियो तर ती सबै अभिव्यक्तिहरू सरकार र सांसदहरूको अबस्था हेर्दाखेरि सत्ता पक्ष र प्रतिपक्ष एउटै दलभित्र थियो। आज गठबन्धनभित्र अलिअलि यताउता हुने कुरालाई हामीले अस्वाभाविक लिनुहुन्छ लिनुपर्छ जस्तो लाग्दैन। दोस्रो कुरा हामीले कतिपय सन्दर्भमा अलि फरक अभ्यास गर्ने गरेका छौं। आलोचनामा पनि हामी दृढतापूर्ण उभिन्छौ र समर्थनमा पनि हामी त्यहीँ ढङ्गले हामी उभि नै राख्याछौं। सकारात्मक पक्षमा हामी सिंगो सदन एक ठाउँमा उभिएका छौं। र केही नकारात्मक प्रविधिमा हामी त्यहीँ ढङ्गले विरोध गर्ने नै गरिराख्याछौं एक ठाउँमा उभिएर समग्रमा बजेटले पूर्वाधार क्षेत्रलाई प्राथमिकतामा राखेको छ जुन यसले आफ्नो पहिलेको नीति कार्यक्रममा पनि र बजेटको प्रि-बजेटको पनि सन्दर्भमा पनि आफूले त्यो प्रतिबद्धता जाहेर गऱ्याथ्यो र त्योअनुसार यहाँ आएको छ। शिक्षा, स्वास्थ्यको क्षेत्रमा सुदृढीकरणको अपेक्षा राखेको छ। खासगरी कृषि क्षेत्रमार्फत उत्पादनमा वृद्धि गरेर रोजगारी सिर्जना गर्ने अपेक्षा राखेको छ। चालु खर्चलाई केही अर्थ केही हतमा नियन्त्रण गर्ने प्रयास गरेको छ। र स्थानीय तहमा वित्तीय हस्तान्तरण केही हतसम्म वृद्धि  गरेको छ। र परिवर्तनकारी आन्दोलनमा योगदान गर्ने योद्धा र तिनका परिवारहरूलाई यो बजेटले पनि सम्मान गरेको छ। म यो समग्रतामा यो बजेटको समर्थन गर्न चाहन्छु। सभामुख महोदय हाम्रा केही परम्परागत पक्षहरूलाई फेरि पनि हामीले एकचोटि स्मरण गरौं। आज बजेटको आलोचना गर्दै गर्दा वा समर्थन गर्दै गर्दा हामीले विगतलाई कसरी हेर्ने हाम्रो विगतको परम्परा के छ चाहे संघीय संसद्को कुरा होस्, चाहे प्रदेश संसद्को कुरा होस् वा संघीय सरकारको कुरा होस् वा प्रदेश

सरकारको कुरा होस्। हाम्रो मन पऱ्यो भने वा हामीले दिएको योजना यसो खुसुक्क पऱ्यो भने हामीले समर्थन गर्छौं त्यसमा परेन भने त्यसको विरोध गर्छौं । म यद्यपि सभामुख महोदय मैले दिएका सन्दर्भहरू पनि यसमा समावेश छैनन्। यसमा समर्थन वा विरोधको सन्दर्भमा बोल्न गएको छैन तर बजेट निर्माणका सन्दर्भमा हाम्रा केही परम्परा अलिकति गलत परम्पराहरू छन्। त्यो परम्परा भनेको हामी आत्मा केन्द्रित र असन्तुलित बजेट निर्माण योजना निर्माण गर्दै आएका छौं, विगतदेखि नै आएका छौं। अहिले मात्रै हैन कर्णाली त्यसै पछि परेको हैन। संघीय सरकारले त्यतिबेलै केन्द्रिकृतताले कर्णालीलाई साइडमा राखेको हुनाले जहाँका मन्त्रीहरू थिए त्यहीँ बजेट खन्याउनाले कर्णाली पछि परेको विगतको दृष्टान्त छ। त्यो विगतलाई क्रमशः हामीले पनि पछ्याउदै पछ्याउदै आएका छौं र आज पनि त्यसका केही प्रतिविम्बहरू यहाँदेखिएका छन्, स्वाभाविक छ जस्तो विगतमा विगत त्योभन्दा ४ ओटा बजेटसँग जोडिएर आउँदाखेरि पनि हामीले पाचौं बजेटमा यो अपेक्षा अहिलेका असन्तुलितले हामीलाई कहाँसम्म हानिराख्याछ भनेर पनि अध्ययन गर्न जरुरी छ। सुरूको बजेटको असन्तुलनले लास्टसम्मन हामीले त्यसको सामना गरिराख्याछौं। केही मलाई कस्तो लाग्छ भने यसका केही परम्परागत पक्षहरू छन्। मुख्यमन्त्रीले समग्र सरकारको कुरा समग्र प्रदेशको कुरा गर्ने हो तर यसो बजेट बनाऔंदाखेरि आफ्नो पनि यसो साइडबाट दिएर यसमा बढी जोड गर्नु भन्ने परम्परा छ हामीसँग प्रमुख प्रतिपक्ष दलको नेता समग्रमा बेस्सरी प्रतिवाद गर्ने मन्तव्य दिने तर यतापट्टि आफ्नो फेरि लेटरहेडमा आफ्नै योजनामा बढी जोड गर्ने, आफ्नै क्षेत्रमा अलि जोड गर्ने यस्तो अबस्था हामीले विगतदेखि भोगिराछौं। सांसदहरू आफूले अलिकति आफ्नो क्षेत्रको पऱ्यो भने समर्थन गर्ने त्यसको विपक्षमा उत्रने यो परम्परा अनि दलमा दलप्रति मन्त्रीहरू जवाफदेही हुनुपर्ने हो सरकार जवाफदेही हुनुपर्ने हो तर दलको नेताले पनि आफ्नो योजनालाई अलि बढी जोड गर्ने र अन्य सांसदहरूका अथवा अरू विषयहरूलाई अलिकति पक्षपात गर्ने यो परम्पराले हामीलाई यहाँसम्म धकलेको छ। त्यसकारणले हामी असन्तुलन र आत्मा केन्द्रितको समस्याको निरन्तरतामा छौं। र केही यहाँ त्यसका सङ्केतहरू पनि यो बजेटमा स्वाभाविक रूपले सन्तुलित गर्न खोज्दाखोज्दै पनि असन्तुलित भएको अबस्था स्वाभाविक रूपले छ किनकि हामीले विगतदेखि नै त्यो असन्तुलनलाई कायम राख्नुपर्ने अबस्था छ। संसद्को औपचारिकता छ सभामुख महोदय, मैले अस्ति एउटा कुरा उठाको थिएँ- हामीले एउटा नयाँ परम्परा बसालौं न, बजेटमा व्यापक छलफल गरौं, सत्तापक्ष र प्रतिपक्ष एकै ठाउँमा उभिएर यलाई हेरफेर गरे पनि केही फरक पर्दैन भन्नेमा जाऔं तर संसदीय मर्यादा भन्छौं, संसदीय परम्परा भन्छौं, त्यो कहीँल्यै तोड्न सक्दैनौं। हामीले अहिले पनि मैले सत्ता पक्षकोतर्फबाट बोलिराख्याछु म विरोध गर्न सक्दैन, यसको समर्थनमा विरोधमा जान सक्दैन। सत्तापक्ष प्रतिपक्षका माननीयज्यूहरूलाई यसको विरोधमा जान मन केरे समर्थनमा जान मन लागे पनि यसको विरोधमा जाने अबस्था छ। यो परम्परा हो। संसदीय परम्परालाई उल्टाउन हामी सक्छौं, त्यसको लागि हामी तयार गर्न सक्छौंभन्दा यद्यपि केही दृष्टान्तहरू छन् त्यो दृष्टान्तहरू औपचारिक मात्र सीमित भएका छन्। त्यसकारण मैले के भन्न चाहन्छु भने विगतप्रति एकचोटि इमानदार बनौं र गम्भीरतापूर्वक समीक्षा गरौं, आगामी दिनमा हामी अब अन्तिम कार्यकालतिर लागिराखेका छौं। एकचोटि गम्भीर भएर समीक्षा गरेर हामीले

काम गरौं, के हो हाम्रो प्राथमिकता कर्णाली प्रदेशको प्राथमिकता के हो? त्यो प्राथमिकतामा कति बजेट छुट्टाउनु पर्छ? त्यो सामूहिक रूपले निष्कर्ष निकालौं, एकीकृत रूपले निष्कर्ष निकालौं । कुन क्षेत्रलाई हामीले प्राथमिकता दिने र कति बजेट छुट्टाउने? समग्र बजेट ३२ अर्ब भनेको केही ठूलो कुरा होइन, संघीय संसद्ले खरब बनाऔंदाखेरि त्यहाँका मन्त्री धेरै थाहा पाउँदैनन् होला, त्यहाँका मन्त्रीहरूले तर हामी ३२ अरब बनाऔंदाखेरि वा ३४ अरब बनाऔंदा हामीलाई समस्या हुँदैन। हामीले कहाँ-कहाँ बाँड्ने? कहाँ कति अरब राख्ने हो? कतिकति करोड राख्ने? भन्ने कुरामा समस्या हुँदैन। तर हामी प्राथमिकतामा नै चुकेछौं। हाम्रा प्राथमिकता कहाँ हुन्, कुन प्राथमिकता हामी कहाँ जानु पर्छ? कसरी जानु पर्छ? त्यो प्राथमिकताको लागि पूरक पक्षहरू के हुन्? त्यो पूरक पक्षमा हामी कसरी जानु पर्छ? भन्ने कुरा हामी अलिकति अलमलमै छौं। सभामुख महोदय, त्यसकारण म अन्तिममा भन्न चाहन्छु स्रोतको पारदर्शिता र इमान्दारीतामा हामी गम्भीरतापूर्वक जुटौं अर्को कुरा हामीलाई अलि कति खर्च गर्ने क्षमतामा गम्भीर प्रश्न उठेको छ, यो बजेट निर्माणपछि म शुभेच्छा राख्न चाहन्छु। यो बजेट पारित हुने वाला छ। हामी कार्यान्वयनमा फेरि पनि अर्को वैशाख असार पर्खिन्छौं । आज पनि हामी ३४ प्रतिशतमा छौ। बजेट खर्चको स्थितिमा त्यो हाम्रो लागि काहिन काही समीक्षा योग्य हो। त्यसकारण बजेटलाई कार्यान्वयन गर्ने प्रणाली सुरूदेखि त्यो प्रणाली कार्यान्वयन गर्न सक्ने क्षमता त्यो प्रणालीलाई हामीले अगाडि बढाउ आम्दानीको स्रोतलाई हामीले अलिकति कर भन्ने वित्तिकै नकारात्मक रूपले समाजमा नेताहरूले नै बोल्ने गरिराछौं करको दायरा वृद्धि गर्ने मूलतः हाम्रो एकल कर छ कृषि क्षेत्रको कर त्यलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरा नगरेर गर्न सक्दैनौं । अन्तिममा मन्तव्य र गन्तव्यलाई सन्तुलित गर्ने प्रयास गरौं, कार्यान्वयनमा पनि प्रयास गरौं समग्रमा हाम्रा मन्तव्य र गन्तव्यमा सन्तुलन देखा पर्न सक्या छैन । सभामुख महोदय, त्यसमा सन्तुलन कायम गर्ने म शुभेच्छा राख्दछु धन्यवाद।

**माननीय सभामुखः–** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को राजस्व र व्ययको वार्षिक अनुमान बजेटमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको छ। छलफलमा उठेका प्रश्नहरूको सम्बन्धमा मिति २०७९ साल असार १२ गते आइतबार दिनको ३ बजे बस्ने सभाको बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टले जवाफ दिनुहुने व्यहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब यो बैठक २०७९ साल असार १२ गते आइतबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ।

# बैठक संख्या-१७
## (वि.सं. २०७९ साल असार १२ गते आइतबार)

राष्ट्रिय गान,

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको १७औं बैठक कार्यबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको आर्थिक वर्ष २०७९/०८० को राजस्व र व्ययको वार्षिक अनुमान बजेटमाथि सभामा सामान्य छलफल हुँदा माननीय सदस्यहरूबाट उठाइएका प्रश्नहरूका सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टलाई कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम १२९ को उपनियम ३ बमोजिम सभासमक्ष जवाफ दिन समय दिन्छु।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टः-** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट माथि सामान्य छलफल गत ९ र १० गते २ दिन यो सम्मानित सदनमा माननीय सदस्यहरूबाट छलफल भएको छ। महत्त्वपूर्ण धारणाहरू प्रस्तुत भएका छन्। महत्त्वपूर्ण सल्लाह सुझावहरू प्रस्तुत भएका छन्। अ यसका लागि म यो सम्मानित सभामा माननीय सभामुखज्यूमार्फत सम्पूर्ण माननीयज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। कर्णाली प्रदेशको लागि यो छलफल महत्त्वपूर्ण मार्ग निर्दिशनको रूपमा रहने छ यो विश्वास मैले व्यक्त गरेको छु। हामी बजेट निर्माणको प्रकृयामा यसका सिद्धान्त प्राथमिकतादेखि छलफल गर्दै आइराखेका छौं। नीति कार्यक्रममाथि पनि छलफल भएको छ। र अहिले यो अ वार्षिक आय र व्ययको अनुमान बजेट जो छ यो प्रस्तुत भइसकेपछि विभिन्न कोणबाट विभिन्न रूपमा छलफलमा सहभागी माननीयज्यूहरू हुनु भो र आ-आफ्नो धारणाहरू प्रस्तुत गर्नु भो अ मैले अगाडि पनि भने म सम्पूर्ण धारणाहरू प्रस्तुत गर्ने माननीयज्यूहरूप्रति म आभार व्यक्त गर्न चाहन्छु। अ हामी कर्णाली प्रदेश स्थापना भइसकेपछि यस्तै प्रकृतिको छलफल हामी यो पाचौं पटक झण्डै अझ छैटौं पटक एउटा हामीले प्रदेशसभा स्थापना भइसकेपछि ३/४ महिनाको लागि एउटा सानो बजेट हामीले प्रस्तुत गरेका थियौं, यो प्रदेशसभामा छैटौं पटक यही रूपमा यही गम्भीरताका साथ हामी छलफलमा सहभागी भयौं मलाई लाग्छ त्यो छलफलदेखि यो छलफलसम्म आइपुग्दाखेरि बजेट निर्माणका सन्दर्भमा कर्णालीको समृद्धिको यात्रालाई अगाडि बढाउने सन्दर्भमा पक्कै पनि हामी केही न केही परिष्कृत भएर आएका छौं। हाम्रा छलफलहरू पनि परिष्कृत भएर छन्। हाम्रा योजना निर्माणका तौर-तरिकाहरू पनि परिष्कृत भएका छन्। बजेट निर्माणका तवर-तरिकाहरू पनि परिष्कृत भएका छन्। हाम्रो नीति र कार्यक्रम तय गर्ने सन्दर्भमा हाम्रा शैलीहरू हाम्रो अपनाउने बाटोहरू पनि केही न केही रूपमा परिष्कृत भएर हामी व्यवस्थित हुँदै अगाडि बढिराखेको अनुभूति मैले गरेको छु। अ त्यसकारणले गर्दाखेरि यो हाम्रो छलफल जो भइराखेको छ, कर्णाली प्रदेशको लागि एउटा मैले अगाडि पनि भने

महत्त्वपूर्ण मार्ग निर्देशनको रूपमा आगामी दिनको लागि पनि रहनेछ। र त्यसपछि यो बजेट कार्यान्वयनका सन्दर्भमा पनि यो महत्त्वपूर्ण मार्ग निर्देशनका रूपमा रहनेछ। र यसलाई अझ परिपूर्ण बनाउनको लागि पनि यो महत्त्वपूर्ण मार्ग निर्देशनको रूपमा रहनेछ भन्ने कुरा म सर्वप्रथम यहाँ प्रस्तुत गर्न चाहन्छु। अब माननीयज्यूहरूले राख्नुभएका धारणाहरूसँग सम्बन्धित भएर केही कुराहरू माथि मैले अलिकति यलाई इनलार्ज गरेर मात्रै राख्न चाहन्छु। यसको सवाल-जवाफ प्रश्न मात्रैभन्दा पनि हामी हाम्रा यी सबैका साझा मुद्दा हुन्, यी साझा मुद्दाहरूलाई हामीले व्यवस्थित, कसरी व्यवस्थित गरेर अगाडि कसरी बढ्न सक्छौं जे समस्याको रूपमा हामीले साझा समस्याको रूपमा हामीले पहिचान गरिराखेका छौं, त्यसको निराकरण गरेर कसरी अगाडि बढ्न सक्छौं भन्ने हिसाबले हेर्दाखेरि यो साझा मुद्दाहरूमा अब माननीयज्यूहरूले उठाएका धारणाहरूसँग सम्बन्धित रहेर मैले केही कुरा यो बजेटसँग सम्बन्धित रहेर मैले केही कुरा यहाँ प्रस्तुत गर्ने अनुमति चाहन्छु। अ माननीय सभामुखज्यू अब नीति कार्यक्रम प्रस्तुत भयो र त्यो नीतिअनुसार हामीले बजेट तर्जुमा गर्नुपर्ने हुन्छ। मलाई लाग्छ यो बजेट निर्माणका सन्दर्भमा हामीले अधिकतम मात्रामा केही अपवादहरूबाहेक अपवाद हुन सक्छन्, मैले छँदै छैनन् भनेर मैले भन्न सक्दिन। अपवादहरू हुन सक्छन् तर नीति कार्यक्रममा उल्लेख भएका विषयहरूलाई बजेटमा सम्वोधन गर्ने बजेटको व्यवस्थापन गर्ने र ती नीति र कार्यक्रमहरूलाई कार्यान्वयन गर्नको लागि व्यवस्थित ढङ्गले अगाडि बढाएर लैजाने प्रयत्न हामीले गरेका छौं। म यो कुरा राख्न चाहन्छु। नीति कार्यक्रमको पुस्तक र त्यसपछि गएर बजेटको पुस्तक एक ठाउँमा राख्दाखेरि हामीले रातो किताब र त्यसपछि गएर वार्षिक विकास कार्यक्रमको पुस्तक एक ठाउँमा राखेर हामीले छलफल गर्दाखेरि यसलाई पल्टाउँदाखेरि हामीले नीति कार्यक्रममा जे कुरा बोलेका छौं, त्यो कुरालाई हामीले कार्यान्वयन गर्ने त्यलाई पालना गर्ने र त्योअनुसारको बजेटको व्यवस्थापन गर्ने हामीले प्रयत्न गरेका छौं। त्यो मेहेनत गरेका छौं, म सम्मानित सदनमा माननीय सभामुखज्यूमार्फत यो कुरा यहाँ राख्न चाहन्छु। सधैं हाम्रो यो सम्मानित सदनमा उठ्ने कुरा केछ त भन्दाखेरि असन्तुलित बजेटको कुरा हामीले प्रत्येक वर्ष हामीले छलफल गर्दै आइराखेका छौं। यो वर्षको बजेट प्रस्तुत गर्ने क्रममा पनि यो विषय गम्भीरतापूर्वक उठेको छ। यो धारणाप्रति मैले गम्भीरतापूर्वक आफ्नो विषयहरू राख्दाखेरि मलाई के लाग्छ भन्दाखेरि हाम्रो मन्त्रालयकोतर्फबाट यो बजेट प्रस्तोताकोतर्फबाट मैले राख्दाखेरि अ मलाई के लाग्छ भने जे खाल्डाहरू छन्, जे असन्तुलनहरू छन्, त्यो असन्तुलनलाई सन्तुलित बनाएर अगाडि बढाउने प्रयत्न यो बजेटमा भरमग्दुर प्रयत्न हामीले गरेका छौं। जस्तो हामीले प्रत्येक निर्वाचन क्षेत्रमा बहुवर्षीय बहुवर्षीय योजना तर्जुमा गरेर त्यसपछि गएर त्योमा बजेटको व्यवस्थापन गरेर खाल्डोलाई पुर्ने हामीले प्रयत्न गऱ्यौं। केही निर्वाचन क्षेत्रमा छैन भन्ने प्रश्नहरू बेला-बेलामा यो सदनमा उठ्यो यो वर्षमा आगामी आर्थिक वर्षमा त्यो बजेटको व्यवस्थापन गरेर थप बहुवर्षीय केरे नभएका ठाउँमा

बहुवर्षीय योजना तर्जुमा गरेर त्यसलाई कार्यान्वयन गरेर जाने हामीले प्रयत्न गऱ्यौं त्यसो गर्दाखेरि सम्पूर्ण रूपमा खाल्डो कुनै सन्तुलित हुन्छ भन्ने दाबी त होइन तर तुलनात्मक रूपमा सापेक्षित रूपमा यसले सन्तुलन कायम गरेर अगाडि बढ्न सक्छ भन्ने कुराको मलाई लाग्छ। त्यसकारणले गर्दाखेरि बहुवर्षीय योजनामार्फत सबै निर्वाचन क्षेत्रमा सन्तुलित बजेटको विनियोजन गर्ने यसका केही तलमाथि होलान् हैन, त्यसका लागतसँग सम्बन्धित रहेका बहुवर्षीय कुनै ठाउँमा अलिकति तलमाथि होला त्यति हुँदाहुँदै पनि आधारभूत रूपमा सन्तुलन कायम गर्ने प्रयत्न गरिएको छ। त्यसपछि गएर हामीले बहुवर्षीय योजना र त्यसपछि स्रोत सुनिश्चितता भएका आयोजनाहरूमा यो वर्षको बजेटको विशेषता के हो भन्दाखेरि बहुवर्षीय आयोजना बहुवर्षीय आयोजना केरे स्वीकृत गर्ने बेलामा स्वीकृत भएको गुरुयोजनाअनुसार आगामी आर्थिक वर्षको लागि चाहिने रकम पर्याप्त मात्रामा हामीले हरेक बहुवर्षीय आयोजनामा र स्रोत सुनिश्चितता भएका आयोजनामा पर्याप्त बजेट विनियोजन गरेका छौं। यो चालु आर्थिक वर्षमा हामीका केही समस्या पैदा भयो, हामीले बजेट विनियोजन गरेकोभन्दा बाहिरबाट अथवा त्यो योजनामा नराखिएको बजेटभन्दा बाहिरबाट हामीले झण्डै ६० करोडभन्दा बढी हामीले बजेटको व्यवस्थापन गर्नुपर्ने स्थिति भयो। त्योबाट हामीले शिक्षा लिँदै यो वर्षमा हामीले आगामी वर्षको लागि बहुवर्षीय योजना र स्रोत सुनिश्चितता भएका आयोजनाहरूमा आगामी वर्षको लागि त्यो गुरुयोजनाले जे स्वीकृत गरेको छ, बहुवर्षीय गुरुयोजनाले जे स्वीकृत गरेको छ, त्योअनुसारको बजेटको व्यवस्थापन गरेको कुरा म यो सम्मानित सदनमा माननीय सभामुखज्यूमार्फत म आग्रह गर्न चाहन्छु। त्यसपछि गएर बहुवर्षीय स्वीकृत भएको छ, त्यसको गुरुयोजना छ, त्योअनुसारको रकमको आवश्यकता छ। त्यसका कारणले गर्दाखेरि पनि केही अलिकति असन्तुलन भएको हुन सक्छ। त्यसपछि गएर क्रमागत योजनाहरू छन्, क्रमागत योजनाको यति निश्चित केरे मात्रामा यो वर्षमा सम्पन्न गर्ने भन्ने हामीले टारगेट राखेका छौं, क्रमागत योजनाहरूलाई सम्पन्न गर्ने टारगेटमा राख्दाखेरि अलिकति केही कुनै निर्वाचन क्षेत्रमा केरे क्रमागत योजनाहरू बढी सम्पन्न हुने र केही ठाउँमा अलि कम सम्पन्न हुने स्थिति हुन सक्छ। विगतको कामको रेसियोलाई हेर्दाखेरि आज अर्को कुनै कारणलेभन्दा पनि विगतको कामको रेसियोलाई हेर्दाखेरि रेसियोबाट हेर्दाखेरि केही ठाउँमा बढी सम्पन्न हुने र केही ठाउँमा कम सम्पन्न हुने स्थिति हुन सक्छ। त्यो कारणले गर्दाखेरि केही असन्तुलन हुन सक्छ। त्यसकारणले गर्दा नयाँ योजना अत्यन्तै सीमित मात्रामा नयाँ योजना प्रवेश गरेको कुरा म आग्रह गर्न चाहन्छु र त्यसपछि गएर त्यसमा पनि अधिकतम मात्रामा हामीले सन्तुलन कायम गरेर अगाडि जाने प्रयत्न गरका छौं। त्यसकारणले यति हुँदाहुँदै पनि केही असन्तुलनहरू छन् जरो रूपमा हिजोअस्तिका छलफलहरूमा माननीय सदस्यहरूले भने जस्तै केही असन्तुलनहरू विगतदेखिका निरन्तरताका असन्तुलनहरू छन्, केही असन्तुलनहरू अहिले पनि केही असन्तुलनहरू हुन गएका हुन सक्छन्। त्यसकारणले गर्दाखेरि अलिकति असन्तुलन त छ

तर अधिकतम यो बजेटको विशेषता के छ त भन्दाखेरि अधिकतम मात्रामा निर्वाचन क्षेत्रलाई त्यसपछि जिल्लाहरूलाई सन्तुलन गरेर सन्तुलित ढङ्गले बजेट विनियोजन गर्ने प्रयत्न भएको छ। यसमा केही अपवादहरू छन्, म यो कुरालाई स्वीकार्दै सन्तुलित बजेट निर्माण गर्ने कुरामा हामीले अधिकतम मात्रामा प्रयत्न गरेका छौं भन्ने कुरा म यो सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु। अब सन्तुलनको कुरा छ त्यसपछि गएर बजेट प्रस्तुत भइसकेपछि माननीयज्यूहरूले यहाँ प्रश्न उठाउनु भएको छ। बजेटको समरी ४ वर्ष ५ वर्षको आयो यसको कार्यान्वयनको समरी आइदिएको भए यसको प्रगतिको समरी आइदिएको भए हुन्थ्यो भन्ने कुरा माननीयज्यूहरूले राख्नुभएको छ म विनम्रतापूर्वक के आग्रह गर्न चाहन्छु त भन्दाखेरि यो सम्मानित सदनमा हामीले यो बजेटसँगै अरू पुस्तिकाहरू पनि माननीयज्यूहरूलाई प्रदान गरेका छौं। म आग्रह गर्न चाहन्छु- त्यसलाई गम्भीरतापूर्वक अध्ययन गरिदिनुस् र त्यसबाट पनि केही फिडब्याक हामीले प्राप्त गरौं, त्यसले सरकारलाई सरकारका कामहरूलाई व्यवस्थित गरेर अगाडि बढ्नको निमित्त भूमिका निर्वाह गर्नेछ भन्ने कुराको अपेक्षा म गर्न चाहन्छु। हामीले यो सँगै मन्त्रालयगत प्रगति विवरणको पुस्तक हामीले माननीयज्यूहरूलाई प्रदान गरेका छौं। त्यसमा हाम्रो बजेट कार्यान्वयन अबस्थाको समीक्षा त्यसमा जरुर रूपमा भएको छ। त्यसपछि गएर ०७८/०७९ को बजेट तथा कार्यक्रम अर्धवार्षिक समीक्षाको पुस्तिका माननीयज्यूहरूलाई हामीले प्रदान गरेका छौं, त्यसमा हाम्रो यो वर्षको कार्यान्वयनको अवस्थाको बारेमा त्यहाँ समीक्षा गरिएको छ। त्यसपछि गएर आर्थिक सर्वेक्षण २०७८/०७९ यो वर्ष हामीले पहिलो पटक आर्थिक सर्वेक्षण पनि हामीले प्रदान गरेका छौं। त्यस कारणले गर्दाखेरि हाम्रो विगतको हामीले के गऱ्यौं र त्यसबाट हामीले प्राप्त के गऱ्यौं भन्ने कुराको यद्यपि पहिलो पटक हुँदाखेरि यसका केही कमीहरू सीमाहरू जरुर रूपमा त्यसमा व्यक्त हुन सक्लान् तर पनि हामीले मूलभूत रूपमा यसका समीक्षाहरू हामीले त्यसमा व्यक्त गरेका छौं। प्रगति विवरणहरू हामीले त्यसमा प्राप्त गर्ने डाटाहरू जो छ सर्वेक्षण जो छ त्यो सर्वेक्षणले हामीले गरेको प्रगतिको त्यहाँ झल्कोदेखिन्छ भन्ने कुरा म विनम्रतापूर्वक आग्रह गर्न चाहन्छु। यदि पुस्तकहरू एक ठाउँमा राखेर अध्ययन गर्दाखेरि हामीले बजेटको समरी राखे जस्तै हाम्रो कार्यान्वयनको प्रगतिको समरी त्यसको विवेचना त्यसको केरे समीक्षा पनि त्यसमा व्यक्त हुनेछ म आग्रह गर्न चाहन्छु। त्यसकारणले गर्दाखेरि बजेटमा यसरी अरू पुस्तिकाहरू पनि प्रस्तुत भएको छ भन्ने कुरा उल्लेख भको कारणले गर्दाखेरि त्यसमा बजेट वक्तव्यमा सबै कुरालाई समेट्न नसकिएको हामीले अन्य माध्यमबाट अथवा पुस्तिकाको माध्यमबाट त्यो कुरा प्रदान गरेको कुरा म यहाँ आग्रह गर्न चाहन्छु। त्योअनुसार त्योबाट पनि त्यसलाई पनि हेरेर आगामी दिनका छलफलहरूमा केही फिडव्याकहरू प्राप्त भयो भनेपछि हाम्रो प्रदेशलाई अझ व्यवस्थित हुन अझ सुदृढ भएर अगाडि बढ्नको लागि यले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने कुराको अ त्यो भूमिका निर्वाह गर्नेछ भन्ने कुरा म आग्रह गर्न चाहन्छु। अ त्यसपछि अब अर्को महत्त्वपूर्ण रूपमा

उठेको प्रश्न के छ त भन्दाखेरि साना योजनाहरू एउटा सहमति भयो र त्यो सहमति यो बजेटमा कार्यान्वयन भएन टुक्रे योजनाहरू बने समृद्धिका सपना हुनुपर्छ, बजेटमा भनेर यहाँ महत्त्वपूर्ण ढङ्गले माननीयज्यूहरूले यहाँ प्रस्तुत गर्नुभएको छ। र यसमा मेरो भनाइ के छ भन्दाखेरि अब एक जना माननीयले भन्दै हुनुहुन्थ्यो मन्तव्य र गन्तव्य मिलाऔँ भन्दै हुनुहुन्थ्यो त्यो कुरा मलाई अलि नोटेबल नै लागेको छ। छलफल समृद्धिको ठुल्ठूला आयोजनाहरूको टुक्रे आयोजना बनाउनु हुँदैन भन्ने छलफल ४/५ वर्षदेखि हामीले सम्मानित सदनमा गम्भीरतापूर्वक छलफल गर्दै आएका छौँ। छलफल एउटा सुनिन्छ मैले कसैलाई आक्षेप लगाउनको लागि अथवा यसलाई प्रतिवाद गर्नको लागि जवाफ दिनको लागि मात्रैभन्दा पनि हाम्रो अवस्थाको चित्रण गर्न खोजेको माननीय सभामुखज्यू भाषण सुन्यो एउटा कुरा हुन्छ योजनाको लिस्ट हेर्‍यो अर्को कुरा हुन्छ। या अलिकति कन्फ्यूजन या अलिकति द्विविधा छ हामी कहाँ है, योजनाको लिस्ट लामै हुन्छ, त्यसपछि गएर हामीसँग स्रोत सीमित हुन्छ। त्यसपछि गएर अनि गएर हामी ठुल्ठूला आयोजना गर्ने टुक्रे योजना नगर्ने हाम्रो सिद्धान्त हुन्छ। यो अन्तरविरोधलाई हामीले कसरी हल गर्ने होला? यहाँ एउटा समस्या छ हामी सबैले समीक्षा गर्नुपर्ने कोही सत्तापक्ष प्रतिपक्ष अरू कसैले उठाएको विषय त्यसको जवाफभन्दा पनि हामी सप्पैले समीक्षा गर्नुपर्ने कुरा यो छ भन्ने कुराको अनुभूति मलाई गहिरो गरी त्यो अनुभूति भएको छ। त्यसकारण गर्दाखेरि हाम्रो स्रोतसाधनबाट हेर्दाखेरि जे छ त्योबाट हामीले केही आयोजनाहरू छनोट गरेर टुक्रे आयोजना गर्नु हुँदैन भन्ने कुराप्रति सबै सहमत छौँ। तर यो बजेटमा हामीले अस्ति एकचोटि बजेट भाषण भइसकेपछि बाहिर एकचोटि मिडियामा व्यापक रूपमा आयो मुख्यमन्त्रीले त्यसपछि अर्थमन्त्रीले सप्पै मन्त्रालयको बजेटलाई त्यसपछि आफू अनुकूल बनाऔँदै छन् भन्ने बाहिर मिडियामा पनि आयो त्यहाँ हामीले त्यहाँ अरू केही पनि थिएन। कुरा मात्रै के थियो त भन्दाखेरि यहाँ भएको सहमति १५ लाखभन्दा तलका आयोजनाहरू नराख्ने भन्ने विगतमा जे सहमति भएको थियो यो प्रदेशसभामा राजनीतिक दलहरूको बीचमा सर्वदलीय रूपमा जे सहमति भएको थियो त्यो सहमति कार्यान्वयन गर्नको लागि योजनाहरूको लिस्ट हेरिएको हो। त्योभन्दा बाहिर केही पनि थिएन तर बाहिर प्रचार जे भए पनि त्यसलाई हामीले के हो त भन्दाखेरि त्यो मापदण्डभित्र अथवा त्योभित्र हामीले योजनाहरूलाई त्योभन्दा साना नहुने गरी हामीले योजनालाई राख्न खोजेको हो त्यो प्रयत्न गरियो र त्यो भएको पनि छ तर कुरा कति मात्र छ भन्दाखेरि १५ लाखभन्दा तलका आयोजनाहरू कसरी साना सिँचाइ आयोजनाहरू थोरै पैसा लाग्नेछ १५ लाखभन्दा तल कि साना सिँचाइ आयोजनाहरू नराख्नु पर्‍यो। राखिसकेपछि के हुन्छ भन्दाखेरि १५ लाखभन्दा तल पनि हुन सक्छन् यो कुरालाई हामीले त्यसरी नै त्यो कुरा व्यक्त भएको छ। दोस्रो कुरा क्रमागत योजनाहरू जो क्रमागत योजनाहरू १५ लाखभन्दा तल राखेर अहिले यो वर्षमा सम्पन्न हुने स्थिति छ त्यसलाई बढी पैसा राख्नुपर्ने स्थिति छैन। तर त्योभित्र केही १५ लाखभन्दा तल राखेर

सम्पन्न हुने आयोजनाहरू पनि केही अपवादको रूपमा परेका हुन सक्छन्, त्यसकारणले मूलभूत रूपमा यो सम्मानित रूपमा सदनमा मानीनय सभामुखज्यूमार्फत के आग्रह गर्न चाहन्छु भन्दाखेरि राजनीतिक दलहरूको बीचमा माननीय सभामुखको अध्यक्षतामा बसेको सर्वदलीय बैठकमा जे सहमति भएको छ, त्यो सहमतिलाई योजना छनोटको हिसाबले हेर्दाखेरि त्यलाई केरे योजनामा रकमको भोलुमको हिसाबले हेर्दाखेरि जे-जति सहमति भएको छ, त्यलाई हामीले यो आगामी आर्थिक वर्षको बजेट निर्माण गर्ने सन्दर्भमा त्यलाई पालना गर्ने हामीले समग्र प्रयत्न गरेका छौं प्रयास गरेका छौं। त्यसका म यो सम्मानित सदनमा के आग्रह गर्न चाहन्छु त भन्दाखेरि केही अपवादहरू हुन सक्छन् तर मूलभूत रूपमा त्यो कुरालाई हामी त्यो केरे सहमतिप्रति इमान्दार भएर सरकार इमान्दार भएर त्यसमा कार्यान्वयन गर्ने प्रकृयामा अगाडि बढेको छ म यो सम्मानित सदनमा यो कुरा आग्रह गर्न चाहन्छु। त्यसपछि गएर अर्को कुरा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको विषयमा यहाँ धेरै विषयहरू उठेका छन्, निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम र त्यसपछि गएर पूर्वाधार विशेष कार्यक्रम भनेर अहिले हामीले २ ओटा केरे अर्को एउटा त्यसमा प्लस गरेको स्थिति छ। निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम हाम्रो २४ ओटा निर्वाचन क्षेत्र निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम भइसकेपछि निर्वाचन क्षेत्रअनुसार नै त्यो कार्यक्रम विनियोजन गर्नुपर्ने आवश्यकता हुन्छ। कुनै एउटा निर्वाचन क्षेत्रलाई सांसद भएको उसमा सांसद नभएकोमा सांसद भएकोमा त्यलाई विभेद गरिनु हुँदैन त्यसकारणले गर्दाखेरि सबै निर्वाचन क्षेत्रलाई निर्वाचन क्षेत्रका जनताले त्यो बजेट पाउने अधिकारबाट उनीहरूलाई बञ्चित गरिनु हुँदैन भन्ने मान्यताप्रति सरकारप्रतिबद्ध छ। र त्यसपछि गएर बाँकी निर्वाचन केरे पूर्वाधार विशेष कार्यक्रमलाई पनि अहिले हामीले प्लस गरेर त्यसपछि त्यलाई कार्यान्वयन गर्न खोजेको कुरा म यो सम्मानित सदनमा माननीय सभामुखज्यूमार्फत के आग्रह गर्न चाहन्छु त भन्दाखेरि बाँकी रहेको अब यसको विनियोजन अथवा यसको बाँडफाँड यसको कसरी हुन्छ भन्ने प्रश्न जो छ यो बाँडफाँडको प्रश्न जो छ यो बाँडफाँडका सन्दर्भमा हामीले कार्यविधि बनाएर नयाँ कार्यविधि बनाउनुपर्ने ठाउँमा हामी आइसकेका छौं किनकि हामीले यसलाई जोडेका छौं। कार्यविधि फेरि बनाएर अगाडि बढ्नु पर्ने आवश्यकता छ। यो बजेट अगाडि बढिसकेपछि हामी तत्कालै नयाँ कार्यविधि बनाएर त्यो निर्वाचन क्षेत्रमा नभएका केरे माननीयज्यूहरू खालि रहेको निर्वाचन क्षेत्रका सन्दर्भमा कसरी बाँडफाँड गर्ने भन्ने कुराको एउटा जे हिजो विगतमा जे छलफल भएको छ, जे प्रकारको सहमति भएको छ, त्योअनुसार अगाडि बढ्न सक्ने स्थिति बन्छ। कार्यविधि बनाएर यलाई कार्यान्वयन गर्न सक्ने अबस्था जान्छौं, त्यसकारणले गर्दाखेरि निर्वाचन क्षेत्रको पूर्वाधार विशेष कार्यक्रम भको कारणले गर्दाखेरि निर्वाचन क्षेत्रलाई बेस बनाएर सांसद विकास कोष हैन कि निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम भको कारणले गर्दाखेरि निर्वाचन क्षेत्रलाई बेस बनाएर यलाई विनियोजन गर्नुपर्ने हुन्छ र त्यहीं प्रकारको कार्यान्वयन गर्नुपर्ने हुन्छ। तर योजना बाँडफाँडका सन्दर्भमा हामीले कार्यविधि

मिलाउनुपर्ने हुन्छ, कार्यविधि बनाउनुपर्ने हुन्छ। त्यो कार्यविधिअनुसार अगाडि बढ्नुपर्ने हुन्छ। यो कुरा म यो सम्मानित सदनमा माननीय सभामुखज्यूमार्फत् आग्रह गर्न चाहन्छु। त्यसपछि अर्को महत्त्वपूर्ण रूपमा उठेको मुख्यमन्त्री रोजगारको कुरा कसरी मुख्यमन्त्री रोजगारको विषयमा पनि यहाँ प्रश्न उठेको छ, म के आग्रह गर्न चाहन्छु त भन्दाखेरि ७१८ ओटा वडामा, ७१८ ओटा वडाबाट ५ ओटा योजनाको दरले सबै वडाबाट सिफारिस मागेको थियो। हामीले मुख्यमन्त्री कार्यालयबाट अलि अगाडि नै त्यो सिफारिस मागियो सिफारिस आयो ३८ ओटा वडाबाहेक, ७१८ मा ३८ ओटाबाहेक अरू वडाबाट त्यो सिफारिस आयो ५/५को निर्वाचित वडा समितिले वडा अध्यक्षको अध्यक्षतामा बैठक बसेर वडा समितिले ५ ओटाको दरले योजना आए ३८ ओटा वडाबाट प्राप्त गर्न हामीले सकेनौं गाउँपालिका र नगरपालिकामा खालि भएको भनेको जाजरकोटको नलगाड नगरपालिका सिङ्गो नगरपालिका नै खालि भयो। र त्यसपछि गएर मुगुको खत्याड गाउँपालिका हो जस्तो लाग्छ खत्याड गाउँपालिका खालि भयो अरू केही वडाहरू खालि भएका छन्। उनीहरूले सिफारिस गरेनन्, नगर्दाखेरि तिनीहरूको अहिले एकमुस्ट बजेट राखिएको छ तिनीहरूकोमा योजना पनि राखिएको छैन, जुन वडाबाट वडाको अध्यक्षको अध्यक्षतामा बैठक बसेर ५ ओटा योजना सिफारिस गऱ्यो त्यहाँबाट त्यसपछि गएर त्यहाँबाट सिफारिस भएका मध्येबाट छनोट गरेर १/१ ओटा योजना सबै वडामा अ राख्ने काम भएको छ र त्यसमा पनि हामीले के भनिम् भन्दाखेरि यसको मापदण्ड के बनाइयो भन्दाखेरि हुम्ला, मुगु, डोल्पा तीन ओटा जिल्लाको वडाहरूमा प्रत्येक वडामा २० लाखको दरले र त्यसपछि गएर बाँकी रहेका अरू जिल्लाहरूको वडाहरूमा प्रत्येक वडामा १५ लाखको दरले एक योजना हामीसँग अहिले बजेटको सङ्कुचनलगायतका कारणले गर्दाखेरि त्यो स्थिति भइसकेपछि हामीले तल्ला जिल्लाहरूमा १५ लाखको दरले र माथिल्ला जिल्लाहरूमा २० लाखको दरले बजेट विनियोजन भएको छ। ३८ ओटा वडामा अझै सिफारिस नभएको कारणले गर्दाखेरि अब सिफारिस फेरि मागेको छ, सिफारिस आइसकेपछि त्यहाँमध्येबाट त्यसपछि गएर उनीहरूले वडाले सिफारिस गरेअनुसार त्यसपछि त्यहाँबाट छनोट गरेर अगाडि बढ्ने कुरा योअनुसार मुख्यमन्त्री रोजगारको विगतमा हामीले त्यसको विगतबाट हामी शिक्षा लिँदै त्यसमा रहेका अभावहरूलाई अपुगहरूलाई अझ थप व्यवस्थित गर्दै जाने क्रममा विगतमा एक ठाउँमा राख्ने र त्यसपछि गएर पछि बाँडफाँड गर्दाखेरि त्यसको कार्यान्वयनको प्रकृयामा अलि कति ढिलाढाला हुने भएपछि हामीले अलि अगाडि नै के छलफल गरिम् त भन्दाखेरि बजेटको रातो किताब आउने वार्षिक विकास कार्यक्रमको पुस्तक आउने बेलामा नै योजना प्रत्येक वडाको क्लिएर गरेर पठाइँदाखेरि कार्यान्वयनमा यले सहजता पैदा गर्छ भन्ने हिसाबले हेर्दाखेरि त्यसरी यो मुख्यमन्त्री रोजगारका योजनाहरू छनोट भएका छन्। तीअनुसार कार्यान्वयनको प्रकृयामा गएका छन् भन्ने कुरा म यो सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु, आग्रह गर्दछु। अब यी विषय भइसकेपछि अब

हाम्रो विकास अब यो योजना छनोट भइसकेपछि हाम्रो खर्च, खर्च गर्ने प्रणालीमा असारे विकासको आलोचना भइराखेको छ, यसमा हामी कसरी सुधार गर्ने होला? कहींले सुधार गर्ने होला? भन्ने विषयमा पनि गम्भीरतापूर्वक यहाँ विषयहरू उठेका छन्। त्यसकारणले नै अहिले माननीयज्यूहरूले यहाँ अलिकति २ किलोको कति-कति नापेर पनि आउनुभएछ किताब २ किलोको किताब भन्नु भो कसैले ७ किलोको किताब भन्नु भो किताब ठूलो भन्नु भो कसैले सहयोगी राख्नुपर्ने स्थिति छ भनेर भन्नु भो यसको एउटै कारण के हो त भन्दाखेरि हामीले सप्पै बजेटलाई एक्टिभिटिज बजेट अहिले निर्माण गरेका छौं जसको कारणले गर्दाखेरि किताब अलिकति ठूलो हुन पुगेको छ। हामीले अब आगामी दिनमा अपवादबाहेक कुनै पनि थप त्यलाई बाँडफाँड गर्नुपर्ने त्यलाई टुक्राउनुपर्ने कुनै पनि हामीले योजना बाँकी राखेका छैनौं। त्यसकारणले गर्दाखेरि यसको कारणले गर्दाखेरि अस्ति भर्खरै अस्तिसम्म पनि चालु आर्थिक वर्षको बजेटलाई टुक्राउनुपर्ने स्थिति भइराखेको थियो हैन योजना टुक्राएर त्यसपछि गएर बजेट विनियोजन गर्नुपर्ने स्थिति भइराखेको थियो। अब हामीले यो वर्षमा हामी नयाँ आर्थिक वर्ष सुरू हुनासाथ सप्पै बजेट एक्टिभिटिजमा छ। त्यो एक्टिभिटिजमा भएको बजेटलाई कार्यान्वयनको लागि त्यले सहजता पैदा गर्नेछ। यले हाम्रो बेलैमा खर्च एउटा सेडुअलमा खर्च गर्ने हामीले सेडुअल जे बनाउँछौं त्यो सेडुअलमा खर्च भएर त्यसपछि गएर सप्पै खर्च असारमा मात्रै देखिने जे अहिलेको हाम्रो अबस्था छ। त्यो अबस्थाबाट कम्तीमा पनि हामी पार पाएर अगाडि बढ्न सक्छौं कि त्योअनुसार हामीले अहिले एक्टिभिटिज बेस बजेट निर्माण गरेका छौं एउटा कुरा। दोस्रो कुरा अब असारमा भएको खर्च जति असारमा मात्रै काम भो भन्ने पनि बुझाइ हाम्रो होइन, यो सम्मानित सदनमा जे विषय उठेको छ त्योअनुसार उठेको हो जस्तो मलाई लाग्दैन जति खर्च भएको छ। असारमा भएको खर्च असारमा मात्रै काम गरेर खर्च भएको भन्ने कुरा होइन विगतको हाम्रो केरे खरिद प्रकृयाबाट अगाडि बढ्दै जाँदाखेरि भुक्तानीको प्रकृया असारमा आउँदाखेरि अलिकति बढी भोलुम त हुन्छ नै तर अस्वाभाविक टाइपको हाम्रो जो छ त्यलाई हामीले कम गर्दै घटाउदै र त्यसपछि गएर एउटा सेडुअलमा खर्च गर्ने प्रणालीलाई विकास गर्नको निमित्त हामीले यो बजेट निर्माणको प्रकृयादेखि नै यो कामको थालनी गरेका छौं भन्ने हामीलाई लाग्छ र त्योअनुसार अब खर्च प्रकृयालाई पनि अथवा यसको कार्यान्वयनको प्रकृया पनि त्यसरी अगाडि बढ्नेछ भन्ने कुरा म यहाँ राख्न चाहन्छु। अ र त्यसपछि गएर अब यसका केही माननीयज्यूहरूले उठाएका अरू थप विषयहरूको सन्दर्भमा मैले संक्षिप्त संक्षिप्त केही कुराहरू राख्दै जानेछु। जस्तो स्वास्थ्यको सन्दर्भमा शिक्षाको सन्दर्भमा हामीले के गऱ्यौं? के गर्दै छौं? प्रदेशमा के परिवर्तन गर्दै छौं? भन्ने विषय पनि गम्भीरतापूर्वक उठेको छ। सामाजिक विकासको लागि अथवा सामाजिक सुरक्षाको लागि, सामाजिक विकासको लागि र सामाजिक सुरक्षाको लागि महत्त्वपूर्ण विषयहरू क्षेत्रहरू हुन्, यिनीहरू त्यसकारणले गर्दाखेरि हामीले अब माथिल्ला जिल्लाहरूमा खास गरी हुम्ला, डोल्पा त्यसपछि कालिकोट,

मुगुमा ५० शैय्याको हस्पिटल निर्माणको प्रकृया अथवा ५० शैय्याको हस्पिटल स्थापना भएको प्रकृया अगाडि बढेको कुरा बजेट वक्तव्यमै माननीय सदस्यज्यूहरूले यो सम्मानित सदनमा सुनिसक्नु भएको छ। त्यसपछि गएर दैलेख, जाजरकोट, रुकुम पश्चिम र सल्यान जस्ता जिल्लाहरूमा १०० शैय्याको हस्पिटल अगाडि बढिराखेको कुरा सुन्नुभएको छ। र त्यसपछि गएर प्रदेश हस्पिटललाई हामीले प्रदेश हस्पिटललाई ५०० शैय्याको हस्पिटलको रूपमा स्तर उन्नति गर्नेको लागि हामीले अहिले बजेटको व्यवस्थापन गरेका छौं, त्यो सँगै केरे प्रतिष्ठानको कुरा पनि अब जबरजस्ती रूपमा माननीय सदस्यज्यूहरूले उठाउनु भएको छ। हामीले अहिलेको यो टारगेट भनेको प्रतिष्ठान बनाउनको लागि त्यसको पूर्वाधार निर्माण गर्नको लागि ५०० शैय्याको हस्पिटल निर्माण गर्ने गरी बजेटको व्यवस्थापन गरेको कुरा छ। माननीयज्यूहरूले उठाएको कुरा प्रति मेरो सहमति के छ त भन्दाखेरि प्रतिष्ठान बनाउने कुरा अब बजेट वक्तव्यमा आएरै बनिहाल्ने कुरा होइन, पछि अब यो आवश्यकता महसुस भयो भनेपछि केरे आवश्यकतामा सरकारले अब यसको बिल ल्याउला, त्यो सदनमा छलफल होला, हैन पास भयो भने त्यो स्थापित होला तर अहिलेको बजेटमा उल्लेख भएको कुरा के हो त भन्दाखेरि ५०० शैय्याको हस्पिटल बनाउने भन्ने कुराको बजेटको व्यवस्थापनसहित अगाडि बढेको कुरा हो, योअनुसार म यहाँ आफ्नो भनाइ सम्मानित सदनमा राख्न चाहन्छु। त्यसपछि अब हामीले विभिन्न सिक्टरका छलफलहरू गर्दै जाँदाखेरि विभिन्न माननीयज्यूहरूले विभिन्न विषयहरू उठाउनुभएको छ जस्तो अब सडकहरूको कुरा गर्दाखेरि अब असन्तुलित भएको कुरा गर्दाखेरि त्यो सँग पनि अलिकति बढी जोडिएको छ। म एकदम विनम्रतापूर्वक यो सम्मानित सदनमा माननीय सभामुखज्यूमार्फत के आग्रह गर्न चाहन्छु त भन्दाखेरि बजेटको भाषण लेख्दाखेरि के पनि हुँदो रहेछ भने अलिकति त्यसको ब्युटी पनि निकाल्न खोज्ने स्थिति हुँदो रहेछ। त्यसकारण गर्दाखेरि अलिकति ठूलो रकमका आयोजनाहरू उल्लेख गर्दाखेरि ठूलो रकमका आयोजनाहरू उल्लेख गर्दाखेरि अलिकति बजेटको ब्युटी व्यक्त हुँदो रैछ। त्यस्तो लेख्दा फेरि-फेरि हाम्रो प्रदेशको सन्दर्भमा समपूरक आयोजनाहरू समपूरक आयोजना भने पछि हामी सबैले बुझ्दछौं ५० प्रतिशत लागत प्रदेश सरकारको ५० प्रतिशत लागत संघीय सरकारको यी आयोजनाहरूमा नै अहिलेको हाम्रो बजेट अलि ठूलो बजेटको भोलुम त्यहाँ हुँदो रैछ। समपूरक आयोजनाहरू उल्लेख गर्दाखेरि अलिकति असन्तुलन भयो कि कतै-कतै टुटेको कतै जोडिएको भयो कि भन्ने हुँदो रैछ त्योअनुसार त्यसो हुन पुगेको हो माननीय सदस्यहरूले विभिन्न ढङ्गले यलाई व्यक्त गर्नुभएको छ। गठबन्धनको गन्ध आयो भन्नु भको छ, अर्कै केही भन्नु भएको छ, म के विनम्रतापूर्वक आग्रह के गर्ने चाहन्छु त भन्दाखेरि, यहाँ करिब-करिब के रहेछ भने यसमा उल्लेख भएको नामकरण भएका नामै उल्लेख भएका १६ ओटा सडक रहेछ नामै उल्लेख भएका १६ ओटा सडकमा अब गठबन्धनको गन्धको कुरा गर्नुहुन्छ भने १६ ओटा सडकमा अब जो सडक उल्लेख भएको छ। गठबन्धनको प्रतिनिधित्व गर्ने सांसदहरूको निर्वाचन

क्षेत्र धेरै सांसदहरूको निर्वाचन क्षेत्र छुटेको रहेछ। त्यसकारणले गर्दाखेरि यसमा अरू केही नभएर यसमा ठूलो भोलुम अलिकति पैंसाको ठूलो भोलुम त्यो पनि समपूरक अनुदानबाट आउने भको कारणले गर्दाखेरि ती उल्लेख गर्दाखेरि यसो हुन पुगेको हो यसमा अन्यथा केही पनि होइन त्यसकारणले गर्दाखेरि नै असन्तुलन भो भन्ने कुरा छैन तपाईँहरूले वार्षिक विकासे कार्यक्रम बहुवर्षीय आयोजनाहरूको जो बजेटको विनियोजन गरेको छ। र त्यसपछि गएर त्यसमा वार्षिक विकासको कार्यक्रम केरे पुस्तक हेर्नु भो भनेपछि त्यसमा तपाईँहरूले सन्तुलन प्राप्त गर्ने सकिन्छ, त्यसमा लगभग सन्तुलन अब म एकदम शतप्रतिशत सन्तुलन त मैले सुरूमा पनि भने भन्दिन तर लगभग सन्तुलन कायम भएको कुरा म यहाँ आग्रह गर्न चाहन्छु। अ त्यसपछि त्यति भइसकेपछि अब यहाँ विभिन्न ढङ्गले यो सडककै विषयमा विभिन्न ढङ्गले कुराहरू उठेका छन्। जस्तो कुनै सडकमा पैसा भएन अथवा सुर्खेत पश्चिमकै हुँदै फलानो सडकमा यत्रो पैसा किन राखेको फलानो सडकमा राखे हुन्थ्यो भन्ने कुरा पनि यहाँ कोइशन उठेको छ। म आग्रह गर्न चाहन्छु घाटगाउँ गुटु भन्ने सडक जो ४५ करोड विनियोजन भएको छ, त्यो समपूरक अनुदान सडक हो। त्यसमा संघीय सरकारबाट अहिले २५ करोड रुपैयाँ आएको छ। हामीले राख्नुपर्ने २५ करोड हो। अझ ५० हुन्थ्यो। तर हिजोअस्ति मात्रै समझैता गर्ने क्रममा निर्माण कम्पनीले ३८ करोडमा त्यो सहकार्यको कारणले गर्दाखेरि हाम्रो ३८ करोडको ५० प्रतिशत मात्रै हामीले त्यहाँ राखेको कारणले गर्दाखेरि ४५ करोड भएको हो त्यसकारणले गर्दाखेरि त्यो समपूरक अनुदानको सडक हो। जहाँसम्म बङ्गिचौरदेखि पश्चिमको बाटो कुरा गर्नु भो त्यो आज अहिले छलफल चाहिँ चलिराखेको छ। भोलि बिहानसम्म सम्झौता हुन्छ, त्यसमा पनि बजेटको व्यवस्थापन भएको छ। अरू समपूरक आयोजनाहरू हुन्, तिनीहरू त्योअनुसार अगाडि बढेको कुरा म आग्रह गर्न चाहन्छु। र त्यसपछि गएर अब केरे दशरथपुर नेटा हुँदै त्यो बजेटमा, त्यो बाटोमा बजेट किन छुट्टाइएन? यहाँ पनि पूर्वाग्रहदेखियो भनेर पनि माननीयज्यूले यहाँ राख्नुभएको छ। म विनम्रतापूर्वक यो सम्मानित सदनमा के आग्रह गर्न चाहन्छु त भन्दाखेरि आरसीआइपी एडिबिको फन्डिङ्गमा आरसीआइपीले केरे निर्माण गर्ने ग्रामीण पूर्वाधार केरे सडक भन्ने आयोजना छ, एउटा त्यो आयोजनाले गर्ने मोर्ख चङ्खिला बडाबन साना खोला सडक जाजरकोट– १, दशरथपुर-डाँडागाउँ-जितेजुवा-ढाढखेत-मटेला-धरमपोखरा सडक सुर्खेत २, चौरजाहारी-निर्जिब खोलागाउँ चौका बैराखी-ठाँटी-मुसिकोट-सल्ले सडक ३, यी ३ टा सडक आरसिआइपी भन्ने एउटा प्रोजेक्टले लगानी एडिबिको फन्डिङ्गमा यो निर्माण हुने सडकहरू हुन्। यसमा अहिले कार्यविधि अन्तिम चरणमा छ। २० प्रतिशत जस्तो लाग्छ २० प्रतिशत छरे अन्तिम फाइनल त भइसकेको छैन, २० प्रतिशत जति प्रदेश सरकारले त्यसलाई प्रदेश सरकारले २० प्रतिशत लगानी गर्नुपर्नेछ, त्यसमा हैन त्यो २० प्रतिशत रकम आरसीआइपी र त्यसपछि अब अर्को २३ को जनवरीबाट अर्को नयाँ प्राजेक्ट सुरू हुँदैछ, पीयलआरआइपी भन्ने त्यसको लागि पनि हामीले केही बजेट व्यवस्थापन गर्नुपर्ने

छ। यो बजेटमा आरसीआइपीबाट छनोट भएका ३ ओटा सडक र त्यसपछि गएर पछि पीयलआरआइपीबाट पनि छनोट हुने सडकहरू र त्यसको बजेटको बन्द व्यवस्था गर्नुपर्ने आवश्यकता भको कारणले गर्दाखेरि हामीले यो बजेटमा यसको लागि हाम्रो पार्टको बजेटको हामीले व्यवस्थापन गरेका छौं। त्यसकारणले गर्दाखेरि अ कुनै ठाउँमा बजेट रहेन कि र त्यसपछि गएर यो बजेट नभएपछि त्यत्तिकै नाम देखाउनको लागि राखिएको हो कि भन्ने कुराको अलिकति त्यस्तो आशंका छ भनेपछि म यो सम्मानित सदनमा माननीय सभामुखज्यूमार्फत विनम्रतापूर्वक त्यसो हैन, हामी सप्पै योजनाहरू जति योजनाहरू यहाँ उल्लेख भएका छन्, त्यो योजनाहरूमा मेक्सिमम मिनिमम यो वर्षमा आगामी आर्थिक वर्षमा खर्च हुन सक्ने एउटा खर्च हुन सक्ने कुराको एउटा प्रक्षेपण गरेर त्योअनुसारको बजेट विनियोजन गरिएको थियो त्योअनुसारको बजेट व्यवस्थापन गरिएको छ, कुरा म यहाँ आग्रह गर्न चाहन्छु। त्यो सँगसँगै अब एउटा अर्को कुरा अब कनै बजेट वक्तव्यको क्रममा कुनै बुँदामा बजेट उल्लेख भएको छ, कुनै बुँदामा बजेट उल्लेख भएको छैन, यो बजेट कहाँबाट आउने भन्ने माननीय सदस्यज्यूले यहाँ प्रश्न गर्नुभएको थियो। म के आग्रह चाहन्छु त भन्दाखेरि हामीले ३/४ वर्षको ४/५ वर्षको बजेट वक्तव्य हामीले हेरिम् भनेपछि सधैं हामीले यसो नै गर्ने गरेका छौं। अलिकति उल्लेख गर्ने लायक अङ्क भो भने अथवा ठूलो अङ्क भयो भनेपछि त्यलाई बजेट वक्तव्यमा उल्लेख गर्ने र त्यसपछि गएर सानो अङ्क बजेट वक्तव्यमा उल्लेख नगर्ने त्यो वार्षिक विकास कार्यक्रम पुस्तिकामा भएको हुँदाखेरि सबै ठाउँमा बजेटको व्यवस्थापन भएको कुरा म फेरि अगाडि पनि भने फेरि पनि म आग्रह गर्न चाहन्छु। र त्यसपछि गएर अब जस्तो खानेपानीको सिँचाइको त्यसपछि तटबन्धनको पनि उल्लेख भएका आयोजनाहरू जे छन हैन त्यसमा समपूरकका विशेष अनुदानका समपूरक अनुदानका विशेष अनुदानका आयोजनहरू बहुत धेरै धेरै आयोजनाहरू त्यस्ता आयोजनाहरू बजेट वक्तव्यमा उल्लेख भएको त्यसमा बजेट अलिकति बजेटको भोलुम बजेटको मात्रा ठूलो भको कारणले गर्दाखेरि ती उल्लेख हुन पुगेका मात्रै हो त्योभन्दा बाँकी केही पनि हैन भन्ने कुरा म यो सम्मानित सदनमा अनुरोध गर्ने चाहन्छु आग्रह गर्न चाहन्छु। र त्यसपछि गएर अब जनता आवाज त्यसपछि एकीकृत बस्ती र त्यसपछि विपन्नको घरको बारेमा यहाँ विभिन्न ढङ्गले प्रश्नहरू उठेका छन म के आग्रह गर्न चाहन्छु त भन्दाखेरि जनता आवाज भन्ने कार्यक्रम संघीय सरकारको ससर्त अनुदानबाट प्रदान गरिएको कार्यक्रम हो। उसले जति घरको कोटा निर्धारण गरेको छ र जति बजेट पठाइदिएको छ। त्यहीं बजेटलाई हामी त्यो निर्माण गर्ने कार्यमा हामीले प्रदेशले त्यसलाई कार्यान्वयन गरेर अगाडि बढ्ने गर्छ। र त्यस पछि गएर अब त्यो जनता आवाजको कार्यविधि धेरै जसो दलित लक्षित मात्रै भको कारणले गर्दाखेरि अरू पनि विपन्न छन भनेर प्रदेश सरकारले अरू विपन्नहरूको घर दलित पनि हुने भए अरू जाति पनि हुने भए विपन्नहरूको घर बनाउनको लागि विपन्नको घर निर्माण गर्ने कार्यक्रम प्रदेश सरकारले यो चालु आर्थिक वर्षमा अगाडि बढाएको चालु

आर्थिक वर्षमा बजेट विनियोजन भयो र हामी त्यसपछि गएर त्यसको कार्यविधि बनाउँदै जाँदा खेरि हामीले धेरै ठाउँमा कार्यान्वयन गर्ने अबस्थामा पुगेन केही सीमित ठाउँ बाहेक धेरै ठाउँमा कार्यान्वयन हुन सकेको छैन। अहिले कार्यविधि तयार छ सप्पै तयार भएको छ यो आगामी आर्थिक वर्षबाट विपन्नको घर निर्माण गर्ने कार्यक्रमलाई पनि हामीले कार्यक्रमा राखेर त्योअनुसार अगाडि बढेको कुरा राख्न चाहन्छु र एकीकृत बस्तीको सन्दर्भमा केही प्रश्नहरू जरुर रूपमा सदनमा उठेका छन त्यसको हामीले विगतको हाम्रो ओरकिङ्ग स्टाइल अथवा काम हामीले कसरी गऱ्यौ त्यसको समीक्षा गर्दै हामीले कार्यविधिमा जसरी कार्यविधि निर्माण गरेका छौं त्यो कार्यविधिलाई पनि हामीले व्यवस्थित गरेर अब एकीकृत बस्तीको मूल मर्मअनुसार एकीकृत बस्ती निर्माणको मूल मर्मअनुसार एकीकृत बस्ती निर्माण गरेर अगाडि जाने गरी अहिले यो बजेटमा यो कार्यक्रममा यो बजेटमा हामीले बजेट व्यवस्थापन गरेका छौ र त्यसपछि गएर एकीकृत बस्ती एकीकृत बस्तीको मर्मअनुसार विपन्नको घर विपन्न कै घर बन्ने गरी र जनता आवासको कुरा त जनता आवास केरे संघीय ससर्त कार्यक्रम भए पनि त्यसको छनोटदेखि लिएर सबै प्रकृया स्थानीय र त्यसपछि प्रदेशेको प्रदेशले गर्नु पर्ने भको कारणले गर्दाखेरि जे मर्मअनुसार कार्यक्रम कार्यान्वयन हुने प्रकृया अगाडि बढेका छन्, त्यहीँ मर्मलाई समातेर अगाडि बढ्ने कुरा म यहाँ आग्रह गर्न चाहन्छु। त्योअनुसार अगाडि बढ्छ। त्यसपछि अब हामीले कृषिमा यहाँ माननीयज्यूले प्रश्न पनि गर्नु भो यो ओखर, स्याउ, ओखर परियोजना भनेर जो भनिएको थियो खै कता गो? भनेर बजेटमा त्यो बजेट वक्तव्यमै उल्लेख भएको छ र त्योअनुसार केरे बजेटको पनि व्यवस्थापन भएको छ। विभिन्न जिल्लामा माथिल्ला जिल्लाहरूमा स्याउ, ओखर र त्यसपछि गएर तल्ला जिल्लाहरूमा ओखर त्यसमा ओखरमा अलिकति प्लस केही परियोजनाअन्तर्गत नै प्लस गर्दा हुन्छ भनेर ओखर र सुन्तलालाई पनि जोड्ने गरी हामीले यो परियोजनालाई अगाडि बढ्न खोजेका केरे बढाउन खोजेका छौं र त्योअनुसार सबै जिल्लामा खास गरी कृषि विकास कार्यालयका सबै जिल्लाहरूमा यसको बजेटको व्यवस्थापन भएको छ। र त्यलाई व्यवस्थित ढङ्गले यलाई अगाडि बढाउने कुराको त्योअनुसारको व्यवस्थापन भएको कुरा म यहाँ आग्रह गर्न चाहन्छु। अ त्यसपछि गएर अब तटबन्धनमा, जनता तटबन्धन र त्यसपछि गएर शारदा तटबन्धनको ओइटेज के हो? भनेर भन्नुभएको छ, हाम्रो बजेट यो चालु आर्थिक वर्षदेखि जनता तटबन्धन भनेर एउटा योजना २० लाखको जस्तो कार्यान्वयन गर्दै आ'छ यसलाई निरन्तरता दियौं हामीले, अहिले तर शारदा तटबन्धनको कुरा के हो त भन्दाखेरि यो पनि समपूरक अनुदानअन्तर्गतको योजना रहेछ त्योअनुसार माथिबाट बजेट आउने र त्यसमा हामीले पनि प्लस गर्नुपर्ने हुँदाखेरि अब २० लाखको दरले हामीले यहाँ जनता तटबन्धन कार्यक्रम राख्ने र त्यसको पनि गर्दाखेरि र शारदाको अब समपूरक अनुदानको योजना भएपछि बढी पैसा भइहाल्ने त्यसकारणले गर्दा ओइटेजमा तल-माथि परेको हो। त्यसकारणले गर्दाखेरि अब त्यो योजना गत आर्थिक वर्षदेखि सुरू भएको जस्तो लाग्छ।

अब सम्पन्न हुने प्रकृयामा, अब अब हामीले आगामी दिनमा समपूरक र विशेष अनुदानका कार्यक्रमहरूको सिफारिस हुने बेलामा यलाई सम्पन्न गर्ने गरी अगाडि बढ्नुपर्ने स्थिति छ। त्योअनुसारको कुरा म यहाँ अनुरोध गर्न चाहन्छु। त्यसपछि गएर अब यो माननीयज्यूले म महिला भएर हो कि जनजाति भएर हो कि, समानुपातिक भएर हो कि, एमालेको सांसद भएर हो कि भनेर यो मानव निर्मित ताल हाम्रो यो बजेट प्रस्तुत गर्ने बेलामा पहिलो आर्थिक वर्षमै यो कार्यक्रम आएको थियो जस्तो लाग्छ मलाई, पञ्चकोशीमा मानव निर्मित ताल र त्यसपछि गएर त्यसको अध्ययन गर्ने भनेर त्यतिखेर बजेटको पनि व्यवस्थापन भएको थियो। मैले बुझेअनुसार मानव निर्मित तालमा त्यो बजेट खर्च हुनेभन्दा पनि त्यहींको वरिपरिको थप विकास गर्नको लागि त्यो खर्च भो भन्ने सुनेको मैले, त्योअनुसार त्यसपछि पछि त्यसको डिपिआर आइ सबै भएको भन्ने कुरा पनि यहाँ उल्लेख गर्नु भएको छ। अहिले मानव निर्मित तालभन्दा पनि त्यहाँको दैलेखको पञ्चकोशी वरिपरिको अहिलेको सर्किट निर्माण गर्ने गरी बजेटमा केरे यो बजेटमा बजेटको व्यवस्थापन भएको छ र त्यो कार्यक्रम अगाडि बढाएका छौं। र त्यसलाई आगामी दिनमा यो ताल निर्माण गर्ने र त्यसपछि गएरताललाई पनि एउटा पर्यटकीय स्थलको रूपमा विकास गरेर लैजानको लागि जे कुरा विगतदेखि उठाएको छ यो ध्यान दिन लायक छ। यसलाई आगामी दिनमा सोच्नुपर्ने हो जस्तो लाग्छ। अहिले त्यहाँभित्रको वरिपरि सर्किट निर्माण गर्नको लागि भनेर बजेटको व्यवस्थापन भएको कुरा म यहाँ अनुरोध गर्न चाहन्छु। त्यसपछि गएर ठाँटीकाँध पहिरो पीडितहरूलाई अब यो केरे एकीकृत बस्ती भन्ने सबै चिज आयो तर ठाँटीकाँध गाउँपालिकाको पहिरो पीडितले केही पाएनन् भन्ने कुरा माननीयज्यूले उठाउनु भएको छ। अ ठाँटीकाँधको पहिरो पीडितमा हामीले अलि अस्ति अगाडि ठाँटीकाँधलगायतका प्रदेशभरिका धेरै पहिरो पीडितहरूलाई प्रदेशको क्याबिनेटले प्रदेश सरकारको मन्त्रीपरिषद्ले पहिरो पीडितहरू भएर अग्नि पीडित भएर घरबिहीन भएकाहरूलाई ५० हजार प्रतिघर प्रदेश सरकारले सहयोग गर्ने भन्ने निर्णय भएको रैछ त्योअनुसार ठाँटीकाँधलगायतका प्रदेशका सबै केरे गत आर्थिक वर्षमा हामी कहाँ उपलब्ध भएको डाटाअनुसार सबैलाई ५० हजारको दरले गाउँपालिकामा पैसा पठाइएको छ। उपलब्ध गराइएको छ, त्यतिले मात्रै पुगेन होला त्यो फरक कुरा हो। अरू ठाउँमा अब एकीकृत बस्तीलगायतका कुराहरूले अलिकति बढी पैसा गयो भन्ने पनि प्रश्नहरू उठ्ला तर त्यहाँको लागि पनि हामीले पछिल्लो अबधिमा केरे प्रदेश सरकारले गरेको निर्णयअनुसार ५० हजार प्रदान गर्ने जे निर्णय भएको थियो त्योअनुसार त्यहाँ गाउँपालिकामा पैसा पठाइएको बेहोरा म यहाँ अनुरोध गर्न चाहन्छु। अ त्यसपछि अर्को प्रश्न अब राजधानीलाई राजधानीमैत्री बजेट कसरी बनाउने भन्ने विषयमा पनि हाम्रो विगतदेखि नै छलफल बहसहरू हुने गरेका छन् र केही कामहरू पनि हुँदै राखेका छन् तर राजधानीलाई राजधानीको स्तरमा उठाउनको निमित्त हाम्रो ध्यान नपुगेको कुरा सबै कोणबाट उठिरहेको छ। यो बजेटमा पनि त्यो भएन भन्ने कुरा एक

हदसम्म सही नै होला हाम्रो बजेटको सङ्कुचनदेखि लिएर सबै हिसाबले मैले सुरूदेखि नै आग्रह गर्दै आइराखेको छु। फेरि पनि यसलाई राजधानीभित्रका भित्री सडकहरूलाई व्यवस्थित गर्नको लागि बजेटको व्यवस्थापन भएको छ। विगतमा स्रोत सुनिश्चितता भएका बहुवर्षीय रूपमा लागेका स्रोत सुनिश्चितता भएका ठेक्काहरूको हकमा बजेटको व्यवस्थापन गरेर थप बजेटको पनि व्यवस्थापन भएको छ। र त्यसपछि गएर सह-लगानीबाट बाटाहरू निर्माण गर्ने कार्यक्रम हामीले यो बजेटमा राखेका छौं। उपभोक्ताहरूले सानातिना ५० मिटर १०० मिटर मात्रै पनि केरै ग्राभेल गर्न पीच गर्नको निमित्त अ बजेट कुर्नुपर्ने आर्थिक वर्ष कुर्नुपर्नेभन्दा पनि त्यसमा केरे अ उपभोक्ताहरूले केही निश्चित प्रतिशत लगानी गरेर प्रदेश सरकारबाट थप बजेट लिएर त्यसपछि सिधै काम गर्न सक्ने गरी उपभोक्ताहरूको सह-लगानीबाट कार्यक्रमहरू केरे लन्च गर्ने गरी हामीले यो बजेटमा व्यवस्थापन गरेका छौं। त्योबाट सबभन्दा बढी केरे फाइदा वीरेन्द्रनगरले हाम्रो राजधानीले लिन सक्नेछ भन्ने कुरा हामीले अपेक्षा गरेका छौं। र त्यसपछि गएर राजधानीलाई र प्रदेश सरकारका संरचनाहरूलाई व्यवस्थित गर्नको लागि अहिले केरे सुरक्षा पर्खाल निर्माण गर्ने कुरा हामीले गरेका छौं, त्यसपछि गएर मन्त्रालयको भवनहरू, एकीकृत भवनहरू निर्माण गर्ने कुरा गरेका छौं, लगायतको वरपरका विकासहरू सँगसँगै खानोपानीमा ५ करोड मात्रै किन भो? भन्ने प्रश्न पनि उठेको छ। म सम्मानित सदनमा के कुरा आग्रह गर्न चाहन्छु त भन्दाखेरि चालु आर्थिक वर्षमा पनि यसमा हाम्रो ५ करोडको बजेट नै थियो तर अहिलेसम्म १ रुपैयाँ पनि खर्च हुन सकेन किन भन्दाखेरि वीरेन्द्रनगरको बृहत खानेपानी भेरी पम्पिङ्ग गर्ने केरे लिप्टिङ्ग गर्ने खानेपानी आयोजना जो छ, यो प्रदेश सरकार त्यसपछि संघीय सरकार र स्थानीय सरकारको तीन तहको केरे समन्वयमा यसको सह-लगानीमा यो आयोजनालाई सम्पन्न गर्ने कुरा छ। त्यसको लागि हामीले हाम्रो पार्टमा २० प्रतिशत हो जस्तो लाग्छ, २० प्रतिशत हामीले व्यहोर्नुपर्ने छ। त्यसको लागि ६ अरबको २० प्रतिशत हामीले व्यहोर्नु पर्ने स्थिति केरे ८० करोड जस्तो हाम्रो व्यहोर्नुपर्ने छ। यो आर्थिक वर्षमा अहिलेसम्मन ठेक्का नखुलेको कारणले गर्दाखेरि आगामी आर्थिक वर्षमा ठेक्का गरेर सम्झौता गरेर त्यसपछि गएर काममा जाँदाखेरि हाम्रो पार्टको जो हामीले प्रदेश सरकारले जो लगानी गर्नुपर्ने पैसा छ त्यो पैसा ५ करोड हुँदाखेरि केरे पुग्ला भन्नुपर्ने हाम्रो अनुमान हो। यदि पुगेन थप्नुपर्ने भो भनेपछि यसमा राजधानीको खानेपानी व्यवस्था खानेपानीलाई व्यवस्थित गर्नको लागि बजेटको अपुगता हुने स्थिति हुँदैन। हामी यलाई बजेटलाई व्यवस्थापन गर्न सक्ने ठाउँमा हुन्छौ गर्न सकिन्छ तर अब अहिले पैसा धेरै राख्ने पछि खर्च नहुने स्थिति भो भनेपछि फेरि हामीले अहिले एकटिभिटिज भेसमा जे केरे बजेट निर्माण गरेका छौं, भनेका छौं, यसको हामीले ठूलो मात्रामा हुने रकमान्तरलाई हामीले रोक्ने आर्थिक अनुशासन कायम गर्ने हाम्रो यसको लक्ष्य छ समयमै यसलाई खर्च प्रणालीलाई व्यवस्थित गर्ने भन्ने हाम्रो लक्ष्य छ। त्योअनुसार अगाडि बढ्दाखेरि हामीले अहिले जे हामीले

अलिकति यो टेण्डर गरेर सम्झौता गरेर काम सुरू गर्दाखेरि हाम्रो पार्टमा यति पर्न सक्छ भन्ने एउटा अनुमानको आधारमा यो राखिएको हो थप बजेट चाहिन्छ। यसलाई हामीले थप बजेट व्यवस्थापन गर्नको निमित्त कुनै समस्या रहेने छैन भन्ने कुरा म यहाँ राख्न चाहन्छु। त्यसकारणले गर्दाखेरि अब यी सबै विषयहरूलाई म के आग्रह गर्न चाहन्छु त भन्दाखेरि एकदम इमान्दारीतापूर्वक प्रदेशको ४ वर्षको समीक्षा गरेर बजेट निर्माणको बजेट कार्यान्वयनको ४ वर्षको समीक्षा गरेर ती आएका त्यहाँबाट लिएका शिक्षाहरू हामीले जे-जति बुझ्यौं जे-जति भोग्यौं र जे-जति जान्यौं हामीले हामीले नदेखेका नजानेका न भोगेका पनि थुप्रै समस्याहरू होलान् है जे-जति हामीले भोग्यौं जे-जति हामीले देख्यौं र जे-जति हामीले जान्यौं ती समस्याहरूलाई हल गरेर बजेट निर्माणको प्रकृयामा र कार्यान्वयनको प्रकृयामा अझ सरल, सहज ढङ्गले यसलाई कार्यान्वयनको प्रकृयामा अगाडि बढोस् भन्ने उद्देश्य केरे कुरालाई केन्द्रबिन्दु राखेर त्यति उद्देश्य राखेर, त्यो उद्देश्य राखेर हामी बजेट निर्माणको प्रकृयामा अगाडि बढेका छौं। हुन सक्छ यो बजेटलाई हेर्दाखेरि विभिन्न आँखाबाट हेर्दाखेरि कसैले केही देख्न सक्छन् कसैले केही देख्न सक्छ, कसैले केही देख्न सक्छ, मेरो आग्रह के छ त भन्दाखेरि म एकदम यो बजेट प्रस्तोता हिसाबले हेर्दाखेरि मेरो आग्रह के छ भन्दाखेरि सबैलाई मेरो आग्रह के छ भने यसमा एकदम कर्णालीको प्रदेशको समृद्धि र विकासलाई केन्द्रमा राखेर थुप्रै माननीयज्यूहरूले एकदम कार्यकर्ता भरणपोषण गर्ने बजेट हो, अर्को हो भन्ने भो ठिकै छ, त्यसमा पनि केही छैन, म बजेट निर्माणको अब अर्थ मन्त्रालयको जिम्मेवारी सम्हालेको हिसाबले हेर्दाखेरि र त्यसपछि यहाँ बजेट प्रस्तोताको हिसाबले हेर्दाखेरि अहिलेको प्रदेश सरकारको प्राथमिकताको हिसाबले हेर्दाखेरि पनि राजनीतिक पार्टीबाट प्रभावित भएर कोही कुनै विचारबाट प्रभावित भएर सत्तापक्षको भनेर प्रभावित भएर निर्माण गरिएको बजेट मान्छे हौं, यही समाजमा जन्मेका हौं अलिअलि अलिकति तन्किने खुम्चिने भयो होला, त्यसमा एकदम शुद्ध भएर गर्न चाहँदैन खुम्चिने भयो होला अलिकति तन्किने भयो होला कतै विगतका पनि बजेट निर्माणका प्रकृयालाई पनि हामीले छलफलमा गम्भीरतापूर्वक छलफलमा हामी सबै सहभागी भयौं। हामीले नै बजेटको केरे यसका यी नेगेटिभ पक्ष यी हुन् भनेर गम्भीरतापूर्वक हामीले नै उठायौं। ती सबै छलफलहरूलाई सम्झेर ती सबै छलफलहरूलाई छलफल बहस जे भएका थिए, त्यलाई मनन गर्ने गरी अब यलाई बजेट निर्माणको प्रकृयामा अगाडि बढेको कुरा म यो सम्मानित सदनमा अ आग्रह गर्न चाहन्छु। म भन्दिन कि सप्पै चिज ठिक छ, केही पनि गलत भएको छैन, मैले मेरो त्यो दाबी छैन, इमान्दारीतापूर्वक त्यलाई देखेका समस्याहरूलाई विगतका हाम्रा सीमाहरूलाई क्रस गरेर सीमाहरूलाई हल गरेर समस्याहरूलाई हल गरेर कमीहरूलाई हल गरेर अगाडि बढ्ने प्रयत्न हामीले हाम्रो मन्त्रालयको टिमले र प्रदेश सरकारको समग्र टिमले यो प्रयत्न गरेको जस्तो मलाई लाग्छ र त्योअनुसार हामी अगाडि बढेका छौं यो म आग्रह गर्न चाहन्छु। हामीले यो बजेट कार्यान्वयन गर्दै जाँदाखेरि विगतमा विगतको

विनियोजनमा हाम्रा केही समस्या हुँदाखेरि कार्यान्वयनमा पनि समस्याहरू रहे अहिले विनियोजन अलिकति यलाई व्यवस्थित गरौं र कार्यान्वयनमा यो व्यवस्थित हुन्छ भन्ने हाम्रो ठम्याइ हो। कार्यान्वयनमा खर्च हामीले व्यवस्थित गरेर खर्च बढ्दै जाँदाखेरि हाम्रो प्रतिव्यक्ति आय पनि बढ्दै जाने स्थिति हुन्छ। हाम्रो हाम्रो अर्थ तन्त्रमा सुधार हुन्छ, त्यसको केरे आर्थिक गतिविधि बढ्दै जान्छ अर्थतन्त्रमा सुधार हुन्छ र हामी अलिकति १ स्टेप अगाडि बढ्न सक्छौं। त्यसकारणले गर्दाखेरि मलाई के विश्वास छ भन्दाखेरि यो बजेट कार्यान्वयनको प्रकृयामै जाँदा कार्यान्वयनको प्रकृयामा जाँदै गर्दाखेरि यले पक्कै पनि हाम्रो अर्थतन्त्रलाई हाम्रो आर्थिक अबस्थालाई सुदृढ गरेर अगाडि बढ्नेछ। अर्को महत्त्वपूर्ण कुरा यहाँ माननीय सदस्यज्यूहरूले पनि उठाउनु भएको छ। हाम्रो आयस्रोतलाई व्यवस्थित गर्नको निमित्त कसैले पनि ध्यान नदिने भयौं भन्ने कुरा छ। म एकदम गम्भीरतापूर्वक हामीले ध्यान दिएका छौं। म सप्पै यो सम्मानित सदनमा माननीय सभामुखज्यूमार्फत म के आग्रह गर्न चाहन्छु त भन्दाखेरि यो सम्मानित सदनमा भएका हामी सबै कर्णाली प्रदेशको विकास र समृद्धिप्रति चिन्ता राख्ने सप्पैलाई म खुल्ला अपिल म के गर्न चाहन्छु त भन्दाखेरि हामी सप्पैले चिन्ता गरौं एकचोटि हाम्रो आर्थिक आम्दानी हाम्रो आन्तरिक आयस्रोत कसरी वृद्धि गर्न सकिन्छ हामीले त पछिल्लो अबधिमा त्यसको अध्ययन सुरू गरेका छौं प्रारम्भिक रिपोर्ट तयार गरेका छौं। मन्त्रालयगत रूपमा केरे राजस्व परामर्शको मिटिङ्ग गरेर यसका क्षेत्रहरू पहिचान गरेर अध्ययन गर्ने हामीले प्रयत्न गरेका छौं। बाहिरको कन्सल्टेन्सले पनि एउटा प्रारम्भिक रिपोर्ट प्रदान गरेको छ। अझैं हामी यसको अझ गहिरो अध्ययन गर्नको निमित्त हामी अगाडि बढ्ने कुरा अहिलेको कार्यक्रमा हामीले राखेका छौं। र अझै हामीले के भनेका छौं भने स्थानीय तहलाई पनि म यो आजको विशेष सन्दर्भमै यो सम्मानित सदनमा माननीय सभामुखज्यूमार्फत के आग्रह गर्न चाहन्छु त भन्दाखेरि हाम्रो गिटी, बालुवा, ढुङ्गा र ७२/७२ को हाम्रो खोला ठेक्का लाउने परम्परा जो छ यो कुराको अन्त्य गरौं भन्ने हाम्रो अहिले छ, त्योअनुसारको कार्यविधि बनाएर खोला ठेक्का नलगाउने खोला ठेक्का लगाउँदाखेरि ५०/६० लाखमा खोला ठेक्का लाउने तर त्यहाँबाट करोडौंको केरे समान निकाल्ने जे हाम्रो परम्परा छ जे हाम्रो चलन छ त्यलाई कन्ट्रोल गर्नको लागि अब के गरम् त भन्दाखेरि गाउँपालिका र नगरपालिकालाई आफैंले घाटगद्दी भनेर घाटगद्दीबाट ठेक्का लाउने मात्रै हामीले गर्न सक्ने हो भनेपछि हाम्रो आन्तरिक राजस्वलाई स्थानीय तहहरू पनि सफल हुन सक्थिम् बलियो हुन सक्ने र त्योबाट हामीले प्राप्त गर्ने जो हाम्रो पार्ट हुन्छ त्यो पार्टबाट प्रदेश सरकारको पनि उल्लेखनीय मात्रामा हाम्रो राजस्व वृद्धि  हुने यो हामीले देखेका छौं र त्योअनुसारको हामीले अहिलेको केरे आर्थिक अर्थ विधेयकमा पनि त्यो हामीले राखेका छौं र त्यपछि गएर केरे कार्यविधि तयारी अब अन्तिम चरणमा छौं। त्यो कार्यविधि तय गरेर स्थानीय तहले समन्वय गरेर सहकार्य गरेर सही ढङ्गले कार्यान्वयन गर्दाखेरि हामी आगामी आर्थिक वर्षको जे हामीले आन्तरिक राजस्वको हामीले जे प्रक्षेपण गरेका छौं त्योभन्दा हामी धेरै

अगाडि बढ्न सक्ने हामीले सम्भावना देखेका छौं। तर अब त्यो ठिक ढङ्गले बढ्न सकेन भने पछि हाम्रो जे हामीले प्रक्षेपण गरेका छौं हामी पुग्न सक्छौं हाम्रो त्यो प्रक्षेपण छ। त्यसकारणले गर्दाखेरि यो कुरालाई विभिन्न ढङ्गबाट त्यसपछि गएर हाम्रो आफ्नै लगानीमा हाम्रा केरे कर्णाली प्रदेशमा के भन्छ कर्णाली प्रदेशमा उत्पादन हुने त्यो कच्चा पदार्थमा आधारित भएका उद्योगहरूलाई हामीले सेलेटको उद्योग सञ्चालन गरौं र त्यसपछि हाम्रा निर्माण हुने संरचना सबैमा सेलेट गर्न अनिवार्य गरौं यो कुरालाई हामीले अन्तरसम्बन्धित बनाएर अगाडि बढाएर लैजाँदाखेरि जरुर रूपमा हाम्रो रोजगारी सिर्जना हुने र त्यसपछि गएर आर्थिक रूपमा केही न केही प्रदेश सरकार पनि सबल हुने हामीले सम्भावना देखेका छौं। त्यस्तै अरू जडीबुटीको कुरा छ अल्लो प्रशोधनको कुरा छ त्यसपछि गएर काठसँग सम्बन्धित उद्योगका कुरा छन्, हामीले यो कुरालाई केरे सार्वजनिक निजी साझेदारीमै उद्योगहरू सञ्चालन गर्ने कुरा हामीले बजेटमा महत्त्वपूर्ण ढङ्गले यहाँ उल्लेख गरेका छौं, त्यसका पछाडिका कारण के छन् त भन्दाखेरि जरुर रूपमा यसले आर्थिक रूपमा हामीलाई आत्मनिर्भर बनाउनको निमित्त यले आधार तयार गर्नेछ भन्ने हाम्रो बुझाइ छ। योअनुसार अगाडि बढेका छौं हामीले भनिम् मैले सुरूदेखि भन्ने गरेको छु, आज पनि म विनम्रतापूर्वक आग्रह गर्न चाहन्छु। भेरी नदी कर्णालीमा उत्पत्ति भएर कर्णालीमा अन्त्य हुने नदी हो एकल अधिकार प्राप्त कर्णाली प्रदेशले प्राप्त गर्ने नदी हो अहिले पानी डाइभर्सन गरेर लुम्बिनी प्रदेशलाई दिइँदैछ र हामीले केही पनि प्राप्त गर्न त्यहाँबाट हामीले गुमाउनेभन्दा प्राप्त गर्ने केही पनि छैन। त्यसकारणले गर्दाखेरि त्यहाँबाट उत्पादन हुने ४८ मोगावाट विद्युत् जो छ त्यो विद्युत् संघीय सरकारले निर्माण गरेर गिफ्टको रूपमा उपहारको रूपमा प्रदेश सरकारलाई दिनुपर्छ भन्ने कुरा हामीले सशक्त रूपमा उठाउनु पर्छ। त्यसको वार्षिक रूपमा आउने आम्दानी जो छ, त्यो आम्दानी प्रदेश सरकारको आम्दानी बन्ने हो भने प्रदेश सरकार आत्मनिर्भर भएर अगाडि बढ्न सक्छ। यस्ता प्रकृतिका आयोजनाहरूतिर हाम्रो छलफल गर्नुपर्ने आवश्यकता छ। म गम्भीरतापूर्वक यो सम्मानित सदनको माननीय सभामुखज्यूमार्फत ध्यानाकर्षण गराउन चाहन्छु। हामीले आफ्नै गतिविधिबाट आत्मनिर्भर गर्नको लागि आत्मनिर्भर हुनको लागि प्रयत्न गर्ने र पछाडि पारिएको हाम्रो प्रदेश विगतदेखि केन्द्रीकृत सत्ताले पछाडि पारिएको प्रदेशलाई उपहार दिएर अथवा त्यसले थप लगानीको व्यवस्थापन गरेर त्यसपछि गएर आर्थिक रूपमा आत्मनिर्भर बनाउनुपर्ने आवश्यकताको बारेमा हाम्रो छलफल बहस र हाम्रो स्वर कमजोर भएको छ। यसलाई अलिकति बढावा बनाएर लैजानुपर्छ र यलाई अलिकति बलियो बनाएर लैजानुपर्छ भन्ने म यहाँ यो सन्दर्भमा म आग्रह गर्न चाहन्छु। त्यसकारण गर्दाखेरि यी सबै विषयहरूलाई हेर्दाखेरि हामीले अहिलेको बजेट निर्माण गर्ने प्रकृयामा सुरूदेखि बजेट प्रस्तुत गर्ने बेलासम्म पनि हाम्रो आन्तरिक राजस्व कसरी वृद्धि गर्ने भन्ने कुरोलाई एकदम गम्भीरतापूर्वक महत्त्वका साथ छलफल गरेको र त्यसपछि आज नै धेरै ठूलो उलटपुलट गर्ने गरी त्यतातिर केरे निष्कर्षमा उपलब्धिमा पुग्न

नसकेको यो विषय हो। म यो सम्मानित सदनमा माननीय सभामुखज्यूमार्फत यो विषयको गम्भीरतापूर्वक म यहाँ आग्रह गर्न चाहन्छु। त्यसकारणले गर्दाखेरि म फेरि पनि भन्छु हामीले यी सबै गतिविधि गर्दाखेरि हाम्रो आर्थिक वृद्धि दर बढ्नेछ दरो रूपमा यले केही न केही नयाँ उचाइ हासिल गर्नेछ। एक जना माननीय सदस्यले भन्दै हुनुहुन्थ्यो डोरी चुँडेको चङ्गाको रूपमा भनेर भन्दै हुनुहुन्थ्यो, म के आग्रह गर्न चाहन्छु त भन्दाखेरि माननीयज्यू माननीय सभामुखज्यूमार्फत आग्रह गर्न चाहन्छु। डोरी तपाईंको हातमा छ चङ्गाले उचाइ मात्रै हासिल गरेको अलिकति उचाइ लिँदैछ डोरी हातमा छ, चुँडेको छैन, उचाइ अलिकति अग्लो ठाउँमा जानासाथ यो चुँडियो भन्ने कल्पना नगर्नुस् हामीसँगै छ डोरी, डोरी चुडेको छैन, यो उचाइ लिँदै छ। उचाइ लिन्छ दरो रूपमा हामी फेरि पनि यसको लागि म अन्तिममा के आग्रह गर्न चाहन्छु त भन्दाखेरि हुन त अब कार्तिक मंसिरमा हामी चुनावमा जाँदै छौं, चुनावपछि अर्को अरू जनप्रतिनिधिहरू आउनुहोला तर यो अभिच्छिन्न उत्तराधिकारी संस्था भको कारणले गर्दाखेरि म आग्रह के गर्न चाहन्छु त भन्दाखेरि हामी उचाइ लिन्छौं, अगाडि बढछौं, हाम्रो फेरि पनि सबैको साझा मत, साझा धारणा, हामीले यो प्रदेशसभा स्थापनाको प्रारम्भको त्यो संस्कार र संस्कृति हामीले स्थापित गरेको बीचमा अलिकति गडबड भएछ यलाई फेरि हामीले अब यो प्रदेशसभा हाम्रो कार्यकाल ५ वर्षको कार्यकाल सम्पन्न हुँदै जाने बेलामा मेरो आग्रह के छ त, विनम्रतापूर्वक म के आग्रह गर्न चाहन्छु त भन्दाखेरि प्रदेशसभा स्थापनाको प्रारम्भमा हामीले सत्तापक्ष प्रतिपक्ष केही पनि नभनेर रोग-भोक र गरिबी हाम्रो प्रतिपक्ष हो। एकोहोरो एक मत भएर एकढिक्का भएर लड्नु पर्छ भनेर यसका बिरुद्ध भनेर हामीले जे सङ्कल्प गरेका थियौं, फेरि हामी यो कार्यकाल सम्पन्न हुँदै जाँदाखेरि त्यो सङ्कल्पसहित हामी यो सभाबाट बाहिरिने स्थिति बन्यो भनेपछि हामी कर्णाली प्रदेशका लागि एउटा ऐतिहासिक जनप्रतिनिधिका रूपमा ऐतिहासिक संस्थाको रूपमा ऐतिहासिक जनप्रतिनिधि रूपमा हामी रहनेछौं भन्ने कुराको म विश्वास व्यक्त गर्दछु। यो आग्रह गर्न चाहन्छु, फेरि पनि सहकार्य, समन्वय समझदारी र एकताबाट मात्रै कर्णालीको समृद्धि सम्भव छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु र आफ्नो भनाइ यही अन्त्य गर्छु, धन्यवाद।

**माननीय सभामुखः**- माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को राजस्व र व्ययको वार्षिक अनुमानित बजेटमाथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउँछु।

माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम १३२ को उपनियम ६ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९अन्तर्गत मन्त्रालयगत विनियोजनमाथिको छलफलका लागि आज असार १२ गतेदेखि १८ गतेसम्म निम्नअनुसारको कार्यतालिका निर्धारण गरेको छु। असार १२ र १३ गते कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९अन्तर्गतको आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेशसभा सचिवालय र सामाजिक विकास मन्त्रालय असार १४ र १५ गते भौतिक

पूर्वाधार तथा सहरी विकास मन्त्रालय र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय असार १६ र १७ गते आर्थिक मामिला तथा योजना मन्त्रालय, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय र भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्रालय असार १८ गते मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र कर्णाली प्रदेश योजना आयोगका शीर्षकहरू माथि दफावार छलफलका लागि समय निर्धारण गरेको छु। माननीय सदस्यहरू प्रत्येक मन्त्रालयगत र निकायगत छलफल सकिएलगत्तै सम्बन्धित मन्त्रीले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुहुने व्यहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९ को विभिन्न शीर्षकहरूमाथि खर्च कटौतीको प्रस्ताव पेस गर्न चाहनु हुने माननीय सदस्यहरूले कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम १३५ बमोजिम उक्त प्रस्तावको सूचना दिँदा प्रत्येक मन्त्रालयअन्तर्गतको विनियोजनमाथिको छलफल सुरू हुनुभन्दा अगावै सचिवालयमा पेस गर्न सक्नु हुने व्यहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू यो बैठक कार्यबाही यही समाप्त हुन्छ। अब सभाको अर्को बैठक १५ मिनेटपछि बस्ने व्यहोरा जानकारी गराउँछु।

## बैठक संख्या-१८
## (वि.सं. २०७९ साल असार १२ गते आइतबार)

राष्ट्रिय गान,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको अठारौं बैठकको कार्यबाही प्रारम्भ हुन्छ। के होला माननीय सदस्यहरू, माननीय सदस्यले बोल्न खोज्नु भको हो रोस्टम प्रयोग गर्न सक्नु हुन्छ।

**माननीय श्री यामलाल कडेंलः-** माननीय सभामुख महोदय, त्यसका लागि माननीय सभामुखलाई धन्यवाद दिन चाहन्छु। म जुन परिस्थितिमा विषय राख्न उपस्थित छु, त्यो विषयका आधारबाट यहींबाट नै बोल्नु उपयुक्त होला भन्ने मलाई लागिराछ। माननीय सभामुख महोदय, हामी कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०७९/०८० को वार्षिक बजेटमाथि सैद्धान्तिक छलफल र सम्बन्धित प्रस्तोताको जवाफपछि हामी मन्त्रालयगत छलफलमा प्रवेश गर्ने चरणमा छौं। माननीय सभामुख महोदय, नेकपा एमाले संसदीय दलको हिसाबले प्रतिपक्ष रहेर प्रस्तुत भएको यो दोस्रो पटकको बजेट हो हामीले योभन्दा अगाडि आफू प्रतिपक्षमा रहँदारहँदै पनि आफ्ना विषयहरू गम्भीरतापूर्वक उठाउँदा उठाउँदै पनि आफ्नोतर्फबाट रचनात्मक सहयोग गर्दै आएको कुरा व्यक्त गर्न चाहन्छु। अनुभूति गर्नेहरूले अरूले त्यलाई कसरी लिइरहेका छन्, त्यो सम्बन्धितको कुरा नै हो माननीय सभामुख महोदय, हामीले गएको वर्ष पनि हामीले गम्भीरतापूर्वक आफ्ना विषयहरू सभासमक्ष राख्यौं, आफ्नातर्फबाट बजेट प्रस्तुतको विकल्प पनि प्रस्तुत गर्‍यौं तर सरकार स्वयम् विकल्प निकाल्ने निकायमा हुँदाहुँदा पनि सल्लाह विपरीत आफ्नो ठाउँमा अगाडि बढ्यो यो सदनले अध्यादेशमार्फत बजेट ल्याउनुपर्ने परिस्थिति प्रमुख प्रतिपक्षका कारणले होइन, सरकारलाई बाटो दिंदादिंदै पनि हामीले त्यतिबेला पनि छलफलमा भनिरहेका थियौं कि सरकार अर्को बाटो हिंड्न खोजिरहेको छ। हामीले त्यति बेला पनि भन्यौं नभन्दै हामीले पूर्व अनुमान गरेका थियौं। सरकार त्यो बाटोमा हिंड्यो हामी माननीय सदस्यहरूले सूचनाका माध्यमबाट सभा स्थगित भएको सूचना प्राप्त गर्‍यौं। फेरि जब यो सदन सुरू भयो, हामीले फेरि प्रारम्भमा अध्यादेशद्वारा विकृत बनाइएको बजेटलाई परिवर्तन गर्ने कुरा त थिएन, सकिनै थियो तर त्यलाई आफ्नोतर्फबाट सभा सुरू भइसकेपछि नेकपा एमालेकोतर्फबाट जिम्मेवारीबोधका साथ प्रस्तुत भएको बजेटलाई जनताको पक्षमा आर्थिक सुशासनको पक्षमा केही गर्न सकिन्छ कि भन्ने हिसाबले हामीले केही विषयहरू राख्यौं, छलफल चल्यो, हामी एउटा सहमतिमा पुग्यौं। हामीलाई विश्वास थियो सरकारको नेतृत्व गर्नुभएको नयाँ मुख्यमन्त्रीज्यू जसले यो सदनभित्र ३ वर्ष प्रमुख प्रतिपक्ष दलको भूमिका निर्वाह गरेको साथी माननीय सदस्यज्यू नै सरकारको नेतृत्व हुँदा सुधारको हिसाबले केही अगाडि बढ्ने कुरा हुन सक्छ भनेर यही सम्मानित सभामा बोल्दा कतिपयले अहिले पनि भनिरहेका छन्, प्रमुख प्रतिपक्षले त रोस्टमबाटै सरकारको समर्थन पो गर्दैछ। र हामीलाई हिजो यस्तो भन्यो भन्ने किसिमले टिप्पणी गरिरहेको हामीले

सुनिरहेका छौं वा मैले सुनिरहेको छु। हामीले त्यति बेला पनि गम्भीरतापूर्वक प्रश्न उठाएका थियौं। हामीले एकचोटि विश्वास गर्नुपर्ने हुन्छ नयाँ व्यक्तिलाई जिम्मेवारी लिनुभएको छ। ३ वर्षमा प्रमुख प्रतिपक्ष दलको नेता भएर जिम्मेवारी निर्वाह गर्नुभएको छ, आफूले भन्ने गर्दा जे बोल्छु, त्यो गर्छु भनेर भन्ने अभिव्यक्ति एक पटक हैन बारम्बार सदनभित्र सदनबाहिर सुनिरहेको एउटा अबस्थामा हामीलाई विश्वास थियो कि त्यो ढङ्गले सरकार बजेट ल्याउनुभन्दा अगाडि पनि सहमति र सल्लाह जे गरिरहेको थियो त्यो कुरा नै बकितमको कुरा थिएन माननीय सभामुख महोदय, स्वयम् माननीय सभामुखले आयोजना गर्नुभएको माननीय सभामुखको अध्यक्षतामा बसेको सर्वदलीय बैठकले त्यति बेलाका समस्याको समाधान मात्रै हैन आगामी दिनमा कार्यान्वयन गर्ने पाटोमा, बजेट निर्माण गर्ने पाटोमा कसरी जान सकिन्छ? कसरी जानु पर्छ? भन्नेसमेत कुरा उल्लेख गरेर हामीले एउटा सहमतिमा सामेल गरेका थियौं। अविश्वास गर्दागर्दै पनि विश्वास गर्नुपर्ने परिस्थिति थियो लिखितम् गरिसकेपछि त सहमति गरिसकेपछि त माननीय सभामुखको अध्यक्षतामा बसेको सर्वदलीय बैठकले निर्णय गरिसकेपछि र स्वयम् माननीय मुख्यमन्त्रीज्यूले रोस्टम प्रयोग गरेर त्यसलाई वाचन गर्नेदेखि लिएर अगाडि बढ्दा हामीले विश्वास गर्‍यौं सभामुख महोदय, त्यति बेला पनि हामीलाई आशंका थियो नै उहाँ जुन धरातलमा जुन ठाउँमा, टेकिरहनुभएको छ र जुन सहमति गरिरहनु भएको छ, उहाँ कुन बाटो रोज्नुहुन्छ आशंका थियो नै सभामुख महोदय तर हामीले विश्वास गर्नुको अर्को विकल्प थिएन किनकि त्यसमा स्वयम् यो संसद्भित्र रहेका सबै राजनीतिक पार्टीका दलका नेताहरूको उपस्थितिबाट सहमति गरिएको अबस्था थियो। सहमति एउटा गर्ने, बाटो अर्को लिने कुरा गर्नुहुन्छ होला जस्तो मलाई लागेको थिएन। फेरि हामीले उठायौं, यो सभा चलिरहँदा उठायौं, के हो यो? कसरी अगाडि बढ्नुहुन्छ? केही कुरा तलका लागि पनि गरे जस्तो गर्नका निम्ति स्वयम् सरकारले तल पनि परिपत्र नगरेको होइन माननीय सभामुख महोदय, परिपत्र गरेको मैले पनि देखें, पढें, हामीले यहाँ प्रश्न उठायौं गर्छु नै भन्नुभयो तर समय बित्दै जाँदा आफूले पठाएको परिपत्रका विपरीत फेरि सरकार अगाडि बढ्ने परिस्थिति हामीले देख्यौं, हामीले हाम्रो ठाउँबाट सकेसम्म जनतालाई साक्षी राखेर आफ्ना मतदातालाई साक्षी राखेर आफ्नोतर्फबाट रचनात्मक सहयोग गरेर अगाडि बढ्ने कोसिस नै हाम्रो दायित्व र कर्तव्यभित्र पर्छ भन्ने कुरा म राम्ररी बुझिरहेको छु। सरकार त्यसरी नै हिंड्यो मैले यहाँ फेरि वाचन गरिरहन पर्दैन यो संसद्को अभिलेखमा पनि सुरक्षित छ। माननीय मुख्यमन्त्रीज्यूले बोक्ने धेरै कागजहरूमध्ये त्यतिबेला सँगसँगै लिएर हिंड्ने कागज अहिले पनि माननीय मुख्यमन्त्रीज्यूसँग छ नै होला जस्तो लाग्छ। टुक्रे योजना क्रियाशील भए मुख्यमन्त्री रोजगार कार्यविधि सच्याउने कुरा भयो पूरानै क्रियाशील भयो पूर्वाधारको कुरा जे भनिएको थियो अहिले पनि भन्न चाहन्छु। अनधिकृत मान्छेहरूले बजेट बाँडफाँडमा गर्ने तरिका अबलम्बन गरियो त्यो समितिको एउटा माननीय सदस्य बेखबर हुनुपर्ने परिस्थिति सरकारले निर्माण गर्‍यो। फेरि यो बजेट आज

हामीले जे प्राप्त गरेका छौं हाम्रो के विश्वास थियो भने हामीले किताब यो ३ दिन अगाडि पनि छलफल चलाउन सकिन्थ्यो तर हामीले धैरे गऱ्यौं सैद्धान्तिक छलफल गर्दा पार्टीकातर्फबाट गम्भीरतापूर्वक कुरा उठाउँदा सरकारले महसुस गऱ्यो भने आज हामीले जुन बाटो अबलम्बन गर्न खोजिरहेका छौं। त्यो बाटो अबलम्बन गर्ने परिस्थिति नआओस् भन्ने मनसायका आधारबाट हामीले धैर्यतापूर्वक सैद्धान्तिक छलफलमा भाग लियौं। अघि भर्खर माननीय मन्त्रीज्यूको पनि जवाफ सुनियो। माननीय सभामुख महोदय, फेरि पनि म भन्न चाहन्छु। हामी जिम्मेवारीपूर्वकका साथ आफ्ना कुरा राख्न गइरहेका छौं। माननीय मन्त्रीज्यूले सरकारकातर्फबाट जिम्मेवारीबोधका साथ बोलिरहेको कुरालाई म थप टिप्पणी गर्न चाहान्न माननीय सभामुख महोदय, म त्यसलाई कुनै विशेषण जोड्न चाहान्न तर म यति भन्न चाहन्छु, माननीय मन्त्रीज्यूले जे भन्नुभएको छ, त्यो तथ्यमा आधारित छैन। उहाँले नै प्रस्तुत गर्नुभएको दस्तावेजमा आधारित छैन। म त्यलाई सप्पै झूठ त भन्न मिलेन एउटा माननीय मन्त्रीज्यूले जिम्मेवारीपूर्वक संसद्को रोस्टम प्रयोग गरेर दिइरहेको जवाफलाई सबै झूठ भन्न त मिल्दैन भन्दिन तर म यति भन्न चाहन्छु कि तथ्यमा आधारित छैन। हामीले प्राप्त गरेको किताब योजना त कसका कति छन्? समय क्रममा छलफल गरौंला। माननीय सभामुख महोदय, एउटा चिजमा चाहिँ धन्यवाद दिनैपर्ने छ। हामीले प्राप्त गरेको त्यो किताबले प्रदेशको सिमाना चाहिँ विस्तार गरेछ, यो कहींले निर्णय भएछ? कोले निर्णय गरेछ? त्यो जिल्ला कहींले कर्णाली प्रदेशभित्र परेछ? यो मलाई त थाहा छैन तर क्षेत्रफल विस्तार हुँदा धन्यवाद त दिनै पर्छ जस्तो लाग्यो। हाम्रो कर्णाली प्रदेशमा १० ओटा जिल्ला थियो, त्यो किताब पढ्ने हो भने, त्यो किताबको अध्ययन गर्ने हो भने, सङ्ख्या १०भन्दा माथि पुग्याछ। त्यसका निम्ति त म धन्यवाद दिन चाहन्छु तर म भन्न चाहन्छु, अनुरोध गर्ने चाहन्छु, माननीय मन्त्रीज्यूले भन्नुभएको कुरा तथ्यमा आधारित छैन। म आज पनि फेरि गम्भीरतापूर्वक प्रश्न गर्न चाहन्छु। हामी छलफल गर्न तयार छौं, मैले त्यहीं रोस्टमबाट पनि भन्या थिएँ तर हामी त हिंड्ने त हो नि अगाडि भनेर सरकार हिंड्ने कुरालाई बाटो छेक्न जाने कुरा छैन माननीय सभामुख महोदय, हिजोका पनि संसद् र बैठकमा छलफल चल्दा को माननीय सदस्यले कसले के जवाफ दियो? के छलफल गऱ्यो? को कसरी प्रस्तुत भयो? संसद्मा सुरक्षित रेकर्ड छ। हामी आफ्ना कुरा जिम्मेवारीपूर्वक गम्भीरतापूर्वक तर शालीनतापूर्वक राखेको कुरा कोही कसैले अन्यथा ठान्नुहुन्छ भने मेरो भन्नु केही छैन तर म फेरि पनि भन्न चाहन्छु हामीले प्राप्त गरेको बजेट सीमा नै जिल्ला नै बढेर आएको छ। त्यो त आफ्नो ठाउँमा छ तर हिजो हामी सबै मिलेर कर्णाली प्रदेश यसरी अगाडि बढाउने आगामी बजेट बनाऔंदा यसरी गर्ने कुनै कार्यक्रम गर्दा यसरी गर्ने भनेर संसद्भित्र रहेको माननीय सभामुखको अध्यक्षतामा बसेको बैठकले हताहत गरेको हैन त्यो एकछिनमा लहर लागेर गर्ने निश्कर्ष निकालेको कुरा होइन, त्यो हामी धेरै पटक बसेर सुविचारी ढङ्गले छलफल गरेर अगाडि गरिएको कागजलाई बेवारिसे गराउने गरी जुन बजेट ल्याउनु भएको छ, हामीले सैद्धान्तिक

छलफलमा पनि ध्यानाकर्षण गर्‍यौं। आज फेरि मन्त्रालयगत छलफलमा प्रवेश गर्नुभन्दा अगाडि हामी फेरि पनि सभामुखमार्फत गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छौं कि यो अघि माननीय मुख्यमन्त्री माननीय अर्थमन्त्रीज्यूले भने जस्तो यो समृद्धिको दस्तावेज होइन छलफल गर्न सकिन्छ छलफल गरौंला, छलफल गर्ने सदन संसद्को थलो यही नै हो। म कसैलाई जवाफ दिन्न भन्दाभन्दै पनि सबै विषयमा उहाँले सविस्तार विषय प्रवेश गर्नुभएकै छ। विषय प्रवेश गर्नुभएकै छ, स्वीकार गर्नुभएको छ, आफैंले एउटा अर्थमन्त्रीले त्यहीबाटै स्वीकार गर्नु भाछ, म यो सबै ठिक छ भन्दिन, स्वयम् अर्थमन्त्रीले सबै ठिक छ म भन्दिन गल्ती छन्, गल्ती छन् भने गल्ती भएको दस्तावेजमा छलफल चल्न कसरी सक्छ सभामुख महोदय, कसरी चल्न सक्छ हुँदै नभएको क्षेत्राधिकार र जिल्ला र भूगोल समेटेर आएका योजनालाई आधारित बनाएर छलफल चलाउन सकिन्छ कसरी? म अहिले विषय प्रवेश गर्न चाहान्न तर म फेरि पनि भन्न चाहन्छु, यो कागजमा लेखिएको कुरा त्यति बेलाको समस्या समाधानलाई मात्रै सीमित थिएन, आगामी दिनमा कसरी अगाडि बढ्ने भन्ने कुरा यसमा लेखिएको छ। जुन कुरा एक पटक हैन पटक-पटक माननीय मुख्यमन्त्रीज्यूले रोस्टम प्रयोग गर्नुभएको छ। मैले अस्ति भनिन रेकर्ड खोलेर सुने हुन्छ। नीति तथा कार्यक्रममा जवाफ दिंदा माननीय मुख्यमन्त्रीज्यूले भन्नुभयो १५ लाखभन्दा तलका योजना आउँदैनन् रेकर्ड त्यहीं छ, सुने हुन्छ तर अर्थमन्त्रीज्यूको जवाफ जिम्मेवारीबोधका साथ बनाउने गरी हुने गरी जे ल्याउनु भाछ धेरै भन्न जरुरी म ठान्दिनँ। मुख्यमन्त्री रोजगार कार्यक्रम न नीतिमा चर्चा गरियो, विगतको बजेट जस्तो न बजेटमा चर्चा गरियो, विगतको जस्तो अहिले त्यो बाटोलाई अर्को कुनै सङ्गत दिन म चाहदिनँ सङ्गत चाहादिनँ तर जे यहाँ हामीले माघका फागुनका महिनामा जे भनेका थियौं जे बाटो हिंड्ने तय गरेका थियौं यो बाटो हिंड्ने भएकै कारणले गर्दा समय हुँदाहुँदै पनि मुख्यमन्त्रीज्यू कुरा मात्रै मिलाउने बाटोबाट हिंड्नु भएको रहेछ भन्ने कुरा आज पुष्टि हुँदैछ। हामीले कुरा मिलाउनका निम्ति कुरा गरिरहेका हैनौं अघि माननीय मन्त्रीज्यूले भने जस्तै कुने सौदाबाजीका निम्ति हामीले कुरा उठाइरहेका छैनौं, उहाँहरूले त्यहाँबाट पनि भन्नुभएको छ, कुरा एउटा छ, माग्दा अर्को छ, देखाउनु भए हुन्छ त्यो कोलाई भन्न खोज्नुभएको हो? यदि हाम्रा कोही माननीय सदस्यहरूले माग एउटा कुरा गर्नेछ भने त्यसको जिम्मेवारी त्यसको जवाफदेही नेकपा एमाले लिन तयार छ, लिन तयार छ। त्यसकारणले त माननीय मन्त्रीज्यूहरूले कहिलेकाहीं योजना माग्दाखेरि पनि दिऊँ कि नदिऊँ जस्तो लाग्छ। एकचोटि छलफल भयो मैले दलमा भने माननीय सदस्यज्यूहरू तपाईंहरूको आफ्नो पहलकदमीका आधारबाट योजना समावेश गर्ने कुरामा कुनै कमी नराख्ने गरी आफ्नो सक्रियता बढाउनुस् माननीय मन्त्रीज्यूहरूले पनि हाम्रा माननीय सदस्यहरूलाई फोन गरेर योजना टिपाउनुस्, योजना दिनुस्, भन्ने कुरा भयो तर किताब हेर्‍यो भने खालि छ। हो, हिजोको योजना छनोटका कारणले गर्दा असन्तुलन त भएकै थियो, त्यलाई तथ्यमा स्वीकार गर्न सकिन्छ तर के आज नयाँ योजना छैनन्? के नयाँ

योजना सन्तुलित छन् कि नयाँ योजनाले सबै चिजको सम्बन्धन गरिरहेको एउटा अबस्था छ? के त्यले खाडल बढाएको छ कि खाडल पुरेको छ? त्योसमेत क्रममा चर्चा गरौँला। हामीलाई संसद्मा भनियो नीति तथा कार्यक्रममा ल्याइयो नयाँ योजनाको हैन यो त अधुरा र क्रमागत योजना समावेश गर्ने वर्षका रूपमा नीति तथा कार्यक्रममा घोषणा गरियो तर धेरै जिल्लामा त्यस्ता क्रमागत योजना र अधुरा योजनाहरू जस्ताको तस्तै छ। त्यसकारणले माननीय सभामुख महोदय, हामी हाम्रो ठाउँबाट रचानात्मक सहयोग गर्न तयार छौं तर जे भइराछ, त्यलाई आफ्नो ठाउँबाट उहाँहरूले जे हिजो संसदीय अभ्यास गर्नुभयो त्यो अभ्यास त गर्दैनौं हामी, हामी आफ्नो ठाउँबाट कर्णाली प्रदेशका जनतालाई साक्षी राखेर जवाफदेही र जिम्मेवारीका साथ नेकपा एमाले संसदीय दलले आफ्ना भूमिका र काम कार्यबाही अगाडि बढाउनुपर्ने एउटा परिस्थिति यो प्रस्तुत बजेटले देखा पर्‍यो। जुन सहमति एमालेको मात्रै होइन सरकार भन्नुपर्ने हो, प्रतिपक्षले समर्थन गर्नुपर्ने हो तर कर्णाली प्रदेशमा उल्टोदेखियो कि थोरै योजना बनाऊ, राम्रो योजना बनाउ, देखिने गरी काम गरौं भन्छ हामी प्रतिपक्ष सरकारमा भएको पार्टी वा सरकार समय बिताउन खोज्दै जाँदा केही काम योजना  देखिने गरी काम गरौं भन्ने तरिकाका आधारबाट अगाडि बढिरहेको एउटा अबस्था छ। म फेरि पनि गम्भीरतापूर्वक अनुरोध र आग्रह गर्न चाहन्छु। यो कागजलाई नेकपा एमालेले बेवारिसे कागज हुन दिँदैन। बेवारिसे कागज हुने गरी हामीले आफ्नो भूमिकालाई तलबितल गर्न सक्तैनौं, जुन कागज बजेट निर्माणसँग सम्बन्धित छ, जुन कागज बजेटसँग नियमित कतिपय विगतमा चर्चा र विवादास्पद कार्यक्रम सञ्चालन गर्नेसँग सम्बन्धित छ यो कागज कुनै एउटा पार्टीको कागज होइन, यो कर्णाली प्रदेशको कर्णाली सभाभित्र रहेका सबै दलले सहमति गरेको कागज हो। हाम्रो माग छ यो सहमतिका आधारबाट दस्तावेज ल्याउने कुरा अझैं समय चुकेको छैन, सरकार लागोस् समय चुकेको छैन। सरकार लागोस् होइन जे आछ, जे बाटो हिँडिराछ, त्यहीं नै हाम्रो अन्तिम गन्तव्य भन्नुभयो भने माननीय सभामुख महोदय, दुःखका साथ भन्नपर्ने हुन्छ, हामीले बैठकको काम कार्यबाहीलाई अगाडि बढाउनका निम्ति सहयोग नसक्ने अबस्था छैन। यो हाम्रो कारणले हैन, यो सरकारको कारणले हो। त्यसकारणले माननीय सभामुख महोदय, फेरि भोलि पनि बैठक बस्नुपर्ने हुन्छ, समस्या आउँछन् छलफल गर्नपर्ने हुन्छ, मलाई लाग्छ संसद्मा यो तह गरेको कागज बिरलैमध्येको एउटा कागज होला जस्तो लाग्छ बिरलैमध्येको। त्यसकारण म फेरि पनि गम्भीरतापूर्वक अनुरोध र आग्रह गर्न चाहन्छु, समय बितेको छैन, सरकार सहमति सल्लाह जे गरिरहेको छ, संसद्भित्र पछाडि हट्ने काम नगर्नुहोस्। हामी त्यसमा सहयोग गर्न तयार छौं तर हामीले प्राप्त गरेको कागज, हामीले प्राप्त गरेको पुस्तिका र यो सदनमा सार्वजनिक भएको बजेट कार्यक्रमले त्यो भावनाको प्रतिनिधित्व गर्न सकिरहेको छैन। त्यसकारणले हामी सैद्धान्तिक छलफलबाट ध्यानाकर्षण गराउँदा सरकारको ध्यान गएन। हामीले २ दिनसम्म सैद्धान्तिक छलफलमार्फत सरकारको ध्यानाकर्षण गराउने, सरकारको

ध्यानाकर्षण भएर समाधानको बाटो निकाल्छ होला, निकाल्ने बाटोतिर सरकारले अग्रसरता लिन्छ होला भन्ने मैले ठानिरहेको थिएँ तर दुःखका साथ भन्नुपर्ने हुन्छ, सरकारलाई थप ध्यानाकर्षण गराउनका निम्ति हामीले संसद्मा यो तहको भूमिकामा उत्रिनुपर्ने परिस्थिति स्वयम् सरकारले निर्माण गरेको कुरा राख्दै फेरि पनि म माननीय सभामुखलाई भन्न चाहन्छु यो स्थितिमा संसद्को आजको कामकार्यबाहीलाई अगाडि बढाउने कुरामा हाम्रोतर्फबाट जुन सहयोग हुन पर्थ्यो, त्यो सहयोग गर्न नसकिने कुरा जानकारी गराउन चाहन्छु, धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यले आफ्ना विचार राख्नु भएको छ, थप केही विचारहरू राख्नुछ भने आगामी बैठकमा विशेष समयको व्यवस्था गर्न सकिन्छ, आसन ग्रहण गरौँ माननीय सदस्य, आसन ग्रहण गरेर बैठक सञ्चालनमा सहयोग पुऱ्याऔँ, माननीय सदस्यहरू आसन ग्रहण गरेर सहयोग गरौँ, माननीय सदस्यहरू आसन ग्रहण गरौँ, माननीय सदस्यहरू फेरि आग्रह गरेँ, माननीय सदस्यहरू आसन ग्रहण गरेर सहयोग गरौँ। बैठक सञ्चालनका लागि आसन ग्रहण गरौँ माननीय सदस्यहरू। बैठक सञ्चालनमा सहयोग गर्नुपर्ने माननीय सदस्यहरूको पनि दायित्व हो नि। माननीय सदस्यहरू, सहयोग गरौँ। आसन ग्रहण गरौँ। आसन ग्रहण गरौँ माननीय सदस्यहरू। माननीय सदस्यहरू, बैठक सञ्चालन गर्नका लागि आफ्नो ठाउँमा आसन ग्रहण गरेर सहयोग गरौँ। माननीय सदस्यहरूको असयोगका बाबुजुद पनि बैठक सञ्चालन गर्नु त्यति राम्रो नहोला। माननीय सदस्यहरू त्यो परिस्थिति आउनु, आसन ग्रहण गरौँ माननीय सदस्यहरू। माननीय सदस्यहरू, अब यो बैठक २०७९ साल असार १३ गते सोमबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ।

**बैठक संख्या-१९**

**(वि.सं. २०७९ साल असार २४ गते शुक्रबार)**

---

**राष्ट्रिय धुन,**

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको उन्नाइसौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू प्रदेशसभामा विपक्ष दलका नेता माननीय श्री यामलाल कंडेलले समय माग गर्नु भएकाले उहाँलाई समय उपलब्ध गराउँछु ।

**विपक्ष दलका नेता माननीय श्री यामलाल कंडेलः-** माननीय सभामुख महोदय, चालु अधिवेशनमा प्रस्तुत भएको बजेटमा सैद्धान्तिक छलफल पछि केही दिनको अन्तरालमा पछि फेरि आज प्रदेशसभाको बैठक अगाडि बढ्न गइरहेको छ । हामीले बजेटको सैद्धान्तिक छलफलमा पनि हाम्रातर्फबाट हामी सबै त्यो बजेटलाई राम्रो बनाउन जनता प्रति जवाफदेहि बनाउन सरकारप्रति विश्वास दिलाउनका निम्ति प्रतिपक्षमा रहदा रहदै पनि महत्त्वपूर्ण सुझावहरू दियै सरकार परम्परागत ढङ्गले नै अगाडि बढ्ने गऱ्यो फल स्वरूप हामीले आफ्नो प्रस्तुतिलाई वा भुमिकालाई परिवर्तन गर्न पर्ने परिस्थिति निमार्ण भयो जसका बारेमा चर्चा हुनु स्वाभाविक छ आ आफ्नो किसिमको टिका टिप्पणी गर्ने कुरालाई म अन्यथा ठान्दिन तर हामी हाम्रो कार्यकालको अन्तिम बजेट माथि छलफल चलाउदै छौं । ५ वर्षीय कार्यकालमा नेकपा एमाले प्रमुख प्रतिपक्षका हिसाबले दोस्रो बजेटमा आफ्ना धारणा राखिरहेको छ । प्रतिपक्षले आ-आफ्नो किसिमको भुमिका निर्वाह गर्ने कुराको अभिलेख हाम्रो ठाउँमा छ नै आज हामीले जुन बजेट प्राप्त गरेका छौं जसरी बजेट निमार्ण गरिएको छ बजेटमा कतिपय प्रविधिक त्रुटिहरू छन्, कतिपय सहमति विरुद्ध गरिएको कुरा थियो त्यहीं आधार विगतमा पाएको भए विगतमा प्रमुख प्रतिपक्षमा रहेर भुमिका निर्वाह गर्नेले के शब्द चयन गर्नु हुन्थ्यो उहाँले नै जान्ने कुरा भयो कसैले बिर्सिएको छ भने हामी प्रदेशसभामा रहेका सबै माननीय सदस्यहरूले त्यो दृष्टान्तलाई झलझली सम्झन सक्छु । हो हामीले गम्भीरतापूर्वक छलफलमा भाग लियै त्यहीं बिचमा कतिपय जिम्मोवारहरूको सामाजिक सञ्नाल अध्ययन गर्दा टिप्पणी हेर्दा त्यहीं मान्छेले लेखेको होकि हैन मलाई छुट्टाउन अहिले पनि गाह्रो परिराछ । त्यहीं मान्छेले नै लेख्या हो कि हैन लेख्न नपर्ने हो समाजमा चलेको चर्चाका आधारबाट स्वयम उसले भनेका प्रस्तुतिका आधारबाट त्यो मान्छे त्यस्ता व्यक्तिहरूले त्यो स्तरको सामाजिक सञ्जालमा प्रयोग गरेर समय खर्च नगर्नु पर्ने हो भन्ने लाग्छ तर पनि सत्यसलाई स्वीकार गरेर जानु पर्ने हुन्छ । कतिपय मर्यादित भाषा र शैलि प्रयोग गरेर सायद टिप्पणी गरेको पनि यथार्थ हाम्रो अगाडि छ नै । त्यसकारणले माननीय सभामुख महोदय, हामी आफ्नातर्फबाट सभामा हामी प्रतिपक्षमा छौं हाम्रा काम कार्यवाहीहरू कर्णाली प्रदेशका जनताले मात्रै हैन सञ्चार र प्रविधिको प्रयोग गर्ने जो कोहिले पनि हाम्रा कुरा सुनिरहेका छन । मूल्याङ्कन गरिरहेकै छन त्यसकारणलले हामीले हाम्रा

कुराहरू राख्यै हाम्रो गऱ्यो थियो अबरुद्धका बाबजुत सरकारको ध्यान जान सक्ला गएन त्यस पछि हामीले हाम्रा कुनै नयाँ माग राखेका छैनौं कुनै नयाँ माग सिर्जना गरेका छैनौं थिए नै तर पनि बाहिर आ-आफ्नो औकातअनुसारको टिप्पणि सुनिएकै छ । आ-आफ्नो स्तरअनुसारको टिप्पणी सुनिएकै एउटा अबस्था छ । तर पनि एउटा संस्थागत रूपले प्रमुख प्रतिपक्ष रहेर आफ्नो भुमिका निर्वाह गर्दा सभाको मर्यादा बढाउदा का हिसाबले हामीले हाम्रा केही कुराहरू राख्यनै सभामुख महोदय सायद यो कार्यकालमा धेरै चोटि छलफल चल्यो होलान् गरिए होला तर अभिलेख रहने गरि संसद्को कार्यकाल भरि अझ पनि बाकीं छ ५/६ महिना यत्तिनै अन्तिम म भन्दिन हाम्रा बिचमा योभन्दा अगाडि गम्भीरतापूर्वक हामीले बैठक गऱ्यौं हाम्रा बिचमा एउटा सहमति भयो विषय जो कोहिले उठाए पनि हाम्रो त्यो साझा सहमति थियो हाम्रा साझा कुरा नै थिए। त्यस आधारबाट सरकार हिडेको भए बजेटले ल्याएको भए हामीले यो समय खर्चीनु परदैन थियो सभामुख महोदय तर सरकार त्यो बाटोबाट हिड्ने कुरा किन चाहेन उसले जान्ने कुरा भयो । हामीले प्राप्त गरेको जे किताब छ जे दस्तावेज छ आकारमा ठूलो छ संख्यालाई संख्याका हिसाबले पनि ठूलो छ । हाम्रो उद्देश्य छ योजना घठाउँने तर आकार बढेको बढेई एउटा स्थितिबाट अगाडि बढी रहेको एउटा अबस्थामा हामीले केही कुरा उठायौं, उठाएका मध्य एउटा कुरा थियो मुख्यमन्त्री रोजगार कार्यक्रम विगतमा पनि प्रायास छलफल चलेकै थियो चलेर नै टुङ्गगाएको थियो तर यस चोटि विगतमा चलेको अरू नकारात्मक कुरा थिएन एकै ठाउँमा बजेट राख्ने परिस्थिति खासगरि त्यति बेलाको मुख्यमन्त्री र त्यतिबेलाको अर्थ मन्त्रीज्यूसँग जोडिएर आएको एउटा अबस्था थियो नै हामीले छलफल चलाएकै थियै तर यो बिचमा हाम्रा बिचमा कार्यविधि संशोधन गर्ने सहमति भयो । बजेट प्रस्तुत गर्दासम्म त्यो कार्यविधि सहमतिअनुसार नै संशोधन भएको रहेछ तर माननीय सदस्यहरूले बेखबर रहने परिस्थिति थियो बेखबर बिचैमा कार्यविधि मुख्यमन्त्री रोजगार कार्यक्रम बिचैमा कार्यविधि संशोधन गरियो। बिचैम हामी कोही पनि माननीय सदस्यहरूले काम कार्यवाही नगरेको अर्थबाट डल्लो बजेट नराख्ने नाममा मुख्यमन्त्री रोजगारको योजनासहितको सूचिको पुस्तिका हामीले प्राप्त गऱ्यौं । माननीय सभामुख महोदय, हामी सबै जानकार छौं । कार्यक्रम कार्यविधिबाट चलाउने छ जोलाई मुख्यमन्त्री रोजगार भनिन्छ। छलफलमा बस्दै जाँदा कार्यविधिबाट संचालित हुने योजनालाई पनि ससरताका नाममा तल पठाएको परिस्थिति पनि देखा पऱ्यो त्यस पछिको छलफलको आधारबाट हेर्दा त्यसो भने त्यो कार्यक्रमको नाम मुख्यमन्त्री रोजगार नराखे पनि हुन्छ जस्तो देखिने गरि सरकार अगाडि बढेकोदेखियो तर हामीले प्राप्त गरेको कागत र बजेटका कार्यक्रममा मुख्यमन्त्री रोजगार कार्यक्रम आएकै हुनाले हामीले भन्यौ अरू त सजिलो बाटो हिडन खोज्लान हिडने चलन होला तर सरकार नै सजिलो बाटो हिडने तरिका गलत तरिका थियो । त्यसलाई सच्याउनुस् भनियो महसुस गर्न केही समय

लाग्यो सच्याउनुस् भनियो महसुस गर्न केही समय लाग्यो त्यसकारणले हामीले कुनै नयाँ कुरा उठाएका थिएनै सरकारले थिति बिगारेर बिधि बिगारेर अगाडि बढिरहेको कुरालाई हाम्रो सच्याउने मात्रै माग थियो सच्याउनका निम्ति १२ गतेदेखि आजसम्म लाग्यो भोलि पल्टै त्यो तयार भएको भए हाम्रा दिनहरू सदुपयोग हुन सक्ने एउटा अबस्था रहन सक्थ्यो ।

सभामुख महोदय, त्यसमा पनि दामासहिले बजेट विनियोजन गर्ने कुरा भएछ यस्ता वडाहरू छन जहाँ २६ घर छन त्यहाँ २० लाख जहाँ हजारै हजारभन्दा बढी छन त्यहाँ पनि १५ लाख हो विकासका सुचाङ्कले जहाँ कमजोर छ त्यहाँ बढी बजेट पाउने कुरामा हाम्रो कुनै बिमति छैन प्राथामिक्ताका साथ नीति बनाउनुपर्ने एउटा अबस्था रहन्छ तर सरकार दामासाहीका हिसाबले चल्ने गरि अगाडि बढेकोदेखिन्छ योजनाको पुस्तिका हेर्दा । अहिले धेरै चोटिको छलफल पछि एउटा ठाउँमा हामी पुगेका छौं जसका बारेमा मैले बढी बोल्नुभन्दा स्वयम कार्यन्वयन गर्ने सरकारको प्रमुखले नै बोल्नु उपयुक्तता हुन्छ जस्तो लाग्छ । मैले योभन्दा बढी विषयमा धेरै चर्चा गर्नु पर्ने जरुरी छैन सरकारले यसका बारेमा बोल्दा बढी उपयुक्तता हुन्छ कि उसलाई महसुस गर्न केही समय लाग्यो सरकारका कतिपय बाध्यताहरू पनिहामीले महसुस गरिदिने परिस्थितिमा हामी पनि पुग्यौ किन कि हामी रचानात्मक सहयोगका आधारबाट अगाडि बढ्ने कुरा गरियोको अबस्था थियो । दोस्रो कुरा हामी हुनत यो सङ्घीयताको पहिलो प्रयोग हो अहिले यही संघीयताको आधारबाट संविधानको नयाँ व्यवस्थाअनुसारको पहिलो प्रदेशसभामा आएको अन्तिम कार्यकालको अनुभबको अहिलेनै समीक्षा गरेर म अनुभूति सुनाउन त चाहन्नँ । अझ म यसैको पक्षमा पैरवि गर्न चाहन्छु । यो सार्वभौम अधिकार सम्पन्न छ साधन स्रोत जति छ, साधन स्रोत सम्पन्न छ, आफ्नो निर्णय आफैं गर्न सक्छ, संविधानमा त्यो व्यवस्था गरिएको छ । अन्तर सम्बन्ध छ संघसँग छ स्थानीय तहसँग छ त आफ्नो तहको आफैंमा गर्न सकिन्छ भन्ने छ । तर हामीले प्राप्त गरेको पुस्तिकाले सीमा नाघेको भूगोल नाघेको पुस्तिका हामीले प्राप्त गऱ्यौं, कतिको भनाइ छ जिम्मेवारको यो प्रविधिको प्रयोग गर्दा सफ्टवेरको प्रयोग गर्दा कति पय कुराहरू माथिसँग जोडिएका छन्। यसलाई मानिदिने हो भने यो कुनै सार्वभौम संसद् बन्दैन यो त्यसको मातहतको कपि पेस्ट संसद्मा परिणत हुन्छ । केही समयसम्म आफ्नो सार्वभौम अधिकारको औचित्य र आवश्यकतालाई पुस्टि गर्ने गरि अगाडि हईन माथिल्ला निकायहरूको कसैले गरेको कमजोरीको लागि नै जस्टिफाई गर्ने कुरालाई बुझियो भने सार्वभौम संसद् प्रति हेर्ने दृष्टिकोणमा परिवर्तन आउछ भन्ने कुरा हामीले उठाएका एउटा विषय हो । त्यसलाई पनि हामीले छलफलको एउटा विषयका रूपमा अगाडि सारेका थियै के कोही पनि माननीय सदस्यहरूलाई के त्यो रुचिको विषय होर कर्णाली प्रदेशको सभामा बैठक बस्ने दार्चुलाको योजना पास गर्ने पुस्तिकामा हामीले सहिछाप लाउने कुरा के कोही माननीयहरूले मन पराउने कोही माननीयहरूले

मन नपराउने कसैले सर्मथन गर्ने कसैले विरोध गर्ने विषय होर यो त एक स्वरले हामीले आ-आफ्ना ठाउँबाट सच्याउनका निम्ति छलफल गर्न पहिलेकै विषय थियो । यसलाई हामीले मुद्दा बनाउनुपर्ने कुनै जरुरी र आवश्यकता थिएन । म यो संरचनाअन्तर्गत महत्त्वपूर्ण स्थायी सरकारका रूपमा महत्त्वपूर्ण भुमिका निर्वाह गर्ने साथिहरूको भुमिका महत्त्वपूर्ण नै हुन्छ । तर म उहाँहरूलाई अनुरोध गर्न चाहन्छु । संविधानको व्यवस्था र संरचनाअनुसारको बुझाइ गर्न सकिएन भने दिन त वित्न सक्छन् आज्ञाकारी त बन्न सकिन्छ तर सार्वभौम संसद्को गरिमालाई बढाउनका निम्ति भुमिका निर्वाह गरेको ठहरिदैन त्योअनुसारको पनि बिचार र दृष्टिकोण बनाउन पर्ने जरुरी र आवश्यकता देख्दछु। यद्यपि हामी प्रदेशसभामा प्रदेश सरकारअन्तर्गत रहे पनि अहिले पनि निजामती कर्मचारीहरूको संरचना र खटन पटनको व्यवस्था हिजोकै सङ्घीय संरचनाले बन्ने प्रभावित रहेकै कारणले गर्दा तथ्यलाई पनि आफूभन्दा माथिका तालुकी अड्डाका प्रमुखहरूलाई जस्ताको तस्तै भन्न नसक्ने पनि मानसिकताको कारणले गर्दा कतिपय हामीले यस्तो बेहोर्नु पर्ने परिस्थिति निमार्ण भएको होला जस्तो लाग्छ आगामी दिनमा यसलाई हामीले सच्चाएर जानै पर्ने हुन्छ । तेस्रो कुरा हामी एउटा कर्णाली प्रदेश गरिव छ । बेरोजगारको उत्तिकै समस्या छ । दैनिक समस्याहरू अरू प्रदेशकोभन्दा कहानी लाग्दो अबस्था छ । आधारभूत सडकको सञ्जालको विकास नभएको हवाई यातायतहरू प्रभावित हुँदा  जनजीवन धेरै दिनमा हैन एका दिनमै प्रभाविद हुने भुबनावट भएको प्रदेश हो नै यो त्यसकारणले हामीले थेरै समयमा थोरै पैसाले धेरै काम गर्नु पर्ने प्रदेशभित्र पर्छ जस्तो लाग्छ यो प्रारम्भदेखि भन्दै आएको कुरा हो । तर त्यसको उपयुक्त विनियोजन गर्न नसक्दा ४ वर्षको बजेटको संख्या जोड्दा संख्या विशाल हुने उपलब्धि हेर्दा निरासा जनक हुने परिस्थिति निमार्ण भएकै सन्दर्भमा गएको अध्यादेशबाट ल्याएको बजेटले खास गरि मुलतः टुक्रा योजनाहरूलाई प्राथमिकता दिएकै कारणले गर्दा गएको अधिवेशनमा हामीले एउटा विषय छलफल चलायै प्रदेश सरकारले कुन सीमासम्मको आधारका योजनाहरूलाई अगाडि बढाउने भन्ने कुराको आधारबाट हेर्दा हाम्रा बिचमा सहमति भयो कि त्यति बेला कार्यन्वयन तहमा गई सकेको कारणले गर्दा हामीले एउटा सहमति गऱ्यौं कि १५ लाखभन्दा तलका योजनाहरू कार्यन्वयन नगर्ने हो यहाँबाट पनि पढियो सुनाइयो भनियो सर्वदलीय बैठकमा पनि माननीय मुख्यमन्त्रीज्यूले आफूले गरेका पत्राचारहरू पनि हामीलाई अबगत गराउनु नै भयो तर सरकार प्रमुखले तल निर्देशन गरेअनुसारको तल कार्यन्वयन भयो कि भएन भनेर हेर्दा व्यवहार चाहिँ उस्साहजनक छैन निराशाजनक परिस्थिति छ । त्यो हाम्रो एउटाको विषय थिएन संसद्भित्र रहेका सबै राजनीतिक पार्टीहरूको साझा सहमतिको विषय बनायै हामीले हामीले त १५ लाख भन्यौ तर सर्वदलीय बैठकमा भाग लिने कतिपय पार्टीका नेता साथिहरूले कहाँ १५ लाखले पुग्छ यति लाखको योजना बनाउनु पर्छ भनेर पनि हाम्रा बिचमा प्रस्ताव नआएको हैन । बैठकमा उस्साहजनक प्रस्ताव

आउने तर व्यवहार हेऱ्यो भने निरासाजनक हुने परिस्थिति निमार्ण हुँदा  हामीलाई के लाग्यो थियो भने कमसेकम सहमति पछि यो बजेट आउँदा सरकार त्यो सीमामा हामीले खोट नलाउने गरि हामीले औंलो ठडाउन नपाउने गरि बजेट ल्याउँछ होला भन्ने विश्वास थियो तर त्यो परिस्थितिदेखिएन हामीले २ केजीको किताब पायै योजना र जिल्ला छुट्टाउन मिहेनतै गर्ने परिस्थिति भयो सजिलाका निम्ति हो कि, भुल्याउनका निम्ति हो। त्यो किताब प्रकाशित गर्नेले नै जानोस् लेखियाछ योजना, आयोग योजना आयोगको को रहेछ खोज्दै जाँदा त अध्यक्ष बाहेक कोही सदस्य रहेन, रहेछ अध्यक्षत मुख्यमन्त्री रहने व्यवस्था छँदै छ बाकीँको कोही रहिनछ संस्था दुब्लाएको योजना आयोग किताब मोटाएको रूपमा प्रकट भयो योजना आयोगका कहाँ छ खोज्दै जाँदा अध्यक्ष मात्रै फेला पर्ने दुब्लाएको अबस्थामा किताब त मोटाई आयो योजना आयोगको नाममा फेरि छलफल हुदै जाँदा मेरो मलाई दिएको कागत त अर्कै छ । यो मोटो किताब त कैं छ भन्ने तहको छलफल पनि हाम्रा बिचमा नभएको हैन यसो भए पछि हिजो सबै मन्त्रालयहरूले क्रमागत कुन नयाँ कुन बहुवर्षीय कुन छुट्टायको पुस्तिका ल्याउने कुरा वा प्रकाशित गर्ने कुराको सर्वदलीय बैठकमा सहमति भयो सबै माननीय सदस्यहरूले त पाउनु भा छैन होला जस्तो लाग्छ त्यो सर्वदलीय बैठकमा भाग लिएका नाताले सबैको त पाइएन दुइटा मन्त्रालयको किताब चाहिँ मैले बिहान ९-१० बजेदेखि हेर्न पाइराछु । योभित्र आउने बेलासम्म पनि सायद माननीय सदस्यहरूले त्यो किताब पाइसक्नु भाछैन तर यहाँ कार्यसूचि हेर्दा छलफल प्रारम्भ हुने स्थिति बनिसक्या छ । सरकारले दिने किताब पाउँदै गर्ने छलफल चलाउदै जाने कार्यसूचि देख्छु म यहाँ तर त्यहाँ पनि हेर्दा म के देख्छु तभन्दा क्रमागतका नाममा क्रमागत भन्न नसकिने योजनाहरू क्रमागतका नाममा आइराछ । हामीले त सकेसम्म भन्ने हो सावधानी गराउने कुरा हो । होसियारी बनाउने कुरा हो तर फेरि पनि सरकारलाई नै भर गरेर जाने कुरा नै हो । पाहिलै पिच्छे आशंका र अविश्वासले हेर्नु पर्ने परिस्थितिबाट नजाँदा नै राम्रो हुन्थ्यो तर म फेरि पनि के देख्दै छु तभन्दा सबै मन्त्रालयका डल्ला बजेट फुटेका छैनन् अहिले पनि त्यो २ केजीको किताबभित्र सामाजिक मन्त्रालयसलाई हेऱ्यो भने त्यहाँ डल्लो बजेट धेरैदेखिन्छ मन परेका ठाउँमा स्कुलको नाम छ । मन परेको ठाउँमा डल्लो बजेट त्यहाँ पनि छ । अब किताब आइ पुग्दा कसरी आउछ डल्लै आउछ कि योजना आउछ हेर्न बाकि छ । त्यो २ केजीको किताबमा त डल्लै छ । त्यकारणले माननीय सभामुख महोदय हाम्रो कुरा के हो भने कर्णालीमा मैले बारम्बार भनिराछु हामी त्यसमा त्यो भन्न मलाई पनि अप्ठारो छ । अप्ठारो लागिराछ हामी विकास गर्न हैन झन् पछि के कारणले हो विकास खाने प्रवृत्ति मैलाई राछ । विकास गर्ने हैन विकास खाने प्रवृत्ति यसलाई हामी सबैले सबै मिलेर हतोसाहित गर्नु पर्ने कुरा हो किनकि हामी सबै कर्णाली बनाउने उद्देश्यका साथ विभिन्न राजनीतिक पार्टीमा सामेल छौं । तर सरकारमा सामेल हुने साथिहरूले नै गर्ने हैन खाने गरि नै बजेटको

व्यवस्था गरिदिनु भयो भने के हुन्छ जति सुकै चाहे पनि त्यो रोग बढेको बढ्यौ गर्छ । त्यसकारणले त्यो खाने कुरामा रकमको भोलुमले पनि काम गर्छ । त्यसकारणले आज पनि मेरो विनम्रता पूर्वक अनुरोध र आग्रहको कुरा हो यद्यपि हामीले प्राप्त गरेको किताबमा सङ्घीय सरकारको योजना २ लाख ५ लाख १० लाखका पनिदेखिरहेको छु । किन रमाइलो भइराछ सङ्घीय सरकार उस्ले जान्न कुरा हो । तर मलाई लाग्छ प्रदेश सरकार सङ्घीय सरकार २ लाख ५ लाख १० लाखका योजनाको अनुगोमन र मूल्याङ्कन गर्ने कुरा त परै जावस् त्यसको पैरवी गर्नुको सट्टा बरु हामीले दिने वित्तीय हस्तान्त्रणको वा वित्तीय अनुदानको हिसाबले स्थानीय तहलाई नै सुम्पियर साना मसिना काम गर्ने परिपार्टीलाई अगाडि बढाउने कुरा गरेर जानु पर्ने एउटा अबस्था रहन्छ भन्ने कुरा हामीले उठाएको हो । यो कुनै विमतिको विषय थिएन यो साझा सहमतिको विषय हो । छलफलका लागि म भन्न चाहन्छु कुराकानी गर्न चाहन्छु १० लाखको तटबन्धनको योजना पनि क्रमागत योजना हुन सक्छ कि सक्दैन हाम्रो जस्तो खहरे हाम्रो जस्तो केभन्दा खेरि बर्खा आयो स्वाट बगाएर लाने मेरो विचारमा त्यो तहको योजना वा तटबन्धनको योजना जुन परम्परागत कुरा छ त्यो चाहिँ धन्दा व्यबसाहे गर्ने कुरा रोजगार सिर्जना गर्ने कुरा निम्ति हाम्रो कुरा हो । तर दिगो विकासका निम्ति हामीले हेक्का राख्नुपर्ने हो । तर अब सरकारमा हुने साथिहरू जनप्रयि हुनका निम्ति दामासहिले घरै पिच्छे योजना पुऱ्याउन सक्यो भने सबैभन्दा लोक प्रिय होइन्छ भन्ने मानसिकताबाट जबसम्म मुक्त हुन सक्कु हुन्न तबसम्म हामीले कर्णाली बनाउन सकिने अबस्था रहन्न जस्तो लाग्छ सभामुख महोदय आर्को हामीले अन्तिममा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको कुरा यो सांसद संख्या समय क्रममा घटदै गाछ । गएको वर्षसम्मत एउटा थियो अहिले उदारमनका साथ आर्को पनि कार्यक्रमको शीर्षक आको छ त्यो कसरी सञ्चालन हुन्छ थाहा छैन बढी बोल्न भएन नआउदै उदार मनका साथ एक दम हिजकाले केही नगरे जस्तो आजकाले उदार मनका साथ विना भेदभाव विना पक्षेपात गरे जस्तो गरि आर्को पनि कार्यक्रम आएकै छ यो पछिल्लो कार्यक्रमको बारेमा म चाहिँ यसको सबै कुरा नआइ बाहिर सरकारको नीति अपधारण नआइसक्या हुनाले धेरै बोल्न चाहन्नँ । तर निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम नाम जे सुकै राखेको भए पनि त्यसको कार्यविधिले जनाउछ त्यो निर्वाचन सांसदलाई केन्द्र भाग राखेर सञ्चालन हुदै आएको कार्य योजना हो गएको अध्यादेश बजेटमा त्यो कार्यक्रमको कार्यविधि सच्याइयो हामीले फेरि पनि गम्भीरतापूर्वक कुराकानी गऱ्यौं एउटा सहमति पनि भयो त्यो सहमतिअनुसार कार्यन्वयन हुन सक्ने अबस्था रहेन फेरि आज अङ्क हेर्दा सबै भए जस्तो अनुहार हेर्दा नपाए जस्तो अवस्थालाई सरकारले नबुझे जस्तो लाग्यो त्यसकारण हामीले भन्यौ हो यो तरिका के त्यसकारणले त्यसमा पनि हामीले विगतमा पनि यो कुरा राख्याथ्यौ यस चोटि पनि हामीले त्यो कुरालाई राख्यौं राख्दा धेरै तर्क विर्तक आए हामीले जे अनुमान गर्‍याथ्यौं। हामीले जे अनुमान

गर्‍याथ्यौं सर्बदलीय बैठकको अन्तिम समापन हुँदा  हामीले अनुमान गरेको पुष्टि हुने गरि केही साथिहरू बैठकमा प्रस्तुत हुने परिस्थिति निमार्ण भयो हामीले जे अनुमान गर्‍याथ्यौं हो अहिले हामीलाई थाहा छ गठबन्धनको सरकार छ संस्थालाई आच नआउने गरि के के गर्नु हुन्छ गरिरहनुस त्यसमा हाम्रो कुनै चिन्ता छैन तर अनधिकृत मान्छेको चलखेल हुने गरि जाने कुरा स्वभनीय हुदैन । हामीले यो मर्यादा बचाउनका निम्ति यो कुरा गर्‍या हौ । त्यतिले आर्को केही भइहाल्छ भन्ने कुरा गर्‍या हैन त्यसकारणले फेरि पनि म अनुरोध र आग्रह गर्न चाहन्छु यी नै विषय हामीले यसकारणले उठाएका थियौं धेरै चरणका सर्वदलीय बैठक पछि आज कि मैले उल्लेख गरेका विषय वस्तुहरूका बारेमा माननीय सभामुखको अध्यक्षतामा बसेको सर्वदलीय बैठकमा उपस्थित दलहरूको बिचमा यी उल्लेख गरेका विषयहरूलाई अगाडि बढ्ने सन्दर्भमा साझा धारणा बनेको कारणले गर्दा आज हामी यो बैठकको तहसम्म उपस्थित छौं । फेरि पनि म अनुरोध गर्न चाहन्छु घटनाक्रमले सिकाउने कुरा हो सिक्ने कुरा हो विश्वास आर्जन गर्नुस्। जसले गर्न सक्छ उले नै भुमिका निर्वाहा गर्न सक्ने कुरा रहन्छ हामीले उठाएको कुरा सुशासनलाई बल पुर्‍याउने गरि उपलब्धि मुलक विकास र निमार्णको गति प्रदान गर्नका निम्ति हामीले केही विषयहरू उठाएका थियौ ती विषयहरूलाई हामीले थेक्न सक्दैन थियौं बिचमा सरकारले भुले जस्तो गर्‍या थियो फेरि सरकार सल्लाहा मुताविक अगाडि बढ्ने कुरा गरेको कारणले गर्दा सरकार त्यसै अगाडि बढ्छ भने फेरि पनि एकचोटि परिक्षा गर्ने परिक्षा परीक्षण गर्ने गरि हामीले किन विश्वास नर्गेनेत भन्ने उद्देश्यका साथ हामी संसद्का काम कार्यवाही सुचारु रूपले सञ्चालन गर्नका निम्ति आफ्नोतर्फबाट सक्रिय सहभागिका जनाउने टुङ्गोमा पुगेको कुरा माननीय सभामुखमार्फत म सबैमा अनुरोध र आग्रह गर्न चाहन्छु । मैले कार्यसूचि हेरे यस पछि माननीय मुख्यमन्त्रीज्यू स्वयम आफ्ना धारणा राख्ने कार्यसूचिमा रहेछ । हामीले गरेको सहमति केहो कार्यन्वयन गर्ने दायित्व र जिम्मेवारी उहाँ कै भा हुनाले मलाई लाग्छ उहाँले नै त्यसका बारेमा चर्चा गर्नु सान्दर्भिक हुन्छ उपयुक्त हुन्छ । भन्ने भा हुनाले खालि महिले माननीय सभामुखको अध्यक्षतामा बसेको बैठकमा हामीले राखेको जे विषयहरू थिए ती विषयहरू छलफल गर्दै जाँदा त्यो बैठकमा भाग लिने मुलतः तीन ओटा पार्टी मुलत तीनटा पाटी एमाले नेपाली काँग्रेस नेकपा माओवादी केन्द्र सहमति गरेर एउटा दस्तावेज तयार गरेको एउटा अबस्थामा त्यसलाई हामीले विश्वास गरेर जानु नै हामीले उपयुक्त ठान्यौं र हामी त्यो ठाउँमा पुगेको एउटा अबस्था छ । फेरि पनि म अनुरोध गर्न चाहन्छु मेरोतर्फबाट आजदेखि मन्त्रालयगत छलफल हुदै छ । भरसक त गल्ती नहुने गरिनै दस्तावेज दिने कुरामा तपाईंहरू तयार हुनुस अरूले भन्न नपाउने गरी यदि कथम कथाचित त्यस्तो छ भने मलाई लाग्छ माननीय सदस्यहरूले आफ्नो धारणा राख्दा उल्लेख गर्नु भएको अैल्याउनु भएको कुरा तथ्य प्रयोग भयो भने त्यसलाई सकारात्मक ढङ्गले लिने गरि अगाडि बढ्ने कुरा गर्‍यो भने यो

छलफलको सार्थकता रहन सक्छ । संसद्को प्रभाबकारीता रहन सक्छ एउटा सांसदको सक्रियता बढ्न सक्छ । यता पट्टि पनि हाम्रो ध्यान जानु पर्ने एउटा अबस्था रहन्छ । आज त म अनुरोध गर्न चाहन्छु आज त सबै माननीय सदस्यहरूले मन्त्रालयगत किताब नपाउदा नपाउदै पनि छलफल गर्ने सुचि त बन्यो नै म सभामुखमार्फत अनुरोध गर्ने चाहन्छु । खास गरि संसद् सचिवालयसलाई कमसे कम भोलिका दिन भोलिका विषयहरूमा चाहिँ छलफल गर्नुभन्दा अगाडि प्रारम्भमै नै वा त्योभन्दा अगाडि नै सक्दा यो सभा सक्दा नसक्दै फर्किने बेला सबै मन्त्रालयका किताबहरू जो तपाईंहरूले तयार पार्दै हुनुहुन्छ उपलब्ध गराई दिनु भयो भने मलाई लाग्छ हाम्रा छलफलहरू फलदायी हुने छन् प्रभावकारी हुने छन् त्यो दिशा तिर सभामुखमार्फत सरकारको पनि ध्यानाकर्षण गर्दै विदा हुन चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहिले सरकारको धारणा राख्न समय माग गर्नु भएकाले उहाँलाई समय उपलब्ध गराउँछु ।

**कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीः-** धन्यवाद सभामुख महोदय, सर्वप्रथम मैले समय माग गरेबमोजिम सभामुखज्यूले समय उपलब्ध गरिदिनु भएकोमा हादिक धन्यवाद दिन चाहन्छु । आज हामी धेरै दिन पछि यो उन्नाइसैं बैठकमा हामी छलफल गरिरहेका छौँ । सरकार चलाउने सन्दर्भमा संसद् चलाउने सन्दर्भमा विभिन्न किसिमका छलफलहरू हुन्छन नहि विभिन्न किसिमका कुराहरू आउछन नैहि यो सन्दर्भमा आज हामी यो धेरै दिनको बिचमा त केही दिन हाम्रा केही कार्यक्रमहरू परेको दलीय हिसबले पनि हामी त्यति कै पनि रोकिन परो वास्तवमा हाम्रो ३ दिनको छलफल पछि आज जुन माननीय सभामुखज्यूको संयोजकत्वमा बसेको सर्वदलीय बैठकमा हामीले जुन खालको सम्झौता गरेका छौं। माननीय सभामुख महोदय, गरेका कुराहरू त अघि नै प्रमुख विपक्ष दलको नेताले भनी नै सक्नु भएको छ र मैले वास्तवमा आज यी धेरै कुराहरू गरिरहनु पर्ने अबस्ता पनि हो जस्तो लाग्दैन यो हामी अन्तिम हाम्रो ५ वर्षीय कार्यकाल यो अन्तिम बजेट हो । कहींले कहींले हाम्रो गाउँ तिर हुने गर्थ्यो।

सभामुख महोदय, यसो भेडा बाख्रा चराउन गए पछि ६ महिना लेखमा बसिन्छ अनि जब हिउँद हुन्छ । फर्केर आउछौं, त्यो बेला अनि भन्ने गरिन्छ तिता मिठा कुरा तिता कुराहरू सबै बिर्सिनु, मिठाकुराहरूलाई सम्झनु। ६/६ महिनाको संगतमा कति राम्रा भयो होला कति नराम्रो भयो होला अब त्यो कुराहरू मनमा नलिनु होला है भनेर धेरै सहरमा बस्नेलाई त थाहा नहुन सक्छ गाउँका ती कुना कुनामा बस्नेहरूलाई भेडि गोठालाई, गोठाला चौरी गोठालाई त्यो हुन्छ नै त्यति मात्रै हैन सभामुख महोदय, भारतमा काला पहाडमा काम गरेर आउनेहरूको पनि त्यो भनाइ छ त्यो रहन्छ आइ सक्य पछि हामी आयौ राम्रोसँग घर जानु सुख दुखलाई दुखलाई बिर्सिनु सुखलाई

सम्झिने भन्ने कुरा हुन्छ । मैले यो सन्दर्भमा भन्दैछु कि ५ वर्षसम्म हामी बस्यौं एउटै थलोमा बस्यौं सायद हामी ५ महिना पछि हामी आफ्ना आफ्ना बाटा तिर लाग्छौं।

माननीय सभामुख महोदय, कोही फेरि फर्केरै आउनु होला, कोही माथि जानु होला, कोही घरै बस्नु होला, त्यो खालको यही खालको संरचना फेरि हुन सक्दैन । त्यसकारणले पनि मलाई के लाग्यो भने सभामुख महोदय, मैले सवाल जवाफ गरिरहनुभन्दा पनि वास्तवमा यी हाम्रा मिटिङ्गहरू यो हाम्रो बैठकहरू सम्झाउने विर्साउने नै हो त्यो सम्झाउने विर्सने नै हुन । होला मानिस हो मुख्यमन्त्री एउटा व्यक्ति हो त्यो सर्वज्ञानि पनि हुन सक्दैन, सर्वमाननीय पनि हुन सक्दैन, त्यसले पनि धेरै कमी कमजोरी गरेका होलान् । त्यस्तै माननीय सभामुख महोदय, सम्मानित संसद्मा आउनु भएका माननीय सदस्यज्यूहरूको पनि कति कमी कमजोरी होलान त्यस्तै हामी स्थानीय सरकार भयौ भने कर्मचारीहरूको बिचमा पनि होला अब यी कुरालाई हामीले बिर्सिधै जाने गर्नु पर्छ भन्ने मलाई लाग्छ । माननीय सभामुखज्यूमार्फत म सम्मानित सदन र विशेष गरेर सम्मानित सदनमा प्रतिनिधित्व गर्ने विभिन्न दलका नेताज्यूहरू माननीयज्यूहरू मन्त्रीज्यूहरू र प्रमुख विपक्ष दलका नेताज्यू, अरू दलका नेताज्यूहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । कर्णालीमा हरेक कुराहरूको छलफल हुन्छ तर छलफललाई समस्याको समाधान गर्ने तिर बाटो तिर नै हामी लाग्छौं भन्ने मलाई लाग्छ। यदि विपक्ष दलले निहुँ मात्रै खोज्यो नि सरकारले तिमी निहुँ खोज्दै गर्छौं भने मेरा पनि विभिन्न बाटाहरू छन् म ती बाटामा जान्छु भनेको भए सायद आज हामी यो थलोमा फेरि आउदैनौ थियौं होला भन्ने मलाई लाग्छ। सभामुख महोदय, हुनत आफ्ना आफ्ना कुराहरू छन्, मेरा पनि आफ्नै कुरा छन्, कति सही होलान्, कति गलत होलान्, म कहींले कहींले भन्ने गर्छु सभामुख महोदय, वास्तवमा यो पल्ट त सरकारले यो सिङ्गो सदनले अनि यो दलका नेताहरूले हामी सबैले धन्यवाद पाउनु पर्ने। यो प्रदेशको हो भन्ने मलाई लाग्छ, सभामुख महोदय, सङ्घीय सरकारका कुराहरू आए एक लाखका ५० हजारसम्मका योजनाहरू छन्। सभामुख महोदय संघ सरकार अरू प्रदेशमा कयौं प्रदेशमा एउटा प्रदेशमा त चेक नै बाउन्स भएको त्यस्तो प्रदेशमा पनि आगामी वर्षको यो ०७९/०८० वर्षको बजेट भयानक ठूलो साईजमा ल्याएको छ । सबैलाई बढाएर ल्याएको छ । तर यो प्रदेशमा सरकारले सरकारमा सम्मिलित दलका नेताहरूले प्रमुख प्रतिपक्ष दलका नेता र माननीयज्यूहरूले त्यसरी नै स्थायी सरकारका सचिवहरूले प्रमुख सचिवले त्यहाँका सम्पूर्ण कर्मचारीहरूले हैन कर्णालीले एउटा नमुना बनाउ यथार्थमा तर बजेटमा हामी जाउँ भन्ने दृष्टिकोणले कर्णाली प्रदेश मात्रै हो माननीय सभामुख महोदय, जसले गत वर्षकोभन्दा बजेटलाई घटाएर ल्यायो गत वर्ष हाम्रा बाध्यता केही नभए पनि बढी बजेट हामीले ल्याउनु पर्ने अबस्था थियो तर अहिले आउँदा खेरि हामीले हेर्दा खेरि त्यो साईजमा बजेट जाने भो भनेर सायद सबैले त मैले अस्ति भर्खर मात्रै सभामुख महोदय, अर्थ समिति र सार्वजनिक लेखाको सुदुरपश्चिमको आउनु भएको थियो यहाँको

कुरा सुन्दा खेरि उहाँ वास्तवमा उहाँहरू खुसि भएर जानु भयो। त्यहाँ त को ले बजेट पायो को ले पाएन भन्ने कुरा नै छैन। मन्त्रालयका आफ्ना-आफ्ना भयो भने पुग्यो अरूलाई त्यस्तै भन्ने थियो तर मलाई जहाँसम्म लाग्छ। म विश्वासका साथ दृढताका साथ भन्न सक्छु होला म चाहिँ एक दम दुधले नुहाए जस्तो सबै छ भन्ने जस्तो सक्दिन।

सभामुख महोदय, तर त्यस्तो खालको एक दम तलमाथि पर्ने एक दम उतार चढावको हामीले ल्याउका छैनौं। सायद सरकारले चुनावी कुरा मात्रै हेर्ने र सरकार पक्षको मात्रै गर्ने भएको भए डल्लो बजेट राख्न नसक्ने त थिएन होला ? सभामुख महोदय, त्यसमा पनि हामी सबैको यो सम्मानित सदनको आसयसलाई मनसायसलाई बुझेर हामीले यसलाई पनि करेक्सन गर्ने सबैले भनेका कुरा करेक्सन गरदै जाने कुरा भन्ने कुरा भएको हो । सभामुख महोदय, अब यो मुख्यमन्त्री रोजगारको कार्यक्रमको पनि कुरा आयो यसमा कुनै दुरासाय पूर्ण नियत छैन। सभामुख महोदय, जुन हामीले ७ बुँदे पहिला १० महिनासम्म सदन अबरुद्ध भयो ७ बुदे हामीले गरिसक्य पछि म आज पनि यो रोस्टममा उभिएर दृढताका साथ भन्न सक्छु सात बुँदेमा ६ बुँदे हुबहु हामीले कार्यन्वयन गऱ्यौं। सभामुख महोदय, एउटा ४ नम्बर बुँदा चाहिँ गर्न सकिएन। मैले त्यो बेला प्रमुख प्रतिपक्ष दलको नेताज्युलाई पनि मैले भनेको थिए सभामुख महोदय मेरा पनि बाध्यता छन अप्ठारा छन र यी क्षेत्रहरू त्यसै डुब्ने दिन पनि हुदैन भनेर मैले भनेकै हो । त्यो ढङ्गले हामी गएकै हौं, सभामुख महोदय तर अहिले आइ सकेपछि जुन हामीले संशोधन गर्ने भनेर मुख्यमन्त्री रोजगार कार्यक्रमको गऱ्यौं। मैले अस्ति पनि हुबहु हरेक डकुमेन्टहरू बोकेर ल्याए तर कहींले कहींले सभामुख महोदय, म पनि त मान्छे हो नि दुःख त लाग्छ त यहाँ भनियो ६ सय ५०भन्दा वडाका योजनाहरू मुख्यमन्त्रीले आफ्ना कार्यकर्तालाई भरणपोषण हुने गरेर पठायो भन्ने कुरा पनि नसुनिएको हैन। सभामुख महोदय, त्यो त हेर्दा थाहा हुन्छ, यहाँहरूले कर्मचारीले हामीले एकदम राम्रो गर्न खोज्दा खेरि म अहिले कसैलाई दोष दिन चाहदिन बारम्बार भन्ने गरेको छु बिग्रेका जति मेरा, सप्रेका जति तपाईंहरूका भनेको छु । कर्मचारीलाई त्यहीं भनेको भन्छु, माननीयज्यूहरूलाई पनि त्यहीं भन्न चाहन्छु । मन्त्रीज्यूहरूलाई पनि त्यहीं भन्न चाहन्छु । किन कि बिग्रेको खण्डमा सरकारको प्रमुख म भएको हैसियतले सभामुख महोदय, त्यो म जिम्मेवारी लिन चाहन्छु । तर सप्रेका कुरालाई यहाँहरू सबैलाई म चाहिँ त्यसको जस दिन चाहन्छु । बिग्रेका कुरा म लिन चाहन्छु किन कि म वास्तवमा यहाँहरूले पठाएको एउटा अहिले यो सरकारको प्रमुख पहिलो मान्छे भएकोले त्यो घर मुलि जस्ते हो त्यसमा मेरो केही पनि छैन तर मैले यति मात्र प्रस्टाउन चाहेको सभामुख महोदय हामीले कार्यविधि पनि परिवर्तन गऱ्यौं हाम्रो कार्यालयले माननीयज्यूहरूका सबका इमेलअनुसार बनाईयो यो हाम्रो डिजिटाई प्रदेशको कार्यालय नै होला सबैका इमेल चाहिँ प्रदेशसभाले नै बनायो सभामुख महोदय,

त्योअनुसार त्यसलाई पनि पठाइयो सम्पूर्ण त्यो कार्यालयले पनि भनियो र कार्यालय यसलाई अस्ति आउँदा खेरि केही त्यहाँ निर उनीहरूको मिस्टेक भएको छ । त्यो हामीले स्वीकारेका छौं । वास्तवमा ८५ प्रसेन्ट चाहिँ त्यो प्रकृयामा गयो र आइसके पछि मैले त सोचे कि अब साउनबाट नै काम सुरू हुने हो वडामा त्यो बजेट गयो। वित्तीय हस्तान्तरण गऱ्यौं, हामी स्थानीय तहलाई साथमा लिनु पर्छ भन्ने कुरामा गयौं, गरेकै भन्ने तर अब अहिले आएर यो चाहिँ भएन हाम्रो अधिकार तोडियो भन्ने कुरा आइसके पछि हामीले सम्झौता गऱ्यौं ठिक छ त्यस्तो हो भने हामीले अहिले यो बजेट त मैले फिर्ता गर्न सक्दिन बजेट त गयो र तलको स्थानीय तहहरूले पनि आफ्नो रातो किताबमा निकालि सक्या छन । उहाँहरूबाटै पठाएको उहाँहरूबाट इन्ट्रि गरेकोभन्दा बाहिर एउटा पनि छैन र त्यो हरेक त्यो वडाले पठाएका पनि डिटेल कुन दिन पठाएको कुन समयमा पठाएको भन्ने पनि ती डकोमेन्टिसेन राखेका छौं मैले यति मात्र भन्न खोजेको हो। सभामुख महोदय, त्यो कुनै गलत मनसायले चाहिँ आफ्नो मनपरि गरेको छैन जुन प्राप्त गर्नु पर्ने वडाहरू हुन उनीहरू पनि सिफरिस गरिएको छ । यद्यपि हुँदा हुदै पनि हामीले ठिक छ त त्यो पैसा जाने कुरो गई सक्यो तर त्यो कार्यक्रमका लागि अहिले हामी कार्यन्वयन गरेदैनौ र साउन महिनाको २० गतेभित्रमा वडा र कार्यपालिका निर्णय गर्नुपर्ने हुन्छ उनिहरूले गरेर हाम्रो जिल्लामा सामाजिक कार्यालय छ । त्यसमा पठाएर माननीयज्यूहरू सिपारिस भएर आएपछि साउनको अन्तिमभित्र नै यिनलाई कयौं दिनै पर्लान्, कयौं नयाँ पर्लान्, तिनलाई चाहिँ हामीले परिवर्तन गरेर पठाउँने भन्ने हाम्रो चाहिँ छलफल भयो छ । यसमा मैले कुनै मेरो कुनै त्यो भोस्टेट यिन्टेस छैन सभामुख महोदय मेरो व्यक्तिगत कुराहरू भइदेको भए किन गर्ने नगरे पनि हुन्छ भन्ने हुन्थ्यो होला तर यसैबाट सायद यो सरकार र यो सरकारसँग सम्बन्ध पार्टीहरू दलहरू कति लचक छन भन्ने कुरा त आजको यो लचकता ले पनि बुझनु पर्ने हो भन्ने मलाई लाग्छ सभामुख महोदय जाहाँ पनि संसारमा हेर्ने हो भने कयौं प्रदेशहरूमा कयौं प्रदेशहरूका बजेट विनियोजन गर्ने तरिकाहरूमा हेर्ने हो भने सभामुख महोदय यो सम्मानित सदनलाई थाहा नै भएको कुरा छ मैले त्यसलाई धेरै भनिरहनु पर्छ भन्ने मलाई लाग्दैन कहीँले कहीँले भन्ने कुरा आउछन वडाहरू यस्तरी आउछन र समान रूपले गऱ्यो भन्ने कुरा नै आउछन वास्तवमा भन्ने हो भने विकासको मोडेलमा हामी अन्नाय नै भएको छ साभमुख महोदय जहाँ २५/२६ घर होलान् एउटा वडा हुन्छ किन भयो भन्ने त्यसको भूगोल ठूलो छ त्यो ठूलो भूगोल भएको ठाउँमा चाहिँ पैसाको खर्च पनि बढी लाग्छ वास्तवमा भन्ने हो भने आज हामीले चार कोठे भवन बनाएका छौं सभामुख महोदय यो चार कोठे भवनमा सुर्खेतलाई पनि त्यत्तिकै पैसा छ डोल्पाको माथिको धो लाई पनि त्यति नै पैसा छ तर वाध्यात्मक परिस्थिति छ तिनले पनि त्यहीं पैसामा बनाउनुपर्ने हुन्छ । तर हामीले कहीँले पनि सभामुख महोदय, यो सदनबाट यो अन्याय भएको छ चार कोठे डोल्पाको माथिल्लो धेको लागि र सुर्खेतलाई

एउटै हुन सक्दैन भन्ने आवाज त काहिबाट पनि आएन सभामुख महोदय वास्तवमा अब आउँदा खेरि यो अघिनै पनि कुरा आएको छ । प्लेन बन्द भयो भने गाडि चल्ने ठाउँहरू छैनन् आज पनि सिमेन्ट बोकेरै हिडनु पर्छ ८ हजार सिमेन्ट पर्ने ठाउँहरू छन् इक्विलिटि र इक्विलिटि भन्ने कुराहरू फरक हुन्छ । इक्विलिटि भएको होला र इक्विलिटि नभएको कुरामा पनि हामीले सोच्नु पर्ने हुन सक्छ भन्ने मलाई लाग्छ । त्यसकारणले पनि यो काही कतैबाट अन्याय नभएर हामीले अहिले के गऱ्यौं भने तिन टा जिल्ला जहाँ सडक पुगेका छैनन् हुम्ला मुगु र डोल्पालाई २०/२० लाख र अरू जिल्लालाई १५ लाख दामासायिको रूपले फ्याट गरेकै हो सभामुख महोदय तर यसमा चाहिँ हुन्छ अझै पनि २० लाख छुट्टायर १५ लाख गरेको ठाउँमा पनि अझै पनि बिभेत हुन्छ जति जनसंख्या धेरै भए तापनि यहाँको काम हुन्छ माथिको हुन सक्दैन भन्ने लाग्छ । यो कुरा सम्मानित सदनलाई थाहा नै छ भन्ने मलाई लाग्छ।

सभामुख महोदय, कहीँले कहीँले के हुँदो रहेछ, भने हामीले चाहेर मात्रै हुदैन रहेछ, हामीले चाहेर मात्रै हुदैन । सभामुख महोदय, अहिले सङ्घीयताको कुरा गर्दा गर्दै पनि यो अर्ध सङ्घीयता पनि छैन कि अर्धभन्दा अझ मिनि सङ्घीयता भनेर भनेको छु । म एउटा उदारण दिन चाहन्छु, सभामुख महोदय, हाम्रो ऐनले हाम्रो आर्थिक ऐनले हामीले के भनेका छौं भने कुनै पनि महिनाको ३ दिन अगाडि हाम्रो खाता क्लोज हुन्छ। गरिरहनु छ भनेर प्रदेश सरकारको ऐनले त्यो बोल्छ, त्यो बोल्दा खेरि हाम्रो २८ गते लास्ट दिन हुन्छ खाता बन्द गर्नु पर्ने तर संघ सरकारको ऐन के ल्यायो उले चाहिँ ७ दिनभित्रमाभन्दा खेरि भोलि परदो रहेछ २५ गते हामीले चिठि पठाइ सक्यका छौं २८ गते भनेर किन भने हाम्रो ऐन बाझियो बाझिई सक्य पछि अहिले हाम्रो तर्क के छ भने संघ सरकारले के भनेको रहेछ २५ गते त्योभित्र खाता क्लोज गरिसक्नु पर्ने र यदि काम गरेर अरिजिनल बिल भरपाईहरू रहयो भने त्यसपछि कोलोनिका गयो भने भुक्तानी पाउने तर हामीलाई त्यो अधिकार दिएन अब हाम्रो छुट्टै सिस्टम छैन त्यो सिस्टममा उनिहरूले बन्द गरिदियो भने बन्द गरिदियो त्यसकारणले सभामुख महोदय, हामीले चाहेर पनि कयौं कुरा नहुने कुरालाई पनि सभामुखज्यूमार्फत म सम्मानित सदनलाई भन्न चाहन्छु । म सङ्घीयता हो हामी एकदम स्वत्रन्त रूपले चाहिँ भइसक्यका छैन्न माथिको केरे खुम्चाईबाट माथिको उसबाट नै हामी जानु पर्ने कुरालाई पनि सम्मानित सदनले बुझिदिने छ । भन्ने कुरा मैले उदारण मात्रै दिएको र जुन १५ लाखभन्दा तलका योजनाहरू नबनाउने भनेर हामीले सहमति गऱ्यौं सभामुख महोदय त्यो कुरामा म अझ पनि भन्न चाहन्छु सभामुख महोदय त्यो हामीले नयाँ योजनामा हुबहु हामीले लागु गरेकै छौं म आफैं राति ११ बजेसम्म १२ बजेसम्म सभामुख महोदय, मैले मेरा मन्त्रीहरूसँग तितो पिरो भएर पनि मैले बोल्नु पर्ने अबस्थाहरू भयो मैले के भने त्यो अहिले भन्न चाहन्नँ तर आज हेर्ने हो भने कयौं कुराहरू भौतिक हुन सक्छ एउटा १५ लाखको एउटा २५ लाखको छ त्यो भनेको संघको पनि आएको

यहाँको पनि आउँदा खेरि सँगै ४० लाखभन्दा तलका योजना बनाउन दिएको छैन। सभामुख महोदय, यो कुनै प्रमुख प्रतिपक्ष दलको एउटा स्वार्थको कुरा थिएन सत्तारुत दलको स्वार्थको कुरा थिएन यो के कुरा थियो भने त्योभन्दा तल गर्नु भनेको हामीले काम नगरेर तिमि खाउ भन्ने कुरो हो त्यसैले त्यसलाई सुधारै भन्ने कुरामा सरकारले सहर्ष स्वीकार गर्‍यो त्यो हामी लाग्यौ र हामीले यो एउटा मोटो किताब जुन आयो।

सभामुख महोदय, अघि प्रमुख प्रतिपक्ष दलको नेताज्यूले पनि भन्नु भो सही हो किताब चाहिँ मोटाएर आयो अनि योजना आयोग चाहिँ दुब्लाएर आयो अध्यक्ष मात्रै रहेछ मैले अलि कति करेक्सन गर्न चाहे सभामुख महोदय त्यहाँ कर्मचारी पनि छन् सही गर्ने सचिव पनि हुनुहुन्छ । त्यसकारणले एउटा अध्यक्षले मात्र हुनुहुन्न भन्ने कुरा चाहिँ सभामुखज्यूमार्फत मैले चाहिँ यो आग्रह गर्ने चाहे र अहिले हाम्रो अर्थ सचिव नै योजना आयोगको पनि सचिव र अर्थ पनि हुनुहुन्छ र यो हाम्रो उद्देश्य के थियो भने कहीँ गोलमोलमा राखौंला अर्को गरौंला भन्ने कुरा होइन गत साल तिर जाँदा खेरि यसो हेर्दा खेरि माननीयज्यूहरूलाई बाहिरबाट सोध्न आउने खोइत फलानो योजना परेन किताब हेर्ने त्यो छुट्योभन्नु हुन्थ्यो एउटै किताब भए पछि त राम्रोसँग हेर्नु होला भन्ने उद्देश्य राम्रो थियो। सभामुख महोदय तर त्यहाँ हामीले के गरेका थियौं भने यता पट्टि हाल्दा खेरि बहुवर्षीय आयोजना क्रमागत आयोजना नयाँ आयोजना भनेरै हालेर पठाएको हो तर हाम्रो पियलआइयामबि सिस्टममा चाहिँ त्यो कटदो रहेछ । त्यो कटदा पनि मैले चाहिँ एउटा कपि चाहिँ राखेको थिए र मैलले बारम्बार भन्ने गरेको थिए। मसँग यो कपि छ त्यसैले हिजो हामीले छलफलमा गर्‍यौं अहिले नयाँ किताब भनेको कुनै नयाँ नियम निसकेको होइन त्यो सबै वास्तवमा भन्ने हो भने त्यो मोटो किताब निस्क्यो मलाई पनि थाहा हुदैन क्रमागत कुन चाहिँ हो बहुवर्षीय कुन चाहिँ अलि ठूलो पैसा हेरे पछि बहुवर्षीय यही रहेछ किभन्दा खेरि यो चाहिँ राम्रोसँगदेखियोस् भन्नको लागि सभामुख महोदय हामीले क्रमागत कुन नयाँ कुन अनि यो विशेष गरेर वनमन्त्रालयको सालबसालि भनेको कुन भन्ने किताबहरू हामीले छापेर ल्याएका छौं। अब २ ओटा किताबहरू त सायद अघिनै यो वनको र उर्जाको चाहिँ त माननीयज्यूहरूले पाईसक्नु भयो होला सायद पिजन हलमा राखिसकेको छ, होला भौतिकको अहिले भर्खरै आइसकेको छ । र सामाजिकको पनि किताब तयार भइसक्यको छ बेलुकासम्म आउछ त्यो अघि नै कुरा आएको छ डल्लो बजेट भन्नाले स्कुलका उसमा चाहिँ किताब छापिएको रैछ त्यो केही फरक परेन एनयकक्समा भए पनि कुन स्कुल परेको छ भनेर हाल्दिनु होला भनेर मैले सचिवज्यूलाई निर्देशन गरिसकेको छु त्यो त्यसरिनै आउछ नै कुनै पनि डल्लो एक दुई ओटा जस्तै एकीकृत बस्तिको उर्जाको बाहेक अरू यहाँहरूले देख्न सक्नु हुन्न भन्ने ने मलाई लाग्छ त्यसमा हेरै बसै हैन अब यो जुन आखाले हेर्दा खेरि मन नपरेको मान्छे छ भने पछि जति हेर्दा पनि त्यसलाई राम्रो त लाग्दैन हैन त्यस्तै हिसाबले जाने भएत मेरो भन्नु केही छैन तर पनि वास्तवमा प्रयास केहो उले

प्रयास गरेको होकि हैन यो प्रयास गरेको कुरालाई पनि मत आज पनि भन्छु सभामुख महोदय वास्तवमा चै सरकार प्रमुखको हैसियतले मैले धन्यवाद नै पाउनु पर्ने हो तर धन्य कता गयो कता गयो सभामुख महोदय मलाई त बाद मात्रै लाग्यो यहाँ त बाद लाग्नु हुन्थ्यो कि हुन्न थियो। म त्यति जान्दिन तर पाउने त मैले धन्यवाद नै थियो भन्न चाहन्छु सभामुख महोदय अ त्यस्तो भइ रहेको छ यो हामी त्यहाँ पनि गरछौँ र अघिनै यहाँ कुरो आइसक्यो छ प्रमुख प्रतिपक्ष दलको नेताज्यूले पनि भनिसक्नु भएको छ । एक ढङ्गले हामीले जुन कुराहरू गरिरहेका छौँ यसलाई कसरी जाने जस्तै मैले भनी सक्य सभामुख महोदय मुख्यमन्त्री रोजगार कार्यक्रमको विषयलाई पनि भन्य अब यो भौगोलिक कुरालाई समेटेर आएको कुरामा हाम्रो एउटा मात्रै मन्त्रालयमा त्यो उर्जा मन्त्रालयमा परेको छ । ती नामहरू हटाएर हामीले १ करोड ३० लाख रूपया त्यहीँ हामीले डल्लो बनाईसक्यका छौँ त्यो पनि म सम्मानित सदनमा सभामुखमार्फत म आग्रह गर्न चाहन्छु । र हामीले भनेका छौँ १५ लाखभन्दा तलका योजनाहरू विशेष गरेर यो कृर्षि मन्त्रालय बाहेक कृर्षि मन्त्रालयमा १५ लाखभन्दा मुनिका पनि हुन्छन २ लाखका पनि हुन्छन ३ लाखका पनि हुन्छन बिउबिजनमा ५ हजार पनि दिनु पर्ने हुन्छ । त्यो पहिला पनि हाम्रो सदनमा कुरा उठेको हो सबै प्रकृतिका कुराहरू एउटै खालका चाहिँ हुदैनन् त्यो कुरामा हाम्रो चाहिँ सहमति छ । ती बाहेक खाने पानी सिँचाइ विशेष गरेर उर्जाबाट आउनेमा चाहिँ त्योभन्दा तलका हुदैनन् तर क्रमागत योजनाहरूमा चाहिँ हुन्छन कहीँले १ लाखले पनि कक्पिलिट गर्नु पर्ने हुन सक्ला जस्तै खाने पानीको सबै बनाएको हुन्छ ट्याङ्कि बनाएको हुन्छ त्यसलाई चाहिँ घेरबार बनाउनुपर्ने हुन्छ। त्यसको लागि १ लाख छुट्टाएको हुनाले १ लाख कसरी भयो भने तर एउटा कुरो के हो भने अ सभामुख महोदय बारम्बार यहाँ चाहिँ प्रतिपक्षबाट पनि उठ्यो विपक्षदलबाट पनि उठ्को कुरा केहो भने तिम्रो क्रमागतको चाहिँ आधार केहो त यहाँ धेरै कुराहरू आए नयाँ लाई पनि क्रमागत भन्ने हुन सक्छ भन्ने कुरो वास्तवमा भन्ने हो भने हामीले रिकम्डेसन गर्दा पनि माननीयहरू रिकम्डेसन गर्दा पनि आउनु पर्ने चाहिँ जुन प्रोजेक्ट बैङ्कको कुराहरू गरछौँ हामीले आउनु पर्ने चाहिँ वास्तवमा चाहिँ जिल्लाका कार्यालयहरूबाट नै हो गाउँपालिकाबाट नै हो तर पनि अब हाम्रो त्यो सिस्टम चाहिँ राम्रोसँग नबसिसक्यको हुनाले त्यो कुरामा चाहिँ अहिले केछ त्यसमा कति क्रमागत परे या परेनन् त्यो त हामीले हिजोको रातो किताब हेरेर पनि गर्न सकिन्छ । जस्तो लाग्छ र नयाँ कुराहरूमा हिजो हाम्रो धेरै जसो आउने उर्जा र खानोपानी, वनबाट हो हिजो हाम्रो उर्जा र खाने पानीमा धन्नै ३०० हैन ४५५ ओटा पूराना चाहिँ थिए र नयाँ पनि धन्नै धन्नै ३०० चानचुन आएका थिए तर पछि हामीले छलफल गरिसक्य पछि तिनलाई घटाएर अहिले जम्मा ५ प्रसेन्ट मात्रै नयाँ तिनमा पनि १५ लाख तभन्दा म १/२ ओटा झुक्किएर आएका होलान् म १०० प्रसेन्ट एक दम यस्तो छ भन्न सक्दिन होला सभामुख महोदय, यत्रा विद्वानहरूले बनाएको नेपालको संविधानमा त

१६० ओटा मिस्टेक भेटिएका छन १६० ओटा भने यी त हामीले आज गौरवको कुरा पनि छ । म यही सदनबाट चाहिँ अहिले धन्यवाद दिन चाहन्छु।

सभामुख महोदय, वास्तवमा कर्णाली प्रदेश सरकारका प्रमुख सचिवदेखि लगेर सचिवज्यूहरू र विशेष गरेर यो अर्थसँग जोडिएको हुनाले अर्थ सचिवलाई म विशेष धन्यवाद दिन चाहन्छु किन भने खास यो चाहिँ अहिलेको मौलिक बजेट हो। हामीले कोही कसैको पनि सहयोग नलिएर मन्त्रालयकै कर्मचारीहरू, मन्त्रालयकै सचिवहरूले मन्त्रालयकै मन्त्रीहरू बसेर बनाएको चाहिँ यो एउटा वास्तवमा भन्ने हो भने म गौरवका साथ भन्न चाहन्छु र उहाँहरूलाई पनि म धन्यवाद दिन चाहन्छु । अब काम गर्दा गर्दै केही त्रुटि हुन सक्छन्, त्यो त्रुटिलाई हामीले ठूलो रूप नलिनको लागि पनि म आग्रह र अनुरोध गर्न चाहन्छु । सभामुख महोदय, त्यसकारणले हामीले भनेका छौं १५ लाखभन्दा तलका चाहिँ त्यस्तादेखिय भने हामी रोक्ने भनेका छौं त्यो रोक्छौ सरकारको काम हो त्यो रोक्छ । त्यस्तै निर्वाचन पूर्वाधारको कुरा पनि आयो र यसै विषयमा पनि धन्नै धन्नै हाम्रो धेरै घण्टा हामीले बिताउनु पऱ्यो गर्ने कुरा हो विभिन्न खालका चाहिँ विकल्पहरू आए तर सरकारले के भन्यो भने संख्या घटेको मान्छेको संख्या घटेको त सही हो तर निर्वाचन क्षेत्र त घटेको छैन नि निर्वाचन क्षेत्र चाहिँ २४ को २४ सै छ अब मान्छे घटे होलान कोले छोडेहोलान कोही के भयो होलाभन्दा खेरि हामीले निर्वाचन क्षेत्र पूर्वाधार विकास विशेष कार्यक्रम भनिसक्य पछि त्यो चाहिँ घटन भएन भन्ने अब त्यसलाई कार्यन्वयन गर्ने अब विभिन्न खालका तर्क पनि आएका छन सभामुख महोदय अब यो बजेट भनेको र्निजिब नै हो सजिब बनाउनलाई मान्छेले नै चलाउने कुराहरू हो यसमा कुन ढङ्गले कसरी सञ्चालन गर्न सकिन्छ भन्ने कुरामा हाम्रो निकै बहस पनि भयो छलफल पनि भयो त्यो छलफलमा हामी अन्तत गत के भन्यो भने ठिक छ त त्यसका हकमा चाहिँ हामी सबै सर्वदलीय यहाँ जुन चाहिँ सर्वदलीय भन्नाले सबै देशै भरिका पार्टीको दल होइन। सभामुख महोदय, यो कर्णाली प्रदेशसभामा चाहिँ संलङ्गग दलहरू हामी बसेर हामीले छलफल गरेर त्यो अगाडि बढाउने भन्नेमा हामी सहमत भएका छौं यही अगाडि बढीरहेका छौं सभामुख महोदय र मैले मनका व्यथा भन्दै जाउ भने त कति छन् कति ? सभामुख महोदय, भन्ने कुरा धेरै थिए छातिभित्र रहे, परेलिका आखा ट आसु आए भने जस्तो कति छ कति छ तर आजको यो समयसलाई हामीले छलफल गर्नु पर्ने कुरा भएको हुनाले म सभामुखज्यू दलका नेताहरूज्यू र विशेष गरेर प्रमुख प्रतिपक्ष दलका नेताज्यू माननीयज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । हामीले कर्णालीले जति छलफल गरे पनि एउटा सहमतिको बाटोमा जान्छ यो एउटा बाटोमा गएर अबका हाम्रा छुटिने दिनमा कसैलाई तितो कुरा गरेर होइन हाम्रो भाबनामा गल्ती भएकालाई सुधारेर ठिक ढङ्गमा जाने छौं र हामीले यो बाटोमा मैले भने नि अब गलतै बाटोमा जाने हो भने सरकारका त सरकार कानुन भन्या एउटै भयो कानुनमा के हुन्छ कानुनमा नै सिंह हुन्छन् जता घोचे पनि हुन्छ ।

सरकर भनेको पनि त्यस्तै हो तर हामी त्यस्तो किसिमको त्यो सरकार चलाउन हामी चाहादैनौं सभामुख महोदय र म विशेष गरेर गठबन्धन दलका नेताज्यूहरूलाई पनि म हार्दिक धन्यवाद दिन चाहन्छु । माननीयज्यूहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु। जो उहाँहरूको सहयोगहरू प्राप्त भयो त्यस्तै गरेर विपक्ष दलको प्रमुख नेताज्यू, सचेतकज्यू अनि समितिका सभापतिज्यूहरू सबैलाई धन्यवाद दिदै अब हामीले गरेर यो सुगर रोग जस्तो नगरौ भन्ने मलाई लाग्छ । सुगर रोग कस्तो हुँदो रैछ भने चिनि खान नहुने मुखमा हाल्दा खेरि गुलियो लाग्छ मिठै लाग्नेभित्र गएर बिग्रिहाल्छ। बोले पनि त्यस्तै रहेछ बाहिरबाट प्याच्च बोल्यो नराम्रो बोले पछि बिग्रिहाल्छ चित्त दुखाउने दुखाई हाल्छ, अब सप्रनु पर्ने कुरा केही पनि छैन त्यसकारणले यो सप्रेर राम्रोसँग गएर यो ३/४ महिनामा हामीले यो कार्यक्रमलाई राम्रोसँग अगाडि बढाउने कमीकमजोरीलाई सुधारने कोही पनि मैले भनी हाल्य कोही पनि यो दुधले नुहाय जस्तो हुदैन तर त्यस्तो कुरा नहोस कि एउटा मलाई लाग्यो सभामुख महोदय एउटा अन्तिम कुरा भन्न चाहन्छु अहिले यहाँ यो प्रदेश गैरवको एउटा योजना हाम्रो रङ्गशाला छ । त्यहाँ यति धेरै चाहिँ सूचनाको हक अधिकार भनेर माग्नेहरूको ताति लाग्दो रैछ अनि बन्द डोकाभित्र बनिरहेको यो भनेर चाहिँ त्यस्ता पनि न्यूजहरू आउँदारैछनभित्र गयो के भयो किन भने कन्टिसेन्टल छ अर्को छ हामीले सबैभन्दा राम्रो गर्ने खोजेका छौं म पनि बारम्बार चाहिँ त्यहाँ केरे त्यसको अनुगमनमा गएको छौं प्रमुख प्रतिपक्ष दलको नेता पनि जानु भएको छ पूर्व मुख्यमन्त्री पनि जानु भएको छ अरू मन्त्री ज्युहरू पनि जानु भएको छ ओहो साच्चै हाम्रो आज हरियो बनेको छ वरिपरि विल्डिङ्गहरू बन्न गईरहेका छन अनि गयो गयो गयो गयो गयो मलाई चाहिँ यसको लागि देउ भन्ने त्यसपछि जाँदा खेरि त त्यो तयार गरिसक्य पछि लिन आउनुभन्दा खेरि अर्को एउटा कुरा भन्ने त्यो लिन नजाने त्यो खालको कुरा हामी कोही कसै नहोस र कर्णाली प्रदेश साच्चै नै कसकौ जस्ता कुटाकुट हुने कुर्चि भाचाभाच हुने पैसा लुटालुट गर्ने हैन कसैले चाहिँ सभामुखले एउटा घोषणा गर्ने अर्थमन्त्रीले अर्को गर्ने त्यस्ता पनि भएका प्रदेशहरू हामीले देखेका छौं । यति कुरा म गरदै सम्पूर्ण सम्मानित सदनलाई मेरो चाहिँ यो आग्रह छ अब मिलेर राम्रोसँग जसरी यो चाहिँ छलफल हुन्छ यो कुराको चाहिँ जुन खालको निगोसिसन भयो त्यसको लागि विशेष विशेष भुमिकाको लागि कैयौं दिन राम्रोसँग भात पनि नखाएर खेल्न जाँदा खेरि खुटो मडकायर जुन हामीलाई साथ दिनु भो त्यसको लागि म सभामुखज्यूलाई त्यस्तै आफ्नो एकदम अहिले जटिल अबस्थामा माथि केन्द्रिय समितिको बैठक भइरहेको पोलिटभ्युरो सदस्य बनाउने अबस्था आइरहेको यो मात्रै हैन माथि चाहिँ स्थायि समिति बनाउने कुरामा पनि मेरो प्रदेशको काम चाहिँ महत्त्वपूर्ण हो भनेर अ हाम्रो गठबन्धनका नेताज्यू पूर्वमुख्यमन्त्री त्यसरी नै अन्य अरू नेताज्यूहरू र प्रमुख प्रतिपक्ष दलको नेताले अघि भनेका एउटा  मलाई सटै लाग्यो आखिरी कुर्नु पर्ने दिनले होर माग पूरा गर्नेले होला माग पूरा गरिदेउ भनेर कुरी रहेको

छु भने ती कुराईलाई पनि एउटा सकारात्मक बाटोमा लानको लागि जुन गर्नु भो त्यसको लागि पनि सम्पूर्णलाई धन्यवाद दिदै यही रोस्टमबाट अब यो बजेट कार्यन्वयनको पक्षमा हाम्रो बिउरो क्रायासिले पनि राम्रोसँग अगाडि बढाउने छ र हामीले पनि त्यहीँ ढङ्गले बढ्ने छौँ भन्ने कुरा राख्दै पुन सबैलाई हार्दिक हार्दिक धन्यवाद दिदै बिदा हुन्छु धन्यवाद जय नेपाल ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू कणाली प्रदेशसभा नियमावली, २०७९ को नियम १४० को उपनियम (६) बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९अन्तर्गत मन्त्रालयगत विनियोजन माथिको छलफलका लागि पूर्व निर्धारित कार्यतालिका परिवर्तन गरि आज असार २४ गतेदेखि २७ गतेसम्म निम्नअनुसारको कार्यतालिका निर्धारण गरेको छु । असार २४ गते कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९अन्तर्गतको आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेशसभा सचिवालय र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय असार २५ गते भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र जलस्रोत तथा उर्जा विकास मन्त्रालय असार २६ गते आर्थिक मामिला तथा योजना मन्त्रालय, भुमि व्यवस्था कृर्षि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालय असार २७ गते मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायवक्ताको कार्यालय र कर्णाली प्रदेश योजना आयोगका शीर्षकहरू माथि दफावार छलफलका लागि समय निर्धारण गरेको छु । माननीय सदस्यहरू प्रत्यक मन्त्रालयगत र निकायगत छलफल सकिय पछि सम्बन्धित मन्त्रीले छलफलमा उठेका प्रश्नहरूको जवाफ क्रमशः दिनु हुने व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टलाई कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९ को विभिन्न शीर्षकहरू माथि छलफल गरियोस् भन्ने प्रस्ताव सभासमक्ष पेस गर्ने समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टः-** माननीय सभामुखज्यू सभासमक्ष प्रस्तुत भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९ माथि कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १४० को उपनियम (७) बमोजिम मन्त्रालयगतरूपमा निर्धारित तालिकाबमोजिम छलफल गरियोस् भनी सभासमक्ष प्रस्तुत गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १४० को उपनियम (७) बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९अन्तर्गतको आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेशसभा सचिवालय र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका शीर्षकहरू माथिको छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले रोस्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला ।

सर्ब प्रथम माननीय श्री दल रावल समय ७ मिनेट यस पछि माननीय श्री पद्मा खडका तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री दल रावलः-** माननीय सभामुख महोदय यो मन्त्रालयगत छलफलको समयको लागि माननीय सभामुखज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । र कर्णाली प्रदेशको सम्वृद्धिको सह यात्रामा हामी सत्ता पक्ष प्रतिपक्ष सबैको साझा दायित्व र भुमिका नै हो यसमा दुई मत भएन र यो अस्ति मागमा गरेको ७ बुदे सहमतिको जगमा जुन प्रतिपक्ष दलले उठाएको सकेसम्म प्रोडक्टिप रूपमा चाहिँ बजेट कार्यन्वयन गरै भन्ने विषयसलाई नै उठान गर्‍या थियो । त्यो ७ बुदेको जगमा टेकेर आज ४ बुदे जुन खालको सहमति सत्ता पक्ष र विपक्ष बिचमा भयो यसले फेरि पनि यो आउदो बजेटलाई अझ प्रोडक्टिप रूपमा क्रियटिभ रूपमा अलि ट्रासप्यारेन्ट रूपमा कार्यन्वयन गर्नका निम्ति सघाउ पुग्ने छ । भन्ने मैले चाहिँ आशा लिएको छु र यसका लागि सरकार समर्द दल अलि धन्यवादको कमीनै भयो भन्ने महसुस गर्नु भाछ माननीय मुख्यमन्त्रीज्यूले सरकार र माननीय मुख्यमन्त्रीज्यूलाई विशेष धन्यवाद पनि छ । अब यो ३ ओटा फरक फरक शीर्षकमा हामी छलफल गरदै छौं । हुन त आज अलिकति प्रोभिलेज किनभने यो अस्ति अलिकति एक हप्ता अगाडि पढ्या भुलिहालियो अब किताब अहिले कोही त आका पनि छैनन् अहिले हेर्ने पाईएन तर पनि फेरि पनि हेरौंला केही छैन यसलाई चाहिँ राम्रो बनायरनै लानु नै सबैको दायित्व पनि हो र मैले हाम्रो चाहिँ सङ्घीयताको मेरो विचारले यो डेमोक्रेसियोले रिसेन्टलाईजेसन गर्ने पहिलो प्रदेशसभा जस्तो लाग्छ । प्रदेशसभाबाट नै लोकतन्त्रको अभ्यास गरदै यी भोलि प्रदेशसभाका सदस्यज्यूहरू चाहिँ भोलि माथिको सङ्घीय सरकारका मन्त्री हुने माननीय हुने र साच्चैको लोकतन्त्रको अभ्यास गर्ने थलो चाहिँ प्रदेशसभा भएको नाताले प्रदेशसभाको ओझ बढाउनु हाम्रो दायित्व पनि हो । यसको कर्तव्य पनि हो । एउटा प्रदेशसभाको चाहिँ करे हाम्रो निजामती ऐन आको छ । लोकसेवा विधेयक आछ त्यहीं पनि हामी छलफल छौं । किन प्रदेशसभाको सेवालाई चाहिँ अलग राखै किनभने यसको गरिमा यसको महत्त्वलाई फरक ढङ्गले पहिचानयूक्त बनाएर जाउँ यसको चाहिँ क्षमता विकास यसको क्यापासिटिमा एडभान्स गर्ने कुराहरूलाई छुटै लैजाउ भन्या हामीले भन्या पनि छौं । किनभन्दा यसको आफ्नै खालको गरिमा छ लोकतन्त्रमा शक्ति पृथकिकरणको सिदान्तअनुसार यो एउटा चाहिँ यो अत्यन्त महत्त्वपूर्ण थलो हो जस्को यसको चाहिँ ओज बढाउदै गयै भने यसको क्षेमता विकास गरदै गयै भने हामी सबैका लागि र प्रजातन्त्रको लागि सिंगो लोकतन्त्रका लागि पनि यो राम्रो इन्टिच्युसन हो यो त्यो भको नाताले यसको विकासको निमित्त हामी सरकारले कन्जुसाई गर्नु हुदैन भन्ने न नै हो । अब फेरि कस्तो भने हामी पूरानाहरू बिदाई हुदै छौं हुनत पछि फेरि पनि कोही माननीयज्यूहरू प्रदेशसभाका सांसद भएर आउनु होला कतिपय नआउनु होला र धेरै जस्तो नयाँ माननीयज्यूहरू आउनु हुन्छ । अब यो निर्वाचन अब ५ महिना पछि

निर्वाचन भइसक्य पछि नयाँ प्रदेशसभाका सदस्य आउने हुनाले उहाँहरूको क्षेमता अभिबृदि गर्नु हाम्रो दायित्व हुन्छ । त्यो भको नाताले यहाँ काम गर्ने कर्मचारी साथिहरूको क्षेमता विकास गर्ने दायित्व हुन्छ हाम्रो यहाँ मर्यादा पालक साथिहरू हुनु हुन्छ उहाँहरूको पनि क्षेमता विकास गर्ने र यहाँभित्रको नम्स र भ्यालुका विषयहरू चाहिँ सिकासउने हाम्रो दायित्व हुन्छ । कर्तव्य हुन्छ त्यो भको नाताले मैले यसो अस्तिनै हेरेको हो । यो किताबमा अलिकति प्रदेशसभाका सदस्यहरूको क्यापासिटि विकास गर्ने यहाँका चाहिँ यहाँभित्र रहेका कर्मचारिहरूको क्षेमता विकास गर्ने र नयाँ आउने माननीयज्यूहरूको पनि क्षेमता विकास गरेर लोकतन्त्रको साच्चै मर्यादित थलोको रूपमा विकास गर्नको निम्ति प्रदेशसभालाई विकास गर्ने ढङ्गको अलि विकास केरे बजेट अलि अपुग भयो कि भन्ने मलाई लाग्याछ तर अरू चाहिँ समग्रमा पहिलाभन्दा अलिकति व्यवस्थित ढङ्गले नै यो मलाई लाग्छ प्रदेशसभाका लागि बजेट आएको मैले पाए किन राम्रा कुरालाई कन्जुसाई गरदैनौ निकै बिग्राहुनाले आलोचना गर्नु पर्‍या हो । अलि राम्रा कुरालाई त विगतका प्रतिपक्षभन्दा विगतका अरू माननीयज्यूभन्दा हामी चाहिँ साच्चैको सकारात्मक ढङ्गले बोल्ने नै प्रतिपक्ष अहिले नै पएको छ सरकारले सही बाटोमा लाउने प्रतिपक्षले नै पाएको हुनाले पनि म चाहिँ मैले चाहिँ भने । त्यसपछि साधन र स्रोत अलिकति ओयल इक्युव बनाउ अझै पनि राम्रो छ हाम्रो प्रदेशसभा हेर्ने हो भने पहिलो पहिलो ४ वर्षको आफ्नो कार्यकालमा पनि राम्रै व्यवस्थित छ इनफर्मेटिक छ । इनफर्मेसन सिस्टम राम्रो छ, नेटोर्किङ्ग सिस्टम राम्रो छ तर पनि अझ पनि हाम्रो यसको बृद्धि विकास का निम्ति यसको ईनफास्ट विकास का निमित्त यसको नेटोर्किङ्ग विकासका निमित्त यसको इनफर्मेस कम्युनिकेसन सिस्टम विकास गर्नका निमित्त अझ पनि हामी चाहिँ अलि राम्रो खालको बजेटिङ्ग गरेर जाउ किन भने प्रदेशसभा हाम्रो चाहिँ साच्चैको गैरवको स्थल हो । यो साच्चै जनताको सार्वभमिता थलो हो । यसको बृद्धि विकास गर्न हामी सबैको साझा दायित्व हो भन्न चाहन्छु । त्यसै गरि यो आन्तरिक मामिला तथा कानुन मन्त्रालय पहिलाका हाम्रा आन्तरिक मामिला मन्त्रीज्यूलाई म सम्झिन चाहन्छु । विना बर्दिको सिपाई के सिपाई विनाको गृहमन्त्री के भन्नु हुन्थ्यो उहाँ हो सेना विनाको सेनापति भन्नु हुन्थ्यो। अहिले पनि सेना विनाको सेनापति नै छ अहिलेको हाम्रो आन्तरिक मामिला मन्त्रीज्यू हुनु हुन्छ मैले किताब हेरे फेरि हेर्न पाको छैन अलि पहिला हेर्दा खेरि एउटै शसत्र प्रहरीलाई १५ लाख रूपया दैलेखमा हाल्नु भएछ । त्यहाँ देखे दैलेखमा पनि चाहिन्छ १५ लाखले पुग्दैन माननीय मन्त्रीज्यू हो हो सङ्घीय संरचना हुन हामीलाई थाहा छ तर पनि सङ्घीय संरचना पनि हाम्रौ संरचना हुन यी प्रहरीहरू हाम्रै शान्ति सुरक्षा कर्णालीकै जनताका शान्ति सुरक्षाका लागि खटिएका हुन भने हामीले किन नदिने हामीले दिने हामीले चाहिँ पहिलो सरकारले हामीले कति भ्याकलहरू हामीले दियौ त्यो अहिले हाम्रै लागि प्रयोग भइराखेका छन् भने पछि अहिले तपाईंको शसत्र प्रहरीहरू जिल्ला जिल्लामा खटाइएको

छ। उनीहरूलाई बिचरा टिनको छाना मुनि बस्याछन्, अरूका संरचना प्रयोग गरेर बस्याछन भने हामीले हाम्रा घर बनाई दिदा के बिग्रनिन्छ । हाम्रा चौकिमा तपाईँहरू अन्तराष्टिय बोडर हाम्रो हिल्सामा जानु भयो भने हिल्साको प्रहरी कस्तो अबस्थामा बस्याछ लिमीको प्रहरी कस्तो अबस्थामा बस्याछन् यही पनि उता हाम्रो पश्चिम सुर्खेत तिर जाउ त्यहाको प्रहरी कस्तो अबस्थामा बस्याछन उनिहरूलाई वयलयिकु वननाउन उनिहरूको पूर्वाधार विकास गर्नु पनि कर्णालीको गैरबको विषय हो । कर्णाली प्रदेश सरकारले हाम्रो चाहिँ कार्यक्षेत्र हैन भन्ने हैन हाम्रो आर्थिक ऐन चाहिँ व्यवस्था गऱ्या चाहिँ व्यवस्था पुऱ्याएर ती प्रहरीका पूर्वाधार विकास गर्नु पर्ने हुन्छ । तपाईँले त्यो बजेटको व्यवस्था गर्नु पर्ने पर्थो अलिअलि दैलेखी हुनाले दैलेख सम्झनु भएछ तर पनि १५ लाखले केही हुने वाला छैन अलि राम्रै व्यवस्थापन गऱ्या भए हुन्थ्यो अरू त तपाईंको मन्त्रालयगत विषयमा भन्नु पर्ने विषय त्यतिदेखिदैन सकेसम्म छिटोभन्दा छिटो पहिलात केपी ओलि सरकारले संघबाट अधिकारै दिएन भन्नु हुन्थ्यो माननीयज्यूहरूले अहिले त देउवा सरकार छ । अहिले त प्रचन्ड सरकार छ, अहिले त अर्को माधव नेपाल सरकार छ, अहिले त सङ्घीयताका लागि मरिमेट्ने उपेन्द्र यादवको सरकार छ । छिटोभन्दा छिटो अधिकार ल्याउ प्रहरी कानुन बनिसके पछि संशोधन पनि भइ सक्यो भने पछि यो चाहिँ छिटोभन्दा छिटो हाम्रा अधिकारहरू सुनिश्चित गरै र हाम्रो व्यवस्थित गरै हाम्रा संरचनाहरको विकास गरै हाम्रो टूसनहरूको विकास गरदै जाउ त्यसले मात्र सङ्घीयता बलियो हुन्छ । म आन्तरिक मामिला मन्त्रीज्यूलाई यो आग्रह गर्ने चाहन्छु । त्यस पछि तपाईँलाई थप भन्नु अहिले छैन । त्यसपछि उद्योग पर्यटन वा तथा वातावरण मन्त्रालयसलाई पनि अत्यन्तै महत्त्वपूर्ण मन्त्रालय हो यो किन भने कर्णाली टुरिजम इन्डस्ट्रीकालागि विशेष यो कटेज इन्डस्ट्रीका लागि अझ यहाँको हाम्रो चाहिँ प्राकृतिक स्रोत र साधनमा यो आस्रित रहने गरि उद्योगहरूका लागि निकै ठूलो चाहिँ यो हाम्रो एकदम पोटेन्सियल कर्णाली प्रदेश हो। मैले किताब हेर्दा खेरि निकै छरिएको बजेट छ माननीय मन्त्रीज्यू मलाई लाग्छ यो प्रोजेक्ट उईथवाउट प्लान जस्तो लाग्यो हैन अलिकति छरिएको छ एक दम सानासाना छन बाटो मुनि तटबन्धन भन्या छन्, कहाँको बाटो मुनि तटबन्धन वडा नम्मर ३ चंखेलि गाउँपालिका वडा नम्मर ३बाट नै तटबन्धन भन्याछ चंखेलि गाउँपालिका वडा नम्बर ३ मा त्यो त कति हुन कति बाटा छन मत त्यहीँको निर्वाचित क्षेत्र सांसद मत दिनदिनै गई राख्ने त्यो ठाउँमा मलाई थाहा छ। मलाई सोध्या भइ हाल्थ्यो नि केही फरक पर्दैनथ्यो। आखिर विकास त त्यहीँको लागि गर्ने त हो नि अब बाटोमा पनि भोलि झगडा गर्छन बाटो त राम्रो पनि छ तल तटबन्धन चाहिँ सबैले भन्छन् तटबन्धन भने मरिहाल्ने गरछन मान्छेहरू त्यहीँ दिन रोज्छन सबै तटबन्धन नै भन्छन केहो केहो इन्ट्रेस के हो ? थाहा छैन त्यहीँ लिन खोज्छन यस्तो अबस्था छ । अर्को एउटा पर्यटन सरकिट गर्न खोज्नु भाछ माननीय मन्त्रीज्यूले मैले भर्खर किताब हेरे अहिले रनिङ्ग हो राम्रो एक दम पोटेन्सियल

सारै टुरिजमको लागि एकदम टुरिजमको लागि अत्यन्तै राम्रो ठाउँ हो रनिङ्ग, लिमि, रानी छैन भनेको भौगोलिक रूपमा अत्यन्तै टाढा अत्यन्तै टाढा त्यसको पर्यटन सरकिट लागि जम्मा ५० लाख रूपया त्यो पर्यटन सरकिट ५० लाख हुन्छ त्यहाँ त्यो सम्भव छ भने पछि त्यस्तो वितरणमूखिभन्दा अलि एकटिभ बजेट जस्तो बरु पहिलाको चाहिँ राराको लागि हामीले गऱ्याछौं यो काक्रिबिहारको लागि गऱ्या छौं। लिमीको लागि गरौं यस्ता यस्ता ठूला ठूला ठाउँ रनिङ्गको लागि गरौ हैन यो हाम्रो चाहिँ मुगुको छायाँनाथका लागि गरौं दुल्लु दैलेखको चाहिँ हाम्रो चाहिँ त्यसको लागि गरौं सिजाका लागि गरौं यस्ता पर्यटकीय क्षेत्रलाई एक ठाउँ राम्रो-राम्रो लगानी गरौं मलाई नै चाहिन्छ भन्ने पनि होइन त्यस्तो पनि भन्नु भएन। मेरो ठाउँमा पर्यटकीय क्षेत्र नै छैन पर्यटकीय क्षेत्र विकास गरेको छैन बजेको आवश्यकता पनि हैन । मेरो भनेको दुल्लु पनि हो मेरो भनेको रनिङ्ग पनि हो मेरो भनेको काक्रिबिहार पनि हो कर्णालीको सिंगो सम्बृदिको लागि चाहिँ यो पर्यटकीय क्षेत्रको भ्यालु छ नर्म्स छ यसको अन्तराष्ट्रिय छ भने यसको विकास गर्नु हामी सबैको दायित्व हो । यतातिर चाहिँ अलिकति व्यवस्थित गऱ्या भए माननीय मन्त्रीज्यूले राम्रो हुन्थ्यो भन्ने मलाई लाग्यो, धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री पद्मा खडका समय ७ मिनेट

**माननीय श्री पद्मा खड्काः-** सभामुख महोदय, २०७९/०८० को जुन बजेट आइसके पछि रेगुलर रूपमा यो प्रदेशसभामा जुन हामी बजेटमा छलफल गर्नु पर्ने हो । मन्त्रालयगत रूपमा छलफल अगाडि बढ्नु पर्ने अबस्थामा बजेटमादेखिएका विभिन्न सन्तुलन नमिलेका बजेटका अङ्कहरू नमिलेका विभिन्न शीर्षकहरू, क्रमागतका शीर्षकहरू यी यावदमा जुन विषय प्रतिपक्ष दलले निरन्तर रूपमा यो कुरा उठाउँदै आउँदा आज कर्णाली प्रदेशसभामा एतिहासिक रूपमै भन्नु पर्छ सर्बदलीय बैठक निरन्तर जारी रहदै यो विषयसलाई सबैको समजदारीमा यो सदनलाई सुचारु गर्ने बैठका मन्त्रालयगत बजेटलाई मन्त्रालयगत छलफलमा अगाडि लैजाने जुन खालको एउटा समजदारी बन्यो यो एउटा अ एक दमै महत्त्वपूर्ण बिषय पनि छ र राम्रो पनि छ र यो कार्यन्वयन हेर्ने कुरा अझे बाकीं छ र त्यसका लागि सर्वप्रथम मैले यस सभाका सभामुखमार्फत यो छलफलमा सहभागी सत्तापक्ष र निरन्तर रूपमा आफ्नो जनताका आवाजलाई जनप्रतिपनधिमार्फत यो प्रदेशसभाबाट आफ्नो आवाज उठाउँने प्रतिपक्ष दलका दलनेताज्युलाई म हादिक धन्यवाद दिन चाहन्छु । र यसै गरि मैले यो विषय आजको जुन मन्त्रालयगत छलफलका विषयहरू छन जुन तिन ओटा मन्त्रालयको विषयमा हामी छलफल गरदौ छौं दुइटा मन्त्रालय र एउटा प्रदेशसभा सचिवालय अ पक्कै पनि हामीले यो बिचको लामो समयमा धेरै कुरा हामीले अध्ययन गर्दै गर्दा पनि फेरि यो बजेट छलफल कसरी अगाडि जान्छ भन्ने कुरा अन्नेवलताका बिचमा पनि हामी यहाँ आफ्नो केही कुरा राख्न उभिरहेको छु । र सर्वप्रथम मैले उद्योग पर्यटन वा तथा वातावरण मन्त्रालयको आफ्ना केही सैद्धान्तिक बिचारहरू यहाँ राख्न चाहन्छु । सभामुख महोदय,

जुन मन्त्रालय उद्योग पनि छ पर्यटन पनि छ त्यो सँगै वनलाई पनि सँगै जोडिएको छ। जसले कर्णालीको भविष्य कर्णालीका जनताको आर्थिक आय स्तरलाई बृद्धि गर्ने एउटा सपना बृद्धि गर्ने एउटा उद्देश्य र बृद्धि गर्ने गराउने गरि त्यस्ता खालका योजना ल्यायर कार्यन्वयनमा लैजान जुन मन्त्रालय हो । आज त्यो मन्त्राललयको ४ ओटा बजेटको आर्थिक वर्ष सकिनै लाग्दा त्यसको हामीले प्रगति विबरण हेर्दा अहिले पनि भन्न सक्ने अबस्था छैन त्यसकारणले अहिले यो अबस्थामा आउँदा अहिलेको बजेटमा ०७९/०८० को बजेटमा आउँदा योभन्दा अगाडिको हेर्दा खेरि जनताबाट हामीले पक्कै पनि ४० जना सांसद निर्वाचित यो कर्णाली प्रदेशसभाका जनप्रतिनिधिबाट प्रतिनिधित्व गरदै त्यो मन्त्रालयले एउटा मन्त्रीको जिम्मेवारी पाएका थिए भने अहिले जनताबाट बाहिर रहनु भएका मन्त्रीले त्यहाँ जुन गैर सांसदले प्रतिनिधित्व गरिरहनु भएको छ । जसले जनता प्रति उत्तर दायित्व रहदै जसले यो कर्णालीलाई साच्चिकै बनाउनु पर्छ भनेर जनताका एउटा कसम खाएर यहाँ उपस्थित भइदिएको भए आज यो बजेट यति धेरै बिभेदकारी यति धेरै सन्तुलन नमिलेर आउथ्यो भन्ने मलाई लाग्छ । आउथेन भन्ने मलाई लाग्छ र यो सँगसँगै मैले दूईटा मात्रै विषय यहाँ के जोड्न चाहेको छु भने धेरै थुप्रै कुराहरू बजेटका अङ्कहरू मिलाउने कुराहरूमा सुधारियर आएको छ । यसका लागि म धन्यवाद दिन चाहन्छु । तर मैले के भन्न चाहन्छु भने धेरै थुप्रै योजनाहरू हामीले ल्याएर किताबलाई निला काला अक्षरले रंङ्गाएर मात्र हाम्रो यो कर्णालीको सम्बृदि कर्णालीको सपना हामीले पूरा गर्न सक्दैनउ । तथापि हामीले यो कर्णालीमा उद्योग जोडिरहेका छौं । त्यो सँगै पर्यटन जोडिरहेका छौं त्यो सँगै हामी वन जोडिरहेका छौं भने यो कर्णालीका सबै नागरिकहरूले यो कर्णालीमा भएका उत्पादनलाई पहिलो प्राथमिकता दिने एउटा त्यस्तो खालको कार्यन्वयन गर्ने नीति यो पर्यटन उद्योग वन पर्यटन मन्त्रालयले ल्याउन सकेको भए आज ती कर्णाली प्रदेशका राजधानी विरेन्द्रनगर मात्र नभइकन कर्णाली प्रदेशको सबै जिल्ला सल्यान, रुकुम, जाजरकोट, दैलेखमा उत्पादन भएका साना मझौला घरेलु व्यवसायले उत्पादन भएका आज उत्पादन वस्तुहरू बजार बिक्रि आज कर्णालीका कोही पनि नागरिकले लाउने अबस्था छैन आज हामीले हाम्रो ठाउँमा उत्पादन भएको वस्तुलाई अनिवार्य रूपमा कर्णाली प्रदेशका ७९ तहका जनप्रतिनिधि कर्णाली प्रदेशसभाका सदस्यज्यूहरू कर्णाली प्रदेशमा जति पनि सरकारी कार्यालयमा कार्यरत हुनुहुन्छ, कर्मचारी मित्रहरू सम्पूर्णले अनिवार्य रूपमा हाम्रै प्रदेशको उत्पादनको पोशाक मात्र लगाउ भन्ने खालको एउटा यो सरकारले र यो मन्त्रालयले एउटा खालको चाहिँ कार्यविधि कडाईका रूपमा चाहिँ आफ्नो प्रदेशको उद्योगलाई बिस्तार गर्न आफ्नो अर्थतन्त्रलाई बृद्धि गर्नलाई राजस्वलाई बृद्धि गर्न र यहा रहेका उद्योगि व्यवसाहि साना मझौला घरेलु व्यवसायसलाई प्रोसाहन गर्नका लागि यो खालको कार्यक्रम ल्याइदिइको भए आज धेरैभन्दा धेरै कर्णाली बासीहरू कर्णालीका उद्योग गर्न सक्ने महिला दिदि बहिनीहरू कर्णालीमा बेरोजगार

भएर भौतारि रहेका ती युवाहरू सबैले आफ्नो उत्पादनलाई माया गर्ने र आफ्नो ठाउँलाई आफ्नै ठाउँमा केही गर्न सकिन्छ । आफ्नै ठाउँमा सुन फलाउन सकिन्छ । हामीले उत्पादन गरेका कपडाहरू हामीले उत्पादन गरेका जुत्ताहरू हामीले उत्पादन गरेका विभिन्न सामाग्रीहरू यही खपद हुन्छ यही बिक्रि गर्न सक्छौ भन्ने खालको एउटा मनोबल बढ्ने थियो र कर्णाली प्रदेशको राजस्व बृद्धिमा पनि यले ठूलो सहयोग गर्ने थियो भन्ने कुरा म यहाँ राख्न चाहन्छु । सकिन्छ भने अझै पनि यो ५/६ महिनाभित्र यो सरकारले केहीन केही जाने बेला यो राम्रो कार्यक्रमलाई लागु गर्न गरि केही नीति कार्यविधि बनाएर पनि ल्याउन सकिन्छ भने ल्याउनका लागि पनि मैले सुझाव दिन चाहन्छु । र यसै गरि मैले प्रदेशसभा सचिवालयमा कार्यरत विभिन्न जिम्मेवारीमा रहेका कर्मचारीदेखि मर्यादा पालक त्यसै गरि हामी प्रदेशसभाका सदस्यज्यूहरू यो प्रदेशसभालाई साच्चिकै अझ सुन्दर साच्चिकै यो प्रदेशसभालाई व्यवस्थित गर्नका लागि बजेटको अझै पनि अपुग भयोकोदेखिन्छ । मलाई त्यस्तो लाग्छ र बजेट सँगसँगै भैतिक संरचनाको हिसाबले हेर्दा अन्य प्रदेशभन्दा केही मात्रामा हामी चाहिँ अगाडि छौं तर पनि यसलाई व्यवस्थित गर्नका लागि बजेट अझै यसलाई प्रयाप्त मात्रामा चाहिँ हामीले छुट्टाउदा अझ राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ र अन्त्यमा मैले आर्थिक मामिला तथा कानुन मन्त्रालयको विषयमा हामीले योभन्दा अगाडिको कार्यकाल पूर्वमन्त्रीज्यूले धेरै यो प्रदेशलाई हामी डिजिटल प्रदेश गराउछौं यो प्रदेशलाई विभिन्न सूचनाको हकले सबै नागरिकले सूचना प्राप्त गर्ने प्रदेशको रूपमा बनाउछौं भन्नु भो तर धेरै विषयहरू यहाँ जोडिए जहाँ अहिले पनि टेलिफेनको टावर नटिप्ने अबस्था जहाँकि डाँडामा मोबाईहरू लगेर चाहिँ फोन गर्नु पर्ने अबस्था जहाँ नेट र सुबिधा नेटको सुबिधा पुग्न नसकेको अबस्था यी धेरै थुप्रै विषयहरूलाई हामीले कसरी व्यवस्थापन गर्न सकिन्छ यो मन्त्रालय ले बजेटमा काहि आउनु पर्थ्यो होला जस्तो मलाई लाग्छ काही देखिदनँ र त्यो सँगसँगै हामी हामीले चलाइरहेका डिजिटल विद्यालयहरू हिजोदेखि हामीले विगतका वर्षमा ल्याइरहेका डिजिटल विद्यालययका अबस्थाहरूका कहाँ छन र त्यो हाम्रो कर्णाली प्रदेश सरकारले लगानी गरेका डिजिटल विद्यालयहरू आज कुन अबस्थामा छन भन्ने फेरि पनि यो बजेटले चिनेको अबस्थादेखिदैन त्यसकारणले निरन्तरताका रूपमा त्यो कार्यक्रमलाई फेरि जोडेको भए अझ राम्रो हुन्थ्यो भन्ने कुरा राख्दै मेरा भनाइ यही अन्त्य गर्छु धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९अन्तर्गतको आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेशसभा सचिवालय र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले उठाउँनु भएका प्रश्न एवब जिज्ञासामा सम्बन्धित मन्त्रीहरूले भोलि असार २५ गतेको बैठकको शुरुमै जवाफ दिनु हुने व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवाका सर्त सम्बन्धमा

व्यबस्था गर्न बनेको विधेयक माथि सामन्य छलफल समाप्त भइ सो विधेयक माथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम ११८ बमोजिम थप छलफलका लागि समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय श्री हिमबहादुर शाहीः-** माननीय सभामुखज्यू नेपालको संविधानको धारा २८५ को उपधारा ३ मा प्रदेश मन्त्री परिषदले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकताअनुसार कानुन बमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्ने व्यवस्था रहेको बमोजिम प्रदेशको निजामती सेवालाई सक्षेम सुढिरित सेवा मुलक र उत्तरदायि बनाउन कर्णाली प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवाका सर्त सम्बन्धमा कानुनी व्यवस्था गर्न आवश्यक भएकोले सभामा टेबुल भइसकेको कर्णाली प्रदेश निजामती सेवाको गठन सञ्चालन सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सामान्य छलफल भइ स्व विधेयक माथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकोले उक्त विधेयक माथि दपलवार छलफलका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम ११८ को उपनियम (१) को ख बमोजिम प्रदेश मामिला तथा समितिमा पठाउँन सभासमक्ष प्रस्ताव गर्द छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि थप छलफल गर्न आवश्यक भएकाले प्रदेश मामिला समितिमा पठाउँन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय श्री हिमबहादुर शाहीले राख्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस्,

हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा थप छलफल गर्न आवश्यक भएकाले प्रदेश मामिला समितिकमा पडठाउँन उपयुक्त छ भनी कणाली प्रदेश सरकारका आन्तरीक मामिला तथा कानुन मन्त्री माननीय श्री हिमबहादुर शाहीले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू अब यो बैठक २०७९ साल असार २५ गते शनिवार दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।

## बैठक संख्या-२०
## (वि.सं.२०७९ साल असार २५ गते शनिबार)

राष्ट्रिय गान,

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको बिसौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९अन्तर्गत विनियोजन भएका आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेशसभा सचिवालय र उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका शीर्षकहरू माथीको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञाशामा सम्बन्धित मन्त्रीहरूले जवाफ दिनका लागि कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १४० को उपनियम ८ बमोजिम समय निर्धारण गरेको छु । सर्वप्रथम आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेशसभा सचिवालयहरूको शीर्षकहरूको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञाशाहरूमा जवाफ दिनका लागि कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई समय दिन्छु ।

**माननीय मन्त्री श्री हिमबहादुर शाहीः-** माननीय सभामुख महोदय सर्वप्रथम आन्तरिक मामिला तथा कानून मन्त्रालय एवं संसद् सचिवालयको सम्बन्धमा माननीयज्यूहरूले उठाएको जिज्ञाशा सम्बन्धमा स्पष्ट पार्न भनेर म यहाँ उभिएको छु । यसभन्दा पहिले सबै साथिहरूबाट आएकै कुरा हो कर्णाली प्रदेशसभाको मात्रै हैन आज संविधान देशै भरिको हो पाँच वर्षको प्रदेशसभाको अन्तरिम कार्यकाल समाप्त हुदै छ केही दिन पछि यसैका लागि सबैभन्दा पहिले सम्पूर्ण माननीयज्यूहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु। यहाँहरूको आगामी दिनको भविष्य उज्वल रहोस्, आभार व्यक्त गर्दछु । सभामुख महोदय, संविधानले प्रत्याभूत गरेका मूल्य र मान्यतामा प्रदेशसभा प्रति उत्तरदायी रहेर पूर्वाग्राहरहित चुनौतीपूर्ण अबस्थालाई विश्रामरहित झेल्दै कर्णालीवासीका विविध पूर्ण समाधित र भौगोलिक विशेषतालाई गर्ने प्रवर्धन लक्ष्य प्रति जवाफदेहिता र पारदर्शिताको लागी सरकारले स्पष्ट र सार्थक नेतृत्व गर्दै आएको छ । यसमा दुईमत छैन लोकतन्त्र प्रणालीका साश्वत जनता हुन भन्ने कुरामा सरकार विश्वस्त छ, सरकारप्रतिवद्ध छ । यसैको सिलसिलामा संक्षिप्तमा मैले कुरा राख्दै यसैको सिलसिलामा माननीय सदस्यज्यूहरूले उठाउनु भएका सारभूत जिज्ञासाहरूमा सबैभन्दा पहिले हिजो माननीयज्यूबाट सशस्त्र बल दैलेखको पन्ध्र लाख रुपैया बजेट विनियोजन भएको कुरा आएको थियो यसमा अलिकत माननीयज्यूले राम्रोसँग आफ्नो दिव्य दृष्टि पुऱ्याई दिनु भएन र पन्ध्र लाख रुपैया होइन बिस लाख हो अबश्य पनि त्यसलाई अलिकति गर्न म आग्रह गर्दछु । यस्तै जिल्ला प्रहरी कार्यालय रुकुम र जाजरकोटको संरचना सुधारको लागि तिस लाख रुपैया विनियोजन गरिएको छ । यसलाई स्पष्ट रूपमाभन्दा आज जुन प्रदेश सरकारको दायित्व र जिम्मेवारी हो प्रहरी प्रशासनलाई समायोजन गर्ने कुरा यसमा

कर्णाली प्रदेश सरकारले स्पष्ट रूपमा संविधानतः प्रहरी सँगठन सञ्चालन र निर्माणको लागी विधेयक प्रस्तुत गरेर अहिलेसम्म त्यो विधेयकले सम्बन्धित समितिमा विश्राम लिई रहेको छ । युकको बारेमा धेरै म कुरा गर्न चाहदैन संक्षिप्तमा माननीयज्यूहरूलाई म जानकारी पनि गराउँदछु । यस्तै सशस्त्र बल दैलेख मात्र हैन एघार स्थानमा सशस्त्र बलको उपस्थिति छ । सबै जिल्लामा एक-एक ओटा छ भने सुर्खेतमा दुई ओटा छ सुर्खेतमा वाङ्गेसिमल र बाबियाचौरमा सशस्त्र बलको उपस्थिति छ । त्यस्तै जिल्ला प्रहरी कार्यालय सबै जिल्लामा छ । दश ओटा भइ हाल्यो ईलाका प्रहरी कार्यालय १५ ओटा छ । स्थायी प्रहरी चौकि १२३ छन अस्थायी प्रहरी चौकि ५३ छन अस्थायी ट्राफिक पोष्ट ३८ ओटा छ। अहिलेसम्म मुगु, हुम्ला र डोल्पामा ट्राफिक पोष्ट स्थापना गर्न सकिएको छैन । यसै शिलशिलामा माननीयज्यूले दैलेख सशस्त्र बलको मात्रै जिज्ञासा राख्नु भयो प्रहरी सँगठनको प्रमुख प्रहरीसँग सम्बन्धित दायित्व जिम्मेवारी बोकेका व्यक्तित्वहरूसँग राय परामर्श गर्दा उहाँले २ पाङ्ग्रे गाडि २५, बोलेरो गाडी २० अनिवार्य आवश्यक रहेको भनेर हामीसँग जानकारी गराउनु भयो । त्यस्तै बाँके जिल्लामा रहेको कर्णाली प्रदेशको प्रहरी तालिम केन्द्र डक शाखा, दङ्गा प्रहरी र सङ्घीय प्रहरी सँगै सङ्घीय प्रदेश प्रहरीलाई अनिवार्य कर्णाली प्रदेश प्रहरीभित्र भित्र्याउनको निमित्त अत्यन्तै गम्भीरताका साथ राय परामर्श भयो । यसै सिलसिलामा अस्थायी चौकिहरूको निर्माण दुई पाङ्ग्रे गाडी अथवा बोलेरोका सन्दर्भमा हामीले स्पष्ट रूपमा गृहमन्त्रालयसँग यसको आवश्यक पूर्तिको लागि आफ्नो जाहेरी अथवा आफ्नो माग गरिसकेका छौ । त्यस्तै बाँकेमा रहेको प्रहरी तालिम केन्द्र दङ्गा प्रहरी र सङ्घीय प्रदेश प्रहरीको कार्यालयहरू कर्णाली प्रदेशको राजधानी सुर्खेतमा भित्र्याउनको निमित्त प्रहरी सँगठनका प्रमुखहरूसँग अत्यन्तै गम्भीरताका साथ राय परामर्श गरेर यसको केही दिन भित्रै केही समय भित्रै अगाडि बढ्ने परिमाणमुखी एउटा आउन सक्छ भन्ने मैले आशा गरेको छु । यसको साथै डिजिटल बजेटमा छैन डिजिटल बजेटको बारेमा प्रश्न आएको थियो डिजिटल विद्यालयको बारेमा २०७५/२०७६ मा ६ करोड ४० लाख रुपैया ४५ ओटा विद्यालयलाई रकमान्तर अथवा अनुदान दिइएको छ । त्यस सम्बन्धमा धेरै विद्यालयहरूको आफ्नो जिम्मेवारी र दायित्व पूरा गरेको रिर्पोट प्रदेशमा आइसकेको छ र केही नआएका विद्यालयहरूको पनि यथाशीघ्र आन्तरिक मामिला तथा कानून मन्त्रायमा उपलब्ध गराई दिनहुन जिल्ला समाजिक कार्यालयलाई अनुरोध पनि पठाइएको छ । डिजिटल कार्यक्रम बजेटमै छैन भन्ने कुरा अलिकति म सुधार गर्न सक्दिन माफ गर्नु होला । यो रातो अलि पातलो अनि अफ्ठ्यारो पनि छ भन्न यहाँ माननीयज्यूहरू बाक्लो आयो भने दुई किलोको हुने पातलो आयो भने पचास ग्रामको हुने के गर्ने हो यहा ठूलो समस्या छ। एकपटक यहाँ सर्वदलीय बैठक बस्नु पर्छ कि भन्ने पनि शंका पनि छ यहाँ यसैले यस कार्यक्रमको क्रियाकलाप नं. ११.५.४.३ मा डिजिटल कर्णालीको गुरुयोजना सफ्टवेर निर्माण गरेर ८० लाख रुपैया विनियोजन गरिएको छ । जहाँसम्म डिजिटल कर्णालीको गुरुयोजनालाई

सफ्टवेयरमार्फत गतिशिल र प्रभावकारिता बनाउन कर्णाली प्रदेश सरकारप्रतिवद्ध छ । यसको एउटै म उदाहरण दिन्छु । अहिले मात्र डिइओसि भन्ने एउटा शाखा एकदम क्रियाशील छ यसभन्दा पहिले रहे पनि जिल्ला District Emergency Operation Center भनेर एउटा चाहिँ स्पष्ट राखिएको छ । जसले प्रत्येक घण्टा प्रत्येक मिनेट प्रत्येक सेकेन्डको दशै जिल्लामा भएका घटनाहरू दशै जिल्लामा भएका कुनै पनि व्यवाहारहरूको बारेमा स्पष्ट जानकारी दिईराखेको छ । र आन्तरिक मामिला मन्त्रालयमा स्पष्ट रेकर्ड फाईल गरेर प्रत्येक घन्टाको र प्रत्येक मिनेटको त्याहा रेकर्ड राखिएको छ । यस बारेमा यति मात्र हो यसभन्दा पहिलेको एउटा सानोकुरा पनि मैले भनिहाल्नु पर्ने हुन्छ यहाँ हिजोको सदनमा त्योभन्दा धेरै पहिलेको सदनमा आन्तरिक मामिला मन्त्रालयबाट महाबु लेकको चलचित्र वोर्डको बारेमा  के भएर भएको हो भने एउटा श्रदय माननीयज्यू ले  प्रश्न उठाउनु भएकै थियो त्यस सन्दर्भमा चलचित्र वोर्डको च.नं. ९६२ प.सं. ७९ को मिति २०७८/११/२९ को पत्रअनुसार कालिकोट महाबु गाउँपालिका, नौमुले गाउँपालिका महाबु गाउँपालिकाको पनि महाबु लेक ११०० रोपनी जग्गा छनोट गरी गाउँपालिकाले सहमति दिएर सङ्घीय सञ्चार मन्त्रालयको च.नं. १४४५ को मिति २०७८/११/१५ मा स्वीकृती पाएको पत्र साथ कर्णाली प्रदेश सरकारलाई सम्झौताका लागी डि.पि.आर.देखि लिएर निर्माणसम्मको सम्झौताको लागि व्ययाभार बेहोर्न को लागि उसले अनुरोध पत्र पठाएको थियो । तर कर्णाली प्रदेश सरकारले सबै कुरालाई मध्यनजर गरी महाबु गाउँपालिका, नौमुले गाउँपालिका महाबु गाउँपालिकाको सहमति पत्रको प्रतिलिपि उपलब्ध गराईदिन र व्ययाभार तत्कालको लागि प्रदेश सरकारले वरण प्रस्तुति गर्न नसक्ने कुरा हामीले जानकारी गराएका छौँ। अब त्यस सम्बन्धमा कर्णाली प्रदेश सरकारले मात्रै महाबु गाउँपालिका र नौमुले गाउँपालिका महाबुको महाबु लेकलाई आफ्नै लक्ष्य र आफ्नै अधिकारबाट र कुनै किसिमको गरेको छैन । त्यसैले म सम्पूर्ण माननीयज्यूहरूलाई आग्रह गर्दछु । आन्तरिक मामिला मन्त्रालयको बारेमा अहिलेसम्म आएको कुरा सुनिश्चित हुने हो । अब अर्को  सभामुखले कार्य पत्रमा भनिसक्नु भएको छ संक्षिप्तमा म जानकारी गर्दछु । प्रदेशसभातर्फ प्रदेशसभातर्फ संञ्चितकोसमाथि व्ययभार हुने रकम ६९ लाख ११ हजार मात्र विनियोजन भएको छ । त्यस्तै प्रदेशसभातर्फ ७ करोड १२ लाख ९८ हजार विनियोजन भएको छ । त्यस्तै प्रदेश सचिवालयतर्फ ८ करोड ५७ लाख ७१ हजार विनियोजन भएको छ । हामीलाई विश्वास छ  अबश्यपनि प्रदेशसभा सचिवालयलाई आजसम्म स्वच्छ र पारदर्शितामा प्रदेशसभालाई गतिशीलता र प्रभावकारीता बढाउन आफ्नो भूमिका निर्वाह गरेको छ भन्नेकुरा म पूर्ण विश्वस्त रहदै मेरा आफ्ना भनाइ यही अन्त्य गर्दछु धन्यवाद। यहाँहरूको आगामी भविश्य उज्वल रहोस आभार व्यक्त गर्दछु । जय नेपाल ।

**माननीय सभामुख (पुष्पा घर्ति विष्ट) पिठाशनः-** माननीय सदस्यहरू अब उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले

उठाउनुभएको  प्रश्न एवं जिज्ञाशामा जवाफ दिनका लागी कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन वा तथा वातावरण मन्त्री माननीय श्री छिरिङ्ग डम्डुल लामालाई समय दिन्छु ।

**उद्योग, पर्यटन वा तथा वातावरण मन्त्री माननीय श्री छिरिङ्ग डम्डुल लामाः-** माननीय सभामुख महोदय कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को बजेटअन्तर्गत उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको शीर्षकहरू माथिको छलफलको क्रममा उठेका प्रश्न तथा सुझावहरू प्रति माननीय सभामुखज्यूमार्फत सम्पूर्ण माननीयज्यूहरू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । माननीय  सभामुख महोदय आगामी आर्थिक वर्षको कार्यक्रम तर्जुमा गर्दा मन्त्रालयले मन्त्रालयको कार्याधिकार कानून व्यवस्था गुरुयोजना तथा व्यवस्थापन योजना मा आधारित रहि योजनावद्ध ढङ्गले कार्यक्रम चयन गरेको छु । प्रदेश औधोगिक प्रवर्धन ऐन, व्यापार व्यवसाय ऐन, प्रदेश वन ऐन तथा प्रदेश पर्यटन ऐनले निर्दिष्ट गरेका क्षेत्रभित्र रहि कार्यक्रमहरू तर्जुमा गरिएको म यो सम्मानित सभासमक्ष जानकारी गराउन चाहन्छु । सभामुख महोदय पर्यटन तर्पका योजना चयन गरिदा मन्त्रालयले पाँच (प)  पहुच, प्रचार, प्रवर्धन, पूर्वाधार पर्यावरणलाई प्राथमिकतामा राख्दै कर्णाली प्रदेश पर्यटन गुरुयोजना, २०७५ ले परिकल्पना गरेको ठूला कार्यक्रमहरूमा पुग्दो बजेट विनियोजन गरेको छु । यसअन्तर्गत बहुवर्षीय र क्रमागत योजनाहरूको रूपमा काक्रेविहार सुर्खेत, पञ्चकोशी दैलेख, पिली संग्राहलय, पाँचल झरना त्रिवेणी वडिमालिका पर्यटन कालिकोट, रारा साइकल मार्ग मुगु, रिमि पर्यटन हुम्ला, खारा संग्रहालय रुकुम पश्चिम, कुशेमुशे पर्यटन जाजरकोट रहेका छन् । मैले मन्त्री पद वहाली गरेको प्रथम दिनमा निर्णय गरेको कर्णाली प्रदेश पर्यटन पथमार्ग सम्बन्धी मापदण्डअनुसार नै ठूला आवश्यक र सम्भावना बोकेको पदमार्गमा मात्र बजेट विनियोजन गरेको छु । पदमार्गको नाममा वस्तीबाट बस्ती जोड्ने गोरेटो बाटोहरूलाई निषेध वा यसलाई चाहिँ प्राथमिकतामा राखिएको छैन। बजेटको आयात र माग बिच सन्तुलन कायम गर्नुपर्ने बाध्यताको बिच पदमार्गहरूमा न्यून रकम बजेट विनियोजन गरिएको यथार्थलाई स्वीकार गर्दै आगामी दिनहरूमा सुधार गरिने प्रतिबद्धता समेत सम्मानीत सभासमक्ष राख्न चाहन्छु । वाढि पहिरो नियन्त्रण तथा तटवन्धन निर्माणअन्तर्गतका कार्यक्रमहरू चयन गरिदा जिल्लागत रूपमा तयार गरिएको एकीकृत जलाधार व्यवस्थापन योजनाले अङ्कित गरेको स्थानमा विवाद रहित ढङ्गले कार्य गरिने जानकारी समेत सम्मानित सभासमक्ष राख्न चाहन्छु। माननीय सभामुख महोदय, यस सम्मानित सदनसमक्ष जुन गैर संसद् मन्त्री भएको विषयमा माननीयज्यूहरूले जसरी कुरा उठाउनु भएको छ। त्यस सम्बन्धमा नेपालको संविधान, २०७२ को धारा १७० ले दिएको अधिकार र व्यवस्था अनुरूप म माननीय मन्त्रीको जिम्मेवारी वहन गरेको छु । म सधै यस सम्मानित सदनप्रति उत्तरदायी रहेको व्यहोरा माननीय सभामुखज्यूमार्फत यस सम्मानित सदनसमक्ष जानकारी गराउन चाहन्छु । माननीय सभामुख महोदय,

प्रदेशभित्रको स्रोतको उच्चतम प्रयोग गर्दै प्रादेशिक उत्पादन हरूलाई बजारिकरण गर्ने प्रवर्धन गर्ने कार्यमा मन्त्रालय कटिवद्ध छ। आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममार्फत सार्वजनिक तथा सरकारी स्तरमा निर्माण गरिने पूर्वाधार हरूमा प्रदेशमा प्रचुर मात्रामा पाउने ढुङ्गा तथा सेनेटको प्रयोगलाई क्रमश अनिवार्य गर्ने तथा यस्ता उद्योगहरूलाई बढुवा दिइने नीति लिइएको छ मेक इन कर्णाली कार्यक्रममार्फत कर्णालीमा सम्भाव्य उद्योगहरूलाई प्रवर्धन गर्ने नीति समेत लिइएका छौं। क्रमशः कर्णालीकै कच्चा पदार्थको उपयोग गरी कर्णालीमै उत्पादित कपडा चिया हस्तकलालगायतका सामाग्रीहरूको उत्पादन र बजारिकरणलाई प्रवर्धन गर्नेगरी मन्त्रालयले कार्य गरिरहेको समेत जानकारी गराउदै मेरो यो भनाइलाई यही अन्त्य गर्न चाहन्छु हवस त धन्यवाद !

**माननीय सभामुखः पुष्पा घर्ति (विष्ट) पिठाशनः-** माननीय सदस्यहरू आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेशसभा सचिवालय उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका शीर्षकहरू माथिको छलफल समाप्त भएको व्यहोरा जानकारी गराउदछु । माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १४० को उपनियम (७) बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९अन्तर्गतको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र जल स्रोत तथा उर्जा विकास मन्त्रालयका शीर्षकहरू माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले रोष्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला सर्वप्रथम माननीय श्री गुलावजंग शाह समय ७ मिनेट

**माननीय श्री गुलावजंग शाहः-** माननीय सभामुखज्यू आ.व.०७९/८० को बजेट माथि भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, जलस्रोत तथा उर्जा विकास मन्त्रालय माथिको टिप्पणी गर्न म उपस्थित भएको छु समय को लागि धन्यवाद ! माननीय सभामुखज्यू असार १ गते आएको बजेट विभिन्न परिस्थिति गुर्जदै आज २५ गते दोस्रो दिन हामी सदनमा मन्त्रालय गत छलफलमा सुझाव भएको छ । वास्तवमा सरकारले जसरी पहिला बजेट प्रस्तुत गर्दैगर्दा जुन ढङ्गले मन्त्रालयगत रकम विनियोजन गरेको थियो हाम्रो पार्टी नेकपा एमालेले संसद्मा विगतका कुरालाई निरन्तर उठाउँदै आउदै गर्दा विगतको गल्तिलाई सरकारले नदोह्याईकन सम्झौतालाई कार्यान्वयन गर्ने गरी अगाडि बढने गरी गरेको भए सायद यो कुरालाई आज यति ढिलो मन्त्रालयगत यति ढिलो हुनिथिएन होला विभिन्न लामो सङ्घर्ष पछि हिजो सहमति भएको छ। ढिलै भए पनि हामी मन्त्रालगत विषयमा छलफल गर्न उपस्थित भएका छौ । ढिलै भए पनि सबैलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । खास गरि सभामुखज्यू हामीले योभन्दा एउटा संगोल रूपमा किताब प्रकाशन भएको थियो त्यो किताब माथि हामीले हेर्दै गर्दा मैले आज भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा हेर्दा हामीलाई थाहा छ सरकार अविच्छिन्न उत्तराधिकारी हो । सरकारमा जो मन्त्रीज्यू बस्नुहुन्छ खासगरी आफ्नो जिल्ला आफ्नो

निर्वचन क्षेत्र अलि केही आफ्नो क्षेत्रमा पक्षगत ढङ्गले बजेट प्रस्तुत गर्ने कुरा त यो अविच्छिन्न उत्तराधिकारी भनेर भनिसक्नु भएको छ। यसमा खास हाम्रो गुनासो छैन सत्तापक्ष भै सकेपछि बजेट विनियोजन गर्न कुरामा खासै त्यसमा गुनासो छैन तर एउटा प्रश्न ज्वलन्त छ वास्तवमा विकास भनेको सबैलाई समानुपातिक ढङ्गले न्यायोचित ढङ्गले एउटा जिल्लाको विकास गर्दै गर्दा अर्को जिल्लाको पनि विकासलाई उठान गर्नुपर्छ भन्नेकुरा हामी सबैले हेक्का राख्यौ भनेपछि मलाई लाग्छ समानुपातिक वितरण प्रणालीको सदुपयोग हुन्थ्योहोला यसमा आफ्नो भनाइ राख्न चाहन्छु । दोस्रो कुरा हामीले जलस्रोत तथा उर्जा विकास मन्त्रालयको बारेमा छलफल गर्नु पर्दा योभन्दा पहिले रातो किताबमा मोटो किताबमा मैले सबै योजना हेरे १२४ ओटा योजना १० लाख मुनिका थिए । ११४ ओटा योजना गरेर २३८ ओटा १५ लाख मुनिका योजना मैले त्यस्तो निष्कर्ष निकाले तर ढिलै भए पनि माननीय मन्त्रीज्यूले अहिले कसैलाई क्रमागत लेख्नु भएको छ कसैलाई नयाँ लेख्नु भएको छ। तर सच्याएर ल्याउनु भएको छ । हामीले हाम्रो पार्टी नेकपा एमाले ले वास्तवमा विगतदेखि सबैले उठाउँदै आएको कुरा हो १५ लाख मुनिका योजना वास्तवमा बजेटमा विनियोजन गर्‍यौं भनेपछि त्यसले काममा त्यति आउदैन प्रगति हुदैन भन्ने कोणबाट सबै सत्ता पक्ष र प्रतिपक्षले छलफल गरे तापनि तर त्यसलाई पुन दोहोर्‍याएर आउदाँ छलफल जिरो हुन गयो तर पनि माननीय मन्त्रीज्यू मैले टिपेका २३८ ओटा योजना अहिले यहाँ पूरानो मोटो किताबमा ह्याङलग डुवाना सडक खण्ड १० को चाहिँ १ लाख रुपैयाका सडक पनि थियो तर यसमा छुटेर आएको छ धन्यवाद ! वास्तवमा विगतमा ठूलो गल्ती भएको थियो ठूलो मिस्टेक भएको थियो त्यसलाई प्रिन्ट मिस्टेक भनौ या जानिनजानि भनौ तर पनि यी किताबमा सच्चिएर आएका छन अब छलफल सूचारु भएको छ । तर बजेट आफ्नोपनबाट प्रस्तुत भएको छ । ठिकै छ आफ्नो छोटो समय टिप्पणी यही राख्न चाहन्छु हवस् त धन्याद।

**माननीय सभामुख पुष्पा घर्ति (विष्ट) पिठाशनः-** माननीय श्री देवी ओली समय ७ मिनेट त्यसपछि माननीय श्री वीरबहादुर शाही तयारी अबस्थामा रहिदिनुहोला ।

**माननीय श्री देवी ओलीः-** माननीय सभामुख महोदय दशौं अधिवेशनको बिसौ बैठकमा भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, जलस्रोत तथा उर्जा विकास मन्त्रालयको मन्त्रालयगत छलफलमा आफ्ना केही धारणाहरू राख्न चाहन्छु । सबैभन्दा जनताको सरकारको र सांसदको संसद्‌को पनि प्राथमिकतामा रहेको भौतिक पूर्वाधार सडक, सिँचाइ, खानेपानी, जलस्रोत, उर्जा विकास यी सबैभन्दा देखिने र प्राथमिकतामा पर्दै आएका योजनाहरू जून मन्त्रालयगत रूपमा आइरहेका छन । सर्वप्रथम बहुवर्षीय योजनाका रूपमा ०७७/७८देखिनै एउटा निर्वाचन क्षेत्र दुईवटासम्म बहुवर्षीय योजनाका रूपमा आइराखेकै छन अहिले पनि ती आइराखे कै छन् सुर्खेत सल्लिबजार चौरजहारी, नुवाकोट मुसिकोट सडक, चिसापानि राडि नदुवा मुसिकोट, देवस्थल कैदकाडा चौरझाहारी डोल्पा सडकलगायतका बहुवर्षीय योजनाहरू क्रमागतमा राडीज्यूला, दाजी खदी बारङगे सडक,

बैरागे ठाटी नुवाकोट चौरझहारी सडक, सल्ले भुर्सुली सडक, रिम्ना गराईना कारागाड पिपल सडक लगायत क्रमागतमा छन भने केही नया योजनाहरू पनि छन ।यी सबै स्पष्ट ढङ्गले देखिने गरी योजनाहरू हेर्न पनि सजिलो हुनेगरी ल्याउनुभएकोमा मन्त्रालय र मन्त्रीज्यूलाई पनि धन्यवाद दिन चाहन्छु । र आफ्ना धारणाहरू केही राख्न चाहन्छु यी सडकहरूमा क्रमागत विगतमा पनि अहिलेको चालु वर्षमा २० लाख बजेट विनियोजन भएर पूर्वाधार कार्यालय रुकुमबाट त्यस्को स्टक्चर निर्माणको काम सुरू भएको त्रिवेणीचोक बागबजार शेरीगाउँसिजेरीखोला भण्डारीगाँउसाख सडक छुटेको छ । नीतिगत रूपमा क्रमागत योजनाहरू छुटदैनन् भन्ने मन्त्रालयको छलफलको आधारमा हामीले त्यो ढङ्गले अगाडि बढ्यौ छुटेकोमा मैले मन्त्रीज्यूलाई ध्यानाकर्षण गराउँदछु । र विषेश गरेर यो भौतिक पूर्वाधारको कामहरूमा भेरी करिडोर र कर्णाली करिडोर संघ सरकारसँग जुन खालको एउटा साझेदारी अथवा हाम्रो प्राथमिकतामा राखेर हाम्रो गरी राखेको छ। त्यस्तै गरी यी सबै सडकहरूका भवनहरूका गुणस्तरको पनि त्यतिकै ध्यान दिन पर्दछ भन्नेकुरा म राख्न चाहन्छु । आज एउटा योजना सिफारिसको कुरा अथवा योजना निर्माणका कुरा छनोटका कुरामा जुन खालको सर्वपक्षीय ध्यानाकर्षण हुन्छ । जुन ढङ्गले सर्वपक्षीय सहमतिहरू हुन्छन त्यसै गरी यी गुणस्तर कायम गर्नको निम्ति पनि आज एकदमै हामीहरूलाई छोईरहेको छ जनतालाई पनि त्यो कुरा हामीले पुऱ्याउनु पर्दछ विकास गर्नका लागि हैन खानका लागी । सभामुख महोदय यो कहाँबाट भै राखेको होला यो खाने विकासका निम्ति रोक्नको निम्ति कस्तो कानूनी नीति चाहिन्छ होला यतापट्टी हामीले ध्यानाकर्षण गर्नु पर्दछ र यसको निम्ति कुन कानून बनाउँदा खेरि आज प्राविधिक मूल्याङ्कन गर्दाखेरि प्राविधिकहरू सरकारको काम प्रति कत्तिको उत्तरदायी हुनुभयो उपभोक्ता समिति निर्माण व्यवसायी संघहरूले कसरी एउटा पारदर्शी गुणस्तर कायम गर्नको निम्ति समयमा काम सम्पन्न गर्नको निम्ति त्यसै गरी हाम्रो कर्णालीको हकमा सुगम जिल्ला र साबिकका कर्णालीका ५ ओटा दुर्गम जिल्लाहरूमा कसरी काम सम्पादन भैरहेको छ भन्नेकुरा प्रतिपनि हाम्रो ध्यान जानु पर्दछ र आज खालि विकासको कुरा गर्दाखेरि विशेषगरेर सटक पूर्वाधारहरूमानै बढीभन्दा बढी कुरा आएको छ। आजहामीले चिन्ता गर्नु पर्दछ कि कुन कानून आज सार्वजनिक खरिदऐन संशोधन हुनुपर्छ भन्नेकुरा पनि प्रदेशभित्र प्रदेशसभा मा उठेको हो । यो कहाँबाट कानून बन्नु पर्ने हो हामीले पूर्वाधार निर्माण गर्दाखेरिदेखिएका विषयगत विज्ञहरूसहितको त्यस्ता उपकरणहरूसहितको अनुगमन गर्ने हो भने पूर्वाधारका क्षेत्रमा सडक, भवन, खानेपानीका कुराहरूमा हामीले गुणस्तरीयता ल्याउन सक्दछौं । त्यसैगरी सभामुख महोदय, खानेपानी को कुरा धेरै योजनाहरू छन मन्त्रीज्यूलाई धन्यवाद पनि दिन चाहन्छु । तर साना-साना एकघर एकधाराको धेरै नारामा यो देश व्यापी नारानै हो राष्ट्रियस्तरमा पनि यो कुरा उठेको छ । यो कस्तो छ भने एकघर एकधारा भन्ने धारा राख्ने पानी नआउने त्यसपछि पानी पनि गुणस्तरीय छ कि छैन, स्वच्छ पानी छ कि छैन भन्नेकुराको विषयलाई विशेष गरेर

ध्यानदिनु पर्ने आवश्यकता छ । आज प्रति घर कति घर परिवार संख्या छ र त्यो घर परिवार संख्यालाई प्रतिदिन कति लिटर पानि आवश्यक छ । त्यो ढङ्गले हामीले जनताका जनसंख्याका आधारमा कति लिटर प्रतिदिन पानी हामीलाई चाहिन्छ । त्यसको मापन गरेर खानेपानी को योजना बनाउनुपर्ने आवश्यकतादेखिन्छ यसकारण यो कुरालाई पनि विशेष गरेर मन्त्रालयले ध्यान दिनु पर्दछ भन्ने कुरा म यहाँ राख्न चाहन्छु। सभामुख महोदय त्यसैगरी भौतिक पूर्वाधार निर्माणका निम्ति हामीले शुरुका वर्षदेखि आज हामी यो अन्तिम हाम्रो कार्यकालको निम्ति अन्तिम बजेटमा छलफल गरिरहेका छौ । शुरुदेखी नै कर्णालीका जनताहरूको जीवनस्तर परिवर्तन गर्नका निम्ति केही ठूला परियोजनाहरू निर्माण गर्नु पर्दछ परियोजना बैक निर्माण गर्नु पर्छ भनेर कुरा उठिरहेकै छ । तर आज हाम्रा साना साना निर्वाचन पूर्वाधार क्षेत्र विकास कार्यक्रममा योजना सिफारिस गर्ने कुराहरूमा हाम्रो ध्यान गइरहेको छ। सर्वपक्षीय ध्यानाकर्षण ध्यानाकर्षण भै रहेको छ। तर आज परियोजना बैक यहाँको जलस्रोतदेखि लिएर यहाँ आज कर्णाली करिडोरलाई जनताको जीवनको सुरक्षा हुन सक्नेगरी त्यसको विस्तार सडक सुरक्षालाई पनि ध्यान दिने गरी कसरी बनाउन सक्नेहोला यतापट्टी पनि ध्यान जानु पर्छ। र विशेष गरेर अर्को कुरा यातायात कार्यालयहरू मन्त्रीज्यूलाई म ध्यानाकर्षण गर्न चाहन्छु। रुकुमको यातायाता कार्यालयले के गरिरहेको छ यही सुर्खेतमा हाम्रो मन्त्रालयको आँखा अगाडि रहेको यातायात कार्यालयले कुन ढङ्गले यातायात व्यवसायहरूलाई व्यवस्थित ढङ्गले परिक्षा लिनेदेखि लिएर अरू कुराहरू व्यवस्थित गर्न सकेको छ। हामी कुनै काम विशेषले त्यहाँ जाँदाखेरि उहाँहरूले भवन नभएको पूर्वाधार नभएको कारणले गर्दाखेरि यो खुल्ला आकाशमा परिक्षार्थीहरूलाई राखेरलाईसेन्सको परिक्षा लिईरहेको कुरा राखि रहनु भएको छ मन्त्रीज्यूको ध्यान त्यहाँ गएको छ कि छैन । आज सर्वत्र जनप्रतिनिधिका हिसाबले वडा सदस्य देखी सबैले गुनासो चाहिँ सुन्न पर्ने काम गर्ने मन्त्रालयलाई चाहिँ त्यहाँ ध्यान गएको छ कि छैन भन्ने कुरा राख्न चाहन्छु र त्यो यातायात कार्यालयले परिक्षार्थीहरूबाट लिइएका शुल्कहरू कहाँ जान्छन त्योबाट आज लोकसेवा आयोगले के आफ्नै भवनमा परिक्षा गराउछ त त्यसकारण। परिक्षार्थीहरूलाई आफ्नो यातायात कार्यालको ठूलो परिक्षा सञ्चालन गर्ने हल नभएका नाममा खुल्ला चौरमा राखेर जुन परिक्षा सञ्चालन गर्ने अबस्था छ। यसमा चाहिँ सम्बन्धित मन्त्रालयको ध्यान जावस भन्ने कुरा राख्दै आफ्नो भनाइ अन्त्य गर्दछु धन्यवाद !

**माननीय सभामुख (पुष्पा घर्ति विष्ट) पिठाशनः-** माननीय श्री वीरबहादुर शाही समय ७ मीनेट त्यसपछि माननीय श्री मिनासिंह रखाल तयारी अबस्थामा रहनुहोला

**माननीय श्री वीरबहादुर शाहीः-** माननीय सभामुख महोदय आर्थिक वर्ष २०७९/०८० को बजेटमा वार्षिक विकास कार्यक्रममा छलफल आज भौतिक पूर्वाधार विकास मन्त्रालय र उर्जा तथा जलस्रोत मन्त्रालयको मन्त्रालयअन्तर्गतको छलफलमा भाग लिइरहेको छु । सभामुख महोदय, हो यो हाम्रो आज लगभग कार्यकालको अन्तिम बजेटमा जो विकासे

मन्त्रालय हुनुहुन्छ दुई ओटा मन्त्रालय माथि छलफल गर्दैछु र भौतिक पूर्वाधार विकास मन्त्रालयले हिजो त्यो मोटो किताबभन्दा अहिले केही सुधार गरेर ल्याएको छ । मन्त्रालयलाई धन्यवाद दिन पनि चाहन्छु र बहुवर्षीय योजना तिरिमिरी भएको त्यो स्पष्ट आएको छ र यसै गरी बाटोको पनि स्पष्ट आएको छ। मैले त्रिपाकोट बाटो पनि बहुवर्षीय योजनाको स्पष्ट आएको छ र एउटै कुरा भौतिक पूर्वाधार मन्त्रालयलाई म के भन्न चाहन्छु नि नीति तथा कार्यक्रममा हामीले भन्ने गरेका थियौं क्रमागत र बहुवर्षीय योजना छुटदैनन् कुनै पनि योजना छुटनेकवाला छैन भन्ने कुरा आइरहेको थियो अहिले म के भन्न चाहन्छु भने कर्णाली प्रदेशकै जगदुल्ला हाइड्रोपावर यो जाने सडकमा जब चार ओटा पुल छन् चार ओटा पुल योजनाका मर्मतका परियोजना थिए । दहपुल, काडापारी पुल र बार्लुखोला पुल आर्थिक वर्ष २०७८/०७९ बजेटमा विनियोजन भएर डि.पि.आर. भएर काम गर्नु परेको थियो । अहिले त्यो किताबमा आएको छैन। यो झोलुङ्गे पुलहरू र मडे पुलहरू बहुवर्षीय योजना र क्रमागत योजनाहरूबाट म मन्त्रीज्यूलाई ध्यानाकर्षण गर्न चाहन्छु । उर्जा तथा जलस्रोत मन्त्रालयअन्तर्गत हिजोभन्दा केही योजनाहरू संशोधन भएर आएका छन। जब क्रमागत र बहुवर्षीय योजनाहरको हिजोको अलमल पारिएको थियो र अहिले स्पष्ट भएर यो योजना क्रमागत हो र यो योजना बहुवर्षीय हो आएको छ र यसलाई म मन्त्रीज्यूलाई पनि धन्यवाद दिन चाहन्छु। अर्को कुरा एउटा कुरा के भन्न चाहन्छु भने उर्जा तथा जलस्रोत मन्त्रीज्यूलाई जब कि बजेट विनियोजन गर्दा सम्बन्धित कार्यालय जिल्लामा गएको योजना जिल्लाबाट आएकाको बहुवर्षीयको मान्यता दिइएको छ र त्यो क्षेत्रको माननीयज्यूलाई पनि थाहा होला कि को योजना बहुवर्षीय हो को क्रमागत हो भन्नेकुरा त कमसेकम त्यो निर्वाचन क्षेत्रका माननीयज्यूलाई सोध्नु पर्दथ्र्यो । यो जिल्लाकै सिलिङ्गबाट आएको कारणले केही योजनाहरू सम्पूर्ण भएका योजनाहरू पनि क्रमागत भएका छन् केही योजनाहरू योभन्दा गत साल नै सम्पन्न भएका छन्। केही योजनाहरू योभन्दा गत साल नै सम्पन्न भएका योजनाहरू क्रमागतमा राखेका छन् । यसलाई म सुधार गर्नुपर्छ भन्ने अनुरोध गर्दछु, म मन्त्रालयमा ध्यानाकर्षण गर्न चाहन्छु। र यो जगदुल्ला हाइड्रोपावरलाई कर्णाली प्रदेश सरकारले शेयर लागानी गर्‍यो कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु। तर त्यो जाने बाटोमा जो जति पर्दछन् त्यो बाटोमा चाहिँ बजेट पुर्‍याउन सकेन पुलको समेत काटिएको छ। त्यसलाई म फेरि भन्न चाहन्छु त्यहाँ त्यो पुललाई कसरी समेट्नु पर्ने हो भौतिक पूर्वाधार विकास मन्त्रालयलाई म ध्यान दिन चाहन्छु । र अर्को कुरा डोल्पा जिल्ला यही असार २२ गते दिउसो ५ बजे तिर बाढी पहिरो आएर २४ ओटा घर क्षति बनाएको छ । त्यहीं मध्ये पनि १० घर पूर्ण क्षति भएको छ र अरू १४ घर क्षति भएको छ र यसलाई म कर्णाली प्रदेश सरकारलाई यो सदनमार्फत त्यसको क्षतिपूर्तिको लागि पहल गरिदिनहुन म सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु। र माननवीय क्षति त भएनहरू भौतिक क्षती त्यहाँको भएको सामानहरू धन सम्पतिहरू केही पनि निकाल्न पाएनन् मानवीय क्षतिबाट त बजे

तर भौतिक क्षतीबाट २४ ओटा घरहरू तहसनहस भएको छ । त्यसलाई चाहिँ कर्णाली प्रदेश सरकारले राहतको लागि अगाडि बढाओस् भन्ने ध्यानाकर्षण गराउन चाहन्छु र हो हामीले सबैभन्दा कर्णाली को विकासको लागि यो दुई ओटा मन्त्रालय हो । भौतिक पूर्वाधार मन्त्रालय र जलस्रोत मन्त्रालय र अहिले सरसर्ति हेर्दा किताबमा हेर्दा मोटो छ राम्रो छ आश भरोसा लाग्दो छ तरभित्र हेर्दा कताकता के लाग्छ भने फेरि पनि हामी कर्णाली प्रदेश सरकार फेरि चाहिँ गएर एउटा एन.जी.ओ. टाइप कै गयो कि विकास बढदा क्रममा भन्ने गरिएको छ १५ लाख मुनिका योजना नबढने तर पनि गएर १० लाखका योजना फेरि आएका छन यहाँ यसलाई चाहिँ सम्वोधन गर्नुपर्छ । जबकी प्रतिपक्ष दलले पनि बारम्बार हुने उठाइ रहेको छ हो यसलाई चाहिँ १० लाखभन्दा मुनिका योजना कार्यान्वयन नगर्ने पक्षमा घोर विरोध आइरहेको छ । फेरि पनि १० लाखका योजना आइरहेका छन् एउटा कुरा हिजो उठेको थियो मुख्यमन्त्री रोजगार कार्यक्रम हुम्ला डोल्पा र मुगुलाई २० लाख दिइयो अन्त १५ लाख २६ घरलाई चाहिँ २० लाख जनसंख्या को आधारले भएन भन्ने विषय थियो त्यो १५ लाखमात्र हैन साबिक कर्णाली हुम्ला डोल्पा र मुगुलाई २० लाख हैन ३० लाख डबल हाल्नु पर्दछ कि ढुवानीको व्यवस्था कर्णाली प्रदेश सरकारले गर्नुपर्छ । यदि हुन्न भने त्यसको डबल बजेट जानु पर्दछ हिजो सामाजिक विकास मन्त्रालय ४० लाखका भवन परेका छन् सुर्खेत पनि ४० लाखका छन् डोल्पा र हुम्ला पनि ४० लाखका छन् । यसको क्षतिपूर्ति कर्णाली प्रदेश सरकारले तिर्नु पर्दछ कि ढुवानी व्यवस्था गर्नुपर्छ कर्णाली प्रदेश सरकारले हिमाली जिल्लाहरूको लागि खाद्यान्नको व्यवस्था गर्नुपर्छ तपाईंको निर्माण कार्यको ढुवानी कर्णाली प्रदेश सरकारले गर्नुपर्छ। कि चाहिँ गएर त्यो बजेटमा डबल बजेटको विनियोजन गर्नुपर्छ। योभन्दा अगाडिको ५ वर्षको क्षति हिमाली जिल्लालाई तपाईंले त्यो व्यवस्था गर्नुपर्छ मानौ तपाइको डोल्पा जिल्लाका ३ ओटा गाउँपालिका डोल्पा बुद्ध शे फोक्सुन्डो, छाङगेताङ गाउँपालिकामा ढुवानी कति लाग्छ जबकी एक किलो सिमिको चार सय रुपैया ढुवानी यहाँबाट जान त्यसको क्षतिपूर्ति कसले प्रदेश सरकारले अब हिमाली जिल्लाका विकास कार्यमा यो क्षतिपूर्तिसहित व्यवस्थापन गर्नुपर्छ। हो हामी चाहिँ कर्णालीका पिछडिएको जिल्ला पिछडिएको कर्णाली प्रदेश भन्ने कर्णाली प्रदेश भित्रै यो भेदभाव किन भइरहेको छ त उच्च हिमालीको जिल्लालाई के सम्वोधन भएको छ प्रदेश सरकारले हुन त मुख्यमन्त्री कर्णालीकै हुनुहुन्छ हुम्ला कै हुनुहुन्छ साबिकको कर्णालीको हेर्ने दृष्टिकोण चाहिँ फरक देखेको छु मैले त्यसको मध्ये पनि तपाईंहरू ले मैले भन्नेगरेको छु यहाँ चाहिँ अलिकति मलाई लाग्छ जो-जो मन्त्री हुनुभयो उहाँकै हावी त्यो पनि रहेको छ। यसमा चाहिँ अलिकति सुधार गरेर यो मन्त्रालयलाई म आग्रह गर्न चाहन्छु र यो हिमाली जिल्लामा कुनै पनि विकासमा थितिविधिसहित यो कर्णाली प्रदेश सरकारले व्यवस्था गर्नुपर्छ भन्दै मेरा भनाइ यही अन्त्य गर्छु धन्यवाद !

**माननीय सभामुख (पुष्पा घर्ति विष्ट) पिठाशनः-** माननीय श्री मिनासिंह रखाल समय ७ मीनेट त्यसपछि माननीय श्री राजुनेपाली तयारी अबस्थामा रहनुहोला

**माननीय श्री मिनासिह रखालः-** सभामुख महोदय आज हामी भौतिक तथा शहरी विकास मन्त्रालय र जलस्रोत तथा उर्जा विकास मन्त्रालयअन्तर्गतका विधेयक माथि हामी छलफलमा भाग लिईरहेका छौ। सभामुख महोदय यसपाली अहिले जुन मन्त्रालयगत आएका किताबहरू छन यो किताबलाई म सान्दर्भिक नै ठान्दछु। योभन्दा अगाडि २ किलो कि किताब थियो हामीलाई हेर्न पनि असाध्यै गाह्रो भएको थियो आखिर फरक त केही अक्षर मादेखिदैन ती भएको योजनाहरू यही ल्याइएको छ आखिर कुनै त्यसमा फेरबदल त भएको छैन तर हेर्नलाई सजिलो भएको हुनाले यहाँ चाहिँ क्रमागतदेखिएको छ या बहुवर्षीय योजनाहरूदेखिएका छन् या नयाँ योजनाहरूदेखिएका छन् हेर्न मात्रै सजिलो हो योजनाहरू पऱ्यो परेन भन्ने कुराहरूमा चाहिँ अब हामी प्रतिपक्षदल गुनासो पनि गर्दैन किन गुनासो गर्दैनौ भनी अब हामी केही समय सत्तापक्ष भएर बस्यौ केही समय दुईवर्ष यता हामी प्रतिपक्ष भएर बसेका छौं । र प्रतिपक्ष अहिले सरकारमा बसेको छ प्रतिपक्षको भूमिका कस्तो हुनुपर्छ र सरकार कस्तो हुन्छ भन्नेकुरा अभ्यास र अनुभव सरकारलाई पनि भै रहेको बेलामा हामीले गुनासो गर्ने म कुनै पनि ठाउ देख्दिनँ गुनासो गरेर फाइदा पनि छैन। र अहिलेका आएका किताबलाई मैले स्वागतयोग्य ठान्छु र अर्को कुरा जो सत्तापक्ष सरकार र प्रतिपक्षको दल सभामुखकै अध्यक्षतामा बैठक बसेर जुन निर्णय गर्नुभयो यो निर्णय यी योजना जुन १० लाखका कटाउने १५ लाखका अगाडि सार्ने र क्षेत्र विकास कार्यक्रमलाई मुख्यमन्त्री रोजगारलाई जुन कार्यक्रम लिएर आउनुभयो यसको लागि सरकारलाई र प्रतिपक्षलाई र प्रतिपक्ष दलको नेतालाई पनि म धन्यवाद दिन चाहन्छु। र भौतिक पूर्वाधारका कुराहरू गर्दाखेरि अलिकति के लाग्छ भने सरकारमा बस्ने मन्त्रीज्यूहरू अथवा सरकारमा बस्ने स्वकीयहरू उहाँका विषयहरू भन्नुहुन्छ के भनेपछी तपाईंहरूका योजना दिनुहोस् भन्नुहुन्छ। अब कोही मन्त्रालय त योजना माग्दापनी मागेन कोहीले मागेर पनि त्यो योजना समावेश गरेन कसैले मागेर एउटा को एउटै यहाँ नयाँ योजना यति धेरै आएको छ भने कहाँबाट आए ती नयाँ योजना तर एउटा माननीयले दिएको योजना तीन चार ओटा दिएको योजना एउटाको एउटै के कस्तो अपमान लाग्छ मलाई हामीले के हामी एउटै योजनाको लागि मात्रै सहभागी होला त हामी एउटा योजनाको मात्रै भागिदार होला त अलि दुःख लाग्दो कुरा मैले यसरी हेरे सरसर्ति सबै किताबहरू हेरे तर मैले २ ओटा तीन ओटा ३ ओटा जिल्लाको मात्रै टिप्पणी गर्छु। भौतिक पूर्वाधार शहरी विकास मन्त्रालयको जुम्लाको बहुवर्षीय योजना ३ ओटा छ भने क्रमागत १२ ओटा छ नयाँ चाहिँ २५ ओटा छ। त्यस्तै गरेर सुर्खेतको बहुवर्षीय १० ओटा छ क्रमागत चाहिँ क्रमागत चाहिँ ३८ ओटा नयाँ योजना छ। दैलेखको म भन्छु बहुवर्षीय योजना ९ ओटा छन् अनी क्रमागतमा ६ ओटा छ भने २४ ओटा छ के २४ ओटा नयाँ योजना हाल्दाखेरी माननीयको एउटै

योजना पर्छ त १/२ ओटा नयाँ चाहिँ हामीले भनेर हालिदिए पनि त हुन्थ्यो होला नी त्यहाँ चाहिँ काही कतैदेखिदैन एउटा चाहिँ मैले पाएको छु उहाँलाई म धन्यवाद नै दिन्छु जे होस् हामीले अन्तिम अन्तिम बेलामा भए पनि एउटा योजना चाहिँ समावेश गरिदिनु भएको छ। त्यसै गरेर यो चाहिँ दैलेख जिल्लाकै कुरा गर्दा खेरि जनता आवास कार्यक्रममा म अलिकति सर्टकर्टमा के भन्न चाहन्छु भने मन्त्रीज्यूको आयोजनामा भौतिक पूर्वाधार सहरी विकास मन्त्रालय आयोजनामा आयोजना गरियो त्यसमा हामी सहभागी हुँदा खेरि सचिवले के भन्नुभयो हामीले कुरा जनता आवास कार्यक्रमको कुरा कहाँ गईराखेको छ त के भै राखेको छ त भन्ने कुरा उठ्दाखेरी जनता आवास कार्यक्रम फ्रिज भयो भन्ने कुराहरू गर्नु भयो फ्रिज किन नहुने त फ्रिज त हुन्छ नै जब त्यहाँ त्यस जिल्लाको माननीयलाई थाहा हुदैन त्यस जिल्लाको माननीय जी हरूलाई सम्वोधन हुदैन । त्यसको अध्यक्षको हो कस्को अध्यक्षतामा बसेर काम भैराखेको छ त्यो कुरो अत्तोपत्तो छैन अनि त्यो जनता आवास कार्यक्रम गत वर्षको फ्रिज भयो भन्नुहुन्छ र यस वर्षको कुरा गर्न म के चाहन्छु भने हाम्रो २ ओटा क्षेत्रको प्रत्यक्ष माननीय नहुँदा खेरि एउटा समानुपातिकको माननीय कार्यविधिमा लेखेको छ रे समानुपातिकको माननीय नै संयोजक भनेर लेखेको छ भनी एकदिन पनि किन बैठकमा बोलाइएन त्यो कार्यालयले एकदिन पनि बैठकमा बोलाउदैन र अनी त्यस जनता आवास कार्यक्रम वितरण भैसकेको छ कतिवटा घरलाई वितरण भयो कस्को अध्यक्षतामा बस्यो कुन कुन मान्छेहरू बस्नुभयो । त्यो अत्तोपत्तो केही छेन अनि एकै चोटि सिक्नेचर गरिदिनु पर्‍यो अरे यो विडम्बना हेर्नुस यो हाम्रो पद्दति र सिष्टम सिक्नेचर गरी दिनुपर्‍यो रे मैले गरेन यदि मैले सिक्नेचर नगरेर ती जनताहरूले जुन पाउनुपर्ने सुविधा अथवा कार्यक्रम हो त्यो पाउदैनन् भनी म सबैको अगाडि सिक्नेचर गरेर उहाँहरूलाई जनतालाई पाउने व्यवस्थामा म सहभागी हुन्छु । तर जुन सिष्टम छ जुन पद्दति छ अध्यक्ष नभएर पनि बैठक बस्ने गर भनेर पनि गर्ने त्यस्तो सिष्टम कि म विरोधी छु। त्यसेले अहिले मैले दैलेख जिल्लाको यो भौतिक पूर्वाधार कार्यालयले जनता आवासको कार्यक्रममा सिग्नेचर गर्न पठाएको थियो मैले गरेन म सबैका लागी यहाँ जानकारी दिन चाहन्छु। अर्को कुरा के छ भने पछि जलस्रोतका कार्यक्रमको जुन आएको छ यसमा पनि यहाँ चाहिँ तटबन्धन जनता तटबन्धन भन्नेकुराहरू आएको छ ४ ओटा तटबन्धनहरू परेको छ त्यहाँ पनि मन्त्रीज्यूले मागेअनुसारको कार्यक्रम सबै नपरे पनि एउटा दुई ओटा दिएर सम्वोधन गर्नु भएको छ। यो जनता आवासको जलसाय व्यवस्थापनबाट कोटिला ताल पञ्चकोशी जलशाय व्यवस्थापन क्रमागतमै छ तर यस्को १० लाख मात्रै छ जो बृहत योजना हो ठुलो योजना हो । त्यसले अझ आगामी दिनहरूलाई पनि सम्वोधन गर्नु परेर त्यहाँ वृहत योजना मैले पटक पटक पनि रहेको बेलामा चाहिँ १० लाख मात्रै छुट्याइएको छ त्यो १० लाख कस्का लागी छुट्याइएको हो र त्यो के गर्नका लागी छुट्याइएको हो १० लाखले के हुन्छ । अन्तको तटबन्धन हेर्ने हो भने अब २० लाख छ कम्तीमा पनि २० लाख ६० लाख छ तर जहाँ वृहत

योजना छ त्यहाँ  त्यहाँ चाहिँ १० लाख छ। यस्तो यो विडम्बना नै भन्न पर्छ । अर्कोकुरा के छ भनी दैलेख को सिमेखोला भनेर १० लाख छुट्याइएको को छ तटबन्धन त्यो कुन ठाउँको हो त कुन गाउँपालिकाको हो कुन वडा को हो त्यो चाहिँ कुनैपनी वडा छुट्टाय्याएको छैन तर त्यहा चाहिँ १० लाख छुट्टाय्याएको छ। क्रमागत हो यो क्रमागत पहिला पनि गरेर खाएको होला अहिलेपनी गरेर खाएकै छन् जति पनि छन क्रमागत यहाँ चाहिँ ठ्याक्क अहिले क्रमागत योजना नयाँ योजना अनी त्यो के रे बहुवर्षीय योजना भनेर छुट्याइएको हुनाले हामीलाई पनि कुन ठाउँमा के काम गरिराख्या छ कस्ले गरी राख्याछ अनि कस्ले लाभ लिइराख्या छ भन्नेकुरा हामीपनी थाहा पाउँछौ अब किन थाहापाउछौ त भने ती त्यो काम सम्पन्न भै भै सक्याछन कोही सम्पन्न भै सकेको कामपनी फेरि क्रमागतमा आएको छ । दुःख लाग्दो कुरा अनी त्यो भनेको के त त्यहाँ को त्यो बहानामा त्यो योजनामा अझ पनि त्यहाँका मान्छेहरू अर्थात कुन सम्बन्धित मान्छेले चाहिँ आफ्नो फाइदाको लागी त्यो काम गरिराखेको मैले देखेको छु। अर्को कुरा के छ भनेपछी जो खानेपनी र सिँचाइको योजना हामीले क्रमागत हो यो क्रमागत भनेर हालेको सिँचाइ परेको छैन अनि जो हामीलेदेखिराखेका छौं पिउने पनि त्यहीँ दैलेखको नारायण नगरपालिका वडा नं. ९ छहरे साडेपानि खानेपानि भन्नेकुरा त्यो पहिले वर्ष हालियो दोस्रो वर्ष पनि हाल्न लगाइयो तर त्यहाँ विवाद भएर जनताले काम गरेन पाएनन् र अनि त्यहाँको सिँचाइ विकास कार्यालयले पनि गएर यो काम राम्रो भएन भनेर हेऱ्यो पछि वर्षामा सम्पन्न हुने बेला मा असारको महिनामा डुवान परेर त्यो टंकि चाहिँ डुवेर गयो सरकारको पैसा पनि त्यहाँ लगानी भएको छ। जनताको श्रम पनि त्यहाँ लगानि भएको छ। त्यो सम्पन्न भएको छैन त्यो योजना दिदा खेरि पर्ने सकेन भनेपछी कसैले भनेर यो योजना पर्ने हो र कसरी सम्पन्न गर्ने हो । यो सरकारमा बस्ने र सम्बन्धित कार्यालयले पनि बुझ्नुपर्ने कुराहरू मैले यहाँ देखीरहेको छु । मेरो यहाँ यहाँ अरू कुनै पनि टिप्पणी छैन यो किताब कै लागी मैले धन्यवाद दिदै सरकारलाई पनि म यसपालीको यो किताब लिएर आएको मा र अनी सर्वदलीय बैठक बसेर जुन सहज वातावरण लिएर आएको छ म धन्यवाद दिन्छु हवस् त नमस्कार ।

**माननीय सभामुख पुष्पा घर्ति (विष्ट) पिठाशनः-** माननीय श्री राजु नेपाली समय ७ मीनेट त्यसपछि माननीय श्री कृष्णा शाहा (आचार्य) तयारी अबस्थामा रहनुहोला

**माननीय श्री राजु नेपालीः-** सभामुख महोदय भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय र जलस्रोत तथा उर्जा विकास मन्त्रालयको दूईवटा किताबमा छलफलमा भाग लिनका लागी वास्तवमा आएको छु हामीले दुई किलोको किताब माननीयहरू आफ्ना आफ्ना मन्त्रालयबाट दुई किलोको किताब आएको छ । यसमा धेरै  टिका टिप्पणी पनि नगरीकन केही केही सुझाव दिने कुराहरू छन दुई किलोका किताबमा आएका कुरा र यी मन्त्रालय वाईज आएका किताबमा केही कुराहरू त्यस्ता छुटेका छन् ती छुटेका कुराहरू भोलि त्यो मोटो किताब पनि हेरेनी हो कि खालि यो किताब मात्रै हेरीनी हो

यहाँका छुटेका कुरा कतिपय कुराहरू दुई वटै किताब सायद मन्त्रालयले हेर्नु पर्छ होला योजना वितरण गर्दा छुटेका कुराहरूलाई चाहिँ यहाँ मैले यति भन्न यहाँ मन्त्रीज्यूहरूका मुहार त झल्किने स्वभावै ठान्दछु । मैले विकासका किताबहरू आउदा मन्त्रालयले मन्त्रीजीहरू झल्किनु त स्वभावै हो यहाँ यस्तो पनि भयो कि मन्त्रीज्यू मन्त्रीज्यूका स्वकीयहरू मन्त्रीज्यूका छोराछोरीहरू पनि यहाँ झल्किएकोदेखियो के भन्ने होला म आफैंलाई उदेक अलिकति कस्तो कस्तो महसुस भएको छ । अन्तिम अन्तिम भनिरहेको बेलामा यही हो त सरकारले गर्ने व्यवहार कतिपय मन्त्रीज्यूहरूले त भन्नु भयो माननीयज्यू धेरै हैन दुई तीन ओटा अथवा एउटा कार्यक्रम लिएर आउनुहोस् है भन्नु भयो । निर्वाचन प्रणाली फरक थियोहोला तर माननीय त बराबरै होला नी प्रत्यक्षर समानुपातिक थियो दुई प्रकारको थियो निर्वाचन प्रणालीमा तर यति अपेक्षित गरियो कि भन्नै पनि अफठ्यारो भयो  माननीय पनि  एक अर्काका हुने जस्तो यहाँदेखियो दिएका कुरा नआउनु भन्ने त अचम्मैको कुरा हो धेरै त मागेका थियौं होला हामीले कस्तो खालकोदेखियो यहाँ जहाँ कसैले पहिले लगानी गर्छ झोलामा बोकेर होटलहरूमा बस्नु भएका थिए उहाँहरूका योजना धेरैदेखिन्छन यहाँ सरकार कर्णाली वासिलाई हेर्नु पऱ्यो अझैपनि नियालेर हजुरहरू मन्त्रीज्यू हुनुहुन्छ मन्त्रीज्यूहरूले अझैपनी हेक्का राख्नुपर्ने भो । सभामुख महोदय हामी हिजोदेखी यो प्रदेशलाई यो पिछडिएको प्रदेश यो कान्छो प्रदेश पनि भन्यौ यहाँ गरिबी रोग भोक शोक सबै कुराले ग्रस्त भएको प्रदेश पनि भन्यौं तर पाँच वर्षसम्म जे सोचेका थियौं त्यो त सबै गर्न सकिएन भोलिका दिनमा हामी कतिपय त आउनुहुन्छ होला पनि कतिपय नआउन पनि सकिन्छ । जो आशा जो अपेक्षा राखेर हामी यहाँ उपस्थित थियौं त्यो नै सरकारबाट यहाँ त्यती जागरूपता त्यति चासो देखाएको यहाँ पाइदैन । अब कार्यक्रमकै बारेमा भन्नु पर्दा यहाँ अहिले त सायद छिट्टै ४/६ महिना छ छिट्टैभन्दा कार्यक्रम हामीले जनता माझ पठाउन पाए हुन्थ्यो भनेका छौ । अब त्यो फेरि यहाँबाट हामीले पास गर्दै जान्छौ दुई ओटा त सायद दुई तीन ओटा पास भै सके अब उहाँहरूले गर्ने प्रक्रिया के हो त त्यतातिर नलागेर त्यहीं अलमलिने पनि हुनेहोला कार्यविधि पनि अली राम्रो तरीकाले बनेर जानु पर्दछ भन्ने मलाई लाग्दछ । हामी नयाँ योजना नहाल्ने भनेका छौ तर ती नयाँ योजना पनि आएका छन थुप्रै माननीयज्यूहरूले पनि राखिसक्नु भएको छ । नयाँ योजना त्यस्तै मैले अघि भनिसके त्यसरी आएका योजनालाई अलिकति मध्यनजर सरकारले गर्नु पर्छ होला हामी अन्तिम अन्तिम चरणमा छौ सबैलाई यहाँबाट हार्दिकतापूर्वक हासिखुसि गरेर यो सदनबाट अर्को चुनावमा जान पएको भए हुन्थ्यो भन्ने आशा अपेक्षा राखेको हामीले  राखेका छौ  र यहाँ मलाई एउटाँ सबै गर्दा भन्न भनिसकियो फेरि पनि एउटाकुरा सानो मैले राखे (नबोली नबोली कर्णाली को विकासमा रातो किताब आयो नबोली नबोली कर्णाली को विकासमा रातो किताब आयो योजना मन्त्रीका स्वकीय र छोराछोरीहरूलाई भयो) भन्दै मैले आफ्ना भनाइ यही राखे हवस् त धन्यवाद् । लालसलाम

**माननीय सभामुखः पुष्पा घर्ति (विष्ट) पिठाशनः-** माननीय श्री कृष्णा शाहा (आचार्य) समय ७ मिनेट त्यसपछि माननीय श्री दानसिंह परियार तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री कृष्णा शाहा (आचार्य):-** सभामुख महोदय आज हामी भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय र जलस्रोत तथा उर्जा विकास मन्त्रालयको वार्षिक विकास कार्यक्रममाथि छलफल गरी राखेका छौं। यो दुई ओटा मन्त्रालय कर्णालीवासीहरूको प्रमुख प्रथमिकतामा रहेका मन्त्रालय पनि हुन जसमाथी हामी त्यहाँ पनि छलफल गरिराखेका छौ । प्रि बजेट नीति तथा कार्यक्रम बजेट वक्तव्य र वार्षिक विकास कार्यक्रमसम्म आउदा खेरि एउटा लय सरकारले पकडेको मलाई लागेको छ । एउटा लाइनमा हिडेको मलाई लागेको छ जो यो वर्षको दायित्व वर्षको रूपमा हामीले नीति तथा कार्यक्रम प्रि बजेट हुदै नीति तथा कार्यक्रमसम्म आउदा खेरि जो घोषणा गरेका थियौं त्यो वास्तवमा पूरा गरेको जस्तो मलाई लाग्दछ र त्यो पोजेटिभ पक्ष हो र नया योजनातिर जाँदाखेरि हाम्रा पूरानै योजनाहरू पूरानै समस्याहरू त्रुटिहरू दोहोरिएका छन्। हामीले छलफलमा पनि भनेका थियौं पूराना समस्याहरू नदोहोरिउन यो अन्तिम वर्ष पनि हो यो बजेट निर्माणको हिसाबले अन्तिम कार्यकाल को बजेट पनि हो त्यसले गर्दा खेरि त्यस्तो नहोस हामीले यो रोष्टमबाट यो सम्मानित हलमा काला अध्यारा मुख लगाएर त त म म गरेर हैन एक अर्कामा दोषारोपण गरेर बाहिरिन नपरोस् भन्नि सुझाव हामीले मन्त्रीज्यूहरूलाई सरकारलाई हामीले दिइराखेका थियौं तर त्यसो हुन सकेन दुःखको विषय अहिले नया योजनाहरूमा आउदा खेरि फेरि पनि पूरानै समस्याहरू दोहोरिए, यी त्रुटीहरू रहन गए यो टिम मन्त्रालय यो सरकार टिम भनेको हिजो साढे तीन वर्षसम्म यही सम्मानित हलमा यही रोष्टमबाट पूर्व सरकार पूर्व सरकारका मन्त्रीहरूलाई दिनानु दिन घचघच्याई रहने, ध्यानाकर्षण गरिराख्ने चुनौती दिई राख्ने यहा समस्या रे, त्यहाँ समस्या रे । यो हल गर्नु पऱ्यो यो पुगेन त्यहा पुगेन भनेर भनी राख्ने जुन टिम अहिले आएको छ मलाई त आशा थियो यसले त केही समस्याहरू हल गर्ने छ यी समस्याहरू हल गरेर नयाँ ढङ्गले जानेछन् भन्ने लागेको थियो तर ती समस्याहरू जिउँका तिउँ रहे त्यसमा सरकारले ध्यान पुऱ्याउनु पर्दथ्यों पुऱ्याउन सकेन दु खको विषय यहाँ रह्यो ।यहाँ बोलेका भिडियो रेकर्डहरू जीवित नै होलान ती एकपटक यहाँहरूले बजेट निर्माण गर्दाखेरि त्यतातिर एकपटक फर्केर हेरेर तिनीहरूलाई स्मरण गरेर आफ्ना बजेट निर्माणका आधार बनाएको भए धेरै राम्रो हुन्थ्यो र यसपाली यो रोष्टमबाट उभिएर उतिका कराउनु पर्ने थिएन जस्तो लाग्छ । हिजो मुख्यमन्त्रीज्यूले सुन्दर ढङ्गले भन्नु भयो भावनात्मक ढङ्गले पनि जाँदाजादै हामीले तिता कुरा विर्षनी मिठा कुरा सम्झने भन्ने कुरा त्यो उकदम राम्रो पक्षबाट राख्नु भएको हो तर आउदा खेरि त्यो वातावरण यहाँहरूले हामीलाई बनाइदिनु भएन त्यो वातावरण यहाँहरूले हामीलाई बनाइदिनु भएन त्यो त एक पक्षबाट हुदैन होला हामी त जनप्रतिनिधिको हिसाबले सांसदको हिसाबले जनताका आवाज त बोल्न पाउनु पर्छ होला सरकारका अपजेशनका कुराहंरु हामीले राख्न पाउनु पर्छ

होला हामीलाई पनि मन थियो मैले पहिले नै भने तितो नबोल्न पाए हुन्थ्यो भनेर मन अमिलो बनाएर नजान पाए हुन्थ्यो भन्ने हासी खुसिका साथ बिदाई हुन्थ्यो भन्ने तर त्यो यहाँहरूले बनाई दिनु भएन फेरि पनि हामीले बोल्नुपर्ने भयो जनताका आवाजहरू यही ठाउबाट यो रोष्टमबाट बोल्नु पर्ने भयो र बोल्नको नाममा बोल्ने मात्रै हुने भयो दुखको कुरा त्यसले गर्दाखेरि यो यहाँहरूले अझै पनि अझै पनि समय छ त्यो कुरालाई यहाँहरूले व्यालेन्स हल गर्नेतिर लाग्नुहुनेछ र ती रहेका समस्याहरू हिजोका दिनहरूमादेखिएका समस्याहरू जुन दोहोरिएका छन अहिले फेरि हामीले हिडदै गरेका बाटा हरूमा खाल्डा खुल्डीहरूमादेखिउका छन् रहेका छन् ती खाल्डाखुल्डी पुर्ने र सबैको भावना र सम्वोधन गर्न सबैको भावनालाई समेटने कुरामा सरकार अझपनि अगाडि बढने छ पोजेटिभ ढङ्गले सकारात्मक ढङ्गले लाग्ने छ भन्ने म सुझाव दिन चाहन्छू । र मैले भौतिक पूर्वाधार मन्त्रालयको कुरा गर्दाखेरि र दुईवटै जलस्रोत तथा उर्जा विकास मन्त्रालयको कुरा गर्दाखेरि अघि पनि भन्नुभयो उहाँहरूले हामीलाई तारन्तार लागेर हामीलाई भन्नु भयो तपाईंहरूले ल्याउनुहोस् यो योजनाहरू हामीले लेटरप्याडमा हतार हतार गरेर दियौं । तर आज हेर्दा खेरि मैले अनेत्रको त मैले हेरेको छैन जाजरकोटमा अठार ओटा योजनाहरू परेकाछन भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयबाट त्यो अठार ओटा योजनामा मेरो एउटा पनि योजना अटेको छैन । ती मेरो लेटरप्याडमा मागेको योजना कुन रद्धिको टोकरीमा फाल्नु भएको छ माननीय मन्त्रीज्यूले त्यो सम्मानित मलाई फिर्ता दिनुहोला म यही भन्न चाहन्छु र तपाईंलाई धन्यवाद दिन चाहन्छु । अब हामीले सुरूवाती वर्षदेखि भन्यौं यो विकास निर्माणको विधि प्रकिरया पद्दति मापदण्डलाई ठोस गरौं र स्पस्ट गरौं के हुन सक्छ भन्दै गर्दा खेरि म आज यो रोष्टमबाट भन्नै पर्छ हामी धेरै ले निर्वाचन क्षेत्र केन्द्रितका कुरा गऱ्यौं विषयलाई त्यतातिर उठाइ राख्दा खेरि आज समग्र कर्णाली को विकासको कुरा हुन सकेन । त्यो मोडलमा हामी जान सकेनौं जुन समग्र कर्णालीको विकासलाई अगाडि बढाउनु पर्थ्यो आज हामीले जुन प्रदेशिक गौरवका आयोजनाहरू के के हुन बहुवर्षीय आयोजनाहरू के के हुन भन्ने विषयमा हामीले सडकलाई मात्र देखाउनी भयौं अरू क्षेत्रका आयोजनाहरू हामी देखाउन नसक्ने भयौं र मापदण्ड के बनाउने छनोटको विधि के बनाउने भन्दै गर्दाखेरि प्रदेशिक कार्यालयबाट माग्ने मन्त्रालयहरूले माग्ने उनिहरूले सिफारिस गर्ने भन्ने भयो त्यहाबाट माग्दा पनि प्रदेशिक कार्यालयहरूले पनि पठाउदा खेरि त्रुटी गरेका छन । केही क्रमागत पठाएका छन् केही बहुवर्षीय पठाएका छन् । केही आफ्नो मनोमानी ढङ्गले क्रमागत भनेर नयाँ योजनाहरू पठाएका छन् । यसमा यहाँहरूले कति अध्ययन गर्नु भयो मन्त्रीजीहरूले कति अध्ययन गर्नु भयो ती कति क्रमागत थिए कि कति नयाँ थिए कि कति बुहवर्षिय थिए जाजरकोटको सन्दर्भमा हेर्दाखेरि कार्यालयहरूले क्रमागत र बहुवर्षीय पठाएका थिए त्यस पछि त्यो सँगसँगै उनिहरूले केही नयाँ योजनाहरूलाई पनि क्रमागत भनेर पठाएका थिए मैले जानकारी पनि गराएको थिए अहिले आउदा खेरि रातो बुकमा क्रमागतका योजनाहरू

केही छुटेका छन् बहुवर्षीय आएका छन् र नयाँ योजनाहरू धेरै आएका छन । र हिजो माननीय मुख्यमन्त्रीज्यूले पनि भन्नु भयो नयाँ योजनाहरूलाई हामीले पाच प्रसेन्ट बजेट मात्र छुट्टाएका छौं भन्नु भयो र मन्त्रीजीहरूले पनि त्यहीं भन्दै आउनु भएको थियो तर त्यो पाँच प्रतिशत बजेट पनि त सबै तिर समानुपातिक ढङ्गले वितरण गर्ने होलानी मन्त्रीज्यूहरूले आफैं एकल आफ्नो तजविजमा त वितरण गर्ने हैन होला सहमति भएको थियो । त्यो नीति त हैन होला त्यसले गर्दाखेरि समस्याहरू छन समस्याहरू प्रणालीमा पनि छ र हाम्रो व्यक्तिगत नियत र सोचाईमा पनिदेखिन्छ यो नसुधारेसम्म नसुध्रिएसम्म हामी अगाडि सही ढङ्गले बढ्न सक्दैनौं त्यसैले गर्दा खेरि भनिन्छ मैले सोधे मन्त्रीज्यूहरूलाई किन हाम्रा लेटरप्याडमा भएका योजनाहरू परेनन् त भनेर उहाँहरूसँग क्वेसन गर्दा खेरि के भन्नु भयो भने उहाँहरूले हैन हामीले त तपाईंहरूका योजनाहरू प्रमुख प्रथमिकताका विषय बनाएर पठाएका थियौं अर्थ मन्त्रालय र मुख्यमन्त्रालयले ती योजनाहरू कटछाट गरेर सबै लरबिर बेथिति गराएको थियो । के यही हो त यो कुरा यहाँहरूले कसरी जवाफ दिनुहुन्छ यहाँबाट दिनुहुने छ । भन्दै मेरा कुरा अन्त्य गरे धन्यवाद !

**माननीय सभामुखः पुष्पा घर्ति (विष्ट) पिठाशनः-** माननीय श्री दानसिह परियारसमय ७ मीनेट त्यसपछि माननीय श्री पद्मा खडका तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री दानसिंह परियारः-** माननीय सभामुख महोदय कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालय र जलस्रोत तथा उर्जा मन्त्रालयको बजेट ०७९/८० को चाहिँ वार्षिक बजेटमा धारणा राख्नको लागी  म यहाँ प्रस्तुत भएको छु र सर्वप्रथमत कर्णाली प्रदेश सरकारको चाहिँ बजेटमा एउटा जनप्रतिनिधिका हैसियतले संसद्मा चाहिँ जनताका जनप्रतिनिधि चाहिँ कुरा राखेर चाहिँ कर्णालीका आम जनताले हेरि राख्या छन् यी कर्णालीका जनप्रतिनिधिहरू वास्तवमा जनताको पक्षमा संसद्मा कुरा राख्न सकेको छैन यता विकासे समृद्धिको पक्षमा चाहिँ जनताको जनप्रतिनिधिको योग्यता क्षमता छ कि छैन एउटा चाहिँ जनताको जनभावनालाई संसद्मा पुऱ्याउन जनप्रतिनिधिको हैसियत छ कि छैन जनताले हेरी राख्या छन् । सभामुख महोदय मैले बारम्बार हरेक वर्षको नीति तथा कार्यक्रम को बजेटमा विशेष दुई ओटा कुरा उठाउँदै आएको थिए एउटा कुरा थियो हामीले हाम्रो कार्यकालमा प्रदेशका कहीं गौरवका आयोजना तय गरौ कमसेकम हाम्रो कार्यकालमा दुइचार ओटा गौरवका आयोजना हामी फर्किदा हामी घर जाँदा फर्किदा हामी जिल्ला फर्किदा हामी निर्वाचन क्षेत्र फर्किदा कर्णालीका आम जनतालाई उत्तर दिदा कमसेकम दुइ चारवटा गौरवका आयोजना चाहिँ सम्पन्न गर्ने भनेको थियो त्यो किन काम अगाडि बढेन त्यसपछि दोस्रो कुरा मैले जहिले पनि उठाउको थिए बजेट खर्च सन्तुलन गरौद्द सत्ता र शक्ति बिचको चरम दुरूपयोगलाई रोकौं हरेक पटक योजना बनाउँदा प्लान बनाउँदा बजेट निर्माण गर्दा हामीले कुन शीर्षकलाई चाहिँ आधार बनाएर बजेट बनाउछौं। यसको बारेमा गम्भीर समीक्षा गरौं मैले भनेको थिए । यो दुई वटै कुराको

सम्वोधन भएन यसले गर्दा के सिर्जना भएको छ त अहिले पछिल्लो चरणमा चाहिँ सिङ्गो व्यवस्था माथि प्रश्न उठि राख्या छ । सङ्घीयताको अर्थ के हो अथवा यही तरिकाबाट सङ्घीयता टिक्छ र सङ्घीयता माथि जनताको जुन अपेक्षा अथवा जनताको रगत र पसिनाको वलिदानीको जवाफ हामीले दिन सक्छौ त यो कुरा उठि राख्याछ यसको उत्तर हामी दिनुपर्ने भैराखेको छ र यसको जनप्रतिनिधिले चाहिँ जनस्तरमा यसको उत्तर दिनुपर्ने अबस्था आइराखेको छ अहिले हामीले भन्यौ व्यवस्था परिवर्तन गऱ्यौं भने र जनताको जनअबस्था हामीले १ प्रतिसत पनि  परिवर्तन गर्न सकेका छैनौ जिउ तिउ अबस्था छ जनताको गरिबी जहाँ छ त्यहाँ छ वेरोजगार जहा छ त्यहीं छ सामाजिक विभेद जहाँ छ जिउको तिउ छ । अहिले पनि सत्ता र शक्तिमा ती हिजोका सामन्तहरू थिए नि यो त्यो नभनी सत्ता र शक्तिमा चल्न यही सत्तालाई चाहिँ निरन्तरता दिई राखेको स्थिति फेरि आम कर्णाली उत्पीडित दलित जनताले महसुस भै राखेको छ । अथवा कर्णालीका आम बेरोजगार जनताहरूले त्यो महसुस गरी राख्या छन् यता चाहिँ कर्णाली समग्र परिवर्तनको एजेन्डा र नीति चाहिँ त्यो कुरा हेरी राख्या छन् । यो हामीले देखेको व्यवस्था यो चाहिँ हाम्रो रगत पसिना र वलिदानबाट प्राप्त भएको व्यवस्थामा हामीले प्राप्त गऱ्यौं के त साच्चिकै यो व्यवस्थाले आधारभूत वर्ग समुदायलाई छुन्छ। साच्ची कै गरीब निमुखाले प्राप्ति गऱ्यो यो चाहिँ आम प्रसग उठिराख्या छ तपाईंको चाहिँ त्यसो भएकोले बजेट निर्माणको सन्दर्भमा सभामुख महोदय हामीले त देख्यौ सिङ्गो कर्णालीको शिर तल हुने तरिकाले सिसिक्यामरा छ फुटेजकाण्ड घटयो बजेटमा कति  खाले नियमितता भयो प्रधानमन्त्रीका छोराका निमित बजेटमा ट्याक्स घटाउने कर्णालीको नेतृत्व हामीले गऱ्यौं । जहाँ जहाँ कमीसन प्राप्त हुन्छ त्यहाँ कमीसन घटाउने र जुन खालको पनि चाहिँ कमीसन लिन्छन् चाहिँ ट्याक्स घटाउनलाई वाह्यकम्पनीयलाई चाहिँ नेपालको राष्ट्रियता माथि नेपालको कमजोर बनाउने ठाउँमा चाहिँ हामी ले ट्याक्स बढाएकाछौ अहिलेदेखिन्छ कर्णालीमा पनिदेखियो मैले बजेट सर्सति हेरे यति लज्जाभोद छ कि त्यो कल्पना गर्न सकिँदैन यहाँ मन्त्रीहरूको अभिव्यक्ति सुन्नु भयो यस्तो निर्मता टिठलाग्दो अभिव्यक्ति चाहिँ दिई राख्याछन् जनताको जनप्रतिनिधिको स्तरमा । एउटा मन्त्रालयमा २० लाखको योजना ल्याउछन अनि माननीयहरूसँग चाहिँ योजना माग्छन् एउटा दुई ओटा योजना दिनुहोस् भन्छन्। त्यो एउटा दुईवटा योजना पनि छुटाउछन अनि कर्णाली के छ र आम जनतालाई भ्रम छर्नको निमित्त फेरि बहस संसद्मा गरिन्छ । यथार्थ यो हो, वास्तविक यो हो, अनि सत्ता र शक्तिको दुरूपयोगको निरन्तरता धेरै देशको उदाहरण हेरौ न हामीले धेरै देशमा चाहिँ पाकिस्तान जस्ता देशहरूमा नेताहरूलाई लखेटेको देख्नु भाछ नि, नेपालमा त्यो स्थिती आउदै छ घर घरबाट लखेड्दै तपाईंको नेतालाई कुट्दै चाहिँ जनताले सडकमा पछार्ने परिस्थिति आउदै छ । जो सत्ता र शक्तिको दुरूपयोग गर्ने, राज्यको स्रोत साधानको दुरूपयोग गर्ने र यो र त्यो नाममा आधारभूत वर्ग र समुदायका नाममा र बेरोजगार उत्पीडितहरूको चाहिँ कुनै पनि किसिमको सम्वोधन नगर्ने यस पटक

जनताले फेरि उत्तर दिनेछन्। हामी त पाच वर्ष संसद्मा हुँदा बारम्बार कुरा उठायौ हामीले कर्णालीको शिक्षाको कुरा, कर्णालीको स्वास्थ्यको कुरा, कर्णालीको उत्पादनका कुरा, कर्णालीका बेरोजगार युवाका कुरा, कर्णालीका प्रदेश गौरव आयोजनाका कुरा र यहाँको प्राकृतिक स्रोत साधनको अधिकतम विकास गर्ने कुरामा हामीले कुरा गर्‍यौं तर कर्णालीको समृद्धिका कुरा कहाँबाट हो त हामीले गर्न खोजेको क्षेत्र कहाँ हो कुन क्षेत्रमा राज्यको अधिकतम लगानी गरेर त्यो प्रदेश रुचिको विकास गरेर चाहिँ आधारभूत समस्याको समाधान चाहिँ प्रदेश पूजीवाद र समाजवादको नयाँ अभ्यास त हामीले गर्न सकेनौ नी अहिले त मैले देखे यो संसद्मा कस्तोदेखिन्छ भने यो दाता सम्मेलन जस्तो देखे यो माग्नेहरूको र दिनेहरूको बैठक जस्तो हो यो । कोही दिनेहरू छन् यहाँ दाताहरू अनि हामी चाहिँ माग्ने समुहभित्र पर्दछौ । अनि दिनेले चाहिँ टिठ दयाले निर्यताले, यसो दयामायाले यो चाहिँ वितरण गरिराख्याछ । जहाँ अधिकतम कमीसन वितरण गरिराख्याछ, जहाँ अधिकतम कमीसन आउँछ, त्यहाँ वितरण गरिएको छ । यस्तो किसिमको व्यवस्थाले चाहिँ व्यवस्थालाई चाहिँ कमजोर बनाउने दलालीकरण भयो सङ्घीयताभित्रको यस्तै यस्तै प्रश्न चिन्ह गरी राख्याछ ।हामी कहा जादै छौ हाम्रो गन्तव्य के हो हाम्रो आगामी गन्तव्य के हो र हामीले खोजेको नेपालको समृद्धि के हो हाम्रो कर्णाली को समृद्धि के हो त्यसो भएको हुनाले सभामुख महोदय मैले बारम्बार संसद्मा कुरा उठाउँदै आएको थिएकिहामीले बजेट निर्माण गर्दा कुन सूचनाका आधारमा प्लान गर्छौं । कुन कुरालाई टेकेर हामी कर्णालीको बजेट बनाउछौ कुन नीति नियमालाई आधार मानेर प्लान बनाउछौं। समाभुख महोदय, त्यो कुरा अहिलेसम्म फिक्स भएको छैन भने हामीले यसो सबै क्षेत्रमा केही गर्ने खोजेजस्तो यसो शिक्षामा केही गर्न खोजे जस्तो, कृषि ले केही गर्न खोजे जस्तो पर्यटन ले केही गर्न खोजेजस्तो तर हाम्रो गन्तव्य कहीं छैन हामी कही पुग्नेवाला छैनौ त्यसो भएकोले वास्तवमा हामीले खोजेको परिवर्तन हामीले खोजेको समृद्धि हामीले खोजेको रूपान्तरण अथवा जनताको यो चाहिँ एनालाईसेस गर्न सकिँदैन भने हामीले पनि जनस्तरमा फर्केर हामीले पाचँ वर्षको कार्यकालमा गरेका पाच ओटा काममात्र हामीले जनताकाहा भन्ने उत्तर छैन हामीकहा हामी त यस्तो परिस्थितिमा हामी संसद्को एउटा जनप्रतिनिधि भएका छौ कि जो आफैंलाई चाहिँ लज्जा महसुस भैराखेको छ । हामी कहा थियौं कहा छौ जनताको जनविश्वासलाई हामी संसद्मा पुऱ्याउनसक्यौ कि सकेनौं त्यसैले नीति कार्यक्रममार्फत चाहिँ सम्वोधन गर्न हाम्रो चाहिँ ठोस योजना बनेन त्यसो भएकाले सभामुख महोदय मैले भने यदि हामीले साच्चिकै समृद्धिको परिवर्तन गरियो भने यता कर्णालीका चाहिँ गरिबीलाई अन्त्य गर्ने हो भने कर्णालीको चाहिँ सामाजिक न्यायको अभ्यास गर्ने हो भने एकपटक हामी सबैले मनन गरौ कि कर्णाली को समृद्धि कहाँबाट सम्भव छ । अथवा हामीले कुन क्षेत्रमा लगानी गर्दा साच्चिकै कर्णालीको समृद्धि र परिवर्तन हुन्छ । अथवा कुन क्षेत्रमा लगानी गर्दा कर्णालीको प्रदेश पूजिको विकास गर्न सक्छौ र कुन क्षेत्रमा लगानी गर्दा कर्णालीका चाहिँ

आम जनताको जनभावना सम्वोधन गर्छ भन्नेकुरो मा एक पटक हामी चिन्तन मनन गरेनौं भने सिङ्गो व्यवस्थामाथि नै सिङ्गो सङ्घीयता माथि नै आम जनताले एक पटक प्रश्न उठाउनु पर्ने परिस्थितिमा हामी आइपुगेका छौं ।यसका निमित्त सरकारले तत्काल गम्भीर रूपमा सोचोस र आगामी हरेक किसिमको चाहिँ योजना नीति कार्यन्वयन गर्न सक्दैन भने एक पटक सोचोस भन्ने भनाइ राख्दै मेरो भनाइ यही अन्त्य गर्छु धन्यवाद, लालसलाम ।

**माननीय सभामुखः पुष्पा घर्ति (विष्ट) पिठाशनः-** माननीय श्री पद्मा खडका समय ७ मीनेट त्यसपछि माननीय श्री खड्कबहादुर खत्री तयारी अबस्थामा रहनुहोला

**माननीय श्री पद्मा खडकाः-** सभामुख महोदय कर्णाली प्रदेश सरकारको ०७९/८० को हामी मन्त्रालयगत बजेटमा छलफलमा भाग लिइरहेका छौं । विषेशगरी आज भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय र जलस्रोत तथा उर्जा विकास मन्त्रालयको छलफलमा म यहाँ सहभागी भै रहेको छु । सभामुखमार्फत यो बजेटको विषयमा आफ्ना केही धारणा राख्न चाहन्छु । विषेश गरी यो कर्णालीलाई साच्चिकै कर्णाली बनाउने र कर्णाली प्रदेश सरकारले यो कर्णालीलाई प्रमुख प्राथमिकतामा राखेको मन्त्रालय भौतिक पूर्वाधार र कर्णालीको पहिलो प्रथमिकता हो भनेर जुन सरकार गठन पश्चात नै यो मन्त्रालयले निकै ठूलो एउटा महत्त्वकांक्षा साथ बजेट छुट्ट्याउने र बजेटलाई व्यवस्थापन गर्ने कुरामा प्रत्येक वर्ष अन्य मन्त्रालयभन्दा यो मन्त्रालयको बजेटको आकार हेर्दा निकै ठूलोदेखिन्छ । र त्यो आकारले यो कर्णाली प्रदेशको भौतिक पूर्वाधार सँगै के यो कर्णाली प्रदेशले मुहार फेर्दछ र कर्णालीका जनताले हिडदा हिडदै गाडीबाट आफ्नो गन्तव्यसम्म यात्रा पुग्न नसक्ने अबस्थाबाट केही राहत मिल्छ भन्ने यहाँका नागरिकबाट जुन अपेक्षा हामी जनप्रतिनिधिहरूसँग नागरिकहरूले राखेको थियो र आज यी ४ वर्ष कार्यकालमा पनि अझ कर्णालीका ती संरचनाहरू कर्णालीका भौतिक पूर्वाधारका संरचनाहरू आजपनी गाडी चढेपछि बेलुका आफ्नो घरमा फर्किने हो कि हैन भन्नेकुरा अझपनी नागरिकलाई त्रासको जुन एउटा बाटो अझैपनी बचिरहेको छ । यसलाई हामीले यो ४ वर्षको कार्यकालमा कतिसम्म पूरा गर्न सक्यौ भन्नेकुरा यो कर्णाली प्रदेश सरकारले पनि समीक्षा गरेको होला भन्ने मलाई लाग्छ र मैले धेरै बजेटको बिषयमा यहाँ छलफल गरिरहनु पर्ने यसलाई स्पष्ट रूपमा देखाउनुभन्दा पनि सरकारले आफैं पनि आफूले बनाएको बजेट छर्लङ्गसँग हेरिरहेको होला भन्ने मलाई लाग्छ । मैले भौतिक पूर्वाधार विकास मन्त्रालयको मन्त्रीज्यूलाई मैले यहाँ यो सम्मानीत सभामा सभामुखमार्फत के भन्न चाहन्छु भने एउटै शीर्षकमा तपाईंले करोडभन्दा माथि बजेट राखेको भए पनि सायद यहाँ कोही जनप्रतिनिधिले तपाईंले त्यहाँ बजेट धेरै राख्नुभएको रैछ अर्को शीर्षकमा चेन्ज गर्नुहोस भन्ने अबस्था आउने थिएन होला आज यही किताबमा एउटा शीर्षकमा सङ्घीय अनुदान पनि एउटा शीर्षकमा २५ लाख देखी ३० लाखसम्म त्यहीं एउटै शीर्षकमा छ । र प्रदेशको दुईवटा शीर्षकमा फेरि पनि एउटा शीर्षकमा ४० लाख र त्यहीं अर्को शीर्षकमा २५ लाख तीन ओटा शीर्षक बनाएर एउटै योजनामा बजेट छुट्ट्याएको छ।

नयाँ भनेको छ एउटामा एउटामा क्रमागत भनिएको छ । सरकारका आँखा कता गैरहेको छ बजेट निर्माण गर्दा सरकारले कहाँ हेरिरहनुभएको छ त्यो बजेट निर्माण गर्दा ती पन्नमा लेखिने शब्दहरूलाई त्यो साच्चिकै कर्णालीका हामी जनप्रतिनिधिले देख्न सक्ने अबस्था आउदैन अथवा सामान्य नागरिकहरूले पनि देख्न सक्ने अबस्था आउदैन भन्ने हिसाबले सरकार सुतेर बजेट निर्माण गरेको हो कि भन्ने मैले फिल गरिरहेको छु। यस्तो खालको बेथिति यस्तो खालको बजेट निर्माण गर्दा बसाल्ने पद्वतिले हामी कहा पुग्छौ भन्ने कुरा छर्लङ्ग देख्न सकिन्छ ।कुनै एउटा योजना तपाईंहरूलाई मैले योजनाको नाम भन्नु पर्दापनी हुनत वीरेन्द्रनगर नगरपालिका १० नं. वडा मा बामेखेला देखी भेरी पुलसम्म जोडने सडक मन्त्रीज्यू तिनवटा शीर्षकतिनवाटा क्रममा एउटै नाममा फरक फरक अङ्कको बजेट छ र नया र क्रमागत भनिएको छ कसरी भनिएको छ यसलाई म प्रश्न गर्न चाहन्छु । र अर्को कुरा मैले के भन्न चाहन्छु भने पटक पटक हामी सरकारले पक्कै पनि आफ्नो तयारीका साथ बजेट निर्माण गर्दै छ भन्ने हामीलाई लागिरहेको थियो । तपाईंहरू ले आफ्नो निर्वाचन क्षेत्रका बजेटहरू दिनु पऱ्यो भनेर तपाईंहरूले जुन खालको एउटा सूचना दिनु भयो त्यो सूचनाको आधारमा हामीले केही हाम्रा निर्वाचन क्षेत्रका अति आवश्यक पुर्वाधारहरू जो क्रमागत छन जो नया गर्नुपर्ने हो थोरै संख्यामा मत्यो धेरै संख्यामा पनि हैन थोरै संख्यामा गर्नुपर्ने योजनाहरू तपाईंहरूलाई हामीले समाबेस गर्ने भनेर जुन खालका पत्रसहित दिएका छौ आज त्यो पत्रको एउटा पनि आकार यो बजेटमा देख्न सकिंदैन त्यो पत्र माग्नुको रहश्य के थियो त्यो पत्रमा लेखिएका बजेटहरूका अक्षरहरू लेख्न नसकेर एउटै शीर्षकमा तिनवटा छुट्टाछुट्टै रकमहरू राखेर लेख्नु पर्ने अबस्था कसरी शिर्जना भयो यसै कारणले गर्दा हामी हामी हिडने बाटो र हामी दौडिरहेको बाटो र हामीले गरिरहेका कामले बर्णाली बन्छ भन्ने मलाई लाग्दैन । साचिक्कै कर्णाली बन्नलाई केही यो सरकारले गर्नै पर्ने थियो केही यो सरकारले त्यस्ता योजनाहरू त्यस्ता खालका गौरवका योजनाहरूलाई अगाडि सार्नु पर्ने थियो सबै जिल्लामा त्यस्ता खालका गौरवका योजनाहरू भैदिएको भए आज जुनीचादेबाट जाजरकोटको जुनिचादेबाट कर्णालीको राजधानीमा आउदा बिहान चढेको घरको आमाबाउ बेलुका पुग्छ कि पुग्दैन भन्ने आज कालीकोटबाट सुर्खेत आउदा सही सलामत घरमा पुग्न सकिन्छ कि पुगिन्न भन्ने खालको त्रास पूर्ण यात्रा यहाका नागरिकले गर्नुपर्ने थिएन होला भन्ने मलाई लाग्छ । र यसै गरि जलस्रोत तथा उर्जा मन्त्रालयमा मैले थुप्रै योजनाहरू अस्ति योभन्दा पहिला जुन खालको एउटा सबै योजनाको बुक एउटै किताबमा चाहिँ जुन ल्याइएको थियो त्यसलाई फेरि बुझिने ढङ्गले स्पष्ट ढङ्गले नयाँ र क्रमागत योजनाहरू थोरै रकमलेसम्मपन्न हुने योजनाहरू आज ३ लाख पनि भएर सम्पन्न गर्ने योजनाहरू कसरी हेर्न सकिन्छ भन्ने हिसाबले आज जुन छोटयाएर ल्याइएको छ तपाईंहरूले राखेको नयाँ योजना भन्नेऽ क्रमागत योजना भन्ने हामीहरूले यहाँ हेर्यौ धेरै टाढा जान पर्दैन वीरेन्द्रनगर यही लेकवेशी नगरपालिकाको मैले दुईवटा मात्रै योजना हेरे भेरी गंगाको एउटा योजना हेरे क्रमागत

भनेर ल्याइएको योजना काही मैले कुनै वडामा सोध्दाखेरी त्यो क्रमागत योजना छैन यस्तो खालको छलकपट योजना यस्तो खालको बजेटमा छलकपट गर्ने यो सरकारलाई अनी कर्णालीको समृद्धिको नारा भाषणमा मात्रै सीमित गर्नलाई बनेको सरकार हो कि कार्यान्वयनमा गर्नुपर्ने हो यो कुरा मैले प्रश्न गर्न चाहन्छु । जहाँ लिफ्टिङ्ग सिँचाइ भनेर जहाँ घट्टेखोला लिफ्टिङ्ग सिँचाइ भेरीगङ्गा हर्य भनेर हालिएको छ त्यहा कहीं क्रमागत छैन ७० लाख रुपैया छ त्यहाँ क्रमागत हैन त्यो नयाँ योजना हो मैले भन्न चाहन्छु यस्तो खालका योजनाहरू आवश्यकता छ त्यहाँ दिन पर्छ तर नयाँ भनेर राखौ यदि नयाँ हो भने तर नयाँ योजनालाई क्रमागत भनेर फेरि किताबमा निकालिएर फेरि कहीं कतैबाट फेरि कहीं कतै बिचदलियाको प्रबेश भएको यो बजेटमादेखिन्छ । त्यो कुरा लुकाउनलाई फेरि क्रमागत नयाँ सम्पन्न गर्ने भनेर बहाना बाजि गर्नु पर्दैन भन्ने मलाई लाग्छ । र यो सँगै मैले डिबोरिङ्ग को कुरा पनि उठाइरहेको छु । कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा दिनप्रतिदिन अव्यवस्थित बसोबासले गर्दा शहरीकरण बढदो छ । र यहाँका शहरिकरणमा खानेपानिको हामीले थुप्रै कुरा गरिरहेका छौ । खानेपानीलाई कसरी व्यवस्थित गर्ने भन्ने कुरा यहीले भेरी को लिफ्टिङ्ग खानेपानी आयोजनालाई प्रदेश सरकारले पनि त्यहाँ खाख्रे र अन्य दातृनिकायहरू र यहाको नगरपालिकाले पनि यसलाई अलि वृहत योजना गरेर सम्पन्न गर्नु पर्छ भनिरहेका छौ तर फेरि एउटै वडामा ४ वटा, ५ ओटा डिपबोरिङ्गको आवश्यकता पर्दैन होला माननीय मन्त्रीज्यू मैले यो कुरा राख्न चाहन्छु । एउटै वडामा ५/६ ओटा डिपबोरिङ्ग किन चाहिएको छ किन राख्न परेको छ त्यो कुरा कसरी आएको छ । भन्नेकुरा पनि म ध्यानाकर्षण गर्न चाहन्छु । र अन्तमा यो बजेटले कर्णालीको यात्राऽ कर्णालीको समृद्धि, कर्णालीको सपना पूरा गर्ने कुरामा हामी अझै पनि फेरि अलमल्लिएको जस्तो भान हुन्छ। अलमल्लिएको जस्तो एउटा अबस्थादेखिन्छ भन्दै मेरा भनाइ यही अन्त्य गर्छु धन्यवाद।

**माननीय सभामुखः पुष्पा घर्ति (विष्ट) पिठाशनः-** माननीय श्री खड्कबहादुर खत्री समय ७ मीनेट त्यसपछि माननीय श्री करवीर शाही तयारी अबस्थामा रहनु होला।

**माननीय श्री खड्कबहादुर खत्रीः-** सभामुख महोदय जलस्रोत तथा उर्जा विकास मन्त्रालय र भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय माथीको छलफलमा भाग लिइरहेको छु यो कर्णाली प्रदेश नाम रह्यो राजधानी सुर्खेत भयो सुर्खेत मा ४ ओटा निर्वाचन क्षेत्र छ । प्रदेशको जनसंख्याले ठूलो आज शहरी क्षेत्र हुँदा सबै बस्ती चाहिँ सुर्खेतमा रहेको अबस्थामा बजेटको हिसाबले सुर्खेत जिल्लाभरी एक नम्बर प्रदेशको एक र दुई र दुई को एक राजधानी शुन्य अबस्थामा छ । त्यसैले मैले के आग्रह गरेन चाहन्छु भने बजेट हामी चार ओटा बजेट यो अन्तिम कै छ । नेपाल सरकार सङ्घीय सरकारबाट आउको अनुदान त्यो बजेट हामीले सदुपयोग गर्न सकेनौ हामीले नीति तथा कार्यक्रममा एउटा गऱ्यौं कार्यक्रममा एउटा ल्ययौ हिजोको कार्यक्रमलाई निरन्तरता दिने कुरा गऱ्यौं हिजो राजधानी जोड्ने सडक जनता सडक हामीले जसल्ला जोडने सडक हामीले ती

कार्यक्रमहर राख्यौ आज ती कार्यक्रमहरू यहाँ उल्लिखित छैनन्। त्यसैले म भौतिक पूर्वाधार मन्त्रीज्यूलाई के आग्रह गर्न चाहन्छु भने कोही व्यक्तिको घर यो ७ नम्बरको कुनै ठाउँमा एउटैमा दुईवटा तीन ओटासम्म पनि शीर्षक छ तपाईंहरूले राम्रोसँग अध्ययन गर्दा हुन्छ । मैले टिका टिप्पणी गर्न चाहदैन कुनै व्यक्ति रिमबहादुरको घर र कुनै विष्टको घर त्यहाँ छोएर आएको छ कोही व्यक्तिसँग सम्बन्ध होला अथवा बाटोको नाममा कुनै टोल छ । एउटा शहरी क्षेत्रमा भैसक्यो त्यसैले यी कुराहरू हामी जो मन्त्री नहुँदा अथवा हुँदा हामीले कुन ढङ्गले व्यावहार गर्थौं आज हामी कुन व्यवहार गरिराछौं । आज व्यक्तिका नाम या कमीसन को हिसावले हो । अथवा आफ्नो कुनौ राजनीतिक सम्बन्ध हो । आज यो छरिएर आएको बजेट यो किताब मोटो किताब ल्याउने कुरा र पातलो किताब ल्याउने कुरासँग समबन्ध छैन यहाँ ३३ अरबको कुरा छ। यो पैसा धेरै जसो मेरुदण्ड भएको ती पूर्वाधार चाहे सिँचाइका कुरा हुन चाहे सड्कका कुरा हुन आज कर्णालीको बाटो जस्ताको त्यस्तै छ । यहाँ देखी नाग्मा जाँदा मान्छे मुत्यूमार्गले आजसम्म लगी रहेको छ । र भेरी करीडोरमा सङ्घीय सरकारले हालेको बजेट हामी समन्वय गर्ने भनेर हामी जोडिरहेका छौ । चाहे यो तेलपानि सडकका डि.पि.आर.का कुरा हुन सङ्घीय सरकारसँग जोडिएका कुरा छन्। म आग्रह गर्न चाहन्छु तभन्दा सङ्घीय सरकारबाट यो गठबन्धन सरकारले राजपत्रमा निकालेको अहिले ५ अरबसम्मका सीमित ४ जना व्यक्ति अथवा नेपालमा भएका कन्ट्रक्सनमा काम गर्ने निर्माण व्यवसायी ४/५ जनालाई हुनेगरी ५ अरबको राजपत्रमा ४ दिन अगाडि निस्केको छ तपाईंहरू सबैले अबलोकन गर्नुभएको होला सबैभन्दा हामीले यो बजेट त छुट्याछौ यो बजेट छुट्याएर हामी यो मञ्चबाटदेखिदा जनतालाई सुनाउने मात्रै कुरा हुन्छ यो कर्मचारीको हालिमूहाली गर्ने चाहिँ बजेट छन कहीं योजना का नाम छन केही ठाउको नाम को किटान छैन योजनाको नाम किटान छैन पन्ध्र ठाउँको योजनाको नाम दिईउको छ ५ लाख पैसा छ । खानेपानीका योजना त्यस्तै छ सिँचाइका योजना त्यस्तै छन बरु यी बजेटलाई सडककातर्फ चार पाँच ओटा त्यस्तै खानेपानी आवश्यक भएका ठाउँमा पहिचान गरेर गररेको भए यसले एउटा भोलि दिगो रूप लिनेकुरा हुन्थ्यो र भोलि आउने सरकार पछि आएका दिनमा पनि त्यसलाई निरन्तरता दिदै हामी बहुवर्षीय योजना भन्छौ क्रमागत योजना भन्छौ यी योजना सबै जनतालाई फाइदा हुने मलाई लाग्छ सबै पार्टीका नेतृत्व गर्ने मान्छेहरू सबैका जनता मलाई लाग्छ साझा हुन राष्ट्रिय ढुकुटीलाई दुरूपयोग गर्ने बाहेक कर्णाली प्रदेशमा केही रहेन मलाई आशा थियो मुख्यमन्त्री एकदम विवेकशिल हुनुहुन्छ यो बजेटलाई कम्तीमा पनि एककरोडभन्दा माथि तिर जाने छ र त्यो एउटा धरौटी राखेर निर्माण व्यवसाय होस अथवा कसैले पनि एउटा व्यवसाय ढङ्गले ठेक्का सिष्टम अथवा त्यसलाई एउटा नियन्त्रण गर्ने एउटा संरचनाअन्तर्गत रहने छ र त्यसले जनतालाई फाइदा हुने खालको र राज्यको ढुकुटी बच्ने किसिमको हुने थियो । मलाई लाग्छ १ करोडभन्दा माथिका बजेट यहाँ कुनै पनि छैन । यो उपभोक्ता समिति गठन गर्ने र

आफ्ना मान्छेलाई आसेपासेलाई एउटा भोटलाई अथवा भोट बैङ्क, आफ्नो चाहिँ २/४ पैसा लोभ लालचका रूपमा चाहिँ जाने किसिमले आज ३३ अरब पैसापनी छिन्न भिन्न भएर ४० हजार रुपैया एउटा मासुको भाग विलो लगाएजस्तै ४०/४० लाखको मात्रै बजेट सबै ठाउँमा लागु हुन्छ त कुनै ठाउँमा ४५ हुन सक्छ कुनै ठाउँमा ७० हुन सक्छ त्यस्तो किसिमले भागवण्डा लगाएको छ । यो मलाई लाग्छ फोटोकपी गरे जस्तो लागिराछ भौतिक पूर्वाधार मन्त्रालयबाट त्यस्तै सिँचाइका कुराहरूमा यी तटवन्धनका जनता तटबन्धन हामी एजेन्डा त ल्याउछौं हामी नामाकरण त गर्छौं तर यिनी कुनै ठाउँको किटान छैन। कुनै खोलाको एउटा बेसिनका रूपमा म एउटा पूर्वाधार मन्त्री हुदाँ मैले पनि बेसिनको रूपमा एउटा अबधारणा ल्याएको जस्तै भनौ कुनै खोलामा वारी पट्टी एउटा सानो फोकटा हुन्छ पारी पट्टी ४/५ वटाको हुन्छ त्यस्तै सानो तिनो पनि २लाख ३ लाखलाई छुट्टाछुटै गर्न नमिल्ने गरि ल्याए ५ लाख पैसा छ चिङ्गाड बेसिनलाई त्यस्तै छ । त्यस्तै हामी भेरी नदिको पानी मलाई लाग्छ चौरझारी देखी तल यो रामघाटदेखि लिएर घाटगाउँसम्म त्यस्तो गाउँ छ । जबकी भेरी को लेदो पानी खानुपर्छ त्यस्को मापनको कुनै सीमा पनि छैन त्यस्तो क्षेत्रमा डिपबोरिङ्ग भनेर हामीले चाहिँ हामीले चाहिँ नामाकरण गरेर नाम दिएको थियो जस्तै मैनतडा, रामघाट त्यसपछि गएर यो घुमखहरे, मेहलकुना जस्तो ठाउँमा डिपवोरिङ्गबाट पानी लिएर खान सक्ने अबस्था चाहिँ हुन्थ्यो । त्यो ठाउँमा कम्तीमा पनि बजेट छुट्ट्याएर  मान्छेको त्यहाँको प्राण बचाउने अबस्था गरेको भए हुन्थ्यो । त्यस्तो बजेट विना शीर्षक समपुरक बजेटका कुरा चाहे विशेष बजेटका कुरा त्यस्ता छन् भने अर्को कुरा बजेटलाई हामी यहाँ नामाकरण गर्छौं कार्यालयमा माननीय होस् या मन्त्रीले बोलाए पनि त्यहाँको सव-ईन्जिनियर अथवा ईन्जिनियर आउदैन। उसको हालि मुहाली हुन्छ । अझ मलाई लाग्छ माननीयलाई चिन्दैनन् काम गर्ने मान्छेले त्यो सम्बन्धित प्राविधिकलाई र सम्बन्धित लेखा र सम्बन्धित हाकिमलाई मात्र चिन्द्छन यो अर्थमा बजेट उनिहरूले आफ्नो अनकुल त्यस्तै गरेर अहिले बजेट अहिले जेठभन्दा अगाडि लागु हुदैन अहिले आएर काही कोटेशन काहि उपभोक्ता समिति थाहा नपाउने मान्छेलाई लगाएर त्यस्लाई दुरूपयोग भएको छ मलाई लाग्छ यो संरचना हामीले जुन किसिमले पंचायती व्यवस्थादेखि आएको संरचना, कानून सुधार भएनन्। हाम्रा कामहरू हामीले निर्माण गर्न सकेनौं सार्वजनिक खरिद ऐनलाई चाहिँ संशोधन गर्न सङ्घीय सरकारले तल अधिकार दिएको छैन सङ्घीय सरकारबाट आज अरबौ का बजेट देश भरीबाट आज सीमित मान्छे सीमित भर्नाले ठेक्का लिने किसिमले आज ५ अरबसम्मका टुक्रटुक्रालाई पनि बनाएर लिईरहेका छन भने सानातिना कामलाई हिसाबले ५ लाख १० लाख २० लाख ५० लाख बनाएर तिनलाई चाहिँ न धरौटिको केही माग छ न भोलि बिहान खोपडी बाहेक अरू केही छ पेश्कि दिऊँ भने पनि बाटैमा मलाई हजुर बाटैमा फलानोले चोरिदियो हजुर भनिदियो भने त्यो कुनै हेक्का अबस्था छैन। र अर्को यो सरकारले म आग्रह गर्न चाहन्छु मुख्यमन्त्री पनि केही समय मन्त्री हुनुभयो यो

बहुवर्षीय योजना चाहिँ ठेक्का गरेका अहिलेसम्म ठेक्का भएका छैनन् । आर्थिक मामिला, सामाजिक उसबाट आर्थिक मामिलाबाट गै सक्यो अख्तियारी आज ४ महिना हुँदा पनि आज भौतिक पूर्वाधार मन्त्रीलाई म आग्रह गर्न चाहन्छु । यी ६ ओटा रहेका ४ ओटा रहेका अख्तियारी गैसक्दा पनि आज ४ महिनासम्म ठेगान नभएको र त्यो चाहिँ टेन्डर नलागेको चाहिँ अनुरोध गर्न चाहन्छु । त्यो आज यो कसैले दानदातव्य दिएको हैन हिजो संसद्बाट पास भएका एक निर्वाचन क्षेत्रमा बहुवर्षीय योजना राख्ने भनेर गरिएका योजनाहरू अहिलेसम्म चाहिँ त्यसलाई चाहिँ कार्यान्वयन भएको छैन आन्तरिक मामिलाबाट अख्तियारी दिएको ४ वर्ष भैसक्यो आर्थिक मामिला मन्त्रीज्यूलाई पनि आग्रह गर्न चाहन्छु । त्यो फिर्तालिने हो कि त्यसलाई अख्तियारी दिएर ठेक्का गर्ने लागाईने हो त्यो प्रति ध्यान दिन म आग्रह गर्दछु । यो चाहिँ मन्त्री मात्रै पद सम्हालेर यो भागविलो गरेर एउटा झण्डामात्रै हल्लाउनेभन्दा पनि यो राज्यको ढुकुटीलाई सदुपयोग गर्ने त्यसलाई कार्यान्वयन गर्ने र हिजो भएका योजनाहरू आज दुरूपयोग छन । आज कुनौ पुलहर नबनेका पनि फोरफार भएका छन । आज धरम पोखरादेखि लिएर चिङ्गागाडसम्मको बाटो स्प्रे टाईम भएका छन त्यहाँ आज पहिरो आज त्यहाँ पिचहरू चाहिँ उक्किसकेको अबस्था छ । हिजो भएका योजनाहरू चाहिँ जुम्लाका कुरा हुन चाहे चौरझहारीका कुरा हुन चाहे सुर्खेतका कुरा हुन भएभरका योजनाहरूका कामहरू गुणस्तरको हेर्ने त मन्त्रीज्यू नगएको त्यहाँको डि.इ. नगएको, त्यहाँको निर्देशक नगएको मलाई लाग्छ योभन्दा पहिला मुख्यमन्त्री पनि त्यसपछि बिचमा अलिकति मुख्यमन्त्रीज्यूले ३/४ महिना सम्हाल्दा त्यसले अलिकति केही गति लिएको थियो अहिले यी जुनै पनि योजनाहरू आज राताराात चेक समात्दै काम नभएका र पहिरो गएका ठाउँमा त्यसलाई गैरआधार बनाएर आज बिलहरू पास राताराात पास हुने अबस्था भैसकेको छ । त्यसैले म के आग्रह गर्न चाहन्छु त बहुवर्षीय योजनाहरू जुन अख्तियारी प्राप्त भैरहेका छन तिनि यही आर्थिक वर्षमा चाहिँ हामीले टेन्डर गर्न सकेनौ भने गाह्रो हुन्छ ।मलाई लाग्छ हिजो मुख्यमन्त्री ले समाहल्दा यो योजनाका बाटाघाटा ठूला योजनाहरू म के आग्रह गर्न चाहन्छुभन्दा पहिला म  एउटा मुख्यमन्त्री का पालामा मुख्यमन्त्री ले भन्ने गर्नुहुन्थ्यो ५०/ ६० लाखका योजना बनाउ यसले गति लिन्छ यसले कम्तीमा पनि परिमाण देखाउँछ र पैसा दुरूपयोग हुदैन भनेर मुख्यमन्त्री महेन्द्रबहादुर शाही ज्यू ले भनिरहनु भएको थियो । आज यो किताब हेर्दा मात्रै उपभोक्ता समिति र सीमित मान्छेहरूलाई २/४ जना ४/५ जना मान्छेहरलाई दिने अबस्था सिर्जना भएको छ । त्यसैले यो किताबले बोल्छ, यो अभिलेखले बोल्छ हामीले बोल्ने कुराभन्दा पनि आज ३३ अरब पैसा छ त्यो पैसा प्रत्येक उपभोक्ता प्रत्येक मान्छेलाई वितरण गर्ने प्रत्येक मान्छेलाई दिने किसिमले त्यस्तो चाहिँ भएको छ  त्यसैले म के आग्रह गर्न चाहन्छु तभन्दा यसलाई संशोधन गर्न सकिन्छ भने अझैपनी ठूला योजना बनाएर एउटा परिणाममुखी ल्याउने बनोस यही भन्दै मेरा भनाइ अन्त्य गर्छु, धन्यवाद !

**माननीय सभामुखः पुष्पा घर्ति (विष्ट) पिठाशनः-** माननीय श्री करवीर शाही समय ७ मीनेट त्यसपछि माननीय श्री दल रावल तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री करवीर शाहीः-** माननीय सभामुख महोदय, आज हामी कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०७९/८० को बजेट र त्यो बजेटभित्र दुईवटा मन्त्रालय भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय जलस्रोत तथा उर्जा विकास मन्त्रालय दुई ओटा मन्त्रालयका बजेटका शीर्षकहरूको छलफलमा सहभागी छौं। स्वभावैले यी दुई ओटा मन्त्रालय कर्णाली प्रदेश सरकार स्थापना भएदेखि नै पछिल्लो मन्त्रालय त भौतिक पुर्वाधार विकास मन्त्रालयबाट छुट्टिएको करिब एक वर्ष केही भागविलो नमिल्दा छुट्टिएको मन्त्रालय हो । तथापी भौतिक पूर्वाधार मन्त्रालय भनेको सुरूदेखि नै कर्णालीको मेरुदण्डका रूपमा, कर्णालीलाई पूर्वाधारको क्षेत्रमा, कर्णालीलाई पूर्वाधारको क्षेत्रबाट सुविधा दिने नाममा अग्रपङ्क्तिमा, अग्रभागमा रहेको त्यस्को वेटेज त्यस्को भार अलि बढी नै रहेको बजेटको व्यवस्था पनि अलि ठूलै भोलुममा रहेको मन्त्रालय हो । आज यसो हेर्दा खेरि केदेखिन्छ भने त्यो मन्त्रालय विस्तारै खिइदै-खिइदै गएर, अघि पूर्ववक्ता माननीयज्यूले भनेको जस्तो उपभोक्ता समितिमा सीमित हुने बाटोतर्फ गई रहेकोदेखिन्छ। यसमा दुई तीन ओटा कुरा हामीले विगतदेखि, चार ओटा वर्षदेखि कराउँदै आयौं, भन्दै आयौं, सबभन्दा पहिला प्लान बनाउ, खर्च गर्ने यो कार्ययोजना बनाउ, कुन बाटाहरू वा कुन खानेपानिहरू हामीलाई अत्यावश्यक हुन योजनाका नाममा राख्ने प्रवृति त छँदै छ । हामीले विकास गर्नका लागि र जनतालाई अत्याधिक सुविधा दिनका लागि के-के योजनाहरू हाम्रा लागि अपरिहार्य हुन त्यस्को चाहिँ छनोट गरौ योजना बैंक बनाउ हामीले बारम्बार भन्यौ र सरकारले पनि माथिबाट भनिरहेकै छ । हामी परियोजना बैंकभन्दा बाहिरबाट योजनामा प्रविष्टि गर्दैनौ भनिरहेकै छ मञ्चबाट तर यहाँ केदेखिन्छ, भन्दाखेरि योजना बैंकभन्दा पनि केही लाभ हानि हुने समुहहरू लाभग्राही समुहहरू, लाभ लिने समुहहरू त्यो कस्लाई दिने भन्दाखेरि मन्त्रालय र मन्त्रीहरूलाई दिने समुहहरूबाट प्रभावित भएका योजनाहरू यहाँचाहिँ प्रस्टीकरण प्रस्तुति भएका छन । पहिलो कुरा यहाँ धेरै पटक भनियो, मन्त्रीहरूले माननीय आर्थिक मामिला मन्त्रीले पनि भन्नुभयो, माननीय मुख्यमन्त्रीज्यूले पनि एक दुई ओटा भन्नु भयो हामी नयाँ योजनालाई न्यूनीकरण गरेका छौं। हामी कुनै पनि हालतमा नयाँमा धेरै प्रवेश गर्दनौ र क्रमागत योजनाहरूलाई हामीहरूले प्राथमिकता दिएका छौं र बहुवर्षीय योजनाहरूलाई प्राथमिकता दिएका छौं । मुस्किलले ५ प्रतिशत नयाँ योजनाहरू पर्न सक्छन प्रवेश गर्लान भन्नु भएको थियो । यहाँ यसो हेर्दाखेरि पूर्ववक्ता माननीयले २५ ओटा भन्नु भएको थियो जुन यसमा सडक मात्रै ३२ ओटा छन् । यो प्रतिशत कति हुन्छ? कस्लाई प्रतिशत मान्ने ? कुन अङ्कलाई राउन्ड फिगर मान्ने योजनाको संख्या गन्ने हो कि बजेटको अङ्कलाई मानेर ५ प्रतिशत मान्ने हो यसमा क्रमागत जो भनिएका छन् क्रमागत भनिएका हकमा पनि अलिअलि कस्तालाई क्रमागत बनाउने भन्ने विषयमा पनि यहाँ दुविधादेखिन्छ । हामीले यही

मञ्चबाट हिजो पनि उठाएका थियौं छलफलमा उठाएकै विषय हो । केही क्रमागत छुटेका छन्, केही आएका छन्, अब कस्तालाई क्रमागत, यस्को मापदण्ड नै नहुँदा खेरि चलखेल गर्ने बाटो बन्यो । केही सडकहरू दोहोरिएका छन्, पुर्ववक्ता माननीयज्यूले पनि भन्नु भयो यसलाई चलाखीपूर्ण हिसाबले छलकपट गर्ने र आफ्नो ठाउँमा योजना धेरै पुऱ्याउने हिसाबले एउटा ठाउँमा २५ लाख र एउटा ठाउँमा १५ लाख गरेर ४० लाख पुऱ्याईएको छ यो हिसाबको चाहिँदेखिन्छ । सडकका हकमा मैले दुई ओटा सडक, यो क्रमशः दोस्रो वर्ष देखी क्रमागत भइ राखेकै छन्, चलिराखेका दुई ओटा सडक यस पालि छुटेछ, सुयाडा पातिकाल्ना मजकोट जुनी सडक र सानाखोला मेसु र माला र नेटा सडक यो चलिरहेकै छन क्रमागत छन हाम्रो हिसाबले क्रमागत छन तर किताबले क्रमागत भनेन यो मन्त्रालयले आफूले शहरी विकास मन्त्रालय पनि भन्छ सहरी विकास मन्त्रालय सहरी सडकका सन्दर्भमा कहीँ बोलेकोदेखिदैन र दोस्रो कुरा यति काम गर्नका लागि हाम्रो जनशक्ति कति अभाव छ, यसलाई हामीले के ढङ्गबाट परिचालन गर्न पर्छ भन्ने विषयलाई चाहिँ यो किताबले त्यस्तो कुरा बोल्दैन । उर्जा र जलस्रोत मन्त्रालय को सन्दर्भमा अब जाजरकोट जिल्ला विशिष्ट जिल्ला पऱ्यो यहाँ धेरै कुरा भनिरह नै परेन मैले भन्दाखेरि जाजरकोट जिल्लामा परेका योजनाहरूका सम्बन्धमा फेरि यसले पार्टीगत हिसाबले बोल्यो भन्ने होला यसका प्रवृत्तिहरू पात्रहरू भूगोलहरू भूगोलमा छानिएका योजनाका नामहरू यो सबै हेऱ्यो भने यो कसरी आएहोलान के हिसाबले आए होलान् भन्ने कुरा प्रस्ट छ। म अप्रत्यासि यहाँ चाहिँ आएको मान्छे हैन योभन्दा पहिला जिल्ला विकास समितिको सदस्य, त्यसपछि पार्टीको उपसचिव र पार्टीजिल्लाको अध्यक्ष भएर यो चौथो चरणमा म यहा आइ पुगेको मान्छे हो त्यसैले जिल्ला भरिकै मलाई सबै ठाउँका नाम ठाउँ सबै कुरा थाहा छ । नामाकरण गर्ने तरिका पनि अलि भिन्दै थियो अलि पहिला एउटा पनि योजनासम्मन् भयो भने पनि त्यस्को पुछारबाट अर्को तिरबाट नाम भन्ने र नयाँ बनाउने र उल्ट्याउने त्यस्ता ठाउँमा मान्छे हौं हामी त्यसकारण ती ठाउँहरू त्यसरी उल्टिएर पल्टिएर के नाम बिचको कहाँको भागबाट नाम छोपेर आउने र नयाँ बनाउने र यहाँ प्रस्तुत भएका छन् अघिल्लो पटक माननीय मुख्यमन्त्रीज्यू यहाँ अन्तिम पटक जवाफ दिने पर्ने होला अलिकति पनि म इङ्गित गर्न चाहन्छु । मुख्यमन्त्रीज्यूले अलि कड्केरै भन्नु भयो । अघिल्लो म टुक्रे योजानलाई कार्यान्वयन गर्न दिन्न म कुनै पनि हालतमा दिने छैन । भएछ के भन्दाखेरि यो किताबमा यहाँ लेखियो छलफल पनि भयो हिजो सहमति पनि भयो सम्पन्न हुने भन्ने पनि लेखिएको छ । नयाँ भन्ने पनि लेखिएको छ क्रमागत भन्ने पनि लेखिएको छ । तर अघिल्लो पटक टुक्रेयोजनामा गएका योजनाहरू केही कार्यान्वयन भएछन र केही लुकेर स्थगित भएर सितको थोपा भएर बसेका रहेछन् । ती चाहिँ अहिले ब्युझिएछन् र तिनलाई त्यहीं पैसा यदि यो मिलाएको भए त्यस्लाई १५ पुऱ्याएको भए हुन्थ्यो योजनामा संख्या घटाएको भए हुन्थ्यो । त्यो त्यहीं रूपमा मैले उदाहरणका रूपमा केही प्रतिनिधि योजनाका रूपमा लिएको छु ।

सिफारिस गरेको शिवालय ८ हाडेबाग सिँचाइ योजना छेडागाड १ मैले यो प्रतिनिधिका हिसाबले मात्र भनेको हो । यो जिल्ला भरि नै छन् प्रदेश भरि त म मन्त्री नभएको हुनाले मैले क्षेत्रमात्रै हेर्ने हो मैले जिल्लाभरी हेर्दै छु । जिल्लाभरी हेर्दाखेरि अघिल्लो पटक ५ लाख ३ लाख गरेका योजना तिनै अङ्कमा फेरि पनि छेउँमा कैफियतमा केही पनि छैन, पैसा २ लाख ३ लाख ५ लाख फेरि पनि राखिएको छ । यसले केदेखिन्छ भन्दाखेरि प्रवृत्तिगत हिसाबले छल्ने जति सक्यो छल्ने जस्तो अघिल्लो पटक १० लाख राखेर ५ लाख थप्ने र १५ लाख बनाउने यसले के देखाउछभन्दा खेरि प्रविधिगत हिसाबले आवश्यकताभन्दा वितरणमूखि योजनाहरू हामीले धेरै बनायौ जस्तो सडककै हकमा भन्ने हव भने सबै सडकलाई ४० लाख चाहिने हो त नयाँलाई बरु कम राखेर पूरानोलाई बहुबर्षेलाई धेरै राख्नुपर्ने थियो यहाँ तानिएको छ बहुवर्षीयलाई बरु ३ ओटा वर्ष ५ ओटा वर्ष खण्डिकरण गरेर दिने भनेर पुग्ने गरी आगामी वर्ष राखिएको छैन बहुवर्षीय सडकहरूमा पनि ऋमागतमा त त्यस्ले त डि.पि.आर बनाएको छ । त्यस्लाई लाग्ने पैसको त  हिसाब देखाएको छत्यस्लाई किन कम राखियो त्यस्लाई १५ लाख राखिएको छ ऋमागतलाई भने बहुवर्षीयलाई दिएको छैन भने नयालाई सबैलाई ४० लाख राउन्डफिगरमा बाडने जो प्रवृति छ यो प्रवृतिबाट हामी फेरि पनि मुक्त हुन सकेनौ अब अन्तिम बेला अन्तिम पटक यो छलफलमा छौ अब प्रवृति सुध्रिएला सुधारौला भन्नेकुरा त नयाँ आउनेलाई हामी उदाहरण बन्नुपर्ने यो सभा मा जनप्रतिनिधि बन्नुपर्ने तथापि त्यो बन्न नसक्दापनी प्रवृतिगत रूपमा कानूनका चरणमा यहीदेखिएका विषयहरूलाई सकारात्मक हिसाबले अगाडि बढनका लागि सरकारलाई अनुरोध गरेर विदा हुन्छु धन्यवाद।

**माननीय सभामुखः-** माननीय श्री दल रावल त्यसपछि माननीय श्री बदमि क्वारी बोहोरा तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री दल रावलः-** माननीय सभामुखज्यू यो समयको लागि हार्दिक धन्यवाद छ । आज हाम्रो प्रदेश सरकारको दुई ओटा मन्त्रालय विषेश गरी विकाससँग अत्यन्तै सम्बन्धित मन्त्रालयसँग छलफल गर्दैछौं । द्वन्दको अत्यन्तै चरम अबस्था २०५९/०६० तिर म चाहिँ अहिले फेरि त्यतिखेरको आन्दोलनमा सहभागी माननीयज्यूहरूलाई दुःख नमान्न म आग्रह गर्न चाहन्छु । त्यो प्रसङ्ग जोडिहाले मैले मैले आजको दिनको भन्न खोजेको हैन। एउटा यो शिक्षक संघका नेता एक जना मेरै गाउँपालिकाका एकजना जित भन्ने छन् । त्यतिखेर जनवादी खेल्ने भन्ने हुन्थ्यो, डेउडा खेल्ने भन्ने हुदैन्थ्यो, जनवादि खेलौं खेलौं भनेछन्। माओवादि साथिहरूले मानेनछन् उ बिचारा डरायो फेरि कुट्नु होला, केही होला म खेल्दैन भनेछन्। हैन खेलौं के गीत खेल्दा खेरि केही गर्दैनौं, हामी खेलौं भनेछन् त्यो त गीत भन्ने विचारा, रहर मान्ने मान्छे लागिहाल्यो अनि गीत के भनेछन् भने "नबोलौ त बोल भन्ना बोले कुटेल्ने छौं, तुम्मो सरकार आउँदोसम्म जनता भुटेल्ने छौं" भनेर भनेछ उठ उठ खेल खेल भने खेलेपछि

फेरि गीत त भनिहाल्यो भन्दाखेरि फेरि कुटिहालेछन साथिहरूले जनतालाई भड्काउने गीत भन्ने हुन् पनि हो त्यतिखेर आन्दोलनका बेला यस्ता गीत जनता भड्किन त भड्किन्न तर खेल किन भनेको हो अफठ्यारो त थियो । त्यस्तै अब यहाँ नबोलौं कि भइ त हाल्ला छिटो छिटो पास गर्ने तिर लागौं किभन्दा फेरि बोल्ने कुरा आइ हाल्यो जनताका कुरा राख्नु पनि पऱ्यो। त्यो भएको नाताले अब यो वास्तवमा एउटै पार्टीको सरकारभन्दा या मिलिजुलि सरकार नै ठिक हुँदो रहेछ अहिलेको अनुभूति वास्तवमा ३ वर्ष अधिल्ला ३ वर्ष पछिल्ला २ वर्षभन्दा ३ वर्षको बजेट सुरूको नयाँ संरचनामा अत्यन्त राम्रो मलाई अहिले पनि फिलिङ्ग गर्छु । सडककै हिसाबले पनि जनता सडक, दुई प्रदेश जोडने सडक, अन्तर प्रदेश सडक, पालिका केन्द्र छुने सडक, प्रदेश राजधानी जोड्ने सडक यस्ता यस्ता सडकहरूको नामसहित एकदम मिलाएर सबै निर्वाचन क्षेत्रलाई पनि समावेशी, समानुपातिक ढङ्गले हुनेगरी ल्याएको त्यस्तो बजेटमा पनि उफ्रिएरै मेरो विचारमा आजैका दुई ओटा मन्त्रालयका मानानीय मन्त्रीज्यू पनि मेरा दाई हुनुहुन्छ आदरणीय दाई हुनुहुन्छ । जलस्रोत मन्त्रीज्यूले भनेको त अंग्रेजी शब्द अहिलेसम्म पनि ठ्याकै याद आउँछ के "आइ एम नट एग्री" भन्नु हुन्थ्यो जहिले पनि यहाँभन्दा पनि त्यहीं भन्नुहुन्थ्यो दलको मिटिङ्गमा पनि त्यहीं "आइ एम नट एग्री" भन्नु हुन्थ्यो अब एग्री हुने कि नहुने अब यहाँ धेरै छ यदि मेरा आदरणीय दुई वटै दाई बढी तितो गऱ्यौं भने लाष्ट लाष्ट बेला अब नभनौ कि पनि जस्तो लाग्न थाल्यो तर पनि बजेटको यहाँ ले गरेको व्यवस्थापन फेरि मलाई त के आशा लागेको थियो भने अहिलेको अधिकांश मन्त्रीज्यूले आफ्नै सन्तानलाई विश्वास गर्नु भएको छ भन्ने थियो । सन्तानलाई विश्वास गरेको भएको हुनाले त्यस्तो नराम्रो बजेट त आउदैन कि भन्ने लाग्या थियो तर पनि एउटा मन्त्रालयका कर्मचारी साथिहरूबाट मैले सुनेको, अत्यन्त दुःख र पीडाका साथ भन्यो बजेट इन्ट्रि पनि आफ्नो अब के भनौं आफ्नै सचिवालयबाट हुन्छ हजुर हामीलाई त त्यो पनि छैन,सम्म पनि किन भने कर्मचारी तन्त्र पनि अर्को सरकार स्थायी सरकार हो । त्यसलाई पनि विश्वास गर्नुपर्छ उसको आफ्नो डिग्निटिको कुरा पनि हुन्छ । त्यस्तो पनि सुनियो अब त्यव के हो थाहा भएन अब यस्तो थियो भने अब सच्याउने कुराहरू भयो । अब भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय अब शहरको विकास गर्ने मन्त्रालय अब म त पदम दाई अब उच्च हिमाली जिल्लाको मन्त्री कहीं माउन्टेन सिटि, ग्रिन सिटि, दुई सिटिको अबधारणा ल्याइहाल्नुहुन्छ कि भन्ने मलाई लाग्या थियो ती सिटि सिटि त आएनन् सिटिका बाटा पनि एकदमै खुद्रा भएर आए अब यो कसरी गर्नु हुन्छ । मलाई लाग्छ अहिले यो बाटाहरू नयाँ थप्नुभन्दा पूरानै बाटालाई कन्टिन्यू गरेर केही बजेट चाहिँ केन्द्रित गरेर पूरा गर्दा पनि ठिकै हो । अब मागिहाल्नु भो दिहालौं भन्ने भो दुईवटा दुईवटा बाटा दिनुहोला भन्नु भो दुबै बाटा दिईयो तीन ओटा दिएको थिए मैले एउटा कहीं थपि हाल्नु हुन्छ कि भनेर दाई भन्ने भाई भन्ने अब एउटाभित्रबाट आइजान्छ कि भन्ने लाग्यो हुम्लामा १५ ओटा नयाँ बाटा आएछन् अब माननीय मुख्यमन्त्रीज्यूको निर्माण

क्षेत्रमाभन्दा मलाई डबल फेरि उहाँलाई ५ मलाई १० मलाई त गजबै लाग्यो वाफरे १० त मन पो रहेछ  सोध्दाखेरी त दुईवटा पनि त्यै पनि भन्याभन्दा कम बजेट हुने गरीकन ९ ओटा त न मुख्यमन्त्रीका न मेरा कस्का हुन कस्का हुन ती बाटाका ठाउँ पनि हामीलाई थाहा छ ती बाटा आवश्यक थिए कि थिएनन्। ती बाटा कहाँ बाटा काहा जोडिन्छन्, थाहा छ नि त त्यो अनावश्यक को ? मान्छे ले तपाईंलाई प्रभावित पाऱ्यो मैले कार्यालयमा पनि सोध्य कार्यालयमा ले पठाएको डिमान्ड गरेको होभन्दा त्यो पनि कार्यालयले पनि माग्या रैनछ । अब यस्ता बाटा पनि आएकै छन अब त्यो आफैं जान्नुहोस् माननीय मन्त्रीज्यू किन भने सम्बन्धित क्षेत्रका माननीय सोध्दा त्यो जिल्लाका माननीयहरूलाई सोध्दा अहिले त सरकारको प्रमुखै त्यो जिल्लाको हुनाले झनै राम्रो थियो । वास्तवमा आवश्यक बाटाहरू कहाँ थिए त्यो गर्दा राम्रो हुन्थ्यो त्यो हुम्लाको मात्रै उदाहरण दिए मैले अन्य ठाउँका बाटा पनि झन् पक्कै पनि भएकै होला अब बजेटमा असमानताका कुराहरू खुद्रा बजेटका कुराहरू त्यव छँदै छन आफैं जान्नुहोस मैले बढी भन्नुपनी छैन । त्यसपछि अर्को जलस्रोत तथा उर्जा विकास उर्जाको अलिकति विकास गरौ दाई भने मैले अनुरोध गरे उर्जाको साह्रै समस्या छ मैले त तिन चार चोटि त्यो सिमिकोटको बत्ती हिउँदको बेलाको अबस्था तोकेरै बजेट हालौं कमसेकम १० करोड बजेट खर्च गरि दिन हो भने त्यहाँ चाहिँ ५०० किलो वाटको सोलार बत्ती बाल्न सक्छौं त्यो मात्रै भए पनि राखौं अनि अधुरा छन दुई तीन ओटा नगरि नहुने बजेट चाहिँ अधुरा छन्। हुम्लामा जिल्लामा दुई-चार ओटा त्यसलाई पूरा गर्ने अहिले चाहिँ हाल्दिनु होस्भन्दा उहाँले चाहिँ हाल्नु भएनछ ५/७ करोड कति-कति हाल्नु भएको छ भोलि वितरणमा के हुन्छ हेरौंला। त्यो पनि अब त्यसपछि अब यो बजेटको किताब हेर्न भयो भने मैले अधिपनि अहलेको किताब त अहिले हात पऱ्यो हेर्न पाईएको छैन पहिला बाक्लो किताब हेर्दाखेरि तपाईंलाई तपाईंको मन्त्रालयलाई दिइएको ३ अरब ७९ करोड छ । माननीय अर्थ मन्त्रीज्यूले पनि त्यो आफ्नो वाचन गर्नु भएको छ ।अर्थ विधेयकमा जुन त्यहीं कुरा छ तर तपाईंको क्यालकुलेशन हिसाब हेर्दाखेरि १०६ ओटा सब टपिक्स छन् टोटल भन्ने जोड्दै जानुहोस् त्यो तीन जिल्लाका बजेटलाई भन्ने हो भने पनि त्यो १ करोड त्यो ३० लाख बजेटलाई हटायौं अब राम्रै गऱ्यौं त्यो हटाउदा पनि अझै पनि १ करोड ८ लाख रुपैया कम हुन्छ । त्यो बजेटको दिएको सिलिङ्ग बोलिएको त्यो व्यवस्था गरिएको मन्त्रालयको जुन बजेटभन्दा तपाईंको १ करोड ८ लाख रुपैया कम भने यस्तै जोड्दै पूरै किताब जाने हो भने कति करोड कति अरब मिल्दैन होला त्यो बजेटले क्षमा दिँदैन किन भने प्रतिपक्षले १ रुपैया नैतिक पक्ष भन्ने आउँछ नि एक रुपैया कम र माथि हुँदा  त हामी अस्वीकार गर्छौं भने १ करोड त एउटै मन्त्रालयमा छ तल छ भएको के हो अत्यन्त विश्वास गरेको मान्छे राखे पनि यसरी तल माथि परे भने त यसमा चाहिँ अलिकति बिचार गर्नु नै राम्रो हुन्छ भन्ने मलाई लाग्छ । एउटा अर्को मेरै वडामा मन्त्रीज्यू ले योजना राख्नु भएको रै छ त्यो ठाउ नै छैन मन्त्रीज्यू हलेसियादेखि मैना

खाने पानि योजना भन्या छ बरु मलेसिया भन्ने त संसारमा एउटा देश थियो। यो हलेसिया भनेको त कहाँ हो हलेसिया मेरो ४ नं. वडा मलाई थाहा हुनुपर्ने हो म त्यहीँ जन्मेको, हुर्केको मान्छे, सकेसम्म त हाम्रो पर्यटन मन्त्रीज्यूलाई पनि थाहा छ किन भने त्यहा हिडिराख्या, डुलिराख्या ठाउँ, म त झन् त्यहीँ वडा नं. ४ को वासिन्दा हलेसिया भन्या कहाँ रैछ कुन्नि त्यो हलेसियामा खाने पानि छ यसको लागि पनि धन्यवाद नै छ । मैले थाहा नै नपाएको ठाउँमा हालिदिनु भएछ मैले योभन्दा अब बढी बोलिन माननीय मन्त्रीज्यूहरूको उन्नति प्रगतिहरूको शुभकामना छ । धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री बदमी क्वारी बोहोरा त्यसपछि माननीय श्री अमृता शाही तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री बदमी क्वारी बोहोराः-** सभामुख महोदय यो कर्णाली प्रदेश सरकारको बजेट अधिवेशन यो बर्षे अधिवेशन दशौं अधिवेशनको विसौ बैठकमा महत्त्वपूर्ण जनताको रोग भोक गाँस बाससँग जोडिएको जुन प्रदेश सरकारको मन्त्रालय दुई ओटा महत्त्वपूर्ण मन्त्रालयको बजेट माथि छलफल गर्नुभन्दा अगाडि डोल्पा जिल्लाको सदरमुकाम दुनैमा तीन दिन अगाडि अविरल वर्षाको कारण, बाढी आएर १०/१२ घर एकदमै ध्वस्तै बनाएको छ र केही घरहरूमा पूर्ण क्षति भएको छ । यसमा प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। पीडित परिवारलाई राहतको व्यवस्था गर्नहुन सभामुखज्यूमार्फत प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु । अर्को कुरा यो जलवायु परिवर्तनको कारणले वर्षा ऋतु वर्षाको टाइममा कर्णाली प्रदेशका सबै जिल्लामा जतिखेर पनि विपत आइलाग्न सक्छ प्रदेश सरकारलाई पुर्वतयारीको लागी सभामुखज्यूमार्फत पूर्वतयारीमा रहन हुन अनुरोध गर्न चाहन्छु । किन कि हामीले हिजैदेखि धेरै विपदहरू भोगेका छौं । कतिपय ठाउका आवाजहरू अझै पनि सरकारले सुनेको छैन, सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । आज प्रदेश सरकारको पहिलो यो सङ्घीयताको पहिलो अभ्यास प्रदेश सरकारमा हामी सहभागी भएको यो अन्तिम वर्ष जुन आज हामी विकासमा छलफल गर्ने क्रममा भौतिक पूर्वाधार विकास मन्त्रालय शहरी विकास मन्त्रालयको कुरा गर्नु पर्दा योजनाको प्रकृति हेर्दाखेरि ३/४ ओटा आकलन गरेको छु। मैले केही मन्त्रीज्यूहरूसँग सम्बन्धित, केही मन्त्रीज्युका रिलेटिभ मान्छेहरूसँग सम्बन्धित, केही पार्टीसँग सम्बन्धित, केही अलिकत कतै १०/१५ प्रतिसत यो विचौलियाहरूसँग सम्बन्धित जस्तो देखिन्छ । मैले मेरो जिल्लाको मात्रै मैले यो उर्जाको हेर्न त यो रातो किताबमा पनि देखे हल्का अध्ययन त गर्‍यौं तर यो रातो किताबमा त्यति धेरै हेर्न नपाए पनि अहिले अब यो उर्जा तथा जलस्रोत मन्त्रालयले दिएको किताबमा हेर्दा खेरि त्यस्तै त्यस्तैदेखिन्छ आकलन गर्न सकिन्छ । किन भन्दाखेरि साचो कुरा हो जस्तो पनि लाग्छ र हामी तिन वर्षे कार्यकालमा हामी सरकारमा थियौं हाम्रो नेकपा को सरकारमा थियौं हामी त्यती खेरको अबस्था हेर्दा पनि त्यतीखेरको प्रविधि र अहिलेको प्रविधिभन्दा अहिले अलिकत पूर्ववक्ता माननीयज्यू ले भन्या जस्तै अलिकति सुध्रिएको जस्तो त लाग्छ तर

पनि हिजो जे सिष्टम बसेको थियो त्यो त्यस्तै छ अहिलेको अबस्था जिल्लाबाट आएका योजनाहरूमा प्रदेश सरकारले कतिपय योजनाहरूमा हामीले सरकारका माननीय मन्त्रीज्यूहरूले हामीलाई बोलाएर छलफल पहिला हामी सरकारमा हुँदा छलफल हुन्थ्यो। योजनाहरू साच्चै हो कि झुटो हो कि यो आवश्यकता छ कि छैन आवश्यकताका आधारमा योजना छनोट हुन्थ्यो । तर अहिले हामी विपक्षमा भएको कारणले होला धेरै योजनाहरू आवश्यकताभन्दा पनि छुट्टै तरीकाले आएको जस्तो लाग्छ मलाई धेरै योजनाहरू हेरे मैले आवश्यकता हुने ठाउँमा रकम कम छ काम पूर्ण भैसकेको ठाँउमा रकम धेरै छ यो सिँचाइ खानेपानी तिर हेऱ्यो भने कुनै योजनाहरू हाम्रो अधिन बोल्दाखेरी हाम्रो मेरो निर्वाचन क्षेत्र ख मेरो निर्वाचन क्षेत्रको माननीयज्यू बोल्दाखेरी भन्नुभयो केही योजनाहरू पूर्ण भैसकेका योजनाहरू फेरि रकम छुट्टिएको छ । त्यो कार्यालयका हाकिमसँग सम्बन्धित जस्तो लाग्छ मलाई उहाँले जे भन्नुभयो त्यहाँबाट कार्यालय प्रमुख हरूले आवश्यकताभन्दा पनि उहाँहरूको मिलेमतोमा पठाएजस्तो लाग्छ मलाई । मेरो जिल्लाको मात्र हैन समग्र हेर्दाखेरि सबै त्यस्तै त्यस्तै लाग्छ । आज आवश्यकताभन्दा पनि व्यक्तिगत एउटा मनसायले योजनाआउने कुराचाहिँ यो गलत प्रविधि हो जस्तो लाग्छ मलाई आज प्रदेश सरकार हामीले योजना छनोट गरेर दिदाखेरी हाम्रो आफ्नो पार्टीको निर्देशनअनुसार हाम्रो जिल्लाको आवश्यकताअनुसार मिले सबै मन्त्रालयमा आवश्यकताअनुसारका २/३ ओटा धेरै केही पनि हैन अब सरकारको पहिले नै नीति तथा कार्यक्रम ल्याउनुभन्दा पूर्व प्रि बजेट छलफलमै सरकारले हामीलाई के भन्यो भने अहिले पूरानो योजना पूर्णता गर्ने वर्षको रूपमा पूरा गर्ने वर्षको रूपमा हामी जान्छौ । नयाँ योजनाहरू केही पनि तपाईंहरू ल्याउन पाउनुहुदैन सबैको आवश्यकतायो अधुरो योजनाहरूलाई पूरा गर्नुपर्छ भनेर एउटा सरकारले एउटा गरिसकेपछि हामीले पनि ठिकै हो सरकारको अन्तिम वर्ष पनि स्थायी सरकारका कर्मचारी छदाँ त छँदै छन फेरि पनि कर्णाली प्रदेशमा अर्को चुनाव पछी त माननीयज्यूहरू आउनुनै हुन्छ । तर पनि अहिलेको जुन सरकारमा हुनुहुन्छ उहाँहरू जुन जिल्लाबाट प्रतिनिधि जुन पार्टीबाट प्रतिनिधित्व गर्ने माननीयज्यूहरू हुनुहुन्छ उहाँहरू सबैको मनसाय ठिकै छ त पूरानो योजनाहरूलाई पूर्णता दिउ भन्ने हिसाबले हामी सबैले स्वीकार गऱ्यौं तर अहिले हेर्दाखेरि योजनाहरू धेरै जस्तो योजनाहरू नयाँ योजनाहरू पनि जोडिएका छन् हुन त ती पनि जनताकै आवश्यकताअनुसार आएका होलान केही व्यक्तिगत मान्छेले जति सुकै हल्ला गरे तापनि मान्छे थुप्रै मान्छे हरू योजना समावेश गर्दाखेरि डोल्पाबाट पनि थुप्रै मान्छेहरू आउनु भएको थियो कसै पार्टीस्ग कसै व्यक्तिसँग कति मान्छेहरू आएर बजेट लिनुभएको छ हामीले देखेका छौ तर त्यहीं जिल्लाको विकासको लागि हो तर दुरूपयोग नहोस भन्ने हो। हिजो भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय को छलफलमा हामी जाँदाखेरि त्यति खेर मैले मन्त्रालयको छलफलमा मैले भने यो बजेट छुट्टिनुभन्दा पनि अनुगमन गर्ने प्रक्रिया के होला भन्दाखेरि हाम्रो पूर्वाधार विकास मन्त्रालयको सचिवज्यूले माननीयज्यू

तपाईंहरू आफैंले योजना अनुगमन गर्ने तपाईंहरू नै हो किन यो कुरा यहाँ राख्ने भन्नु भयो । त्यो हैन हामीले जुन दिन हामीले  हामी समानुपातिक माननीय जति छौं हामीले यो सदनमा यो रोष्टमबाट के भनेका थियौं भने योजना बाडने प्रक्रियामा चाहिँ सहभागिता नहुने माननीयहरूको अनुगमन गर्ने कुरमाचाहिँ माननीयलाई साचिको रूपमा उभ्याउने कारणले यो भएको हुँदा  हामी अनुगमन गर्दैन  भनेर हामीले जुन सदनमै बोलेका थियौं त्यो कुरा हो तर विकासको कुरा चाहिँ जनताको विकासको लागि गरेको छ तर सही तरिकाले मान्छे ले त्यो काम भएको छ कि छैन कतै भ्रष्टाचार भयोकि भनेर चुहावट भयोकि भनेर अनुगमन जुन जिल्लाका सम्बन्धित कार्यालयहरूले गरेका छन्। त्यसैमा पनि राजनीतिक दलका जिल्लासमन्वयले पनि गरेको छ । तर अनुगमन पाटो चाहिँ एकदम कमजोर भएको मैले महसुस गरेको छु हामी सबैको कर्तव्य हो स्थानीय सरकार पनि निर्वाचित भैसकेको छ ।अर्को कुरा भौतिक पूर्वाधार मन्त्रालयको कुरा गर्दखेरी यो जनता आवासको कुरा र एकृकीत वस्तिको कुरामा म थोरै केही भन्न चाहन्छु। हिजो मेरो क्षेत्र निर्काचन क्षेत्रको माननीयज्यू यही हुनुहुन्छ। सभामुख महोदय, योजनाहरू प्रतिनिधित्व गर्ने सरकारमा जुनसुकै पार्टीको भए पनि सरकारमा रहदा सबै जनताको मान्छे हो । एउटा व्यक्तिगत लेटर प्याडमा निर्वचन क्षेत्र कोष वितरण गर्ने एउटा निर्वाचन क्षेत्र  आफ्नो निर्वाचा क्षेत्र विकास कोषलाई वितरण गर्दाखेरि जनता आवास बाड्दाखेरी आफ्नो व्यक्तिगत लेटर प्याडमा आफ्नो पार्टीले पारेको हो भन्ने जस्तो प्रवृत्ति धेरै ठाउँमादेखिएको छ । गएको बजेट पनि एकृकीत बस्तिको लागि गएको बजेट जनतालाई सास्ती छ । बजेट कार्यान्वयन नगरेर बजेट फिर्ता आउनेकुरा चाहिँ राम्रो हेन सरकारले बजेट जुन शीर्षकमा छुट्याएको छ अहिले जुन प्रदेश सरकारको जुन कुल बजेट छ यो बजेटभित्र जनताका आवश्यकताअनुसारका विषयका बजेटले सार्थक पाओस् भन्ने शुभकामना दिन्छु । धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री अमृता शाही

**माननीय श्री अमृता शाहीः-** सभामुख महोदय, आज दशौं अधिवेशनको बिसौं बैठकमा भाग लिँदै गर्दा उर्जा विकास मन्त्रालय र भौतिक मन्त्रालय  भौतिक पूर्वाधार र शहरी मन्त्रालयको बजेटको छलफलमा भाग लिँदै गर्दा भौतिकको किताब त हिजो बेलुकै भेट्टाउको यो चाहिँ उर्जाको चाहिँ अहिले विहान अहिले भर्खरै १ बजे तिर लिएर आइम सरर हेर्दै गर्दा किताबमा सानातिना योजनाहरू अब हाम्रो सुर्खेत जिल्लामा परेका छन् । जस्तै खानेपानी भनौ अब सबै ठाउँमा परेका छन दशै जिल्लामा कर्णालीका दश जिल्लामा छन। तर यो योजना परे वापत हामीले के गर्नु पर्छ भने अब हाम्रो चाहिँ चार महिना पाँच महिना मात्रै बाकि छ हाम्रो  कार्यकाल सक्किन लागिसकेको छ यो जति परेका छन योजनाहरू यसलाई चाहिँ हामीले कसरी कार्यान्वयन गर्ने र जनताका सामु पुर्‍याउने हामीलाई एकदम चिन्ता र चासो चाहिँ हुनु पर्छ । किन भने अब हाम्रो कार्यकाल सक्किन लाग्दा जो जति योजना परेका छन स्थानीय तहलाई भनेर हुन्छ कि, हामी आफैं गएर

प्रदेश सरकारले अब स्थानीय तहमा गएका छन प्रदेश संघबाट पनि योजना आएको छ। र स्थानीय तहको बजेट पनि कार्यान्वयन उहाँहरूले गर्नुहोला तर हामीले चाहिँ आफूले दिएको यो योजनाहरू र यो विकास चाहिँ हामीले अनुगमन एकदमै गर्नुपर्छ र खबरदारी गरेर यसलाई छिटोभन्दा छिटो कार्यान्वयन गरी हामीले जनता सामु पुऱ्याउनु पर्छ अनि बल्ल जनताले चाहिँ सेवा सुविधा अथवा उहाँहरूको आवश्यक चाहिँ पूरा हुने छ । यो विकासलाई चाहिँ हामीले अगाडि बढाउनु पर्छ । किताब चाहिँ अस्तिको ठूलो थियो प्रस्ट अलि आँखा नदेख्नेले देखिने थिएन भने आजको चाहिँ एकदमै प्रस्ट छ राम्रा छन दुईवटै किताब यसको लागि मन्त्रालयका मन्त्रीज्यूहरूलाई धन्यवाद दिन चाहन्छु । र मैले आफ्नै विचारले भन्नुपर्दा सडकको बारेमा धेरै कुराहरू आए किन भने सडक चाहिँ फराकिलो पनि हुनु पऱ्यो र बरु काम ढिलै किन नहोस त्यस्लाई चाहिँ एकदमै पक्कि राम्रो खालको गराउनु पर्ने र अहिले एउटा समस्या के छ भने कर्णाली राजमार्गमा एकदमै दुर्घटना धेरै भै राखेका छन्। अन्तको कुरा पनि छोडौं यही वीरेन्द्रनगर, यही राजधानी वीरेन्द्रनगर बजारभित्र छाडा बस्तुहरू गाई वस्तु, कुकुर अरू त कुरै छोडिदिउ बिराला, चल्ला, कुखुरा त कति छन् कति यसको लागि चाहिँ सम्बन्धित नगरपालिकालाई भनेर हुन्छ कि प्रदेश सरकारले दबाब दिएर नगरपालिकालाई भन्ने हो कि प्रदेश सरकारले के गर्ने त्यो चाहिँ त्यसलाई व्यवस्थित गर्नुपर्छ जस्तो लाग्छ । हामी यहाँबाट छिन्चुसम्म जाँदाखेरि बाटै भरि एकठाउँ पनि खालि नभएको जहाँ जहाँ साँघुरो छ उही गाई बस्तु बस्छन् यसका लागी चाहिँ ध्यान दिनु पर्ने कुरा छ । यहाँ मैले हेरे पुल पुलेसा बाटाघाटा खानेपानीका योजनाहरू सिँचाइका योजनाहरू यिनी जति छन् यसलाई चाहिँ हामीले छिटोभन्दा छिटो कार्यान्वयन गरेर जनता सामु पुऱ्याउनु पर्छ र किन भने अहिले हाम्रो कर्णाली प्रदेश केही नभएको र केही नगरेको त हैन त्यहीँपनी कुनै कुना कन्दरा मा बाटो नपुगेको होला अथवा खानेपानी सिँचाइ नपुगेको होला यसमा चाहिँ हामीले आफैंले अनुगमन गरेर यो बजेट बरु नपुग्ने बजेट कतै दोहोरिएको छ भने पनि त्यो नपुग्ने ठाउँमा पुऱ्याउनु पर्छ र यो विकास चाहिँ त्यस्को लागि चाहिँ स्मपन्न गर्नु पर्छ बल्ल हामी जनाताहरूलाई सेवा सुविधा पुग्ने भयो ।अर्को कुरा यो बाटो जस्तै हामी विकास भन्छौ हामी यो चाहिँ प्रदेश सरकारले गर्ने कि स्थानीयतहले गर्ने  यो चाहिँ डोजरे एकदमै वाढी पहिरो ल्याएर बस्ति बस्तिमा बाटो त गएको छ तर पहिरोले चाहिँ एकदमै बस्तिलाई विनास गरेको छ । यसलाई कसरी रोकथाम गर्ने हाम्रो प्रदेश सरकाले सोच्ने कि अथवा स्थानीय तहाले सोच्ने यसलाई चाहिँ कसरि हुन्छ रोक्नु पर्छ । तटबन्धनको बारेमा आएको छ । खानेपानी केरे तटबन्धनले पनि पहिरो रोकेको छ तर खासै डोजर लागाई सकेर पहिरो गै सकेपछि त्यो तटबन्धनले पनि त्यति उपयुक्तदेखिएन बरु चाहिँ त्यो उपभोक्ता लगाएपछि के हुन्छ भने आफ्ना लगाए श्रीमती आफ्नो बनाए भन्ने हुन्छ । तर मलाई कस्तो लाग्छ भने कर्णाली प्रदेश मा उपभोक्ताभन्दा पनि जनतालाई रोजगारी दिने कसरी  बाटो खनाएर हुन्छ किऽ पानीका योजना बनाउन पठाएर हुन्छ कि, त्यहीँ काम

त इन्डिया गएर गरेर आउँछन् भनेपछि हाम्रै यसमा किन हामीले चाहिँ नलगाउने जनताहरूलाई विकासको काममा लागाएर उहाँहरूलाई चाहिँ रोजगारी दिनुपर्छ अहिले वर्षामास अब मान्छेहरको घरमा अब वास्तवमा खेती पाती लगाउने ठाउँमा खानापिना हुदैन यो विकास चाहिँ लिएर उहाँहरूलाई काममा लगाएर जस्तै ढ्याडी को हिसाबले काममा लगाउने गरेपछि चाहिँ उहाँहरूले रोजगारी पनि पाउने र अन्त जान पनि नपर्ने हुन्छ । मलाई लाग्या कुरा त्यस्मा चाहिँ हामीले यो कर्णाली प्रदेश सरकारले एकदमै यसलाई कार्यान्वयन गर्नु पर्छ किनभने अब जनताले डोजर लगाउछ बाटो खन्न पाउदैन जनताले अनि त्यसपछि अनि कहाँबाट रोजगारी हुने भयो जो साहु छ डोजरको अनि उसैले मात्रै पाउने भो जनताले चाहिँ नपाउने अब चाहिँ मैले यही भन्छु जनतालेजहाको बाटो अब ठूला ठूला बाटा ठूला ठूला राजमार्ग त भन्न सक्दिन सानातिना गाउका बाटा चाहिँ जनताले उ पार्टी यो पार्टी भन्ने कुरा त हुदै हुदैन त्यहा सबैले केरे यो विकासको काम गरेर रोजगारी चाहिँ पाउनु पर्छ भन्ने कुरा राख्दै र खानेपानी नपुगेको ठाउँमा एकदमै खानेपानी पुगोस र हामी कर्णालीका जति जना माननीयहरू छौ अब चाहिँ हामी २/४ महिना जति छ जनताको विकास कहा कहाँ छैन त्यसमा चाहिँ हामी सबै जना लाग्नु पर्छ भन्ने कुरा राख्दै मैले आफ्नो भनाइ यही छोट्याए हवस त धन्यवाद् । जय नेपाल

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९अन्तर्गतको भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय र जलस्रोत तथा उर्जा विकास मन्त्रालयका शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञाशामा सम्बन्धित मन्त्रीहरूले भोलि असार २६ गतेको बैठकको सुरूमै जवाफ दिनुहुने जानकारी गराउँछु । माननीय सदस्यहरू भोलि असार २६ गते आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालयका शीर्षकहरूमाथि छलफल हुने व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७९ साल असार २६ गते आइतबार दिनको १ बजेसम्मका लागि स्थगित हुन्छ ।

## बैठक संख्या-२१
## (वि.सं.२०७९ साल असार २४ गते मंगलबार)

राष्ट्रिय धुन,

**माननीय सभामुख** : माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको एक्काईसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९ अन्तर्गत विनियोजन भएको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र जलस्रोत तथा उर्जा विकास मन्त्रालयका शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासामा सम्बन्धित मन्त्रीहरूले जवाफ दिनका लागि कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १४० को उपनियम ८ बमोजिम समय निर्धारण गरेको छु।

सर्वप्रथम भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवं जिज्ञासामा जवाफ दिनका लागि कर्णाली प्रदेश सरकारका भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्री माननीय श्री पदमबहादुर रोकायालाई समय दिन्छु ।

**भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्री माननीय श्री पदमबहादुर रोकाया:** माननीय सभामुखज्यू, आर्थिक वर्ष २०७९/०८० को विनियोजित बजेटको हाम्रो मन्त्रालयको बारेमा माननीयज्यूले उठाउनुभएको जिज्ञासा, प्रश्नको सभामुखज्यूको अनुमतिले म जवाफ दिन चाहन्छु ।

हो, माननीयज्यूहरू हाम्रो मन्त्रालयले विनियोजित बजेटको बारेमा सन्तोष हुनुहुन्न। यो स्वाभाविक नै हो । म पनि मेरो मन्त्रालयको बजेटमा म पनि सन्तोष छैन । किनभने बजेट घटेर आयो, दायित्व बढ्दै गयो, बहुवर्षीय बढ्दै गए, क्रमागत बढ्दै गए, हामीले बजेट धेरै कम बाँड्न पायौं । तपाईंहरूलाई थाहा छ बजेट भौतिक पूर्वाधार मन्त्रालयमा १० अरब ९२ करोड भोल्युम हेर्दाखेरिमा । तर, त्यो १० अरब ९२ करोड कति हामीले बाँड्न पायौं ? जम्मे ६८ करोड बाँड्न पाएको छु मैले । अरू मन्त्रालयमा हेर्नुस् २ अरब, डेढ अरब, ढाई अरब बाँड्न पायाछन् । अरू मन्त्रालयको ८ सय ९ सय ओटा योजना छन् । मेरो मन्त्रालयको १ सय ६१ ओटा योजनाहरू छन् नयाँ योजना । क्रमागतका १ सय ३१ योजना छन् । बहुवर्षीय ४१ छन् । पहिला-पहिला मन्त्री हुन्याले त सजिलो भयो । बजेट बढी थियो, बहुवर्षीय थिएन, क्रमागत थिएन, दायित्व हाल्नुपर्ने थिएन । अनि तपाईं हामीले माननीयहरूले पनि जनता सडक ८ करोड, निर्वाचन क्षेत्र कोष ५ करोड, अरू एक एक करोडका सबैले पायौं । हामी सन्तोष भयौं । अहिले एउटा माननीयले दुईटा योजना पाउनुभो, सामान्य एउटा पाउनुभयो कसरी सन्तोष हुन्छौं ?

मलाई पनि केही पार्टीका नेताहरूले पनि गालि गऱ्याका छन् । सचिवालयबाट गाली हिजो भन्ने कुरा आयो । सचिवालयले बाँडफाँड गऱ्यो योजना । कर्मचारीले बाँड्न पाएनन् । सिलिङ गर्न पाएनौं भनेर सचिवालयले एउटै योजना हाल्न पाएको छैन मेरो । एकजना सुर्खेतकै सचिवालय त म सँग रोयो । मेरो एउटै पनि योजना हाल्न दिएनौ भनेर । रोएको छ । भने सचिव मुख्यमन्त्री साम्ने हुनुहुन्छ बजेट सिलिङ गर्दाखेरिमा कोही सचिवालयको मान्छे उपस्थित छैन । म मात्रै छु त्यहाँ बजेट सिलिङ गर्दाखेरिमा । अनि सचिवालयको मान्छेले बजेट बाँड्यो त ? त्यसो भएको हुनाले अहिले यो भौतिक पूर्वाधार मन्त्रालयको बजेट पहिला त के भनिएको थियो नयाँ योजना एउटै नहाल्ने, पूराना योजना बहुवर्षीय क्रमागतमा मात्रै हाल्ने भनिएको थियो । स्वयं मुख्यमन्त्रीज्यूले आर्थिक मामिला मन्त्रीले भन्नुभएको थियो । मैले माननीयज्यूहरू सवै मन्त्रालय बोलाएँ । छलफल गऱ्यौं । जम्मा ८ अरब ८८ करोड बजेट बाँड्नु पर्ने सवैलाई जानकारी दिएँ मैले । ८ अरब ८८ करोड मध्ये पनि बहुवर्षीय र क्रमागतमा हो । बाँड्ने त जम्मै २० करोड राखिएको थियो । २० करोड । पछि हामीले तपाईंहरूले भन्नुभयो मन्त्री भएको के सार ? अहिले भन्नुहुन्छ हिजो भन्नुभयो तपाईंहरूले क्रमागतमा नयाँ योजना हाल्नु पर्थ्यो क्रमागत र बहुवर्षीयमा । नयाँ योजना किन नहाल्ने भन्नुभयो । अनि एउटा योजना हाल्दाखेरिमा दुईटा भन्ने, दुईटा हाल्दाखेरिमा तीनओटा भन्ने नयाँ हाल्नुपर्छ भन्ने । अब हिजो सवै बहुवर्षीय क्रमागत हाल्नु पर्थ्यो भन्नुहुन्छ । हामीले के गर्ने त ? त्यसो भएको हुनाले सन्तोषजनक माननीयज्यूहरू हुन सक्नुभएन । अनि तपाईंहरू माननीयज्यूहरू भन्नुहुन्छ हामीले अहिले यहाँ कुरो उठ्यो कमीशनको खेल ।

सभामुख महोदय, सभामुखको अनुमतिले भन्न चाहन्छु, मेरो मन्त्रालयमा कोही सचिवालयले कमीशन उठाएको छ, योजना हालिदिउला भनेर कोही मन्त्रालयको कर्मचारीले कमीशन खाएको छ कोही म आफैं मन्त्रीले कमीशन चलखेल भएको छ भन्नुहुन्छ भने म सचिवालयलाई कारवाही गर्छु, मन्त्रालयका कर्मचारीलाई कारवाही गर्छु, म आफैं मन्त्री मुख्यमन्त्रीको साम्नेमा मन्त्रीबाट राजीनामा दिन्छु । सभामुखको सामुन्नेमा माननीयबाट राजीनामा दिन्छु । यही ढोकाबाट जान्छु म अहिले । गर्न सक्नुहुन्छ माननीयज्यू ? प्रमाण छ तपाईंसँग ? विरोधका लागि विरोध भन्नु त स्वाभाविक नै हो भन्नुहोला । कसैले केही कुरो नपाएर के भन्छन् अरू कुरो बोल्न जान्दैनन् त्यहीं कुरो मात्रै भन्ने ? केही माननीयज्यूहरूले धन्यवाद दिनुभयो । केही दुई तीन जना माननीयले चलखेल भयो कमीशनको भन्ने कुरा आएको छ । तपाईं हामी पैसा कमाउनको लागि यहाँ कर्णाली प्रदेशको माननीय भएर आएका होईनौं । म पनि आएको होइन, यदि म पैसा कमाउन पर्थ्यो भने तपाईंहरूसँग थाहा छ मेरा पैसा कमाउने बाटाहरू धेरै देखेको थिएँ मैले । दश बीस किलो यार्सागुम्वा लिएर हङकङ गएको एक डेढ करोड फाइदा कमाउथें मैले । हेलिकोप्टर रिजर्भ गरेर चाईना जान्थें म दुई ढाई करोड फाइदा कमाउथें ।

अनि हामीले कति पैचालिस हजार रुपैंया माननीयको पाएका होईनौं हामीले ? अनि पैसा यहाँ माननीय भएर पैसा कमाउन सकिन्छ ? त्यसो भएको हुनाले तपाईंले पनि पैसा कमाउनलाई माननीय हो राजनीति दुई थरिको देखें मैले । कोही राजनीतिमा आएर पैसा कमाउने, कोही राजनीतिमा आएर आफ्नो प्रतिष्ठा/नाम/इज्जत कमाउने सामाजिक सेवा गर्ने देखें मैले । म पैसा कमाउन आएको होइन । म राजनीति जनताको सेवा अहिले मन्त्री हुँदा कर्णाली प्रदेशको सेवा र आफ्नो इज्जत कमाउन आएको मान्छे हुँ । यदि तपाईंले प्रमाणित गर्नुहुन्छ भने मैले भनिसकें अहिले राजीनामा अरेर जान्छु म । मेरो दुःख गरि कमाएको सम्पत्तीमा साउनको भेलमा बगाउन चाहन्नँ, आगोमा फाल्न-पोल्न चाहँदैन म । माननीयज्यूहरू यो बुझिदिनुस् । अनि माननीयज्यू भन्नुहुन्छ पहिले योजना छनोट गर्दा हामीले बीस लाख, पच्चिस लाख, तीस लाखका योजना छनोट गरेका थियौं हामी मन्त्रालयले त । मन्त्रालयका कर्मचारी हामी बसेर । अनि मुख्यमन्त्रीज्यूले मुख्यमन्त्री कार्यालय बोलाउनु भयो । हामीलाई गाली समेत गर्नुभयो । हुँदै हुँदैन बीस लाख, पच्चिस लाख, तीस लाख । तीस लाखका डोल्पा, मुगु र हुम्ला पच्चिस लाखका अरू जिल्लामा बीस लाखका सुर्खेतमा छनोट गरेर पठाएका थियौं मन्त्रालयबाट । त्यो मान्य भएन । गाली खायौं हामीले ।

अनि चालिस लाखभन्दा तलको योजना छैन । चालिस लाखभन्दा तलको योजना छैन । चालिसभन्दा उनान्चालिस देखाउनुस् त्यो कसरी आएको छ भन्नुहुन्छ भने स्रोत फरक भएर संघ र प्रदेशको फरक भएर पन्ध्र लाखको पच्चिस एउटै योजना पन्ध्र लाख छ पच्चिस लाख छ । पच्चिस र पन्ध्र चालिस छ । एउटै योजना दोहोरो पऱ्याछ । अरू बीस र बीस चालिस छ । एउटै योजना स्रोत फरक भएर भएको छ । अनि माननीयज्यूहरूले भन्नुभयो दोहोरो पऱ्यो, तेहेरो पऱ्यो भन्नुभयो । भयाछैन योजना हेर्नुस् तपाईंहरू सामुन्ने हेर्नुस् । अनि जाजरकोटमा अठारओटा योजना छन् भन्नुभयो । छैन अठारओटा हेर्नुस् तेह्रओटा योजना छन् । डवल डवल परेको १८ पुऱ्याउनु भयो । जुम्लामा बत्तिस भन्नुभयो माननीय करबीर शाहीले ३२ ओटा देखाउनुस् त मेरा साम्नेमा कहाँ छन् ? २५ छन् । कसरी ३२ देख्नुभो आँखाले ? कहाँ चस्मा लाएर हेर्नुभयो ? २५ ओटा अहिले पनि हेर्नुस् २५ ओटा छन् । अनि जुम्लामा २५ मात्रै हो बढी छैन । दैलेखमा कति छन् ? २९ छन् । सुर्खेतमा कति छन् ? ३३ छन् । जुम्ला मात्रै बढी होइन । त्यसो भएको हुनाले सभामुखज्यू अनावश्यक कुरा उठाउनु भएन ।

त्यसो भएको हुनाले अब एकजना माननीयबाट यातायातको विषयमा छलफल उठेको थियो । यातायातमा म भर्खरै अस्ती छड्के यातायात कार्यालय पनि हाम्रै मन्त्रालयमार्फत भएको हुनाले म छड्के अनुगमन गएको थिएँ त्यहाँ । त्यहाँ सेवाग्राही लाईन लागेका थिए । मैले भनें तपाईंले सेवा पाउनु भयो कि पाउनु भएन ? कार्यालयबाट ढिलासुस्ती भयो कि भयाछैन भन्दाखेरिमा ठिक छ भएको छ भने सवै अफिसमा जाँदाखेरिमा कर्मचारी छन् काम गरिराछन् दुईटा अफिस बन्द छन् त्यहाँ दुईटा

कोठामा । हामी हाकिमसँग गयौं के भयो किन कहाँ गए भन्दाखेरिमा उनिहरू काजमा गएका छन् । अनि सेवा किन बन्द गर्नुभो भन्यौं हामीले । अनि त्यहाँको हाकिम साव भवनको लागि पनि आउनुभयो । अनि मान्छेहरू धेरै आउँछन् लाईसेन्स दिने मान्छेहरू त्यहाँ भिजिरहेका छन् बर्खामास हामीलाई भवन चाहियो भन्नुभयो । हामीले भन्यौं मन्त्रालयमा आउनुपर्थ्यो तपाईंले भवन योजनामा पार्नुपर्थ्यो । योजनामा पारिएन । अहिले कसरी गरौं भोलि हुन्छ भने हामी सहयोग गरौंला भन्यौं । अब लाईसेन्सको नाममा पुईसा दिने कुरा आयो । माननीयज्यूले उठाउनुभयो । त्यो कुरो पनि हामीले उठायौं त्यहाँ । हाकिम सावले भन्नुभो कर्मचारी सबै बोलाएर मैले कसैले एक रुपैंया मागेको छ भने म कारवाही गर्छु म हाकिमले पैसा खायाको छु भने म पनि कारवाही भोग्न तयार छु भन्नुभो उहाँले । त्यो पनिदेखिएन माननीय सदस्यज्यूहरू ।

अनि मैले माननीयज्यूहरूलाई पटक-पटक फोन गरेर माननीयज्यू सिफारिस ल्याउनुस् दुईटा एउटा योजना पर्नसक्छ भनेर मैले सबै माननीयज्यूहरूलाई दुई तीन पटक फोन गरेको थिएँ । सबैले दिनुभयो पड्याका छन् । एउटा माननीय कृष्णा शाहको यहाँ छ । कृष्णा शाहको मन्त्रालयको हाम्रो रमेश सुवेदीले समेतले दुईटासम्म हालिदिनु पर्‍यो दाई भन्नुभएको छ । हेर्नुस् दुईटा जगतिपुर मध्यपहाडीदेखि जमरखोलासम्म सडक एउटा तल्लो लाँतादेखि माथिल्लो लाँता हुँदै डल्ले सडक एउटा बीस बीस लाख हालिएको छ यहाँ । चिनो लगाएको छु सबै माथि उ गर्‍याछन् । तर पछी बीस बीस लाखको दुईटा नभएर पछी एउटा हुँदाखेरीमा चालिसको त्यो एउटा योजना जगतिपुरको माथि परेको छ । अब कहाँ कसरी भयो । रेडबुक हामीले छाप्याको होईनौं माननीयज्यूहरू जानकार हुनुहुन्छ । हामीले सिलिङ गरेर पठायौं अर्थमा त्यो मोटो ठूलो रेडबुक अर्थले छापे । अब कसरी कहाँ भयो त्यो ? म भन्न सक्दैन । अब नियतवस नहुनसक्छ भुलवस हुन पनि सक्छ । पैसा गन्दा गन्दा भुल्नुहुन्छ हिसाव गर्दा गर्दा तलमाथि पर्नसक्छ माननीयज्यू । एक दईओटा अरूपनि छन् त्यहीं मात्र होइन । दुई करोड हालेको चार करोड आएको छ यही सुर्खेतको एक ठाउँमा । मूलपानिदेखि रानिघाटसम्म २ करोड थियो ४ करोड आएको छ । सल्यानको एक ठाउँमा ८५ लाख आएको छ । त्यो हामीसँग थाहा थिएन । कसरी आयो ? तपाईं आफैं बुझ्नुहोला । रेडबुक हामीले छाप्याको होइन । त्यसरी कटिएका छन् योजनाहरू । हामीले नियतवस कृष्णा शाह माननीयज्यूको हामीले नहालेको होइन । अरू सबै माननीयज्यूले हाल्ने अनि कृष्णा शाह माननीयज्यूले नहाल्ने हाम्रो छुट्टै के दुष्मनी भन्ने हुन्छ र ? दुष्मनी भएर पनि छुटाउन मिल्छ काहीं ? दुष्मनी होला कसैको । त्यसो भएको हुनाले यसरी कमी कमजोरी भएको हो ।

अब म माननीयज्यू प्रति हाम्रो मन्त्रालयको अहिलेको बजेटको बारेमा सिलिङ छ यहाँ । रुकुममा बहुवर्षीय सडक ३ सोह्र करोड, क्रमागत योजना ३ एघार करोड सत्तरी लाख, नयाँ योजना १४ पाँच करोड तीस लाख । जम्मा चालिस करोड ७९ लाख ।

समपुरक १८ करोड ५९ करोड ७९ लाख रुकुममा छ । ५९ करोड माननीयज्यू हेर्नुहोला कहाँ कति छ ? जुम्ला बढी छैन बुझ्नुहोला । अनि सल्यानमा बहुवर्षीय ३ उन्नाईस करोड, क्रमागत १४ तीन करोड साठी लाख, नयाँ योजना ९ दुई करोड असी लाख । जम्मा रुकुममा सल्यानमा अनि समपुरक ६२ करोड जम्मा १ अरब २ करोड पच्चिस लाख सल्यानमा । अनि डोल्पा क्रमागत ५ चौध करोड, बहुवर्षीय ५ चौध करोड, क्रमागत १४ पाँच करोड असी लाख, नयाँ योजना १० अठार भन्नुभाथ्यो अघि अठार छैन माननीयज्यू त्यहीँ डबल पऱ्याहुँदा १८ हुनसक्छ दश नै छ ४ करोड । जम्मा डोल्पामा ३१ करोड ६५ लाख । डोल्पाकोमा जम्मा । बहुवर्षीय, क्रमागत र नयाँ योजना गरी ।

अब जुम्ला हेर्नुस् सवैले जुम्लामा टार्गेट गरेको म मन्त्री भएको हुनाले । जुम्ला बहुवर्षीय ३ त्यहिँ पनि अहिले यो सरकारले गरेको तपाईंहरूलाई थाहा छ । हिजो मन्त्रीज्यूले भन्नुभयो झण्डावाल गाडी हल्लाउने, सानातिना योजना गर्ने, उपभोक्ता समिति गर्ने, कमीशन खाने भो मन्त्रीज्यूले भन्नुभयो । मन्त्रीजी हिजो हजुर पनि त्यहीँ मन्त्रालयमा मन्त्रीजी हुनुहुन्थ्यो झण्डा हल्लाउँदै हुनुहुन्थ्यो । हामीले डाहा मानेनौं । तपाईं मन्त्री हुँदाखेरिमा सातओटा बहुवर्षीय हाल्नुभयो त्यहाँ । सातओटा बहुवर्षीय । जुम्लामा एउटै परेन । १ अरब ३८ करोड हाल्नुभो आफ्नो जिल्लामा । जुम्लामा १० करोड थिएन मन्त्रीज्यू ? तर त्यो मैले बदला लिएको छैन । बराबर गरेको छु सवै ठाउँमा सवै जनालाई । जुम्लामा बहुवर्षीय ३ पन्ध्र करोड पचास लाख, क्रमागत १२ बाह्र करोड पन्ध्र लाख, नयाँ योजना २५ हिजो ३२ होइनन् माननीयज्यू नयाँ २५ दश करोड सत्तरी लाख । जम्मा ५० करोड २७ लाख जुम्लामा ।

अब मुगुमा बहुवर्षीय २ तेह्र करोड, क्रमागत ५ चार करोड पच्चिस लाख, नयाँ योजना ११ चार करोड पचास लाख । जम्मा जम्मा मुगुको ५४ करोड ६६ लाख मुगुमा । अनि मुगुमा हाम्रो दानसिंह माननीयज्यूले बारम्बार भन्नुहुन्थ्यो बहुवर्षीय परेन । दुईटा छ उहाँको क्षेत्रमा छैन । बहुवर्षीय नपरेपनि माननीयज्यू ७ करोडको त्यो पारी रुगा भन्ने ठाउँमा बाटो परेको छ । त्यो अरूको वस्तीमा ४ करोड ३ करोड छन् त्यहाँ ७ करोडको बाटो छ । त्यहीँ बहुवर्षीय पार्नलाई पनि म मन्त्री आइसकेपछि ५ ओटा क्षेत्र बहुवर्षीय थिएन । मैले दानसिंहको पहिला फाईल खोजेँ फाईल थिएन त्यहाँ माननीयज्यू । फाईल त ल्याउनु पऱ्यो नि । फाईल भएको भए हामी बहुवर्षीय पाथ्र्यौं अरू ठाउँमा पारिहाल्न्या त्यहाँ किन नपार्ने ? सल्यान पाऱ्यौं, दैलेख पाऱ्यौं जुम्ला पाऱ्यौं त्यसो भएको हुनाले अब हुम्ला बहुवर्षीय एउटा मात्रै छ हुम्लामा । अनि क्रमागत ६ ओटा, बहुवर्षीय १, क्रमागत १७ ओटा १४ करोड ३० लाख, बहुवर्षीय एउटा ७ करोड सत्तरी लाख, नयाँ १३ ओटा ६ करोड सत्तरी लाख अनि समपुरक ३८ करोड । जम्मा ८१ करोड ६५ लाख हुम्लामा । अनि कालिकोटमा बहुवर्षीय ४ एघार करोड, क्रमागत १३ नौ करोड चालिक लाख, नयाँ योजना १२ पाँच करोड पाँच लाख । जम्मा ५४

करोड ९८ लाख कालिकोटमा । जाजरकोट बहुवर्षीय २ चार करोड, क्रमागत १६ आठ करोड पचास लाख, नयाँ १२ हिजो १८ थियो १८ होइन माननीयज्यू त्यो डबल परेर ६ ओटा थपिएको होला । ४ करोड ८० लाख । जम्मा जाजरकोटमा ३० करोड ३३ लाख । अरू ठाउँभन्दा जाजरकोटमा अलि कम छ । ३० करोड मात्रैदेखिएको छ । ३० करोड ३३ लाख मात्रैदेखियो ।

दैलेखमा बहुवर्षीय ९ एकतिस करोड पचास लाख, क्रमागत ७ चार करोड साठी लाख, नयाँ २५ नौ करोड तीस लाख । जम्मा दैलेखमा ५६ करोड ५९ लाख दैलेखमा । अब सुर्खेत बहुवर्षीय ७ अठि्तस करोड पचास लाख, क्रमागत १० छ करोड बीस लाख, नयाँ २९ पन्ध्र करोड बीस लाख । जम्मा १ अरब २९ करोड ९८ लाख सुर्खेतमा । राजधानी हो ४ ओटा निर्वाचन क्षेत्र भएको ठाउँ हो यो । हाम्रो पनि घर यहीँ भोलि हुनसक्छ । त्यसको लागि अन्यथा छैन । त्यो भएको हुनाले हाम्रो जम्मा हामीले बाँड्न पाएको ५ करोड ६३ लाख सवै बहुवर्षीयमा गयो । हामीले नयाँ योजनामा १ सय ६१ जम्मै । अरू मन्त्रालयमा कति छन् माननीयज्यू तपाईँहरू जानकार हुनुहुन्छ । जम्मै १ सय ६१ नयाँ योजना । कर्णाली प्रदेश भरि । क्रमागतमा १ सय २१ ओटा मात्रै हो । बहुवर्षीयमा ४१ छन् । जम्मा हामीले पाएको नयाँमा हाल्न पाएको ६८ करोड पच्चिस लाख मात्रै नयाँ हाल्न पायौँ । अनि हेर्दाखेरि भन्दाखेरिमा सवभन्दा कर्णाली प्रदेशकै अथवा हाम्रो देशकै भौतिक पूर्वाधार मन्त्रालय सवैको आँखो बन्ने । बाँड्न पायौँ ६८ करोड मात्रै ।

त्यसो भएको हुनाले माननीयज्यू तपाईँ जानकार हुनुहुन्छ । कति हामीले पायाका छौँ कति योजना छन् जम्मै योजना भनेको हाम्रो १ सय ६१ नयाँ, १ सय २१ त्तमागत, ४१ बहुवर्षीय । करिब दुई सय तीन सय दश बाह्र योजना मात्र छन् । अरू मन्त्रालय हेर्नुहोला ८ सय ९ सय योजना छन् । त हामीले गाली त पाउने भयौँ माननीयज्यूबाट गाली पाउनै, पार्टीका नेताबाट गाली पाउनै, सचिवालयबाट गाली पाउनै के गर्ने यही भयो । मैले सोचेँ पहिला मन्त्रीहरू बजेट बाँड्ने बेला मन्त्री हुन पाईएन भन्थे म त के सोचेँ भने माननीय साँचो सत्य बोलेको यो बजेट हुनेबेला किन मन्त्री हुन परेछ भन्ने सोचेँ । अघिपछि बरु मन्त्री भैदिएको भए भन्ने थियो । बजेट बाँड्ने बेला किन मन्त्री भएँ सोचेँ मैले । यति टेन्सनमा भएँ म । मुख्यमन्त्री गाली गर्ने, आर्थिक मामिला मन्त्री गाली गर्ने, पार्टीका नेता गाली गर्ने, सचिवालयका रोएँ भने मैले अनि कहाँबाट यो चलखेल भयो कहाँबाट कमीशन आयो होला ? अर्को कुरा के बुझिदिनु पर्‍यो माननीयज्यूले कमीशन खाने भौतिक पूर्वाधार मन्त्री कसरी होला । भौतिक पूर्वाधार मन्त्रालयका योजना त टेण्डर हुन्छन् ठेक्कामा जान्छन् । अनि मैले योजनाबाट कमीशन खाने ? योजना हाल्दिने ? त्यो टेण्डर ठेक्का हुने । अनि त्यसले कमीशन दिने मान्छेले पाउँछ त्यो ।

जो ले घट्यो उसले पाउँछ । कसरी कमीशन दिने मैले ? कसरी कमीशन खाने हामीले ? त्यो पनि माननीयज्यूहरू जानकार हुनुहुन्छ । २० लाखका योजनाहरू टेण्डर

भएका छन् भौतिक पूर्वाधार विकास मन्त्रालयका । हामीले बारम्वार भनेका हौं तपाईं १०/२० लाखका उपभोक्तालाई दिनु नि । उपभोक्ता पनि हिजो पार्टीमा लागे गरि खान भनेका हौं । तर दिईएन । ४० लाखका योजना छन् अहिले । अनि उपभोक्ता समितिले दिएर टेण्डर हुन्छन् त अहिले ? हुँदैनन् माननीयज्यू । कसरी कमीशन आयो र कसरी कमीशन खाए होलान् ? त्यो राम्रो गरी बुझिदिनु पऱ्यो माननीयज्यू । माननीय हुनुहुन्छ तपाईंहरू । त्यो भन्ने त कस्तो हुन्छ भने या आफ्नो बानी हुनसक्छ । कमीशन खायाको मान्छेले कमीशन नै खनन्छन् सोच्छन् । दलाली गर्ने मान्छेले दलाली गऱ्यो सोच्छन् । मैले दलाली गर्न पनि जान्याछैन कमीशन खान जान्याछैन । तर, ब्यापार, विजनेश, ब्यवसाय गर्न जान्याछु माननीयज्यूहरू । त्यो त जान्याछु मैले अघि भनिसकें । अब त्यसो भएको हुनाले अब एकजना हिजो हाम्रो माननीयज्यूहरूले यसमा टुक्काबाट भन्नुभयो । हिजो मन्त्रीज्यू हुनुहुन्थ्यो । अब टुक्काबाट भन्ने मान्छेलाई टुक्कैबाट भन्नु पऱ्यो मैले पनि ।

अरूलाई भन्नुभन्दा हिजोका दिन हेर
अरूलाई भन्नुभन्दा हिजोका दिन हेर ।
आफैं मन्त्री भयाका मान्छे ।
७९/८० को बजेट कोही नफाल खेर ।

यो बजेट सवै मिलेर सदुपयोग गरौं । हामी फ्रिज जान नदिऊँ । हामी अहिले २५ गते १२ बजे खाता बन्द भयो । ठाउँ-ठाउँबाट फोन तपाईंहरूले पनि फोन आएका होलान् । खाता भन्नुभयो हामीले काम गरेको पैसा पायाका छैनौं । जुम्लाको हाकिमले हामीले विभेद गऱ्यो भन्ने कुरा भयो । त्यस्तो अरू जिल्लाबाट भन्याका होलान् । अब मैले भने जति काम गऱ्यो उति पैसा पाउने त हो । काम नगर्ने पैसा बढी पाइन्छ ? त्यतिसम्म भनेर मैले जवाफ दिएँ । त्यसो भएको हुनाले माननीयज्यू मैले भने त म पनि असन्तुष्टी भएँ भनेर यो बजेट बाँडफाँड गर्दाखेरिमा । गर्ने के ? योजनाको भोल्युम ठूलो छ । बाँडफाँड गर्दा कम भयो । त्यसो भएको हुनाले अब एउटै योजनालाई २/४ सयसम्म त्यहीँ भयो । लाभ लिने समुहबाट योजना प्रभावित भयाका छन् । अब त्यो कुरा पनि आइसक्यो । कर्मचारीले त छनोट गर्न पाएनन् भन्ने कुरा भयो । कर्मचारीले छनोट गरेका होईनन् । सचिवालयको मान्छे एक जना छैनन् म मात्रै छु । मुख्यमन्त्री सामु हुनुहुन्छ त्यहाँ । मुख्यमन्त्री हुनुहुन्छ । उहाँले त ठुला योजना भन्नुभयो । आर्थिक मामिला मन्त्रीले ठुला योजना भन्नुभयो । मैले ठुलै योजना गराउँ मन्त्रीज्यू मुख्यमन्त्रीज्यू एक अरब रुपैंया हाल्नुस् एक-एक करोडका सयओटा बाटा हालौं । अनि पुईसा दिनेवेला कम दिने ? पूराना योजनालाई हालौं भन्ने । अनि ठुला योजना गराउँ भनेर के गर्ने त ? त्यहाँ त्यो ६८ करोड एउटै ठाउँ हाल्या हुन्थ्यो त ? हुँदैनथ्यो । एउटै योजना पाएका त चित्त बुझेका छैनन् हाम्रा ।

गत सालतिर माननीयज्यूहरू यसरी फोन गरेर आउनुस् तपाईंका योजना लिएर भन्ने मन्त्री कमै पाउनुभयो होला जस्तो लाग्छ । अनि निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम ४ वर्ष अगाडि पनि आएको त हुँदो हो त माननीयज्यू ? विशेषगरी समानुपातिक माननीयज्यूहरू हुनुहुन्छ । दिएको थिए तपाईंहरूले ? मैले दिएको भन्ने होइन । मेरो घरबाट दिने होइन । मुख्यमन्त्रीज्यू हामी अहिलेको सरकारले सल्लाह गरेर एउटा अहिले जानेबेला कर्मचारी विदाई हुनेबेला फेरि माला अविर लगाएर विदाई गर्छन् । अब करिब करिब जानेबेला भयो हामी । समानुपातिक माननीयज्यूलाई पनि चित्त बुझाउँ एक-एक करोड हालौं भन्ने सल्लाह भयो मुख्यमन्त्रीसहित कर्णाली प्रदेश सरकार ५ करोडमा १/१ करोड घटाएर १/१ करोड समानुपातिक माननीय ४/४ करोड प्रत्यक्ष माननीय । अनि गत साल त योभन्दा अगाडि ४ वर्ष त समानुपातिकलाई सम्झे कि सम्झेनन् कसैले ? अहिलेको सरकारले सम्झियो त । अब धन्यवाद दिनु परेन तपाईंहरूले ? हामीलाई । हुनतः अझ चित्त बुझ्दैन अँझ । अझै पनि चित्त बुझ्याछैन । यिनले ४ करोड पाउने हामीले १ करोड पाउने ? भन्ने लाग्यो होला । चित्त त जसरी पनि बुझ्दैन । एउटा योजना दिएपनि चित्त बुझ्दैन १० ओटा योजना दिएपनि चित्त बुझ्दैन । त्यसो भएको हुनाले अब मेरै कुरामा बजेटको कुरा गरौं ।

मैले सवै समानुपातिक माननीयले एउटा, प्रत्यक्षलाई दुईटा, मन्त्रीलाई दुईटा दियाछु । हाम्रो पर्यटन मन्त्रालयको कुरा अब सानो कुरा भन्नै पर्ने हुन्छ । मैले पर्यटन मन्त्रालयमा मन्त्रीज्यूको दुईटा, तीनटा भन्नु भो दुईटा ८० लाख हालेको छु । तर, पर्यटन मन्त्रालयमा मेरै एउटा १५ लाखको योजना छैन हेर्नुस् । अब विभेद को ले गऱ्यो त ? को ले विभेद गर्दो रहेछ त ? एउटै छैन योजना । भनेपछि हामीले दिने ठाउँमा दियाछौं हामीले । कुनै विभेद छैन म त्यस्तो विभेदकारी मान्छे पनि होइन । माननीयज्यूहरू । म त्यस्तो पूर्वाग्रह राख्ने मान्छे पनि होइन । म कुनै व्यक्तिगत पूर्वाग्रह राख्ने, राजनीतिक पूर्वाग्रह राख्ने, त्यस्तो मान्छे होइन माननीयज्यूहरू । सोच्नेले सोच्लान् कोही, भन्नेले भन्लान् कोही । म सवैलाई सम्मान गर्ने मान्छे हुँ ।

भनेपछि त्यहाँ अब मन्त्रीज्यूका आफन्त पार्टीका मान्छेहरूलाई, विचौलियाहरूलाई भन्ने कुरो पनि आयो । हाम्रो डोल्पाकी माननीय मेरी सम्धिनी पर्ने बझी क्वारी बोहोराबाट । सम्धिनिज्यू कुरा सुन्नुहोस् को आफन्तले गरेका छन् ? को विचौलियाले गरेका छन् ? कहाँबाट कमीशन लिएको छ ? प्रमाणित गरिदिनुस् माननीयज्यू । डोल्पाको योजना भन्छु म अरू त भन्दैन । दुईटा तपाईंले दिएको हो, दुईटा वीरबहादुर शाही माननीयज्यूले दिनुभएको हो, दुईटा नन्दसिंह उनको पनि पड्याको छ किनभने उनको पनि हाल्दिउँ भन्ने कुरा भयो सल्लाह भयो मुख्यमन्त्रीसहितका सल्लाह । ६ ओटा एउटा परेको छ धनु बुढाको । विचौलिया भनेपनि त्यहीं हो कमीशन खाएपनि धनु बुढाबाट हो । म त्यसको लागि आफू स्वीकार्न तयार छु । धनु बुढाले फोन गरेर प्याडमा लेखेर मुड्केचुला भनेर धनु बुढाले दिनुभएको छ । लौ, एउटा अर्कोपनि भन्नाछौं

। खुल्ला मान्छे हुँ । एउटा मेरो कान्छो छोराको सम्धेलो छ डोल्पा त्यो भएर हालेको छ लौ । त्योभन्दा अरू छ ? अनि डोल्पाको बारेमा कुरा गर्नुभयो ?

भनेपछि अनि नेताहरूले जुम्लाको बारेमा एउटा मुख्यमन्त्रीको ललितजंग शाहीले दिनुभएको छ मलाई । दाई हाल्ने कि नहाल्ने भनेर । ओहो किन नहाल्नु भनेको छ ? अनि कहाँ विचौलिया ललित शाही आया कि विचौलिया कमीशन खायाँ होला ? अनि सुर्खेतमा धेरै नेता छन् यहाँ । धेरै २ करोडको ४ करोडको गयाको छ नयाँ योजना । यो स्वाभाविक रूपमा हो अन्यथा लिर्दैन । मूलपानी, रानिघाट २ करोड रुपैयाँ छुट्ट्याएको ४ करोड छ अहिले हेर्न सक्नुहुन्छ । त्यहाँ कमीशन त दिएन होला कोहिले ? म कमीशन खानेमा छैन माननीयज्यूहरू । म त्यसमा लाग्दैन । त्यो लाग्ने भया भए म यो ठाउँ आउँदैनथें । भोलिका आज मात्रै मन्त्री भएर होइन माननीय हुँदा ४ वर्षसम्ममा पनि पाँच चौको २० । १९ करोड हामीले निर्वाचन क्षेत्र कोषको पूर्वाधार विकासको बाँड्याछौं । अनि मन्त्रालयका योजना बाँड्याका छौं । कम्तीमा मेरो क्षेत्रमा डेढ अरब गए होला । कम भनेको डेढ अरब गए होला । तपाईंहरूको ठाउँमा त अझै बढी गएजस्तो लाग्छ । त्यहीं डेढ अरबमा मैले लिएको छु काहीं ? धेरै कार्यक्रमहरूमा भन्याछु जुम्लाका कार्यक्रममा । कुडो त चलिहाल्छ । कुडो चुहिएर पानि चुहिएर तल कुडो चुहिएर माथि । कुडो चलिहाल्छ । पदम रोकायले १ रुपैयाँ काहीं कमीशन खाएको भेट्टाउनुहुन्छ भने भन्नुहोस् म यो पद छोड्न तयार छु भनेर धेरै कार्यक्रममा भनेको छु मैले । अब तपाईंले कमीशनको खेल, आफन्तको खेल भन्नुभयो । भन्नुभयो तपाईंले प्रमाणित गरिदिनुस् माननीयज्यू मैले भनिसकें त्यसको लागि केही दुःख छैन । र हामी त्यस्तो पनि छैन ।

अब मेरो मन्त्रालयको माननीयज्यूहरूले उठाएको प्रश्नको लागि, जिज्ञासाको लागि धेरै-धेरै आभार ब्यक्त गर्दछु, धेरै-धेरै धन्यवाद दिन चाहन्छु । अब करिब करिब तपाईं हाम्रा ३/४ महिना छन् । हिजो मुख्यमन्त्री र अरू माननीयज्यूहरूले भन्नुभयो भलाकुसाली उहीं जानेबेला हामी राम्रै मुखले जाउँ । यताउता हेरेर नजाउँ । भोलि कोही आउलान् कोही न आउलान् । सवै आउनेवाला त छैनन् जस्तो लाग्छ । एकदिन दुईदिन साथ गरेको मान्छेले पनि लौ हजुर भलो भन्या सम्झ्या, फुर्सो भन्या विस्र्या भनेर हात मिलाएर जान्छन् । साढे ४ वर्षसम्म हामी एउटै घरमा यो भवनमा वस्यौं सभामुखलगायतका सवै माननीय हरू, कर्मचारीहरू । त्यसो भएको हुनाले सभामुखज्यू हामी कुनै कमी कमजोरी जसका भए पनि मेरै कमी कमजोरी हुनसक्छ अथवा मान्छे हुँ हामी कहींलेकाहीं कमी कमजोरी होला । त्यसको लागि सवैले नराम्रो न मान्नुहोला । कोही माननीयका पनी कमी कमजोरी हुन सक्छन् । कोही माननीयले त्यसको नेगेटिभ न लिएर पोजेटिभ लिईदिनुहोला । म पनि लिनेवाला छैन । भोलिका दिनमा हामी जहाँ गएपनि माननीयज्यू के छ ? कस्तो छ ? भनेर हामीले भलाकुसाली गर्न पाउँ । र मेरो भनाइलाई यहीं अन्त्य गर्दै विदा हुने अनुमति चाहन्छु । धन्यवाद ! नमस्कार ।

**माननीय सभामुख** : माननीय सदस्यहरू, अब जलस्रोत तथा उर्जा विकास मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासामा जवाफ दिनका लागि कर्णाली प्रदेश सरकारका जलस्रोत तथा उर्जा विकास मन्त्री माननीय श्री गणेशप्रसाद सिंहलाई समय दिन्छु ।

**जलस्रोत तथा उर्जा विकास मन्त्री माननीय श्री गणेशप्रसाद सिंह** : माननीय सभामुखज्यू, सभामुखको आज्ञाले हाम्रो उर्जा जलस्रोत मन्त्रालयका मन्त्रालयगत छलफलमा माननीयज्यूहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासा, रचनात्मक सुझावको जवाफ दिन म यहाँ उपस्थित भएको छु । र माननीय सांसदज्यूहरूले उठाउनु भएका विषयहरूको रचनात्मक सुझाव, आलोचना र त्यसका लागि यहाँहरूले उठाएका कुराहरूलाई मैले हाम्रो मन्त्रालयकोतर्फबाट आत्मैदेखि मन्त्रालयकोतर्फबाट तपाईंहरूको सुझावलाई अपवादमा र नगन्य रूपमा भएका मन्त्रालयकातर्फबाट केही कमी कमजोरीहरूलाई सच्याउने मैले प्रतिबद्धतासहित यहाँहरूलाई सभामुखज्यूमार्फत आभारहित धन्यवाद दिन चाहन्छु । रचनात्मक सुझाव आएका छन् । र यी सुझावलाई पुँजीको रूपमा मन्त्रालयले ग्रहण गरेको छ । र मैले आफ्नो केही भनाइहरू मैले लेखेर ल्याएको छु राख्न चाहन्छु ।

माननीय सभामुखज्यू, प्रदेशसभाको पहिलो कार्यकालको अन्तिम वर्षको बजेटको रूपमा आर्थिक वर्ष २०७९/०८० को बजेट आएको छ । हालसम्म पनि बजेट हालसम्म पनि बजेट तर्जुमाको स्पष्ट मापदण्ड न बन्दा तीनै तहका सरकारको अधिकार क्षेत्र निश्चित नहुँदा योजना तर्जुमामा द्विविधा उत्पन्न भएको विद्यमान अबस्था छ । कर्णाली प्रदेश भौगोलिक हिसावले ठूलो र विकट हुनु, हालसम्म पनि ६० प्रतिशत प्राविधिक जनशक्तिको पद रिक्त अबस्थामा हुनु, भूगोल सुहाउँदो कार्यालयको सांगठनिक संरचना बन्न नसक्नु तथा खानेपानी सरसफाइ, सिंचाई, नदी नियन्त्रण तथा उर्जा जस्ता जनताको मौलिक हक तथा गरिबी निवारणसं प्रत्यक्ष जोडिएका क्षेत्रको विकास गर्नुपर्ने दायित्व भएको यस मन्त्रालयमा बजेट सिलिङ अत्यन्तै न्यून हुनु, संघीय सरकारबाट समेत स-शर्त अनुदानको रूपमा न्यून बजेट विनियोजन हुनु, यस मन्त्रालयको पहिलो समस्याको रूपमा रहेका छन् ।

साथै बजेटको सिलिङ करिब ४० प्रतिशत कम यस मन्त्रालयलाई प्राप्त भएको, यो आ.व. को आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट निर्माण मार्ग निर्देशनमा बहुवर्षीय छनोट सुनिश्चितता भएका र क्रमागत योजनाहरूलाई प्राथमिकता दिने भनी आएको र प्रदेश सरकारको नीति तथा कार्यक्रम पनि गत विगतबाट सञ्चालित योजनाहरूलाई सम्पन्न गर्ने वर्षको रूपमा रहेको सन्दर्भमा सो योजनाहरू करिब ४० प्रतिशत सम्पन्न हुनेगरी बजेट प्रस्ताव गरिएको छ । कर्णाली उज्यालो कार्यक्रम र उर्जासम्बन्धी कार्यक्रमहरू समेत कार्यान्वयन गर्ने गरी कार्यक्षेत्र विस्तार भएकोले केही नगण्य मात्रामा अपवादको रूपमा सन्तुलित तरिकाले नयाँ योजना प्रस्ताव गरिएको छ । माथि उल्लिखित समस्या तथा सिमितताकाबीच यस मन्त्रालयबाट यस आ.व. आर्थिक वर्ष

२०७९/०८० को बजेट देहाय बमोजिमका नयाँ तथा सुधारात्मक कार्यक्रमहरूको लागि बजेट विनियोजन गरिएको अबस्था छ ।

योजना छनोट प्रक्रियामा सुधार ल्याइ जनताको प्रत्यक्ष जीवनस्तर सुधार गर्ने योजनाको लागत अनुपात विश्लेषण गरी योजना तर्जुमा गर्न तथा योजना तर्जुमामा स्वयं कार्यालय प्रमुखलाई जिम्मेवार बनाउन आयोजना पहिचानसम्बन्धी जिल्ला स्तरीय अभिमुखिकरण गोष्ठी सञ्चालन गर्न बजेटको प्रस्ताव गरिएको छ । आयोजनालाई दिगो रूपमा सञ्चालन गर्न तथा उपभोक्ताहरूको योजना प्रति अपनत्व भाव वृद्धि गर्न उपभोक्ता समितिका आयोजना मर्मत सम्भार गर्ने संरक्षकलाई तालिम तथा सिंचाई संस्थागत विकास कार्यक्रमको लागि आवश्यक बजेट छुट्ट्याईएको छ । स्वच्छ तथा गुणस्तरीय खानेपानी उपभोक गर्न पाउने जनताको मौलिक हक कार्यान्वयन गर्न खानेपानी संरचना निर्माणमा आवश्यक बजेट विनियोजन गर्नुका साथै प्रदेशस्तर सुर्खेतमा पानी संरक्षण प्रयोगशाला स्थापना गरिएको र जिल्लास्थित कार्यालयहरूमा पानी परिक्षण किड वितरण समेत भएको सन्दर्भमा उक्त कार्यको कार्यान्वयनसम्बन्धीको पुनर्ताजगी तालिम गर्न बजेट छुट्टयाईएको छ ।

कर्णाली प्रदेशमा रहेका सम्पूर्ण सिंचाईयोग्य जमिनको संरक्षण गर्न तथा संरक्षित सम्पूर्ण कृषियोग्य जमिनमा बाह्रै मास सिंचाई सुविधा पुऱ्याउन सिंचाई तथा नदी नियन्त्रणसम्बन्धी संरचना निर्माण तथा तर सिंचाई कार्यक्रमलाई प्रतिफल देखिने गरी प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम समावेश गरिएको छ । कर्णाली प्रदेशमा विद्युत् पहुँचबाटा टाढा रहेका जनतालाई विद्युतको सहज पहुँच स्थापित गर्न कर्णाली उज्यालो कार्यक्रम विद्युत् प्रसारण लाईन पुगेका जिल्लामा ग्रामीण विद्युतिकरण कार्यक्रम तथा विद्युत् प्रसारण लाईन नपुगेका स्थानहरूमा नविकरणीय उर्जा विकास तथा सौर्य मिनी गृहसम्बन्धी कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था भएको छ ।

विकास निर्माणमा सरकारी क्षेत्रको साथसाथै निजी क्षेत्रको पनि अहम् भूमिका हुने हुँदा उर्जा उत्पादन प्रसारण तथा वितरणको क्षेत्रमा निजी क्षेत्रलाई समेत संलग्न गराउने उद्देश्यले सार्वजनिक-निजी-साझेदारीको अबधारणालाई अगाडि बढाउने गरी पिपिपि मोडेल सौर्य उर्जा प्रविधि जडानको कार्यक्रम प्रस्ताव गरिएको छ । विद्युतिकरणसम्बन्धी ठूला आयोजनाहरूमा शेयर लगानी सुरू भैसकेको र २० मेगावाटसम्मका आयोजनाहरू सञ्चालन, विद्युत् विकास स्थापना तथा लघु जलविद्युत, नविकरणीय उर्जा लगायत नयाँ आयोजनाहरूको विस्तृत अध्ययन तथा सर्वेक्षण गर्नेगरी बजेट प्रस्ताव गरिएको छ ।

खानेपानी तथा सरसफाइ, सिंचाई तथा उर्जा विकाससम्बन्धी जलस्रोत समुचित व्यवस्थापन गर्न जलस्रोत क्षेत्रको नीति, नियम, ऐन, कानून र कार्यविधि निर्माणको लागि आगामी आर्थिक वर्षमा विशेष पहल गरिनेछ । पेट्रोलियम पदार्थको बढ्दो आयातलाई निरुत्साहित गर्न विद्युत् खपत बढाउने उद्देश्यका साथ विद्युतीय चुलो तथा साधन प्रयोग प्रबर्द्धन कार्यक्रम, फोहोरलाई उर्जामा परिणत गर्ने प्रविधि प्रबर्द्धन कार्यक्रम तथा विद्युतीय

साधन चार्जिङ स्टेशन सम्भाव्यता अध्ययनजस्ता कार्यक्रम सञ्चालन हुनेछन् । स्थानीय तहहरूको समन्वय र साझेदारीमा वर्षातको पानी सङ्कलन तथा पुनःर्भरण, जलस्रोतहरूको उचित संरक्षण तथा सुरक्षित निकास, औद्योगिक, साँस्कृतिक साथै पर्यटकीय क्षेत्रको विकासका लागि आवश्यक खानेपानी, विद्युत् लगायत आधारभूत पूर्वाधार निर्माणका कार्यहरू सञ्चालन गरिने छ ।

र यसका साथै अलिकति मैले यहाँहरूको जानकारीको लागि यो हामीसँग बहुवर्षीय योजना, क्रमागत योजना, नयाँ योजना र विशेष समपुरक योजनाको एउटा चार्ट छ । मैले यो सुनाउँदा अब यहाँहरूलाई त्यो रातो किताबमा हेर्न सजिलो होला भन्ने उद्देश्यले । हामीसँग बहुवर्षीय आयोजना २२ ओटा छन् । २२ ओटामा तटवन्धनमा दुईटा एउटा सुर्खेत एउटा कालिकोट दुईटा छ । सिंचाईमा १२ ओटा छ, खानेपानीमा ८ ओटा छ । जम्मा गरी २२ ओटा छ । र अनि यता क्रमागतमा ५ सय ८४ ओटा आयोजना छ । नयाँ योजना १ सय ५५ ओटा छ । यो हामीले रातो किताबमै स्पष्ट बुझिने गरेर लेखिदिएका छौं । अझ सजिलो होस् भन्नाका निमित्त क्रमागत योजना यो वर्ष सम्पन्न हुने लेखिएको छ । सम्पन्न हुने लेखिएको त्यो वेवसाइडमा छ अर्थ मन्त्रालयको । यो रातो किताबमा अहिले पछिल्लो सानो अब किताबमा चाहिँ सम्पन्न हुने लेखिएको छ । सम्पन्न भनेपछि त्यहाँ रकमान्तर गर्नु परेन । सम्पन्न हुने भने हुन्छ । र गर्नुपर्छ । सम्पन्न हुने भयो भने अर्को साल त्यसलाई क्रमागत राख्न पनि परेन । यो अर्को सालको अब नयाँ सरकारले अथवा अर्को साल आउने नयाँ सेसन दोस्रो सेसनको जनप्रतिनिधिज्यूहरूले कसरी पछ्याउनुहुन्छ यसको सार र आशय । यो उहाँहरूको माथमा रहने कुरा हो । हैन ? अब सम्पन्न हुने भनेपछि त्यसलाई क्रमागत गर्नु परेन । यो यसको यो नजिरको आशय यहाँभित्र यसरी लुक्याछ ।

त्यसकारणले अहिले अब हामीले यसको पैसा पनि किटान गरिदियाछौं । अब सजिलो होस् भन्नाका निमित्त । यो मन्त्रालयले माननीयज्यूहरूलाई हेर्न सजिलो हुन्छ भनेर उपलब्ध गराउन सकिन्छ । हैन ? बहुवर्षीयमा ९३ करोड ४ लाख छ । २२ ओटामा । क्रमागतमा १ अरब ९ लाख ९ करोड १ लाख छ । र नयाँ योजनामा ३ करोड ४० लाख छ । त्यसो भयो भनेपछि अब हामीसँग कुल प्राप्त भएको सिलिङ कति हो त ? भन्ने विषयमा छुट्ट्याईएको छ । अब यहाँहरूलाई यसो नपरोस् । सिलिङ कम ४०%को त आयो । गत सालकोभन्दा अहिले ४०% अर्थ मन्त्रालयले मार्ग निर्देशनसहित हामीलाई दिएपछि हामीले त्यसको बजेट सिलिङ १० जिल्लामा वितरण गर्दाखेरि अब हामीलाई प्राप्त भएको सिलिङको पुँजीगत, चालुगत, अब हामीलाई प्राप्त भएको टोटल पुँजीगत २ अरब ४५ करोड ६३ लाख ९३ हजार र चालुमा २५ करोड ७ हजार । यसको टोटल २ अरब ७६ करोड ६४ लाख हामीलाई प्राप्त भएको । यसलाई हामीले १० जिल्लामा बाँड्दा सवैभन्दा बढी अब सुर्खेतमा गाको छ ।

त्यसमा यो समपुरक र विशेष समपुरकसहित हो है फेरि । त्यसो हुँदाखेरी ४१ करोड ५९ लाख ६९ हजार सुर्खेतमा गएको छ भने त्यसपछि दैलेखमा गएको छ ३३ करोड ३० लाख । सल्यानमा गएको छ त्यसपछि दैलेखमा गएको छ । सवैभन्दा कम मुगुमा छ । १६ करोड ९६ लाख यो किनभने निर्वाचन क्षेत्रको हिसावले ४ ओटा निर्वाचन क्षेत्र भो । फेरि पनि माननीयज्यूहरूले हिजो कुरा उठाउनुभाको थियो । सुर्खेतको वीरेन्द्रनगर खानेपानीको लागि ५ करोड छुट्ट्याईएको छ । ५ करोड गत साल पनि सरकारले छुट्ट्याएको थियो । अहिले पनि हामीले छुट्ट्याएका छौं । र बजेट निर्माण हुनुभन्दा अघिल्लो दिनमा हामीले विश्व बैंकको प्रतिनिधिलाई डाईरेक्ट सोध्दा विश्व बैंकले ८०% लगानी गर्ने गरीकन हामी भदौसम्म टेण्डरमा आउँछौँ भनेर वचन दिएको छ । यो हामीसँग कल रेकर्ड सेभ छ । र सल्यानको शारदा नगरपालिका र यो चाईनी वीरेन्द्रनगरपालिकामा हामी विश्व बैंकले ८० पर्सेण्ट लगानी गर्ने उसले वचन दिई सक्याछ र अब म टेन्डरमा जान्छु भन्याछ । यो भेरी लिफ्ट खानेपानी ६ अरबको टेण्डर प्रोसेस हो हाम्रो यो सहरीकरण बजेट भन्ने कि ? सह-लगानी भन्ने कि ? अब यतिले त पुग्दैन होला हामीले पनि केही अरब हाल्नु पर्छ होला । यो छ । त्यसकारणले अब अलिकति समपुरक र विशेष अनुदान पनि यिनी जिल्लामा भाको हुनाले यो बजेट त्यति बढ्या हो ।

योअनुसारबाट हामीलाई प्राप्त मार्ग निर्देशन, सरकार प्रमुखको निर्देशन, अर्थ मन्त्रालयको मार्ग निर्देशन बजेट सिलिङको आधारमा रहेर हामी अगाडि बढ्दाखेरी हामी नयाँमा अपवाद र नगण्य रूपमा गयौं । यो%को हिसावले गर्दाखेरि ५/७% चाहिँ हुन्छ होला । अब १ सय ५५ ओटा भनेपछी त २/२ ओटा योजना दियौं भनेपनि ७९ दुना १ सय ८ हुन्छ भने यो कुरा माननीयज्यूहरूले सहजै अनुमान गर्न सक्नुहुन्छ । अब हामी म त खुसी छु फेरि । सरकारको निर्देशन हो मेरो कुरा होइन । बढी दिन पाए दिन पाए त राम्रो हुन्थ्यो । यो सुनमा सुगन्धै हुन्थ्यो । तर हाम्रो अहिलेको अबस्था, स्थिती गतसाल ८ अरब उधारा बजेट आ रैछ । त्यसो हुँदा स्वतः ४०% बजेट भोल्युम घट्यो । किन हामी खुम्चिनु पऱ्यो त ?भन्दा यसको यो सरकारले यो बजेट अन्तिम अबस्थामा ल्यायो । यो अबस्था आउने दोस्रो कालको जनप्रतिनिधिज्यूहरूले पछ्याउनु भो भने मलाई लाग्छ २ वर्षसम्म यसलाई सटिङ गर्दै गयो भने गत विगतका ४ वर्षका सरकारले लगाउनु भएका क्रमागत बहुवर्षीय योजनाहरू तिनि मतलब सम्पन्न हुँदै जान्छन् र नयाँमा अगाडि बढ्न सकिन्छ जस्तो लाग्छ ।

अब यहाँ त कल्चरलाई खालि यो सरकारले यो बजेटले ब्रेक गऱ्याछ भन्ने मेरो बुझाइ हो । यो हाम्रो जलस्रोत उर्जा मन्त्रालयबाट अर्को साल ५०% क्रमागत सम्पन्न हुन्छन् । हामीले सम्पन्न लेखेका छौं । यो लेखेको मात्रै होइन यसभित्र नजिर छ । क्रमागत सम्पन्न हुने भनेपछी त रकमान्तर गरेर पैसा थप्न पाईएन । पैसा थपेर सम्पन्न गर्न पाईने छैन । र सम्पन्न भनेपछी अर्को साल क्रमागतमा पनि समावेश गर्न पाईने

छैन । हामीले योजना निर्माणको एउटा फोकल पर्सन र जिल्ला कार्यालयका कार्यालय प्रमुख र कर्मचारीहरूलाई बनायौं । कि त हामीलाई गाउँ परिषद जानुपर्थ्यो र गाउँ परिषद अहिले नयाँ निर्वाचित परिवेश भा हुनाले संकट पनि थियो । कसलाई आधार बनाउने भन्ने । केही अपुगता रहे । माननीयज्यूहरूका सल्लाह सुझावले लिनुपर्नेमा माननीयज्यूहरू धेरै फिल्डमा हुनुहुन्थ्यो योजना तर्जुमा बनिसक्या थियो यहाँ । त्यहाँ आउँदै गर्दा हामीले सल्लाह सुझाव लिन सकेनौं । त्यहाँ अपुग रहे ।

अब केही सुझावहरू दिनुभएको छ । योजनाका नामहरू अलि केही योजना विग्रिया छन् । अथवा चाईनी मतलब क्रमागतमा थोरै ३ लाख ५ लाख जस्ता भए । नयाँ योजना १५५ मा १५ लाख मुनि छ भनेपछी मैले गर्नुपर्ने महसुसको कुरा अथवा मैले लिनुपर्ने जिम्मा के हो ? मन्त्रालयको मन्त्रीकोतर्फबाट म लिन्छु । १५भन्दा तल छैन है । जहाँसम्म क्रमागतमा ३/५ छ, ३/५ ले सम्पन्न हुने उल्लेख छ । कतिपय ठाउँमा चाईनी क्रमागत हुने उल्लेख छ । त्यो जिल्ला कार्यालयको प्रमुखहरूलाई जवाफदेही हुने गरेर योजना तर्जुमा गरिएको छ । र अब कोही न कोही आधार त बनाउनु पर्‍यो । हाम्रो त जिल्लामा यूनिट छ । त्यो यूनिटलाई आधार बनाएर कार्यालय प्रमुखलाई अगाडि राखेर त्यसो गरिएको हो । हो अपवादको रूपमा अब कतै चाईनी फेरि नयाँमा चाईनी नयाँमा सिस्टममा छ । फेरि नयाँ योजना त देखाउँछ । यहाँहरूकै पालामा गत साल गत विगतका सरकारले त्यहाँ चाईनी कोड नम्वर फिक्स गर्‍या हुँदो रैछ । यो कुरा त कसरी भो ? म आफैं पनि चाईनी यसलाई कसरी भो भन्ने कुरामा म दुविधामा हुन्छु ।

यहाँहरूले भन्या कुरा र अर्थ मन्त्रालयको वेवसाईटले भन्या कुरामा त्यहाँ मेल खान्न । कसरी नयाँ कुरा नयाँ योजना त्यहाँ चाईनी मतलब प्यासव गरियो । अथवा त्यसमा चाईनी मतलब घुसाईयो । हैन । नगण्य रूपमा अब पर्सेण्टको हिसावले गर्दाखेरि ५/७ पर्सेण्ट होला । त्योभन्दा बढी त छैन । तर, सरकारको नीति जे बन्यो त्योअनुसार जाउँ भनेर हामीले चाईनी एउटा मापदण्ड, मार्गनिर्देशन एउटा सीमारेखाभित्र रहेर हामीले गरेका हौं । यो नै सरकारको नीति हो ।

त्यसो हुँदा यसले ३ वर्षपछी फड्को मार्नेछ, यसलाई अनुसरण गत विगत आउने चाईनी जनप्रतिनिधिले अनुसरण गर्नु हुनेछ । हामीले पनि अनुसरण गराउनु पर्छ । एउटा खालको चाईनी नीति त बनाउनु पर्छ । अब सुरू-सुरूमा हुँदाखेरी पहिलो वर्ष ७५/७६, ७६/७७ का माननीय मन्त्रीज्यूहरूले जसरी चाईनी मन खोलेर योजना बनाउनु भयो हामीले त मन खोलेर योजना बनाउन पाईएन । हामी त एउटा घेरा र एउटा सुत्र चाईनी एउटा बन्धनमा बाँधिएर बनायौं । हैन । हामीलाई नदिने मन त थिएन । अथवा योजना न बनाउने भन्ने त थिएन । दिन पाए राम्रै हुन्थ्यो । यहाँहरू सवै खुसी हुनुहुन्थ्यो । अब हामी विखुसी भएर जाने भनेको अब खुसी भएर जान म सवैलाई आग्रह

गर्दै अनुरोध गर्दै म पनि खुसी हुँदै यहाँहरूबाट विदा हुन्छु । हवस् त धन्यवाद, नमस्कार ।

**माननीय सभामुख** : माननीय सदस्यहरू, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र जलस्रोत तथा उर्जा विकास मन्त्रालयअन्तर्गतका शीर्षकहरूमाथिको छलफल समाप्त भएको व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १४० को उपनियम ७ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९अन्तर्गतको आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालयका शीर्षकहरूमाथिको छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्ट्रमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनुहोला । सर्वप्रथम माननीय श्री गुलावजंग शाह । समयः ७ मिनेट । त्यसपछि माननीय श्री देवी ओली तयारी अबस्थामा रहनु होला ।

**माननीय श्री गुलाबजंग शाह** : माननीय सभामुखज्यू, म आज भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको बारेमा आफ्ना भनाइहरू राख्न उपस्थित भएको छु ।

माननीय सभामुखज्यू, हाम्रो नारा छ समृद्ध कर्णाली सुखारी कर्णालीवासी । यो नारा वास्तवमा नारामा मात्रै सिमित हो कि ? मन्त्रालयगत बजेटहरूमा विनियोजित हुने बजेटमा सन्तुलन छ ? हामीले भर्खरै मात्रै मन्त्रालयगत छलफल गर्दै गर्दा धेरै विषय वस्तुमा त पढ्न पाईएन । सामाजिक विकास मन्त्रालयको किताब चाहिँ भर्खरै १० मिनेट पहिला हामीले प्राप्त गऱ्यौं । त्यसमा सामाजिक विकास मन्त्रीज्यूले थप पाना हामीले हिजोदेखि भनिराख्या कुरा के होभन्दा वास्तवमा मन्त्रालयगत विषयमा किताबहरू आएनन् भने छलफलमा भाग लिन सकिदैंन भन्ने विषयवस्तु हिजो अलि चर्को ढङ्गले उठेको थियो । सामाजिक विकास मन्त्रालयले त्यो किताब स्कुल इन्क्लुडिङ गरेर किताब छापेको रहेनछ । यसले के पुष्टि गर्छभन्दा जति कुरा संसद्मा यो रोष्ट्रममा उठ्छन् ती कुरा वास्तवमा सिन्सीयरली सरकारले फ्लो गर्न चाहँदैन । त्यो पातामा पछाडिपट्टीबाट लेखिएको छ, यो पछाडिपट्टीको पातामा लेख्नुको अर्थ के होभन्दा किताब अलरेडी तयार भैसक्याथ्यो । अझै पनि मन्त्रालयले बजेट डल्लोमा छ । डल्लोमा थियो ।

अहिले ७९ ओटा स्कुलहरू बनाउने गरी ४०/४० लाखका दरले विभाजन गरिएको छ । मैले स्कुल कहाँबाट सिफारिस भएर आए म प्रश्न गर्न चाहन्नँ । तर, जसरी जिल्लावाईज ७९ वटै पालिकामा एउटा/एउटा विद्यालय बनाईने भनेको छ । वास्तवमा त्यो एउटा समानुपातिका न्याय नै होला । सबैलाई ४०/४० लाख नै छ ठिकै छ । तर, किन चाहिँ वास्तवमा यस्तो गरिन्छ ? अझैपनि गत वर्षको जस्तै रकम मन्त्रालयले राख्ने गत वर्ष गरे जस्तै । आफैंले मनोमानी ढङ्गले वितरण गर्ने कुरा रैछ ।

तर, ढिलै भए पनि यो आएको छ यसलाई चाहिँ अब ठिकै ढङ्गले अब सकारात्मक ढङ्गले हेर्नु पर्दछ । तर, योभित्र पढ्न पाईएको छैन । मेरो भनाइको अर्थ के छ भन्दाखेरि संसद्मा उठेका कुराहरूलाई सरकारले किन गम्भीरतापूर्वक लान्न ?

दोस्रो कुरो वास्तवमा कृषि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय यसमा १० ओटा जिल्लामा १० वटै जिल्लामा योजना वितरण गरिएको छ । मैले सभामुखज्यूमार्फत भन्न चाहन्छु सभामुखज्यू मैले मन्त्रीज्यूलाई क्वेशन गर्न चाहन्छु योजना कसरी छनोट हुन्छ ? योजना कसरी छनोट हुन्छ ? जिल्लागत रूपमा छलफल भयो कि ? मन्त्रालयको योजना तर्जुमा गोष्ठीमा छलफल भयो कि ? या मन्त्रीका कुनै आफ्ना मान्छेले योजना सिफारिस गर्छ ? प्रदेशमा उपस्थित हुने प्रदेशसभाका सांसदले सिफारिस गर्छन् या जिल्लामा कार्यालयमार्फत योजना आउँछन् या के मन्त्रीका कोही मान्छेहरूबाट योजनाहरू आउँछन् ? मैले प्रश्न गर्न चाहन्छु दैलेखमा प्रदेशसभाका संख्या ४ ओटा छ । सुर्खेतमा ४ ओटा छ । सभामुखज्यू साढे ७ हजार मत संख्या नपुगेर सल्लान एउटा संख्या भयो, दुईटा संख्या मात्रै भयो । अनि सल्यानलाई बजेट विनियोजन गर्ने सन्दर्भमा किन उपेक्षित गरिन्छ ?

योजना पनि हेर्दा सल्यानमा ४०/४४ ओटा योजना पारियाछ । मैले ती योजना कसरी आए मैले भनिसकें । तर, मुगु सल्यानभन्दा के उर्वर भूमिमा छ ? मन्त्री हुनुको नाताले समृद्ध कर्णाली सुखारी कर्णालीवासीको नारा तपाईंहरूको ठिक छ ? मिल्छ यो ? सल्यानी जनता मुगाली जनताभन्दा के उब्जाउमय जमिन छैन सल्यानमा ? सिंचाईका पोखरीहरू बन्न सक्दैनन् ? कुलाहरू बन्न सक्दैनन् ?

सभामुखज्यू, संसद्मा हेक्का रहोस्, नोटिस् रहोस् सल्यान यस्तो जिल्ला हो कर्णालीका दश जिल्ला मध्येमा सबैभन्दा उब्जाउमय जिल्ला सल्यान हो । शारदा नदी हेनुभो भनेपछी, वनगाड खोला हेर्नुभो भने, दार्मा खोला हेर्नुभो भने, संग्रही खोला । खोलै खोलाले भरिएको जिल्ला हो सल्यान । उत्पादनमा मैले फेरि पनि दोहोऱ्याएर भन्न चाहन्छु धानमा आत्मनिर्भर छ, मकै गहुँमा आत्मनिर्भर छ । अनि सल्यानका सिंचाई कुलाहरू बन्नु पर्दैन ? अनि मुगालीमा मात्रै त्यस्ता खोलानालाहरू छन् त्यस्ता सिंचाई पोखरीहरू बन्न सक्छन् सल्यानमा किन बन्न सक्दैनन् ? अनि समानुपातिक न्याय प्रणालीका आधारमा कसरी योजना छनोट गर्नु हुन्छ ? अनि तपाईंहरूको नारा समृद्ध कर्णाली सुखारी कर्णालीवासीको नारा आफैंमा हास्यास्पद हुँदैन ? आफैंमा लाजमर्दो हुँदैन ? मन्त्री हुने र मन्त्रीले आफ्नो जिल्लामा कमीशन त म भन्न चाहन्नँ

जसरी योजना छनोट गर्ने तपाईंहरूको प्रक्रिया छ, विधि छ कर्णालीवासीले आज हेरिरहेका छन् त ? तपाईंहरूका योजना कसरी आउँछन्, कसरी योजना तल जान्छन् त्यो कुरामा वास्तवमा म प्रश्न उठाउन चाहन्नँ । यो कुरा यावत रूपमा उठिरहेको छ । त्यसैले यसरी पूर्वाग्रही ढङ्गले तपाईंहरू चाहिँ वास्तवमा बजेट विनियोजन गर्नुको अर्थ त्यो

नारा फिर्ता लिनुस् । समृद्ध कर्णाली सुखारी कर्णालीवासी नारा फिर्ता लिनुस् अनि यो बजेटको अर्थ सार्थक हुनसक्छ । यति भन्दै विदा हुन चाहन्छु । हवस् त धन्यवाद !

**माननीय सभामुख :** माननीय श्री देवी ओली । समय ७ मिनेट । त्यसपछि माननीय श्री मिनासिंह रखाल तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री देवी ओलीः** माननीय सभामुख महोदय, दशौं अधिवेशनको एक्काईसौं बैठकमा आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालयको मन्त्रालयगत छलफलमा केही आफ्ना कुराहरू राख्ने अनुमति चाहन्छु ।

विशेष गरेर सुरूमा आर्थिक मामिला तथा योजना मन्त्रालयसँग मेरो थोरै कुरा छ । अहिले मन्त्रालयगत छलफलको क्रममा जवाफ दिने बेला भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रीज्यूले पनि भन्नुभो अन्तिमा जानेबेला समानुपातिक प्रदेशसभा सदस्यहरूका लागि १ करोड बजेटको विनियोजन गर्ने गरी व्यवस्था गरिएको छ । त्यो किताबमा काहीँ त्यस्तो स्पष्ट मैले देख्न सकेको छैन । या त मैले त्यहाँ हेर्न जानिन या त त्यसको शीर्षक नै छैन र त्यो कुन आधारमा गरियो ? प्रदेशसभाभित्र सरकारले नै किन विभेद गऱ्यो ? कि त २४ ओटा निर्वाचन क्षेत्रमा ४ करोडको हिसावले साल बसाली भैरहेकै छ त्यो ठिकै छ । त्यहीँभित्र हामी सदस्य छौं । हैन भने अन्तिममा यो व्यवस्था ४० जना अथवा अहिले रहेको ३५/३६ जनालाई गर्ने हो भने समान हिसावले गरिनु पर्थ्यो यो विभेद चाहिँ सहन सक्ने विभेद होइन भन्ने कुरा राख्न चाहन्छु र आर्थिक मामिला मन्त्रालय एउटा वित्तिय अनुशासन कायम गर्ने मन्त्रालयबाटै यस्तो खालको व्यवहार हुनु भएन ।

दोस्रो कुरा, असारको अन्तिम मसान्तको बेला जुन भुक्तानी दिने कुरा छ यो भुक्तानी दिने काम नभएको योजनाहरूको भुक्तानी दिनुस् हामीले भन्न चाहँदैनौं म अहिले । तर, काम भएकाहरू पनि कस्तो छ भने अहिले यहाँ हरेक कार्यालयहरूमा डिजिटलाईज गरिएको छ, सर्वर चल्दैन, कहीँलेकाहीँ यहीँ सुर्खेतमा पनि मालपोत कार्यालयदेखि धेरै कामहरू गर्दाखेरि सेवाग्राहीहरूले एक हप्तासम्म पनि पर्खेर काम गर्नुपर्ने हुन्छ । त्यसको कहाँबाट कन्ट्रोल छ बाहिरबाटै छ । त्यसकारण कम्तीमा पनि मसान्तसम्म यो समय दिएको भए काम भएका भुक्तानीहरू राम्रोसँग उपभोक्ताहरूले लिन सक्थे । काम नभएकोमा रोक्नु पऱ्यो । र यसलाई अलि अगाडिदेखि ताकेता गरिनु पर्थ्यो । अन्तिममा आएर जुन खालको यो उपभोक्ताहरूलाई मर्का पर्ने गरी एउटा हिजोदेखिनै खाता क्लोज गर्ने जो गरिएको छ यसमा अलिकति जनताको मर्कालाई पनि बुझेर केही सहजिकरण गर्नुपर्छ होला जस्तो मलाई लागिरहेको छ ।

त्यसैगरी अब भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले विनियोजन गरेका विभिन्न कार्यक्रमहरू विशेष गरेर लगातार सुरूको वर्षदेखि नै कर्णालीमा अर्गानिक उत्पादनदेखि लिएर सामूहिक खेती, कृषि ब्यवसायदेखि हरेक कुराहरू सञ्चालन हुँदै आए

। यहाँ हाईटेक नर्सरीदेखि लिएर चिस्यान घरहरूका कुराहरू आए, दुग्ध सङ्कलन केन्द्रका कुराहरू त्यो निरन्तरतामा छ । र अहिले पनि ती निरन्तरता धेरैजसो कार्यक्रमहरू निरन्तरतामादेखिन्छ । र यो अन्तिम बजेट हामी भनिरहेका छौं अब यो अन्तिम बजेटमा आफ्नो कार्यकालको सरकारले अहिलेसम्म गरिएका कृषि सडकहरू, सिंचाईहरू, त्यसपछि हाईटेक नर्सरी, चिस्यान घर योबाट कर्णालीका प्रत्येक कृषकहरूको अथवा नागरिकहरूको कुल ग्राहस्थ उत्पादनमा कति भिन्नता आयो ? अथवा कति सुधार भयो ? भन्ने कुरापनि हेरिनुपर्छ होला । र अहिले साना सिंचाईं र धेरैजसो क्रमागत योजनाहरू नै त्यहाँदेखिन्छन् ।

त्यसकारण योजना छनोट प्रक्रियाका कुरा अब जिल्ला कार्यालयबाट भयो अथवा यो हाम्रो सुरूदेखिको एउटा अपुगता हो । जिल्ला कार्यालयले गर्दाखेरि पनि त्यहाँ भएका स्थानीय तहदेखि प्रदेश सकेसम्म अझ प्रतिनिधि सभाका पनि जनप्रतिनिधिहरूलाई राखेर क्रमागत गरिने योजनाहरू, नयाँ छनोट गरिने योजनाहरू जनप्रतिनिधिहरू र वस्तीस्तरबाट पनि सुझाव सङ्कलन गरेर गरेको भए एउटा राम्रो हुन्थ्यो । यो चाहिँ योजना छनोटको प्रक्रिया चाहिँ अब हामीले सार्वभौमसत्ता जनतामा भन्छौं आज सरकार जनताका कुरादेखि लिएर जनप्रतिनिधिहरूकासमेत पनि कुरा सुनिरहेको छ । तर, यसको सदुपयोग र यसको एउटा आधार खडा हुनेगरी नागरिकहरूको कुल ग्राहस्थ उत्पादनमा वृद्धि आउनेगरी कृषिमा कति सुधार आयो भनेर परिणाम खोज्दाखेरी सरकारले केही भेट्टाउँछ कि जवाफमा ? योसहित आउन पर्‍यो भन्ने कुरा राख्न चाहन्छु ।

र साना सिंचाईहरू विशेष गरेर धेरै साना-साना टुक्रामा भएका छन् । यो सर्वपक्षीय, सर्वदलीय सहमतिले पनि कृषिलाई कृषि मन्त्रालयलाई साना सिंचाईहरूमा साना गर्ने भनेर छुट दिएको छ । तर, हामीले हेर्दाखेरि जुन बजेट विनियोजन गरिएको छ त्यो बजेटले त्यहाँ सिंचाई हुने अथवा सम्पन्न हुने खालको हामी देख्देनौं । त्यसकारण प्राविधिक हिसाबले सबै कुरा मुल्यांकन गरेर ल्याइएको आधारमा यो गरिएको हो कि ? अथवा के हो ? कम्तीमा पनि अहिलेसम्म हामीले सम्पादन गरेका सिंचाई कार्यक्रमहरूले त्यहाँ कति प्रतिफल आउन सक्यो भन्ने कुरा चाहिँ मापन हुनुपर्छ र योजना पनि त्यो ढङ्गले छनोट हुनुपर्छ । कम्तीमा पनि त्यहाँको आवश्यकताको आधारमा आवश्यकतालाई बस्तीस्तरबाट ल्याएर त्यसको परिणामसँग दाँजेर योजनाहरू छनोट हुने र बजेट विनियोजन हुने कुरा गरिएको भए आगामी अब हामी आफ्नो अनुभव के छ भने ०७५/०७६ को बजेट विनियोजन गर्दाखेरि हामीले जसरी बजेटलाई सक्ने दृष्टीकोण अथवा त्यो एउटा कार्यशैली अपनाएर बजेट विनियोजन गर्दाखेरि अहिले लगातार हामीले त्यो जो हामीसँग भएको ल्यापसेसलाई सुधार्न सकिरहेका छैनौं आगामी आउने अर्को कार्यकालको पनि त्यो एउटा अभाव रहन सक्छ । त्यसकारण यो दिन सकेको भए राम्रो हुन्थ्यो भन्ने कुरा हो ।

सभामुख महोदय, एक मिनेट समय मैले माग गरेँ । सामाजिक विकास मन्त्रालयमा क्याम्पसहरूले पनि यहाँहरूको मन्त्रालयमा आएर डेलिगेशन गरेको सूचना मैले पाएको थिएँ । त्यसकारण आज संविधानले एकातिर हाम्रो शिक्षाको अधिकार आज माविहरू प्लस टुसम्म स्थानीय तहलाई छ । हाम्रो अधिकार क्षेत्र भित्रै नभएको जवरजस्त स्थानीय तहमा माविका विद्यालय भवनहरू बनाउने जो गरिरहेका छौं अहिले पनि त्यो दोहोरिएको छ र क्याम्पसहरूले यहाँहरूको मन्त्रालय सामाजिक मन्त्रालयमा आएर गरेका डेलिगेशन क्याम्पसहरूले उच्च शिक्षा सुधारका निम्ति गर्न खोजेका कुराहरू सम्वोधन भएको छैन । र विशेष गरेर सामाजिक रूपान्तरणको लागि अल्पसंख्यक र यौनिक अल्पसंख्यकदेखि लिएर यहाँको सामाजिक रूपान्तरणको लागि आज संसद्मा उठेका कुरा होस्, समितिले निर्देशन गरेका कुरा होस् यो मन्त्रालय बेखवर भएको मैले यहाँ राख्न चाहन्छु ।

त्यसकारण सामाजिक आज स्वास्थ्यको क्षेत्रमा अलिकति केही कामदेखिएका छन् । तर, शिक्षा र सामाजिक रूपान्तरणको क्षेत्रमा आफ्नो एउटा पञ्चवर्षिय योजना अर्थात गौरवको योजना बनाएर जान नसकिरहेको अबस्थामा आज यहाँ रहेका अल्पसंख्यकहरू आज दलित सशक्तिकरण विधेयकदेखि लिएर आज पर्वतीय विश्व विद्यालय विधेयकसम्म पनि मन्त्रालयले त्यति ध्यान दिन सकेको छैन । आज बजेट बाँड्ने र असारमा सक्ने कुराभन्दा पनि हामीले यसलाई पारदर्शी बनाउने, गुणस्तरीय बनाउने र अधिकार संविधानले दिएको हाम्रो अधिकार सूचीभित्र रहेर काम गर्नका लागि सामाजिक विकास मन्त्रालयले शिक्षाको क्षेत्रमा र सामाजिक क्षेत्रमा कानून निर्माण र त्यसमा आवश्यक पर्ने सशक्तिकरणका कार्यक्रमहरूको बजेट पनि अलि त्यसरी लिनुपर्थ्यो । त्यो कुरामा अभाव भएको मैले महसुस गरेको छु । मन्त्रालयले अझैपनि यसमा सुधार गर्न सक्ने हो भने जाँदाजाँदैको बेला सामाजिक रूपान्तरणको निम्ति यहाँका अल्पसंख्यकहरू, यहाँ सामाजिक कुरितिमा बसेका नागरिकहरूले गर्व गर्न सक्नेगरी सामाजिक रूपान्तरणको लागि, लैंगिक समानताको लागि एउटा त्यस्तो गौरवको योजना बनाउने अथवा त्यो नीति लिने कुरा गरोस् भन्ने कुरा राख्दै आफ्ना भनाइ अन्त्य गर्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री मिनासिंह रखाल । समय ७ मिनेट । त्यसपछि माननीय श्री राजु नेपाली तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री मिनासिंह रखालः** सभामुख महोदय, कर्णाली प्रदेश दशौं अधिवेशनको एक्काईसौं बैठकमा आर्थिक वर्ष २०७९/०८० को विनियोजन विधेयकमाथि छलफल गरिरहँदा यही रोष्ट्रमबाट कहीँले धन्यवाद दिनुपर्ने हुन्छ भने यही रोष्ट्रमबाट कहीँले चाहिँ आलोचना पनि गर्नुपर्ने हुन्छ । र तीन ओटा मन्त्रालयमा हामी छलफल गर्दै छौं । आर्थिक मामिला मन्त्रालय, सामाजिक विकास मन्त्रालय र भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयको बारेमा हामी छलफल गरिरहँदा सामाजिकको विषयमा कुरा गर्दाखेरि

सामाजिकको किताब चाहिँ अहिले मात्रै हात परेको छ त्यहाँभित्र के लेखिएका छन् के गरेका छन् त्यो हेर्न त हामीले पाएको छैनौं ।

यसरी हामीलाई समयमा ती किताब उपलब्ध नहुने र त्यसको विषयमा हामीले ज्ञान हासिल गर्न पनि नपाउने र त्यसैले सभामुख महोदय यो माकसको सरकार यो माकसको सरकार माकुराको जालो लगाउने पुक्लुक्क निल्ने, यो माकसको सरकार कामको कुरा गर्ने काम नगर्ने, यो माकसको सरकार सत्ताको लागि आफ्नो घर भत्काएर अर्काको घर बनाउने यो सरकारसँग हामीले के विश्वास गर्ने ? भन्नै पर्ने पनि हुन्छ, बोल्नै पर्ने पनि हुन्छ अनि यो माकसको सरकारसँग के अनुनय विनय गर्ने ? मन्त्रीले रोष्ट्रमबाट कोपर्लान् जस्तो गर्ने, अनि नामै टिकाएर बोल्ने, भोलि हाम्रो पनि नाम न आउला भन्न सकिँदैन । त्यसैले यो माकसको सरकारसँग हामीले धेरै बोल्न हुँदैन कि ? भन्ने मैले महसुस गरेको छु । तैपनि म केही बुँदाहरूमा टिप्पणी गर्न चाहन्छु ।

सभामुख महोदय, सामाजिक विकास मन्त्रालयको मैले भनिसकेँ कुनै महिलाको आय आर्जन सम्वन्धी, महिलाका हकहीँतका सम्वन्धी कुनै अपाङ्ग, दृष्टीविहीन, अल्पसंख्यकहरूको सम्वन्धी कस्ता योजनाहरू आए हामीले हेर्न पाएनौं । र अहिले मात्रै एउटा किताबसँग यो पान्नो आएको छ यो पान्नोलाई हामीले वैधानिक मान्ने कि नमान्ने ? सभामुख महोदय न यहाँ मन्त्रीको हस्ताक्षर छ, न यहाँ कुनै छाप छ यो वैधानिक हुने कि नहुने ? किताबभित्रको कुरालाई हामी वैधानिक मानौंला । तर, यहाँ जुन पालिकागत विद्यालय मात्रै आएको छ यसलाई वैधानिक मान्ने कि नमान्ने ? यहाँ मेरो प्रश्न छ । म सामाजिक विकास मन्त्रालयको टिप्पणी मैले यत्तिनै गरेँ । म अब कृषि मन्त्रालय तिर गएँ ।

कृषि मन्त्रालयको कार्यक्रम हेर्दाखेरि हामीले समृद्ध कर्णाली सुखारी कर्णालीवासी भनेका छौं । कृषिमा हाम्रा कर्णालीवासीका कृषकहरूलाई चाहिँ हामीले समृद्धि बनाउने भनेका छौं । र अर्गानिक प्रदेश भनेर हामीले घोषणा त गर्‍यौं तर हाम्रो नीति तथा कार्यक्रममा अर्गानिक भनेर ती कार्यक्रमहरू आएन । तर पनि यहाँ बुँदामा अर्गानिक भनेर पनि लेखिएको छ । र त्यहाँ पैसापनि छुट्ट्याईएको छ । र दैलेखकै कुरा गर्ने हो भने दैलेखमा क्रमागत योजना ६८ वटादेखिन्छ । त्यसमा चाहिँ सिंचाई योजना मात्रै छ भने नयाँ कार्यक्रम तपाईंहरू केही छ भने दिनुहोला भन्ने कुराहरू आइसकेपछी हामीले आफ्ना लेटरप्याडमा लेखेर त्यहाँ बुझायौं तर हामीलाई त्यहाँ फेरि कार्टुन बनाईयो । हाम्रा कुनै एउटा योजना पनि पर्न सकेन । र त्यसै गरेर ६८ ओटा योजना पर्दाखेरी दुईटा नयाँ योजना छ बीस लाखको र पन्ध्र लाखको त्यो पनि एउटै वडामा छ के । त्यो सिंचाई । त्यो एउटै वडामा म चिन्छु त्यो उसको पार्टीको सम्बन्धित मान्छे भएकै कारणले एउटा वडामा दुईटा योजना पन्ध्र लाखको र बीस लाखको छ भने अरू कुनै बाँकी कुनै पनि योजना छैन । यसरी विभेदपूर्ण सरकारले यो माकसको सरकारले विभेदपूर्ण गर्दै आउँदाखेरि बोल्ने पर्ने हुन्छ ।

अर्को कुरा के छ भनेपछी ८ ओटा पोखरी बनाईएको छ नयाँ ७ ओटा पोखरी बनाईएको छ त्यो लेटरप्याडमा चाहिँ पोखरी भनेर पनि गएको छ तर त्यो पोखरी परेको छैन । त्यो चाहिँ आफ्नै कार्यकर्ताहरूको भरण पोषणको लागि हाल्यो कि ? जस्तो मलाई लागिराखेको छ । अनि सिंचाईका ती योजनाहरू कस्ता छन् भने कोही सम्पन्न भैसकेका छन् । तर पनि अहिले पैसा परेको छ । र कुनै अलिअलि मात्रै बाँकी छ जहाँ एक लाखको काम मात्रै बाँकी छ तर त्यहाँ पाँच लाख रुपैयाँ परेको छ । र यसरी अनि आफ्नै मनोबलले र आफ्नै कार्यकर्ताको सुझाव सल्लाहले, विचौलियाको सुझाव सल्लाहले गरेको त्यो योजना अथवा कर्मचारीहरूबाट पनि काहीँ गल्ती कमी कमजोरी भएपछी सरकारले हेर्ने कि नहेर्ने ?

अनि सम्बन्धित क्षेत्रका जनप्रतिनिधिलाई सोध्ने कि नसोध्ने ? र त्यसरी जनप्रतिनिधि र कर्मचारीबाट आएको योजना सरकारले ध्यान दिने कि नदिने ? तर, अहिले यहाँ आफ्नो मनोमानी हिसावले जुन कार्यक्रमहरू जुन योजना आएको छ यो कृषिको जो सिंचाई योजनाहरू जहाँ क्रमागत योजना हामीले पनि टिपाएका छौं जो योजना म खुदै देखेर आएको छु । खेत पर बाँकी नै छ वर सिंचाई पुगेको छ तर त्यो योजना दिँदाखेरी यहाँ परेको छैन । भनेपछी यो कुन के हिसावले चाहिँ योजना हालिएको छ ? र यसरी आएको योजना र यसरी आएको यो कार्यक्रमले कर्णाली समृद्ध हुन सक्दैन । कर्णालीवासी सुखी हुन सक्दैनन् । यहाँ विभेदपूर्ण कार्यक्रमहरू छन् । यहाँ विभेद गरिएको छ । यो विभेदले कहींल्यैपनि मान्छे कर्णालीवासी सुखी हुनै सक्दैन भन्दै मैले धेरै बोल्न चाहिन । मैले आफ्ना टिप्पणी मात्रै उठाएर म यहाँबाट विदा हुन्छु । हवस् धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री राजु नेपाली । समय ७ मिनेट । त्यसपछि माननीय श्री बझी क्वारी बोहरा तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री राजु नेपालीः** सभामुख महोदय, आर्थिक वर्ष २०७९/०८० को बजेटको सामाजिक विकास समितिबाटै पछाडि आयो अगाडि सुरू गरौं जस्तो लाग्यो । किताब हातमाभित्र कोठाभित्र पस्दा पाईएको छ । जनताका धेरै गाली खाईएको छ । तर, यो कसको गल्ती, कसको कमजोरी, कहाँबाट सुरू गरौं ? कहाँबाट अन्त्य जस्तो लागेको छ । के बोल्नु छ अहिले ? केही हेर्नै त पाईएको छैन । हामीले ५वर्षको अन्तरालमा एउटा सामाजिक मन्त्रालयमा पहिलो र दोस्रोमा त केही गर्न सकेका थिएनौं । सायद तेस्रो वर्षदेखि हामीले सशक्त रूपले उठाएको थियौं । कर्णाली प्रदेशमा अहिले त सायद जनसंख्या बढेको होला मैले हेरेको छैन । ५ लाख दलितहरू भएको जनसंख्या छ । त्यसका लागि एउटा सशक्त सशक्तिकरण विधेयक सामाजिक सरकारकहाँ पटक-पटक गएर हामीले निवेदन गरेका छौं, त्यहाँ पेस गरेका छौं, दिएका छौं, छलफलमा पनि भाग लिएका छौं । तर, आजसम्म आउन सकेन ।

कुनै त्यस्तै अरूनैको भए सायद आउँथ्यो होला । यसलाई पनि किनभने यो उठाउन जरुरी मैले किन ठानैं भने दलितहरूलाई बजेट छुट्याइएको थियो १० वटै जिल्लामा । त्यो १० ओटा जिल्लामा जाने बजेटमा अहिले हेर्दा हामी खुसी हुनुपर्ने हो । तर, हामी निराश भएर बसेका छौं । त्यै एउटा सशक्तिकरण विधेयक आइदिएको भए एउटा प्रदेशको संरचना बन्ने थियो । त्यो बन्दा सायद कुनै हाकिम साहेवहरूलाई त्यति दुःख हुन्थेन होला । त्यो डवलै के यताबाट पनि आफ्नै पोल्टामा उताबाट पनि आफ्नै पोल्टामा नपारेर एउटा जिल्लामा दुईटा कर्मचारी राखेर हामीले सामान्य तलवमा पनि रोजिरोटी दिनेगरी तिनलाई राखेर काम गर्न पाएको भए सायद नतिजा आउने थियो परिणाममुखी मान्ने थियौं हामीले । तर, यस मानेमा हामी दुःखी छौं । अब यहाँ सामाजिकको बारेमा मलाई धेरै भन्न मन लागेन ।

तर, सभामुख महोदयमार्फत सरकारको ध्यान आकर्षण होस् । त्यो विधेयक छिटोभन्दा छिटो आइपुगोस् भन्न चाहन्छु । अब यो भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय । यसमा यहाँ के झल्किन्छ भने यो किताबमा पार्टी झल्किन्छ, मन्त्रालयगत सट्टा बट्टा झल्किन्छ । के भने आफ्नो मन्त्रालयको उता हाल्ने उताका मन्त्रालयको आफ्नातिर पार्ने । यो सट्टापट्टातिर त्यस्तो एउटा खालको झल्किन्छ । मैले आफूले सामान्य यसो हिसाब-किताब गरैं यहाँ थुप्रै योजना छन् । भनी नसक्नु योजना छन्, गरिनसक्नु योजना छन् ।

हुनसक्छ मलाई आफूलाई लागेको सुझाव जस्तो न अब केही जस्तो २० जना हामी माननीय २० जना सभासदलाई माग्न त दुईटा तीनवटा भनिएको थियो, तीनवटा चारवटा भनिएको थियो हैन तर, मैले सामान्य एउटा खाका बनाऔंदा सभा सदस्यलाई योजना २० जनालाई १० ओटा १० को दरले योजना दिंदा २ सय हुँदो रहेछ । त्यसैगरी यहाँ १४ जनालाई फेरि मैले उ गरैं पाँचैको दरले दिएपनि हुन्थ्यो । पाँचको दरले योजना दिंदा सत्तरी चाहिँ हुँदो रैछ । टोटल योजना मैले दिएको भए साँच्चि यथार्थमा लागु गरेको भए सरकारले २ सय ७० त भयो त । त्यो अरू योजना कहाँ गयो त ? यो अरू योजना कहाँ गयो ? एउटा कर्णालीको जनप्रतिनिधिको हैसियतले मैले आफूले पनि जान्न चाहैं । त्योभन्दा बढी योजना कहाँबाट आयो ? कसले दियो ? मैले आफूले जनप्रतिनिधिको हैसियतले जान्न चाहेको हो सभामुख महोदय ।

यसैगरी जाने हो भने त हुन त दिनचर्या त वितिसक्यो । अब दिनचर्या घर्की पनि सक्यो । भन्नु त केही छैन यहाँहरूलाई मनन त भएकै होला । फेरि पनि यी कर्णालीवासीका ती हिजो भाग्य र भविश्य कोर्छौं भन्ने अनुहार यही हो । तर, कस्तो भाग्य र भविश्य लेखियो त्यो जान्ने त सरकारकै कुरो रह्यो । हामी माननीय त एउटा पुलको काम गर्ने हो । पुलको काम गर्ने हो । हामी सधैं कुरा उठाउने हो, जनताका समस्या यहाँ जल्दावल्दा समस्याहरू उठाइदिएका छौं । यहाँहरूले चाहिँ ध्यान दिन जरुरी छ । यहाँ फेरि पनि एउटा सानो कुरो म भन्नै मन लाग्यो ।

जतातते खोजें भूमि किताबभित्र

जतातते खोजें भूमि किताबभित्र

केही छ कि योजना विदेश जानेलाई रोक्ने भनी

केही छ कि योजना विदेश जानेलाई रोक्ने भनी । हवस् धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री बझी क्वारी बोहरा । समय ७ मिनेट । त्यसपछि माननीय श्री सुशीलकुमार थापा तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री बझी क्वारी बोहराः** माननीय सभामुखज्यू, आर्थिक वर्ष २०७९/०८० को बजेटमा छलफल बजेट भन्दापनि यो योजना छलफलमा भन्नु पऱ्यो । छलफलको क्रममा छौं हामी । आज वर्षे अधिवेशन बजेट अधिवेशनको दशौं अधिवेशनको एक्काईसौं बैठकमा तीनवटा मन्त्रालयअन्तर्गत छलफलका विषयमा हामी भाग लिईरहेका छौं ।

यो सामाजिक विकास मन्त्रालयअन्तर्गतको केही कुरा राख्दैछु । सामाजिक विकास मन्त्रालयअन्तर्गतको यो कर्णाली प्रदेशको ७९ ओटा स्थानीय तह मध्ये अब अहिले हेर्दाखेरि त लिष्टमा ७९ मात्रै छ । गन्दाखेरी कतै ८० पुग्याछ कि ? एउटा माननीय मन्त्रीज्यूलाई सभामुखज्यूमार्फत डोल्पामा ८ ओटा स्थानीय तह छ । एउटा स्थानीय तह एउटा ४० लाखको विद्यालयमा काइके गाउँपालिका डोल्पाको काइके गाउँपालिकामा चाहिँ ४० लाखको एउटा विद्यालय त्यो जुन छ एउटा स्थानीय तहको एउटा विद्यालय छुटेको सभामुखज्यूमार्फत मन्त्रीज्यूलाई जानकारी गराउन चाहन्छु । सामाजिक विकास मन्त्रालयअन्तर्गतभित्र धेरै कुराहरू छन् । महिला, बालवालिका, जेष्ठ नागरिक सवै हेर्ने मन्त्रालय भएको हुँदा ।

हुनतः अहिले यो प्रदेश सरकारको सहयोगमा हाम्रो पनि डोल्पा जिल्लामा अस्पताल धेरै राम्रो बन्दैछ । हाम्रो अब अहिले २ तला २४ करोडको अस्पताल निर्माण हुँदैछ । सरकारलाई धन्यवाद दिन चाहन्छु प्रदेश सरकारलाई । हामी त्यो संरचनामा पहिला पनि धेरै छलफल गऱ्यौं । अहिले पनि अब प्रदेश सरकारले विशेष एउटा प्राथमिकताको रूपमा दुर्गमका अस्पताललाई प्राथमिकता दिएको छ यसमा धन्यवाद दिन चाहन्छु । र अर्को कुरा सामाजिक विकास मन्त्रालयअन्तर्गत संघीय सरकारको यो राष्ट्रपति उत्थान कार्यक्रम अहिले यो जटिल प्रसुती आकस्मिक सेवा जुन प्रदेश सामाजिक विकास मन्त्रालयले एउटा कोडिनेशन गरेको छ, यो देशैभरी कर्णाली प्रदेश मात्रै नभएर देशैभरी यो एकदमै प्रभावकारी कार्यक्रम मानेका छौं हामीले । किन भन्दाखेरि महिला र बालवालिका दुईटै आमा र प्रसुती गर्भवति महिला र जन्मिने बच्चाको सुरक्षाको लागि जुन छ सरकारले संघ सरकार र प्रदेश सरकारले जुन एउटा किसिमले त्यो रिस्क टाईम आमा कतिपय अहिले हाम्रो कर्णाली प्रदेशकै कुरा गर्नुपर्दा धेरै महिलाहरू हुम्ला, डोल्पा, जुम्ला, कालिकोट, मुगु धेरै दुर्गम क्षेत्रबाट मात्रै नभएर जाजरकोट दैलेखबाट पनि कर्णाली प्रदेश सरकारले जुन एउटा लिफ्टिङ गरेर उद्दार गरेर ल्याएको छ, हामी एकदमै खुसी छौं किन भन्दाखेरि सरकारले एउटा यो एकदमै दुर्गम माथिल्लो सवैभन्दा डोल्पाको

सवैभन्दा पिछडिएको क्षेत्र चाईनासँग जोडिएको सिमानामा समेतबाट पनि सुत्केरी महिला उद्दार गरेर ल्याइयो । हामीले हिजोको दिनहरूमा देखेका छौं प्रदेश सरकारको एउटा प्रदेश सरकार र राष्ट्रपति उत्थान संघीय सरकारको राष्ट्रपति उत्थान कार्यक्रम लगायत यो प्रदेश सरकारले अहिले नयाँ सिस्टम राखेको रैछ, यो जटिल प्रसुती आकस्मिक उपचार सेवा यसलाई म एकदमै हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

अब कति कुराहरू सधैं विरोधको लागि मात्रै विरोध गर्ने । हिजो हाम्रो माननीय मन्त्रीज्यू पूर्व सामाजिक विकास मन्त्रीज्यूले भन्या जस्तै नबोल त के नगाया त गाउ गाउ भन्छौ गाया मारिहाल्छौ के हो कि के हो बोले मारिहाल्न्याछौ कि के हो भन्या जस्तै बोल्या कुटिल्न्याछौ भन्या जस्तै कुरा धेरै कुराहरू कति बोल्नु । अर्को कुरा यो सामाजिक विकास मन्त्रालयअन्तर्गतकै विभिन्न कुराहरू छन् । हिजो यो क्यान्सर अनि मुटु रोग र मृगौला रोगसँग सम्बन्धित एउटा प्रदेश मन्त्रालयले पनि केही क्षेत्रमा राहत वितरण गरेको कुरा र त्यसमा डोल्पा जिल्लाबाट थुप्रै मान्छेहरूले पनि यो क्यान्सर पीडितहरूले अहिले पनि भरतपुर अस्पतालहरूमा, लखनौ उपचार गराईराखु भएको छ । कोही काठमाण्डौंमा उपचार गराईराखु भएको छ । प्रदेश सरकारले अलिकति ध्यान दिनुपर्ने कुरा चाहिँ यो क्यान्सर पीडितहरूलाई सरकारले एक लाख त अब सरकारको नीतिमै एक लाख रुपैयाँ दिने भन्ने छ संघको सरकारले राखेको छ । स्थानीय सरकारले आफ्नो क्षमताले भ्याए जति २०/३० लाख केरे हजार रुपैयाँ त दिने गरेको छ स्थानीय सरकारले पनि ।

प्रदेश सरकारले डोल्पा जिल्लाका मैले योभन्दा अगाडि हाम्रो सामाजिक विकास मन्त्री दल रावल हुनुहुने बेला सामाजिक विकास मन्त्रालयमा २/३ ओटा फाईल बुझाएँ । तर, ती क्यान्सर पीडितहरूले उपचार गर्न पाएनन् । अहिले पनि मेरो डोल्पा जिल्लाका २३ ओटा विरामी चीतवन हस्पिटलमा छन्, भरतपुर हस्पिटलमा छन् । क्यान्सरको उपचार गराईराख्या छन् । यसमा क्यान्सर पीडित कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेशका सवै जनतालाई क्यान्सर पीडितहरू यो मृगौला रोगीहरूलाई चाहिँ अलिकति विशेष प्राथमिकता दिनुपर्ने कोही एकदमै गरीव मान्छेहरू अब अलिकति हुनेवाला खानेवाला मान्छेलाई त त्यति गाह्रो हुँदैन । गरिब एकदमै निम्न परिवारका मान्छेलाई क्यान्सर रोग लाग्यो भने एकदमै पीडादायी रोग यो औषधी गर्दामा यो सञ्चो पनि नहुने पैसा पनि नरहने रोगलाई चाहिँ प्रदेश सरकारले ध्यान देओस् भन्न चाहन्छु ।

अर्को कुरा कृषि मन्त्रालयको कुरा गर्दा खेरि अस्ती हामी मन्त्रीज्यूले बजेट ल्याउनुभन्दा पहिला हामीलाई बोलाएर एउटा छलफलमा उपस्थित हुने अबसर दिलाउनुभएको थियो मन्त्रालयले दिलाएको थियो । त्यतिखेर पनि हामीले केही छलफल गऱ्यौं ।

कृषिको कार्यक्रम यो हाइटेक नर्सरी भनेपछी फेरि व्यक्तिको विरोध गऱ्या जस्तै हुन्छ । त्यतिखेर मन्त्री जो भए पनि सरकारको एउटा सरकारको लक्ष्य हो । त्यो कुनै

व्यक्तिको इन्टेष्टले योजना छनोट हुँदैन । सरकारको लक्ष्यले नै हो । सरकारकै विरोध गरेको त्यतिखेर अब अलिकति व्यक्तिको विरोध गरेजस्तो कुराहरू बाहिर भयो हाम्रो अब मेरो आफ्नो व्यक्तिगत कुरा हो यो । हाइटेक नर्सरीले अहिले डोल्पामा केहीपनि उपलब्धि दिएको छैन । हाम्रो प्रदेशको पुर्व कानून मन्त्री हाम्रो सिता नेपाली तपाईँ अस्ती भर्खर डोल्पा गएर आउनु भयो सायद उहाँले पनि हेर्नुभएको छ होला त्यो हाइटेक नर्सरी । डोल्पामा थुप्रै समस्याहरू छन् । स्याउको विरुवाहरू मुस्ताङ, मनाङ, इन्डियाबाट काँ काँबाट ल्याउनुपर्छ । जुम्लाबाट लैजानुपर्छ । हाम्रो त्यहाँ हाइटेक नर्सरी विशेष त्यहाँको जनताहरूलाई विरुवा उत्पादन गर्नको लागि स्थापना गरिएको जस्तो लाग्छ मलाई । कि एउटा बगरमा छ यत्तिकै छरपष्ट रूपमा छ । अहिले जे होस् यो सरकारले चाहिँ हाइटेक नर्सरीको चाहिँ कार्यक्रम ल्याएन । त्यसमा हामीपनि खुसी छौँ किनकि हाइटेक नर्सरीले केहीपनि जनतालाई सेवा पुऱ्याएको छैन । डोल्पामा अब गर्ने मान्छेले त धेरै कुराहरू गऱ्या होलान् । अब यो तराई क्षेत्रमा अब कति विरुवा उत्पादन गर्नुभयो ?

अर्को कुरा हाम्रो मन्त्रीज्यूले बगैँचा एक स्वामित्व अनेक नयाँ कार्यक्रम ल्याउनुभएको छ । यो नयाँ नयाँ कुरा आउँछन् । हिजो पर्यटन मन्त्रालयको पाँच प अस्ती अर्को कुन मन्त्रालयको ६ ड यो धेरै छ र ब ले पनि धेरै काम नगऱ्या जस्तो पनिदेखिन्छ । ब र प ले हैन ? तर अब जति नयाँ नयाँ शब्द ल्याएपनि काम चाहिँ प्रभावकारी एउटै काम बरु प्रभावकारी काम गऱ्यो भने सरकारको एकदमै राम्रो प्रभावकारी हुन्छ । जनतालाई यो कृषिअन्तर्गतको कुराहरू गर्दाखेरि कृषिले धेरै सानातिना योजनाहरू दिएको छ । सिंचाईहरूमा पनि अहिले थुप्रै ८ लाख, ७ लाख, ६ ला, ५ लाख यस्तै सिंचाईहरू छन् । तर, डोल्पा जिल्लाको समस्या हुनतः अब हाम्रो कर्णाली प्रदेशमा कुनै ठाउँ सुन्तला फल्छ, कुनै ठाउँ स्याउ फल्छ, दाँते ओखरहरू फल्छ हैन ? मेरो डोल्पा जिल्लाको कुरा गर्दाखेरि मेरो जिल्लाको त्रिपूरासुन्दरी नगरपालिका भनेको एकदमै स्याउ धेरै खेती हुने हाम्रो त्रीपूरासुन्दरी र ठूलीभेरी नगरपालिका हो । दुईटा नगरपालिका हो । तर, त्यहाँ अहिलेसम्म एउटा पनि चिस्यान भवन, एउटा कोल्ड स्टोर एउटा सरकारको लक्ष्यअनुसारको कोल्ड स्टोर बन्याछैन ।

गत वर्षको योजना २०७७/०७८ को योजनामा एउटा ४० लाखको भवन पऱ्याथ्यो । त्यो पनि त्यहीँ हाइटेक नर्सरीको छेउमा बन्यो । न बालुवा राख्ने कि ढुंगा राख्ने कि ? के राख्ने ? यहाँहरूले जिल्लामा बुझ्दा हुन्छ अलिकति त प्रभावकारी जनतालाई सेवामूलक कार्यक्रम चाहिँ प्रदेश सरकारले दिंदाखेरी जनताको सवैको स्वामित्व हुने गरेर जनतालाई अलिकति सेवा पुग्ने कार्यक्रम दिनुपर्छ भन्ने मेरो बिचार छ । किनभने बजेट थुपे्र गएको छ । बजेट गएको छैन भन्दिन म । बजेटहरू थुप्रै गएको छ । तर, आवश्यकता के मा हो भनेर राम्रोसँग पहिचान गरेर अथवा हामी माननीय वा स्थानीय तहको जनप्रतिनिधिलाई बुझेर त्यहाँको आवश्यकता के हो ?

आवश्यकताअनुसारको बजेट दिनहुन पनि अब मन्त्रालयले अहिले त अब गैसक्यो । गएको बजेटलाई चाहिँ राम्रोसँग कार्यान्वयन गर्ने हामी सबैको जिम्मेवारी छ । त्यो मलाई थाहा छ ।

अर्को कुरा अर्थ मन्त्रालयको कुरा हरेक योजनाहरू अर्थ मन्त्रालयमा जान्छन् लाष्ट निर्णय हुँदाखेरी । त्यहाँ को के बोर्ड बस्छ ? मुख्यमन्त्रीज्यू बस्नुहुन्छ होला अथवा मन्त्रालयका मन्त्रीज्यूहरू बस्नुहुन्छ होला छलफल गर्दाखेरि । तर, महत्त्वपूर्ण योजनाहरू त्यहाँ गएर किन काटिन्छन् अर्थ मन्त्रालयमा । त्यहाँ गएर महत्त्वपूर्ण योजनाहरू काट्ने अनि अनावश्यक योजनाहरू राख्ने । जस्तै अस्ती मैले भौतिक पूर्वाधार मन्त्रीज्यूले भन्नुभयो यो सबै मन्त्रालयलाई कोट गरेर बोल्या शब्द हो । अस्ती ३० लाख भएको योजना फेरि गएर १० लाख भएको छ । म यो मेरो भौतिक पूर्वाधारको योजना हो यो त्रिपूरासुन्दरी वडा नम्वर ४ मेरै वडाको बाटो थियो । त्यसमा ३० लाख रातो बुकमा चाहिँ ३० लाख छ अहिले फेरि आएर १० लाख भएको छ । यस्तो प्रवृत्तिले चाहिँ मन्त्रालयमा छलफल गर्दाखेरि अर्थ मन्त्रालयले हेर्दाखेरि राम्रोसँग हेरेर आवश्यकता विनाको कुरा त ठिकै हो हामीलाई बोलाएर सोधेपनि हुन्छ । आवश्यकता परेको कुराहरूलाई चाहिँ मन्त्रालयले यो काँटछाँट गर्ने कुरा चाहिँ राम्रो होइन । मन्त्रीज्यूहरूलाई सुझाव दिन चाहन्छु माननीय सभामुखज्यूमार्फत मेरो भनाइ पनि अन्त्य गर्न चाहन्छु । धन्यवाद !

**माननीय सभामुख :** माननीय श्री सुशीलकुमार थापा । समयः ७ मिनेट । त्यसपछि माननीय श्री पद्मा खड्का तयारी अबस्थामा रहनुहोला । माननीय सदस्यले त्यहीँबाट पनि बोल्न सक्नुहुनेछ । स्वास्थ्य समस्याका कारण त्यहीँबाट बोल्न सक्नुहुनेछ ।

**माननीय श्री सुशीलकुमार थापाः** माननीय सभामुख महोदय, २०७९/०८० को यो विनियोजन विधेयकको शीर्षकहरूमाथिको आज ३ ओटा मन्त्रालय आर्थिक मामिला मन्त्रालय, सामाजिक विकास मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमाथिको विनियोजन शीर्षकहरूमाथिको छलफलमा सहभागी भइरहेको छु ।

माननीय सभामुख महोदय, हामीले सम्भवतः यो हाम्रो कार्यकालको यो कार्यकालको अन्तिम बजेटमाथिको हामी छलफलमा हामी सहभागी भइरहेका छौं । थुप्रै विषयहरूमा यहाँ कुराहरू उठिसके । माननीय सभामुख महोदय केही माननीयहरूले पनि आजको विषयअन्तर्गत सामाजिक विकास मन्त्रालयको यो किताबलाई हेर्नुभो भने मलाई लाग्छ मन्त्रीले आफ्नो कार्यकक्षमा अर्थात हामीलाई बोलाएर जुन छलफल गर्नुभो त्यो छलफलभित्र उहाँले जुन ढङ्गले योजनाहरूको माग गर्नुभएको थियो यो बुकभित्र न अटाएर होला सायद यो छुट्टै एउटा अर्को रेडबुक छ । एउटा छुट्टै यो ल्याएर उहाँले यहाँ त केही योजनाहरू यहाँ ल्याउनुभाछ चार पाँच पेजको । यता छुट्टै यत्रो यो बुक निकालेर ल्याउनुभाछ । हेरें के हो भने अहिले १० मिनेट अगाडि मात्रै यो किताबभित्र

आउनुभन्दा १० मिनेट अगाडि मात्रै यो किताब पाइयो । सरसर्ती हेर्दा मैले मेरो जिल्लाको मात्रै हेरें ।

मेरो जिल्लामा ११ ओटा स्थानीय तह छन् । सरसर्ती हेर्दा हामी अहिले प्रतिनिधित्व ४ ओटा माननीयहरूले गर्छन् । एक जना मन्त्री हुनुहुन्छ, एकजना सभामुख हुनुहुन्छ । अरू २ जना हामी माननीय छौं । सरसर्ति हेर्दा ती ११ ओटा स्थानीय तहका सामाजिक विकासका विद्यालय लगायत अन्य हेर्ने हो भने ४ ओटा योजना मात्रै समावेश छन् । ती अरू ७ ओटा योजना कसरी कहाँबाट आए होलान् ? यो अलि मलाई जिज्ञासा लाग्यो । कसरी आए ? कसरी आउँछन् ? कि त यो छलफल नै गराउनु हुन्थेन सहभागी गराउनु हुन्थेन । लेटरप्याडमा लेखेर ल्याएर आउ भन्नु हुन्थेन । अनि त्यसरी दर्ज गर्न लगाउनु अनि योजना बाहिरबाट हाल्ने यो कस्तो प्रवृत्ति भयो ? यो एउटा मेरो सानो जिज्ञासा मात्रै राख्न चाहें ।

माननीय सभामुख महोदय, पटक-पटक हामीले बजेट वितरण गर्दा बजेट ल्याउँदा हामीले सुझाव दिने गरेका छौ । कि कर्णाली प्रदेशले आफ्नो बजेट ल्याउँदा हामीले हाम्रो प्रदेशमा रहेका १७ लाख नागरिकहरूलाई साक्षी राखेर तीनलाई हेरेर समावेशी र समानुपातिक ढङ्गले चाहिँ बजेट वितरण गर्ने परिस्थिति बनाऔं । त्योअनुसारको बजेट ल्याउँ । सवै निर्वाचन क्षेत्र २४ वटै निर्वाचन क्षेत्र ७९ वटै स्थानीय तहलाई हेरेर हामीले बनेट विनियोजन गर्ने प्रवृत्ति ल्याउँ । त्यहाँको वास्तविक आवश्यकता के छ ? त्यसका आधारमा बजेट ल्याउँ भनेर हामीले पटक पटक आवाज उठाइरहेका छौं ।

विगत ४ वर्षको बजेट मात्रै त लगभग लगभग ९८ अरब रुपैयाँ छ, लगभग एक खरब रुपैयाँ नजिक हामीले चाहिँ बजेट विनियोजन गऱ्यौं । तर, हाम्रो कर्णाली प्रदेशको टोटल यहाँ चाहिँ बजेट हामीसँग चाहिँ यो कर्णाली प्रदेशको अहिलेसम्मको यो बजेट भनेको लगभग लगभग एक अरब चौतिस करोड त्रिचालिस लाख राजस्व आन्तरिक राजस्व सङ्कलन भाछ । यत्रो बजेट विनियोजन गर्दा ४ वर्षभित्र जम्मा एक अरब चौतिस करोड रुपैयाँ चाहिँ हामीले राजस्व सङ्कलन गर्ने दायराहरू निर्माण गऱ्यौं भने हामीले कस्तो बजेट ल्यायौं ? यसैबाट हामीलाई थाहा हुन्छ । धन्न धन्न १ खर्बको बजेट ल्याउँदा १ अर्ब रुपैयाँ राजस्व सङ्कलन गर्ने राजस्व सङ्कलन गर्ने दायराहरू निर्माण हुन्छन् भने यो बजेट कतातिर चाहिँ हामीहरू लगाईरहेका छौं ? यो बडो जिज्ञासा लागिरहेको छ ।

माननीय सभामुख महोदय, हामीले विभिन्न खालका सङ्घर्षहरू प्रतिपक्ष दलको हिसाबले नेकपा एमालेले संसद्मा विभिन्न कुराहरू उठायौं । योअनुसारको अहिले एउटा समझदारी पनि भाछ । धन्ने त्यो समझदारीका आधारबाट हेर्ने हो भने ६ अर्ब रुपैयाँ सवा ६ अर्ब रुपैयाँ चाहिँ बजेट बच्दो रहेछ । त्यो बजेट भनेको अनाधिकृत ठाउँमा गलत ठाउँमा चाहिँ त्यो बजेट प्रयोग भइरहेको रहेछ । अहिले त्यो बजेट हामीले आवाज उठाइसकेपछी साँच्चै त्यो गलत ठाउँमा चाहिँ प्रयोग भाको छ भनेर, गलत ढङ्गले प्रयोग

भएको छ भनेर त्यो बजेट आज चाहिँ फेरि संशोधन भएर चाहिँ कार्यान्वयन हुँदैछ । म त्यसकारण यो बजेट ल्याउनुभन्दा पहिल्यै सरकारलाई के सुझाव दिन चाहन्छु भने हामीले कम्तीमा पनि बजेट ल्याउँदा कुन सूचांकहरूलाई चाहिँ ख्याल गरेर ल्याउने ? कसरी समावेशी र समानुपातिक ढङ्गले सबै क्षेत्रलाई हामीले समेटेर हामीले बजेट ल्याउन सक्छौं ? यी कुराहरूलाई ख्याल गऱ्यौं भने हामी त्यहीँ ढङ्गले चाहिँ बजेट ल्याउन सक्छौं जस्तो मलाई लाग्छ ।

जस्तो, चालु खर्च हेर्ने हो भनेपनि अहिले यो रेडबुकहरूमा चालु खर्च हेर्ने हो भनेपनि चालु खर्च यसरी बेथितिका हिसाबले अगाडि बढ्याछ, थुप्रै कुराहरू हामी त्यहाँ कटौती गरेर हामीले पूँजीगत खर्च तिर त्यसलाई रूपान्तरण गर्न सक्छौं । लगभग लगभग १० अर्ब चालु खर्चबाट हामी कटौती गरेर ३ अर्ब हामी अहिले पनि त्यसलाई चाहिँ पूँजीगत खर्चमा ल्याउन सक्छौं । भने यता सवा ६ अर्ब रुपैयाँ गलत प्रवृत्तिले बजेट आएको थियो । त्यै भएर हामीले अंकुश लगाएर सही ट्र्याकमा ल्याएका छौं । यो दुईटै बजेट जोड्ने हो भने धन्न धन्न साढे ९ अर्ब रुपैयाँ जति हामीसँग चाहिँ अहिले सही ढङ्गले प्रयोग गर्नका लागि चाहिँ अर्थात नयाँ ढङ्गले प्रयोग गर्नका लागि आउँदो रहेछ ।

माननीय सभामुखमार्फत् म यो बजेटलाई कम्तीमा पनि हामीसँग ७९ ओटा स्थानीय तह छ । १० ओटा जिल्ला छन् । हामीले शिक्षा, स्वास्थ्य, कृषिमा विशेष खालको प्रेजेक्टहरू ल्याएर हामीले बजेट विनियोजन गऱ्यौं भने हामीले केही गर्न सक्छौं । जस्तो अहिले पनि हामी हामीसँग ७ सय १८ ओटा वडा छन् । हुनतः हाम्रो संविधानले नै प्रारम्भिक बाल शिक्षादेखि माध्यामिक शिक्षासम्म स्थानीय तहको भन्याछ । क्याम्पस प्रदेशमा भन्याछ । तर, हामीले हाम्रो क्षेत्रको शिक्षालाई अगाडि बढाउनको लागि हामीले प्रारम्भिक बाल शिक्षादेखि अहिले शहर बजारमा त मन्टेश्वरीदेखि एल केजी, यू केजी के के नर्सरी हुँदै बडो ब्रम्हुट गर्ने प्रवृत्ति भैराछ । हामीले चलाउन त चलाउनु नै छ । तर, हामीले प्रारम्भिक बाल शिक्षा के एउटा वडामा कम्तीमा पनि दुईटा प्रारम्भिक बाल शिक्षा र माध्यामिक एउटा वडामा एउटा माध्यामिक शिक्षा त्यो पनि म्याथ, साईन्स्, इङलिश, नेपाली, सोसलसहितको हामीले यी विषयसहितको व्यवस्थापन गर्ने एउटा वडामा दुईटा बाल शिक्षा केरे प्रारम्भिक बाल शिक्षादेखि ८सम्म व्यवस्थापन भएको स्कुल र हामीले माध्यामिक शिक्षा भने एउटा वडामा ब्यवस्थित रूपमा व्यवस्था गर्न यो साढे ९ अर्ब रुपैयाँ त्यहाँ ब्यवस्थित गर्न सक्यौं भने सबै गर्नु पर्दैन लगभग लगभग ३ अर्ब रुपैयाँ गर्ने हो भने त्यहाँ हामीले व्यवस्थापन गर्न सक्दा रहेछौं । त्यो पनि संघ, स्थानीय तह र प्रदेश सरकारमा ।

अर्को हामीले चाहिँ जस्तो प्रत्येक पालिकामा एउटा प्राविधिक शिक्षा ३ वर्ष कम्तीमा पनि प्राविधिक शिक्षा पढ्ने व्यवस्थापन गर्ने यो बजेट हामीले त्यतापनि लगाउन सक्यौं भने हाम्रो पालिका मै आफ्नै पालिकामा प्राविधिक शिक्षा पढ्न पाउँछौ । जस्तो

अर्को कृषितिर हेरौं, कृषिमा माननीय सभामुख महोदय अहिले पनि हेर्ने हो भने कृषिमा बडो विजोग छ । अहिले पनि हाम्रो जिल्लाहरूमा चाहिँ जिल्ला तहमा कृषिका जिल्ला र पशुको जिल्ला कार्यालयहरूमा पनि अहिले हेर्ने हो भने कृषि विज्ञहरू, चिकित्सक विज्ञहरू अहिले पनि चाहिँ जिल्लामा छैनन् ।

हामीले त्यसलाई ब्यवस्थित ढङ्गले अगाडि बढाउन सक्यौं भने हामीले प्रत्येक जिल्लामा एउटा टिम नै बनाएर त्यसलाई हामीले चाहिँ सञ्चालन गर्न सक्यौं र प्रत्येक वडामा कम्तीमा पनि हामीले चाहिँ कृषि विज्ञ र पशु चिकित्सकहरूलाई चाहिँ हामीले हाम्रो स्थानीय तहमा गएर चाहिँ अनुगमन गर्ने, त्यहाँ उत्पादनमा जोडिएका हाम्रा कृषकहरूलाई जोइन्ट गराएर अर्थात तिनीहरूको उत्पादनलाई हामीले अनुगमन गर्ने, त्यसका आधारमा हामीले चाहिँ अब अनुदानका कार्यक्रमहरू सञ्चालन गर्ने बजेटको व्यवस्थापन गऱ्यौं भने अहिलेको जुन ढङ्गले अनुदानका कार्यक्रमहरू गलत प्रवृत्तिले वितरण भैरहेका छन्, प्रयोग भैरहेका छन् त्यसलाई हामीले चाहिँ कन्ट्रोल गरेर उत्पादनमा जोड्न सक्छौं । त्यसकारणले माननीय सभामुख महोदय बजेटलाई त्यहीँ ढङ्गले अगाडि बढाउनका लागि हार्दिक आग्रह गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, मैलै एक मिनेट समय लिएर राख्न चाहन्छु अन्तिममा । जस्तो स्वास्थ्य क्षेत्र कर्णाली प्रदेशमा बडो डरलाग्दो ढङ्गले यो क्षेत्रका हाम्रा जनताहरूले स्वास्थ्य क्षेत्रको हरेक कोणबाट हेर्ने हो भने बढो डरलाग्दो ढङ्गले गुजार्न परिरहेको अबस्था छ । कम्तीमा पनि हामीले हाम्रो पालिकामा स्थानीय तह, प्रदेश र संघीय सरकारको समन्वयमा १५ शैय्या त बनाउने नै भन्याछ । हामीले छिटै १५ शैय्याको बनाएर हैन विशेषज्ञ डाक्टरहरूसहितको टिमसहितको हामीले १५ शैय्याको अस्पताल बनाएर कम्तीमा पनि एउटा वडामा १५ दिनको एकपटक एउटा वडामा चाहिँ चिकित्सकसहितको हैन हाम्रो डाक्टरसहितको टिम गएर वडामा हामीले जाँचबुझ गर्ने एउटा व्यवस्था मात्रै गऱ्यौं भनेपनि जो प्रत्येक दूर दराजमा रहेर सामान्य उपचार नपाएर सुगर, प्रेसर, युरिक एसिड हाम्रो महिलाहरूका थुपै्र समस्याहरू अन् आङ खस्नेदेखि लिएर थुप्रै समस्याहरू छन् । यीनलाई मात्रै हामीले चाहिँ उपचार गर्ने व्यवस्था गऱ्यौं भने हामीलाई यो ९ अर्बले यो शिक्षा, स्वास्थ्य, हामीलाई चाहिँ यो कृषिलगायतका अहिले मैले केही क्षेत्रहरू भनें यी सवैहरूलाई पनि बजेट पुग्दो रहेछ र अझै बजेट बचेर हामी अन्यत्र क्षेत्रमा लगानी गर्न सक्दा रहेछौं ।

माननीय सभामुख महोदय, म त्यसकारणले फेरि पनि आग्रह गर्न चाहन्छु (**माननीय सभामुखः** छोट्याउनुस् माननीय सदस्य) फेरि पनि आग्रह गर्न चाहन्छु कम्तीमा पनि एउटा निर्वाचन क्षेत्रमा हामीसँग २४ ओटा निर्वाचन क्षेत्र छ । एउटा निर्वाचन क्षेत्रमा १५देखि २० किलोमिटर मात्रै हामीले पिच गर्ने सडक पिच गर्ने कार्यक्रम ल्यायौं भने मुख्यमन्त्री रोजगार कार्यक्रम विभिन्न जनता तटवन्धन मुख्यमन्त्री रोजगार कार्यक्रमहरू यस्ता यस्ता खालका कार्यक्रम छन् बरु यसलाई रोकेर एउटा निर्वाचन क्षेत्र २०

किलोमिटर पिच बरु चाहिँ मुख्यमन्त्री एउटा निर्वाचन क्षेत्र पिच कार्यक्रम राखौं न बरु । त्यस्ता कार्यक्रमहरू राखेर (**माननीय सभामुखः** छोटो बनाउनुस् माननीय सदस्य) कार्यक्रम गर्न सक्छौं । हवस् धन्यवाद !

**माननीय सभामुख :** माननीय श्री पद्मा खड्का । समय ७ मिनेट । त्यसपछि माननीय श्री दानसिंह परियार तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री पद्मा खड्काः** समाभुख महोदय, हामी २०७९/०८० को मन्त्रालयगत बजेट किताबमाथि छलफलमा भाग लिईरहेका छौं । सर्वप्रथम आज हामी आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयको विषयमा आफ्ना केही सैद्धान्तिक धारणाहरू राख्न म यहाँ उपस्थित भएको छु ।

सभामुख महोदय, विशेषगरी कर्णालीलाई साँच्चिकै कर्णाली बनाउने हो भने, साँच्चिकै कर्णाली समृद्धिको रेखा कोर्ने हो भने कृषि उत्पादनलाई भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयअन्तर्गत कृषि उत्पादनलाई कर्णालीमा विशेष प्राथमिकताका साथ हामीले हेर्न सकेको भए त्योअनुसारका नीति, त्यहीअनुसारको बजेटलाई हामीले जोड्न सकेको भए साँच्चिकै हामी कर्णालीमा केही गरेको आभास हामीले चाहिँ लिन सक्थ्यौं भन्ने मलाई लाग्छ ।

विशेषगरी कृषि सहकारी मूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयको बजेट हेर्दा प्रत्येक वर्षको बजेट हेर्दा जहिले पनि बजेट वितरणमुखी बजेट बजेटले साँच्चिकै किसानलाई अझैपनि छुन सकेको छैन कि ? भन्ने खालको चाहिँ बजेटको शीर्षक हेर्दा र कार्यान्वयनको एउटा प्रगतिको अबस्था हेर्दा त्योदेखिन्छ । अहिले पनि मैले यहाँ यो किताब हेरिरहँदा हिजोमात्रै हामीले प्राप्त गरेको किताब नभैकन अलि अगाडि हामी मन्त्रालयगत बुक जसरी सवै मन्त्रालयको एउटै बुक आउँदाखेरि पनि मैले त्यो बुक हेरिरहेको थिएँ । र कर्णाली प्रदेशमा अहिले पनि कर्णाली प्रदेश यस्तो जिल्ला हो जहाँ हिमाली भागमा साबिकका कर्णालीका जिल्लामा पर्याप्त मात्रामा स्याउ उत्पादन हुन्छ, ओखर उत्पादन हुन्छ, सिमी उत्पादन हुन्छ र त्यसैगरी मार्सी धानहरू उत्पादन हुन्छ र आज यसको बजारको कुरा हाम्रो सरकारले कर्णाली प्रदेश सरकारले यसलाई एउटा जिल्लामा मात्रै पनि व्यवस्थापन गर्न सकेको भए आज सिजनको बेला भदौ लाग्ने बेला कर्णालीका जनताले ५ रुरपैयाँ दाना स्याउ विक्रि गर्न बाध्य हुन्छन् भने आज बजारमा जानुभयो भने अहिले बजारमा जानुस् ४५० रुपैयाँ केजी स्याउ पर्छ । यो कुरालाई हाम्रो कर्णाली प्रदेश सरकारले किन गम्भीर रूपमा लिन सकेको छैन ?

प्रत्येक जिल्लामा अहिले किसानहरूले स्याउ उत्पादन गरेका छन् भने ती स्याउसलाई ग्रेडिङ गरेर हामी कोल्ड स्टोरमा राख्न सकेको भए आज चाईनिज स्याउ, इन्डियन स्याउ ४५० मा खान कर्णालीका जनता बाध्य हुने थिएनन् । त्यो पैसा कर्णालीका किसानले मनग्य रूपमा आम्दानी गर्ने, कर्णालीको प्रदेशलाई राजस्व उत्पादन

हुने, आय आर्जन वृद्धी हुने यी सवै कुरालाई कर्णाली प्रदेश सरकारले चार वर्ष कार्यकाल बित्दै गर्दा ५ वर्ष अब थोरै थोरै रहँदा पनि कहीँ कतै नजिकबाट छुन सकेको अबस्थादेखिदैंन । नारामा नीति तथा कार्यक्रम आउँछ । नीति तथा कार्यक्रमले अलिअलि ल्याउन खोजे जस्तो हुने बजेट आउँदा फेरि मेटिएर जाने, बजेट आउँदा ती नीति तथा कार्यक्रमहरूलाई ब्यवस्थित रूपले छुन नसक्नु यो कर्णालीको विडम्बना हो भन्ने मलाई लाग्छ ।

अर्को कुरा फलफुसँगै जोड्दा तरकारीको कुरा गरिरहँदा आज किसानहरू आज यहाँ विचौलियाहरू दिनप्रतिदिन माथि गएको अबस्था छ । जसले बजारको बजारिकरणलाई चाहिँ उसले छोपेको छ त्यो किसानको अबस्था आज किसान दयनीय भएको छ । त्यसकारणले आज कृषि ब्यवसायलाई मर्यादित गराउन सकिएको छैन । कृषि ब्यवसायमा आज किसानहरू लाग्न मन गरेका छैनन् । किसानहरूलाई हौसला हामीले दिन सकेका छैनौं । आज उत्पादन गरेको वस्तुले एकैचोटि धेरै उत्पादन हुन्छ त्यतिखेर बजार छैन र राख्ने कोल्ड स्टोरहरू छैनन् । यी कुराहरूलाई हामीले व्यवस्थापन गर्न नसक्नु प्रत्येक जिल्लामा ४ वर्षमा सायद हामी एक/एक ओटा ठुला परिणामका चाहिँ कोल्ड सेन्टर गराउन सकेको भए आज अरू केही नगरेपनि कर्णाली प्रदेश सरकारले चिस्यान घरहरू बनाएर किसानका उत्पादनलाई ब्यवस्थित गरेर राखेर वेमौसमीमा विक्रि वितरण गर्दा कर्णाली प्रदेशको राजस्व वृद्धीदर पनि बढ्थ्यो होला भन्ने कुरा तिर पनि हाम्रो ध्यान जान सकेन ।

अर्को कुरा मैले यहाँनेर के गर्न चाहिरहेको छु भने फेरि पनि फेरि पनि यो कृषिका माध्यमबाट, कृषिका माध्यमबाट फेरि टुक्रा टुक्रा बजेटहरूलाई साना सिंचाईका माध्यमबाट साना सिंचाई हुन्छन् तीनलाई सम्पन्न गर्नुपर्छ । सानो बजेट आवश्यकता पर्छ भन्ने नाममा फेरि पनि त्यो किताबमा नयाँ बजेटहरू ३ लाख ४ लाख रुपैयाँका दरले आएका छन् । यसलाई मैले कृपया अनुरोध गर्न चाहन्छु सक्नुहुन्छ भने मन्त्रीज्यू यो बजेटलाई एकीकृत गरेर एउटै बजेट बनाउनुस् मैले शुभकामना दिन चाहन्छु ।

यस्तैगरी मैले सामाजिक विकास मन्त्रालय जसले यो सामाजिक कर्णाली प्रदेशको सामाजिक न्याय, सामाजिक कुरीति, सामाजिक कुसंस्कारका हरेक हिसावले यो मन्त्रालयले जुन ठूलो क्षेत्र ओगटेको छ यो मन्त्रालयको कार्यक्षेत्र यो कार्यक्षेत्रभित्र रहेर धेरै बजेटहरू यो मन्त्रालयको चालु खर्चीतिर जान्छ त्यो स्वाभाविक रूपले हामीले देखेका छौं । पुँजीगत खर्च तिर जाने बजेटलाई जुन पूर्ववक्ता माननीयज्यूहरूले पनि उठाउनु भएको छ जस्तो प्रारम्भिक बाल विकासदेखि माध्यामिक तहसम्मको अधिकार हामीले स्थानीय तहलाई संविधानले व्यवस्था गरेको छ । र यहाँका क्याम्पसहरूलाई कर्णालीका क्याम्पसहरू कर्णालीको आज कृषि विषय पढाईरहेका, कर्णालीका आज भेटनरी विषयहरू पढाईरहेका, कर्णालीमा इन्जिनियरिङ विषय विभिन्न प्राविधिक विषयहरू पढाईरहेका क्याम्पसहरूको आज हालत हेर्नुस् आज भवनको अबस्था हेर्नुस् दयनीय अबस्था छ ।

आज हरेक भौतिक संरचनाको अबस्था हेर्नुस् दयनीय अबस्था छ । हामी कर्णालीमा जनशक्ति उत्पादन गर्न सकेनौं भने, कर्णालीमा हामीले जनशक्ति उत्पादन गरिएन भने हाम्रा कार्यक्रमहरूलाई, हाम्रो हरेक योजनाहरूलाई कसरी हामीले चाहिँ अगाडि बढाउन सक्छौं ? कसरी हामी बाहिरबाट जनशक्ति ल्याएर हाम्रो क्षेत्रमा हामीले प्रयोग गर्न सक्छौं ? यो कुरालाई ध्यान राख्न पर्छ कि पर्दैन कर्णाली प्रदेश सरकारले । मैले सामाजिक विकास मन्त्रालयमा रहेको, छरिएको यो बजेट आवश्यकता छ प्रारम्भिक लेभलमा पनि आवश्यकता छ अबस्था त्यस्तै खालको छ । तर, स्थानीय तहसँग प्रदेश सरकारले समन्वय गरोस् तर एकपटकको हामीले योभन्दा अगाडि प्रदेश सरकारका सवै प्रदेश सरकार प्लस प्रदेशसभामा सवै माननीयज्यूहरूले कर्णाली प्रदेशको स्वास्थ्यलाई हामी सवै मठ मन्दिरका बजेटहरू कटाएर एकमुष्ट रूपमा प्रदेश अस्पताल बनाऔंदा आज प्रदेशको गौरव गर्ने अस्पताल बनेजस्तै यो हामीले छुट्ट्याएको ७९ ओटा विद्यालयको बजेट हाल्न सकिन्छ भने कर्णाली प्रदेशका सवै जिल्लाका प्राविधिक विद्यालय, प्राविधिक शिक्षा अध्ययन गरिरहेका ती विद्यालयहरूका संरचनालाई बनाउने कुरामा यतातिर ध्यान जान सक्यो भने पक्कैपनि राम्रो हुन्थ्यो भन्ने लाग्छ ।

सभामुख महोदय, मैले आर्थिक मामिला तथा योजना मन्त्रालयको कुरा राख्न चाहन्छु । जहाँ आर्थिक सुशासन, पारदर्शिताको कुरा हेर्दा आर्थिक मन्त्रालयबाट अन्तिम अन्तिममा गएर बजेट रकमान्तर हुने, बजेटहरू फेरि त्यो आर्थिक मन्त्रालयबाट जसरी रकमान्तर भएर विभिन्न शीर्षकमा बजेटहरू जाने जुन खालको प्रवृत्ति छ त्यो कुरा आर्थिक मामिला तथा योजना मन्त्रालयले रोक्नुपर्छ । र आर्थिक मन्त्रालयबाट पनि वितरण जुन खलको एउटा ४ वटा, ५ वटा, ६ ओटा योजनाहरू जसरी सशर्त विशेष, समपुरक ती विभिन्न योजनाहरू छन् तीनलाई कार्यान्वयनमुखी जाने कुरामा चाहिँ ध्यान दिनुपर्ने र र अर्को कुरा बजेटको सिलिङ बजेट पास भैसकेपछी आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्नुपर्ने मन्त्रालयगत टिपोट, मन्त्रालयगत कार्यदिशहरू यी ढिलासुस्ती नगर्नका लागि पनि मैले आर्थिक तथा योजना मन्त्रालयलाई सुझाव दिन चाहन्छु । धन्यवाद !

**माननीय सभामुख :** माननीय श्री दानसिंह परियार । समय ७ मिनेट । त्यसपछि माननीय श्री खडकबहादुर खत्री तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री दानसिंह परियारः** सभामुख महोदय, आर्थिक वर्ष २०७९/०८० को आर्थिक मामिला, भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालयको वार्षिक बजेटमाथि धारणा राख्नको निमित्त म यहाँ उपस्थित भएको छु ।

प्रथमतः मैले महत्त्वपूर्ण ३ ओटा मन्त्रालयको सवै बजेटहरू हेरें मैले । र पहिलो म चाहिँ अर्थ मन्त्रालयको वारेमा कुरा राख्न चाहन्छु म । ताकि सवैभन्दा बढी आर्थिक अनुसाशन कायम गर्नुपर्ने मन्त्रालय जो आफैं चाहिँ आर्थिक अनियमितता कै नाईके भैसकेपछी त्यसमा छलफल गर्नुको कुनै औचित्यता छैन । किनभने नेपालको अर्थतन्त्र

किन कमजोर भैराख्याछ भने जो अर्थका चाहिँ मालिकहरू छन् तिनीहरूले कुन क्षेत्रमा लगानी गर्नुपर्छ भन्ने कुनै योजना छैन उनिहरूसँग । त्यसको प्रमुख प्रतिफल हो । तपाईंहरूलेदेखिसक्नुभो सिंगो कर्णालीको चाहिँ शिर तल हुने तरिकाले जुन संघीय संसद्मा चाहिँ पहिलो पटक चाहिँ कर्णालीको प्रतिनिधित्व थियो जुन किसिमको चाहिँ वदनामी गरियो त्यसले एकपटक चाहिँ कर्णालीको चाहिँ शिर तल भाछ्र फेरि ।

त्यसो भएकोले मैले अर्थ मन्त्रालयको वारेमा धेरै बोलिन मैले यहाँ । किनभने कर्णालीले राष्ट्रिय अर्थतन्त्रमा चाहिँ ४ प्रतिशतभन्दा १ प्रतिशत पनि योगदान दिने हाम्रो ५ वर्षको कार्यकालमा हामीले १% पनि कन्ट्रीब्युट गर्न सकेनौं हामीले । त्यसैले हाम्रो अर्थनीति के छ भन्ने कुरा हामी त्यहाँबाट हाम्रो क्षमता योग्यता के हो भन्ने त्यहाँबाट प्रमाणित भैसकेको छ । राष्ट्रिय जिडिपीमा कर्णालीले ४% कन्टिब्युट गर्छ । हाम्रो ५ वर्षको कार्यकालमा १% पनि हामीले योगदान थप्दिन सकेनौं । अनि हाम्रो लगानी कहाँ छ ? हामीले गर्न खोजेको क्षेत्र के हो ? हामीले परिकल्पना गरेको समाजवाद के हो ? जबसम्म चाहिँ हाम्रो लगानी प्रदेश पुँजीको चाहिँ विकास गर्ने क्षेत्रमा चाहिँ हाम्रो इन्भेष्ट हुँदैन भने हामीले खोजेको परिवर्त कहाँ हुन्छ ? समाजवाद भनेको त सामूहिकता हो नि । सामूहिक उत्पादन, सामूहिक वितरण, राज्यको स्रोत साधनको चाहिँ न्यायोचित वितरण र आधाभूत वर्ग क्षेत्रसम्म चाहिँ तपाईंको त्यसको न्यायोचित चाहिँ वितरण र अबसरको चाहिँ समानताको कुरा हो । त्यसो भएकोले यसको वारेमा मैले धेरै बोलिन ।

त्यसपछि आएर अर्को रह्यो कृषि विकास मन्त्रालयको वारेमा मैले यहाँ कुरा राख्छु मैले । यसको मन्त्रालयको नाम पहिलो नाममा के छ भने भूमि व्यवस्था । भूमि हामीले ब्यवस्थै गर्न सक्याछैनौं । हलो छोएपछी पाप लाग्छ भन्नेहरू हलोका मालिक छन्, जमिनका मालिक छन् । हलो जोत्नेहरू के छन् त भोकै छन् । कसैका नाममा बिसौं विगाहा चाहिँ जग्गा छ । कसैको नाममा एक टुक्रो जमिन छैन । जबसम्म जमिनको चाहिँ असमान वितरण राज्यमा जतिसम्म रहन्छ तवसम्म हामीले चाहिँ समावेशी र समान समानतामूलक तपाईंको चाहिँ कृषि हामी अबलम्बन गर्न सक्दैनौं । भूमि व्यवस्थै गर्न सक्या छैनौं हामीले । जो हलो जोत्छ जमिनै छैन त तपाईंको उसले कसरी उत्पादन गर्छ ? कसैका नाममा बिसौं विगाहा छ तपाईंको चाहिँ । यो पहिलो मुद्दा हो भूमिको मुद्दा ।

दोस्रो कुरा रह्यो उत्पादनको कुरा । आज इन्डियाको चाहिँ हिमाञ्चलको चाहिँ स्याउ नेपालगञ्जमा चाहिँ सस्तो पर्छ र जुम्लाको स्याउ किन महंगो भयो ? धेरै देशहरूले साँच्चिकै कृषिक्रान्ति गर्ने हो भने उत्पादन र ढुवानीमा चाहिँ हामीले अनुदान दिनुपर्छ । जुम्लाको स्याउ सुर्खेत ल्याउनको लागि सरकारले अनुदान दिनुपर्‍यो । तवमात्रै कृषकले तपाईंको चाहिँ स्याउ खेति गर्छ, ओखर खेति गर्छ, तरकारी खेति गर्छ । आज विश्वका धेरै देशहरू छन् । अमेरिका हेर्नुस् ३% मात्रै कृषकहरू छन् । अरबौंको जनसंख्या चाहिँ आफू सम्पन्न भएर कयौं देशहरूलाई उनिहरूले चाहिँ धानहरू बेच्छन् । गहुँहरू

बेच्छन् । समयअनुसार उनिहरूले के गरेभन्दा टेक्नोलोजिको विकास गरे, प्रविधिको विकास गरे । कृषिमा चाहिँ राज्यको अधिकतम लगानी भयो । तर, नेपालमा ८५% चाहिँ हामी कृषकहरू छौँ । तर, अहिले पनि हामीसँग ३ महिना चाहिँ खान पुग्दैन । त्यो किन भयो त ? किनभने लगानी गर्नुपर्ने ठाउँमा हामीले लगानी गरिराख्या छैनौँ । अर्थात जुन क्षेत्रमा चाहिँ राज्यको लगानी गर्नुपर्ने हो आज कयौँ मरुभूमीका देशहरू पनि कृषि अर्थतन्त्रमा चाहिँ आत्मनिर्भर भएका छन् र राष्ट्रिय अर्थतन्त्रको चाहिँ ४०%, ५०% चाहिँ योगदान दिएका छन् कृषि क्षेत्रबाट । उत्तर कोरियाको इतिहास हेर्नुस्, कुनैबेला त्यहाँका मान्छे भोकभोकै थिए । आज विश्वका सवै साम्राज्यवादीहरूलाई चुनौती दिन सक्ने उसले सामथ्र्य चाहिँ उसले कृषि क्षेत्रबाटको प्रविधिबाट टेक्नोलोजीको विकास गऱ्याछ र त्यसमा विभिन्न चाहिँ प्रविधिहरूको चाहिँ उपयोग गरिराख्याछ अहिले । यो एउटा उदाहरण हो ।

त्यसो भएकोले हामीले देख्यौँ यहाँ मैले हेरेँ मैले यहाँ कृषि मन्त्रालयको कार्यक्रममा हामीले ७ लाखका सिंचाई छन् हामीसँग । अनि माननीयहरूसँग योजना मागेका छन् कुनै पनि योजना चाहिँ माननीयको सम्वोधन छैन । अनि जहाँ जहाँ मन लाग्याछ त्यहीँ चाहिँ योजना दिई राख्याछन् । तल समुह बनाएका छन्, सहकारी बनाएका छन्, उपभोक्ता समिति बनाएका छन् । साँच्चिकै पाउनु पार्ने मान्छेले पाई राख्याछैनन् । अब कुनैवेला त हामीले अर्गानिकको पनि नाटक हामीले गरेका थियौँ । त्यो त हिजै सेलाईसक्यो । प्रांगारिक उत्पादनको चाहिँ हामी जे चाहिँ रासनै उत्पादन बाटै हाम्रो चाहिँ खान पुगि राख्याछैन भने प्रांगारिकको पनि हामीले के नाटक गऱ्यौँ त्यो त सकियो त अब । त्यसो भएकोले चाहिँ कृषि मन्त्रालयको सन्दर्भमा पनि साँच्चिकै मेरो एउटा मात्रै सुझाव के छ भने साँच्चिकै कर्णालीमा कृषिक्रान्ति गर्ने हो भने उत्पादन र ढुवानीमा अनुदान दिने कार्यक्रम चाहिँ अबको हाम्रो कृषि प्राक्टिसमा हुनुपर्छ । यसमा यति कुरा मात्रै राखेँ मैले ।

र अर्को सामाजिक विकासको कुरा । अहिले नेपालमा सवैभन्दा बढी दलालीकरण कहाँ छ भनेपछी शिक्षा र स्वास्थ्यमा छ । हुनेखानेहरूले पढ्ने शिक्षा एउटा छ । गरिवहरूले पढ्ने एउटा शिक्षा छ । स्वास्थ्यमा सवैभन्दा वढी दलाली छ यहाँ । हुनेखानेहरूको उपचार गर्ने छुट्टै केन्द्रहरू छन् । कयौँ क्यान्सर भएर, मृगौला पीडित भएर, मुटु रोगको विरामी भएर हजारौँ मान्छेहरू चाहिँ हस्पिटलमा चाहिँ अलपत्र छन्, छटपटाई राख्याछन् । राज्यले त्यसलाई कुनै योगदान दिन सकि राख्याछैन । अहिले हामीले त्योदेखि राख्याछौँ । सवैभन्दा बढी अहिले कुपोषमा चाहिँ देशैभरी कहाँका छन्भन्दा त कर्णालीका बालवालिका छन् । शिक्षा र स्वास्थ्यमा हाम्रो त्यस्तो छ । अनि जबसम्म हामी शिक्षामा वर्गियता, स्वास्थ्यमा वर्गियता कायम राख्छौँ भने त्यसले समविकासको चाहिँ सिद्धान्तलाई चाहिँ अबलम्बन गर्न सक्छ ? त्यसले चाहिँ सामाजिक न्यायकोसहितको चाहिँ समाज स्थापना गर्न सक्छ ? प्रश्न त्यो हो । हामी कहाँ छलफल

गर्छौं भने समस्यामा छलफल गर्छौं हामी । तर, त्यसको कारणमा हामी कहीँल्यै पनि छलफल गर्दैनौ ।

आज हरेक क्षेत्रमा चाहिँ नेपालको अर्थतन्त्र दिनानुदिन किन कमजोर हुँदैछ भने हरेक क्षेत्रमा चाहिँ दलालहरूको चाहिँ हस्तक्षेप छ । हरेक क्षेत्रमा चाहिँ माफियाहरूले चाहिँ युथको नाममा चाहिँ राज्यको स्रोत साधन चाहिँ दुरूपयोग गरि राख्याछन् । योे र त्यो नाममा फेरि स्रोत र साधनको दुरूपयोग भइ राख्याछ । हामीले अहिले कर्णाली पछाडि पर्‍यो भन्यौं । त्यसको एउटा कारण त केन्द्रीकृत शासन व्यवस्था थियो । तर, त्यो भन्दापनि ठूलो कारण कर्णालीभित्र रहेको जर्जर सामन्तवादी चेतना थियो भन्ने कुरा हामीले कहीं छलफल वहस गरेनौं । यहाँभित्रको गलत संस्कृति थियो, गलत चिन्तन थियो । यो र त्यो नाममा फेरि तपाईंको चाहिँ लामो समयदेखि सामन्तहरू चाहिँ सत्ता र शक्तिको चाहिँ नेतृत्व गरि राख्याथिए । त्यो अबस्था थियो । र अहिले त्यस्तैको चाहिँ तपाईंको चाहिँ धेरै कार्यकालमा हामीले चाहिँ नयाँ एउटा व्यवस्थाको त हामी अभ्यास् गरौं भन्याथ्यौं ।

तर, व्यवस्था परिवर्तन गर्‍यौं हामीले अबस्था परिवर्तन गर्ने हामीसँग योजना भएन । व्यवस्था परिवर्तन गर्‍यौं हामीले पात्र परिवर्तन गर्न सकेनौं, व्यवस्था परिवर्तन गर्‍यौं हामीले प्रवृत्ति चाहिँ परिवर्तन गर्न सकेनौं । यही हो सामाजिक चाहिँ विभेद र असमानताको प्रमुख खाडल । अहिले पनि छुवाछुतको नाममा हजारौं मान्छे मरि राख्याछन् । बलात्कारको नाममा हजारौं चाहिँ नारीहरू चाहिँ मरि राख्ने स्थिति छ । अहिले पनि छाउपडी एउटा मान्छेले एउटा मान्छेलाई स्वीकारी राख्या स्थिति छैन । त्यसो भएकोले सामाजिक विकास मन्त्रालयलाई के भन्छु भने भौतिक विकास मात्र विकास होइन । जबसम्म हामीले मानवीय पुँजीको विकास, सामाजिक, सांस्कृतिक क्रान्तिको चाहिँ नेतृत्व राज्यकोतर्फबाट जबसम्म हामी गर्न सक्दैनौं तवसम्म चाहिँ हेर्दा बाहिर चाहिँ नयाँ व्यवस्थादेखिए जस्तो, कता केही गर्न खोजे जस्तो तदेखिन्छ । रूपमा त्योदेखिन्छ तर सारमा त्यसको औचित्य हामीले प्राप्त गर्न सक्दैनौं ।

त्यसो भएकोले यसको वारेमा पनि सामाजिक विकास मन्त्रालयले आगामी नीति कार्यक्रममा एकातिर चाहिँ हरेक क्षेत्रको चाहिँ दलालीकरणलाई निरुत्साहित गर्ने, अबको सरकारको नीति कार्यक्रम त्यतातिर फोकस हुनुपर्छ । अर्कोतिर चाहिँ सामाजिक रूपान्तरणको आन्दोलनको नेतृत्व चाहिँ स्वयं सरकारले गर्ने । त्यो जबसम्म हामी गर्न सक्दैनौं तवसम्म चाहिँ समाज ज्युँ का त्युँ अबस्थामा रहन्छ । त्यसो भएकोले मैले अन्तिममा सभामुख महोदय हामीले चाहेको कर्णाली, हामीले खोजेको समृद्धि, हामीले खोजेको परिवर्तनको एजेण्डा संसद्मा बारम्वार उठाइ राखेका थियौं र अहिले पनि उठाइ राख्याछौं । तर, त्यसको समाधानको चाहिँ ठोस् योजना हामीसँग छैन । राज्यको पुँजी कुन ठाउँमा लगानी गर्दा साँच्चिकै कर्णालीको समृद्धि हुन्छ, कर्णालीको परिवर्तन हुन्छ,

कर्णालीको चाहिँ सामाजिक न्याय हुन्छ र कर्णालीको चाहिँ तपाईंको चाहिँ असमानता र विभेदलाई चाहिँ अन्त्य गर्न भन्ने कुरा सरकारसँग ठोस कार्ययोजना छैन ।

त्यसो भएकोले यसका वारेमा चाहिँ हामीले ठोस रूपमा चाहिँ कार्ययोजना बनाएर साँच्चिकै राज्यको पुँजी चाहिँ सही ठाउँमा लगानी गर्नुपर्छ र त्यसको प्रतिफल चाहिँ हामीले निकाल्ने ठाउँमा जबसम्म हामी लगानी गर्न सक्दैनौं तवसम्म चाहिँ कर्णालीको चाहिँ समृद्धि र परिवर्तन सम्भव छैन । त्यसका निमित्त चाहिँ एकपटक कर्णाली प्रदेश सरकारले गम्भीर रूपमा सोचोस् भन्ने भनाइ राख्दै मेरो भनाइ यहीं टुंग्याउँछु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री खड्कबहादुर खत्री । त्यसपछि माननीय श्री दल रावल तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री खड्कबहादुर खत्रीः** सभामुख महोदय, यो कृषि विकास तथा सामाजिक र आर्थिक उसमा छलफलमा म भाग लिईरहेको छु । विशेषगरेर कृषिको कार्यक्रममा नेपाल कृषि प्रधान देश भनेर मञ्चबाट बोल्ने तर कार्यक्रम यसो हेर्दा यो कृषिको किताब मन्त्रीज्यूको सही पनि छैन अब यो आधिकारिक हो होइन पेज नम्वर २८ एकचोटि हेर्न पाएको भए यिनी सवै बुँदाहरू हेऱ्यो भने यी पैसा के काम लाग्छ ? कर्णाली प्रदेशको के हुन्छ ? जग्गा भाडामा लिई खेति गर्ने तथा ब्यवसायिक रूपमा खेती गर्न ब्यवसायिक कृषकहरूलाई जग्गा भाडा र विद्युत् प्राधिकरणको बिल बमोजिम विद्युत् महशुल ५० प्रतिशत ६ लाख छुट्याछ ।

अर्को त्यसैको पेज नम्वर ३१ म त्यहीं बुँदाको फेरि ४५० छ । सेम एउटै छ । त्यसैले यो यस्ता यो हेऱ्यो भने मलाई लाग्छ मान्छे वेहोस् हुन्छ जस्तो लाग्छ किताब राम्रोसँग हेऱ्यो भने । त्यसैले के हो तभन्दा यिनी शीर्षकका कुरा यो किताब हेर्दा तपाईं राम्रोसँग हेर्न सक्नुभो भने कृषिको कार्यक्रम यो २ लाख, १ लाख, डेढ लाखले केहीपनि हुँदैन । प्राविधिक जानुपर्ने हुन्छ, तेल हाल्नुपर्ने हुन्छ, कति ठाउँमा कहीं बत्ती हुँदैन । त्यसैले यो त मिलाएर खाने भन्दापनि मन्त्रीले मात्रैपनि यो शीर्षकहरू छ नि यो राज्यको यो संघीय सरकारबाट बनाएका यी शीर्षकहरू हामी कर्णाली प्रदेशले अथवा कुनै प्रदेशलाई अधिकार हुन्छ भने यसलाई कटौती गर्न जरुरी छ । यसलाई जस्तै कृषिको गहुँको क्षेत्र अथवा भनौं कुनै फलफुल क्षेत्र यी किताब हेर्दा यस्तै डवल छ । यो हेर्नै पाईएन एक त । छोटो समयमा आयो । सामाजिकको त छुट्टै छ । त्यसैले यो मन्त्री अथवा यो क्याविनेट अथवा हामी सवैको जिम्मा हो जस्तो मलाई लाग्छ ।

यस्ता विषयमा यो पैसा विनास भैराछ । यसो हेर्दा कर्मचारीलाई हामी दोष दिने । भोलि विहान कर्मचारीले पनि त्यसैमा मान्छे जान्छ त केही गर्न सक्दैन एक लाख पैसा छुट्याएर यो पूरा तालिमै तालिम छ । यो माटो परीक्षण भन्याछ, माटो पनि घुम्ते परीक्षण पनि भन्याछ । ८ लाख छ पैसा । यो घुम्ते परीक्षण जव समानै छैन । हामीसँग जस्तो कृषि अनुसन्धान सुर्खेतको यो कर्णाली प्रदेशको दशरथपुरमा कृषि

अनुसन्धान केन्द्र थियो अब त्यहाँ फेल भएर गयो । त्यहाँको उसले पनि लगानी भन्दापनि आयआर्जन गर्न सकेन । त्यसैले म मन्त्रीज्यूलाई के आग्रह गर्दछु भने यो मन्त्री जीको मात्रै भन्दापनि शीर्षकका हिसावले तपाईंले साल वसाली बनाएर लिएर आउनुभाछ । यो सवै हेऱ्यो भने त आफैंले हेऱ्यो भने तपाईं मलाई लाग्छ हस्पिटल गएर आइसियुमा बस्नुपर्ने अबस्था म त्यस्तो म देख्छु । एकचोटि हेरौं यो किताबलाई अन्यथा नहोस् । त्यसैले मैले गलत ढङ्गले मैले त्यस्तो चाहिँ बुझि राछैन ।

त्यसैले के हो तभन्दा बजेट हेर्दा ५० हजार, २५ हजार, १० हजार । ठीक छ अफिसियली चालु पुँजीमा लाग्ने बजेटमा त ठिक छ । त्यसैले म के आग्रह गर्छु तभन्दा हिजोका दिनमा पनि विभिन्न शीर्षकमा हाईटेक नर्सरी विभिन्न चाहिँ पकेट क्षेत्र यस्ता किसिमका कार्यक्रमहरू आए । मलाई लाग्छ बरु गहुँ खेती कुन ठाउँ हुन्छ, धान खेती कुन ठाउँ हुन्छ, फलफुल कुन ठाउँ हुन्छ हामीले धेरै आग्रह गऱ्यौं । तरई वेल्डमा जस्तै दैलेखमा सुन्तला हुन्छ, सल्यानमा हुन्छ, जाजरकोटमा टिमुर हुन्छ, यो सुर्खेतको ठाउँमा चाहिँ आँपहरू फल्छ, लिची फल्छ यसका निश्चित भण्डारका निम्ति एउटा यसको बजारिकरण गरौं । त्यसका निम्ति हामीले अनुरोध गऱ्यौं तपाईंको मिटिङमा पनि छलफलमा हामीले भाग लिएर सर सल्लाह दियौं । मलाई लाग्छ यो अन्तिम पहिलो होइन । हामीले यो लेख्यो कि इतिहासमा रहने चिज हो । कुन मन्त्रीको पालामा के चिज आएको छ भन्ने कुरा इतिहासले तपाईंको मलाई लाग्छ दर्ज गर्ने चिज हो । त्यसैले म के आग्रह गर्न चाहन्छु तभन्दा यो क्षेत्रमा यो साना सिंचाई तपाईं मर्मत हो कि ? के हो ? २ लाख, ३ लाख, ५० हजार ? यो उपभोक्ता समितिको त्यो आएर होटल बसेर पनि त्यो मलाई लाग्छ त्यो पुग्नेवाला छैन । १ लाख ५० हजारसम्म, १ लाखसम्म चाहिँ राख्न सकियो । यो वितरणमुखी र चुनावी नारासहितमा जाने किसिमको कृषितर्फको बजेटदेखिन्छ ।

अब सामाजिकतर्फको म के आग्रह गर्न चाहन्छु तभन्दा बजेट जस्तै सुर्खेत अस्पताल छ यो संघीय सरकारले भवन निर्माण गऱ्यो । त्यसमा १ तलाको कुरा राखियाछ । यो मलाई लाग्छ मैले अनुभूति गरेको १ तला पहिले नै थियो । त्यो १ तलाको बजेट अगाडिको त्यो अहिले फोहोरा र त्यत्तिमा सक्नका निम्ति त्यो फिलिङ गरेर त्यो त्यसैमा सकियो या बजेट राखेकोमा म धन्यवाद दिन चाहन्छु र त्यसलाई यो विस्तारका निम्ति त्यतिले मात्रै पुग्दैन । सुर्खेत हस्पिटलमा इकोमेण्टको कुरा त्यो खरिदका समस्याहरू आछन् । र आउँदा दिनमा पनि अब गुणस्तरको कुरापनि त्यसको कुरा आउँछ । त्यसैले अस्पतालतर्फ यो कर्णाली प्रदेशको एउटा मुटुको रूपमा रहेको यो क्षेत्रलाई अझपनि यसलाई बृहत रूपमा छलफल गर्नुपर्ने हुन्छ र त्यस्तै मेहेलकुनाको अस्पताललाई पनि त्यो क्षेत्रका जाजरकोट, सुर्खेतकै भनौं पूर्वी क्षेत्रका छिन्छु, मैनतडा अथवा गुमी त्यो क्षेत्रका निम्ति पनि त्यतातिर पनि पहल गर्न म आग्रह गर्न चाहन्छु ।

त्यसैले स्वास्थ्य क्षेत्रतिर पनि ध्यान दिनुपर्ने हुन्छ । त्यसैले अब के हो तभन्दा सामाजिक क्षेत्रका स्कुलहरू र हामीले गरेका अधुरा योजना त्यत्तिकै छन् नयाँ योजनामा चाहिँ गएको छ । अब यो एकातिर नीति कार्यक्रममा हामीले एउटा त्यो वर्षका रूपमा लियौं । कति कुरा कति ढलाई भएका छन् कतिका ढोका छैनन् त्यस्ता ठाउँका लागि पनि मलाई लाग्छ यो अबण्डा बजेटबाट पनि त्यतातिर ध्यान दिन म आग्रह गर्न चाहन्छु । र यहाँ एउटा पाना छुट्टै आएको छ । हामीले लेखेको नमुना त विद्यालय गरायौं, नमुना विद्यालय मलाई लाग्छ यो ४० भागवण्डा गरेजस्तो उही मासुको भाग विलो लगाउँछन् त्यस्तै किसिमको एउटा स्कुलको चाहिँ ८०/९० हजार लाग्नसक्छ । कसैको चाहिँ केही लाग्न सक्छ ।

र अर्को म के आग्रह गर्न चाहन्छु तभन्दा पहिला यो भुकम्परिहतको एउटा जुन एउटा डिजाईन बनाईएको छ त्यो यो फोटोकपी यो कर्णाली प्रदेशभरी त्यहीँ डिजाईन छ । एउटा त्यो फ्ल्याटको मलाई लाग्छ त्यो जाने उसमा एउटा कोठा बन्नेवाला छ । त्यसैले भुकम्परहितको चाहिँ कुरा गऱ्याछ त्यो हुम्लामा पनि त्यहीँ कुरा छ, जुम्लामा पनि त्यहीँ कुरा छ, सुर्खेतमा पनि त्यहीँ कुरा छ । त्यो डिजाईन सम्वन्धी पनि त्यसका निम्ति पनि म पहल गर्न म आग्रह गर्न चाहन्छु । त्यसैले यो कृषि सम्वन्धीको म विशेषगरी मन्त्री जीलाई आज आग्रह गर्दछु यसलाई संशोधन गरेर, राम्रोसँग अध्ययन गरेर, पढेर त्यसलाई चाहिँ भनौं एउटै ठाउँमा ल्याउने र यसलाई मलाई लाग्छ अलि ठूलो रूपमा ल्याउन सकियो भने अलि प्रभावकारी हुनसक्छ । र साना सिंचाई कुन ठाउँमा सिंचाई गर्ने ? अब यहाँ विभिन्न किसिमका यी अर्को फेरि अर्को यो समस्यै समस्या छ प्रत्येक हेऱ्यो त्यसैमा समस्या छ ।

यो स्याउ, ओखर, सुन्तला उत्पादनका लागि बगैंचा, घेरावार, ग्याव फिलिङ सिचाईं अब यो घेरावार पनि त्यसैमा त्यसका लागि बजेट सम्पूर्ण एउटै चिजका लागि ठाउँ किटान छैन । यो ठाउँ कहाँका निम्ति हो ? मुगु अब आफ्नै ठाउँ छ र मन्त्री जीले काहीं घेर्न त्यस्तो आवश्यकता छ भने त्यहीँ राख्दापनि भो । ठाउँ किटान गर्नुपऱ्यो । जम्मै यो ठाउँ किटान नभएका त्यस्ता किसिमका चाहिँ यो साल वसाली चाहिँ किताब आएको छ त्यसैले यसलाई चाहिँ संशोधन गरौं । मलाई लाग्छ यो किताब देखाउनका निम्ति एकछिन भनौं अब यो हामी पढ्नै नसक्ने यी सोझा छन् केही थाहा पाएका छैनन् कर्णाली प्रदेशका भन्ने ढङ्गले ल्याउनुभाछ । मन्त्री जी धेरै चलाख हुनुहुन्छ । मलाई लाग्छ यो चलाखीपनलाई यो किताबबाट देखाउन अनुरोध गर्दै म विदा हुन्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री दल रावल । यसपछी माननीय श्री झोवा विक तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री दल रावलः** माननीय सभामुख महोदय, आज यो तीनवटा मन्त्रालयका विषयवस्तुहरूमा छलफलका लागि समय उपलब्ध गराउनुभयो यसका लागि म हार्दिक

धन्यवाद ब्यक्त गर्न चाहन्छु । अब यो अलिकति त्यो साझा विषय हो । संसद्को आफ्नै गरिमा र मर्यादा छ । संसदीय अभ्यास, संसदीय परम्परा हामी सिक्दैछौं त्यसमा दुईमत भएन ।

तर, संसद्ले एउटा नियम बनाएको छ । प्रदेशसभाको नियमावली छ । म माननीय मन्त्रीज्यूहरूलाई आफैं बुझ्नुहोला हार्दिक आग्रह गर्न चाहन्छु । संसद्मा कसरी बोल्न मिल्छ, कसरी बोल्न मिल्दैन, मान्छेका व्यक्तिगत नाम किटान गर्न मिल्छ कि मिल्दैन ? यी के के कसरी के के गर्नुपर्छ भन्ने सांसदले त पढ्नु पर्‍यो नै मन्त्रीज्यू आफैंपनि सांसद हो । त्यसरी अलिकति अध्ययन गरेर आउँदा हुन्छ । नियमापत्ती गरौं अहिलेसम्म नगर्‍या किन गरौं भन्ने जस्तो जस्तो लाग्ने । अन्यथा मन्त्रीले आफैंलाई त मज्जा लाग्दो हो मैले यसो भनें, यसो गरें भन्ने त लाग्दो हो । तर, त्यो शोभनिय कुरा होइन । सभ्य ढङ्गले पनि जवाफ दिन सकिन्छ ।

त्यो भएको ढङ्गले हुनतः सरकारमा आफैं असन्तुष्टी रैछ, आफैं मारामार रैछ । त्यो पनि बुझियो हुनतः । आफ्नै बजेटप्रति पनि सन्तुष्टी रैनछ, आफैंले बाँड्या प्रति पनि असन्तुष्टी रैछ । त्यसका लागि पनि धन्यवादै छ यहाँहरूलाई । तर पनि त्यो तपाईंहरूको झगडा हो । सकभर झगडा नगर्नुस् । ५/६ महिना छ झगडा नगर्नुस् । फेरि यो गठवन्धन टुट्योभने पछी चुनाव हार्नुहोला । यो गठवन्धन न टुटाउनुस् । मैले त पहिल्यै पनि शुभकामना भनेकै थिएँ शुभकामना छ । झगडा नगर्नुहोला । तर तपाईंको त्यो जुन प्रस्तुती हेर्दाखेरि ब्यापक झगडा रैछ भन्ने बुझियो । र अलिकति संसदीय मर्यादालाई पनि ख्याल गरेर नै यहाँहरू प्रस्तुत भैदिनुहुन म आग्रह गर्नपनि चाहन्छु ।

त्यसपछि अब यो आजका तीनवटा मन्त्रालयमा आर्थिक मामिला तथा योजना मन्त्रालय आज मन्त्रीज्यू त हुनुहुन्न तर पनि बजेटको प्रस्तुतीका हिसावले ब्यवस्थित बजेट भाषणका हिसावले सवै धन्यवाद छ यहाँहरूलाई । सचिवज्यू, तपाईंहरूको टिम अर्थ मन्त्रालयलाई धन्यवाद नै दिनुपर्छ किनभने राम्रै ब्यवस्थित नै आएको छ । राम्रोलाई राम्रो पनि भन्ने चलन छ, चलन हुनुपनि पर्छ । तर, एउटा चाहिँ आएन चिज । त्यसले के गर्छ भने अहिलेको बजेट र आगामी २ वर्षको बजेटको प्रक्षेपण गर्छ त्यो । त्यो बजेटसँग आउनुपर्छ त्यो डकुमेण्ट चाहिँ आएको मैले अहिलेसम्म प्राप्त गर्‍या त छैन । अरू माननीयज्यूहरूले गर्नुभो भने मैले जान्दिन । के भने यो मिड ट्र्म एक्सपेन्डीजल फ्रेमवर्क भन्ने हुन्छ यो एमटिएफ । त्यो आउनु पर्थ्यो । त्यो आएको मैले पाईन । त्यो आउनु पर्थ्यो । किनभने हाम्रो २ वर्षको बजेट प्रक्षेपण र यो वर्षको एनालाईसिस भएको हुन्छ त्यहाँ । त्यो इम्पोटेन्ट डकुमेण्ट हो त्यो आएको मैले भेट्टाईन । त्यो अर्थ मन्त्रालयलाई अलि मेरो कम्प्लेन छ त्यो आउनु पर्थ्यो ।

अब अरू विषयमा चाहिँ अर्थ मन्त्रालयलाई मेरो खासै उ छैन । अझैपनि ब्यवस्थित गरेर जाउँ । हामी सिक्ने प्रक्रियामा छौं । पछिल्लो आउने अर्थ मन्त्रीलाई,

के भन्छ यो आर्थिक मामिला मन्त्रालयलाई पनि, सरकारलाई पनि सिक्ने सिकाउने ढङ्गले अलि ब्यवस्थित गरेर जाउँ अझै डकुमेन्टेशनमा अलि समस्या छ त्यसलाई अलि ब्यवस्थित गरेर जाउँ भन्ने म सुझाव मात्रै दिन चाहन्छु ।

त्यसपछि कृषि व्यवस्था के रे भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय । माननीयज्यू अब फेरि उही गीत आइजाँदो अँझ पाको नेता हुनुहुन्छ । मेरो त आदरणिय दाई नेता पनि नेतै हुनुहुन्छ । अब बढी भनौं भने फेरि दुःख मानिहाल्नु होला । बजेट साह्रै विकेन्द्रित भयो । कृषि क्षेत्र भनेको कस्तो क्षेत्र भन्दाखेरि कृषिमा हामी लेनिनका हिसावले भन्दाखेरि कृषिका विज्ञ साथिहरू पनि हुनुहुन्छ होला । लेनिनका हिसावले हेर्दाखेरि चल्ने मैले त अस्ती पनि भनें नि हुम्लामै कृषिको बजेट हाल्नुपर्छ भन्ने छैन । सल्यान अत्यन्त प्रोडक्टिभ ठाउँ हो । सुर्खेत प्रोडक्टिभ ठाउँ छ, रुकुम प्रोडक्टिभ ठाउँ छ, दैलेख प्रोडक्टिभ ठाउँ छ । त्यहाँ कृषिलाई बढी प्राथमिकतामा राखौं । उच्च हिमाली जिल्ला जुन मेरो जिल्ला हुम्ला जिल्ला हो त्यहाँ पशुपालनमा अत्यन्त राम्रो हुनसक्छ । हैन ? तल-तलका फाँटहरूमा चाहिँ अरू फलफुल खेतीपनि एकदमै राम्रा हुनसक्छन् । त्यसमा अलि प्राथमिकतामा राखौं ।

किनभने हामी ५ वर्ष गुजारी सकेपछी फेरि कृषिमा त्यहीँ परम्परागत नै साना सिंचाई ३ लाख, ४ लाख, ५ लाख, ७ लाख । करिब करिब ४/५ सय ओटा सिंचाई रैछन् । मेरै हुम्लामा ७१ ओटा सिंचाईं चाहिँ माननीय मन्त्रीज्यूले हाल्नु भारैछ । अब मेरो जिल्लामा परिहाल्यो धन्यवाद छ । एउटा त क्षेत्री सिंचाई परेछ । अदानचुली गाउँपालिका वडा नम्वर ४ को लौंठीमा क्षेत्री सिंचाई छ । अब त्यहाँ ठकुरी पनि छन् एउटा ठकुरी सिंचाई, एउटा बाहुन सिंचाई, एउटा लामा सिंचाई, एउटा दलित सिंचाई, एउटा दमाई सिंचाई हाल्दिनको निम्ति माननीयज्यूलाई मैले अनुरोध गरें । अब अरू हामीलाई चाहिँ लेटरप्याडमा माग्नु भाथ्यो । कति हाल्नुभाछ आफैं जान्नुस् मैले बढी सानो छुच्चो कुरा मैले गरिन । हुम्लामै पनि माननीय मुख्यमन्त्रीज्यू वारितिरको हुनुहुन्छ म पारितिरको निर्वाचन क्षेत्र तपाईं वारितिरको हुनुहुन्छ । धेरै ठुला-ठुला फाँट छन् ।

तुम्च मैले पहिलो वर्षदेखि सुरू गऱ्या सिंचाई अहिलेसम्म अधुरो छ । तुम्चको त्यत्रो फाँटलाई साँच्चै हामीले एक वर्षमा सम्पन्न गर्न पाईदिएको भए कति प्रोडक्टिभ थियो । माथि दार्मको कस्तो राम्रो ज्यूला छ यहाँ जानकार हुनुहुन्छ । हुम्लाको मेरो वारेमा मभन्दा बढी तपाईं जानकार हुनुहुन्छ । हैन ? वागवानी फार्म कस्तो राम्रो हाम्रो वागवानी फार्म त्यो कर्मचारी पाल्नको लागि मात्रै हो कि ? ओखर र स्याउका विरुवा हिजो राजाले गऱ्या त्यो चाहिँ वागवानी फार्मलाई आज गणतन्त्रमा मार्नु त भएन नि । त्यसलाई राम्रो चाहिँ गौरवको योजनाको रूपमा विकास गर्न पाईदिएको भए अब त बाटो पुगिसक्यो । मोटर बाटो पुग्यो । ठूलो चाहिँ तपाईंको हामी एउटा उद्यमको रूपमा विकास गर्न सक्थ्यौं । तपाईं जानकार मन्त्री हुनुहुन्छ गर्नुहुन्छ भन्ने मलाई विश्वास थियो । तर, साना-साना ५/७, ५/७ हुनपनि कार्यकर्ता नयाँ पार्टी चित्त बुझाउनु पऱ्यो होला ।

योभन्दा मैले अरू भनिन । हैन ? अलिकति कृषि क्षेत्रमा चाहिँ हामीले राम्रो उ गर्न सकेनौं भने हाम्रो गरीवि जस्ताको त्यस्तै हुन्छ । मैले यत्ति मात्रै चाहिँ माननीय मन्त्रीज्यूलाई भनें ।

त्यसपछि सामाजिक विकास मन्त्रालय म आफैंले पनि ३ साढे ३ वर्ष करिब करिब काम गरेको मन्त्रालय हो । तर, विगतकै कार्यक्रमको कन्टीन्यूटीका लागि मन्त्रीज्यूलाई धन्यवादै छ । २ वर्ष करिब करिब बजेट आयो एउटा नयाँ बजेट मैले देख्याछैन । उसैको निरन्तरता हो तर अब त्यसको मोविलाजेशन कसरी भाछ तपाईं आफैं जान्नुस् । अब किन आत्तिनु भाहोला मन्त्रीज्यू ? तपाईंको उमेरमा त यदि लामा समुदायका भए त धर्म गर्न थालिहाल्थे । अब धर्म गर्ने उमेरमा खालि सुर्खेतकै लागि किन यस्तो हाम्रो के छ रौंसिने भन्छन् के बच्चाहरू रौंसिन्छन् । रोटी २ खान्छन् ४ रोटी चाहिँ थुतेर लिन्छन् त्यो रौंसिने भन्ने चलन हुन्छ हाम्रो तिर । पहिला किताबमा पनि सुर्खेत जिल्ला मात्रै विद्यालय चिन्नुभाथ्यो कि क्या हो ? अन्त जिल्लाका विद्यालयको रेकर्ड तपाईंसँग इन्स्टिच्युशनल मेमोरी तपाईंको मन्त्रालयमा थिएन कि ? सुर्खेतका मात्रै स्कुलका नाम थिए कि ? ४ करोड डल्लो राख्नुभाथ्यो अहिले फुटाउनु भएछ । १० ओटा फेरि सुर्खेतका स्कुल । ठिक छ सुर्खेतमा स्कुल चाहिन्छ । सुर्खेत हाम्रो राजधानी हो । मैले चाहिँ विरोध गर्न खोजेको होइन ।

अझ त म त भन्छु बढानिलकण्ठै स्तरको एउटा स्कुल बनाऔं हामी । एउटा राजधानीमा किनभने कर्मचारी आउन किन मान्दैन भने सुविधा सम्पन्न स्कुल छैन उनका छोराछोरी पढ्नको निम्ति । उनका छोराछोरी पढ्ने बुढानीलकण्ठ स्तरको स्कुल हामीले सुर्खेतमा बनाउन सक्यौं भने कर्मचारी यहाँ बस्नेवाला छन् । डाक्टर आउन मान्दैन । किन आउन मान्दैन भने उनका छोराछोरी पढ्ने वातावरण छैन यहाँ । त्यो वातावरण बनाऔं । बनाऔं । तर, यस्तरी छरिएर लेटरप्याडमा सिफारिस माग्ने आफैं मन्त्रीज्यू आफैं फोन गर्ने भन्ने अनि दिएपछी त्यो स्कुल सिस्कुल कता कता गए । अब त्यस्ता कुरालाई अलिकति ध्यान दिनको निम्ति पनि म आग्रह गर्न चाहन्छु । मैले योभन्दा बढी भनिन ।

त्यसपछि खेल मैदानका कुरा । हामीले दुईटा माथि उत्तरी तिर हुम्लाको खेल मैदान र अर्को चाहिँ पातारासी खेल मैदान जुम्लाको । हाई अल्टिच्युट रङ्गशालाको रूपमा विकास गर्न खोज्या हो । हुनतः अस्ती माननीय मुख्यमन्त्री जीले जवाफ दिंदाखेरी होइन उपभोक्ता गठन कता यताबाट भए भन्नुभो त्यो गलत कुरा हो । हामीले सिमिकोट गाउँपालिकालाई नै त्यो बजेट दियाछौं । पछिल्लो वर्ष के गऱ्यो मैले छोडिसकेपछी थाहा छैन । पहिलाका २ वर्षमा चाहिँ सिमिकोट गाउँपालिकामार्फत जग्गा किन्ने र त्यहाँ चाहिँ खेल मैदान र त्यो अधुरो चाहिँ कवर्ड हल बनाउने काम भाछ । अहिले कवर्ड हल त राख्नुभएछ धन्यवाद छ तर खेल मैदान अधुरो छ । त्यहाँ धेरै खेल्न ईच्छुक छन् ।

पातारासी पनि त्यस्तै छ । यहाँको गौरवको रङ्गशाला पनि हामीले सुरू गऱ्यौं । अहिले सरकारले द्रुत विकास अगाडि बढाएको छ त्यसको लागि धन्यवाद छ ।

त्यस्तै प्रदेशको अस्पताल त्यो पनि हामीले सुरू गऱ्यौं निकै राम्रो भाछ । तर, अहिले मलाई दुःख लाग्यो अस्ती एमआरआइ त्यो एमआरआइ खरिदमा यस्तो यस्तो भयो भनेर दुईटा अस्पतालको कम्पियर गऱ्याछ । म त यसको वारेमा प्राविधिक जानकार छैन तर, प्राविधिक जानकार वायो मेडिकल इन्जिनियरहरू छन् विषय विशेषज्ञ ल्याएर चाहिँ अध्ययन गर्नको निम्ति म सरकारलाई अनुरोध गर्न चाहन्छु । किन त्यस्तो गौरवको योजना कर्णालीकोमा त्यस्ता कुराहरू यदि भएका हुन् भने कसले गरेको हो कानूनतः कारवाही हुनुपर्ने हुन्छ । होइन भने ठिक छ गर्ने मान्छेलाई फेरि आरोप लाउने चलन पनि छ फेरि । हैन ? त्यो पनि सरकारलाई म चाहिँ मन्त्रीज्यूलाई चाहिँ आग्रह गर्न चाहन्छु ।

त्यसैगरी यो कर्णाली प्रज्ञा प्रतिष्ठान भन्ने उ आछ त्यो बजेट १ करोड छ । बजेट राखुभो धन्यवाद ! मैले त पैले पनि ड्राफ्ट गऱ्या विधेयक त्यहाँ छ । मन्त्रालयमा अहिले पनि छ । म त त्यहीँ भन्छु । माननीय मन्त्री माननीयज्यू एकजना यहाँ हुनुहुन्छ । प्राईभेट विधेयक ल्याउनुभाछ । सिंजा सभ्यता भन्ने । म त अझैपनि माननीयज्यूलाई आग्रह म त आज मिटिङ थियो भएन । आग्रह के गर्न चाहन्छु भने कर्णालीमा यस्तै सभ्यताहरूलाई, यस्तो संस्कृतिलाई प्रबर्द्धन गर्नको निम्ति कर्णाली एकेडेमी नै बनाऔं । हैन ? कर्णाली प्रज्ञा प्रतिष्ठान बनाऔं त्यहाँभित्र सिंजा सभ्यता, दुल्लु सभ्यता, अनि मगर सभ्यता अरू के सभ्यता साँस्कृतिक धरोहरहरूको संरक्षण, प्रबर्द्धन गर्नको निम्ति एउटा चाहिँ एउटै इन्ष्टिचयुट भए पुग्छ । फेरि हामी यो फरक-फरक गर्न थाल्यौं भने त्यो चाहिँ हाम्रो खर्चले धान्दैनौं । यो चाहिँ म माननीयज्यूलाई पनि प्राईभेट विधेयक ल्याउने माननीयज्यूलाई पनि म आग्रह गर्न चाहन्छु ।

त्यसैगरी पुँजीगत खर्च प्रति अलि कन्जुस्याँई गरेर बढी साधारण खर्च प्रति गएको हुनतः यो साधारण खर्च बढी हुने मन्त्रालय हो म बुझ्छु । किन म आफैंले ३ वर्ष मैले आफैंले बजेटिङ गऱ्याछु । तर पनि अहिले अँझ बढी भएको म देख्छु । त्यसलाई चाहिँ कन्ट्रोल गरेर अलि पुँजीगत खर्च नै विकास गरौं । किन हामीले जिल्लाका अस्पताल बनाऔंदै छौं । **(माननीय सभामुखः** सकौं माननीय सदस्य) तल स्थानीय अस्पतालहरू, रणनीतिक अस्पतालहरू बनाऔंदै छौं यतातिर अलि फोकस गर्नको निम्ति माननीयज्यूलाई चाहिँ म मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । अब यसरी जाउँ भन्न चाहन्छु । सुझाव हो हाम्रो त अब सुझाव मान्ने न मान्ने यहाँको कुरा हो । र अब मैले फेरि पनि भन्न चाहन्छु मलाई आज दिनभरी त्यो लाग्यो जवाफ दिंदाखेरी माननीय मन्त्रीज्यूको आफ्नो पोर्टफोलियो छ, हामी सम्मान गर्छौं । तर, तपाईं नियमावली चाहिँ पढ्नुहोला । धन्यवाद !

**माननीय सभामुख** : माननीय श्री झोवा विक । त्यसपछि माननीय श्री कृष्णा शाह तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री झोवा विकः** सभामुख महोदय, आर्थिक वर्ष २०७९/०८० को कृषि मन्त्री, सामाजिक मन्त्री, अर्थ मन्त्री ३ मन्त्रीको सन्दर्भमा म यहाँ अगाडि उभिएको छ । अँ..खुसी पनि छ आव यो खुसी अनि सत्तापक्ष प्रतिपक्ष दुईटै मिलेर पन्ध्र लाख बनाएर म खुसी छ । म ४ साल वितेपछी मात्रै कहीँले मलाई १५ लाख पायाछैन । आव यो चोटि चाहिँ आव १५ लाख पाउन्या भयो त्यैले सरकार पक्षन प्रतिपक्षलाई धन्यवाद दिन्छ । दुईटै चाहिँ आव प्रतिपक्षलाई पनि यसरी बनाउनु पर्छ भनेर सत्तापक्ष पनि छेलवेल मानेर एकदम खुसी नै छ ।

अनि १५ लाख पाउन्या भयो । आव थोरै योजना थोरै न धेरै त्यो चाहिँ आव के भन्या । आव प्रतिपक्षले यो छैन उ छैन भनेर अब त्यै पछी चाहिँ हामी लाग्नु पनि छैन आव ज्या हो मुनमा चाहिँ सन्तोष गर्नुपऱ्यो । धेरै नदियपछीमा सन्तोष गरेर बस्नु पऱ्यो । अँ..यो त्यै केरे हाम्रो निर्वाचन क्षेत्र अँ.. माथितिर निर्वाचन क्षेत्र ४ हो । अँ.. गाउँपाली ३ अँ..यो त्यै के रे नगरपाली १ । पहिला म खुसी लाथ्यो । आव हामीलाई पनि निर्वाचन क्षेत्रमा चाहिँ ४० लाख दिन्या हो भनेर । टिपेर ल्याइयो । दियो खुसी भयो । पछी त्यै मा फेरि मन्त्रीले आइजा भनेर अब नदिन्या यो आवश्यक माथि पर्दैछ नदिन्या भनेर म यो खत्याडलाई लिने हो भन्यो । त्यै पनि ठिकै छ भनेर एउटा चाहिँ ट्वाईलेट एउटा क्या हो कि घेरवार । २०/२० लाख दिने हो भन्यो ठिकै छ अब मन्त्रीलाई आव यता त्यो क्यारे खत्याडलाई पुग्दैन भनेको ठिक छ भन्यो ।

मन्त्री आफ्नै भयो अब ठिक छ नमान्या त कुरै छैन । मानेर आज हेरेर त १५/१५ तीस आएछ । मेरो १० कहाँ लिए कि ? तुरुन्त त्यो १० पनि मलाई दिनु पऱ्यो । मेरो भाग मात्र काट्नु क्या परेछ त ? एक त मुगुम कार्मारोंग पऱ्याछैन । पिछडीया क्षेत्र हो । त्यै ले १५ पाउँछ भन्या । आज मेरो १० लाख कौं काट्यो त ? मेरो १० लाख जहाँबाट भए पनि दिनुपर्छ । म त्यै लाई चाहिँ म मान्यावाला छैन । आनि यो कृषि मन्त्री एक नम्वरमा राख्याको मेरो चाहिँ काटेर । आव गल्ती हाम्रै मान्छेको गल्ती होला । भएपछीमा १ नम्वरको किन काट्यो ? बरु २ नम्वरको काट्नु पऱ्या, ३ नम्वरको काट्नु पऱ्या । त्यै १ नम्वरको जहाँ भएपछी मात्रै त्यै लाई १ नम्वरकोलाई हाल्नुपर्छ ।

किन म आफैं नजान्या भयो भने त तपाईंहरू जान्नेले घात गर्नु हुँदैन । म यो लाई पनि एकदम चाहिँ मेरो जहाँ भएपछीसम्म १ नम्वरलाई चाहिँ कहाँबाट भएपछीमा दिनुपर्छ । म यहीपनि माग छ । अनि अर्थ मन्त्रीलाई यो यो चोटिको होइन अर्थ मन्त्री पहिला चाहिँ हाम्रो रुकुमको त्यै क्यारे मन्त्री हुनेवेला क्या गरे यो गोपाल शर्मा हुने बेलाला यो त्यै रिउस गाउँदेखि त्यै रिउस बग्रदेखि पुवा गाउँसम्म १५ लाख हालेछ । त्यै १५ लाख कहाँ मान्छे माथि काम गरिसकेर ज्या सुकै काम भैसकेर भुक्तानी

लिनेबेला त्यै पैसा न भएर माथि मलाई कराउँदै छ । यो त क्यारे हाम्रो यो सिंचाईमा त्यै १५ लाख हालेको सिंचाईमा यो बाटो मिल्छन् ? आनि यी माथिहरू हम्रो भोटेहरू अँ..हाम्रो काटेर त्यै कुजनमा लिया हो भनेर दिनको दिन मलाई टाउको खान्छन् । यै पनि मेरो चाहिँ माग म यहाँ भन्न चाहन्छु । भोलि चाहिँ जनतालाई काम गरिसकेछ । बाटो बनाईसकेछ । हिन्दै छ । त्यै मा बाटो बनाएको न पाएपछी म साहै्र दुख हैन यक त्यै छ ।

आनि म अब पीडित साल साल मलाई यो पूर्वाधारको मलाई पायाछैन । यो चोटि चाहिँ आव कसैले भन्छ हामी महिलाहरूले एक त्यै करोड चाहिँ हामीले चाहिँदैन भन्छ । म त यो एक करोड छ भनेर म बहुत साहै्र खुसी छु । हाम्रो मुगुको माननीय यहीं छ ४ वर्ष भयो । आनि एक दिन मिटिङमा आइजा बाटो नदियपछीमा मिटिङमा बोलाएर मेरोसहित लिनुपर्छ । यो चाहिँ सरकारले माग्छ । भोलि अनुगमन गर्नेसम्म भुक्तानी नगर्नु होला मेरो माग छ । म यो पनि जानकार गर्छु यो रोष्ट्रमबाट । त्यै कुरा गर्ने बेलाल भन्ने बेलाल तपाईं एकदम मिठो गुलिया त्यै चिनी हालेजसो कुरा गर्छन् । व्यवहारमा तितो तितोकरेलाजसो चुकिलो किन गऱ्या ? त्यसो नगर्नुहोला । म यही रोष्ट्रमबाट यो फिरी चाहिँ म अनुगमन सरकारले भनेको यो अनुगमन त्यै हाम्रो त्यै को होइन यो त्यै क्यारे बिस्र्यो ....जिल्लाको अनुगमन चाहिँ हाम्रो मेरो चाहिँ अनुगमनमा म जान्या हो त्यै अनुगमन नगऱ्यासम्म राम्रो गरेपछीमा भूक्तान गर्नुहोला । नराम्रो भएछ भने भूक्तान नगर्नुहोला । त्यै पनि मेरो माग ।

आव अधिकारको कुरा हो यो चाहिँ । अधिकार दिएपछीमा अधिकार आव खोज्छ त । अधिकार यो चोटि सरकारले भनेपछीमा यै छ । एकदम दुःखी पनि छु, सुखी पनि छ । त्यै गर्दै चाहिँ आव ५ वर्ष काटेर जान लायो आव सवै चाहिँ हाईहाई गरेर सवै चाहिँ तितोपिरो नगरेर एकदम राम्रो चाहिँ भोलि चाहिँ हाईहाई गर्दै जानु पऱ्या । हवस् धन्यवाद !

**माननीय सभामुख** : माननीय श्री कृष्णा शाह (आचार्य) । यसपछी माननीय श्री वीरबहादुर शाही तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री कृष्णा शाह (आचार्य)**: सभामुख महोदय, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९/०८०अन्तर्गतको आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र सामाजिक मन्त्रालयअन्तर्गतका विनियोजित शीर्षकहरूमाथि आज हामी छलफल गरिराखेका छौं । त्योभन्दा पहिले मैले एउटा जानकारी गराउन चाहन्छु । सायद हाम्रो माननीय मुख्यमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरू, माननीयज्यूहरूलाई जानकारी भैसकेको होला । फेरि पनि मैले जानकारी गराउन चाहन्छु । हाम्रो आर्थिक मामिला तथा योजना मन्त्री अस्वस्थ भएर हस्पिटलमा हस्पिटलाईज हुनुभएको छ भन्ने जानकारी प्राप्त भएको छ । र मैले यही रोष्ट्रमबाट माननीय मन्त्रीज्यूको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्रालयको विषयमा छलफल गर्दाखेरि अगाडि पनि माननीयज्यूहरूले राख्नुभयो । अरू मन्त्रालयको तुलनामा आर्थिक मामिला तथा योजना मन्त्रालयले भूगोल र सवै हिसावले ब्यवस्थित गरेर ल्याएको छ । जिल्ला पालिका र वार्ड हुँदै माननीय सांसदज्यूहरूका लेटरप्याडलाई पनि ससम्मान यसले सम्वोधन गरको छ भन्ने मलाई लागेको छ र यसको लागि म आर्थिक मामिला मन्त्रालय र मन्त्रीज्यूको टिमलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । र एउटै समस्या मैले के देख्छु भने यो साना योजना भएको कारणले यी कति परिणाममुखी हुने हुन् ? कति पूरा हुने हुन् ? यी योजनाहरूले कति हैन परिणाम दिन्छन् भन्ने कुरामा अलिकति समस्या मैले देख्छु र यी योजनाहरूलाई हामीले निरन्तरतामा पनि अहिलेसम्म राख्न सकि राखेका छैनौं । हामीले यो अन्तिम कार्यकालसम्म आउँदाखेरि ।

अर्को कुरा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको हकमा भन्दाखेरि पूरानै योजनाहरूलाई धेरै निरन्तरता दिएको छ । त्यसमा सहकारी ब्याज अनुदान कार्यक्रम आएको छ । त्यसैगरी बाख्रा स्रोत केन्द्र, भैंसी स्रोत केन्द्र लगायत थुप्रै योजनाहरूले पूरानै योजनाहरूले निरन्तरता पाएका छन् । र यो राम्रो पक्ष छ । हाम्रो नीति कार्यक्रमअनुसार यो आएको छ । र त्यसैगरी साना जो सिंचाईहरू छन् । गतवर्ष पनि यस्तै प्रकारका सिंचाई, कुलो, त्यसपछि गएर पोखरीहरू आएका थिए । र ती योजनाहरूले जनताको जीवनमा के कति प्रभाव हैन सकारात्मक प्रभाव पारे हैन के कति लाभदायिक बने तीनले के कति उपलब्धि हासिल गरे भन्ने कुराहरू मन्त्रालयले अध्ययन, अनुगमन, मल्यांकन गऱ्यो कि गरेन ? हैन । कसरी फेरि पनि ती योजनाहरू त्यसैगरी त्यै प्रवृत्तिका योजनाहरू आए त्यो वारेमा अलिकति मुल्यांकन गरेर अध्ययन अनुसन्धान गरेर ल्याउनु पर्थ्यो ।

अघिपनि कुरा उठ्यो, यो सवैतिर समेट्ने हिसावले सवैको भावना समेट्ने सवै भूगोल समेट्ने हिसावले त यो राम्रो पक्ष छ । तर पनि हामीले उत्पादन बढाउने, कृषि उत्पादनलाई बढाउने, हामीले निर्यातलाई केरे आयातलाई कम गर्ने र हामी आत्मनिर्भर बन्ने हिसावले हामीले त्यस्ता सिंचाईका पकेट क्षेत्रहरू तोक्दाखेरी राम्रो हुन्थ्यो कि ? हैन । समग्र भूगोल समेट्ने भन्दापनि त्यसरी जाँदाखेरि राम्रो हुन्थ्यो कि ? भन्ने मलाई लाग्छ । र अर्को कुरा हामीले पहिले पनि छलफल गऱ्यौं नीति तथा कार्यक्रममा यो कर्णाली प्रदेशका कृषकहरूलाई चिनेन कि ? कृषि प्रणाली प्रति अलिकति गहिरो ढङ्गले अध्ययन गरेन कि ? यसलाई बुझ्ने र बदल्ने सवालमा त्यतातिर ध्यान दिएन कि ? भन्ने मलाई लाग्दछ । त्यतातिर ध्यान दिएको भए राम्रो हुन्थ्यो ।

कृषि साना उद्योगहरू हैन सञ्चालन गर्ने त्यसपछि गएर कसरी हुन्छ कृषिमा आत्मनिर्भर बनाउने, स्वरोजगार बनाउने कुरामा हैन सहकारीहरूमार्फत आर्थिक आत्मनिर्भर कसरी बनाउने जन समुदायलाई त्यसरी सोचेको भए त्यस्ता प्रकारका कार्यक्रम ल्याएको भए अँझ राम्रो हुन्थ्यो भन्ने मलाई लागेको छ । त्यो हाम्रो कस्तो

रह्यो भने सम्भाव्यता अध्ययन विनाका आयोजनाहरू हामीले सुरूवाती चरणदेखि नै सञ्चालन गर्दै आउँदाखेरि अलिकति हाम्रो अहिले आउँदाखेरि भद्रगोलको स्थिति क्रमागत क्रमागत भनिराखेका छौं ती क्रमागत आयोजनाहरू के कति आवश्यक छन् या छैनन् भन्ने कुरा अध्ययन मुल्यांकन नगरीकन हैन हामीले अगाडि बढाइराखेका छौं । यो वारेमा पनि सोचेर ल्याउनु पर्थ्यो भन्ने मलाई लाग्दछ ।

र सामाजिक विकास मन्त्रालयको कुरा गर्दाखेरि सामाजिक विकास मन्त्रालयले पनि पूरानै नीति केरे कार्यक्रममा भएका योजनाहरूलाई अहिले निरन्तरतामा धेरै जसो राखेको छ । र हेर्दाखेरि स्वास्थ्यको कुरा गर्दाखेरि शिक्षाको कुरा गर्दाखेरि हामीले शिक्षालाई त भौतिक पूर्वाधारको हिसावले जुन प्रदेश सरकारले हैन सामाजिक विकास मन्त्रालयले गरि राखेको नै छ । हैन ? पूर्वाधार तिर पैसा बजेट छुट्याउँदै आएको छ । त्यो सँगसँगै जस्तो गुणस्तरीय शिक्षा बनाउनको लागि भौतिक पूर्वाधारले मात्र पुग्दैन । त्यो सँगै दरवन्दी हैन प्रयास त्यहाँ गराउने कुरा त्यसपछि अहिलेको अबस्थाअनुसार समयअनुसार शिक्षकहरूलाई ट्रेनिङ तालिमको व्यवस्था गर्ने कुरामा पनि बजेट छुट्याएर अगाडि बढेको भए धेरै राम्रो हुन्थ्यो भन्ने मलाई लागेको छ ।

अब ४ कोठे भवन प्रत्येक पालिकामा ४ कोठे भवन ४०/४० लाखका भनेर राखिएको छ । त्यसमा आवश्यकताअनुसार हैन ४० लाख २० लाखदेखि ४० लाख राखेर २ कोठेदेखि ४ कोठे भवनहरूको त्यसरी कार्यक्रम ल्याएको भए हुन्थ्यो भन्ने मलाई लाग्छ र त्यो सुझाव मैले माननीय मन्त्रीज्यूलाई पनि दिएको थिएँ । र अब अर्को स्वास्थ्यको कुरा गर्दाखेरि स्वास्थ्य जनताको जीवनसँग एकदमै भविश्यसँग जोडिएको कुरा हो । त्यो त्यसले गर्दाखेरि त्यो हामीले यो कोरोना कालदेखि अहिलेसम्म आउँदाखेरि ब्यवस्थित सुदृढ त गऱ्यौं त्योभन्दा अगाडिको स्थितिलाई र अहिलेको स्थितिलाई हेर्दाखेरि धेरै सुदृढ भएको छ । जस्तो यो प्राईभेट हस्पिटल छोडेर पनि हामीले जिल्ला प्रत्येक जिल्लाका हस्पिटलहरूको कुरा गर्दाखेरि पालिकाको कुरा गर्दाखेरि भौतिक पूर्वाधार तिर हामीले थुप्रै बजेट छुट्याएका छौं । १५ शैय्यादेखि ५० हैन १०० बेडका हस्पिटलको अबधारणा अर्थात बजेट पनि यहाँ छुट्टिएको छ । यो राम्रो पक्ष छ ।

त्यो सँगसँगै दक्ष जनशक्ति हैन पदपूर्ति गर्ने कुरा विशेषज्ञहरूको व्यवस्थापन गर्ने कुरामा पनि ध्यान दिएको भए र बजेट त्यतातिर पनि छुट्याएको भए राम्रो हुन्थ्यो जस्तो लाग्छ । र अर्को अब सामाजिक क्षेत्रको कुरा गर्दाखेरि अघिपनि भन्यौं हामीले । यो भौतिक पूर्वाधारको विकास निर्माणको कुरालाई मात्र नभएर सामाजिक क्षेत्र, मानवीय क्षेत्रको विकास निर्माणलाई पनि सँगसँगै लिदाँखेरी त्यो परिपूर्ण हुन्छ विकास निर्माणको सवालमा । अनि त्यसले मात्रै सुखी बनाऔँछ भन्ने कुरा हामीले गर्दै आएका हौं । तर हेर्दाखेरि भौतिक पूर्वाधार तिर मात्रै बढी जोड दिएको मलाई लाग्दछ र यो सामाजिक र मानवीय क्षेत्रमा अलि छुटेको जस्तो लाग्दछ । धेरै कुरीति कुसंस्कारहरूले जगडिएको

प्रदेश पनि हाम्रै नै हो । र त्यसले गर्दाखेरि अलिकति ती टुक्रे योजनाहरू केही भए पनि दिर्घकालिन हिसावले महत्त्व राख्ने कार्यक्रमहरू मैले देख्दछु ।

अन्तिममा सभामुख महोदय मैले थोरै टाईम लिन चाहैं । छोरी खाताको वारेमा । प्रदेश सरकारले बजेट प्रत्येक वर्ष छुट्याउँदै आएको छ यो एकदमै राम्रो पक्ष छ । यसलाई बैंकमा थन्किराख्ने यो अनुत्पादक पुँजी थन्क्याउने भन्दापनि यसलाई उत्पादनमूलक क्षेत्रतिर लगाउने यसलाई लगानी गर्ने हिसावले सरकारले सोच्नुपर्छ जस्तो लाग्दछ । यसलाई छिटोभन्दा छिटो यसलाई व्यवस्थित गर्ने ढङ्गले (**माननीय सभामुखः** सकौं माननीय सदस्य) यो छोरी खातालाई कसरी ब्यवस्थित गर्ने भन्ने विषयमा अलि छलफल चलाएर यसलाई ऐन नै ल्याएर ब्यवस्थित ढङ्गले अगाडि बढाउनु पर्छ कि भन्ने मलाई लागेको छ । र त्यतातिर जरुर सरकारले सोच्नेछ । र सामाजिक विकास मन्त्रालयको हिसावले पुँजीगत भन्दापनि चालुगत *(माननीय सभामुखज्यूबाट माइक काटिएको)*

**माननीय सभामुखः** माननीय श्री वीरबहादुर शाही । त्यसपछि माननीय श्री अमृता शाही तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री वीरबहादुर शाहीः** माननीय सभामुख महोदय, आज ०७९/०८० को वार्षिक बजेट विकासमा छलफल गर्दैगर्दा आर्थिक मामिला योजना मन्त्रालय, भूमि व्यवस्थापन कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालयमा छलफल गर्दै गर्दा सर्वप्रथम त आर्थिक मामिला मन्त्रालयकोतर्फबाट आज आर्थिक मामिला मन्त्रालय बिरामी भएको चाहिँ खवर पाएको हुनाले उहाँ प्रति सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु र पहिलो प्रथम चाहिँ आर्थिक मामिला मन्त्रालयअन्तर्गतको जो बजेट विनियोजनमा गर्दा हामीले दिएको लेटरप्याडको चाहिँ मान्यता भएको मन्त्रालय म देख्छु ।

मेरो डोल्पा जिल्लामा ८ ओटा गाउँपालिका छ ८ ओटा गाउँपालिकामा थोरै बजेट भए पनि एउटा गाउँपालिकामा २/२ ओटा योजना १५/१५ लाख भयाता पनि त्यो समावेश भएको छ र त्यो मन्त्रालयलाई म धन्यवाद दिन चाहन्छु र एउटा कुरा आर्थिक मामिला मन्त्रालयलाई योजना मन्त्रालयलाई म के भन्न चाहन्छु भने यो कर्णाली प्रदेशका ७९ गाउँपालिका मध्येमा मध्ये पनि धेरै गाउँपालिकामा चाहिँ समपुरक विषयका बजेटहरू इन्ट्री हुन छुटेको छ । त्यस्तै डोल्पा जिल्लाको ठूलीभेरी नगरपालिकाले हाम्रो इन्ट्री चाहिँ नभएर हाम्रो चाहिँ समपुरक विषयको बजेटहरू समावेश हुन सकेको छैन । ०७७/०७८ को । त्यसलाई चाहिँ म  कर्णाली प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु । त्यो ठाउँको विषयको योजनाहरू त्यसलाई चाहिँ गएर फेरि चाहिँ गएर समावेश गराईदिनु हुन म यो सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु ।

अहिले भर्खरै अहिले हामीले जव ०७७/०७८ को बजेटको जो हिमाली जिल्लामा हिजो पनि हामीले बजेट भुक्तानी गर्न नसकेर सरकारलाई अबगत नै छ डोल्पोवुद्ध गाउँपालिकाले योभन्दा अघिल्लो वर्षको बजेट चाहिँ लिन सकेन । र यो वर्ष पनि थुप्रै

चाहिँ हिमाली जिल्लामा मध्येमा एमविएस हिजो राती १२ बजेदेखि बन्द भैसकेपछी आज त्यहाँका चाहिँ उपभोक्ताहरू काम गरेको भुक्तानी लिन पाएको छैन । र काम नगरेको त ठिक छ त्यो त जाने कुरा एउटा रह्यो । अर्को काम गरेको पनि भुक्तानी लिन पाएको छैन त्यहाँको नेटको प्रोब्लेम चल्याछ । त्यहाँको चाहिँ गएर धेरै काम गर्न सकिएन । उपल्लो डोल्पाका सवै चाहिँ सदरमुकाममा जम्मा भएका छन् र भुक्तानी लिन सकेको छैन यसको वारेमा केही सरकारले सोच्दिनु पर्छ मलाई लाग्छ ।

अर्को यो भूमि व्यवस्थापन कृषि सहकारी मन्त्रालयमा बोल्दै गर्दा अब डोल्पा जिल्लाको हिसाव गर्ने हो भने २९ ओटा सिंचाई योजना छन् म धन्यवाद दिन चाहन्छु । र सिंचाईतर्फ हेर्ने हो भन्यापछी संख्यामा कम भयाता पनि तर सवै ठाउँमा सवैतिरदेखिएको छ । एउटा कुरा हिजो ०७७/०७८बाट डोल्पा जिल्लामा हिमाली जिल्लामा चौंरी फर्मको व्यवस्था थियो । र चौंरी त्यो चौंरी फर्म मैले अहिले कुनै किताबमादेखिन । गत साल चाहिँ गएर चिनि उद्योग मह त्यहाँ ९० लाख विनियोजन भएको थियो । चौंरी स्रोत केन्द्रमा १ करोड विनियोजन भएको थियो । अहिले त्यो किताबमा देखेको छैन । यी कि त एकपटक गएर कि त त्यसलाई क्यान्सील गर्नुपर्छ । होइन भने त्यसलाई पूर्णता दिनुपर्छ । २/२ वर्षसम्म २/२ करोड लगानी गरिसक्ने अनि अहिले त्यो किताबमै बजेट आएको छैन । र चौंरी त्यो स्रोत केन्द्र पनि डोल्पा जिल्लामा दुईटा छुटेका छन् । एउटा चाहिँ गएर शे फोक्सुण्डो गाउँपालिका वडा नम्वर ५ मा सुरू भएको छ । र एउटा जगदुल्ल गाउँपालिकामा गतसाल ९० लाख गएको छ । त्यो भौतिक संरचना निर्माण भैसक्यो । र अहिलेबाट त्यसको सुरू गर्नको लागि बजेट विनियोजन गर्नुपर्छ ।

मलाई कृषि मन्त्रीज्यूलाई म ध्यानाकर्षण गराउन चाहन्छु । र थुप्रै चाहिँ हामीले कृषि मन्त्रालयअन्तर्गत योभन्दा अगाडि किसानहरूलाई चाहिँ उपलब्धि हुने कार्यक्रमहरू गएको थियो र एउटै कुरा के छभन्दा धेरै कुरा उठेको छ यो हाम्रो कर्णालीका ७९ वटै गाउँपालिकामा जो हाईटेक नर्सरीको ठूलो कम्प्लेन आएको छ यो चाहिँ छानवीन समिति गठन गर्नुपर्छ मलाई लाग्छ । यसलाई कुन कुन ठाउँमा कमजोरी भयो त्यसलाई कारवाही गर्नुपर्छ । र राम्रो चलाएको हाईटेक नर्सरीलाई चाहिँ प्रोत्साहन दिनुपर्छ । एकपटक दिने फेरि हामीले किन नदिने त्यहाँ ? त्यो कृषि मन्त्रालयले ल्याउनु पर्छ भन्ने मलाई लाग्छ ।

अब सामाजिक विकास मन्त्रालयअन्तर्गत हेर्ने हो भने सवैभन्दा सामाजिक हितको लागि गर्ने मन्त्रालय हो सामाजिक विकास मन्त्रालय । ०७८/०७९ को बजेटको विनियोजन गर्दा मेरो क्षेत्रमा एउटा पनि विद्यालय सिफारिस भएर परेन । एउटा खेलकुद मैदान पनि परेन । यो साल आउँदा पनि मेरो दिएको निवेदन यहीं छ मन्त्रीज्यूलाई । एउटा पनि छैन । अब हामी डोल्पा जिल्लामा ३ जना माननीय थियौं । एकजना चाहिँ उहाँको अहिले यहाँ हुनुहुन्न अहिले २ जना स्वयं हामी यहीं छौं । हामी २ जना माननीय

हुँदाहुँदै अर्को कोही माननीय छन् कि म जान्दिन । एउटा पनि विद्यालय नहुने । मैले त तपाईंहरूको हाम्रो सबैभन्दा मेरो क्षेत्रमा १५ ओटा मावि विद्यालयहरू छन् । यो भन्दापनि प्रत्येक विद्यालयलाई मैले चाहिँ गएर प्रदेश सरकारले नसकिसकेपछि एउटा मात्रै लिने कुरा गर्ने भएको हुनाले मैले समपुरक बजेट हालें काहीँ । काहीँ निर्वाचन क्षेत्र विकास कोष हालेर विद्यालय बनाइयाछ । अहिले त्यहीँ विद्यालयमा डवल परेको छ ।

त्यहाँको चाहिँ गएर मैले स्थानीय तहका वडासँग सल्लाह गरेर त्यसको त्यो निर्णय गरेर ल्याएकोसहित मैले सिफारिस हो । अहिले ठ्याक्कै सिफारिस उल्टो परेको छ । अब यो सामाजिक विकास मन्त्रालयअन्तर्गत नै यो उपकरण सामानमा चाहिँ खरिदमा कति ५ करोड ६ करोड फरक परेको छ लेखा समितिमा म छु भोलि छानविन त होला । यसमा सरकारले हेर्ने पनि होइन । अर्को यो धेरै चर्चामा पनि आइसक्याछ । हिमालय विश्वविद्यालयको विधेयक अहिले कहाँ पुगेको छ ? यसको लागि सरकारले सोच्ने कि नसोच्ने ? जव यसको लागि गम्भीरतापूर्वक सोच्नु पर्छ नि त । कि जुम्लामा हो राख्ने भनेर कटाउन खोज्या हो कि ? साबिक कर्णाली अञ्चलको हिजो पञ्चायती व्यवस्थामा पनि जुम्लामा चाहिँ गएर तपाईंको हाम्रो साबिक कर्णालीको चाहिँ अञ्चलाधिष कार्यालय ज्ुम्ला थियो के । साबिक कर्णालीको हिसावले हेर्ने हो भनेपछी तपाईंको मुख्य आयोगको कार्यालय पनि जुम्लामा सुरू थियो के । हिजो आज जुम्लामा हामी चाहिँ डोल्पाबाट चाहिँ जुम्ला आउनु पर्थ्यो लोकसेवा आयोग दिन । हुम्लाबाट पनि जुम्ला नै आउनु पर्थ्यो मुगुबाट पनि जुम्ला नै आउनु पर्थ्यो । सायद कालिकोटबाट पनि जुम्ला नै आउनु पर्थ्यो । आज के जुम्लामै हो भनेर चाहिँ अलिकति भेदभाव राख्न खोज्या हो कि ?

संघीयता भनेको के हो त ? यसको मर्म के बुझ्नु पर्छ ? त्यो हिमाललाई हिमालै बनाउने पहाडलाई पहाडै बनाउने तराईलाई तराई बनाउने ? यो सरकारले हेर्ने दृष्टीकोण अलि राम्रो हुनुपर्छ मलाई लाग्छ । आखिर हिमाल त चाहिने होला नि त ? आखिर नाम त लिन्छौं हामी शे फोक्सुण्डो रारा । रारा तालको त नाम त लिन्छौं नि त ? सिंजा उपत्यकाको नाम किन नलिने हामीले ? यस्तै कान्जिरोवा हिमालको तालको नाम किन नलिने ? त्यो भएका कारणले मैले आग्रह गर्न चाहन्छु यो सरकारलाई यो हिमालय विश्वविद्यालयको विधेयक यो तत्काल त्यो सदनमा ल्याउनुपर्छ भन्दै मेरो भनाइ यहीँ अन्त्य गर्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री अमृता शाही ।

**माननीय श्री अमृता शाहीः** सभामुख महोदय, आज दशौं बैठकको एक्काईसौं...दशौं अधिवेशनको एक्काईसौं बैठकमा तीनवटा मन्त्रालय आर्थिक मामिला, कृषि र सामाजिक । आर्थिक मामिला मन्त्री अस्वस्थ भएको कारण सिघ्र स्वास्थ्य लाभको कामना गर्छु ।

सामाजिक सर्वप्रथम सामाजिक विकास मन्त्रालय विद्यालय एउटा पालिका एउटा विद्यालय भवन । १० ओटा पालिकामा १० ओटा विद्यालय पऱ्या रैछन् । र किताबभन्दा यो छुट्टै ल्याउनुभाछ यसको लागि किताबसहित यो सजिलो पनि भयो विद्यालय यतिवटा यति ठाउँमा पड्यारैछन् भन्ने सजिलो लायाछ मलाई चाहिँ यसको लागि धन्यवाद !

अरू धन्यवाद कृषि यो उसमा यो सामाजिक मन्त्रालयमा महिला सम्वन्धी महिलाहरूको सिप विकासको लागि पनि रैछ र वर्थिङ सेन्टर भए । यस्तै यस्तै अब कार्यक्रम छन् यसलाई चाहिँ लागु छिटो कार्यान्वयन गरेर यसमा छिटो चाहिँ उ गर्नुपर्छ । अघि नै एकजना माननीयज्यूले भन्नुभयो सुत्केरीको कुरा हेलिकोप्टरबाट उद्धार गर्ने त्यो त्यसको वारेमा पनि यो मन्त्रालयले पहिल्यैदेखि गरिराख्यो । अझैपनि गर्नेमा तयार यो कुरा आयो यसको लागि पनि धन्यवाद ! र एउटा कुरा के छ भने यहाँ मैले हेर्दै गएँ ४० लाख मात्रै छ यहाँ सुर्खेतमा त ४० ठिकै पनि होला । यहाँको अहिले महंगीको जमानामा त्यो ४० लाखले माथि त्यति टाढा डोल्पा अनि हुम्ला त ४० लाखले त ४ कोठे भवन सायद बन्दैन होला । फेरि थपिन्छ कि ? यत्ति नै हो कि ? यो चाहिँ मैले बुझ्न खोजेको हो । यो चाहिँ बुझ्न खोजेको हो । अब चाहिँ अलिअलि बढाएर पठाउने कि अथवा यही यसैमा अब के हो कसो हो यो चाहिँ मैले बुझिन है त्यो कुरा । र कृषिको वारेमा चाहिँ अरू सवै ठिकै छ किताब पनि अब ठिकै ल्याउनुभाछ बजेट चाहिँ अब स्यानो स्यानो छरिएर आएको छ ।

अब कसैलाई थोरै सानो योजना भाको होला त्यसैको लागि पनि यति सानो सानो आएको होला । तर, जे जस्तो भए पनि दूरदराजका जनताले चाहिँ कृषिको बजेटको चाहिँ अनुभव गर्न पाउन् किनभने उनलाई बेलामाथि मल चाहियो, बिउ चाहियो जोत्ने आधुनिक हलाहरू अहिले चाहिँ उहिल्यै परम्परादेखि गोरुले अथवा मान्छेहरूले जोत्ने भन्दापनि अहिले नयाँ किसिमका हलाहरू आछन् । त्यसको व्यवस्था गर्नुपर्छ । र अर्को कुरा लक्षित वर्गको लागि पहिलो चोटि मात्रै हामीले ४० लाख पाएर लक्षित वर्गहरूलाई एकदमै राम्रो भएको थियो अहिले चाहिँ घट्दै घट्दै आछ अब अहिले पनि १५ लाख जति पड्यारैछ लक्षित वर्गको लागि । ३० लाख पशु र कृषि गरेर । यो चाहिँ एउटा यो कुरा भयो ओखरका कुरा आए, स्याउका कुरा आए, आँपका कुरा पनि आए । चिस्यान केन्द्र भएन भन्ने कुरा आए । यो चाहिँ चिस्यान केन्द्र भैदिएको भया र अहिले यो स्याउको वर्षमा जस्तै अहिले इन्डियाको स्याउ आइ राख्याछ । हामीले ३ सयदे ४ सय रुपैयाँ किलो किनेर खाछौँ जम्मै । त्यति मिठो पनि छैन त्यो स्याउ ।

हामीले ब्यवस्थित गरेर राख्यौं भनेपछी जुम्लाको स्याउ, डोल्पाको स्याउहरू यो चाहिँ हामीले महंगै पड्यापनि राम्रो चिज आफ्नो देशको भनौं आफ्नो उसको अर्गानिक भनौं राम्रो खालको खान पाईन्थ्यो होला र यसको लागि चाहिँ चिस्यान केन्द्र हुन्छ कि अथवा यो स्याउसलाई सुरक्षित राख्ने के विधिले राख्ने हो यसलाई राख्नुहोला भन्ने

सभामुखमार्फत भन्न चाहें । र सभामुख महोदय म हिजोपनि २/४ ओटा कुरा पछाडि भनेको थिएँ आज पनि पछाडि भन्छु । कुरा म सुन्दै जान्छु मलाई अनौठो पनि लाग्छ अचम्म पनि लाग्छ । हामी माननीय छौं । सभाषद माननीइ भएर आएका छौं । हाम्रो निर्वाचन क्षेत्र जिल्ला १० ओटा निर्वाचन क्षेत्र २४ ओटा छ । अनि २४ ओटा निर्वाचन क्षेत्रमा २४ जना माननीयले प्रत्येक्षबाट आएको माननीयज्यूहरूले एक वर्षमा ४ करोड ५ करोड पाउनुहुन्छ । अनि त्यो ५ करोड ४ करोड अब त्यो मैले चाहिँ सभामुखमार्फत सोध्न चाहें त्यो ४/५ करोड कहाँ जान्छ त्यो पैसा ? त्यसको हिसाव किताब के हुन्छ ? त्यसको वारेमा चाहिँ अलिकति चाहिँ मैले बुझ्न चाहें ।

त्यो अथवा केरे देखिने काम के भाको छ त्यसको वारेमा ? त्यो देखिने काम छ भनेपछी के छ ? अस्ती नै म पूर्वाधारको हामी यो यतातिर गयौं । तर त्यो एउटा भवन बन्न लाग्यारैछ यो केरे सामुदायिक भवन । त्यसमा जाँदाखेरि हामीले हेर्‍यौं त्यो जग्गा दिने मान्छे पनि एउटै जातको, समिति पनि एउटै जातको त्यहाँ काम गर्ने पनि एउटै जातका । त्यो चाहिँ कस्तो खालको भयो त त्यो अनि त्यो अनि त्यो विकास भयो कि ? नातावाद कृपावाद भयो कि ? के भयो त्यो ? त्यस्तो पनि भारैछ अब हैन । अब यस्तै पूर्वाधारको चाहिँ अब हामी समानुपातिक माननीयले त अब अनुभव नै गर्‍याछैनौं । अहिले अघि कुरा निस्क्याथ्यो । अब त्यो के हो कसो हो अब त्यो थाहा भएन । हुन्छ भने ठिकै छ नभए पनि अब जति जे जति छ हामी सन्तोकै छौं । भयो भने अब राम्रै छ । तर, यो समानुपातिक केरे प्रत्यक्षको माननीय ज्युहरूले चाहिँ त्यो चाहिँ ४ करोड छ कि क्या हो अहिले पनि पहिला अलि ५ भयाजस्तो लाग्थ्यो मलाई त्यो चाहिँ कुन ठाउँमा देखिने गरी काम लगाउनुभाछ ? अनि गरिबी जनता कर्णालीका जनताहरूले भोक रोगमा शोकमा अथवा खान लगाउन नपाएर एकदमै पीडित छन् भने त्यो चाहिँ कति जनताले पाए पाएनन् यसको वारेमा चाहिँ सभामुखमार्फत मैले यो सम्मानित सदनमा सोध्न चाहें। हवस् त धन्यवाद जय नेपाल ।

**माननीय सभामुख :** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९अन्तर्गतको आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालयका शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवं जिज्ञासामा सम्बन्धित मन्त्रीहरूले भोलि असार २७ गतेको बैठकको सुरूमै जवाफ दिनुहुने व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, भोलि असार २७ गते मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र कर्णाली प्रदेश योजना आयोगका शीर्षकहरूमाथि छलफल हुने व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७९ साल असार २७ गते सोमवार दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।

# बैठक संख्या-२२

## (२०७९ साल असार २७ गते सोमबार)

**राष्ट्रिय गान,**

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको बाइसौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक २०७९अन्तर्गत विनियोजन भएका आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालयका शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिनका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १४० को उपनियम ८ बमोजिम समय निर्धारण गरेको छु । सर्वप्रथम आर्थिक मामिला तथा योजना मन्त्रालयको शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम् जिज्ञासामा जवाफ दिनका लागि कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीलाई समय दिन्छु ।

**मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीः-** माननीय सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्रालयको विनियोजन ऐन सम्बन्धमा उठाइएका प्रश्न, जिज्ञासाहरू उठेका छन् । त्यसका सम्बन्धमा माननीयज्यूहरूले उठाउनु भएको प्रश्न, जिज्ञासाहरूलाई मैले त्यसको जवाफ दिने प्रयत्न गर्नेछु । म सांसदहरूको एक-एक गरेर प्रश्नको जवाफ दिने प्रयास गर्नेछु । सर्व प्रथम माननीय देवी ओलीले पूर्वाधार विशेष कार्यक्रममा समानुपातिक सभासदको विषयमा स्पष्ट भएन यसलाई समान हिसाबमा किन हेरिएन त्योभन्दा अगाडि विकास कार्यक्रमको किताबमा पूर्वाधार विशेष कार्यक्रममा समानुपातिक हो भनेर सोध्नु भएको थियो । वास्तवमा हामीले यो समानुपातिक र निर्वाचित माननीयज्यूहरूको लागि बनेर हामीले बजेट विनियोजित गरेका छैनौं । यो सांसद कोषचाहिँ होइन हिजोदेखि हाम्रो चलेर आइरहेको निर्वाचत क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको बजेट २४ ओटा निर्वाचन क्षेत्र भएको हुनाले ती २४ ओटा निर्वाचन क्षेत्रलाई हामीले बजेट विनियोजन गरेका छौं । त्यो बजेट हिजो पनि चार करोडको हिसाबले त्योभन्दा अगाडिका वर्षहरूमा पाँच करोडको हिसाबले थियो र अहिले चार करोडको हिसाबले गत वर्षदेखि हामीले निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम छुट्याउने गरेका छौं । यसको कारण के हो भने माननीय सदस्यहरूले भन्नुभए जस्तै विकासलाई समानुपातिक ढङ्गले लिन खोज्दा खोज्दै पनि ती निर्वाचन क्षेत्रहरूमा फरक पर्ला कि भन्ने दृष्टिकोणले हामीले समान रूपले राखेको त्यो कोष हो । अहिले यो वर्ष हामीले पूर्वाधार विशेष कार्यक्रम भनेर पनि राखेका छौं । निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम होइन कि पूर्वाधार विशेष कार्यक्रम भनेर राखेका छौं र यो यसरी राखनको कारण के हो भने यसलाई समानता गर्दा गर्दै पनि फेरि पनि

असमानता हुन सक्छ बारम्बार कुनै क्षेत्रहरू छुटेका हुन सक्छन् । हाम्रो एक किसिमले हेर्ने हो भने कर्णाली प्रदेश नै एउटा निर्वाचन क्षेत्र जस्तो पनिदेखिन्छ र २४ ओटा पनि भएको हुनाले त्यसमा पनि हाम्रो छुटफुट हुन सक्छ त्यसको लागि पूर्वाधार विशेष कार्यक्रम भनेर हामीले राखेका छौं । र यसको लागि हाम्रो कार्यविधि छ, त्यो कार्यविधिअनुसार हुन्छ भन्ने नै म माननीयज्यूलाई माननीय सभामुखज्यूमार्फत म अनुरोध गर्न चाहन्छु । अर्को एउटा गहन कुरा उठाउनु भएको छ यस आर्थिक वर्षको भुक्तानी असार मसान्तसम्म किन गरिएन आर्थिक वर्ष समाप्त नहुँदै किन प्रणाली बन्द गरिया् । भन्ने एकदमै जेनुन कुरो लागेको छ सरकारलाई यसको वास्तविकता भएको के हो भने अब आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी ऐन, २०७६ तथा नियमावली, २०७७ मा कार्यालयले विनियोजन ऐनबमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अध्यावधिक गरी निकासा बन्द गर्नुपर्ने छ भन्ने व्यवस्था रहेको छ । तर कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐनमा आर्थिक वर्ष समाप्त हुनुभन्दा तीन दिन अगाडि निकासा बन्द हुने व्यवस्था छ । नेपालको संविधानको धारा ५७ को उपधारा ६ बमोजिम प्रदेशसभाले बनाएको कानून सङ्घीय कानूनसँग बाँझिएको हदसम्म अमान्य हुने व्यवस्था गरिएको छ । त्यसैले महालेखा नियन्त्रण कार्यालयले मिति २०७९ साल ३ महिना २४ गते सबै प्रणालीहरू २५ गते राती १२ बजेदेखि बन्द हुने सूचना प्रकाशन गरेको छ । साथै कर्णाली प्रदेश मुख्यमन्त्री कार्यालय र आर्थिक मामिला मन्त्रालयबाट समयमा नै सो विषयमा सबै निकायहरूलाई परिपत्र गरिएको थियो हाल सबै प्रदेशबाट असार मसान्तसम्म भुक्तानी गर्न मिल्ने व्यवस्थाको लागि सङ्घीय सरकारसँग हामीले अनुरोध गरेका छौं । हामीले एउटा ऐन बनाऔं सात दिन अगाडिको त्यसले २८ गते भोलिसम्म हुन पाउने हो तर अब हाम्रो संविधानले त्यो भनेको हुनाले हामीले प्रयास गरौं, सरकारले प्रयास गर्‍यो अर्थ मन्त्रालय पनि त्यसमा लागिरहेको छ र २ नम्बर प्रदेशले त आज प्रेस विज्ञप्ती नै निकालेको छ यो सङ्घीयता रहेन् सङ्घीयता हुन सकेन भन्ने कुरा छ । त्यो कारणले भएको हो भन्ने मैले अबगत गराउन चाँहे । माननीय बद्री क्वारी बोहोराले पनि राख्नु भएको छ । उहाँको प्रश्न थियो योजना अर्थ मन्त्रालयमा गएर किन काटिन्छ, अर्थमा योजना काटिदा महत्त्वपूर्ण योजनाहरू काटिने हुन्छ भनेर भन्नु भएको थियो । मलाई एउटा विश्वास के छ भने यो हामीले यो आगामी आउने आर्थिक वर्षको बजेट तर्जुमाको क्रममा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट कुनै पनि मन्त्रालयको योजनाहरू काटिएका छैनन् । बरु मन्त्रालयसँग समन्वय गरी थप कार्यक्रम र बजेट सिलिङसहित केही महत्त्वपूर्ण योजना र कार्यक्रम थप गरिएको छ । किन कि हामीले जुन मन्त्रालयलाई सिलिङ दिएका थियौं । सिलिङअनुसार गत वर्ष उहाँहरूले गरेको खर्चको ट्रेन, त्यो मन्त्रालयमा रहने पैसाको अबस्थालाई हेरेर हामीले थप नै गरेर पठाएका छौं तर त्यो काटिएको कुरा सत्य होइन र त्यसरी मन्त्रालयले काट्दा पनि काट्दैन । सभामुख महोदय, त्यसरी नै माननीय

सुशील थापाले उठाउनु भएको छ चार वर्ष कुल १ सय ३४ करोड मात्र राजस्व सङ्कलन भएको छ । र कसरी प्रदेशको विकास सम्भव छ, वास्तवमा यो असाध्यै महत्त्वपूर्ण कुरा हो चार वर्षसम्म जम्मा हाम्रो १३४ करोड मात्रै राजस्व भयो तर अब समस्या के छ भने नेपालको संविधानबमोजिम प्रदेश सरकारको कर लगाउने, एकल अधिकार क्षेत्र कृषि मात्रै हो । अरूमा हामीले लगाउन पाउँदैनौं । अनि कर्णाली प्रदेशको कृषि उत्पादनले जम्मा हाम्रो ६ महिनाको आवश्यकता मात्रै पूरा गर्ने कृषिमा नै हामीले कर लगाउने हो भने त्यो त सम्भव छैन । अब हिजो पनि सभामुख महोदय, कुरा उठ्यो कर्णाली प्रदेशमा एउटा मात्रै जिल्ला सल्यान जिल्ला हो त्यहाँ प्रयाप्त मात्रामा खाद्यन्न उत्पादन हुन्छ भने साबिक कर्णालीका ५ ओटा जिल्ला त भोकमरी हुने जिल्लाहरू हुन् त्यस्तै दैलेख पनि त्यस्तै हो, सुर्खेत पनि त्यस्तै हो, जाजरकोट पनि त्यस्तै हो । र दोस्रोमा रुकुम पनि आत्मनिर्भर छ तर अब कुनमा छ तर खाद्यन्न खान पाएनौं भन्ने अबस्था आउँदैन त्यसमा हामीले लगाउन सक्ने कुरा रहेन् । प्रदेश सरकार र स्थानीय तहबिच बाँडफाँड हुने केही सवारी साधन करहरू छ । त्यो र मालपोत दायराभित्र अपेक्षीत फराकिलो छैन एकदमै साँघुरो घेराभित्र छ प्रदेश सरकारको अधिकार क्षेत्रमा केन्द्रिकृत राजस्व परिचालनलाई प्रभावकारी बनाउने भन्ने सम्बन्धमा प्रारम्भिक प्रतिवेदन प्राप्त भएको छ यसलाई कसरी अगाडि बढाउन सकिन्छ भनेर यसको बिस्तृत अध्ययन गरी प्राप्त प्रतिवेदनको आधारमा राजस्वको दायरा कसरी बढाउन सकिन्छ भन्नेमा हामीले बजेट मा नै यी कार्यक्रम प्रस्ताव गरेका छौं । र सबै माननीयज्यूको सल्लाह सुझावलाई हामीले अगाडि लिएका छौं ।

त्यसरी नै माननीय पद्मा खड्काको असार मसान्तमा बजेट रकमान्तर गर्ने प्रवृत्ति रोक्नुपर्छ भन्ने कुरा उठाउनु भएको थियो । सशर्त, समपुरक र विशेष अनुदानका योजना सम्पन्न गराउनुपर्छ समयमा बजेट पास भए पनि ढिला सुस्ती नगरी कार्यान्वयन होस् । वास्तवमा बजेट छुट्याएर मात्रै पुगेको छैन सभामुख महोदय, अहिले हाम्रो सबैभन्दा ठूलो समस्या भनेको कार्यान्वयनको नै हो हामी सबैको बानी परीसकेको छ असारको अन्तिम तिर चेक भुक्तानी गर्ने, काम पनि त्यति खेर नै गर्ने सबै पायलिङ गरेर राख्ने छ । यसलाई अगाडि बढाउनको लागि हामी सबैको सहयोगको अपेक्षा सरकारले गर्छ र यसरी जानुपर्छ भन्ने मलाई लाग्छ सभामुख महोदय, र यस सन्दर्भमा रकमान्तर गर्दा पनि यो सधै नै आज मात्र होइन यो प्रचलित कानून बमोजिम नै हुन्छ प्रचलित कानूनबमोजिमभन्दा हामीले बाह्य तरिकाबाट गर्न सकिँदैन सभामुख महोदय, अब यो तुलनात्मक रूपमा अरू महिनाभन्दा असारको महिनामा खर्च बढी हुने र भुक्तानी बढी हुने भएकाले त्यसलाई देखिँदा खेरि केदेखिदो रहेछ भने रकमान्तर देखिने त्यो हो खर्च बढी भएको हुनाले । र अहिलेसम्म सम्पन्न भएका कामहरूको प्राविधिक प्रतिवेदन, स्थलगत अनुगमन गर्ने कारणले पनि खर्च बढी भएकोदेखिन्छ । किन कि सबै ठाउँ, ठाउँमा जाने अब यस्तो भूगोल छ कि टाढा टाढाको प्राविधिकलाई ल्याउने कारणले पनि ढिलो हुने र

असारमा देखिने यो पनि हो र वास्तविकता देखिने अर्कोकुरा के पनि हो भने हामी नेपालीहरूको बानी बिस्तारै गरौंला असार मसान्त बाँकी नै छ नी भन्ने अबस्थापनि छ केही बजेट न्यून भएको अत्यावश्यक ठाउँमा बाहेक अरू ठाउँमा चाहिँ हामीले रकमान्तर गररेको व्यहोरा जानकारी गराउन चाहन्छु । आगामी आर्थिक वर्षमा आउने बजेट कार्यान्वयनको अख्तियारीको अधिकार जुन अघि भन्नु भएको छ माननीय सदस्यज्यूले अधिकार विनियोजन ऐन पास भए पछि पहिला पहिला अलि गाह्रो थियो तर पोहोरसालदेखि नै लागु भएको हो हुन त भए पछि अहिकार विधियोजन ऐन पास भए पछि स्वतह अगाडि बढ्छ त्यो व्यवस्था छ । बजेट सम्मानित सभाबाट पास भएको भोलि पल्ट आज सम्माति सभाबाट बजेट पारित भयो र प्रदेश प्रमुखबाट प्रमाणीकरण हुने बित्तिकै हाम्रो आर्थिक मामिला मन्त्रालयबाट सबै निकायहरूलाई खर्चको लागि मार्ग निर्देशन दिने तयारी भएको छ । यसबाट बजेट कार्यान्वयनको बाटो सहज हुन्छ र गर्नुपनि पर्छ यो मार्ग निर्देशन दिने कुराहरू हाम्रो तयार भएर बसेको छ प्रमाणीकरण हुने बित्तिकै ३२ गते नै हाम्रो मार्ग निर्देशन जान्छ र १ गतेबाट नै हामीले यसमा चाहिँ सभामुख महोदय, मैले सम्मानित संसद्लाई पनि आग्रह गर्न चाँहे यसमा सम्मानित संसद्का माननीयज्यूहरूले पनि चासो राखेर बजेट गयो कि गएन् कुन ठाउँमा आयो कि आएन् अब यहाँ त अलिकति चलन के छ भने सप्टोएर खुल्दैन, खुलेको छैन भन्ने पनि छ यसबाट नै हामीले सुरू गऱ्यौं भने आगामी दिनहरूमा असारको अन्तिम दिनमा हामीले दिनुनपर्ने अबस्था मलाई लाग्छ सभामुख महोदय । त्यसैगरी माननीय दानसिंह परियारको प्रश्न थियो आर्थिक मामिला मन्त्रालय आर्थिक अनियमितताको नाइके अथवा मालिक भयो कुन क्षेत्रमा लगानी गर्ने योजना नै छैन भनेर उहाँले त्यो जिज्ञासा राख्नु भएको थियो सभामुख महोदय समग्र रूपमा अर्थ नीति बनाउने काम चाहिँ आर्थिक मामिला मन्त्रालयको हो नीति बनाउने काम त्यसले गर्छ र हामीलाई एउटा गर्व के छ भने गर्व नै मान्नुपर्छ सङ्घीय सरकारको हालसम्म पनि अर्थ नीति लिखित दस्तावेजमा तयार छैन तर प्रदेशको संरचनागत व्यवस्था सँगै महत्त्वपूर्ण नीति र अन्य कानून संरचनाहरू तयार भइरहेका छन्। प्रदेशसभामा रहेका सबै राजनीति दल विज्ञहरूको सहयोगमा आर्थिक नीति तय गरिएको छ जहाँसम्म लगानीको क्षेत्र पहिचान गर्ने विषय यी समग्रतामा हुने निर्णयहरू हुन् । हामीले सधै भन्ने गरे जस्तै सबैले मिलेर यी गर्नुपर्छ र क्षेत्रगत लगानी कहाँ गर्ने कसरी गर्ने, भन्ने सम्बन्धमा पनि हामीले आम दलीय व्यवस्थामा राजनीतिक दलहरूको सहयोगबाट गर्ने गरेका छौं र हामीले चार वर्षसम्म जुन हिजो पनि सरकार हुँदा खरी पास गरेका नीतिहरू छन् त्यहीं बमोजिम हामी अगाडि गरेका छौं । त्यसलाई म प्रस्ट्राउन चाँहे सभामुख महोदय, त्यसपछि हाम्रो माननीय दल रावलले एउटा महत्त्वपूर्ण कुरा सोध्नु भएको थियो मध्यकालीन खर्च संरचना एमटिएफको किताब प्राप्त भएन वास्तवमा यो अर्थ विधेयकमा सबैभन्दा महत्त्वपूर्ण पाटो पनि हो । किताबचाहिँ हामीले पठाइ सकेको थियो राख्न चाहिँ कसैले पाउनु भएको कसैले नपाउनु भएको तर किताब

राखिएको थियो त्यो मलाई जहाँसम्म लाग्छ सभामुख महोदय, उहाँहरूले यो दस्तावेज पाइसक्नु भएको छ । अर्को माननीय बिरबहादुर शाहीले केही पालिकाको समपूरक, विशेष अनुदान छुटेको छ सम्वोधन होस् भनेर भन्नु भएको थियो । यो प्रश्न असाध्यै महत्त्वपूर्ण हो तर विधिमा हाम्रो हिजो कै थियो भने हामी जथाभावी ढङ्गले अगाडि जाने जुन जुन बेला पायो त्यो समपूरकको पैसाहरू राख्ने, गर्दा खेरि हामी विधिमा जानुपर्छ त्यो विधिमा जानको लागि अर्थ मन्त्रालयले माघ फागुन तिर नै वेवसाइटमा मागेको थियो स्थानीय तहमा विना कुनै मार्ग तयारी विना त्यसलाई दिन सकेको अबस्था चाहिँ होइन । त्यसमा हुम्लाका दुई पालिकाहरू परेका छन् । डोल्पाको एक स्थानीय तह परेको छ । सुर्खेतको गुर्भाकोट पनि परेको छ । उहाँहरू पनि अस्ति आएर हाम्रो समपूरक भएन किन कि समपूरकको उहाँले मागेअनुसारको आउनुपर्ने हो यो हामीले त्यसै दिन सक्ने अबस्था रहेन् । फागुनमै हो त्यो मलाई याद छ त्यो सूचना गरेर सबैलाई पठाएको हो तर उहाँहरूले न पठाइसकेपछि हामीले टेलिफोन गर्दा खेरि पनि नआइसकेपछि जसको छुट्यो त्यो अहिले समावेश नभएको हो । समावेश गर्न पनि नसकिने व्यहोरा म अनुरोध गर्न चाहन्छु । यो सङ्घीय सरकारले पनि सबै प्रदेश सरकारलाई अनुदान प्राप्त गर्ने विधि पनि यही नै हो । हामीले पनि माग गर्नुपर्छ जुन अस्ति समपूरकमा आएका, विशेष अनुदानमा आएका जुन कार्यक्रमहरू आएका थिए पहिल्यैदेखि सुरू भएका हामीले नयाँ ढङ्गले लगेनौं पूरानै ढङ्गका आएकालाई गऱ्यौं र विधि त्यहीँ भएकाले विधिभित्र नपर्नु भएको हुनाले यो चाहिँ छुटेको हो मलाई जहाँसम्म लाग्छ सभामुख महोदय, सम्मानित सदनबाट माननीयज्यूहरूले राख्नु भएको जिज्ञासालाई पूरा गर्ने प्रयास गरे यदि भन्दै म बिदा हुन्छु धन्यवाद ! जय नेपाल

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब भूमि, व्यवस्था, कृषि तथा सहकारीको शीर्षकहरू माथिको छलफलमा माननीय सांसदहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिनका लागि कर्णाली प्रदेशका भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय चन्द्रबहादुर शाहीलाई समय दिन्छु ।

**भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय चन्द्रबहादुर शाहीः-** माननीय सभामुख महोदय, सम्मानित सदनमा भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आव २०७९/०८० को वार्षिक कार्यक्रममाथि छलफलका क्रममा भागलिने सम्पूर्ण माननीयज्यूलाई धन्यवाद दिन चाहन्छु । यो प्रदेश सङ्घीय संरचना निर्माण गरी रहँदा हामीले यो प्रदेश प्राप्त गरेका थिएनौं यो प्रदेश प्राप्त गर्नको लागि कर्णालीको पहिचान र आत्मसम्मानको लागि प्रदेशका सम्पूर्ण नागरिकले गरेको आन्दोलन, त्याग र तपस्याबाट हामीले यो प्रदेश प्राप्त गरेका हौं । त्यसपछि भएको निर्वाचनको परिणाम आइरहँदा कुनै दल बहुमत थियौं कुनै दल अल्पमत थियौं तर पनि कणाली प्रदेश निर्माण र समृद्धिको लागि हामीले सबै कुरा त्यागेर हाम्रा विमतिलाई त्यागेर अनेकताको एकता गऱ्यो असहमतिलाई सहमति गऱ्यौं । अमेलको मेल गरेर यो प्रदेशको विपक्ष भनेको भोक, रोग

हो हामी कोही विपक्ष होइनौं अभावै अभावले चुलिएको यो प्रदेशलाई समृद्ध कर्णाली सुखारी कर्णालीवासी बनाउनको लागि हामीले सबै कुरा त्यागेर सरकार निर्माणमा लाग्यौं। सरकार निर्माण भए पनि पहिलो मन्त्रीपरिषद्को बैठकले यो प्रदेशलाई प्राङ्गारिक प्रदेशको रूपमा अगाडि बढाउने, किनभने हामी अरू प्रदेशसँग प्रतिस्पर्धा गरेर जान सक्दैनौं हिजोदेखि नै उत्पादनमा कम हुने प्रदेश हो । उत्पादको क्षेत्रमा अरू प्रदेशसँग हामीले प्रतिस्पर्धा गर्न सक्दैनौं । यो प्रदेशलाई प्राङ्गारिक प्रदेश बनाएर मुल्यवान बस्तुहरू हामीले उत्पादन गर्न सक्छौं । यो प्रदेशका स्याउ, सिमी, ओखरहरू, चिनो, कागुनो, कोदो, फापरदेखि लगेर तल्लो बेल्टमा सुन्तला कागतीदेखि लगेर अन्य फलफुल थुप्रै उत्पादनसँग जोडेर यो प्रदेशलाई प्राङ्गारिक प्रदेश बनाएर अनि हामीले मुल्यवान बस्तुहरूको उत्पादन गऱ्यौं भने मात्रै हामी अरू प्रदेशसँग प्रतिस्पर्धा गर्न सक्छौं भनेर पहिलो क्याविनेटले प्राङ्गारिक प्रदेश निर्माणका आधारहरू तयार गर्ने भनेर निर्णय गऱ्यो । ती आधार भूताविक मन्त्रालय अगाडि बढिरहेको कुरा म यहाँ जानकारी गराउन चाहन्छु। अहिले हाम्रो मन्त्रालयलाई एक अर्ब ९५ करोड रुपैयाँ विनियोजन भएर आएको थियो पछि त्यसमा केही थप भएर आएको छ त्यसो भएकाले मैले हाम्रो मन्त्रालयबाट भइरहेका कार्यक्रम यो सम्मानित सदनमा राख्न चाहन्छु । मन्त्रालयको प्रशासनिक र उपभोक खर्च ५ करोड ७५ लाख ४३ हजार, कृषि एकीकृत प्रयोगशाला प्रशासनिक तथा उपभोक खर्च २ करोड ८८ लाख ७८ हजार, भूमि, व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय प्रशासनिक तथा उपभोक खर्च १ करोड १ लाख ५ हजार, कृषि व्यवसाय प्रवर्धन तथा सहयोग केन्द्रको प्रशासनिक तथा उपभोक खर्च २ करोड २ लाख २९ हजार, कृषि विकास निर्देशनालय प्रशासनिक तथा उपभोक खर्च २ करोड १७ लाख १६ हजार, बागवानी विकास केन्द्र प्रशासनिक तथा उपभोक खर्च १ करोड ५७ लाख ५ हजार, पशु अस्पताल तथा पशु सेवा कार्यालय १० करोड १३ लाख ६ हजार, कृषि यान्त्रिकरण कार्यक्रम २ करोड ५६ लाख ६० हजार, व्याज अनुदान कार्यक्रम, बैङ्क र सहकारीमार्फत अहिले गाउँपालिकाका सहकारीलाई पनि ब्याज अनुदानमा सर्पोट गर्ने निर्णय भएको छ यसको लागि ११ करोड ७९ लाख ५० हजार, गरिब तथा विपन्न बर्ग लक्षित विशेष कार्यक्रम लक्षित पिछडिएको वर्ग विशेष आय आर्जन मुखी कार्यक्रमको लागि ८ करोड ४० लाख ३२ हजार, सहकारी विकास कार्यक्रम, सहकारी संघ, संस्था प्रशिक्षण तथा प्रवर्धनसम्बन्धी कार्यक्रम गर्नको लागि ७७ लाख २० हजार, प्राङ्गारिक कृषि प्रवर्धन रैथाने बाली तथा पशुपन्छि विकास कार्यक्रमको लागि ४ करोड ३४ लाख ३३ हजार व्यवस्था भएको छ कृषि प्रविधि प्रवर्धन कृषि प्रसार तथा खाद्य सुरक्षा कार्यक्रम, मासिक चौमासिक, वार्षिक प्रतिवेदन, समीक्षा गोष्ठी, अन्तरक्रिया योजना तर्जुमा आदि लगायत थुप्रै कार्यक्रम यससँग जोडिएका छन् यसको लागि २३ करोड ५९ लाख ७७ हजार व्यवस्था भएको छ । भूमि व्यवस्था तथा भू-उपयोग कार्यक्रम चक्ला बन्दी बाँझो जग्गा, उपयोग जग्गा भाडा करार खेती लगायत अरू थुप्रै योसँग कार्यक्रम

जोडिएका छन् यसको लागि १ करोड ३७ लाख ८० हजार, भूमि व्यवस्था प्रवर्धन कार्यक्रम प्रवर्धनमुखी कार्यक्रम, मिसिन कार्यक्रमहरू, पकेट विकास कार्यक्रमहरू, खाद्य पोषण सुरक्षा बाली संरक्षण मल माटो परिक्षणदेखि लगेर अरू थुप्रै कार्यक्रम यससँग जोडिएका छन् यसको लागि १६ करोड ६० लाख ९९ हजारको व्यवस्था भएको छ । साना सिँचाइ, सुधार तथा मर्मत कार्यक्रम, साना प्रणाली निर्माण तथा मर्मत सम्मारको लागि ५४ करोड २ लाख ५० हजारको व्यवस्था भएको छ । स्याउ तथा ओखर विकास प्रवर्धन नर्सरी प्रवर्धन कार्यक्रम

**माननीय सभामुखः-** माननीय सदस्यले उठाउनु भएका प्रश्न एवं जिज्ञासामा केन्द्रित रहेर जवाफ दिनुपर्‍यो मन्त्रीज्यू ।

**भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय चन्द्रबहादुर शाहीः-** यो हाम्रो मन्त्रालयका कार्यक्रमका मैले यहाँ राख्न खोजेको हो । यस्तै अरू थुप्रै कार्यक्रमहरू राम्रा रहेका छन् । भनेर मैले यहाँ राख्न खोजे । माननीयज्यूहरूले हाम्रो मन्त्रालयसँग जोडिएर थुप्रै कुराहरू यहाँ उठाउनु भएको छ । ती कुराहरूमा मैले हिजो सुर्खेतमा कोल्ड स्टोर छैन भन्ने कुराहरू यहाँ उठेको छ वीरेन्द्रनगरको हाट बजारभित्र २ सय मेटिक्टन क्षमताको एउटा कोल्ड स्टोर सञ्चालनमा रहेको तथा वीरेन्द्रनगर ९ मा २ सय मेट्रिक टन, गुर्भाकोटको बोटेचौरमा १५० मेट्रिक टन क्षमताको निर्माणधीन रहेको तथा दुई साना गरेर जम्मा ५ ओटा सुर्खेतमा कोल्ड स्टोर रहेको छ यसको लागि केही सञ्चालन नभएका हुन सक्छन् । यसको लागि माननीय सदस्यज्यूहरूको साथ सहयोगले त्यसलाई सञ्चालन ल्याउनको लागि हामीले के गर्नुपर्ने हो यसको लागि मन्त्रालय तयार छ । जुम्लामा २ सय ५० मेटिक्टन क्षमताको कोल्ड स्टोर निर्माण भएको छ यस आर्थिक वर्षबाट सञ्चालन आउने कुरा हामीलाई जानकारी भएको छ । रुकुम पश्चिममा तिन ओटा कोल्ड स्टोर निर्माण भएको छ, आगामी आ.व.देखि सञ्चालन हुने कुरा रहेको छ । दैलेखमा एक ओटा १ सय मेटिक्टन क्षमताको कोल्ड स्टोर निर्माणाधीन अबस्थामा रहेको छ । सल्यानको कपुरकोटमा १८० मेटिक्टन क्षमताको कोल्ड स्टोर निर्माण प्रारम्भ भएको छ । डोल्पामा १० टन क्षमता ६ ओटा प्रि फ्याव च्याम्बर निर्माण भइ सञ्चालनमा रहेको अबस्था छ ।सँगसँगै हिजो भूमि सम्बन्धी थुप्रै कुराहरू यहाँ उठेका छन् । भूमिसम्बन्धी अधिकारहरू अहिले पनि संघबाट हस्तान्तरण भएको छैन । चक्लाबन्दी बाँझो जग्गा, उपभोक जग्गा, भाडा करार खेती भूमि व्यवस्था तथा भू उपयोग सूचना केन्द्र जस्ता कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । जोखिम संवेदनशिल भू उपयोग नीति ऐन निर्माणको लागि भू-उपयोग परिषद् गठन प्रक्रिया अगाडि बढेको छ । अहिले पनि नापी र माल प्रदेशको मातहतमा नरहेकोले अरू भूमिसम्बन्धी गतिविधि हामीबाट भइरहेको अबस्था छैन । ती कार्यालयलाई हामीले उपकरणमा सहयोग पुर्याउँदै आएका छौं । अरू विभिन्न तालिम गोष्ठीदेखि लगेर अन्य उपकरणमा हाम्रो मन्त्रालयबाट सहयोग भइरहेको कुरा म सन्मानित सदनमा र माननीयज्यूलाई जानकारी गराउन

चाहाँन्छु । प्राङ्गारिक कृषि हरायो भन्ने कुरा उठ्यो प्राङ्गारिक बाली प्रवर्धन रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम सबै जिल्लामा सञ्चालनमा रहेका छन् यसअन्तर्गत प्राङ्गारिक मेसिन जैविक मल, प्राङ्गारिक मल प्रणालीकरण, लेवलिङ, प्याकेजिङ, बिउ बैङ्क, विविध संरक्षण रैथाने बाली तथा पशुपन्छी प्रवर्धन र प्राङ्गारिक मलमा ढुवानी अनुदान जस्ता कार्यक्रमहरू मन्त्रालयबाट र हामीले १० वटै जिल्लाका जिल्ला कार्यालयबाट यो अगाडि बढिरहेको कुरा म यहाँ जानकारी गराउन चाहन्छु । स्याउ तथा ओखर नारामा मात्रै आयो त्यो हरायो भन्ने कुरा पनि यहाँ उठ्यो त्यसको लागि हामीले साबिक कर्णालीका ५ जिल्ला र तलका ५ जिल्लालाई हामीले माथि स्याउ र ओखरको क्षेत्रमा हामीले सम्वोधन गरेका छौं भने हामीले तल सुन्तला र कागतीलाई मध्यनजर गरेर हामीले त्यस्ता कार्यक्रम अघि बढाएका छौं । पूर्व मन्त्री माननीय दल रावलले क्षेत्रि सिँचाइ अब ठकुरीको सिँचाइ हुनुपर्‍यो, अनि बाहुनको सिँचाइ हुनुपर्‍यो, अन्य विभिन्न जात जातीको नाममा सिँचाइ हुनुपर्‍यो भनेर यहाँ भन्नुभयो त्यो योजनाहरू माननीय मन्त्रीज्यूहरूकै सिफारिसबाट ती योजनाहरू पर्न गएको छ । मैले त्यो ठाउँ खोजे, त्यो ठाउँ सोधे, त्यो सोधिसकेपछि त्यो हुम्ला जिल्ला अदानचुली गाउँपालिका वडा नम्बर ४ मा भएको क्षेत्रि सिँचाइ भनेको ठाउँको नाम हो । जो सिमेली र उद्गढीको बिचको जिउलो नै क्षेत्रि ठाउँ रहेछ । त्यसो भएकाले मैले आफैं खोजी नीति गरेर मान्छेलाई सोध्दा त्यो ठाउँको नाम नै क्षेत्री रहेछ । त्यसो भएकाले यो अनेत्र परेको छैन, भन्ने कुराहरू मैले यहाँ जानकारी गराउन खोजे । अर्को यहाँ हुम्लामा स-साना मात्र होइन ठूलो ज्युलाहरू छन् थुप्रै जमिनहरू भएको बस्तीहरू छ । भनेर पनि यहाँ कुरा आएको थियो मैले हामीलाई सव्रदलीय, सहमति, सरकारको सहमति ठूला योजना, ठूला सिँचाइका कार्यक्रमहरू उर्जा जलस्रोत मन्त्रालयले निर्माण गर्ने, अनि साना योजनाहरू कृषिले गर्ने भनेकोले ती ठूला टाहरहरूमा, ठूला जिउलाहरूमा हामीले ठूला सिँचाइका योजनाहरू सम्वोधन गर्न सकिएन् यसको लागि मन्त्रालयकोतर्फबाट माननीयज्यूलाई त्यो ठूला जिउलाका लागि उर्जा जलस्रोत मन्त्रालयमा प्रस्ताव राख्न अनुरोध गर्दछु । साथै अर्को बागबाणीको विषयमा पनि हिजो कुरा उठेको थियो हामीले बागबाँणीलाई अलिकत व्यवस्थित गर्ने, अलि फरक ढङ्गले व्यवस्थापन गर्ने भन्ने कुरा मन्त्रालयको सोच रहेको छ । मन्त्रालयले बजेटिङ गरीरहेको छ त्यो सम्पत्ति हामी सबैको सम्पत्ति हो । त्यो प्रदेश सरकारको सम्पत्ति हो। थुप्रो सम्पत्ति त्यहाँ जुन खडा भएको छ हेर्दा खेरि त्यो अहिले त्यसै ओझेलमा परीरहेको अबस्थामादेखिन्छ । त्यसलाई हामी सबैले सरकार, मन्त्रालय, र सबै प्रदेशका माहानुभावहरूले त्यो सम्पत्तिलाई यदि सदुपयोग गर्‍यौं भने त्यहाँको काज मात्रै जुन अहिले बुटाहरू छन् ती रुख मात्रै संरक्षण गरेर बिक्रि वितरण गर्ने हो भने त्यो वागवानीलाई ती रुखहरूले सञ्चालन गर्ने अबस्था हुन सक्छ त्यस्तो अबस्थामा उभिएको छ । त्यसको लागि मन्त्रालयको ध्यान गएको छ । त्यसका लागि बजेटिङ पनि भएको छ अब हामी कसरी अघि बढ्ने छौं भन्ने कुरा गरीरहेको कुरा म यहाँ राख्न चाहन्छु ।

अर्को कुरा पूर्व मन्त्री खड्गबहादुर खत्रीले पेज नम्बर २८ मा यो जग्गा भाडा यो विद्युत् भनेको के हो अनि यो दोहोरीएर आएको छ तेहेरीएर आएको छ सबै जिल्लामा यही भनेको छ भनेर जुन कुरा उठाउनु भएको थियो मैले माननीयज्यूलाई यो बेरोजगार युवा, बेरोजगार कर्णालीवासीले यदि कसैको जग्गा भाडामा लिएर उत्पादन गर्ने काम गर्छ भने त्यसकोलागि मन्त्रालयले ५० प्रतिशत सर्पोट गर्ने छ भन्ने कुरा गरेको छ । यसको लागि १० वटै जिल्लामा यो कार्यक्रम रहेकाले यो दोहोरीएको हैन सबै जिल्लामा जग्गा भाडामा लिएर कोही युवाले आय आर्जन गर्न सक्छ व्यावसायिक खेती गर्छ भने सरकारले सर्पोट गर्नुपर्छ हिजो यहीसँग जोडिएको गितको सोलोक पनि आएको थियो । किताब रित्तै छ बिदेश जाने युवाहरूलाई रोक्ने केही कार्यक्रम छ कि भनेर कुरा उठेकाले ती बिदेश जाने युवाहरूलाई रोक्नको लागि आफ्नै प्रदेशमा आफ्नै खेतबारीमा रोजगारी दिनको लागि बाँझो जग्गा यदि कसैले लिजमा लिएर काम गर्छ भने प्रदेश सरकारले ५० प्रतिशत सर्पोट गर्ने भनेर यो कार्यक्रम रहेको छ । हिजो हाम्रो प्याडमा दिएका योजनाहरू आएनन् परेनन् भन्ने कुरा रहयो अनि अर्को हाम्रा प्रतिपक्ष दलका सचेतक माननीय जुलावजंग शाह ज्यूले मुगुमा बजेट बढी भयो सल्यानमा कम भयो उत्पादनको हिसाबले मुगु र सल्यान एउटै हुन सक्दैन भनेर यहाँ सोधिएको थियो । हो पक्कै पनि मुगु र सल्यान उत्पादनको हिसाबले एउटै हुन सक्दैन । सल्यान हिजोदेखि नै आत्मनिर्भर भएको जिल्ला हो । उ आफू मात्र होइन कर्णाली प्रदेशलाई नै उत्पादनको हिसाबले केही सर्पोट गरीरहेको जिल्ला हो त्यसो भएकाले मुगु र सल्यान एउटै दाँज्न सकिँदैन उत्पादनको हिसाबले अति सुन्दर ठाउँ हो । तर कुरा के भने हाम्रो योजना छनोटका कुरा पनि उठेका थिए कुन विधि, कुन पक्रियाबाट योजना छनोट हुन्छन् भनेर सोधिएको थियो, योजना छनोट भनेको एउटा स्रोत भनेको माननीयज्यू नै हो । एउटा स्रोत भनेको हाम्रो मन्त्रालयका कार्यालय हुन् अरू स्रोत हुनै सक्दैन । त्यसो भएको हुनाले भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्रालय ठूला योजनाहरू छैनन् साना योजना थोरै योजनाको लागि केही कार्यक्रम दिनुहोला भनेर फोन गरेर होइन हाम्रै मन्त्रालयमा राखेर उहाँहरूको सुझाव र सल्लाह लिने कामहरू हामीले गरेका थियौं । त्यो गरीसकेपछि माननीय गुलावजंग शाह ज्यूले मलाई चार ओटा योजना मात्रै पठाइ दिनुभयो उहाँले सिँचाइका चार ओटा योजना पठाइदिनुभयो मैले त्यो सिँचाइका चार वटै योजना सम्वोधन गरि दिएको छु । त्यसपछि उहाँले नपठाएपछि कार्यालयबाट आएका योजना त मान्नै पऱ्यो हाम्रा कि स्रोत कार्यालय हो कि माननीयज्यू हो । त्यसो भएको हुनाले उहाँले पठाएका सबै योजनाहरू मैले समावेश गरेको छु । मैले यहाँ चिन्ह पनि लगाएको छु उहाँले पठाएका योजना मैले एउटा पनि छुट्टाएको छैन तर पैसा कम पऱ्योभन्दा खेरि हामीलाई सर्वदलीय र सरकारले नै साना योजना निर्माण गर्ने भन्ने कुरा भएकाले हाम्रा त चार, पाँच लाखका कहीं हजारको कुरा पनि आउने रहेछ । काहीं कुलाहरू टाल्नुपर्ने पनि रहेछ त्यस कारणले हामी साना योजनामा पनि अब त्यसरी तपाईंहरूले भनेका कुरा

सम्वोधन गरेको छ त्यो लेटरप्याडको अपमान गरेको छैन भन्ने कुराहरू मैले यहाँ राख्न चाँहे । त्यसपछि माननीय मिनासिंह रखाल ज्यूले मलाई प्याडमा लेखेर दिनुभयो हिजो त्यो लेटर प्याडको अपमान भयो भनेर हिजो यहाँ कुरा गर्नु भयो उहाँले हाम्रो मन्त्रालयको विधिले, हाम्रो मन्त्रालयको विधानले दिएको कुरा हाम्रो मन्त्रालयले सम्वोधन गरी दिएको छ। माननीयज्यूहरू सबै यही हुनुहुन्छ माननीयज्यूहरूले मागेका ती योजनाहरू हाम्रो मन्त्रालयले सम्वोधन गर्न नसक्ने भएकोले ती योजनाहरू सम्वोधन गरीएन् उहाँले के भन्नु भएको थियो भने सबै पालिकामा हाट बजारको व्यवस्था गरीदिने, बाँझो जग्गा व्यवस्थापन गरीदिने, सित भण्डार निर्माण गुराँस गाउँपालिकामा गरीदिने, भनेर अरू अरू कुराहरू माग्नुभएको थियो सिँचाइ उहाँले भन्नु भएको थियो ठूलो खोला सिँचाइ गुराँसे ८ त्यो व्यवस्था भएको छ यस्तै १, २, ३, ४, ५ ओटा सिँचाइको व्यवस्था भएको छ । यी सबै माग भएका कार्यक्रम जिल्लाले हुन्छन् किनभने यहाँबाट तोकेर लिँदा खेरि मन्त्री भ्रष्ट्राचारी भयो कि पार्टीगत भयो कि त्यसपछि नाताबाद कृपाबात भयो कि भनेर बेलेम लाग्ने भएकोले हामीले सार्वजनिक खरिद् ऐनमा टेकेर नियममा टेकेर जिल्लाले नै त्यसको विज्ञापन गर्ने जिल्लाले नै छनोट गर्ने गरेर त्यो व्यवस्था भएको छ । माननीयज्यूले जुन प्याडमा लेखेर दिनु भएका कुराहरू अनि सम्बन्धित जिल्लाहरूमा तपाईंहरूले सम्पर्क गर्नु हुनेछ । यदि आवश्यक नै हो भने ती जनतालाई त्यहाँ दरखास्त हाल्न लगाउनु हुनेछ। त्यस्तै अब यहाँ माननीय अमृता शाहीज्यूले दुई ओटा योजना मलाई दिनु भएको थियो उहाँले हिजो लेटरप्याडको केही मूल्य भएन भनेर भन्नुभयो ती दुईटै योजना भेरीगङ्गा नगरपालिका बहुदेश्यीय सहकारी प्रा.ली.को कृषि सङ्कलन केन्द्र भवन निर्माणको लागि भनेर एउटा त्यो भन्नुभयो अर्को काँडा धारापानी लाँकुरी जोड्ने कृषि सडक निर्माण भनेर त्यो माग्नु भएकाले त्यो मन्त्रालयबाट सम्वोधन गर्न नसक्ने भएकाले माननीयज्यूलाई मैले सम्वोधन गर्न सकिन । सरी भन्नुपर्ने कुराहरू यहाँदेखियो ।

यस्तै माननीय दानसिंह परियारले अरू यहाँबाट सम्वोधन हुने कुराहरू लेख्नु भएको थिएन । उहाँले दुईवटा सिँचाइमात्रै लेख्नु भयो । सिम्ली सिँचाइ योजना छायाँनाथ रारा १४ र ईमा गाउँ सिँचाइ योजना छाँयानाथ रारा १३ त्यसपछि उहाँले दलित सहकारी भवन छाँयानाथ रारा नपा १, कोल्ड स्टोर भवन निर्माण योजना छाँयानाथ रारा गापा १, घट्टे खोला माछा पालन आयोजना छाँयानाथ रारा नगरपालिका १, चौरी पालन योजना मुगमकार्मारोङ्, भेडा तथा च्याङ्ग्रा पालन यो सबै जिल्लाबाट हुने योजना आएकाले यी योजना मैले यहाँ सम्वोधन गर्न सकिन । यसको लागि जिल्लामा सम्पर्क गर्नु होला भन्ने कुरा रहयो । झोवा विकले एउटा मेरो पहिला उहाँले चार ओटा सिँचाइ लेखेर दिनु भएको थियो मैले अनि उहाँको कार्मारोङ क्षेत्र त्यतै परेकाले कार्मारोङका तीन ओटा योजनाहरू सम्वोधन गरेको थिए । एउटा १ नम्बर लेख्नु भएको रहेछ त्यो एक नम्बर छुट्न गएछ । विविध कारण मैले उहाँलाई बताईसकेको छु ।

मानननीय पद्मा खड्काले पनि थुप्रै योजनाहरू यहाँ दिनु भएको थियो तर हाम्रो मन्त्रालयसँग मेल खाने साना सिँचाइका दुई ओटा मात्रै योजना दिनु भएको थियो ती दुईवटै योजना मैले सम्वोधन गरीदिएको छु । त्यस्तै माननीय राजु नेपाली ज्यूले हाम्रो मन्त्रालय र मैले सम्वोधन हुने खालका एउटै योजनाहरू पनि दिनु भएन । पञ्चपुरी औल छाप्रे बाखा पालन दलित बस्ती भनेर दिनुभयो, वीनपा ८ खजुरा टोल कुखुरा पालन भनेर दिनुभयो, अर्को भावर टोल दलित बस्ती च्याउ खेती निर्माण भनेर दिनुभयो, अर्को अमृत दाना कृषि तथा पशुपालन फर्म बिनपा ८ भनेर त्यसरी दिनु भयो ती सबै कुराहरू हाम्रो सुर्खेतको निर्देशनालयले गर्नु भएकोले मैले सम्वोधन गर्न सकेन माननीयज्यूलाई । त्यहाँ सम्पर्क राख्न मैले अनुरोध गरे । त्यस्तै पूर्व मन्त्री खडकबहादुर खत्रीले आफ्नो लेटर प्याडमा म कहाँ दिनुभयो । तर त्यो सबै कुरा के रहयो भने सङ्कलन केन्द्र, चिस्यान घर, बाखा पालन अनुदान, नर्सरी तथा वृक्षारोपण अनुदान, दुःख पकेट क्षेत्र अनुदान कार्यक्रम भनेर दिनुभयो यो कार्यक्रमहरू हाम्रो विधि, नियमले मन्त्रालयबाट सम्वोधन गर्न नसकिने भएकोले यो सम्बन्धित जिल्ला, निर्देशनालयबाट हुने भएकाले माननीयज्यूलाई त्यहाँ सम्पर्क समन्वय गर्न म अनुरोध गर्दै यो मन्त्रालयबाट जुन बजेट विनियोजन भएको छ यो बजेट कार्यान्वयन गर्न सबै माननीयज्यूहरूको दायित्व रहन्छ आफ्नो निर्वाचन क्षेत्रमा त्यहाँ कहीँ कर्मचारी, काहीँ उपभोक्ता, काहीँ ठेकेदारले बदमासी गरेको हुन सक्छन् सबै कुरा भनेको सबैको साझा सपना हो यो यसलाई साकार पार्नको लागि माननीयज्यूको सहयोग र सर्पोट रहने छ । मन्त्रालयको विनियोजित बजेट माथि छलफल गराउने, छलफलमा भाग लिने आदरणीय माननीयज्यू, प्रमुख प्रतिपक्ष दलका माननीय, मुख्यमन्त्री, मन्त्रीज्यू र यो छलफलमा सहज ढङ्गले यो ठाउँसम्म पुऱ्याउन सहयोग गर्नु हुने सभामुखज्यू, उपसभामुखज्यू लगायत संसद् सचिवालयका सम्पूर्ण कर्मचारी महानुभावलाई मन्त्रालयकोतर्फबाट धन्यवाद दिँदै मेरो भनाइ यही अन्त्य गर्छु हवस् धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब सामाजिक विकास मन्त्रालयको शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिनको लागि कर्णाली प्रदेश सरकारका समाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढा क्षेत्रीलाई समय दिन्छु ।

**समाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढा क्षेत्रीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९अन्तर्गत सासामाजिक विकास मन्त्रालयसँग सम्बन्धित विषयहरूमा यो गरिमामय सदनमा माननीय सांसदज्यूहरूले उठाउनु भएका प्रश्न जिज्ञासाका बारेमा सामाजिक विकास मन्त्रालयकोतर्फबाट मेटाउनका लागि प्रयास गर्नेछु । सभामुख महोदय, सामाजिक विकास मन्त्रालयको वार्षिक कार्यक्रमहरूको गतिविधिमा धेरै जसो सबै माननीयज्यूहरूले त्यति गुनासो त गर्नु भएको छैन मलाई जहाँसम्म लाग्छ र यसको लागि धन्यवाद ज्ञापन गर्न चाहन्छु । सर्वप्रथम माननीय गुलावजंग शाह ज्यूले सबै कुराहरू सामाजिक विकास मन्त्रालयले समावेश गरेको मध्येमा किताब पछि आयो

भन्ने प्राय जसो जति १५ जना सम्मानित सदनका माननीयज्यूहरूले बोल्नु भएको थियो सबैबाट प्राय यो किताबै पछि आयो भन्ने जिज्ञासा र सुझावहरू जो दिनुभएको थियो सभामुख महोदय त्यो सन्दर्भमा हाम्रो प्रदेश सरकारका सरकार प्रमुख मुख्यमन्त्री माननीय जीवनबहादुर शाहीले जुन निर्देशन गर्नु भएको थियो कि २०७८/०७९ मा सामाजिक विकास मन्त्रालयबाट माननीयज्यू सम्मानित सदनका माननीयज्यूहरूले धेरै गुनासो गर्नु भएको छ । यहाँबाट गरिने विकास निर्माणका कामहरू हाम्रो कुनै पनि लेटरप्याडमा लेखेका योजनाहरू सम्वोधन हुन सकेनन् भन्ने कुरालाई सबैबाट गुनासो आएको छ । र त्यो गुनासोलाई आत्मसाथ गरेर मन्त्रीज्यूले अब यो २०७९/०८० को बजेटलाई सबै यो सम्मानित सदनका सबै माननीयज्यूहरूलाई सम्वोधन गर्ने निर्देशन भएकाबाट सम्पूर्ण यस सदनका सम्मानित माननीयज्यूहरूलाई तपाईंहरूको योजना दिनुस् भनेर माग गर्दा त्यो पक्रियामा जाँदै गर्दा माननीयज्यूहरूबाट पनि ढिलो आएको कारण त्यो विकास निर्माण जुन कार्ययोजनाको हाम्रो किताब छ त्यसमा चाहिँ समावेश गर्न नसकेको कारण म यहाँ सम्मानित सदनका उपस्थित सम्पूर्ण माननीयज्यूहरूलाई जानकारी गराउन चाहन्छु । त्यसपछि सबै माननीयज्यूहरूका मागहरूलाई अनुसूचीमा समावेश गरेर सम्वोधन गरी रहेकै छौं ।

माननीय सभामुखज्यू र सबै माननीयज्यूहरूको राय सुझाव र जिज्ञासालाई मेटाउनका लागि म प्रयत्न रहने छु । माननीयज्यूहरूले सामाजिक विकास मन्त्रालयबाट गर्नुपर्ने क्रियाकलापहरूमा जसरी सुझाव, टिप्पणीहरू गर्नु भएको छ । जिज्ञासा राख्नु भएको छ त्यसप्रति सम्पूर्ण माननीयज्यूहरूलाई धन्यवाद ज्ञापन गर्दछु । माननीय देवी ओलीज्यूले भुक्तानीको कुरा राख्नुभयो त्यो विषयमा मुख्यमन्त्रीज्यूले राखिसक्नु भएको छ। यसैगरी माननीय बझी क्वारी बोहोराज्यूले काईके गाउँपालिकामा विद्यालयको भवन त्यो समावेश हुन सकेन भनेर भन्नु भएको छ । त्यो २०७८/०७९ को वार्षिक बजेटमा नै चारकोठे नमुना भवन ७९ वटै तहमा भवन निर्माणका लागि रकम विनियोजित गरेका थियौं । त्यो सन्दर्भमा जहाँ सामाजिक कर्णालीका पाँच ओटा जिल्लामा आवासीय विद्यालय भएका ठाउँहरूमा नमुना विद्यालय चार कोठे भवन नदिने नीति भएका कारण अहिले पनि हामीले त्यसैमा टेकेर आवासीय विद्यालय जहाँ छ त्यसलाई ५० लाखको दरले विनियोजन गरेका छौं । र त्यो काँईके गाउँपालिकामा त्यो कारणले त्यहाँ चार कोठे भवन नभएको कुरा पनि म जानकारी गराउन चाहन्छु । त्यस्तै गरेर उहाँले अर्को प्रश्न पनि गर्नुभएको थियो, र माग पनि गर्नु भएको थियो दिर्घरोगीहरूलाई क्यान्सर, मृगौला रोगी, र मुटु रोगीहरूका लागि प्रदेश सरकारले के गरीरहेको छ भन्ने जिज्ञासाको सन्दर्भमा अहिले स्वास्थ्यको क्षेत्रमा स्वास्थ्य सेवा प्रवाह गर्नको लागि कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयले विपन्न परिवारहरूका लागि दिर्घरोग लागेका व्यक्तिहरूलाई रकम सहयोग गर्ने, बजेको तर्जुमा गरेको छ । अब आगामी वर्षका लागि स्वास्थ्य सेवामा दिर्घरोगीलाई पनि सहयोग गर्ने प्रक्रिया सामाजिक विकास मन्त्रालयले अगाडि बढाउने

कुरा पनि म यहाँ जानकारी गराउन चाहन्छु । माननीय सुशील कुमार थापाज्यूले यहाँ प्रश्न गर्नु भएको थियो कि उहाँले दैलेख जिल्ला ११ स्थानीय तह छ र ११ स्थानीय तहमा हामी चार जना सांसदहरू छौं र चार जना सांसदहरूको सिफारिसमा सायद उहाँको भनाइमा चार मात्रै श्कुलहरू छनोट भएका छन् अरू सात कहाँ गए भनेर प्रश्न गर्नुभयो त्यो विषयमा सामाजिक विकास मन्त्रालयले आवश्यकताको आधारमा र विभिन्न जस्तो गाउँपालिकाको हिजोको दिनमा सरकारलाई लाल्छना लगाउने, पक्रिया जो थियो कि झ्यालबाट आज आएका योजनाहरू समावेश भएका छन् भन्ने कुरा जो आउने गथ्यो त्यसलाई पारदर्शिता गर्नका लागि अहिले हामीले के गऱ्यौं भने गाउँपालिकाको सिफारिस त्यो वडाको सिफारिस सम्बन्धित विद्यालयको निर्णय र विद्यालयको कभरिङ लेटरमा माग पत्र र त्यसैको साथ साथै हाम्रो मन्त्रालयअन्तर्गत रहका सामाजिक विकास कार्यालयको समेत माग पत्रको आधारमा आवश्यकताको आधारमा हामीले विद्यालयहरू छनोट गरेको कुरा पनि म यहाँ अबगत गराउन चाहन्छु ।

माननीय सांसद दानसिंह परियारले दलालगिरीका कुराहरू बिचौलियाले योजना लिने कुरा राख्नु भएको छ र त्यो सन्दर्भलाई जोड्दै गर्दा अहिलेको गठबन्धनको सरकार विशेष गरीकन माननीय मुख्यन्त्री ज्यूको आह्वान र निर्देशक सुशासन यो प्रदेशमा सर्व प्रथम सुशासनको माध्यामबाट आर्थिक अनुसासनलाई अगाडि बढाउनको लागि जसरी कदम चाल्नु भएको छ त्यहीँ कदमलाई पन्छाउँदै कर्णाली प्रदेश सरकार विशेष गरी सरकारको सदस्यको हैसियतले झ्यालबाट होइन ढोकाबाट सबै प्रमाण जुटाएर योजनाहरू छनोट गर्ने कुरामा कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय त्यो विधि अपनाएर नै त्यो विधि प्रयोग गरीरहेको कुरा यो सम्मानित सदनमा जानकारी गराउन चाहन्छु ।

यस्तै माननीय खडगबहादुर खत्रीज्यूले हामीले चार कोठे भवन त दियौं र वास्तविक यो सुर्खेत र साबिक कर्णालीमा एउटै प्रकारको बजेटबाट त्यो सम्भव छैन भनेर माननीयज्यूले राख्नु भएको छ त्यो तितो सत्य हो त्यो हामी पनि जानकार छौं । र गतवर्षदेखि हामीले यसको डिजाईन र साबिकका कर्णालीमा हामीले माथि ट्रस पाता हाल्ने, पाताले छाउने, पक्रियाचाहिँ अगाडि बढाएका छौं र अन्य जिल्लाहरूमा चार कोठे पक्की भवन ढलान गर्नुपर्छ भन्ने म यहाँ जानकारी गराउन चाहन्छु । हामीले त्यहीँ नीति अबलम्ब गरीरहेको जानकारी गराउँदछु । यस्तै माननीय पूर्व सामाजिक विकास मन्त्री दल रावल जी ले आफ्ना टिप्पणीहरू जिज्ञासा र सुझावहरू राख्नु भएको थियो त्यो सन्दर्भमा उहाँले मैले साढे ती वर्ष सरकारमा रहेर मैले काम गरे त्यसैको निरन्तरता हो भन्ने जुन जिज्ञासा गर्नु भएको थियो वास्तविक उहाँले जे भन्नु भएको छ हुवहु नभए पनि केही त निरन्तरता हो हिजोकै हो । यो जनाकारी गराउन चाहन्छु । हिजोको सरकार र आजको गठबन्धनको सरकारमा स्वास्थ्य क्षेत्रमा शिक्षा क्षेत्रमा हामीले अहिले कर्णाली शैक्षिक सुधार कार्यक्रम अगाडि बढाएका छौं विशेष गरीकन त्यस्तै किसिमले स्वास्थ्य क्षेत्रमा टेलिमेडिसियन जो घुम्तिसिविर विशेषज्ञ सेवा दिनको लागि आधारभूत सेवामा पनि

हामीले विशेषज्ञ सेवा दिन डाक्टरहरू पठाइरहेको अबस्था छ । म त्यहीँ कुराहरू यो गरिमामय सदनमा जानकारी गराउन चाहन्छु ।

अर्को उहाँले पश्न गर्नु भएको थियो के हो जानकारी पाउँ भनेर कर्णाली प्रदेश अस्पतालको बारेमा कि त्यहाँको उपकरण एमआरआइको बारेमा के भएको हो भनेर प्रश्न राख्नु भएको थियो । यस गरिमामय सभाका सांसदहरूलाई यो बारेमा सामाजिक विकास मन्त्रालयकोतर्फबाट म जानकारी गराउन चाहन्छु । र सामाजिक विकास मन्त्रालयलाई पनि यो कुरा जानकारी थिएन सार्वजनिक लेखा समितिले एमआरआइको बारेमा के भएको हो यथार्तता आवश्यक कागजातहरू यहाँ पठाइदिन भनेर मन्त्रालयलाई पत्राचार गर्‍यो त्यसपछि सामाजिक विकास मन्त्रालयले जानकारी पायो, सार्वजनिक लेखा समिति त्यो स्रोत कहाँ बाटा पायो के गर्‍यो त्यो चाहिँ जानकारी छैन र त्यो सन्दर्भमा सामाजिक विकास मन्त्रालयले त्यो पत्रपाइसकेपछि तत्काल सम्बन्धित प्रदेश अस्पतालमा पत्र लेख्यो र आवश्यक कागजातहरू प्राविधिक कुरा त हामी जान्दैनौं आवश्यक कागजातहरू सार्वजनिक लेखा समितिलाई उपलब्ध तत्काल गराइदिने भनेर हामीले पत्राचार गर्‍यौं र त्यो भोलिका दिनहरूमा कहाँ के भएको हो नीतिगत कुराहरू अघि बढ्ने कुरा म यहाँ अबगत गराउन चाहन्छु । यसमा सरकारको ध्यान गएको छ ऐन कानून विपरीत कतै छ भने त्यो निश्चित रूपमा कारवाही हुन्छ भन्ने कुरा म यो सम्मानित सदनमा सभामुखमार्फत अबगत गराउन चाहन्छु । सभामुख महोदय, यो विशेष गरीकन मैले सबै माननीयज्यूहरूलाई वार्षिक बजेटको बारेमा मेरो मन्त्रालयको जुन सिंगो बजेटको बारेमा मैले यहाँ राख्न चाँहिन हाम्रो किताब वार्षिक कार्यक्रमको किताब त्यहाँ छँदै छ । त्यसमा सबै जानकार नै हुनुहुन्छ मैले संक्षेसमा के चाहिँ राख्न चाँहे भने जो प्रश्न उठेको थियो यहाँ चालु खर्च बढी पँजीगत खर्च कम भन्ने जो यहाँ माननीयज्यूले प्रश्न उठाउनु भएको छ त्यो यथातता हो सामाजिक विकास मन्त्रालयको क्षेत्राधिकार धेरै छ सबै माननीयज्यूहरू जानकार हुनुहुन्छ जहाँसम्म यो मन्त्रालयको शिक्षा, स्वास्थ्य, महिला बालबालिका, जेष्ठ नागरिक, युवा खेलकूद, श्रम रोजगार धर्म सांस्कृतिक विषयलाई क्षेत्रलाई लिएर अगाडि बढेको मन्त्रालय हो जो कि मान्छे जन्मेदेखि अन्तिम चितासम्म जानेसम्मको यो मन्त्रालय भएका कारण यसका क्षेत्रहरू ३९ ओटा छन् यसका क्रियाकलापहरू ३९ वटै ठाउँमा गर्नु पर्ने भएका कारणले यसको चाहिँ चालु खर्च बढी भएको अर्को मानेमा कर्णाली प्रदेशका सबै मन्त्रालयका कर्मचारी मध्ये सबैभन्दा बढी ४० प्रतिशत कर्मचारी भएको मन्त्रालय हो यस कारण चालु खर्च बढी भएको पनि यहाँ म जानकारी गराउन चाहन्छु ।

माननीय झोवा विकले गुनारो राख्नु भएको थियो काँ गयो मेरो १० लाख भनेर भन्नु भएको थियो उहाँले मेरो कार्मारोङमा विद्यालय किन परेन भनेर प्रश्न पनि गर्नु भएको थियो त्यो सन्दर्भमा मैले यस सदनमा त्यो बारेमा त्यहाँ पनि कार्मारोङमा पनि आवासीय विद्यालय भएका कारणले चार कोठे भवन दिन नसक्ने कारणबाट उहाँलाई सम्वोधन गर्ने

तारबार, घेरबार र शौचालयमा रकम विनियोजित गरिदिएका थियौं र त्यो मानेमा उहाँलाई शौचालयमा १५ लाख, घेराबारमा १५ लाख भनेर विनियोजित गरेका थियौं सम्वोधन गर्नका लागि उहाँलाई मेरो ४० लाख नै हो सबै भाग त्यो हिसाबले गर्ने हो भने त ५०, ६०, ८० लाख भयो उहाँको त ५० लाख आवासीय विद्यालय कार्मारोङमा ३० लाख फेरि अरू लिनुभयो त्यो गर्दा त्यो कुरा उहाँले जुन दर्साउनु भएको थियो यहाँ सबै माननीयज्यूहरू ८०,९० लाख हाल्ने हामीलाई ४० लाख मात्रै भन्ने कुरा पनि आउँछ त्यस मानेमा माननीय झोवा विक ज्यूलाई यो जानकारी गराँए ।

माननीय कृष्णा शाहज्यूले बैङ्क खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रमको जुन बजेट छ त्यसलाई कार्यान्वयन गर्ने पक्षमा लानुपर्छ २०औं वर्षमा कर्णालीको त्यो व्यक्तिगत बैङ्कमा त्यो छोरीहरूको खातामा पठाउँछौं । त्यो रकम रहेर जगेडा रहन्छ २०औं वर्षसम्म त्यहीं गर्दा कर्णाली अघि बढ्न सक्दैन सारा कर्णालीको बजेट जगेडा हुन्छ त्यसले त्यसलाई पनि उत्पादन क्षेत्र तिर लगानी गर्ने खालको नीति अगाडि बढाउनुपऱ्यो भन्ने कुरा राख्नु भएको छ । त्यसका लागि कर्णाली प्रदेश सरकार विशेष गरेर सरकारका प्रमुख माननीय मुख्यमन्त्रीज्यूको निर्देशनमा नीति कार्यक्रम तय गरेर अगाडि बढ्ने कुरा पनि म यो गरिमामय सदनमा माननीयज्यूहरूलाई जानकारी गराउन चाहन्छु । यस्तै गरेर यहाँ माननीयज्यूहरूले उठाउनु भएका जिज्ञासाहरू मैले आफूले बुझेसम्म मेरा मन्त्रालयका गतिविधिका बारेमा जसरी जिज्ञासा, सुझाव दिनुभएको छ जिज्ञासा मेटाउन मैले भरपुर कोशिष गरे । त्यसको निमित्त के क कति मैले मेटाउन सके माननीयज्यूहरूलाई म पुनः धन्यवाद दिन चाहन्छु ।

अन्तमा आज मैले खुसी मानिरहेको छु किन भने संसदीय व्यवस्थाको मुल्य र मान्यतालाई आत्मसाथ गरेर जसरी यो रोष्टमबाट मैले माननीयज्यूहरूका जिज्ञासालाई मेट्ने प्रयास गरेर २०७८/०७९मा पनि म पहिलो पटक वार्षिक कार्यक्रमको बजेट आउँदै गर्दा बाध्यवस सरकार त्यो बेलाको गठबन्धनको सरकार बाध्यकारी अबस्थामा अध्यादेशमार्फत बजेट ल्याउन बाध्यभयो र त्यो बेला सामाजिक विकास मन्त्रालय सम्हाल्दै गर्दा रोष्टममा आएर यसरी संसदीय प्रणालीको अभ्यास गर्ने जुन अभिप्राय थियो त्यो त्यति हुन सकेन् र अहिले जो संसदीय अभ्यासलाई जसरी सरकारका प्रमुख एवम् मुख्यमन्त्री आदरणीय जीवनबहादुर शाही त्यसैगरी प्रमुख प्रतिपक्ष दलका नेता आदरणीय यामलाल कंडेल, गठबन्धन सरकारका दलका नेता माओवादी केन्द्र, एकीकृत समाजवादीका नेतालाई म एकदमै हृदयदेखि नै धन्यवाद ज्ञापन गर्न चाहन्छु । आज सामाजिक विकास मन्त्रालयका मन्त्रीको हैसियतले रोष्टममा आएर यहाँ सम्मानित सदनका माननीयज्यूहरूको जुन सुझाव आत्मसाथ गर्दै जिज्ञासालाई मेटाउने जुन प्रयासमा यो रोष्टम प्रयोग गरेर यहाँ उपस्थित भएको छु त्यसका लागि म गौरभान्वित छु । जबकी यो सबै संसदीय पद्धती सङ्घीय लोकतान्त्रीक गणतन्त्रात्मक सङ्घीय प्रणाली जो कि बहुलबादमा आधारित संसदीय पद्धतीको आज मर्यादा भएको मैले अनुभूति गरेको छु

यसमा पुनः म गरीमामय सभाका सांसदहरूलाई हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दै अब यो हाम्रो अन्तिम जुन छलफल हो यसमा भोलि कोही माननीयज्यूहरू आउनु होला कोही नआउनु होला यसका निमित्त हाम्रो यो सदाचार सदैव रहिरहोस भन्ने भावनाका साथ मेरो भनाइ यही अन्त गर्दछु हवस् धन्यवाद, जय नेपाल ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालयअन्तर्गतका शीर्षकहरू माथिको छलफल समाप्त भएको व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १४० को उपनियम ७ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९अन्तर्गतको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र कर्णाली प्रदेश योजना आयोगका शीर्षकहरू माथिको छलफल प्रारम्भ हुन्छ छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको बाँयाँतर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनुहोला । सर्वप्रथम माननीय श्री यामलाल कंडेल ।

**माननीय श्री यामलाल कंडेलः-** माननीय सभामुख महोदय, विनियोजन विधेयक, २०७९अन्तर्गत आज मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र कर्णाली प्रदेश योजना आयोग विषय केन्द्रित छलफलमा म उपस्थित छु । योभन्दा अगाडिका छलफल माननीय मन्त्रीज्यूहरूका जवाफ सुन्दा छलफलमै भाग नलिएर तालि पिटेर समर्थन गरिदिए जस्तो गरी उत्तरहरू प्राप्त भइरहेकै अबस्था छ । कि हाम्रो प्रदेशमा सुशासनका मामिलामा योजना तर्जुमाका मामिलामा योजना कार्यान्वयनका मामिलामा कहीँकतै केही नभए जस्तो अबस्थाको चित्रण सरकार गरीरहेको छ । तथ्याङ्क र अबस्थाले त्यसलाई पुष्टि गर्न गाह्रो छ । त्यहीँ बिचमा म आजका विषय केन्द्रित यधपी सबै मन्त्रालय उत्तिकै महत्त्वपूर्ण हो सबैका आ-आफ्नो क्षेत्र छ । सबै मन्त्रालयमा सहभागी हुने कुरा गरेको भए पनि हुने थियो तर सबै माननीय सदस्यहरू सक्रिय सहभागितासहित छलफल चलिरहेको छ । तर आज मुलतः सरकारको नेतृत्व गर्ने निकायको विषयहरू केन्द्रित भएको हुनाले सभामुखमार्फत आफ्ना केही विचार, आफ्ना केही सुझाव राख्नु मैले आफ्नो कर्तव्य र सान्दर्भिकता ठानेर म यहाँ उपस्थित छु । प्रदेशसभाको यो अन्तिम बजेट सेसन नै हो । हामी सबैले भनिरहेका छौं, मन्त्रीज्यूहरूले विचार व्यक्त गर्दै गर्दा भोलि नै बिधाई हुने जस्तो गरी पनि व्यक्त गरीरहेकै एउटा अबस्था छ । हेक्का रहोस् समय अझ बाँकी नै छ । गर्दै परेछ भने कार्यक्रमको आयोजना गरेर गरौंला । आजै त्यस्तो तहमा पुगेको अबस्थामा स्वयम् सरकारले नबुझ्दा राम्रो हुन्छ बुझेको छ भने मेरो थप केही भन्नु छैन । हामी स्रोतले कमजोर र प्राकृतिक स्रोत र साधनले धनी पूर्वाधारले कमजोर, जनसंख्याले कमजोर भूगोलले ठूलो प्रदेश को अबस्था छ यस्तो अबस्थामा जसले जिम्मेवारी पाउनु भएको छ जसले दायित्व लिनु भएको छ कुनै पनि समय खेर नफालीकन हामीले साधन र स्रोतको

सही पहिचान गरेर अगाडि बढ्नुपर्ने दायित्व र कर्तव्य हो नै एवम् रूपले हामीले चार वर्ष अगाडि यस्तै छलफल चलायौं सरकारमा हुनेहरू त उत्साहित हुनुहोला, औपचारिक कार्यक्रममा त राम्रै कुरा गर्नुहुन्छ हामीले पनि सुनिरहेका छौं । तर स्वयम् सरकारमा सामेल भएका साथीहरू आनैपचारिक रूपमा कहीं जम्मा भइयो भने परिस्थितिको बारेमा चर्चा गर्‍यो भने अबस्थाको बारेमा चर्चा गर्‍यो भने बिमती हुन्छ जस्तो मलाई लाग्दैन् । त्यस कारणले यो बिचमा त केही हुन्न तर ध्यानाकर्षण गर्न चाहन्छु कि हामीसँग मन्त्रालय पिच्छे शब्दका चयन पनि भए मन्त्रालय पिच्चे यो भए पछि कर्णालीको उलटपुलट हुन्छ मुख्यमन्त्रीले एउटा शब्दको उच्चारण अरू मन्त्रीज्यूले एउटा शब्दको उच्चारण गरेको अबस्था रहयो तर म फेरि पनि भन्न चाहन्छु । हामी आफैंमा राजनीति र जनताको जनप्रतिनिधि भएको हुनाले सरकारले बनाउने योजनालाई सोच विचार गरेर प्रविधि मैत्री तथ्य युक्त ढङ्गले पुष्टि गर्नका निम्ति हामीले प्रदेश योजना आयोगको परिकल्पना गर्‍यौं संरचना पनि बनायौं होला जस्तो लाग्छ आज आइपुग्दा पदेना बाहेक त्यो रिक्त स्थानमा छ । अस्ति मैले एउटा भनेको थिए एउटा सच्याउनु भयो पदेना बाहेक आज त्यो रिक्त स्थानमा छ । रिक्त स्थानमा पनि पूरापुर गरेको भए पनि त्यसले केही दस्तावेज त निकाल्यो होला त्यसले हामीलाई केही न केही त सहयोग पुर्यायो नै, तर आज हामीले के गर्ने हो, कहाँबाट प्रस्तान बिन्दु गर्ने कुरा हो कुन जिल्लामा के प्राथमिकताको आधारबाट विकास निर्माणको कामलाई अगाडि बढाउनुपर्ने कुरा हो उसले रित त पुर्यायो होला तर हामी सबै माननीय सदस्यहरूको सहभागिता र संलग्नता यस क्षेत्रका सबै विज्ञ र जानकारहरूको संलग्नताको आधारबाट हामीले जुन रोड म्याप हामीले एउटा योजना बनाउनुपर्ने हो यधपी केही योजनाको दृष्टान्त त किताबमा पाउन सकिन्छ त्यस कारणले त्यता पट्टी हाम्रो ध्यान जान जरुरी छ । त्यो योजनाका आधारबाट आज आउनेहरू पनि भोलि आउनेहरू पनि चल्न सक्ने गरी कर्णालीका सन्दर्भमा सर्वसम्मत योजना तय गरेर हिंड्यो भने मान्छे परिवर्तन हुन सक्छ जिम्मेवारी परिवर्तन हुन सक्छ तर योजना एउटै भयो भने मलाई लाग्छ हाम्रो सीमित साधन र स्रोतका आधारबाट कर्णालीमा केही देखिने कामहरू गर्न सकिन्छ त्यो मामिलामा ध्यान दियौं कि जस्तो मलाई लाग्छ । विचार पुर्‍याउनु पर्ने जरुरी र आवश्यकता लाग्छ । हो हाम्रो देशमा नपढेकाहरू, युवाहरू बेरोजगार छन् पूर्व कर्मचारी पनि बेरोजगार होलान् हाम्रा कतिपय नियम कानूनहरू पूर्व कर्मचारी वा पेन्सन प्राप्त गरीसकेपछि योग्य ठहर्याउने गरी हामीले कानून बनाउने प्रचलन छन् त्यसबाट हामी पनि मुक्त हुन सकेका छैनौं । त्यस कारणले त्यो भर्ती केन्द्र होइन त्यो हाम्रो आवश्यकताअनुसार योजना तर्जुमा गर्ने, योजना तर्जुमाअनुसार कार्यान्वयन गर्न सकिने त्यो कार्यान्वयनलाई परिणाममा पुर्‍याउन सक्ने गरी अगाडि बढ्न जरुरी र आवश्यकता छ त्यता पट्टी ध्यान जान गरुरी छ । जहाँसम्म स्वयम् मुख्यमन्त्रीको कार्यालयको सम्बन्धमा पनि आज छलफल छ जो सरकारको नेतृत्व गरीराख्नु भएको छ यो सरकारले प्रस्तुत गरेको बजेट सैधान्तिक

छलफल पछि विनियोजन विधेयकमाथि छलफल हुनुभन्दा अगाडि केही समय अबरुद्ध रह्यो हाम्रा बिचमा छलफल भयो केही सहमति गरियो तर मलाई विश्वास थियो कि आवको यो छलफल हुने बेलासम्म त्यो सहमति कार्यान्वयनका निम्ति तल पत्राचार गरेको होला भन्ने लागेको थियो त्यता पट्टी सरकार उदासीन नैदेखिन्छ । हामीले भनेका थियौं जस्ताको त्यस्तै भन्नु हुन्छ लागेको थियो मुख्यमन्त्रीज्यूले हामीले चार ओटा बुँदामा भन्यौं मुख्यमन्त्री रोजगार कार्यक्रमको एकमुष्ट योजनाहरू फिर्ता लिने कार्यविधिअनुसार साउन महिनाभित्र योजना तर्जुमा गरीसक्ने कुराको हाम्रो स्प्रिड हो भने त्यस मुतविकको निर्देशन त्यस मुताविकको ध्यानाकर्षण गराउने दायित्व र कर्तव्य सम्बन्धित निकायकै होला भन्ने मैले बुझिरहेको थिए मैले बुझ्दा त्यस्तो पाइरहेको छैन । आजै सरकारको प्रतिप्रश्न त उठाउन चाहन्नँ तर फेरि पनि म भन्न चाहन्छु कि हामीले जे गरिरहेका थियौं त्यसअनुसारको कार्यान्वयन गर्ने कुराको तत्परता स्वयम् मुख्यमन्त्रीज्यूको कार्यालयसँग सम्बन्धित कार्यक्रमसँग सम्बन्धित विषय थियो त्यो त उदासीन छ भने बाँकी अरूको त के कुरा होला अनुमान नै लगाउन सक्छु अहिले नै मैले व्यक्त गर्न सक्दैन ।

हाम्रो प्रदेशमा धेरै समस्याहरू छन् त्यस मध्यको प्रमुख समस्या मध्येको एउटा समस्या हो सुशासन र आर्थिक पारदर्शिता मन्त्रीज्यूहरूको जवाफ सुन्दा हामी माननीयज्यूहरूले प्रमाण पेस गर्नुपर्न जस्तो गरी प्रस्तुत हुने परिस्थिति पनि यो सभामा देखा पऱ्यो । म अहिले यो ठाउँ र त्यो ठाउँ भन्न सक्दैन भन्दैन तर म दावाका साथ भन्न चाहन्छु र सक्छु कि चाहे त्यो सङ्घीय योजना होस् चाहे त्यो प्रदेशको योजना होस् चाय त्यो स्थानीय तहको योजना होस् योजना किताबमा छ बजेट फयौंट भइसकेको अबस्था छ, ठाउँमा जाने हो भने केही काम नभएका योजनाहरू धेरै नभए पनि केही न केही पाउन सकिने अबस्था होला भन्ने मलाई लागिरहेको छ । तर मन्त्रीज्यूहरू यहाँबाट बोल्दा कुनै स्वीकारयूक्तीको कुरा छैन कुनै तलबितल नभएको जस्तो गरी यहाँ प्रस्तुत भइराख्नु भएको छ । केही साथी मन्त्रीको झण्डा फुस्किएपनि एउटा भन्ने म तपाईंहरूको बिचमा निरन्तर पाँच वर्षदेखि सँगै छु मलाई लाग्छ यो संसद्का रेकर्डहरू अरूका सन्दर्भमा म भन्न चाँहादैन् मेरा सन्दर्भमा भन्नुहुन्छ भने चाहे सत्ता पक्ष होस् वा चाहे प्रमुख प्रतिपक्ष होस् कुनै शब्दमा तलमाथि भयो होला स्टेजमा तलमाथि भयो होला तर विषयबस्तुका हिसाबले कुनै पृथकता छ अनुकूलता र प्रतिकुलताका आधारबाट विषय उठाइरहेको छु मलाई त्यस्तो लाग्दैन । धेरै खोज्नै प्रर्दैन् यही रोष्टमबाट बकपत्र त भयो नी सम्धीका योजना त आए नी त खोज्न जाँन प्रर्दैन यो बकपत्र हो नी त जसले बकपत्र गर्छ उठाइराखेको कुरा के हो, भनिरहेको कुरा के हो बाक्तबिक योजना आएनन् जनताको छनोटका योजना आएनन् प्रभावित गर्नेले गरे उहाँको आफ्नो सोझो टाल्ने होला भन्नु त भयो नी अरूले कुरा मिलाए होलान् उनीहरूले रकमीहरूले कुरा मिलाएर जवाफ दिए होलान् एउटा सोझो साथीले सोझै तरिकाले त भन्नु भयो नी त मैले हाले त हाले योजना फलानाका हाले, अर्काका हाले हाल्दै जाँदा सम्धिका पनि हाले यही रोष्टममा के खोज्न

जानुपर्ने भयो र अब अनि बाहिर भन्दै हुनुहुन्छ यो तरिका भएन । एउटा दृष्टान्त सुनाईदिन चाहन्छु यही वीरेन्द्रनगर नगरपालिका-८ जो क्याम्पसको एरिया पर्छ त्यहाँ कुनै मन्त्रालयले २५ लाख विनियोजन गरेको रहेछ त्यसको सार्वजनिक सुनुवाइ गर्ने तय गरिएछ सबैले भनेछन् । जस्ताको त्यस्तै २५ लाख काँ काँ बाँडिस्, भन लेख भने पछि त्यो उपभोक्ता समितिको अध्यक्षले एउटा चार्ट बनाउनु भएन चार्ट बनाऔंदा २५ लाख मध्ये सबै खर्च भएको विवरण लेख्दा एउटा माननीय मन्त्रीज्यूकोदेखिएको नामसहितको रकम पनि त्यहाँ लेखिएको चार्टमा तयार भएछ कार्यक्रम औपचारिकले सुरू हुनुभन्दा अगाडि थाहा भए पछि त्यसलाई व्यवस्था गरियो कार्यक्रम पोसपन्ड भयो कार्यक्रम अर्को दिन गरियो । एउटा प्रतिपक्षले यतिभन्दा सरकारलाई बुझिनेगरी के भन्नुपर्ने हुन्छ, मैले यही वीरेन्द्रनगर ८ को कुरा गरी रहेको छु त्यो के होला दूरदराजको अबस्था दूरदराजकै प्रतिनिधित्व गर्ने साथीहरू अहिले सरकारमा उल्लेखनीय ढङ्गले सहभागी हुनुभएको छ । मलाई लाग्छ त्यहाँ त आर्थिक पारदर्शिता पालना भएकै होला मैले त्यस्तो विश्वास गरीरहेको छु आर्थिक अनुसासन कायमै गरीरहेको होला मैले त्यस्तो विश्वास गरीरहेको छु तर एउटा संवैधानिक समूदायको रिर्पोट अख्तियार दुरूपयोगको रिर्पोट यदि गएर हेर्ने हो भने हाम्रो कर्णाली प्रदेश चाय त्यो स्थानीय सरकार होस् वा चाहे त्यो प्रदेश सरकार होस् हामी सबैको ध्यानाकर्षण गर्ने गरी एउटा संवैधानिक समूदायको रिर्पोट त सार्वजनिक भएको छ नी त के त्यो रिर्पोटले हाम्रो माननीय मन्त्रीज्यूहरूले भने जस्तै सङ्केत गर्छ त्यस कारणले म भन्न चाहन्छु अनुरोध गर्न चाहन्छु तपाईं त्यो नियन्त्रणको लगाम लगाउने ठाउँमा हुनुहुन्छ के सहयोग गर्नुपर्‍यो यदि यो कुरालाई हटाउन सकिएन्, नियन्त्रण गर्न सकिएन् यसलाई हामीले सुधार गर्न सकेनौं भने हामीले कर्णाली प्रदेशको जे अभिभारा जनताले विभिन्न पार्टीका नेतालाई सांसदलाई दिएका छौं त्यो पूरा गर्न नसक्दा हामी प्रति प्रश्न उठाउने परिस्थिति निर्माण हुन्छ अहिले पनि कुनै अराजनीतिक घटना घट्यो भने निसाना अरू होइन राजनीति पार्टीका कार्यालयहरू निसाना हुने घटना त घटिरहेकै छन् त म अहिले श्रीलंका सम्झाउन चाहन्नँ, श्रीलंका चलाउन चाहन्नँ म त्यस कारणले मैले मुख्यमन्त्री जो कार्यालय छ यो दिशामा यो बाटोमा आफूलाई सक्षम र प्रभावकारी बनाउने कुराको साटो निरन्तरताको कार्यक्रम देख्छु म हेर्दा चलिआएकै गरीआएकै त्योभन्दा पृथक केहीदेखिएन् अब अहिलेको प्रमुख सचिव त त्यस्तो हुनुहुन्न होला एक पटक प्रमुख सचिव आउनु भयो सनकका भरमा उहाँलाई त्यो सोक रहेछ त्यो व्यक्तिगत इच्छा हुनसक्छ उहाँको व्यक्तिगत इच्छा त्यति बेलाको कर्णाली प्रदेश सरकारको कार्यक्रमभित्र भएर धुलियाबिटदेखि बाङ्गेसिमलसम्म साइकल लेन बनाउने भनेर मुख्यमन्त्री कार्यालयमा एक पटक साइकल किनेर मुख्यमन्त्री कार्यालयका कर्मचारीहरू साइकलमा दौडेको फोटो त्यति बेला हेर्न पाइन्थ्यो अहिले काँ छ थाहा छैन म अनुरोध गर्न चाहन्छु हामीले प्राप्त गरेको पैसा थोरै छ हामीले गर्न पर्ने काम धेरै छ । त्यस कारणले म सबै साथीहरूलाई भन्न चाहन्छु त्यो परम्परागत ढङ्गको ढाँचा र प्रवृतिबाट योजना आयोग,

मुख्यमन्त्रीको कार्यालय चल्ने कुराले त दिन बिल्न सक्छ तर नयाँ सन्देश दिन सकिँदैन नयाँ ढङ्गले अघि बढ्ने कुरा आउनु भयो भने हाम्रो के सहयोग चाहिन्छ हामी सहयोग गर्न तयार छौँ । होइन जवाफ दिने नाममा आफू तिर हेरेर होइन स्वयम् हामी तिर जसले सल्लाह दिन्छौं, सुझाव दिन्छौं, आलोचना दिन्छौं, रचनात्मक सहयोग गरिरहेका छौं हामी प्रति औँला ठडयाएर खबरदारी गर्ने कुरा गर्नुभयो भने समय त छैन समय भएको भए तपाईंहरूले पेस गर्नु भएका क्रमागत योजनालाई यहाँ छलफलमा थाँति राखेर उनै जिल्लामा जान सकिन्थ्यो तर त्यो समय थिएन अहिले । खासगरी योजना आयोग कसैको बेरोजगारी समस्या समाधान गर्ने गरी होइन हामीलाई नयाँ भिजन दिने गरी हामीलाई नयाँ सोच दिने गरी, हामीलाई नयाँ योजना दिन सक्ने गरी योजना आयोग बनाउने कुरामा हामीले ध्यान बिलम्ब गर्दा हाम्रा योजनाहरू टुक्रे योजनामा परिणत हुन्छन् । सालबसाली योजनामा सामेल हुन्छन् त्यस कारणले म त्यता पट्टी त्यसलाई प्रभावकारी बनाउन त्यसलाई सक्षम बनाउन जरुरी र आवश्यकता म देख्छु । लोकसेवा आयोगको बारेमा धेरै टिप्पणी नगरौं, सुनेकै भरमा धेरै त्यसमा म चर्चा गर्न चाहन्नँ व्यवहारका नाममा थितिभन्दा बाहिर गएर नीतिभन्दा बाहिर गएर कानूनभन्दा बाहिर गएर काम गर्नै कुरामा सरकार बचौं यत्ति मात्रै भन्न चाहन्छु । हाम्रो कर्मचारीसँग सम्बन्धित विधेयक सम्बन्धित समितिमा गएको छ । त्यसले मुर्त रूप दियो भने त्यो क्षेत्रमा मलाई लाग्छ लोकसेवाको पनि भूमिका बढ्ने छ । हाम्रो सबै क्षेत्रको कर्मचारीको स्थाईत्वको व्यवस्था गर्ने कुरामा महत्त्वपूर्ण भूमिका खेल्छ नै जस्तो मलाई लाग्छ त्यस कारणले प्रमुख कुरा पहिलो कुरा योजना तर्जूमाको कुरा हो । योजना कसरी तर्जुमा हुन्छन् सुनिहाल्नुभयो योजना तर्जुमा भइसकेपछि त्यसपछि प्रमुख कुरा अब कार्यान्वयनको कुरा हो । अब कार्यान्वयन त हामीले पास गरेको वा यहाँ प्रस्तुत भएको योजनाहरू मध्ये रुचिका योजनाह कार्यान्वयन हुनेछन् बाँकी योजना त क्रमश लागुगर्नुपर्ने परिस्थिति हुँदा हुँदै पनि चुनावले प्रभावित हुने नै छ । चुनाव नहुँदा, कोरोना नहुँदा माहामारी नहुँदा त हाम्रो खर्चको अबस्था न्यून छ। साउनका महिनामा बजेट बनाऔंदा हामीलई थोरै रहक छ असार महिनाको कोलोजिङ गर्दा हामीले प्राप्त गरेको पैसा फालाफाल छ । यो हालतलाई कसरी अगाडि बढाउने होला यो पुँजीगत बजेट, चालु को त भन्ने परेन सिकाउनै परेन त्यो खर्च गर्न त सबै तयार हुनुहुन्छ त्यो खर्च गर्न सबैलाई जाँगर लाग्छ त्यो खर्च गर्न सबैका नियम कानून सजिलै पूरा हुन्छन् तर पुँजीगत खर्च गर्न यसले दिएन् त्यसले दिएन् नियमले मिलेन, कानूनले मिलेन, आदेशले मिलेन म त गर्न तयार थिए माथिकाले दिएन् जस्ता जुन तरिकाबाट हामीले दिन बिताइरहेका छौं त्यता पट्टी हामी सबैको ध्यान जान जरुरी छ किन कि हाम्रो काम कर्णाली बनाउने कुरा हो । जनतालाई सकारात्मक सन्देश दिने कुरा हो । यो आधारबाट हामी अगाडि बढ्नुपर्ने कुरा राख्दै फेरि पनि म ध्यानाकर्षण गराउन चाहन्छु सरकारप्रति विश्वास गरेर हुन त यसपछि सरकार कसरी प्रस्तुत हुन्छ कार्यसूची बसरी बन्छ यो थाहा छैन हामीले लामो छलफल पछि तय गरेर सहमति भएको चार बुँदे

बेवारिसे बनाउने गरी सरकार पक्कै जान्न होला भन्ने विश्वासका साथ यी सबै छलफलका कार्यक्रममा भाग लिइरहेका छौं । त्यसलाई विश्वास दिने गरी यही बिचमा सरकार बढ्नै पर्ने कुरा थियो जस्तो मलाई लाग्छ हामीले हतारो गरीरहेको छैनौं । म त्यता पट्टी पनि सबैको ध्यानाकर्षण गराउन चाहन्छु । फेरि पनि म अनुरोध गर्न चाहन्छु सभामुख महोदयमार्फत म अहिले अरू मन्त्रीज्यूलाई त भन्ने कुरा भएन स्वयम् माननीय मुख्यमन्त्रीज्यूले सम्हालेको मन्त्रालयमा हामी छलफल चलाइरहेका छौं भने यति चाहिँ मैले भन्न सक्छु कि माननीय मुख्यमन्त्रीज्यू तपाईंका मन्त्रीज्यूले जवाफ दिँदा भने जस्तै अबस्था त्यो मन्त्रालय, त्यसले प्रतिनिधिन्व गर्ने दश वटै जिल्लाले सञ्चालन गर्ने योजनाको अबस्था त्यस्तो छैन है । उहाँले त महसुस गर्नु भएन भएन तपाईं सरकारको नेतृत्व गर्ने माननीय मुख्यमन्त्रीज्यू कसरी प्रस्तुत हुनुहुन्छ त्यो उहाँको कुरा हो । हाम्रो उद्देश्य भनेको राम्रा कुरा गर्ने कुरा हो हाम्रो बनाउने कुरा हो भने हाम्रो जस्तो समाजमा त्यसले आँट गर्नैपर्ने हुन्छ त्यसले जोखिम लिनै पर्ने हुन्छ मनपरेको नयाँ कपडा लगाउँदा त कस्तो कस्तो लाग्छ भने नयाँ काम गर्दा हाम्रो समाजमा टिप्पणी आउँछ सुधार गर्न आँटका साथ अगाडि बढ्ने कुराको अबस्था रहन्छ त्यस कारणले फेरीपनि आग्रह गर्न चाहन्छु परम्परागत ढङ्गयो योजना आयोग, मुख्यमन्त्रीको कार्यालय र त्यसअनुसारको माननिसकताले न सुशासन दिन सकिन्छ न आर्थिक अनुसासन कायम गर्न सकिन्छ न तय भएका योजनाहरू सममा नै कार्यान्वयन गर्न सकिन्छ त्यता पट्टी तपाईंहरूको ध्यान गयो भने हाम्रोतर्फबाट सर सहयोग रहने कुरा हो, रहन्छ तब फेरि पनि दोहोऱ्याएर भन्न चाहन्छु । माननीय मन्त्रीज्यूहरूले बुझेजस्तै भने जस्तै गरेका हो भने समर्थनको ठाउँबाट विषय खोजेर तथ्यका आधारबाट विरोधको झण्डा उठाउनुपर्ने अबस्थाको सिर्जना मन्त्री जी साथीहरू माननीयज्यूले गर्नु भएको छ त्यो हाम्रो रोजाईको विषय होइन त्यो रोजाईको विषय होइन निर्माणको विषय हाम्रो प्रमुख कुरा हो । त्यसलाई गइतहाल्यो पास त भइहाल्यो अब हिँड्ने आफ्नो बाटो हो हिँड्न सक्नुहुन्छ तर मूल्याङ्कन यहाँकाले मात्र होइन मूल्याङ्कन हामीभन्दा बाहिर रहेका जनताले पनि हामीलाई गरिरहेका छन् । हेरिरहेका छन् यस आधारबाट पनि फेरि म गम्भीरतापूर्वक ध्यानाकर्षण गर्न चाहन्छु कि सुशासनका मामिलामा आर्थिक पारदर्शिता र नियमितताका मामिलामा हामी सबै कठोर ढङ्गले अगाडि बढ्ने गरी हिँड्न जरुरी छ । त्यो दिशामा ध्यानाकर्षण गराउँदै आफ्ना भनाइहरू यही टुङ्ग्याउँछु । धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री देवी ओली, समय सात मिनेट, यस पछि माननीय विमला केसी तयारी अबस्थामा रहनु होला ।

**माननीय श्री देवी ओलीः-** माननीय सभामुख महोदय, दशौं अधिवशेनको बाइसौं बैठकमा आज मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, लोकसेवा आयोग, योजना आयोग, मुख्यन्यायाधिवक्ताको कार्यालयका विषयहरूमा छलफलको क्रममा खासगरी योजना आयोगसँग सम्बन्धित मैले केही कुरा राख्न चाहन्छु योजना आयोगले कर्णालीमा जसरी

योजना बैङ्क निर्माणदेखि लगेर कर्णालीको आवश्यकतालाई एउटा चित्रमा ढाल्नुपर्ने हो त्यसमा कमी भएको हामीले महसुस गरेका छौं । योजना आयोगको अध्यक्ष मुख्यमन्त्री आफैं रहने अबस्थाअनुसार बाँकी रहेका समयहरूमा हामीले योजना बैङ्क निर्माण गरेर नयाँ आउने व्यवस्थापिका संसद् प्रदेशसभा वा सरकारलाई एउटा मार्ग चित्र दिन सक्यो भने हामीले व्यहोर्न परेको अप्ठ्यरो अन्वयलता रहदैन भन्ने सुझाव दिन चाहन्छु । योजना आयोगको कार्यालयगत विभिन्न व्यवस्थापनका विषयहरू त छँदै छन् । योजना बैङ्क स्थापना गर्ने, त्यसको अध्यावदी गर्ने कार्यक्रमहरू पनि छन् । त्यसकोसँगसँगै बैङ्क खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रमको दिर्घकालीन दायित्व व्यवस्थापनका लागि लागि लगानी भनेर त्यो कार्यालयअन्तर्गत राखिएको मैले यो किताबमा पाँए यस विषयमा योजना आयोगले कस्तो त्यो दिर्घकालीन दायित्वको व्यवस्थापन गर्न खोजिएको हो यसमा स्पष्टका साथ आएको भए राम्रो हुन्थ्यो भन्ने लागिरहेको छ । हामीले व्यवहारमा व्यहोरि रहेको कुरा के छ भने कतै हाम्रो यो कार्यक्रम लागु भइसकेपछि जम्मिएका छोरीहरू विविध कारणले छुटेको भन्ने सामान्य एउटा कुनै गैरसरकारी संस्थाले गरेको अनुगमन तथा अध्ययनअनुसार एउटा पालिकामा २३५ जनाको सेरोफेरोमा छुटेको भन्ने छ र त्यो रकम बैङ्कमा बसीराख्ने भयो अचल हुने भयो भन्ने कुरा पनि आएको छ । त्यस कारणले योजना आयोगले यसमा के गर्न खोजको हो यसमा लगानीको कुरालाई व्यवस्थित गरेर लैजाने कुरामा ध्यान दिनुपर्ने होला यो कार्यक्रम कसरी योजना आयोग तिर गयो त्यो चाहिँ सामाजिक विकास मन्त्रालय तिरै बुझिरहेका थियौं कानून निर्माण अथवा कुनै नीति बनाउने भन्ने कुरामा स्पष्ट हुन चाहन्छु । योजना आयोगले परियोजना बैङ्क निर्माणमा अहिलेसम्मको गति हेर्दा खेरि कर्णालीका जनता अथवा हामी जनप्रतिनिधिहरूको पनि अपेक्षालाई सम्वोधन गर्ने गरी गर्न नसकेको कुरा यहाँ रहेको छ । यसलाई सुधारेर जानुपर्छ भन्ने कुरा म राख्न चाहन्छु र मुख्यमन्त्री रोजगार कार्यक्रम सुरूदेखि यो निरन्तरता मै छ र मुख्यमन्त्री रोजगार कार्यक्रम कर्णालीका बेरोजगार जनसमुदायहरू युवाहरूलाई रोजगार दिनको लागि भनेर पनि हामीले संसद्बाट यो रकमलाई कुनै आर्थिक वर्षमा सिङ्गै डल्लोको रूपमा पनि कुनै आर्थिक वर्षले पास गऱ्यौं र अहिले त्यसलाई छलफलको क्रममा धेरै कुराहरू उठेको कारणले गर्दा मुख्यमन्त्रीज्यूले विनियोजित गरेर पनि त्यो किताबमा आएको छ र यहाँ ठूला तिन राजनीतिक दलहरूको सहमतिमा त्यो विनियोजन गरिएका योजनाहरू फिर्ता गर्ने पनि भनिएको छ माननीय मुख्यमन्त्रीज्यू मैले नबुझेको कुरा यहाँ कार्यविधिअनुसार मुख्यमन्त्री रोजगार कार्यक्रम समन्वय तथा योजना सिफारिस समिति पनि रहेछ । अबको कार्यविधि संशोधन गरेर या त अब भनिएकैअनुसार तिन दलीय सहमति अथवा त्यो सहमतिअनुसारको सिफारिस गर्दा खेरि संसद्मा प्रतिनिधित्व गर्ने दलहरूको सहमतिमा योजना सिफारिस गर्ने कार्यविधि संशोधन गर्ने भनिएको छ । या त्यहींबाट यो समिति पूर्णता हुने हो कि पहिला नै भएको समितिले काम गर्ने हो । हामीले कुनै पनि चिज दिइसकेको चिजलाई फिर्ता गर्न निकै गाह्रो हुन्छ

त्यहाँ धेरै कुराहरू नमिलेका हुन सक्छन् तर पनि पाइसकेको चिज फिर्ता गर्न धेरै गाह्रो हुन्छ यो विषयमा स्पष्टता हुन चाहन्छु । मुख्यमन्त्री रोजगार कार्यक्रम अहिलेसम्म उद्यमशिलता दलित उद्यमशिलता, महिला उद्यमशिलताका नाममा पनि  ती शीर्षकमा विभिन्न मन्त्रालय हुँदै विभिन्न कार्यालयहरूमा यो बजेट गयो । र विशेष गरेर दलित र महिला उद्यमशिलताको कार्यक्रम अन्तिममा निकाशा दिने त्यो आफ्नो प्रगति देखाउनको लागि निकासा दिने र सम्बन्धित कार्यालयले कार्यान्वयन गर्न नसकेर फेरि त्यहाँको प्रगति घट्ने गरी फ्रिज हुने अबस्था अहिलेसम्म छ र अहिलेको माननीय मुख्यमन्त्रीज्यूको सबै योजनाहरू फिर्ता गर्ने जो सहमति गर्नु भएको छ यसले यो कार्यान्वयनमा संका नैदेखिन्छ त्यस कारण यस्ता कुराहरू हामीले जनताहरूमा पनि अन्यवलता हुने गरी योजनाहरू दिने अनि फिर्ता गर्ने, टुक्रे योजनाका नाममा वा अरू केही नाममा फिर्ता कुरा जनता सार्वभौमसत्ता सम्पन्न छन् वा जनताका आवाज पनि सरकारले सुन्छ भन्ने कुरामाभन्दा एउटा भन्ने र गर्दा अर्कै गर्ने जस्तो व्यवहारदेखिन्छ त्यस कारणे यी कुराहरूलाई पारदर्शितादेखि सबै सुशासन कायम गर्ने कुरामा हामी सबै सहमत छौं यो कुरालाई व्यवस्थित गर्नका लागि योजना छनोट पक्रियादेखि कार्यान्वयनको कुरामा पनि यो एउटै नीतिअनुसार निरन्तरता गयो भने ठिक हुन्छ भन्ने कुरा राख्न चाहन्छु ।
धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री विमला केसी समय सात मिनेट, त्यसपछि माननीय मिना सिंह राखाल तयारी अबस्थामा रहनु होला ।

माननीय श्री विमला विमला केसीः सभामुख महोदय, शक्ति पृथकीकारणको सिद्धान्तअनुसार कार्यापालिका र व्यवस्थापिकाको आफ्नै मुल्य मान्यता छन् र यसका आफ्नै कार्यविभाजनहरू छन् तर हामी नेपालमा व्यवस्थापिका आफैंले बजेट निर्माण गर्ने विषयमा चासो राख्छौं र बढी नेतृत्व लिने गर्छौं । र कार्यपालिकाले पनि आफ्नो भूमिकालाई सही ढङ्गले पूरा गर्न नसक्दा त्यो स्थिति आएको जस्तो मलाई लाग्छ । हामीले विधि बसाल्न खोजेका हौं प्रणालीको विकास गर्न खोजेका हौं, यो कार्याकालको अन्तिम चरणमा आउँदा पनि हाम्रो बजेट निर्माणको समक्ष पक्षलाई हेर्दा खेरि हामी अझै पनि सिस्टम बिकास गर्न नसकेको कुरा तितो सत्य स्वीकार्नु पर्छ सरकारले र हामी सबैले । मलाई विश्वास छ यहाँ आएका रचनात्मक सुझावहरू आलोचनाहरूलाई सहज रूपमा सरकारले लिनु नै सरकारका लागि राम्रो पक्ष हो भन्ने मलाई लाग्छ । बजेट निर्माणको ट्रेनलाई हेर्दा खेरि न त बजेट माननीयको सिफारिसमा आए, न त कर्मचारीहरूको एउटा कार्यालयको सिस्टममा आए यो कता कता माननीयज्यूहरूले उठाएको जस्तै गरी अलिकति भन्न नसकिने अलिकति इन्ट्रेस केन्द्रित हुन् कि भन्ने हामीलाई पनि लाग्ने गरी त्यस्ता खालका कार्यक्रमहरू परेका छन् समग्र मन्त्रालयको हकमा, मैले समग्रको कुरा किन गर्दैछु भने मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय भनेको समग्र सरकार हो त्यस कारणले त्यसलाई कन्ट्रोल गर्ने जिम्मेवारी मुख्यमन्त्री कार्यालयको हो भन्ने मलाई लाग्छ र म

सभामुखमार्फत यहाँ प्रमुख सचिव हुनुहुन्छ, र सचिवज्यूहरू हुनुहुन्छ उहाँहरूको ध्यान केन्द्रित गर्न चाहन्छु । हामीले मुख्यमन्त्री कार्यालयको हकमा वा समग्र बजेट निर्माणको हकमा हेर्दा आवदिक योजना बनाएका छौं, पञ्चवर्षीय योजना बनेको छ सिद्धान्त त हामी बजेट निर्माण गर्दा स्वीकार गर्छौं, बजेटको प्राथमिकतामा त्यो राख्छौं, सिद्धान्तमा त्यो राख्छौं र व्यवहारमा जाँदा त्यसलाई हेरेर हामी बजेट बनाऔंदैनौं । हाम्रा आवश्यकता जनताले जे भन्छन् जनताका चाहना पूरा गर्ने नाममा कहीँल्यै भोट केन्द्रित जस्तो बन्ने र हामीले अधुरा योजनाहरू नआउने नगर्नु पर्ने फिजिवल छैनन् त्यस्ता योजनाहरू आउने जसले गर्दा बजेटको दुरूपयोग हुने अबस्था चाहिँ बनि नै रहेको छ र समग्र ट्रेन चेन्ज गर्ने अबस्था यो व्यूरोत्रेसी खासगरी स्थाई सरकारले बढी सोच्नुपर्ने अबस्था हो भन्ने मलाई लाग्छ हामीले यो सकेनौं । अहिले मुख्यमन्त्री कार्यालयको बजेटको सन्दर्भमा अरू त केही पनि छैन मुख्यमन्त्री रोजगार कार्यक्रमलगायतका कार्यक्रमहरू त्यहींबाट बित्तय हस्तान्तरण गरेपनि त्यो कार्यालय ले नै अपनत्व लिएको कार्यक्रम हो । त्यो हेर्दा खेरि अहिले त्यो ओभर कन्फिडेन्डबाट आयो कि लाप्रवाहि गरेको आएको समस्या हो भन्ने मलाई लाग्छ । विधि बनाउने बिधिको पालना नगर्ने कुराले डल्लो बजेट त फोड्छु भन्ने एउटा राम्रो उद्देश्य त राख्ने तर डल्लोभन्दा झन् धेरै डल्ला परेर अप्ठ्यारो पार्ने स्थिति जो बन्यो यो चाहिँ विलकुल सही छैन यो कुरालाई माननीयज्यूहरूले उठाए जस्तै यसलाई समयमा नै सच्याउन जरुरी छ । यस्ता कुराहरूमा कर्मचारीहरूको वा व्यूरोक्रेसीको लाप्रवाही हुनु भनेको राम्रो कुरा होइन उठाउँदा नियत हो भन्न सकिने गरी यो प्रश्न उठ्छ र म चाहिँ त्यो भन्ने पक्षमा छैन नियमबस नभए पनि नियमतमा प्रश्न उठाउने गरी यो खालको कमजोरी भएको छ यसलाई सच्याउन जरुरी छ । हामीले महिला आय आर्जनको कुरा गर्दा खेरि गत सरकारले ल्यायो तर त्यो कार्यक्रम निरन्तरतामा आएन् मैले एउटा अर्को आशाको केन्द्र बनेको कार्यक्रम महिला आयआर्जन कार्यक्रम थियो राम्रो थिएन भने बरु परिमार्जन, सुधार गर्न सकिन्थ्यो तर कार्यक्रम नै नल्याउने कुरा नीतिमा आउने कार्यक्रममा नआउने कुरा अलि राम्रो कुरा भएन आपत्ति जनक कुरा छ । यो कुरालाई सकिन्छ भने सम्वोधन गरौं, समग्र कर्णालीका महिलाहरूकोतर्फबाट मैले यो कुरा राख्न चाँहे, महिलाहरूको यो आवाज मैले बोले, यो महिला आय आर्जन कार्यक्रमलाई कुनै न कुनै हिसाबले सम्वोधन गर्नुपर्ने जस्तो मलाई लाग्छ । किनभने अरू कार्यक्रमको विषयमा पुनःविचार गर्दैछौं भने महिला आयआर्जनका कार्यक्रमको सन्दर्भमा किन पुनःविचार नगर्ने यो कुरामा मुख्यमन्त्रीज्यू वा सरकारको मभामुख ज्यूमार्फत म ध्यानाकर्षण गराउन चाहन्छु । यो एउटा अचम्म लाग्यो मलाई प्रदेश सुशासन केन्द्रको कम्पाउण्डवाल निर्माण गर्ने, तथा मर्मत सुधारको लागि ४ करोड शसर्त अनुदान हो कि भनेर हेरे मैले शसर्त अनुदान पनि छैन ४ करोड यो उपयुक्त बजेट हो कि होइन कार्यान्वयन नहुने बजेट किन छुट्याउछौं हामी, त्यो फ्रिज हुनका लागि किन छुट्याउँछौं सानो उदाहरण एउटा मैले दिए त्यस्ता खालका अनउपयुक्त बजेटहरू

नछुट्याऔं यसले राम्रो गर्दैन जहाँ चाहिने हो त्यहाँ नगर्ने नचाहिने ठाउँमा त्यत्रो बजेट छुट्याउनु राम्रो कुरा होइन । कर्णाली प्रदेश योजना आयोगका सन्दर्भमा मैले के राखे भने सरकारले नौं-नौं महिना अहिले नयाँ नेतृत्वको सरकार करिब नौं महिना भइसक्यो नौं महिनासम्म योजना आयोगले पूर्णता भएको छैन यो हद दर्जाको लाप्रवाही हो भन्ने मलाई लाग्छ कतै समव्यको कुरामा सरकार आफैं कमजोरी गरीरहेको छ समन्वयको अभावमा योजना आयोग बन्न सकेन कि भन्ने अनुभूति भएको छ । यस्ता कुराहरूले अब योजना आयोगमा बजेट छुट्याइराख्ने योजना आयोग फुलफिल नगर्ने त्यो बजेट कार्यान्वयन हुँदैन के का लागि त्यो बजेट छुट्याउने त्यो पनि जरुरी छ जस्तो मलाई लाग्दैन् । त्यसैले छिटोभन्दा छिटो समव्यनमा सहजीकरणमा ठिक ढङ्गले सरकारले योजना आयोगको फुलफिल गर्न सक्यौ भने योजना आयोगलाई छुट्याएको बजेट कार्यान्वयन होला र त्यसको उद्देश्य जो हो त्यसलाई कार्यान्वय गर्न सकिएला भन्ने मलाई लाग्छ । योजना आयोगभित्र एउटा बहुक्षेत्रीय पोषण कार्यक्रम रहेछ त्यो गोष्ठी नै गर्ने हो सायद योजना आयोगले कार्यक्रम गर्छ भन्ने मलाई लागेको छैन त्यहाँ सत्तरी लाख पैसा उठेको छ गोष्ठीकै लागि सत्तरी लाख पैसा किन जरुरी छ मैले एउटा सानो उदाहरण मात्रै भनेको हो । मैले तपाईंहरूलाई सजिलो होस् भनेर त्यसो हुँदा यस्ता कार्यक्रमहरूलाई पनि अलिकति औचित्यताका आधारबाट राखौं यो लाप्रवाहि नै हो भन्छु त्यसैले कर्मचारीको लाप्रवाही वा प्रतिनिधिको लाप्रवाही टोटालिटिमा सरकारको नै भयो त्यसो हुँदा योजना आयोगलाई क्रियाशील गर्ने सन्दर्भमा सोच्यौं भने यो राम्रो हुन्छ भन्ने मलाई लाग्छ ।

लोकसेवा आयोगको सन्दर्भमा प्रदेश लोकसेवा आयोगलाई हामीले गठन त गऱ्यौं त्यसलाई क्रियाशील गर्ने कानून बनाउने र प्रदेश निजामित कानून बनाउन सकियो भने त्यसलाई पूर्णता दिन सकिन्छ । हामीले छिटोभन्दा छिटो कानून निर्माण गरेर लोकसेवा आयोगको कामलाई पूर्णता दिन सकियो भने राम्रो हुन्छ नत्र भने फेरि पनि संरचनाका लागि मात्रै संरचना बनाउने कुरा निरन्तरतामा जान्छ र संरचनालाई उपलब्धिमूलक बनाउने भनेको काममा लगाउने हो यसको प्रभावकारीताका निम्ति हामीले छिटो सोच्न जरुरी छ जस्तो मलाई लाग्छ । मुख्यन्यायाधिवक्ताको कार्यालय हामीलाई इतिहासमा थाहा छ विगतमा थाहा छ हाम्रो मुख्यन्याधिवक्ता हामीले बनाउने सरकारको पक्षमा होइन कि सरकारको विपक्षमा फैसला गर्न वकालत गर्ने पनि मुख्यन्यायाधिवक्ताको इतिहास हामीले देख्यौं । त्यस्तो खालको यसको पुनर समीक्षा गर्ने र त्यसलाई सरकारले कसरी कन्ट्रोल गरीरहेको छ त्यसको काम सम्बन्धी मूल्याङ्कन गर्छ कि गर्दैन । सरकार प्रमुखको हिसाबले मुख्यमन्त्रीको त्यो भूमिका हो जस्तो मलाई लाग्छ त्यो कस्तो भइरहेको छ सरकार विपक्षी भएका मुद्दा मा त सरकारको पक्षमा वकालत गर्ने हो जस्तो लाग्छ मुख्यन्यायाधिवक्ताको जिम्मेवारी भनेको तर उल्टो पाल्टो गरेर झन् सरकारलाई नै असहयोग गर्नै विगतलाई अहिले हामीले सुधारेकै छौं भन्ने मलाई विश्वास छ । यसलाई पनि त्यसरी कामकाजी बनाउनुपर्छ भन्ने मलाई लाग्छ । समग्रमा हेर्दा विगतको सकारले

निकै महत्त्वपूर्ण कतिपय कार्यक्रमहरू गरेका छन् । म आफैं पनि एउटा मन्त्रालयको जिम्मेवारी लिँदा कोल्ड स्टोर, प्रशोधन उद्योगहरू, यही पनि हामीले अर्गानिक बनाउने उद्देश्यले प्रयोगशालाहरू, बिसादी परिक्षण प्रयोगशालाहरू, हाईटेक नर्सरी पर्यटनबाट वनबाट पनि त्यस्तो बाटो, सिँचाइको कुरा गऱ्यौं, खानेपानीको कुरा गऱ्यौं बनाउन त संरचना बनायौं बाटो प्रयोग गरेर मान्छे हिँडेका छन कि छैनन् गाडी हिँडेको छ कि छैन, सिँचाइ बनायौं त्यो पानी खेतसम्म पुग्यो कि पुगेन्, धारा घरसम्म पुगे कि पुगेनन् , हाईटेन नर्सरीबाट बेर्ना उत्पादन गर्न सक्यौं कि सकेनौं भन्ने कुराको हेक्का राख्न यो सरकारकै जिम्मेवारी हो भन्ने लाग्छ र अझ म विशेष गरी व्यूरोक्रेसीका साथीहरूलाई प्रमुख सचिवदेखि लगेर सबै सचिव ज्यूहरूलाई त्यो हाम्रो जिम्मेवारी भनेर त्यसलाई त्यसलाई निरन्तरता दिने त्यसलाई सम्पन्न गर्ने जिम्मेवारीमा तपाईंहरूले एकदमै राख्नै पर्छ र मलेपले पनि अहिले बढी चासो राखेको विषय के छ भने सरकारले मूल्याङ्कन नगरीकन त्यसको फिटव्याक कति हो भन्ने कुरा नगरीकन भुक्तानी गर्छ त्यसको हेक्का राख्दैन् यो चाहिँ गलत छ है भनेर बढीभन्दा बढी औंल्याएको कुरा छ । हामीलाई पनि त्यो फिल हुन्छ जस्तो मुख्यमन्त्री रोजगार कार्यक्रमले कति मान्छेलाई कति महिनाको लागि रोजगारी दियो लक्षित वर्ग कार्यक्रमले कतिलाई आय आर्जन दियो या त यस्तै धेरै सरकारका कार्यक्रमहरू छन् त्यसको फिटव्याग कति हो भनेर हामी ठोस रूपमा भन्न सक्ने मूल्याङ्कन गर्न सकेका छैनौं सरकारको निकै ठूलो कमजोरी हो त्यस हिसाबले पनि सरकार जानुपर्छ भन्ने मलाई लाग्छ र त्यो गर्न सकियो भने राम्रो हुन्छ भन्ने मेरो धारणा छ ।

जाँदा जाँदै के भन्छु भने सकारात्मक सुझावहरू जति आएका छन् यी सुझावहरूलाई सही ढङ्गले लिने र सरकारले आफ्नो जीवन व्यवहारमा लागु गर्ने र सिस्टमको विकास गर्ने कुरामा अझै मेहेनत गऱ्यौं सकिसक्यो कार्यकाल गइहाल्यो जे गरेपनि हुन्छ भन्ने कोणबाट जे खालको व्यवहारदेखिन जान्छन् त्यो कुरालाई सच्यायौं छोड्नुको एक घण्टा अगाडि भए पनि राम्रो काम गरेर छोड्नुपर्छ भन्ने स्पिडका साथ सरकार जावस् म शुभकामना दिन चाहन्छु । धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री मिनासिंह रखाल, समय सात मिनेट यसपछि माननीय श्री राजु नेपाली तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री मिनासिंह रखालः-** सभामुख महोदय, दशौं अधिवेशनको बाइसौं बैठकको छलफलमा भाग लिँदै गर्दा सम्बन्धी सभाबाट आफ्ना कुराहरू राख्नको लागि अनुमति माग्दछु । सभामुख महोदय, आर्थिक वर्ष २०७९/०८० को सरकारबाट आएको विनियोजन विधेयक मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग र मुख्यन्यायाधिवक्ता कार्यालयको शीर्षकहरू माथि हामी छलफल गर्दैछौं । कर्णाली प्रदेशको मार्ग रेखा कोर्ने योजना आयोग अहिलेसम्म पनि पूर्णता पाउन सकेको छैन । विगतमा पनि योजना आयोगले कर्णालीलाई मार्ग निर्देशन गर्न सकेको

हामीले महसुस गर्न सकेनौं । अहिले योजना आयोगको अध्यक्ष हुनुहुन्छ तर सदस्यहरू छैनन् सदस्यहरू नै नभएको ठाउँमा कुन योजनाहरू छलफल भए होलान् कुन जिल्लाबाट कसरी योजनाहरू आए होलान र यसले कर्णालीको मार्ग निर्देशन गऱ्यो होला भन्न हामीले सक्दैनौं त्यसैले यो योजना आयोग प्रति हाम्रो कुनै आशा र भारोसा नभएको हुनाले म धेरै टिकाटिप्पणी गर्न चाहन्नँ ।

यता लोकसेवा आयोगको विधेयक अझै पनि समितिमै छलफलको क्रममा छ । त्यो लोकसेवा आयोग वैधानिक हिसाबले अहिले चल्ने जस्तो प्रवृतिहरूदेखिदैनन् र यो लोकसेवा आयोगको विषयमा पनि म धेरै छलफल गर्न चाहदैन तर लोकसेवा आयोगको बजेटमा एउटा के लेखिएको छ भने भ्रमण खर्च र सरुवा भ्रमण खर्च भनेर लेखिएको छ अनि यसमा भिन्न भिन्न छ लाख भनेर छुट्याइएको छ । एउटै भ्रमण सरुवा भनेर यो कसलाई आधार मानेर गरेको हो यो भन्ने कुरा म यहाँ प्रश्न गर्न चाहन्छु । त्यस्तै अब आयो मुख्यमन्त्री रोजगारका कुरा जहाँ मुख्यमन्त्री रोजगारले नै आज हरेक जिल्लामा युवा रोजगार, महिला आयआर्जन समाल्ने र दलित आय आर्जनलाई समाल्ने त्यो मुख्यमन्त्री जो रोजगार थियो विगतबाट नै त्यो मुख्यमन्त्री रोजगारले कुनै त्यस्तो लाभान्वित गरेको मैले पाएको छैन । र जस्तै देलित आय आर्जन र महिला आयआर्जनको त हामीले त्यसको पहिलो वर्ष अलिकत मुख्यमन्त्रीसँग छलफल र बहस गऱ्यौं त्यो आवश्यकता छ महिला आयआर्जनलाई निरन्तरता दिनुपर्छ भनेर हामी महिला माननीयहरू बसेर महिला आयआर्जनको विषयमा धेरै छलफल गऱ्यौं त्यहाँ महिला आयआर्जनको पहिलो वर्षबाट नै नाम मात्र भयो काम भएको मैले पाएको छैन । र अहिले त महिला आयआर्जनको नामै पनि छैन जो दलित आज आर्जनको कुराहरू छन् जिल्ला जिल्लामा जस्तै दैलेखमा चार करोड गएको छ, सुर्खेतमा चार करोड छ, अन्य जिल्लामा दुई, दुई करोड छ ती कार्यक्रमले दलित समुदाय, ती निमुखाहरूलाई कत्तिको प्रभाव पाऱ्यो ती रकम सदुपयोग भयो कि दुरूपयोग भयो, त्यसमा सरकारको ध्यान गयो कि गएन् भन्ने कुरामा म यहाँ प्रश्न गर्न चाहन्छु । विगतमा मुख्यमन्त्री रोजगार कार्यक्रमले कस्तो देखायो भने यो कार्यक्रम भनेको प्रत्येक गाउँपालिकामा जाने र त्यो गाउँपालिकाले फेरि वडामा समेट्ने कार्यक्रम हो । पहिला जनप्रतिनिधिहरू सामाजिक विकास कार्यालयहरूमा माननीय र जनप्रतिनिधिहरू सहभागी भएर त्यसबाट पालिकाबाट वडामा पाँच ओटा योजना दिने, पालिकाले तीन ओटा योजना दिने र जनप्रतिनिधि र माननीयज्यूहरू बसेर छनोट गरेको योजना प्रदेश मन्त्रालयमा आएर त्यसरी काम गरेको भइराखेको बेलामा विगतमा अनलाइनबाट फारम गर्ने गरियो त्यसमा धेरै पालिकाले फम भरे तर वडा छुट्यो । के हाम्रो योजना भनेको वडा छुटाउने गरी गरिएको हो त । अनि मैले भने कसरी छुट्यो तभन्दा खेरि उहाँहरूले अनलाइनबाट फारम भर्न खप्ठ्यारो मान्नुभयो त्यस कारणले गर्दा खेरि त्यो वडाहरू छुट्यो भनेर भन्नुभयो र अहिले हामी त्यसैलाई फोकस गरेर त्यहीं मुख्यमन्त्री रोजगार र त्यहीं आय आर्जनलाई फोकस गरेर हाम्रो दल नेकपा एमालेको

दलका नेता यामलाल कंडेल र मुख्यमन्त्री जीवनबहादुर शाही, माओवादी केन्द्रका दलका नेता बसेर सभामुखको अध्यक्षतामा बसेर गरेको छलफलले चार ओटा बुँदामा त्यसलाई समेटेर ल्याएको छ यहाँ प्रश्न पनि उठे । उहाँ निर्णय पनि गर्ने फेरि फिर्ता लिन मिल्छ र भन्ने प्रश्न आइरहँदा नमिल्ने भए किन गर्ने, मिल्ने भए गर्ने कि नगर्ने भन्ने मेरो प्रश्न छ । ती सम्झौताहरू पनि कस्ता थिए भने म यहाँ भन्न चाहन्छु सम्झाउन चाहन्छु ।

मुख्यमन्त्री रोजगार कार्यक्रमको सम्बन्धमा प्रस्तावित योजनाहरू एक फिर्ता लिने र विनियोजन भएको रकम यथार्त राखी साउन मसान्तसम्म कार्यविधि संवत योजननाहरूलाई छनोट गरीसक्नुपर्ने छ भनेर एक नम्बरमा लेखिएको छ । दुई नम्बरमा के लेखिएको छ भने विनियोजन किताबमा कर्णाली प्रदेशभन्दा भौगोलिक क्षेत्रलाई समेटेर समावेश भएको सबै योजनाहरूको नाम हटाउने भनेर लेखेको छ । तेस्रो नम्बरमा १५ लाखभन्दा तलका योजना कार्यान्वयन नगर्ने यो चाहिँ कार्यान्वयन भएको हामीले पाएका छौं । निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम सम्बन्धमा पनि रिक्त रहेको निर्वाचन क्षेत्रमा सभाको प्रतिनिधित्व यहाँको दलको सभाको प्रतिनिधित्वबाट ती योजनाहरू छनोट हुनेछ भनेर भनिएको छ अहिले हामीलाई के संका लाग्छ भने मैले भनिसके काम गर्छु भन्ने तर काम नगर्ने भयो भने हामीलाई शंका लाग्छ हामी त सरकारप्रति विश्वास गरेर नै यो संसद्मा भाग लिएका छौं । यो छलफलमा हामीले भाग लिएका छौं । यसलाई सुधार गर्न कर्णालीलाई समृद्ध पार्न जनतालाई यो सन्देश दिन र काम गर्नको लागि हामीले जुन सहयोग र साथ दिएका छौं । तर अहिलेका गराई र भोगाईले हामीलाई संका लागिरहेको छ । यो शंका नलागोस यो सरकार भनेको ६ महिनाको लागि मात्र होइन फेरि पनि आएर सरकार बन्न सक्ला फेरि पनि सरकार बन्न सक्ला त्यसैले जनताको मागलाई पूरा गरेर सरकारले ध्यान दिनुपर्छ भन्दै मेरा कुरा यही राख्दछु । हवस् धन्यवाद, लाल सलाम ।

**माननीय सभामुखः-** माननीय श्री राजु नेपाली, समय सात मिनेट, त्यसपछि माननीय श्री कौशिलावती खत्री तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री राजु नेपालीः-** सभामुख महोदय, दशौं अधिवेशनको बाइसौं बैठकमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग र मुख्यन्यायाधिवक्ता कार्यालयको शीर्षकहरू माथि आफ्ना भनाइहरू राख्न गइरहेको छु । मुख्यमन्त्री कार्यालयको सन्दर्भमा राजगारको लागि विदेश भारतका विभिन्न गल्लीहरूमा काम नपाएर भौतारिरहेका युवाहरूलाई स्वदेशमै रोक्नको लागि मुख्यमन्त्री रोजगार कार्यक्रम सुरू गरेका थियौं । यो सुरू गर्दै जाँदा आज सोच्नै पर्ने भएको छ अझ यहाँ किताबहरू पनि सबै मन्त्रालयका हामीले छलफल गरीसकेका छौं यो छलफल गर्नु यहाँ सदनबाट पास हुनु सायद ठूलो कुरा होइन होला । पास भएकै त हो त पास हुँदा पहिला पहिला सदनबाटै पास भएको थियो । गएर बिचमा गठबन्धन भइसकेपछि अध्यादेशबाट पास गरिएको थियो । त्यसैगरी पास गर्नु ठूलो कुरा रहेन छ सभामुख

महोदय, कार्यान्वयन पक्ष नै ठूलो कुरा हुन्छ । कार्यान्वयन पक्ष जहिले पनि ठिला सुस्ती हुन्छ अब यति बेला पास भएको बजेट अर्को असारसम्म जेठबाट सुरू गर्ने हो कि समयमा नै गर्ने हो । समयमा नै कार्यक्रम गर्ने हो भने त रोजगारमा जानेहरू कुनै खाडी मुलुकमा जानेहरू पनि सायद रोकिन्थ्य होला । तर तिनलाई हामीले यहाँ कहीँल्यै रोक्न सकेनौँ । यहाँ थुप्रै कुरा माननीयज्यूहरूले उठाइसक्नु भएको छ । बजेट त छुट्टीयो १० वटै जिल्लामा छुट्टीयो माननीयज्यूहरूले भनिसक्नु भएको छ हो बजेट छुट्याउँदा ध्यान दिनुपर्ने कुराको बारेमा यो पाँच जना माननीयज्यूलाई सोध्नुपर्छ कि गर्दैन । कसरी कार्यविधि बनाएर जाने होला, कसरी यो कार्यक्रम सम्पन्न गर्ने भनेर एक वचन कतै सोध्यो । छुट्याउने तर त्यहाँ व्यवास्था गरिने नछुट्याएको कारणले कस्तो विश्वास नगरेको यत्रा कर्णालीका जनताले त हामीलाई विश्वास गरेर पठाएका थिए त । एउटा मुख्यमन्त्रीज्यूको कार्यालय मुख्यमन्त्रीज्यूहरूले हामीलाई विश्वास नगर्ने, कर्णाली प्रदेशभरीको निर्देशक समिति बन्योकर्णाली प्रदेशभरीको त्यसको सायद जेष्ठताका आधारबाट म आफू संयोजन छु चार जना अरू सदस्य हुनुहुन्छ । कर्मचारी हुनुहुन्छ त्यसपछि फेरि जिल्ला समन्वयलाई जोडेर एउटा फेरि संयन्त्र बनाइयो के, बनाऔँदा के भयो नबनाउ पनि नहुने बनाउन पनि गाह्रो पहिला वर्ष त हामीले फर्काएकै हो तर अब कति फर्काउने त अब यो वर्ष ल जान्छ त ठिकै छ यस्तै कार्यविधि भए पनि अगाडि बढाऔँछ भनेरभन्दा तल लिएर उपप्रमुख गाउँपालिका वा नगरपालिकाका मेयर भनियो त्यसबाट एक दुई ओटा बाहिरबाट सदस्य ल्याउने भनियो अब त्यो कार्यक्रम कसैको बिचमै चुनाव लड्नुपर्ने भयो छोडीहाल्नुभयो उपप्रमुख ज्यूले यस्ता यस्ता खालका कार्यविधिहरूलाई सच्याउनुपर्छ कि प्रर्दैन् । सबैभन्दा कार्यविधि राम्रो बनाउने कस्तो, कसरी जनतासँग जाने हो यो कार्यविधि अहिलेसम्म त भनिराखेका छौँ त प्रत्येक्ष पाउने ले पाएनन् नपाउनेले मोज मस्ती गरीरहेकै छन् । कार्यविधि सजिलो बनाइदिएको भए त्यो तलको धरातलको निमुखा, गरिबसम्म पुग्ने थियो र उनले आफ्नो सहजै तरिकाले यी कार्यक्रमहरूलाई सम्पन्न गर्ने थिए । त्यतादेखिएन् दिने बेलामा ४ करोड भनियो, कार्यक्रम चलाउने कसलेभन्दा सबै चलाउन त घरेलुले रहेछ । यहाँ त अफिसले एक माग्ने अफिसले कागजात पेस गर्ने अफिसले सामाग्री खरिदगर्ने, अफिसले फोरफार गर्ने भन्ने बेला संयोजक सदस्य भन्ने कार्यक्रम सम्पन्न समापन हुने बेलामा सम्झिने कि नसम्झिने यो कार्यविधिकै कारण सायद अप्ठ्यारो परेको हो । र अनि के भनियो भने पालिका बाईज एउटा सहकारी छान्ने सर्वप्रथम पहिला दलितका सहकारी भनियो, यदि छैनन् भने अन्य सहकारीमा पनि हालेर त्यो पैसा कार्यक्रम चलाउने उहाँहरूलाई पचास पचास हजार कोष अथवा त्यो लगानीको हिसाबले दिने अन्यमा सदस्य बनाएर पनि वितरण गर्ने भनियो । तर त्यहाँ त्यस्तो खालको कार्यविधिले सहज खालको वातावरण बनेन् । सुर्खेतकै मात्रै डेढ करोड फिर्ता जाँदै छ । त्यस्तो पनि कार्यविधि बनाउने पैसा दिए भनिदिइहाल्ने सजिलो र सहज बनेन भने अप्ठ्यारै हुन्छ सायद सबै ठाउँको कार्यक्रम

त्यस्तै होला, महिलाको पनि त्यस्तै होला युवाको पनि त्यस्तै होला सबैभन्दा कार्यविधिलाई यहाँहरूले सच्याउन जरुरी छ । अझै पनि दुई तिन महिना हामी माननीय भएर हिँड्ने छौं । हामीलाई समेत राखेर एउटा कार्यविधि बनाइयोस् भन्ने कुरा राख्न चाहन्छु । र यो बसाई मात्र सर्वदलीय हुने हो कि सर्वददलीय बसाई मात्रै नगरौं बसेको भए हुबहु चार बुँदे लागु गरौं । यसलाई लागु गर्नु छैन भने किन बस्तु, यत्रो दिन किन हाम्रो सदन बन्द गर्नु, होइन भने तुरुन्तै भोलिकै दिनबाट कसरी गर्ने हो हुबहु लागु गर्नुपर्छ भन्ने राख्दै मैले आफ्नो भनाइ अन्त्य गरे । हवस् लाल सलाम ।

**माननीय सभामुखः-** माननीय श्री कौशिलावती खत्री, समय सात मिनेट, त्यसपछि माननीय दानसिंह परियार तयारी अबस्थामा रहनु होला ।

**माननीय श्री कौशिलावती खत्रीः-** माननीय सभामुखज्यू, हामी लगातार २४ गतेबाट कर्णाली प्रदेश विनियोजन विधेयक २०७९/०८० माथि विभिन्न मन्त्रालयकाअन्तर्गत छलफल गरिरहेका छौं । आज सरकारले नेतृत्व गर्ने मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग र मुख्यन्यायाधिवक्ता कार्यालयअन्तर्गत छलफल गरीराखेका छौं । छलफलमा भाग लिँदै गर्दा मुख्यमन्त्री कार्यालयको योजना छनोट पक्रिया, कार्यहरू यसका केही दृष्टान्तहरू म यहाँ राख्न चाहन्छु । विनियोजन विधेयक माथिको छलफल हाम्रो कार्यकालको अन्तिम छलफल पनि हो यति बेला कर्णालीमा आफ्नो प्रदेशको आय आर्जन अथवा आफ्नै स्रोत के हो एकिन गरेर त्यहीं बजेट विनियोजन हुनुपर्थ्यो । चाय मेरा र तेरा योजनामा छलफल गर्ने विषय होइन जस्तो लाग्छ मलाई यो योजना विनियोजनमा उही कुरा दोहोरीएको छ । मन्त्री केन्द्रित केही रहेका आसेपासे केन्द्रित केही रहेका मर्यादाक्रमका आधारमा योजना विनियोजन भएका छन् यो प्रर्विति अहिले पनि दोहोरीएको छ । यो दृष्टान्त प्रस्ट रातो किताबमादेखिन्छ । त्यसैले हामीले अर्गानिक प्रदेशका कुरा गर्‍यौं त्यसलाई नियन्त्रण दिनको लागि जुम्लाको स्याउ, ओखर खै त काठमाडौंमा गएर सहजै बिकेको चाइनाबाट आउँदा त्यो टलक्क टल्केको स्याउ हुन्छ हाम्रो यसो खुम्चिएको हुन्छ त्यो अर्गानिक प्रदेशका कुरा गरेर लाजमर्दो भएन त्यसलाई प्राण्डेट गर्ने सरकारले पाँच वर्षसम्म त्यो बजेट त्यहाँ लागु गर्नुपर्थ्यो, ओखर काचै टिपेको हुनाले तितो हुन्छ हाम्रो अर्गानिक कसरी विकाउने त्यो कुरामा ध्यान केन्द्रित गर्नुपर्थ्यो आफ्ना आसेपासे केन्द्रित विना नीतिका तेरा र मेरा योजनाभन्दा यहाँ केन्द्रित हुनुपर्थ्यो र प्रत्येक विद्यालयहरू, प्रत्येक अस्पतालहरू, विद्यालयह नमुनाको रूपमादेखिनुपर्थ्यो । अस्पतालमा जनशक्तिको अभावले थन्किएका मेसिनहरू प्रयोग आएर जनताले त्यहाँ सुविधा पाउनुपर्थ्यो । पूर्वाधारहरू यी यी भनेर प्रस्टदेखिनुपर्थ्यो । त्यो देखेको छैन यो सत्य कुरा हो । अहिले पनि मन्त्रीले फोन गर्ने माननीयलाई योजना ल्यायो भन्ने र ती योजना समावेश नगर्ने, कुरा एउटा दृष्टान्त रहयो । यो योजना छनोटको विधि होइन हामीले विधिमा टेक्नुपर्थ्यो । विधिमै अलमल छ कर्णाली प्रदेश सरकार, विधि प्रस्ट नभएर यो कार्यकाल गयो । एउटा मात्र दृष्टान्त भन्न

चाहन्छु जहाँ मेरो वडा छेडागाड नगरपालिका ५ नम्बर वडा पानीको हाहाकार हुने वडा हो त्यहा खानेपानीको योजना छैन त्यहाँ सिँचाइ दिइएको छ । त्यो पनि काँहाभन्दा खुर्कीचौर जहाँ पानी नै छैन खुर्कीचौर सिँचाइ आयोजना रे । त्यो डाब धुनी खेल सिँचाइ आयोजना भनेको भए पनि सुहाउँथ्यो । त्यहाँ कहाँबाट पानी ल्याएर सिँचाइ गर्ने हो वर्षामा पानी जम्मा गरेर गर्नु हुन्छ कि सुर्खेतबाट सिधै ढल जोडिदिनुहुन्छ । अन्तबाट देख्दैन नियमित ढलबाटै जाला त्यो पानी त्यसरी यस्ता खालका योजनाहरू ल्याउने प्रवृति छ । मुख्यमन्त्रीले जवाफ दिँदा भन्नुहोला यो होइन झुटो हो । मुख्यमन्त्री रोजगार कस्तो भएको छ भने अहिले मुख्यमन्त्री रोजगार नभएर कार्यकर्ता खोजगार कार्यक्रम भएको छ । त्यसैले यसमा सच्याउन आवश्यक छ जुन सभामुखको अध्यक्षतामा बसेको सहमति भएको छ । त्योअनुसार जानुपर्छ र कार्यविधि तुरुन्तै सच्याउनुपर्छ र यसलाई हुबहु लागु गर्नुपर्छ । नेकपा एमालेले आफ्नो स्वार्थका लागि गरेको होइन समग्र जनताको स्वार्थको लागि हो र रोजगारी पाउने लावग्राहीको लागि हो । त्यसैले म योजना कार्यान्वयनको विषयमा केही कुरा राख्न चाहन्छु । कार्यान्वयन केही दिन लाग्यो कुण्डपिण्ड केही दिन लाग्या चङ्ख्या ढुङ्गा भन्ने आहान सुन्नु भएको छ मन्त्रीज्यू यो कति गाह्रो छ जस्तै केही यहाँबाट बजेट बनाउनै गाह्रो यो विधिअनुसार बजेट नै आउँदैन यहाँ संसद्मै ढिलो हुन्छ केही त्यहाँ गएर कार्यालयमै ढिलो हुन्छ त्यहाँ गएर कार्यालयमा जाँदा पनि एउटा उपभोक्तालाई सामान्य रूपमा काम गर्ने उपभोक्तालाई त्यहाँ सहज रूपमा काम गर्ने वातावरण छैन । पेश्की दिईदैन् योजना फर्योट भए पछि मात्रै पेश्की दिइन्छ अनि उनीहरूले कहाँबाट ल्याएर गर्छन् ब्याज काट्छन् ५ प्रतिशतले अनि तिर्छन् । कति असहज छ अर्को कार्यालयबाट दिएका योजनाहरू मन्त्रालयमा यहाँ गलत टाईप गरिन्छ, एउटा दृष्टान्त म भन्न चाहन्छु छेडागाड नगरपालिका वडा नम्बर १ को लक्टीखोला पक्की पुल भन्नेमा मैले लगातार ती वर्ष भयो यो कुरा उठाउन लागेको लुमा पक्की पुल छ त्यहाँ लुमा भन्ने पक्की पुल काँ हो मलाई जवाफ दिनुस् । मैले मेरो लेटरप्याडमा कति पटक सच्याएर दिएका छौं यो मुख्यमन्त्री कार्यालयमा गत वर्ष छलफल हुँदा पनि मैले आफैंले प्रस्ट भनेको थिए अहिले पनि पूर्वाधार कार्यालयमा जुनेचाँदे पाँच रातीखालि सडक निर्माणमा खालि खालि सडक निर्माण यो खालि खालि यथार्त भन्यो सरकारले त्यो योजना पठाइदैन त्यो खालि रहन्छ । आफ्नो इन्ट्रेसका योजना मात्र पठाइन्छ । त्यसैले खालि खालि लेखेको होला । त्यो ठिकै हो जानेरै गरेको हो यी प्रवृतिहरूलाई सच्याउनुपर्छ । कार्यविधि म एउटा महिला आय आर्जनको कुरामा पोहोर साल सरकारले सुरू गऱ्यो सामान्य महिलाहरूले एउटा किसिमको रोजगारी पावस भनी सुरू गरियो अबश्य पनि अत्यसको कार्यान्वयन विधि अप्ठ्यारो थियो र असुलउपरको विधि पनि गाह्रो थियो र असुलउपर गर्न प्रस्ट नीति थिएन । त्यो कार्यविधि सच्याउनुपर्थ्यो । अहिले त्यो शीर्षक नै हटाइयो, कति निश्पक्ष कर्णाली प्रदेश सरकार महिलाको विषयमा कति राम्रो सोच्दो रहेछ कार्यक्रम ल्याउने बित्तिकै हटाउने केही महिलाहरूले आफ्नो रोजगार गरेर खाएका

छन् सबैले सात प्रतिशत नगरेका होलान् त्यो कार्यक्रमलाई हटाइदिने, यस्ता कार्यक्रमलाइ हटाउनु हुन्न यी कार्यविधिहरू पनि तुरुन्तै सच्याउनुपर्छ पचास पटक गलत योजनाहरू टाईप गर्ने प्रवृतिलाई हटाएर तुरुन्तै योजनाहरू सच्याएर पठाउनुपर्छ र तुरुन्तै कार्यान्वयन हुनुपर्छ । अझै पनि साँच्चिकै कर्णालीको विकास गर्न खोजिएको हो भने कर्णालीमा पाँच वर्षमा आफ्नो उत्पदन हुने के हो, आफ्नो आय आर्जनको स्रोत के हो ती योजनाहरूमा विशेष ध्यान दिनुपर्छ ।

अन्तमा यो भाषण गर्ने रोष्टमबाट एक र सिस्टमबाट एक गर्ने तरिका छ मन्त्रालयको यो तरिकालाई तुरुन्त अन्त्य गरिनुपर्छ, सहज रूपमा कर्णालीका जनताले आफ्नो करबाट पाएको रकमको सहज रूपमा कार्यान्वयन गर्न पाउनुपर्छ । र मन्त्रीज्यूले एउटा कुरा याद गरेर राख्नुस् यहाँबाट जति रेडिमेट जवाफ दिनुभएको छ त्यो होइन तपाईंहरूलाई कुनै एउटा मन्त्रालयको नाम भन्न चाहन्नँ । मन्त्रीलाई नै चिन्दैन थिए उहाँ सांसद सायद नभएको होला फोन गरेर सोध्ने मान्छे कुन अबस्थामा हुन्छ सोध्ने अनि त्यसको कार्यान्वयन गर्ने के लेटरप्याड मेरो के व्यबारिसे कागज हो त्यो तपाईंलाई त्यत्ति पनि याद आएन् त्यसैले यस्ता व्यवारिसे बनाउने कुनै पनि सम्झौताहरू कुनै पनि माननीयको लेटरप्याडलाई वेवारिसे बनाउने पहुँचका आधारमा योजना दिने जस्तै एउटा नीतिबाट, एउटा विधिबाट नभएर एउटा पहुँचका आधारबाट योजनाहरू वितरण भएका छन् कार्यक्रमहरू वितरण भएका छत् । यसलाई माननीय मुख्यमन्त्रीज्यूले तुरुन्तै यो प्रवृत्तिको अन्त्य गरेर दलको सम्झौता एउटा नीति, विधिमा टेकेछ भन्ने कुराको प्रतिनिधिमुलक, उत्तरदायी मुलक संस्था भएकोले पछिल्ला आउने प्रतिनिधिहरू प्नि त्यो कुराको अनुभूति हुनेगरी यो सरकारले बजेट कार्यान्वयन गरोस् र एउटा विनियोजनको तरिका वनावस् भन्दै मेरो भनाइ टुङ्गाउँछु धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री दानसिंह परियार, समय सात मिनेट, त्यसपछि माननीय श्री दल रावल तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री दानसिंह परियारः-** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७९/०८० को मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग र मुख्यन्यायाधिवक्ता कार्यालयको वार्षिक बजेट माथि आफ्नो धारणा राख्नको लागि म यहाँ उपस्थित छु । र मैले प्रथमतः समृद्ध कर्णाली सुखारी कर्णालीवासीको जून ध्ययका साथ सुरूदेखि कर्णाली प्रदेशको पाँच बर्षेनीति तथा कार्यक्रम र बजेट सुरूवात गरियो । हामी हाम्रो कार्याकालयको अन्तिम नीति तथा कार्यक्रम बजेट माथि छलफल गरिरहेका छौं । र यहाँ धेरै कुराहरू उठ्यो यहाँ धेरै मन्त्रीज्यूहरूले यहाँ उत्तर दिनुभयो धेरै खाले उत्तर आए पहिलो कुरा म यहाँ भन्छु नामै इन्डिकेट गरेर जसरी तपाईंले सांसदहरूको उत्तर दिनुभयो त्यो आफैंमा एउटा लज्जाबोध छ । त्यो काहीं पनि त्यस्तो अहिलेसम्म सुनेको छैन मैले एक, दोस्रो कुरा तपाईंहरूले सुखारी कर्णालीवासी समृद्ध कर्णाली भनेर नारा गर्ने, सुरूको सरकारको प्रमुख उद्देश्यमा त्यो नारा हुन्छ त्यसपछि बजेट छलफलको तेस्रो

चरणमा आउँदा एउटा निर्वाचन क्षेत्रमा जिरो पैसा नराख्दा पनि त्यसको कुनै उत्तर छैन यहाँ यसको उत्तर के हो तपाईंहरूले उत्तर सुनि सक्नुभयो नी यहाँ टोटल मन्त्रालय भरि २० लाखका योजना भएका मन्त्रालय हामी सँगै छन् । एउटा मन्त्रालयमा दुईवटा योजना माग्ने दुइटै योजना नदिने चाहिँ मन्त्रीहरू पनि यहाँ छन् । सबै ठाउँमा सिँचाइपऱ्यो फलानो माननीयकोमा हाल्न सकेन है भन्ने मन्त्री पनि यहाँ छन् । सुन्दा पनि लाज लाग्छ कि टिठ लाग्छ तपाईंहरूको दया लागेर आउँछ सायद यो अन्तराष्ट्रिय स्तरका मान्छेले पनि हेर्छन होला कर्णालीको संसद्मा के छलफल हुन्छ कर्णालीका सांसद र सरकारका प्रतिनिधिको हैसियत के हो तीतिहरूको योग्यता क्षमता के हो त्यसको उत्तर एक पटक हामीले दिनुपर्छ । जनताको जनप्रतिनिधि, संसद्मा जनताको आवाज, योग्यता देखाउने थलो हो यो उत्तर सुन्दा लज्जाबोध हुन्छ सम्धीलाई योजना दियौं भन्छन् फलानो पार्टीकोले बोलायो त्यहाँ योजना दियौं भन्छन् यो तपाईंहरूको घरभित्र गरिएको कुरा हो यो ? तपाईंहरूको अभिव्यक्तीले सिंगो कर्णालीको सिर तल हुँदैछ यो कुरा पहिला आफ्नो पदिय मर्यादालाई ध्यान दिऔं, अर्को कुरा योजना छनोट कसरी गरिन्छ पाँच वर्षको कार्यकालमा योजना छनोटको कुनै मापदण्ड छैन अनि हामीले कसरी कुन क्षेत्रमा लगानी गर्ने कुन क्षेत्रमा कर्णालीको समृद्धि खोजिएको हो हामीले योजना छनोटको कुनै मापदण्ड छैन । तल कार्यालय प्रमुखलाई आफ्नो इच्छाअनुसार योजना पठाइदिएको छ आफ्नो पार्टीका मान्छेबाट योजना मागिराखेका छन् जो जो दलाल छन् उनीहरूबाट योजना मागिरहेका छन् जहाँ जहाँ कमीसन पाइन्छ त्यहीं योजना दिइराखेका छन् । भएको यथार्त यही हो । यो तरिकाले सम्भव छ मैले हरेक वर्ष कर्णाली प्रदेश नीति तथा कार्यक्रममा दुई ओटा कुरा उठाएको थिए मैले । पहिलो कुरा हाम्रो कार्यकालमा कमसेकम पाँच वर्षको कार्यकालमा चार,पाँच ओटा गौरवका आयोजना सम्पन्न गरौं हामीले ताकी हामी घर हाम्रो निर्वाचन क्षेत्रमा फर्कीदा वा कर्णालीका आम मानिसमा एउटा जनप्रतिनिधिको हैसियतले उत्तर दिँदै गर्दा हामीले हाम्रो कार्यकालमा यी पाँच ओटा काम गऱ्यौं भन्थ्यो तर एउटा पनि काम छैन । न हामीले प्रदेश गौरवका आयोजना तय गर्न सक्यौं जसको लगानीबाट प्रदेश पुँजीको विकास गर्न सकियोस् । प्रदेश पुँजीको विकासबाट कर्णालीका आधारभूत गरिब, निमुखा र शैक्षिक, आर्थिक, सामाजिक क्षेत्रमा केही लगानी गर्ने किसिमको प्रदेश पुँजीको विकास गर्ने हामीसँग कुनै प्लान भएन । पहिलो कुरा हामीले प्रदेश गौरवको आयोजना हामीले तय गर्न सकेनौं । दोस्रो कुरा मैले जहिले पनि भनेको थिए बजेट सन्तुलन यही हो त कुनै निर्वाचन क्षेत्रमा जिरो नभए पनि पास हुने हो बजेट वितरणको मापदण्ड के हो, हामी पलान बनाऔंदा कुन इन्डिकेटरलाई टेकेर हामी पलान बनाऔंछौं कुन सूचकलाई टेकेर शिक्षामा सबैभन्दा पछाडि परेको जिल्ला काँ हो, त्यसलाई हामीले प्राथमिकता गर्ने कि नगर्ने, आर्थिक स्तरमा सबैभन्दा पछाडि परेको जाति के हो क्षेत्र काँ हो त्यसलाई हामीले प्राथमिकता दिने कि नदिने, स्वास्थ्यमा सबैभन्दा तल परेको क्षेत्र काँ हो यसलाई बेस बनाएर हामीले पलान

बनाउन सक्दैनौं भने त्यो बजेटको दुरूपयोग हो नी यसको उत्तर कसले दिने हो त्यसो भएकाले म यो कुरा राख्न चाहन्छु र अर्को कुरा यहाँ हेरे मैले यहाँ यति मात्र पनि हामीसँग ज्ञान छैन कि रूपडियाबाट कति करोडको आलु आउँछ कर्णालीमा त्यो हामीसँग थाहा छैन चाइनाबाट कति करोडका ओखर आउँछन् नेपालमा, कति करोडका स्याउ आउँछन् त्यसलाई विस्थापित गर्ने हाम्रो योजना के हो ? शिक्षा र स्वास्थ्यमा पूरै दलालीकरण छ आज निजी विद्यालयहरू करडौं कमाइराखेका छन् सरकारी विद्यालयहरू निरउत्तसाहित भइरहेका छन् त्यो सरकारी शिक्षालाई प्राथमिकता गर्ने हाम्रो योजना के छ ? जलस्रोतको कुरा गरौं मैले योजना आयोगको किताबमा हेरे योजना आयोगका सदस्यको हैसियत यतिसम्म रहेछ कि नेपालमा ८४ हजार किलोवाट विद्युतको क्षमता छ योजना आयोगको किताबमा ८४ हजार माध्ये कर्णालीमा मात्रै २३ हजार विद्युतको क्षमता छ तर योजना आयोगको किताबमा १८ सय मेघावट क्षमता छ भनेर लेखिएको छ यस्ता मान्छे त योजना आयोगमा छन् जो कि कर्णालीको सम्भावना देख्ने क्षमता नै पुग्दैन् । त्यस्ता मान्छेको नेतृत्वमा छौं हामी त्यसो भएकाले मैले आज भन्नै पर्छ सभामुख महोदय, मैले हरे वर्ष कर्णालीको समृद्धि गर्ने हो भने पाँच ओटा कुरामा प्राथमिकता दिऔं भन्दै राख्दै आएको थिए । यो कार्यकालको अन्तिम बजेट, नीति तथा कार्यक्रम भएको कारणले गर्दा कर्णालीका जनताले फेरि एक पटक प्रश्न गर्ने भएकाले ती पाँच ओटा कुरा एक पटक फेरि भन्न चाहन्छु । पहिलो कुरा मैले भनेको थिए यदि साँच्चिकै कर्णालीमा समृद्धि गर्ने हो भने कर्णालीको पहिलो सम्भावना विद्युत् हो, त्यसमा राज्यको ५० प्रतिशत ५० प्रतिशत जनताको सेयरबाट कर्णालीमा विद्युत् उत्पादन गरौं र प्रत्येक घरललाई सेयर दिइसकेपछि त्यसको बेनिफिटचाहिँ कर्णालीका प्रत्येक घरले प्राप्त गर्ने स्थिति गरौं कर्णालीको पहिलो सम्भावना विद्युतबाट छ मैले भनेको थिए त्यो सम्भावना भएन तपाईंको। दोस्रो कुरा मैले भनेको थिए साँच्चिकै कर्णालीका बेरोजगारहरूलाई रोजगारी दिने हो अथवा उत्पादनसँग जोड्ने हो भने एक गाउँपालिका एक उद्योग गरौं, त्यसमा ५० प्रतिशत जनताको लगानी र ५० प्रतिशत राज्यको लगानी गरौं र लाखौं युवालाई रोजगारी दिन सकिन्छ दोस्रो कुरा मैले यो भनेको थिए । तेस्रो कुरा साँच्चिकै कर्णालीमा चाहिने जनशक्ति बनाउने हो भने प्राविधिक शिक्षामा कर्णालीमा डाक्टर, पाइलट, इन्जिनियर, कृषि, जडीबुटी विज्ञ, पर्यटन विज्ञहरू कर्णाली प्रदेश सरकारकोतर्फबाट राज्यकोतर्फबाट लगानी गरौं र कर्णालीमा चाहिने जनशक्ति कर्णालीमै निर्माण गरौं र त्यसको लागि प्राविधिक शिक्षामा सरकारले योगदान दियोस् तेस्रो कुरा मैले यो भनेको थिए । चौथो कुरा यदि कर्णालीमा साँच्चिकै कृषिक्रान्ति गर्ने हो भने साँच्चिकै काम गरी खाने कृर्षकलाई उत्पादनसँग जोड्ने हो भने उत्पादन र ढुवानीमा विशेष अनुदानको कार्यक्रम ल्याऔं चौथो कुरा त्यो भनेको थिए मैले । पाँचौं कर्णाली भनेको पर्यटनको ठूलो सम्भावना बोकेको क्षेत्र हो पाँच वर्षको कार्यकालमा हामीले एउटा पनि पर्यटकीय क्षेत्र बनाउन सकेनौं आज चाइनामा सिसाको दुईकिलोमिटरको एउटा पुल बनाएका

कारण विश्वका पर्यटकहरू आज चाइनामा गइराखेका छन् मैले भनेको थिए विश्वको गन्तव्य कर्णाली कर्णालीको गन्तव्य एक पटक रारा बनाऔं राराको आधारभूत पर्यटकीय सम्भावनाको पूर्वाधार निर्माण गरौं रारा पर्यटन पूर्वाधारको विकास गरौं र विश्वका मान्छेहरू एक पटक कर्णाली र कर्णाली हुँदै रारा लियौं भनेको थिए यी सबै कुरा नभएको कारणले गर्दा यो कुराको प्रश्न उठ्यो उठ्यो सभामुख महोदय, त्यसो भएकाले अब हामीले एक पटक यदि हामीले यही तरिकाले नीति तथा कार्यक्रम छनोट गर्ने हो यही तरिकाले सरकारका स्रोत साधनको व्यवास्था गर्ने हो भने सिङ्गो व्यवस्था माथि नै प्रश्न उठ्ने वाला छ । आम नागरिकले व्यवस्था माथि प्रश्न गर्ने स्थिति छ । त्यस कारणले एक पटक हामी कहाँ पुग्दैछौं हाम्रो गन्तव्य के हो आज हामीले गरीरहेको कुरा के हो र आगामी कर्णालीको समृद्धि र परिवर्तन कहाँबाट हुन सक्छ भन्ने कुरा एक पटक निर्मम तरिकाले सोचेनौं भने सभामुख महोदय, फेरि कर्णालीमा हामी जहाँ छौं त्यहीं रहनेछौं र कर्णालीभित्र खोजेको समृद्धि र परिवर्तन हामीले गर्न सक्नेछैनौं यसको बारेमा सरकारले एक पटक गम्भीर रूपमा सोचोस र मनन गरोस् भन्ने भनाइ राख्दै मेरो भनाइ यही राख्दछु धन्यवाद, लाल सलाम ।

**माननीय सभामुखः-** माननीय श्री दल रावल, यसपछि पद्मा खड्का तयारी अबस्थामा रहनुहोला ।

माननीय श्री दल रावलः- माननीय सभामुख महोदय, आवश्यक समयको लागि धन्यवाद छ । सरकारका प्रमुखकै कार्यालय र त्यो सम्बद्ध निकायको कार्यालयहरूको हामी छलफलमा छौं विशेष गरी यसले ठूलो महत्त्व राख्छ वास्तवमा प्रदेशको सुशासन, प्रदेशको विकास, प्रदेशको भिजन तय गर्ने कुरामा, प्लानिङ गर्ने कुरामा ठूलो यसले महत्त्व राख्ने हुनाले यसमा हामीले अलिकति इनर्जी खर्च गर्नैं पर्छ जस्तो लाग्छ । सर्वप्रथम मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय मुख्यमन्त्रीज्यूले मानविय विकास र एउटा भौतिक विकाससँग सम्वद्ध पछिल्लो आउने सरकारलाई इनोभेटिभ हुने ढङ्गको बढी होइन दुईवटा योजना ल्याउन हुन्छ कि प्रमुख सचिव पनि अलिकति अनुभवि नै ज्ञान भएको मुख्यमन्त्रीज्यू पनि गरौं भन्दै गर्नु भएकाले ल्याउनुहुन्छ कि भन्ने थियो खासै त्यो परम्परागत ढङ्गकै तालिम, कोडिनेसन यस्तै यस्तै आएको पाइयो । त्यसमा मैले खासै नयाँ भेटाइएन् त्यसमा खासै मैले कम्पिलिमेन्ट गर्नुपर्छ भन्ने मलाई लाग्दैन् । अब त्यहाँभित्र पिएलजी स्पिड छ त्यो आफ्नो कम्पोनेन्ट छ ठिकै छ । तर मुख्यमन्त्री कार्यालय हाम्रो प्रदेशको संचयकोषबाट खर्च हुने पैसाहरूमा अलिकति नराखेपनि हुँदो हो भन्ने दुईवटा एक्टिभिटि मलाई फिल भयो वास्तवमा हुनत यहाँहरूलाई वास्तविक लागेर नै राख्नुभयो होला । मुख्यमन्त्री कार्यालयको अल ओभर एउटा छात्रा मन्त्रालय भएको कारणले पनि यी सानातिना नागरिक शिक्षा कार्यक्रम, यो नागरिक शिक्षा कार्यक्रम सामाजिक विकास मन्त्रालयले गरे भइगो । मुख्यमन्त्री कार्यालयले गर्नुपर्छ मलाई लाग्दैन् । अथवा मानवस्रोत विकास केन्द्रले गरे भइगो । अब यो राखिएको मैले पाँए

बजेट थोरै छ तर त्यो स्याम्बोलिक रूपमा नगर्दा पनि हुन्थ्यो मलाई त्यो लागेको हो । त्यसपछि हुन त यो प्रिन्ट मिस्टेक पनि हुन सक्छ मलाई त्यस्तो लाग्यो यो सामाजिक सल्लाहकार पनि अहिले मुख्यमन्त्रीज्यूले राख्नु भएको रहेछ । पहिला आर्थिक, राजनीतिक, सल्लाहकार, अर्को समन्वय सल्लाहकार राख्नु भएको थियो अहिले सामाजिक सल्लाहकार पनि राख्नु भएको रहेछ । समाजलाई आफैं सल्लाह दिने मुख्यमन्त्रीज्यू हुनुहुन्छ पोलिटिकल मान्छे भनेको सामाजिक सल्लाहकार नै हो । अर्को एडभाइजर चाँइदैन थ्यो जस्तो लाग्छ तर पनि राखिहाल्नु भएन त्यसको मासिक घरभाडा २ लाख ४० हजार छ । सम्भवत त्यो सबै गरीकन राख्न खोज्नु भएको हो कि जस्तो लाग्छ तर मासिक भन्ने छ त्यहाँ मेरो विचारमा प्रिन्ट मिस्टेक हुनुपर्छ है त्यो तर पनि बाहिर बुझ्दा खेरि डकुमेन्टमा त मासिक २ लाख ४० हजार तिर्ने सामाजिक विकास विज्ञ कतै अमेरिका, युरोपबाट ल्याएर अलि विज्ञ नै राखिहाल्यौं कि डलरमै पे गरौं कि भन्ने लाग्यो मलाई यो के हो । त्यसपछि कार्यालयका मसलन्द खर्चहरू थुप्रै छुट्टाछुट्टै एक्टिभिटिजमा राखेकै छन् । कम्प्यूटर, प्रिन्टर, अर्का के के सबै किन्ने भनेर राखिएकै छ । तर एकमुष्ट कार्यालय मसलन्द खर्च भनेर ३५ लाख छुट्टै राखिएको छ । किनभने सुशासन प्रवर्धन गर्ने मन्त्रालयले आफैं फेरि यस्ता साना तिना एक्टिभिटिहरू बढी सामारण खर्चलाई बढी प्रेरित गर्ने खालका कार्यक्रम राख्यौं भने अरू मन्त्रालयले सिक्छन् । त्यो पनि मलाई अलिकति अप्ठ्यारो लाग्यो बढी नै लाग्यो, यसमा के हो, त्यसपछि अनुसन्धान र विकास भनेको छ रिसर्च एण्ड डेभ्लोमेन्ट अस्ति नीतिमा पनि आएकै थियो तर यसको पनि संस्था होला मेरो विचारमा मुख्यमन्त्री कार्यालय र यहाँको युनिभरसिटि मध्यपश्चिम विश्वविद्यालय छ उसले गर्न सक्छ तर मुख्यमन्त्री कार्यालयले अनुसन्धान गर्ने निकाय हो कि होइन गर्न सक्छ कि सक्दैन हो हाम्रो छिमेकी देश चिनले आफ्नै जिडिपिको आठ प्रतिशत रिसर्चमा खर्च गर्छ हाम्रो छिमेकी देश भारतले चार प्रतिशत खर्च गर्छ । अमेरिकाले दश प्रतिशत खर्च गर्छ रिसर्चमा उनीहरूले ठूला ठूला नयाँ आविस्कारको लागि रिसर्च गर्छन्। त्यो गर्नुपर्छ सरकारले तर त्यो गर्ने कार्यालय मुख्यमन्त्री कार्यालय हो कि होइन विश्वविद्याललाई दिएको भए भइहाल्थ्यो नी रिसर्च गर्ने त विश्वविद्यालयहरू हुन् विश्वविद्यालयलाई ढुङ्गा हान्न सिकाउँछौं हामी हामी यहाँ अनुसन्धान गर्न थाल्यौं भने राजनीति कसले गर्छ प्रशासन कसले चलाउँछ । यो चाहिँ अलि मिलेको लागेन मलाई मुख्यमन्त्रीज्यू यो कसरी हो । त्यसपछि मुख्यमन्त्री रोजगार कार्यक्रमका प्रशासनिक खर्च एक करोड साढे सोह्र लाख छ । त्यो विभिन्न शीर्षकमा व्यवस्थित गरेको छ अनि अर्को आठ करोड छुट्टै के हो त्यो मुख्यमन्त्रीज्यूको आफ्नो छुट्टै विशेष कोष हो कि के हो त्यो किनभने अस्ति एक अर्ब कतिको त ल्याइसक्यौं नी छुट्टै एक्टिभिटिहरू छन् त्यो फिर्ता लिने त भइहाल्यो तर आठ करोड रुपैयाँ छुट्टै मुख्यन्त्री रोजागर कार्यक्रम भनेर अरू छुट्टै एक्टिभिटिहरू एक करोड साढे सोह्र लाखका छन् । त्यो अलिकति स्पष्ट भएन ठिकै छ प्रशासन खर्च प्रवर्धन खर्च लाग्ला त्यसमा मेरो कम्पिलेन छैन तर अर्को आठ करोड छुट्टै

छ त्यो के हो । यस्तै अर्को पिएलजिएसपि (प्रोभेन्सिएल लोक्कल गभरमेन्ट सर्पोट प्रोगराम) हो त्यो यसले लोकललाई त अलिकति गर्न खोजेको जस्तो लाग्यो तालिम, सेमिनार, गोष्टी, अन्तरक्रिया तलमाथि समन्वय के के धेरै छन् तर प्रदेशका सांसदहरू प्रदेशका काम गर्ने कर्मचारी जस्तो मलाई के अनुभव छ भने प्रदेशमा आउने सचिव ज्यूहरू पनि उहाँचाहिँ प्रशासन चलाएको शासन नचलाएका मान्छेहरू धेरै आउँछन् । नयाँ छन् धेरै यो त शासन चलाउने कुरा हो नी मन्त्रालयमा प्रास्ताव कसरी तयार गर्नुपर्छ मन्त्रीसँग डिल के गर्नुपर्छ मन्त्रालयमा फाइल सिस्टम कसरी गर्नुपर्छ, टिप्पणी कसरी उठाउनुपर्छ यो प्रशासकीय कामहरू कतिपयले गरेका छन् कतिपय सिडियो भएका साथीहरू सचिव हुनुहुन्छ नी भनेपछि प्रशासन चलाएका, शासन चलाएका मान्छेलाई कर्मचारीका पनि क्यापासिटि एनाउन्समेन्ट गर्नुपर्ने हुन्छ । त्यस्तो प्रदेशका बारेमा त्यति बोलेको छैन त्यो दश लाख, पन्ध्र लाखका दुई, तीन ओटा कार्यक्रम बाहेक प्रदेशको संसद् प्रदेशको गरिमामय संसद्का सदस्यहरू, यहाँ कार्यरत कर्मचारीहरू र प्रदेश सरकारका कर्मचारी, सचिवज्यू, प्रमुख सचिवज्यूहरूको पनि क्षमता विकासको लागि त्यति खर्च गर्ने उसले पनि मनसाय गरे जस्तो लागेन् । सङ्घीयताको सबैभन्दा उदाहरण भनेको प्रदेश सरकार हुन् । प्रदेशका मेकानिजम हुन् यदि हामी सङ्घीयता राख्ने हो यसलाई प्रवर्धन गर्ने हो भने तर त्यो पिएलजीएसपि भन्ने मल्टि डोनर सपोर्ट प्रोजेक्ट हो त्यो । हुन त त्यो सरकारकै भए पनि त्यसले अलि मन खोलेर सर्पोट गर्न खोजेको जस्तो मलाई लागेन। त्यसमा पनि प्रमुख सचिवज्यू यहाँ हुनुहुन्छ, मुख्यमन्त्रीज्यू हुनुहुन्छ । यो ध्यान दिनका लागि म आग्रह गर्न चाहन्छु । मुख्यन्यायाधिवक्ताको कार्यालयमा त खासै केही भन्नु छैन त्यहाँ पनि एउटा एक्टिभिटि मिलेको जस्तो मलाई लागेन् । यो समुदायसँग मुख्यन्यायाधिवक्ता ठिक छ समुदायसँग मुख्यमन्त्री ठिक छ समुदायसँग प्रधानमन्त्री ठिक छ । किनभने पब्लिक मान्छे हुन् जनताबाट आएमा मानिसहरू जनतासँगभन्दा ठिकै होला अब न्यायाधिवक्ता पनि समाजसँगै जाने हो भने कानूनका काम सरकारलाई सल्लाह दिने काम कसले गर्ने होला । अब यो सिक्न थाल्यौं के हामीहरू हुने नहुने कुरा पैसा थोरै छ पाँच लाख छ । तर पनि त्यो मेरो विचारमा आवश्यक छ जस्तो मलाई लाग्दैन्। घुम्नको लागि उहाँको टिएडिए छँदै छ हुम्ला गएर जनतासँग भेटघाट गरेर आए भइगो नी किन फेरि पैसा खर्च गर्नुपर्‍यो । होइन भने सरकारलाई कानून सल्लाह दिने काम हो भने उहाँले त्यो गरेर बस्दा ठिक हुन्छ । अब यस्ता यस्ता एक्टिभिटिहरू मलाई ठिक नलागेर मैले त्यो सुझाव दिएको हो । अब प्रदेश लोकसेवा आयोग यो प्रर्खरै जन्मेको छ यसको आफ्नै काम छ आफ्नो टिओआर छ । राम्रो गरौं, निष्पक्ष गरौं, स्वतन्त्र गरौं विश्वसनीय बनाऔं, यसलाई छिटो छरितो एकदमै न्यायिक ढङ्गले गर्ने, राम्रो संस्थाको रूपमा विकास गरौं त्यति हो यसमा मेरो भन्नु केही छैन ।

योजना आयोग भनेको एउटा थिङ ट्याङ्क एकदमै एक्पोर्ट डेभ्लोमेन्टको पलानहरू तयार गर्न सक्ने त्यो सरकारलाई एडभाइस दिन सक्ने कर्णालीको भिजन जुन हामीले तय

गरेका छौं त्यसलाई ईम्पिलिमेन्ट गर्न सक्ने त्यस्ता खालका म्यानपावरहरू ल्याएर कर्णाली प्रदेश योजना अयोग बनाइयोस् । हुन त सत्ता पक्षकै एक जना माननीयज्यूले भनिसक्नु भएको छ । तपाईंहरूको कुरा नमिलेको रहेछ, असन्तुष्टी रहेछ, समन्वय रहेनछ बनाउन खोज्नु भएको रहेनछ थाहा त भइगो । मुख्यमन्त्रीज्यूलाई न्यो समस्या भएको होला । पछि एमालेकै सरकार आए पनि बनाऔंला ठिकै छ । होइन भने बनाऔंदा राम्रै हुन्छ किनभने सरकारलाई ब्याकिङ गर्छ त्यसले, सरकारको पलानिङमा सहयोग गर्छ हैन त्यो गर्दा हुन्थ्यो किन गर्नु भएन त्यो प्रश्न यहाँहरूकै लागि उनउत्तरित छ जस्तो मलाई लाग्छ । यी कुराहरू राख्दै यी सबै कुराहरूका लागि अहिले माननीय मुख्यमन्त्रीज्यूले जवाफ दिनु नै हुनेछ । मैले सुझावको रूपमा भनेको छु, यसलाई मेरो विचारमा अन्यथा छैन जस्तो लाग्छ । अन्य मन्त्रालयको पनि मुख्य मन्त्रालय भएको नाताले, त्यहाँ साना तिना एक्टिभिटिहरू राख्नुभन्दा अलिकति शुसासित हुन ढङ्गका एक्टिभिटि राख्दा राम्रो हुन्छ अरू मन्त्रालयलाई पनि गाईड गर्ने खालका एक्टिभिटि राख्दा राम्रो हुन्छ भन्ने मेरो सुझाव हो । धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री पद्मा खड्का, यसपछि माननीय खड्गबहादुर खत्री तयारी अबस्थामा रहनु होला ।

**माननीय श्री पद्मा खड्काः-** माननीय सभामुख महोदय, सभामुखमार्फत सर्वप्रथम मैले विषयगत कुरा गर्नुभन्दा अगाडि सम्मानित यो सभामा मन्त्रालयगत बजेटको विषयमा उठाइएका कुरा जवाफ दिनुपर्नेमा जुन मन्त्रीज्यूले प्रदेशसभामा सभा चलिरहँदा बजेट वक्तव्य एक गते नै हामीले सुनिसकेको अबस्था हो । बजेटका अङ्क र बजेटका वक्तव्य सुनाउने गरी र सभामुखले ध्यानाकर्षण गराउनेसम्मको जवाफ दिंदा हामी कर्णाली साँच्चिकै कहाँनिर छौं र सूचनाको हकले विश्व जगतले पनि हाम्रा क्रियाकलापहरू हेरीरहँदा साँच्चिकै कर्णाली कस्तो रहेछ भन्ने कुरा मूल्याङ्कन पनि गरेको कुराको महसुस मैले यहाँ आफैं बस्दा बस्दै पनि गरे । यसका लागि सम्बन्धित मन्त्रालयका सचिव ज्यूहरू स्वयम् मन्त्रीज्यूले बुझ्नु नै हुनेछ र जान्नु नै हुनेछ भन्ने कुरा सव्रप्रथम म राख्न चाहन्छु ।

सभामुख महोदय, विशेष गरी आज कर्णाली प्रदेशमा सात ओटा मन्त्रालय सञ्चालनमा आए पनि भागवन्डाका आधारमा दलीय स्वार्थमा फेरि आठ ओटा मन्त्रालय बनाई आठ ओटा मन्त्रालयमा जुन मन्त्रालयको सबैभन्दा मुख्य जिम्मेवारी मुख्यमन्त्री कार्यालयको नै हुनेछ र हुनुपनि पर्छ । मुख्यमन्त्री कार्यालयले मातहतका मन्त्रालयले के के गरिरहेका छन् कसरी बजेटलाई कार्यान्वयन गरिरहेका छन् दश वटै जिल्लाका सरकारी संयन्त्रहरू कसरी चलाएमान छन् भन्ने कुरा मुख्य सचिव मुख्यमन्त्री कार्यालयले हेर्नुपर्ने हुन्छ होला त्यसको प्रगति विवरण लिनुपर्छ होला । तर आज मैले यहाँ धेरै कुरा भन्दै गर्दा पूर्ववक्ता माननीयज्यूले ती कुरा उठिसक्नु भएको छ मैले ती विषयलाई नदोहोर्याइकन फरक कुरा मात्रै के राख्न चाहन्छुभन्दा आज मुख्यमन्त्री कार्यालयबाट

अरू मन्त्रालय जस्तै कार्यक्रमहरू योजनाहरू बाँडफाँड गर्ने हो भने अन्य मन्त्रालयमा फेरि पनि जिम्मेवारी कामकाजको हिसाबले बजेट किन बाँडफाँड गर्नुपर्‍यो यो एउटा प्रश्न छ । र त्यसैगरी मैले के भन्न चाहन्छु भने सरकारको प्रमुखलाई जोड्दा आज त्यो कार्यक्रम राम्रो हुन्छ त्यो कार्यक्रमले दिर्घकालीन रूपमा आम नागरिकलाई फाइदा हुन्छ भन्ने महान उद्देश्यका साथ त्यो कार्यक्रम राखिएको होला आज त्यो कार्यक्रमको प्रगति समीक्षा एक पटक तल्लो स्तरबाट लिनु भएको छ कि छैन के छ त्यसको समीक्षा सरकारसँग र अर्को कुरा दलित आय आर्जनको कुरा पनि जोडिएरै आएको कुरा हो । र त्यो कार्यक्रम कहींले आएर सम्पन्न भयो भन्ने कुरा जोड्दा टाढाको जिल्लाको कुरा मलाई त्यति अनुभव छैन सुर्खेत र दैलेखको कुरा हेर्दा चार ओटा निर्वाचन क्षेत्र चार चार करोड बजेट हुँदा आज एउटा निर्देशनालयले एक जना कार्यालयको प्रमखले जहाँ स्थाईकर्मचारी नहुँदा आज सरकारले त्यतातिर ध्यान नदिँदा आज कर्णालीको ओएनएम संख्या कति होभन्दा ख्याल गर्न नसक्दा आज दिन प्रतिदिन मनलाग्दी रूपमा प्रत्येक योजनामा कर्मचारी भर्ती केन्द्र कर्मचारी राख्ने एउटा थलोको रूपमा हाम्रा कार्यक्रम विकास भएका छन् । यतातिर मुख्यमन्त्री कार्यालयको ध्यान जान पर्छ कि पर्दैन प्रमुख सचिव ज्यूले त्यो कुरालाई ख्याल गर्नुपर्छ कि पर्दैन । हामी करार कर्मचारी राख्दै गइरहेका छौं यतातिर लोकसेवालाई क्रियाशील गराउने भनीरहेका छौं अनि हाम्रा ऐन नियम कानूनहरू बाँझिए कि बाँझिएनन् यो कुरालाई ख्याल गर्नुपर्छ कि पर्दैन मैले यस कारणले यो कुरा उठाइहेको छु आज सिङ्गो आठैवटा मन्त्रालय हेर्ने मुख्यमन्त्री कार्यालयको विषयमा छलफल गरिरहँदा मलाई लाग्छ आज लोकसेवा आयोग जसले कर्णाली प्रदेशमा कति जनशक्ति आवश्यकता हो त्यो जनशक्तिलाई सहजै रूपमा ऐन, नियम र कानूनभित्र रहेर परिपूर्ति गर्नुपर्ने थुप्रै कारणहरू छन् । त्यसलाई हामीले छिटो छरितो कसरी गर्ने भन्ने कुरामा विधेयकहरू पनि समितिमा आएको कुरा यथावत नै छ तर त्योभित्र रहेका बजेटका कुरालाई हेर्दा खेरि त्यति व्यवस्थित रूपमादेखिदैनन् । त्यति आवश्यक रूपमा कार्यान्वयन हुने खालकादेखिदैनन् यो कुरामा पनि ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ । प्रदेशलाई एउटा रोड म्याप तयार गर्ने योजना आयोग आज कहाँ सुतिरहेको छ कहाँ निदाइरहेको छ कहाँ उठाउनु पर्ने हो ? साँच्चिकै सुतेको हो कि नाटक गरेर सुतेको हो नाटक गरेर सुतेको हो भने उठाउन सकिँदैन । साँच्चिकै सुतेको हो भने अब उठाउन पनि सकिन्छ होला मुख्यमन्त्रीज्यू उठाउने कोशिष गर्नुस् म त्यसका लागि पनि शुभकामना दिन चाहन्छु । खास कर्णाली कसरी बनाउने हो भन्ने कुरामा साँच्चिकै विज्ञताका आधारमा कर्णाली प्रदेश योजना आयोगलाई हामीले पूर्णता दिने । योजना आयोगले पञ्चवर्षीय बनाएका योजना त्योभित्र रहेका विभिन्न गौरवका योजनाहरूलाई यो सरकारको बजेटले छोएर अघि बढेको भए आज पाँच वर्षमा केही न केही प्रोजेक्टलाई हामीले सम्पन्न गरेर कर्णालीवासीका सत्र लाख नागरिकहरूको मुहारमा खुसी हुने केही न केही एउटा सङ्घीयताको एउटा पहिलो अभ्यास साँच्चिकै सङ्घीयताको कार्यान्वयन गर्ने

हो भने यो प्रदेश हो । यो प्रदेशलाई व्यवस्थित रूपमा अगाडि बढाउन सकियो भने पक्कै पनि आम नागरिकले फेरि पनि प्रदेशको आवश्यकता छ प्रदेशलाई व्यवस्थित रूपमा अगाडि लैजानुपर्छ भन्ने खालको एउटा पोजेटिभ खालको सबै नागरिकहरूलाई धारणा दिन सक्थिम होला जस्तो लाग्छ मलाई । यसैगरी अर्को कुरा म के भन्न चाहन्छु भने मुख्यमन्त्री रोजगार कार्यक्रम र त्योसँग जोडिएको महिला आय आर्जन कार्यक्रम विगतमा जोडिएर आएको अबस्था हो कार्यान्वयनको अबस्था हेर्दा निकै दयनिय छ त्यो महिला आयआर्जन कार्यक्रमलाई हामीले कसरी व्यवस्थित गर्नुपर्थ्यो त्योअनुसार सकेनौं त्यस कारणले यो वर्ष नआएको हो कि भन्ने हामीलाई चिन्ता लागेको छ । तर साँच्चिकै चाहिएको हो भने त्यसलाई अलिकति तयारी गरेर अलिकति छलफल गरेर यसका राम्रा अभ्यासहरूलाई हामीले अध्ययन अनुसन्धान गरेर ती कार्यक्रमहरू ल्याउन सकेको भए अलि व्यवस्थित हुन्थ्य होला भन्ने मलाई लाग्छ । अन्तमा मैले मुख्यन्यायाधिवक्ताको कार्यालय जहाँ हामी कार्यालयको नाममा मात्रै सीमित नभएर सरकारले सरकारका विधिन्न नामबाट अहिलेको यो युगमा सामाजिक सञ्जाल सूचना प्रवृतिको माध्यामबाट हरेक नागरिकले सूचनाको प्रयोग गरेर कतिपय गर्नुपर्ने कुराहरू नगर्नुपर्ने कुराहरूलाई पनि हरेक ठाउँमा यस्ता अबरोधहरू आइरहेका छन् त्यस्तो अबस्थामा सरकारके पक्षमा मुख्यन्यायाधिवक्ताको कार्यालयले कति लविङ गर्न सकेको छ । सरकारको पक्षमा कति वकालत गर्न सकेको छ यो कुरालाई पनि मुख्यमन्त्रीज्यूले एकदमै ध्यान दिनुहुनेछ र ध्यान दिएअनुसारको कार्यान्वयनमा लाग्नुहुनेछ भन्ने कुरा राख्दै आफ्ना भनाइ यही अन्त्य गर्छु धन्यवाद !

**माननीय सभामुखः-** माननीय श्री खडगबहादुर खत्री,

**माननीय श्री खडगबहादुर खत्रीः-** माननीय सभामुख महोदय, २०७९अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश लोकसेवा, न्यायाधिवक्ताको कार्यालय र कर्णाली प्रदेश योजना आयोग सम्बन्धीको छलफलमा एउटा छाताको रूपमा मुटुको रूपमा रहेको मुख्यमन्त्री कार्यालयको बारेमा आज योजनाहरूलाई समेट्ने सबैलाई अघि बढाउने एउटा आशाको बिन्दु अभिभावक, मितव्यईताको एउटा कार्यदिशा सम्पूर्ण अमनचयत शान्ति सुरक्षाको जिम्मा लिएको मुख्यमन्त्री कार्यालयको छलफलमा भाग लिइरहेको छु । विशेष गरी यो व्यक्तिगत ढङ्गले भन्नेभन्दा पनि मलाई लाग्छ संघको मन्त्रालयमा मन्त्री भइसक्नु भएको छ यो टुक्रे बजेटभन्दा भन्दा हाम्रो माननीयहरूको मात्र लडाइँ भयो मलाई लाग्छ आधा जत्ति मन्त्री भइसक्यौं हामी अब चार महिना बाँकी छ अब पूरै मन्त्री हुन सक्छन् जस्तो लाग्छ मलाई । त्यसैले हाम्रो मात्रै लगाई भयो हामी खास ठाउँमा पुगेको छैनौं । यो एउटा त ऐनको कुरा भयो अर्को कुरा सार्वजनिक खरिद ऐनले हामीले कहाँ कति हेक्का राख्छौं हामी बजेट मात्र छुट्याउने र भोट र नोट मैले पहिलेदेखि नै भन्ने गरेको छु दुई ओटा चिजमा हाम्रो लडाइँ छ भोटका लागि लोभि छौं जो कोही नेता भए पनि कार्यकर्ताको लागि आफ्नो क्षेत्र तिर अनि अर्को नोटका लाग यो नोट माननीय मन्त्रीभन्दा

पनि विशेष गरी दख्खल पढेका अन्यथा नमान्दा हुन्छ कर्मचारीदेखि रिसाउनेपनि छैन र मलाई लाग्छ व्यूरोक्राटले नब्बे प्रतिशत त्यो पनि दश प्रतिशतले बदमासी गर्छन् त्यहाँ पनि लेखा छ स्टोर छ, प्राविधिक छ मुख्य नाईके कास भन्ने हुँदो रहेछ कार्यसम्पादन प्रतिवेदन त्यति खेरि घाँटि अठ्याउने काम हुँदो रहेछ मान्छेलाई मैले एउटा अनुभूति गरेको मैले त्यस्तो काम गरीने मैले त्यस्तो अनुभव पाएको छु । त्यसैले सबैभन्दा पहिला त मुख्यमन्त्री नै ठिक हुनु पर्‍यो । हामीलाई आश थियो एउटा सिट जितेर कर्णाली प्रदेशमा आज मुख्यमन्त्री हुनु भएको छ। यो भाग्यमानि हो यसलाई डिभि परेको भन्ने कि यो बुद्धिमतापूर्वक तरिकाले सबैलाई सम्हालेर मुख्यमन्त्री बन्नु भएको छ, अनुभव पनि छ, सहनशील पनि हुनुहुन्छ मलाई लाग्छ प्रदेशसभामा बरु माननीय उपस्थित छैनन् तर मुख्यमन्त्री उपस्थित हुनु भएको छ । यसमा उहाँलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु र मलाई के आशा छ तभन्दा जुन जानपर्ने बाटो थियो आशा हामीलाई लागेको थियो त्यो बाटो पटक्कै भएन उल्टो बाटो छ मलाई लाग्छ कृषिको किताब त्यो तिन तिन किलोका महिला मन्त्री हुँदा ५ सय ग्रामका पनि थिएनन् अहिले तिन तिन किलोको किताब हुँदा त्यहाँ टुक्रे बजेट १ सयदेखि १ सय ५०भन्दा धेरै छन् । मलाई लाग्छ यो चालु बजेटमा पहिलेदेखि नै धेरै माननीयज्यूहरूले सबै पक्षका माननीयज्यूहरूले चालु बजेटलाई घटाऔं भनेको के हो तभन्दा त्यहाँ दुरूपयोग हुन्छ। चियापान, अनुगमनका कुरा तालिमका कुरा सक्ने मात्रै बजेट कागज मिलाउने र कुरा मिलाएर खाने बजेट त्यसैमा छ चाए सङ्घीयबाट शीर्षकहरू हामीले प्रदेशबाट यस्ता विधेयकहरू ल्याउने यसलाई संशोधन गर्ने हामीचाहिँ हिजो पञ्चायति व्यवस्था कति पर्यौं कति लड्यौं गोली हानी माग्नेसम्म हामी यहाँ छौं के का लागिभन्दा अत्याचार भयो भ्रष्ट्राचार भयो बेइमानी भयो त्यसैका लागि हो तर ती शीर्षक जस्ताका त्यस्तै छन् । हिजो राणा शासनमा बनाएका, पञ्चायतमा बनाएका यो व्यवस्थामा गणतन्त्र आउँदा पनि बनाएर ऐन नियम कानूनहरूको शीर्षकहरू परिवर्तन हुन सकेनन् अब हामी मन्त्रालय आयौं नयाँ नयाँ घर खोज्यौं मन्त्रालय चलाउनेभन्दा पनि मन्त्री बस्ते क्वाटर त्यसपछि सांसद पनि पछि पछि लाग्यौं कर्मचारी कहाँ बस्छन् मलाई थाहा छैन । ती कारणले गर्दा हेक्काचाहिँ विशेष गरी मुख्यमन्त्रीज्यूले भ्रष्ट्राचार पनि छ दुरूपयोग पनि छ । जस्तो लोकसेवा, योजना आयोग दुरूपयोग हो यो पैसाको विनास गर्ने मात्रै कुरा छ । त्यहाँ पैसा धेरै राखेका छौं त्यसले कामको केही प्रगति गरेको छैन योजना अयोागले के न के गर्छ जस्तो गरेर डाँडाकाँडा पाखा राखेर प्रत्येक डाँडामा जाने फोटो खिचाउने खोला नाला कुनै बाँकी रहेनन् कुनै टाकुरा रहेनन् खोलाभित्रका ढुङ्गा बाँकी रहेनन् । कुनै अग्ला रुख बाँकी रहेनन् कुनै झरना बाँकी रहेनन् । सानातिना मूल बाँकी रहेनन्, त्यसैले विशेष गरी छ-सात महिना छ, भोलि मुख्यमन्त्री मात्रै हैन प्रधानमन्त्री बन्ने अबसर पनि मिलोस् यी अब बजेटलाई केन्द्रित गरेर चार महिनाभित्र यी बजेटहरूलाई केन्द्रिकृत गरेर बहुर्षीय योजना अझै पनि समय छ । यो पास गरेर थपडी बजाउनुभन्दा पनि यी बजेटलाई बहुर्षीय योजना अथवा

यो गौरवका योजनाहरू धेरै छन् । जस्तै यो सबैको खाँचोको विषय बाँङ्गेसिमलदेखि जुम्लाको बाटो सबैलाई एउटा खाँचोको विषय हो कर्णाली करिडोर, भेरी करिडोरकोबाटो सङ्घीय सरकारदेखि पहिलेदेखि नै परेको छ र म के आग्रह गर्न चाहन्छु तभन्दा मुख्यमन्त्रीले एउटा वचन बदल्नु भएको छ यसलाई म अर्को शब्दले भन्न सक्दैन । प्रतिपक्ष दलको नेता हुँदा जहिले पनि भन्नुहुन्थ्यो राजधानीमा विकास गर्नुपर्छ राजधानीबाट सुरूवात गर्नुपर्छ मुटु हो यो रक्तसञ्चार हुने ठाउँ हो यो ठाउँमा गर्नुपर्छ अहिले मलाई लाग्छ सुर्खेत जिल्लामा सुन्य छ । गत वर्ष पचास करोड थियो खानेपानीमा पहिला एक अर्ब थियो पनि पचास करोड भयो आज खानेपानी विश्वबैङ्कसँग सम्झौता छ र बिस प्रतिशत जनतालाई सहभागी भनिएको छ त्यसमा एक अर्ब पचास लाख छ त्यो पैसा छुट्याउन म आग्रह गर्न चाहन्छु । यस्तै शुब्बाकुनादेखि बाङ्गेसिमलको ढलले गर्दा पानी पऱ्यो भने मान्छेहरू भाग्नुपर्ने स्थिति छ र त्यस्तै राजमार्गदेखि तल बाटा सबै उत्पादन हुने जग्गामा तिन मिटरका बाटामा बाटा बनेका छन् त्यहाँ बिजुलीको पोल कहाँ हुन्छ ढलकहाँ हुन्छ दललाहरूले अथवा व्यापारीहरूले त्यहाँ घर बनिसके भोलि यो रनसंग्रह भएर राजधानी यहाँबाट हटाउनुपर्ने स्थिति निर्माण हुन सक्छ त्यसैले आफैंले बोलेको कुरा वचनवद्धता बोलेको कुरा त्यसलाई कार्यान्वयन गरियो भने सार्थकता हुन सक्छ त्यसैले मलाई लाग्छ यो मन्त्रालय भएको वरिपरि मात्रै पिच मात्रभन्दा पनि हामीले त्यो क्षेत्र  तित्र ध्यान र अर्को भुरीगाउँदेखि यो कालपानीको बाटो यो भुरीगाउँदेखि तेलपानीको बाटो त्यो पुल प्रति अरूमा सबै समन्वय गर्ने भन्ने कुरा भयो जहाँ बजेट टेण्डर भइसकेका छन् त्यहाँ समन्वय गरेर श्रय लिने कुरा भयो भोट लिने कुरा भयो र यो जुन पुल छ रानी घाटको अहिले ९ वर्ष भइसक्यो त्यसपछि समन्वयको कुरा पटक्कै चासो छैन त्यसैले भुरीगाउँ यो बाटो गरीयो भने छोटो हुन्छ। त्यसैले मैले यसमा मुख्यमन्त्रीज्यूलाई के आग्रह गर्न चाहन्छुभन्दा विशेष गरी मितव्यी तरिकाले जाने बाटो एउटा दोहोऱ्याउने गौरवका योजनाहरू हिजो बनाएका योजनाहरू हिजो बनाएका खानेपानीका योजना जस्तै दलेखका बाटाहरू त्यस्तै छन् । मलाई लाग्छ मैले आफैं गरेका ठाँटिकाँध जानेबाटो जस्ताको त्यस्तै छ त्यो बाटो खनियो आज खनेको बाटो आज पानीले बगाएको छ त्यसलाई ट्रायकलाई ग्रावेलिङ गर्ने, नाली बनाउने त्यो बाटोलाई भनौं अधूरा योजनालाई पूर्ण नगरेर आज टुक्रे योजना ठाउँ ठाउँ पहिरो बगेर भल बगेको अबस्था छ त्यसैले म के आग्रह गर्न चाहन्छु तभन्दा सबै क्षेत्र तिर विशेष गरेर कर्मचारी अहिले तपाईं जानुस् हामी यहाँ मन्त्रीले बदमासी गर्ने  यहाँ कसम पनि खानुपर्दैन् यहाँ उत्तर आइसकेको छ सम्धिका कुरा आएका छन्, छोराका कुरा आएका छन् त्यसैगरी इतिकुराभन्दा पनि कर्मचारीबाट बदमासी हुन्छ कर्मचारी पनि सीमित त्यो पनि दश प्रतिशत ती मान्छेले बदमासी गर्छन् हामी देख्दैनौं हामीले अनुगमन गरेका छैनौं। मलाई लाग्छ मुख्यन्त्री पनि एक पटक मन्त्री हुनु भयो यही बाटो पनि ग्रेड मिलेको छैन । हामीसँग कस्ता आए तभन्दा मन्त्रालय बनाऔंदा हाईवेका सडक प्राविधिक आउन सकेनन् जनरलका मान्छे आउँदा

खेरि खानेपानीका टुटी, पोलका रंग लगाउने मान्छे आउँदा त्यसले गर्दा समस्या भएको छ र त्यस्तै पछि आफ्नो नातागोताका यो कर्णालीमा मान्छे आउन नचाहने फेरि स्थनीय तहमा सङ्घीय सरकारबाट स्थानीय तहको माथि जाने नीति नबनाऔँदा हाम्रै क्षेत्रको प्राविधि दक्ष जनशक्ति नभएको कारणबाट पनि हाम्रा जुन योजना लागु भएका छन् कार्यान्वयन भएका छन् गुणस्तरको छैन त्यसलाई डिजाईन ड्रईङमा पनि पुगेको छैन र अर्को यो डिपिआरका नामबाट हाम्रो प्रदेश स्थानीय सरकार यो बिचमा अन्तर विरोध छ त्यसैले मलाई लाग्छ मुख्यमन्त्रीज्यूको जम्मामा छ पटक पटक छलफलमा बजेटमा राखिएको छ त्यसैले दोहोरो नपर्ने गरी चिठि पत्रचार हामीले गरेका योजनामा प्रदेशले हालेका योजनामा स्थानीय तहले पनि हाल्ने उसले डिपिआर डबल बनाउने त्यस्तो खालको स्थिति भएका कारणले यसलाई पनि तल सर्कुलर गर्न अनुरोध गर्दै बिदा हुन्छु धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९अन्तर्गतको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग र मुख्यन्यायाधिवक्ता कार्यालयका शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदछु ।

माननीय सदस्यहरू अब मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग र मुख्यन्यायाधिवक्ता कार्यालयका शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिनको लागि कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीलाई समय दिन्छु ।

**मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीः-** माननीय सभामुख महोदय, वास्तवमा आज मैले आफैंले सम्हालेको मन्त्रालय, मुख्यन्यायाधिवक्ताको कार्यालय, योजना आयोग, लोकसेवा आयोग जो कार्यविभाजनअनुसार मुख्यमन्त्री कार्यालय अन्गर्तत पर्छन् । अब सम्हालेको कुरामा त माननीय सभामुखज्यू सबै कुरा त सम्हालेको मैले नै हो आज मलाई के खुसी लागेको छ भने यो सदनमा अन्तिम अन्तिम तिर आएर पनि बल्ला सरकार भनेको के हो सदन भनेको के हो माननीयको दायित्व के हो सरकारमा बसेकाको दायित्व के हो भन्ने कुरा पनि कर्णाली प्रदेशले आज अलि पाठ सिक्यो कि जस्तो अलिकत मलाई लाग्यो यतिभन्दा मैले धेरै भनिरहनुपर्ने अबस्था छैन। हामीले आफ्नो दायित्व नबुझ्दा शक्तिपृथकीकरणको कुरा पनि आएको छ, अरूहरू कुरा पनि आएका छन्, यो नबुझ्दा खेरि सरकार प्रमुख को हो यहाँभित्र रहने को हुन्? कसको काम के हो? भन्ने कुरा छैन अन्तत हामी छ्यासमिसे भएर आइरहेको अबस्थादेखियो र यसबाट कमसेकम आजको यो जुन छलफल जुन त सभामुख महोदय यहा ा कुरो पनि आइसकेको छ त्यति धेरै नआत्यौ अझै पाँच छ महिना छन् नै भन्ने कुरा आएको छ तर यो किसिमको कुरा महत्त्वपूर्ण हो भन्ने मलाई लाग्छ । यहाँ मैले जवाफ दिने क्रममा के

भयो कसले के भन्यो भन्ने कुरा छैन। सभामुख महोदय, अत्यन्तै राम्रा कुराहरू आएका छन् । अत्यन्तै सल्लाह सुझावका ढङ्गले आएका छन् । र आफू भएको बेलाका कुरालाई पनि यादगार गरिएको छ । त्यो बेलासम्म हामी के के भयौं त्यो बेला हामीले के के गऱ्यौं कस्तो गऱ्यो, त्यो पक्रियाहरू हामीले कसरी बढायौं भन्ने कुरा पनि आएको छ त्यसले गर्दा एता तिर म म गर्ने कुरा पनि भएकै छ सभामुख महोदय, एक दुई ओटा कुरा किलिएर नै गर्नुपर्छ भन्ने मलाई लागेको छ । आ.व. दश जना माननीयज्यूले प्रश्न सोध्नु भएको छ छलफल भनेको त्यहीँ नै हो । म यो सम्मानित सदनमा के कुरा राख्न चाहन्छुभन्दा यो गलत म्यासेज नजावस् कि कुनै पनि सदनमा माननीयहरूको नाम लिएर बोल्ने कुरा लज्जास्पद हो भन्ने कुरा आएको छ संसारको प्रयाक्टिस् हो प्रश्न गर्दा खेरि फलाना माननीयज्यूले भन्नु भएको भनेर भन्ने गरिन्छ। सभामुख महोदय, यो कुरालाई हामीले गलत जंगले बुझ्नु हुँदैन । अस्ति एकजना माननीयज्यूले एकदमै महत्त्वपूर्ण कुरा गर्नुभयो यस्तो बेलामा उहाँको नाम मिल्छ मिल्दैन् मलाई थाहा छैन एक जनाले भन्नुभयो नियमावली पढेर आउनुस् त्यसमा के भनेको छ यो कुरा के हो त् हामीले कुनै व्यक्तीलाई यो रोष्टममा उभिसकेपछि माननीयको नाम लिएर मेरो फलाना पर्ने हुन यस्ता हुन् भनेर भन्न मिल्दैन् भन्ने कुरा हो सभामुख महोदय तर प्रश्न उत्तरमा चाहिँ आदरयाीय माननीयज्यूहरूको नाम लिनु त गौरवको कुरा हो । यसले संसारले भन्छ फलना माननीयज्यूले यो प्रश्न सोधेको रहेछ र मुख्यमन्त्रीले यो जवाफ दियो भन्ने कुरा त्यो महत्त्वपूर्ण हो अलिकत मैले किलिएर कट गर्न मात्र खोजेको हो ।

समग्रमा एकदमै राम्रो कुराहरू आएका छन् । कसको काम सरकारको प्रमुख को हो, तिम्रो बाध्यता के हो ? हामी जान्दैनौं, तिमी कहाँबाट आयौ? हामी जान्दैनौं, तिम्रो जन्मकसरी भयो हामी जान्दैनौं तिम्रो मृत्यु कसरी हुन्छ हामी जान्दैनौ तर एउटा कुरा हामी के जान्दछौं भने सरकारको प्रमुख भनेको सरकारको प्रमुख हो तिमि मुख्यमन्त्री हौं भन्ने गरिन्छ नी केन्द्रमा कसको सरकार छ देउवा सरकार छ यहाँ शाही नै शाहीको सरकार भएका कारणले गर्दा फेरि शाही सरकार भन्ने कुरा होला । राज्यको संसदीय व्यवस्थाको कुनै पनि कुरामा त्यसरी हुन्छ त्यो कुरा नै नबुझदा खेरि सायद आज हामीले अलिकति टोकाई खानुपर्ने कुराहरू मञ्चमा आएर सबैले राम्रो कुरा गर्न खोज्दा खोज्दै पनि भन्ने आफ्ना अभिव्यक्तहरूले म कोहू मेरो हैसियत के हो म कहाँ हुनुपर्छ भन्ने कुरा नबुझुदा खेरि यो सबैलाई अप्ठ्यारो पर्ने कुरा हुन्छ सभामुख महोदय, वास्तवमा यी अत्यन्तै महत्त्वपूर्ण छन् । हो सुशासन दिन को मुख्यमन्त्री कार्यालय अब हामी त यस्तो संस्कारमा हुर्कियौं । सभामुख महोदय, मेरो मन्त्रालयको राष्ट्रपति म हो, मेरो मन्त्रालयको मन्त्री म हो मुख्यमन्त्री को हो र यसै कारणले पनि मुख्यमन्त्री कार्यालयमा धेरै पैसा राख्ने प्रचलन थियो कि तर आज जसरी नेपालको संविधानमा समाजवाद उन्मुख भनेर भनिएको छ । म एउटा कुरा गलत होला सोच्नुहोला तर म दाबाका साथ भन्छु सुधारोन्मुख त भएकै छ सभामुख महोदय, सबै कुराहरू राम्रा भए भन्दैन सुशासनका कुरा

होलान् मितव्ययिताको कुरा होला त्यो कार्यालयमा गएर सोध्दा पनि हुन्छ हेर्दा पनि हुन्छ बुझ्दा पनि हन्छ भन्ने मलाई लाग्छ जुन सत्ता पक्ष वा प्रमुख प्रतिपक्ष होस् के छ र आजका दिनमा मैले विपति जनाउनुपर्ने कुरा के छ त राम्रो गर ए सरकार तिमिले जति दिन भए पनि राम्रो गर अगाडि बढ आफ्ना कमीकमजोरी सुधार अघि बढ् भन्नु गलत हो जस्तो लाग्दैन सभामुख महोदय, धेरै कुराहरूको जवाफ दिनुपर्ने छैन यो के हो भनेर सोधिएको कुरामा मात्रै जवाफ दिनुपर्छ कि भन्ने करा मलाई लाग्छ सभामुख महोदय, विशेष गरेर एकै जना माननीयज्यूले धेरै कुरा गर्नु भएको छ र त्यसै सेरोफेरोमा सबै जना माननीयहरू आउनु भएको छ । यी सल्लाह सुझाव, रोडम्याप बनाउ, त्यसअनुसार अगाडि जाउ योजना बनाउने कुरामा सर्वसम्मत ढङ्गले अगाडि बनाउ यसको लागि म माननीय सभामुख महोदय,मार्फत म सम्मानित सदनलाई हार्दिक धन्यवाद दिन चाहन्छु । सायद यो पाँच वर्षको पहिलो काल होला सभामुख महोदय, कि मुख्यमन्त्री कार्यालयमा जम्मा १९ करोडको बजेट रहेको छ । योभन्दा अगाडि ४,५, ६ अर्बभन्दा आफ्नै कुरा गरेको जस्तो सबै कुराहरू त पठाइयो त र यहाँ केही कुराहरू आए यो कार्यक्रम किन अब त्यसो हो भने त मुख्यमन्त्री कार्यालयमा कोही पनि नबस्ने त्यो मुख मात्र राखेर बस्ने पनि त होइन होला त्यसका लागि पनि अपडेट गराउने कार्यक्रममा सङ्लग्नता गराउने, कुरा हन्छन् त्यो खासमा चालुकै कुरा छ अहिले वास्तवमा मुख्यमन्त्री कार्यालयमा कसरी जाने भन्ने कुरा मात्रै हुन् र कुनै पनि कार्यक्रमहरू राखिएका छैनन् । यस अघि माननीय दल रावलले दुई-तीन ओटा कुरा क्लिएरिफाईको लागि भन्नु भएको छ। वास्तवमा हो अब इनोभेटिभ प्रोगराम आउने त मन्त्रालयमार्फत नै त हो नी मुख्यमन्त्री कार्यालयले कुनै इनोभेटिभ राख्ने होइने भौतिकमा गएर एउटा पूर्व भौतिक मन्त्रीले भन्नुहुन्थ्यो कर्णाली करिडोरलाइ अघि बढाउने कुरा त्यो एउटा इनोभेटिभ हुन सक्छ आज इनोभेटिभ ८, १० ओटा नयाँ नयाँ योजनाहरू ल्याउने कुरा हुन्छ त्यो त गर्ने मन्त्रालयअन्तर्गत नै हो । मैले एउटा आग्रह के गर्न खोजे भने कहींले कहींले माननीयज्यूहरूले बोल्दा खेरि पनि मुख्यमन्त्री कार्यालयमा त्यो प्रोगराम हुनुपर्दो रहेछ भन्ने बुझाइ गर्ने मेरा मन्त्रीज्यू हुनुहुन्छ भन्न् कुराले यसलाई खासगरी मन्त्रालय गत यी कुराहरू आएनन् भनेर जानुपर्छ भन्ने मलाई लाग्छ । पिएलजिएसपिको कुरा अघि पनि आएको छ नागरिक शिक्षाका कार्यक्रम भनेको मुख्यमन्त्री कार्यालयले पनि अरू नगरेका कामचाहिँ अब यो नगरेका कुराहरूमा सरकार प्रमुखको हैसियतले यी कुराहरू हुन्छन् भन्न सिकाउनको लागि त्यो हो । अर्को एउटा कुरा जुन सामाजिक सल्लाहकारको कुरा आएको छ यो एकदमै मैले जुन सामाजिक सल्लाहकार राखेको थिए सभामुख महोदय, उहाँ कतारको राजदुत भइसक्नु भएको छ र यो कर्णाली प्रदेशको लागि यो एउटा गौरवको कुरा हो । पहिलो चोटि साबिकको कर्णालीको मात्र होइन भेरीमा पनि थिएनन पहिलो पटक राजदुत भयो भनेपनि सभामुख महोदय राखेको सल्लाहकार त गतिलै मान्छे राखेका रहेछौं नी जसरी माननीयज्यूले भनिराख्नु भएको छ त्यो कसैलाई तलब खुवाउनको लागि होइन जागिर

दिनको लागि होइन अलि कति भिजन भएको मान्छे ल्याउ भन्ने जुन कुरा आएको छ वास्तविक कुरा हो त्यसमा म आफूलाई पनि गर्वलाग्यो मैले राखेको मान्छे त ठिकै राखेको रहेछु । पोलिटिकल एडभाइजन भन्ने कुरा रहेछ पढ्नुपर्ने नपर्ने सटिफिकेट पनि नचाहिने त्योभन्दा सोसिएल सेन्टरभित्र क्षेत्रभित्र सबै पर्छ है सोसिएल साईन्सभित्र पर्ने भएको हुनाले सोसिएल एडभाइजरभन्दा खेरि यो राम्रो होला भन्ने सोचेर राखेको हो र अघि उहाँले आफैंले मासिक २ लाख घरभाडा त्यो प्रिन्टिङ मिस्टेक नै हो म हजुरहरूलाई एउटा अर्को कुरा भनौंला । पूर्व भौतिक पूर्वाधार विकास मन्त्रीज्यू सुरूको कार्यकाल त्यो बेलाको गाडी सेवा सुविधा के-के थिए मैले गाडीहरू हटाए, गाडीहरू दिएनौं टोटल घरभाडा सबै गरेर १ लाख १० हजार जस्तो बाँकी गाडीसाडी आफ्नै गर भनेर गरेको हो । त्यसलाई मितव्ययीता भनौं वा पहिला गाडी सरकारी गाडी आग त्यो गाडी हाम्रो उर्जा मन्त्रीज्यूले चढिराख्नु भएको छ । १० करोडको गाडी हो महिनामै ५० हजाको मर्मत खर्च आउँछ त्यो गरिदिएकोमा त राम्रै होला सभामुख महोदय, र अर्को रिसर्च एण्ड डेभ्लोपमेन्ट प्रोग्राम छ तिमिले गर्ने हो र भन्ने कुरा आएको छ हामीले गर्ने हुँदै होइन हामीले त के हो भने प्रत्येक मन्त्रालयमा निर्देशन के गरेको थिए भने प्रत्येक मन्त्रालयमा रिसर्च एण्ड डेभ्लोमेन्टको फन्टचाहिँ अलिकति छुट्याउनुस् सटेन प्रतिशत छुट्याउनुस् अति त्यो मन्त्रालयको बाटो बनाऔंदा खेरि पनि हामीले रिसर्च गर्नुपर्ने हुन्छ । युनिभरसिटि यही एमयू होला अर्को होला तिनसँग जानको लागि त्यो छुट्याइएको हो न कि आफैंले गर्नको लागि छुट्याइएको होइन । आज संसारमा जति पनि काम भएका छन् त्यसको उपलब्धी के हो त्यो रिसर्च एण्ड डिभालमेन्टले गर्छ । त्यो सम्बन्धित ठाउँमा हामीले पैसा छुट्यायौं भने भोलिचाहिँ उहाँहरूलाई ल्याउन सकिन्छ भनेर मात्रै हो । मामीले गर्नको लागि होइन । र अर्को मुख्यमन्त्री रोजगारमा ८ करोड फेरि छुट्टै राखेको छ । यो छुट्टै आफैंले खर्च गर्नको लागि भन्ने पनि आयो देखेपनि भन्नु स्वाभाविक नै हो अब मुख्यमन्त्री रोजगारको कुरा आइरहेको छ हामीले वडाबाट नै छनोट गरेको हो जुन वडाले पठाएन् त्यो इन्ट्रि गरेनौं त्यो इन्ट्रि भएर आएन् त्यो नगरेकोमा झण्डै ३८ वडाभन्दा बढी छन् ती वडाहरूलाई आँखिर हामीले खालि राख्नु त भएन हामीले वित्तीय हस्तान्तरण गर्यौ पैसा गइसक्यो तिनको लागि पैसा राख्यौं तिनले जानेनौं भनेर सजाय दिनुहुन्न त्यस कारण त्यो पैसा यहाँ राखेको हो त्यो पैसा हो भनेर मैले आग्रह गरे ।

प्रमुख प्रतिपक्षी दलका नेताले आशंकाको कुरा मुख्यमन्त्री रोजगार कार्यक्रम खोइ त आजसम्म केही पनि भएको रहेन छ त भने जस्तो पनि मैले सही बुझेको हो भने हामीले त यहाँहरूले हेर्नुभयो भने सभामुख महोदय सबै रोजगारका प्रमुखहरूले यो कार्यक्रम अहिलेको लागि अलिकति रोकिएको छ पैसा त हामीले फिर्ता गरेको होइन नि त पैसा त त्यहीं नै छ त्यो नामको लागिभन्दा खेरि हामीले साउन सुरूदेखि ३० गतेभित्र गर्नेभन्दा घरी हामी साउन पहिलो गते उहाँहरूलाई के पठाउँछौं भने हामी चिठी पठाउँछौं फेरि जुन कार्यविधि बनिसकेको छ। कार्यविधिलाई हामीले अर्को परिवर्तन गर्नेछैन । र

त्यो कार्यविधि त्योसहित एउटा टेक्निकल मिस्टेक भयो। म एउटा उदाहरण दिन्छु । सभामुख महोदय, हिजो म सभामुख महोदयको रूपममा एक घण्टा कुरे म हस्पिटल जानुपर्ने थियो । मन्त्रीज्यू बिरामी भएकोले एक घण्टा किन कुरौ भने त्यहाँ बसिरहेका थियौ कफि खाएर जाऔं भन्ने भयो उहाँले घण्टी बजाउनुभयो घण्टी बजाइसकेपछि अब कफि आउला आउँदा आउँदै अर्को एक जना माननीय पनि आउनु भयो। गफ गर्दै गयौं कफि आउँदै छ कफि खाएर जाउला नि भन्दैभन्दा पछि लास्टमा यो त यति धेरै ढिलो भयो त के भयो कफिभन्दा कफि त तयार छैन भने किन रहेन छभन्दा उहाँले थिचेको घण्टीको त आवाज नै आएको रहेन छ। के के नियती हामीलाई त्यसरी झुक्याउनलाई थियो र सभामुख महोदय, मेरो पनि मुख्यमन्त्री रोजगारको गऱ्यो पठायौं, माननीय सबैलाई मेल गऱ्यो सारा गरेको छ। त्यो पनि तुरुन्तै परिवर्तन गऱ्यौं मेल कस्ता रहेछन् भने जाँदै नजाने, मेल कहींल्यै हेर्दै नहेर्ने, मेल अब ती नबनाइदिएको भए पनि त हुन्थ्यो नी त र त्यति हुँदा हुँदै पनि गल्ती त मेरो कर्मचारीको पनि त हो नी यो गयो, फेरि पुनर्विचार गर्नुपर्थ्यो कि पर्दैनथ्यो । कयौंले भनेका छन् मैले त चिठी नै बोकेर पनि आँए । फलाना माननीयज्यूलाई करेको कैयौंलाई गरेको छैन गरेकाहरूलाई के भनेछन् भने म अहिले सुर्खेत नै छु पोहोरसाल जस्तो भएको थियो त्यसरी नै गर्ने त हो नी भन्ने र फलानाले भनेको फलनो ठाउँमा यो नभएको फलानो यस्तो भनेर त्यो सारा गरेछन् । र मैले अर्को पनि के गरेको छु भने कतै कार्यकर्ता पोस्ने शब्द बेला बेलामा आउँछ नी हो कि भनेर हेरे रोजगारका संयोजक सबै मेरा कार्यकर्ता छैनन् । तिनीहरूले हालेको समय समेत पनि मैले प्रिन्ट गरेर राखेको छु । तिनलाई सोध्दा खेरि यी जीवन शाहीका आफ्ना आफ्ना कार्यकर्ता हुन कि भन्ने पनि नपरोस् मैले एकदम स्वतहस्फुर्त राम्रो कै लागि गरेको हो मैले अघि कफिको उदाहरण दिए जस्तै त्यो हुन गएको छ हो जान्छ हाम्रो एक गते नै फेरि चिठी जान्छ यो एक गते नै तपाईंहरूलाई पनि चिठी आउँछ अब तपाईंहरूले गर्नुहोला अब कैयौं ठाउँमा होला कुनै ठाउँमा के हो होला भने हाम्रो पूरानै टिप हो भनेर गरिने भनर आउला जहाँ जहाँ भएको छैन त्यसमा आउँछ उनीहरूले पठाउने कुरा त्यहीं हो त्यहाँबाट आउने हो यसमा हामीले गर्ने हो पैसा त्यहाँ छँदै छ । अस्ति त हामीले अझै ढिलो भयो अझै छिटो बढायौं भनिरहेको हो । त्यस कारणले म के आग्रह गर्न चाँहे भने त्यसको लागि हामीले संका नगरौं संकाले लंका लगाउँछ भन्थ्ये बाहुबाजेले अहिले यो लंका जलिरहेको छ नी उहिल्यै भन्थ्ये संका धेरै नगर्नु संकाले लंका जलाउँछ भन्थ्ये अहिले लंका जलिरहेको छ । त्यस कारणले जो वडाहले हामीलाई पठायौ जो वडाहरूले पाँच ओटा पठायो, तिन ओटा छान्ने, त्यो पाँच ओटा हामीलाई पनि पठाउ किन भनिएको थियो भने कोही कसैले पनि पाँच ओटा छानेपछि त्यो पाँच वटाभित्रबाट नै आएको तीन ओटाभित्रबाट नै यहाँ छान्ने हो तर त्यति खेर अरूलाई भन्न सजिलो छ माननीयज्यूहरूले पनि त्यसलाई हटाउ भनेर अर्को पनि आएको हो । त्यस्तो नहोस् र त्यसलाइ ट्याली गर्न सजिलो हुन्छ भन्ने किसिमले गरेको हो। त्यसैले

दूरसायको कुरा होइन, यो कुरा १ गतेभन्दा खेरि मेरो प्रमुख सचिवज्यूहरू पनि यही हुनुहुन्छ, एक गते भनेको ठाउँमा २ गते आउँलान् तर छिटो आउँछ त्यो ढङ्गले जान्छन् मलाई त्यसमा मेरो कुनै व्यक्तिगत स्वार्थ नै छैन । मेरो व्यक्तिगत स्वार्थ राख्ने भएको भए चार अर्ब रुपैयाँ म मुख्यमन्त्री कार्यालयमै राख्थ्ये यहाँ फेरि पनि अबण्डा भएछ भन्ने बाहेक अरू के कुरा आउँथ्यो र । फेरि पनि अबण्डा भएछ भयो हिजो पनि थियो भन्थे होला । सभामुख महोदय, त्यसमा मेरो कुनै स्वार्थ छैन । र अर्को एउटा महत्त्वपूर्ण कुरा आएको छ योजना आयोग किन खालि छ, जसले मार्ग निर्देशन गर्नुपर्ने अब यसो कसरी भनौं भन्ने लागेको छ । त्यहीं बेला बनेको हा सभामुख महोदय, साढे ती वर्षसम्म बनेको त्यो योजना आयोगले बनाएका ती किताब पञ्चवर्षीय योजना म थोत्रो कसरी भनौं विज्ञ साथीहरू पनि हुनुहुन्थ्यो होला विज्ञ साथीहरू नै ल्याएका थिए होलान् । डाक्टर नै डाक्टर लेखिएको थिए उहाँहरूले बनाएको छ त्यहींअनुसारको गएको छ अहिले एउटा कुरो त केही आइरहेको छ भने त्यहाँबाट आएका पनि हाम्रा योजना खै हाम्रा प्याड कहाँ गए भन्ने कुरा आएको छ भने त्यहीं पनि लागु हुन्थ्यो कि हुदैनथ्यो भन्ने एउटा कुरो हो।

सभामुख महोदय, त्यसमा प्रोजेक्ट बैङ्क छ भनेर भनिएकै छ अब यो कार्यान्वयनमा ल्याउनको लागि कहाँ उता जाने यत्रा यत्रा किताब छन् कति लिस्ट छन् कति लिस्ट छन् अ बति सबै लाई प्रोजेक्ट बैङ्क भन्ने हो कि एक रुपैयाँमा खोलको खाता पनि एक करोडमा खोलेको खाता जस्तो छ त्यसमा पनि हामी बसेर केही गर्नुपर्छ भन्ने जस्तो लाग्छ तर अहिले त्यो योजना अयोग नर्मल छँदै छ त्यो योजना आयोग नभएको कारणले यो यहाँको बजेट चौपट भयो यहाँको विकास चौपट भयोभ भन्ने छैन हिजो गरेका राम्रा कामहरूलाई निरन्तरता दिएकै छौं । र अहिले माननीयज्यूले भन्नु पनि भयो स्वाभाविक हो नयाँ के छ त नयाँ के छ त यहाँहरूले नै गरेको तेत्रो राम्रो राम्रो कामहरूलाई कहाँबाट फाल्ने त फाल्न त मिलेन् । त्यो फालेको भए यस्ता कुराहरू गइसके भन्ने थिए त्यसैले हामीले त्यसलाई निरन्तरता दिएको कुरा हो । त्यसमा अगाडि जाने कुरामा केही नमिलेका कुरालाई मिलाऔं भन्ने कुरा हो अरू त त्यसमा केही पनि कुरा छैन सभामुख महोदय, अर्को एउटा कुरा आएको छ छोरी खाताको कुरा यो पहिला गाउँपालिकामा जाने हो पैसा गाउँपालिकामा हामीले पैसा पठाउथ्यौं अनि उनीहरूले छोरी जम्मेको आधारमा पैसाचाहिँ राख्ने हो । र अहिले के भयो भने झण्डै झण्डै २०-२२ धेरै माननीयज्यूले भनेको कुरामा सत्यता छ । अब त्यो नाम पठाउनुपर्ने हो सम्बन्धित गाउँपालिकाले मेरो हुम्लाकै एउटा गाउँपालिकाले पनि नामहरू पठाएको छैन असारसम्म जम्मिएकाले के गर्ने साउनबाट जम्मेकाले पाउने भन्ने कुरा भयो विषय एकदमै राम्रो छ यो कार्यक्रम एकदमै राख्नै पर्छ नराखी हुन्न तर मोडालीटिमा हेर्नुपर्‍यो भनेर पलानिङमा गरोस् र यसले कहाँ लगानी गर्न सकिन्छ अहिले त्यो पैसा त जिल्लामा गएको छ पालिकामा गएको छ पालिकामा जाने बित्तिकै खातामा हाल्नुपर्‍यो खातामा हाल्ने बित्तिकै ब्लक भइहाल्दो रहेछ त्यो त अब हामीले झिक्नै पाउँदैनौं त्यसको लागि पलानिङमा

राखेपछि राम्रो पलानिङ हुन्छ कि भन्ने आशाले त्यो राखेको हो । माननीयज्यूलाई मैले यो आग्रह गरे । यसै सन्दर्भमा माननीयज्यूहरूलाई मैले अर्को पनि भने पहिला छुटयायौं किन छुटयाइ लियौं किन भन्ने कुरा छ नी छुटयाएको त्यहीं नै छ पैसा फिर्ता लिएको छैन रकम यथावत नै छ प्रक्रियामा एउटा नमिलेको हो भने पक्रिया मिलाऔं भने त्यहीं योजना आउन सक्छन् अब जस्तै धेरै माननीयज्यूहरूले त यो सही मात्रै गरिदिन्छौं यो ठिक छ भने पछि त ठिक छ भनेपछि ठिक भयो नि त यहाँचाहिँ माननीयज्यूहरूबाट कम्पेलेन आउनु भएन हामीले सही नै गरेका छैनौं भन्नु भएन उहाँहरूले भोलि एउटा कुरा आउन सक्छ यी हेयौं हामीले त्यो कुरा निकाल्दा खेरि यो त ठिकै रहेछ त भनेपछि त्यो नहुने कुरा भन्ने होइन अब ढिलो गर्ने कुरा त साउनभित्रमा हामीले गर्ने कुरा त यसलाई गरेनौं भने ढिलो त हुने नै भयो जसको जसको जुन जुन क्षेत्रमा गएको छ त्यो क्षेत्रमा गएको माननीयज्यूहरूले अब कोही मन्त्री हुनुभएको छ होला मेरो क्षेत्रबाट आएको ठिक छ भनेर लेखेर दिनुभयो भने भोलि यो कुरामा अगाडि गयो भनौंला । नत्र त्यो प्रक्रियामा जाने कुरामा हामी जान्छौं गर्छौं । र मलाई जहाँसम्म लाग्छ बोलेका कुराहरूमा यसरी जोड गर्ने छक्काउने फकाउने गरेको छैन र सही लिएको बाटोमा अगाडि बढेकै जस्तो मलाई लाग्छ सभामुख महोदय र क्वालिटिको काममा हामी जरुर लाख्छौं नै, गर्छौं नै, यो कार्यक्रम चाहिँ संशोधन गर्ने अर्को कुरा भन्ने हुँदैन संशोधनको प्रक्रिया छन् भने लास्टमा गएर यदि माननीयज्यूहरूले गएको त्यहाँ कसैका वडा नमिलेका हुन्छन् त्यस्तो कुरामा त संशोधन गर्नुपऱ्यो नी त्यो कुरामा हामी गर्छौं । र यो महिला उद्यमशीलताअन्तर्गत जाने पैसा फ्रिज हुने ढिलो जाने भन्ने कुरा आएको छ त्यो हामीले पैसा पठाएको उद्योगमै हो महिलाको लागि पनि हामीले त्यतै पठायौं किनभने मुख्यमन्त्री कार्यालयमा नाम त्यो रहेपनि सम्बन्धित कार्यालयमा पठाउने त्यो भनेको हो । त्यहाँ पठाएको पनि छ केही पैसाको राख्दा खेति ती नै लोप भए जस्तो गरेर मैले लास्टमा थाहा पाँए मेरो प्रमुख सचिव ज्यूलाई पनि भने त्यो कुरामा हामी मिलाउँछौं भनेर भन्नु भएको छ र त्यो सहकारी महिला आय आर्जनको नाममा महिला सहकारीहरूलाई दिने भनेर गएको छ त्यसमा मैले अलिकति संशोधन गरेको हो । एक मुस्ट यति यति लाख दिने भन्ने कुरा थियो कति वर्ष पूरानो हो कति काम गरेको छ उसको आफ्नो पुँजी कति छ त त्यसको आधारमा दिनुपर्छ फल्याटमा ५० दिनु हुन्न भनेर मैले गरेकै हो सभामुख महोदय, त्यो मैले ठिक गरे बेठिक गरे त्यो भविष्यले भन्ला तर काम गर्ने उसको क्षमता १० लाखको छैन ५० लाख रुपैयाँ हालिदिने हो भने ढाडसाड त सकिएला नी । कैयौंमा के पनिदेखियो भने पुरुष भएका ठाउँमा महिला बनाएर ल्याएका पनि छन् त्यसलाई अलिकति संशोधन गरेर राम्रो गर्ने त्यो भनेको रिबलविङ फन्ट हो त्यो जिल्लामा महिलाहरूको उसमा घुमिरहन्छ भन्ने हो त्यो भएको हिसाबले उसमा गरेको छैन । भोलि काम गर्ने कमजोर को हुन्छ । को लड्छ घोडाको जमाना पो गयो त अब अहिले बाईकको भन्नुपऱ्यो को लड्छ बाईक चढ्ने लड्छ । सरकारले काम गर्दा खेरि

कमीकमजोरी भए होलान् साराका सारा १०० प्रतिशत हुने भए त अमेरिकामा हुँदैन, बेलायतमा हुँदैन, जापानमा हुँदैन । नेपालमै कहाँ होला र जापान जस्तो शान्तिपूर्ण देशमा हिजो पूर्व प्रधानमन्त्रीलाई गोलीहानेर मारिएको छ । कमीकमजोरी छैनन् भन्ने कुरा होइन । पञ्चबर्षीया योजना पनि हामीले कार्यान्वयन त गरीरहेकै छौं त । सभामुख महोदय, न ओभर कम्फिडेन्ट भइएको छ न लाप्रवाहि गरिएको छ गर्दा गर्दै हिंड्दा हिंड्दै बिग्रेका कुरालाई ओभर कम्फिडेन्ट हुनुपर्ने मलाई घमण्ड पनि छैन लाप्रवाहि गर्ने मान्छे त म हुँदै होइन लाप्रवाहि गर्ने होइन । एक्लो छु म सुत्दैन् लाप्रवाहि होइन टेक्निकल मिस्टेक भएर अघि नै मैले एउटा उदाहरण दिँए । प्रमुख सचिवदेखि सबै यही हुनुहुन्छ उहाँले भन्नुहोला मुख्यमन्त्रीको कुनै स्वार्थ छैन लोप छ कि उसले गर्दा भन्नुहुन्छ कि बाइमिस्टेक म अहिले कर्मचारीलाई पनि बिचाराहरू मैले सातो खाइसकेपछि बोल्न पनि सकिरहेका छैनन् सरि भनिरहेका छन् अब सपार्ने कुरामा सपार्ने हो । त्यस कारणले मेरो केही पनि छैन । एउटा अघि नै माननीयज्यूले भन्नु भएको छ विल्डिङ हुने ठाउँमा टेक्निकल मिस्टेकले कम्पाउण्ड भएको रहेछ त्यहाँको घर बन्दै छ त्यसको लागि हो । त्यस कारणले केही भएका छन् आज नभनौंभन्दा पनि भन्नुपर्ने अबस्था के आउँदो रहेछ भने कैयौं कुराहरू हिजो भएका कमीकमजोरीका कारणले आज मुख्यमन्त्री कार्यालयमा आएर अख्तियारका जवाफ दिइराख्नु परिरहेको छ । धेरै कुरा आएका छन् जवाफ मुख्यमन्त्रीको हैसियतले मैले दिनुपरीरहेको छ । दिनुपऱ्यो त तिमिहरूले मैले भन्न मिल्दैन् भन्नुपऱ्यो त । अभिच्छिन्न सरकार हो, सरकार समन्वय गर्न अघि बढ्न त चाहान्छ बाध्यात्मक परिस्थिति कहाँबाट सिंजना भयो भन्ने त हामी आफैंले म म गऱ्यौं भने त्यो राम्रो होला जस्तो मलाई लाग्छ र अर्को कुरा एउटा पोषणको कुरा पनि आएको छ । त्यो कार्यक्रम र गोष्ठी मात्रै होइन त्यो पोषणको प्याकेजसहित पनि त्यहाँबाट दिने रहेछ त्यसले गर्दा खेरि त्यो पैसा धेरैदेखिएको हो ।

सभामुख महोदय,

अब यो मुख्यन्यायाधिवक्ताको कुरा आएको छ सभामुख महोदय, पहिला के भयो म जान्दैन मैले नबुझेको कुरा मैले भन्न पनि मिलेन् अहिले मलाई गर्व छ यहाँ के हुन्छ भने संसारको पर्याक्टिस हो जो मान्छे प्रमुख हुन्छ उसँग जोडिएर आएका पदहरू प्रमुख उसैले भनेको हुने हो । मेजुरेटीको हिसाबले त शेरबहादुर देउवा मेजुरेटीमा छैनन् तर महान्यायाधिवक्ता शेरबहादुर देउवाले भनेको हुन्छ योजना आयोगको उपाध्यक्ष शेरबहादुर देउवाले भनेको हुन्छ यी जोडिएर आएका हुन् । यी जोडिएर आउने पदहरूमा हामीले विचार गर्नुपर्ने कुरा हो । ती जोडिएर आउने पद्हरुमा बाटो चिप्लियो भने सरकारको विरुद्धमा ओकालत हुन आउने कुरा पनि हुन सक्छ र अहिले आएको एउटा सभामुख महोदय, म गौरवका साथ भन्छु र मुख्य न्यायाधिवक्तालाई धन्यवाद पनि दिन्छु दुई ओटा मन्त्रालयको कामहरू सबै भन्द भएका थिए । सबैलाई थाहा छ भौतिकका काम, उर्जा मन्त्रालयका काम बन्द भएका थिए । मुख्यन्यायाधिवक्ता राखिसकेपछि बहस

गरीसकेपछि त्यो मुद्दा खारेज भएर अरू कार्यक्रम चलेको हो नत्र आज हाम्रो अर्को के हविगत हुन्थ्यो होला । अर्को कुरा समुदायसँग मुख्यन्यायाधिवक्ता भनेर किन राखिएको हो भने अब सरकारको पनि काम हो उनीहरूलाई अपग्रेट गर्ने उनीहररुलाई सचेतना गर्ने, हैन युरोपिएन यूनियनले गर्छ नी नागरिक शिक्षा भनेर यति पैसा दिन्छ हजुरको यूरोपिएन यूनियनले कराडौं करोड दिन्छ । त्यस कारणले अलि कामको बोझ कम हुने अबस्थामा भयो भने नागरिकहरूलाई पनि सरकारकोतर्फबाट एउटा सल्लाहकारले पनि यो नगर्नुहोला सचेतना दिने कुराहरूलाई मात्रै हो त्यसमा पैसाको मात्रैभन्दा पनि त्यो के होर भन्न खोजेको कुरा स्वाभाविक होला तर सम्बन्धित जिल्लामा जाँदा खेरि सरकारीतर्फबाट त्यो गर्दा खेरि राम्रो हो भन्ने कुरा हो । लोकसेवा आयोगको कुरा पनि आएको छ सभामुख महोदय, यो विषयमा म के भनौं बोलौं वा नबोलौं । प्रश्न उठिसकेपछि म बोल्नुपर्छ सभामुख महोदय, लोकसेवा आयोगले सहायक पाँचौ र सहायक चौथो तहका विभिन्न ८ सय ६३ पदको लागि विज्ञापन गरेको छ । १० वटै जिल्लाको लागि ती पदको लागि कुल १ लाख १ हजार ८ सय ८३ जनाको दरखास्त स्वीकृत भएको छ । त्यसबाट करिब करिब ५ करोड राजस्व उठेको छ । म त अस्ति कन्फिउज थियो त्यो पैसा माथि गयो भन्ने थियो आज लेखालाई सोध्दा अर्थ सचिव ज्यूलाई सोध्दा त्यो पैसा हाम्रो राजस्वको मोडेलमा आयो, अब यसमा अहिले हालसम्म पाँचौ तहका विभिन्न पद र चौथो तहका ६ पदका नामको भनेर ४१ ओटा छन् । अध्यादेशबाट आयो एक वर्ष भयो काम गर्न सुरू भएको अध्यादेश पार्लीमेन्टले स्वीकृत गऱ्यो त्यसपछि प्रतिस्थापन विधेयक बन्यो अनि सदन बन्द भयो त्यसपछि कानूनी रूपमा प्रतिस्थापन विधेयक आउँदा आउँदै पनि सदन बन्द भएको हुनाले यो निश्क्रिय भएको हुन्छ भन्ने भयो त्यहाँ चाहिँ निकै दुईहप्ता त त्यो लाग्या वादविवाद भयो यसरी प्रतिस्थापन विधेयक गइसकेपछि हाउस बन्द भए पनि स्वयम् हाउस हुँदा खेरि त्यो हुँदैन भन्ने कानून् सचिवको सचिवालयको कुरा के हो भने यो हुँदैन अब ल्याउनुस् छिटो गरौंभन्दा भन्दै आज यो भइसकेको छ । कामहरू गरेका छन् कहींले कहींले लाग्छ सभामुख महोदय, हामी पार्लियामेन्ट बोर्डमा मुख्य विधेयक पास गर्दैनौं आश्रीत विधेयक पास गर्छौं, मुख्य विधेयकमाथि छलफल गर्दैनौं आश्रीत विधेयकमाथि छलफल गर्छौं । कानूनतह आएका कुराहरू गल्ती भएका थिए कि राम्रो भएका थिए पर्याय भन्सार, लोकसेवा, यस्ता यस्ता जहाँ चाहिँ जटिल गाउँहरू छन् त्यस्ता ठाउँहरूमा अरूभन्दा धेरै पैसा दिने गरिन्छ । किन कि त्यो लोप लालचमा नजावस् त्यहाँका जाँच दिने कर्मचारीहरू, जुनबेला जाँच दिने हुन्द उनीहरूको त्यो कोठामा मोवाइलहरू खोसेर थुनेर राखेको हुन्छ। अनि लोकसेवाले काम गरेन् भन्ने कुरा हामी माथि आयो भने के हुन्छ सभामुख महोदय, आज यत्रो मान्छेको एक लाख १ हजार बढिको जीवनमाथि हामीले सदनले खेलबाड गरेको भन्ने कुरा हलिल्यै होला कि नहोला त्यस कारणले मैले विनम्रताका साथ भने यो कुरामा हामीले अलिकति सोच्नै पर्ने हो भन्ने मलाई लाग्छ अब अरू आठौं, नवौं त अहिले हामीलाई डाक्टरको समस्या भइसक्यो यो

छिटो हुने बित्तिकै हामी आठौं र नवौं तहको लोकसेवाले के गर्छ तभन्दा विज्ञापन गर्छ। अहिले डाक्टर नपाउने भए अहिले संघका नआउने भए त्यस कारणले हामीले यो कुरामा त सोच्नुपर्थ्यो होला नी त । सभामुख महोदय, अलिकति दलित भनेर यसो गरीयो काँबाट ओएनएम यो बास्तम्मा भन्ने हो भने कानूनतह हामीले गल्ती गरेको हो सभामुख महोदय, सरकारको कार्यक्रम माननीयज्यूहरूको संयोजकत्वमा हुँदैन सरकारको मन्त्रीहरूकै संयोजकत्वमा हुनुपर्थ्यो क्याविनेटमा मुख्य सचिवले यो हुँदैन, गर्न मिल्दैनभन्दा भन्दै पनि मलाई त्यहीं पिर भयो किन कि यो माथिल्लो जातको मुख्यमन्त्री भएर हुदैन् भनेर यो पटक तर कानूनतह मिलेको छैन । सरकारी कार्यक्रम संसद्को काम के हो त्यस कारणले पनि अलिकति मिलाउनको लागि जिल्लाको समन्वयमा यो कमीटि गएर त त्यसले छलफल गर्ने हो हेर्ने हाका काम सुरू भयो कि भएन भन्ने हो यसले चेक काट्ने होइन सभामुख महोदय, कार्यालयले नै काम गर्ने हो समितिले गरेको काम गलत छ कि ठिक छ भन्ने हेर्ने हो त्यहीं सन्दर्भमा एक जना माननीयज्यूले भन्नुभयो निर्देशनालयको कुरा हो त्यहाँ अलिकति ज्यादती भएको छ स्थाई कर्मचारीले काम पाएका छैनन् भन्ने कुरा आएको छ । अब अहिले आयो यसलाई सरकारले गम्भीर पूर्वक हेर्छ । यस्तै हेर्नुपर्ने हो काम भयो कि भएन सकै खर्च भयो कि भएन यहाँ त केदेखियो भने मेरो कार्यक्रम मैले पो खर्च गर्नुपर्थ्योभन्दा खेरि यी कुराले हामीलाई कत्तिको अप्ठ्यारोपर्छ कानूनी ढङ्गले पनि बुझ्नुपर्छ । कैयौं कुराहरूमा राम्रा भएका होलान्, नभएका होलान्, नभएका कुरामा हामीले मिलाउँदै जानुपर्‍यो । कामहरू राम्रो गर्दै जानुपर्‍यो सरकारको काम राम्रो गर्ने हो त्यसको लागि यहाँहरूले महत्त्वपूर्ण सुझाव दिनु भएको छ । यति मै मैले मेरा कुरा राखे धन्यवाद, जय नेपाल ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक २०७९अन्तर्गत विनियोजित भएका मुख्यमन्त्री तथा मन्त्रीपरिष्दको कार्यालय, प्रदेश लोकसेवा आयोग, लोकेसेवा आयोग र मुख्यन्यायाधिवक्ताको कायर्कालयका शीर्षकहरू माथिको छलफल समाप्त भएको व्यहोरा जानकारी गराउँदछु । माननीय सदस्यहरू आजको बैठकको दैनिक कार्यसूचीको ६ नम्बर बुँदा आजै बस्ने अर्को बैठकसँग सम्बन्धित भएकाले कार्यसूचीबाट हटाएको व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब यो बैठकको कार्यवाही यही समापन हुन्छ । सभाको अर्को बैठक पन्ध्र मिनेट पछि बस्ने व्यहोरा जानकारी गराउँदछु ।

## बैठक संख्या-२३
## (वि.सं. २०७९ साल असार २७ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको तेइसौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टले सभामा पेस गर्नु भएको कर्णाली प्रदेश आर्थिक विधेयक, २०७९ माथि छलफल प्रारम्भ हुन्छ । छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यले रोस्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला । सर्व प्रथम माननीय श्री दल रावल ।

**माननीय श्री दल रावलः-** माननीय सभामुख महोदय यस समयका लागि फेरि पनि धन्यवाद छ । कर्णाली प्रदेशको अब हामीले भाग्य भविष्यको कोर्ने बजेट कार्यक्रमहरू हामी छलफलको अन्तिम चरणमा छौं तर सरकारले प्रस्तुत गरेको अर्थ विधेयकका सम्बन्धमा हामी चाहिँ अहिले छलफल गर्दै छौं । यो अर्थको प्रस्तावलाई कार्यन्वयन गर्नको निम्ति कर घटाउने बढाउने छुट दिनेलगायतका राजस्व प्रशासनका कामहरू यो अर्थ विधेयकले गर्छ । यसैमा हामी चाहिँ अत्यन्तै महत्त्वपूर्ण डकोमेन्ट हो यो हामीले वर्षमा हाम्रो प्रदेश सरकारले हाम्रो प्रदेश भरि रेबिनिउ कलेक्सन गर्छौं कस्तो प्रकारको कर चाहिँ बढाउछौं, कस्तो घटाउछौं विभिन्न प्रकारका कर जो हाम्रो प्रदेश सरकारको कार्यक्षत्रमा पर्छन स्थानीय सरकार र प्रदेश सरकार विशेष गरि हामीले त्यति धेरै त हाम्रो छैन हामीले आफ्नो रिभिन्यु पनि कलेक्सन गर्न सक्ने अबस्था छैन। अब अहिलेसम्मका वर्ष पनि १ अर्ब पनि हामीले पुऱ्याउन सकेका छैनौं १ वर्ष भने पछि हामी निकै सानो अर्थतन्त्रको साइजमा छौं । हाम्रो प्रदेश अब यसलाई कसरी बढाउने छ । अहिले हामीले गरिराहेको खर्च त वास्तवमा सङ्घीय सरकारकै ४ ओटा अनुदान प्राप्त बजेट बाटै गर्ने हो खर्च त्यसको प्रभाबकारी कार्यन्वयनको लागि नै यत्रो यति दिन खर्च गऱ्यौं यति दियौ अब यो स्वाभाविक थियो । राजस्व सङ्कलन कसरी गर्ने हो । अब केजरिवाल दिल्ली मैले अस्ति एउटा सानो सुन्या थिए सरकारले शिक्षा स्वास्थ्य फ्रि गऱ्या छ तर हिजोभन्दा आज सरकार फाइदामा छ। त्यहाँको चाहिँ यो के भन्छ अडिट जर्नरले एउटा रिपोर्ट निकाल्या रहेछ । सरकार फाइदा छ शिक्षा स्वास्थ्य निशुल्क गऱ्या र कसरी गऱ्योभन्दा खेरि उले सुशासन मैले दिल्लीमा सुशासन दिए त्यो सुशासनबाट प्राप्त जुन बचेको पैसा हो त्यो पैसा आज दिल्लीका जनतामा चाहिँ अ शिक्षा र स्वास्थ्य २ करोड जनतालाई चाहिँ शिक्षा स्वास्थ्य फ्रि गऱ्याछु र जनता पनि खुसि छन् भन्थ्यो । त्यस्तै हामीले पनि कसरी गर्ने होला पहिलो प्राथमिकता रिभिन्यु कलेक्सन हो र त्यसको व्यवस्थापन सुशासन नै हो हामीसँग प्राप्त पूँजिको उचित

व्यवस्थापन गर्नु सबभन्दा ठूलो कुरा भयो उचित कार्यन्वयन गर्नु सबभन्दा ठूलो कुरा भयो र अर्को चाहिँ हाम्रो प्रोडक्टिभ सेक्टरमा विशेष गरि हाम्रा मन्त्रालयहरू कृषि वन मन्त्रालय भयो अ हाम्रा यो जो जसले रेभिन्यूज जेनेरेट गर्न सक्छन् जसबाट चाहिँ हामी हाम्रो उत्पादनबाट हामीले चाहिँ आय राज्यले हाम्रो प्रदेशले आय उत्पादन गर्न सक्छ त्यतातिर हाम्रो खर्च लगानी गर्ने हामीले पनि चासो चिन्ता गर्ने नै हो जस्तो लाग्छ विशेष गरि अब यसमा घर जग्गा रजिस्टशन शुल्क अब स्थानीय सरकारले कलेक्शन गर्छन अब त्यहाँको विभागीय कोषमा जम्मा हुन्छ त्यहीँ चाहिँ ६० प्रतिशत उहाँले राख्ने ४० प्रतिशत हामीलाई दिने हो । अब त्यसको पनि अलिकतै मैले अस्ति पनि सुझाव दिया थिए सरकारलाई यसलाई पनि टाइम्ली आउने महिना महिनामा भन्ने हुन्छ ताईमलि आउने र सकेसम्म एउटा त्यो खालको विकास गरेर अब कलेक्शन पनि पारदर्शिक ढङ्गले हुने र हामी कहाँ आउने र उहाँहरका बस्ने राजस्व पनि चाहिँ अलि पारदर्शिक हुने ढङ्गले हामी चाहिँ सरकारले तयो विकास गरोस म चाहन्छु । सवारी साधन कर छ अब मैले त त्यो पढ्य पढ्दा खेरि खासै एक ठाउँ मात्र अलिकति ५०० रुपैया फरक पाए देखे मैले अरू चाहिँ गत वर्षकै कन्टिन्यु छ । हैन त्यसमा खासै हाम्रो धेरै त्यो सवारीको ट्रानजिसन पनि छैन वास्तवमा ट्रान्सपोटेसन सेक्टरमा पनि हामी त्यति प्रगति गर्न सक्या छैनौं । थोरै भकोबाट आउने पैसा होला अब मनोरञ्जन मनोरञ्जन कर पनि अब खासै मनोरञ्जनका क्षेत्र पनिसँग छैनन् हैन पर्यटन शुल्क भयो पर्यटन शुल्कबाट हामी ल्याउन सक्छौं तर त्यो पनि कर्णाली विकास गर्न सक्या चाँहि छैनौं हैन त्यसमा पनि अलि विकास गर्न सकिउ भने हाम्रो चाहिँ आयात पर्यटन क्षेत्रबाट बढ्न सक्ने सम्भाबना प्रवल यसलाई बढाउनु पर्ने हुन्छ । दहत्तर ७२ यो ढल्या पढेका काठ यस्तो यस्तोबाट आउन चाहने राजस्व पनि हामीले व्यवस्थित गर्न सक्या छैनौं वास्तवमा स्थानीय सरकारले पनि कलेक्सन गर्न नसक्ने यसमा आफ्नै खालका बेभदानहरू छन् यतातिर पनि सरकारले ध्यान दिएर त्यहाँबाट आउने ट्याक्सलाई पनि हामी अलिकति बढोतरी गर्ने त्यो पनि हाम्रो चाहिँ राजस्वको स्रोत ठूलो स्रोत हुन सक्छ यसलाई पनि पारदशि ढङ्गले कसरी कुन मेकानिज्मले जाँदा खेरि हामीले बढीभन्दा बढी राजस्व सङ्कलन गर्न कस्छौं यतातिर सरकारको ध्यान जावस् भन्न चाहन्छु । त्यस पछि साना तिना मैदान शुल्कहरू यो यही यस्तै यस्तै गर्ने र यसले विशेष गरि सरकारले यहाँभित्र भएका व्यवस्थापनको कार्यन्वयनका निम्ति ऐन केरे के भन्छ मापदण्ड बनाउन सक्ने निर्देशिका बनाउन सक्ने नियमावली कार्यविधिहरू बनाउन सक्ने अधिकार यसले प्रत्यायोजन गऱ्याछ । हैन त्यो गर्ने व्यवस्था यसको छ। त्यो भको नाताले पहिलो प्राथमिकता भनेको हाम्रो भएको वित्तीय व्यवस्थालाई वित्तीय सुशासन र अनुशासन चाहिँ व्यवस्थित गरोस सबैभन्दा त्यहीं रैछ ठूलो कुरा हाम्रो चाहिँ पुजीं विकासका निम्ति र पुजींको उचित पहिचान गर्नका निमित्त र हाम्रो प्राडक्भि हाम्रो चाहिँ भोलिको चाहिँ भविष्य हो । विकास दिगो विकासका लागि त्यो सबभन्दा सुशासन नै रहेछ

पारदशिकता नै रहेछ जवाफ देहिता नै रहेछ र त्यस पछि टयास रिभिन्युका क्षेत्रहरू दायराहरू फराकिलो बनाउने तिर सरकारले चाहिँ सोच्नु परो हैन अब यी यति थोरै अब मेरो विचारमा एउटा मन्त्रालयको साधारण खर्चसम्म पनि चलाउन धान्न नसक्ने खालको हाम्रो चाहिँ राजस्व छ । हाम्रो रिभिन्यु छ भनेपछि हामी त यति गरिब अबस्थामा छौं वास्तवमा डिडिभिको सानो हिस्सा मात्र हामीले देशको डिडिभि नै सानो छ । वास्तवमा हाम्रो अर्थतन्त्रको साईजै एक दमै सानो छ । त्यहीं सानो साईज पनि कर्णालीको त धेरै सानो कन्ट्रिव्युसन छ । धेरै सानो योगदान छ भने यो योगदानलाई बढोत्तरी गरेर अगाडि कसरी बढ्न सक्छौं र कर्णालीको दिगो विकास हाम्रो आफ्नो पैसा चाहिँ हामीले आफैं कसरी बनाउन सक्छौ । त्यतातिर चाहिँ सरकारले ध्यान दिनुपर्छ भन्ने मलाई चाहिँ आग्रह गर्दै विदा हुन्छु धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टले सभामा पेस गर्नु भएको कर्णाली प्रदेश आर्थिक विधेयक, २०७९ माथि माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहिलाई कर्णाली प्रदेश आर्थिक विधेयक, २०७९ माथि छलफल हुँदा  माननीय सदस्यहरूले उठाउँनु भएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिन समय दिन्छु ।

**मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीः-** माननीय सभामुख महोदय, छलफलमा जुन माननीयज्यूले उठाउँनु भएको छ वास्तवमा यो अत्यन्तै महत्त्वपूर्ण कुरा छ । हामीले हाम्रो राजस्वलाई वृद्धि कसरी गर्ने कहाँबाट हुन सक्छ कुन क्षेत्रबाट ल्याउन सकिन्छ । के-के कमीकमोजोरी हो त्यसलाई चाहिँ एउटा अन्तराष्ट्रिय दृष्टान्तमा दिएर पनि सुझाव दिनु भएको छ। त्यो सुझावको लागि धन्यवाद दिदै सरकार राजस्व वृद्धि गर्नको लागि बढोत्तरी गर्नको लागि लागि पर्ने छ भन्ने कुरा राख्दै मेरा भनाइ यही टुङ्गयाउँछु धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री विन्दमान विष्टले सभामा पेस गर्नु भएको कर्णाली प्रदेश आर्थिक विधेयक, २०७९ माथि छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीलाई सभामा पेस भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९ कर्णाली प्रदेश आर्थिक विधेयक, २०७९सहित आर्थिक वर्ष २०७९/०८० को समग्र बजेट पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीः-** माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतिले यस सभमा टेबुल भएर छलफल भइ सकेको कर्णाली प्रदेश विनियोजन विधेयक २०७९ कर्णाली प्रदेश आर्थिक विधेयक

२०७९सहित आ.व. २०७९/०८० को समग्र बजेट पारित गरियोस् भनी प्रस्ताव गर्दछु धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीले कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९ कर्णाली प्रदेश आर्थिक विधेयक, २०७९सहित आर्थिक वर्ष २०७९/०८० को समग्र बजेट पारित गरियोस् भनी राख्नु भएको प्रस्ताव निणार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला,

यो प्रस्ताव को विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस्,

हुन्न भन्ने आवाजभन्दा हुन्छ भन्ने आवाज प्रदेशसभामा उपस्थित सदस्य संख्याको बहुमत भएकाले कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९ कर्णाली प्रदेश आर्थिक विधेयक २०७९सहित आर्थिक वर्ष २०७९/०८० को समग्र बजेट बहुमतले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू अब यो बैठक २०७९ साल असार २९ गते बुधवार दिनको ३ बजेसम्मका लागि स्थतिग हुन्छ ।

## बैठक संख्या-२४

## (२०७९ साल असार २९ गते बुधबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको चौविसौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्याना आर्कषण गराउनु पर्ने समसामायिक तथा सर्वाजनिक सरोकारवालाहरूको विषयमा यथास्थानबाट आफ्ना भनाइ राख्न कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १६ बमोजिम विशेष समयको व्यवस्था गरेको छु । बोल्न चाहनु हुने माननीय सदस्यहरूले सभामुखको आसनको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूकोमा नाम टिपाउनुहोला । माननीय श्री नरेश भन्डारी । समयः५ मिनेट ।

**माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुख महोदय, यस सम्मानित सदनबाट पर्वतीय विश्वविद्यालय कसी रहेको सिंजा सभ्यता संरक्षण तथा विकास विधेयकलाई तुहाउन खोजियको र कर्णाली नवप्रर्वधन अन्बेसण तथा आबिस्कार प्रतिष्ठान विधेयकलाई बन्धक बनाउन खोजिएको अनुभूति भएको छ । आफ्नै आँखा अगाडि कर्णाली सम्वृद्धिका पिलरहरू ढलिरहेको दृश्य टुलुटुलु हेर्न कसरी सकिन्छ । शैक्षिक अँध्यारो विरुद्धको राको सल्काउनु सन १०८८ मा इटालिले गोलोनिया विश्वविद्यालय स्थापना गऱ्यो विश्वको पहिलो विश्वविद्यालय गोलोनिया विश्वविद्यालय स्थापना भएको करिब ८७१ वर्ष पछि मात्र नेपालले त्रिभुवन विश्वविद्यालय स्थापना गऱ्यो हाम्रो शैक्षिक अबस्था र इतिहास कति कहानी लाग्दो छ सहजै अनुमान गर्न सकिन्छ भारतमा हजार ३४ चीनमा १२७० अमेरिकाम ५३ सय विश्वविद्यालय र कलेजहरू छन झन्डै ८ लाख जनसंख्या भको भुटानमा नै ओटा विश्वविद्यालय छन । हामीभन्दा न्यून जनसंख्या भएको श्रीलंकामा १७ ओटा विश्वविद्यालय छन् हामीसँग १४ ओटा मात्र विश्वविद्यालय छ कर्णालीको अबस्था अझै दहनिय छ । जहाँ न्यून साक्षरता र साक्षरता छ त्यहीं कर्णालीमा प्रर्वतिय विश्वविद्यालय स्थापना गर्न प्रारम्भ गरिएका अनेक पहलमा अनेक बाधाहरू उत्पन्न भइराख्यका छन कुनै पनि देशको विकासको सूचकमा उच्च शिक्षमा अनुसन्धानको अबस्था पनि पर्दछ ८० वर्षमा मात्र अमेरिकाले १३ लाख ५० हजार अमेरिकनले पियचडि गरे भारत ले बरु वर्षिनि २० हजार अस्टेलियाले २७ हजार पियचडि अनुसन्धानदाता उत्पादन गर्ने कार्यक्रमको थालनि गरेको छ । पियचडि योसोसियनकाअनुसार पियचडि गर्न नेपालीको संख्या केवल ३५ सय मात्र छ । कर्णालीले ५०भन्दा कम पियचडि गरेका जनशक्ति मात्रै कर्णालीमा छन । त्योभन्दा ज्यादा उत्पादन गर्न सकेको छैन साक्षरता दर ज्यादै न्यून छ । उच्च शिक्षाको

अबस्था खासगरि उच्च प्रविधि शिक्षाको अबस्था झन् दहनिय अबस्था छ । लाजमर्दो तथ्य यो हो कि नेपालको पूरानो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयको एउटा पनि प्राविधिक आङ्गिक कलेज कर्णालीमा छैन यो जतिको विभेद र लल्जाको विषय अरू के हुन सक्छ । सुर्खेत जुम्ला र दैलेख बाहेक कर्णालीमा कुनै पनि प्राविधिक कलेज स्थापना गरिएको छैन । अप्राविधिक विषयमा चित्त बिझाउन कर्णाली बासीहरू निरन्तर विवस भइरहेका छन । माननीय सभामुख महोदय चन्द्र शमशेरले आजभन्दा करीब १०६ वर्ष अगाडि त्रिचन्द्र क्याम्पस स्थापना गर्दा रोहेका थिए । त्यो अबस्था र मनोदर्शा कर्णालीमा नहुनु पर्ने हो यदि यही हो भने त्योभन्दा अरू दुर्भाग्य अरू के हुने छैन । विश्वविद्यालय विधेयकलाई आजको यो अबस्थामा आउन करीब ढाईवर्ष लाग्यो यस सभाको कार्यकाल पूरा हुन ४ महिना मात्र बाकि छ । ढाईवर्षमा ८० प्रतिशत यात्रा गरेको विधेयकले ४ महिनामा कति यात्रा गर्न सक्ला । विधेयक समितिमा प्राप्त छलफल गरेर विधेयकमा आवश्यक परिमार्जन गर्न सकिने स्थिति हुँदा हुदै ८० प्रतिशत प्रकृया पूरा गरिसक्यको विधेयक फिर्ताको प्रस्ताव आउनुको अर्थ हो विधेयकको मिर्तु विश्वविद्यालय जम्माउने सम्भाबना अन्त्य यस अबस्थामा सरकार विश्वविद्यालय स्थापना गर्न चाहन्छ भनेर कसरी विश्वास गर्ने सरकार विधेयक पारित गर्न चाहिरहेको छैन भन्ने तर्कलाई सरकार आफैंले खन्डन गर्न सक्ने स्थिति छैन विधेयक फिर्ता लिने प्रस्ताव सरकारी प्रस्ताव अनपेक्षि दूरभाग्यपूर्ण र खेद जनक छ । सभामुख महोदय सिजा सभ्यता संरक्षण तथा विकास विधेयक मुलुक सङ्घीय व्यवसाहि स्थापना भए पश्चात प्रदेशसभाहरू मध्य दर्ता भएको पहिलो एतिहासिक गैरसहकारी विधेयक हो नेपालको मूल सभ्यता खस सभ्यता एवम् राष्ट्रिय भाषाको उदगम स्थल कर्णाली प्रदेशमा पर्दछ । यो हाम्रा लागि गैरबको विषय हो नेपालको मूल सभ्यताको विकास र प्रर्वधन गर्दै प्रयाप्त पर्यटक भित्र्याएयर कर्णालीमा सम्वृद्धि र खुसी हासिल गर्ने अबसर हामीलाई छ जुन अबसर अन्य प्रदेशहरूलाई छैन । कर्णाली सम्वृद्धि र स्वाभिमानको प्रतिक सिँजा सभ्यता तथा विकास विधेयक समितिबाट अगाडि बढ्न सकेको छैन । नयाँ वैज्ञानिक आविस्कारका क्रममा आफ्नो कर्ममा तल्लिन भइरहदा आफ्नो नाम विर्सिने वैज्ञानिक आविस्कार गर्ने क्रममा आफ्नो नाम विर्सने नेपाली र कर्णालीका थोमस अल्वा एडिसन चाहिएको छ । अब सरको अभावमा विदेशी भुमिमा आफ्नो बौद्धिकता खर्चिरहेका प्रतिभालाई कर्णालीको सम्वृद्धिमा उपयोग गर्ने उद्देश्य अनुरूप सचिवालयमा दर्ता भएको कर्णाली नवप्रर्वधन अन्वेषण तथा आविस्कार प्रतिष्ठान विधेयक सम्मानित सदनमा टेबुल नभएर थन्कियको छ । कर्णाली प्रदेशको मुहार फेर्न सक्ने यी तिन ओटा महत्त्वपूर्ण विधेयकहरू संविधानसँग बाझिन्छन्। यिनीहरूले सार्वभौम सत्ता कमजोर बनाउछन् पारित नहुँदा पारित हुँदा  राष्टिय अखण्डतामा आच आउँछ यो प्रश्न यस सम्मानित सदनमा सरकार र यो विधेयकको अबसानको कामना गर्ने र यो या त्यो ढङ्गले अप्रतक्ष्य र प्रत्यक्ष रूपमा संलग्न हुने सम्बन्धित पक्षलाई म यो प्रश्न गर्न चाहन्छु। र उद्घोस्

गर्न चाहन्छु विधेयक पारित गर्ने संवैधानिक कानूनी र प्रक्रियागत मार्ग अबरोध पारिन्छ भने निर्मम सङ्घर्ष बाहेक अर्को विकल्प रहने छैन। माननीय सभामुख महोदय मैले खुदका (सकौं माननीय सदस्य सकौं माननीय सदस्य) साथ भन्नै पर्दछ सदनका काम कार्यवाहीमा सहयोग गर्न असमर्थन

**माननीय सभामुखः-** माननीय श्री मिना सिंह रखाल

**माननीय श्री मिनासिंह रखालः-** सभामुख महोदय, हामी विकट प्रदेश यस कर्णाली प्रदशको जनता हुँ अथवा कर्णाली प्रदेशको नेतृत्व गर्ने अब व्यक्ति पनि हुँ हामीले हाम्रो कर्णाली प्रदेशलाई कृर्षिमा आत्मनिर्भर बनाउने भनेका छौं । हामीले हाम्रो कर्णाली प्रदेशमा भएका उत्पादनहरूलाई व्यापार व्यवसायमा लैजाने र कृर्षकहरूलाई सम्पन्न बनोउने भनेका छौं हामीले हाम्रो कर्णाली प्रदेशमा बाझै जग्गा राख्नु हुदैन पनि भनेका छौं र अधिकांश हाम्रो कर्णाली प्रदेशको कृर्षकहरू आफूसँग प्राप्त जग्जा नहुँदा पनि अर्काको खेतिपाति गरेर अर्काको अधिया पधिया गरेर खाने हामीसँग त्यस्ता कृर्षकहरू हुनुहुन्छ तर अहिले विगतबाट दैलेखमा वन्यजन्तु बनेल र बादरहरूले ती लगाएका खेतिहरू जौं, मकै लगाइन्छ । जहाँ खेत रोपिन्छ । जहाँ कोदो लगाइन्छ । वर्षै पिच्छे ती कृर्षकहरूको ती अन्न बाली नोक्सान गरेर सम्बन्धित कृर्षकहरूले त्यसबाट भएको उत्पादन पनि लाभ पाउनु भएको छैन र त्यसको प्रकृया यति जटिल रहेछ कि जब कृर्षकहरूले आफ्नो बालीनाली नोक्सान गरेको वापद निवेदन दिनु परेको भनी वडाको सिफारिसबाट लिएर प्रशासनमा जानु पर्ने र फोटोसहित बनाउनुपर्ने र बालिनालीको फोटोसहित बनाएर लगिसके पछि जतिनै उसको खर्च एक त गाउँबाट उनिहरू सदरमुकाम जाँदाखेरि अथवा पालिकामा जाँदा खेरि पनि यातायातको कारणले उनिहरूको त्यतिकै पैसा अथवा ती पैसाहरू खर्च हुने र त्यसमा एक दिन मात्रै नभएर तिन चार दिन लाग्न पर्ने र त्यसमा पनि त्यहाँको समितिको बैठक बसेर मात्रै तिन हजारबाट लिएर ५ हजार चाहिँ दिने तर उसको जतिनै खर्च भए पनि त्यो राजनीतिक कृर्षकहरूलाई आम्दानीको सट्टा उल्टो खर्च भएकोदेखिन्छ । र ती कृर्षकहरूले वर्षै पिच्छे आफ्नो खेति नोक्सान भएको बारेमा थुप्रै निबेदनहरू दिईसक्दा पनि उहाँहरूले त्यहाँबाट राहत पाउनु भएन ३ हजार ४ हजार दिएको के लिने भनेर तर पनि लिन नसकेको अबस्था छ । सभामुख महोदय, म के भन्न चाहन्छु भने ती कृषकहरूको कति नोक्सानी भएको छ त्यसको अनुगमन त्यसको डाटा सङ्कलन गरेर पैसा हैन कि उहाँलाई चाहिँ अन्न नै दिनुपर्छ र मात्रै ती कृर्षकहरू ती वन्यजन्तुको आक्रमणबाट अलिकति राहत हुन्छ जस्तो मलाई लाग्छ । दैलेखको भैरवी गाउँ पालिकाकोमा २ ओटा वडामा त्यस्तै ती वन्यजन्तुको आक्रमणबाट ती किसानहरू दुःखी छन् भने नारायण नगरपालिकाको १ नम्बर र ९ नम्बर त्यस्तै माहाबु गाउँपालिकाको २ नम्बर र ३ नम्बर अहिले पनि धान रोप्न सकेनन् बिउहरू ती बन्यजन्तुबाट कुचेर उखलिएर फालेर अहिले जो मकै पसाई राख्याछ, ती मकैहरू पनि त्यस्तै किसिमले नोक्सान

भएको छ र उहाँहरूले ती राहत लिन जाँदा खेरि आम्दानीभन्दा पनि बढी खर्च देखिने भएको हुनाले उहाँहरू पालिकासम्म पनि पुग्न नसकेको अबस्था छ । त्यसैले म सरकारसँग सभामुख महोदयबाट के भन्न चाहन्छछु भने सरकाले यदि हारात उपलब्ध गराउनु छ भने त्यसलाई सहज र सरल तरिकाले उपलब्ध गराइयोस् मात्रै अनि किसानहरूले वर्षै दिन भरि गराएका आफ्ना अन्न उत्पादनको केही राहत दिन सक्छ भन्ने कुराहरू म राख्दै बिदा हुन्छु, हवस् धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू विशेष समयमा बोल्ने माननीय सदस्यहरूको बोल्ने क्रम समाप्त भएको व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू सभाको विशेष समयमा माननीय सदस्यहरूले उठाउँनु भएका समसामयिक तथा सार्वजनिक सरोकारका विषयहरूमा सम्बन्धित मन्त्रीले कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १६ को उपनियम २ बमोजिम ७ दिनभित्र सभालाई जवाफ दिन रुलिङ्ग गर्दछु। माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारकातर्फबाट सभामा पेस भएको कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक माथि संशोधन प्रस्ताव परी सामाजिक विकास समितिमा छलफल भए पश्चातका निर्णय र प्रतिवेदन कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १२६ बमोजिम सभासमक्ष पेस गर्न समितिका सभापति माननीय श्री देवी ओलीलाई समय दिन्छु ।

**सामाजिक समितिका सभापति माननीय श्री देवी ओलीः-** माननीय सभामुखज्यू कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक, २०७७ प्रदेशसभा सचिवालयमा मिति २०७७ साल कार्तिक २१ गते शुक्रवारका दिन दर्ता भएको थियो। मिति २०७८ साल वैशाख १४ गते मंगलवार दिन सभामा टेबुल भएको थियो भने ०७८ साल माघ २६ गते बुधवारका दिन सैद्धान्तिक छलफल भएको थियो। मिति २०७८ साल फगुन १८ गते बुधवारका दिन प्रदेशसभाको नबैं अधिवेशनको ११ औं बैठकको निग्रनयअनुसार कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक, २०७७ माथि प्राप्त संशोधनसहित दफावार छलफल गरि समितिको निर्णयसहितको प्रतिवेदन सभामा पेस गर्न यस समितिकोमा प्राप्त भएको थियो । यस विधेयक माथि संशोधन प्रस्तावसहित छलफल गरिएको थियो यस विधेयकमा माननीय सिता कुमारी नेपालीले संशोधनको प्रस्ताव राख्नु भएको थियो। कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक, २०७७ माथि छलफलका क्रममा माननीय सदस्यज्यूहरूले आफ्ना बिचार राख्ने क्रम समाप्त भए पछि सो विधेयक टेबुल गर्नु भएका माननीय मन्त्रीज्यू संशोधनको सूचना दर्ता गराउनु भएका माननीय सदस्यज्यू सम्बन्धित मन्त्रालयका सचिवज्यू र कर्मचारी ज्यूहरू समेत वृहत छलफल गरिएको थियो । उक्त छलफलमा सक्रिय रूपमा सहभागी हुनुहुने समितिका माननीय सदस्यज्यूहरू संशोधन प्रस्तावकर्ता माननीय सदस्यज्यू, माननीय मन्त्रीज्यू, छलफलमा सहभागू हुनुहुने मन्त्रालयका कर्मचारीज्यूहरू

सहकारी रजिस्टार कार्यालयका प्रमुख तथा कर्मचारीहरू प्रदेशसभा सचिवज्यू समिति सचिवज्यू लगाएत सचिवालयका सबै कर्मचारीज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यसै गरि समितिको काम कार्यवाहीको सन्दर्भमा मार्ग दर्शन आवश्यक निर्देशन र समन्वयय तथा सदभाव प्रकट गर्नु हुने माननीय सभामुखज्यू र उपसभामुखज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । माननीय सभामुखज्यू समितिमा प्राप्त प्रस्तावित संशोधन माथि छलफल गर्ने क्रममा राय सुझावहरू र विधेयकको मनसाय आवश्यकता महत्त्व भविस्यको प्रभावकारिता र असरलाई ध्यानमा राखि घनीभूत रूपमा छलफल गरिएको थियो । सोहि छलफलका आधारमा देहायबमोजिम क्रमसंख्या १ देखि ४सम्म रहेको संशोधन प्रस्तावसहितको प्रतिवेदनसहितको मिति २०७९ साल असार ५ गते आइतवारको १०९ औं बैठकबाट पारित गरि प्रदेशसभामा पेस गर्ने सर्वसम्मत निर्णय भएबमोजिम यो प्रतिवेदन सम्मानित सभासमक्ष पेस गर्दछु धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारकातर्फबाट सभामा पेस भएको कृर्षि व्यवसाहाय प्रबृदन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि संशोधन प्रस्ताव परि समाजिक विकास समितिमा छलफल भए पश्चातका निर्णय र प्रतिवेदन कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १२६ बमोजिम सभासमक्ष पेस गर्न समितिका सभापति माननीय श्री देवी ओली समय दिन्छु ।

**सामाजिक विकास समितिका सभापति माननीय श्री देवी ओलीः-** माननीय सभामुखज्यू कृर्षि व्यवसाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ प्रदेशसभा सचिवालयमा मिति २०७७ साल चैत १ गते शुक्रवार दिन दर्ता भएको थियो मिति २०७८ साल वैशाख १४ गते मंगरबार सभामा टेबुल भएको थियो भने २०७८ साल माघ २७ गते बिहीवारका दिन सैद्धान्तिक छलफल भएको थियो । मिति २०७८ साल फागुन १९ गते बुधवारका दिन प्रदेशसभाको ९ औं अधिवेशनको १२ औं बैठकको निर्णयअनुसार कृर्षि व्यवसाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि संशोधन प्रस्तावसहित दफावार छलफल गरि समितिको निर्णयसहितको प्रतिवेदन सभामा पेस गर्न यस समितिमा प्राप्त भएको थियो यस विधेयक माथि संशोधन प्रस्तावसहित छलफल गरिएको थियो । यस विधेयकमा माननीय सिता कुमारी नेपालीले संशोधन प्रस्ताव राख्नु भएको थियो । कृर्षि व्यवसाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि छलफलका क्रममा माननीय सदस्यज्यूहरूले आफ्ना बिचार राख्ने क्रम समाप्त भएपछि सो विधेयक टेबुल गर्नु भएका माननीय मन्त्रीज्यू संशोधनको सूचना दर्ता गराउनु भएका माननीय सदस्यज्यू, सम्बन्धित मन्त्रालयका सचिवज्यू र कर्मचारीज्यू समेत वृहत छलफल गरिएको थियो । उक्त छलफलमा सक्रिय रूपमा सहभागी हुनुहुने समितिका माननीय सदस्यज्यूहरू, संशोधन प्रस्ताव कर्ता माननीय सदस्यज्यू, माननीय मन्त्रीज्यू, छलफलमा सहभागी मन्त्रालय कर्मचारीज्यूहरू, प्रदेशसभा सचिवालय सचिवज्यू, समिति सचिवज्यू, लगायत सचिवालयका सबै

कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसै गरि समितिको काम कार्यवाहीको सन्दर्भमा मार्ग दर्शन, आवश्यक निर्देशन र समन्वय सद्भाव प्रकट गर्नु हुने माननीय सभामुखज्यू र उपसभामुखज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । माननीय सभामुखज्यू समितिमा प्राप्त प्रस्तावित संशोधन माथि छलफल गर्ने क्रम राय सुझावहरू र विधेयकको मनसाय, आवश्यकता, महत्त्व भविष्यको प्रभाचकारिता र असरलाई ध्यानमा राखि घनीभूत रूपमा छलफल गरिएको थियो । सोहि आधारमा देहाय बोमोजिमका क्रम संख्या १ देखि ३६सम्म रहेको संशोधन प्रस्तावसहितको प्रतिवेदन समितिको मिति २०७९ साल असार २७ गते सोमवारको ११८ औं बैठकबाट पारित गरि प्रदेशसभामा पेस गर्न सर्वसम्मत निर्णय भएबमोजिम यो प्रतिवेदन सम्मानित सभासमक्ष पेस गर्दछु धन्यवाद !

**माननीय सभामुखः**- माननीय सदस्यहरू अब यो बैठक २०७९ साल असार ३१ गते शुक्रवार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

## बैठक संख्या-२५
## (वि.सं. २०७९ साल ३१ गते शुक्रबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको पच्चिसौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय ... के होला माननीय सदस्य ?

**माननीय श्री नरेश भण्डारीः** माननीय सभामुखज्यू,

**माननीय सभामुखः** के होला ? के विषयमा होला माननीय सदस्य ?

**माननीय श्री नरेश भण्डारीः** जरुरी सार्वजनिक महत्त्वको विषयमा हो सभामुख महोदय ।

**माननीय सभामुखः** पहिले अनुमति लिऔं माननीय सदस्य ।

**माननीय श्री नरेश भण्डारीः** अनुमति चाहन्छु सभामुखज्यू ।

**माननीय सभामुखः** ल एक मिनेटमा राख्नुस् ।

**माननीय श्री नरेश भण्डारीः** जुम्लाको हिमा गाउँपालिकामा गएको पहिरोमा ज्यान गुमाउने नागरिकहरू प्रति श्रद्धाञ्जली अर्पण गर्दछु । साथै राहतको व्यवस्था गर्न सरकारलाई अनुरोध गर्दछु । व्यवस्था परिवर्तनका लागि प्राणको आहुती दिने शहिदहरूको सम्मान र स्मृतिमा व्यवस्था गरिएको सहिद स्मृति भत्ता तथा घाइते अपाङ्ग तथा जीवन निर्वाह भत्ता किन वितरण नभएर फ्रिज गराईयो ? सिंजा सभ्यता र पर्वतीय विश्वविद्यालय विधेयक सामाजिक विकास समितिमा ६ महिनादेखि थन्क्याईएको छ । त्यस्तै आविस्कार विधेयक टेबुल हुन नसकेर संसद् सचिवालयमा थाँती रहेको छ । सदनलाई सरकारको छायाँको रूपमा स्थापित गर्ने तर्कका कारण उल्लिखित विधेयकको भविश्य अन्योलग्रस्त बनेको छ । विधेयकहरू प्रक्रियामा अगाडि बढाउन सदन मार्फत् माननीय सभामुखज्यूको ध्यान आकार्षण गर्दछु । उल्लिखित विषयहरूउपर सरकारको जवाफको माग गर्दछु । धन्यवाद !

**माननीय सभामुखः** के होला माननीय सदस्य ? एक मिनेटमा राखौं ।

**माननीय श्री गोपाल शर्माः** माननीय सभामुख महोदय, मौसमी वातावरणको कारणले रुकुम पश्चिममा नियमित विद्युत् आपूर्तिमा समस्या भइरहेको छ । यस्तो अबस्थामा जिल्ला अस्पताल रुकुम पश्चिममा वैकल्पिक व्यवस्थापन नहुँदा त्यहाँका विरामीहरूले एकदमै सास्ती व्यहोरी राखेका छन् । दुई/दुई ओटा अस्पतालमा दुई/दुई ओटा जेनेरेटर राखिएको छ । तर, तिनलाई विग्रीएको अबस्थामा छ भनेर चलाइदैंन । सम्पूर्ण सिस्टमहरू कम्प्यूटरमा राखिएको छ । त्यो कम्प्यूटर नचल्दाखेरी नाम दर्तादिखि रिपोर्ट निर्माणसम्मको काम अबरुद्ध छ । ल्याब सञ्चालन छैन । र जटिल अप्रेशन आदी इत्यादीका कुराहरू समेत यसले प्रभावित गरिराखेको छ । महिनौंसम्म यो समस्या विरामीले भोगिराखेका छन्, सेवाग्राहीले भोगिराखेका छन् । अस्पतालमा सिनियर मेडिकल अधिकृतहरू हुँदाहुँदै जुनियर व्यवस्थापकले अस्पताल समेतको नेतृत्व गरिराखेका छन् ।

अस्पताल अस्तव्यस्त छ । व्यवस्थापकको ध्यान अन्तै व्यवस्थापन तिर छ । तत्काल त्यतातिर सरकारको किन ध्यान पुगिराछैन ? महिनौंदेखि यो समस्या भोगिराछन् विरामीहरूले । यसतर्फ सरकारको तत्काल ध्यान गएर त्यो समस्या समाधान होस् । सरकारको म ध्यानाकर्षण गराउन चाहन्छु माननीय सभामुखमार्फत् । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, प्रदेश प्रमुखको कार्यालयबाट विधेयक प्रमाणीकरणसम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्रको व्यहोरा वाचन गरेर सुनाउँछु ।

श्री प्रदेशसभा सचिवालय, कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेत ।

विषयः विधेयक प्रमाणिकरण गरी पठाएको ।

उपरोक्त सम्वन्धमा प्रदेशसभा सचिवालय कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेतको पत्र संख्या २०७८/०७९ च.नं. ३८९ मिति २०७९/०३/२८ गतेको पत्रसाथ प्राप्त कर्णाली प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक र आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यका लागि कर्णाली प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई नेपालको संविधानको धारा २०१ को उपधारा २ बमोजिम माननीय प्रदेश प्रमुख तिलक परियारज्यूबाट मिति २०७९ साल असार २९ गते प्रमाणिकरण गर्नुभएको विधेयकको प्रमाणित प्रति थान १/१ यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

भिमराज थानी
निमित्त सचिव
मितिः २०७९/०३/२९

माननीय सदस्यहरू, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट थप कार्यभारसम्वन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्रको व्यहोरा वाचन गरेर सुनाउँछु ।

श्री प्रदेशसभा सचिव
प्रदेशसभा सचिवालय, कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेत ।

विषयः थप कार्यभार सम्वन्धमा ।

माननीय आर्थिक मामिला तथा योजना मन्त्री विन्दमान विष्ट मिति २०७९/०३/२७देखि स्वास्थ्य उपचारका लागि काठमाण्डौ जानु भएकाले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको आथिृक मामिला तथा योजना मन्त्रालयको कार्यभार माननीय मुख्यमन्त्रीज्यूले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

राजकुमार श्रेष्ठ
प्रमुख सचिव

माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारकातर्फबाट सभामा पेस भएको मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि संशोधन प्रस्ताव परि प्रदेश मामिला समितिमा छलफल

भए पश्चातका निर्णय र प्रतिवेदन कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १२६ बमोजिम सभासमक्ष पेस गर्न समितिको सभापति माननीय श्री दानसिंह परियारलाई समय दिन्छु ।

**माननीय श्री दानसिंह परियारः** माननीय सभामुख महोदय, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेशसभा सचिवालयमा मिति २०७८ चैत १० गते दर्ता भइ मिति २०७८ चैत २१ गते कर्णाली प्रदेशसभामा छलफलको लागि टेबुल भएको थियो । मिति २०७८ चैत २१ गते प्रदेशसभाको बैठकमा भएको सैद्धान्तिक छलफलपछि संशोधन प्रस्ताव आब्हान भएकोमा ४ जना माननीय सदस्यहरूले त्यस विधेयकमा संशोधन प्रस्ताव दर्ता गराउनु भएको थियो ।

विधेयकमाथि माननीय सदस्यहरूको संशोधन पछि मिति २०७८ चैत २५ गते बसेको प्रदेशसभाको निर्णयअनुसार मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि प्राप्त संशोधनसहित दफावार छलफल गरि समितिको निर्णयसहितको प्रतिवेदन प्रदेशसभामा पेस गर्न यस समितिलाई उक्त विधेयक प्राप्त भएको थियो । यसमा संशोधनकर्ता माननीय गुलावजंग शाह, माननीय दल रावल, माननीय पद्मा खड्का, माननीय राजु नेपाली समेतको सहभागितामा दफावार छलफल गर्नको लागि मिति २०७९ जेठ २३ गते, असार २१ गते, २७ गते, २८ गते गरी जम्मा ४ पटक समितिको बैठक वसी संशोधन प्रस्तावमाथि व्यापक छलफल गरिएको थियो ।

साथै सो विधेयक टेबुल गर्नुभएका माननीय आन्तरिक मामिला तथा कानून मन्त्री, संशोधन प्रस्ताव दर्ता गराउनुभएका माननीय सदस्यज्यूहरू, मुख्य न्यायाधिवक्ता, मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयका कानून सचिव, सह–न्यायाधिवक्ता,लगायतका व्यक्तिसमेत समितिको बैठक कक्षमा गहन छलफल गरिएको थियो । छलफलको क्रममा माननीय सदस्यहरूको सहभागिताको निकै सक्रिय सहभागिता रहेको थियो । समितिमा भएको छलफलबाट प्राप्त सुझावलाई महत्त्वका साथ ग्रहण गरिएको छ । विधेयकउपर समितिका माननीय सदस्यहरूले व्यापक छलफल गरि मिति २०७९ असार २८ गतेको बैठकबाट सर्वसम्मतिले भएको निर्णय विधेकको अंग हुनेगरी प्रतिवेदनसहित कर्णाली प्रदेशसभामा पेस गर्ने निर्णय गरिएको थियो ।

उक्त छलफलमा सक्रिय रूपमा सहभागी हुनुभएका माननीय आन्तरिक मामिला तथा कानून मन्त्री, समितिका माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्यहरू, मुख्य न्यायाधिवक्ता, कानून सचिव, सह–न्यायाधिवक्ता लगायत सक्रिय भूमिका निभाउनु भएका सम्पूर्णसम्बन्धीत मन्त्रालयका कर्मचारीहरूप्रति आभार प्रकट गर्न चाहन्छु । यस क्रममा विभिन्न सल्लाह सुझाव प्रदान गर्नुहुने कर्णाली प्रदेशसभाका प्रदेशसभा सचिव, उपसचिवलाई धन्यवाद दिन चाहन्छु । साथै बैठक सञ्चालन तथा व्यवस्थापन गर्न र विधेयकको

प्रतिवेदन तयार गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने समिति सचिवलगायत सचिवालयका कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । समितिको काम कारवाहीका सन्दर्भमा मार्गदर्शन, आवश्यक निर्देशन र समन्वय तथा सहयोग प्रदान गर्नुहुने माननीय सभामुख, माननीय उपसभामुख ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

सभामुख महोदय, समितिमा प्राप्त प्रस्तावित संशोधनमाथि छलफल गर्ने क्रममा राय, सल्लाह, सुझाव र विधेयकको मनसाय आवश्यकता महत्त्व र प्रभावकारितालाई ध्यानमा राखी गहन छलफल गरिएको थियो । सोही आधारमा देहाय बमोजिमको क्रम संख्या १ मा रहेको संशोधन प्रस्तावसहितको प्रतिवेदन समितिको मिति २०७९ साल असार २८ गते मंगलवार यस समितिको ५२ औं बैठकबाट पारित गरी प्रदेशसभामा पेस गर्ने सर्वसम्मत निर्णय भए बमोजिम यो प्रतिवेदन सम्मानित कर्णाली प्रदेशसभामा पेस गर्न चाहन्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारकातर्फबाट सभामा पेस भएको प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि संशोधन प्रस्ताव परी प्रदेश मामिला समितिमा छलफल भए पश्चातका निर्णय र प्रतिवेदन कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२६ बमोजिम सभासमक्ष पेस गर्न समितिका सभापति माननीय श्री दानसिंह परियारलाई समय दिन्छु ।

**माननीय श्री दानसिंह परियारः** माननीय सभामुख महोदय, प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेशसभा सचिवालयमा मिति २०७८ चैत ४ गते दर्ता भइ मिति २०७८ चैत २१ गते कर्णाली प्रदेशसभामा छलफलका लागि टेबुल भएको थियो । मिति २०७८ चैत २१ गते प्रदेशसभाको बैठकमा भएको सैद्धान्तिक छलफलपछि ७२ घण्टाको समय सीमासहित संशोधन प्रस्ताव आव्हान् भएकोमा ४ जना माननीय सदस्यले यस विधेयकमा संशोधन प्रस्ताव दर्ता गराउनुभएको थियो । विधेयकमा माननीय सदस्यहरूको संशोधन परेपछि मिति २०७८ चैत २५ गते बसेको प्रदेशसभाको बैठकको निर्णयअनुसार प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि प्राप्त संशोधनसहित दफावार छलफल गरी समितिको निर्णयसहितको प्रतिवेदन प्रदेशसभामा पेस गर्न यस समितिलाई उक्त विधेयक प्राप्त भएको थियो । यस विधेयकमा संशोधनकर्ता माननीय गुलावजंग शाह, माननीय दल रावल, माननीय पद्मा खड्का, माननीय राजु नेपाली समेतको सहभागितामा विधेयकको संशोधन प्रस्तावमा छलफल गरियो । यस विधेयकको छलफल गर्न मिति २०७९ असार २ गते, ३ गते, ११ गते, १२ गते, १७ गते, ३० गते र ३१ गते गरी जम्मा ७ पटक समितिको बैठक वसी संशोधन प्रस्तावमा व्यापक छलफल गरिएको थियो ।

साथै यो विधेयक टेबुल गर्नुभएका माननीय आन्तरिक मामिला तथा कानून मन्त्री, संशोधनको प्रस्ताव दर्ता गराउनुभएका माननीय सदस्यज्यूहरू, कर्णाली प्रदेशसभाका कानून सचिव, सचिव, प्रदेश लोकसेवा आयोगका सचिवलगायतका व्यक्तीहरूसँगसमेत बैठक

कक्षमा गहन छलफल गरिएको थियो । छलफलको क्रममा माननीय सदस्यज्यूहरूको र सहभागीहरूको सक्रिय सहभागिता रहेको थियो । समितिमा भएको छलफलबाट प्राप्त सुझावहरूलाई महत्त्वका साथ ग्रहण गरिएको छ । विधेयकउपर समितिका माननीय सदस्यहरूले व्यापक छलफल गरी मिति २०७९ असार ३१ गते विहानको बैठकबाट बहुमतले भएको निर्णय विधेयकको अंग हुनेगरी प्रतिवेदनसहित कर्णाली प्रदेशसभामा पेस गर्ने निर्णय गरिएको छ । प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथिको छलफलमा सक्रिय रूपमा सशभागी हुनुभएका माननीय आन्तरिक मामिला तथा कानून मन्त्री, समितिका माननीय सदस्यहरू, संशोधनकर्ता माननीयहरू, माननीयज्यूहरू, प्रदेशसभाका सचिवलगायत सक्रिय भूमिका निभाउनु भएकासम्बन्धीत मन्त्रालयका कर्मचारीहरू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

यसक्रममा विभिन्न सल्लाह सुझाव प्रदान गर्नुहुने कर्णाली प्रदेशसभाका प्रदेशसभा सचिव, उपसचिवलाई धन्यवाद दिन चाहन्छु । साथै बैठक सञ्चालन तथा व्यवस्थापन गर्न, विधेयकको प्रतिवेदन तयार गर्न महत्पूर्ण भूमिका निर्वाह गर्ने समिति सचिवलगायत सचिवालयका कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । समितिको काम कारवाहीको सन्दर्भमा मार्ग निर्देशन, आवश्यक निर्देशन र समन्वय तथा सहयोग प्रदान गर्नुहुने माननीय सभामुख, माननीय उपसभामुखज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

सभामुख महोदय, समितिमा प्राप्त प्रस्तावित संशोधनमाथि छलफल गर्ने क्रममा प्रचलित कानुनी व्यवस्था, राय, सुझाव र विधेयकका मनशाय, आवश्यकता र महत्त्व, दूरदर्शिता र संवेदनशिलतालाई समेतलाई ध्यानमा राखी गहन छलफल गरिएको थियो । सोही आधारमा देहाय बमोजिमको क्रम संख्या १ मा रहेको संशोधन प्रस्तावसहितको प्रतिवेदन यस समितिको मिति २०७९ साल असार ३१ गते शुक्रवारको ५५ औं बैठकबाट पारित गरी प्रदेशसभामा पेस गर्ने बहुमतले निर्णय भए बमोजिम यो प्रतिवेदन सम्मानित कर्णाली प्रदेशसभासमक्ष पेस गर्दछु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारकातर्फबाट सभामा पेस भएको प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि संशोधन प्रस्ताव परि प्रदेश मामिला समितिमा छलफल भए पश्चातका निर्णय र प्रतिवेदन कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १२६ बमोजिम सभासमक्ष पेस गर्न समितिका सभापति माननीय श्री दानसिंह परियारलाई समय दिन्छु ।

**माननीय श्री दानसिंह परियारः** माननीय सभामुख महोदय, प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेशसभा सचिवालयमा मिति २०७८ चैत ४ गते दर्ता भइ मिति २०७८ चैत २१ गते कर्णाली प्रदेशसभामा छलफलका लागि टेबुल भएको थियो । मिति २०७८ चैत २१ गते प्रदेशसभाको बैठकमा भएको सैद्धान्तिक छलफलपछि संशोधन प्रस्ताव

आव्हन भएकोमा ४ जना माननीय सदस्यहरूले यो विधेयकमा संशोधनको प्रस्ताव दर्ता गराउनुभएको थियो । विधेयकमा माननीय सदस्यहरूको संशोधन परेपछि मिति २०७८ चैत २५ गते बसेको प्रदेशसभाको निर्णयअनुसार प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि प्राप्त संशोधनसहित दफावार छलफल गरी समितिको निर्णयसहितको प्रतिवेदन प्रदेशसभामा पेस गर्न यस समितिलाई उक्त विधेयक प्राप्त भएको थियो ।

यस विधेयकमा संशोधन प्रस्तुतकर्ता माननीय गुलावजंग शाह, माननीय दल रावल, माननीय पद्मा खड्का, माननीय राजु नेपाली समेतको सहभागितामा विधेयकमाथि दफावार छलफल गर्नको लागि मिति २०७९ जेठ २३ गते, २९ गते, ३० गते, ३१ गते, असार १७ गते र २६ गते गरी जम्मा ६ पटक समितिको बैठक वसी संशोधन प्रस्तावमाथि व्यापक छलफल गरिएको थियो । साथै यो विधेयक टेबुल गर्नुभएका माननीय आन्तरिक मामिला तथा कानून मन्त्री, संशोधनको प्रस्ताव दर्ता गराउनुभएका माननीय सदस्यज्यूहरू, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका कानून सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव, प्रदेश लोकसेवा आयोगका सचिवलगायतका व्यक्तिहरूसँग समेत समितिको बैठक कक्षमा गहन छलफल गरिएको थियो । छलफलको क्रममा माननीय सदस्यज्यूहरूको र सहभागिहरूको चाहिँ सक्रिय भूमिका सहभागिता रह्यो ।

समितिमा भएको छलफलबाट प्राप्त सुझावलाई महत्त्वको साथ ग्रहण गरिएको छ । विधेयकउपर समितिका माननीय सदस्यहरूले व्यापक छलफल गरी मिति २०७९ असार २६ गतेको बैठकबाट सर्वसम्मतिले भएको निर्णय विधेयकको अंग हुनेगरी प्रतिवेदनसहित कर्णाली प्रदेशसभामा पेस गर्ने निर्णय गरिएको थियो । उक्त छलफलमा सक्रिय रूपमा सहभागी हुनुभएका माननीय आन्तरिक मामिला तथा कानून मन्त्री, समितिका माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्यहरू, प्रदेशसभाका सचिवहरू, लगायत सक्रिय भूमिका निभाउनुभएकासम्बन्धीत मन्त्रालयका कर्मचारीहरू प्रति आभार प्रकट गर्न चाहन्छु ।

यस क्रममा विभिन्न सल्लाह सुझाव प्रदान गर्नुहुने कर्णाली प्रदेशसभाका प्रदेशसभा सचिव र उपसचिवलाई धन्यवाद दिन चाहन्छु । साथै बैठक सञ्चालन तथा व्यवस्थापन गर्न, विधेयकको प्रतिवेदन तयार गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने समितिका सचिवलगायत सचिवालयका कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । समितिको काम कारवाहीको सन्दर्भमा मार्ग निर्देशन, आवश्यक निर्देशन र समन्वय तथा सहयोग प्रदान गर्नुहुने माननीय सभामुख र माननीय उपसभामुखज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

सभामुख महोदय, समितिमा प्राप्त प्रस्तावित संशोधनमाथि छलफल गर्ने क्रममा प्रचलित कानुनी व्यवस्था, राय, सुझाव र विधेयकका मनशाय, आवश्यकता र महत्त्व, दूरदर्शिता र संवेदनशिलतालाई समेतलाई ध्यानमा राखी गहन छलफल गरिएको थियो ।

सोही आधारमा देहाय बमोजिमको क्रम संख्या १ मा रहेको विधेयकमा कुनै संशोधन नगर्ने निर्णय यस समितिको मिति २०७९ साल असार २६ गते आइतवारको ५१ औं बैठकबाट पारित गरी प्रदेशसभामा पेस गर्ने सर्वसम्मतिले निर्णय भए बमोजिम यो प्रतिवेदन सम्मानित कर्णाली प्रदेशसभासमक्ष पेस गर्दछु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीलाई कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्वन्धमा कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १२८ को उपनियम २ को खण्ड (क) बमोजिम सामाजिक विकास समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीः** माननीय सभामुखज्यू, सम्मानित सभामा प्रदेश सरकारकातर्फबाट पेस भएको कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र सामाजिक विकास समितिमा छलफल भइ सभामा प्राप्त भएकोले कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२८ को उपनियम २ को खण्ड (क) बमोजिम प्रतिवेदनसहित विधेयकमाथि सभामा छलफल गरियोस् भनी प्रस्ताव गर्दछु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीले कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी राख्नुभएको प्रस्ताव सभाको स्वीकृतिका लागि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला ।

र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

**माननीय सदस्यहरूः** हुन्छ ।

**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीले कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभाको स्वीकृतिका लागि राख्नुभएको प्रस्ताव सभाको सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब सामाजिक विकास समितिको प्रतिवेदनसहितको कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्वन्धी विधेयकका दफाहरू तथा आनुषाङ्गिक अन्य

दफाहरूमा मात्र छलफल गर्न सकिने व्यहोरा पनि माननीय सदस्यहरूलाई जानकारी गराउँछु । छलफल आजै समाप्त हुने भएकाले माननीय सदस्यहरूले आ-आफ्नो नाम सभामुखको डयाँससँगै वसेका कर्मचारीहरूलाई उपलब्ध गराईदिनुहोला । सर्वप्रथम माननीय श्री मिनासिंह रखाल । समयः ७ मिनेट ।

**माननीय श्री मिनासिंह रखालः** सभामुख महोदय, कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ को प्रतिवेदनसम्बन्धी म साधारण छलफलमा सहभागी भइरहेको छु । र निर्णयार्थ पनि पास भएको छ । यसमा मेरो सानो टिप्पणी के छ भने हामीले यो प्रतिवेदन पेस गरिसक्नुभन्दा पनि अगाडि समितिले यो विधेयकमाथि व्यापक छलफल गरेर संशोधनकर्ताहरूलाई पनि बोलाएर मन्त्रालयको सचिवलाई पनि बोलाएर विभिन्न माननीयज्यूहरू पनि यहाँ सहभागी भएर लिएर आएको यो प्रतिवेदन हो । र यो प्रतिवेदनले कानून बन्नमा मद्दत गरेको छ । र कानून पनि हामीले आवश्यकता भएको अथवा आवश्यकता नभएका कुराहरू राख्यौं भने कहीं कर्णाली प्रदेशको लागि यो आवश्यकता थियो कि थिएन भन्ने कुरामा उदृत गर्छु ।

हामी कर्णाली प्रदेशको प्रतिनिधि पनि हुँ । कर्णाली प्रदेश यस्तो प्रदेश हो यो चाहिँ कृषिमा आत्मनिर्भर गराउनको लागि हामीले असाध्यै जोड गरिरहेका छौं र कृषिमा कृषि व्यवस्थामा प्रबर्द्धन गर्ने भनेर लिएर आएको यो प्रतिवेदनमा र व्यापक छलफलमा आएका कुराहरूलाई हामीले यसलाई नकार्न सक्न त सक्दैनौं । तर पनि यो कर्णाली प्रदेशको लागि आवश्यकता छ कि छैन ? भन्ने एउटा बुँदामा मात्रै म यहाँ आफ्नो राय राख्न चाहन्छु । यहाँ चाहिँ आइसकेको कुरालाई मैले असहमति जनाउनुभन्दा पनि यो आवश्यकता हो कि होइन ? भन्ने कुरामा मैले आफ्नो दुईटा कुरा राख्न चाहन्छु । १५ ओटा बुँदामा संशोधन भएर आएको विधेयक सबै चाहिँ सान्दर्भिक छ । सबै यो चाहिँ यो कर्णाली प्रदेशलाई कृषिमा आत्मनिर्भर गराउन खोजिरहेको जस्तो मलाई लागिराख्याछ । एउटै दफा २ खण्ड ख, च, छ, ज, ञसम्बन्धीत कृषि उपजको कुराहरू आएको छ यहाँ । कृषि उपज भन्नाले हामीले कृषिमा हाम्रो कर्णाली प्रदेशलाई आत्मनिर्भर नै गराउन खोजेका छौं । त्यसमा खाद्यान्न बाली पनि हामीले राखेका छौं । खाद्यान्न बालीमा पनि हामीले जोड दिनुपर्ने हुन्छ । दालमा, तेलमा अन्य विभिन्न कुराहरू हुँदाहुँदै पनि यहाँ चाहिँ सुर्तिजन्य अथवा सुर्ति भनेर लेखिएको छ । अब यो सुर्ति भन्ने सुर्ति उत्पादन नै गर्न खोजेको होला र हामीले यो सुर्ति उत्पादन गरेर हाम्रो कर्णालीबाट कति निर्यात गर्न सक्छौं ? र यो आवश्यकता हो कि होइन ? सुर्ति उत्पादन गर्नलाई । र अहिलेसम्म पनि हाम्रो नेपालमा सुर्ति उत्पादनले कत्तिको लाभान्वित लिएका छौं ? र हामीले पनि यो कर्णाली प्रदेशमा सुर्ति उत्पादन गरेर अब कतिलाई फाइदा पुग्ने हो ?

जस्तैः हामीले भनेका छौं सुर्ति मादक पदार्थ जस्ता धुम्रपानहरू स्वास्थ्यको लागि हानिकारक भनेका छौं । हरेक स्वास्थ्य केन्द्रहरूमा जाँदाखेरि अथवा हामीले सार्वजनिक स्थलमा जाँदाखेरि अनि धुम्रपान स्वास्थ्यको लागि हानिकारक भनेका छौं भने हामीले फेरि

त्यहीं धुम्रपानको उत्पादन गर्न खोजिरहेका छौं । यो उत्पादन गरेर हाम्रो कर्णालीमा कति फाइदा छ ? र यसको राजस्व कति हामीले भित्र्याउन सक्छौं ? र हाम्रो जनता कत्तिको सुखी र आत्मनिर्भर बन्न सक्छ ? त्यसैले म के भन्न चाहन्छु भने आज कर्णालीमा हेर्नुहुन्छ भने हाम्रो जनता, हामी, हाम्रा परिवार, हाम्रो समुदाय रक्सी नखाने कोहीदेखिदैंनन्, सुर्ति नखाने कोहीदेखिदैंनन्, चुरोट नखाने कोहीपनिदेखिदैंनन् । हामी त्यस्तो कुरालाई रोक्नु पर्छ र हाम्रा जनतालाई निरोगी स्वस्थ बनाउनु पर्छ भन्ने हाम्रो लक्ष्य र उद्देश्य हुनुपर्थ्यो । तर, हामी सुर्तिको उत्पादन गरेर फेरि हाम्रा भाईछोरा, हाम्रा जनतालाई फेरि सुर्ति तिर नै अलि बढी फोकस गर्न खोजेको जस्तो मैले लाग्याछ । किनभने हामीले यो उत्पादन गर्दै गर्दैनौं भने हाम्रा समुदायले त्यो खान सक्थेन होला, पाउथेन होलान् । यो हामीले भोगेकै कुरा हो । आज त्यै सुर्ति खाँदाखाँदै मान्छेहरू अनि चरेस खाने भैसकेका छन् । ड्रग्समा फसिसकेका छन् । र यदि हामीले योबाट अत्याधिक फाइदा निकाल्न सक्छौं र आज कर्णालीलाई समृद्ध गराउन सक्छौं भने यो शब्द ठिकै होला । होइन हाम्रो जीवनमा यसलाई हानिकारक नै हुन्छ भनेपछि यो राख्न हुन्थ्यो कि हुन्थेन ? भन्ने मेरो मात्र यत्ति भनाइ हो । हवस् धन्यवाद !

**माननीय सभामुखः** अब माननीय श्री विमला के.सी. । समयः ७ मिनेट ।

**माननीय श्री विमला केसीः** सभामुख महोदय, कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ निकै रणनैतिक उद्देश्यका साथ कर्णालीमा कृषि व्यवसायलाई प्रबर्द्धन गर्नका निम्ति खासगरी बजारीकरण जुन खालको भद्रगोलता, जुन खालको समस्यादेखिन्छ । त्यो समस्यालाई समाधान गर्न कोसिस गरिएको छ ।

हामी त्यतिबेला सरकारमा हुँदा खासगरी बजार अहिले पनि कर्णालीमा केही छरिएका बजारहरू छन् ती बजारहरूलाई सरकारको नियमभित्र छिराएर सरकारले राजस्व सङ्कलन गर्ने उद्देश्य पनि पूरा गर्ने र बजारिकरणको कुरालाई व्यवस्थित पनि गर्ने प्रदेश मातहतमा पनि ल्याउने भनेर यसले कतिपय बजारहरूलाई स्थानीय तहका मातहतमा पनि ल्याइ व्यवस्थित गर्ने उद्देश्य छ । अझ विशेष गरी अनुदानमा हुने दुरूपयोग जो छ अनुदानमा हुने दुरूपयोगलाई रोक्न खोज्ने यो उद्देश्य यो खास रोक्न खोजिएको छ । यो कृषि व्यवसाय प्रबर्द्धनमा । सूचना गरेर जाने अनुदानले गरिब किसानहरूलाई छोएन ।

त्यसो हुँदा गरिब किसानलाई नछुने स्थितिको अन्त्य गर्न यही व्यवसाय प्रबर्द्धनको माध्यमबाट, यही कानूनबाट मात्रै गर्न सम्भव छ । त्यसो हुँदा हामीले त्यहीँ खालको अनुदानको मोडालिटी पनि यसमा क्लियर गरिएको छ । बजारलाई व्यवस्थित गरिएको छ । निकै मिहेनतका साथ यो निकै राम्रो उद्देश्यका साथ सरकारले ल्याएको यो कृषि व्यवसाय प्रबर्द्धन विधेयक यहाँ संशोधनकर्ता माननीयज्यूहरूले अझै यसलाई परिमार्जन र परिष्कृत गर्ने मिहेनत गर्नुभाको रैछ मैले राम्रोसँग हेर्न पाईन तर मैले यहाँ यी कुराहरू राखिरहँदाखेरी मैले यहाँ अरू नयाँ भन्दापनि जे उद्देश्यले सरकारले ल्यायो, सरकारले ल्याएको छ त्यो सरकारको उद्देश्य भनेको खासमा यो पास हुँदै गर्दाखेरि कर्णालीमा

बजारलाई कृषि बजारलाई व्यवस्थित हुने अपेक्षा राखेको छ । अनुदानलाई दुरूपयोग हुने अनुदानलाई रोकेर सदुपयोग हुने कुराको परिकल्पना गरेको छ । त्यो ठोस् मै त्यहीँ खालका विधिहरू यसले तय गरेको छ ।

त्यही हिसाबले अब कर्णाली कृषिमा एउटा नयाँ खालको क्रान्ति ल्याउनेछ । त्यो उद्देश्यका साथ आएको यो कृषि व्यवसाय प्रबर्द्धन ऐनलाई अझ व्यवस्थित ढङ्गले माननीयज्यूहरूले पनि परिमार्जन गरेको कुराले अझ थप व्यवस्थित हुने अपेक्षा म आफू माननीय सदस्यका खासगरी म जनप्रतिनिधिका हिसाबले गरेकी छु । र अब कर्णालीमा म यति यतिवेला नेपालमा जुन खालको राष्ट्रिय हिसाबले जुन खालको राष्ट्रिय संकट परिरहेको छ निर्यातमा समस्या भइरहने र आयातमा वृद्धि हुने कुराले आर्थिक संकट जो परिरहेको छ कर्णालीलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउने भनेकै कृषिमा आत्मनिर्भर बनाउने कुरा हो । कृषिमा आत्मनिर्भर बनाउनका निम्ति सरकारले कृषकहरूलाई विशेष खालको कार्यक्रमहरू ल्याएर, विशेष खालको प्रोत्साहनहरू ल्याएर अझै विशेष गरी बजारमा किसानले उत्पादन गर्ने तर बजारिकरणको ग्यारेन्टी नहुँदाखेरी किसानहरू निरुत्साहित हुँदा रैछन् । किसानहरू उत्पादन गर्न प्रोत्साहित नहुँदा रैछन् ।

त्यसकारण बजारको कुरा पनि यसमा परिकल्पना गरिएको छ । त्यो कुरालाई हल गर्नका निम्ति लागत मूल्यलाई निर्धारण गरेर उनीहरूको बिक्री नहुने अबस्थामा उनीहरूको सरकारले क्षतिपूर्ति दिने कुराको पनि यसमा परिकल्पना गरिएको छ । यी सबै कुराहरूको हामीले लागू गर्नुपर्ने, लागू गर्न सक्यौं भने ठिक ढङ्गले कर्णालीमा कृषिको ठिक ढङ्गले विकास हुनेछ र अझ कृषकहरूले यो कुराको ब्यवहारिक रूपमा अनुभूति गर्नेछन् कि अब सरकारले यसलाई लागू गर्ने छ । लागू अहिलेसम्मको कानूनको स्थिति हेर्दा केदेखिन्छ भने हाम्रो एउटा परिपाटी गलत परिपाटी, गलत परम्परा, कानून कानूनका लागि मात्रै बन्ने र कानूनले ब्यवहारिकता नलिने कुराको जो स्थिति छ जो समस्या छ त्यो समस्यालाई समाधान गरेर अब सरकारले लगत्तै मेरो अपेक्षा के छ भने मैले जनप्रतिनिधिका हिसाबले, यो ड्राफ्टकर्ताका हिसाबले मैले सरकारसँग के अपेक्षा गर्न चाहन्छु भने मेरो के अनुरोध सभामुखमार्फत् मेरो के अनुरोध छ भने यो पास हुने वित्तिकै लागू हुनेछ, कार्यान्वयन हुनेछ, नियमावली बन्ने छ र जनताले अनुभूति गर्ने गरी, कर्णालीका किसानले अनुभूति गर्ने गरी यसलाई अगाडि बढाउन निकै मिहेनत सरकारले गर्ने छ भन्ने अपेक्षासहित मैले आफ्ना भनाइ अन्त्य गर्छु । हवस् धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, सामाजिक विकास समितिको प्रतिवेदनसहित कृषि व्यवसायमा प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीः** सभामुखज्यू, कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्मानित सदन हुँदै समितिमा व्यापक छलफल भएर आज पुनः सम्मानित सदनमा आएको छ । कृषि उत्पादनको व्यावसायिकरण, कृषिमा आधारित उद्योग तथा व्यवसाय स्थापना, कृषि बजार सञ्चालन, कृषि व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने मल, बिउ, बिजन, बेर्ना, भुरा, पाठापाठीलगायतका आपूर्ति सामग्रीहरूको नियम व्यवस्थापन तथा प्रबर्द्धन गर्ने आवश्यक भएकोले यो विधेयक प्रदेशसभामा दर्ता भइ विषयगत समितिबाट राय, सल्लाह, सुझाव एवं संशोधनसहित स्वीकृतिको प्रक्रियामा रहेको छ ।

यो विधेयक प्रदेशसभाबाट स्वीकृति भइ ऐनको रूपमा जारी भए पश्चात कृषि क्षेत्रको व्यावसायिकरण एवं कृषिमा आधारित उद्योग स्थापना सञ्चालन व्यवस्थापनको लागि सेवाग्राही वा व्यवसायीहरूलाई तपशिलअनुसारको सेवा तथा सहयोग पुऱ्याउन मन्त्रालय र मातहतका कार्यालयहरूलाई सहयोग पुग्नेछ । हरेक व्यक्तिले कृषि व्यवसाय स्थापना, सञ्चालन तथा बिक्री वितरण गर्न पाउने व्यवस्था प्रदेश सरकार वा तोकिएको निकायले सार्वजनिक, निजी, सामुदायिक, गैह्र आवासीय नेपाली वा उपभोक्ता संस्थाहरूसँगको साझेदारीमा कृषि व्यवसाय स्थापना तथा सञ्चालन गर्न सक्ने प्रदेशको सम्भाव्यताको आधारमा बाली वा पशुपंक्षी उत्पादन पकेट वा विशेष क्षेत्र तोकी उत्पादन, प्रशोधन तथा बजारिकरण गर्न सक्ने प्रदेश कृषि व्यवसाय प्रबर्द्धन समितिमार्फत् समय कृषि तथा कृषि व्यवसायको प्रबर्द्धन व्यवस्थापन तथा नियमन गर्न सक्ने राष्ट्रिय प्राथमिक प्रदेशको प्राथमिकता, प्रदेशको आवश्यकता र कृषि व्यवसाय स्थापना तथा सञ्चालनको सम्भाव्यताका आधारमा सेवा, सुविधा, सहुलियत ब्याज अनुदान, प्रोत्साहन तथा सहयोग उपलब्ध गराउन सक्ने कृषियोग्य भूमिको उचित प्रयोग एवं व्यावसायिकरणको लागि चक्लाबन्दी गर्न सक्ने, कृषि उत्पादन तथा व्यवसायमा आवश्यक पर्ने आपूर्ति सामग्रीहरूको मापदण्ड तयार गर्ने, प्रदेश तथा पालिकास्तरमा कृषि बजारको स्थापना, सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने, प्रदेशमा उत्पादित कृषिजन्य वस्तुहरूको बिक्री वितरणको लागि स्वच्छ प्रतिस्पर्धात्मक बजार प्रणालीको अबलम्बन गर्ने, कृषि बजार वर्गिकरण गरी सोहीअनुसारको नियमन एवम् व्यवस्थापन गर्ने, कृषि बजार स्थापना तथा सञ्चालनमा निजी क्षेत्रको संलग्नताको व्यवस्था गर्ने लगायत थुप्रै किसानहरूलाई सेवा सुविधा दिने गरीकन यो हाम्रो उत्पादनलाई बजारिकरण गर्नको लागि यो विधेयक अगाडि बढाइएको छ ।

व्यापक अब समितिमा छलफल भइरहँदा संसद्मा यो विधेयक पेस भइरहँदा सम्मानित संसद्का माननीयज्यूहरूले यो विधेयकमाथि थुप्रै दफामा संशोधन हाल्नुभएको थियो । संशोधनका दफाहरूमा मूल दफाको परिभाषा ख मूलदफाको २ को परिभाषामा संशोधन परेको थियो, अनि २ परिभाषा मूलमा संशोधन परेको थियो, २ को परिभाषा ट मा संशोधन परेको थियो, २ को ठ मा संशोधन परेको थियो, २ को अनि परिभाषा ण मा

संशोधन परेको थियो, ९ अनि मूल दफाको ९ को १ ग मा संशोधन परेको थियो, ९ को १ घ मा संशोधन परेको थियो, बाह्र ३ मा संशोधन परेको थियो, एक्काईस २ मा संशोधन परेको थियो, एक्काइस मूल दफाको एक्काईस ४ मा संशोधन परेको थियो, उनान्चालिसमा दफा ३९ मा संशोधन परेको थियो, अनि दफा ४२ मा संशोधन परेको थियो, अनुसूची १ को ६ र ९ मा संशोधन परेको थियो, अनुसूची १ को १५ मा संशोधन परेको थियो ।

यो संशोधन मात्रैमा सिमित न रही यो विधेयकमाथि अन्य शब्द लगायत अरू कुराहरूमा पनि समितिमा व्यापक छलफल भइ सर्वसम्मत ढङ्गले समितिबाट यी कुराहरू सुधार्ने कुराहरू भएको छ । अबश्य पनि संसद्का माननीयज्यूहरूले जुन आफ्नो सुझाव, सल्लाह, परामर्श समितिमा व्यापक छलफल गरेर यो अगाडि बढेको छ । हामीले मन्त्रालयले पनि यो विधेयकमाथि जुन कुरा हामीले अगाडि बढाएका थियौं ती अगाडि बढाइरहेका कुराहरूमा पनि अनि माननीयज्यूहरूले संशोधनभन्दा बाहिरबाट पनि ल है यी कुराले मिलेनन् भनेर व्यापक छलफल गर्नुभाको थियो । अझैपनि माननीयज्यूहरूले आफ्नो तहबाट, तप्काबाट सकभर कानून सहज होस्, सरल होस् जनताको माझमा जाने कानूनमा त्रुटी नहोस् भनेर जुन किसिमको सल्लाह, सुझाव दिनुभएको छ अझैपनि केही कमी कमजोरी हुन सक्छन्, केही कुरा छुटेको हुनसक्छ, यी छुटेका कुराहरूलाई हामीले फेरि पनि अब नियमावलीमा हामीले समावेश गर्नेछौं ।

त्यसो भाकोले यो विधेयकले अबश्य पनि किसानलाई कृषि क्षेत्रलाई लाभ पुग्नेछ भन्ने कुराहरू मैले यहाँ राख्न चाहें । अब सँगसँगै यहाँ अहिले एकदम विधेयक व्यापक छलफल भइ सकारात्मक ढङ्गले संसद्मा पेस भएको छ । अनि अब यसमा एउटा कुरा मात्रै अब यहाँ सुर्ति उत्पादन भनिएको छ भन्ने कुराहरू अब यहाँ आयो । माननीयज्यूहरूको एकदम सुझाव, सल्लाह । अब सुर्ति उत्पादन गर्ने कुरामा यो ठिक होइन भन्ने कुराहरू गर्नुभो । हामीले अहिले यो विधेयक मै भनेका छौं यो अहिले त हामीले सुर्ति उत्पादन गर्ने यो विधेयक होइन । यो विधेयक कै शीर्षकमा विधेयक नै के हो भने कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक भनेर हामीले भनेका छौं । अहिले यो विधेयक उत्पादनको क्षेत्रमा यसले काम गर्ने होइन । ब्यापार व्यवसायको क्षेत्रमा काम गर्ने विधेयक भएकोले हामीले अहिले उत्पादन गर्ने भनेर यो विधेयकमा कतैपनि हामीले उल्लेख गरेको होइन । ब्यापार व्यवसाय गर्ने यो विधेयक हो ।

हामीले गरेका उत्पादनहरू ब्यापार गरिरहँदा किसानले गरेका अब ती उत्पादन या सुर्ति हुन सक्ला, या अरू कुनै पनि वस्तु अब उत्पादन किसानले गरेको त्यसलाई बजारिकरण कसरी गर्ने अनि अब कसरी अब हामीले अब बाहिरको अब आफ्नै गाउँ क्षेत्रबाट बाहिर कसरी हामीले लैजाने भन्ने कुरा नै हो । त्यसो भएकोले मैले यीनै कुरा राख्दै माननीयज्यूहरूले जुन किसिमको सुझाव, सल्लाह दिनुभएको छ एकदमै गहिराईमा गएर छलफल गर्नुभएको छ यसको लागि म समितिका सभापतिदेखि लिएर समितिका

सम्पूर्ण माननीयज्यूहरूलाई, संशोधनकर्ता माननीयज्यूहरूलाई र अन्य सबै सम्मानित सदनका सबै माननीयज्यूहरूलाई धन्यवाद दिँदै यो विधेयकलाई पारित गरिदिन म हार्दिक अनुरोध गर्दछु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, सामाजिक विकास समितिको प्रतिवेदनसहितको कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्वन्धमा सामाजिक विकास समितिको प्रतिवेदनको क्रम संख्या १ देखि ३६सम्म उल्लिखित संशोधनलाई स्वीकृतिका लागि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला ।

र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

**माननीय सदस्यहरूः** "हुन्छ" ।

**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्वन्धमा सामाजिक विकास समितिको प्रतिवेदनको क्रम संख्या १ देखि ३६सम्म उल्लिखित संशोधन सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्वन्धमा सामाजिक विकास समितिको प्रतिवेदनको क्रम संख्या १ देखि ३६सम्मका उल्लिखित संशोधनहरू कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला ।

र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

**माननीय सदस्यहरूः** "हुन्छ" ।

**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्वन्धमा सामाजिक विकास समितिको प्रतिवेदनको क्रम संख्या १ देखि ३६सम्मका उल्लिखित संशोधनहरू सर्वसम्मतिले कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्वन्धमा सामाजिक विकास समितिको प्रतिवेदनको अनुसूची १ मा उल्लिखित संशोधनलाई स्वीकृतिका लागि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला ।

र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।
**माननीय सदस्यहरूः** "हुन्छ" ।
**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।
हुन्न भन्ने आवाज सुनिएन । तसर्थ कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्वन्धमा सामाजिक विकास समितिको प्रतिवेदनको अनुसूची १ मा उल्लिखित संशोधन सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्वन्धमा सामाजिक विकास समितिको प्रतिवेदनको अनुसूची १ मा उल्लिखित संशोधन कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला ।
र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।
**माननीय सदस्यहरूः** "हुन्छ" ।
**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।
"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्वन्धमा सामाजिक विकास समितिको प्रतिवेदनको अनुसूची १ मा उल्लिखित संशोधन सर्वसम्मतिले कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।
माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावनाः** कर्णाली प्रदेशको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न, कृषियोग्य जमिनको सदुपयोगद्वारा कृषिको आधुनिकिकरण, उत्पादनको विविधिकरण, बजारिकरण, सामूहिक खेती प्रबर्द्धन तथा ब्यावसायीकरणबाट उत्पादन वृद्धी गरी कृषि क्षेत्रको समग्र विकास गर्न र खाद्य सुरक्षाको प्रत्याभूति गर्नका लागि कानुनी व्यवस्था गर्न वाञ्छनिय भएकाले कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नाम कर्णाली कृषि व्यवसाय प्रबर्द्धन ऐन २०७९ रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनोस् भनेर भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

**माननीय सदस्यहरूः** हुन्छ ।

**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु । माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीलाई कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक समग्रमा पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीः** माननीय सभामुखज्यू, कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि प्रदेशसभामा छलफल भइसकेकोले सामाजिक विकास समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अंग हुनेगरी समग्र विधेयक कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२९ बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।
र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

**माननीय सदस्यहरूः** हुन्छ ।

**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन । तसर्थ कृषि व्यवसाय प्रबर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीलाई कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकका सम्वन्धमा कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२८ को उपनियम २ को खण्ड (क) बमोजिम सामाजिक विकास समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीः** माननीय सभामुखज्यू, सम्मानित सभामा प्रदेश सरकारकातर्फबाट पेस भएको कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक प्रदेशसभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र सामाजिक विकास समितिमा छलफल भइ सभामा प्राप्त भएकोले कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२८ को उपनियम २ को

खण्ड (क) बमोजिम प्रतिवेदनसहित विधेयकमाथि सभामा छलफल गरियोस् भनी प्रस्ताव गर्दछु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीले कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी राख्नुभएको प्रस्ताव सभाको स्वीकृतिका लागि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

**माननीय सदस्यहरूः** हुन्छ ।

**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीले कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभाको स्वीकृतिका लागि राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिले स्वीकृत गरेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब उक्त सामाजिक विकास समितिको प्रतिवेदनसहितको कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा आनुसांगिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने ब्यहोरा पनि माननीय सदस्यहरूलाई जानकारी गराउँछु । छलफल आजै समाप्त हुने भएकाले माननीय सदस्यहरूले आफ्नो नाम सभामुखको डयाँससँगै बसेका कर्मचारीहरूलाई टिपाउनुहोला । सर्वप्रथम माननीय श्री दल रावल । समय ७ मिनेट ।

**माननीय श्री दल रावलः** माननीय सभामुखज्यू, कर्णाली प्रदेशको आर्थिक विकासका लागि अत्यन्तै महत्त्वपूर्ण भूमिका खेल्न सक्ने कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक आज अब फाइनल चरणमा छ । यसको निकै ठूलो प्रभाव छ । वास्तवमा हामीले पहिला सरकारले पेस गर्दाखेरि अलिकति कर्णालीको परिप्रेक्ष्यमा कम सदस्य राखेपनि दर्ता हुन्छ होला भन्ने ढङ्गले २५ सदस्यीय हुँदा पनि सहकारी दर्ता हुने खालको प्रोभिजन चाहिँ राखेको हो । तर, केन्द्रीय सहकारी ऐनमा चाहिँ ३० सदस्य हुनुपर्ने व्यवस्था रैछ । केन्द्रीय ऐनसँग तालमेल नहुँदाखेरी केन्द्रीय ऐन कै मक्सदअनुसार चाहिँ हामीले परिवर्तन गर्नुपर्ने भएको नाताले फेरि चाहिँ यो संशोधन भएको छ। अब यही स्प्रिटमा चाहिँ संशोधन आएको छ ।

यसमा वास्तवमा खासै त्यति ठुलो संशोधनहरू यो एउटा यो मेजर संशोधन हुने भयो । अरू आनुसांगिक अलिकति मिलाउनु पर्ने कुराहरू अलि भाषागत समस्याहरू नमिलेका कुराहरू मिलाउनु पर्नेदेखिएका संशोधनहरू यहाँ चाहिँ समेटेर आएको चाहिँ मैले महसुस गरेको छु । अब यो नेपालको संविधानले पनि स्वीकारेको र हाम्रो चाहिँ तीन खम्वे अर्थनीति मध्येको एउटा अर्थतन्त्रको एउटा पिल्लर एउटा खम्वा सहकारी क्षेत्र भएको नाताले सहकारी क्षेत्रलाई कर्णालीमा मात्रै प्रबर्द्धन गर्ने हिसाबले कर्णाली प्रदेश सरकारले लैजानुपर्ने हुन्छ मलाई लाग्छ । त्यो भएको नाताले पनि यो ऐनले त्यो खालको प्रावधान चाहिँ गरेको छ, त्यो खालको व्यवस्थापन गर्याछ ।

मैले यही सिलसिलामा ठ्याक्कै कस्तो भने माननीय सभामुखज्यू मैले एउटा अबसर प्राप्त गर्याथैं । यू एनको एउटा ठुलो कमीशनको कार्यक्रममा जाने अबसर प्राप्त गर्याथैं । सशक्तिकरण कसरी हुन्छ ? महिलाको कार्यक्रम महिलाको यो सिएसडब्लु युएनसिएसडब्लु भन्ने हो यो कमीशन एन द स्टाटस अफ वमेन भन्ने एउटा ठुलो प्रोग्राम ग्राण्ड प्रोग्राम यसमा चाहिँ इन्टरनेशनल । यसमा भाग लिँदाखेरी दुईटा संसारका नेताहरूले भाषण गर्नुभो मैले दुईटा नेताको भाषण सुन्याथैं । एउटा हिलारी क्लीन्टन त्यतिखेर परराष्ट्र मन्त्री हुनुहुन्थ्यो अमेरिकाको अर्को चाहिँ वमेन अफ कम्यूनिष्ट भन्दोरैछ चीनको । दुई जना नेताको मैले सुनें । महिला दुवैजना महिला नेता हुनुहुन्थ्यो । यो आर्थिक सामाजिक के भन्छ यो सिभिल एण्ड पोलिटिकल राईट्स हामीले दियौं अमेरिकन महिलाहरूलाई त्यो भएको हुनाले अमेरिकन महिलाहरू सशक्त भएर आज यो अबस्थामा छन् भनेर हिलारी क्लीन्टनले भन्नु भो ।

चीनको मन्त्रीले अझै इन्टेष्टिङ ढङ्गले के भन्नुभो भने यो कोअपरेटिभलाई वास्तवमा सहकारीलाई चाहिँ चीनमा विशेष गरी महिला महिला सहकारीलाई चाहिँ चीन भरि व्यापक बनायौं । चीनको सरकारले बनायो । एकातिर महिलाले चाहिँ सहकारीको परिचालनको माध्यमबाट आर्थिक सशक्तिकरण भयो । र आर्थिक रूपमा जव महिला सशक्त भए आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारबाट पनि चाहिँ महिला अहिले चीनियाँ महिलाहरू चाहिँ सशक्त छन् भन्नाले आर्थिक रूपमा कोअपरेटिभले आर्थिक सशक्तिकरण गर्‍यो त्यसको माध्यमबाट राजनीति र नागरिक क्षेत्रमा पनि उहाँहरू सशक्त हुनुहुन्छ भनेर चीनको मन्त्रीले भन्नुभो ।

त्यो मलाई ठ्याक्क अहिले यहाँ हामीपनि कर्णालीमा चाहिँ आर्थिक रूपको विकासको लागि मात्रै यो होइन । यसले सँगठनको विकास गर्छ सहकारीले यसको स्वामित्वको भावना चाहिँ सबै धेरै खालका मान्छेहरू धेरै समुदायको सधैं चाहिँ अनुभव आदान-प्रदानदेखि संस्थागत विकास हुनेदेखि र आर्थिक विकास गर्ने र सामाजिक अन्तत्वगत्वा सामाजिक सांस्कृतिक भावनाको पनि विकास गर्दै लाने हुनाले यो चाहिँ कोअपरेटिभ यो सहकारीको ऐन अत्यन्तै महत्त्वपूर्ण छ । यो खालका चाहिँ संशोधनहरू आएका छन् । यसलाई चाहिँ पास भैसकेपछि सरकारले छिटोभन्दा छिटो लागू गरेर

यसलाई को-अपरेटिभलाई अझ महत्त्व दियो भने अझै कर्णालीको आर्थिक विकासमा सहयोग पुग्छ भन्ने मैले बुझेको छु । धन्यवाद !

**माननीय सभामुखः** अब माननीय श्री विमला केसी । समय ७ मिनेट ।

**माननीय श्री विमला केसीः** सभामुख महोदय, म आज आफूलाई निकै एउटा गौरव र भाग्यमानी मान्छेको रूपमा पाईराछु । मान्छेहरूको सपना हुन्छ, लक्ष्य हुन्छ त्यो आज कर्णालीवासीले जे लक्ष्य लिएर हामीले एउटा कृषि व्यवसाय प्रबर्द्धनको सपना देखेका थियौं त्यो पास भएको छ । यस अर्थमा म कर्णालीवासी किसानहरूलाई सम्पूर्ण कृषि प्रेमी सबैलाई म हार्दिक वधाई दिन चाहन्छु । अब यसले गुणात्मक फड्को ल्याउने छ र कर्णालीलाई आर्थिक विकासमा एउटा परिवर्तन ल्याउने छ भन्ने मलाई विश्वास छ । म बधाई दिन चाहन्छु र धन्यवाद दिन चाहन्छु फेरि पनि माननीयज्यूहरूलाई सभामुखमार्फत् ।

कर्णाली प्रदेश सहकारी ऐन २०७५ हामीले सदनमा टेबुल गर्दा सुरूको विधेयक हो । हामी आफै एकदमै केही न जान्दा खेरी, कोही न हुँदाखेरी सुरू गरेको विधेयक निकै अपरिपक्क थियो, निकै भाषागत हिसाबले असुद्ध थिए । धेरै कुराहरू मिलाउनु थियो। तैपनि हामी अगाडि बढौं भन्ने स्थितिमा गयौं बढायौं । अगाडि माननीयज्यूले भने जस्तै । हो संघीय सहकारी ऐनसँग बाझियो । नियमावलीमा जाँदाखेरि हामी नियमावली लिएर ऐन पास भयो सदनले पनि सरकारको स्प्रिटमा पास गरिदिएको हो । तर, नियमावली बनाएर जव जाँदै थियौं । त्यहाँ आएर संघीय सहकारी ऐनसँग वाझियो । कसरी वाझियो भन्नुहुन्छ भने पच्चिस जना यहाँ हामीले पास गऱ्यौं तर त्यहाँ संघीय सहकारी ऐनमा ३० थियो । सरकारले त्यसवेला ३० नै गर्याथ्यो । तर, माननीयज्यूहरूले नै समितिमा होइन कर्णालीमा त जनसंख्या कम छ २५ जना किन गर्न नहुने कर्णालीमा भनेर माननीयज्यूहरू कै मागमा त्यो भएको हो । सरकारले चाहिँ त्यो पेस गर्या थिएन त्यो बेला ।

पास हुँदाखेरी जव हामी नियमावली लिएर क्याविनेटमा गएका थियौं क्याविनेटमा पास गर्ने क्रममा जाँदाखेरि यो अलिकति यो वाझियो यो मिल्दैन भन्ने भैसकेपछि हामी संशोधनमा गयौं । संशोधनमा जाँदा त्यो संशोधन गर्न खोज्दाखेरी पनि भाषागत शुद्धता मिलाउँदा खेरि सारा कुराहरू सामान्य कुराहरू मिलाउँदा खेरि ठुलो संशोधनको विषय बन्यो । र कतिपय महत्त्वपूर्ण कुरा संशोधन भएका छन् । सहकारी विकास बोर्ड अब बन्छ । सहकारी विकास बोर्ड कर्णाली प्रदेशमा बन्ने गरिपनि संशोधन आएको छ । निकै महत्त्वपूर्ण कुराहरू पनि यो संशोधनमा आएका छन् ।

सभामुख महोदय, अब यो आज हामी सहकारी संशोधन विधेयक पास गर्दै गर्दाखेरि अब चाहिँ कार्यान्वयनमा जानका निम्ति नियमावली तुरुन्तै पास हुनेछ र नियमावली पास भएपछि मात्रै सहकारी ऐन संशोधन ऐन या सहकारी ऐन क्रियाशील हुनेछ । ठिक्क भएको छ । यो मतलब नियमावली पास गर्नका लागि तयार भएको छ र यो पास भयो

जो संशोधन छ संशोधनको स्प्रिटमा पनि सहकारी नियमावली बनि नै सकेको छ । सहकारी रजिष्ट्रार कार्यालय बनेको छ । सहकारी रजिष्ट्रार कार्यालय तालिम गरेर मात्रै बसेको छ ।

सभामुख महोदय, यो पास हुँदै गर्दाखेरि अब सहकारीहरू काममा आउने छन् । सहकारीहरूले जे अपेक्षा गरेका छन् सरकारले वैधानिक हिसाबले केरे कानुनी हिसाबले सहकारी मन्त्रालयले या सहकारी रजिष्ट्रार कार्यालयले आज चेक र नियमन गर्न सहकारीमाथि नियमन गर्न सकेको छैन, अनुगमन गर्न सकेको छैन । त्यो हिसाबले आफ्नो कानुनी अधिकार प्रयोग गर्न सकेको छैन । अब यो विधेयक पास गर्दै गर्दाखेरि अब सरकारले सहकारी रजिष्ट्रारको कार्यालयले आफ्नो काम गर्ने छ । र सहकारी प्रेमीहरू खासगरी ससहकारीका माध्यमबाट आर्थिक परिवर्तन गर्नुपर्छ, आर्थिक रूपमा आत्मनिर्भर हुनुपर्छ या समाजवादको आधारको रूपमा सहकारीलाई मान्दै आएका छौं । यो संविधानको प्रस्तावनामा समाजवाद उन्मुख केरे समाजको परिकल्पना गरेको छ यो अहिलेको संविधानले हाम्रो संविधानले ।

त्यसो हो भने सहकारी महत्त्वपूर्ण हो भन्ने नै बुझेका छौं र सहकारी एउटा महत्त्वपूर्ण खम्वा, पिल्लरको रूपमा हामीले लिँदै गर्दाखेरि अब कर्णालीमा कर्णालीको सहकारी ऐन पास हुँदै गर्दाखेरि संशोधन ऐन पास हुँदै गर्दाखेरि अब जे कुराहरू थाँती राखेर बसेका छन् काम गर्न नसकेर बसेका फाईलहरू चाहिँ अब अगाडि बढ्ने छन् र सहकारी क्षेत्रमा एउटा ठुलो गुणात्मक परिवर्तन आउने छ । त्यो विश्वासका साथ हामीले यो संशोधन पनि आज हामी पास गर्दैछौं । त्यसो हुँदा फेरि पनि सहकारीकर्मीहरू, सहकारी अहिले पनि कर्णालीमा २३/२४ सय सहकारीहरू छन् । ती सहकारीहरूले एउटा ठुलो परिवर्तनको महसुस अब हामी चाहिँ केही गर्न सक्छौं भन्ने गरी सोच्ने छन्।

सभामुख महोदय, त्यसैले मलाई के लाग्दैन भने यो यसो हुनतः ढिला भयो समयको हिसाबले ५ वर्ष पछि मात्रै हामी ५ वर्ष अगाडि सुरू भएको सहकारी ऐन ५ वर्ष पछि मात्रै हामी पास गर्दैछौं र त्यसलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउँदै छौं । निकै ढिलो मतलब प्रतिक्षा गरेर यो विधेयक पास हुँदैछ । तैपनि ढिला गरेपनि राम्रो भएको छ । संशोधन भएको छ । निकै राम्रो भएको छ र यो अर्थमा सहकारीकर्मीहरूले यसलाई बुझ्नु भएको छ । त्यसकारण म खुसी ब्यक्त गर्न चाहन्छु यो सहकारी ऐन संशोधन ऐनले राम्रो गरेको छ, राम्रो गर्नेछ । कर्णालीमा अब सहकारी क्षेत्रमा केही परिवर्तन होइन ठूलो परिवर्तन, गुणात्मक परिवर्तन ल्याउने गरी अगाडि बढ्ने छ र अझै विशेष गरी म फेरि पनि सरकारलाई अनुरोध गर्न चाहन्छु । ऐन पास गरेर केहीपनि हुँदैन थन्क्याउने ऐन अहिले पनि अर्गानिक कर्णाली प्रदेशको अर्गानिक ऐन पास भएको छ सभामुख महोदय । म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । सरकारले नियमावली बनाएर कार्यान्वयन गर्ने कुरामा गम्भीरतापूर्वक लागेको छैन । सहकारी केरे अर्गानिक

कर्णाली प्रदेशको ऐनलाई जव नियमावली बनाईदैन जव कार्यान्वयन गरिदैंन त्यो कानूनको अर्थ रहँदैन । त्यसैले यसलाई पनि तुरुन्तै  तुरुन्तै हामीले नियमावली पास गर्नेतिर लाग्यौं भने यो कार्यान्वयनमा आउने छ । त्यसको अपेक्षा सरकारबाट सभामुखमार्फत् मैले अपेक्षा गर्न चाहन्छु ।

त्यसैले फेरि पनि आज एकैचोटि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले एकैचोटि दुईटा महत्त्वपूर्ण, ऐतिहासिक र रणनैतिक अझ विशेष गरी कर्णाको आर्थिक विकासको महत्त्वपूर्ण सवाल राख्ने यी दुईटा विधेयकहरू एकैचोटि आज यहाँ ऐतिहासिक दिन मान्नु पर्छ सहकारी क्षेत्रका लागि, कृषि क्षेत्रका लागि । यी दुईटा ऐनहरू पास हुँदैछन् । यो ऐतिहासिक दिनमा फेरि पनि यहाँका कर्णालीवासी जनताहरू प्रति म गर्व गर्न चाहन्छु । र हामी नयाँ ढङ्गले अगाडि बढौं भन्ने अपेक्षा राख्न चाहन्छु र कामना गर्न चाहन्छु र यो सहकारी ऐन संशोधन ऐन जुन खालको संशोधनमा छलफल चलाएर थप परिमार्जन गरेर माननीयज्यूहरूले मिहेनत गर्नुभाछ निकै राम्रो छ भन्ने कुराहरू पनि मैले राख्न चाहें । र मैले पनि त्यो अपेक्षा राख्दै मेरा भनाइ यहीं अन्त्य गर्छु । हवस् धन्यवाद, नमस्ते ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, समितिको प्रतिवेदनसहित कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

अब कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीः** सभामुखज्यू, सहकारी ऐनको सम्वन्धमा पूर्व मन्त्रीज्यूहरूले सम्मानित सदनमा आजको दिन राम्रो दिन हो, कर्णालीवासी जनताको लागि कृषि मन्त्रालयबाट २/२ ओटा विधेयकहरू पास हुँदै छन् भनेर यहाँ राम्रो सन्देस दिएर जानुभएको छ ।

राज्यको संघीय संरचना तथा नेपालको संंविधान २०७२ को अनुसूची ३ बमोजिम प्रदेश सरकारको एकल अधिकारको सुचिमा सहकारी संस्था भन्ने उल्लेख भएको हुँदा प्रदेश सरकारको क्षेत्राधिकारभित्रका सहकारी संघ/संस्थाहरूलाई दर्ता, सञ्चालन तथा नियमन गर्न कानून निर्माण गर्न वाञ्छनिय भएकोले सहकारी ऐन निर्माण भइ कार्यान्वयनमा लाग्दा केही समस्याहरू आए । केही समस्याहरू आए । प्रदेश सरकारले कानून निर्माण गर्दा संघीय कानूनसँग न वाझिने गरी निर्माण गर्नुपर्ने र प्रदेश सहकारी ऐन २०७५ निर्माण गर्दा संघीय कानूनको प्रतिकुल हुनेगरी केही दफा तयार हुन गएको हुँदा संघीय कानून बमोजिम संशोधन गर्न वाञ्छनिय भएकोले संशोधन पेस गर्नुपर्ने सरकारलाईदेखियो ।

संशोधन सरकारले गरिरहँदा संशोधनमाथिको अनि फेरि पनि संशोधन गर्नुपर्ने अबस्था सिर्जना भयो । त्यसो भाकोले संशोधनमाथिको संशोधन परिसकेपछि हामीले

समितिमा व्यापक अब छलफल गऱ्यौं । अब संशोधनको दफा २४ र मूल ऐनको दफा ७५ को उपदफा ३ पछि उपदफा ३ क र ख गर्न प्रस्ताव गरिएको संशोधनमाथिको संशोधनका यो दफामा हामीले व्यापक छलफल गरेर संशोधनमाथिको संशोधन गरेका छौं। संशोधन विधेयकको दफा ३८ को उपदफा ४ र मूल ऐनको दफा ९५ को उपदफा ६ मा पनि हामीले व्यापक अब संशोधनमाथिको संशोधन गरेर व्यापक छलफल गरेका छौं । संशोधन विधेयकको दफा ५३ को उपदफा १ र मूल ऐनको दफा ९६ को उपदफा ३ मा पनि हामी संशोधनमाथिको संशोधनमाथि व्यापक छलफल गरेर हामी सहमति गरेर संशोधन गरेका छौं ।

मूल ऐनको दफा ११४ को उपदफा २ मा संशोधनमाथिको संशोधनमाथि अनि हामीले व्यापक छलफल गरेर यो ऐनलाई परिपक्व हुनेगरी हामीले समितिबाट अगाडि बढेर सम्मानित सदनमा पेस समितिको प्रतिवेदनसहित सम्मानित सदनमा छलफल भइसकेको छ । यो छलफलमा भाग लिने भाग लिने पूर्व मन्त्रीज्यूहरूलाई म सरकारकोतर्फबाट धन्यवाद दिन चाहन्छु । किनभने यो जुन विधेयक हो यो ऐन हो । यो एकदमै सकारात्मक छ । यसले कर्णालीको जनताको उन्नति, प्रगति यसले गर्न सक्छ र जनतालाई यसले ठुलो राहत दिन सक्छ भन्ने कुराहरू रह्यो । र एउटा कुरा के रह्यो भने अब ऐन मात्रै बनेर हुँदैन अब यसलाई तुरुन्तै नियमावली बनाउन तिर जानुपर्छ भन्ने जुन सुझाव जुन सल्लाह आएको छ हामी अब मन्त्रालय, सरकार नियमावली बनाउन तिर अहोरात्र खट्ने म आश्वासन पनि म दिन चाहन्छु ।

यो ऐनमा व्यापक छलफल गर्ने र सहयोग गर्ने समितिका सभापतिज्यू, समितिका सामाजिक समितिका माननीयज्यूहरू र यो ऐनलाई सहज ढङ्गले अगाडि बढाउनको लागि सहयोग गर्ने सम्मानित सदनका सम्पूर्ण माननीयज्यूहरू अनि सरकारमा रहेका यो ऐनलाई सहज ढङ्गले अगाडि बढाउनलाई सहयोग गर्ने मुख्यमन्त्री लगायत अन्य मन्त्रीज्यूहरू, सभामुखज्यू, उपसभामुखज्यू लगायत अन्य यो ऐनलाई सहज ढङ्गले यो ठाउँसम्म धेरै समय हामीले गुजारिसकेका थियौं । यसले खासै अब जनताको माझमा जान सकिरहेको थिएन । जनता आत्तिरहेका थिए । अनि हामीले मन्त्रालयको उउटा कार्यालय नै ओझेलमा परिरहेको अबस्था थियो । अब यो अब भोलिदेखि नै अबश्य पनि अेझेलमा परेको हाम्रो कार्यालयले काम पाउने छ र जनताहरू यो कानून न बनिरहँदा आत्तिएको अबस्था थियो । अब जनतालाई सहज ढङ्गले आफ्ना कार्यक्रमहरू अगाडि बढाउने आजदेखि यो समय अब उपलब्ध हुनेछ भन्ने कुराहरू म राख्दै सम्पूर्ण महानुभावहरूलाई सम्मानित सदनलाई म धन्यवाद दिंदै मेरो भनाइ यहीं अन्त गर्छु । हवस् त धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, समितिको प्रतिवेदनसहित कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथिको छलफल यहीं समाप्त भएको जानकारी गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकका सम्वन्धमा सामाजिक विकास समितिको प्रतिवेदनको क्रम संख्या १ देखि ४सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।
र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।
**माननीय सदस्यहरूः** हुन्छ ।
**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।
हुन्न भन्ने आवाज सुनिएन । तसर्थ कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकका सम्वन्धमा सामाजिक विकास समितिको प्रतिवेदनको क्रम संख्या १ देखि ४सम्म उल्लिखित संशोधन सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकका सम्वन्धमा सामाजिक विकास समितिको प्रतिवेदनको क्रम संख्या १ देखि ४सम्म उल्लिखित संशोधन कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।
र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।
**माननीय सदस्यहरूः** हुन्छ ।
**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।
हुन्न भन्ने आवाज सुनिएन । तसर्थ कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकका सम्वन्धमा सामाजिक विकास समितिको प्रतिवेदनको क्रम संख्या १ देखि ४सम्म उल्लिखित संशोधन सर्वसम्मतिले कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।
माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।
प्रस्तावनाः कर्णाली प्रदेश सहकारी ऐन २०७५ संशोधन गर्न वाञ्छनिय भएकाले कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ ।
संक्षिप्त नाम र प्रारम्भः १) यस ऐनको नाम कर्णाली प्रदेश सहकारी पहिलो संशोधन ऐन २०७७ रहेको छ ।
२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।
माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।
**माननीय सदस्यहरूः** हुन्छ ।
**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीलाई कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक समग्रमा पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीः** माननीय सभामुखज्यू, कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि प्रदेशसभामा छलफल भइसकेकोले सामाजिक विकास समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अंग हुनेगरी समग्र विधेयक कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२९ बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु । धन्यवाद !
**माननीय सभामुखः** माननीय सदस्यहरू, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।
र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।
**माननीय सदस्यहरूः** हुन्छ ।
**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन । तसर्थ कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७९ साल साउन ३ गते मंगलबार दिनको ३ बजेसम्मका लागि स्थगित हुन्छ ।

## बैठक संख्या-२६
## (वि.सं. २०७९ साल साउन ३ गते मंगलबार)

राष्ट्रिय गान,

**माननीय सभामुखः**- माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको छब्बीसौं बैठकको कार्यबाही प्रारम्भ हुन्छ। के होला माननीय सदस्यहरू? सार्वजनिक विषयमा धारणा राख्नलाई यति माननीय उठनु पर्दैन कि? के अबरोध गर्नु भाको हो कि केही बोल्न खोज्नु भाको? माननीय सदस्यहरू, एक जना माननीय सदस्य बोल्नु ।

**माननीय श्री गोपाल शर्माः**- माननीय सभामुख महोदय, नेकपा माओवादी केन्द्र अहिले सत्ता गठबन्धनको प्रमुख सत्ता साझेदार दल हो। तर सरकार र संसद्भित्रका गतिविधिहरूलाई अनुभूति गर्दा हाम्रो दलको जिम्मेवारी र आवश्यकतालाई पूर्णता बेवास्ता गरिएको छ। अघिल्लो सरकारले परिवर्तनको लागि आन्दोलनमा योगदान गर्ने खासगरी जीवन समर्पण गर्ने सहिदहरूको स्मृतिमा उहाँका परिवारहरूलाई सम्वोधन गर्ने गरी सहिद स्मृति भत्ताको व्यवस्था गरेको थियो। घाइतेहरूलाई जीवनयापनको लागि सामान्यतया सम्वोधन होस् भनेर घाइते अपाङ्गको लागि स्मृति खासगरी घाइते जीवननिर्वाह भत्ताको व्यवस्था गरेको थियो। त्यसको कार्यान्वयनको लागि कार्यविधि बनाइयो र बजेटको पर्याप्त व्यवस्था गरियो तर अहिलेको सरकारले त्यलाई कार्यान्वयनमा नै लिएन र बजेट फ्रीज गयो (माननीय सभामुखः अलि छोटोमा राख्ने प्रयास गर्नुहोला माननीय सदस्य) संसद्को सभामुख महोदय, संसदीय गतिविधिहरूमा सामान्यतया संसदीय दलहरूको सहमतिमा संसदीय समितिहरूका नेतृत्वहरू सामान्य तया सहमतिमै टुङ्गिएका थिए र छन् तर नेकपा माओवादी केन्द्रको भागमा परेको अर्थ तथा प्राकृतिक स्रोत समितिको नेतृत्व अहिलेसम्म विभिन्न बाहानामा नेतृत्वविहीन राखिएको छ। र एकचोटि यसको निर्वाचनको प्रकृयासमेत अगाडि बढाइयो तर त्यो निर्वाचनको प्रकृया पनि अन्तिममा उम्मेदवारी दर्ता गर्दै सचिवालयको टेबुलमा दर्ता गर्न गएको बेला सचिवालयले माथिको आदेश भनेर रोक्यो र अर्को प्रकृयामा आजसम्म त्यसलाई आलटाल गरेर राखिएको छ। संसदीय समितिका बैठकहरू कार्यसूची निर्माण निर्णय प्रकृया नियम विपरीत भइरहेका छन्। कतिपय सन्दर्भमा समितिका निर्णय र प्रकृयमा असम्बन्धित क्षेत्रबाट हस्तक्षेप समेत भइरहेको छ। यसकै कारणले शान्ति तथा पुनर्स्थापना पर्वतीय विश्वविद्यालय दलित सशक्तीकरण सिंजा सभ्यता आम सञ्चार प्रतिष्ठान जस्ता महत्त्वपूर्ण विधेयकहरू कार्यसूचीमै प्रवेश गर्न सकेका छैनन्। संसद्भित्रको बसाई हाम्रो दलको लागि छुट्टै एउटा प्रमुख दल हो। सरकारको प्रमुख साझेदार हो भन्ने कुनै अनुभूति हुन सकेको छैन। सभामुख महोदय, दलको नेता काहाँ बस्नु पर्छ भन्ने कुरा संसदीय प्रकृयामा हामीले जानकारी नपाएको अबस्था हो र संसदीय पाटीहरू संसदीय दलहरू बसाई प्रकृयामा कसरी व्यक्त हुनुपर्छ, त्यसका दल नेताका कार्यालयहरू कसरी हुनुपर्छ? के माओवादी दलको नेताको मात्रै कार्यालय हुन आवश्यक छैन? अन्यको सबैको हुने तर माओवादी दल नेतालाई नेताको कार्यालय समेत

किन राखिएको छैन? दलको बसाई व्यवस्थापन समेत व्यवस्थित किन गरिएको छैन? यस्ता विषयहरू केही अनुभूतिजन्य छन् र खासगरी सभामुख महोदय, सरकारलाई खासगरी सरकार प्रमुखलाई म भन्न चाहन्छु, विगतमा पनि गठबन्धनको सरकार थियो। अघिल्लो सरकारको शैली प्रकृया गठबन्धनका निर्णय हुँदाखेरिको कसरी अगाडि बढ्थ्यो? सामान्यतया निर्णय गर्नुभन्दा अगाडिको कसरी समायोजन हुने गर्थ्यो? किन भुल्नुभएको अहिलेको मुख्यमन्त्रीज्यूले? म त्यलाई भन्न चाहन्छु, प्रश्न गर्न चाहन्छु। सामान्यतया यस्तो बुझाइ पनि हुने गर्‍यो कि माओवादीलाई लतारेर लिन सकिन्छ कि भन्ने सोच त होइन? त्यो सोच हो भने अलि फरक कुरा हो। मेरो अलिकति अब छोटोमा (माननीय सभामुखः माननीय सदस्य सरकारसँग सम्बन्धित विषय हो, त्यो उतै राख्दा हुँदैन गठबन्धनमै) भन्न खोजेको छु सभामुख महोदय, संसद् र संसदीय समितिहरूमा एकाधिकारवादी रबैया छ र यसले समग्र प्रकृयामा माओवादीको भूमिका र जिम्मेवारीलाई कुण्ठित यतिसम्म के अनुभूति भएको छ कि सभामुख महोदय, संसदीय विधेयकहरूमा समेत खासगरी माननीय सदस्यहरूका धारणाहरू प्रस्फूटित हुने अबस्था छैन। के विधेयक निर्माण र कानून निर्माणमा सांसदहरूका भूमिकाहरूलाई कुण्ठित गरेर राम्रो कानून बनाउन सक्छौं? यस्तो स्थितिले हामीलाई खासगरी सरकारको अहिलेको रबैया एकलौटी ढङ्गले सत्ता साझेदार दललाई कुनै पूर्णता बेवास्ता गरेर एकलै हिँड्न सकिन्छ कि भन्ने सोच र संसद्भित्रका गतिविधिहरूले हामीलाई उचित अनुभूति गर्न दिइएको छैन। त्यसकारण सरकार र संसदीय संसद्भित्रका भइरहेका अनेकन गतिविधि जुन माओवादीलाई निषेध गर्न खोजिएको छ। यस्तो अनुभूतिमा हामी खासगरी अहिलेको यो स्थिति बारे उपयुक्त छलफल र निष्कर्ष ननिकालुन्जेलसम्म संसद् र संसदीय समितिका बैठकहरूमा हाम्रो दलको उपस्थिति नहुने कुरा म जानकारी गराउन चाहन्छु, धन्यवाद।

**माननीय सभामुखः**- माननीय सदस्यहरू आधा घण्टाको लागि बैठक यही स्थगित हुन्छ।

# बैठक संख्या-२७
## (वि.सं. २०७९ साल साउन ९ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको सत्ताईसौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, नेकपा माओवादी केन्द्र संसदीय दलका नेता माननीय श्री महेन्द्रबहादुर शाहीले बोल्ने समय माग गर्नुभएकाले उहाँलाई समय उपलब्ध गराउँछु। रोष्ट्रम प्रयोग गर्न सक्नुहुनेछ माननीय सदस्य ।

**माननीय श्री महेन्द्रबहादुर शाहीः** माननीय सभामुख महोदय, यस सदनमा केही दिन अगाडि केही विषयका वारेमा नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रको संसदीय दलकोतर्फबाट आफ्ना केही विषयहरू यहाँ प्रस्तुत गरेर हामीले संसद्मा हामीले उठाएका विषयहरूका वारेमा सम्वोधन नभएसम्मका लागि सदनमा हामी सहभागी चाहिँ नहुने भन्ने कुरा दलकोतर्फबाट विचार ब्यक्त गरेर दल चाहिँ बाहिरिएको चाहिँ थियो । र आज हामी फेरि संसद्मा हामी सामेल भएका छौं, सहभागी भएका छौं । र यसमा विषयवस्तुको हिसाबले मुख्यगरी दुईवटा विषयहरूमा हामीले केन्द्रित रहेर यहाँ विषय चाहिँ राखिएको चाहिँ थियो ।

मैले यहाँभन्दा अगाडि पनि दलकोतर्फबाट सदनमा यस रोष्ट्रमबाट हाम्रा विचार ब्यक्त गर्ने मामिलामा पनि मैले भन्या चाहिँ थिएँ सरकार र सदनका काम कारवाहीलाई प्रभावकारी ढङ्गबाट अगाडि बढाउनका लागि विगतको समीक्षा पनि जरुरी चाहिँ छ, सरकारको पनि समीक्षा गर्न जरुरी चाहिँ छ, र हामीले सदनको पनि समीक्षा गर्न जरुरी चाहिँ छ । र हामी समीक्षाबाट विगतमा नपुगेका र विगतमा केही रहेका कमी कमजोरी समस्याहरूलाई हामीले शिक्षाको रूपमा चाहिँ लिएर आगामी दिनहरूमा हामीले हाम्रा काम कारवाही प्रभावकारी ढङ्गबाट अगाडि बढाउनका लागि यसले ठुलो हामीले सपोर्ट चाहिँ गर्छ । यसका लागि पनि हामीले अलिकति छलफल व्यापक गर्न चाहिँ जरुरी छ । र सबै संसद्मा सहभागी दलकोतर्फबाट हामीले एकपटक समीक्षा चाहिँ गरौं, छलफल गरौं भन्ने कुराहरू मैले यहाँ राखेको चाहिँ थिएँ । र विगत धेरै लामो समय चाहिँ भयो संसद्का काम कारवाहीलाई प्रभावकारी बनाउनका लागि मिनि पार्लियामेण्ट भन्छ सानो संसद् भन्छ समितिहरू र मुख्यगरी सदनलाई प्रभावकारी बनाउने मुख्य जिम्मेवारी चाहिँ भनेको समितिको चाहिँ हो । समितिमा सबै दलको सहभागिता हुन्छ । र त्यसपछि त्यहाँ व्यापक छलफल चाहिँ हुन्छ । संसद्मा आएका विलहरूका बारेमा व्यापक छलफलसहित र त्यसपछि एउटा निष्कर्षसहित उसले सदनमा पेस गर्ने हो त्यसपछि सदनले एउटा औपचारिक रूपले त्यसलाई पास गर्ने हो । औपचारिकताका लागि मात्रै संसद्मा चाहिँ पेस हुने हुन्छ । र ती समितिहरू अहिले एउटा समिति चाहिँको चुनाव चाहिँ हुन सकिराख्या छैन । खासै लामो समय चाहिँ भैसक्यो । र यति लामो समय

एउटा समिति सभापति विहीन चाहिँ अबस्थामा चाहिँ राखु हुँदैन । र अहिलेको माथि केन्द्रको परम्परा र त्यसपछि हाम्रो प्रदेशले पनि हामीले लागू गरेको परम्परा चाहिँ भनेको संसद्मा सहभागी दलहरूलाई समितिहरूको चाहिँ भागवण्डा चाहिँ गर्ने । संसद्मा दलीय आफ्नो उपस्थितिको पोजिशनको आधारमा समितिहरू चाहिँ भागवण्डा गर्ने र त्यसपछि त्यो समितिको सहमतिको आधारमा एउटा प्रक्रिया पूरा गरेर सभापति चुन्ने व्यवस्था चाहिँ छ । र अहिले एउटा समिति नेकपा माओवादीको संसदीय दललाई प्राप्त भएको चाहिँ थियो । सहमतिको आधारमा हामी छलफल गर्दा । र लामो समयसम्म पनि त्यसको चुनाव चाहिँ नहुनु र त्यसपछि त्यो समिति सभापति विहीन अबस्थामा लामो समयसम्म रहिरहनु र त्यसवाट हुने त्यो समितिबाट गर्ने सम्पूर्ण काम कारवाहीहरू पनि प्रभावकारी ढङ्गबाट अगाडि बढेनन् । पछि रहे । यो तत्काल चाहिँ चुनाव चाहिँ गरिनुपर्छ एउटा सभापति छनोट गरिनुपर्छ भन्ने कुराहरू दलकोतर्फबाट औपचारिक अनौपचारिक धेरै पटक हामीले विषय उठाउँदा पनि त्यसको चुनाव चाहिँ समयमा हुन सकेन । त्यो चुनावको व्यवस्था तत्काल चाहिँ गरियोस् भन्ने एउटा विषय हामीले उठाएका चाहिँ थियौं। र त्यसपछि समितिभित्र रहेका केही विधेयकहरू चाहिँ छन् जो महत्त्वपूर्ण विधेयकहरू चाहिँ छन् । ती महत्त्वपूर्ण विधेयकहरूका बारेमा पनि सरकारमा, सदनमा सामेल चाहिँ भएका दलहरू बीचको बरु व्यापक छलफल गर्ने र त्यसपछि केही विलहरूमा संशोधन गर्नु छ भनेपनि त्यसको संशोधन चाहिँ गर्ने । छलफल गरेर आपसी छलफल, सल्लाहको आधारमा त्यसलाई संशोधन पनि गरेर जान सकिन्छ । सरकारले फिर्ता लिएर गरिने संशोधन सहमतिको आधारमा त्यो पनि एउटा हुन्छ । अर्को सदन भित्रै पनि हामीले बसेर दलहरू बीचको सहमति भयो भने प्रस्तावक र समर्थक राखेर धेरै चाहिँ विषयहरू हामीले संसद्बाट पनि हामीले संशोधन गरेर संशोधनकर्ताको संशोधन नपरेको ठाउँमा पनि हामीले संशोधन गरेर बिल चाहिँ हामीले पास गर्न सक्छौं । यसका लागि छलफल गरौं ढिला नगरौं हामीलाई समय थोरै छ अब । हामीले धेरै महत्त्वपूर्ण विधेयकहरू संसद्मा दर्ता भएका छन् । एउटा प्रक्रियामा छन् । तर, यी द्रुत गतिले अगाडि बढेका छैनन् । रोकिएका छन् । समितिमा अड्किएका छन् । यसका वारेमा एउटा सबैले साझा धारणा चाहिँ बनाएर विललाई अगाडि बढाएर चाहिँ जाउँ । अलपत्र अबस्थामा चाहिँ नराखौं भन्ने कुराका बारेमा पनि छलफल चाहिँ होस् यो सदनमा भन्ने कुराहरू यहाँ उठाइएको चाहिँ हो ।

त्यसपछि अर्को कुरा भनेको सरकारका काम कारवाहीका बारेमा मुख्यगरी अहिले घाइते, अपाङ्ग र सहिद परिवारलाई दिएको भत्ता त्यो भत्ता पनि सामान्य अबस्थामा होइन। किनकि यत्रो राजनीतिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने घाइते अपाङ्गहरू चाहिँ छन् । सहिद परिवारहरू चाहिँ छन् । हामी आफैले उहाँहरूको व्यवस्थापन गर्ने कुरा चाहिँ हो । हामी स्वयं संसद्मा सामेल हामी सबै दलहरू, सरकारमा सामेल हामी दलहरू हामी सबैले उहाँहरूको उच्च सम्मानका लागि चाहिँ

गरिने व्यवस्था हो र यो उच्च सम्मानका लागि गरिएको व्यवस्था चाहिँ हो । यति हुँदाहुँदै पनि केही वर्ष चाहिँ ढिला भयो । हामीले सम्वोधन गर्ने मामिलामा । प्रदेश सरकारले चाहिँ हाम्रो सम्वोधन गरेन भनेर धेरै घाइते अपाङ्गहरू सुर्खेतमा आएर केन्द्रित भएर उहाँहरूले केही आन्दोलनका कार्यक्रम पनि घोषणा गर्नुभयो । आन्तरिक मामिला मन्त्रालय तोडफोड पनि भयो । सबै कुरा चाहिँ भए । किनकि हामीलाई प्रदेश सरकारले सम्मान चाहिँ गरेन हामीलाई सम्मान चाहिँ गरिनुपर्छ सम्वोधन गरिनुपर्छ भन्ने कुरापनि पटक-पटक घाइते अपाङ्गतर्फबाट उठ्दै चाहिँ आयो । यसलाई पनि हामीले उचित सम्वोधनका लागि कर्णाली प्रदेश सरकारको अघिल्लो नीति तथा कार्यक्रम र बजेटमा हामीले व्यवस्था गऱ्यौं । ती प्रत्येक चाहिँ घाइते अपाङ्गहरूलाई जसले जीवन निर्वाह भत्ता बुझिराखेका छन् । संघीय सरकारबाट केन्द्रबाट बुझिराख्या चाहिँ छन् । त्यसमा मात्रै हामीले प्रदेशकोतर्फबाट थप गरिदिने २ हजार मात्रै थप गर्ने भन्ने कुरा चाहिँ हामीले त्यहाँ राखेका छौं । र त्यसपछि सहिद परिवारलाई पनि सम्मानका लागि हामीले जनयुद्ध, जनआन्दोलन र त्यसैगरी प्रदेश प्राप्तीको क्रममा चाहिँ हुन गएका सहिदहरूलाई, घाइते अपाङ्गहरूलाई हामीले त्यो सम्मान स्वरूप चाहिँ भत्ता उपलब्ध गर्ने भन्ने व्यवस्था चाहिँ थियो है । र त्यो अघिल्लो वर्ष त्यो भत्ता चाहिँ दिनुपर्ने स्थिति चाहिँ हो भने त्यो साउन खाता चाहिँ क्लोज भयो । तर, घाइते अपाङ्गहरूले त्यो सुविधा चाहिँ पाएनन् । त्यसो हुँदा फेरि त्यसले ठाउँ ठाउँमा फेरि आवाज उठेको छ टेलिफोनहरू चाहिँ आउने कामहरू भएका छन् । यदि हामीले समयमै त्यसको सम्वोधन नगर्ने हो भने भोलि फेरि अर्को समस्याको रूपमा उठ्न सक्ने खतरालाई पनि मध्यनजर चाहिँ सरकारले गर्नुपर्छ र समयमै घाइते अपाङ्गहरू र सहिद परिवारले पाउनुपर्ने सरकारबाट पाउनु पर्ने सेवा सुविधा वापत लिएको भत्ता दिनुपर्छ यथासक्य भन्ने कुराहरूका बारेमा हामीले त्यो उठाएका चाहिँ थियौं । त्यसपछि अर्को कुरा चाहिँ भनेको संसद्मा हामी सहभागी भैसकेपछि ठिक छ हाम्रो धेरै पूर्वाधारको समस्या चाहिँ छ । धेरै भवनहरू हामीले चाहिँ आवश्यक भवनहरू छैनन् । यही हाम्रो सभापनि धेरै चाहिँ व्यवस्थित ढङ्गले बनाउन सकिरा चाहिँ छैनौं । यहीभित्रको पनि बसाईमा कमसेकम दलहरूको पनि पहिचान चाहिँ हुने किसिमको बसाई व्यवस्था चाहिँ आवश्यक छ भन्ने कुराहरू पटक-पटक विषय चाहिँ राखियो । र अब यहाँ फेरि संसद् सचिवालयले सरकारको काम हो भन्ने सरकारले फेरि संसद् सचिवालयको काम हो भन्ने त्यहीँ एक अर्कालाई चाहिँ अबभन्दा भन्दा बसाई पनि अव्यवस्थित चाहिँ भयो । व्यवस्थित चाहिँ गरौं कमसेकम दलहरू चाहिँ प्रष्टै चिनिने को दल कहाँ छ ? कता छ ? के छ ? को हो सत्तापक्ष ? को हो प्रतिपक्ष ? खालि अगाडि प्रतिपक्ष र सत्तापक्ष वा सरकार मात्रै चाहिँ छ । र सत्तापक्ष नै संसद्भित्रको बसाईमा चिनिदैन पहिचान हुँदैन । यसको पनि व्यवस्थापन जरुरी छ भन्ने कुराहरू यहाँ हामीले राख्यौं । र यसमा चाहिँ आवश्यक चाहिँ छलफल पनि फेरि अगाडि बढ्यो ।

हामीले संसद्लाई अब बहिष्कार त गर्ने निस्किने सहभागी नहुने भनेर हामीले निस्किसकेपछि यहाँ प्रतिपक्ष दलको पनि महत्त्वपूर्ण भूमिका रह्यो । र सबै अब यहाँ सहभागी दलहरूको महत्त्वपूर्ण भूमिका चाहिँ रह्यो । र एउटा दललाई बाहिर सदनभन्दा बाहिर राखेर गरिने निर्णयहरू चाहिँ त्यति राम्रो चाहिँ हुँदैन । शोभनिय चाहिँ हुँदैन । दललाई जसरी पनि हामीले संसद् भित्रै राख्नुपर्छ भन्ने उद्देश्यका साथ सदनलाई स्थगन नै गरेर छलफलका लागि चाहिँ वातावरण सिर्जना चाहिँ भयो । र यो हामीले त प्रष्टै कुरा राखेका चाहिँ थियौं यहाँ हामी सहभागी हुँदा पनि न हुँदा पनि खासै अर्थ राख्दैन किनकि वील पास गर्नका लागि पनि अब सत्तापक्षका पनि सबै सांसदहरूको छैन फेरि त्यो संसद्मा न आउने भन्ने कुरा चाहिँ त्यो त नेकपा माओवादी केन्द्रकोतर्फबाट मात्रै भाको हो । र त्यसपछि समाजवादी त्यसपछि नेपाली कांग्रेस त फेरि सदनमा सहभागी नै भैरहने स्थितिमा सदन चलिरहने प्रमुख प्रतिपक्ष भए पनि सदन स्वाभाविक रूपमा नै चल्ने र सदनमा आएका आवश्यक वीलहरू प्नि पास गर्न सक्ने हैसियत हामी नहुँदा पनि राख्छ। त्यो पनि राखोस् भन्ने कुरा नै हाम्रो चाहिँ थियो । तर पनि अब एउटा दललाई बाहिर राखेर चाहिँ अगाडि बढ्नु राम्रो हुँदैन र हामीले छलफलमा ल्याउनु पर्छ सम्वादबाट हामीले समाधान खोज्नुपर्छ भन्ने कुरा सबैकोतर्फबाट भैसकेपछि त्यसपछि यहाँ एउटा सर्वदलीय बैठकको आब्हन पनि भयो सभामुखको नेतृत्वमा । त्यहीं विषयहरू उठे त्यहाँ। विषय उठ्दाखेरी यी सबै विषयहरूको सम्वोधन आवश्यक सम्वोधन चाहिँ गर्ने भन्ने कुराहरू सैद्धान्तिक एउटा निर्णय चाहिँ गरौं भन्ने कुरामा सबै सहमत चाहिँ त्यहाँ भएको स्थिति चाहिँ थियो र हाम्रो दलकोतर्फबाट हामीले त्यो होइन अमुर्त त अब चाहिँ हुँदैन । सैद्धान्तिक कुरा हुँदैन हामीले अब तिथि मितिसहित ठोस् गर्नुपर्छ हामीले समितिको चुनावको पनि अब ठोस् गर्नुपर्‍यो, त्यसपछि अब सरकारले घाइते अपाङ्ग र सहिद परिवारलाई दिने समयावधी पनि अब ठोस् गर्नुपर्‍यो, त्यसभित्र समय अबधी भित्रै काम सम्पन्न गरिसक्ने गरी त्यो स्पिडमा काम गर्ने गरी जानुपर्छ त्यसपछि आवश्यक हाम्रा विधेयकहरूका वारेमा पनि वीलहरूका वारेमा पनि हामीले आवश्यक छलफल गरेर कुन कुन वील अहिलेको आवश्यकता हो ? अहिलेको सार्वजनिक महत्त्वका चाहिँ वीलहरू कुन कुन चाहिँ हुन् यी वीलहरूलमा केन्द्रित रहेर छलफललाई अगाडि बढाउने प्रक्रियाको थालनी होस् भन्ने कुराहरू दलकोतर्फबाट त्यो धारण राखिएको चाहिँ थियो । र त्यसपछि अब अहिले सबै हिसाबले हामीले उठाएका विषयवस्तुहरूमा सरकारले पनि अब तुरुन्तै कार्यान्वयन गर्ने भन्नु कुराहरू प्रतिबद्धता सरकारकोतर्फबाट पनि भयो । हामीसँगको छलफलमा गठवन्धनको छलफलमा र त्यसपछि हामी यत सर्वदलीय बैठकमा पनि सरकारकोतर्फबाट कुनै पनि कसर बाँकी नराखिकन त्यो चाहिँ कार्यान्वयन गर्ने भन्ने कुराहरू सर्वदलीय बैठकमा पनि उहाँको सरकारको नेतृत्वकोतर्फबाट जुन बिचार ब्यक्त चाहिँ भयो र त्यसपछि गठवन्धनको हाम्रो बसाईमा पनि त्यो बिचार चाहिँ उहाँको ब्यक्त भाको चाहिँ छ । र त्यसपछि यता सभाकोतर्फबाट पनि समितिको

सभापतिको चुनावलाई पनि अब छिटै गर्ने भन्ने कुराका वारेमा पनि अब संसद् सचिवालयबाट त्यसपछि अब सभामुखको स्पिड पनि सर्वदलीय बैठकमा त्यो चाहिँ थियो। र त्यसैले एकपटक विश्वास गर्नुपर्‍यो अब भन्ने कुरा नै उहाँहरूकोतर्फबाट पनि भैसकेपछि अहिले अब लिखित गर्ने कुरा नै मुख्य कुरा होइन । त्यो लिखित गरेपनि भयो नगरेपनि भयो । आखिर त्यो सैद्धान्तिक विषय हो । त्यसो हुँदा गर्छौं हामीले एकपटक हेर्नु न त एकपटक हेर्नुस् न तपाईंहरूले भन्ने कुरा भनिसकेपछि यहाँ हेर्नका लागि हामीले सरकारले पनि अहिले आफ्ना बिचारहरू चाहिँ यहाँ राख्ला । र त्यसपछि अब हामीले एकपटक फेरि पनि अब हामीले हेर्ने र फेरि पनि अब त्यो कुराहरू भन्नका लागि मात्रै सिमित चाहिँ भए र हामीले उठाएका विषयहरूको सम्वोधन चाहिँ भएन भने फेरि चाहिँ अब हामीले पहिला जुन निर्णय हामीले गर्‍यौं त्यो निर्णयलाई फेरि हामीले पुनः कार्यान्वयन गर्नेगरी अब हामी अगाडि बढ्नुपर्ने बाध्यता चाहिँ फेरि चाहिँ हुन्छ फेरि त्यो । त्यो बाध्यताको स्थिति सिर्जना चाहिँ हुनेछैन भन्ने कुरामा पनि म आशावादी छु, अपेक्षित छु ।

त्यसो हुँदा अब अहिले यी समस्या भनेका धेरै ठूला समस्या होइनन् साना समस्याहरू हुन् । तर, यीभन्दा ठूला समस्याहरू भनेका हाम्रा अगाडि राम्रो किसिमको चाहिँ अहिले व्यवस्था स्थापित गर्ने कुराहरू अहिले राम्रो चाहिँ कानून आवश्यक, कानून प्रदेशमा सरकारका काम कारवाहीलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्नका लागि आवश्यक हामीलाई चाहिँ ऐनहरू चाहिँ हामीले निर्माण गर्नुछ यसमा हामीले समय चाहिँ बढी दिने यसमा व्यापक छलफल र बहस हामीले गर्ने यो कुरामा चाहिँ बढी हामीले ध्यान दिन चाहिँ जरुरी छ । त्यसपछि अब हामीले गर्ने कुनै पनि कामहरू अहिले माथि स्थापित तपाईंको सदनमा पनि सरकारमा पनि के छ त भने स्थापित एउटा परम्पराको कुरा पनि छ । अब हामीले कस्तो प्रकारको परम्पराको हामीले चाहिँ थालनी गरेर जाने ? अब हाम्रो समय थोरै छ । अब हामीले कस्तो प्रकारको परम्परा, कस्तो प्रकारको संस्कार संसद्भित्रको संस्कार, सरकारभित्रको संस्कारलाई कस्तो स्थापित गरेर जाने भन्ने कुरा नै मुख्य कुरा चाहिँ हो । त्यसो भएको हुँदा हामीले राम्रो संस्कार, राम्रो परम्पराको हामीले थालनी गरेर जाने कुराहरू राम्रो कुराको नजिर चाहिँ बसालेर जाने कुरा नै हाम्रो प्रमुख दायित्व हो । यो दायित्व पूरा गर्नु आजको आवश्यकता हो भने अर्को कुरा थोरै समय चाहिँ छ ।

यो वर्ष हामीले फेरि पनि बजेट कार्यान्वयनमा तिव्रता दिनु चाहिँ छ । अघिल्लो वर्षपनि हामीले सतप्रतिशत काम गर्न सकिराखेका चाहिँ छैनौं । र धेरै बजेटहरू सम्झौता नभएरै चाहिँ बजेट फ्रिज भएर आएको चाहिँ छ । र अहिले अब हामीले फेरि तुरुन्तै अर्को चुनाव चाहिँ हुँदैछ फेरि निर्वाचन आचार संहिता पनि लागू हुन्छ । त्यसो हुँदा अहिले फेरि अब हामीले जो गर्‍यौं नि भौतिक पूर्वाधारका, विकास निर्माणका काम कारवाहीलाई पनि हामी सबैले संसद्मा सहभागी सबै दलहरूको साझा जिम्मेवारीको रूपमा चाहिँ हामीले लिएर कामलाई प्रभावकारी ढङ्गबाट अगाडि बढाउने कुरामा

विशेषगरी हामीले चाहिँ ध्यान जानेछ । यही कुरा चाहिँ मैले यहाँ सदनमा राख्दै मेरो भनाइ अन्त्य गर्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीले सरकारको धारणा राख्न समय माग गर्नु भएकाले उहाँलाई समय उपलब्ध गराउँछु ।

**मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीः** धन्यवाद माननीय सभामुख महोदय, अब जो केहीदिन अगाडि प्रदेशसभामा सत्ता गठवनधनमै रहेको एउटा ठुलो दल आफ्नो भनाइ राखिसकेपछि सदनबाट बाहिरिनुभएको थियो । यो अघि नै पनि कुरा आयो । हामी यस्तो प्रदेशका हौं । हाम्रो यो नयाँ नयाँ प्राक्टिसहरू भैरहेका छन् । यसलाई पनि खुसी नै जस्तो लाग्छ कहींले कहींले त हाम्रो यो सबै खालका चाहिँ नयाँ नयाँ प्राक्टिसहरू चाहिँ छन् । र सभामुख महोदय, जुन अहिले कुरा आइरहेका छन् । त्यसमा नियतवस सरकारले नगर्नुपर्ने भन्ने कुरा केहीपनि छैन । सरकार सबैको एउटा अभिभावकको रूपमा अगाडि बढ्नुपर्छ भन्ने नै हाम्रो मान्यता हो । र अस्ती त्यो दिनमा जुन कुराहरू आए विशेष गरेर विधेयकका सम्वन्धमा पनि कुरा आयो । सदनको कुरा त म त्यति भन्न सक्दिन सभामुख महोदय । तर, विधेयकका कुराहरूमा शान्ति पुनःस्थापना विधेयक, दलित सशक्तिकरण विधेयक, पर्वतीय विश्वविद्यालयको विधेयक, सिंजा सभ्यता संरक्षण विकास विधेयक, आम सञ्चार प्रतिष्ठान विधेयक र मैले त सुनेको पनि थिईन यो अर्को पनि रैछ नवप्रबर्द्धन के हो यो चाहिँ नभएको हुनाले भन्ने कुरा चाहिँ आयो सभामुख महोदय । र अर्को महत्त्वपूर्ण कुरा भनेको सहिद स्मृति भत्ता वितरण भएन, घाइते अपाङ्गहरूले पनि पाएनन् भन्ने कुरा आयो । मेरो विचारमा सरकारसँग सम्वन्ध सबैभन्दा महत्त्वपूर्ण कुरा यही नै हो भन्ने मलाई लाग्छ ।

अब दलित विधेयक आएन भनौं भने सभामुख महोदय सभामुख महोदयमार्फत् म भन्न चाहन्छु करिव १३ दिनपछि माननीयज्यूहरू त्यो समुदायमा प्रतिनिधित्व गर्ने माननीयज्यूहरूको डेलिगेशन आइसकेपछि मैलेसम्बन्धीत विभागीय मन्त्रीलाई बोलाएर यो तुरुन्तै ल्याउनु भनेको उहाँहरूले भनेको मैले १३ दिनभित्रमा क्याविनेटबाट पास गरेको छु । क्याविनेटबाट पास गरेको छु । अब यसलाई क्याविनेटबाट पास गरेपछि त प्रोसेस्ली यहाँ आउने भयो । पर्वतीय विश्वविद्यालयको विषयमा त्यहाँ छलफल हुने क्रममा विभागीय मन्त्रीले फिर्त लिन्छु भनेर भन्नु भएको रहेछ । मैले पछि आएर तपाईंले फिर्ता लिनेभन्दा पनि क्याविनेटले फिर्ता लिन पर्छ भन्नुपर्ने होला नि त ? त्यस्ता छलफलका विषयहरू छन् । त्यसलाई समृद्ध कसरी गर्न सकिन्छ ? त्यसका कमी कमजोरी के छन् ? अहिले जुन ढङ्गले हामीले ल्याएका छौं त्यो कुराले त्यो विधेयक अगाडि बढ्न सक्छ कि सक्दैन ? त्यसलाई हामीले पिपिपि मोडलमा जाने भन्ने कुरा सबैको सहमतिको कुरा त्यसलाई कसरी अगाडि बढाउने भन्ने कुरा नै छलफल भएको हो सभामुख महोदय । पर्वतीय विश्वविद्यालयको ।

आमसञ्चार प्रतिष्ठानको त त्यो त्यहाँ छ भन्ने कुरा म सरकार प्रमुखको हिसाबले किनकि यसको त ३/४ वर्ष नै भइसक्या रैछ । त्यो कहाँ अल्झेको थियो यहीं नै रैछ। अब त्यसलाई अगाडि नबढाउनु पर्ने भन्ने कुरा केही पनि थिएन । र विशेषगरेर सिंजा सभ्यता संरक्षण विकास विधेयकका विषयमा कुरो उठ्यो । यसमा छलफल हुने कुरा भयो । साल वसाली खर्च सरकारले गर्नुपर्ने भैसकेपछि त्यसको विधि र प्रक्रियाहरू छन्। सरकारका विधेयकहरू बनाऔँदाखेरी पनि आन्तरिक मामिलामा कानून मन्त्रालयमा भनौं न त्यसको राय र आर्थिक मामिलाको सहमति चाहिन्छ । खर्चको उसमा । त्यसमा माननीय सभामुख महोदय यहाँको नै एउटा अग्रसरतामा हामीले समितिमा पनि गयौं । समितिमा दलका सबै शिर्ष नेताहरू सबै गएर त्यहाँ एकपल्ट छलफल पनि भएको हो । छलफलको क्रममा मैले भनें यदि साल वसाली खर्च नलाग्ने हो भने त्यहीं एउटा शब्द राखियो भने पास गरौं । होइन साल वसाली खर्च लाग्ने हो भने अलिकति यो चाहिँ फरक छ । रूपमा...रूपमा सिंजा सभ्यता संरक्षण विकास विधेयक छभित्र सारमा कुनै प्राधिकरणको रूपमा गएको छ । त्यसलाई हामी मिलाएर जाऔं । कसरी गर्ने भन्ने कुरो नै गरेको हो त्योभन्दा अन्यथा केही भएको होइन । तर, त्यसको अर्को दिनमा मेरो बाहिर जय जयकार मनाईयो । गालि गरे किन भनौं । जय जयकार मनाईयो । जीवन शाही जिन्दावाद भन्ने भो । जीवन शाहीले छिटो चाहिँ ..यो कतिसम्मको कुरा थियो भन्ने कुरा नै हो यो मैले आज भन्नै पर्ने भयो सभामुख महोदय । कुनै कुरामा हामी त्यसमा लागौं भनेर हामी सबै लागेकै थियौं । र शान्ति पुनर्स्थापना यी विधेयकहरू अहिले विशेष गरेर पहिला विधायन अहिले के रे हाम्रो प्रदेश मामिलामा चाहिँ छन् । यी विधेयकलाई पास गर्नको लागि त सभामुख महोदय माननीयज्यूहरू जानुपर्ने होला नि त । माननीयज्यूहरू सबै बसेर त्यहाँ छलफल गर्नुपर्ने होला । संशोधन हाल्ने माननीयज्यूहरूले संशोधन हाल्नु भयो होला । कसैले राम्रो हाल्नु भयो होला कसैले नराम्रो हाल्नु भयो होला । संशोधनको कुरा सुनिसकेपछि अनि त्यो समितिले बसेर छलफल गरेर सर्वसम्मतबाट पास गर्ने सर्वसम्मतबाट हुन सकेन भने प्रक्रिया त्यहीं हो बहुमतबाट पास गर्ने । तर, मैले हेर्दाखेरि समितिमा पनि कहींल्यै पनि फुलफिल नभएकोदेखियो । त्यो समितिमा छलफल भएको कुरालाई सरकारलाई भन्नुपर्ने पनि केही छ जस्तो मलाई लाग्दैन । सरकारले नगर है कोही नजाउ है भन्यो भने सरकारको कमीकमजोरीमा पर्ला नै । र यो विषयमा त्यै रह्यो । र यो जुन समिति थियो समितिको विषयमा पहिला पनि मैले सरकारको प्रमुखको हैसियतले सभामुखज्यूलाई मैलेपनि आग्रह गरेको थिएँ । यसलाई चाहिँ छिटो गरिदिनु पर्‍यो भन्ने कुरा । र सूचना पनि किस्केको थियो । र एकाएक अर्को विहान हेर्दाखेरि त सूचना त फेरि क्यान्सिल भएछ । त्यो भयो भन्ने कुरा आउँदाखेरि सभामुखज्यूले टेक्निकल कुरा पनि पर्‍यो त्यो कोहिपनि खुसी नहुने सत्तापक्ष पनि खुसी नहुने विपक्ष पनि खुसी नहुने अनि मैले के गर्ने भन्ने कुरा भो । त्यत्तिकै त्यत्तिकै त्यो अल्झेको जस्तो लाग्छ । अब त्यसमा सभामुखज्यूले सुचनै ननिकालेको भन्ने

चाहिँ होइन । अब यसमा पनि केही छैन । हामीले मैले बारम्वार पनि एकदम मैले आग्रह नै गरेको छु । त्यसको सूचना निकाल्दिनुपर्‍यो सभामुखज्यू ।

अब २/४ महिना भए पनि एउटा समितिको त्यहाँ जेष्ठ सदस्यले अध्यक्षता गर्ने प्रचलन छ निर्वाचन नहुँदासम्म । र त्यो त्यसैगरी फङसलर हुन सक्याछैन भनेर भनेकै हो उहाँले पनि म गर्छु गर्छु भन्दै हुनुहुन्थ्यो । र यहाँका जुन अहिले व्यवस्थापनका कुरामा सरकारले गर्नुपर्ने सरकारले के भनेको हो भने हामीले रिसोर्सको व्यवस्थापन त्यहाँ हामीले गरौंला अहिले नयाँ विल्डिङ बनाउन सकिने अबस्था केहीपनि छैन । यहाँभित्र भन्दाखेरि मैले सभामुख महोदय मैले रोष्ट्रमबाट सभामुख महोदयलाई मैले धन्यवाद दिनै पर्छ । यति भए पनि एउटा सत्तापक्ष दल देखिने, सरकार देखिने अरू विपक्षी दल देखिने, प्रमुख विपक्षी दल देखिने, विपक्षी दल देखिने जुन भएको छ त्यसको लागि पनि म धन्यवाद दिन चाहन्छु । मैले चाहिँ सरकारले गर्ने कुरा के होभन्दा यहाँ भएका कुरामा अब इमिडेट गर्नुपर्ने कुरा केही थिएन । र अर्को बाहिर बस्ने कुरामा पनि भवनको अलिकति अफ्ठ्यारो संकुचित अबस्था थियो । त्यसमा ठिकै छ । अब हामी कांग्रेस दल चाहिँ सानो दल छ । त्यो कांग्रेस दलको नेता बस्ने ठाउँ पनि त्यहीँ हो, सचेतक बस्ने पनि त्यहीँ हो, दल बस्ने पनि त्यहीँ हो । अब सरकारमा भएको नाताले सहनुपर्छ भने मैले नै सहुँला र यो कोठा हामीलाई कहाँ सार्नुहुन्छ सार्नुस् यो पनि गरौं भनेकै हो । अब माथि मुख्यमन्त्रीको कोठा त्यो जीवन शाही कांग्रेस भएर प्राप्त भएको होइन । त्यो चाहिँ मुख्यमन्त्रीको त्यो हिजोको मुख्यमन्त्री बस्ने भएर भएको जस्तो लाग्छ । अब संयोगले आन्तरिक मामिला मन्त्री पनि त्यहीँ पार्टीको परेछ । त्यो पनि दिने हाम्रो संसदीय व्यवस्थाको प्रचलन हो । त्योअनुसार परेको हो । अब मैले त अलिकति एकदम उ भएर चाहिँ कमजोर आत्मवल लिएर यही कोठाको लागि मन्त्री फेर्ने भए पनि मन्त्री पनि फेरौं पनि मैले भनेकै हो सभामुख महोदय । अब आन्तरिक मामिला मन्त्रालय दिएर अब उहाँलाई कुन ठाउँमा राख्ने त्यो पनि मैले प्रस्ताव नगरेको होइन । यी कोठाहरूको विषयमा पनि भएकै छन् भन्ने लाग्छ ।

अब मुख्य कुरा चाहिँ सहिद स्मृति भत्ता वितरणको अबस्था हो । अस्ती यहाँ बोल्ने माननीयज्यूले त के मुख्यमन्त्रीले लतारेरै लिन खोज्यो भन्नुभो । मैले किन लतारेर लिऔंला र ? सभामुख महोदय । सबैलाई जगाएर लगौंला । सबैलाई राम्रो गरेर लगौंला। प्रदेशसभालाई राम्रो गरौंला भन्ने मेरो आकांक्षा छ । अब मैले के लतार्नु छ र? आफै लतारियाछु । कहाँबाट लतार्नु छ र ? मैले कसैलाई लतार्न सक्ने कुरो त छैन। तर एउटा बुझिदिनुपर्ने कुरा एउटा के थियो भने सहिद स्मृति भत्ताको कुरामा आउँदाखेरि छिटो किन भएनभन्दा हाम्रो बनेको यो सहिद स्मृति भत्ता वितरण कार्यविधि २०७८, घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि २०७८ बन्यो । यो बनिसकेपछि हामीले चाहिँ सूचना निकाल्न लगायौं । अब यहाँ धेरै कुराहरू छन् मैले जस्तै एउटा उदाहरणको लागि मैले के भन्न चाहें भने सहिद स्मृति भत्ता वितरण

कार्यविधिमा यो अधिकांश नाता प्रमाणितको प्रतिलिपि ८/१० वर्षभन्दा अगाडिको आयो। त्यसपछि एउटै सहिद व्यक्तिको नाममा फरक-फरक व्यक्ति जस्तै श्रीमती पनि आएका छन्, अर्को श्रीमती पनि आएका छन्, बुवा पनि आएका छन्, दाजु पनि आएका छन्, भाउजु पनि आएका छन्, मामा पनि आएका छन्, माईजु पनि आएका छन्, काका पनि आएका छन्, काकी पनि आएका छन् सबैले निवेदन पेस गरेका छन् । कुन चाहिँलाई त्यो हो भन्ने कुरामा चाहिँ त्यो छानविन गर्नुपर्ने भयो ।

त्यसपछि अर्को कुरा के भयो भने दुईटा श्रीमती हुनेको हकमा पनि दुवैले निवेदन पेस गर्याछन् । अब कुन चाहिँ श्रीमतीलाई आधिकारिक कुन चाहिँ हो ? त्यो पनि हेर्नुपर्ने अबस्था चाहिँ आएछ । अब यी यी कुराहरू छानविन गर्नुपर्ने भन्नु कुरा त्यो आइसकेपछि अब केही निवेदकहरूले के लेखे भने केही निवेदकले नेपाल कम्युनिष्ट पार्टी माओवादीले दिएको सहिद परिवार हो भन्यो । केहीले के भनेभन्दा नेपाली कांग्रेसबाट हो भन्यो । केहीले के भने नेकपा एमालेबाट हो भन्यो । अब भन्दाखेरि राज्यको संयन्त्रमा जानुपर्ने कुरा हो । पार्टीले गरेको कुरा कांग्रेसले भन्या गरिहाल्ने माओवादीले भन्या गरिहाल्ने त्यो पनि त्यो भयो भन्ने कुरोले चाहिँ अलिअलि त्यो अल्झेको अबस्था चाहिँ त्यो हो भन्न चाहिँ चाहें सभामुख महोदय । अब यो निवेदन अध्ययन गर्नुपर्ने भयो यो चाहिँ मिति २०७८ कार्तिक ७ मा कर्णाली प्रदेश सरकार मन्त्री परिषद्को निर्णयबाट स्विकृती भयो । ७ गते । अनि पछि के भो भने यो स्विकृती भयो । कार्यविधि बमोजिम मिति २०७८ कार्तिक १४देखि २०७८ पौष १५सम्ममा जनयुद्ध, जनआन्दोलन तथा प्रदेश प्राप्तिको आन्दोलनमा सहिद तथा बेपत्ता भएका परिवारका सदस्यलाई स्मृति भत्ता प्राप्तिका लागि स्थानीय तहमा कार्यविधिको अनुसूची १ बमोजिम निवेदन दिन सूचना प्रकाशन गरियो । सूचना प्रकाशन चाहिँ मन्त्रालयले गऱ्यो । सूचना दिनुपर्ने कहाँ भयो त केरे निवेदन दिनुपर्ने चाहिँ स्थानीय तहमा भयो । अनि खास व्यक्तिहरूले सूचना पनि प्राप्त गरेनछन् । अनि स्थानीय तहमा सहिद वा बेपत्ता व्यक्तिको एकीकृत तथ्यांक नभएको हुँदा निवेदकको निवेदन लिएपश्चात भेरीफिकेशन गर्ने अधार पनि भएन । उहाँहरूको सबैको रेकर्ड रैछ जिल्ला प्रशासनमा । अनि मन्त्रालयले सूचना प्रकाशित गर्ने र निवेदन स्थानीय तहमा दिने विषयले स्थानीय तहले त्यति साह्रो अपनत्व गरेन । किन यो प्रदेश सरकारले पनि अपनत्व पनि लिन सकेन । अनि सो निवेदनमा निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी नभएको, सहिद वा बेपत्तासँगको नाता प्रमाणित प्रमाण-पत्रको प्रतिलिपी नभएको, जिल्ला प्रशासन कार्यालयबाट प्राप्त सहिद वा बेपत्ता भएको प्रमाण खुल्ने कागजात नभएको । ती नभएको हुनाले पनि एउटा अप्ठ्यारो परेर त्यो चाहिँ अलिकति रह्यो । अनि कार्यविधिको प्रस्तावनामा के भनिएको छ भने सभामुख महोदय दफा ३ मा यो कार्यविधिको सहिद स्मृति भत्ता प्राप्त गर्न सक्ने
(१) कर्णाली प्रदेशमा स्थायी वसोवास भएका आन्दोलन र जनयुद्धका सहिद वा बेपत्ता परिवारका सदस्यले यस कार्यविधि बमोजिमको सहिद स्मृति भत्ता प्राप्त गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको सहिद स्मृति भत्ता स्थानीय तहबाट वितरण गरिनेछ भन्ने कुरा यसमा राखिएको रहेछ ।

अब यहाँ पनि मैले अघि नै भन्या जस्तो कार्यविधिको प्रस्तावना दफामा के भन्यो बेपत्ता पारिएका परिवार भनियो । तर, त्यसैका आधारमा त्यहीँ आधारमा चाहिँ अघि भने नि दाजु भाउजु सबैले यिनिहरूले दिएपछि । तर त्यसमा के हो भने नाता प्रमाणित त जो पनि हुनसक्छ । नाता काका काकी जो पनि हुनसक्छ । तर यसमा कानुनी रूपले हकवाला भन्ने को हो ? भन्ने भयो । अब हकवाला को हो त ? त्यो भएन । अनि हामीले हकवालामा पनि आमा, बाबु, भन्ने कुरा चाहिँ गरिएको यहाँ भेटिन्छ । कानुनी रूपले के हुन्छ भने हकवाला पनि पहिलो हक भनेको श्रीमती सहिद भएको छ भने श्रीमान हुने भो, श्रीमान भएको छ भने श्रीमती हुने भो त्यसपछिका हकवाला छोराछोरी हुने भयो । छोराछोरीमा पनि विहे गरेको छोरी होइन छोरा भनेको त्यो हकवाला र त्यसमा पनि कनुनतः त्यसले पनि अलिकति भयो र जिल्ला प्रशासनको मैले अघि नै पनि निवेदन गरेँ सभामुख महोदय त्यसको तथ्याँक नहुँदाखेरी यो अलिकति अप्ठ्यारो भएको चाहिँ हो । अनि यो निवेदनको म्याद सकिएपछि विवरण माग गर्ने बेलासम्म पनि स्थानीय तहको निर्वाचन घोषणा भयो । त्यसपछि निर्वाचन घोषणा भैसकेपछि प्रक्रियामा त एक किसिमले यो ओझेलमै पर्‍यो यो । निर्वाचित प्रतिनिधिहरू आएपछि पनि यसले चाहिँ नयाँले चाहिँ अलिकति अनभिज्ञता चाहिँ गरे । अनि ५६ ओटा पालिकाबाट चाहिँ आयो । कस्तो आयो भने २/२ हजार १० जना सहिद वा बेपत्ता भएका व्यक्तिको विवरण प्राप्त भयो । तर हालसम्म पनि आउँदैछ । हुलाकमार्फत् आउने र मेरै जिल्ला जस्तै उदाहरणकै लागि मेरै जिल्ला हुम्लाबाट सिमिकोटबाट २३ सहिदको विवरण श्रावण ४ गते आयो । अब पहिला आएको थिएन अहिले आइरहेको छ ।

त्यसकारणले अब यी अबस्थाले चाहिँ भयो । अब हामीले के गर्छौं सरकारले भनेजस्तै चालु आ.व. मा पनि यो कार्यक्रमलाई निरन्तरता दिएको छ र यसलाई अगाडि बढाऔंछौं । हैन, श्रावण महिनाभित्रमा चाहिँ ब्यवहारिक कानूनहरू बनाउनै पर्ने भो । कानूनबाट चाहिँ फस्ने कुरा भएन । यसलाई गरेर हामी छिटोभन्दा छिटो उहाँहरूले प्राप्त गर्ने हामीले गर्न चाहन्छौं र अहिले पनि यो आइडेन्टीफाई भएकाहरूको गृह मन्त्रालयमा त्यो रेकर्ड भएको हुनाले त्यो रेकर्डबाट गर्दाखेरि सजिलो हुन्छ । र त्यो पैसा चाहिँ हामीले पालिकामा पठाउने र पालिकाले वडामार्फत् नै वितरण गरोस् र यो वास्तविक हकवालाले भत्ता पाउने व्यवस्था चाहिँ होस् भन्ने नै हो ।

यहाँ एउटा अर्को समस्या के आएको छ भने सहिद भयो छोरा सहिद भयो बुहारी पोईल गयो । अनि त्यसमा के राख्यौं भने त्यसको पहिलो हकदार को हुनेछभन्दा बाउ आमा भन्यौं । त्यो राख्ने वित्तिकै चाहिँ अनि बाउ आमाले पहिलो हकदार भनेर चाहिँ उहाँहरूले राख्नुभो । कतिको के भएको रहेछ पोईल नगएको पनि रहेछ । पोईल नगएको भने त पहिलो हकदार त त्यो महिला नै हुने भयो नि अथवा पहिलो हकदार

चाहिँ पुरुष नै हुने भो । त्यो कारणले मात्रै यो अलिकति ढिला हो कुनै बद्नियतपूर्ण ढङ्गले सहिद परिवारलाई नदिने, नगर्ने भन्ने कुरा हुँदै होइन सभामुख महोदय । र त्यसरी नै यो घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरणसम्बन्धीमा चाहिँ कार्यमा त्यो चाहिँ एकदम ठुलै खालको चाहिँ बबण्डर खालको चाहिँ छ । सबैले चाहिँ पठाएका छन् । कोतरिएकाले पनि पठाएका छन्, एक लठ्ठी खाएकाले पनि पठाएका छन्, साँच्चै घाइते भएकाले पनि पठाएका छन् । यसलाई त अलिकति हेर्नै पर्ने अबस्था त्योदेखियो । मिति २०७८ साल ७ सातमा चाहिँ कर्णाली प्रदेश सरकार मन्त्री परिषदको निर्णयबाट स्वीकृति भयो यो चाहिँ कार्यविधि । त्यसको एक हप्ता भित्रै फेरि २०७८ साल ७ पन्ध्रमा कार्यविधि पुनः संशोधन गरियो । एक हप्ता भित्रै । कार्यविधिमा सरकोकारवालाको राय सुझाव नलिएको वा तथ्यांक कसरी व्यवस्था गरिएको छ त्यो एकिन गर्न सकिएन भन्ने उद्देश्यले एक हप्ता भित्रै त्यो गरियो सभामुख महोदय । अनि घाइते अपाङ्गताहरूको परिभाषा लेखियो । आन्दोलन र जनयुद्धको क्रममा शारिरीक वा मानसिक रूपमा अशक्त भै प्रचलित कानून बमोजिम क वा ख वा ग । पहिला चाहिँ क वा ख मात्रै रहेछ । संशोधन गरेर ग राखियो । पन्ध्र दिनपछि ।

घाइते वा अपाङ्गता भएका परिचय पत्र प्राप्त वा विशेषज्ञ डाक्टरले गरेको प्रेप्क्रिप्सनको आधारमा निरन्तर औषधी सेवन गरिरहेको व्यक्ति भनी परिभाषित गरियो सभामुख महोदय । अनि यो परिभाषाले चाहिँ थुप्रै अन्योल ल्याइदियो । जनयुद्ध तथा जनआन्दोलनमा भएको घाइते अपाङ्गताको मापनका प्रतिशतका आधारमा गरिएको रहेछ। त्यो बेला भएकालाई २५ प्रतिशत, ५० प्रतिशत, ५१ प्रतिशत, ७५ प्रतिशत र ७६भन्दा बढी भनेर त्यो गरिएको रैछ । अनि क वा ख वा ग वर्गको घाइते आपांगता भएको परिचय पत्र प्राप्त व्यक्ति, आन्दोलन र जनयुद्धको क्रममा घाइते अपाङ्गता भएको हो भन्ने खुल्न न आएको । क, ख, ग त अरू अपाङ्गलाई पनि मान्दो रैछ । त्यो प्रतिशतले त्यो भन्यो । त्यो हामीले क, ख, ग राख्यौं । यसमा चाहिँ अहिले देख्यौं भनेपनि कसैको २५ प्रतिशत अब त्यो होला । ५० प्रतिशत । त्यसले गर्दाखेरि त्यहाँका कानून अधिकृतले के भने भने यो क, ख, ग भनेको त अरूपनि जन्मजात अपाङ्ग पनि हुनसक्छ । अब यही मानेमा त्यस्ताले पनि हाले अब । क, ख, ग भन्ने वित्तिकै हामी क, ख, ग भनेर त्यसरी हालेर यो चाहिँ एउटा समस्या सिर्जना भयो कार्यविधिमा बनाऔंदा खेरि सभामुख महोदय।

अनि विशेषज्ञ डाक्टरले गरेको प्रेप्क्रिप्सनको आधारमा निरन्तर औषधी सेवन गरेको भन्ने पहिचान गर्ने आधार भएन । प्रेप्क्रिप्सनमा कसले पहिचान गर्ने हो ? निरन्तर औषधी सेवन गरिरहेको व्यक्ति जनयुद्ध वा जनआन्दोलनकै क्रममा हुन गएको कारणले हो वा अन्य पत्ता लगाउने आधारनै भएन त्यो । यो माथि नभएपछि अब यहाँपनि केही माननीय सदस्यज्यूहरूले पनि  मन्त्रीज्यूहरूले पनि डाक्टरको प्रेप्क्रिप्सनअनुसार त औषधी खाईरहनु भएको छ । त्यसले गर्दाखेरि अलिकति अप्ठ्यारो परेर यो चाहिँ पनि अलिकति ढिलो सुस्ती हुन गएको कारण त्यसरी रैछ । कार्यविधि बमोजिम मिति ७८ मंसिर १७

गतेदेखि ७८ माघ १७ गतेसम्म ७८ कार्तिक त्यतिबाटसम्म जनयुद्ध र आन्दोलनमा घाइते अपाङ्गता भएका व्यक्तिले जीवन निर्वाह भत्ता प्राप्तीका लागि स्थानीय तहमा कार्यविधिको अनुसूची-१ बमोजिम निवेदन दिन सूचना प्रकाशन गरियो । अब अघि नै मैले भन्याथैं त्यो खास व्यक्तिले पाएनन् । स्थानीय तहमा यस्ता व्यक्तिको एकीकृत तथ्यांक पनि भएन । अब मन्त्रालयले सूचना प्रकाशित गर्ने र निवेदन स्थानीय तहमा दिने भन्ने पनि स्थानीय तहले समयमै त्यसले आफ्नो अपनत्व लिएन । के हो र भने जस्तो गऱ्यो । त्यसले पनि अर्को समस्या पाऱ्यो । अब प्रेप्क्रीप्सनका कुराहरू मैले अघिपनि गरिहालें सभामुख महोदय ।

अब यो उल्लिखित निवेदन प्राप्त भए पनिसम्बन्धीत स्थानीय तहले घाइते अपाङ्गता भएको व्यक्तिको विवरण अनुसूची-२ बमोजिमको ढाँचामा मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था चाहिँ गरियो । स्थानीय तहमा जनयुद्ध र आन्दोलनका घाइते, जनआन्दोलनका घाइते, अपाङ्गता भएको व्यक्तिको एकीकृत तथ्यांक नभएको हुनाले निवेदन प्राप्त भएका जतिलाई समावेश गरी मन्त्रालयमा अनुसूची २ मा समावेश गरी पठाइदियो । यो कहीपनि गरेन, केहीपनि गरेन त्यहाँ आएर जम्मा भए । त्यो कुराहरू चाहिँ सबै यता पाठाईदियो । न कार्यालयमा दर्ता छन्, न कार्यालयमा कुनै उ छ, अब म्याद सिद्धिसकेपछि पनि आउने क्रम जारी नै छ । र अघि नै मैले भनें ५६ ओटा पालिकाबाट यसमा चाहिँ १६ सय ८६ जना घाइते अपाङ्गता भएका व्यक्तिको विवरण प्राप्त भएको छ। हालसम्म पनि हुलाकमार्फत् आउने क्रम चाहिँ जारी नै छ । यति यी मैले चाहिँ यो सम्मानित सभामा माननीय सभामुखमार्फत् भन्नैपर्ने कुरा भो । किनभने सरकारले बद्रियतपूर्ण ढङ्गले गरेको थिएन भन्ने कुरा यी यी कारणले यस्तो भयो । अब के गर्ने त भन्दाखेरि चालु आ.व. मा पनि कार्यक्रमलाई राखेको छ । अब यसलाई छिटोभन्दा छिटो अगाडि बढाउने श्रावण महिनाभित्र नै ब्यवहारिक कानून बनाई यसलाई छिटोभन्दा छिटो स्वीकृत गरेर त्योअनुसार अगाडि घाइते अपाङ्गता भएका व्यक्तिको ब्यवहारिक परिभाषा र जनयुद्ध र आन्दोलनमा भएका व्यक्तिको पनि स्पष्ट पारिनेछ र पार्नेछ । अगाडि बढ्छ यसका लागि गृह मन्त्रालयले अघि नै तयार पारेको त्यो विवरणहरू हामीले मागिसकेका छौं । त्यो विवरण चाहिँ आउने भयो । त्यो विवरण आइसकेपछि हामी जुन निर्वाह भत्ताको लागि वास्तवित घाइतेहरू, अपाङ्गहरू नछुटुन् । जनयुद्धमा लागेका, जनआन्दोलनमा लागेका, घाइते भएका साँच्चै नै जीवन निर्वाह गर्नुपर्ने कुरामा चाहिँ लागिरहेका व्यक्तिहरू नछुटुन् ।

तर, गालो, कान खोस्रिएको, ४८ सालभन्दा अगाडि मरेको, अनि भारत गएर वसेको अब त्यसको भरले चाहिँ नपाउन् र यसलाई चाहिँ यो हामी सबैको दायित्व हो भन्ने मलाई लाग्छ । अँझ सभामुख महोदय मेरो आफ्नो व्यक्तिगत बिचारलाई गर्ने हो भने त यो निर्वाह भत्ता भनेर हामीले यो सबै मैले सम्मानित सदनमा मेरो कुरा राख्न चाहें । त्योभन्दा त बरु एकमुष्ट हामीले १ लाख रुपैंया दिने जसले एउटा घर बनाउनेले घर

बनाउन सक्ला, चाउचाउ पसल राख्नेले चाउचाउ पसल राख्ला त्यो गर्दा राम्रो हुन्थ्यो कि? महिनामा २ हजार रुपैंया त्यहाँ पठाएर । कहींले कहींले लाग्छ १० लाख पाउँदा त केही गरेन २ हजारले के गर्लान् र भन्नेपनि लाग्छ । त्यो गरेको भए झन् उपयुक्त हुन्थ्यो नि । त्यसलाई पनि बिचार गरौं होइन भने यो सरकारले अगाडि बढाऔँछ, अगाडि बढिरहेको छ । बढाऔँछ होइन बढिरहेको छ काम गर्दागर्दै आज केरे भौतिक मन्त्रालयको निर्धनको लागि घर भन्ने गऱ्यो । निर्धनको घर अब अहिलेसम्म हामीले गर्न सकेनौं । त्यो कार्यविधि बनेन भन्ने केही गरेन भन्ने । कयौं राम्रा महत्त्वपूर्ण हामीले योजनाहरू बनाएर गऱ्यौं कहाँ कहाँबाट लटपट गरिदिए । हैन ? यो चाहिँ सबैले बुझेको कुरा भएको हुनाले मैले सभामुखमार्फत् सम्पूर्ण माननीयज्यूहरूलाई म आग्रह गर्न चाहन्छु। कुनै दूरभावना छैन, केही छैन । सरकारले गर्दासम्म यी कुराहरू अघिपनि सभामुख महोदय सत्ता पक्षका नेताज्यूले भन्नुभो । पूर्व मुख्यमन्त्री पनि हुनुहुन्छ । वास्तवमा अब हामीसँग समय कम छ । सरकारले गर्ने कार्यक्रममा एकदम तदारुकताका लागि अगाडि लागौं । यहाँहरू सबैको साथ र सहयोग भयो भने सरकार अगाडि बढ्छ लाग्छ । र यो समितिमा भएका मैले त अहिले भर्खर ती हेर्दै गर्दा हेरें अब यहाँ आजबाट फेरि १६ गते पुगेछ । दिनका दिन गरेर ती भएका समितिका जुन जुन गर्नुपर्ने विधि पुगेका कानूनले मिलेका मिलनसारसँग भएका मिलेर गरेका कुरालाई कम्प्लिट गरेर १६ गतेभित्र यी सबै यहाँ महत्त्वपूर्ण विधेयकहरू पास गरेर १६ गतेबाट सबै आफ्नो आफ्नो जिल्लामा गएर काममा लागेको भए हुन्थ्यो नि । यो १०/१२ दिन के को लागि रोक्यो थाहा छैन । अब पहिला पहिला भैदिएको भए सभामुख महोदय सरकारले विजनेस नै दिदैंन के गर्नु । अब यी विजनेस त कुहिन लागि सके सभामुख महोदय ।

त्यसकारणले चाहिँ यो मेरो अँझ पनि मेरो चाहिँ एउटा आग्रह के छ भने त्यसरी होइन यी जे जे गर्नुपर्छ अगाडि गरौं । सरकार कुनै पनि विकासको लागि, कामको लागि आफ्नो बुद्धीले अब एउटा कुरो के हो भने सभामुख महोदय धेरै ठुलो बुद्धी नभएपछि जत्ति बुद्धी छ त्यत्ति काम गर्ने त हो नि । हैन ? नियत खराव नराखेर त्यसमा लागेर यी काममा चाहिँ सरकार लाग्छ र यो जुन सहयोग सबैले पुर्याउनु भएकोमा सम्पूर्णलाई हार्दिक धन्यवाद दिदैं म यहाँबाट विदा हुन्छु । धन्यवाद जय नेपाल ।

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश ...के होला ? माननीय सदस्यहरू । (एकजना माननीय सदस्यले राखौं अरू माननीय सदस्य आसन ग्रहण गरौं) माननीय सदस्य रोष्ट्रम प्रयोग गर्न सक्नुहुन्छ ।

**माननीय श्री यामलाल कंडेलः** माननीय सभामुख महोदय, अबरुद्ध संसद् सञ्चालन हुने कुरा सकारात्मक कुरा हो । तर, यहाँ ब्यक्त गर्दा बोल्नुपर्ने विषय थिएन । सोचिएको पनि थिएन । तर यहाँ अभिब्यक्त कतिपय कुराहरूले संसद्भित्रको प्रमुख प्रतिपक्षको धारणा राख्नुपर्ने परिस्थिति बन्दै गरेको कारणले गर्दा सभामुखज्यूको ध्यानाकर्षण गर्नुपर्ने परिस्थिति

निर्माण भयो । गरिएको संसद्भित्र गरिएको अभ्यास प्रति म धेरै टिप्पणी गर्दिन । स्वयं सरकारको नेतृत्व गर्ने मुख्यमन्त्रीले नै यहाँ आफ्नातर्फबाट टिप्पणी गरिसकेपछि त्यसमा थप भन्नु भएन सभामुख महोदय ।

हो, संसद् अबरुद्ध भएको थियो । यही विषयलाई लिएर सभामुखले आयोजना गरेको बैठकमा नेकपा एमाले पनि सहभागी थियो । अघि बोल्दा पछिल्लो घटना ा क्रममा समेत प्रमुख प्रतिपक्ष दल कहीँ कतै सामेल भएको हो कि ? भन्ने तहको जुन कुरा अभिव्यक्त भएको छ म विनम्रतापूर्वक भन्न चाहन्छु अबरुद्ध खोल्ने कुरा सकारात्मक कुरा हो तर पछिल्लो घटनाक्रम र विकासक्रममा हुनुपर्छ भन्ने मान्यता छैन । त्यो गठवन्धनभित्र रहनु भएका दलहरूका साथिहरूकै कुरा थियो नै त्यतिबेला पनि । तर पनि सभामुखले आयोजना गर्नुभएको सर्वदलीय बैठकमा हामी पनि सामेल थियौं । पहिलो दिनको अबस्था हाम्रा कारणले अब हामीले त्यसमा कुनै ध्यानाकर्षण गर्नुपर्ने परिस्थिति नै थिएन । जुन दिन पहिला कार्यक्रम वा घटना घट्यो ।सम्बन्धीत दलको नेता माननीय सदस्यज्यूले पनि त्यसमा ध्यानाकर्षण गरेर प्रमुख प्रतिपक्ष दललाई सम्झनु भयो । तर प्रमुख प्रतिपक्ष दलले त्यो भूमिका खेल्ने मौकै नपाईकन यो स्थिति आएको कुरा म जानकारी गराउन चाहन्छु । त्यो स्थिति आएको भए प्रमुख प्रतिपक्ष दलले के गथ्र्यो ? के गर्दैनथ्यो ? त्यो तपशिलको विषय हो । त्यो हामीले ध्यान दिने कुरा हो । तर, फेरि पनि म भन्न चाहन्छु कि त्यो अबस्थादेखिएन ।

मैले एउटा कुरामा यहाँ ध्यानाकर्षण गराउन चाहन्छु जुन कुरा सर्वदलीय बैठकमा पनि गराएको थिएँ । गराउन जरुरी ठानें मैले । संसद्का काम कारवाहीका मामिलामा मात्रै गर्न पाइन्छ वा पाईदैंन भन्ने तिर म जान चाहन्नँ । तर, हामीले कस्तो प्रचलन चलाउने कुरा प्रमुख कुरा हो । संसद्भित्र बिचाराधिन विषय संसद्भित्र कै माननीय सदस्यहरूको अगुवाइमा सडकको विषय बनाउने कुराका आधारबाट अगाडि बढ्ने कुरा के हुन्छ ? छलफल गरौं मात्रै भन्ने हो मेरो । गर्न हुँदैन पनि म अहिले भन्दिन । गर्न पाईदैंन पनि म भन्दिन । संसद्भित्र बिचाराधिन रहेका विषयहरू संसद् कै सदस्यहरूको अगुवाइबाट सडकको विषय बनाउने कुरा गर्दा त्यसले संसद्को काम कारवाहीलाई, समितिको काम कारवाहीलाई प्रभाव पार्छ वा पार्दैन त्यसलाई त्यो ढङ्गले लिन सकिन्छ वा सकिँदेन मैले सर्वदलीय बैठकमा पनि राखेको हो र आज सभामुखमार्फत् यो सभासमक्ष पनि यो कुरा राख्न चाहन्छु । सर्वदलीय समितिमा व्यक्तिका कुरा फरकदेखिन्थ्यो । व्यक्तिका कुरा फरकदेखिन्थ्यो । तर, दलगत धारणामा धेरै भिन्नता नदेखिएको अबस्था थियो नै । दलगत धारणामा धेरै भिन्नता नदेखिएको अबस्था थियो नै । विश्वास गर्ने र नगर्ने कुरा त्यो सत्ताको घटकको कुरा रह्यो । त्यसमा मैले धेरै बोलिरहनु पर्ने चासो दिईरहनु पर्ने कुरा त रहेन । माग प्रस्तोता नेताको कुरा पनि सुनियो । सरकार प्रमुखको कुरा पनि सुनियो तर के गर्ने कुरा हो ? सरकार वा गठवनधनमा रहेका पार्टीका साथिहरू त प्रष्टै हुनुहोला । तर, तपाईंहरूका आजका कतिपय प्रस्तुतीका

कारणले कतिपय संसद्का विषय वस्तुहरू पनि प्रत्यक्ष/अप्रत्यक्ष जोडेर लिएर आउनु भएको एउटा अबस्थादेखियो । त्यसले आशंका जन्माउने काम भयो नै । आशंका जन्माउने काम भयो नै ।

फेरि पनि म दोहोऱ्याउन चाहन्छु सर्वदलीय बैठकमा दलगत रूपले उठेका धेरै विषयमा धेरै भिन्नता नहुने गरी हामीले बैठक र छलफल गरिरहेका थियौं । यो विषयमा छलफल चलेको हो कुनै निर्णयमा पुगेको होइन । निर्णय पुग्दै गर्दा, निचोड निस्कँदै गर्दा माग प्रस्तोता दलका नेताले सर्वदलीय बैठकमा ब्यक्त गरेको कुरा हामी सबैलाई थाहा नै छ ।

त्यसकारणले म फेरि पनि विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु कि संसद्का आन्तरिक मामिलामा, विचाराधिन विषय सडकको विषय बनाएर सडकबाट प्रभावित भएर अगाडि बढ्ने कुरा कसैका निम्ति राम्रो भए पनि प्रचलनका हिसाबले, संस्थाका हिसाबले त्यो त्यति शोभनिय र त्यति राम्रो प्रचलन हुन्छ मलाई त्यस्तो लाग्दैन । जहाँसम्म कतिपय समितिका काम कारवाहीहरूका कुरा आइरहेका छन् जव संसद्भित्रका काम कारवाहीका विषयमा प्रस्टता हुँदैन अन्यौलता हुन्छ विषय संसद्भित्रको छ सरकारको काम गठवन्धनले आफ्नो बैठक गरेर निर्णय गर्न सक्छ, प्रस्तुत हुनसक्छ संसद्मा । तर, संसद्भित्रका विषय आगामी दिनमा अब आज हामीले भन्नुपर्ने भो कसरी प्रस्तुत हुनुहुन्छ त्यसरी हेर्ने कुरा रह्यो । मैले सभामुखमार्फत् भन्न चाहन्छु अबरुद्ध संसद् खुल्ने कुरा सकारात्मक कुरा हो । त्यसमा अघि कतिपय माननीय सदस्यहरूले भने जस्तो हाम्रो कुनै संलग्नता र सहमतिका आधारबाट निकालिएको खोजिएको निष्कर्ष होइन । उहाँहरूको गठवन्धनबाट निकालिएको निष्कर्ष हो । त्यो निष्कर्षले समितिका काम कारवाहीलाई कति प्रभाव पार्छ ? संसद्का काम कारावाहीलाई कति प्रभाव पार्छ ? त्यसबाट पछि धारणा बनाउने कुरा रहन्छ नै ।

हो, केही यहाँ फेरबदल भएकै छन् । भएकै छन् । अझैपनि गम्भीरतापूर्वक विचरणिय गर्नुपर्ने गरी कतिपय यहाँ फेरबदल भएका छन् । त्यसलाई म यही रोष्ट्रमबाट विषय त बनाउन चाहन्नँ । किनकि यो पहिलो चोटिदेखियो । म आफ्नो दलकोतर्फबाट संसद् सचिवालयलाई रोष्ट्रमबाट होइन भेटेरै ध्यानाकर्षण गराउने कुरा गर्नु नै उपयुक्त ठानेको छु । फेरबदल गर्नु नै पर्ने हुन्छ । तर, फेरबदल गर्दा व्यवस्था गर्दा हेक्का पुऱ्याउने कुरामा कमी रहेकै हो । कमी रहेकै हो । यतिको धेरै भन्न सकिन्छ यो संसद् सचिवालयकै कुरा उसको नै अधिकारको कुरा हो । तर, त्यो संसद् सचिवालयमा गरिने हामीले त्यो अभ्यास र माग पनि गर्याछैनौं । त्यो अभ्यासमा पनि छैनौं । नियमावलीको त्यो व्यवस्था पनि सक्रिय पनि छैन । खोज्न पनि चाहन्नौं । तर संसद्भित्रको सम्झनै पर्ने एउटा जिम्मेवारीमा रहेको पार्टी हो नेकपा एमाले । सम्झनै पर्ने संसद्भित्र । तर, गर्नु भयो । साथिहरू खुसी हुनुभाछ । माग पूरा भाछ । त्यसका निम्ति म धन्यवाद नै दिउँला । समस्या आएपछि समाधानका निम्ति अग्रसर हुने कुरा साँचो कुरा हो ।

त्यसकारणले म फेरि पनि अनुरोध गर्न चाहन्छु कि संसद् र समितिका काम कारवाहीका बारेमा जे सार्वजनिक विषय बनाएर त्यसका आधारबाट समर्थन वा त्यसअनुसारका कारवाही गरी केही निर्णय गरिएको तहबाट बुझ्ने र बुझाउने कुरा गरियो भने यहाँको भूमिका प्रभावकारी गर्नेभन्दा बाहिरको भूमिका प्रभावकारी गराएपछि मात्रै निर्णय हुँदो रहेछ भन्ने परिस्थिति बनाउने कुरातिर लागियो भने त्यसले एकछिनका निम्ति त राम्रो होला संसद्को काम कारवाहीलाई त्यसले सकारात्मक प्रभाव पार्छ मलाई त्यस्तो लाग्दैन ।

जहाँसम्म अरू विषय हामीले जसरी सोचिरहेका छौं समितिका कुराका बारेमा जसरी भनिरहेका छौं समितिका बारेमा त्यसको त मैले धेरै सर्वदलय बैठकमा सभामुखले आयोजना गर्नुभएको सर्वदलीय बैठकमा पनि कतिपय कुरा राखेको छु । यहींबाट फेरि ती राखेका सुझाव राख्दा यद्यपि जनतालाई सु-सुचित गर्ने कुरा त हुन्छ नै, गर्नुपर्ने हुन्छ नै । तर, त्यो नाममा भन्नु त्यति उपयुक्त मैले ठान्दिन । किनकि हामीले हाम्रो भूमिकालाई प्रभावकारी बनाउनुपर्ने कुरामा ध्यान दिनुपर्ने कुरा नै रहन्छ । त्यसकारणले फेरि पनि म अनुरोध र आग्रह गर्न चाहन्छु कि अबरुद्ध संसद् खुलेको छ सकारात्मक कुरा हो । खुल्दा जोडिएका विषयहरू र पटाक्षहरू जसरी सार्वजनिक हुँदै जानेछन् त्यसअनुसार नेकपा एमालेले आफ्नो धारणा त्यहीअनुसार तय गर्ने कुरापनि यो सभामुखमार्फत् सम्मानित संसद्मा राख्नै पर्ने परिस्थिति निर्माण भाको हुनाले मैले यति कुरा राखें। समय दिनुभयो धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्रीलाई कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक सभासमक्ष प्रस्तुत गर्न अनुमति पाउँ भनी कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १११ को उपनियम १ बमोजिम प्रस्ताव पेस गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्रीः** माननीय सभामुख महोदय, कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ को दफा ६ बमोजिम गठन भएको कर्णाली प्रदेश खेलकुद विकास परिषदको सदस्य सचिवले परिषदको प्रशासकीय प्रमुख भइ कार्य गर्नुपर्ने भएता पनि निजको पारिश्रमिकसम्बन्धी व्यवस्था ऐनमा उल्लेख नभएकाले संशोधनमार्फत् सदस्य सचिवको पारिश्रमिक र सुविधा तोक्न साथै सो ऐनमा रहेका कतिपय अस्पष्ट व्यवस्थालाई स्पष्ट पारी समयानुकुल संशोधन गर्नुपर्ने भएकोले कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १११ को उपनियम १ बमोजिम सभासमक्ष पेस गर्न अनुमतिको लागि प्रस्ताव गर्दछु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्रीले कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ लाई

संशोधन गर्न बनेको विधेयक सभामा प्रस्तुत गर्न पाउँ भनी सभाको अनुमतिका लागि राख्नुभएको उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।
र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।
**माननीय सदस्यहरूः** हुन्छ ।
**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।
हुन्न भन्ने आवाज सुनिएन । तसर्थ कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्रीले कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक सभामा प्रस्तुत गर्न सभाको सर्वसम्मतिले अनुमति प्राप्त भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्रीलाई कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १११ को उपनियम ३ बमोजिम सभासमक्ष टेबुल गर्न अनुमति दिन्छु ।
**सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्रीः** माननीय सभामुखज्यू, सभामा पेस गर्न अनुमति प्राप्त भएको कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १११ को उपनियम ३ बमोजिम सभासमक्ष टेबुल गर्दछु । धन्यवाद !
**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार र सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकका सम्वन्धमा कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२८ को उपनियम २ को खण्ड (क) बमोजिम प्रदेश समितिको प्रतिवेदनसहित विधेयक माथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।
**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीः** माननीय सभामुखज्यू, सम्मानित सभामा प्रदेश सरकारकातर्फबाट पेस भएको मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेशसभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र प्रदेश मामिला समितिमा छलफल भइ सभामा प्राप्त भएकोले कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२८ को उपनियम २ को खण्ड क बमोजिम प्रतिवेदनसहित विधेयकमाथि सभामा छलफल गरियोस् भनी प्रस्ताव पेस गर्दछु । धन्यवाद !
**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीले मुख्य न्यायाधिवक्ताको काम,

कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी राख्नुभएको प्रस्ताव सभाको स्वीकृतिका लागि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

**माननीय सदस्यहरूः** हुन्छ ।

**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियास् भनी सभाको स्वीकृतिका लागि राख्नुभएको प्रस्ताव सभाको सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, माननीय सदस्यहरू अब प्रदेश मामिला समितिको प्रतिवेदनसहितको मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा आनुसांगिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने ब्यहोरा पनि माननीय सदस्यहरूलाई जानकारी गराउँछु । छलफल आजै समाप्त हुने भएकाले माननीय सदस्यहरूले आफ्नो नाम सभामुखको डयाँस सँगै बायाँतर्फ बसेका सचिवालयको कर्मचारीहरूलाई नाम उपलब्ध गराईदिनुहोला ।

सर्वप्रथम माननीय श्री दल रावल । समय ७ मिनेट ।

**माननीय श्री दल रावलः** माननीय सभामुख महोदय, सर्वप्रथम संसद्भित्रको सत्तापक्षकै झगडा उधारो झगडा मिलाउनु भएकोमा उधारो सहमति गर्नुभएकोमा बधाई छ । अत्यन्तै महत्त्वपूर्ण सरकारलाई चाहिँ कानुनी सल्लाह दिने मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ को संशोधन प्राप्त भएको थियो। त्यसमध्य यो केही माननीयज्यूहरूले चाहिँ संशोधन पनि राख्नुभएको थियो । त्यो संशोधनको मूल मक्सद वास्तवमा हाम्रो कानुनी सेवालाई सर्वसुलभ बनाऔं, चुस्त दुरुस्त बनाऔं र प्रदेश सरकारका हरेक काममा मुख्य न्यायाधिवक्ताको कार्यालयबाट सपोर्ट मिलोस् र प्रदेश सरकारका कामहरू अझैपनि न्यायपूर्ण ढङ्गले सामाजिक न्यायको सिद्धान्तका आधारमा अगाडि बढ्न सफल हुन् भन्ने ढङ्गले नै व्यापक रूपमा चाहिँ यो प्रदेश मामिला समितिमा छलफल भयो । सरकारकोतर्फबाट माननीय त्यहाँका माननीयज्यूहरू सबै हामी चाहिँ व्यापक छलफल गर्‍यौं । वास्तवमा खासै त्यति धेरै थिएन। संशोधनको मूल मक्सद भनेको महा न्यायाधिवक्ताले कुनै पनि झगडाहरूमा कुनै

पनि मुद्दाहरूमा कति व्यवसायीहरू प्ा्रायोग गर्न सक्नुहुन्छ ? कति व्यवसायी प्रयोग गर्नुहुन्छ ? निजी व्यवसायीहरू कति प्रयोग गर्नुहुन्छ भन्ने कुराहरू अलिकति त्यहाँ खुलेको थिएन । र संशोधन कर्ताकोतर्फबाट सकेसम्म सरकारी कानून व्यवसायीलाई वकीलहरू नै प्रयोग गरौं भन्ने नै थियो एउटा मूल स्प्रिट त्यो थियो ।

तर पनि सरकारी वकीलहरू अहिले पनि संघीय सरकारकाअन्तर्गतका संरचना भएको र प्रदेश सरकारको मुख्य न्यायाधिवक्ताको सेवा शर्तको सुविधा केरे सेवा शर्तकोसम्बन्धी कानूनमा चाहिँ व्यवस्था गर्न अलिकति वाञ्छनिय हुँदैन कि त ? भन्ने ढङ्गले एउटा व्यापक छलफल हुँदाखेरी हामीले एउटा के कुरा एउटा निश्र्योलमा पुग्यौं भने ठिक छ हामीले ब्यवहारिक रूपमा चाहिँ सरकारी वकीलहरूलाई पनि हामीले अनुरोध गर्ने सकेसम्म चाहिँ कानूनमा व्यवस्था नभए पनि सकेसम्म चाहिँ बाहिरका प्राईभेट वकील लगाएर सरकारको खर्चलाई मितब्ययी केरे खर्च बढी गर्नुभन्दा सरकारी संरचना कै वकीलहरूलाई चाहिँ प्रयोग गर्ने, सरकारी वकीलहरूलाई नै चाहिँ अनुरोध गर्ने सकेसम्म ब्यवहारिक रूपमा । यदि सम्भव भएन भने मुद्दाको प्रकृति हेरेरसम्बन्धीत मुद्दाको विशेषज्ञ वकीलसहित ३ जना बढीमा ३ जना चाहिँ वकील प्राईभेट वकील अथवा कानून व्यवसायीहरू प्रयोग गर्न सकिने व्यवस्था साथ हामीले चाहिँ यो संशोधन चाहिँ पास गऱ्यौं। समितिबाट पास गऱ्यौं ।

सम्भवतः आज चाहिँ यो फाइनल हुँदैछ । यो किन भन्दाखेरि हामीले चाहिँ कानूनलाई मितब्ययी बनाऔं, सरकारका काम चुस्त दुरुस्त न्यायसँगत होस् र त्यसलाई चाहिँ सकेसम्म मितब्ययी प्रक्रिया भित्रै राखौं भन्ने ढङ्गले नै यो कानून चाहिँ यो हामीले चाहिँ संशोधन गरेका छौं । र त्यसमा हामीले प्रष्टै रूपमा चाहिँ यो मुद्दाहरू चाहिँ विभिन्न प्रकृतिका मुद्दा हुन्छन् । त्यसका पनि विशेषज्ञता राख्ने वकीलहरू हुन्छन् त्यसलाई प्रयोग गर्ने त्यसमा बढीमा ३ जना वकील किनभने अहिले सरकारका मुद्दाहरू पनि बढ्दैछन् । संरचनाहरू बढेका छन् । विभिन्न जिल्लामा एउटै प्रकृतिका मुद्दाहरू पनि पर्छन् । एकैदिन चाहिँ तीन चार ठाउँमा हामीले पेशी तोकिएको पनि हुनसक्छ । बहस गर्नुपर्ने हुनसक्छ । त्यो भएको नाताले बढीमा ३ जना वकील मात्र प्रयोग गरौं । कानून व्यवसायी प्रयोग गरौं । नत्र अन्यथा कहींले काहीं महा न्यायाधिवक्ता चाहिँ अलि ठुलै मुटुको उदारै हुनुभयो भने १०/१५ वकील चाहिँ जोतिदिनु भयो भने सरकारको खर्च बढी हुन्छ मितब्ययी हुँदैन भन्ने ढङ्गले हामीले जिम्मेवार माननीयको ढङ्गले जिम्मेवार प्रतिपक्ष अथवा जिम्मेवार चाहिँ त्यहाँका संशोधनकर्ता माननीयज्यूहरूका हिसाबले संशोधन राख्यौं । त्योअनुसार समितिमा पास पनि भयो । अत्यन्त राम्रो कानून बन्याछ ।
धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री सिताकुमारी नेपाली ।

**माननीय श्री सिताकुमारी नेपालीः** माननीय सभामुख महोदय, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक को

प्रतिवेदन माथि हामी छलफल गरिरहेका छौं । र यो विधेयक जो संशोधन विधेयकको रूपमा आएको छ यो विधेयक चाहिँ सरकाले आवश्यकता ठानेर नै सरकारको कानुनी सल्लाहाकार जो मुख्य न्यायाधिवक्ता हो त्यो कानुनी सल्लाहाकारको जुन ऐन छ, त्यसलाई चाहिँ संशोधन गर्नका निम्ति यो विधेयक संसद्मा आयो र प्रदेश मामिला समितिले यो विधेयक माथि व्यापक रूपमा छलफल गरेर विधेयकमा आएको संशोधन जो थियो र त्यो संशोधन भन्दापनि अब यो विधेयकलाई अँझ व्यवस्थित र परिमार्जित गरौं भन्ने उद्देश्यसहित जुन संशोधनमा एउटा प्रतिवन्धात्मक वाक्यांशसहित यो प्रतिवेदन आएको छ । यसका निम्ति म धन्यवाद पनि दिन चाहन्छु । र विशेषगरेर ऐनका ४/५ ओटा दफाहरूमा र उप दफामा मात्रै अब संशोधन हैन सरकारले त्यो संशोधन ल्याएको छ र त्यो संशोधनमा विशेष गरेर कतिपय दफाहरू अलि लेन्दी टाईपको लामो टाईपका पनि छन् र कतिपय दफाहरूलाई चाहिँ अलिकति परिमार्जन नै गर्नुपर्ने भको हुनाले त्योअनुसार नै अब यो संशोधन आएको मैले पाएको छु । र यसमा जुन प्रोभाईजको रूपमा हैन यहाँ विषय उठेको छ सरकारको हितमा, सरकारको पक्षमा बहस पैरवी गर्ने कुरा प्रतिरक्षा गर्नका निम्ति मुख्य न्यायाधिवक्ताको प्रमूख कार्य त हो नै । त्यो कार्यभित्र पनि अब मुख्य न्यायाधिवक्ताले मात्रै अब सबै ठाउँमा भ्याउने स्थिति पनि नवन्न सक्छ । कार्यवोझ बढ्दा त्यो अबस्थामा चाहिँ कानूनविदहरू केरे कानूनको हिसाबले चाहिँ कानून व्यवसायीहरूको सहयोग लिने कुरा पनि आवश्यक छ । कानून व्यवसायी प्राईभेट अब कानून व्यवसायी र अब सरकारी वकीलहरू अब उच्च अदालतका वकीलहरू, त्यसपछि जिल्ला सरकारी वकील कार्यालयका वकीलहरूको सहयोग र समर्थन लिने कुरा त छँदै छ। त्यो हुँदाहुँदै पनि प्राईभेट हैन केरे कानूनविदहरू हैन त्यसपछि अब वकीलहरूको सहयोग लिने कुराको आवश्यकता ठानेरै अब यसमा चाहिँ संशोधन गरिएको कुरा मैले बुझेको छु । जो प्रोभाईजको रूपमा चाहिँ यहाँ व्यवस्थापन गरिएको छ ।

विशेषगरेर अब सरकारको एउटा कानुनी सल्लाहाकार पनि हो मुख्य न्यायाधिवक्ता भनेको । अब प्रदेश सरकारको हितका निम्ति जुन एउटा कानुनी हिसाबले जुन सल्लाह सुझावहरू दिने सँगसँगै हैन अब सरकारमाथि आइपर्ने विभिन्न प्रकृतिका मुद्दा मामिलाहरूमा वहस पैरबीहरू गर्ने त्यो छँदै छ त्यो काम कर्तब्य त त्यो छँदै छ । त्यो मात्रै नभएर अँझ प्रदेश हैन मुख्य यो न्यायाधिवक्ताको कार्यालयमार्फत् हैन कानुनी हिसाबले परामर्शहरू दिने कुरा र सँगसँगै कानूनको अनभिज्ञता क्षम्य हुँदैन भन्ने जुन सर्वमान्य सिद्धान्त छ त्योअनुसार संघ सरकार, प्रदेश सरकार, स्थानीय सरकारहरूले चाहिँ कानूनहरू निर्माण गरिरहेको अबस्था छ । र संघ, प्रदेश र स्थानीय तहका कानूनहरू जनताको बीचमा व्यापक रूपमा लाने जनतालाई एउटा कानुनी एउटा जनचेतना जागृत गर्ने र सँगसँगै अब जनसमुदाय मार्फतमा जाँदै गर्दाखेरि विशेष गरेर अँझ विद्यार्थीहरूमा-विद्यार्थीहरूमा, विद्यालयहरूमा, कलेजहरूमा चाहिँ त्यो विद्यार्थीहरूलाई चाहिँ कानून हैन कस्तो-कस्तो प्रकृतिका कानूनहरू बनेका छन् त हैन ? यो कानूनको जानकारी दिनु हैन

राज्यको एउटा कर्तव्य पनि हो । त्यो कर्तव्यभित्र रहेर मुख्य न्यायाधिवक्ताको कार्यालयबाट यस्ता खालका कार्यक्रमहरू हैन अवारनेसका कार्यक्रमहरू, कानुनी परामर्शका कार्यक्रमहरूलाई चाहिँ अँझ थप हैन लैजाँदाखेरि अँझ ब्यवस्थीत हुन्छ जस्तो मलाई लागेको छ । र त्यो आवश्यकतालाई महसुस गरेर मुख्यमन्त्री केरे मुख्य न्यायाधिवक्ताको कार्यालयले त्यस्ता खालका थप कार्यक्रमहरू पनि ल्याउनेछ भन्ने कुरा सुझाव म राख्न चाहन्छु । र जुन व्यवस्था गरिएको छ संशोधनमा छलफल गरेर प्रतिवन्धात्मक वाक्यांशको रूपमा जुन कानूनको केरे वहस पैरबीका निम्ति प्रतिरक्षा गर्नका निम्ति जुन कानून व्यवसायीहरू राख्ने कुरा यहाँ चाहिँ ल्याइएको छ अब कानून व्यवसायी धेरै हैन मुद्दाका प्रकृतिहरू त थुप्रै प्रकृतिका हुन्छन् हैन । त्यो मुद्दाको प्रकृतिअनुसार कानून व्यवसायीहरू हायर गर्नुपर्ने स्थिति हुनसक्छ । त्यो स्थितिमा ती कानून व्यवसायीहरू जो छन् ती कानून व्यवसायीहरू अब धेरै भन्दापनि आवश्यकताका आधारमा नै अगाडि हैन हायर गर्ने कुरासँगसम्बन्धीत रहेर यो संशोधन भएको मैले अनुभूति गरेको छु । यो राम्रो पक्ष पनि छ । यसले मुख्य न्यायाधिवक्ताको काम, कर्तब्यलाई चाहिँ अब व्यवस्थित गर्ने कुरा र सरकारलाई विशेष गरेर सरकारलाई नजिकबाट हैन सहयोग गर्ने कुरा, सरकारको पक्षमा वकालत गर्ने कुरा, बहस पैरवी गर्ने कुरामा यसले मद्धत नै गर्छ र ती कानून व्यवसायीहरूले जुन वहस पैरबी र प्रतिरक्षाका निम्ति उनीहरू काम गर्दै गर्दाखेरि उनीहरूको पारिश्रमिकको कुरा पनि अब सरकारको जुन मापदण्ड छ त्यो मापदण्डका आधारमै भए उनीहरूलाई हैन त्यो पारिश्रमिक दिने कुराको जुन व्यवस्थापन यो कानूनमा गरिएको छ यो पनि राम्रो पक्ष हो भन्ने कुरा म राख्न चाहन्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीः** सभामुख महोदय, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि आएका सुझाव प्रश्नहरूमा सवभन्दा पहिले आजका जिज्ञासा राख्ने माननीयज्यूहरूलाई धन्यवाद दिन चाहन्छु, आभार ब्यक्त गर्न चाहन्छु । सकभर यहाँहरू अँझ यस्तै गरेर अर्को आउँदो उनासीको चुनावमा पनि जितेर आइदिनुहोला । यसपछि थप धन्यवाद !

संशोधनकर्ता माननीयज्यूहरूलाई पनि थप धन्यवाद दिन चाहन्छु । यहाँहरूको पनि उज्वल भविश्य होस् । माननीय सदस्यज्यूहरू कर्णाली प्रदेश सरकारलाई यो कुरा थाहा छ कर्णालीवासीको हित र कल्याणका खातिर के गर्नु पर्छ ? प्रदेशसभा प्रति अत्यन्तै दूरदर्शीताका साथ कर्णाली प्रदेश सरकार उत्तरदायी छ, जिम्मेवार छ । यो कुरा म दोहोऱ्याउन चाहँदैन । वादविवाद भन्दापनि सम्वाद, सहकार्य र सहमतिबाट मात्र कर्णाली

प्रदेशका सत्र लाख जनताको कल्याण हुन्छ भन्ने कुरा वर्तमान सरकारको यात्राको गन्तब्य हो । म तपाईंहरूलाई एउटै मात्र कुरा भनेर विदा हुन्छु । म अलिकति धर्म कर्ममा पनि अलि बढी मन लाग्छ । जनै छ कानै नो । मनुस्मृतिमा के लेखिएको छ भने "इशावास्यं मिदंसर्वे यतियाम जगतम् जगत ।"

एकताबाट अनेकता आउँछ । अनेकताबाट नै एकताको जन्म हुन्छ । त्यो एकताको जन्मले मात्र मानव जीवनको हित र कल्याण हुन्छ भन्ने कुरा वर्तमान सरकारलाई थाहा छ । त्यसैले कुनै पनि सांघुरो घेराभित्र नरहेर कर्णालीवासीको जनताको हितको, कल्याणको लागि कुनै पनि पूर्वाग्रही नभएर वादविवाद भन्दापनि सहकार्य र सहमतिबाट अवश्य पनि कर्णालीवासीको उज्ज्वल भविश्यको कामना गर्दछ र यसमा अहिले जिज्ञासा राख्ने माननीयहरूलाई धेरै– धेरै मुरी मात्रै होइन टन– टनको धन्यवाद दिँदै विदा हुन्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब यो छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब मुख्य न्यायाधिवक्ताको काम कर्तब्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकका सम्वन्धमा प्रदेश मामिला समितिको प्रतिवेदनको क्रम संख्या १ मा उल्लिखित संशोधन र विधेयकको दफा १ देखी ६सम्मका दफाहरू स्वीकृतिका लागि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

**माननीय सदस्यहरूः** हुन्छ ।

**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकका सम्वन्धमा प्रदेश मामिला समितिको प्रतिवेदनको क्रम संख्या १ मा उल्लिखित संशोधन र विधेयकको दफा १ देखि ६सम्मका दफाहरू सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकका सम्वन्धमा प्रदेश मामिला समितिको प्रतिवेदनको क्रम संख्या १ मा उल्लिखित संशोधन र विधेयकको दफा १ देखि ६सम्मका दफाहरू मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्तहरूसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

**माननीय सदस्यहरूः** हुन्छ ।

**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकका सम्वन्धमा प्रदेश मामिला समितिको प्रतिवेदनको क्रम संख्या १ मा उल्लिखित संशोधन र विधेयकको दफा १ देखि ६सम्मका दफाहरू सर्वसम्मतीले मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्तहरूसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

प्रस्तावनाः मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न वाञ्छनिय भएकोले कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी पहिलो संशोधन ऐन २०७८ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाको शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अंग बनोस् भनेर निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

**माननीय सदस्यहरूः** हुन्छ ।

**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२९ बमोजिम समग्रमा पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीः** माननीय सभामुखज्यू, मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि प्रदेशसभामा छलफल भइसकेकोले प्रदेश मामिला समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अंग हुनेगरी समग्र

विधेयक कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२९ बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

**माननीय सदस्यहरूः** हुन्छ ।

**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन । तसर्थ मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकका सम्वन्धमा कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२८ को उप नियम २ को खण्ड (क) बमोजिम प्रदेश मामिला समितिको प्रतिवेदनसहित विधेयक माथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीः** माननीय सभामुखज्यू, सम्मानित सभामा प्रदेश सरकारकातर्फबाट पेस भएको प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेशसभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र प्रदेश मामिला समितिमा छलफल भइ सभामा प्राप्त भएकोले कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२८ को उप नियम २ को खण्ड (क) बमोजिम प्रतिवेदनसहित विधेयक माथि सभामा छलफल गरियोस् भनी प्रस्ताव गर्दछु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीले प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि समितिको प्रतिवेदनसहित विधेयक माथि छलफल गरियोस् भनी राख्नुभएको प्रस्ताव सभाको स्वीकृतिका लागि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

**माननीय सदस्यहरूः** हुन्छ ।

**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीले प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि समितिको प्रतिवेदनसहित विधेयक माथि छलफल गरियोस् भनी सभाको स्वीकृतीका लागि राख्नुभएको प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब प्रदेश मामिला समितिको प्रतिवेदनसहितको प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विषय विधेयकका दफाहरू तथा आनुसांगिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने ब्यहोरा पनि माननीय सदस्यहरूलाई जानकारी गराउँछु । छलफल आजै समाप्त हुने भएकाले माननीय सदस्यहरूले आफ्नो नाम सभामुखको ड्याससँगै बायाँतर्फ बसेका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु होला ।

सर्वप्रथम माननीय श्री दल रावल । समय ७ मिनेट । यसपछि माननीय श्री गोपाल शर्मा तयारी अबस्थामा रहनुहोला ।

**माननीय श्री दल रावलः** सभामुख महोदय, समयको लागि धन्यवाद छ । यो प्रदेशको अत्यन्तै महत्त्वपूर्ण राख्ने प्रदेशको विकासमा स्थायी सरकारहरूका सदस्यहरू वास्तवमा कर्मचारी भनेको स्थायी सरकारका सदस्य हुन् । उनीहरूको जन्म दिने लोकसेवा आयोग ऐन २०७५ को संशोधन सरकारले पठाएको थियो । समितिमा आएको हो र हामीले केही माननीयज्यूहरूले संशोधन पनि राखेका थियौं यसमा । यसमा घनीभूत रूपमा सरकार, समितिका माननीयज्यूहरू हामी सबै बसेर चाहिँ छलफल गऱ्यौं । अत्यन्त प्रोडक्टीभ रूपमा साँच्चैको लोकसेवा आयोगको ऐनलाई चाहिँ राम्रो गरौं भन्ने ढङ्गले नै हामीले चाहिँ यसमा छलफल भयो । त्यो एकदम पोजेटिभ डिरेक्शनमा छलफल गऱ्यौं ।

र वास्तवमा एउटा मात्रै संशोधन थियो । प्रदेश सेवा आयोगलाई अलग राख्ने वा लोकसेवा यो प्रशासनिकभित्र राख्ने भन्ने कुरा नै संशोधनको मक्सद थियो । हामीले के भन्यौं भने प्रदेश लोकसेवा आयोगको ऐन २०७५ को मूल जुन कानून थियो त्यसको प्रस्तावनामा पहिला आएको हो । प्रदेश सेवा अलग भन्ने व्यवस्था थियो । त्यो संशोधनमा हटाएर आइसकेपछि हामीले के भन्यौं भने यो प्रदेशको स्वायत्तता यो प्रदेश मतलब यो प्रदेशसभाको स्वायत्तता यसको गरिमा साँच्चैको संघीयताको कार्यान्वयन र संस्थागत विकासको निम्ति पनि यसको अलग्गै सेवा हुँदा राम्रो हुन्छ । किन भने यो शक्ति पृथकिकरणको सिद्धान्त हैन जुन चेक एण्ड ब्यालेन्स गर्ने जुन सिद्धान्त छ यसका आधारमा पनि तिन ओटै जुन प्यारालाल शक्तिहरू तीनवटा जुन प्यारालाल इन्स्टिच्युशनहरू छन् कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका त्यो मध्येको एउटा व्यवस्थापिका हो । यो प्रदेशसभा भनेको आफ्नै गरिमा भएको एउटा संस्था भएको

नाताले यसको गरिमा जोगाउनु, बचाउनु हामी सांसदहरू हामी चाहिँ प्रदेशसभाका सबै सदस्यको त्यत्तिकै दायित्व र मतलब कर्तब्य हो भन्ने हामीलाई लाग्यो । त्यो भएको नाताले हामीले संशोधन हालि राख्दा यो संशोधन अत्यन्तै प्रदेशसभा नियमावली अनुरूप नै छ । र त्यहीअनुसार चाहिँ पूर्ण रूपमा चाहिँ हामीले संशोधन राख्याछौं । त्यो भएको नाताले संशोधन पनि पास भएको छ । र यसको संस्थाको सवलीकरणका निम्ति पनि यो कामलाग्दो छ । यो आवश्यक छ ।

संघीयतामा मैले बारम्बार भन्छु संघीयता पछिको नयाँ कुनै संरचना छ भने त्यो प्रदेश सरकार हो, प्रदेशसभा हो । किनभने नेपाल सरकार संघीय सरकार त हिजो पनि थियो आज त्यसकै कन्टीन्युटी हो । त्यहीँ संरचनागत फरक केही चाहिँ मेकानिजमहरू फरक परे होलान् । अन्यथा हिजो कै कन्टिन्युटी हो । र स्थानीय सरकारहरू पनि हिजो गाविस थिए । निकायको रूपमा थिए आज चाहिँ पालिकाको रूपमा आएका छन् । भने हिजो थियो त्यो संरचना थियो । यो देशमा थियो । धेरै लामो समय चाहिँ प्राक्टिस भएको हो । सबैभन्दा नयाँ संरचना यदि हामी संघीयतालाई प्रोमोड गर्ने हो, संघीयता बलियो बनाउने भने प्रदेशका संरचना बलियो बनाउनु पर्छ भन्ने नै हो । त्यो भएको नाताले प्रदेश संरचना भनेकै अझ एक नम्वर संरचना भनेको प्रदेशसभा हो । प्रदेशसभाको सेवा यहाँभित्रको संरचना अलग हुनुपर्छ भन्ने हामीले मान्यता राख्याथियौं । त्यो किन भन्दाखेरि प्रदेशभित्रका सचिवज्यूहरू, प्रदेशका अरू उपसचिवज्यूहरू, अनि अन्य कर्मचारी साथीहरू यहींभित्र चाहिँ उहाँहरूको घुलमिल हुन्छ, उहाँहरूको प्रमोशन हुन्छ, उहाँहरूको प्रबर्द्धन हुँदै जान्छ, विकास हुँदै जान्छ । हैन । बाहिरबाट ल्याउने फेरि जाने, एक वर्ष आउने फेरि जाने त्यो त्यति राम्रो हुँदैन भन्ने नै हामीलाई त्यो लाग्यो । वास्तवमा यहींभित्रकै यहाँ आफ्नै प्राविधिक कामहरू पनि छन् । यसका चाहिँ आफ्नै यो विधायिकी कामहरू पनि छन् । हैन । यसको यहाँको एडमिस्टेडी सिस्टम पनि फरक छ । यहाँको अलिकति टेक्नीकल टाइपकै विषय भएको नाताले पनि यो अलग कर्मचारीको व्यवस्थापन हुनुपर्छ भन्ने नै हामीलाई लाग्यो र त्यो छलफल भएको हो तीन खालको चाहिँ छलफल त्यहाँ तीन ओटा एङ्गलबाट चाहिँ छलफल भएको थियो । प्रदेश सेवा अलग राख्ने कि, प्रदेश समुह मात्र अलग राख्ने कि, अथवा प्रशासनिक संरचनाभित्र चाहिँ प्रदेश सेवालाई राखेर प्रदेशको चाहिँ अनुमतिले मात्रै सरुवा गर्ने र यहाँ ल्याउने त्यो व्यवस्था राख्ने कि भन्ने तीन कोण तीन ओटा फरक कोणबाट चाहिँ छलफल भएको हो । तर, छलफल हुँदा सबैभन्दा पनि हामीले साँच्चैको संघीयताको मूल मर्म र मूल स्प्रिटलाई चाहिँ कायम गर्नको निम्ति र यो संस्थाको साँच्चैको सवलीकरणका निम्ति, साँच्चैको प्रदेशको स्ट्रक्चरलाई अझै चाहिँ स्ट्रङ बनाउनको निम्ति प्रदेश सेवा अलग चाहिन्छ भन्ने नै हामीलाई त्यो लाग्यो र प्रदेश सेवालाई अलग राखेर चाहिँ पास भएर आएको छ ।

मलाई लाग्छ माननीय सदस्यज्यूहरूको पनि यसमा चाहिँ हन्ड्रेड पर्सेन्ट समर्थन नै छ । वास्तवमा हुनुपनि पर्छ । किनभने हामी संघीयताका हिमायती भनेकै प्रदेशका संरचना हुन् । हामीले हिजो त्यत्रो बलिदानीबाट प्राप्त गरेको संघीयता र संरचनाहरू हुन्। यसको सबलीकरण गर्न आज हामी सबैको साझा दायित्व हो । मलाई लाग्छ त्यो भएको नाताले पनि प्रदेशसभा सेवा नै अलग चाहिन्छ भन्ने हामीले त्यो बुझ्यौं हामीले चाहिँ विज्ञ, हामी यहाँभित्र काम गरेका साथी सचिवज्यूहरू,लगायतका सबैको धारणा पनि त्यो समितिले लिएको थियो । त्यसमा पनि हामी बुझ्दा माथि पनि हामीले चाहिँ सोध्यौं। माथि पनि चाहिँ संघीय उसमा पनि तपाईंको प्रदेश केरे यो संघीय संसद् सेवा अलग्गै छ हैन । त्यो भएको नाताले ठिक हो हो अब अलिअलि अर्को कोणले पनि कतै कर्मचारीको स्वतन्त्रताको कुराहरू पनि उठ्यो ।

यहाँभित्र पनि स्वतन्त्रता हुन्छ । किनभने म चाहिँ म प्रदेश सेवामा, लोक सेवामा जाँच दिन्छु र पास गरेर यहाँ प्रदेश सेवामा काम गर्छु भनेपछि उहाँको स्वतन्त्रता होइन र त्यो ? किनभने परराष्ट्र सेवा अलग छ, कानून सेवा अलग छ, हैन ? अर्को वन सेवा अलग छ, कृषि सेवा अलग छन् विभिन्न सेवा पनि फरक फरक छन् । हैन ? भने उहाँहरूको आफ्नो क्वालिटी देखाउने ठाउँ आफ्नो क्यापासिटी विकास गर्ने ठाउँ तपाईंहरूको क्यापासिटी एनाउन्स गर्ने ठाउँ पनि यो हो । त्यो भएको नाताले त्यो खालको फरक सेवा गर्दा नै राम्रो हुन्छ र हाम्रो संसद्को क्वालिटी, हाम्रो चाहिँ यो गरिमामय प्रदेशसभाको चाहिँ क्वालिटी विकास हुन्छ, गुणस्तर विकास हुन्छ, र यहाँ काम गर्ने साथीहरूको वृद्धि  विकासमा पनि राम्रो प्रभाव पर्छ भनेर नै हामीले यो संशोधन राख्यौं। यो अत्यन्तै नियमावलीसंम्वद्ध छ । यो प्रदेश यो हाम्रो प्रदेशसभाको नै नियमावलीसम्वद्ध भएको नाताले हामीले यो संशोधनभन्दा बाहिरबाट ल्याएको होइन संशोधन भित्रै भएको हुनाले र अत्यन्तै प्रदेश सेवालाई चाहिँ स्वायत्त र साँच्चैको संस्थागत विकासका निमित्त ल्याएको नाताले नै यो चाहिँ उपयुक्त छ भन्ने लाग्छ । धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री गोपाल शर्मा ।

**माननीय श्री गोपाल शर्माः** माननीय सभामुख महोदय, सदनमा अहिले बसिरहँदा अलिकति विगतकोभन्दा पृथक अनुभूति भएको छ । यसको लागि म फेरि पनि सभामुखज्यूलाई धन्यवाद दिन चाहन्छु र सरकारलाई पनि धन्यवाद दिन चाहन्छु ।

माननीय सभामुख महोदय, प्रदेश मामिला समितिको एउटा सदस्यको हैसियतले मैले प्रयाप्त छलफल आफ्नै समितिमा पनि गरेको छु । र अहिले सदनमा फेरि पनि संशोधनसहितको प्रस्ताव प्रतिवेदन यहाँ पेस भइसकेपछि मैले आफूले समितिमा प्रस्तुत गरेको केही असहमति र विमतिको सन्दर्भ पनि यहाँ आइपुगेको छ । माननीय सभामुख महोदय मैले पहिलोचोटि खासगरी विधेयकका सन्दर्भमा व्यापक छलफल गर्ने मौका पाएको छु । यो प्रदेशसभाको सन्दर्भमा प्रदेशसभा सदस्यको हैसियतले । योभन्दा अगाडि अर्को एउटा समितिमा खासगरी फरक खालको सन्दर्भको समितिमा म थिएँ । र अहिले

प्रदेश मामिला समितिमा हुँदाखेरी मैले व्यापक छलफल गर्ने विधेयकसम्बन्धी त्यस्ता सन्दर्भहरू प्राप्त गरेको छु । मौका प्राप्त गरेको छु । संशोधनका खासगरी यो विधेयकको सन्दर्भमा प्रदेश सरकारले मुख्यतः दुईटा विषयलाई जोडेर अझ भन्दाखेरि सन्दर्भ सामान्यतयाः चार ओटा सन्दर्भहरू यहाँ छन् । तर, त्यसमा पहिलो प्रदेश सेवा प्रदेशसभा सेवालाई मूल विधेयकबाट झिक्ने गरि प्रदेश सरकारले विधेयकमा प्रस्तुती प्रस्तुत गरेको थियो । त्यसपछि अगाडि मूल विधेयकमा छुट्न गएको सपथ ग्रहणको व्यहोरा, सपथ ग्रहणको व्यवस्था र सोअनुसारको अनुसूचीमा थप गरेर ल्याएको थियो । र सँगै संघीय कानूनअनुसार कतिपय मिलाउनु पर्ने कुराहरू एकरूपतामा लैजान पर्ने कुराहरू पनि यसमा मिलाएर ल्याएको थियो । र सँगै कतिपय शब्दहरू मिलाउनु पर्ने र आनुसांगिक मिलाउनु पर्ने अबस्था पनि यहाँ थियो त्योअनुसार विधेयकमा समावेश भयो त्यो ।

माननीय सभामुख महोदय, अरू सन्दर्भमा हाम्रो एकरूपता नै समितिमा पनि भयो र म अहिले पनि त्यो सन्दर्भमा सहमति नै जनाउन चाहन्छु । प्रदेश सरकारले मूल रूपमा पेस गरेको विधेयकको सन्दर्भमा हाम्रो एकमत नै छ । तर, दुईटा आधारभूत कुराहरू एउटा प्रदेशसभा सेवा चाहिन्छ वा चाहिन्न भन्ने सन्दर्भमा हाम्रो संशोधनकर्ता माननीय सदस्यहरूसहित समितिमा पनि विशेष रूपले छलफल चल्यो र अर्को अनुसूचीमा समेत थप गरेर आएको खासगरी सपथ ग्रहणको व्यहोरासँगसम्बन्धीत विषयहरूमा पनि अलिकति छलफल चलेको थियो । यसमा मूल पक्ष हाम्रो छलफलको तरिकामा मलाई अलिकति तरिकामै विमती मैले समितिमा राखेको हुँ । हाम्रो छलफलको तरिका खासगरी नियमावलीले सभामुख महोदय हामीलाई काहींपनि रोकेको छैन कि संशोधनसहितको दफावार छलफल भनेको छ नियमावलीले । संशोधनसहितको । संशोधनमाथिको मात्रै दफावार छलफल भनेको भए हामी संशोधनमा मात्रै सिमित हुनुपर्थ्यो । मेरो बुझाइमा । एउटा विधायकको बुझाइमा । तर, संशोधनसहितको दफावार छलफल भनेपछि प्रदेश सरकारले ल्याएको, प्रस्तुत गरेको जुन विधेयक छ त्यसका सबै दफाहरूमा प्रस्तुत गरेका सबै दफाहरूमा छलफल गर्न पाइन्छ भन्ने बुझाइको आधारमा मैले छलफलमा भाग लिएँ।

तर, त्यो सन्दर्भमा जे कुरा संशोधनकर्तालेराखुभएको छ त्योभन्दा दायाँबायाँ जान पाईन्न भन्ने सन्दर्भ उठ्यो । त्यो कुरामा कन्भिन्स हुने हो भने मैले संशोधनकर्ता माननीय सदस्यहरूको एउटा यो हाम्रो ढाँचा संशोधनको ढाँचासहितको फारममा मैले हेरें व्यहोरा हेरें । व्यहोरा हेर्दाखेरि यहाँ चाहिँ प्रस्तावनामा संशोधन हाल्नुभएको छ । र प्रस्तावनामा रहेका प्रदेश वा प्रदेशसभा सेवा भन्ने शब्दहरू कायम राख्ने भनेर यहाँ राखुभएको छ संशोधनकर्ता माननीय सदस्यले । तर, मैले यसको प्रस्तावना नै हेरें । (**माननीय सभामुखः** संशोधनको बुँदामा मात्रै केन्द्रित रहेर धारणा राखुहोला) त्यहीं बुँदामै मैले यसमा भएको हुनाले सभामुख महोदय मैले यसमा धारणा राखेको हुँ (**माननीय सभामुखः**

जे विषयमा संशोधन परेको हो त्यसमा केन्द्रित रहेर बोल्नुस् माननीय सदस्य) म त्यहीँ कुरामा केन्द्रित माननीय सभामुख महोदय । यही प्रस्तावना सँगै यो संशोधन प्रस्ताव समेत प्रतिवेदनमा आएको हुनाले म त्यसैमा मात्रै केन्द्रित छु । मैले विषयलाई अन्यत्र अनर्थ गर्न खोजेको छैन माननीय सभामुख महोदय त्यसकारणले मैले केही कुरा बोल्न पाउँ । (**माननीय सभामुखः** त्यसमै केन्द्रित रहेर अगाडि बढ्नुस्) मैले सभामुख महोदय यसको प्रस्तावनामा के लेखेको छ भने प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएको हुनाले भनेर यसको प्रस्तावनामा राखेको छ ।

संशोधनकर्ता हामीले एउटा विधायकले यो प्रस्तावमा जे लेखेको छ यसको प्रस्तावनामा एउटा विधायकले बुझ्ने यही हो । योभन्दा पृथक कुरा के हुन सक्थ्यो भने यदि मूल विधेयकमा विधेयकको प्रस्तावनामा संशोधन गर्न खोजिएको हो भने मूल विधेयकको प्रस्तावनामा कायम रहनुपर्ने भन्ने यहाँ लेखिनु पर्थ्यो उल्लेख हुनुपर्थ्यो । तर, त्यसो नभएर त्यहाँ छलफल गर्न पाईन्न भन्ने अबस्था भयो त्यसकारण मेरो अलिकति फरक सन्दर्भ यहाँ जोडियो । अब यसो गर्दाखेरि प्रदेशसभा अलग चाहिन्छ कि चाहिन्न भन्ने सन्दर्भमा मेरो अलिकति फरक कुरा छ । प्रदेशसभा सेवा अलग्गैभन्दा पनि यहाँ अलिकति हाम्रो संरचनागत पक्ष सानो छ, र अहिले परम्परागत मान्यतामा मात्रै हामी हिँडिराख्नु पर्दैन भन्ने मान्यता राख्छु सभामुख महोदय म ।

अहिलेको परम्परागत पक्ष के हो भने अलग अलग संरचना उही विधायिका, कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका भन्ने सन्दर्भ अलि परम्परागत छ । अहिले खासगरी सहकार्य, सह-अस्तित्व र समन्वयको सिद्धान्तहरू बिकास भइराख्याछ । त्यस सन्दर्भमा अहिले हामीले एकदम एक्टीभ कर्मचारी, कर्मचारीको बृत्ती विकासलाई पनि यसले असर गर्छ अलग्गै हुँदाखेरी सानो ठाउँमा कर्मचारीको बृत्ती विकासमा पनि यसले असर गर्छ । दोस्रो कुरा यदि सानो ठाउँ फेरि एक्टीभ खालको क्षमतालाई हामीले केन्द्रीकरण गर्न सक्दैनौं कि भन्ने खालको एउटा प्रश्न मैले राख्न चाहन्छु फेरि पनि माननीय सभामुख महोदय ।

दोस्रो कुरा संशोधनको सन्दर्भमा अर्को एउटा प्रक्रियामा मैले अलिकति जान खोजें त्यो सन्दर्भमा जान सकिएन । सपथ ग्रहणको व्यहोरामा यहाँ इश्वरको पछाडि अव्लीक देश र जनताको नाउँमा सपथ लिने प्रचलन अहिले पनि छ संघीय कानून त्यहीअनुसार अहिले राष्ट्रिय सभामा पारित भएर बसेको छ । अब योअनुसार हामीले कुनै पनि सबै आस्थाका मान्छेहरूलाई इश्वर मान्नेलाई पनि खुल्ला राख्ने इश्वर नमान्नेलाई पनि सपथ ग्रहण लिन पाउने व्यवस्था गरिनुपर्छ भन्ने कुरा हो । (**माननीय सभामुखः** यस विषयमा संशोधन नै परेको थिएन माननीय सदस्य, संशोधन परेको विषयमा केन्द्रित रहनुस्) । त्यसकारण मैले मेरो आफ्नो मान्यतालाई पनि मैले सन्दर्भ जोड्याछु सभामुख महोदय । यो विधेयकसँगै यो संशोधनमा आएको हुनाले । संशोधनको प्रस्तावमा मात्रै मैले बोल्न

खोजेको छु सभामुख महोदय । त्यसकारणले यस सन्दर्भमा मैले अलिकति फरक ढङ्गले राख्न खोजेको हुँ ।

सभामुख महोदय, मैले समग्रमा के भन्न चाहन्छु भने अब यो एक खालको छलफल छ । अहिले पनि सरकारले यसलाई त्यहीअनुसार अलिकति उपयुक्त जवाफ दिएर सकेसम्म यो विधेयकलाई अलिकति प्रगतिशिल बनाउने अहिलेको आवश्यकताअनुसार बनाउने प्रक्रिया अगाडि बढाउन तिर म विशेष ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीः** माननीय सभामुख महोदय, पुनः छलफलमा सैद्धान्तिक छलफलमा भाग लिने माननीयज्यूहरूलाई फेरि धन्यवाद दिन चाहन्छु ।

प्रदेशको मूल विधेयकबाट प्रदेशसभा झिकेर सरकारले स्थानीय सेवा संशोधनमा स्थानीय सेवा राखेको थियो । त्यसमा सरकारको कुनै पनि दुराशय होइन । सरकारले प्रदेशसभा र स्थानीय सेवालाई छुट्टाछुट्टै नरहेर एउटै स्थानीय सेवा बनाएर कर्णाली प्रदेशको अबश्य पनि कानून नियमलाई स्वच्छ र पारदर्शी बनाउने आफ्नो ध्येय थियो । संशोधन माननीयज्यूहरूले स्थानीय सेवा आफ्नो स्वामित्वमा आफ्नो ठाउँमा छ । प्रदेशसभा प्रदेश व्यवस्थापिका हो । प्रदेश सचिवालयलाई पनि कर्णालीवासीको भरपर्दो संस्थाको रूपमा एउटा सम्मानित संस्थाको रूपमा लैजानुपर्छ भन्ने दृष्टिकोण राखेर उहाँहरूले संशोधनमा प्रदेश सेवा भन्ने शब्दलाई यथावत राख्नुपर्छ मूल कानूनमा रहेको यथावत राख्नुपर्छ भन्ने लक्ष्यले नै उहाँहरूले संशोधन त्यहाँ पेस गर्नुभएको थियो ।

प्रदेश सरकारलाई पनि अबश्य पनि प्रदेशसभा प्रदेश सचिवालय पनि अत्यन्तै विश्वसनीयता र अत्यन्तै भरपर्दो हुनुपर्दछ । यसलाई अलिकति सानो संकृणताको दृष्टिकोणले मात्रै न हेरेर यसलाई पनि एउटा गरिमामय एउटा मर्यादित संस्थाको रूपमा प्रदेशसभालाई लैजानुपर्छ भन्ने दृष्टिकोणबाट केरे संशोधनकर्ता माननीयज्यूहरूले प्रस्तुत गरेको प्रदेश सेवालाई पनि सरकारले स्वीकार गरेको कुरा यहाँहरूलाई जानकारी गराउँछु। प्रदेश सेवाको विषयमा यति मात्र हो ।

अर्को विषय जुन असहमति जनाउने माननीयज्यूले जुन कुरा राख्नुभो, प्रदेश सरकार सहमति र असहमति भन्ने कुरालाई लोकतन्त्रको प्रारूप हो, लोकतन्त्रमा सहमति र असहमति अबश्य पनि त्यसले आफ्नो स्थान राख्छ । त्यसले कुनै पनि असहमति राख्ने माननीयज्यूलाई पनि प्रदेश सरकार अन्यथा महसुस गर्दैन । यसैको साथ साथमा अबश्य पनि यो नेपालको संविधान २ हजार केरे नेपालको संविधानले प्रदेशको व्यवस्थापिकाको आफ्नो किसिमको र कार्यपालिकाको आफ्नो किसिमको स्पष्ट गरेको छ । त्यसै अनुरूप

आज प्रदेश सरकार कार्यपालिका र आज यो गरिमामय प्रदेशसभा व्यवस्थापिका अगाडि बढिरहेको छ ।

त्यसैगरी, हो असहमति राख्ने माननीयज्यूले त्यहाँ कुरा उठाउनु भएको थियो । उहाँले संशोधन मात्र होइन अरू दफाहरूमा पनि हामीले छलफल र संशोधन अथवा हेरफेर गर्ने जिम्मेवारी केरे पाउनुपर्छ भन्ने कुरा सरकारलाई सुनाउनु भएको अनौपचारिक रूपमा मौखिक रूपमा सुनाउनु भएको हो । सरकारकोतर्फबाट सरकारको सदस्यको हैसियतले कर्णाली प्रदेशसभा नियमावली २०७९ परिच्छेद २१ प्रदेशसभाका समितिहरूको दायित्व र जिम्मेवारी के हो ? अधिकार के हो ? तपाईँहरूलाई जे अधिकार, जे दायित्व र जिम्मेवारी दिएको छ त्यसैलाई प्रयोग गरेर अगाडि बढ्नुहोस् त्यसमा सरकार स्वीकार गर्छ भनेर मैले भनेको थिएँ । अन्यथा सरकारले लिएको छैन । हवस् धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब यो छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकका सम्वन्धमा प्रदेश मामिला समितिको प्रतिवेदनको क्रम संख्या १ मा उल्लिखित संशोधन र दफा १ देखि ३१ सम्मका दफा र सोसँगसम्बन्धीत अन्य प्रावधानहरूलाई स्वीकृतिका लागि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

**माननीय सदस्यहरूः** हुन्छ ।

**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकका सम्वन्धमा प्रदेश मामिला समितिको प्रतिवेदनको क्रम संख्या १ मा उल्लिखित संशोधन र दफा १ देखि ३१सम्मका दफा र सोसँगसम्बन्धीत अन्य प्रावधानहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकका सम्वन्धमा प्रदेश मामिला समितिको प्रतिवेदनको क्रम संख्या १ मा उल्लिखित संशोधन र दफा १ देखि ३१सम्मका दफा र सोसँगसम्बन्धीत अन्य प्रावधानहरू प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

**माननीय सदस्यहरूः** हुन्छ ।

**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकका सम्वन्धमा प्रदेश मामिला समितिको प्रतिवेदनको क्रम संख्या १ मा उल्लिखित संशोधनहरू र दफा १ देखि ३१सम्मका दफा र सोसँगसम्बन्धीत अन्य प्रावधानहरू सर्वसम्मतिले प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

प्रस्तावनाः प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न वाञ्छनिय भएकोले कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः १) यस ऐनको नाम प्रदेश लोकसेवा आयोग दोस्रो संशोधन ऐन २०७८ रहेको छ ।

२) यो ऐन सम्वत २०७८ साल फागुन २९ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

**माननीय सदस्यहरूः** हुन्छ ।

**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक समग्रमा पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीः** माननीय सभामुखज्यू, प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि प्रदेशसभामा छलफल भइसकेकोले प्रदेश मामिला समितिको प्रतिवेदनमा उल्लिखित भएका संशोधन प्रस्ताव यो विधेयकको अंग हुनेगरी समग्र विधेयक कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२९ बमोजिम यो सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

**माननीय सदस्यहरू:** हुन्छ ।

**माननीय सभामुख:** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन । तसर्थ प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्वन्धमा कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२८ को उपनियम २ को खण्ड (क) बमोजिम प्रदेश मामिला समितिको प्रतिवेदनसहित विधेयक माथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाही:** माननीय सभामुखज्यू, सम्मानित सभामा प्रदेश सरकारकातर्फबाट पेस भएको प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र प्रदेश मामिला समितिमा छलफल भइ सभामा प्राप्त भएकोले कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२८ को उपनियम २ को खण्ड (क) बमोजिम प्रतिवेदनसहित विधेयक माथि छलफल गरियोस् भनी प्रस्ताव गर्दछु धन्यवाद !

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीले प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी राखु भएको प्रस्ताव सभाको स्वीकृतिका लागि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

**माननीय सदस्यहरू:** हुन्छ ।

**माननीय सभामुख:** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन । तसर्थ कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीले प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभाको स्वीकृतिका लागि राखु भएको प्रस्ताव सभाको सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

मानानीय सदस्यहरू, अब उक्त प्रदेश मामिला समितिको प्रतिवेदनसहितको प्रदेश लोकसेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा आनुसांगिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने व्यहोरा पनि माननीय सदस्यहरूलाई जानकारी गराउँछु ।

छलफल आजै समाप्त हुने भएकाले माननीय सदस्यहरूले आ-आफ्नो नाम सभामुखको डयाँससँगै बायाँतर्फ बसेका कर्मचारीहरूलाई उपलब्ध गराईदिनु होला ।

माननीय सदस्यहरू, छलफलमा कुनै पनि माननीय सदस्यहरूले भाग नलिनु भएकाले अब म प्रदेश लोकसेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्वन्धमा प्रदेश मामिला समितिको प्रतिवेदनको क्रम संख्या १ मा उल्लिखित संशोधन र दफा १ देखि २९सम्मका दफा र सोसँगसम्बन्धीत अन्य प्रावधानहरूलाई स्वीकृतिका लागि निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, अब म प्रदेश लोकसेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्वन्धमा प्रदेश मामिला समितिको प्रतिवेदनको क्रम संख्या १ मा उल्लिखित संशोधन र दफा १ देखि २९सम्मका दफा र सोसँगसम्बन्धीत अन्य प्रावधानहरूलाई स्वीकृतिका लागि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

**माननीय सदस्यहरूः** हुन्छ ।

**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्वन्धमा प्रदेश मामिला समितिको प्रतिवेदनको क्रम संख्या १ मा उल्लिखित संशोधन र दफा १ देखि २९सम्मका दफा र सोसँगसम्बन्धीत अन्य प्रावधानहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्वन्धमा प्रदेश मामिला समितिको प्रतिवेदनको क्रम संख्या १ मा उल्लिखित संशोधन र दफा १ देखि २९ सम्मका दफा र सोसँगसम्बन्धीत अन्य प्रावधानहरू प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।
**माननीय सदस्यहरूः** हुन्छ ।
**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।
हुन्न भन्ने आवाज सुनिएन । तसर्थ प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्वन्धमा प्रदेश मामिला समितिको प्रतिवेदनको क्रम संख्या १ मा उल्लिखित संशोधन र दफा १ देखि २९ सम्मका दफा र सोसँगसम्बन्धीत अन्य प्रावधानहरू सर्वसम्मतिले प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।
प्रस्तावनाः प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनिय भएकाले कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ ।
संक्षिप्त नाम र प्रारम्भः १) यस ऐनको नाम प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधासम्बन्धी ऐन २०७८ रहेको छ ।
२) यो ऐन संवत २०७८ साल फागुन २९ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।
माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।
र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।
**माननीय सदस्यहरूः** हुन्छ ।
**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।
हुन्न भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक समग्रमा पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।
**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीः** माननीय सभामुखज्यू, प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा

व्यवस्था गर्न बनेको विधेयकमाथि प्रदेशसभामा छलफल भइसकेकोले प्रदेश मामिला समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अंग हुनेगरी समग्रमा विधेयक कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२९ बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव पेस गर्दछु । धन्यवाद !

मानननीय सभामुखः माननीय सदस्यहरू, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

**माननीय सदस्यहरूः** हुन्छ ।

**माननीय सभामुखः** यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७९ साल साउन १६ गते सोमबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

## बैठक संख्या-२८

## (२०७९ साल साउन १६ गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको अट्ठाइसौ बैठकको कारवाही प्रराम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीलाई महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ कर्णाली प्रदेशसभासमक्ष पेस गर्न अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री जीवनबहादुर शाहीः** माननीय सभामुखज्यू, लेखापरीक्षण ऐन, २०७५ को दफा १९ को उपदफा ५ बमोजिम महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ कर्णाली प्रदेशसभासमक्ष पेस गर्दछु ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीले सभामा पेस गर्नु भएको महालेखा परीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९ (कर्णाली प्रदेश) प्रदेशसभाअन्तर्गत गठित सार्वजानिक लेखा समितिमा छलफलका लागि पठाउन प्रदेशसभा सचिवलाई निर्देशन दिन्छु । माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारकातर्फवाट सभामा पेस भएको प्रदेशसभा सचिवालय सम्वन्धी ऐन २०७५ लाई संसोधन गर्न बनेको विधेयकमाथि संसोधन प्रस्ताव परी प्रदेश मामिला समितिमा छलफल भए पश्चातका निर्णय र प्रतिवेदन कर्णाली प्रदेशसभाको नियमावली २०७९ को नियम १२६ बमोजिम सभासमक्ष पेस गर्न समितिका सभापति माननीय श्री दानसिंह परियारलाई समय दिन्छु ।

**माननीय श्री दानसिंह परियारः** माननीय सभामुख महोदय, प्रदेशसभा सचिवालयसम्बन्धी ऐन २०७५ लाई संसोधन गर्न बनेको विधेयक कर्णाली प्रदेशसभा सचिवालयमा मिति २०७८ फागुन ३ गते दर्ता भइ मिति २०७८ फागुन १८ गते कर्णाली प्रदेशमा छलफलको लागि टेबुल भएको थियो । मिति २०७८ फागुन २५ गते प्रदेशसभाको बैठकमा भएको सैद्धान्तिक छलफलपछि ७२ घण्टाको समय सीमासहित संसोधन प्रस्ताव आव्हान भएकोमा आठ जना माननीय सदस्यहरूले यस विधेयकमा संसोधनको प्रस्ताव दर्ता गराउनु भएको थियो । संसोधन प्रस्तावकर्ता माननीयहरूमा माननीय गुलावजंग शाहा, माननीय ठम्मरबहादुर विष्ट, माननीय करवीर शाही, माननीय कृष्णा शाहा (अचार्य), माननीय दल रावल, माननीय झोवा वि.क, माननीय पद्मा खड्का र माननीय देवी ओली रहनु भएको थियो । यस बिधेकमा माननीय सदस्यहरूको संसोधन परेपछि मिति २०७८ चैत ७ गते बसेको प्रदेशसभाको नवौं अधिवेशनको सोह्रौ बैठकको निर्णयअनुसार प्रदेशसभा सचिवालय सम्वन्धी ऐन २०७५ लाई संसोधन गर्न बनेको विधेयकमाथि प्राप्त संसोधनसहित छलफल गरी समितिको निर्णयसहितको प्रतिवेदन प्रदेशसभामा पेस गर्न यस समितिलाई उक्त विधेयक प्राप्त भएको थियो । यस विधेयकमा संसोधन प्रस्तावकर्ता माननीय सदस्यहरूसमेतको सहभागितामा विधेयकको संसोधन प्रस्तावमा छलफल गरियो। यस

विधेयकमा मिति २०७९ साल साउन २ गते, ३ गते, ४ गते, ५ गते, ६ गते, ७ गते र १० गते गरी जम्मा सात पटक समितिको बैठक बसी संसोधन प्रस्तावमा व्यापक छलफल गरिएको थियो । साथै यो विधेयक टेबुल गर्नु भएका माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीले संसोधनको प्रस्ताव दर्ता गराउनु भएका माननीय सदस्यज्यूहरू र समितिका सदस्यज्यूहरूसंग समेत समितिको बैठक कक्षमा गहन छलफल गरी संसोधनका प्रावधानहरूलाई स्वीकार गर्नुभएको थियो । तत्पश्चात समितिका माननीय सदस्यहरूले विधेयकउपर पुनः छलफल र परिमार्जन गरी मिति २०७९ साल साउन १० गते बसेको बैठकबाट सर्वसहमत पारित भएको निर्णाय विधेयकको अंग हुने गरी तयार पारिएको प्रतिवेदनमा यस गरिमामय सभामा पेस गर्ने निर्णय गरिएको थियो । प्रदेशसभा सचिवालय ऐन २०७५ लाई संसोधन गर्न बनेको विधेयकमाथिको छलफलमा सक्रिय रूपमा सहभागी हुनुभएका माननीय आन्तरिक मामिला तथा कानून मन्त्री, समितिका माननीय सदस्यहरू, संसोधनकर्ता माननीय सदस्यहरूप्रति आभार प्रकट गर्न चाहन्छु । यस क्रममा बिभिन्न सल्लाह, सुझाव प्रदान गर्नु हुनुहुने कर्णाली प्रदेशसभाका प्रदेशसभा सचिव र उपसचिवलाई धन्यवाद दिन चाहन्छु साथै बैठक सञ्चालन तथा व्यवस्थापन गर्न महत्त्वपूर्ण भूमिका निवाह गर्ने समितिका सचिवलगायत सचिवालयका कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । समितिको काम कारवाहीका सन्दर्भमा मार्गदर्शन, आवश्यक निर्देशन, समन्वय तथा सहयोग प्रदान गर्नुहुने माननीय सभामुख र माननीय उपसभामुखज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । सभामुख महोदय, समितिमा प्राप्त प्रस्तावित संशोधनप्रति गहन छलफल गरी देहायबमोजिम क्रम संख्या १ देखि ८सम्म रहेको संशोधन प्रस्तावसहितको प्रतिवेदन यस समितिको मिति २०७९ साल साउन १० गते बसेको ६२ औं बैठकबाट पारित गरी प्रदेशसभामा पेस गर्ने निर्णय भए बमोजिम यो प्रतिवेदन यस सम्मानीत कर्णाली प्रदेशसभामा पेस गर्दछु धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारकातर्फवाट आन्तरिक मामिला तथ कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई कर्णाली प्रदेश खेलकुद बिकाश ऐन २०७६ लाई संसोधन गर्न बनेको विधेयकमाथि सामान्य छलफलका लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीः** माननीय सभामुखज्यू, सभामा टेबुल भइसकेको कर्णाली प्रदेश खेलकुद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेशसभामा नियमावली ७९ को ११३ को सामान्य छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीले कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयकमाथि सामान्य छलफल गरियोस् भनी राख्नु भएको प्रस्ताव सभाको स्वकृतिका लागि निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला, र यो प्रस्तावको विपक्षमा हुने

माननीय सदस्यहरूले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस (हुन्छ....) यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस्। हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश सरकारकातर्फवाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीले कर्णाली प्रदेश खेलकुद बिकाश ऐन २०७६ लाई संसोधन गर्न बनेको विधेयकमाथि सामान्य छलफल गरियोस् भनी सभाको अनुमतिका लागि राख्नु भएको प्रस्ताव सभाको सर्वसहमतिले स्वीकृत भएको घोषणा गर्दछु। माननीय सदस्यहरू कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयकमाथिको सामान्य छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु । छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले सभामुखको डाईसको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला । सर्वप्रथम माननीय श्री दल रावल । समयः ७ मिनेट

**माननीय श्री दल रावलः** माननीय सभामुख महोदय, समयका लागि हार्दिक धन्यवाद छ । कर्णाली प्रदेशमा खेलकुद क्षेत्रको विकास गर्नका निम्ति प्रदेश सरकारले खेलकुद विकास ऐन २०७६ यस अघिनै जारी गरिसक्यो र त्योअनुसार ऐन कार्यन्वयन भइसकेको अबस्थामा कार्यन्वयनमा केही कार्यान्वयन गर्ने सिलसिलामा केही सामन्य समस्या आएको हुनाले प्रदेश सरकारले फेरि सामान्य संसोधनका लागि चाही एउटा संसोधन विधेयक दर्ता गरेको रहेछ । यसउपर अब अहिले सामान्य छलफल पनि हुँदैछ । फेरि समितिमा जाँदा यसका बारेमा माननीय सदस्यज्यूहरूले आफ्ना धारणा राख्नु हुने नै छ । खासै त्यति बढी संसोधन मैलेदेखिन । यसमा प्रदेश खेलकुद परिषदको सदस्य सचिव राख्ने व्यवस्था गरिएको थियो । त्यो मूल ऐन ड्राफ्ट गर्दा खेरि चाही जिल्लाको सदस्य सचिवको लागि चाहि कार्यालय सचिवको लागि छैठौं अधिकृत सरह भन्ने तोकिएको थियो तर सदस्य सचिवको कति भन्ने तोक्न चाहि त्यतिवेला छुट्या रहेछ । त्यसपछि म चाही त्यहाँ मन्त्री हुदै पनि माननीय मुख्यमन्त्रीज्यूसंग सल्लाह भएको थियो । वास्तबमा यो विधेयक मतलब यो अध्यादेश ल्याउनु पर्‍यो । तलव खुवाउन अफ्ठ्यारो भयो भन्ने कुरा थियो । त्यती खेर छलफल गर्दा संघीय सरकारको खेलकुद केन्द्रीय खेलकुद परिषदको सदस्य सचिव एघारौं तहको सह-सचिव बरावरकै हुन्छ । हामीले चाही अब कर्णालीको अफ्ठेरो अबस्थामा पनि छ, अलिकति मितव्ययी पनि हुन जरुरी नै भयो तल चाहि छैठौं तहको दिसकेपछि माथि दशौं तहको बरिष्ठ उपसचिव बराबरको सेवासुविधा गरौं भन्ने छलफल चल्या थियो । त्यो छलफल चल्दाचल्दै मैले छोडे तर पछि सरकारले अलि ठूलै मन गरेर एघारौं तह बराबर दिने गरि अध्यादेश ल्याएर तलव पनि खुआइसकेको अबस्था पनि छ । र अहिले संशोधन पनि एघारौं तहकै प्रशासनिक प्रमुख भएको नाताले एघारौं तहको दिनुपर्छ भन्ने चाही ड्राफ्ट आको रहेछ । यसका बारेमा माननीयज्यूहरूले समितिमा आफ्नो धारणा राख्नु नै होला । त्यसमा छलफल, त्यसपछि बहस गरौंला र त्यसपछि यो विकास समितिलाई परिषद् भन्ने राखेको रहेछ ठीकै छ । आखिरी नामकै

कुरा हो । हामीले समिति नै ठीक हुन्छ यता परिषद् जिल्लामा समिति ठीक हुन्छ भन्ने नै थियो । अब यसमा परिषद् भन्न पर्छ नै संशोधन आको रहेछ । त्यसमा पनि ठीकै छ छलफल नै गरौंला । अब अरू खासै त्यस्तो ठूलो संशोधन मैलेदेखिन दुई, तीन ओटा संशोधनका कुराहरू छन् । समितिलाई परिषद् भन्ने कुराहरू छ र सदस्य सचिवको विशेष गरी तलवमानको कुरा चाही नेपाल सरकारको एघारौ तहको सहसचिव बराबरको परिश्रमिक तोक्ने व्यवस्थासहितको एउटा संशोधन आको छ । यसमा हामीले छलफल गरौंला । खेलकुद विकास अन्योन्याश्रितरूपमा बिकाससँग जोडिएकै हुन्छ र युवासँग जोडिएको हुन्छ । अनुशाशनसँग जोडिएको हुन्छ, स्वास्थ्यसँग जोडिएको हुन्छ । खेलकुदको विकास गर्नु चाही प्रदेश सरकार मात्र नभएर प्रदेशका हरेक नागरिक राष्ट्रका सबै नागरिकको दायित्व पनि पर्छ र यलाई प्राथमिकतामा राख्नु पनि पर्ने हुन्छ । यसलाई छिटोभन्दा छिटो हामीले चाही संशोधनलाई छलफल गरेर अगाडि बढाउछौं । धन्यवाद !

**माननीय सभामुखः** छलफलको क्रम यही समाप्त हुन्छ । माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री हिमबहादुर शाहीलाई कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयकमाथि सामान्य छलफलको क्रममा माननीय सदस्यले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाका संम्वन्धमा जवाफ दिन समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाही:** माननीय सभामुख महोदय, कर्णाली प्रदेश खेलकुद विकास समितिको विधेयकमाथि सामान्य छलफलको क्रममा माननीयज्यूहरूले उठाउनु भएको सामान्य छलफलमा नै धेरै कुराहरू आएका छन्। त्यसकारण छलफलमा भागलिनु हुने माननीयज्यूहरूलाई धन्यवाद दिन चाहन्छु । धेरै धन्यवाद दिन चाहन्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारकातर्फवाट आन्तरिक मामिला तथा कानून माननीय श्री हिमबहादुर शाहीले सभामा प्रस्तुत गर्नु भएको कणाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संसोधन गर्न बनेको विधेयकमाथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम ११६ बमोजिम कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ लाई संसोधन गर्न बनेको विधेयकमा संसोधनको सूचना पेस गर्न चाहनु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७९ साल साउन १८ गते बुधवार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

## बैठक संख्या-२९

## (वि.सं. २०७९ साल साउन १८ गते बुधबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको दशौं अधिवेशनको उनान्तिसौं बैठकको कार्यबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई दलित अधिकार प्रवर्द्धन सशक्तीकरण र विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभासमक्ष प्रस्तुत गर्ने अनुमतिका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १११ को उपनियम १ बमोजिम प्रस्ताव पेस गर्ने समय दिन्छु।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीः-** माननीय सभामुखज्यू, समाजमा विद्यमान जातीय विभेद तथा छुवाछुत नियन्त्रण गर्दै सम्मानपूर्वक बाँच्न पाउने अबस्था सिर्जना गर्दै कर्णाली प्रदेशमा बसोबास गर्ने दलित समुदायलाई निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था गर्न स्वास्थ्य उपचार पहुँच बढाउन र त्यस्तो समुदायको अधिकार प्रवर्द्धन सशक्तीकरण विकास गर्न आवश्यक भएकोले दलित अधिकार प्रवर्द्धन सशक्तीकरण र विकास गर्न सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १११ को उपनियम १ बमोजिम सभासमक्ष पेस गर्ने अनुमतिको लागि प्रस्ताव गर्दछु, धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीले दलित अधिकार प्रवर्द्धन सशक्तीकरण र विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभामा प्रस्तुत गर्न सभाको अनुमतिका लागि राख्नुभएको उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्। (हुन्छ)

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई दलित अधिकार प्रवर्द्धन सशक्तीकरण विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभामा प्रस्तुत गर्न सभाको सर्वसम्मत अनुमति प्राप्त भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारकातर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई दलित अधिकार प्रवर्द्धन सशक्तीकरण विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेशसभा नियमावली,

२०७९ को नियम १११ को उपनियम ३ बमोजिम सभासमक्ष टेबुल गर्न अनुमति दिन्छु।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीः**- माननीय सभामुखज्यू, सभामा पेस गर्न अनुमति प्राप्त भएको दलित अधिकार प्रवर्द्धन सशक्तीकरण विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेशमा प्रदेशसभाको नियमावली, २०७९ को नियम १११ को उपनियम ३ बमोजिम सभासमक्ष टेबुल गर्दछु धन्यवाद।

**माननीय सभामुखः**- माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १२८ को उपनियम २ को खण्ड(क) बमोजिम प्रदेश मामिला समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीः**- माननीय सभामुखज्यू, सम्मानित सभामा प्रदेश सरकारकातर्फबाट पेस भएको प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेशसभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र प्रदेश मामिला समितिमा छलफललाई सभामा प्राप्त भएकोले कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२८ को उपनियम २ को खण्ड(क) बमोजिम प्रतिवेदनसहित विधेयकमाथि सभामा छलफल गरियोस् भनी प्रस्ताव पेस गर्दछु, धन्यवाद।

**माननीय सभामुखः**- माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीले प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी राख्नुभएको प्रस्ताव सभाको स्वीकृतिका लागि निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्। (हुन्छ)

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीले प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभामा स्वीकृतिका लागि राख्नुभएको प्रस्ताव सभाको सर्वसहमतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू अब उक्त प्रदेश मामिला समितिको प्रतिवेदनसहितको प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल प्रारम्भ

हुन्छ।छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने व्यहोरा पनि माननीय सदस्यहरूलाई जानकारी गराउँछु। छलफल आजै समाप्त हुने भएकाले माननीय सदस्यहरूले आफ्नो नाम सभामुखको डयाससँगै बायाँतर्फ बसेका कर्मचारीहरूलाई उपलब्ध गराई दिनुहोला। सर्वप्रथम माननीय श्री बिमला के.सी. समय ७ मिनेट ।

**माननीय श्री विमला के.सी.ः-** सभामुख महोदय, प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक समितिबाट पनि पास भएर सभामा आइपुगेको छ। यसमा हामी छलफल चलाउदै गर्दाखेरि धेरै कुरा केही पनि छैन, यसको उद्देश्य खासगरी संशोधन उद्देश्य केही बुदाहरूमा छ। ती बुदाहरू राम्रै छन् र तेले प्रदेशसभाको कामलाई प्रभावकारी बनाऔंछ भन्ने कुरामा विश्वास गरिन्छ। र विश्वास गरेका छौं। खासगरी हामीले कर्मचारी यसको दफा २ को उपदफा खण्ड २ को खण्ड (ज) मा कर्मचारी भन्नाले परिभाषा गऱ्याछ। कर्मचारी भन्नाले सचिवलगायत प्रदेशसभाका सेवामा कर्मचारी प्रदेश सरकार नेपाल सरकारले प्रदेशसभा सभिवालयमा काम गर्न खटाएको कर्मचारी र मर्यादापालकलाई समेत जनाउँछ भनेर भन्याछ। मर्यादापालकलाई पनि कर्मचारीमै परिभाषित गरेपछि हामी सामाजिक न्यायको कुरा गर्छौं समानताका कुरा गरिरहेका छौं र यसो हेर्दा सरर हेऱ्यौं अलिकति विभेद भएकै फिल भएको छ। त्यसो हुँदा सरकारले यो कुरालाई सच्याउँदा राम्रो हुन्छ। यो हामीले पनि सरकारले ल्याएको विषयमा पनि सरकारले सच्याएर समानता कायम गर्ने गरी सेवा सुविधामा व्यवस्था गरिनु पर्छ। त्यो हिसाबले यहाँ कस्तो देखियो भन्नुहुन्छ भने ऐनको दफा २ को खण्ड (ज) मा उल्लिखित प्रदेशसभा सचिवालयमा कार्यरत कर्मचारीहरूलाई सार्वजनिक विदाको दिन र कार्यालय समय बाहेकको समयमा सभा र सभाका समितिको बैठकमा सोसँग सम्बन्धित अन्य कार्यमा खटाउनु परेमा मर्यादापालकबाहेकका कर्मचारीहरूलाई सभाका सदस्यहरूले पाउने सभा सरहको रकम र मर्यादापालकलाई उल्लिखित भत्ताको आधा रकम उपलब्ध गराइनेछ भन्ने कुरा जो राखियो आधा किन कर्मचारी उस्तै होला मर्यादापालक झन् खट्नु पर्छ, झन् डयूटि गर्नुपर्छ, कम्तीमा कुर्चीमा त बस्न पाउँछ अर्को कर्मचारी। होला आफ्नो बौद्धिक कामहरू होलान् तर सुरक्षाकर्मीको मर्यादापालकको पनि कम हुन्छ जस्तो मलाई लाग्दैन। हामी सामाजिक न्यायको कुरा गरिरहेका छौं। समानताका कुरा गरिरहेका छौं समाजवाद निर्माणका कुरा गरिरहेका छौं तर झरलक्कै हेर्दाखेरि पनि अलि नसुहाउने खालको हामीले व्यवस्था गर्न खोज्दैछौं कि भन्ने अनुभूति भएर मैले यति कुरा राखें हस्त धन्यवाद।

**माननीय सभामुखः-** माननीय सददस्यहरू, कर्णाली प्रदेश सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा

कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीः-** माननीय सभामुखज्यू, प्रदेशसभा सचिवालयको सेवासुबिधा सम्बन्धमा प्रस्तुत भएको विधेयकमाथि माननीयज्यूहरूले राख्नुभएको जिज्ञासाका बारेमा धन्यवाद दिन चाहन्छु। जिज्ञासा राख्ने माननीयज्यूहरूले अलिकति विभेद भयो अलि असमान देखियो भन्ने कुरो उठाउनु भएको छ। म उहाँहरूलाई स्पष्ट गर्न चाहन्छु कर्णाली प्रदेश सरकारले सातै, छ वटै प्रदेशको छ वटै प्रदेशको यसमा कुनै किसिमको पारिश्रमिक, सवारी साधन, चाडपर्व, दैनिक भत्ता तथा पोषाक सुबिधा, बीमा उपचार, उपदान निजी सचिव सबै कुराहरूको अध्ययन गरेर अत्यन्तै यलाई तुलानात्मक ढङ्गले अध्ययन गरेर अनि संशोधनकर्ता माननीयज्यूहरू समेतको सहकारी र सहकार्य र समन्वयमा हामीले यलाई सरकारले एक्सेप्ट गरेर अगाडि बढाएको हुँ यसमा अन्यथा लिनुपर्ने आवश्यक छैन तर केरे जिज्ञासा राख्ने माननीयहरूलाई धन्यवाद दिन चाहन्छु, धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथिको छलफल यही समाप्त हुन्छ। माननीय सदस्यहरू, अब म प्रदेशसभा सचिवालयसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा प्रदेश मामिला समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ८ सम्म उल्लिखित संशोधन र सोसँग सम्बन्धित अन्य प्रावधानहरूलाई स्वीकृतिका लागि निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्। (हुन्छ)

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेशसभा सचिवालय सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा प्रदेश मामिला समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ८ सम्मका उल्लिखित संशोधन र सोसँग सम्बन्धित अन्य प्राबधानहरू सर्वसम्मतिले स्वीकृतिले भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा प्रदेश मामिला समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ८ सम्मका उल्लिखित संशोधन र सोसँग सम्बन्धित अन्य प्राबधानहरू प्रदेशसभा सचिवालयसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला। यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्। (हुन्छ)

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेशसभा सचिवालयसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा प्रदेश मामिला समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ८ सम्मका उल्लिखित संशोधन र सोसँग सम्बन्धित अन्य प्रावधानहरू सर्वसहमतिले प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

प्रस्तावना प्रदेशसभा सचिवालय सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बान्छनीय भएकाले कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भः १. यस ऐनको नाम प्रदेशसभा सचिवालय सम्बन्धि पहिलो संशोधन ऐन २०७८ रहेको छ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला। यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्। (हुन्छ)

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयको प्रस्तावना र नाम सर्वसहमतिले प्रदेशसभा सचिवालयसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई प्रदेशसभा सचिवालयसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १२९ बमोजिम समग्रमा पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीः-** माननीय सभामखज्यू प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि प्रदेशसभामा छलफल भइसकेकोले प्रदेश मामिला समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अंग हुने गरी समग्र विधेयक कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १२९ बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु, धन्यवाद।

**माननीय सभामुखः-** अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले 'हुन्छ' भन्नुहोला। र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले 'हुन्न' भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले 'हुन्छ' भन्नुहोस्।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले 'हुन्न' भन्नुहोस्।

'हुन्न' भन्ने आवाज सुनिएन तसर्थ प्रदेशसभा सचिवालयसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब यो बैठक अर्को सूचना नभएसम्मका लागि यही स्थगित हुन्छ।